# सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि
उपाधिका लागि प्रस्तुत

**शोधप्रबन्ध**

शोधार्थी
**विदुला घिमिरे**
विद्यावारिधि दर्ता नं.- १६८/२०७४
त्रि.वि. दर्ता नं.-१००४६-८६
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०८०

# सिफारिसपत्र

# अनुमोदनपत्र

# प्रतिबद्धतापत्र

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयमा नेपाली विषयमा विद्यावारिधि उपाधि प्रयोजनार्थ प्रस्तुत *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना* शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशकको कुशल निर्देशनमा रही सम्पन्न गरेकी हुँ । यो मेरो पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको यथोचित उपयोग गरेकी छु र तीप्रति कृतज्ञ पनि छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेकी छैन र यस शोधप्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकका अंशका रूपमा अन्यत्र कतै प्रकाशित पनि गरे/गराएकी छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

.........................

शोधार्थी

विदुला घिमिरे

विद्यावारिधि दर्ता नं -१६८

# कृतज्ञताज्ञापन

*सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले आदरणीय गुरु प्रा. डा. ताराकान्त पाण्डेयको कुशल निर्देशनमा तयार गर्ने सुअवसर प्राप्त गरेकी छु । उहाँ जस्तो प्राज्ञिक व्यक्तित्वको निरन्तर छत्रछायामा रहेर आफ्नो शोधकार्यलाई अगाडि बढाउन पाएकीमा म गौरवान्वित छु । अत्यन्त व्यस्तताका बिचबाट अमूल्य समय निकाल्दै पनि सहजता र स्नेहका साथ यस शोधकार्यलाई पूर्णता प्राप्त गराउनु भएकोमा म उहाँप्रति असीम कृतज्ञताअर्पण गर्दछु ।

प्रस्तुत शोधकार्यका सहशोधनिर्देशक आदरणीय गुरु सहप्राध्यापक डा. नेत्रप्रसाद सुवेदीका अमूल्य प्राज्ञिक सल्लाह तथा सुझाव मेरा लागि अविस्मरणीय छ । यस शोधकार्यलाई पूर्णता दिनमा उहाँले सहृदयतापूर्वक प्रदान गर्नुभएको हौसला, साथ र सहयोगप्रति म कृतज्ञताअर्पण गर्दछु ।

शोधमूल्याङ्कनका क्रममा बाह्य मूल्याङ्कनकर्ताका रूपमा रहनुभएका श्रद्धेय गुरुद्वय प्रा. डा. दयाराम श्रेष्ठ तथा प्रा. डा. देवीप्रसाद गौतमप्रति विशेष आभार प्रकट गर्दछु । दर्शनाचार्य तहमा अध्ययनरत रहँदादेखि नै प्राज्ञिक उन्नयनका क्रममा मलाई शिक्षण एवम् प्रशिक्षण गर्नुहुने उहाँहरूले प्रस्तुत शोधकार्यको परिष्कृतिमा पुऱ्याउनु भएको योगदान अविस्मरणीय रहेको छ । त्यस्तै, पूर्व मौखिक परीक्षाका शोधविज्ञका रूपमा रहेर प्रस्तुत शोधकार्यको परिमार्जनमा विशिष्ट भूमिका निर्वाह गर्नुहुने प्रा. डा. खगेन्द्रप्रसाद लुइटेलप्रति म असीम कृतज्ञताअर्पण गर्दछु । त्यसै गरी, आन्तरिक मूल्याङ्कनकर्ताका रूपमा रहेर प्रस्तुत शोधकार्यको परिमार्जनका लागि अमूल्य सल्लाहसुझावसहित विशेष योगदान दिनुहुने डा. दुर्गाबहादुर घर्ती तथा डा. रजनी ढकालप्रति म असीम आभार प्रकट गर्दछु ।  अनुसन्धानका क्रममा प्राज्ञिक सल्लाहसुझाव दिनुहुने मानविकी डीन कार्यालयका डीन प्रा.डा. कुसुम शाक्य, सहायक डीन डा. दुवीनन्द ढकाल तथा सहायक डीन डा. गोविन्दप्रसाद शर्माप्रति पनि म विशेष आभार व्यक्त गर्दछु ।

दर्शनाचार्य तहमा अध्ययनरत रहँदा प्राज्ञिक उन्नयनका क्रममा मलाई प्राध्यापन गर्नुहुने प्रा. डा. महादेव अवस्थी, प्रा.राजेन्द्र सुवेदी, प्रा. केशव सुवेदी, प्रा. डा. मोतीलाल पराजुली गुरुहरू तथा मलाई स्नातकोत्तर तहमा प्राध्यापन गर्नु हुने गुरु प्रा. डा. रमेश भट्टराईप्रति विशेष आभार प्रकट गर्दछु । शोधसामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सहकर्मी मित्र डा. हरिप्रसाद सिलवालप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधविमर्शमा तथा सामग्री सङ्कलनका कार्यमा तत्परताका साथ सहयोग गर्नुहुने मित्र गुरुङ सुशान्तप्रति पनि विशेष कृतज्ञ छु । शोधका क्रममा मलाई सदैव उत्प्रेरित गरिरहने र हरतरहका साथसहयोगमा हरदम उपलब्ध भइदिने, सामग्री सङ्कलनका कार्यमा विशेष योगदान पुऱ्याउनुहुने सहृदयी मित्र उषा श्रेष्ठप्रति नतमस्तक छु ।

मेरो विद्यावारिधि शोधअनुसन्धान कार्यको पूर्णताका लागि पवित्र अभिलाषा राख्दै निरन्तर आशीर्वाद प्रवाह गरिरहने नित पूज्य मेरी जन्मदात्री नानुदेवी दाहाल तथा मेरो जीवनआदर्श स्व. पिता पीताम्बरप्रसाद दाहालमा मेरो यो शोध समर्पित छ । वैवाहिक जीवनपश्चात् उच्च शिक्षा आर्जनमा संलग्न रहेकी मलाई जागिरसँगै पढाइको निरन्तरताका लागि हरदम उत्प्रेरणा प्रदान गर्दै पूर्ण साथसहयोगको लैङ्गिक विभेदमुक्त पारिवारिक वातावरण प्रदान गर्ने जीवनसाथी महेश्वर घिमिरे तथा सुपुत्रीद्वय विज्जका घिमिरे र मदनिका घिमिरेप्रति हरदम आभारी छु । मेरो दर्शनाचार्य तह तथा विद्यावारिधि तहको अनुसन्धानका क्रममा छोरीहरूमा सिर्जित तीव्र उत्सुकता, कार्यको पूर्णताका लागि हरतरहका सहयोगको तत्परता र विशेषतः मलाई कम्प्युटरप्रविधिगत प्रशिक्षण गर्दै मेरो अनुसन्धान कार्यको सहजतामा तिनले पुऱ्याएको योगदान मेरा लागि अविस्मरणीय छ ।

विद्यावारिधि अनुसन्धानका निम्ति विद्वत्वृत्ति उपलब्ध गराइदिने विश्वविद्यालय अनुदान आयोगप्रति म विशेष आभार प्रकट गर्दछु । तलबी बिदा उपलब्ध गराएर नितान्त अध्ययन-अनुसन्धानका निमित्त केन्द्रित रहन समय उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय तथा त्यसका निमित्त सहजीकरण गर्ने म कार्यरत संस्था रत्न राज्यलक्ष्मी क्याम्पसप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी प्रस्तुत अनुसन्धानका लागि आवश्यक प्रशासनिक कार्यगत सेवासहयोग उपलब्ध गराउने त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय तथा नेपाली केन्द्रीय विभागप्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधकार्यका निम्ति आवश्यक पुस्तकहरू उपलब्ध गराइदिने साझा प्रकाशन, रत्न पुस्तक भण्डार, जागरणलगायत पुस्तक, शोधप्रबन्ध, पत्रपत्रिकाहरू आदि उपलब्ध गराई सहयोग गर्ने त्रि. वि. केन्द्रीय पुस्तकालय, नेपाली केन्द्रीय विभाग पुस्तकालय, मदन पुरस्कार पुस्तकालयप्रति पनि म अनुगृहीत छु । यस शोधप्रबन्धको टङ्कनसहितको प्राविधिक कार्यलाई मेरो समयानुकूल हुने गरी अमूल्य सहयोग गर्नुहुने भाइ भगवान् पुडासैनीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि त्रि. वि. मानविकी तथा सामाजिक शास्त्रसङ्काय, डीनको कार्यालसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी
विदुला घिमिरे

# शोधसार

सामाजिक यथार्थवादी धाराका नेपाली उपन्यासहरूमा अभिव्यक्त अनुभूतिको संरचना प्रस्तुत शोधअध्ययनको मुख्य विषयक्षेत्रका रूपमा रहेको छ । आधुनिक नेपाली उपन्यासको परम्परामा सामाजिक यथार्थवादी धाराको थालनी लैनसिंह बाङ्देलको *मुलुकबाहिर* (२००४) बाट भएको हो । त्यस यता विभिन्न धाराको आगमन र विकास भइसकेको छ तथापि २०४६ सम्म नै यो धारा मूल प्रवाहमा रहेको छ । 'अनुभूतिको संरचना' रेमन्ड विलियम्सद्वारा विकसित साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने एक प्रमुख समालोचनात्मक पद्धति हो । प्रस्तुत पद्धति परम्परित यथार्थवादी समालोचनाभन्दा केही पृथक् र सूक्ष्म प्रकृतिको छ जसले सामाजिक अन्तर्सम्बन्धको सूक्ष्म विवेचना गर्न तथा उपन्यास र मानव जीवनबिचको सम्बन्धलाई बुझ्न सहयोग गर्दछ । नेपाली समालोचना परम्परामा भएका सामाजिक यथार्थवादी धाराका नेपाली उपन्याससम्बद्ध पूर्ववर्ती अध्ययनमा अनुभूतिको संरचनाकै कोणबाट विशिष्ट अध्ययनको भने अभाव रहेको छ । यस रिक्ततालाई पुरा गर्न प्रस्तुत शोधमा विश्लेष्य उपन्यासहरूमा अभिव्यक्त अनुभूतिका संरचनाको अध्ययन गर्ने कामलाई मुख्य शोधसमस्याका रूपमा ग्रहण गरिएको छ र तिनमा पिँढीगत अनुभूतिको संरचना केकस्तो स्वरूपमा र कसरी प्रकट भएको छ भन्ने प्रमुख प्राज्ञिक जिज्ञासाका समाधानमा प्रस्तुत शोध केन्द्रित छ ।

प्रस्तुत अध्ययनका निमित्त निर्धारित समय (२००४ देखि २०४५ सम्म) मा प्रकाशित सामाजिक यथार्थवादी धाराका उपन्यासमध्ये उद्देश्यमूलक नमुना छनोट विधिअनुरूप चयन गरिएका *मुलुकबाहिर* (२००४), *बसाइँ* (२०१४), *एक पालुवा अनेकौँ याम* (२०२६), *बैँसको मान्छे* (२०२९), *आगत* (२०३२), *घामका पाइलाहरू* (२०३५) तथा *अविरल बग्दछ इन्द्रावती* (२०४०) गरी सातवटा उपन्यासको विश्लेषण गरिएको छ । यस क्रममा यी उपन्यासहरूमा अभिव्यक्त प्रभुत्वशाली, अधीनस्थ तथा उदीयमान पिँढीहरूमा सिर्जित अनुभूतिको संरचना निर्माणको स्वरूप, प्रक्रिया र प्रयोजनको खोजी तथा विश्लेषणमा यो अध्ययन केन्द्रित छ। रेमन्ड विलियम्सको अनुभूतिको संरचनाबारेको सैद्धान्तिक अवधारणाअन्तर्गतका पिँढी, समुदाय, प्रभुत्व, प्रभुत्वको अवस्थिति, संस्कृति र यसका प्रभुत्वशाली, अधीनस्थ तथा उदीयमान भेदहरू, दबाब र तनावका परिप्रेक्ष्यका पिँढीगत अनुभूतिसम्बन्धी मान्यतालाई उपन्यास विश्लेषणका लागि प्रमुख आधारका रूपमा उपयोग गरिएको छ । साथै, पूर्व उदीयमान तथा नव उदीयमान पिँढीमा निर्मित अनुभूतिको संरचनाले सङ्केत गर्ने नेपाली समाजको परिवर्तनको प्रक्रियालाई पनि उद्घाटित गरिएको छ ।

राणाकालीन तथा पञ्चायतकालीन नेपाली समाजको मूल चरित्र वर्गीय उत्पीडनकारी रहेको तथ्यलाई सामाजिक यथार्थवादी उपन्यासहरूमा अभिव्यक्त प्रभुत्वशाली पिँढीका अनुभूतिका संरचनाले प्रस्ट पारेका छन् । कूल जनसङ्ख्याको न्यून प्रतिशत ओगट्ने प्रभुत्वशाली पिँढीकै वर्चस्व निरन्तर कायम रहेको यथार्थको चित्रण उपन्यासहरूमा प्रभावकारी रूपमा भएको छ । उपन्यासहरूमा चित्रित दुवै कालखण्डमा अर्थसंस्कृतिमा ढलिमली गर्दै आएको मूलधारको प्रभुत्वशाली पिँढीले अधीनस्थ समुदायलाई नियन्त्रणमा लिने सन्दर्भमा साँचेका अनुभूतिका संरचनामा समानधर्मिता पाइनुले रूढिगत संस्कृतिको प्रसारण अधीनस्थमाथि हैकम जमाउने बलियो आधार भएको तथ्य पनि प्रकाशमा आएको छ र लामो कालखण्डसम्म पनि पटक्कै गरिबमैत्री हुन नसकेको शासकीय संरचनाको उद्घाटन पनि तिनमा भएको छ । सामन्तवादी पुरुषसत्ताको शरीरकेन्द्री भाष्यभन्दा माथि उठेर महिलालाई हेर्न नचाहने सामन्तवादी दोषका साथै,

पुँजीवादी संस्कृतिको सम्मिश्रणमा सामाजिक संस्कृतिमा देखापरेको विचलनलाई पनि उपन्यासमा प्रस्तुत प्रभुत्वशाली पिँढीमा निर्मित अनुभूतिका संरचनाले प्रकाशमा ल्याएको छ । लैङ्गिक तथा जातीय प्रभुत्व कायम राख्ने सन्दर्भमा महिला तथा अन्य जातिबाट प्रतिरोधचेत प्रकट हुँदा प्रभुत्वशाली पिँढीले दबाब र तनावजन्य स्थितिमा निर्माण गरिरहेको अनुभूतिको संरचनाले पनि उपन्यासहरूमा सशक्त अभिव्यक्ति पाएका छन् ।

सामाजिक यथार्थवादी धाराका नेपाली उपन्यासहरूमा सबैभन्दा सशक्त रूपमा अधीनस्थ पिँढीका अनुभूतिले संरचनात्मक स्वरूप प्राप्त गर्नसकेका छन् जसद्वारा अधीनस्थ पिँढी/समुदायकै बाहुल्य रहेको नेपाली समाजगत यथार्थको पनि उद्घाटन भएको छ। उपन्यासहरूमा राणाशासनको कहरमा पिल्सिएका आम सर्वसाधारणको अत्यन्त दीनहीन परिस्थितिमा काममामको जोहो गर्नै परदेसिनु परेको अवस्थाले अधीनस्थ पिँढीगत वर्गीय अनुभूतिका संरचनामा सहज अभिव्यक्ति दिइएको छ । राणाकालीन पहाडी तथा तराई क्षेत्र, पञ्चायतकालीन राजधानी र अझ पछिको पहाडी परिवेशमा पनि आमजनको गरिबीले जर्जर बनेको अवस्थाले जुनै कालखण्डमा पनि अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढी/वर्गबाट प्राप्त अमानुषिक उत्पीडनका अनुभूति सँगाल्नु परेको अवस्था उपन्यासहरूमा प्रकाशमा आएको छ। उपन्यासहरूमा प्रस्तुत लैङ्गिक अधीनस्थताका अनुभूतिका संरचनाले भेदभावयुक्त पुरुषसत्ताको नेपाली समाजलाई जीवन्त बनाएका छन् । त्यस्तै, सामन्तवादी वर्णव्यवस्थाका विविध परिप्रेक्ष्यका भेदभावमा निर्मित अधीनस्थ पिँढीगत अनुभूतिको संरचनालाई उपन्यासकारहरूले आ-आफ्नै जातिगत परिप्रेक्ष्यमा रहेर जीवन्त बनाएका छन् । साथै, भाषा, क्षेत्र, रङ्ग आदि विभेद तथा चाकरीप्रथाजन्य विकृतिका परिप्रेक्ष्यमा अधीनस्थ पिँढीले सँगालेका अनुभूतिका संरचनामा नेपाली समाजमा विद्यमान भिन्न सन्दर्भको भेदभावजन्य संस्कृति पनि मूर्त बनेको छ ।

सामाजिक यथार्थवादी धाराका उपन्यासहरूमा राणाकालीन तथा पञ्चायतकालीन शासनव्यवस्थाका विकृति, विसङ्गति र अकर्मण्यताको अन्तर्यसम्म पुगेर समाजको आमूल परिवर्तनको आवश्यकताको बोधमा जनमानसमा उद्बोधित शासनसत्ता पल्टाउने क्रान्तिचेतका अनुभूति; वर्ग, लिङ्, जाति, क्षेत्र, रङ्ग आदि विभेदका सङ्कीर्ण सामाजिक परिपाटीका विरुद्धमा निःसृत विद्रोहचेतका उदीयमान पिँढीगत अनुभूति; स्वजाति एवम् स्वदेशप्रेमजन्य अनुभूति; आध्यात्मिक, भौतिक र जनसाधारणको लोकप्रिय संस्कृतिका सबल पक्षको भूमिकालाई संवहन गर्ने मानवीय उदात्त चेतसहितका नवसंस्कृति निर्माणको आकाङ्क्षामा निःसृत उदीयमान पिँढीगत अनुभूतिले संरचनात्मक स्वरूप प्राप्त गरेका छन् । तिनमा परिवर्तनउन्मुख नेपाली सामाजिक संस्कृतिलाई बहुआयामिक कोणबाट चिनारी गराउने लेखकीय प्रयत्न पनि प्रकट भएको छ ।

समग्रमा सामाजिक यथार्थवादी नेपाली उपन्यासहरूमा अभिव्यक्त प्रभुत्वशाली, वैकल्पिक/अधीनस्थ तथा उदीयमान पिँढीमा निर्मित विविध परिप्रेक्ष्यका अनुभूतिका संरचनाले लामो कालखण्डको नेपाली समाजको वास्तविक स्वरूप सामन्तवादी रूढिजन्य मूलतः वर्गीय, लैङ्गिक तथा जातीय भेदभावयुक्त रहेको तथ्यलाई प्रभावकारी ढङ्गले सार्वजनिक गरेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ। नेपाली समाज यथास्थितिबाट मुक्त भई क्रमिक रूपमा परिवर्तनको प्रक्रियामा अगाडि बढिरहेको ऐतिहासिक तथ्यलाई उद्घाटन गर्न सामाजिक यथार्थवादी उपन्यासहरू सक्षम रहेको कुरा पनि प्रस्तुत अध्ययनबाट स्पष्ट भएको छ । समाजशास्त्रीय दृष्टिकोणमा यही विश्लेषित उपन्यासहरूको मूल्यको सूचक हो ।

# विषयसूची

| | | पृष्ठ |
|---|---|---|
| सिफारिसपत्र | | ख |
| अनुमोदनपत्र | | ग |
| प्रतिबद्धतापत्र | | घ |
| कृतज्ञताज्ञापन | | ङ |
| शोधसार | | छ |

**पहिलो परिच्छेद**

**शोधपरिचय**

| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधको उद्देश्य | ४ |
| १.४ | पूर्वकार्यको समीक्षा | ५ |
| | १.४.१ शोधक्षेत्रसम्बद्ध प्रयोगात्मक सामग्रीबारेको पूर्वकार्यको समीक्षा | ५ |
| | १.४.२ शोधसमस्यासम्बद्ध प्रयोगात्मक सामग्रीबारेको पूर्वकार्यको समीक्षा | २१ |
| | १.४.३ निष्कर्ष | ३० |
| १.५ | शोधकार्यको औचित्य र महत्त्व | ३२ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ३२ |
| १.७ | शोधविधि | ३२ |
| | १.७.१ सामग्री सङ्कलनको विधि र प्रक्रिया | ३३ |
| | १.७.२ सैद्धान्तिक पर्याधार | ३५ |
| | १.७.३ विश्लेषणको ढाँचा र पद्धति | ३६ |
| १.८ | शोधप्रबन्धको रूपरेखा | ३७ |

**दोस्रो परिच्छेद**

**अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक अवधारणा**

| | | |
|---|---|---|
| २.१ | विषयप्रवेश | ३८ |
| २.२ | समाजशास्त्रीय सन्दर्भमा अनुभूतिको संरचना | ३८ |
| २.३ | सामाजिक संरचनाबारे सांस्कृतिक भौतिकवादी अवधारणा | ५३ |
| २.४ | संस्कृतिका रूपहरू र अनुभूतिको संरचना | ५७ |
| | २.४.१ प्रभुत्वशाली संस्कृति | ५९ |
| | २.४.२ अवशिष्ट संस्कृति | ६२ |
| | २.४.३ उदीयमान संस्कृति | ६३ |
| २.५ | प्रभुत्वको अवस्थिति र प्रक्रिया | ६६ |

२.६ पिँढी र समुदाय ६९
२.७ दबाब र तनावजन्य स्थितिमा सिर्जित पिँढीगत अनुभूतिको संरचना ७५
२.८ अनुभूतिका संरचनाका अभिव्यक्तिगत विविध रूपहरू ८४
२.९ उपन्यासको विश्लेषणगत अवधारणा ८५
२.१० निष्कर्ष ८७

## तेस्रो परिच्छेद

## सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

३.१ विषयप्रवेश ८८
३.२ *मुलुकबाहिर* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना ८८
३.२.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना ८९
३.२.२ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना ९१
३.३ *बसाइँ* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना ९७
३.३.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना ९७
३.३.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १००
३.३.३ जातीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १०६
३.४ *एक पालुवा अनेकौँ याम* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना १०७
३.४.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना १०८
३.४.२ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना ११२
३.५ *बैंसको मान्छे* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना १२२
३.५.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना १२२
३.५.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १२४
३.५.३ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १२७

३.६ *आगत* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना १२९
३.६.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना १२९
३.६.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १३२
३.६.३ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १३७
३.७ *घामका पाइलाहरू* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना १४०
३.७.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना १४१
३.७.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १४५
३.७.३ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १५१
३.७.४ क्षेत्रीय विभेदका परिप्रेक्ष्यमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १५२
३.८ *अविरल बग्दछ इन्द्रावती* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना १५४
३.८.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना १५४
३.८.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १५८
३.८.३ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १७०
३.८.४ जातीय प्रभुत्वका परिप्रेक्ष्यमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना १७५
३.९ निष्कर्ष १७९

**चौथो परिच्छेद**

## सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना

४.१ विषयप्रवेश १८१
४.२ *मुलुकबाहिर* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना १८१
४.२.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना १८१

४.२.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना १८६
४.३ *बसाइँ* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना १९०
४.३.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना १९०
४.३.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जितदबाब र तनावजन्य अनुभूतिको संरचना १९८
४.३.३ जातीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २०५
४.४ *एक पालुवा अनेकौं याम* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना २०६
४.४.१ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २०६
४.४.२ जातीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २१०
४.४.३ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २१४
४.४.४ पुस्तान्तर भेदका पृष्ठभूमिमा सिर्जित अनुभूतिको संरचना २१९
४.४.५ चाकरीप्रथाको पृष्ठभूमिमा सिर्जित अनुभूतिको संरचना २२१
४.४.६ रङ्ग विभेदद्वारा सिर्जित अनुभूतिको संरचना २२२
४.५ *बैँसको मान्छे* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना २२३
४.५.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २२३
४.५.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २३८
४.६ *आगत* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना २४१
४.६.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २४२
४.६.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २४६
४.६.३ जातीय परिप्रेक्ष्यमा सिर्जित अनुभूतिको संरचना २५२
४.६.४ चाकरी प्रथाका पृष्ठभूमिमा सिर्जित अनुभूतिको संरचना २५३
४.७ *घामका पाइलाहरू* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना २५५
४.७.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २५६
४.७.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना २६४
४.७.३ पुस्तान्तर भेदका परिप्रेक्ष्यमा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना २६७
४.७.४ क्षेत्रीय विभेदका परिप्रेक्ष्यमा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना २६८
४.७.५ रङ्गविभेदका परिप्रेक्ष्यमा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना २७२
४.८ *अविरल बग्दछ इन्द्रावती* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना २७२
४.८.१ वर्गीय उत्पीडनद्वारा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना २७२
४.८.२ लैङ्गिक उत्पीडनद्वारा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना २८२
४.८.३ जातीय उत्पीडनद्वारा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना २९०
४.८.४ पुस्तान्तर भेदका पृष्ठभूमिमा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना २९४
४.९ निष्कर्ष ३००

## पाँचौं परिच्छेद

## सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना


५.१ विषयप्रवेश ३०३

५.२ *एक पालुवा अनेकौँ याम* उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना ३०३

५.२.१ सामाजिक भेदभाव विरुद्ध प्रतिरोधीचेतनामा निःसृत अनुभूतिको संरचना ३०४

५.२.२ राजनीतिक क्रान्तिचेतको पृष्ठभूमिमा निर्मित अनुभूतिको संरचना ३१०

५.३ *आगत* उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना ३१३

५.३.१ सामाजिक भेदभाव विरुद्ध प्रतिरोधीचेतनामा निःसृत अनुभूतिको संरचना ३१३

५.३.२ राजनीतिक क्रान्तिचेतको पृष्ठभूमिमा निर्मित अनुभूतिको संरचना ३१८

५.४ *घामका पाइलाहरू* उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना ३२०

५.४.१ आध्यात्मिक चेतनासम्बद्ध परिवर्तनकामी अनुभूतिको संरचना ३२१

५.४.२ भौतिक चेतनासम्बद्ध परिवर्तनकामी अनुभूतिको संरचना ३२५

५.४.३ सामाजिक विभेद विरुद्ध प्रतिरोधी चेतनामा निःसृत अनुभूतिको संरचना ३२९

५.४.४ पुस्तान्तरभेदको पृष्ठभूमिमाा सिर्जित नवउदीयमान अनुभूतिको संरचना ३३२

५.४.५ क्षेत्रीय विभेद विरुद्ध प्रतिरोधी चेतनामा निःसृत अनुभूतिको संरचना ३३४

५.५ *अविरल बग्दछ इन्द्रावती* उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना ३३५

५.५.१ सामाजिक विभेद विरुद्ध प्रतिरोधी चेतजन्य अनुभूतिको संरचना ३३६

५.५.२ पुस्तान्तरभेदको पृष्ठभूमिमा सिर्जित नवउदीयमान अनुभूतिको संरचना ३४४

५.५.३ राजनीतिक क्रान्तिचेतको पृष्ठभूमिमा निर्मित अनुभूतिको संरचना ३४९

५.६ निष्कर्ष ३५८


## छैटौं परिच्छेद

## सारांश तथा निष्कर्ष


६.१ सारांश ३६१

६.२ निष्कर्ष ३६५

परिशिष्ट ३७३

सन्दर्भसामग्रीसूची ३७७

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

साहित्यमा सामाजिक जनजीवनको यथार्थलाई सजीव प्रस्तुति दिनु सामाजिक यथार्थवाद हो । पाश्चात्य साहित्य जगत्मा उन्नाइसौँ शताब्दीको मध्येदेखि उपन्यास विधामार्फत थालनी भएको यस वादले आधुनिक विश्वसाहित्यमा सर्वाधिक प्रभाव पारेको छ । यस वादको प्रवर्तन र विकासमा फ्रान्सेली उपन्यासकारहरू फ्लुबर्ट, बाल्जाक, जोला, मोपाँसा र गुस्ताभको विशेष योगदान रहेको छ । यथार्थवादकै एक प्रमुख भेदका रूपमा रहेको यो वाद विशुद्ध यथार्थवादका रूपमा परिचित छ । मार्क्सको द्वन्द्वात्मक भौतिकवाद, समाजशास्त्रीय दृष्टिकोण र डार्विनको विकासवादसमेतको प्रभाव बोकेको यस वादले सामाजिक यथार्थको वस्तुपरक चित्रणमा जोड दिन्छ । समाजलाई केन्द्रमा राख्दै व्यक्ति, परिवार र समाजबिचको परस्पर सम्बन्धको सूक्ष्म अवलोकन र विश्लेषण गर्नु, त्यस क्रममा जनजीवनको फोटोग्राफिक चित्रणमात्र नगरी वैयक्तिकता र सिर्जनात्मकतालाई पनि प्रश्रय दिनु, निम्नवर्गीय जनजीवनको दुःखकष्ट, तिक्तता र कारुणिकतासमेतको उद्घाटन गरी यथार्थपरक प्रस्तुति दिनु, त्यससँगै कालखण्ड विशेषका मानव समुदायका संस्कृतिजन्य आचरण, व्यवहार, मानवीय सबलता, दुर्बलता, नग्नता क्रूरता, हिंसा आदि पक्षको पनि चित्रण गर्नु, क्षेत्र विशेषका भाषा, संस्कृतिको आधार लिँदै आञ्चलिकतालाई प्रस्तुति दिनु यस वादका उल्लेख्य वैशिष्ट्य हुन् । मानव र प्रकृति अनि मानव-मानव बिचमा अन्तर्सम्बन्धका क्रममा हुने क्रिया, प्रतिक्रिया, अन्तर्विरोध, तिनबाट सिर्जित घटना, स्थिति र परिवेशको यथार्थपरक अध्ययन गरी समाजको वस्तुसत्यलाई तटस्थ भएर प्रस्तुत गर्ने कार्यलाई यस वादले ध्येय बनाएको हुन्छ ।

साहित्यकारद्वारा आफू बाँचेको वा पूर्ण परिचित रहेको देशकाल तथा परिवेश विशेषको समाज एवम् संस्कृतिका सापेक्षमा साँचेका सजीव अनुभूतिलाई संरचनात्मक रूप प्रदान गरिँदा नै प्रभावकारी साहित्यको सृष्टि हुन्छ । यस्तो सामाजिक मानवीय अनुभूतिले विशेषतः सामाजिक यथार्थवादी उपन्यासमा ज्यादा सशक्त र मुखर अभिव्यक्ति प्राप्त गर्दछ । यसै वास्तविकतालाई दृष्टिगत गरेर साहित्यिक समाजशास्त्री रेमन्ड विलियम्सले आख्यानको अध्ययनका निम्ति अनुभूतिको संरचनासम्बन्धी अवधारणा अगाडि सारेका हुन् । यस अवधारणाका आधारमा उपन्यासको समाजशास्त्रीय अध्ययनका निम्ति सामाजिक यथार्थवादी उपन्यास नै ज्यादा उपयुक्त र महत्त्वपूर्ण हुन्छ ।

नेपाली उपन्यास परम्परामा यथार्थवादले प्रथम प्रवेश पाएको उपन्यास रुद्रराज पाण्डेद्वारा लिखित *रूपमती* (१९९१) लाई मानिन्छ । यथार्थवादी प्रवृत्तिलाई सर्वप्रथम आत्मसात् गरेका आधारमा पनि यसको प्रकाशनबाट नेपाली उपन्यासको आधुनिक काल प्रारम्भ भएको हो भन्ने सम्बन्धमा प्रायः विद्वान्हरू सहमत छन् । नेपाली सामाजिक धरातललाई कार्यपीठिका बनाइएको प्रस्तुत उपन्यास विशेषतः आदर्शको स्थापनामा केन्द्रित छ र यस उपन्यासले मूलतः आदर्शोन्मुख सामाजिक यथार्थलाई आत्मसात् गरेको छ । नेपाली उपन्यासमा विशुद्ध सामाजिक यथार्थवादको थालनी भने *मुलुकबाहिर* (२००४) बाट भएको छ । त्यस यता विभिन्न धाराको आगमन भएको छ तथापि आधुनिक नेपाली उपन्यासको परम्परामा २००४ देखि २०४६ पूर्वसम्म सामाजिक यथार्थवादी धारा नै मूल प्रवाहमा रहेको देखिन्छ ।

उपन्यास सामाजिक जीवनसँग जोडिएरै अगाडि बढ्ने भएको हुँदा सामाजिक र अझ राष्ट्रिय जीवनमा आएका परिवर्तनले उपन्यास रचनामै प्रभाव पार्दछन् । २०३६ को विद्यार्थी आन्दोलन, जनमत सङ्ग्रहजस्ता सामयिक राजनीतिसँग सम्बद्ध घटनाक्रमले समाजको आमूल रूपान्तरणका लागि विद्यमान व्यवस्थामा परिवर्तन चाहने नेपाली जनआकङ्क्षालाई सम्बोधन गरेसँगै उत्तरार्द्ध चरणमा लेखिएका उपन्यासहरूमा युगीन चेत अझ प्रखर बन्दै गएको देखिन्छ । अझ २०४६ को राजनीतिक परिवर्तनसँगै आर्थिक तथा सांस्कृतिक रूपान्तरणका लागि नेपाली समाजले गरेका प्रयासका परिप्रेक्ष्यमा बहुआयामिक परिवर्तनको चाहनालाई नेपाली उपन्यासले पनि स्वभावतः ग्रहण गरेको छ र समसामयिक नवीन प्रवृत्तिहरूलाई क्रमशः आत्मसात् गर्दै अघि बढेको छ । परिणामस्वरूप २०४६ देखि नेपाली उपन्यासका आयामहरू पनि अझ विस्तारित भएका छन् । नेपाली उपन्यास लेखनमा नवीन प्रवृत्तिसहित भएको यस समयसापेक्ष विकासलाई दृष्टिगत गरी प्रस्तुत शोधमा सामाजिक यथार्थवादी उपन्यासको अध्ययनका निम्ति यस धाराको आरम्भ २००४ देखि २०४६ पूर्वको अवधिबाट सामाजिक यथार्थको प्रभावशाली अभिव्यक्ति रहेका उपन्यासको चयन गर्नु उपयुक्त रहेको हुँदा तद्नुरूप *मुलुकबाहिर* (२००४), *बसाइँ* (२०१४), *एक पालुवा अनेकौँ याम* (२०२६), *बैँसको मान्छे* (२०२९), *आगत* (२०३२), *घामका पाइलाहरू (२०३५)* तथा *अविरल बग्दछ इन्द्रावती* (२०४०) लाई छनोट गरिएको छ र यिनै उपन्यासहरूलाई मुख्य विश्लेष्य सामग्री बनाई यिनमा प्रस्तुत अनुभूतिको संरचनाको अध्ययन प्रस्तुत शोधमा गरिएको छ ।

शोध्य उपन्यासहरूमा वर्ग, लिङ्ग, जाति, क्षेत्र, रङ्ग पुस्तान्तर, भौतिक वा आध्यात्मिक वैचारिकी आदि बहुविध सन्दर्भमा विभेद कायम रहेको नेपाली सामाजिक संस्कृति, त्यस परिप्रेक्ष्यका पिँढीगत भेदहरू, पिँढीगत क्रिया, अन्तरक्रिया र अन्तविरोधहरू विषय बनेका छन् । तिनमा मूलधारको संस्कृतिमा अधीनस्थमाथिका श्रमशोषण, आर्थिक शोषण, यौनशोषण, दमन, दलन र उत्पीडनका कारण तिनले खेप्नुपरेको दबाब र तनावका सन्दर्भका अनुभूतिका

संरचनाहरूले राम्रैसँग प्रस्तुति पाएका छन् । यसप्रकार नेपाली सामाजिक संस्कृतिका समस्याहरू, नेपाली सर्वसााधारण जनले भोगेका विविध परिप्रेक्ष्यका उत्पीडन र सङ्घातलाई खोतल्ने काम पनि तिनमा भएको छ । साथै, बदलिँदो देश, काल र परिस्थितिअनुरूप नेपाली जनमा उत्पीडनका विरुद्धमा उद्‌बुद्ध प्रतिरोधको चेतना र परिवर्तनको चाह, त्यस परिप्रेक्ष्यका गतिविधिहरूको प्रस्तुति पनि तिनमा सबल रूपले भएको छ। उपन्यासमा अभिव्यक्त यिनै सन्दर्भहरू साहित्यको समाजशास्त्रीय अध्ययनअन्तर्गत रहेर पिँढीगत अनुभूतिको संरचना पहिल्याउनका निमित्त महत्त्वपूर्ण हुन्छन् ।

साहित्यको समाजशास्त्र साहित्यभित्रको समाजको खोजी, पहिचान र अध्ययन गर्ने साहित्यिक समालोचना पद्धति हो । साहित्यको समाजशास्त्रीय प्रचलित मान्यताहरूमा जाति, क्षण र पर्यावरण, सामाजिक संरचना, सामाजिक संस्कृति, सामाजिक इतिहास, समाजमनोविज्ञान, वर्गीय द्वन्द्व, विश्वदृष्टि, अनुभूतिको संरचना, भाषाप्रयोग आदि महत्त्वपूर्ण रहेका छन् । 'अनुभूतिको संरचना' सिद्धान्त बेलायती सामाजिक चिन्तक रेमन्ड विलियम्स (सन् १९२१-१९८८) द्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने एक प्रमुख समालोचनात्मक पद्धति हो । अनुभूतिको संरचनासम्बन्धी अवधारणाअनुसार मानव समुदाय र वातावरणबिच द्वन्द्वात्मक सम्बन्ध कायम रहन्छ । त्यस सम्बन्धबाट निर्मित मानव स्वभावमा जीवन्त अनुभूति सन्निहित हुन्छ । त्यसै सन्दर्भद्वारा निश्चित ऐतिहासिक क्षणमा आधारित हुँदै निःसृत संस्कृति नै अनुभूतिको संरचना हो । प्रत्येक कालखण्डमा एकसाथ रहन सक्ने प्रभुत्वशाली, अधीनस्थ र उदीयमान संस्कृतिलाई संवहन गर्न सक्ने सांस्कृतिक समूहविशेषका रूपमा पिँढीगत उपस्थिति रहेकै हुन्छ । पिँढीगत परस्पर सम्बन्ध र अन्तरविरोधका क्रममा तिनले आफ्नै खाले अनुभूतिको संरचना निर्माण गरिरहेका हुन्छन् जसमा कालखण्डको संस्कृति जीवन्त बनेको हुन्छ । प्रस्तुत शोधकार्यमा कालखण्डविशेषका नेपाली समाजमा विद्यमान पिँढी/समुदायका अनुभूतिका संरचनाले राम्ररी प्रस्तुति पाएका उपर्युल्लिखित विश्लेष्य उपन्यासहरूको अध्ययनका निमित्त रेमन्ड विलियम्सको यही 'अनुभूतिको संरचना' सम्बन्धी मान्यतालाई प्रमुख आधार बनाएर सामाजिक यथार्थवादी नेपाली उपन्यासको समाजशास्त्रीय अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

उपन्यासमा जीवनको बृहत् र सूक्ष्म बहुआयामिक अभिव्यक्ति हुन्छ । यसै विशेषताअनुरूप सामाजिक यथार्थवादी धाराका नेपाली उपन्यासहरूले कालखण्डविशेषको नेपाली समाजलाई जीवन्त अभिव्यक्ति दिएका छन् । नेपाली समालोचना परम्परामा हालसम्म यथार्थवादी समीक्षाका कोणबाट सामाजिक यथार्थवादी नेपाली उपन्याससम्बद्ध विभिन्न अध्ययनहरू पनि भएका छन् तथापि अनुभूतिको संरचनाकै कोणबाट विशिष्ट अध्ययनको भने अभाव रहेको छ । रेमन्ड विलियम्सद्वारा विकसित अनुभूतिको संरचनासम्बन्धी मान्यता साहित्यको समाजशास्त्रीय

अध्ययनसँग सम्बन्धित छ । यथार्थवादी उपन्यासको अध्ययनका निम्ति नै यो ज्यादा उपयोगी छ तथापि यो परम्परित यथार्थवादी समालोचनाभन्दा केही पृथक् र सूक्ष्म प्रकृतिको छ । प्रस्तुत समाजशास्त्रीय कोणबाट स्रष्टाविशेषका उपन्यासको अध्ययन भए पनि सिङ्गो सामाजिक यथार्थवादी धाराका उपन्यासको प्राज्ञिक अनुसन्धानबाट कालखण्ड विशेषको सामाजिक संस्कृतिको पहिचान गर्ने कार्य हालसम्म भएको छैन ।

अनुभूतिको संरचना समाजशास्त्रीय अध्ययनको यस्तो विशिष्ट अवधारणा र पद्धति हो जसले सामाजिक अन्तर्सम्बन्धको सूक्ष्म विवेचना गर्न तथा उपन्यास र मानव जीवनका बिचको सम्बन्धलाई बुझ्न सहयोग गर्दछ । समाजशास्त्रीय अध्ययनको यसै उपयोगितालाई दृष्टिगत गरेर प्रस्तुत शोधमा उपर्युक्त रिक्तता पुरा गर्न सामाजिक यथार्थवादी नेपाली उपन्यासहरूमा अभिव्यक्त अनुभूतिका संरचनाको अध्ययन गर्ने कामलाई मुख्य शोधसमस्याका रूपमा ग्रहण गरिएको छ । सामाजिक यथार्थवादी उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचनाको अध्ययनबाट वास्तविक नेपाली सामाजिक संरचनामा विद्यमान विभिन्न पिँढी तथा समुदायका बिचको अन्तर्सम्बन्ध पहिल्याउन सकिन्छ र त्यस अन्तर्सम्बन्धले नेपाली समाजको स्वरूप र चरित्रलाई चिनाउनुका साथै औपन्यासिक प्रवृत्ति र सामर्थ्यलाई पनि स्पष्ट पार्दछ । त्यस अनुसार नेपाली सामाजिक संरचनामा प्रभुत्वशाली, अधीनस्थ र उदीयमान तहका सांस्कृतिक समूह अर्थात् पिँढीविशेषका माध्यममा अभिव्यक्त हुने मूलतः वर्ग, लिङ्ग, जाति अनि क्षेत्र, रङ्ग, भाषा, पुस्तान्तर, भौतिक वा आध्यात्मिक विचारधारा आदि जस्ता विविध आधारमा देखिने पिँढीगत विभेदहरू, ती पिँढीहरूबिचको अन्तर्क्रियाका क्रममा परस्परको द्वन्द्व र अन्तरविरोधबाट निःसृत दबाब र तनावजन्य अनुभूतिका संरचनाको खोजी र विश्लेषणमा प्रस्तुत अध्ययन केन्द्रित छ । यस अध्ययनको मूल समस्याको समाधानार्थ निर्धारण गरिएका शोधप्रश्नहरू यस प्रकार रहेका छन् :

(१) सामाजिक यथार्थवादी नेपाली उपन्यासमा प्रभुत्वशाली पिँढीमा निर्मित अनुभूतिको संरचना केकस्तो छ ?

(२) सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अधीनस्थ पिँढीमा अनुभूतिको संरचनाको निर्माण केकस्तो छ ?

(३) सामाजिक यथार्थवादी नेपाली उपन्यासमा उदीयमान पिँढीमा अनुभूतिको संरचनाको निर्माण केकसरी भएको छ र त्यसले केकसरी सामाजिक परिवर्तनको प्रक्रियालाई सङ्केत गरेको छ ?

## १.३ शोधको उद्देश्य

निम्नलिखित उद्देश्यको प्राप्तितर्फ प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ :

(१) सामाजिक यथार्थवादी नेपाली उपन्यासमा प्रभुत्वशाली पिँढीमा निर्मित अनुभूतिको संरचनाको विश्लेषण गर्नु,

(२) सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अधीनस्थ पिँढीमा निर्मित अनुभूतिको संरचनाको विश्लेषण गर्नु,

(३) सामाजिक यथार्थवादी नेपाली उपन्यासमा उदीयमान पिँढीका अनुभूतिको संरचना निर्माणको प्रक्रियाको विश्लेषण गर्दै दबाब र तनावजन्य अनुभूतिबाट मुक्त हुन तिनले गरेका प्रयास र त्यसले सङ्केत गरेको सामाजिक परिवर्तनको प्रक्रियाको समीक्षा गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधमा सामाजिक यथार्थवादी धाराका नेपाली उपन्यासहरूको समाजशास्त्रीय अध्ययनको प्रमुख सैद्धान्तिक अवधारणा 'अनुभूतिको संरचना' रहेको छ । 'अनुभूतिको संरचना' रेमन्ड विलियम्सद्वारा साहित्यको समाजशास्त्रीय विश्लेषणका क्रममा स्थापित एक प्रमुख अवधारणा हो । साहित्यमा अभिव्यक्त पिँढी/समुदायका अनुभूतिलाई आधार बनाएर कालखण्ड विशेषको संस्कृतिको पहिचान गर्न सकिन्छ भन्ने विलियम्सको मान्यता रहेको छ । यो सिद्धान्त साहित्यको समाजशास्त्रीय विश्लेषणका निमित्त स्थापित पश्चिमी सिद्धान्त हो र यसको पश्चिमी समालोचना जगत्मा व्यापक र गहन चर्चा भएको छ । भारतलगायत एसियाली समालोचना जगतमा विशेष चर्चित रहँदै नेपालमा पछिल्लो समयमा भित्रिएको यस पद्धतिबारे नेपाली साहित्यिक समीक्षकहरूबाट पनि चर्चापरिचर्चा भएको छ । अतः प्रस्तुत शोधकार्यमा अनुभूतिको संरचना प्रमुख शोधसमस्या रहेको हुँदा यसैमा केन्द्रित रहेर यहाँ सम्बद्ध पूर्वकार्यको तथा शोधक्षेत्रको रूपमा रहेको सामाजिक यथार्थवादी धाराका नेपाली उपन्यासबारेको अध्ययनको सर्वेक्षण तथा समीक्षा गरिएको छ । यस क्रममा सम्बद्ध समालोचना, पुस्तक/ग्रन्थ, गोष्ठीपत्र, स्मारिका, दर्शनाचार्य तथा विद्यावारिधि तहका शोधप्रबन्ध, पत्रपत्रिकामा प्रकाशित अनुसन्धानात्मक तथा समालोचनात्मक फुटकर रचना आदिमा भएका पूर्व अध्ययन तथा प्राप्त निष्कर्षसमेतको समीक्षा गरिएको छ । त्यस क्रममा प्रस्तुत शोधको प्राथमिक सामग्री सम्बन्धी एवम् शोधसमस्या सम्बन्धी प्रयोगात्मक सामग्रीहरूबारेको पूर्व अध्ययनको समीक्षालाई यहाँ कालक्रमिक रूपमा छुट्टा-छुट्टै प्रस्तुत गरिएको छ ।

### १.४.१ शोधक्षेत्रसम्बद्ध प्रयोगात्मक सामग्रीबारेको पूर्वकार्यको समीक्षा

कृष्णचन्द्रसिंह प्रधान (२०२५) ले "नेपाली उपन्यास" शीर्षकको लेखमा आधुनिक विश्वसाहित्यमा उपन्यासको उदयको सन्दर्भ केलाउँदै नेपाली उपन्यास रचनाको पृष्ठभूमि र प्रारम्भ, तत्कालीन औपन्यासिक प्रवृत्ति तथा उपन्यासको विकासबारे क्रमशः चर्चा गरेका छन् । सोही क्रममा उनले आधुनिक नेपाली उपन्यासको विकासमा उपन्यासहरूले समातेका धारालाई खुट्याउँदै तिनले आत्मसात् गरेका सामाजिक विषयवस्तु र प्रवृत्तिका कोणबाट तिनको सङ्क्षिप्त समीक्षा प्रस्तुत गरेका छन् । उनका अनुसार नेपाली उपन्यास लेखनको परम्परामा *रूपमती*बाट

आधुनिकताको थालनी भएको छ र *मुलुकबाहिर*ले अर्को तह थप्दै चित्रणप्रधान उपन्यासको प्रारम्भ र यथार्थवादी प्रवृत्तिको विकास गरेको छ। त्यस्तै, *मुलुकबाहिर*ले सामान्य मजदुरी गर्ने निम्नवर्गलाई प्रमुखता दिई बर्सेनि आर्थिक उपार्जन गर्न प्रवास लाग्नुपर्ने नेपालीहरूको विवश जीवन, कठोर परिश्रम र दोस्रो महायुद्धबाट फर्केकाहरूको बेकारीपन आदिको चित्रणले तिनीहरूको जीवनक्रमको यथार्थ परिचय दिएकोमात्र होइन बाँच्नलाई गरिएको प्रयास र सङ्घर्षको जिउँदो रूप पनि देखाएको छ। पछि यसैलाई अझ समस्याको रूप दिएर त्यसैमा घनीभूत जीवनको चित्राङ्कन *बसाइँ*ले गरेको छ। यसप्रकार *मुलुकबाहिर* उपन्यासले कला र वस्तु दुवै दृष्टिले नयाँ परम्परा सिर्जेर उपन्यासलाई यथार्थवादी र चित्रणप्रधान दिशातिर मोडिदिएको छ र प्रवासिएका नेपालीको निम्नवर्गीय जीवनका विवशता एवम् बाँच्ने सङ्घर्षको जीवन्त चित्रणद्वारा यथार्थवादलाई संवरण गर्न सकेको निष्कर्ष प्रधानको रहेको छ। उक्त लेखमा प्रधानबाट तत्कालीन औपन्यासिक प्रवृत्ति तथा उपन्यासको विकासको चिनारीका परिप्रेक्ष्यमा प्रस्तुत *मुलुकबाहिर* तथा *बसाइँसँग* सम्बद्ध समीक्षा सङ्क्षिप्त भए पनि प्रस्तुत शोधकार्यमा नेपाली समाज र उपन्यासको सम्बन्ध विश्लेषणका सन्दर्भमा सहयोगी बनेको छ।

तानासर्मा (यथा.) ले *नेपाली साहित्यको इतिहास* (२०२७) नामक कृतिमा नेपाली समग्र साहित्यको कालविभाजन गर्दै विभिन्न कालखण्डमा प्रकाशित विविध विधाका रचना र रचनाकारको सङ्क्षिप्त चिनारी प्रस्तुत गरेका छन्। उक्त कृतिमा उनले क्रान्तिपूर्व युगमा प्रकाशित सीमित उपन्यास तथा उपन्यासकारहरूको चर्चाका क्रममा उपन्यासकार लैनसिंह बाङ्देलको लेखनीको प्रशंसा गर्दै *मुलुकबाहिर* उपन्यासमा काम र मामको खोजीमा नेपाल मूल भूमिबाट बाहिर भौँतारिन बाध्य भएका निम्नवर्गी जनताको साह्रै राम्रो र हृदयस्पर्शी चित्रण गरिएको र लेखक यथार्थवादका पक्षपाती रहेको टिप्पणी प्रस्तुत गरेका छन्। उनले क्रान्तिउत्तर युगका नेपाली उपन्यासहरूको चर्चाका क्रममा *एक पालुवा अनेकौँ याम* तथा *बसाइँ* उपन्यासको पनि परिचयात्मक समीक्षा प्रस्तुत गरेका छन्। सोही क्रममा उनले उपन्यासकार दौलतविक्रम विष्ट स्वयम्को जीवनव्यथाको लामो कथाकै कारण विष्टबाट प्रारम्भिक उपन्यासहरू सिर्जना भएको चर्चा गर्दै सात सालताकको जनताको मानसिक अवस्थालाई *एक पालुवा अनेकौं याम* ले औधी सफलताका साथ विश्लेषण गरेको चर्चा गरेका छन्। लेखकीय जीवनानुभूतिले आख्यानमा संरचनात्मक स्वरूप प्राप्त गर्ने सन्दर्भमा यी टिप्पणी उल्लेख्य रहेका छन्। त्यस्तै, उनले लीलबहादुर क्षत्रीकृत *बसाइँ*मा नेपालीहरूले खेपेका आर्थिक, सामाजिक, नैतिक उपन्यासहरूको हृदयस्पर्शी वर्णन रहेको कुरा उल्लेख गरेका छन्। उनका अनुसार तत्कालीन ग्रामीण नेपाली सामाजिक संरचनाको तीतो सत्यलाई *बसाइँ*ले उद्घाटन गरेको छ। यस उपन्यासमा सामन्ती शोषणमा परेका निम्नवर्गीय पहाडी नेपालीहरूको यथार्थ चित्रण भएको र ती मुटुतुल्य मायालु मातृभूमि त्यागेर बर्बरी आँसु खसाउँदै विदेशमा बसाइँ सर्न बाध्य हुनु परेको परिस्थितिको चित्रण छ। सामाजिक यथार्थलाई *बसाइँ* उपन्यासले औधी सफल प्रस्तुति दिएको निष्कर्ष उनको रहेको

छ। उक्त पुस्तकमा यी उपन्यासहरूको सामाजिक यथार्थताका बारेमा प्रस्तुत टिप्पणीमूलक समीक्षा सङ्क्षिप्त भइकन पनि यस शोधका सन्दर्भमा सामाजिक यथार्थवादी उपन्यासको निर्क्यौलका निमित्त उपयोगी बनेको छ।

इन्द्रबहादुर राई (२०३१) को *नेपाली उपन्यासका आधारहरू* नामक पुस्तकमा *मुलुकबाहिर* उपन्यासबारेको आलोचनात्मक समीक्षा प्रस्तुत छ। राईका अनुसार *मुलुकबाहिर*द्वारा नेपाली उपन्यासले यथार्थवादमा र यथार्थको प्रपीडित जगत्मा प्रवेश गरेको छ तथापि नीति र कल्पनाको आदर्शले नरङ्गाई अवस्था र चरित्रहरूलाई यथावत हेर्ने लेखकीय अठोट हुँदाहुँदै पनि कथानकका कतिपय प्रसङ्गहरूमा भने आदर्शवाद र यथार्थवादको दोसाँधमा प्रस्तुति रहेको र अति भावुकताले परिपूर्ण कथान्त रहेको हुँदा पूर्णतः विशुद्ध यथार्थवादको प्रकटीकरण भएको छैन। अन्त्यमा भने राईले यस उपन्यासले नेपाली जनजीवनको धेरै यथार्थलाई प्रस्तुत गरेको र नेपाली उपन्यास नेपाली समाजकै उपज बन्नसकेको निष्कर्ष प्रस्तुत गरेका छन्। उक्त ग्रन्थमा *मुलुकबाहिर* उपन्यासमा यथार्थको अभिव्यक्तिका सन्दर्भमा प्रस्तुत राईका दृष्टिकोणले प्रस्तुत शोधका निमित्त सामाजिक यथार्थका परिप्रेक्ष्यमा उपन्यासमा प्रस्तुत अनुभूतिको संरचना निर्माणको परिप्रेक्ष्यको खोजीका क्रममा मदत गरेको छ।

दयाराम श्रेष्ठ सम्भव (२०३२) को *नेपाली साहित्यका केही पृष्ठ* नामक कृतिमा नेपाली साहित्यको विकासक्रमका प्रमुख कालखण्डमा आधारित रहेर विभिन्न कोणबाट गरिएका साहित्यिक समीक्षाहरू प्रस्तुत छन्। उक्त कृतिमा *मुलुकबाहिर* उपन्यासबारे मूल्याङ्कनपरक समीक्षा पनि प्रस्तुत छ। श्रेष्ठका अनुसार सामाजिक यथार्थवादलाई संवरण गरेर लेखेको प्रस्तुत उपन्यासको विषयवस्तु बाङ्देलले आफू बसेको समाजबाटै टिपेका र खास गरेर दशनङ्ग्री खियाएर दाल-भात-डुकुको निम्ति सङ्घर्ष गर्ने श्रमिकवर्गको यथार्थ चित्रणद्वारा तत्कालीन समाजको सजीव चित्रण भएको छ। उनले प्रस्तुत उपन्यासमा निम्नवर्गीय जनजीवनले सशक्त अभिव्यक्ति पाउन सकेको सन्दर्भलाई बाङ्देलले प्रारम्भिक जीवन ज्यादै सङ्घर्षपूर्ण बिताएका तथा निम्नवर्गका व्यक्तिहरूको जीवनसँग उनी पूर्णतः परिचित रहेका परिप्रेक्ष्य प्रस्तुत गर्दै र जीवनमा अनुभवै नभएको उच्चवर्गका मानिसहरूको चित्रण गर्नु साहित्यगत इमानदारिता नहुने बाङ्देलको विचार पनि अघि सार्दै पुष्टि गरेका छन्। उनको यस मूल्याङ्कनले आफू बाँचेको समाजबारेको लेखकीय अनुभूतिले नै प्रस्तुत उपन्यासमा अभिव्यक्ति पाएको तथ्यलाई प्रकाशमा ल्याएको छ। त्यस्तै, उनका मतमा सामाजिक यथार्थवादी साहित्यकारले पात्रको मानसिक स्तर र सोचाइलाई पनि समाज सापेक्षित रूपमा प्रस्तुत गर्नु पर्दछ र तिनलाई समाजको संस्कार, सांस्कृतिक स्तर, रीति-रिवाज, धार्मिक अवस्था आदिको ज्ञान हुनुपर्ने हुन्छ। साथै उनले *मुलुकबाहिर* उपन्यासमा विभिन्न पात्र, तिनीहरूको सोचाइ, प्रतिक्रिया जनाइ आदिबाट बाङ्देल समाजको निरीक्षण र गहन अवलोकन

गर्न सफल रहेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । उक्त कृतिमा *मुलुकबाहिर*बारे गरिएको यस प्रकारको मूल्याङ्कन प्रस्तुत शोधकार्यका निमित्त पनि सहयोगी बनेको छ ।

ठाकुर पराजुली (२०३३) ले "नेपाली उपन्यासको ऐतिहासिक विवेचना" शीर्षकको लेखमा नेपाली उपन्यासको काल विभाजन तथा तिनको सङ्क्षिप्त विवेचना प्रस्तुत गरेका छन् । विवेचनाका क्रममा उनले त्यसै समयसम्म प्रकाशित उपन्यासहरूलाई आधार बनाई तिनलाई दशकगत रूपमा चार प्रवाहमा विभाजन गरी लेखाजोखा गरेका छन् । उनका अनुसार आधुनिक नेपाली उपन्यासको पहिलो प्रवाह (१९९१-२०००) को सुरुवात *रूपमती*ले गरेको हो । *मुलुकबाहिर* ले भने मानसिक र सामाजिक दुवै स्तरमा यथार्थवादी प्रवृत्तिको आरम्भ गर्दै आधुनिक नेपाली उपन्यासलाई दोस्रो प्रवाह (२००१-२०१०) प्रदान गरेको छ । यस मोडको नेतृत्व बाङ्देलले गरेको उनको अभिमत छ । नेपाली उपन्यासमा तेस्रो प्रवाह भने राष्ट्रिय भूगोलभित्र छरिएको जीवनपद्धति, जातीय संस्कृति, समकालिक अनुदार शासनको आर्थिक ढाँचामा रन्थनिएको नेपाली जनजीवनलाई समेट्दै देखापरेको तर्क उनको रहेको छ । यसै परिप्रेक्ष्यमा तेस्रो प्रवाह (२०११-२०२०) अन्तर्गतका उपन्यासहरूको विश्लेषणका क्रममा उनले *बसाइँ*ले नेपाली उपन्यास जगत्मा पुऱ्याएको योगदानबारे पनि सङ्क्षिप्त चर्चा गरेका छन् । उनका अनुसार पूर्वी नेपालको पहाडी किसानको जीवनमर्मसँगै नेपालीको बसाइँ सर्नुपर्नाको कारण राम्ररी खोतलिएको *बसाइँ* उपन्यासमा आाञ्चलिक जीवन र स्थानीय भाषाको प्रयोगले सामाजिक यथार्थ सजीव बनेको छ ।

प्रकाशनका दृष्टिले पछिल्लो प्रवाहमा रहे पनि प्रवृत्तिगत आधार समात्दै पराजुलीले *एक पालुवा अनेकौँ याम*को चर्चा तेस्रो प्रवाह अन्तर्गत नै गरेका छन् । उनले यस उपन्यासले पहाड, मधेस, तराईतिर तितरबितर नेपाली जीवन पद्धतिलाई समेट्न सफल रहेको परिप्रेक्ष्यमा व्यापक परिवेश बोकेको उपन्यासका रूपमा यसलाई अघि सारेका छन् । साथै, राणाकालिक शासनचक्र र राजनीतिक असन्तोषलाई स्वर भर्दै विभिन्न जीवन र पेसा अँगालेका विभिन्न उमेर समूहका नेपालीको मनोदशालाई व्यञ्जना गर्न उपन्यास सक्षम रहेको चर्चा गरेका छन् । यस उपन्यासले विशेषतः राणाशासनको अन्तिम दिनमा मिर्मिराउन लागेको उज्यालोरूपी परिवर्तनलाई सङ्केत गर्न सकेको मत पराजुलीको रहेको छ । उनका अनुसार आधुनिक नेपाली उपन्यासयात्रामा चौथो प्रवाह (२०२१-२०३०) दोस्रो महायुद्धपछि विश्व उपन्यासमा छाएको अनास्था र ह्रासोन्मुख मानवीय आस्थाको स्वर बोकेर देखापर्दछ । स्वकेन्द्रित व्यक्तिचेतनाको प्रकटीकरण यस प्रवाहमा मूल प्रवृत्तिका रूपमा रहेको छ र यस धाराको अगुवाइ पारिजातले गरेकी छन् । सोही दशकको पूर्वार्द्धमै प्रकाशित पारिजातको उपन्यासको डोबलाई सोही दशकको अन्त्यमा प्रकाशित उनको *बैंसको मान्छे*ले निमिट्यान्न पुर्ने क्षमता नदेखाइसकेको तर्क उनको रहेको छ । उक्त अध्ययन औपन्यासिक धारागत प्रवृत्तिका आधारमा आधुनिक नेपाली उपन्यासको कालविभाजन गर्नुमा केन्द्रित छ तथापि त्यस अध्ययनमा औपन्यासिक कृतिको धारागत मूल्याङ्कनका क्रममा विवेच्य कृतिहरूमा

अभिव्यक्त कालखण्ड विशेषको सामाजिक संस्कृतिको पनि सङ्क्षिप्त विश्लेषण गरिएको छ जुन प्रस्तुत शोधकार्यका निमित्त विवेच्य उपन्यासहरूमा प्रस्तुत अनुभूतिको संरचनाको पृष्ठाधार पहिल्याउनमा सहयोगी बनेको छ ।

दयाराम श्रेष्ठ सम्भव र मोहनराज शर्मा (२०३४) द्वारा लिखित *नेपाली साहित्यको संक्षिप्त इतिहास* नामक पुस्तकको दोस्रो खण्डमा साहित्यिक विधागत इतिहासको क्रमिक विश्लेषण गरिएको छ। त्यस क्रममा उपन्यास विधामा आधारित विश्लेषणमा नेपाली उपन्यास लेखन परम्परामा आधुनिकताको उठान रुद्रराज पाण्डेको *रूपमती* (१९९१) बाट भएको तर यथार्थवादी प्रवृत्तिको खास प्रारम्भ चाहिँ लैनसिंह वाङ्देलको *मुलुकबाहिर* (२००४) बाट भएको र यस उपन्यासले सुरु गरेको नेपाली उपन्यासको यथार्थवादी धाराले उत्तरवर्ती उपन्यासकारहरूलाई निक्कै प्रभावित पारेको चर्चा गरिएको छ ।

प्रस्तुत पुस्तकको दसौँ संस्करण (२०६९) मा श्रेष्ठले नेपाली उपन्यासको कालविभाजन प्रस्तुत गर्दै आधुनिक काललाई विकासकालका रूपमा समीक्षा गरेका छन् । उनले आधुनिक कालमा प्रकाशित उपन्यासहरूले आत्मसात् गरेका विभिन्न प्रवृत्तिगत विशेषताहरूका आधारमा यस लामो अवधिलाई पूर्वार्द्ध (१९९१-२०२०) र उत्तरार्द्ध (२०२० देखि हालसम्म) गरी प्रमुख दुई चरणमा विभक्त गरेका छन् । उनका अनुसार १९९१ देखि थालनी भएको आधुनिक नेपाली उपन्यासको इतिहासमा प्रथम चरणको अवधि २०२० सम्म रहेको र नवीन शिल्पप्रविधिसहित द्वितीय चरणको प्रारम्भ भने २०२१ बाट भएको हो । द्वितीय चरणको यस लामो अवधिमा २०४० को दशकदेखि थप नवीन विषयसहित फरक शैलीमा उपन्यास लेखनको परम्पराले नयाँ मोड प्राप्त गरेसँगै आधुनिक नेपाली उपन्यासको इतिहासमा उत्तरार्द्धको पनि नयाँ चरण प्रारम्भ भएको हो । नेपाली उपन्यासको परम्परामा आधुनिक मूल्यलाई राम्ररी संवरण गर्ने पूर्वार्द्धका सीमित कृतिको सूचीमा उनले *बसाइँ* उपन्यासलाई प्रस्तुत गरेका छन् भने फरक शैली र विषयमा नौलोपनसहित उतरार्द्धको नयाँ चरणको आरम्भ गर्ने र औपन्यासिक कृतिहरूको नामोल्लेख गर्ने क्रममा *अविरल बग्दछ इन्द्रावती*को पनि उल्लेख गरेका छन् । अन्त्यमा उनले यस उपन्यासले पनि आफ्नो युगको स्थिति, सांस्कृतिक परम्परा र आफ्ना सूक्ष्म मानसिक चेतना व्यक्त गर्न सकेको र युगीन चेतनासँगै यथार्थवादको पनि पुनर्जागरण हुनसकेको निष्कर्ष प्रस्तुत गरेका छन् । त्यसै गरी उनले २०५० को दशकको पूर्वार्द्ध र उत्तरार्द्धको प्रारम्भमा नेपाली उपन्यासले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा आधारित नवीन मूल्य प्रणालीलाई संवरण गर्न थालेको तथ्यलाई पनि उजागर गरेका छन् ।

प्रस्तुत अध्ययन उपन्यासगत मूल प्रवृत्तिका आधारमा विवेच्य उपन्यासहरूको धारालाई निर्देश गर्दै कृतिको परिचय दिने कार्यमा केन्द्रित छ तथापि त्यहाँ उल्लिखित विवेच्य कृतिले वहन गरेको सामाजिक यथार्थसँग सम्बद्ध विचारहरू भने प्रस्तुत शोधकार्यका निमित्त सहयोगी छन् ।

साथै, उक्त अध्ययनमा प्रस्तुत आधुनिक नेपाली उपन्यासको चरणविभाजनका आधारले शोध्य उपन्यासको पहिचान र सीमाङ्कनमा समेत सहयोग गरेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०३७) को *नेपाली उपन्यास र उपन्यासकार* कृतिमा प्रधानबाट प्रमुख नेपाली उपन्यास र उपन्यासकारहरूको चर्चासँगै उपन्यासको उद्‌भव, क्रमिक विकास, प्राप्ति र प्रवृत्तिको अध्ययन गरिएको छ । सामाजिक यथार्थवादी नेपाली उपन्यासहरूको समीक्षाका क्रममा प्रधानले *मुलुकबाहिर, एक पालुवा अनेकौँ याम, बसाइँ, घामका पाइलाहरू* उपन्यासहरूको पनि चर्चा गर्दै तिनमा अभिव्यक्त सामाजिक यथार्थको विश्लेषण गरेका छन् । उनले नेपाली उपन्यासको परम्परामा यस धाराका उपन्यासहरूको महत्त्वपूर्ण योगदानको चर्चा गर्ने क्रममा सामाजिक यथार्थका कोणबाट तिनले मानव जीवनको मूल्याङ्कन गरेको, शाश्वत मनस्तत्त्वको प्रौढ विवेचना गरेको र जीवनकै चिरन्तन सत्यको गहन अध्ययन गर्न सकेको कुरा उल्लेख गरेका छन् । साथै, उनले ती उपन्यासमा अभिव्यक्त स्वाभाविक मानवीय दुर्बलता, विकृति, सङ्घर्षहरू र जीवनलाई निर्बाध गतिले अगाडि बढाउने प्रयासमा अवरोध खडा गर्ने सांस्कृतिक परम्पराका यथार्थता, त्यसबाट निर्मित अनुभूतिको स्वरूपको समेत गहन प्रस्तुति भएको निष्कर्ष प्रस्तुत गरेका छन् ।

प्रधानको उक्त कृतिमा *आगत* उपन्यासमा केन्द्रित समीक्षा पनि प्रस्तुत छ । यस उपन्यासले चारित्रिक प्रवाहमा आफ्नो गह्रुङ्गोपना सुरक्षित राखेरै पनि, आदर्शोन्मुख र बौद्धिक रहेरै पनि केही पात्रको चारित्रिक यथार्थताको चित्रण अनि पात्रहरूको मानसिक र संस्कारजन्य द्वन्द्वको विश्लेषण तथा प्रस्तुतिमा उत्कृष्टता राखेको चर्चा गरेका छन् । यसरी *आगत*मा आदर्श पात्रको मात्र संयोजन नभई यथार्थपात्रबाट समाजयथार्थ सुरक्षित रहेकोतर्फ प्रधानले सङ्केत गरेका छन् । उनका अनुसार २०२८ मा लेखिइसकेको *बैँसको मान्छे* उपन्यास प्रगतिशील पारिजातको नभई राल्फाकालीन पारिजातको सृष्टि हो त्यसैले यस उपन्यासमा मार्क्सवादी प्रगतिशीलताले भन्दा अस्तित्वपरक विसङ्गतिले नै ज्यादा प्रश्रय पाएको छ । उपन्यासमा 'म' पात्र तथा पियन केटो दुवै सामाजिक विषमताका प्रतिफल र शोषित वर्गका प्रतिनिधिका रूपमा प्रस्तुत छन् । तिनबाट विरोध स्वर पनि मुखर भएको छतर त्यो व्यक्तिनिष्ठतामा गहिरिएको छ । उपन्यासमा प्रयुक्त प्रगतिशीलताले भने निम्नवर्गको जीवनचर्यालाई महत्त्व दिएको छ । त्यस वर्गको स्थापित मान्यता र प्रचलनप्रतिको विरोध छ; वञ्चितताका बोधसँगै, असहाय बनिनुको पीडासँगै त्यसमा स्वतन्त्रताको आकाङ्क्षा पनि समाहित छ । अतः यस उपन्यासमा सामाजिक यथार्थमै वर्गीय मनोभावनाले पनि अभिव्यक्ति पाउन सकेको छ । प्रमुख नेपाली उपन्यास र उपन्यासकारहरूसँग सम्बद्ध रही बहुआयामिक कोणबाट गरिएको उक्त अध्ययनमा विवेच्य उपन्यासहरूमा प्रस्तुत समाजसम्बद्ध विश्लेषण सङ्क्षिप्त छ तथापि त्यसले प्रस्तुत शोधकार्यमा पनि शोध्य रहेका तिनै

कृतिमा अभिव्यक्त अनुभूतिको संरचनाको आधार लिँदै गरिने समाज र संस्कृतिको खोजीमा महत्त्वपूर्ण सहयोग गरेको छ ।

ईश्वर बराल (२०३९) ले *आख्यानको उद्‌भव* नामक कृतिमा भिक्षुको *आगत* उपन्यासको पनि सूक्ष्म अध्ययनसहितको आलोचकीय दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले यस उपन्यासले समेटेका कालावधि विशेषका नेपाली सामाजिक, आर्थिक र राजनीतिक परिप्रेक्ष्यका ऐतिहासिक तथ्य र युगान्तकारी घटनाका आधारबाट यो महागाथात्मक उपन्यास भएको चर्चा गरेका छन् । उनका अनुसार यस उपन्यासमा १९९३ देखि २००२ सम्मको कालावधिमा नेपालमा प्रचलित मूल्य र मान्यता बोकेका पात्र विशेषको चरित्रचित्रण तथा सामाजिक, आर्थिक एवम् राजनीतिक प्रणालीका विशेषताको उल्लेख गरिनुका साथै अनेक ऐतिहासिक तथ्य तथा युगान्तकारी घटनाको पनि प्रस्तुति रहेको छ । त्यस्तै, बरालका मतमा उपन्यासकारको ध्येयअनुरूपको प्रतिपाद्य विषय प्रस्तुत उपन्यासमा रहेको छ जसनुसार राणाशासनको अन्त्य गराउने परिस्थितिको एवम् अधिराज्यका रैतीको आन्तरिक उपनिवेशीकरणले गर्दा भएका दुर्गतिसमेतको चित्रण गरिएको छ र जसद्वारा राणाकालीन सामाजिक संरचनामा आम सर्वसाधारण नेपालीको नाजुक अवस्था प्रकाशमा ल्याइएको छ । यस उपन्यासको समालोचनाका क्रममा बरालले कृतिका विवेच्य पात्रहरू बडे सरकार तथा छोटे सरकारको चरित्र चित्रणको लेखकीय ध्येयबारे पनि लेखाजोखा गर्दै ती पात्रहरूको उच्च आदर्शीकरण गरिएकोमा विमति राखेका छन् र तत्कालीन समयसन्दर्भको सामाजिकताका आधारसमेत लिँदै पाठकीय अनुभूतिका कोणबाट उपन्यासको यथार्थपरक मूल्याङ्कन गर्ने जमर्को गरेका छन् । त्यस्तै, उनले ऐतिहासिक तथ्य र उपन्यासको कथ्यलाई आधार बनाउँदै उपन्यासकार भिक्षुको कालभ्रमबारे आलोचकीय दृष्टि प्रस्तुत गरेका छन् । उक्त अध्ययनले प्रस्तुत शोधको समस्या समाधानार्थ प्रत्यक्ष सम्बन्ध नराखे पनि उपन्यासमा प्रस्तुति पाएको समयसन्दर्भको नेपाली समाजको अवस्था तथा लेखकीय अनुभूति निर्माणको परिप्रेक्ष्यलाई ठम्याउन भने सहयोग गरेको छ ।

ऋषिराज बराल (२०४०) ले *प्रगतिवाद र नेपाली उपन्यास* नामक कृतिमा पारिजातको *बैँसको मान्छे* उपन्यासको पनि प्रगतिवादी कोणबाट चर्चा गरेका छन् । उनका अनुसार यस उपन्यासमा पारिजातमा देखापर्न थालेको प्रगतिशील विचार र सामाजिक चिन्तनसहितको वैचारिक सङ्क्रमणले प्रस्तुति पाएको छ भने त्यसभन्दा पछिका उपन्यासहरूमा क्रमशः पारिजातका प्रगतिशील दृष्टिकोणले परिपक्व अभिव्यक्ति पाउन थालेको छ । बरालद्वारा सामाजिकताका कोणबाट यस उपन्यासबारे अभिव्यक्त विचार प्रस्तुत शोधकार्यका सन्दर्भमा समाज र संस्कृतिको विवेचनाका निमित्त उपयोगी रहेको छ ।

मुरारीप्रसाद रेग्मी (२०४०) ले *मनोविश्लेषणात्मक समालोचना* (उपन्यास खण्ड) नामक कृतिमा आधुनिक नेपाली उपन्यासहरूको मनोवैज्ञानिक अध्ययनका क्रममा विवेच्य उपन्यासहरूमा

चित्रित पात्रगत मनोविज्ञानका आधारबाट कृतिमा अभिव्यक्त समाजमनोविज्ञान तथा यथार्थ सामाजिक परिवेशमाथि पनि प्रकाश पारेका छन् । सोही क्रममा उनले *आगत* उपन्यासको पनि समीक्षा गरेका छन् । रेग्मीले *आगत* उपन्यासको मनोवैज्ञानिक विश्लेषणका क्रममा मुख्य पात्रहरूलाई अघि सार्दै तिनको मानववादी चरित्रका आलोकमा पारिवारिक संस्कृति, पारिवारिक सम्बद्धता र सम्बन्धहरूको स्थायित्व एवम् वैयक्तिक इतिहासका सन्दर्भद्वारा उपन्यासमा अभिव्यक्त सामाजिकताको आधारबारेको चर्चा गरेका छन् । उनका अनुसार यो उपन्यास तराईको डुब्नै लागेको अतीत संस्कृतिलाई उद्घाटन गर्ने एक मानववादी, सामाजिक र परिस्थितिप्रधान उपन्यास हो । उपर्युक्त अध्ययनमा रेग्मीले विवेच्य उपन्यासहरूको विश्लेषणको ढाँचाका रूपमा मूलतः मनोविज्ञानलाई आधार बनाएका छन् तथापि यस उपन्यासको विवेचनाका क्रममा लिइएको आधारले कृतिमा अभिव्यक्त सामाजिकताको समेत समीक्षा भएको छ जुन प्रस्तुत शोधका सन्दर्भमा पनि सहयोगी रहेको छ ।

शिवप्रसाद सत्याल 'पीठ' (२०४५) ले *समालोचनाहरू* नामक कृतिमा औपन्यासिक तत्त्वको संयोजनका आधारबाट *बसाइँ* उपन्यासको नेपाली समाजको सापेक्षतामा मूल्याङ्कन प्रस्तुत गरेका छन् । उनका अनुसार *बसाइँ* यथार्थवादी उपन्यास हुनाले यस उपन्यासको प्रवृत्ति जीवनको सबभन्दा बिग्रिएको भागको अध्ययनतिर उन्मुख छ । त्यस्तै, उनका मतमा पहाडी गाउँलेहरूको सुख-दुःख र तिनका माझमा घट्ने घटनाहरू नै 'बसाइँ'को प्राणतत्त्व हो र मुखिया तथा चुसाहाहरूको शोषणमुखी प्रवृत्ति यसका सञ्चालक शिरा र धमनी हुन् । 'पीठ'का अनुसार प्रस्तुत उपन्यासमा निकै सरल कथावस्तुको योजनामा रहेका मुख्य घटनाहरूद्वारा बसाइँ नसरी नहुने विवशता र बाध्यतालाई प्रस्तुत गरिएको छ र धनेको परिवारले बसाइँ नसरी नहुने विवशताको बोधको क्षणलाई कथानकको चरमोत्कर्ष अवस्थाका रूपमा प्रस्तुत गरिएको छ । पात्र, स्थानीय प्रकृति र संस्कृतिजन्य परिवेश, तथा भाषाशैलीसमेतका आधारबाट नेपाली समाजको सापेक्षमा बसाइँको औचित्य निर्वाह भएको चर्चा गर्दै अन्त्यमा 'पीठ'ले यो उपन्यास दीनहीन नेपाली समाजको प्रतिनिधित्व गर्न सक्षम र हुनसम्म सफल कृति भएको निष्कर्ष प्रस्तुत गरेका छन् । *बसाइँ* उपन्यासबारेको उक्त अध्ययन प्रस्तुत शोधकार्यका परिप्रेक्ष्यमा उपन्यासमा अभिव्यक्त समयको सामाजिक संरचनामा निहित दीनहीन नेपालीका सामाजिक दशाको पहिचान गर्न र तिनले भोगेका दबाब र तनावमा उत्पन्न उत्पीडनको पहिचान गर्नमा सहयोगी रहेका छन् ।

लीलबहादुर क्षत्री (२०४९) ले "बसाइँ'देखि ब्रह्मपुत्रका छेउछाउसम्म" शीर्षकको लेखमा आफ्ना औपन्यासिक कृतिहरू *बसाइँ, अतृप्त* र *ब्रह्मपुत्रका छेउछाउ*मा केन्द्रित रहेर तिनको रचनागर्भका सन्दर्भदेखि लेखनसँग जोडिएका अनुभूति, तज्जन्य विषयवस्तु र कृतिहरूको सामर्थ्यबारेमा आफ्ना अनुभवसहितको आत्मविश्लेषण प्रस्तुत गरेका छन् । प्रस्तुत लेखमा क्षत्रीले *बसाइँ* लेख्ने स्रोत अथवा प्रेरणाका रूपमा धेरै कुराको सम्मिश्रण रहेको पनि चर्चा गरेका छन् ।

त्यस क्रममा उनले छ-सात वर्षको बाल्यावस्थामा आफ्नो पुर्ख्यौली थलो पूर्वी नेपालको पहाडी ग्रामीण समाजको दर्शन गरेको, त्यसको एउटा घुमैंलो सम्झना उनको मानसपटलमा विद्यमान रहेको र त्यस बेला साँचेका अनुभूतिलाई बर्सेनि पूर्वी नेपालतिरबाट असम आउने पहाडी नेपालीहरूसितको भेटघाटले पुष्टि गरेको उल्लेख गर्दै आफूले प्रस्तुत उपन्यासमा त्यही सामाजिक यथार्थ राख्न चाहेको तर्क प्रस्तुत गरेका छन् । त्यस क्रममा लेखकले त्यहाँ बसाइँ आएका नेपालीहरूसँग केवल पहाडी जीवनको रहनसहन, आर्थिक स्थिति सुखदुःख र त्यहाँको परिवेश सम्बन्धी जानकारी मात्र होइन अपितु धेरै ठेट शब्दहरू पनि लिने गरेको, उनीहरूले बोल्ने ढाँचा र संवादप्रति पनि हेक्का राख्ने गरेको र ती शब्द र संवादको ढाँचालाई निश्चय नै आफूले *बसाइँ*मा सफलतापूर्वक प्रयोग गरेको उल्लेख गरेका छन् । लेखकीय यस अनुभूतिले आफूले रचना गर्न खोजेको कृतिलाई कसरी सामाजिक यथार्थमा ढाल्न सकिन्छ भन्ने लेखक क्षत्रीको छट्पटी र सत्प्रयासको सफल नमुना *बसाइँ* उपन्यास बन्न सकेको तथ्यलाई प्रस्ट पारेको छ । प्रस्तुत लेखमा यस उपन्यासको पछिल्लो खण्डको लेखन प्रक्रियामा मार्क्सवादी दर्शन अध्ययनको परोक्ष प्रभाव रहेको क्षत्रीको स्वीकारोक्ति पनि प्रस्तुत छ । *बसाइँ* उपन्यासको रचनाबारे स्वयम् लेखकबाट प्रकट अनुभूति तथा कृतिमा अभिव्यक्त कालखण्डको नेपाली समाजबारेका विचार प्रस्तुत शोधमा महत्त्वपूर्ण रहेका छन् ।

रत्नध्वज जोशी (२०५०) ले *आधुनिक नेपाली साहित्यको झलक* नामक कृतिमा केही नेपाली उपन्यास र तिनका लेखकबारे चर्चा गर्ने क्रममा *आगत, एक पालुवा अनेकौँ याम* तथा *घामका पाइलाहरू*को पनि मूलतः पात्रगत आधार लिँदै सङ्क्षेपमा आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । जोशीले *आगत* उपन्यासलाई भिक्षुको ६० बर्से उमेरपछिको त्यस्तो फड्कोका रूपमा मूल्याङ्कन गरेका छन् जुन उनको २५-३० वर्षसम्मको एकोहोरो लेखकीय जीवनमा परिवर्तनको सूचक बनेर देखापरेको छ । प्रस्तुत उपन्यासका केही नारी पात्रहरूलाई लेखकद्वारा भोगाइएको नियतिमा भने उनले असहमति प्रकट गरेका छन् । त्यस्तै, विष्टको *एक पालुवा अनेकौँ याम*को चर्चा गर्दै जोशीले यस उपन्यासले नेपालको धेरै भाग घुमिसकेका लेखकका अनुभव र जीवनसँग सम्बद्ध घटनाक्रमहरूले सजीव प्रस्तुति पाउनसकेको उल्लेख गरेका छन् । त्यसैले उपन्यासमा चित्रित समाज इतिहासको जिउँदो नमुना बन्न सकेको उनको तर्क रहेको छ । उनले उपन्यासमा ताराजस्ता महिला पात्रको प्रस्तुतिद्वारा उपन्यासकारले युगको आवश्यकतालाई मूर्त रूपमा सम्बोधन गर्न सकेको पनि उल्लेख गरेका छन् । उनले यस कृतिमा चित्रित देशकालपरिवेशबारे भने उनले आफ्ना मनोगत धारणालाई अघि सारेका छन् र विशेषतः गणेशी पात्रको विदूषक चरित्र निरूपणप्रति पनि विमति प्रकट गरेका छन् । उपर्युल्लिखित उपन्यासहरूबारे जोशीद्वारा प्रस्तुत दृष्टिकोण वैयक्तिक प्रभावपरकतामा नै ज्यादा अल्झिएको छ तथापि विशेषतः *एक पालुवा अनेकौँ याम*बारेको उनको समालोचना प्रस्तुत शोधका निमित्त लेखकीय र पात्रगत अनुभूतिको पहिचानमा सहयोगी बनेको छ ।

पशुपति नेउपाने 'निराश' (२०५१) ले "दौलतविक्रम विष्टको उपन्यासकारिताको निरूपण" शीर्षकको लेखमा उपन्यासकार विष्टका प्रकाशित सबै उपन्यासहरूको लेखाजोखा गर्दै उनको उपन्यासकारिताका आधारबाट नेपाली उपन्यास जगतमा उनको योगदानलाई ठम्याउने जमर्को गरेका छन् । कृति विश्लेषणका क्रममा उनले विष्टको औपन्यासिक मूल प्रवृत्ति सामाजिक यथार्थवाद नै रहेको विचार अघि सार्दै सोही प्रवृत्तिगत वैशिष्ट्यका आधारबाट *एक पालुवा अनेकौं याम* उपन्यासको पनि सङ्क्षिप्त समीक्षा गरेका छन् । उनले यस उपन्यासमा समाजका विभिन्न पक्ष र वर्गहरूको चित्रण गरेर सामाजिक यथार्थता प्रस्तुत गरिएको, उपन्यासको नायक कमलको जीवनका आन्तरिक उद्बोधनहरूलाई अघि सारेर मनोवैज्ञानिक यथार्थता समेटिएको, उसको जीवनलाई विसङ्गत देखाइएको र उपन्यासले तत्कालीन नेपाली समाजका समग्रतालाई देखाउने प्रयासमा समाजपरकता, मनोविश्लेषणात्मकता र प्रयोगवादिताको सम्मिश्रण प्रविधि प्रयोग गरेको चर्चा गरेका छन् । 'निराश'का मतमा यस उपन्यासमा नेपाली राष्ट्रिय भूगोलका विविध गतिविधिका अध्येताका रूपमा लेखकीय क्षमता प्रकट भएको छ साथै, आदर्शको परित्याग र यथार्थको वरण, जीवनका विविध पक्षको चित्रण, आञ्चलिकताको प्रस्तुति आदिद्वारा उपन्यासमा लेखकले नेपाली समाजको समग्रता देखाउने प्रयास गरेका छन् । 'निराश'द्वारा प्रस्तुत उपन्यासबारेका उपर्युक्त विचारहरू कृतिमा अभिव्यक्त सामाजिक यथार्थको अनुशीलनसँग सम्बद्ध छन् र प्रस्तुत शोधमा सम्बद्ध उपन्यासमा अभिव्यक्त नेपाली सामाजिक संस्कृतिको पहिचानका निम्ति उपयोगी छन् ।

चैतन्य (२०५१) ले "पारिजात : सौन्दर्य चिन्तनको विकास प्रक्रिया" शीर्षकको लेखमा पारिजातको औपन्यासिक यात्रालाई उनका मूलभूत प्रवृत्तिहरूका आधारमा चार भागमा बाँडेर हेरेका छन् । सोही क्रममा उनले पारिजातको लेखनयात्राको २०२७ देखि २०२९ सम्मको समयावधिलाई नव अराजकतावादी अवधिका रूपमा प्रस्तुत गर्दै यस अवधिको कृतिका रूपमा *बैँसको मान्छे*को चर्चा गरेका छन् । उनका अनुसार उपन्यासमा पारिजातको औपन्यासिक लेखनको पहिलो अवधिको मूल प्रवृत्ति अस्तित्ववादी-विसङ्गतिवादी अन्तर्गतको विकृत चिन्तनका साथै दोस्रो अवधिमा देखिएको नव अराजकतावादी प्रवृत्ति समेतको प्रस्तुति रहेको छ । यस अनुसार पुरानो समाजव्यवस्थाप्रतिको जनसाधारणको विरोध, गरिबीबाट मुक्तिको चाह, विकृत समाज ध्वंशको आवश्यकता र त्यसका लागि विद्रोह जस्ता प्रगतिशील धारणालाई उपन्यासले अभिव्यक्ति दिएको छ तर त्यसका निमित्त अराजक बाटोको अवलम्बन भएको हुँदा प्रस्तुत उपन्यासमा मूलतः नव अराजकतावादी प्रवृत्ति नै मुखरित भएको निष्कर्ष उनले प्रस्तुत गरेका छन् । प्रस्तुत लेखमा चैतन्यद्वारा पारिजातमा क्रमिक रूपमा विस्तार हुँदै गएको सामाजिक चिन्तनगत विचारधाराका कोणबाट *बैँसको मान्छे* उपन्यासको मूल्याङ्कन प्रस्तुत छ जुन प्रस्तुत शोधका निमित्त अनुभूतिका संरचनाका कोणबाट गरिने प्रस्तुत उपन्यासको समाजशास्त्रीय अध्ययनका लागि पनि महत्त्वपूर्ण सङ्केतका रूपमा रहेको छ ।

राजेन्द्र सुवेदी (२०५३) ले *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* नामक पुस्तकमा उपन्यास विधाको सैद्धान्तिक अध्ययनका साथै धारागत प्रवृत्तिका आधारबाट नेपाली उपन्यासहरूको समीक्षा प्रस्तुत गरेका छन् । उक्त पुस्तकमा सुवेदीले सामाजिक यथार्थवादी प्रवृत्तिको अभिव्यक्ति नेपाली उपन्यासका सन्दर्भमा आदर्शोन्मुख यथार्थवादी रूपमा रहेको उल्लेख गर्दै यस परम्पराका उपन्यासहरूको विवेचनाका क्रममा *मुलुकबाहिर, बसाइँ, एक पालुवा अनेकौँ याम, आगत* तथा *घामका पाइलाहरू* उपन्यासहरूको पनि त्यसै अनुसारको विश्लेषण प्रस्तुत गरेका छन् । उनका अनुसार *मुलुकबाहिर*मा निकै लामो समयसम्म सामन्ती अर्थव्यवस्थामा पिल्सिएको मानसिकता तथा आर्थिक स्तरअनुरूपको मनोवृत्तिसमेत बोकेर दार्जिलिङ पुगेका नेपालीको यथार्थ चित्रण गर्ने लेखकीय ध्येय स्वरूप यस उपन्यासको रचना भएको छ तथापि यो उपन्यास पनि नेपाली समाजको रूढ आदर्शकै प्रस्तुतिमा सीमित छ । उनका मतमा *बसाइँ* पनि यथार्थबाट उठी आदर्शको पलायन बिन्दुमा पुगेर टुङ्गिएको उपन्यास हो । *एक पालुवा अनेकौँ याम*मा कथानकको परिणति पनि पलायन र यथास्थितिबाट बढ्न सकेको छैन तथापि यस उपन्यासमा अभिव्यक्त समाजको यथार्थमा शोषण र उत्पीडन अनि जातीय विसङ्गतिको प्रपीडन, त्यसको आलोचना र समाजको कल्याणको कामना पक्ष पनि रहेकाले आलोचनात्मक यथार्थवादका सन्दर्भमा यसलाई चर्चा गर्न सकिने मत उनको रहेको छ ।

सुवेदीका अनुसार भिक्षुको *आगत* उपन्यासमा भने राणाशासनको अन्तिम कालखण्डको नेपालको राजनीतिक, आर्थिक, सामाजिक जीवनका असङ्गतिका कारण बनेका शासक र तिनका छत्रछायामा टिक्ने अङ्गहरू बारेका घटनाक्रमहरू समेटिएको छ । सुवेदीले प्रस्तुत उपन्यासमा सामन्ती व्यवस्थामा पनि स्नेह, दया र आत्मीयता जस्ता पक्षहरू मान्छेका आदर्श बन्न सक्ने र त्यस्ता तत्त्व यथार्थवादका विरोधी मूल्य नभएको तथ्यको अभिव्यक्ति रहेको उल्लेख गरेका छन् । उनका मतमा *घामका पाइलाहरू* सङ्क्रमणकालीन नेपाली समाजको यथार्थ बोकेको उपन्यास हो । प्रस्तुत उपन्यासमा रेलवे सञ्चालनसँगै सीमाञ्चल क्षेत्र वीरगन्जको साँघुरो परिवेशमा बढेको भारतीय प्रभावका कारण राजनीति, अर्थ, उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य आदिमार्फत देखिन सुरु गरेको विकाससँगै नेपाली पुरातन संस्कार र भारत हुँदै प्रसारित नवीन मूल्य, आञ्चलिकता र विश्वजनीनता, वर्ग तथा लिङ्गगत भेद, पुस्तान्तर भेदमार्फत नेपाली संस्कार र मूल्यहरूले लिँदै गरेको परिवर्तनको अभिव्यक्ति रहेको छ । सुवेदीद्वारा उपर्युल्लिखित उपन्यासहरूमा अभिव्यक्त सामाजिक यथार्थका साथै आदर्शोन्मुखताको प्रस्तुति बारेको आलोचनात्मक टिप्पणी एकपक्षीय कोणबाट मात्र प्रस्तुत भएको छ ।

सुवेदीका अनुसार २०२९ सालसम्म आइपुग्दा पारिजातमा वर्गीय अवस्थाको बोध टड्कारो अनुभूत हुन थालिसकेको तथ्यलाई *बैँसको मान्छे* उपन्यासले प्रकट गरेको छ । सुवेदीका मतमा २०२३ सालपछि राल्फाली आन्दोलनमा संलग्न रही स्वदेश र भारतका विभिन्न स्थानको भ्रमणमा

पुगेकी पारिजातमा वर्गीय अवस्थाबारेको सूक्ष्म बोध एवम् चिन्तनसँगै उनको प्रवृत्तिगत दिशान्तरको अन्वेषण सुरु भएको हो र त्यस परिप्रेक्ष्यका उनका अनुभूति प्रस्तुत उपन्यासमा उद्घाटित छ। अतः यथार्थ प्रवृत्तिको आत्मसात्सँगै पूर्ववर्ती औपन्यासिक प्रवृत्तिको परिवर्तनको बिन्दु यो उपन्यास हुनपुगेको छ। उक्त पुस्तकमा सुवेदीले उल्लेख गरेअनुसार *अविरल बग्दछ इन्द्रावती*ले इन्द्रावती नदीका आसपासको आश्रयमा परम्परागत कृषि पेसामा आबद्ध रही जीवन निर्वाह गर्दै आएका गरिब निमुखा जनताको अस्मितामाथि शोषणको नङ्ग्रा गाड्ने सामन्तका दुष्प्रवृतिलाई कथ्य बनाएको छ। त्यही सन्दर्भमा राजनीतिक, आर्थिक तथा सांस्कृतिक विकृतिका पक्षहरूलाई जीवनचर्या बनाएका ठुलाठालु मुखिया, जमिनदार, काजीहरूबाट ठिँगुरिएको ग्रामीण यथार्थतालाई यस उपन्यासले प्रकाशमा ल्याएको छ र विकृत सामाजिक मूल्यको चेपमा परेका निम्नवर्गीय माझी, दनुवार जातिका युवा पुस्तामा प्रस्फुटित चेतना, माटोको मोह, प्रतिरोधचेतलाई पनि अभिव्यक्ति दिएको छ। औपन्यासिक धारागत प्रवृत्तिका आधारबाट कृतिपरक मूल्याङ्कनमै केन्द्रित रहेको उक्त अध्ययनमा विवेच्य उपन्यासका माध्यमले कालखण्ड विशेषको नेपाली समाजको स्वरूपको सङ्क्षिप्त विश्लेषणसमेत हुनसकेको छ जुन प्रस्तुत शोधका सन्दर्भमा पनि उपयोगी बनेको छ।

ऋषिराज बराल (२०५६) ले *उपन्यासको सौन्दर्यशास्त्र* नामक पुस्तकमा उपन्यासको संरचनात्मक पक्षको विश्लेषणका क्रममा उपन्यासका तत्त्वहरूमाथि पनि प्रकाश पारेका छन्। यसै सन्दर्भमा परिवेशलाई उपन्यास संरचनाका क्रममा कथानक र पात्रका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण मात्र भएको उल्लेख गर्दै यसलाई उपन्यासका अन्य सहायक तत्त्व मात्रका रूपमा अघि सारेका छन्। सोही प्रसङ्गमा बरालले उपन्यासमा परिवेशको प्रस्तुतिका सोदाहरण सन्दर्भ दिने क्रममा अघि सारिएका उपन्यासहरूमा *अविरल बग्दछ इन्द्रावती*को पनि उल्लेख गरेका छन्। उनका अनुसार *अविरल बग्दछ इन्द्रावती*ले पनि विषयवस्तु र चरित्रमार्फत निश्चित काल र परिस्थितिको बोध गराएको छ। यस उपन्यासमा अङ्कित काल तथा परिवेशबारेका बरालको उक्त मतले प्रस्तुत शोधकार्यका परिप्रेक्ष्यमा कालखण्ड विशेषको नेपाली सामाजिक स्वरूपको खोजी र विश्लेषणको औचित्यलाई पुष्टि गरेको छ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६) को *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* कृतिमा उपन्यासको सिद्धान्तसहित नेपाली उपन्यासको विकासक्रम तथा धारागत प्रवृत्तिको चर्चाका साथै औपन्यासिक तत्त्वमा आधारित रहेर केही नेपाली उपन्यासको समीक्षालाई पनि प्रस्तुत गरिएको छ। सोही क्रममा धारागत प्रवृत्तिका आधारमा नेपाली उपन्यासको वर्गीकरण गर्दै सामाजिक यथार्थवादी उपन्यासका रूपमा *मुलुकबाहिर, बसाइँ, घामका पाइलाहरू* र *आगत*को अनि आलोचनात्मक यथार्थवादी उपन्यासका रूपमा *एक पालुवा अनेकौं याम*को सङ्क्षिप्त समीक्षा प्रस्तुत गरिएको छ। सोही क्रममा *अविरल बग्दछ इन्द्रावती*लाई प्रगतिवादी धाराको विशेष

महत्त्वपूर्ण उपन्यासका रूपमा चर्चा गरिएको छ। उक्त कृतिमा औपन्यासिक तत्त्वहरूका आधारबाट *मुलुकबाहिर*को पनि समीक्षा गरिएको छ। विश्लेषणका क्रममा *मुलुकबाहिर*को कथानकको स्रोत सामाजिक यथार्थ रहेको चर्चासँगै राणाकालीन क्रूर शासनव्यवस्थामा दीनहीनताले आजित भएर गरिब तथा निमुखा नेपाली रोजगारीका लागि मुग्लान भर्ने र तिनले त्यहाँ पनि दुःखपीडा नै भोग्नु पर्ने सन्दर्भको यथार्थ चित्रणमा लेखक केन्द्रित रहेको निष्कर्ष प्रस्तुत छ।

प्रस्तुत कृतिमा पारिजातको औपन्यासिक यात्रा र प्रवृत्तिगत विशेषताहरूको विवेचनाका सन्दर्भमा *बैँसको मान्छे*को पनि सङ्क्षिप्त चर्चा गरिएको छ। बराल तथा एटमका अनुसार यो उपन्यास उनको राल्फाकालीन सक्रियताको अवधि (२०२३-३०) मा लेखिएको हुँदा यसमा त्यसै अनुरूपका विद्रोह, आक्रोश र सङ्घर्ष ओकल्ने प्रवृत्ति मुखर भएको देखिन्छ। अतः उपन्यासका 'म' पात्रका असन्तुष्टिको अभिव्यक्तिमार्फत उनको विसङ्गतिवादी, अस्तित्ववादी चिन्तनमा देखिएको विचलन समाजवादी यथार्थतर्फको हिँडाइको पनि सङ्केत भएको छ। खासगरी उपन्यासका प्रमुख चरित्र 'म' पात्रद्वारा यथास्थितिप्रतिको असन्तुष्टि, आक्रमणकारी पथको आत्मसातीकरण, जिम्मेवारीप्रतिको उदासीनतालाई युवासुलभ भावुकताजन्य प्रवृत्तिमार्फत प्रस्तुत गरिएको छ जसमा निम्नवर्गीय जीवनका समस्या र बाधाहरू मुखर भएको देखिन्छ। विविध धारागत प्रवृत्तिका कोणबाट गरिएको उपर्युलिखित उपन्यासहरू बारेको चर्चाको केन्द्र भने नेपाली सामाजिकता नै रहेको छ। अतः उक्त कृतिमा विवेच्य उपन्यासहरूमा प्रस्तुत नेपाली सामाजिक परिप्रेक्ष्यको चर्चाले प्रस्तुत शोधकार्यमा ती उपन्यासहरूबाट समयविशेषको नेपाली समाज र संस्कृतिको पहिचानमा सहयोग मिलेको छ।

कृष्णप्रसाद दाहाल (२०६०) द्वारा "द्वन्द्वगत संरचनाका आधारमा सय वर्षभित्रका केही उपन्यासहरूको अध्ययन" शीर्षकको लेखमा आधुनिक कालका केही उपन्यासहरूको द्वन्द्वगत संरचनाका आधारमा विश्लेषण गरिने क्रममा *मुलुकबाहिर, बसाइँ, एक पालुवा अनेकौँ याम, आगत* तथा *घामका पाइलाहरू*को पनि सङ्क्षिप्त अध्ययन प्रस्तुत छ। सोही क्रममा औपन्यासिक धारागत प्रवृत्तिसमेतको आधार लिँदै द्वन्द्वको पृष्ठभूमि, द्वन्द्वको मात्रा, सामाजिक, भौतिक वा मानसिक द्वन्द्वका किसिमसहितका कोणबाट ती उपन्यासहरूमा अभिव्यक्त द्वन्द्वलाई समालोचक दाहालद्वारा सर्सर्ती विश्लेषण गर्ने काममात्र भएको छ। प्रस्तुत शोधको मूल समस्याका सन्दर्भमा पिँढीगत अनुभूतिको संरचना सिर्जनाको आधार द्वन्द्वका कारण सिर्जित दबाब र तनावको परिप्रेक्ष्य पनि हुने भएकाले त्यस बारेको उक्त अध्ययन सङ्क्षिप्त भइकन पनि महत्त्वपूर्ण रहेको छ।

टीकाराम पन्थी (२०६०) ले "*बसाइँ* उपन्यासको समीक्षामा स्थापित मान्यताको विपक्षतर्फबाट वकालत" शीर्षकको लेखमा *बसाइँ* उपन्यासको समीक्षाको क्रममा प्रकट हुँदै आएका र स्थापित रहेका मान्यताहरूको खण्डन गर्दै आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरेका छन्।

सोही क्रममा बैदार बूढा तथा नन्दे ढकाललाई शोषक चरित्रका रूपमा प्रस्तुत गरिनु, तिनको आर्थिक शोषणमा परी धनेको परिवार बसाइँ सर्न बाध्य हुनु जस्ता प्रस्तुत उपन्यासबारेका स्थापित समालोचकीय पक्षप्रति उनले विमति प्रस्तुत गरेका छन् । त्यस्तै, उनले उपन्यासमा प्रस्तुत धनेको खेतबारी तथा भैँसीको निमित्त गरिएको आर्थिक मूल्याङ्कन त्यस समयअनुरूप नै रहेको, उपन्यासकारद्वारा धनेको खास चरित्र अज्ञानी र निमुखाका रूपमा नभई होसियार र विवेकशील पात्रका रूपमा प्रस्तुत गरिएको तर त्यसबारे पनि समालोचकहरू मौनव्रती देखिएका आदि जस्ता विचारहरू अघि सार्दै उपन्यासबारेको पूर्ववर्ती समालोचनाको खण्डन पनि गरेका छन् । पन्थीका मतमा यो उपन्यास प्रकाशित भएदेखि यता समालोचनाको क्षेत्रमा यसलाई सामाजिक यथार्थवादी उपन्यासका रूपमा प्रस्तुत गर्दै शोषक, सामन्त, शोषित, गरिब तथा निमुखाको कथा भन्ने स्थापित मान्यता निरन्तर छँदैछ । परवर्ती समालोचकले पूर्ववर्ती समालोचकका शोषक-शोषित विषयप्रसङ्गलाई नै उद्धृत गर्ने शैली पनि यथेष्ट रहेको छ । उनका अनुसार उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थतर्फ समालोचकहरू सूक्ष्म ढङ्गले प्रविष्ट भएको छैनन् तथापि नेपालदेखि टाढा बसेका लेखकले नेपालको पहाडी क्षेत्रबाट गुवाहाटी आउने मानिसहरूको मुखबाट सुनेका कुराको मात्र भरमा नेपाली ग्रामीण समाजको परिपाटी, कृषकहरूको प्रचलन र आपसी व्यवहारको तथ्यपूर्ण चित्र *बसाइँ*मा उतार्न सक्षम छन् ।

पूर्ववर्ती समालोचकहरूबाट गरिएको *बसाइँ* उपन्यास बारेका स्थापित समालोचनाका नमुनासमेत अघि सारेर गरिएको उक्त खण्डनसहितको समीक्षाका क्रममा पन्थीका आलोचकीय दृष्टिकोण तथा तत्कालीन समाजका यथार्थपरक तथ्यसहितका भनाइहरू प्रस्तुत शोधकार्यमा *बसाइँ* उपन्यासबाट सोही सन्दर्भको खोजीमा सहयोगी रहेका छन् ।

लक्ष्मणप्रसाद गौतम (२०६८) ले उत्तरवर्ती *नेपाली समालोचना : केही प्रतिरूप* पुस्तकमा उपन्यासकार विष्टको औपन्यासिक यात्रा, उनको उपन्यासकारिता एवम् प्रवृत्तिगत वैशिष्ट्यमाथि प्रकाश पारेका छन् । सोही क्रममा गौतमले विष्टको औपन्यासिक यात्राको प्रथम चरणको कृतिविशेषका रूपमा *एक पालुवा अनेकौ याम* कृतिलाई प्रस्तुत गर्दै यस कृतिमा मूलतः सामाजिक यथार्थवादी प्रवृत्तिको चित्राङ्कन भएको चर्चा गरेका छन् । उनले विष्टको औपन्यासिक कलाको मूल प्रवृत्ति बनेर रहेको सामाजिक यथार्थवादअनुरूप नै प्रस्तुत उपन्यासमा सामाजिक विकृति र विसङ्गतिको प्रभावोत्पादक चित्रण भएको, उपन्यासमा कोरा आदर्शको नभई सामाजिक धरातलमै अडेर व्यावहारिक आदर्शको चेतना प्रकट भएको, नारी संवेदना एवम् नारी मनोवृत्तिको चित्रण भएको र समाजसुधारको साङ्केतिक अभिव्यञ्जना भएको कुरा औँल्याएका छन् । गौतमले उपन्यासकार विष्टद्वारा प्रस्तुत उपन्यासमा उदारवादी-सुधारवादी नवपुस्ता तथा कट्टरवादी-पुरातनवादी पुरानो पुस्ताबिचको द्वन्द्व, सङ्घर्ष र 'लिचुमैया काण्ड' को यथार्थलाई अन्तर्वस्तु बनाउँदै त्यससँग जोडिएको लेखकको वैयक्तिक जीवनका कठोर र तितो भोगाइका अनुभूति अनि

तत्कालीन आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा देखिएको क्षयोन्मुखी प्रवृत्तिलाई अभिव्यञ्जना गर्न सकेको निष्कर्ष प्रस्तुत गरेका छन् । यस उपन्यासको सामाजिक यथार्थपरक अन्तर्वस्तुको निर्माणको आधार विष्ट स्वयम्‌को जीवनानुभूति रहेको निष्कर्ष प्रस्तुत गर्दै गौतमद्वारा गरिएको उपर्युक्त विश्लेषण प्रस्तुत शोधकार्यका निमित्त लेखकीय अनुभूतिको संरचना पहिल्याउनमा तथा विवेच्य उपन्यासले अवलम्बन गरेको सामाजिक यथार्थका सन्दर्भमा उपयोगी रहेको छ ।

लीला लुइटेल (२०६८) द्वारा *नेपाली महिला उपन्यासकार* नामक कृतिमा नेपाली साहित्यमा महिला उपन्यासकारको उपस्थिति र भूमिकाको समीक्षा गर्दै तिनका औपन्यासिक रचनाहरूको विश्लेषण गरिएको छ । त्यस क्रममा प्रमुख नेपाली महिला उपन्यासकारहरू र तिनका कृतित्वको चर्चा गर्दै पारिजात र उनका औपन्यासिक प्रवृत्तिको समीक्षा गर्ने क्रममा *बैँसको मान्छे* उपन्यासको पनि सङ्क्षिप्त विश्लेषण प्रस्तुत गरिएको छ । उनका अनुसार यस उपन्यास पनि उनका सुरुका उपन्यासहरूमाझैँ जीवनका निस्सारता, निरर्थकता र विसङ्गति बोधलाई सशक्त र प्रभावकारी ढङ्गमा चित्रण गरिएको कृति हो । राल्फा समूहद्वारा प्रकट उग्रता, अराजकता चरम विकृत र विसङ्गत जीवन भोगाइ र अराजक यौनको प्रस्तुतिमा यस उपन्यासको विषयवस्तु डोरिएको छ । अतः उनको जीवनमा भएको राल्फाली संलग्नताको प्रत्यक्ष प्रभावस्वरूपको उग्रता र अराजकताको चरमोत्कर्ष रूप *बैँसको मान्छे*मा देखिन्छ । लुइटेलबाट उक्त कृतिमा *बैँसको मान्छे* उपन्यासले समेटेको विषयसन्दर्भ र धारागत प्रवृत्तिलाई समेत आधार बनाई गरिएको चर्चा सङ्क्षिप्त भईकन पनि प्रस्तुत शोधका सन्दर्भमा यस उपन्यासमा अभिव्यक्त कालखण्डको नेपाली सामाजिक संरचनाका विकृति तथा विसङ्गति बारेका लेखकीय अनुभूति पहिचानका क्रममा सहयोगी रहेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) को *नेपाली उपन्यासको इतिहास* नामक पुस्तकमा उपन्यास सिद्धान्तको विवेचनासहित यस ग्रन्थ प्रकाशित अवधिसम्मका नेपाली उपन्यासहरूको विस्तृत सर्वेक्षण गर्दै औपन्यासिक कालक्रमको विवेचना गरिएको छ र उपन्यासकारहरूले आत्मसात् गरेका धारागत प्रवृत्तिका आधारबाट तिनका कृतित्व र योगदानको पनि समीक्षा गरिएको छ । त्यस क्रममा लुइटेलद्वारा *मुलुकबाहिर, बसाइँ, एक पालुवा अनेकौं याम* तथा *घामका पाइलाहरू*लाई सामाजिक यथार्थवादी धाराअन्तर्गतका उपन्यासका कोणबाट अध्ययन गरिएको छ । उनका अनुसार नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादी धाराको सूत्रपात गर्ने उपन्यास *मुलुकबाहिर* हो र यसमा गरिबीका कारण जीवन गुजार्न नसक्दा काम र मामको खोजीमा मुग्लान पस्ने नेपालीहरूको निम्नवर्गीय आर्थिक परिवेशको कारुणिकताको प्रस्तुतिसँगै रूढिग्रस्त सामाजिक परिवेशको पनि सजीव प्रस्तुति रहेको छ । त्यस्तै, सामाजिक यथार्थवादी कित्ताको उल्लेख्य उपन्यास *बसाइँ* हो र पूर्वी पहाडी भेगका निम्नवर्गीय जनताले आर्थिक र सामाजिक कारणबाट

बसाइँ सर्न बाध्य परिस्थितिको उद्घाटन गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको छ । त्यस्तै, उनका अनुसार *एक पालुवा अनेकौँ याम* विविध खाले सहभागी तथा व्यापक परिवेश बोकेको बृहत् आयामको उपन्यास हो । यस उपन्यासमा सामाजिक यथार्थका साथमा आदर्शको प्रस्तुति र मनोविश्लेषणको छनक रहे पनि यो उपन्यास मूलतः सामाजिक वृत्तमा घुमेको छ । उनका मतमा *घामका पाइलाहरू*मा वीरगन्जको रेलवे स्थापना र सञ्चालनको प्रसङ्गसँगै चन्द्र शमशेरको शासनकालीन नेपालको आञ्चलिक र सामाजिक परिवेशको प्रस्तुति रहेको छ र यो जटिल कथानकयुक्त बहुपात्रीय सामाजिक यथार्थवादी उपन्यास हो ।

लुइटेलले *बैँसको मान्छे* उपन्यासलाई भने पारिजातका विसङ्गतिवादी-अस्तित्ववादी चिन्तनमा आधारित उपन्यासको सूचीमा राखेका छन् र यस उपन्यासमा आफ्ना पूर्ववर्ती औपन्यासिक प्रवृत्तिसँगै राल्फा समूहमा देखा परेको उग्रता, यौनजन्य अराजकता, विकृत र विसङ्गत भोगाइको चित्रण पनि रहेको उल्लेख गरेका छन् । त्यस्तै, उनका अनुसार *आगत* सामाजिक आदर्शोन्मुख यथार्थवादी उपन्यास हो र यसमा तराईको जनजीवनमा केन्द्रित रही उच्चवर्गीय आदर्श र मानवतावादको प्रस्तुतिका साथमा राणाकालीन नेपालको सामाजिक राजनीतिक, आर्थिक आदि अवस्थाको चित्रण गरिएको छ । उनका मतमा *अविरल बग्दछ इन्द्रावती* उपन्यासमा समाजमा विद्यमान विभेद र शोषणको आलोचनामात्र गरिएको, वर्गीय सङ्घर्षको सशक्त चित्रण हुन नसकेको र सघन द्वन्द्वात्मक आयोजना हुन नसकेको हुँदा यो आलोचनात्मक यथार्थवादी उपन्यासको कित्तामा रहेको छ । प्रस्तुत उपन्यासमा इन्द्रावती नदीको किनारमा बसोबास गर्ने गरिब र निःसहाय माझीहरूप्रति स्थानीय शोषक सामन्तीहरूद्वारा गरिएको शोषण, अन्याय, अत्याचार र निरीहपनलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको निष्कर्ष उनको रहेको छ ।

उपर्युल्लिखित सबै उपन्यासहरूको औपन्यासिक धारागत प्रवृत्तिका आधारमा गरिएको सङ्क्षिप्त अध्ययनका क्रममा प्रस्तुत सामाजिक यथार्थको परिप्रेक्ष्य यस शोधका निमित्त कृतिमा अभिव्यक्त नेपाली सामाजिक संस्कृतिको पहिचानका क्रममा सहयोगी रहेका छन् ।

विष्णु प्रसाद ज्ञवाली (२०७३) को *सांस्कृतिक अध्ययन र विकलका उपन्यास* नामक पुस्तकमा सांस्कृतिक अध्ययनका स्पष्ट आधारहरू खुट्याएर तिनै अवधारणात्मक ढाँचालाई अवलम्बन गरी विकलका उपन्यासहरूको अध्ययन गरिएको छ । सोहीअनुसार उपन्यासकार रमेश विकलको सङ्क्षिप्त परिचय प्रस्तुत गर्दै उनका तीनैवटा उपन्यासहरूमा अभिव्यक्त सामाजिक शासन र शक्ति सम्बन्धका साथै सीमान्त वर्ग र पहिचानको स्थितिको पनि अध्ययन गरिएको छ । ज्ञवालीका अनुसार *अविरल बग्दछ इन्द्रावती* तत्कालीन सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक आदि अवस्थाको चित्रण भएको छ; अझ प्रस्तुत उपन्यासमा समाजको यथावस्थाको चित्रणभन्दा परिवर्तनको आकाङ्क्षा तीव्र रूपमा प्रकट छ । अध्ययनको अन्त्यमा विकलका तीनवटा उपन्यासहरूमध्ये *अविरल बग्दछ इन्द्रावती*ले उठाएको सांस्कृतिक चिन्तन बढी प्रभावशाली र

शक्तिशाली देखा परेको र सत्ता संस्कृतिद्वारा शोषणमा परेको सीमान्तकृत जाति, क्षेत्र, लिङ्ग, वर्ग आदिलाई जागृत पारी स्थापित सत्ताका विरुद्धमा उठ्नका लागि उत्प्रेरित गर्न यो कृति सफल रहेको निष्कर्ष प्रस्तुत छ ।

उक्त विश्लेषण राजनीतिक परिप्रेक्ष्यसमेतलाई ध्यानमा राखी साहित्यको सांस्कृतिक अध्ययनको मान्यतामा केन्द्रित छ तथापि त्यसले विवेच्य उपन्यासमा तत्कालीन सामाजिक संस्कृतिलाई सूक्ष्म रूपमा केलाउन सकेको हुँदा प्रस्तुत शोधका सन्दर्भमा उक्त अध्ययन सहयोगी बनेको छ ।

### १.४.२ शोधसमस्यासम्बद्ध प्रयोगात्मक सामग्रीबारेको पूर्वकार्यको समीक्षा

खेम दाहाल (२०५८) ले *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र* शीर्षकको विद्यावारिधि तहको शोधप्रबन्धमा उपन्यास विधामा केन्द्रित रहेर गरिएको समाजशास्त्रीय अध्ययनमा साहित्यको समाजशास्त्रका मूल मान्यतालाई पहिल्याउँदै प्रमुख नेपाली उपन्यासहरूको विश्लेषण गर्नुलाई मुख्य उद्देश्य बनाएका छन् । त्यस क्रममा उनले साहित्यको समाजशास्त्र र यसको चिन्तन परम्पराका प्रमुख धाराहरूबाट स्थापित मान्यताहरूलाई अगाडि सार्ने क्रममा ‘अनुभूतिको संरचना’ सिद्धान्तमाथि पनि प्रकाश पारेका छन् । तत्पश्चात् सामाजिक, मनोवैज्ञानिक तथा प्रगतिशील धाराका प्रमुख आधुनिक नेपाली उपन्यासहरू चयन गरी तिनमा समाविष्ट समाजशास्त्रीय मान्यता र आधारभूत विषयको खोजी गर्दै तिनको परीक्षण र मूल्याङ्कन गरेका छन् । सोही क्रममा *मुलुकबाहिर* तथा *बसाइँ*को अनुभूतिको संरचनाका कोणबाट गरिएको अध्ययन पनि प्रस्तुत छ ।

दाहालले *मुलुकबाहिर*को अनुभूतिको संरचनाका कोणबाट गरिएको अध्ययनका क्रममा यस उपन्यासले नेपाल भूमिमा जन्मिएर कामको खोजीमा मुलुकबाहिर पुगेका दीनहीन अवस्थाका प्रवासी नेपालीलाई पात्रका रूपमा समेटेको चर्चा गरेका छन् । उनले प्रवासमा श्रमसाध्य काम गरी जीवन डोऱ्याएका र प्रथम तथा द्वितीय विश्वयुद्ध घटेको ठाउँसम्म पुगेर लाहुरको भुक्तभोगसम्म गर्न पुगेका श्रमजीवी नेपालीका अनुभूतिलाई उपन्यासकार बाङ्देलले सङ्क्षेप पद्धति र दृश्यात्मक पद्धतिबाट उपन्यासमा प्रविष्ट गराएको उल्लेख गरेका छन् । उनले यस उपन्यासमा अशिक्षा, अज्ञानता, गरिबी र सामाजिक पछौटपेनमा रुमल्लिएका दोषी पुरुष पात्र अनि कमजोर र क्रन्दनयुक्त नारी पात्र रहेका, विनादोष मारिने, कुटिने, त्यागिने जस्ता नारीनियति अनि षड्यन्त्रमुक्त रहेर पनि हठी तथा अपरिपक्व हुनुले पश्चात्तापमा पिल्सिनु पर्ने पुरुषनियतिका सन्दर्भद्वारा सिर्जित अनुभूतिलाई उपन्यासले अभिव्यक्ति दिएको चर्चा गरेका छन् । उनले *बसाइँ* उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचनाको चर्चाका क्रममा कृतिमा ग्रामीण जीवनको विपन्न समाजको विषयले प्रस्तुतीकरण पाएको सन्दर्भद्वारा लेखकीय अनुभूतिको स्वरूपलाई प्रकाशमा ल्याएका छन् । उनका अनुसार लेखकले अनुभवका रूपमा ग्रहण गरेको धारणालाई हेर्दा गरिब

किसानको दुःखी परिवार मूर्त भएको र तिनले पाएको दुःखलाई आफ्नै दुःखका रूपमा स्वीकार गरेर *बसाइँ* उपन्यास रचना गरेको देखिन्छ । त्यस्तै, उपन्यासका पात्रहरूमा माध्यमले तत्कालीन सामाजिक संरचनामा सामन्तहरूको एकलौटी खटन र तिनका व्यवहारले पीडित गरिब समुदाय, उमेरले अपरिपक्व युवतीले प्राप्त गरेको सामाजिक प्रताडना, शिक्षादीक्षामा पछाडि परेका नेपालीको हालतलाई सहानुभूतिका नजरले अवलोकन गर्नु पाठकीय पक्ष भएको ठहर गर्दै दाहालले लेखक र पाठकका अनुभूतिसँग पात्रगत अनुभूतिलाई समन्वय गरेर हेरेका छन् ।

साहित्यको समाजशास्त्रका विविध कोणबाट गरिएको उक्त अध्ययनमा अनुभूतिको संरचनामा मात्र केन्द्रित नभई अन्य समाजशास्त्रीय सिद्धान्तका आधारमा पनि विश्लेषण गरिएकाले अनुभूतिको संरचनाको समग्र पक्षको सम्यक विश्लेषण भएको छैन । उक्त शोधप्रबन्धमा प्रस्तुत अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक मान्यता तथा मूलतः लेखकीय अनुभूतिका आधारमा गरिएको कृतिविश्लेषणले भने प्रस्तुत शोधमा सोही पक्षको अध्ययनका क्रममा सहयोग गरेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०६०) ले “साहित्यको समाजशास्त्र, समकालिक बोध र नेपाली उपन्यास” शीर्षकको लेखमा साहित्यको समाजशास्त्र र यसको विकासक्रमको परिचय प्रस्तुत गर्दै तेनको प्रत्यक्षवाद र मार्क्सवादी समाजशास्त्रको पनि अति सङ्क्षिप्त चिनारी प्रस्तुत गरेका छन् । उनले सोही अनुरूप केही नेपाली उपन्यासहरूको समाजशास्त्रको चर्चा गर्ने क्रममा *एक पालुवा अनेकौँ याम, घामका पाइलाहरू* र *अविरल बग्दछ इन्द्रावती* उपन्यासहरूलाई पनि समेटेका छन् ।

प्रधानले *एक पालुवा अनेकौँ याम*ले सामन्ती व्यवस्थादेखि परिवर्तित समयको विस्तृत पृष्ठभूमि, सामाजिक सङ्क्रमण, राजनीतिक जागृतिलाई अभिव्यक्ति दिनुका साथै पारस्पारिक द्वन्द्व, विवशता, र विरोधको कालिक समग्रतामार्फत सामाजिक विचलन र आगत समयको यथार्थ अगाडि ल्याएको चर्चा गरेका छन् । उनले उक्त लेखमा ध.च. गोतामेको उपन्यासले आदर्शोन्मुख यथार्थको प्रतिष्ठापनमा सामन्ती समाजको विग्रह तथा परिणामलाई प्रतिबिम्बन गर्न सकेको उल्लेख रेका छन् । प्रधानका अनुसार साहित्यको मार्क्सवादी समाजशास्त्रप्रति आस्था राख्ने लेखक रमेश विकलको उपन्यास *अविरल बग्दछ इन्द्रावती* यस दृष्टिकोणको एक सार्थक कृति हो । माझी-दनुवारहरूको दयनीय जीवनको अभिलेख बनेको यो उपन्यासमा जनजातिमा आउन थालेको जागरण र निम्नवर्गीय चेतनालाई जगाउने परिवर्तनको पूर्वाभासको अभिव्यक्ति छ । उनका अनुसार उपन्यासमा व्यक्तिको प्रमुखतामा वर्गीय प्रतिनिधित्व गर्ने सामूहिक भूमिकालाई महत्त्व दिँदै गाउँले समाजका दुई विरोधी वर्ग, दुई भिन्नै समयको स्थिति र राजनीतिक परिवर्तन पछिको मधुरो चेतनाको उघ्रँदो क्षितिजलाई दर्साइएको छ र उपन्यासले तल्ला तहका जनमानसमा प्रस्फुटित जागरण र बलिदानको अभिव्यक्तिद्वारा नयाँ भविष्यको आमन्त्रणलाई पनि सङ्केत गर्न सकेको छ । यस कृतिको विषयसन्दर्भका आधारमा उपन्यासकार विकलको मार्क्सवादी समाजशास्त्रप्रतिको आस्थाको सार्थक प्रकटीकरण प्रस्तुत उपन्यासमा भएको विचारलाई प्रधानले

अघि सारेका छन् । उक्त लेखमा प्रस्तुत प्रधानद्वारा विवेच्य उपन्यासहरूबारे गरिएको उपर्युल्लिखित टिप्पणीसहितको समाजशास्त्रीय विश्लेषण सङ्क्षिप्त छ तथापि त्यसले प्रस्तुत शोधमा अनुभूतिको संरचनालाई आधार बनाई कृतिमा अभिव्यक्त सामाजिक संस्कृतिको विश्लेषणका क्रममा सहयोग पुगेको छ ।

दयाराम श्रेष्ठ (२०६०) ले "केही प्रमुख नेपाली उपन्यासहरूको समाजशास्त्र" शीर्षकको लेखमा साहित्यको समाजशास्त्रसम्बन्धी अवधारणाको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्दै यसै सैद्धान्तिक पृष्ठाधारमा १९९१ देखि २०२० सम्मका तीन दशकका आधुनिक नेपाली उपन्यासहरूको चर्चा गरेका छन् । त्यस क्रममा उनले *मुलुकबाहिर* र *बसाइँ* उपन्यासको पनि समाजशास्त्रीय विश्लेषण गरेका प्रस्तुत गरेका छन् । श्रेष्ठका अनुसार नयाँ युगको यथार्थवादी स्वर बोकेर बाङ्देलद्वारा *मुलुकबाहिर*मा नेपाल र दार्जिलिङबिचको सामाजिक सम्बन्ध स्थापनाका सत्यहरूको उद्घाटन गरिएको छ र दार्जिलिङे समाजमा नेपालभित्रका सामाजिक मूल्यहरूले प्रेरक भूमिका खेलेको तथ्यलाई पनि अभिव्यक्ति दिइएको छ । उनका मतमा लीलबहादुर क्षत्रीद्वारा *बसाइँ*मा नेपाली सामाजिक जीवनभित्रका आर्थिक द्वन्द्वलाई मूल विषय बनाइएको छ ।

श्रेष्ठले उक्त अवधिका नेपाली उपन्यासहरूको विश्लेषणका लागि विवेच्य उपन्यासहरूले आत्मसात् गरेका सम्बद्ध कालखण्डका राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक आदि सन्दर्भहरूलाई आधार बनाएका छन् र उपन्यासहरूले नेपाली परम्परागत समाजका अशिक्षा, अज्ञानता, अन्धविश्वास, कुरीति, दासमनोवृत्तिका कारण उत्पन्न शोषणचक्रले आहत भएका आमजनताको अर्थतन्त्र र नारी समाजको स्वरूप सात सालको क्रान्तिपछि पनि फेरिन नसकेको समाजशास्त्रीय सत्यलाई उद्घाटन गर्न सकेको चर्चा गरेका छन् । उक्त अध्ययन अनुभूतिको संरचनामा मात्र केन्द्रित नभई साहित्यको समाजशास्त्रीय समग्र मान्यताका आधारमा गरिएको छ तथापि प्रस्तुत शोधका निम्ति विवेच्य उपन्यासहरूमा अभिव्यक्त समयको नेपाली सामाजिक स्वरूपको अध्ययनमा त्यसले सहयोग गरेको छ ।

उदय क्षत्री (२०६४) को समाजशास्त्रीय दृष्टिमा *इन्द्रबहादुर राईको आख्यानको अध्ययन* शीर्षकको विद्यावारिधि उपाधि प्रयोजनार्थ प्रस्तुत गरिएको शोधप्रबन्धमा साहित्यको समाजशास्त्रीय अध्ययनको प्रमुख आधारहरू निक्यौल गर्दै विश्लेषण ढाँचा तयार पारी त्यसैलाई आधार बनाएर इन्द्रबहादुर राईका आख्यानहरूको विवेचना गरिएको छ । त्यस क्रममा 'अनुभूतिका संरचना'लाई पनि विवेच्य आख्यानहरूको विश्लेषणको आधार बनाइएको छ ।

क्षत्रीले राईका आख्यानमा बहुविध परिप्रेक्ष्यका अनुभूतिका संरचनाले अभिव्यक्ति पाएको तथ्य अघि सार्दै त्यसलाई विवेच्य आख्यानबाट लिइएका साक्ष्यहरूको प्रस्तुति र तिनको विश्लेषणद्वारा पुष्टि गरेका छन् । क्षत्रीले उक्त अध्ययनको अन्त्यमा आख्यानकारले आफ्ना

आख्यानमा तत्कालीन दार्जिलिङे नेपाली जनजीवन र जीवन भोगाइका संवेदनामा सिर्जित यथार्थ अनुभूतिलाई संरचनात्मक स्वरूप प्रदान गर्दै त्यसमार्फत दार्जिलिङको समाजस्थिति प्रकट गर्न सफल रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

उक्त अध्ययनमा राईका आख्यान कृतिको विश्लेषणमा साहित्यको समाजशास्त्रका धेरै ढाँचालाई अवलम्बन गरिएको हुँदा अनुभूतिको संरचनाका आधारबाट सूक्ष्म अध्ययन सम्भव भएको छैन तथापि 'अनुभूतिको संरचना' सिद्धान्तसम्बन्धी क्षत्रीबाट गरिएको अध्ययन र त्यस आधारमा गरिएको शोध्य आख्यान रचनाहरूको विश्लेषणले प्रस्तुत शोधकार्यमा विश्लेषण ढाँचा निर्माणमा र तत्कालीन दार्जिलिङको यथार्थ नेपाली समाज र संस्कृतिको पहिचानमा सहयोग प्राप्त भएको छ ।

खेम दाहाल (२०६७) को *उपन्यासका केही पाता* नामक समालोचनात्मक कृतिमा समसायमिक नेपाली उपन्यासहरूको विभिन्न कोणबाट समीक्षा प्रस्तुत गर्ने क्रममा केही उपन्यासहरूको रेमन्ड विलियम्सको 'अनुभूतिको संरचना' सिद्धान्तअनुसार पनि सङ्क्षिप्त विश्लेषण गरिएको छ । दाहालले ती औपन्यासिक कृतिहरूमा अभिव्यक्त अनुभूतिको संरचना पहिचानका क्रममा मूलतः लेखकीय अनुभूतिको प्रभावको कृतिमा के कस्तो अभिव्यक्ति रहेको छ, त्यसलाई नियाल्ने प्रयास गरेका छन् । उनले कृतिमा प्रकट अनुभूतिको संरचना निर्माणको आधारका रूपमा लेखकीय जीवनानुभूति र समाज अध्ययनद्वारा निर्मित जीवनदृष्टिकोणलाई चिनाएका छन् । त्यस क्रममा कालविशेषको समाजको संस्कृति, धर्म, दर्शन, राजनीति आदिलाई देखेर, भोगेर वा शिक्षार्जनबाट अनि आफ्ना रुचिका स्रोततर्फको स्वाध्यायनबाट लेखकीय अनुभूति परिपक्व हुने तथ्यलाई पनि उनले औँल्याएका छन् । यसै परिप्रेक्ष्यमा विलियम्सको अनुभूतिको संरचना कालविशेषको संस्कृति भएको र यो सामाजिक चरित्रको द्योतक भएको मान्यतामाथि आधारित रहँदै अध्ययन, अवलोकन र परीक्षणबाट प्राप्त ज्ञानको एउटा तहसम्मको आकार अथवा बिम्बात्मक रूप मस्तिष्कमा विकसित हुने, त्यसलाई प्रतिभाशाली लेखकले आफ्नो प्रतिभाद्वारा गाढा रूपमा समाजबाट ग्रहण गर्ने र त्यही अनुभूतिको संरचनालाई कृतिमा अभिव्यक्ति दिइने मत अघि सार्दै सोहीअनुरूप उपर्युक्त उपन्यासहरूमा अभिव्यक्त लेखकीय अनुभूतिको संरचनाको खोजी गरेका छन् । लेखकीय अनुभूतिलाई पर्गेल्दै गरिएको विवेच्य उपन्यासहरूको विश्लेषण अनुभूतिको संरचनागत एक पक्षीय अध्ययनमा मात्र सीमित छ तथापि कृतिकारको अनुभूतिका माध्यमले कृतिमा अनुभूतिको संरचनाको खोजी गर्ने कार्यमा भने उक्त अध्ययनले मदत गरेको छ ।

ताराकान्त पाण्डेय (२०६९) द्वारा लिखित "बसाइँ उपन्यासको समाजशास्त्र" शीर्षकको लेखमा रेमन्ड विलियम्सको अनुभूतिको संरचना सिद्धान्तसम्बन्धी मान्यतामा गहन रूपमा प्रकाश पार्दै सोही सिद्धान्तका आधारबाट *बसाइँ* उपन्यासको सूक्ष्म विवेचना प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा पाण्डेयद्वारा विलियम्सको पिँढीगत संस्कृति तथा ग्राम्सीको प्रभुत्व सम्बन्धी अवधारणासमेतका आधारबाट यस महाख्यानमा अभिव्यक्त संस्कृतिगत सन्दर्भ, त्यसले सङ्केत

गरेका सामाजिक संरचनाका वैशिष्ट्य तथा फरक फरक पिँढी/समुदायको अन्तर्सम्बन्धका क्रममा सिर्जित दबाब र तनावका परिप्रेक्ष्यमा निःसृत अनुभूतिको संरचनाको अध्ययन गरिएको छ ।

पाण्डेयका अनुसार पिँढीगत प्रभुत्व र अधीनस्थ समुदायमा त्यसले सिर्जना गर्ने दबाब र तनावले निम्त्याउने परिणतिको कथाबाट *बसाइँ*को आख्यान निर्मित छ । आकारमा सानो रहेर पनि महाख्यानतुल्य परिवेश बोकेको यस उपन्यासले सामन्ती उत्पीडन र त्यसको परिणतिलाई समेटेको छ । नेपालको सामन्तवादी सामाजिक व्यवस्थाको पीठिकामा उभिएको *बसाइँ*मा मूल पात्रले भोग्नुपरेको आर्थिक, सामाजिक उत्पीडन सामन्तवादी सामाजिक आर्थिक संरचनाका परिणतिका रूपमा छ र प्रस्तुत उपन्यासको सांस्कृतिक पीठिका र तत्जन्य अनुभूतिको संरचना पनि त्यही सामन्तवादी सामाजिक संरचनाको सांस्कृतिक उत्पादकका रूपमा देखा परेको छ । यसप्रकार पाण्डेयले यस उपन्यासको सांस्कृतिक पीठिका र तज्जन्य अनुभूतिको संरचनाको आधार सामन्तवादी सामाजिक आर्थिक संरचना भएको उल्लेख गरेका छन् । उनका अनुसार उपन्यासमा विपन्न समुदायमाथि साहु, जमिनदार पुस्ताको हैकम र प्रभुत्व आद्योपान्त कायम रहेको, अड्डा अदालत राज्य तिनैको पक्षमा रहेको, भूमिको असमान वितरण र भूस्वामित्वको असन्तुलन कायमै रहेको अवस्थामा अधीनस्थ पिँढी प्रभुत्वशाली सामन्तहरूको उत्पीडनमा बाँच्न विवश हुनु परेको सामाजिक यथार्थता उपन्यासकारद्वारा निष्ठापूर्वक प्रतिबिम्बन भएको छ । त्यस्तै, उनका अनुसार धनेले निरन्तर भोगेको शोषण र उत्पीडनका दबाब र तनावजन्य जीवनदशाका अनुभूतिहरू तथा उसको सपरिवार बसाइँसराइको अन्तिम परिघटनामा सिर्जित विशिष्ट अनुभूतिले प्राप्त गरेको संरचनालाई हेर्दा यस उपन्यासमा पिँढीगत अनुभूतिको संरचना निकै सशक्त ढङ्गले व्यक्त भएको छ । यद्यपि उपन्यासको सहायक कथानकमा मोटे कार्कीले झुमालाई लिएर बसाइँ हिँडेको सन्दर्भद्वारा सामन्ती परम्पराप्रतिको परोक्ष अवज्ञा र उदात्त संस्कृतिको स्थापनाको सङ्केत यस उपन्यासले गरेको छ तर मूल कथानकमा अन्ततः अनिश्चित भविष्य लिएर निरूपाय भई बाध्यात्मक बसाइँ हिँडेको धनेको परिवारको जीवनदशाले नयाँ संस्कृतिको निर्माण हुन नसकेको स्थितिलाई नै प्रकट गरेको छ । अतः उपन्यासमा ठोस समाधान स्वरूपको वैकल्पिक संस्कृतिको निर्माण नदेखिनु पनि तत्कालीन परिवेशको यथार्थ चित्रणको लेखकीय ध्येयमा स्वाभाविक रहेको छ । यसरी एउटा कालखण्डको नेपाली सामाजिक संस्कृति र त्यसभित्रको जीवनानुभूति काल्पनिक भईकन पनि विश्वसनीय र मार्मिक ढङ्गले यस उपन्यासमा अभिव्यक्ति दिन उपन्यासकार सफल रहेका निष्कर्ष पाण्डेयको रहेको छ ।

पाण्डेयद्वारा प्रस्तुत अनुभूतिको संरचनाको सैद्धान्तिक मान्यतामा आधारित रहेर तयार गरिएको विश्लेषण ढाँचा, त्यस आधारमा गरिएको *बसाइँ* उपन्यासको सङ्क्षिप्त भइकन पनि गहन छ र यसको निष्कर्ष प्रस्तुत शोधमा सोही सन्दर्भको अध्ययनका निमित्त महत्त्वपूर्ण रहेको छ ।

दीपक प्रसाद गौतमले *लीलबहादुर क्षत्रीका उपन्यासको समाजशास्त्र* (२०७०) शीर्षकको विद्यावारिधि तहको शोधप्रबन्धमा उपन्यासकार क्षत्रीका प्रकाशित सबै उपन्यासहरूको समाजशास्त्रीय अध्ययनका निमित्त विश्लेषणका विविध सैद्धान्तिक मापदण्डका साथमा अनुभूतिको संरचनालाई पनि निर्धारण गरेका छन् । सोही अनुसार गौतमले *बसाइँ* उपन्यासमा अनुभूतिको संरचनाको प्रयोग के कस्तो रूपमा रहेको छ, त्यसबारेको समीक्षा प्रस्तुत गरेका छन् । गौतमका अनुसार यस उपन्यासमा लेखकले पूर्वी नेपालको ग्रामीण समाजमा बसोबास गर्ने पात्रहरू चयन गरी तिनका विचार, अनुभव तथा संवेदना सम्बन्धी कुराहरू अनि तिनका मन, भावना, संस्कृति, सभ्यता, रीतिरिवाज, भाषा र धारणा जस्ता कुरालाई अनुभूतिको संरचनाका रूपमा संयोजन गरेका चर्चा गरेका छन् । उनले क्रमशः पात्रगत आधार लिँदै उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचनालाई केलाएका छन् । त्यस्तै, उनले क्षत्रीका उपन्यासहरूमा अनुभूतिको संरचना पात्रहरूका सुख-दुःख, अभाव, कष्ट, आर्थिक विपन्नता, प्रेम, सहानुभूति, संवेदना अनि सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, पौराणिक, राजनीतिक, सांस्कृतिक मूल्यमान्यता, आचारविचारसँग जोडिएका अनुभूति संरचनामा प्रकटीकरण भएको निष्कर्ष निकालेका छन् ।

प्रस्तुत शोधका सन्दर्भमा शोधक्षेत्र र शोधसमस्या दुवैसँग मेल राख्ने *बसाइँ* उपन्यासमा आधारित रहेर पात्र एवम् परिवेशगत हुँदै गरिएको उक्त अध्ययन अनुभूतिको एकसरो विश्लेषणमै सीमित छ । अनुभूतिको संरचनाको समग्रतामा खोजी तथा विवेचनामा पिँढीगत अनुभूतिका कोणबाट विशिष्टीकृत अध्ययन त्यहाँ भएको देखिँदैन । अतः प्रस्तुत शोधकार्यमा त्यस सम्बन्धी थप तथा सूक्ष्म अध्ययन अपेक्षित रहेको छ तथापि उक्त विश्लेणका क्रममा प्रस्तुत कालखण्डको नेपाली समाजसंस्कृतिका तथ्यसम्मत कुराहरू भने महत्त्वपूर्ण रहेका छन् ।

चन्द्रमान श्रेष्ठ (२०७१) ले *पारिजातका उपन्यासको समाजशास्त्र* शीर्षकको विद्यावारिधि तहको शोधप्रबन्धमा पारिजातका उपन्यासहरूको समाजशास्त्रीय अध्ययन गरेका छन् । उनले त्यस सम्बन्धका प्रमुख सैद्धान्तिक मान्यताहरूलाई अगाडि सार्ने क्रममा विलियम्सको अनुभूतिको संरचनामाथि पनि प्रकाश पारेका छन् र सो सिद्धान्त समेतको उपयोग गर्दै पारिजातका सम्पूर्ण उपन्यासहरूको क्रमशः विश्लेषण गरेका छन् ।

प्रस्तुत अध्ययनमा श्रेष्ठले *बैँसको मान्छे* उपन्यासलाई आलोचनात्मक यथार्थवादी धाराको कोटिमा राखेर उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचनाका आधारमा मूल्याङ्कन गरेका छन् । उनका अनुसार वैयक्तिक चिन्तनबाट माथि उठ्दै सामाजिक चिन्तनलाई आत्मसात् गर्न सुरु गर्ने काम यस उपन्यासले गरेको छ; सामाजिक विकृति, विसङ्गतिको चित्रण पनि गरेको छ तर परम्परित मूल्य र मान्यता भत्काउन सही समाधानको प्रस्तुति दिन भने सकेको छैन । उनका मतमा उपन्यासले नेपाली समाजमा व्याप्त सामाजिक असमानता, आर्थिक विपन्नता, भ्रष्ट राजनीति, सामन्ती शोषण जस्ता विषयहरूप्रतिको उनको सरोकारलाई मुखरित गरेको छ । त्यस्तै,

उपन्यासले तत्कालीन जनमानस शासनसत्ता विरुद्ध जागरुक बन्दै गएको अवस्थालाई निम्नआर्थिक अवस्थाका चरित्रहरू मार्फत अभिव्यक्ति दिएको छ । यसरी तत्कालीन नेपाली समाजमा विद्यमान गरिबी, अभाव, शोषण, अन्याय, पथभ्रष्ट राजनीति, भ्रष्ट कर्मचारीतन्त्रलगायत समाजमा व्याप्त रोग, भोक, बेरोजगारी जस्ता समस्यालाई उपन्यासले उधिन्न सकेको; तिनले भोगिरहेको सामाजिक राजनीतिक, आर्थिक, प्रशासनिक आदि सबै खाले उत्पीडन सामन्तवादी सामाजिक संरचनाकै उपज भएको; शोषण, अन्याय, अत्याचारनिहित सामाजिक व्यवस्थाविरुद्धको आवाज प्रस्फुटन हुन थालेको यथार्थलाई अभिव्यक्ति दिन प्रस्तुत उपन्यास सक्षम रहेको निष्कर्ष श्रेष्ठद्वारा प्रस्तुत छ । साथै, उपन्यासमा अभिव्यक्त तत्कालीन समाज व्यवस्थाका परिप्रेक्ष्यमा त्यस बेलाको एउटा पुस्ता/पिँढीले त्यस सन्दर्भका अनुभूति सँगाल्न सुरु गरेको, वैकल्पिक पिँढीको उदय हुँदै गरेको र नयाँ संस्कृतिको निर्माणलाई उपन्यासले सङ्केत गर्न सकेको र परम्परागत सामन्तवादी सामाजिक संरचनाले परिवर्तन खोजिरहेको अवस्थाको पनि उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचनाले सङ्केत गर्न सकेको निचोड श्रेष्ठले प्रस्तुत गरेका छन् ।

साहित्यको समाजशास्त्रीय विवेचनाका बहुआयामिक कोणबाट गरिएको पारिजातका उपन्यासहरूको उक्त अध्ययनमा अनुभूतिको संरचनाका कोणबाट सीमित अध्ययनमात्र भएको छ । त्यसैले पिँढीगत अन्तर्सम्बन्धका क्रममा देखा पर्ने पारस्परिक द्वन्द्व, अन्तर्विरोध, त्यस परिप्रेक्ष्यका दबाब र तनावमा सिर्जित दुई पक्षीय अनुभूतिको संरचनाको खोजीका निमित्त विशिष्टीकृत ढाँचाको निर्माण तथा त्यस अनुकूलको विश्लेषण उक्त अध्ययनमा भएको छैन तथापि श्रेष्ठद्वारा समीक्षित अनुभूतिको संरचनासम्बन्धी मान्यता तथा *बैँसको मान्छे* उपन्यासमा अभिव्यक्त पिँढीविशेषको अनुभूतिको खोजी एक पक्षीय नै रहे पनि त्यसद्वारा सामाजिक संस्कृतिको गहन विश्लेषण भएको हुँदा प्रस्तुत शोधका सन्दर्भमा पनि महत्त्वपूर्ण रहेका छन् ।

ताराकान्त पाण्डेय (२०७२) को "*श्वेतपत्र* महाकाव्यमा अनुभूतिको संरचना" शीर्षकको लेखमा खेमनाथ दाहालद्वारा रचित *श्वेतपत्र* महाकाव्यको रेमन्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी समाजशास्त्रीय मान्यतालाई आधार बनाई गरिएको अध्ययन प्रस्तुत छ । सोही मान्यताका आधारमा हिमाली राष्ट्रहरू क्रमशः नेपाल, सिक्किम र भुटान तथा त्यहाँका राष्ट्रवासीका अनुभूतिले कसरी र कुन परिवेशमा निर्माण पाएका छन्, त्यस बारेको चर्चामा प्रस्तुत आलेखलाई केन्द्रित गरिएको छ । पाण्डेयका अनुसार यस कृतिमा मानवीकृत गरी नारी रूपमा पात्रता प्रदान गरिएका मूलतः यिनै निकटस्थ तीन हिमाली राष्ट्रहरूलाई भगिनी सम्बन्धमा गाँस्दै तिनलाई एकठाउँमा जमघट गराइएको छ । धरातलीय निकटता अनि भाषागत, जातिगत, धर्मगत जस्ता विविधता समेटेका यिनको साझा समाजशास्त्रले तिनमा ऐक्यबोधको अनुभूति सिर्जना भएको छ र त्यो काल्पनिक मात्र नभएर यथार्थ परिवेशकै अनुभूतिका रूपमा रचनामा प्रस्तुत भएको छ ।

प्रस्तुत अध्ययनमा विवेच्य कृतिमा अभिव्यक्त मूल धारको शासकीय प्रभुत्वमा अधीनस्थ बनेका तिनै राज्यहरूले भोलेका उत्पीडन, त्यस परिप्रेक्ष्यका दबाब र तनावजन्य अनुभूतिका संरचनाका साथै प्रतिकार चेतका दबाब र तनावजन्य उदीयमान अनुभूतिका संरचनाको सूक्ष्म विश्लेषण गरिएको छ । पाण्डेयद्वारा गरिएको उक्त अध्ययन काव्यविधामा आधारित छ तथापि रेमन्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी मान्यताका आधारमा समाजशास्त्रीय कोणबाट गरिएको उक्त गहन अध्ययन प्रस्तुत शोधको मूल समस्यासँग सम्बन्धित छ । विवेच्य कृतिमा प्रस्तुत अनुभूतिका संरचना तथा त्यसले सङ्केत गरेको परिवर्तनको मोडसमेतलाई पहिल्याउँदै गरिएको उक्त अध्ययनमा अवलम्बन गरिएको विश्लेषणको पद्धति प्रस्तुत शोधअध्ययनमा सहयोगी रहेको छ ।

हरिप्रसाद सिलवाल (२०७४) को *मदनमणि दीक्षितका उपन्यासको समाजशास्त्र* शीर्षकको विद्यावारिधिको शोधप्रबन्धमा उपन्यासकार दीक्षितका उपन्यासहरूको समाजशास्त्रीय विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा दीक्षितका उपन्यासहरू समाजशास्त्रीय कोणबाट केकस्ता रहेका छन् भन्ने मूल प्राज्ञिक समस्यामा केन्द्रित रही त्यस अनुसारका उद्देश्य प्राप्तिका निमित्त साहित्यको समाजशास्त्रसम्बन्धी प्रमुख सैद्धान्तिक मान्यताहरूलाई अघि सार्दै तिनलाई विश्लेषण विधिका रूपमा अवलम्बन गरिएको छ । सोही क्रममा रेमन्ड विलियम्सद्वारा स्थापित अनुभूतिको संरचना सिद्धान्तसम्बन्धी मान्यतासमेतका आधार लिँदै विवेच्य उपन्यासहरूको समाजशास्त्रीय विश्लेषण गरिएको छ ।

उक्त अध्ययनमा दीक्षितका उपन्यासहरूमा अभिव्यक्त वैदिक कालदेखि वर्तमानसम्मका विशिष्ट समयसन्दर्भहरू तथा तिनलाई द्योतन गर्ने बहुविध परिप्रेक्ष्यका विषय सन्दर्भहरूको चर्चा गर्दै तिनै परिप्रेक्ष्यमा निर्मित अनुभूतिका संरचनाहरूको विश्लेषण पनि प्रस्तुत गरिएको छ । अध्ययनको अन्त्यमा कृतिहरूमा प्रस्तुत अनुभूतिका संरचनासमेतका आधारमा वैदिक युगका विविध सामाजिक संरचनालाई उपयोग गरिएको *माधवी* उपन्यास सशक्त, काल्पनिक प्रतीकका दृष्टिले सिङ्गो पृथ्वीलाई मानव समाजका रूपमा अघि सारिएको *भूमिसूक्त* सबल र समाज रूपान्तरणको प्रक्रियाको अभिव्यक्ति रहेको *त्रिदेवी* उपन्यास सशक्त रहेको निष्कर्ष प्रस्तुत छ । उक्त अध्ययनमा विवेच्य औपन्यासिक कृतिहरूलाई साहित्यको समाजशास्त्रका विविध कोणबाट विश्लेषण गरिएको हुँदा पिँढीगत अनुभूतिका कोणमा केन्द्रित गहन विवेचना अझै अपेक्षित छ तथापि अध्ययनमा प्रस्तुत अनुभूतिको संरचनासम्बन्धी मान्यता तथा त्यस आधारबाट गरिएको कृति विवेचनाले यस शोधकार्यमा कालविशेषको संस्कृति पहिचानका निमित्त केही आधार प्रदान गरेको छ ।

हरिप्रसाद सिलवाल (२०७६) को "*सागर उर्लन्छ सगरमाथा छुन* उपन्यासमा नारी अनुभूतिको संरचना" शीर्षकको लेख रमेश विकलद्वारा हरचित उक्त उपन्यासमा नारी अनुभूतिको

संरचनाको प्रस्तुति केकस्तो रहेको छ भन्ने शोधसमस्यामा केन्द्रित रहेको छ । यस शोधसमस्याको समाधानार्थ सिलवालले नारीवाद एवम् अनुभूतिको संरचना गरी दुई सैद्धान्तिक पर्याधारको संयोजन गरेको प्रस्ट पारेका छन् । सिलवालका अनुसार प्रस्तुत उपन्यासमा विविधतायुक्त अनुभूतिमा बाँचेका नारी पात्रहरूको प्रयोग गरिएको छ । उनका मतमा नारी पात्रहरूको मानसिक धरातल निर्माणका क्रममा राणा दरबारिया दम्भ र अहङ्कारबाट ग्रस्त नारी मानसको धरातल, त्यसपरिवेशमै आधुनिक शिक्षाप्राप्त मानवतावादी सहृदयी नारी मानसिक धरातल र त्यस कालखण्डमा जनसामान्य परिवेशमा हुर्केर पनि आभिजात्य घमण्ड बोकेका विकृत चरित्रप्रति शालीनतापूर्वक व्यङ्ग्य प्रहार गर्ने र समाजलाई उज्यालो दिशामा डोऱ्याउन खोज्ने नारी मानसिक धरातल निर्माण भइसकेको स्थिति पनि नारी अनुभूतिका संरचनामा प्रकट भएको छ । सिलवालका अनुसार प्रस्तुत उपन्यासमा राणाशासनमा व्याप्त चरम भोगविलास, यौनजन्य दुराचार, अवैध व्यापार, आर्थिक अपचलन जस्ता सांस्कृतिक विकृतिका परिप्रेक्ष्यका अनुभूति, त्यस सन्दर्भमा उत्पन्न दबाब र तनावका नारीअनुभूति, राणा समाजका खोक्रो आडम्बरप्रति विद्रोह र घृणाका अनुभूति एवम् नारीका अबोलापन र निरीहता स्वीकारका रूपमा नभई आलोचनात्मक चेतयुक्त नव अनुभूतिले प्रस्तुति पाएका छन् । प्रस्तुत लेखका अन्त्यमा यस उपन्यासमा शिक्षाका कारण नारी मनोबल उच्च हुँदै र मानवीय चेत सबल बन्दै समाज बदल्न सक्ने नारी चरित्रगत अनुकूल अनुभूतिका संरचना निर्माण गरिएको निष्कर्ष प्रस्तुत छ ।

नारीवादसमेतको आधार लिँदै अनुभूतिको संरचनाका कोणबाट गरिएको उक्त उपन्यासको अध्ययनमा परस्पर द्वन्द्वरत समूहका दुईतर्फी दबाब र तनावजन्य अनुभूतिका आधारबाट सूक्ष्म अध्ययन भएको देखिँदैन । प्रस्तुत लेखमा राणाकालखण्डको सामाजिक संरचनामै पनि सीमित शिक्षाप्राप्त नारीका परिवर्तोन्मुख सामाजिक सांस्कृतिक अवस्थालाई चिनारी गराउने सन्दर्भमा अभिव्यक्त अनुभूतिका संरचनाको पहिचानको कार्य भने प्रस्तुत शोधका लागि पनि केही सहयोगी रहेको छ ।

गीता थपलिया त्रिपाठी (२०७६) को "*एकचिहान* उपन्यासमा अनुभूतिको संरचना" शीर्षकको लेखमा हृदयचन्द्र सिंह प्रधानको *एकचिहान* उपन्यासको अनुभूतिको संरचनाका आधारमा गरिएको समाजशास्त्रीय अध्ययन प्रस्तुत छ । प्रस्तुत उपन्यासमा अभिव्यक्त पिँढीगत संस्कृति, प्रभुत्वका साथै दबाब र तनावमा सिर्जित पात्रगत अनुभूतिको संरचनाको स्थिति पहिल्याउँदै कृतिमा प्रस्तुत त्यसअनुरूपका साक्ष्यहरूको विश्लेषणबाट कालखण्डको सामाजिक संस्कृतिलाई पहिचान गर्नमा यस अध्ययन केन्द्रित छ ।

त्रिपाठीका अनुसार प्रस्तुत उपन्यासमा २०११ सालदेखि २०१६ सालसम्मको काठमाडौंली परिवेशमा व्याप्त सामाजिक समस्याका रूपमा रहेका जातीय, वर्गीय र लैङ्गिक स्थितिको चित्रण छ र प्रस्तुत लेखमा सोही सन्दर्भका पात्रगत अन्तरक्रिया र अन्तरसङ्घर्षका क्रममा निःसृत

अनुभूतिका संरचनाका आधारमा पाठपरक विश्लेषण गरिएको छ । उनका मतमा यो उपन्यास सामन्तवादी व्यवस्थाको आधारमा उभिएको हुँदा त्यहाँ आर्थिक-सामाजिक उत्पीडन त्यही सामाजिक संरचनाकै उपजका रूपमा छ । उपन्यासमा सामन्ती संस्कृतिको प्रतिनिधित्व गर्ने प्रभावशाली पिँढी, त्यसकै वैकल्पिक पिँढीका रूपमा अधीनस्थ किसान पिँढीबिचको सामाजिक, सांस्कृतिक, तथा आर्थिक सन्दर्भमा देखिएको पिँढीगत द्वन्द्वका कारण दबाब र तनावको स्थिति सिर्जना भएको र यसैबाट विशिष्ट प्रकारको अनुभूति निर्माण भएको छ । उपन्यासमा गरिब वर्गका मान्छेले अभिजात वर्गसँग द्वन्द्व गर्नुपर्ने अवस्थाको चित्रण छ, अनि अत्याचारले सीमा नाँघ्दै गएपछि वैकल्पिक अधीनस्थ पिँढीले दबाब र तनावबाट मुक्तिको खोजीका क्रममा उदीयमान चेत बोक्दै, प्रभुत्वशाली पिँढीको अवज्ञा र विरोध गर्दै, तिनको प्रस्ताव र व्यवहारसँग असहमति जनाएको हुँदा त्यहाँनेर नयाँ संस्कृति जन्माउने र पुरानो संस्कृति भत्काउने प्रयास पनि देखिएको छ । यसरी सामन्ती संस्कृतिको विरोधमा आवाज उठाउने वैकल्पिक पिँढीको अन्त्यमा हार भएको देखाइएको छ तथापि लेखकीय आलोचनात्मक चेतका कारण कालखण्डको नेपाली समाजको जीवनानुभूति उपन्यासमा जीवन्त बनेको निष्कर्ष यस लेखको अन्त्यमा प्रस्तुत छ । त्रिपाठीद्वारा गरिएको उपर्युक्त अध्ययन पनि उक्त उपन्यासको अनुभूतिको संरचनाका कोणबाट सर्सती विश्लेषण गर्नुमै केन्द्रित छ तथापि कृतिमा अभिव्यक्त अनुभूतिको संरचना पहिल्याउने लक्ष्यार्थ निर्माण गरिएको सैद्धान्तिक ढाँचा तथा कालखण्डको नेपाली सामाजिक संस्कृतिको पहिचानको कार्य भने प्रस्तुत शोधका सन्दर्भमा पनि सहयोगी रहेको छ ।

### १.४.३ निष्कर्ष

पूर्वकार्यहरूको अध्ययनमा सामाजिक यथार्थवादी नेपाली उपन्याससँग सम्बद्ध रहँदै गरिएको उपर्युक्त समीक्षाले तिनबारे विभिन्न किसिमले पूर्वाध्यायन भएको प्रस्ट पारेको छ । नेपाली सामाजिक यथार्थले प्रस्तुति पाएका उपन्यासबारेका उक्त अध्ययनले प्रस्तुत शोधकार्यसम्बद्ध उपन्यासहरू साहित्यिक समाजशास्त्रीय कोणबाट पनि विश्लेष्य रहेको सङ्केत गरेका छन् । सुरुका कतिपय अध्ययन उपन्यासको विधागत विकासक्रममा कृतिगत मूल्यको चिनारी गराउने ध्येयका मात्र छन् तथापि प्रस्तुत सामाजिक यथार्थलाई उपन्यासले आत्मसात् गर्न सकेको बारेका महत्त्वपूर्ण सूचना तिनमा छन् । कतिपय अध्ययन भने धारागत प्रवृत्तिलाई आधार बनाएर औपन्यासिक कृतिको मूल्य निरूपणमा केन्द्रित छन् । ती अध्ययनबाट कालखण्डविशेषका नेपाली सामाजिक यथार्थसम्बद्ध जेजति तथ्यहरू प्रकाशमा आएका छन्; प्रस्तुत शोधका सन्दर्भमा पनि ती महत्त्वपूर्ण छन् ।

रेमन्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी मान्यतालाई अवलम्बन गरी हालसम्म भएका नेपाली साहित्यको शोधपरक अध्ययनको समीक्षणबाट प्राप्त परिणामलाई दृष्टिगत गर्दा ताराकान्त पाण्डेयको *बसाइँ* उपन्यासमा अनुभूतिको संरचनाको विश्लेषण गरिएको लेख तथा

चन्द्रमान श्रेष्ठको पारिजातका उपन्यासको समाजशास्त्रीय अध्ययनका क्रममा *बैँसको मान्छे* उपन्यासलाई अनुभूतिको संरचनाका कोणबाट गरिएको अध्ययन विलियम्सको पिँढी/समुदायगत अनुभूतिसम्बन्धी मान्यताको औचित्यपूर्ण प्रयोग र मिहिन विवेचनाका दृष्टिले उल्लेख्य छन् । खेम दाहालको शोधप्रबन्धमा *बसाइँ* उपन्यासलाई अनुभूतिको संरचनाका कोणबाट पनि विश्लेषण गरिएकोमा विलियम्सको मान्यता अनुरूप हुँदाहुँदै पनि लेखकीय अनुभूतिमा मात्र आधारित देखिनुले त्यो एकपक्षीय विश्लेषण मात्र भएको र यही उपन्यासमा आधारित रहेर दीपक प्रसाद गौतमको शोधप्रबन्धमा अनुभूतिको संरचनाका कोणबाट गरिएको अध्ययन सिद्धान्तअनुरूप भन्दा पनि अनुभूतिको सर्सर्ती विश्लेषणमै सीमित रहेको हुँदा उक्त कृतिको विशिष्ट अध्ययन अपेक्षित छ । आख्यान विधामै केन्द्रित रहेर अनुभूतिको संरचना आधार लिँदै गरिएका पूर्वकार्यले भने प्रस्तुत शोधको मुख्य शोध्य सन्दर्भलाई प्रत्यक्षतः सम्बोधन नगरे पनि सम्बद्ध कालखण्डको नेपाली समाजका यथार्थलाई चिनाउन सकेका छन् र समाजशास्त्रीय अध्ययनमा ती उपयोगी छन् । त्यस्तै, दर्शनाचार्य तहका शोधप्रबन्धहरू तथा अनुसन्धानपरक कतिपय लेखमा विलियम्सको अनुभूतिको संरचनामा मात्र केन्द्रित रहेर गरिएका मूलतः आख्यानहरूको विश्लेषण यस शोधका शोध्य उपन्यासहरूसँग सम्बन्धित नभए पनि तिनले अवलम्बन गरेको विश्लेषण ढाँचा प्रस्तुत शोधका सन्दर्भमा सहयोगी रहेको छ । एकै कालखण्डमा पनि विविध सामाजिक संरचना रहने, एउटै सामाजिक संरचनामा पनि तीनथरी पिँढी/समुदायको उपस्थिति रहन सक्ने, तिनका बिचको अन्तर्सम्बन्धका क्रममा सिर्जित दबाबका कारण तीनवटै पिँढीमा निःसृत हुन सक्ने अलग-अलग अनुभूतिका कोणबाट विवेच्य कृतिमा प्रस्तुत सामाजिक संस्कृति पहिचानका बहुआयामिक र विशिष्टीकृत अनुसन्धान हुने गरी विश्लेषण ढाँचाको निर्माण भने पूर्वअध्ययनहरूमा भएको देखिँदैन ।

उपर्युक्त पूर्वाध्यायनमा प्राप्त समग्र निष्कर्ष समेतलाई दृष्टिगत गर्दा पिँढीगत अन्तर्द्वन्द्वबाट उत्पन्न दबाब र तनावमा निःसृत द्विपक्षीय अनुभूतिको संरचना कमै केलाइएको, विश्लेषण प्रायः अधीनस्थ समुदायको अनुभूतिको विवेचनामै केन्द्रित रहेको, कतिपयमा लेखकीय अनुभूतिको एकपक्षीय कोणमा मात्र आधारित रहेर विश्लेषण गरिएको, कुनैमा विलियम्सको पिँढीलाई सांस्कृतिक समूहका रूपमा व्यापक दृष्टिकोणले हेरिनु पर्ने मान्यताबाट नभई उमेरजन्य पुस्ताका रूपमा मात्र हेरी सोही रूपमा विवेचना गरिएको र कुनैमा भने निर्धारित सैद्धान्तिक ढाँचाको मर्मलाई छोडेर सर्सर्ती विवेचनामै सीमित रहेका देखिन्छन् । अतः एकातर्फ यिनै रिक्ततालाई पूरा गर्नुपर्ने प्राज्ञिक आवश्यकता छ भने अर्कातर्फ शोध्य उपन्यासहरूमा अभिव्यक्त सामाजिक यथार्थको विस्तृत र सूक्ष्म अध्ययनको कार्य पनि बाँकी नै छ । अतः यसै प्राज्ञिक अभावलाई दृष्टिगत गरी प्रस्तुत शोधमा सामाजिक यथार्थवादी नेपाली उपन्यासमा केन्द्रित रहेर तिनमा अभिव्यक्त पिँढीगत अनुभूतिको संरचनाको खोजी र विश्लेषण गर्दै सम्बद्ध कालखण्डको सामाजिक संरचना र पिँढीगत सम्बन्धको अध्ययन गरिएको छ ।

## १.५. शोधकार्यको औचित्य र महत्त्व

सामाजिक यथार्थवादी नेपाली उपन्यासहरूको सर्वेक्षण गर्दा ती साहित्यको समाजशास्त्र सिद्धान्तका विविध आयामबाट विवेच्य र शोध्य रहेका छन् । ती उपन्याससँग सम्बद्ध पूर्वकार्यको समीक्षणलाई हेर्दा प्रायः साहित्यको समाजशास्त्रीय कोणबाट पनि केही उपन्यासहरूको अध्ययन त भएका छन् तर ती अनुसन्धान न्यून छन् र फुटकर कार्यमै सीमित छन् । आधुनिक कालखण्डका सामाजिक यथार्थवादी धाराका औपन्यासिक कृतिहरूलाई आधार बनाएर साहित्यको समाजशास्त्रअन्तर्गत अनुभूतिको संरचनाका दृष्टिले विस्तृत र गहन अध्ययनको क्षेत्र मौलिक नै रहेको छ; सूक्ष्म अध्ययन-विश्लेषणको कार्य हालसम्म भएको देखिँदैन । यसरी शोधका समस्याको समाधान अझ सम्यक ढङ्गले भई नसकेको र प्राज्ञिक दृष्टिले शोध समस्याहरू अध्ययनीय एवम् महत्त्वपूर्णसमेत भएकाले प्रस्तावित शोधको औचित्य रहेको स्पष्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको मुख्य शोधसमस्या अनुभूतिको संरचना रहेको हुँदा यसका निमित्त साहित्यको समाजशाास्त्रीय अध्ययनअन्तर्गतका प्रमुख उपकरणहरू मध्ये रेमन्ड विलियम्सको अनुभूतिको संरचना बारेको सैद्धान्तिक अवधारणामा मात्र आधारित रहेर निर्धारित सामाजिक यथार्थवादी उपन्यासहरूमा अभिव्यक्त पिँढीगत अनुभूतिको संरचनाको खोजी गरिएको छ । यस क्रममा शोधउद्देश्यअनुरूप मूलतः प्रभुत्वशाली पिँढी, अधीनस्थ पिँढी तथा उदीयमान पिँढीमा सिर्जित अनुभूतिको संरचना निर्माणको स्वरूप, प्रक्रिया र प्रयोजनको खोजी, पहिचान तथा विश्लेषणमा प्रस्तुत शोधअध्ययनलाई केन्द्रित गरिएको छ । प्रस्तुत कार्यका निमित्त अनुभूतिको संरचना सिद्धान्तअन्तर्गत रही विलियम्सका पिँढी, समुदाय, प्रभुत्व, प्रभुत्वको अवस्थिति, संस्कृति र यसका प्रभुत्वशाली, अधीनस्थ तथा उदीयमान भेदहरू, दबाब र तनावका परिप्रेक्ष्यका पिँढीगत अनुभूतिसम्बन्धी अवधारणाहरूलाई कृति विश्लेषणको प्रमुख आधारका रूपमा उपयोग गरिएको छ । साथै, नेपाली सामाजिक संस्कृतिका वर्णव्यवस्थागत मौलिक र विशिष्ट परिप्रेक्ष्यसमेतलाई ध्यानमा राखेर शोध्य उपन्यासहरूमा अभिव्यक्त अनुभूतिको संरचनाको अध्ययन गरिएको छ र उदीयमान अनुभूतिको संरचनाका आधारमा नेपाली समाजको परिवर्तनको प्रक्रियालाई पनि सङ्केत गरिएको छ । यिनै कोणमा प्रस्तुत अध्ययनलाई सीमित गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोध साहित्यिक शोध भएकाले यो गुणात्मक प्रकृतिको छ त्यसैले यहाँ मुख्यतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । पाठविश्लेषणार्थ रेमन्ड विलियम्सका अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक प्रस्तावनालाई मूल आधार बनाइइको छ । शोधलाई पूर्णता दिने क्रममा अँगालिएको सामग्री सङ्कलनको विधि र प्रक्रिया, सामग्री विश्लेषणका लागि उपयोग गरिएको

सैद्धान्तिक पर्याधार तथा सामग्री विश्लेषणको विधि र ढाँचाबारे तलका उपशीर्षकमा स्पष्ट पारिएको छ ।

## १.७.१ सामग्री सङ्कलनको विधि र प्रक्रिया

साहित्यसँग सम्बद्ध गुणात्मक प्रकृतिको प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलनका निमित्त पुस्तकालयीय कार्यलाई प्रमुख आधार बनाइएको छ । प्रस्तुत शोधको मुख्य शोध्य सन्दर्भ पिँढीगत अनुभूतिको संरचना हो । यो सन्दर्भ सामाजिक यथार्थवादी उपन्यासमै सशक्त रूपले अभिव्यक्त भएको देखिन्छ । २०४६ को जनआन्दोलन, पञ्चायती युगको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनापछि नेपाली समाज नयाँ चरणमा प्रवेश गरेको सन्दर्भमा देखिन थालेको आर्थिक-सांस्कृतिक रूपान्तरणको प्रभाव स्वभावतः साहित्यिक विधाले पनि ग्रहण गरेको छ । यसरी लोकतान्त्रिक वातावरणको प्राप्तिसँगै २०४७ देखि नेपाली समाज सामाजिक-सांस्कृतिक संचेतना बोक्दै नवीन युगमा पदार्पण गरेको परिप्रेक्ष्यमा लेखकीय स्वतन्त्रताको प्रत्याभूतिसँगै नेपाली समाजमा बहसको विषय बन्न थालेको वर्गीय, लैङ्गिक र जातीय सन्दर्भले उपन्यास विधामा पनि नवचेतनाको स्वरसहित उर्वर रूप प्राप्त गर्दछ (भट्टराई, २०७७ ख, पृ.५१) । अझ २०५० को दशकदेखि नेपाली उपन्यासमा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा आधारित नवीन मूल्य प्रणालीको आत्मसात् हुन थालेको छ । तिनमा अतीतको गौरवसँगै इतिहासलाई नयाँ दृष्टिकोणबाट परिभाषित गरिनुका साथै सामाजिक विसङ्गतिका अदृश्य शक्तिहरूलाई खोतल्ने काम भएको छ र विश्वजनीन सन्दर्भमा मानिसका मनोवृत्ति, तिनका आन्तरिक पीडा र मर्मलाई पनि सशक्त चित्रण गरिएको छ (श्रेष्ठ, २०६९, ११२) । यसप्रकार २०३६ देखि प्रकट हुन थाले पनि २०४६ पछिको बदलिँदो खुला परिवेशमा बलशाली रूपमा अभिव्यक्त भएको सामाजिक परिवर्तनको जनचाहनाले त्यस समय यताका उपन्यासमा नवीन प्रवृत्तिसहित खुलेरै प्रस्तुति पाएका छन् र उपन्यासलेखनले पनि समसामयिक चेतनालाई आत्मसात् गर्दै नयाँ मोड प्राप्त गरेको छ । यसै कारण २०४६ यताका कालावधिलाई समसामयिक मानेर यसै अनुरूप नेपाली साहित्यको अध्ययन गर्ने परम्परा कायम भएको पनि देखिन्छ ।

उपर्युक्त परिप्रेक्ष्यमा सामाजिक यथार्थवादी धाराका २०४६ अघिका र त्यस पछिका नेपाली उपन्यासको अध्ययन उत्तिकै पृथक् र महत्त्वपूर्ण सामग्रीका रूपमा रहेका छन् । २००४ देखि २०४५ सम्मको अवधि यस धाराको उर्वर चरणका रूपमा पनि रहेको छ । त्यस अवधिमा प्रकाशित कुल उपन्यासहरू ९०१ मध्ये सामाजिक यथार्थवादी धाराका मात्र ५६६ उपन्यासहरू प्रकाशित हुनुले सबैभन्दा बढी उपन्यास यसै धारामा लेखिएको तथ्य पुष्टि हुन्छ । अतः उक्त अवधिमा अन्य विविध धाराको आगमन रहेर पनि सामाजिक यथार्थवादी धारा नै मूल प्रवाहमा रहेको स्थितिलाई दृष्टिगत गरी प्रस्तुत शोधमा विश्लेषणका लागि उक्त कालावधिका सामाजिक यथार्थवादी उपन्यासको चयन गरिएको छ । उपर्युक्त निर्दिष्ट समयावधिमा प्रकाशित

उपन्यासहरूको सर्वेक्षण गर्दा अन्य धारागत प्रवृत्ति अन्तर्भूत रहेर पनि सामाजिक यथार्थको चित्रण सशक्त रहेका प्रस्तुत धाराका उपन्यासहरू ३६ वटा प्राप्त छन् । यस धाराका प्रकाशित उपन्यासमध्ये ७ वटा (२० प्रतिशत) उपन्यासहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिअनुरूप चयन गरी तिनलाई विश्लेष्य सामग्रीका रूपमा ग्रहण गरिएको छ । उद्देश्यमूलक नमुना छनोट विधिअनुरूप चयन गरिएका उपन्यासहरू साहित्यिक विधागत मूल्य र गरिमालाई वहन गर्न समर्थ रहेका छन् । ती कालखण्ड विशेषको सामाजिक संस्कृतिलाई प्रतिनिधित्व गर्न सक्षम रहेका छन् । तिनमा तीन तहका प्रभुत्वशाली, अधीनस्थ एवम् उदीयमान पिँढीका बेग्लाबेग्लै अनुभूति घनीभूत रहेका छन् । ती अनुभूतिले उपन्यासमा स्पष्ट संरचनात्मक स्वरूप धारण गरेका छन् । विश्लेष्य उपन्यासको चयनमा यिनै शोधसमस्याअनुकूल पक्षहरूलाई प्रमुख आधार बनाइएको छ । यस क्रममा अनुभूतिका संरचनागत स्वरूप, तिनको निर्माण प्रक्रिया तथा उपन्यासमा तिनको प्रस्तुतिको लेखकीय प्रयोजनसमेतलाई दृष्टिगत गरिएको छ । तद्नुरूप छनोटमा परेका उपन्यासहरू *मुलुकबाहिर* (२००४), *बसाइँ* (२०१४), *एक पालुवा अनेकौँ याम* (२०२६), *बैँसको मान्छे* (२०२९), *आगत* (२०३२), *घामका पाइलाहरू (२०३५)* तथा *अविरल बग्दछ इन्द्रावती* (२०४०) रहेका छन् । यही उपयुक्तताले नमुना छनोटको औचित्यलाई पनि सिद्ध गरेको छ । यिनमध्ये *मुलुकबाहिर, बसाइँ, एक पालुवा अनेकौँ याम, आगत* र *घामका पाइलाहरूले* राणाकालीन तथा *बैँसको मान्छे* र*अविरल बग्दछ इन्द्रावती*ले पञ्चाययतकालीन नेपाली समाज र संस्कृतिलाई यथार्थपरक मूल्याङ्कन गर्ने सामर्थ्य बोकेका छन् । प्रभुत्वशाली तथा अधीनस्थ पिँढीका अनुभूतिका संरचनाको सशक्त प्रस्तुति यी सबै उपन्यासहरूमा रहेको छ भने पूर्व उदीयमान अनुभूतिको कोणबाट *बैँसको मान्छे* र जव उदीयमान पिँढीका अनुभूतिका संरचनासमेतको प्रस्तुतिद्वारा कालखण्ड विशेषमा नेपाली समाजले विविध आयाममा पछ्याउँदै गरेको परिवर्तनको प्रक्रियालाई उद्बोधन गर्न *एक पालुवा अनेकौँ याम, आगत, घामका पाइलाहरू* र*अविरल बग्दछ इन्द्रावती* उपन्यासहरू सक्षम छन् । त्यसो हुँदा शोध्य समस्याअनुरूप कालखण्डको संस्कृति अध्ययनका निमित्त यी सात वटै उपन्यासहरू उपयुक्त छन् र यही उपयुक्तताले नमुना छनोटको औचित्यलाई पनि सिद्ध गरेको छ । अतः निर्धारित धारा र अवधिअन्तर्गत प्रतिनिधिमूलक रहेका यिनै उपन्यासहरू प्रस्तुत शोधकार्यका प्राथमिक शोध्य सामग्रीका रूपमा रहेका छन् । यिनको सूक्ष्म अध्ययन र विश्लेषण गरी प्रस्तावित शोधका मूल प्राज्ञिक जिज्ञासाको समाधान खोजिएको छ ।

द्वितीयक सामग्रीका रूपमा विलियम्सको 'अनुभूतिको संरचना' सिद्धान्तअन्तर्गतका शोध्य विषयसन्दर्भका पिँढी, समुदाय, प्रभुत्व, प्रभुत्वको अवस्थिति, संस्कृति र यसका प्रभुत्वशाली, वैकल्पिक अधीनस्थ तथा उदीयमान भेदहरू, तज्जन्य दबाब र तनावका परिप्रेक्ष्यका पिँढीगत अनुभूतिका संरचनाहरू; त्यस सन्दर्भका पिँढीगत परस्पर सम्बन्धका क्रममा देखापर्ने अन्तरविरोधहरू, त्यसले सङ्केत गरेको सामाजिक परिर्वनको प्रक्रिया तथा निर्धारित

उपन्यासहरूका बारेमा अध्ययन विश्लेषण गरिएका पुस्तक, गोष्ठीपत्र, स्मारिका, दर्शनाचार्य तथा विद्यावारिधिका शोधप्रबन्ध, जर्नल, शोधलेख प्रकाशित पत्रपत्रिकाहरू, अनुसन्धनात्मक कृतिहरूबाट आवश्यक सामग्रीको सङ्कलन गरिएको छ। यस्ता सामग्रीको सङ्कलनका लागि पुस्तकालयलाई मुख्य स्रोतका रूपमा उपयोग गरिएको छ।

## १.७.२ सैद्धान्तिक पर्याधार

प्रस्तुत शोधकार्यका निमित्त विश्लेष्य औपन्यासिक कृतिहरूको अध्ययनको प्रमुख आधार साहित्यको समाजशास्त्र सिद्धान्तका विविध सैद्धान्तिक विश्लेषणका पद्धतिमध्ये रेमन्ड विलियम्सको 'अनुभूतिको संरचना' रहेको छ। विलियम्सले अनुभूतिको संरचनालाई एक अवधिको संस्कृतिका रूपमा अर्थ्याएका छन् (सन् १९६५, पृ.६४)। उनका अनुसार मानव समुदाय र वातावरण बिच द्वन्द्वात्मक सम्बन्ध कायम रहन्छ। त्यस सम्बन्धबाट निर्मित मानव स्वभावमा जीवन्त अनुभूति सन्निहित हुन्छ। त्यसै सन्दर्भद्वारा निश्चित ऐतिहासिक क्षण विशेषमा आधारित हुँदै निःसृत संस्कृति नै अनुभूतिको संरचना हो। यसको मूलमा एक कालको खास समुदाय/पिँढीको जीवनानुभूति रहेको हुन्छ। उनका विचारमा यसलाई कलाकृतिको समग्रतामा अनुभव गरेर मात्र पहिचान गर्न सकिन्छ (सन् १९७९, पृ.१२१)। कालखण्ड विशेषको सामाजिक संस्कृतिको खोजीका निमित्त साहित्यमा अभिव्यक्त अनुभूतिको आधार लिनु उपयुक्त हुन्छ भन्ने उनको ठम्याइ रहेको छ।

विलियम्सले संस्कृतिका स्वरूप, पिँढी/समुदाय र अनुभूतिको संरचनालाई पारस्परिक सम्बद्धतामा हेरेका छन् र समाजमा प्रभुत्वको अवस्थितिका आधारमा सांस्कृतिक स्वरूपहरूको व्याख्या गरेका छन्। उनका अनुसार कुनै पनि समाजविशेषमा देखिने संस्कृतिका तीनवटा स्पष्ट भेदहरूमा मूलधारमा रहने प्रभुत्वशाली संस्कृति, त्यसको वैकल्पिक स्वरूपमा अवशिष्ट संस्कृति र विरोधी स्वरूपको उदीयमान संस्कृति पर्दछन् (सन् १९७३, पृ.११)। ती संस्कृतिलाई संवहन गर्ने पिँढी/समुदायहरूले पारस्परिक सम्बन्धमा प्रशस्तै अन्तरविरोध झेलिरहेका हुन्छन्। त्यस क्रममा तिनले आफ्ना-आफ्ना बेग्लाबेग्लै अनुभूतिका संरचना पनि निर्माण गरिरहेका हुन्छन् (सन् १९६५, पृ.६४)। ती अनुभूतिमा कालखण्डको संस्कृति समाहित हुन्छ। समाजमा प्रभुत्वको अवस्थितिले पिँढीगत सम्बन्धको स्वरूपलाई निर्धारण गर्दछ। उनले प्रभुत्वलाई मानवका अनुभव, पारस्परिक सम्बन्ध र तिनका गतिविधिलाई बोध गर्ने जटिल प्रक्रियाका रूपमा अर्थ्याएका छन् (सन् २०१०, पृ. १११)। अतः कालखण्ड विशेषको संस्कृतिको पहिचानका निमित्त समाजमा प्रभुत्वको अवस्थितिको गहन अध्ययन महत्त्वपूर्ण हुन्छ।

विलियम्सका अनुसार मूलधारमा रहेको पहिलो स्तरको प्रभुत्वशाली वर्ग, समुदाय वा पिँढीद्वारा प्रसारित प्रभुत्वका कारण दोस्रो स्तरको वैकल्पिक पिँढी/समुदाय प्रायः अधीनस्थ दशामा हुन्छ भने तेस्रो स्तरको पिँढी भने प्रभुत्वका विरुद्ध नवउदीयमान चेतसहित अघि बढिरहेको हुन्छ।

उनका मतमा प्रत्येक कालखण्डको समाजमा कम्तीमा तीनवटा पिँढीहरू एकसाथ सक्रिय रहन सक्छन् (सन् १९६५, पृ.६४) । ती मूल पिँढीहरूमा पनि विविध परिप्रेक्ष्यका फरक-फरक सांस्कृतिक समूह/पिँढी विद्यमान हुन्छन् । तिनमध्ये उदीयमान पिँढी भने नयाँ मूल्य, नयाँ अनुभव र नयाँ व्यवहारद्वारा नयाँ सार्थकताको खोजीमा हुन्छ । यो पिँढी प्रभुत्व विरुद्धको प्रतिकार चेतसहित प्रतिप्रभुत्व स्थापनाका लागि सङ्घर्षरत हुन्छ । पिँढीगत अन्तर्क्रियाका क्रममा प्रत्येक पिँढीहरूले परस्परका प्रतिरोध चेतमा सिर्जित गतिविधिका कारण दबाब र तनावजन्य अनुभूतिकासंरचना निर्माण गरिरहेका हुन्छन् । उनको जोड भने उदीयमान पिँढीका गतिविधिमा रहेको छ । विलियम्सका अनुसार त्यस पिँढीका अनुभूतिका संरचनामा प्रभुत्वशाली संस्कृतिलाई पछाडि छाड्ने र नयाँ संस्कृतिलाई विकास गर्ने तत्त्व निहित हुन्छ । विलियम्सले यही तथ्यलाई आधार बनाएर अनुभूतिको संरचनालाई समाधानतर्फ उन्मुख सामाजिक अनुभव भनेका छन् (सन् २०१०, पृ.१३३) । उनी सामाजिक परिवर्तनको दिशालाई व्यक्त गर्ने सामर्थ्य उदीयमान अनुभूतिको संरचनामा देख्दछन् ।

संस्कृतिको निर्माण देशकालपरिस्थितिका सापेक्षमा हुन्छ । धर्म, जाति, राजनीति आदि बहुविध सन्दर्भमा यसको विनिर्माण पनि भइरहेको हुन्छ । त्यसै परिप्रेक्ष्यमा वर्ग, लिङ्ग, क्षेत्र रङ्ग आदि विषयगत परिप्रेक्ष्यका विभेदलगायत उमेरगत पुस्तान्तर विभेदमा निर्मित सांस्कृतिक समूह/पिँढी, आध्यात्मिक चेत वा भौतिक चेत बोकेका सांस्कृतिक समूह विशेष अर्थात् फरक-फरक पिँढीहरूले परस्परको अन्तर्क्रियामा बेग्लाबेग्लै अनुभूतिका संरचना निर्माण गरिरहेका हुन्छन् । अतः यिनै विविध परिप्रेक्ष्यका पिँढीगत भिन्नताका आधारमा विलियम्सले अघि सारेका अनुभूतिको संरचनासम्बन्धी मान्यताअनुरूप साहित्यमा अभिव्यक्त प्रभुत्वशाली, वैकल्पिक र उदीयमान संस्कृतिलाई संवहन गर्ने पिँढी तथा समुदायहरू र तिनमा निर्मित अनुभूतिका संरचनाको खोजी र विश्लेषणद्वारा कालविशेषको सामाजिक संस्कृतिको पहिचान गर्न सकिन्छ ।

विलियम्सका अनुभूतिको संरचनासम्बन्धी सिद्धान्तको विस्तारित व्याख्या प्रस्तुत शोधका दोस्रो परिच्छेदमा गरी त्यसको साहित्यिक अभिव्यक्तिका स्वरूप तथा सम्भावनाबारे निष्कर्ष समेत निकालिएको छ र त्यसपछिका परिच्छेदहरूमा क्रमशः त्यसै निष्कर्षलाई आधार बनाई शोध्य उपन्यासहरूको विश्लेषण गरिएको छ ।

### १.७.३ विश्लेषणको ढाँचा र पद्धति

प्रस्तुत शोधमा अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक पर्याधारको उपयोग गर्दै सम्बद्ध शोधप्रश्नहरूका समाधानार्थ निम्नानुसारको विश्लेषण ढाँचा अँगालिएको छ :

(१) निर्धारित पहिलो शोधप्रश्नअनुसार सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त मूलतः वर्गीय, लिङ्गीय र जातीय परिप्रेक्ष्यमा प्रभुत्वशाली पिँढीमा सिर्जित दबाब र तनावजन्य अवस्थाका विशिष्ट अनुभूतिका संरचनाको विश्लेषणका लागि पिँढी तथा

प्रभुत्वशाली संस्कृति तथा तज्जन्य अनुभूतिको संरचनासम्बन्धी रेमन्ड विलियम्सका अवधारणालाई मूल आधार बनाइएको छ ।

(२) निर्धारित दोस्रो शोधप्रश्नअनुरूप सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीमा निर्मित संरचनाको विश्लेषणका निमित्त रेमन्ड विलियम्सका मूलतः पिँढी एवम् वैकल्पिक/अधीनस्थ संस्कृति एवम् तज्जन्य अनुभूतिको संरचनासम्बन्धी अवधारणालाई आधार बनाइएको छ ।

(३) निर्धारित तेस्रो शोधप्रश्नअनुसार सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीका अनुभूतिका संरचना निर्माणको प्रक्रिया र दबाब तथा तनावजन्य अनुभूतिबाट मुक्त हुन तिनले गरेका प्रयासको विश्लेषणका लागि रेमन्ड विलियम्सका मूलतः पिँढी र उदीयमान संस्कृति एवम् तज्जन्य अनुभूतिको संरचनासम्बन्धी अवधारणालाई आधार बनाइएको छ । त्यसै गरी उदीयमान पिँढीमा प्रतिरोधी चेतमा निःसृत अनुभूतिका संरचनाले सङ्केत गरेको सामाजिक परिवर्तन प्रक्रियाको समीक्षाका लागि विलियम्सको उदीयमान संस्कृतिबारेको मान्यता एवम् लेखकगत प्रजाति, समय एवम् राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक परिवेशको पृष्ठभूमिमा निर्मित लेखकीय अनुभूति तथा विचारधारालाई पनि आधार बनाइएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धको रूपरेखा यस प्रकार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक अवधारणा

तेस्रो परिच्छेद : सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

चौथौ परिच्छेद : सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना

पाँचौँ परिच्छेद : सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना

छैटौँ परिच्छेद : सारांश तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भसामग्रीसूची

# दोस्रो परिच्छेद

# अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक अवधारणा

## २.१ विषयप्रवेश

प्रस्तुत शोधप्रबन्धमा सामाजिक यथार्थवादी नेपाली उपन्यासहरूको समाजशास्त्रीय विश्लेषणका लागि रेमन्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी अवधारणालाई मूल आधार बनाइएको छ । साहित्यमा अभिव्यक्त अनुभूतिको संरचनाको अध्ययन साहित्यको समाजशास्त्रीय विश्लेषणका विविध पद्धतिमध्ये एक हो । यसअनुसार समाजको स्वरूप तथा संरचना, वर्ग, पिँढी तथा समुदायका अनुभूतिगत अवस्था, तिनले संवहन गर्ने मूल्य र त्यसमा आउँदै गरेको परिवर्तनसमेतको खोजी तथा पहिचानको अध्ययन हुन्छ । कालखण्डविशेषका सामाजिक संरचनामा विद्यमान पिँढी/समुदायहरूमा निर्मित अनुभूतिको संरचनाले स्पष्ट अभिव्यक्ति पाएका यथार्थपरक साहित्यले समयविशेषको सामाजिक संस्कृतिलाई राम्ररी वहन गरेका हुन्छन् । प्रस्तुत शोधकार्य साहित्यमा अभिव्यक्त अनुभूतिको संरचनाको अध्ययनमा केन्द्रित भएकाले सर्वप्रथम यस सम्बन्धी विलियम्सको प्रमुख अवधारणालाई प्रस्ट पार्नु आवश्यक छ । यस क्रममा अनुभूतिको संरचनाको निर्माणमा पृष्ठभूमिका रूपमा रहेका सामाजिक संरचनाको खोजी आवश्यक भएको हुँदा त्यसका निमित्त सामाजिक संरचनासम्बन्धी विलियम्सको सांस्कृतिक भौतिकवादसँग सम्बद्ध मान्यतालाई पनि प्रस्तुत गर्दै त्यसपछि क्रमशः संस्कृतिका रूपहरू, प्रभुत्वको अवस्थिति र प्रक्रिया, पिँढी एवम् समुदाय तथा दबाब र तनावजन्य स्थितिमा सिर्जित पिँढीगत अनुभूतिको संरचनासम्बन्धी विलियम्सका मान्यताहरूलाई प्रस्तुत गरिएको छ ।

## २.२ समाजशास्त्रीय सन्दर्भमा अनुभूतिको संरचना

'अनुभूतिको संरचना' रेमन्ड विलियम्सद्वारा संस्कृतिको विश्लेषणार्थ प्रतिपादित सैद्धान्तिक अवधारणा हो । बेलायतको वेल्सस्थित मजदुर परिवारमा जन्मिएका विलियम्सको सांस्कृतिक चेतको विकास मजदुर जीवनका भोगाइ, सङ्घर्ष र आन्दोलनको पृष्ठभूमिबाट भएको हो । बेलायती समाज तथा संस्कृतिको प्रत्यक्ष अवलोकन र अङ्ग्रेजी साहित्यको गहिरो अध्ययनबाट खारिँदै अगाडि बढेका विलियम्सको मूल योगदान संस्कृति केन्द्रित छ । साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा समाजसँग संस्कृतिको सजीव एवम् सिर्जनात्मक सम्बन्धलाई पहिल्याउँदै उनले अनुभूतिको संरचनासम्बन्धी अवधारणाको विकास गरेका हुन् ।

विलियम्सले 'अनुभूतिको संरचना' (स्ट्रक्चर्स अफ फिलिङ) पदावलीलाई सर्वप्रथम प्रयोग *प्रि फेस टु फिल्म एन्ड ड्रामेटिक ट्रेडिसन्स* (सन् १९५४) मा गरेका हुन् । उनले यसबारे *कल्चर एन्ड सोसाइटी* (सन् १९५८) मा छिटपुट चर्चा गर्दै विस्तारपूर्वक चर्चा भने *द लङ रिभुलुसन* (सन्

१९६१) मा गरेका छन् । साहित्यिक विश्लेषणमा यस अवधारणाको संयम प्रयोग *द कन्ट्री एन्ड सिटी* (सन् १९७३) मा गरेका छन् र *मार्क्सिज्म एन्ड लिटरेचर* (सन् १९७७) मा उनले यस अवधारणा बारेको परिष्कृत दृष्टिकोण अगाडि सारेका छन् । उनका पछिल्ला कृतिहरू *पोलिटिक्स एन्ड लेटर्स : इन्टरभ्यु विथ न्यु लेफ्ट रिभ्यु* (सन् १९७९) पुस्तकमा पनि अनुभूतिको संरचना बारेको विस्तृत छलफल प्रस्तुत छ भने *कल्चर एन्ड मेटरालिज्म* (सन् १९८०) पुस्तकमा पनि यस अवधारणा बारे चर्चा गरेका छन् । यसप्रकार विलियम्सले यस अवधारणालाई निरन्तर परिष्कार र परिमार्जन गर्दै विकसित गरेका छन् ।

*प्रिफेस टु फिल्म एन्ड ड्रामेटिक ट्रेडिसन्स* (सन् १९५४) कृतिमा फिल्मको प्रस्तावनाका सन्दर्भद्वारा विलियम्सले पहिलो पटक 'अनुभूतिको संरचना' सम्बन्धी अवधारणालाई अगाडि सारेका छन् । उनका अनुसार एउटा अवधिको अध्ययनमा समग्रताका सबै तत्त्वहरूसँग कलाको सम्बन्धलाई मापन गर्नुपर्दा त्यस समयको धेरथोर भौतिक जीवन, सामाजिक सङ्गठन र धेरै हदसम्म प्रमुख विचारहरूलाई पुनः निर्माण गरिन्छ । त्यस क्रममा कलाकर्मसँग सम्बन्धित कुनै भागलाई समग्रतासँग जोडेर हेरिनु उपयोगी हुन्छ । त्यतिखेर त्यहाँ अझैं त्यस्तो केही बाँकी रहेको तत्त्व प्राप्त हुन्छ जसको समकक्षी पाउन गाह्रो हुन्छ । त्यस तत्त्वलाई उनले एक अवधिको 'अनुभूतिको संरचना' नाम दिएका हुन् जसलाई कलाकर्ममा अभिव्यक्त अनुभवका माध्यमबाट मात्र प्राप्त गर्न सकिन्छ (सन् १९७९, पृ.१२१) । यस परिभाषामा विलियम्सले 'अनुभूतिको संरचना' निर्माणका क्रममा अनुभवको भूमिकामा बढी जोड दिएका छन् । साथै, उनले अनुभूतिले संरचनाको रूप प्राप्त गर्ने आधार कलाकृति भएको प्रस्ट पारेका छन् । *द लङ रिभुलुसन* पुस्तकमा उनले संस्कृतिको विश्लेषणको एउटा आधारका रूपमा 'अनुभूतिको संरचना'लाई मानवीय गतिविधिका सबैभन्दा नाजुक र कमभन्दा कम मूर्त भागमा रहेर काम गर्ने अनुभूति विशेषका रूपमा प्रस्तुत गरेका छन् । उनले प्रस्तुत पुस्तकमा 'अनुभूतिको संरचना'लाई संरचना जस्तै दृढ र सुनिश्चित रूपमा प्रस्तुत हुने एक अवधिको संस्कृति भएको र सामान्य सङ्गठनका सबै तत्त्वहरूको विशेष रूपको जीवित परिणाम भएको भनी थप प्रस्ट पारेका छन् (सन् १९६५, पृ. ६४) । यसरी उनले संरचनामा अभिव्यक्त अनुभूतिको स्वरूपका सन्दर्भद्वारा अनुभूतिको संरचनालाई परिभाषित गरेका छन् । उनका अनुसार 'अनुभूति'ले 'अनुभव पक्ष' र 'संरचना'ले 'सुनिश्चित रूप'लाई द्योतन गर्दछ । अमूर्त अनुभूतिलाई संरचनामा हेरिनुका दृष्टिले यस पदावली अन्तर्गतका शब्दहरूको संयोजनले अर्थगत जटिलतालाई द्योतन गर्दछ तर विलियम्सद्वारा यस शब्दावलीलाई 'अवधि विशेषको संस्कृति'का रूपमा अर्थ्याइएकाले सरल रूपमा ग्रहण गर्न सकिने स्थिति भने रहेको छ । उनले अनुभूतिको संरचनालाई सांस्कृतिक गठनका सम्पूर्ण तत्त्वहरू सम्मिलित जीवन्त परिणतिका रूपमा हेरेका छन् ।

*द लङ रिभुलुसन*मा विलियम्सले एउटै समयबिन्दुमा समुदायका सबै सदस्यहरूको अनुभूतिको संरचना समान नहुने तथ्यमा पनि प्रकाश पारेका छन् । उनका मतमा यो धेरै विस्तारमा फैलिएको हुन्छ र सबै सञ्चार यसैमा निर्भर रहन्छन् । यो वास्तविक समुदायको धेरै गहिरो र व्यापक अधिकार भित्र पर्दछ जुन मूल्यवान् हुन्छ । उनका अनुसार अनुभूतिका संरचनाका धारकको मृत्युपछि विगतका सन्दर्भका अनुभूतिको संरचनाका धारकलाई चिनाउने आधार अभिलिखित सञ्चार हो । अभिलिखित संस्कृति जस्तै कला/कविता वा पहिरनका ढाँचा, भवन निर्माणको ढाँचा आदिबाट अवधिविशेषको प्रत्यक्ष प्रमाण प्रस्तुत भए जस्तै यसको प्रस्तुति हुँदैन । यो त्यति सजिलै उपलब्ध हुँदैन । त्यस्तै यसका धारकले जीवित साक्षीसँगको प्रत्यक्ष सम्पर्कमा त्यसलाई हटाएको पनि हुन सक्छ । एउटा पिँढीले आफ्नो उत्तराधिकारी पिँढीलाई सामाजिक चरित्र वा सामान्य सांस्कृतिक ढाँचामा प्रशिक्षित गरे पनि नयाँ पिँढीले आफ्नै अनुभूतिको संरचनाको विकास गर्दछन् । प्रत्येक पिँढीले संसारसँगको क्रियाप्रतिक्रियामा आफ्नाआफ्ना अनुभूतिका संरचना निर्माण गरेका हुन्छन् (सन् १९६५, पृ.६५) । प्रत्येक पिँढीका अनुभूतिका संरचना बेग्लाबेग्लै हुन्छन्; एक खास संसारलाई प्रतिक्रिया गर्ने आफ्नै आफ्नै तरिका हुन्छन् । यसलाई व्यवहारमा सजिलै देख्न सकिँदैन ।

विलियम्सले अनुभूतिको संरचना बारेको सैद्धान्तिक प्रस्टता दिने कार्य *मार्क्सिज्म एन्ड लिटरेचर* पुस्तकमा पनि गरेका छन् । उनले यस पुस्तकमा अनुभूतिको संरचनालाई धेरै कोणबाट अर्थ्याएका छन् । उनका अनुसार 'अनुभूतिको संरचना' पदावली जटिल भए पनि 'अनुभूति'लाई पूर्व स्थापित 'विचारधारा' वा 'विश्वदृष्टि' जस्ता औपचारिक धारणाबाट अलग्याउनका लागि उनले यसलाई प्रयोग गरेका हुन् । उनका मतमा यसको वैकल्पिक पदावली 'अनुभवको संरचना' (स्ट्रक्चर अफ एक्सपेरियन्स) हुन सक्ने भए पनि अनुभव विगतसँग सम्बद्ध हुने हुँदा वर्तमानतालाई यस पदावलीले प्रकट गर्न सक्दैन । वर्तमानमा स्थित सामाजिक अनुभवमा आवेग, संवेग, संयम, स्वर जस्ता विशेष तत्त्वहरू, सचेतना र सम्बन्धका अनुभूतिका विशेष तत्त्वहरू सबै पर्दछन् । यो चिन्तन विरुद्धको अनुभूति नभई अनुभूति गरिने चिन्तन हो जुन वर्तमानको व्यावहारिक चेतनामा हुन्छ । विशिष्ट आन्तरिक सम्बन्धमा रहेका तत्त्वहरू एउटा संरचनामा जडित हुन्छन् । अन्तरक्रियाका क्रममा यी तनावसहित हुन्छन् । तथापि यी सामाजिक अनुभव प्रक्रियामै हुन्छन् र प्रायः पहिचान भइसकेका हुँदैनन् । स्थापित सामाजिक अनुभवलाई मोड्ने अवशिष्ट तथा उदीयमान वा पूर्व उदीयमान सामाजिक अनुभवका आधारबाट संस्कृतिमा देखिने परिवर्तनलाई अनुभूतिको संरचनाको परिवर्तनका रूपमा परिभाषित गर्न सकिन्छ (सन् २०१०, पृ. १३२) । उनले अनुभूतिको संरचनाको व्याख्याका क्रममा यसलाई अनुभवसँग सम्बद्ध गराएरै प्रस्ट पारेका छन् । उनका अनुसार मानव संस्कृतिका गतिविधिका तात्कालिक र नियमित अनुभवलाई विगत उत्पादनका रूपमा रूपान्तरण गरेर हेर्ने गरिन्छ जसनुसार प्रायः सामाजिक व्यवहारको र संस्कृतिको वर्णन तथा विश्लेषणलाई अभ्यस्त भूतकालमा अभिव्यक्त गरिन्छ । यसरी अतीतको

अनुभवलाई स्थिर उत्पादनका रूपमा स्वीकार गरिन्छ तथापि उनका अनुसार अनुभव एक निर्माणात्मक प्रक्रिया हो । यसलाई निरन्तरताको अनुभूतिका रूपमा हेरिनु पर्दछ (विलियम्स, सन् २०१०, पृ.१२८) । अनुभूति निर्माणको गतिशील प्रक्रियाबारेको विलियम्सको यस टिप्पणीले समयपरिस्थितिका सापेक्षमा अनुभूतिको संरचनाको विश्लेषण गरिनु पर्ने पक्षको पनि सङ्केत गरेको छ ।

प्रस्तुत पुस्तकमा विलियम्सले पद्धतिगत रूपमा अनुभूतिका संरचनालाई 'सांस्कृतिक परिकल्पना' (कल्चरल हाइपोथेसिस) का रूपमा पनि अर्थ्याएका छन् । उनका अनुसार कृतिमा अभिव्यक्त त्यस्ता सांस्कृतिक तत्त्वहरू पहिचान गर्न सकिन्छ जुन आउँदो एउटा पिँढी वा अवधि विशेषसँग सम्बद्ध छन् । ती वास्तविक संस्कृतिका प्रमाणका रूपमा हुन्छन् । उनले परिकल्पना र कला/साहित्यबिचको घनिष्ठ सम्बन्धमा जोड दिँदै यसलाई उदीयमान संस्कृतिको पहिचानका आधारका रूपमा चिनाएका छन् । यसमा सामाजिक र भौतिक अनुभवका तत्त्वहरू समाविश्ट हुन्छन् जुन जीवन्त छन् र अनुभवगम्य छन् । ती विशिष्टीकृत तत्त्वहरूबाट कालजयी विशिष्ट अनुभूति र विशिष्ट लयलाई स्वागत गर्नुका साथै विशिष्ट प्रकारको सामाजिकताको पहिचानको तरिका फेला पार्न आवश्यक छ। उनका मतमा एक विशिष्ट प्रकारको सामाजिक गठनलाई परिवर्तन हुँदै गरेको अनुभूतिको संरचनाको अभिव्यक्तिका रूपमा देखिन्छ जसलाई जीवन्त प्रक्रियाको धेरै फराकिलो स्वरूपमा अनुभव गरिन्छ (सन् २०१०, पृ.१३२-३३) । उनका अनुसार समाजको यथार्थसँग जोडिएका सामाजिक अनुभूतिहरू जुन प्रक्रियामै रहेका हुन्छन्, सुरुको चरणमा ती वैयक्तिक, अन्तरङ्ग र अव्यक्त तहमा हुन्छन् । पछिल्लो चरणमा भने ती अनुभूतिहरू नयाँ संरचनामा गठन हुन थाल्दछन् । ती उच्चरित नभई, प्रत्यक्ष नभईकन पनि कुनै स्पष्ट दबाब जन्माउने सक्ने स्थितिमा हुन्छन् । समाधानस्वरूप तिनमा प्रभुत्वशाली संस्कृतिका ठाउँमा नयाँ संस्कृतिको विकास गर्ने तत्त्व निहित हुन्छ । त्यसैले अनुभूतिको संरचनालाई समाधानतर्फ उन्मुख सामाजिक अनुभव (सोसल एक्स्पेरियन्स इन सोलुसन) का रूपमा परिभाषित गर्न सकिन्छ भन्ने उनको मत रहेको छ (सन् २०१०, पृ.१३३) । अनुभूतिको संरचनासम्बन्धी उनको यस मतले समाज परिवर्तनको दिशाको पहिचानमा सामाजिक अनुभवको सक्रिय भूमिकालाई सङ्केत गरेको छ ।

विलियम्सका अनुसार सबै कला समकालीन अनुभूतिको संरचनासँग मात्र सम्बन्धित हुँदैनन् । धेरैजसो वास्तविक कलाको प्रभावकारी निर्माण आगतलाई पहिले नै प्रकट गर्दै सामाजिक गठनका प्रभुत्वशाली अथवा अवशिष्ट र मुख्यतया उदीयमान रूपसँग सम्बन्धित हुन्छ । विशेषतः उदीयमान रूपको गठन पुरानो रूपलाई परिमार्जन गर्ने वा अवरोध पुऱ्याउने हेतुका विशिष्ट समाधानसँग सम्बन्धित अनुभूतिको संरचनामा प्रकट हुन्छन् । अनुभूतिको संरचना सुरुमा वैयक्तिक तहमा निःसृत हुन्छ र पछि यो सामूहिक अनुभूतिको रूपमा देखा पर्छ । सामाजिक संरचनामा

विद्यमान भन्दा पृथक् तरिकामा देखा पर्ने यस खाले अनुभूतिको संरचना प्रायः अल्पसङ्ख्यक पिँढीमा सिर्जित हुन्छ । यो पूर्व उदीयमान पिँढी प्रायः आफ्ना उत्तराधिकारी पिँढीसँग धेरै हदसम्म जोडिएको हुन्छ । यो विशेष सम्बद्धताको विशेष संरचनाका रूपमा हुन्छ (सन् २०१०, पृ.१३३-३४) । उनले अनुभुतिको संरचनालाई मूलतः पिँढीगत सन्दर्भमा हेरेका छन् । उनका अनुसार उनको बेलायत केन्द्रित सांस्कृतिक अध्ययनमा वर्गभेदमा देखिने अनुभूतिको संरचनाले जटिल प्रकृतिको अनुभूतिको संरचनाको स्मरण गराएको छ जुन ऐतिहासिक रूपबाट विविध देखिएका छन् । उनले उदाहरणका रूपमा बेलायती समाजका कालखण्ड विशेषका अनुभूतिको संरचनाहरूको चर्चा गर्दै वर्गभेद स्पष्ट छुट्टिने किसिमका अनुभूतिको संरचना, वर्गगठनको मानदण्डभन्दा पर रहेका पिँढीगत अनुभूतिका संरचना तथा नयाँ वर्गको उदयसँग सम्बन्धित अनुभूतिको संरचनाको चर्चा गरेका छन् र यस क्रममा अनुभूतिको संरचना निर्माणको आधारका रूपमा उनले तनावलाई महत्त्वका साथ हेरेका छन् । उनका अनुसार विशिष्ट प्रकारका कलामा स्पष्ट र पहिचान योग्य समाज निर्माणको परिकल्पनाको विशिष्ट अभिव्यक्ति हुन्छ जुन अर्थपूर्ण अनुभूतिको संरचनाका रूपमा प्रकट हुन्छ (सन् २०१०, पृ.१३५) । संरचनाका तहमा प्रकट हुँदा अनुभूतिहरू स्पष्ट रहन्छन् र तत्काल उपलब्ध हुन्छन् । जीवित प्रक्रियामा ती अत्यधिक व्यापक अनुभवयुक्त परिकल्पनात्मक स्वरूपमा हुन्छन् भन्ने विलियम्सको मत रहेको छ । विलियम्सले *मार्क्सिज्म एन्ड लिटरेचर* पुस्तकमा अनुभूतिको संरचनासम्बन्धी अवधारणालाई विभिन्न पदावलीहरू समेतको आधार लिँदै पुनः परिभाषित गरेका छन् र साहित्यको समाजशास्त्रका प्रचलित पद्धतिहरूमाझ यस पद्धतिको महत्त्व र भिन्नतालाई पनि स्पष्ट पार्ने काम गरेका छन् ।

विलियम्सको *कल्चर एन्ड मटेरियालिज्म* पुस्तकमा सङ्गृहीत “लिटरेचर एन्ड सोसियोलोजी” शीर्षकको लेखमा उनले साहित्यको समाजशास्त्रको विकासमा गोल्डमानको विशिष्ट योगदानको स्मरण गरेका छन् र सोही सन्दर्भमा उपशीर्षक दिएरै अनुभूतिको संरचनाको पनि चर्चा गरेका छन् । गोल्डमानको सम्पर्कपछि उनले साहित्यको समाजशास्त्र तथा अनुभूतिको संरचनासम्बन्धी धारणाको विकासमा गोल्डमानद्वारा प्रतिपादित ‘विश्वदृष्टि’ सम्बन्धी मान्यताबाट धेरै कुरा सिक्न सकेको स्वीकारोक्ति प्रकट गरेका छन् (सन् २००५, पृ.२४) । विलियम्सले गोल्डमानको ‘निर्वैयक्तिक संरचना’ सम्बन्धी अवधारणले सामाजिक र साहित्यिक तथ्यहरूलाई प्रस्ट पारेको उल्लेख गरेका छन् । विलियम्सका अनुसार यो सम्बन्ध विषयवस्तु बिचको मात्र नभएर मानसिक संरचनासँग पनि सम्बद्ध छ । यसले विशेष सामाजिक समूहको चेतना र लेखकले सिर्जना गरेको काल्पनिक संसारलाई संयोजन गर्दछ । त्यस्तै उनका मतमा गोल्डमानको ‘आनुवंशिक संरचनावाद’ पनि संरचनाहरूको विश्लेषणमात्र नभएर तिनको ऐतिहासिक संरचना र प्रक्रियासँग सम्बन्धित छ । उनको विश्वदृष्टि सङ्गठित सिद्धान्तका रूपमा रहेको छ । यो सामाजिक समूहको समन्वयबाट वास्तविक चेतनामा सञ्चालित हुन्छ । विलियम्सका मतमा गोल्डमानले ‘विश्वदृष्टि’सम्बन्धी मान्यतालाई अझ आलोचनात्मक बनाउन लुकाजलाई पछ्याउँदै

'वास्तविक चेतना' र 'सम्भावित चेतना' बिचको भिन्नता पहिल्याएका हुन् । कृतिमा 'सम्भावित चेतना' को अभिव्यक्ति अधिकतम छ भने 'विश्वदृष्टि' उच्चतम रहन्छ र त्यो उच्च सुसङ्गत स्तरमा उठ्छ । गोल्डमानको मान्यतामा विश्वदृष्टि सामूहिक रूपमा सामाजिक वर्गद्वारा संरचित हुन्छ जुन लेखकद्वारा व्यक्त गरिन्छ (सन् २००५, पृ.२३) । यसप्रकार विलियम्सले यस पुस्तकमा 'विश्वदृष्टि' सम्बन्धी मान्यताको समीक्षा गर्दै यसका कतिपय पक्षमा प्रभावित रहेर पनि आफू सहमत हुन नसकेका पक्षमा प्रतिक्रियास्वरूप उनले 'अनुभूतिको संरचना' बारेका विचारलाई विकसित गरेको उल्लेख गरेका छन् ।

प्रस्तुत पुस्तकमा विलियम्सले विश्वदृष्टिसँगको अनुभूतिको संरचनाको पार्थक्यलाई पनि प्रस्तुत गरेका छन् । साहित्यको वास्तविक संरचना विश्वदृष्टि तथा यसको प्रक्रियाबाट टाढा छ । विश्वदृष्टि समकालीन संस्था र विश्वासहरू तुलनात्मक रूपमा सङ्गठित र सुसङ्गत संरचनामा हुन्छ तर साहित्यमा अन्तर्निहित र निर्माणात्मक संरचनाहरू एकसाथ अनुभूति र प्रक्रियामा हुन्छन् । जस्तो नाटकीकरणका प्रक्रियामा तथा आख्यान रचनामा संरचनात्मक तत्त्वहरू सामाजिक जीवन तथा विश्वासहरूसँग सम्बद्ध भई एकसाथ वास्तविकतामा प्रकट हुन्छन् । अनुभूतिको संरचनामार्फत काल्पनिक कार्यहरू काल्पनिक विधिमा, विशिष्ट र वास्तविक अर्थलाई द्योतन गर्दै अभूतपूर्व रूपमा सङ्गठनमा विविध ढङ्गमा प्रस्तुत हुन्छन् । यसरी विलियम्सका अनुसार प्रत्येक लेखक स्वयं तात्कालिक इतिहास हुँदाहुँदै पनि तिनले काल्पनिक विकल्प खोज्नुका कारणले नै तिनका कार्य रचनात्मक हुन जान्छ । यसरी एक ऐतिहासिक अवधि विशेषको विशिष्ट समुदाय अनुभूतिको संरचनामा दृश्य रूपमा प्रत्यक्ष हुन्छ । विलियम्सका मतमा यद्यपि त्यो लेखकको मौलिक छनोटको रचनाको रूपमा हुन्छ तथापि त्यो व्यवहार्य मात्र नभई सामाजिक अनुभवको जीवित परिणाम पनि बन्दछ । नयाँ प्रकारका सक्रिय प्रतिक्रियाका धेर नजिकका तरिकाहरूमा, नयाँ सामाजिक गतिविधिहरूमा र मानिसका व्यक्तिगत जीवनका बारेमा यसले अधिक सुलभ प्रमाण प्रदान गर्दछ । यो विशिष्ट गठनमा हुन्छ र यो आफ्ना तरिकामा पूर्ण र स्वायत्त हुन्छ (सन् २००५, पृ.२४-२५) । विश्वदृष्टि र अनुभूतिको संरचना समानार्थी रहेको भन्ने आलोचनाको पनि खण्डन गर्दै यसप्रकार विलियम्सले आफू लुकाच र गोल्डमानका धारणाहरूबाट परिचित भएपछि आफूले अनुभूतिको संरचनासम्बन्धी धारणालाई परिष्कृत गरेको भए पनि यो अरू धारणाभन्दा भिन्न रहेको स्पष्ट पारेका छन् । उनका विचारमा सामाजिक स्तरमा केही यस्ता स्थितिहरूको अनुभव हुन्छ जुन अझै विचारधाराको अङ्ग बनिसकेका हुँदैनन् । अनुभूतिको संरचनाले वैयक्तिकतासँगसँगै सामाजिक स्तरका त्यस्ता अनुभवलाई पनि सङ्केत गर्दछ (पाण्डेय, २०७३, पृ.३५) । अतः विचारधारा बन्नुपूर्वको वैयक्तिक तहका सामाजिक अनुभवलाई मानवीय विशिष्ट अनुभूतिले वहन गरेको हुन्छ ।

विलियम्स कल्पनालाई मानवीय अनुभवमा सहायक र रचनामा त्यस अनुभवलाई सङ्गठित रूपमा आकार दिने शक्तिका रूपमा स्विकार्दछन्। उनका अनुसार अनुभूतिको संरचनाको धारणामा कल्पनाको सिर्जनशीलताको व्याख्याका लागि ठाउँ हुन्छ तर गोल्डमानको विश्वदृष्टिको धारणामा कल्पनाको सिर्जनशीलता अपेक्षाकृत उपेक्षित हुन्छ। यसरी विलियम्सले अनुभूतिको संरचनालाई विश्वदृष्टिबाट अलग रूपमा पहिचान दिने आधार वैयक्तिकता र कल्पना भएको चर्चा गरेका छन्। उनको अनुभूतिको संरचनासम्बन्धी यस मान्यतामा साहित्यमा कल्पना तत्त्वको विशिष्ट भूमिकाको पनि उच्च मूल्याङ्कन भएको छ। विलियम्सको अनुभूतिको संरचनासम्बन्धी धारणा निर्माणको मूलस्रोत एफ. आर लिविस र स्क्रुटनी सम्प्रदायको साहित्य विषयक चिन्तन रहेको छ। अनुभवमा जोड दिने विलियम्सको साहित्यिक चेतनामा स्क्रुटनी प्रभाव रहेको छ। त्यस्तै, विलियम्स पनि लिविसले झैं आलोचनामा कृतिको अन्तर्वस्तुको व्याख्या हुनु पर्नेमा जोड दिन्छन्। उनको अनुभूतिको संरचना को अवधारणा र इलियटको संवदेनशीलता सम्बन्धी धारणामा धेरै समानता रहेको छ। दुवै अवधारणा पिँढीसँग जोडिएका छन् (पाण्डेय, सन् १९८९, पृ.१८२-८३)। अनभूतिको निर्माणमा संवेदनशीलताको प्रभाव उल्लेख्य हुने तथ्य पनि यहाँनेर महत्त्वपूर्ण छ।

विलियम्सले *मार्क्सिज्म एन्ड लिटरेचर*मा अनुभूतिको संरचनाको विकास र परिवर्तनलाई प्रयत्नयुक्त प्रक्रिया नभई अचानक एवम् अचेतन स्तरमा हुने गतिशील प्रक्रिया भएको उल्लेख गरेका छन्। उनका विचारमा अनुभूति अचेतन क्रियाद्वारा सञ्चालित हुँदै अनायास सिर्जना हुने भए पनि लेखक वा सर्जकहरू यसको वास्तविकताप्रति सचेत हुन्छन् जसलाई संरचनाको स्वरूपमा चित्रित गर्दछन्। उनको भनाइमा यो सिकेर होइन, पिँढीगत रूपमा सहज ढङ्गले प्राप्त हुन्छ। विलियम्सले मार्क्सवादी आलोचनामा रचनाको आत्मपरक र वैयक्तिक पक्षलाई उपेक्षा गरिने प्रवृत्तिको विरोध गरेका छन्। उनका अनुसार 'विश्वदृष्टि', 'विचारधारा' वा 'वर्गदृष्टि' जस्ता अवधारणाले रचनाको जीवन्त अनुभव पक्षलाई उपेक्षा गर्दछ। कतैकतै रचनामा सचेत विचारधारा र नयाँ अनुभवका बीच तनाव पनि पाइन्छ। यसरी स्थापित व्याख्या र व्यावहारिक अनुभवबिच बारम्बार तनाव हुन्छ। यी सबैको व्याख्या अनुभूतिको संरचनाको सहयोगले गर्न सकिन्छ। अनुभूतिको संरचनाले वैयक्तिकताका ससाथमा सामाजिकतालाई पनि सङ्केत गर्छ। प्रायः जीवन्त स्वरूपका व्यावहारिक चेतना आधिकारिक चेतनाभन्दा फरक हुन्छ। यसलाई सापेक्ष स्वतन्त्रता वा नियन्त्रणको विषयका रूपमा मात्र हेरिनु हुँदैन (सन् २०१०, पृ.१२९-३०)। अनुभूतिको संरचनाले वैक्तिकताका साथमा सामाजिकतालाई पनि सम्बोधन गर्ने सन्दर्भ साहित्यको समाजशास्त्रीय अध्ययनमा महत्त्वपूर्ण देखिएको छ।

विलियम्सले अनुभूतिको संरचनासम्बन्धी अवधारणा साहित्यको समाजशास्त्रीय अध्ययनार्थ विकास गरेका हुन्। साहित्यिक समाजशास्त्रीको कार्य साहित्यमा ऐतिहासिक सामाजिक कार्यको

प्रतिबिम्बन के कसरी भएको छ त्यो पत्ता लगाउनुमात्र होइन; साहित्यमा भित्रिएका वास्तविक मूल्यहरूको प्रकृतिलाई स्पष्ट पार्नु पनि हो । त्यस साहित्यिक कार्यलाई विलियम्सले 'अनुभूतिको संरचना' भनेका छन् (लरेन्सन र स्विङउड, सन् १९७२, पृ.१६) । विलियम्सका विचारमा 'अनुभूतिको संरचना'को प्रत्यक्षीकरणबाट बोध र प्रतिक्रियाको एक साथ प्राप्ति हुनु पर्दछ । महान् साहित्यबाट त्यो प्राप्ति सम्भव हुन्छ (विलियम्स, सन् २००५, पृ.२४) । विलियम्सद्वारा प्रस्तुत यस तथ्यले अरू धेरै आलोचकका विपरीत उनको सामान्य संस्कृतिका तहसम्म पुग्ने उत्सुकतालाई पनि प्रकट गरेको छ (क्विपिङ,, सन् २०१२, पृ.१७५) । विलियम्सको अनुभूतिको संरचना साहित्यबाट संस्कृतिको खोजी हेतु प्रतिपादित अवधारणा हो ।

विलियम्सका आलोचनात्मक कृतिहरू, औपन्यासिक सिर्जनाहरू, संस्कृति विश्लेषणका उनका सैद्धान्तिक अवधारणाहरू लगायतका विविध पक्षमा केन्द्रित रहेर *न्यु लेफ्ट रिभ्यु* पत्रिकाको सम्पादकीय समिति (सदस्यहरू : पेरी एन्डरसन, एन्थनी बार्नेट र फ्रान्सिस मुल्हर्न) ले विलियम्ससँग लिएको प्रश्नोत्तर *पोलिटिक्स एन्ड लेटर्स : इन्टरभ्यु विथ न्यु लेफ्ट रिभ्यु* (सन् १९७९) मा प्रकाशित छ । प्रश्नोत्तरका क्रममा उनको अनुभूतिको संरचनासम्बन्धी अवधारणाका बारेमा पनि विविध आयामबाट गरिएको छलफलको प्रस्तुति रहेको छ । यस मान्यतासँग जोडिएका पक्षहरू अतीत र वर्तमान, अनुभव र अनुभूति, पिँढी र वर्ग जस्ता द्वैध पक्षहरूमा उठाइएका प्रश्नमा विलियम्सले आफ्ना तर्फबाट कतिपय अस्पष्टताको स्वीकार, संशोधनको वचनबद्धता र कतिपय पक्षमा तर्कसहित बचाउ पनि गरेका छन् । कतिपय जीवित साक्षी मौन रहन सक्ने, कतिपय अवस्थामा अनुभूतिको संरचनाको सहज उपलब्धता वर्तमानका तुलनामा अतीतबाट हुन सक्ने, वर्तमान छनोटमा नआइसकेका सांस्कृतिक गतिविधिका विशालता बुझ्न कठिन हुने, वर्तमानको तरलता र अनिश्चितताका कारण निश्चित अनुभूतिको संरचनामा अभिव्यक्ति कमै हुने जस्ता सन्दर्भद्वारा उठाइएका प्रश्नहरूको उत्तरका क्रममा उनले 'अनुभूतिको संरचना' सदैव वर्तमानकालमा अस्तित्वमा रहने कुरा व्याकरणिक हिसाबमा मात्र भएको बताएका छन् । उनले अब यो भनाइ आफूलाई उपयोगी नलागेको स्वीकार गरेका छन् । व्यक्तिका वर्तमानका अनुभूतिको संरचना पत्ता लगाउन सकिन्छ तर सैद्धान्तिक रूपमा यो गर्नु कठिन रहेको पनि उनले स्वीकार गरेका छन् ।

अनुभूतिलाई संरचनामा सही रूपमा ठम्याउन अनुभवको अन्धाधुन्ध प्रवाहबाट जोगिएर मात्र ग्रहण गर्नुपर्छ जुन एकपछि अर्को समकालीन हुँदै जान्छ भन्ने विलियम्सको स्पष्टोक्ति रहेको छ (सन् १९७९, पृ. १२४) । त्यस्तै, उनले अनुभूतिको संरचनाको आफ्नो सुरुको परिभाषालाई अघि सार्दै यो कलागत प्रस्तुतिमा वास्तविक अनुभवका माध्यमबाट साकार हुने तथ्यमा जोड दिएका छन् । उनका अनुसार यसलाई उनले सैद्धान्तिक सन्तुष्टिभन्दा पनि साहित्यिक वा नाटकीय लेखनको वास्तविक परम्परामा उपयुक्त ठानेको स्वीकार गरेका छन् (सन् १९७९, पृ.१२१) उनले

यस अवधारणालाई सुरुदेखि नै आन्तरिक कार्यका सन्दर्भमा प्रयोग गरिएको र ऐतिहासिक तथा सामाजिक सम्बन्धमा ध्यान केन्द्रित गर्ने उद्देश्यमा योजना गरिएको बताएका छन् । उनी अनुभवको त्यस पक्षमा जोड दिन चाहन्छन् जुन वास्तवमै धेरै फराकिलो छ; जसमा अचानक एक यस्तो अर्थपूर्ण तथ्याङ्क फेला पर्छ जुन व्यक्त रूपमा रहन्छ; जसले भावी स्थितिलाई व्यक्त गर्न सक्छ । त्यस रूपलाई उनले पूर्व उद्भव/पूर्व उदीयमान (प्रि इमर्जेन्ट) नाम दिएका छन् । उनका अनुसार त्यसका साथमा अर्कोतिर परम्परित वा प्रभुत्वशाली रूप हुन्छ जुन समाजमा थिचोमिचोमा परेका अधीनस्थ समूहका लागि अवरोधका रूपमा रहन्छ । यस सन्दर्भमा विलियम्स अनुभूतिको संरचनालाई शब्दमा अव्यक्त अनुभवको बराबरीमा मान्नु जोखिम हुने बताउँछन् । यसरी उनले कलामा पूर्व अनुभवका रूपमा अभिव्यक्ति पाइसकेका अनुभूतिभन्दा व्यक्त हुनै बाँकी अनुभव भिन्न हुन्छ भन्ने कुरा बुझाउने प्रयास गरेका छन् । उनकै अनुसार पनि सामान्यतया चाहिने भन्दा बढी नै साहित्यिक अभिव्यक्ति रहे पनि त्यहाँ मौनताको विशाल क्षेत्र रहेकै हुन्छ जुन मौनतालाई वास्तविक धारकबाहेक अरू मानिसको अनुभूतिको संरचनाले भरण गर्न सक्दैन (सन् १९७९, पृ.१२४-२५) । उनको यस कथनमा अनुभूतिको संरचनाको सहज उपलब्धतामा कठिनाइ रहने स्वीकारोक्ति प्रकट छ ।

विलियम्सले अनुभूतिको संरचनाको विवेचनाका क्रममा विचारलाई भन्दा अनुभूतिलाई, वर्गलाई भन्दा समुदायलाई र सामाजिक संरचनालाई भन्दा बढी पिँढीलाई जोड दिएका छन् जसको आलोचना पनि भएको छ । त्यस्तै, उनको यो अवधारणा पिँढीकेन्द्रित रहेको र कालविशेषका सामाजिक संरचनामा रहेका वर्गबहुलताका परिप्रेक्ष्यमा वर्गभिन्नताका फरकफरक अनुभूतिलाई सम्बोधन गर्न नसकेको आरोप पनि रहेको छ । यस सन्दर्भमा विलियम्सले उनको यस अवधारणाको घनिष्ठता समाजमा अभिव्यक्त नयाँ सांस्कृतिक कार्यसँग रहेको बताएका छन् जुन सांस्कृतिक पिँढीसँग सम्बद्ध हुन्छ । उनका अनुसार पिँढीविशेषको वास्तविकद जीवनको लगभग एक दशकको गतिविधिसँग जोडिएका जीवनानुभव बल्ल अनुभूतिको संरचनाका रूपमा अभिव्यक्त हुन थाल्दछ । तथापि उनले वर्गभेद स्पष्ट प्रकट रहेको समाजको परिप्रेक्ष्यबाट वर्गबहुलताको अन्तरलाई उपयोग गर्दै वर्गगत अनुभूतिको संरचनाको खोजी गर्न सकिने स्थितिलाई स्वीकार गरेका छन् (सन् १९७९, पृ.११९-२०) । विलियम्सको अनुभूतिको संरचनाका अवधारणाले वर्गसङ्घर्ष र सांस्कृतिक सङ्घर्ष दुवैलाई समेट्न सकेको छ । ती सङ्घर्षहरू तब स्पष्ट हुन्छन् जब समाजका फरकफरक समूहका उद्धरणबाट विरोधाभास प्रकट हुन थाल्छ । उनले अनुभूतिको संरचनालाई सामाजिक वर्ग र वर्गबहुलतासँग सम्बन्धित बनाउन सकेका छन् ( लङ्हर्स्ट, सन् १९९१, पृ.२३३) । यसरी अनुभूतिको संरचनासम्बन्धी अवधारणा विकासको पछिल्लो चरणसम्म आइपुग्दा विलियम्सले यस अवधारणा अनुरूप साहित्यिक विश्लेषणको दायरालाई अझ फराकिलो बनाएका छन् ।

बेन हाइमोरका अनुसार आधुनिक युवाका अनुभूति वा वर्तमानमा प्रचलित भन्दा बाहिर रहेका वैकल्पिक अनुभूतिले वर्गीय अनुभूतिलाई अझ जटिल बनाउँछ । कहिलेकाहीँ युवाका वर्तमान अनुभूति पुनः पहिलेकै ढाँचाकाँचामा पनि प्रकट हुन्छन् । हाइमोरको दावी के रहेको छ भने अनुभूतिको संरचनाले संवेदनशील संसारलाई प्रकट हुने अनुमति दिएर सामाजिक अनुभवलाई अझ स्पष्ट रूपमा ऐतिहासिकता प्रदान गर्न मदत गर्छ । यसको सम्बद्धता भने चालु संसारकै जीवनसँग हुन्छ जसका अनुभूति र स्वादले यसै संसारको क्रियाकलापको सम्पर्कमा पुऱ्याउँछ जसद्वारा यही जीवन र यही समय प्रस्तुत हुन्छ; अर्को जीवन र अर्को समय होइन (सन् २०१५, पृ.४) । बेन हाइमोरको यस दावीले विलियम्सको 'अनुभूतिको संरचना' को वर्तमानको अवस्थितिलाई नै जोड प्रदान गरेको छ । उनले विलियम्सद्वारा प्रतिपादित 'अनुभूतिको संरचना' तथा 'सांस्कृतिक भौतिकवाद' सम्बन्धी अवधारणाको समन्वयलाई महत्त्वका साथ हेरेका छन् । उनका अनुसार विलियम्सबाट सांस्कृतिक ऐतिहासिकतालाई विश्वको भौतिकतासँग जोडेर सांस्कृतिक अनुभूतिको अन्वेषण र विश्लेषणको कार्य भएको छ (सन् २०१५, पृ.५) । हाइमोरका मतमा विलियम्सका आत्मकथनात्मक अनुभूतिका संरचना सबैभन्दा स्पष्ट रूपमा उपन्यासमा अभिव्यक्त भएका छन् । विलियम्स भौतिक रूपहरूलाई विशिष्ट अनुभूतिका जीवित साक्ष्य वा वाहकका रूपमा अघि सार्दछन् ।

हाइमोरका अनुसार सन् १९५९ मा विलियम्सले रिचार्ड होगार्टसँगको कुराकानीमा मजदुर वर्गको मनोवृत्तिको चर्चाका क्रममा मनोवृत्तिका आधारबाट प्रकट हुने अनुभूतिको संरचनालाई उदाहरणार्थ प्रस्तुत गरेका छन् । विलियम्सका मतमा वेल्सका मजदुरहरू खानीका बिचमा रहेर काम गर्नु पर्दा पनि तिनमा निम्नवर्गीय हुनुको कुण्ठा कति पनि नदेखिएको, हीनग्रन्थिले चेतको रूप नलिएको, यस खाले मनोवृत्तिबाट तिनको आत्मविश्वासपूर्ण अनुभूतिको संरचना प्रकट भएको, साथै राम्ररी लगाइएका तिनका पूर्ण पोसाक जुन भौतिक रूप हुन्, त्यसबाट पनि तिनको आफ्नो वर्ग कनिष्ठ नरहेको अनुभूति प्रकट भएको छ । यस सन्दर्भद्वारा विलियम्सले पदार्थगत भौतिक संस्कृति पनि अनुभूतिको प्रसारणमा उपयोगी तरिका रहेको चर्चा गरेका छन् । यसरी पोसाक वा फर्निचरभित्र निर्धारित रहेका वाहकका अनुभूतिहरू शब्दमा देख्न सम्भव नभए पनि तिनको धारण, रखाइ वा प्रस्तुतिबाट पनि अनुभूतिको संरचना प्रकट हुने अवस्थालाई दर्साएका छन् । यहाँनेर सामाजिक दृष्टिकोण र संरचनात्मक संवेदनशीलताको स्पष्ट आधार भाषाबिनाको भौतिकताद्वारा प्रकट अनुभूतिको संरचना भएको छ (सन् २०१५, पृ.१३) । विलियम्सको अनुभूतिको संरचनासम्बन्धी अवधारणाबाट संस्कृतिको भौतिकवादी विश्लेषण सम्भव छ । हाइमोरका विचारमा यस अवधारणाको जराका रूपमा मानवशास्त्र र समाजविज्ञान रहेको छ जसका आधारमा भौतिक संसारसँग जोडिएका ऊर्जा र त्यसका स्वरलाई समेत वर्णन गर्न सकिन्छ (सन् २०१५, पृ.२२) । साहित्यमा अभिव्यक्त सांस्कृतिक भौतिकवादको अध्ययनमा यो पक्ष उल्लेख्य रहेको छ ।

टेरी इगल्टनले *क्रिटिसिज्म् एन्ड आइडोलोजी* पुस्तकमा विलियम्सले साहित्यको समाजशास्त्र, अङ्ग्रेजी भाषा साहित्यको अध्ययन, राजनीति तथा सञ्चारको अध्ययन जस्ता बहुबिध क्षेत्रमा पुऱ्याएको उच्च योगदानको चर्चा गरेका छन् र यस आधारमा उनी जर्ज लुकाज र बेन्जामिन तुल्य रहेको पनि उल्लेख गरेका छन् (सन् १९७६, पृ.३६)। इगल्टनले विलियम्सको 'अनुभूतिको संरचना' को अवधारणालाई भने 'विचारधारा'को प्रभावबाट निर्दिष्ट भनी आलोचना गरेका छन् (सन् १९७६, पृ.३३)। कतिपय आलोचकहरूबाट यस आरोपलाई सामना गर्दै रहँदा विलियम्सले *मार्क्सिज्म एन्ड लिटरेचर* पुस्तकमार्फत यो आरोपको खण्डन गरेका छन्। उनका अनुसार यो शब्दावली कठिन छ तर अनुभूतिको संरचनालाई 'विश्वदृष्टि' वा 'विचारधारा' जस्ता अधिक औपचारिक अवधारणाभन्दा भिन्न छ भन्नेमा जोड दिनका लागि उनले यो पदावली छनोट गरेका हुन्। यसलाई पहिचान गर्न औपचारिक रूपमा आयोजित र व्यवस्थित विश्वासभन्दा पर जानै पर्दछ। यद्यपि यो मानवीय व्यवहारमै अन्तर्निहित छ तथापि यसको अभिप्राय त्यस्ता मूल्य र अर्थसँग छ जुन सक्रिय रूपमा जीवन्त छन् एवम् अनुभूत छन्। अतः उनका अनुसार 'अनुभूतिको संरचना' एवम् 'विचार' वा 'चिन्तन' समान होइनन्। यसमा चेतना र सम्बन्धलाई प्रभावित पार्ने विशिष्ट तत्त्व हुन्छ जुन विचारका विरुद्ध हुँदैन, बरु यो अनुभूत चिन्तन र चिन्तनमय अनुभूति हो (सन् २०१०, पृ. १३२)। उनले अनुभूतिको संरचनालाई चिन्तनको उत्पादनका रूपमा हेरेका छन्।

विलियम्सको अनुभूतिको संरचनासम्बन्धी अवधारणालाई स्टुअर्ट हलले व्यवस्थित अवधारणाका रूपमा अस्वीकार गर्दै अनुभूतिको पनि कुनै संरचना हुन्छ भन्ने प्रश्न खडा गरेका छन्। विलियम्स यस प्रश्नमा के भन्छन् भने जीवनमा अनुभूति संरचनाविहीन हुने भए पनि रचनामा अनुभूति 'संरचना'विना प्रकट हुँदैन। त्यस्तै, उनको यस अवधारणाले अस्पष्ट र अमूर्त भएको आरोप पनि खेपेको छ। विलियम्सका विचारमा अमूर्त र अव्यवस्थित अनुभूतिलाई सर्जकले पहिचानयोग्य संरचनामा भौतिक स्वरूप प्रदान गर्छ तब त्यो स्पष्ट हुँदै मूर्त बन्छ। उनका अनुसार सामाजिक प्रक्रियामा जुन कुरा व्यवस्थाबाट बद्ध र सुनिश्चित हुँदैन, त्यसैबाट कला र साहित्यको वास्तविक अन्तर्वस्तुको निर्माण हुन्छ। उनका अनुसार विश्वास, व्यवस्था वा संस्थाबाट व्यक्त सामान्य सम्बन्ध अर्थात् विचारधाराभन्दा टाढा जुन कुरा चेतनामा हुन्छ, त्यही अनुभूतिको संरचना हो (पाण्डेय, सन् १९८९, पृ.१८४)। यसरी उनले अनुभूति तरल अवस्थामा रहने र यो सतत गतिशील प्रकृतिको हुने भए पनि साहित्यमा यसले स्पष्ट संरचनात्मक स्वरूप धारण गर्ने तर्क अघि सारेका छन्। त्यसै गरी आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक आदि बहुविध परिप्रेक्ष्यमा अनुभूतिको निर्माण हुनेभएको हुँदा यसलाई संरचनाको अनुभूतिका रूपमा पनि हेर्न सकिने अवस्था छँदैछ। उनका मतमा अनुभूतिको अभिप्राय त्यस्ता अर्थ एवम् मूल्यसँग सम्बन्धित हुन्छ जुन वास्तविक जीवनको अङ्ग बनेर रहेको हुन्छ। यो विचारधारा निर्माण हुनुभन्दा अघिको विशुद्ध रूप हो जुन सबैभन्दा महत्त्वपूर्ण हुन्छ। अनुभूति सङ्लिएपछि विचारधाराको निर्माण हुन्छ।

विलियम्सको 'अनुभूतिको संरचना'को अवधारणाले संरचना र संस्थाका शक्तिहरूबिचको त्यो अनिश्चित सन्तुलनलाई सम्बोधन गर्छ जुन सामाजिक प्रक्रियाका शक्ति, इच्छा, अभिप्राय तथा अनुभवजन्य विषयहरूसँग सम्बन्धित हुन्छ । अनुभूतिको संरचनाले मानिसका व्यक्तिगत र आत्मीय अनुभव वा अनुभूतिका साथमा त्यही समयमा विद्यमान सामूहिक र ऐतिहासिक पूर्वाग्रह, अपेक्षा, डर, आकाङ्क्षाका साथै परम्परा संस्था, कानुन तथा सामाजिक संशाधनबिचको विरोधाभासलाई पनि व्यक्त गर्दछ जुन उलङ्घन गरिएका विषयसन्दर्भका सबैभन्दा विस्तारित रूपका हुन्छन् । विलियम्सका लागि अनुभूतिको संरचनाको अवधारणा भनेको कुनै खास ऐतिहासिक संयोजनलाई सजीव पार्ने विशेष र सामान्य बिचको जटिल मध्यस्थतालाई समात्ने प्रयास हो (बेस्ट, सन् २०१२, पृ.१९४) । यसप्रकार विलियम्सको अनुभूतिको संरचना वैयक्तिक र सामाजिक दुवै तहका जटिल सन्दर्भलाई प्रकाशन गर्ने आधार हो ।

विलियम्सले अनुभूतिको संरचनाका तहमा रहने अनुभवको विशुद्ध सामाजिक पक्षमा जोड दिएका छन् । उनका विचारमा यी अनुभवहरू परिभाषीकरण, वर्गीकरण र तर्कसङ्गत बनाउनु पर्ने औपचारिकता र संस्थागत रूप दिनु पर्ने तथा कार्यान्वयनको सीमाङ्कन गर्नलाई पर्खनु पर्ने अवस्थाभन्दा वर रहने भएकाले यी अझ बढी सामाजिक हुन्छन्; जीवन्त रूपका हुन्छन्; उदीयमान र पूर्वउदीयमान भए पनि पहिलेदेखि नै स्पष्ट दबाब दिन र बल प्रयोग गर्न सक्ने अनुभवसहितका पर्याप्त पहिचानको विशेषतासहित आएका हुन्छन् । त्यसैले, विलियम्सले सामाजिक संस्कृतिमा देखिने परिवर्तनलाई उदीयमान र पूर्वउदीयमान अनुभूतिको संरचनासँग सम्बद्ध गरेर हेरेका छन् । यसप्रकार अनुभूतिको संरचनामा देखिने परिवर्तनका सम्बन्ध *मार्क्सिज्म एन्ड लिटरेचरमा* विलियम्स भन्दछन् : "यी न त संस्थाहरू, गठनहरू तथा विश्वासहरूलाई पछ्याउँदै गरिएका गुणात्मक परिवर्तन हुन्, न त समाज र आर्थिक वर्गको भिन्नताका परिणाम नै हुन् । न त यी समाजका सतही वा घटनात्मक साना परिवर्तन हुन् । बरु यी व्यक्तिगत अनुभवको भन्दा सामाजिक अनुभवका सुरुवात हुन्" (सन् २०१०, पृ.१३१-३२) । विलियम्सले अनुभूतिको संरचनामा व्यक्तिगत हुँदै सामाजिक तहबाट प्रकट अनुभवलाई विशेष जोड दिएका छन् । उनको अनुभूतिको संरचनाको अवधारणाअन्तर्गत प्रभुत्वशाली संस्कृति तथा पिँढीगत अनुभूतिको संरचनासम्बन्धी मान्यता ग्राम्चीको प्रभुत्व सम्बन्धी अवधारणाबाट प्रभावित छ । उनका अनुसार कुनै पनि कालखण्डको सामाजिक संस्कृतिको विवेचनाका क्रममा ग्राम्चीको प्रभुत्व सम्बन्धी अवधारणा प्रमुख आधारका रूपमा उपयोग हुन सक्छ । उनले प्रभुत्वलाई जीवन्त प्रक्रियाका रूपमा हेरेका छन् । यसलाई उनले मानवीय अनुभव, सम्बन्ध र गतिविधि बोधको जटिल प्रक्रियाका रूपमा अर्थ्याएका छन् (सन् २०१०, पृ.११२) । प्रभुत्वका कारण सिर्जित मानवीय सम्बन्ध र गतिविधिमा देखिने जटिलतालाई अनुभूतिको संरचनाले सम्बोधन गर्न सक्छ भन्ने विलियम्सको विचार रहेको छ ।

विलियम्सका अनुसार अनुभूतिको संरचना र सामाजिक चरित्रबिच केही पक्षहरूमा मेल रहने हुँदा यो कालविशेषको सामाजिक चरित्रको द्योतक पनि हुन सक्दछ यद्यपि यो कुनै सामाजिक चरित्रभन्दा फरक हुन्छ । यो एउटा कालको समाजमा सर्वत्र एकै समान हुँदैन । यो मुख्य रूपमा प्रभुत्वशाली उत्पादक समूहमा प्रस्ट देखा पर्दछ (सन् १९६५, पृ.८०) । उनका मतमा कालखण्ड विशेषको साहित्यमा त्यसै समयको लोकप्रिय अनुभूतिको संरचनाको सम्बन्धको खोजी संस्कृतिको विश्लेषणका सन्दर्भमा महत्त्वपूर्ण हुन्छ । किनभने अनुभूतिको संरचनाको मुख्य स्वरूप साहित्यमा अभिलिखित हुन्छ जसलाई साहित्यले जीवित राख्दछ । विलियम्सले साहित्य र समाजको सम्बन्धको पहिल्याउन कुनै पनि संस्कृतिभित्रका वास्तविक सम्बन्धलाई प्रकट गर्ने अनुभूतिको संरचना आधार बन्न सक्ने कुरामा जोड दिएका छन् (सन् १९६५, पृ. ८४-८५) । विलियम्सले *द कन्ट्री एन्ड सिटी*मा 'अनुभूतिको संरचना'को अवधारणालाई औद्योगिक कालीन विषयसन्दर्भका उपन्यासहरूको विश्लेषणका क्रममा व्यावहारिक प्रयोग गरेका छन् । *मेरी बर्टन* (सन् १८४८) लगायतका उन्नाइसौँ शताब्दीको मध्यतिरका केही उपन्यासहरूमा अभिव्यक्त औद्योगीकरणले समाजमा ल्याएका नकारात्मक प्रभावको ज्वलन्त वर्णनलाई आधार बनाउँदै विलियम्सले औद्योगिक समाजका तथ्यलाई अनुभूतिको संरचनाका परिप्रेक्ष्यमा विश्लेषण गरेका छन् । उनका अनुसार अनुभूतिको संरचनाबाट सुरु गरिएको *मेरी बर्टन* उपन्यासमा औद्योगिक पीडितका समस्यालाई सहानुभूतिपूर्ण अवलोकन गरिएको छ र समाजको कल्पनाशील पहिचानका आधारमा अनुभूतिको संरचनाको बोध गरिएको छ (सन् २०१७, पृ.१२१-२३) । अतः वर्तमान समाजका सन्दर्भमा पनि पुँजीवादले निम्नवर्गीय जनजीवनमा पारेको दुष्प्रभाव र त्यस विरुद्ध प्रतिरोधचेतलाई साहित्यिक अभिव्यक्ति दिनमा रचनाकारको कल्पनाशीलताको महत्ता बढी हुन्छ ।

विलियम्सले परिवर्तित अनुभूतिको संरचनालाई आधार बनाएर उन्नाइसौँ शताब्दीको पछिल्लो चरण तथा बिसौँ शताब्दीको सुरुको युरोपेली नाटक एवम् अङ्ग्रेजी उपन्यासको विकास र सङ्कटलाई देखाउने प्रयास गरेका छन् । उनका अनुसार औपचारिक विचार र विश्वासका मान्यताहरूमा परिवर्तन आएपछि चेतनाको साधारण इतिहासको निर्माण हुन्छ जुन वास्तविक इतिहाससँग धेरै नजिक रहेको हुन्छ । यसरी वास्तविक र परिवर्तनकारी सामाजिक सम्बन्धमा बाँचिरहेका मान्छेहरूले नै औपचारिक संस्था र सम्बन्धका अधिक मान्यताप्राप्त परिवर्तनलाई ठम्याउँछन् । नयाँ प्रकारका सक्रिय पद्धतिका धेरै नजिकका तरिकाहरूमा यसले नयाँ सामाजिक गतिविधिहरू र मानिसका व्यक्तिगत जीवनका बारेका अधिक सुलभ प्रमाण प्रदान गर्दछ । यो विशिष्ट गठनमा हुन्छ र यो आफ्नो तरिकामा पूर्ण र स्वायत्त हुन्छ । यसै आधारमा उनी कला मानवीय प्राथमिक गतिविधि मध्ये एक भएको र यो अभिव्यक्तिमा सफल अथवा सामाजिक संरचना वा बौद्धिक प्रणालीमा व्यवहार्य मात्र नभई यो एकैचोटि अनुभव र जीवित परिणाम भएको बताउँदछन् (सन् १९७९, पृ.२५) । उनका अनुसार आधुनिक त्रासदी एवम् उपन्यासहरूमा अझै पनि धेरै महत्त्वपूर्ण पक्षहरूमा परिवर्तन भएका छन् जसद्वारा साहित्यकार एवम् समाजलगायतका

धेरै रूपमा देखिएका परिवर्तनलाई पहिचान गर्न सकिन्छ। यसरी जीवनको गतिमा भएको परिवर्तन सम्पूर्ण युगको इतिहासबाट भन्दा पनि कलामा अभिव्यक्त अनुभवका माध्यमबाट ज्ञात हुन्छ (सन् १९७९, पृ.२८)। विलियम्सका अनुसार सामाजिक परिवर्तनको पूर्ण प्रक्रियालाई ठम्याउने सही आधार कलासाहित्य हो।

विलियम्सले *कल्चर एन्ड सोसाइटी* पुस्तक (सन् १९५८) को भूमिकामा अठारौँ शताब्दीको अन्त्यपछिको ब्रिटेनलाई आधार बनाएर औद्योगिक क्रान्तिको परिणामस्वरूप परिवर्तित समाज तथा सामाजिक चेतनाको स्तरको पनि अध्ययन गरेका छन्। यस क्रममा अङ्ग्रेजी समाजको परिवर्तनसम्बन्धी विचार तथा अनुभूतिप्रतिको प्रतिक्रियाबाट अध्ययनलाई अगाडि बढाएका छन्। उनका अनुसार संस्कृतिलाई जीवनको समग्र पद्धतिका रूपमा ग्रहण गर्दै यसअनुरूप विस्तारित संस्कृतिका विचार एवम् यसका विस्तृत प्रक्रियाको पनि परीक्षण गरिनु आवश्यक छ। यस क्रममा सांस्कृतिक विस्तारका परिप्रेक्ष्यमा देखा परेका सामाजिक र आर्थिक समस्याहरूको विस्तृत अध्ययन पनि आवश्यक हुने तथ्यलाई उनले प्रस्ट पारेका छन् (सन् २०१७, XIII-XIV)। विलियम्सले संस्कृति विश्लेषणको आधार मूलतः उपन्यासलाई बनाएका छन्। उनी स्वयम् उपन्यासकार पनि हुन्। उनका *बोर्डर कन्ट्री* (सन् १९६०), *सेकेन्ड जेनेरेसन* (सन् १९६४) तथा *द फाइट फर मनोद* (सन् १९७८) तिनवटै उपन्यासहरू भिक्टोरी कालीन यथार्थ समाजका परिप्रेक्ष्यमा उल्लेख्य छन्। विलियम्सको संस्कृतिको खोजीका लागि अनुभूतिको संरचनासम्बन्धी मान्यताअनुसार सांस्कृतिक उत्पादनलाई ऐतिहासिक स्थितिका आधारमा मात्र नभई पाठक प्रतिक्रियाको सामाजिक र ऐतिहासिक स्थितिका आधारबाट पनि विचार पुऱ्याएर हेर्न सकिन्छ जसनुसारको पाठ्य व्याख्याबाट देखिने परिवर्तनशीलता पनि ठम्याउन सकिन्छ। परिवर्तन महत्त्वपूर्ण अभ्यासको द्वन्द्वात्मक प्रक्रियामा हुन्छ र त्यो गतिशील प्रवाहको निरन्तर स्थितिमा हुन्छ। यस आधारमा सीमान्तीकृत, अधिकारच्युत, अधीनस्थका साथै लिङ्ग, जाति र नस्लका सन्दर्भद्वारा देखिने परिवर्तनको अध्ययन प्रभावकारी हुन्छ (कँवर, सन् १९८८, पृ.५६-५७)। अतः साहित्यबाट समाजको खोजी गर्दा संस्कृतिका सबै आयाममा हुने परिवर्तनतर्फ ध्यान पुऱ्याउनु पर्ने हुन्छ।

विलियम्सका अनुसार अर्थशास्त्रको आधुनिक विकास अनि औद्योगिक समाजको बदलिँदो आयामलाई प्रकाशमा ल्याउने काममा आख्यानको विकसित स्वरूप उपन्यास विधाको केन्द्रीय स्थान रहेको छ। मार्क्सले झैँ विलियम्सले पनि जुनसुकै समाजको सांस्कृतिक आयामलाई निर्धारण गर्ने कारकका रूपमा अर्थतन्त्रलाई मानेका छन्। उनले सांस्कृतिक उत्पादनलाई सामाजिक एवम् भौतिक रूपमा हेरेका छन्। उनका अनुसार सन् १८९० को दशकको युरोपमा पुँजीवादी संस्थाको प्रवेशसँगै औद्योगीकरणले निम्त्याएका नकारात्मक प्रभाव र आर्थिक कारण सम्मिलित तथ्यहरूका साथमा सांस्कृतिक संरचनाका जटिल र परिवर्तनशील समाजशास्त्रलाई तत्कालीन उपन्यासहरूले संवहन गर्न सकेको छ (सन् २०१०, पृ. १३७-१३८)। विलियम्सका विचारमा लेखकलाई संस्कृति र

समाजमा आएको परिवर्तन र तिनबिचको सम्बन्ध बोध हुनुपर्दछ । लेखकले विस्तारित सांस्कृतिक आयामलाई नयाँ तरिकाले बुझ्नु पर्दछ । उनका मतमा कला/साहित्यमा पूर्व सङ्केतको रूप प्राप्त गरेका अर्थसम्बन्धी तथ्यहरू प्रायः नयाँ अनुभूतिका संरचनामा अभिव्यक्त हुन्छन् । ती अनुभूति कल्पनाद्वारा निर्मित नयाँ अनुभूतिको संरचनामा हुन्छन् जसद्वारा सामाजिक परिवर्तनको सङ्केत मिल्दछ (सन्, २०१०, पृ.१३३) साहित्यमा प्रकट अनुभूति र त्यसको भाषिक स्वरूप समाजले लिँदै गरेको दिशालाई पहिचान गर्ने आधार बन्न सक्छ ।

विलियम्सले गतिशील समयसँगै मानिसको शब्दप्रयोगको ढाँचामा आउने परिवर्तनलाई अनुभूतिको संरचनाको परिवर्तनशीलतासँग जोडेर हेरेका छन् । उनका विचारमा शब्दप्रयोगको इतिहासका माध्यमबाट समाजको मात्र होइन, प्रकृतिसँगको मानिसको बदलिँदो सम्बन्धको इतिहासको पनि पहिचान गर्न सकिन्छ । उनका अनुसार भाषा अभिव्यक्तिको साधनमात्र नभएर अनुभवको पनि स्रोत हो । उनी स्वयम्ले इतिहासबोधको आधार साहित्यलाई बनाएका छन् । भाषाको अनुभव तथा अभिव्यक्तिसँगको सम्बन्धले नै समाजसँग साहित्यकारलाई जोडेको हुन्छ (पाण्डेय, सन् १९८९, पृ. १९८) । इगल्टनले विलियम्सद्वारा गरिएको औपन्यासिक विश्लेषणमा *द इङ्लिस नोभेल फ्रम डिकेन्स टु लरेन्स* पुस्तकको उच्च उपयोगितालाई औंल्याएका छन् । इगल्टनका अनुसार विलियम्सका लागि उपन्यास नयाँ अनुभव प्राप्तिका केही माध्यममध्ये एक हो जसद्वारा उनी नयाँ रूप र लयलाई भाषिक माध्यमबाट पहिचान गर्दछन् । उपन्यासमा मानवीय सम्बन्ध र अनुभूतिको अभिव्यक्तिको जीवन्त रचना हुने हुँदा त्यसको अवलोकन गरेर सामाजिक परिवर्तनको क्रमको समेत पहिचान हुन्छ (सन् १९७६, पृ.३४) । विलियम्स स्वयम्ले साहित्यको समाजशास्त्रीय विश्लेषणका क्रममा समाजको परिवर्तन र विकासको पहिचानमा पिँढी तथा समुदाय विशेषको भाषिक व्यवहारको भूमिकाको पनि खोजी गरेका छन् ।

विलियम्सले अनुभूतिको संरचनाको विवेचनाका क्रममा पिँढी तथा समुदायलाई जोड दिँदै समुदायभित्रका व्यक्ति-व्यक्ति, समूह-समूह, पिँढी-पिँढी एवम् वर्ग-वर्गबिचको अन्तर्सम्बन्धको विश्लेषण गरिनु पर्ने धारणा अघि सारेका छन् । उनका अनुसार यो एक प्रकारले समुदायभित्रका व्यक्ति र समूहको अन्तर्क्रियाको अध्ययन पनि हो । यो सामाजिक व्यवस्थाको वास्तविक रूप पहिचान गर्ने अवधारणा हो । उनका अनुसार कुनै पाठलाई अंशमा पूर्ण र पूर्णमा अंश गरी दोहोरो रूपमा हेरेपछि मात्र अनुभूतिको संरचनालाई ठम्याउन सकिन्छ । त्यस्तै यसलाई व्यक्तिगत र सार्वजनिक भनी छुट्याएर हेरिनु हुँदैन । वैयक्तिक र सामाजिक दुवै तहका अनुभवले अनुभूतिको संरचनामा प्रतिनिधित्व गरेका हुन्छन् । यो व्यावहारिक अनुभव र सैद्धान्तिक उपकरण दुवै हो । यो उत्पादन नभई एउटा प्रक्रिया हो । यसबाट साहित्यको विकासप्रक्रिया तथा सामाजिक परिवर्तनको ढाँचासँगको त्यसको सम्बन्धलाई हेरिने हुँदा यो इतिहास मूल्याङ्कन गर्ने साधन पनि हो । यस पद्धतिले पूर्वनिर्धारित पद्धतिलाई विस्थापित गरेर अर्न्तसम्बन्धलाई स्थापित गर्ने हुँदा यो

अन्तर्सम्बन्धित विधि पनि हो । साहित्य विगत वा वर्तमानको कुनै पनि सामाजिक अवस्थाबाट बाहिर हुँदैन । यो अनुभूतिकै संरचनावरिपरि घुम्दछ । अनुभूतिको संरचनाका माध्यमबाट कुनै कालखण्ड विशेषको समाजका समुदायहरूको अन्तर्सम्बन्धको खोजी गर्न सकिन्छ । त्यस क्रममा सिर्जना हुने दबाब र तनाव अनि त्यसले जन्माउने विशिष्ट अनुभूति, त्यसको समाधानको प्रयासमा जन्मने नयाँ अनुभूति सबैको समग्रताको अध्ययन हुने भएकाले यो एक प्रकारले समग्रतावादी पद्धति पनि हो (पाण्डेय, २०७३, पृ.३३-३४) । यसरी विलियम्सले अनुभूतिको संरचनालाई विविध कोणबाट स्पष्ट पार्दै साहित्यको समाजशास्त्रीय विश्लेषणमा यसको उपयोगितालाई स्पष्ट पार्ने प्रयत्न गरेका छन् ।

## २.३ सामाजिक संरचनाबारे सांस्कृतिक भौतिकवादी अवधारणा

सामाजिक संरचनाको स्वरूप पिँढीगत अनुभूतिको संरचना निर्माणको आधार बनेको हुन्छ र पिँढीविशेषका अनुभूतिको संरचनाले पनि सामाजिक संरचनामा परिवर्तन ल्याउने सामर्थ्य बोकेको हुन्छ । त्यसैले यी दुईबिच परस्पर अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यी दुवै साहित्यको समाजशास्त्रीय अध्ययनको विशिष्ट पद्धतिका रूपमा रहेका छन् । समाजशास्त्रीय मान्यताअनुसार समाजको ढाँचा वा बनावट सामाजिक संरचना हो । समाजका विभिन्न अङ्गहरू व्यवस्थित ढाँचामा अन्वय भएर सामाजिक संरचना तयार हुन्छ । यसका प्रमुख स्वरूपहरू परिवार, समुदाय, वर्ग, जाति, प्रजाति, गाउँ, सहर, राज्य आदि हुन् । सामाजिक संरचनाभित्र अन्तर्सम्बन्धमा रहेका यी एकाइहरू परस्पर निर्भरमात्र नभई अन्तर्विरोध र अन्तर्सङ्घर्षसहित जटिल प्रकृतिको दृढ संरचनामा अन्वित हुन्छन् । सामाजिक संरचनाको स्वरूप र यसको परिवर्तन प्रक्रियाबारेको चर्चा रेमन्ड विलियम्सले आफ्ना सांस्कृतिक भौतिकवादी मान्यताअन्तर्गत रहेर गरेका छन् ।

रेमन्ड विलियम्सद्वारा प्रतिपादित संस्कृति विषयक सैद्धान्तिक अवधारणा 'कल्चरल मटेरियलिज्म'का लागि नेपालीमा व्यवहृत पदावली सांस्कृतिक भौतिकवाद हो । यो अवधारणा विलियम्सको संस्कृतिसम्बन्धी तीन दशक लामो सुदीर्घ चिन्तनको पछिल्लो चरणको प्राप्तिका रूपमा रहेको छ । अङ्ग्रेजी समालोचना परम्पराका एफ. आर. लिविस तथा स्क्रुटनी परम्पराको प्रभावबाट क्रमशः मुक्त हुँदै उनी भौतिकवादतर्फ अघि बढेका हुन् । यस सन्दर्भका उनका पछिल्लो समयमा प्रकाशित संस्कृति विषयक कृतिहरू *मार्क्सिज्म एन्ड लिटरेचर* (सन् १९७७), *कल्चर एन्ड मटेरियलिज्म* (सन् १९८०), *कल्चर* (सन् १९८१) तथा *न्यु लेफ्ट रिभ्यु*मा प्रकाशित निबन्धात्मक लेख "द युजेज अफ कल्चरल थ्योरी" (सन् १९८६) उल्लेख्य रहेका छन् । विलियम्सका संस्कृतिको समाजशास्त्र विषयक यी रचनाहरूमा चर्चा गरिएका प्रसङ्गहरू जुन आधुनिक समय सन्दर्भका समाजसँग भौतिक संस्कृतिको सम्बन्धबारेका छन्; ती बदलिँदो सामाजिक संरचनासँग सम्बद्ध छन् । बी.लङहर्स्टका अनुसार विलियम्सका कार्यहरू विभिन्न समयमा फरकफरक दिशामा रहेका छन् । विलियम्स सांस्कृतिक सिद्धान्त विकासका क्रममा सन्

१९४० पछि सुरु भएको प्रथम चरणमा अनुभवका तहमा केन्द्रित रही साहित्यिक विश्लेषणतर्फ प्रवृत्त हुन्छन् । सन् १९५० देखि १९६० को दशकसम्मको मध्य चरणमा आइपुग्दा उनले 'अनुभूतिको संरचना' सम्बन्धी अवधारणासहित साहित्य विश्लेषणको ढाँचाको विकास गरेका छन् । आफ्नो कामको पछिल्लो चरण सन् १९७० देखि उनी सांस्कृतिक भौतिकवादी सिद्धान्तको अभ्यास र विकासमा दत्तचित्त भएका छन् (सन् १९९०, पृ.२३१-३२) । यसप्रकार विलियम्स सांस्कृतिक अनुभववादबाट क्रमशः सांस्कृतिक भौतिकवादतर्फ प्रवृत्त भएका हुन् ।

विलियम्सले *मार्क्सिज्म एन्ड लिटरेचरमा* मार्क्सवादका प्रमुख स्थापना आधार तथा अधिरचनाका सम्बन्धमा आफ्ना फरक मतसहितको संस्कृति विषयक सांस्कृतिक भौतिकवादी दृष्टिकोण अघि सारेका छन् । उनको सांस्कृतिक भौतिकवाद मूलतः संस्कृतिको समाजशास्त्रीय मान्यता हो र यो साहित्यको समाजशास्त्रसँग पनि सम्बद्ध छ । यस मान्यताअनुरूप कुनै पनि कालविशेषको सामाजिक संरचना त्यस समयमा प्रसारित संस्कृतिका भौतिक पक्षसँग सम्बद्ध आर्थिक, राजनीतिकलगायतका यावत् पक्षहरूको समुच्चय हो । यस अनुसार कुनै पनि समयको सामाजिक संरचना मूलतः त्यस समयको सांस्कृतिक स्वरूप एवम् प्रभुत्वको स्थितिसँग सम्बन्धित हुन्छ र सांस्कृतिक समूह विशेषद्वारा निर्देशित हुन्छ (सन् २०१०, पृ.१४५) । *कल्चर एन्ड मटेरियलिज्म* नामक पुस्तकमा विलियम्सले सांस्कृतिक भौतिकवादबारेको विस्तृत वर्णन प्रस्तुत गरेका छन् । उनका अनुसार सांस्कृतिक भौतिकवाद सामाजिक र भौतिक प्रक्रिया तथा विशिष्ट कलाका अभ्यासका रूपमा उत्पादनको भौतिक साधनको सामाजिक प्रक्रियाका रूपमा, भाषाबाट व्यावहारिक चेतना लेखनका विशिष्ट विधिहरू जस्तै यान्त्रिक र विद्युतीय सञ्चार प्रणालीका माध्यमका रूपहरूमा प्रकट हुन्छ (सन् २००५, पृ.२४३) । आधुनिक समयको भूउपग्रहीय सञ्चार प्रणालीसँग जोडिँदै मिश्रित संस्कृतिको उत्पादन, विस्तार, उपभोग अनि त्यसबारेको तात्कालिक प्रतिक्रियामा देखिने सांस्कृतिक रूपसमेतको अध्ययनबाट जटिल सामाजिक संरचनाको पहिचान गर्नमा सांस्कृतिक भौतिकवादसम्बन्धी यो मान्यता उपयोगी रहेको छ (क्विपिङ, सन् २०१२, पृ.१६४) । यो अवधारणा बदलिँदो समयसँगै परिवर्तित सामाजिक व्यवस्थामा देखिने संस्कृतिको उत्पादन र नियन्त्रण, वितरण र त्यसको विस्तार तथा उपभोग पक्षबारेको अध्ययनमा महत्त्वपूर्ण छ ।

विलियम्सले परम्परालाई अर्थ्याउने क्रममा ग्राम्चीको प्रभुत्वको अवधारणालाई उपयोग गर्दै संस्कृतिको राजनीतिक कोणबाट पनि परीक्षण र मूल्याङ्कन गरेका छन् । उनले पुँजीवादी राज्य व्यवस्थाामा पनि प्रभुत्वशाली संस्कृतिको विस्तारमा सत्ताको गहन भूमिका रहने तथ्यलाई प्रस्ट पारेका छन् (सन् १९७३, पृ.११) । ग्राम्चीको प्रभुत्व सम्बन्धी मतअनुसार यो अधिकांश जनतालाई पूर्णतः प्रभावित गर्ने जीवनानुभवको निर्णायक तत्त्व बन्न सक्दछ । यसले समाजको चेतनामा गहिरो स्तरसम्म प्रभाव पार्ने सामर्थ्य राख्छ । विलियम्सका विचारमा आधार र

अधिरचनाले भन्दा बढी स्पष्टसँग सामाजिक अनुभवको वास्तविकतालाई पहिचान गराउन ग्राम्चीको प्रभुत्वसम्बन्धी अवधारणा सक्षम छ (सन् १९७३, पृ.१३) । प्रभुत्व सामाजिक संरचनामा व्याप्त त्यस्तो अनुभव हो जसलाई मूल धारभन्दा भिन्न सामाजिक समूहले पनि सांस्कृतिक समुदाय विशेषद्वारा थोपरिएको अनुभवका रूपमा नभई आफ्नै अनुभव भएको ठान्छन् र त्यो वास्तविक भएको अनुभव गर्छन् । यसरी कुनै पनि सामाजिक परम्परामा प्रभुत्वको विस्तार भइरहेको हुन्छ । साहित्यमा अभिव्यक्त सामाजिक संरचनाको पहिचानका सन्दर्भमा विलियम्सको संस्कृतिको समाजशास्त्रका परम्परासम्बन्धी अवधारणा तथा उनीद्वारा ग्राम्चीको प्रभुत्वसम्बन्धी मान्यतालाई आधार बनाएर गरिएको समाज संस्कृतिको गहन व्याख्या अर्को महत्त्वपूर्ण पक्ष रहेको छ ।

विलियम्सले संस्कृतिको प्रमुख भेदका रूपमा रहेको छनोट परम्पराको संस्कृतिको गहन विश्लेषण गरेका छन् र उदाहरणार्थ उपन्यासको छनोट प्रक्रियालाई अघि सारेका छन् । उनका अनुसार १९५० को दशकमा शैक्षिक प्रकाशनको उद्देश्यका मात्र नभई अरू पनि थुप्रै उपन्यासहरू प्रकाशनमा आएका छन् तर उपन्यास विशेषज्ञले ती सबै पढेका हुँदैनन् । सामान्य पाठकले अझ कम उपन्यासहरू पढेका हुन्छन् । त्यो दशक बितेपछि अर्को छनोट प्रक्रिया सुरु हुन्छ जसनुसार अभिव्यक्तिगत मूल्यका दृष्टिले उल्लेख्य हिसाबका उपन्यास अझ कम मात्रामा छनोट हुन्छन् । क्रमशः पछिल्ला दशकहरूमा नयाँ प्रक्रियासमेतका आधारबाट विशिष्ट उपन्यासहरू निर्धारण हुन्छन् । जब पाँच दशक जति समय व्यतीत हुन्छ तबमात्र छनोट क्रममा निश्चित अर्थात् स्थायी मूल्यसम्म पुग्न सकिन्छ । त्यस लामो प्रक्रियामा बाँचिरहेका सचेत अध्येताबाट यो कुरा अझ प्रस्ट हुन्छ । अतः समाज परिवर्तनको क्रमिक प्रक्रिया ठम्याउन कम्तिमा आधा शताब्दी लामो समयलाई आधार बनाउन आवश्यक हुन्छ । त्यस्तै, उनका मतमा कुनै पनि अवधि विशेषमा कम्तीमा तीन वटा पिँढीहरू सक्रिय रहन्छन् । तिनका आफ्नाआफ्ना अनुभूति रहन्छन् । पिँढीगत अनुभूतिको पहिचानमा छनोट परम्पराको संस्कृतिको अभिलिखित रूपको मात्र नभई अवशिष्ट रूपको पनि योगदान हुन्छ । छनोट परम्पराले एक तहमा सामान्य संस्कृतिको सिर्जना गरेको हुन्छ जुन योगदानबाट आंशिक रूपमै भए पनि मानव विकासको सामान्य रेखा कोर्न तथा आंशिक इतिहासको पुननिर्माण गर्न सकिन्छ (सन् १९६५, पृ.६७-६८) । विलियम्सका अनुसार समाज विकासको ऐतिहासिक परम्परालाई बुझ्न धेरै हदसम्म छनोट परम्पराको निर्धारणलाई ठम्याउन आवश्यक छ ।

विलियम्सले संस्कृतिको विश्लेषणमा 'छनोट परम्परा' र 'सामाजिक परिवर्तनको प्रक्रिया'लाई सम्बद्ध गराएर हेरेका छन् । उनका अनुसार छनोट परम्पराले समाजको विकास रेखालाई अनुसरण गर्छ । समाजको विकास जटिल निरन्तरतामा हुन्छ । भविष्यको कुनै पनि परिस्थितिमा विगतको कार्यको प्रासङ्गिकता अप्रत्याशित रूपमा देखा पर्छ र तिनलाई

पछ्याउनुपर्ने पनि हुन सक्छ । यसका निमित्त शैक्षिक संस्थाहरूलाई स्वाभाविक दबाब रहन्छ तथापि धेरै जसो शैक्षिक संस्थाहरूका गतिविधि अप्रासङ्गिक र बेकारका हुन्छन् । ती समाज विकासको बाधाका रूपमा हुन्छन् । वास्तवमै ती महत्त्वपूर्ण र अग्रणी हुनुको साटो परिवर्तनको प्रतिरोधी रूपमा हुन्छन् । त्यसैले परिवर्तनको आवश्यकता पुरा गर्न नयाँ संस्था चाहिन्छन् । उनका अनुसार छनोट परम्पराको प्रक्रियालाई राम्ररी बुझ्न सक्दा ऐतिहासिक परिवर्तन र उतारचढावको वास्तविक अर्थ प्राप्त गर्न लामो अवधिको अवलोकन गर्नुपर्छ । त्यहाँ स्थायी मूल्यको सराहना गरिएको पाइन्छ । समग्रमा समाजका निश्चित गतिविधिहरूमा सांस्कृतिक परम्परालाई निरन्तर चयन र पुनर्चयनका रूपमा देखिन्छ । विकास चरणका विशेष नयाँ रेखाहरू निरन्तर कोरिँदै लामो शताब्दी निर्माण हुन्छ । त्यसपछि पनि विकासका नयाँ चरणका क्रममा कतिपय परम्परा रद्द गरिन्छन् वा कमजोर बनाइन्छन्; नयाँ रेखा कोरिन्छन् । परम्पराका यस्ता केही परिवर्तनले विगतसम्बद्ध नयाँ रेखा स्थापना गर्न सहयोग गर्छ । तसर्थ समसामयिक संस्कृतिको विश्लेषणमा छनोट परम्पराको महत्त्व विशिष्ट हुन्छ ।

विलियम्सका अनुसार संस्कृतिको विश्लेषणका क्रममा विशेष समकालीन मूल्यहरू जुन हालसम्म विद्यमान छन्, तिनैसँग व्याख्यालाई सम्बन्धित गरिनुपर्छ । तत्कालीन कामका वास्तविक नमुना अन्वेषण गरेर छनोट गरिएका सांस्कृतिक मूल्यका वास्तविक प्रकृतिको साक्षात्कार गर्नुपर्छ । वास्तविक सांस्कृतिक प्रक्रिया उदीयमान स्वरूपमा देखा पर्दछ त्यसलाई ठम्याउन सक्नु पर्छ । उनका अनुसार यदि साहित्य तथा समालोचनामा वर्णन गरिएका समाज संस्कृतिको विश्लेषण व्यवहार्य छ र जीवनशैलीका छुट्टाछुट्टै तत्त्वहरूबिचको सम्बन्धको अन्वेषण भएको छ भने त्यो महत्त्वपूर्ण हुन्छ (सन् १९६५, पृ.६८-७०) । अतः विलियम्सका मतमा सांस्कृतिक मूल्यका वास्तविक प्रकृतिको पहिचानका निमित्त सामाजिक परिवर्तनको सूक्ष्म अवलोकन आवश्यक हुन्छ । यथार्थतः मानिसहरू सामाजिक सम्बन्धको जटिलतामा परस्पर बन्धनमा हुन्छन् । समाजको सदस्यका रूपमा आपसी अन्तर्क्रियाद्वारा समाजको परिवर्तनका कतिपय समान अर्थका क्षेत्रलाई साझा गर्दै तिनले सिकाइ प्रक्रियालाई अगाडि बढाइरहेका हुन्छन् । त्यस क्रममा देखिने परिवर्तन सिङ्गो सामाजिक सङ्गठनको मात्र हुँदैन । प्रत्येक सदस्यको पनि वैयक्तिक तहको सिकाइसँगै फरकफरक दरमा परिवर्तन भइ नै रहेको हुन्छ । त्यस स्थितिमा समाजका प्रत्येक सदस्यहरू परिवर्तनको ढाँचामा सम्मिलित हुँदै समाज परिवर्तनको प्रक्रियामा सहयोग पुऱ्याइरहेका हुन्छन् (सन् १९६५, पृ.४८) । अतः विलियम्सका अनुसार सुरुमा वैयक्तिक तहमा देखिने परिवर्तन क्रमशः सामाजिक तहमा प्रकट हुन्छ ।

विलियम्सका अनुसार संस्कृति र समाजबिचको परिवर्तित सम्बन्धको अध्ययन सांस्कृतिक भौतिकवादी अवधारणाअनुसार हुन सक्दछ । यस सन्दर्भको आफ्नो दृष्टिकोणलाई उनले पछिल्लो रचना *द युजेज अफ कल्चरल थ्योरी* (सन् १९८६) मा अभिव्यक्त गरेका छन् । उनकाा अनुसार

संस्कृतिको कुनै पनि सिद्धान्त सम्बन्धको विशिष्ट तथा परिवर्तनशील सम्बन्धको व्याख्याको सिद्धान्त बनेर नै महत्त्वपूर्ण हुन सक्छ (सन् १९८६, पृ.२०) । विविध मानवीय क्रियाका सन्दर्भमा देखिने परस्परका विशिष्ट र गतिशील सम्बन्ध तथा त्यसमा देखिने परिवर्तनको पहिचान र व्याख्याका निमित्त संस्कृतिको सिद्धान्तको उपयोग हुनुपर्नेमा विलियम्सको जोड रहेको छ ।

निष्कर्षतः सांस्कृतिक भौतिकवादी अवधारणाले मूलतः समाज, संस्कृति तथा साहित्यलाई जोड्ने कार्य गरेको छ । यस अवधारणाअनुसार लामो समयदेखि अस्तित्वमा रहेका र व्यापक रूपमा स्वीकार्य व्यावहारिक मूल्य र मानदण्डहरूका साथै परिवर्तित समयपरिस्थितिसँगै उदीयमान मूल्यहरू संस्कृतिका रूप हुन् । संस्कृति भाषिक व्यवहारका साथै भौतिक पदार्थमार्फत प्रकट हुन्छन् । ती जनआचरणका आधारभूत मान्यतालाई अभिव्यक्त गर्ने साझा अभ्यासका रूपमा हुन्छन् । साहित्यबाट संस्कृति विश्लेषणका क्रममा अर्थशास्त्र र राजनीतिको सम्बन्ध के कस्तो छ; सामाजिक चलनको निर्माण कसरी भइरहेको छ; तिनमा भौतिक संस्कृतिको प्रभाव कस्तो छ; ती विशिष्ट संस्थागत परिस्थितिमा कसरी निर्भर छन्; तिनको साहित्यिक अभिव्यक्ति के कस्तो रहेको छ आदि जस्ता सबै आधारबाट कालखण्डको सामाजिक संरचनामा निहित संस्कृतिको पहिचानका निमित्त विलियम्सको 'सांस्कृतिक भौतिकवाद' विश्लेषणको उपयुक्त ढाँचा हुन सक्दछ ।

## २.४ संस्कृतिका रूपहरू र अनुभूतिको संरचना

संस्कृति केन्द्रित अध्ययन र संस्कृतिको समाजशास्त्रको विकासमा विलियम्स आजीवन समर्पित रहेका छन् । उनले *द लङ रिभुलुसन* पुस्तकमा संस्कृतिको विश्लेषणमा केन्द्रित रहेर गहन विवेचना प्रस्तुत गर्ने क्रममा संस्कृतिलाई समुदायगत तथा पिँढीगत परिप्रेक्ष्यमा पनि हेरेका छन् । यस क्रममा उनले संस्कृतिका प्रचलित परिभाषाका तीन वटा कोटिहरूमा संस्कृतिको आदर्श परिभाषा पहिलो, अभिलिखित संस्कृतिको परिभाषा दोस्रो र संस्कृतिको सामाजिक परिभाषा तेस्रो रहेको चर्चा गरेका छन् (सन् १९६५, पृ.५७) । विलियम्सका मतमा संस्कृति भौतिक, आध्यात्मिक तथा बौद्धिकलगायत जीवनको समग्र पद्धति हो । उनले संस्कृतिको सिद्धान्तलाई जीवनको समग्र पद्धतिका तत्त्वहरू बीचको सम्बन्धको अध्ययन गर्ने सिद्धान्तका रूपमा परिभाषित गरेका छन् (सन् १९६५, पृ.६३) । संस्कृतिमा विगत, वर्तमान र आगत सबै जीवनका सर्वाङ्ग पद्धतिको अभिव्यक्ति हुन्छ । संस्कृतिको निर्माण तथा पुनर्निर्माण जीवित मानिसबाट हुन्छ । यो मानिसद्वारा उत्पादित भएकाले उत्पादनका विधि, प्रभाव, मानवीय, ऊर्जा, अभिलाषा सबै यसमा समाहित हुन्छ ।

विलियम्सले संस्कृतिको विश्लेषणका क्रममा यसका प्रमुख तीन भेदहरू छुट्याएका छन् जसअन्तर्गत जीवन्त संस्कृति, अभिलिखित संस्कृति र छनोट परम्पराको संस्कृति रहेका छन् । उनका अनुसार पहिलोस्तरको जीवन्त संस्कृति कालखण्ड विशेष र स्थान विशेषको जीवित संस्कृति हो जुन समाजका जीवन्त अनुभवका रूपमा हुन्छ । दोस्रो अभिलिखित संस्कृति हो जुन

कलाकृतिदेखि विभिन्न वस्तुहरूमार्फत प्रकट हुन्छ । अभिलिखित संस्कृतिद्वारा समकालीन संस्कृतिको ध्यानपूर्वक अध्ययन सम्भव हुन्छ । यस संस्कृतिले विगतको संस्कृतिको ठुलो क्षेत्र सुरक्षित राखेको हुन्छ जुन वर्तमानमामा जीवित नहुन सक्छन् तथापि तिनबारेका जानकारी मानिसलाई अभिलिखित संस्कृतिबाट उपलब्ध हुन्छ । यसरी समकालीन संस्कृतिको पहिचानको आधार अभिलिखित संस्कृति बन्छ तथापि समकालीन अनुभूतिको संरचनाको प्रकृतिका बारेमा सम्पूर्ण रूपमा बुझ्न भने कठिन हुन्छ जब तात्कालिक जीवित मानिसको सम्पर्कमा रहेका थुप्रै समकालीन सामग्री नष्ट गरिएका हुन्छन् । समकालीन सामाजिक चरित्र, तिनका आदर्श, मूल्य एवम् गतिविधिका ढाँचालाई मानवीय अनुभूतिको संरचना मार्फत ग्रहण गर्न सकिन्छ जुन अभिलिखित स्वरूपमा प्राप्त हुन्छ । पहिलो स्तरको जीवन्त संस्कृति लामो समय अस्तित्वमा रहँदैन तथापि यो सङ्कुचन तरिकामा भए पनि दोस्रो स्तरको अभिलिखित स्वरूपमा समकालीन संस्कृति भएर जीवित रहन्छ । संस्कृतिको अर्को तेस्रो रूप जीवन्त संस्कृति र अभिलिखित संस्कृतिको सम्बन्धबाट बन्छ जुन छनोट परम्पराबाट निर्माण गरिएको हुन्छ । छनोट प्रक्रिया केही हदसम्म जीवित अवधिमै सुरु हुन्छ । छनोट संस्कृतिका केही स्वरूप भने अभिलिखित आधारबाट ग्रहण गरिन्छ । अवधि विशेषका सम्पूर्ण गतिविधिहरूबाट समग्र सङ्गठनलाई प्रतिबिम्बित गर्ने मूल्य र बल प्रदान गरिएका केही निश्चित कुरा छानिएर यो संस्कृति तयार हुन्छ । यसरी छनोट प्रक्रियाद्वारा निर्मित संस्कृतिको स्वरूपमा अभिलिखित रूपको मात्र नभई अवशिष्ट रूपको पनि आंशिक योगदान रहेको हुन्छ । यसप्रकार छनोट परम्पराले एक सामान्य मानवीय संस्कृतिको सिर्जना गर्छ (सन् १९६५, पृ.६७-६८) ।

विलियम्सले समग्र सांस्कृतिक प्रकियामा देखिने परिवर्तनसँग सामाजिक परिवर्तनको क्रमलाई सम्बद्ध गरेर हेरेका छन् । संस्कृति विषयक चिन्तनको सुरुको चरणमा उनले संस्कृतिको अभिव्यक्ति वैयक्तिक तहमा हुने चर्चा गरेका छन् । मध्य चरणमा आइपुग्दा उनले संस्कृतिलाई जीवनको समग्र पद्धतिका रूपमा अर्थ्याएका छन् र संस्कृतिलाई व्यक्तिको जीवनशैली र सामाजिक जीवनका अन्य क्षेत्रको निर्माण प्रक्रियासँग सम्बद्ध गरेर हेरेका छन् । तेस्रो चरणमा भने उनले सामाजिक पदार्थको उत्पादन प्रक्रियाका अभ्यासहरूबाट सांस्कृतिक रूपको निर्माण हुने तथ्यमा जोड दिएका छन् (लङ्हर्स्ट, सन् १९९०, पृ.२३५) । विलियम्सको संस्कृति विषयक निरन्तर चिन्तनको तेस्रो अर्थात् पछिल्लो चरणको उपजका रूपमा सांस्कृतिक भौतिकवादी अवधारणा प्रस्तुत छ ।

संस्कृति र साहित्यसम्बन्धी मार्क्सवादी चिन्तनमा निहित कट्टरता र यान्त्रिकताको आलोचना गर्दै उनले सांस्कृतिक भौतिकवादी दृष्टिकोणको विकास गरेका हुन् । उनले समाज, संस्कृति र साहित्यलाई अन्तर्सम्बन्धको समग्रतामा हेरेका छन् । यिनका एकअर्का बिचको अन्तरङ्ग सम्बन्धमा देखिने जटिलतालाई केलाउँदै उनले आलोचनात्मक कोणबाट संस्कृतिको

परिभाषालाई परिमार्जित स्वरूप दिएका छन् (पाण्डेय, सन् २००२, पृ.२९)। यस क्रममा विलियम्सले *द न्यु लेफ्ट रिभ्यु* पत्रिकामा "बेस एन्ड सुपरस्ट्रक्चर इन मार्क्सिस्ट कल्चरल थ्यौरी" (सन् १९७३) शीर्षकको लेख प्रकाशन गरेका छन् जसमा मार्क्सवादी प्रमुख स्थापना 'आधार र अधिरचना' सम्बन्धी अवधारणाबारे आफ्नो आलोचनात्मक दृष्टि अघि सारेका छन् र लुकाजको 'सामाजिक समग्रता', अडोर्नोको 'मध्यस्थता' तथा ग्राम्चीको 'प्रभुत्व' सम्बन्धी अवधारणाको व्याख्या प्रस्तुत गरेका छन्। यसरी उनले आफ्ना विचारलाई विस्तार र विकास गर्दै र मूलतः ग्राम्चीको प्रभुत्व सम्बन्धी मान्यताबाट विशेष प्रभाव ग्रहण गर्दै संस्कृति सम्बन्धी सैद्धान्तिक प्रतिमान प्रस्तुत गरेका छन् (सन् १९७३, पृ.८)। उनका अनुसार कुनै पनि समाजको एउटा कालविशेषमा व्यवहार, मूल्य तथा अभिप्राय बोकेका फरक फरक संस्कृतिहरू एकसाथ विद्यमान हुन्छन्। एक अर्काको अन्तरसम्बन्धमा रहेका ती संस्कृतिहरूलाई उनले प्रभुत्वशाली परम्पराको प्रधान संस्कृति र त्यसको विकल्प र विरोधी स्वरूपमा रहेको अवशिष्ट तथा उदीयमान संस्कृतिको चिनारी प्रस्तुत गर्दै तिनको विश्लेषण गरेका छन् (सन् १९७३, पृ.१०)। यसरी तीन वटा तहमा रहेका भिन्न-भिन्न संस्कृतिहरू परस्परमा जटिल सम्बन्धमा आबद्ध हुन्छन्।

विलियम्सका अनुसार प्रभुत्वशाली संस्कृतिभन्दा भिन्न अवशिष्ट एवम् उदीयमान संस्कृतिका वास्तविक प्रक्रियाबाट नै प्रभुत्वशाली संस्कृतिद्वारा सूक्ष्म रूपमा प्रसारित प्रभुत्वलगायतका विशेषताहरू प्रकट हुन्छन्। कुनै पनि विशिष्ट संस्कृतिको वास्तविक पहिचानको कार्य त्यससँगै रहेका अरू संस्कृतिका सापेक्षतामा हेरिँदा सम्भव हुन्छ (सन् २०१०, पृ.१२३)। उनले अनुभूतिको संरचनासम्बन्धी अवधारणालाई स्पष्ट पार्ने क्रममा यसलाई जटिल समाजव्यवस्थामा विद्यमान यिनै स्वरूपका सांस्कृतिक भेदहरूसँग सम्बद्ध गरेर हेरेका छन्।

### २.४.१ प्रभुत्वशाली संस्कृति

विलियम्सले संस्कृतिको विश्लेषणका क्रममा प्रभुत्वशाली संस्कृतिका प्रमुख विशेषताहरूमाथि प्रकाश पारेका छन्। उनले ग्राम्चीको प्रभुत्वसम्बन्धी अवधारणालाई मूल आधार बनाउँदै संस्कृतिका स्वरूपहरूको विवेचना गर्ने क्रममा कालविशेषका समाजमा विद्यमान रहने प्रभुत्वशाली संस्कृतिलाई मूलधारमा रहेको पहिलो स्तरको संस्कृतिका रूपमा चर्चा गरेका छन्। उनले संस्कृतिका प्रमुख स्वरूपहरूलाई परिभाषित गर्ने क्रममा प्रभुत्वशाली संस्कृतिलाई मूल्य र अर्थहरूको यस्तो केन्द्रीय, प्रभावकारी र प्रमुख पद्धतिसँग सम्बद्ध गरेर हेरेका छन् जुन सङ्गठित र समाजको जीवन्त भागका रूपमा रहेको हुन्छ। यस सन्दर्भमा आफूले स्थापित गर्न चाहेको सैद्धान्तिक प्रतिमानबारे उनले स्पष्ट पारेका छन्। उनका अनुसार कुनै पनि समाजको एउटा कालविशेषमा व्यवहारहरू, मूल्यहरू र अभिप्रायहरूको एउटा केन्द्रीय पद्धति हुन्छ, जसलाई प्रभुत्वशाली र प्रभावकारी भन्न सकिन्छ। त्यो केन्द्रीय पद्धति भएकाले त्यसका मूल्यका बारेमा कुनै धारणा बनाइरहनु पर्दैन। त्यो प्रत्यक्ष हुन्छ (सन् १९७३, पृ.८-९)। उनले यस प्रभुत्वशाली

संस्कृतिको निरूपण यस संस्कृतिद्वारा प्रसारित प्रभुत्वका आधारमा गरेका छन् । उनका मतमा प्रभुत्व सामाजिक मूल्य र अर्थको व्यवहारबाट अनुभूत हुन्छ । यसले समाजका अधिकांश मानिसमा वास्तविकताको यस्तो बोध पैदा गराउन सफल हुन्छ जुन अनुभूत वास्तविकता निरपेक्ष लाग्दछ; जुन विना समाजका अधिकांश मानिसले आफ्नो जीवनको अधिकांश क्षेत्रमा क्रियाशील हुनै नसक्ने स्थिति हुन्छ । यस प्रधान संस्कृतिको प्रसारणमा प्रायः शिक्षण संस्थाहरू प्रमुख क्रियाशील संस्थाका रूपमा हुन्छन् जसले अहिलेको समयमा आर्थिक र सामाजिक गतिविधि एकसाथ सञ्चालन गरिरहेका हुन्छन् । अतः विलियम्सका अनुसार पनि प्रभुत्व एक सक्रिय प्रक्रिया हो । तर यसको सक्रियताको अभिप्राय यो प्रभुत्वशाली रूप र त्यसका तत्त्वहरूको जटिल संरचना मात्र हैन । यसलाई गहिरिएर बुझ्नाका लागि यसले कस्तो भौतिक अवस्थामा रहेर सांस्कृतिक प्रक्रियामा काम गर्छ भन्ने कुरा पनि बुझ्नु पर्दछ । विलियम्सले सांस्कृतिक प्रक्रियाका जटिलतालाई संस्कृति प्रवाहको परम्परा, संस्कृतिको प्रसारण गर्ने संस्था र सांस्कृतिक स्वरूपको गठन प्रक्रियाका परिप्रेक्ष्यबाट विवेचना गरेका छन् ।

विलियम्सले प्रभुत्वशाली संस्कृतिको महत्त्वलाई स्थापित गर्नमा 'छनोटको परम्परा' को भूमिकालाई पनि औँल्याएका छन् । विभिन्न व्यवहारहरू र ऐतिहासिक स्तरमा सञ्चालित त्यस्तो प्रक्रियालाई उनले विशिष्ट छनोटको परम्पराको रूपमा अघि सारेका छन् जुन प्रभावकारी प्रधान संस्कृतिअन्तर्गत महत्त्वपूर्ण अतीतको रूपमा स्वीकृति प्राप्त गरेको हुन्छ । तथापि यस प्रक्रियामा विशिष्ट छनोटको महत्त्व रहेको हुन्छ भन्ने विलियम्सको मत रहेको छ । उनका अनुसार अतीत एवम् वर्तमानको विशाल क्षेत्रका केही व्यवहार र अर्थलाई आत्मसात् गरेर तिनलाई बल प्रदान गरिएको हुन्छ र केही अरू अर्थ र व्यवहारलाई बेवास्ता गरेर परम्पराबाट बहिष्कृत पनि गरिएको हुन्छ । कतिपयको पुनर्व्याख्या भएको हुन्छ भने कतिपयलाई विकृत तुल्याइएको हुन्छ तर पनि तिनलाई यस्तो रूप प्रदान गरिएको हुन्छ जसद्वारा प्रभावकारी प्रधान संस्कृतिप्रति समर्थन रहिरहोस् र कमसेकम तिनबाट विरोध नरहोस् भन्नेमा ध्यान पुऱ्याइएको हुन्छ (विलियम्स, सन् १९७३, पृ.९) । विलियम्सले प्रभुत्वशाली संस्कृतिलाई विशिष्ट छनोटको परम्परासँग जोड्दै यो कालविशेषको कुनै पनि समाजमा केन्द्रीय धारको रूपमा स्थापित प्रभावकारी प्रधान संस्कृति भएको स्पष्ट पारेका छन् । उनले हरेक समयका समाजमा स्थापित रहेका संस्कृतिगत भेदसँग सांस्कृतिक समूहका रूपमा विद्यमान रहेका पिँढी वा समुदायलाई समन्वय गरेर हेरेका छन् । यसरी समाजको जटिल प्रक्रियामा अन्तर्सम्बन्धमा रहेका विविध संस्कृतिहरूलाई संवहन गर्ने र समाजमा आफ्नो-आफ्नो अस्तित्व कायम राख्न सङ्घर्षरत रहने पिँढीहरूका सन्दर्भमा विलियम्सले प्रभुत्वशाली पिँढीगत वैशिष्ट्यलाई चिनाएका छन् ।

विलियम्सले अवशिष्ट तथा उदीयमान संस्कृतिलाई प्रभुत्वशाली संस्कृतिको वैकल्पिक र विरोधी संस्कृतिका तहमा राखेर व्याख्या गरेका छन् । उनका अनुसार कुनै पनि कालखण्डको

समाजव्यवस्थामा मूलधारको प्रभुत्वशाली संस्कृतिको अवस्थितिसँगै अर्थ र मूल्यको विकल्प, विचार र प्रवृत्तिको विकल्प र जगत्बोधको एक यस्तो विकल्प रहेको हुन्छ जुन प्रभुत्वशाली अथवा प्रधान संस्कृतिअन्तर्गत नै समायोजित भएर रहेको हुन्छ वा त्यसले प्रधान सांस्कृतिक स्वरूपलाई सहन गर्दछ । त्यस अधीनस्थ प्रकृतिको अवशिष्ट संस्कृतिलाई उनले वैकल्पिक संस्कृतिका रूपमा वर्णन गरेका छन् । यद्यपि यस संस्कृतिका तर्फबाट आन्तरिक विरोध र परिवर्तनका केही वैकल्पिक स्वरूप व्यक्त हुन खोजिरहेको हुन्छ तापनि त्यसलाई प्रभुत्वशाली केन्द्रीय समष्टिगत सीमाबाहिर अभिव्यक्त हुन दिइएको हुँदैन । विलियम्सका 'अल्टरनेटिभ कल्चर' र 'अपोजिसनल कल्चर' पदावलीहरूका लागि नेपालीमा क्रमशः 'वैकल्पिक संस्कृति' र 'विरोधी संस्कृति' पदावली व्यवहृत छ । वैकल्पिक रूपको अधीनस्थ तथा त्यसको समानान्तरमा रहने विरोधी सांस्कृतिक स्वरूपबारे पनि उनले स्पष्ट व्याख्या गरेका छन् । समाजमा विद्यमान ती व्यवहारहरू, अनुभवहरू, अर्थहरू र मूल्यहरूको स्रोतहरू माथि विचार गरिनु आवश्यक छ जुन न त समष्टिगत हुन्, न त प्रभावकारी प्रधान संस्कृतिकै अङ्ग हुन् (सन् १९७३, पृ.१०) । उनले यस खाले सांस्कृतिक अभिव्यक्तिलाई दुई प्रकारले पहिचान गर्न सकिने विचार प्रस्तुत गरेका छन् । उनका अनुसार त्यहाँ प्रभावकारी प्रधान संस्कृतिको एउटा स्पष्ट विकल्प हुन्छ र अर्को केही यस्तो रूप पनि हुन्छ जुन साँचो अर्थमा प्रभुत्वको संस्कृतिको विरोधी हुन्छ । यथार्थ परिस्थितिहरूमा यी वैकल्पिक र विरोधमूलक रूपहरूको अस्तित्वमा पनि ऐतिहासिक परिवर्तन निरन्तर रूपमा भइरहेकै हुन्छ । यहाँनेर सामाजिक जीवनका केही क्षेत्रहरूमा वास्तविक विकल्पहरू लगभग नदेखिए झैँ गरिने सम्भावना पनि रहेकै हुन्छ । विरोधको अस्तित्वको सम्भावना र त्यसको स्वरूप तथा त्यसको खुलापनको मात्रा भने निश्चित सामाजिक तथा राजनीतिक शक्तिमाथि निर्भर हुन्छ । उनका अनुसार प्रभावकारी र प्रधान संस्कृतिका सन्दर्भमा सामाजिक जीवन र संस्कृतिका वैकल्पिक र विरोधी रूपहरू तथा तथ्यहरूलाई ऐतिहासिक परिवर्तका विषयका रूपमा स्वीकार गरिनु आवश्यक छ (सन् १९७३, पृ.१०) । अतः संस्कृतिका रूपहरूमा देखिने परिवर्तनलाई कालखण्डमा विद्यमान सामाजिक तथा राजनीतिक शक्तिका सापेक्षमा हेर्नुपर्ने हुन्छ ।

प्रभुत्वशाली संस्कृतिमा वैकल्पिक वा विरोधीका कुनै अभिप्राय वा व्यवहारलाई एउटा विचलन मानेर सहन गर्ने वा एक प्रकारको जीवनपद्धति भनेर हलुका रूपमा ग्रहण गर्ने पनि हुन सक्छ । तर जब-जब ती प्रभावकारी प्रभुत्वको सीमामाथि विस्तार हुन थाल्छन् तब प्रधान संस्कृतिले तिनका अभिप्राय तथा व्यवहारलाई आफूप्रतिको अवहेलना वा उपेक्षाको अभिव्यक्ति मात्र ठान्दैन; त्यसलाई चुनौतीका रूपमा हेर्छ । प्रभुत्वको निरन्तरताका निमित्त वैकल्पिक अधीनस्थ संस्कृतिका कतिपय अर्थ र व्यवहारलाई पुनर्व्याख्या गरेर, विकृत बनाएर अथवा यस्तो रूप प्रदान गरेर विरोध गर्न नसक्ने अवस्थामा पुऱ्याइन्छ वा तिनलाई आफूप्रतिको समर्थन गर्ने स्थितिमा राखिन्छ । प्रभुत्वको धारणाको सूक्ष्म प्रसारण त्यस किसिमले गरिएको हुन्छ जसले गर्दा त्यो अत्यावश्यक छ; त्यो व्यवहार र आशाको सम्पूर्ण व्यवस्था हो; त्यो मानिसको क्षमताको निर्धारित

रूप हो र मानिस तथा संसारको वास्तविकताको मुख्य अङ्ग त्यही हो भन्ने अनुभूति गराइन्छ। यसले गर्दा समाजका अधिकांश मानिसहरूमा यस्तो वास्तविकताको बोध उत्पन्न हुन्छ, जुन विना समाजका अधिकांश मानिस आफ्नो जीवनका अधिकांश क्षेत्रमा क्रियाशील हुनै सकिँदैन (विलियम्स, सन् १९७३, पृ.९-१०)। यसरी प्रभुत्वको प्रभावको विस्तार वैकल्पिक संस्कृतिमा सूक्ष्म ढङ्गले सञ्चालन गरिएको हुन्छ र प्रभुत्वशाली संस्कृतिलाई सहन गर्नमा अधीनस्थलाई अभ्यस्त तुल्याइएको हुन्छ। वैकल्पिक र विरोधीबिच कमभन्दा कम अन्तर कायम गर्न प्रभुत्वशाली सांस्कृतिक पिँढीका तर्फबाट प्रयास भइ नै रहेको हुन्छ (विलियम्स, सन् २०१०, पृ.१२६)। उनले प्रभुत्वशाली संस्कृतिका केही नयाँ चरणका तत्त्वहरूसँग उदीयमान तत्त्वहरूलाई छुट्याएर हेर्न गाह्रो हुने तथ्यलाई पनि बारम्बार चर्चा गरेका छन्।

विलियम्सका मतमा ग्राम्चीले वैकल्पिक प्रभुत्वको सृष्टिमा जोड दिएका छन्। उनका अनुसार कुनै पनि वैकल्पिक प्रभुत्वको स्रोत पहिचान गर्न साँच्चिकै गाह्रो हुन्छ। विद्यमान शक्तिशाली प्रभुत्वका दबाब र सीमाका विरुद्धमा उठ्ने वर्गलाई ग्राम्चीले सम्भावित प्रभुत्वशाली वर्गका रूपमा हेरेका छन् र यस श्रमजीवी वर्गलाई वैकल्पिक प्रभुत्वको स्रोतका रूपमा पनि हेरेका छन्। विलियम्सले भने प्रभुत्वको धारणालाई वर्गभन्दा सांस्कृतिक समूह विशेषसँग सम्बद्ध गरेर हेरेका छन्। यस क्रममा उनले 'प्रतिप्रभुत्व' (काउन्टर हेजेमोनी) र 'वैकल्पिक प्रभुत्व' (अल्टरनेटिभ हेजेमोनी) को चर्चा गरेका छन्। उनका अनुसार मूलधारको सांस्कृतिक समूहको प्रभुत्वको प्रतिकार गर्दै प्रतिप्रभुत्व वा वैकल्पिक प्रभुत्वको स्थापनार्थ सांस्कृतिक शक्तिहरू वास्तविक अभ्यासमा दृढ हुन्छन् (सन् २०१०, पृ.११२-१३)। मूलधारको प्रभुत्वशाली संस्कृतिका कारण वैकल्पिक पिँढीले दबाब झेल्नु पर्दा प्रतिरोधका क्रममा थपिएका चुनौतीले तिनमा प्रतिप्रभुत्व वा वैकल्पिक प्रभुत्वका अनुभूति सिर्जित हुने र तिनको कार्यान्वयनले समाजव्यवस्थामा ल्याउने परिवर्तनतर्फ विलियम्सले सङ्केत गरेका छन्।

### २.४.२ अवशिष्ट संस्कृति

विलियम्सद्वारा प्रयुक्त 'रेजिड्युअल कल्चर'का लागि नेपालीमा 'अवशिष्ट संस्कृति' शब्दावली प्रयुक्त छ। वैकल्पिक र विरोधी दुवै प्रकारका संस्कृतिसँग सम्बद्ध अवशिष्ट र उदीयमान संस्कृतिबिचको अन्तरको चर्चा गर्दै उनले अवशिष्ट संस्कृतिलाई प्रस्ट पारेका छन्। उनका अनुसार समाजमा केही अनुभव, अर्थ र मूल्य यस्ता पनि रहेका हुन्छन् जसको न त प्रमाणीकरण नै सम्भव हुन्छ न त त्यसको प्रधान संस्कृतिको भाषामा अभिव्यक्ति सम्भव हुन्छ; त्यो अवशिष्ट संस्कृतिका रूपमा हुन्छ (सन् १९७३, पृ.१०)। अतः उनका मतमा अवशिष्ट संस्कृति पूर्ववर्ती सामाजिक सङ्गठनको अवशेषका रूपमा सामाजिक तथा सांस्कृतिक स्तरमा क्रियाशील रहेको हुन्छ र यस कुराको सत्यता प्रधान संस्कृतिमा निहित धार्मिक अभिप्रायहरू र मूल्यहरूबाट प्रमाणित हुन्छ।

विलियम्सका अनुसार अवशिष्ट संस्कृतिले प्रधान संस्कृतिको भन्दा केही फरकपन बोकेको हुन्छ तथापि त्यो प्रभुत्वशाली संस्कृतिका वास्तविक सांस्कृतिक गतिविधिहरूमा समाहित भएर रहन्छ । उनका अनुसार अवशिष्ट सांस्कृतिक स्वरूपको सहजै पहिचान हुँदैन । यसका अभिप्राय र व्यवहारका केही स्रोतहरूलाई ऐतिहासिक परिदृश्यमा हेरिनु पर्छ । ती अभिप्राय र मूल्यको स्रोत पूर्ववर्ती सामाजिक संरचनामा हुन्छ । संस्कृतिको पछिल्लो समयमा अतीतका वास्तविक समाजका निर्मित ती मूल्य र अभिप्रायलाई पुनः फर्काउने प्रयास भइरहेको हुन्छ जुन हालका सन्दर्भमा पनि महत्त्वपूर्ण हुन्छन् । उनका अनुसार मानवीय आकाङ्क्षा र उपलब्धिले यस्ता क्षेत्रलाई प्रतिनिधित्व गरिरहेका हुन्छन् जसलाई प्रभुत्वशाली संस्कृतिले या त विरोध गर्छ, या त कम मूल्यको रूपमा आकलन गर्छ । अतः अवशिष्ट व्यवहारको स्थायित्वका प्रक्रियालाई गहिरिएर ठम्याउनुपर्ने हुन्छ ।

विलियम्सका मतमा अवशिष्ट रूपका तत्त्वहरूको पहिचान गर्नु महत्त्वपूर्ण हुन्छ । तिनको सक्रिय अभिव्यक्ति पूर्णतः प्रभुत्वशाली संस्कृतिमा सन्निहित भएर हुन्छ । ग्रामीण समुदायका प्रायः धारणामा पूर्व प्रभुत्वको अवशिष्ट रूप पाइन्छ तर सहरी औद्योगिक पुँजीवादका केही सीमित वैकल्पिक र विरोधी क्षेत्रमा पनि यसलाई समावेश गरिएको हुन्छ तथापि यो मूलतः प्रभुत्वशाली आदेशमा नै निर्भर रहन्छ भन्ने उनको तर्क रहेको छ । उनले वर्तमानमा जीवित रहेको अवशिष्ट सांस्कृतिक रूपको उदाहरणका रूपमा राजसंस्थाको सन्दर्भलाई प्रस्तुत गरेका छन् । प्राचीनतासँग जोडिएर आएका आलङ्कारिक स्वरूपबाहेक यसमा पुरातनमा रहेको सक्रिय रूप विद्यमान हुँदैन । यस अनुसार अवशिष्ट एवम् पुरातन स्वरूप परस्परमा छुट्टिन्छन् । प्रभुत्वशाली संस्कृतिले धेरैजसो अवशिष्ट अनुभवलाई आफ्ना क्षेत्रभन्दा बाहिर अभ्यास गर्ने अनुमति दिँदैन । तिनको पुनः व्याख्या गर्ने काम, तिनलाई क्षीण गराउने काम, तिनको प्रक्षेपण, भेदभावयुक्त समावेशीकरण र बहिष्करणका कार्यहरू भई नै रहेका हुन्छन् । यसले विशेष गरी छनोट परम्पराको कार्यलाई प्रस्ट पार्छ (सन् २०१०, पृ.१२२-२३) । यसप्रकार विगतबाट उपलब्ध तत्त्वलाई अवशिष्ट संस्कृतिमा समावेश गरिएको हुने भए पनि तिनको स्थान समकालीन सांस्कृतिक कार्यमा परिवर्तनशील हुन्छ । ती पुरातन भन्दा फरक स्वरूपमा देखिन्छन् । त्यसैले पनि अवशिष्ट संस्कृति मूल धारको प्रभुत्वशाली संस्कृतिको स्पष्ट विकल्प बनेर रहेको हुन्छ; त्यो फरकपन सहितको हुन्छ तथापि त्यो प्रभुत्वशाली संस्कृतिका संवाहकद्वारा नियन्त्रित हुन्छ । मूल धारका सांस्कृतिक गतिविधिहरूमा नै त्यसलाई समाहित गरिएको हुन्छ । अतः अवशिष्ट संस्कृतिको मूल स्वरूप अधीनस्थ प्रकृतिको हुन्छ ।

### २.४.३ उदीयमान संस्कृति

विलियम्सले प्रभुत्वशाली संस्कृतिको विकल्प र विरोधी रूपमा रहेको अवशिष्ट संस्कृतिसँगै उदीयमान संस्कृतिसमेतका सन्दर्भद्वारा समाजविशेषको सम्पूर्ण सांस्कृतिक प्रक्रियाको वर्णन गरेका छन् । यस क्रममा उनले उदीयमान संस्कृतिलाई ज्यादै महत्त्व प्रदान गरेका छन् । उनले प्रयोग

गरेको 'इमर्जेन्ट कल्चर' का लागि नेपालीमा 'उदीयमान संस्कृति' शब्दावली प्रयुक्त छ । उनका अनुसार विकल्प र विरोधको स्थितिको अन्तरलाई सरल सैद्धान्तिक स्तरबाट हेर्दा केही मानिसहरू यस्ता हुन्छन् जो जीवन जिउने विकल्पको बाटो खोजेर त्यसमा विना व्यवधान अघि बढ्न चाहन्छन् । कोही भने जीवनको फरक बाटो रोज्छन् र समाजलाई पनि आफूअनुरूप परिवर्तन गर्न खोज्छन् । यस खाले विरोधी संस्कृति सम्बद्ध सांस्कृतिक स्वरूपलाई उनले उदीयमान संस्कृतिका रूपमा अगाडि सारेका छन् । उदीयमान संस्कृतिलाई उनले निरन्तर निर्माण भइरहेका त्यस्ता नयाँ अर्थ, नयाँ मूल्य, नयाँ व्यवहार, नयाँ अनुभव तथा नयाँ सार्थकताका रूपमा चिनाएका छन् जुन प्रभावकारी समकालीन व्यवहारका अङ्ग भएर पनि फरक अस्तित्व लिएर देखापर्दछ (विलियम्स, सन् १९७३, पृ.११) । विलियम्सका मतमा प्रधान संस्कृति उदीयमान तत्त्वप्रति अत्यन्त सावधान हुन्छ र तिनलाई आफूतर्फ आकर्षित गर्ने र आफूमा समाहित गर्नमा सुरुदेखि नै कोसिस गरिरहेको हुन्छ । यसप्रकार अवशिष्ट सांस्कृतिक स्वरूपभन्दा फरक अस्तित्व बोकेर उदीयमान संस्कृतिले पनि कालखण्ड विशेषको समाजमा विशिष्ट पहिचान बनाइरहेको हुन्छ ।

विलियम्सका अनुसार प्रभुत्वशाली संस्कृतिको अस्थायी सम्बन्ध एकातर्फ अवशिष्ट संस्कृतिसँग हुन्छ भने अर्कातर्फ उदीयमान संस्कृतिसँग हुन्छ । यस प्रक्रियालाई तबमात्र ठीक ढङ्गले बुझ्न सकिन्छ जब समाहित अवशिष्ट तथा असमाहित अवशिष्टसँग समाहित उदीयमान र असमाहित उदीयमान बिचको फरकलाई अत्यन्त सूक्ष्म र सटीक विश्लेषणबाट मात्र स्थापित गर्न सकिन्छ (विलियम्स, सन् १९७३, पृ. ११) । यसप्रकार मूलधारमा प्रभुत्वशाली संस्कृतिका विकल्पमा रहेका अवशिष्ट र उदीयमान सांस्कृतिक स्वरूपको वास्तविक पहिचानद्वारा यथार्थ समाजको बोध सम्भव हुन्छ । उनले *मार्क्सिज्म एन्ड लिटरेचर*मा संस्कृतिका प्रमुख तीन भेदहरूमा प्रभुत्वशाली, अवशिष्ट र उदीयमान संस्कृतिलाई प्रस्तुत गर्दै तिनको स्वरूपको विश्लेषण गरेका छन् ।

विलियम्सका अनुसार 'उदीयमान'को तात्पर्य निरन्तर सिर्जना भइरहेका नयाँ तहका अर्थ, मूल्य, अभ्यास, सम्बन्ध र सम्बन्धका ती प्रकारहरू भएको जसको सामाजिक अवस्थिति ठम्याउन अवशिष्ट स्वरूपलाई बुझ्न भन्दा गाह्रो हुन्छ । अवशिष्ट रूप विगतको सामाजिक गठन र सांस्कृतिक प्रक्रियाका चरणहरूसँग सम्बद्ध हुन्छन् र तिनबाट वास्तविक अर्थ तथा मूल्य उत्पन्न हुन्छन् । अतः अवशिष्ट रूपलाई आधार बनाएर विगतको वास्तविक समाज र वास्तविक परिस्थितिमा सिर्जित मूल्य र अर्थसम्म पुग्न सकिन्छ । उनका अनुसार यस सन्दर्भमा उदीयमान संस्कृति नितान्त भिन्न देखिन्छ । वास्तविक सामाजिक संरचनामा विशेष गरी वर्ग संरचनामा जहिले पनि सांस्कृतिक तत्त्वहरूको प्रक्रियाको एउटा सामाजिक आधार रहेको हुन्छ जुन प्रभुत्वशाली तत्त्वको वैकल्पिक अझ विरोधी रूपमा हुन्छ । सामाजिक प्रक्रियामा यस खाले उदीयमान सांस्कृतिक समूहले महत्त्वपूर्ण अर्थ राख्दछ । यो प्रतिरोध चेतसहितको हुन्छ । संस्कृतिका

उदीयमान स्वरूप नयाँ उदाउँदो सांस्कृतिक अभ्यासका रूपमा हुन्छ । उनका मतमा मार्क्सवाद अनुसारको नयाँवर्गको गठनमा पनि नयाँ चेत हुन्छ तर त्यो वर्ग उदीयमान सांस्कृतिक अभ्यासको स्रोतका तहमा त हुन्छ तर सापेक्षतः अधीनस्थ हुन्छ; सांस्कृतिक स्वरूपका उदीयमान तहभन्दा अपूर्ण हुन्छ; त्यसभन्दा फरक हुन्छ र नयाँ अभ्यासको तहमा भन्दा पनि एकल प्रक्रियामै सीमित हुन्छ । उदीयमान सांस्कृतिक रूप भने वैकल्पिकभन्दा पनि विरोधीका तहमा प्रकट हुन्छ । यसले अवलम्बन गर्ने समावेशन प्रयासको प्रक्रिया सबैभन्दा महत्त्वपूर्ण हुन्छ । यसप्रकार उदीयमान संस्कृति प्रभुत्वशाली, वैकल्पिक र अवशिष्ट संस्कृतिभन्दा भिन्न छ भन्ने तथ्य बुझ्नलाई यसलाई तात्कालिक अभ्यासको रूपको खोजीमा भन्दा पनि नयाँ रूपका लागि अनुकूलन हुने पूर्व अभ्यासमा रहेको रूपको खोजी गरिनु महत्त्वपूर्ण हुन्छ । पूर्व उदीयमान (प्री इमर्जेन्ट)बाट स्पष्ट उदीयमान स्वरूपमा प्रकट गराउने अवस्थालाई अवशिष्ट तथा प्रभुत्वशाली सांस्कृतिकं स्वरूपहरूसँग सम्बद्ध मानवीय अनुभूतिका संरचनामा खोजी गर्न सकिन्छ (सन् १९१०, पृ.१२३-२६) । विलियम्सका अनुसार कालखण्ड विशेषका प्रत्येक सामाजिक व्यवस्थामा प्रभुत्वशाली, अवशिष्ट र उदीयमान संस्कृतिहरू परस्पर जटिल सम्बन्धमा आबद्ध हुन्छन् । यिनै संस्कृतिका संवाहक पिँढीहरूबिचको परस्पर सम्बन्धका क्रममा निःसृत अनुभूतिमा संस्कृति विशेषको अभिव्यक्ति हुन्छ ।

विलियम्सको मान्यता अनुरूपका तीन किसिमका संस्कृतिबारे चर्चा गर्दै अभि सुवेदी भन्छन्, “प्रभुत्वशाली अथवा डोमिनेन्ट संस्कृति भनेको समाजमा विचार र शासनको हैकम चलाउनेहरूले चलाएको संस्कृति हो । एउटा संस्कृतिको रचना गरेर त्यसलाई सर्वमान्य बनाइन्छ । त्यसलाई ‘हेजेमोनी’ पनि भनेर व्याख्या गरिन्छ” (२०६८, पृ.१२९) । सुवेदीका अनुसार आजको अवस्था यस खाले एकलवादी संस्कृति अर्थात् प्रभुत्ववादी संस्कृतिको आलोचना भइरहेको स्थिति हो । उनले अवशेष संस्कृतिको परिचय दिँदै प्रभुत्वशाली नरहे पनि त्यसमा प्रभुत्वको प्रभाव रहने सन्दर्भद्वारा यसको प्रभुत्वशाली संस्कृतिसँगको सम्बन्ध र त्यसले रचना गर्ने हेजेमोनीका सन्दर्भलाई ठम्याउन सक्नु पर्ने विलियम्सको विचारको चर्चा गरेका छन् । त्यस्तै, अवशेष संस्कृतिको प्रदर्शनमूलक रूपको चर्चा गर्दै सुवेदी के तर्क गर्छन् भने यो संस्कृति प्रदर्शनमा कसरी प्रस्तुत हुन्छ, त्यो एउटा जटिल विषय हो । अवशेष संस्कृतिमा देखिने सबै सर्वस्वीकृत आदत र चलनमा प्रभुत्व सिर्जना गर्नेले बनाएका वा लादेका रूप मात्र हुँदैनन् । सुवेदीका अनुसार यहाँनेर पश्चिमी विद्वानहरूको ‘प्रभुत्व’ बारेको तर्कसँग केही विमति राख्नुपर्ने हुन्छ । अवशेष संस्कृतिमा प्रभुत्वशाली र भवितामुखी संस्कृतिलाई जोड्ने सामर्थ्य रहेको हुन्छ । यो निर्माण र विनिर्माण हुँदै निरन्तर प्रक्रियामा अघि बढ्छ । यसको प्रस्तुत चरित्रका आधारमा उनले अवशेष संस्कृतिको सिर्जनात्मक पक्षको पनि चिनारी गराएका छन् । उनले विलियम्सको ‘इमर्जेन्ट कल्चर’का निमित्त नेपालीमा ‘भवितामुखी संस्कृति’ पदावली प्रयोग गर्दै यसबारे उनी भन्छन्, “विलियम्सले भवितामुखी संस्कृतिलाई दुई रूपमा हेरेका छन् । उनका अनुसार कि त तिनले भइरहेको संस्कृतिको

अवस्थालाई चुनौती दिन्छन् कि त ती स्थापित संस्कृतिभित्रै समाहित हुन्छन् । अर्को अर्थमा स्थापित संस्कृतिभित्रै भविष्यको चरित्र देख्ने प्रवृत्तिको विकास हुन्छ" (२०६८, पृ.१३०) । सुवेदीले भविष्यउन्मुख संस्कृतिका रूपमा भवितामुखी संस्कृति अर्थात् उदीयमान संस्कृतिको चर्चा गरेका छन् ।

विलियम्सका सांस्कृतिक स्वरूपहरूबारेका मान्यता प्रभुत्व र प्रभुत्वको अवस्थिति तथा पिँढी र समुदायबारेका उनका मान्यतासँग परस्पर सम्बद्ध छन् । उनले पिँढीगत अनुभूतिको संरचनाको निर्माणमा प्रभुत्व, प्रभुत्वको अवस्थिति र प्रभुत्वशाली संस्कृतिले पार्ने प्रभावबारे गहन विश्लेषण गरेका छन् ।

## २.५ प्रभुत्वको अवस्थिति र प्रक्रिया

विलियम्सको 'प्रभुत्वशाली संस्कृति' सम्बन्धी अवधारणा मूलतः इटालेली मार्क्सवादी चिन्तक एन्तोनियो ग्राम्ची (सन् १८९१-१९३७) को 'हेजेमोनी' अवधारणासँग सम्बन्धित छ । ग्राम्चीले *सेलेक्सन्स फ्रम द प्रिजन नोटबुक्स* (सन् १९७१) मा 'हेजेमोनी' पदको प्रयोग गर्दै यसलाई 'सांस्कृतिक आधिपत्य'का सन्दर्भद्वारा एउटा सामाजिक वर्गभित्रको शक्तिको बनावटका रूपमा अर्थ्याएका छन् । प्रस्तुत पुस्तकमा ग्राम्चीले राजनीतिक समाज र नागरिक समाजको स्वरूपबारे चर्चा गर्दै तिनबिचको शक्ति सम्बन्धका विविध रूप र चरणमा हेजोमोनीले निर्णायक भूमिका निर्वाह गर्ने उल्लेख गरेका छन् । 'हेजेमोनी'का लागि नेपालीमा प्रचलित शब्द 'प्रभुत्व' रहेको छ । ग्राम्चीका अनुसार विशिष्ट ऐतिहासिक कालका राजनीतिक समाज र नागरिक समाज शक्ति पृथकीकरणका प्रतिफलका स्वरूप हुन् र कानुनी मान्यताले तिनको अस्तित्वलाई मूर्त रूप दिएको हुन्छ । राज्यका कर्मचारीहरू, सेनाहरूलगायत निश्चित प्रकारका बौद्धिक समूहको पुरानो प्रभुत्वशाली वर्गसँगको घनिष्ठ सम्बद्धता देखिनुलाई खास समयका वर्गहरूबिचको अनिश्चित सन्तुलनको सङ्केतका रूपमा लिन सकिन्छ । उनका मतमा समाजको राजनीतिक समाजले व्यस्थापिका, कार्यपालिका तथा न्यायपालिका जस्ता महत्त्वपूर्ण संयन्त्रहरूको साथ र सहयोगमा राजनीतिक प्रभुत्वको अभ्यास गरिरहेको हुन्छ । यसरी नै विशेषाधिकार प्राप्त समूहका आडमा राजनीतिक समाजले नागरिक समाजमा आफ्नो आधिपत्यको एकाधिकार संरक्षित गर्न चर्च आदिको पनि उपयोग गर्छ । यसका विपरीत नागरिक समाज भने नयाँ खाले राजनीतिक र आर्थिक उदार प्रणालीका लागि शक्ति पृथकताको अभ्यासमा सङ्घर्षरत हुन्छ (सन् १९९२, पृ. २४५-४६) । मार्क्सको आर्थिक आधारमा आधारित राज्यसम्बन्धी अवधारणा भन्दा भिन्न रहेर ग्राम्चीको अधिरचनामा आधारित राज्यसम्बन्धी अवधारणा प्रस्तुत छ । यसप्रकार प्रभुत्वशाली वर्ग शक्तिनिर्माणमा सदैव क्रियाशील रहँदै प्रभुत्व, शक्ति र आधिपत्यको संयोजनबाट अन्य समाज र वर्गलाई नियन्त्रणमा राख्छ । पुलिस, आर्मी जस्ता सुरक्षा दल, धार्मिक संस्था, परिवार, विद्यालय, सञ्चार आदि संयन्त्रको उपयोगबाट शासकीय प्रभुत्वलाई स्थायित्व प्रदान गर्दछ । पुँजीवादी

अर्थव्यवस्थामा पनि शासितहरूमा आफू शासित नरहेको र स्वतन्त्र रहेको भ्रम छर्न सफल हुन्छ। आम जनताले त्यसलाई स्वाभाविक र जायज ठान्दै त्यसैमा अभ्यस्त हुन्छन्। मूल धारमा रहेको वर्गले आफ्नो प्रभुत्वलाई कायम राख्न दमन र बलप्रयोगको आधारमा मात्र नभई विचारधारारूपी अस्त्रको प्रयोगद्वारा सहमतीय आधारको पनि अवलम्बन गर्छ र उत्पीडनको संस्कृतिलाई वैधता प्रदान गर्छ भन्ने उनको मान्यता रहेको छ। ग्राम्चीले साहित्य तथा समालोचनालाई नयाँ सांस्कृतिक प्रभुत्व स्थापनाका लागि गरिने व्यापक र स्थूल श्रेणीको कर्मका रूपमा हेरेका छन्। उनका अनुसार साहित्यमा प्रकट नव वर्ग साहित्यको समाजशास्त्रीय दृष्टिकोणको प्रमुख आधार हो (चापागाईं, २०७३, पृ.१०३)। अतः साहित्यमा प्रस्तुत समाजको अध्ययनमा नयाँ वर्ग/पिँढीको खोजी पनि महत्त्वपूर्ण देखिन्छ।

विलियम्सले ग्राम्चीको प्रभुत्व सम्बन्धी अवधारणा मार्क्सवादको आधार र अधिरचना भन्दा बढी स्पष्ट रहेको तर्क अघि सारेका छन्। उनले आधार र अधिरचनाका कठिनाइको समाधानमा लुकाजद्वारा विकल्पमा प्रस्तुत गरिएको सामाजिक समग्रता सम्बन्धी अवधारणा समेतको सार्थक प्रयोग तब सम्भव हुने बताएका छन् जब यसलाई प्रभुत्व सम्बन्धी अवधारणासँग जोडेर हेरिन्छ। उनका अनुसार 'प्रभुत्व' सामाजिक चेतनालाई गहिरो स्तरसम्म प्रभावित पार्न सक्ने एक मूलभूत अवधारणा हो। यस अवधारणाको सहयोगमा आधिपत्यको तथ्यप्रति समेत ध्यान पुऱ्याउन सकिने हुँदा यो अवधारणा 'समग्रता'को अवधारणा भन्दा पनि अझ उपयोगी छ भन्ने विलियम्सको मत रहेको छ। उनका अनुसार ग्राम्चीले प्रभुत्वको अवधारणालाई जोड दिएर र त्यसको असाधारण रूपमा गहन विवेचना गरेर मार्क्सवादी चिन्तनको विकासमा महान् योगदान पुऱ्याएका छन्। यो जीवनलाई पूर्णतः प्रभावित गर्ने खालको जीवनानुभवको निर्णायक तत्त्व हो जसले आधार र अधिरचनाको अवधारणाले भन्दा अधिक स्पष्टताका साथ सामाजिक अनुभवको वास्तविकता पहिचान गराउन सक्छ भन्ने ग्राम्चीको मतप्रति विलियम्स पूर्ण सहमत छन् (सन् १९७३, पृ.८)। अतः विलियम्सका अनुसार पनि यो सामाजिक जीवनमा पूर्ण रूपमा व्याप्त अनुभव हो।

विलियम्सका मतमा सामाजिक संरचनाको जटिलता ठम्याउन निश्चय पनि प्रभुत्वको अवधारणाको जटिलतालाई केलाउन सक्नुपर्छ। यसमा निरन्तर परिवर्तनशील तत्त्वहरूको गतिशीलतालाई ध्यानमा राख्नुपर्छ। यसको स्वरूप निश्चित र स्थिर हुँदैन। यो आन्तरिक संरचनात्मक जालोमा जेलिएको हुन्छ। यसको निरन्तर नवीकरण, पुनर्नवीकरण पुनर्रचना र व्याख्या भइरहेको हुन्छ। यसमा परिवर्तन र संशोधनको सम्भावना बारम्बार रहिरहन्छ। त्यसैले यसलाई निश्चित अर्थमा ग्रहण गरिनु हुँदैन (विलियम्स, सन् १९७३, पृ.८)। विलियम्सले प्रभुत्वको जटिल प्रकृति र परिवर्तनशील चरित्रलाई प्रस्ट पार्दै संस्कृति र प्रभुत्वबिचको सम्बन्धको व्याख्या गरेका छन्।

ग्राम्चीको 'प्रभुत्व' सम्बन्धी अवधारणामा केन्द्रित रहेरै विलियम्सले *मार्क्सिज्य एन्ड लिटरेचर*मा पनि प्रभुत्वको अवस्थितिबारेका आफ्ना दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । उनका अनुसार ग्राम्चीले प्रभुत्वको अभिप्रायलाई राजनीतिक आधारमा मात्र नभई समाज संस्कृतिको अन्तर्सम्बन्ध तथा सम्पूर्ण सामाजिक पद्धतिमा निहित सांस्कृतिक शक्तिको जटिल संरचनाका परिप्रेक्ष्यमा हेरेका छन् र प्रभुत्वको विश्लेषणका क्रममा आधिपत्य र अधीनता (डोमिनेसन एन्ड सवोर्डिनेसन) लाई आवश्यक मान्यता प्रदान गरेका छन् (सन् २०१०, पृ.१०८) । सोहीअनुसार प्रभुत्वशाली सांस्कृतिक कार्यका व्यापक गतिविधिमा रहने प्रभुत्वको अवस्थितिलाई विलियम्सले आधिपत्य र अधीनतासँग सम्बन्धित गराएर विश्लेषण गरेका छन् । विलियम्सका अनुसार प्रभुत्वको अवधारणा विचारधारासँग मिल्दोजुल्दो भए पनि यी परस्पर भिन्न हुन् । विचारधाराको चेतना अमूर्त रूपमा प्रभुत्वशाली र अधीनस्थ दुवै वर्गको वास्तविक चेतनामा प्रयुक्त हुन्छ । प्रभुत्वमा भने आधिपत्य र अधीनताबिचको सम्बन्धलाई व्यावहारिक चेतनाका रूपमा हेरिन्छ । प्रभुत्व जीवनका राजनीतिक, आर्थिक, सामाजिक गतिविधिहरूमा मात्र प्रकट हुने नभई सम्पूर्ण प्रक्रियामा पूर्णतः व्याप्त हुन्छ (सन् २०१०, पृ.११०) । प्रभुत्वको सांस्कृतिक परम्परा र यसको अभ्यासलाई अधिरचनाको अभिव्यक्तिका रूपमा भन्दा पनि सामाजिक आर्थिक संरचनाको निर्माणमा तिनको प्रतिबिम्बन, मध्यस्थता अथवा तिनका प्रकारगत भेदका आधारबाट हेरिनु पर्छ भन्ने उनको मान्यता रहेको छ ।

विलियम्सका विचारमा ग्राम्चीले जीवन्त प्रभुत्वलाई एउटा प्रक्रियाका रूपमा हेरेका छन् । यसलाई विश्लेषणात्मक रूपमा हेर्न नसक्दा भने यो पद्धति र संरचना होइन । वास्तवमै यो मानवीय अनुभव, सम्बन्ध र गतिविधिको जटिल प्रक्रिया हो । आफू सँगसँगै हुने विशिष्ट परिवर्तनहरूका चुनौती र दबाबमा रहेर पनि नवीकरण हुँदै, पुनः परिभाषित हुँदै र परिमार्जित रूप लिँदै यसले आफ्नो अवस्थितिलाई निरन्तर कायम राखेको हुन्छ (सन् २०१०, पृ.१११-१२) । अतः प्रभुत्वको अवस्थितिको स्तर निर्धारणलाई वैकल्पिक सांस्कृतिक संरचनाले प्रभाव पार्छ । अधीनस्थताका लागि प्रभुत्वको सक्रिय उपस्थिति निर्णायक हुन्छ । त्यसका निमित्त अधीनस्थ समुदायमा ऐतिहासिक रूपमात्रको समावेशको स्थितिका साथै तिनले प्रभुत्वको प्रक्रियामा गहिरो असर राख्न सक्ने स्थिति पनि रहनु पर्छ । त्यस सन्दर्भमा वैकल्पिक वा विपक्षी राजनीतिक र सांस्कृतिक रूपहरूका साथै अन्य थुप्रै विरोधहरू, सङ्घर्षहरू पनि महत्त्वपूर्ण हुन्छन् जसले अभ्यासमा रहेको प्रभुत्वको प्रक्रियाबाट सम्पादित कार्यहरूलाई सङ्केत गरिरहेका हुन्छन् । अतः विलियम्सका अनुसार स्थिर प्रभुत्व जसलाई विचारधारा र विश्वदृष्टिको अमूर्त समग्रताले सङ्केत गरेको हुन्छ त्यसले वैकल्पिक वा विरोधीलाई बेवास्ता गर्ने वा एक्ल्याउने कार्य गरिहेको हुन्छ त्यसैले प्रभुत्व जब पहिचान योग्य तहमा हुन्छ तबमात्र त्यो कुन तहसम्म क्रियाशील छ भन्ने तथ्य पत्ता लगाउन सकिन्छ (सन् २०१०, पृ.११३) । विलियम्सले प्रभुत्वको अवस्थितिलाई वैकल्पिक वा विरोधी संस्कृतिको भूमिकासँग सम्बद्ध गराएर हेरेका छन् । उनले प्रभुत्वलाई राजनीतिक

नियन्त्रणका सन्दर्भमा मात्र होइन मानवीय स्वभाव र सम्बन्धलाई सूक्ष्म रूपमा प्रभावित गर्ने र आकार दिने पद्धतिका सन्दर्भद्वारा अर्थ्याएका छन् ।

लुइस अल्थुसरले राज्यसम्बन्धी परम्परागत मार्क्सवादी वर्णनात्मक परिभाषाभन्दा यसलाई अझ सूक्ष्म र विस्तृत रूपमा हेरिनु पर्ने तर्कसँगै यसबारेको व्याख्या अघि सारेका छन् जसले प्रभुत्वको विस्तारमाथि पनि प्रकाश पारेको छ । उनका अनुसार राज्यका दमनकारी संयन्त्रहरू सरकार, प्रशासन, सेना, प्रहरी, अदालत जेल आदि हुन् जसद्वारा बलपूर्वक शासनलाई स्थापत्य, विस्तार र वैधता प्रदान गरिएको हुन्छ ( (२०७२, पृ. २६८)) । यी सार्वजनिक क्षेत्रका रूपमा हुन्छन् र दमनकारी नीतिको अवलम्बनमा मूलतः एउटै प्रकृतिका हुन्छन् । स-साथमा राज्यद्वारा निजी क्षेत्रउन्मुख वा निजी क्षेत्रका रूपमा रहने विचारधाराका अङ्गहरूको पनि उपयोग गरिएको हुन्छ । यसप्रकार राज्यका अङ्गहरूले शक्तिप्रयोगको दमनकारी नीतिमात्र अवलम्बन नगरी धार्मिक, शैक्षिक, पारिवारिक, कानुनी, राजनीतिक, व्यापारिक सङ्घ आदि वैचारिक संयन्त्रमार्फत पनि काम गरिरहेको हुन्छ । उनले यस सन्दर्भलाई ग्राम्चीको यसबारेको अवधारणाबाट पनि प्रस्ट पारेका छन् । ग्राम्चीका मतमा पुँजीपति वर्गका कानुन तथा नीतिनियमअनुसार सार्वजनिक क्षेत्र परिचालित हुन्छ भने कानुनी संरचनाबाट अलि टाढै रहेर आमजनताको वैयक्तिक जीवनसँग सरोकार राख्दै गरिने सूक्ष्म कार्य भने प्रभुत्वशाली वैचारिकीका आधारमा हुन्छ (२०७२, पृ. २६९) । यसरी राज्यद्वारा प्रभुत्वशाली विचारधारालाई सुरुमा वैयक्तिक तहमा प्रवेश गराई समाजमा व्याप्ति गराइएको हुन्छ भन्ने दृष्टिकोण विलियम्सको प्रभुत्वको सामाजिक तहमा सघन विस्तारसम्बन्धी मान्यतासँग पनि मेल राख्दछ ।

विलियम्सका अनुसार प्रभुत्व महत्त्वपूर्ण संस्कृति र प्रभावशाली सामाजिक व्यवस्थासँग सम्बद्ध छ । साथै, यो प्रभुत्वशाली संस्कृतिभन्दा भिन्न अर्थ, मूल्य र अभ्याससँग पनि सम्बद्ध हुन्छ । उनले कुनै पनि सांस्कृतिक प्रक्रियालाई ठम्याउन यससँग सम्बन्धित तीन वटा पक्षहरू 'परम्परा' (ट्रेडिसन्स), 'संस्था' (इन्स्टिच्युसन्स) र 'गठन' (फर्मेसन्स)को भेद ठम्याउनुपर्ने विचार पनि अघि सारेका छन् । यिनबारेका आफ्ना अवधारणा अघि सार्दै विलियम्सले यिनका सन्दर्भद्वारा पनि प्रभुत्वको चर्चा गरेका छन् (विलियम्स, सन् २०१०, पृ.११५) । यसरी विलियम्सले कुनै पनि कालखण्डको समाजमा स्थापित र विस्तारित प्रभुत्वलाई संस्कृतिको पूर्ण प्रक्रियासँग सम्बद्ध गराएर हेरेका छन् । विलियम्सको संस्कृति तथा प्रभुत्वको अवस्थिति सम्बन्धी अवधारणा र उनको पिँढी तथा समुदाय बारेका मान्यताबिच घनिष्ठ सम्बन्ध रहेको छ ।

## २.६ पिँढी र समुदाय

विलियम्सले अनुभूतिको संरचनाको विश्लेषणका क्रममा पिँढीबारेका आफ्ना अवधारणा अगाडि ल्याएका हुन् । उनका अनुसार कुनै पनि समयलाई विश्लेषण गरेर हेर्दा त्यहाँ, जीवित

रूपमा अनुभूतिको संरचनाका तीन स्तर हुन्छन् जुन त्यस समयमा तीन वटा पिँढी अनुरूप हुन्छन् । परस्पर अन्तर्सम्बन्धका क्रममा प्रतिक्रियास्वरूप प्रत्येकले आआफ्नो खाले अनुभूतिको संरचना निर्माण गरिरहेका हुन्छन् । ती पिँढीहरू परस्परमा 'समान भाषा' बोलिरहेका हुँदैनन् । तिनले समाजबाट सिकेका तर पुरै त्यसमा नढलेका पक्षहरू जस्तै तिनका विविध शैली, बोलीव्यवहारमा देखिने साना साना फरकहरूको अवलोकनबाट पिँढीगत भिन्नता ठम्याउन सकिन्छ । आफ्नो उत्तराधिकारी पिँढीलाई अग्रज पिँढीले व्यावहारिक सफलताका साथ सामाजिक चरित्र वा अन्य सामान्य सांस्कृतिक ढाँचाको तालिम त दिन सक्छ तर नयाँ पिँढीका आफ्नै अनुभूतिका संरचना हुन्छन् । त्यसलाई औपचारिक रूपमा सिकेर प्राप्त गरिएको हुँदैन । धरोहरका रूपमा प्राप्त संस्कृतिलाई अगाडि बढाउने, परित्याग गर्ने वा पूर्ववर्ती मूल्यलाई परिवर्तन गर्ने विकल्पमा नयाँ पिँढीका आफ्ना-आफ्ना छनोट हुन्छन् । यसरी पछिल्लो पिँढीले पूर्व मूल्यमान्यताका कतिपय पक्षलाई निरन्तरतामा ग्रहण गर्छ जसलाई आफ्नो अनुकूल रहेको ठान्छ । कतिपय पक्षलाई पुनर्उत्पादन गर्छ जुन छुट्टै वर्णन गर्ने सामर्थ्य राख्छ । जीवनका केही तरिकामा भने फरक ढङ्गले अनुभव गर्छ र रचनात्मक प्रक्रियामा तिनलाई नयाँ अनुभूतिको संरचनामा आकार प्रदान गर्छ (सन् १९६५, पृ.६४-६५) । उनका अनुसार पिँढीदर पिँढीमा नयाँ अनुभूतिको संरचना निर्माण हुँदै जान्छ । यसप्रकार नयाँ पिँढीले नयाँ संस्कृतिको निर्माण गर्दछ । नयाँ पिँढीमा उद्भव हुने अनुभूतिको संरचनामा उनको जोड रहेको छ ।

विलियम्सले *मार्क्सिज्म एन्ड लिटरेचर* पुस्तकमा पनि संस्कृतिको सिद्धान्तको विश्लेषणका निमित्त अनुभूतिका संरचनालाई पिँढीगत परिप्रेक्ष्यबाट हेर्ने कार्यलाई निरन्तरता दिएका छन् । उनका अनुसार नयाँ पिँढीले पूर्व पिँढीको जस्तो भाषा बोल्दैन । त्यसमा थप, विलोपन वा संशोधन गर्छ । पिँढीविशेषको पहिचानका निमित्त भाषामा जस्तै शिष्टाचार पोसाक, भवन तथा सामाजिक जीवनमा देखिने परिवर्तनहरूको अवलोकन गर्नु पर्छ जसका आधारमा एक पिँढी वा एक अवधिलाई अर्थप्रदान गरिएको हुन्छ (सन् २०१०, पृ.१३१) । उनका अनुसार कुनै पनि कालखण्ड विशेषमा कम्तीमा तीन पिँढीहरू सक्रिय रहन्छन् (सन् १९६५, पृ.६७) । पिँढीगत अन्तरसम्बन्ध र अन्तरक्रियाका क्रममा सिर्जित अन्तरविरोधहरूले प्रत्येक पिँढीका आफ्नैखाले फरकफरक अनुभूतिको संरचनाको निर्माण हुन्छ । उनका मतमा अनुभूतिको संरचना त्यस्तो सांस्कृतिक परिकल्पना हो जसमा निहित तत्त्व हरूलाई बुझ्ने प्रयास समाजमा विद्यमान पिँढीहरूको सम्बन्ध तथा पिँढीहरूबिचको अन्तरक्रियाको पहिचानबाट सम्भव हुन्छ (सन् २०१०, पृ.१३३) । विलियम्सद्वारा समाधानतर्फ उन्मुख सामाजिक अनुभवको रूपमा चर्चा गरिएको अनुभूतिको संरचना जुन अपेक्षाकृत पूर्व पिँढीको भन्दा फरक तरिकामा निःसृत हुन्छ; त्यो अल्पसङ्ख्यक पिँढीमा देखापर्छ जुन त्यसको उत्तराधिकारी पिँढीसँग सम्बन्धित रहेको हुन्छ (सन् २०१०, पृ.१३४) । यस सन्दर्भमा विलियम्सले उत्तराधिकारी उदीयमान पिँढीलाई पूर्व उदीयमान पिँढीको अनुभूतिको संरचनासँगको सम्बद्धतामा हेरेका छन् ।

विलियम्सको *पोलिटिक्स एन्ड लेटर्स* पुस्तकमा उनको *न्यु लेफ्ट रिभ्यु* पत्रिकामा प्रस्तुत अन्तर्वाताका क्रममा 'अनुभूतिको संरचना' अवधारणासँग सम्बद्ध रहेर 'पिँढी' बारेको बहस प्रस्तुत छ । बहसका क्रममा कुनै पनि समाजविशेषका पिँढीहरूको चित्रणका लागि आयुसमूहका आधारमा विभाजनको रेखा कोरिनु नाजुक पद्धति भएको र यस सम्बन्धी मान्यता समस्याग्रस्त रहेको भनी आलोचना भएको छ । उनले कुनै एक समय बिन्दुमा नयाँ सांस्कृतिक कार्य गरिरहेको युवा लेखकको 'तिस वर्ष' औसत आयु निर्धारण गरेका छन् । यस परिप्रेक्ष्यमा पच्चिस वा चालिसको औसत आयुका युवा लेखकको समायोजन कसरी त भन्ने प्रश्न रहन्छ । त्यस्तै, विगत पिँढीका सन्दर्भद्वारा अतीतको अनुभूतिको संरचनाको प्रामाणिकताको जाँच कठिन हुने अवस्था, आयुगत समूहका कम्तिमा तीनथरी वयस्क पुस्ताहरू एकसाथ सक्रिय रहने विलियम्सको मतलाई आधार मान्दा कालखण्डविशेषमा सक्रिय युवा लेखकहरू उमेरको उत्तरार्द्धमा पनि सक्रिय रहन सक्ने अवस्था, उमेरगत दृष्टिले एउटै नरहेर पनि समकालीन रहेका लेखकहरूबाट निश्चित धारणा, पेसा र कार्यशैली साझा गरेको अवस्था जस्ता विविध स्थितिहरू हुन सक्छन् । फेरि एउटै उमेर पिँढीका लेखकहरूमध्ये कतिपयले आफ्नो उमेर समूहको अनुभूतिको मात्र संरचना गर्ने नभएर विविध उमेर समूहको अनुभूतिको संरचना प्रकाशमा ल्याउने, कतिपय रचना लेखन समयमा प्रकाशन नभई धेरै ढिलो गरी प्रकाशन हुने तर त्यसलाई समकालीन प्रकाशनका कृतिका साथमा राखेर पढ्दा कतिपय सन्दर्भहरू साझा र सटीक रूप प्राप्त हुने, तब पिँढीगत अनुभूतिलाई समयविशेषको आधिकारिक चेतना कसरी मान्ने जस्ता विविध सन्दर्भलाई लिएर प्रश्नोत्तर भएको छ । यस क्रममा पिँढी निर्धारणको समस्या जटिल देखिएको स्वीकारोक्तिसँगै विलियम्सले पिँढीलाई जैविक श्रेणीको जन्मगत/उमेरगत आधारबाट अलग गर्दै हेरिनु पर्ने आवश्यकताप्रति आफू अब विशेष रूपमा सचेत रहेको बताएका छन् । उनले जन्मगत पिँढीको सट्टा 'कामको पिँढी' अर्थात् कार्यगत एकतामा रहेको सांस्कृतिक समूहका आधारबाट पिँढीको सांस्कृतिक विश्लेषण हुनुपर्ने विचार पनि अघि सारेका छन् । साथै उनले पिँढीसम्बद्ध सांस्कृतिक संरचना निर्धारणबारेको समस्यालाई नयाँ पद्धतिका साथ समाधान गर्ने कोसिसमा आफू रहेको बताएका छन् (सन् १९७९, पृ. ११९-१२३) । उनको यस स्वीकारोक्तिमा पिँढी शब्दको अभिप्राय उमेरगत आधारमा मात्र सीमित नभएको प्रस्ट हुन्छ ।

पिँढीको कोशीय अर्थलाई नियाल्दा अनेकार्थक शब्द 'पिँढी'ले बाबु, बाजे, बराजु आदि र छोरो, नाति, पनाति आदिको पूर्वापर क्रम : वंशपरम्परा; पुस्ता भन्ने अर्थका साथै, उमेर र अवस्थाका आधारमा निर्धारित मानिसहरूको जमातलाई पनि जनाउँछ । पिँढीको यस पछिल्लो अभिप्रायसँग विलियम्सले अनुभूतिको संरचनाका सन्दर्भमा प्रयोग गर्न रुचाएको 'सांस्कृतिक कार्यमा संलग्न कामको पिँढी' भन्ने 'जेनेरसन' शब्द (सन् १९७९, पृ.१२३) को आशयले मेल राख्दछ । यसअनुसार कार्यगत एकताको आधारमा मानिसहरूको जमात अर्थात् अवस्था विशेषको सांस्कृतिक समूहका रूपमा 'पिँढी' बारेको विलियम्सको विचारलाई अर्थ्याउन सकिन्छ । पिँढीलाई उमेरगत

पुस्ताका रूपमा मात्र सीमित नराखेर यसलाई 'सांस्कृतिक समूह'का परिप्रेक्ष्यमा हेरिनु पर्ने विलियम्सको यस पछिल्लो मान्यताले पिँढीगत अनुभूतिको संरचनाको पहिचानबाट कृतिमा अभिव्यक्त संस्कृतिको विश्लेषणको दायरालाई फराकिलो बनाएको छ साथै, सबैखाले सामाजिक संरचनामा बहुविध सांस्कृतिक समूह/पिँढीहरूको विद्यमानतालाई पनि प्रस्ट पारेको छ। यस अनुसार नै प्रत्येक कालखण्डको सामाजिक संरचनामा मूल धारको प्रभावशाली संस्कृतिलाई संवहन गर्ने सांस्कृतिक समूह विशेष प्रभुत्वशाली पिँढी/समुदाय रहेको हुन्छ। त्यसै गरी प्रभुत्वशाली संस्कृतिको वैकल्पिक र विरोधी तहमा अस्तित्वमा रहेका अवशिष्ट र उदीयमान पृथक्-पृथक् संस्कृतिलाई संवहन गर्ने सांस्कृतिक समूह विशेष अधीनस्थ तथा उदीयमान पिँढी/समुदायहरूको पनि त्यहाँ उपीस्थिति रहेको हुन्छ। त्यस्तै, ती प्रत्येक पिँढी/समुदायअन्तर्गत पनि वर्ग, लिङ्ग, जाति, क्षेत्र, रङ्ग जस्ता भेदभावजन्य संस्कृतिलाई संवहन गर्ने बेग्लाबेग्लै पिँढीहरू अस्तित्वमा हुन्छन् भने ती पिँढीहरूमा पनि उमेरजन्य पुस्तान्तर वैचारिकी बोकेका, आध्यात्मिक वा भौतिक वैचारिकीले डोरिएका पृथक् पहिचानसहितका पिँढीहरू पनि त्यहाँ विद्यमान हुन्छन्। ती भिन्नाभिन्नै पिँढीहरूले परस्परको व्यवहारका क्रममा सिर्जित अन्तरविरोध पनि झेलिरहेका हुन्छन् र त्यस परिप्रेक्ष्यमा प्रत्येक पिँढीले बेग्लाबेग्लै अनुभूतिको संरचना निर्माण गरिरहेका हुन्छन्। अतः समाज बहुविध पिँढीहरूको समुच्चय रहेको तथ्य पनि यहाँनेर प्रस्ट भएको छ।

जोन किर्कले मानिसको व्यावसायिक कार्यजीवन र सामाजिक पहिचानबिचको सम्बन्धको अनुसन्धानका क्रममा विलियम्सको 'अनुभूतिको संरचना' सम्बन्धी अवधारणालाई मूल आधार बनाउँदै प्रयोगात्मक अध्ययन गरेका छन्। यस क्रममा किर्कले जीविकोपार्जनका भिन्नभिन्न व्यवसायमा संलग्न मौखिक साक्षीहरूलाई आधार बनाएर फरकफरक पिँढीका अनुभूतिको संरचनाको पहिचान गरेका छन्। उनका अनुसार कामको संस्कृतिले व्यक्तिको जीवनशैली प्रभावित रहन्छ। जस्तै पेसागत कार्यजीवनसँग जोडिएका कामदार पिँढीहरूले काम र पहिचानसँग जोडिँदै आफ्नाआफ्ना अनुभूतिको संरचना निर्माण गरिरहेका हुन्छन्। तिनको कामको संस्कृतिमा सामाजिक पहिचान पिँढीगत परिप्रेक्ष्यमा प्रकट सांस्कृतिक संरचनात्मक भिन्नता तिनको अनुभूतिको संरचना मार्फत प्रकट हुन्छ (सन् २००८, पृ.४४)। नयाँ पिँढी भन्दा कार्यगत सन्दर्भमा भिन्न अवस्थाका वृद्धोन्मुख पिँढीले कर्म क्षेत्रमा भौतिक उन्नतिले ल्याएका प्रभावहरूसँगको कार्यदक्षतालाई आत्मसात् गर्न सकिरहेको हुँदैन तथापि आफ्ना व्यावहारिक चेतना जुन मूल्यवान् ठान्दछ; त्यसको कदर भएको पनि पाउँदैन। अवशिष्ट पिँढीको प्रतिनिधित्व गर्ने त्यस पिँढीको व्यावहारिक चेतनाले अनुभूतिको संरचनामा आकार लिन थालेपछि त्यस अनुभूतिमा सामाजिक, ऐतिहासिक र सांस्कृतिक अवस्थाको पनि प्रतिबिम्बन हुन थाल्दछ। समयअगावै अवकाश हुनु पर्ने वेदनामा उत्पन्न मानसिक दबाब, व्यावहारिक अनुभव तथा व्यावहारिक चेतना बिचको तनावका कारण तिनले बेहोर्नु परेको आघात, कटुता र दुःखभावमा निर्मित अनुभूतिको संरचना त्यस पिँढीको कथनमा प्रकट भएको हुन्छ (किर्क, सन् २००८, पृ.४७-४८)। यसरी ऐतिहासिक चेतना र

अनुभवको व्यक्तिगत तथा सामाजिक दुवै आयामलाई समेट्ने क्षमताका आधारबाट पनि विलियम्सको अनुभूतिको संरचनाको अवधारणा शक्तिशाली देखिएको छ (किर्क, सन् २००८, पृ.४९)। यसर्थ पनि साहित्यमा प्रस्तुत अनुभूतिको संरचनाले संस्कृतिको बहुआयामलाई प्रस्तुति दिने सामर्थ्य बोकेको हुन्छ ।

विलियम्सका अनुसार कालविशेषको संस्कृतिलाई संवहन गर्ने पिँढीविशेषका आफ्ना-आफ्नै अनुभूतिको संरचना हुन्छन्। अनुभूतिको संरचना यद्यपि प्रभुत्वशाली सामाजिक चरित्रसँग सम्बन्धित हुन सक्छ तर यी एकै होइनन्। अनुभूतिको संरचना जनताको आदर्शका रूपमा रहने प्रभुत्वशाली सामाजिक चरित्र र आम जनताबिच हुने अन्तरक्रियाको परिणामको पनि अभिव्यक्ति हो। उनका मतमा अनुभूतिको संरचना समाजमा सर्वत्र एकसमान हुँदैन। यो प्रभुत्वशाली उत्पादन समूहमा देखा पर्दछ (विलियम्स, सन् १९६५, पृ.८०) बुज्रुग समूहको अनुभवलाई पूर्व पिँढीको अनुभूतिको संरचनामा स्पष्ट गरिएको हुन्छ र युवा पिँढीको अनुभूतिको संरचना भने अभिव्यक्त हुन बाँकी रहेको हुन सक्छ। यस सन्दर्भद्वारा प्रभुत्वशाली सांस्कृतिक रूपको उत्पादक समूह त्यो मात्र हो जसले आफ्नो आफ्नो उमेरको विशिष्ट अनुभूतिको संरचनालाई अभिव्यक्त गरेकै हुन्छ (कँवर, सन् १९८८, पृ.५३)। यस मतले अनुभूतिको संरचनालाई अभिव्यक्त गर्ने हैसियतमा रहेको जुन सुकै पिँढी पनि प्रभुत्वशाली सांस्कृतिक रूपको उत्पादक समूह रहने सक्ने स्थितिलाई प्रकट गरेको छ ।

पिँढीगत अनुभूतिको संरचना र यसको प्रभुत्वशाली सांस्कृतिक समूह बारेको विलियम्सको अवधारणालाई विश्लेषण गर्दै ताराकान्त पाण्डेय भन्छन् :

> विलियम्सको अवधारणा माथि सङ्केत गरिए जस्तै पिँढीसँग सम्बन्धित छ र उनी कम्तिमा तिन पिँढीको कुरा गर्छन्। उनका विचारमा समाजमा प्रायः पहिलो पिँढी शासक तुल्य वा प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो (अझ तेस्रो) पिँढीले अघिल्लो पिँढीको प्रभुत्वको विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्छ। यस क्रममा दबाव र तनावको सिर्जना हुन्छ र त्यसका समाधान स्वरूप दोस्रो (तेस्रो) पिँढी अथवा समुदायले वैकल्पिक बाटो लिन्छ र त्यसले नयाँ अनुभूतिको संरचना जन्माउँछ। यसै कारण विलियम्स यस पिँढी वा समुदायलाई प्रभुत्वशाली सांस्कृतिक उत्पादक समूहको संज्ञा दिन्छन्। यसरी प्रत्येक कालखण्डका समाजमा यी पिँढी वा समुदायका आफ्ना अनुभूति हुन्छन् र हरेक कलाकृति यही अनुभूतिको संरचनाकै उपज हुन्छ भन्ने धारणा विलियम्स व्यक्त गर्दछन्। (२०७३, पृ.३५)

विलियम्सले समाधानस्वरूपको अनुभूतिको संरचनाका सन्दर्भद्वारा नयाँ अर्थात् उदीयमान पिँढी वा समुदायको महत्तालाई स्थापित गरेका छन्। कालखण्डको समाज विशेषमा विद्यमान बेग्लाबेग्लै पिँढीगत संस्कृतिअनुरूप निःसृत विविध अनुभूतिलाई साहित्यले संरचनात्मक स्वरूप प्रदान गर्दछ ।

विलियम्सको 'कार्यगत एकता रहेको सांस्कृतिक समूह'को अभिप्राय पिँढीका साथै समुदायसँग पनि सन्दर्भित छ। हरेक कालखण्डको सामाजिक संरचनामा प्रत्येक समुदाय अन्तर्गतका पिँढीहरूका आफ्ना-आफ्ना खाले सांस्कृतिक वैशिष्ट्य हुन्छन्। उनका अनुसार 'समुदाय' मानिसहरूको सांस्कृतिक समूहविशेष हो । समुदाय मानिसद्वारा निर्मित हुन्छ भने मानिस यसद्वारा निर्देशित हुन्छ। उनको सम्पूर्ण लेखनमा वर्गका ठाउँमा समुदायले केन्द्रीय महत्त्व प्राप्त गरेको छ। उनले समाजको यथार्थलाई वर्ग र उत्पादनको स्थितिसँग नभई समुदायको सामूहिक अनुभूतिसँग जोडेर हेरेका छन्। उनका अनुसार वर्ग एक वैचारिक धारणा हो भने समुदाय सहज एवम् स्वाभाविक रूपमा निर्मित मानव समूह हो (पाण्डेय, सन् १९८९, पृ.१८१)। विलियम्सले उपन्यासको विश्लेषणमा 'ज्ञेय समुदाय' र 'ज्ञात समुदाय'को भिन्नता देखाउँदै ज्ञेय समुदाय नै वास्तविक समुदाय भएको चर्चा गरेका छन्। ज्ञेय समुदाय आमजीवन भएको जसलाई आवश्यकीय जोड प्रदान गर्दै साहित्यमा अभिलिखित गरिएको हुन्छ तर ज्ञात समुदाय भने 'असहज अनुबन्ध'का रूपमा कृतिमा देखापर्छ जुन अर्कै चासो र अर्कै संवेदनशीलताको भाषाद्वारा प्रकट हुन्छ। विलियम्सका अनुसार ज्ञात समुदायको प्रस्तुतिमा आख्यानकारको कथनपद्धति र आख्यानचरित्रको भाषाबिचको तनाव प्रकट भएको हुन्छ (कँवर, सन १९८८, पृ.५०)। उन्नाइसौं शताब्दीपछिको समाज तीव्र परिवर्तनका कारण त्यसलाई मानिसले सम्भावित रूपमा मात्र जान्न-बुझ्न सक्ने भएकोले त्यो ज्ञात नभई ज्ञेय रहेको छ। जुन उपन्यासमा प्रभावशाली ढङ्गबाट व्यापक सामाजिक अनुभवलाई अभिव्यक्त गरिन्छ; तिनमा ज्ञेय समुदाय प्राप्त हुन्छ। यस्ता उपन्यासबाट नै अनुभवका स्तरमा पाठकले आफ्नोपन वा आत्मीयता अनुभव गर्दछ त्यो सहज स्वीकार्य हुन्छ। विलियम्सको आशयमा समुदाय त्यस्तो मानव समूह हो जसमा व्यक्तिहरू एक अर्कामा काम वा मित्रता वा परिवारका आधारबाट मात्र जोडिने नभई अनेक स्तरका सम्बन्धमा बाँधिएका हुन्छन् (विलियम्स, सन् १९६५, पृ.३१२-१३)। उनका अनुसार कृतिमा अभिव्यक्त ज्ञेय समुदायमा सामाजिक तथ्य र लेखकको चेतना दुवै पक्ष समावेश भएको हुन्छ।

विलियम्सले अनुभूतिका संरचनाको विश्लेषणमा समुदाय र पिँढीलाई परस्पर सम्बद्ध गरेर हेरेका छन्। विलियम्सका अनुसार अनुभूतिका संरचनाको मूलमा एक कालको समुदाय विशेषको एक पिँढीको आफ्नो जीवनानुभव हुन्छ जुन अर्को पिँढीबाट प्राप्त हुने कुरा होइन (पाण्डेय, सन् १९८९, १८०)। उपन्यासमा वास्तविक समुदायको प्रस्तुतिले कालखण्डको सामाजिक संस्कृतिको पहिचान गराउँछ। कुनै पनि कालमा विद्यमान पिँढी वा समुदायबाट प्रस्तुत विशिष्ट अनुभूतिको संरचनामा समकालीन संस्कृति अभिव्यक्त भएको हुन्छ।

विलियम्सले संस्कृतिको विश्लेषणार्थ प्रस्तुत अनुभूतिको संरचनासम्बन्धी अवधारणालाई प्रस्ट पार्ने क्रममा पिँढी तथा समुदायबारेका आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका हुन्। त्यसै सन्दर्भमा उनले संस्कृति, पिँढी र समुदायलाई परस्पर सम्बद्ध गरेर हेरेका छन्। उनले संस्कृतिका

भौतिक र आत्मिक दुवै पक्षहरूलाई प्रस्ट पार्दै यसलाई मानिसको जीवन्त अनुभूतिका रूपमा अर्थ्याएका छन् । उनका अनुसार 'पिँढी' उमेरगत आधारको पुस्तामात्र नभई कार्यगत एकतामा रहेको सांस्कृतिक समूहविशेष हो । 'समुदाय'लाई उनले मित्रता वा परिवारका आधारमा जुटेको मानिसहरूको समूहका रूपमा मात्र सीमित नगरी संस्कृतिगत सन्दर्भका अनेक स्तरका जटिल सम्बन्धमा अनुबन्धित मानिसहरूको समूहका रूपमा हेरेका छन् । उनका मतमा कुनै पनि कालखण्डको सामाजिक संरचनामा फरक-फरक सांस्कृतिक समुदायलाई प्रतिनिधित्व गर्ने तीन वटा वयस्क पिँढीहरू एकसाथ सक्रिय रहन्छन् र प्रत्येक पिँढीका आफ्ना-आफ्ना अनुभूतिका संरचनामा संस्कृति विशेषको अभिव्यक्ति हुन्छ । विगतको समाजमा विद्यमान संस्कृतिका साथै वर्तमानका आधारबाट आगत समाजको संस्कृतिसमेतलाई सर्जकले साहित्यमा पिँढीगत अनुभूतिको संरचनामा अभिव्यक्ति दिएको हुन्छ र पिँढीविशेषका अनुभूतिका संरचना कालखण्डविशेषका संस्कृति पहिचानका आधार हुन् भन्ने उनको मत रहेको छ ।

## २.७ दबाब र तनावजन्य स्थितिमा सिर्जित पिँढीगत अनुभूतिको संरचना

विलियम्सका अनुसार कुनै पनि कालखण्डको समाजमा कम्तिमा तीन पिँढीहरू एकसाथ सक्रिय हुन्छन् । परस्पर अन्तर्सम्बन्धमा रहेका पहिलो धारको प्रभुत्वशाली पिँढीसँग प्रायः वैकल्पिक र विरोधी स्वरूपका अवशिष्ट तथा उदीयमान पिँढीहरू परस्पर विरोधरत हुन्छन् र एकअर्काबाट प्रत्यक्ष वा परोक्ष रूपमा विरोध झेलिरहेका हुन्छन् । यस क्रममा प्रत्येक पिँढीले विरोधी पिँढीबाट प्राप्त दबाबका कारण निःसृत तनावमा आआफ्ना अनुभूतिको संरचना निर्माण गरिरहेका हुन्छन् । अनुभूतिको संरचना निर्माणका सम्बन्धमा विलियम्सको विचारलाई ताराकान्त पाण्डेय यसप्रकार प्रस्ट पार्दछन् :

> विलियम्सको अवधारणा ... पिँढीसँग सम्बन्धित छ र उनी कम्तिमा तीन पिँढीको कुरा गर्छन् । उनका विचारमा समाजमा प्रायः पहिलो पिँढी शासक तुल्य वा प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो (अझ तेस्रो) पिँढीले अघिल्लो पिँढीको प्रभुत्वका विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्छ । यस क्रममा दबाब र तनावको सिर्जना हुन्छ र त्यसका समाधान स्वरूप दोस्रो (तेस्रो) पिँढी अथवा समुदायले वैकल्पिक बाटो लिन्छ र त्यसले नयाँ अनुभूतिको संरचना जन्माउँछ । (२०७३, पृ.३५)

विलियम्सका मतमा पिँढीहरू परस्पर द्वन्द्वात्मक सम्बन्धमा हुन्छन् । परस्परको सम्बन्धमा अन्तरविरोध झेलिरहँदा प्रत्येक पिँढीले आआफ्ना बेग्लाबेग्लै अनुभूति साँचिरहेका हुन्छन् । साहित्यमा तिनै विशिष्ट अनुभूतिले संरचनात्मक स्वरूप धारण गर्छ । समाजमा बेवास्ता झैँ गरिएका दबाब अनि तिनका कारण उत्पन्न तनावजन्य अनुभूतिका यथार्थ स्वरूपसमेतले साहित्यमा अभिव्यक्ति पाएका हुन्छन् । यसप्रकार कालखण्डको संस्कृतिलाई पिँढीविशेषले संवहन

गर्छन् र प्रत्येक कालखण्डको इतिहास तथा सामाजिक संस्कृति पिँढीगत अनुभूतिमार्फत साहित्यमा परिलक्षियत हुन्छ ।

साहित्यमा अभिव्यक्त अनुभूतिको संरचनाका माध्यमले समुदायभित्रका व्यक्ति र समूहको अन्तरक्रियाको अध्ययन सम्भव हुन्छ । त्यस अन्तरक्रियाका क्रममा द्वन्द्वको सन्दर्भका साथै दबाब र दमनको अन्तरसम्बन्ध पनि निहित हुन्छ । अनुभूतिको संरचनाका मदतले दबाब र दमनले जन्माएको अनुभूतिको प्रकृति र प्रक्रियाको पनि अध्ययन हुन्छ जसमा अनुभूतिको संरचना अन्तर्गतका धारणा, विचार, अनुभव, आग्रह, पूर्वाग्रह, संवेग सबै पक्षलाई अध्ययनमा समेटिन्छ । यसअनुसार साहित्यको पनि विकासप्रक्रिया र त्यसको परिवर्तनका ढाँचासँगको सम्बन्धलाई पनि हेर्न सकिने भएकाले विलियम्सले यसलाई अन्तरसम्बन्धित विधिका रूपमा पनि अर्थ्याएका छन् । त्यस्तै, अनुभूतिको संरचनाको माध्यमबाट कुनै कालखण्ड विशेषको समाज अन्तर्गतका पिँढी/समुदायहरू बिचको अन्तरसम्बन्ध र त्यस क्रममा सिर्जित दबाब र तनाव तथा त्यसले जन्माउने विशिष्ट अनुभूतिको पनि अध्ययन हुन्छ र दबाब एवम् तनावको समाधानस्वरूप गरिने प्रयासले जन्माउने अर्का खाले अनुभूति समेतको अध्ययन सम्भव भएकाले यसलाई विलियम्सले 'समग्रतावादी पद्धति' पनि भनेका छन् (पाण्डेय, २०७३, पृ. ३२-३४) । विलियम्सले 'अनुभूतिको संरचना'को अध्ययन विविध कोणबाट गर्ने क्रममा यसअन्तर्गत रहेको दबाब र तनावजन्य अनुभूतिलाई केन्द्रमा राखेर हेरेका छन् र प्रभुत्वका परिप्रेक्ष्यमा यसको विश्लेषण गरेका छन् ।

प्रभुत्वबारेको अवधारणालाई ग्रहण गरेर विलियम्सले 'संस्कृति'को राजनीतिक कोणबाट पनि परीक्षण गर्न सक्षम भएका छन् । उनले प्रभुत्वलाई 'विचारधारा'भन्दा भिन्न भएको चर्चा गर्दै यसका माध्यमबाट शासक वर्गले अधीनस्थलाई आफ्नो रुचिको अभिव्यक्तिले मात्र नियन्त्रणमा लिने नभई प्रभुत्वलाई 'सामान्य वास्तविकता' अथवा 'साझा चेतना'का रूपमा स्वीकार्य बनाउने अभ्यास गरिरहेको हुन्छ । यसप्रकार शासक वर्गले प्रभुत्वका माध्यमले अधीनस्थमाथि शासन गर्दै समाजको सबै तहमा प्रवेश गर्छ र सबै सम्बन्धमा दबाबरूपी बल प्रयोग गर्छ (विलियम्स, सन् १९८३, *की वर्ड,* पृ.१४५; कँवर, सन् १९८८, पृ.५२ मा उद्धृत) । विलियम्सका अनुसार व्यावहारिक राजनीतिमा पनि केही स्थापित यस्ता पद्धतिहरू हुन्छन् जसको वास्तवमै विरोध गरिएको हुन्छ र त्यसका विरुद्ध सङ्घर्ष पनि गरिएको हुन्छ । संसदीय राजनीतिको व्यवहारमा पनि यो सत्य प्रमाणित हुन्छ जसमा देखिने आन्तरिक विरोध यथार्थ हुन्छन् तर पनि आन्तरिक द्वन्द्व तहका अथवा आन्तरिक विविधताका जुनै स्थितिलाई पनि केन्द्रीय प्रभावकारी तथा प्रभुत्वशाली निर्धारित स्वरूपभन्दा बाहिर क्रियाशील हुन दिइँदैन । यसप्रकार वास्तविक विरोधको अस्तित्वलाई यस तथ्यबाट पनि पहिचान गर्न सकिन्छ (विलियम्स, सन् १९७३, पृ.१०) । तसर्थ विरोधको अस्तित्वलाई विचारधाराका तहमा मात्र सीमित गरेर हेरिनु हुँदैन भन्ने विलियम्सको मान्यता रहेको छ ।

प्रभुत्वशाली विचारधारालाई प्रतिनिधित्व गर्ने सांस्कृतिक समूहद्वारा आफ्ना औपचारिक अभ्यास र रणनीतिको अवलम्बनबाट शोषणकारी सामाजिक सम्बन्धहरू लुकाइएको हुनेहुँदा वैकल्पिक समूह पनि तिनकै पक्षमा कार्य गरिरहेका हुन्छन् । प्रभुत्वशाली सांस्कृतिक समूहले ज्ञेय समुदायमाथि गरिने षड्यन्त्रका क्रममा देखापर्ने प्रतिरोधचेतका कारण दुवै पक्षमा दबाबको अनुभूतिको संरचना निर्माण हुन्छ । यस सन्दर्भमा विकसित समय परिप्रेक्ष्यका सञ्चारका गतिविधिहरू महत्त्वपूर्ण हुन्छन् । सञ्चारका संयन्त्रले ज्ञेय समुदायका विशिष्ट अनुभूतिको संरचनाको प्रयोग, रूपान्तरण र विकासको कार्यमा टेवा प्रदान गर्दै, तिनको विचार र तिनको गठनलाई केन्द्रीय बनाउँदै विपक्षी विचार प्रसारण गर्छन् । यस प्रक्रियामा अनुभूतिको संरचनामा हुँदै गरेको परिवर्तन ठम्याउनु महत्त्वपूर्ण हुन्छ । ज्ञेय समुदायका अनुभूति सन्दर्भ विशेषमा निर्भर रहँदारहँदै पनि ती परिवर्तनशील स्वरूपका हुन्छन् । कुनै पनि परिवेशमा ती फरक-फरक अनुभूतिको संरचनासहित प्रकट हुन सक्छन्; तिनको पहिचान गर्न सक्नुपर्छ (लङहर्स्ट, सन् १९९०, पृ.२३५-३६) । लङहर्स्टले विलियम्सको अनुभूतिको संरचनालाई सांस्कृतिक सङ्घर्ष पहिचान गर्ने सिद्धान्तका रूपमा प्रस्तुत गर्दै यसले आधुनिक समयसन्दर्भमा सञ्चारले खेल्ने भूमिकाका आधारमा द्वन्द्व र सङ्घर्षका परिप्रेक्ष्यमा अनुभूतिको संरचनाको बदलिँदो स्वरूपलाई प्रस्ट पारेका छन् । उनका अनुसार विलियम्सद्वारा औद्योगिक क्रान्तिपछिको विकसित समाजमा मानिसले खण्डित जीवन जिउन बाध्य हुनु परेका तथ्यलाई विलियम्सका उपन्यासहरूमा प्रस्तुत गरिएको छ । अझ *सेकेन्ड जेनेरेसन*मा यस तथ्य धेरै स्पष्ट रूपमा अभिव्यक्त भएको छ । विलियम्सले आफ्ना उपन्यासमा समूह सङ्घर्ष र अनुभवमा तनावको केन्द्रीय स्थितिलाई अनुभूतिको संरचनामा अवलोकन गर्न सकेको लङहर्स्टको तर्क छ (सन् १९९०, पृ.२३२) । विलियम्सले आफ्ना साहित्यिक सिर्जना र आलोचना दुवै पाटाद्वारा संस्कृतिको खोजीका लागि पिँढीगत अनुभूतिको संरचनालाई आधार बनाएका छन् ।

विलियम्सले संस्कृतिको विश्लेषणका क्रममा मानवको समाजसँग हुने जटिल सम्बन्धको वास्तविकताको पनि बारम्बार चर्चा गरेका छन् । उनका अनुसार समाजमा मानव समुदाय तथा वातावरणबिचको द्वन्द्वात्मक सम्बन्धबाट निर्मित मानव स्वभावमा संस्कृतिको अभिव्यक्ति हुन्छ ( विलियम्स, सन् १९६५, पृ.५८) । उनले समाजका वर्ग वा समूहहरूबिचको परस्पर सम्बन्धका सन्दर्भद्वारा सांस्कृतिक सङ्घर्षको महत्त्वमा विशेष जोड दिएका छन् । उनको सांस्कृतिक चिन्तनको प्रारम्भिक र मध्य चरणको चिन्तनमा विशेषतः समाजको संस्कृतीकरण भएको छ । उनले आफ्नो उक्त पूर्वार्द्ध चरणमा सांस्कृतिक सङ्घर्षको महत्त्वलाई पनि प्रकाश पारेका छन् । उत्तरार्द्ध चरणमा आइपुग्दा उनले संस्कृतिलाई अझै फराकिलो दृष्टिमा हेरेका छन् । उनका अनुसार संस्कृतिभित्र जीवनमार्गहरू उत्पादन गर्ने क्रममा वैयक्तिक अन्तरक्रियाहरू हुन्छन् जसनुसार मानिस संस्कृतिको अभ्यासमा संलग्न हुन्छन् । यस क्रममा मानिस सांस्कृतिक सङ्घर्षमा प्रवेश गर्छन् । सांस्कृतिक सङ्घर्षको सन्दर्भलाई उनले आफ्ना प्रमुख दुई अवधारणाहरू

'अनुभूतिको संरचना' र 'ज्ञेय समुदाय'का आधारमा प्रस्ट पारेका छन् । विलियम्सका मतमा कुनै पनि सामाजिक संरचनामा विद्यमान सांस्कृतिक कार्यगत एकतामा रहेको वास्तविक समुदाय जुन जान्न योग्य हुन्छ त्यो ज्ञेय समुदाय हो । उनका अनुसार विशिष्ट परिवेशमा सांस्कृतिक सङ्घर्षका विभिन्न प्रकारहरूलाई पिँढी वा समुदायको परस्परको वैमनस्यपूर्ण सम्बन्धको अवस्थामा देखिन्छ । अतः समय विशेषका फरक-फरक सांस्कृतिक समूह/पिँढी प्रत्येकमा परस्पर सङ्घर्षका क्रममा दबाब र तनावजन्य अनुभूतिको निर्माण भइरहेको हुन्छ ।

प्रभुत्वशाली पिँढीद्वारा अधीनस्थ पिँढी/समुदायमाथि गरिँदै आएको शोषण र प्रभुत्वलाई निरन्तरता दिनका लागि शोषक पिँढीले निरन्तर सङ्घर्ष गर्दै त्यस परिप्रेक्ष्यका अनुभूति सँगालिरहेको हुन्छ । साथै, आफूद्वारा प्रसारित प्रभुत्वका कारण दोस्रो वा तेस्रो पिँढीका प्रतिरोधचेतमा उत्पन्न प्रतिकारको व्यवहार वा विद्रोहमा यस पहिलो प्रभुत्वशाली पिँढीले दबाब झेलिरहेको हुन्छ र दबाबका कारण उत्पन्न तनावका परिप्रेक्ष्यमा आफ्नै खाले अनुभूतिको संरचना निर्माण गरिहेको हुन्छ । अझ तेस्रो पिँढीबाट पहिलो पिँढीको उत्पीडन र दमनका विरुद्धमा गरिने सङ्घर्ष, त्यस क्रममा प्रकट प्रतिप्रभुत्वका कारण पहिलो पिँढीमा थप दबाब र तनावका कारण अनुभूतिको संरचना सिर्जित हुन्छ । यसरी प्रभुत्वशाली पिँढीले पनि वैकल्पिक तथा उदीयमान जस्ता पिँढीहरूसँगको अन्तरविरोधमा आफ्नै खाले विशिष्ट अनुभूतिको संरचना निर्माण गरिरहेको हुन्छ । अन्तरविरोधका माझ प्रभुत्वलाई निरन्तरता दिने सन्दर्भमा तथा अवशिष्ट वा उदीयमान पिँढीद्वारा प्रतिकारका क्रममा निःसृत व्यवहारका कारण पनि प्रभुत्वशाली पिँढीमा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भइरहेको हुन्छ । अतः अनुभूतिको निर्माण दोहोरै प्रक्रियामा भइरहेको हुन्छ । सबैखाले अनुभूतिको संरचनाको विश्लेषणबाट सामाजिक संस्कृतिको समग्र र वास्तविक स्वरूपलाई ठम्याउन सकिन्छ । यद्यपि विलियम्सले उदीयमान पिँढीको अनुभूतिको संरचनामा बढी जोड दिएका छन् ।

विलियम्सले समाजको गतिशीलतालाई सांस्कृतिक सङ्घर्षसँग जोड्दै यसलाई पिँढीगत परिप्रेक्ष्यमा हेरेका छन् । विशेषतः प्रभुत्वशाली पिँढी आफ्नो प्रभुत्वलाई स्थायित्व दिन र विस्तार गर्नमा दत्तचित्त हुन्छ । वैकल्पिक पिँढीलाई अधीनस्थ गर्न र उदीयमान पिँढीलाई आफ्नो पक्षमा लिन यस पिँढी हरतरहले प्रयासरत हुन्छ । यस क्रममा अधीनस्थ तथा उदीयमान पिँढीलाई एकअर्का विरुद्ध खडा गर्ने प्रपञ्चमा पनि क्रियाशील हुन्छ । यसरी प्रभुत्वशाली पिँढीद्वारा धार्मिक तथा शैक्षिक संस्थाहरू, बुद्धिजीवीहरूसमेतको सहयोगमा कतिपय आफ्ना हितअनुकूलका सामाजिक परम्पराका स्मृति जगाउने, वैकल्पिक चेतनालाई प्रतिरोध गर्ने, सर्वसाधारणलाई आफ्नो अनुकूलन गर्ने, प्रभुत्वलाई सहमतीय परिपालनामा अभ्यस्त राख्ने जस्ता कार्यहरू भइरहेको हुन्छ । वैकल्पिक पिँढीलाई अधीनस्थ राखिराख्न गाह्रो पर्दा राज्य वा सत्ताका आडमा त्यसद्वारा बलप्रयोग अर्थात् दण्ड नीतिको अवलम्बनसमेत हुन्छ । यसप्रकार प्रभुत्वशाली पिँढीले अधीनस्थको चेतनालाई

निरन्तर आफूतर्फ आकर्षित र नियन्त्रित गर्दै तिनको प्रतिरोधी चेतनालाई द्विविधाग्रस्त बनाउन हरप्रयास गर्छ तथापि वैकल्पिक तहको विरोधी पिँढी अझ नवउदीयमान पिँढी मूल धारको संस्कृतिको प्रभुत्वको विरोधमा क्रियाशील हुन्छ । यस सांस्कृतिक सङ्घर्षमा नयाँ सांस्कृतिक समूहले पुरानो सत्तालाई ढालेर आफ्नो सत्ता स्थापित गर्न पनि सक्छ तथापि परम्परित सांस्कृतिक प्रवृत्ति अवशिष्ट रूपमा विद्यमान भइरहन सक्छ । यसरी सांस्कृतिक सङ्घर्षको निरन्तर प्रक्रियामा परस्पर पिँढीगत अन्तर्द्वन्द्वका क्रममा प्रत्येक पिँढीमा आफ्नाआफ्नै किसिमका विशिष्ट अनुभूतिको संरचनाको निर्माण भइरहेको हुन्छ ।

विलिसम्सले सांस्कृतिक जटिलताका परिप्रेक्ष्यमा कुनै पनि पिँढी वा समुदायका अनुभूतिको संरचनाको निर्माणको प्रक्रियालाई हेरेका छन् । उनका अनुसार संस्कृतिको जटिलता 'परम्परा', 'संस्था' र 'गठन' जस्ता सांस्कृतिक प्रक्रियाहरूद्वारा मात्र देखिने नभएर तिनको गतिशील अन्तरक्रियाको पद्धतिका हरेक बिन्दुमा पनि देखिन्छ । त्यस गतिशील अन्तरक्रिया ऐतिहासिक विविधता र बहुविध तत्त्वहरूका बिचमा हुन्छ । त्यस सांस्कृतिक प्रक्रियालाई सांस्कृतिक प्रणालीका रूपमा प्रभुत्वशाली मुख्य लक्षणहरूले युक्त बनाइएको हुन्छ । अभ्यासमा महत्त्वपूर्ण र प्रभावकारी सांस्कृतिक पद्धतिका सामन्ती वा बुर्जुवा संस्कृतिक रूपहरू परस्पर सङ्क्रमित भएर रहन्छन् । यसप्रकार विलियम्सका मतमा 'बुर्जुवा संस्कृति' महत्त्वपूर्ण रूपमा सामान्यीकरण गरिएको त्यस्तो विवरण हो जुन सामन्ती संस्कृति वा समाजवादी संस्कृतिसँगका आधारभूत तुलनाद्वारा युगीन विश्लेषणमा अभिव्यक्त हुन्छ (विलियम्स, सन् २०१०, पृ.१२१) । विलियम्सले संस्कृतिको युगीन विश्लेषणका क्रममा प्रभुत्वशाली संस्कृति निर्माणमा भूमिका निर्वाह गर्ने सांस्कृतिक प्रक्रियाहरू र प्रमुख सांस्कृतिक रूपहरूको चर्चा गरेका छन् । उनका अनुसार प्रत्येक संस्कृतिमा निहित तत्त्वहरूका बिचमा अनि फरक-फरक संस्कृतिहरूका बिचमा परस्पर गतिशील अन्तर्क्रिया भइ नै रहेको हुन्छ । यस क्रममा थुप्रै अन्तरविरोधहरू देखा परिरहेका हुन्छन् ।

विलियम्सका अनुसार सामान्यतः पहिलो पिँढीका रूपमा रहेको मूलधारको प्रभुत्वशाली पिँढीद्वारा प्रसारित प्रभुत्वका कारण वैकल्पिक पिँढीले प्रशस्तै दबाब र दमनका कारण सिर्जित तनाव सँगाल्दै अनुभूतिको संरचना निर्माण गरिरहेको हुन्छ । उनका अनुसार फरकफरक पिँढीका अन्तर्सम्बन्धका क्रममा देखिने अन्तर्विरोध पिँढीगत अनुभूतिको संरचना निर्माणको प्रमुख आधार हो । फरक-फरक सांस्कृतिक समूह अर्थात् पिँढी वा समुदायका आफ्ना-आफ्ना संस्कृतिगत मूल्य र मान्यता हुन्छन् । एउटै समाजमा रहेर परस्पर अन्तरक्रियाका क्रममा एक पिँढीले अर्को पिँढीबाट दबाब र तनाव झेलिरहेकै हुन्छ; भिन्न-भिन्न मूल्य र अर्थका लागि लिएर सङ्घर्ष गरिरहेकै हुन्छ । पिँढीगत अन्तर्सम्बन्धका क्रममा परस्पर पिँढीले प्राप्त गर्ने दबाब र तनावको मात्रा र स्तर पनि फरकफरक हुन्छ ।

विलियम्सका अनुसार वैकल्पिक तहका अनुभूतिका संरचनाले त्यस्ता मानवीय अनुभवका आकाङ्क्षा र उपलब्धिलाई प्रतिनिधित्व गर्छन् जसलाई प्रभुत्वशाली संस्कृतिले वेवास्ता गर्छ; कम मूल्याङ्कन गर्छ; विरोध गर्छ; दमन गर्छ अथवा पहिचान गर्नै खोज्दैन। त्यसकारण मूल धारको सांस्कृतिक गतिविधिका कारण अधीनस्थलगायतका पिँढीहरूमा दबाब र तनावजन्य अनुभूतिको संरचनाको निर्माण हुन पुगेको हुन्छ। वैकल्पिक पिँढी तथा समुदाय विशेषले प्रभुत्वशाली पिँढीका तर्फबाट आफ्ना लागि प्रतिकूल गतिविधिको बोध गरिरहेका हुन्छन्। 'अनुभूतिको संरचना' त्यस क्रममा उत्पन्न मानसिक तहका त्यस्ता अनुभव वा अनुभूति हुन् जुन उच्चारण नभईकन पनि अर्थात् प्रत्यक्ष नभईकन पनि स्पष्ट र मूर्त दबाब जन्माउन समर्थ हुन्छन्। यसप्रकार विलियम्सले मानवीय विशिष्ट अनुभूतिका कारण विपरीत पिँढी वा समुदायमा उत्पन्न हुने तनाव तथा दबाबलाई महत्ता प्रदान गरेको देखिन्छ।

विलियम्सले सांस्कृतिक सङ्घर्षको विश्लेषणका क्रममा वर्गीय आधारका वैकल्पिक तथ्यहरूको पनि चर्चा गरेका छन्। यस क्रममा उनले सन् १८४० को दशकको बेलायतअन्तर्गतको वेल्सको औद्योगिक समाजलाई महत्त्वका साथ हेरेका छन्। उनले यसै सन्दर्भमा मूलतः औद्योगीकरणले छोएका राष्ट्रहरूमा पुँजी र प्रविधिको प्रसारसँगै पुँजीवादको क्रूर अमानवीय चरित्रले पारेको असरको चर्चा गरेका छन्। उनका अनुसार त्यस बेला पनि संस्कृतिको एउटा ठुलो भाग ती मानिसहरूद्वारा निर्मित थियो जो यथार्थमा पुँजीपतिसँग सङ्घर्ष गरिरहेका थिए तर पनि ती असफल थिए। बुर्जुवा सांस्कृतिक रूपका कारण ती दूषित बनाइएका थिए तथापि तिनले सङ्घर्षको चेतनालाई कायम राख्न सक्नु महत्त्वपूर्ण पाटो थियो। उनका तर्कमा तिनको संस्कृतिलाई मार्क्सवादी स्थितिका प्रभावमा सामान्य प्रवृत्तिद्वारा निर्देशित हुँदै वैकल्पिक संस्कृतिका तहमा मात्र प्रस्तुत गरियो। यसरी तत्कालीन वेल्सका सर्वहारा लेखकद्वारा त्यस संस्कृतिलाई अधीनस्थ संस्कृति भएको असाधारण अनुभव प्रस्तुत गरिनु बेठिक थियो, जुन बेला त्यो श्रमिक वर्ग अनवरत सङ्घर्षमा थियो (विलियम्स, सन् १९७९, पृ.११८-१९)। विलियम्सले मजदुर वर्गीय संस्कृतिलाई र तिनको सांस्कृतिक सङ्घर्षलाई परम्परित धारणाभन्दा फरक रूपमा हेर्दै त्यसलाई उदीयमान संस्कृतिको पूर्व सङ्केतको आधारका रूपमा हेरेका छन्। उनका अनुसार कुनै पनि अवधिविशेषको निर्माण मुख्यतया सक्रिय पिँढीले गरेका प्रारम्भिक रचनात्मक कार्यसँग सम्बन्धित हुन्छ।

विलियम्सका अनुसार पूर्ववर्ती सामाजिक संरचनामा रहेका विशिष्ट मूल्य र अभिप्राय बोकेका केही अवशिष्ट सांस्कृतिक रूप परवर्ती कालमा पुनः फर्काउने प्रयास अवशिष्ट संस्कृतिका तर्फबाट भइरहेको हुन्छ। प्रधान संस्कृतिका तर्फबाट भने त्यस कार्यको विरोध हुन्छ कि त त्यस रूपको मूल्यलाई कम आँकलन गरिन्छ। अतीतका केही महत्त्वपूर्ण अवशिष्ट रूपलाई भने प्रभुत्वशाली सांस्कृतिक समूहले आफ्नो संस्कृतिलाई अधिक सार्थक बनाउन आफ्नोतर्फ समाहित

गर्छ । यसप्रकार अवशिष्ट रूप आफ्ना लागि चुनौतीका रूपमा देखा नपरून् भन्ने अभिप्रायमा तिनलाई बाहिर क्रियाशील हुन छुट दिइँदैन तथापि यस किसिमको वास्तविक दबाबमा पनि केही जायज अवशिष्ट अभिप्राय भने समग्र सामाजिक प्रक्रियामा जीवितै हुन्छन् (विलियम्स, सन् १९७३, पृ. ११-१२) । यस सन्दर्भमा अवशिष्ट संस्कृतिको संवाहक पिँढीले दबाब र तनावको अनुभूतिको संरचना निर्माण गर्दै आफ्नो अस्तित्व कायम राख्नका लागि सङ्घर्ष गरिरहेको हुन्छ भन्ने कुरा विलियम्स सङ्केत गर्छन् ।

विलियम्सका विचारमा समग्र सामाजिक सांस्कृतिक प्रक्रियामा प्रभुत्वशाली हैकमको प्रवेश उल्लेख्य हुन्छ तथापि नयाँ सामाजिक मूल्य स्थापनार्थ सांस्कृतिक अभ्यास गरिहेको उदीयमान पिँढी भने प्रभुत्वशाली संस्कृतिको विपरीत हुन्छ र विपक्षमा हुन्छ । यो पिँढी वैकल्पिक पिँढी भन्दा पनि विरोधी पिँढी प्रवृत्तिका निकटमा हुन्छ । उनका मतमा विशेष गरी प्रभुत्वको उल्लेख्य क्षेत्रमा विशेष छाप छोड्ने वैकल्पिकलाई नै विरोधी रूपमा रूपान्तरण गरिने भए पनि यी दुई परस्पर भिन्न हुन्छन् । यी दुवैका आफ्ना-आफ्ना अभ्यास र अर्थका घेरा हुन्छन् । आफ्नो अस्तित्वलाई तिनले आफ्नै सीमित स्वभावबाट परिभाषित गरेका हुन्छन् । प्रभुत्वशाली हैकमको स्थितिलाई चिनारी गराउने कार्य अन्य संस्कृतिका फरक-फरक स्वरूपका संस्कृतिको अवस्थितिबाट हुन्छ । ती आफ्नाआफ्नै सामर्थ्यअनुरूप कुन तहमा अवस्थित हुन्छन् त्यस आधारमा तिनको विरोध हैसियत र सङ्घर्षको स्वरूप तय हुन्छ । त्यसबाट तिनका छुट्टाछुट्टै पहिचान प्रकट हुन्छ । अतः विलियम्सका अनुसार प्रधान संस्कृतिगत जटिलतामा रहेका वैकल्पिक, विरोधी स्वरूपमा रहेका सक्रिय अवशिष्ट र नव उदीयमान तथ्यहरूलाई पहिचान गर्नु आवश्यक हुन्छ (विलियम्स, सन् १९१०, पृ.१२५-२६) । उनले समाजमा एकसाथ विद्यमान भिन्न-भिन्न संस्कृतिबिचको जटिल सम्बन्धको गहन अध्ययनतर्फ बारम्बार सजग गराएका छन् ।

विलियम्सले उदीयमान र पूर्वउदीयमान अनुभूतिका संरचनामा विद्यमान स्पष्ट दबाब दिने तथा अनुभव र कार्यको प्रभावकारी सीमा निर्धारण गर्ने विशिष्ट क्षमताका बारेमा पनि प्रकाश पारेका छन् (विलियम्स, सन् २०१०, पृ.१३२) । प्रभुत्वशाली, अवशिष्ट वा उदीयमान कुनै पनि संस्कृतिको चरित्र समाज र समूहभित्रको जीवनशैलीमा प्रकट हुन्छ । समाजमा कुनै पनि समूह वा वर्गले संस्कृतिका विषयलाई कसरी हेर्छ; व्याख्या गर्छ र अर्थापन गर्छ त्यसको विश्लेषण महत्त्वपूर्ण हुन्छ । फरक अर्थ र फरक संस्कृतिमाथि प्रभुत्व जमाउने कार्यमाथि जनाइने विमति सांस्कृतिक प्रतिरोधको सुरुवात हो (सुवेदी, २०६८, पृ.१३०) श्रमिक, नारीलगायतका शासनबाट पीडित र उपेक्षित वर्गको लेखनमा प्रभुत्वप्रतिको प्रतिरोधचेत प्रकट हुन्छ । विलियम्सले संस्कृतिको विश्लेषणमा प्रभुत्वका कारण सिर्जित दबाब र तनावका साथै प्रतिकारको चेतमा गरिने सांस्कृतिक सङ्घर्षका गतिविधिको महत्तालाई स्थापित गरेका छन् ।

विलियम्सका अनुसार उदीयमान संस्कृतिको सिर्जना पूर्व उदीयमान अभ्यासको त्यस्तो प्रकार हो जुन कुनै पनि बेलामा प्रकट हुन सक्छ र उदीयमान संस्कृतिको निर्माण र विस्तारका लागि त्यो अनुभूतिको संरचनामा अभिव्यक्त हुन्छ। मूलधारको संस्कृतिद्वारा सञ्चालित प्रभुत्वको यथास्थितिमा परिवर्तन खोज्ने अधीनस्थ स्वरूपको वैकल्पिक पिँढीको र अझ विरोधी पिँढीको चाहनालाई विलियम्सको 'प्रभुत्व' विरुद्धको 'प्रतिप्रभुत्व' र 'वैकल्पिक प्रभुत्व' को भनाइले पनि सङ्केत गरेको छ (विलियम्स, सन् २०१०, पृ.११२–१३)। नवउदीयमान अनुभूतिको संरचना प्रतिप्रभुत्वको सङ्केतकका रूपमा प्रस्तुत हुन्छ। यसप्रकार मूल्य, अर्थ र व्यवहारमा नयाँपनको खोजी गर्ने वैकल्पिक तथा उदीयमान पिँढीका सङ्घर्ष, दबाब तथा दमनप्रतिको विद्रोह अनि प्रतिरोधी चेतलाई उनले महत्त्वका साथ हेरेका छन्। अनुभूतिको संरचनामा प्रभुत्वशाली संस्कृतिलाई पछाडि छोड्ने र नयाँ संस्कृति विकसित गर्ने तत्त्व निहित हुने भएकाले विलियम्सले यसलाई 'समाधानतर्फ उन्मुख सामाजिक अनुभव' भनेका हुन् (विलियम्स, सन् २०१०, पृ.१३३)। अतः तनाव र त्यसले सिर्जना गर्ने दबाबका कारण समाधानतर्फ उन्मुख अनुभूतिको संरचना निर्माण हुन पुग्छ।

विलियम्सका अनुसार अनुभूतिको संरचनालाई आधार बनाएर संस्कृतिको खोजीका क्रममा सामाजिक जीवन तथा संस्कृतिका वैकल्पिक र विरोधी रूपका तथ्यहरूलाई प्रभावकारी एवम् प्रधान संस्कृतिका परिप्रेक्ष्यमा पहिल्याउनु पर्छ। उनका मतमा वैकल्पिक विरोधमूलक रूपहरूको अस्तित्वमा पनि निरन्तर ऐतिहासिक परिवर्तन भइरहेकै हुन्छ (सन् १९७३, पृ.१०)। परिवर्तनप्रतिको रुचि मानवीय स्वभाव हो। सामाजिक संरचनामा मूल प्रवाहमा प्रभुत्वशाली स्थितिमा रहेको प्रधान संस्कृतिका साथै वैकल्पिक अवशिष्ट तथा विरोधी तहको उदीयमान संस्कृति सबै परिवर्तनशील छन्। यी फरकफरक संस्कृतिलाई संवहन गर्ने सांस्कृतिक समूह बिचको अन्तर्विरोधमा दबाब र तनावका कारण सिर्जित विद्रोहस्वरूप पुरानो सांस्कृतिक ढाँचाको ठाउँ नयाँ सांस्कृतिक ढाँचाले लिन्छ।

विलियम्सले *मार्क्सिज्म एन्ड लिटरेचर* (सन् १९७७) पुस्तकमा सामाजिक परिवर्तनको प्रक्रियालाई अनुभूतिको संरचनासँग जोडेर प्रस्ट पारेका छन्। उनी अनुभूतिको संरचनालाई समाधानतर्फ उन्मुख सामाजिक अनुभवका रूपमा परिभाषित गर्न सकिने तर्क गर्दछन्। उनका अनुसार सबै कला समकालीन अनुभूतिको संरचनासँग मात्र सम्बन्धित हुँदैनन्। धेरैजसो वास्तविक कलाको प्रभावकारी गठन पहिले नै प्रकट सामाजिक गठनका प्रभावशाली वा अवशिष्ट रूपसँग सम्बन्धित हुन्छ। मुख्यतः उदीयमान गठन भने प्रायः पुरानो रूपको परिमार्जित वा विरोधी स्वरूपमा हुन्छ जुन समाधानसँग सम्बन्धित अनुभूतिको संरचनामा हुन्छ। त्यसैले वास्तविक कलाको प्रारम्भिक संरचना समाधानउन्मुख उदीयमानसँग सम्बन्धित हुन्छ (सन् २०१०, पृ.१३३-३४)। अतः उदीयमान पिँढीको अनुभूतिको संरचनाको खोजी सामाजिक परिवर्तनको प्रक्रिया

ठम्याउने आधार बन्न सक्दछ। कृतिको विश्लेषणका क्रममा सामाजिक, आर्थिक र सांस्कृतिक गतिशीलता, तिनको विकास तथा प्रक्रियाहरूको अध्ययनमा दशकगत समयविशेषको राजनीतिक, आर्थिक, औद्योगिक रूपान्तरणलाई कृतिमा कसरी प्रतिबिम्बित गरिएको छ, त्यसको खोजी 'अनुभूतिको संरचना' सिद्धान्तअनुसार गर्न सकिन्छ (बेस्ट, सन् २०१२, पृ.१९५)। विलियम्सका अनुसार कृतिमा अभिव्यक्त अनुभूतिको संरचना समग्र सामाजिक परिवर्तनको प्रक्रियालाई ठम्याउने प्रमुख आधारहरू मध्ये एक हो।

विलियम्सका अनुसार सामाजिक संरचनामा वास्तवमै के परिवर्तन भइरहेको छ भन्ने कुरा साहित्यिक शब्दशैलीबाट पनि प्रकट हुन्छ। उनका मतमा पछिल्लो पिँढी वा समुदायले प्रयोग गर्ने भाषाशैली, पूर्व पिँढीको भन्दा फरक हुन्छ जसको अभिव्यक्ति साहित्यमा हुन्छ। शिष्टाचारका शब्द, पोसाकलगायतका सामाजिक जीवनका अन्य भौतिक रूपहरूबाट पनि यस्तो परिवर्तन ठम्याउँन सकिन्छ। साथै, पिँढीगत सम्बन्धको अवलोकनबाट परिवर्तनको प्रक्रियाको पहिचान सम्भव हुन्छ ( सन् २०१०, पृ.३१)। यसरी विलियम्स कृतिमा अभिव्यक्त अनुभूतिको संरचनाको विश्लेषणद्वारा समाजमा रूपायित हुँदै गइरहेको सांस्कृतिक मूल्यको ऐतिहासिक आधार र परिवर्तित रूपको अध्ययन गरिनुपर्ने कुरामा जोड दिन्छन् (पाण्डेय, सन् २०१२, ८५)। पिँढीगत सम्बन्धमा देखिने अन्तरविरोधको पहिचान स्वरूप कृतिमा अभिव्यक्त अनुभूतिको संरचनामा हुन्छ। सांस्कृतिक परिवर्तनको गहन प्रमाण समाजको पेसागत कार्यजीवनबाट पनि खोजी गर्न सकिन्छ। कार्यगत प्रकृति, मूल्य र अर्थ तथा कामदार बिचको सम्बन्धका परिवर्तित स्वरूपबाट कार्यजीवनमा फेरिँदो शैली प्रकट हुन्छ। व्यावसायिक क्षेत्रमा देखिएको भौतिक तथा संरचनात्मक परिवर्तनको असर पेसाभित्रको काममा संलग्न उमेरगत पिँढीहरूमा स्पष्ट देखिन्छ। अवकाशतर्फ अघि बढेका वृद्धोन्मुख पिँढी जुन प्रविधिमैत्री छैन; तिनको कार्यअनुभव मध्यम कोटि उमेरका पिँढीको भन्दा भिन्न हुन्छ। ऐतिहासिक र सांस्कृतिक परिवर्तनको मोडमा रहेका पिँढीहरूमा देखिने सङ्क्रमणको भिन्न-भिन्न प्रभाव अध्ययनीय विषय बन्न सक्छ (किर्क, सन् २००८, पृ.४५)। बेग्लाबेग्लै पिँढीहरूका भिन्न-भिन्न अनुभूति सामाजिक परिवर्तनको दिशा पहिचानका आधार बन्न सक्छन्। यसरी समाजविशेषमा सक्रिय रहेका पिँढीहरूबिचको अन्तर्सम्बन्धका क्रममा देखा पर्ने दबाब तथा तनावका कारण निःसृत अनुभूति, विद्रोहजन्य अनुभूतिका कारण सिर्जित गतिविधिहरू पनि समाजलाई परिवर्तनतर्फ लैजाने आधार बन्न सक्छन्।

विलियम्सका मतमा साहित्य पनि समाज जस्तै गतिशील प्रक्रियामा अगाडि बढेको हुन्छ साथै यो समाजमा व्यापक रूपमा सक्रिय अनेक प्रक्रियामध्ये सबैभन्दा जटिल, सजीव र गतिशील प्रक्रिया हो। उनले आलोचनाको कर्ममा साहित्यिक प्रक्रियाको बोधलाई समाज र साहित्यको परस्पर सम्बन्धको बोधसँग जोडेर हेरेका छन्। त्यस्तै, उनी आफ्ना लेखनमा वर्तमानको वास्तविकताको बोधलाई आधार बनाएर भविष्यको सकारात्मक संभावनालाई सङ्केत गर्दछन्।

उनको लेखनमा भविष्योन्मुखी दृष्टि रहेको छ (पाण्डेय, सन् १९८९, पृ.१९९)। लेखनमा भविष्योन्मुखी दृष्टिको प्रस्तुति पूर्व उदीयमान अनुभूतिको अभिव्यक्ति हो। विलियम्सले साहित्यिक रूप र पूर्व उदीयमान सामाजिक संरचनाबिचको जुन आशाजनक सम्बन्ध देखाएका छन्, त्यो व्यावहारिक छ (सिम्पसन, सन् १९९२, पृ.२३)। उनका मतमा कला साहित्यमा पूर्व सङ्केतको रूप प्राप्त गरेका अर्थसम्बन्धी तथ्यहरू प्रायः नयाँ अनुभूतिका संरचनामा अभिव्यक्त हुन्छन्। ती अनुभूति कल्पनाद्वारा निर्मित नयाँ अनुभूतिको संरचनामा हुन्छन् जसद्वारा सामाजिक परिवर्तनको सङ्केत हुन्छ (विलियम्स, सन् २०१०, पृ.१३३)। यसरी उनले सामाजिक परिवर्तनको प्रक्रिया ठम्याउने आधारका रूपमा पिँढी/समुदाय विशेषमा नवनिर्मित अनुभूतिको संरचनाको चर्चा गरेका छन्।

विलियम्सका अनुसार प्रभुत्वशाली, अवशिष्ट तथा उदीयमान फरक-फरक संस्कृतिलाई संवहन गर्ने मूलतः तीन तहका पिँढी/समुदायहरू अन्तर्सम्बन्धमा हुन्छन्। पारस्परिक व्यवहारमा सिर्जित अन्तरविरोधमा ती प्रत्येकले दबाब र तनावजन्य अनुभूतिका संरचना निर्माण गरिरहेका हुन्छन्। विशेषतः उदीयमान पिँढी/समुदायमा नवनिर्मित अनुभूतिको संरचना सामाजिक परिवर्तनको सूचक हुन्छ।

## २.८ अनुभूतिका संरचनाका अभिव्यक्तिगत विविध रूपहरू

विलियम्सका अनुसार पिँढी/समुदायमा निर्मित विशिष्ट अनुभूतिका संरचनाले कालखण्ड विशेषको संस्कृतिलाई द्योतन गर्दछ। देशकालपरिस्थितिका सापेक्षमा समाज र संस्कृतिको निर्माण तथा विनिर्माण भइरहने हुनाले तज्जन्य अनुभूतिको स्वरूप पनि परिवर्तनशील हुन्छ। सामन्तवादी, अर्द्धसामन्तवादी हुँदै पुँजीवादी स्वरूपमा गति लिन थालेको आजको वैश्विक परिवेशको सामाजिक संरचनासमेत वर्गीय तथा लैङ्गिक विभेदबाट मुक्त छैन। वर्तमानसम्म नै यसखाले विभेदजन्य पिँढी/समुदायहरूको सार्वभौम उपस्थिति रहेकै छ। पिँढी/समुदायगत भिन्नतामा निःसृत बेग्लाबेग्लै अनुभूतिका संरचनाहरू तिनीहरूमा निर्माण भइरहेकै हुन्छ। उच्च, मध्यम, निम्न जुनै वर्ग अनि पुरुष, महिला आदि जुनै लैङ्गिक समूहमा पनि उमेरगत आधारमा भिन्न पिँढीहरू विद्यमान हुन्छन् र तिनका पुस्तान्तरजन्य अनुभूतिका स्वरूपहरू पनि आफ्ना-आफ्ना र विशिष्ट हुन्छन्।

देशपरिवेश विशेषका जाति, क्षेत्र, रङ्ग आदि परिप्रेक्ष्यका भेदभावयुक्त सामाजिक संस्कृतिलाई संवहन गर्ने बेग्लाबेग्लै पिँढीहरूले पनि त्यसै गरी परस्पर अन्तर्क्रियाका क्रममा आफ्नैखाले अनुभूतिका संरचना निर्माण गरिरहेका हुन्छन्। आध्यात्मिक चेतद्वारा आदर्श समाजको निर्माणमा दत्तचित्त उदीयमान पिँढीविशेष वा भौतिक चेतद्वारा समाजको रूपान्तरणमा समर्पित उदीयमान पिँढीविशेष जुनैले पनि आफ्ना-आफ्ना बेग्लाबेग्लै अनुभूतिका संरचनाहरूलाई जन्म

दिइरहेका हुन्छन्। विलियम्सका मतमा मानवमनमा सिर्जित विशिष्ट अनुभूतिले साहित्यमा संरचनात्मक स्वरूप प्राप्त गर्दछ। यसप्रकार प्रभुत्वशाली, अधीनस्थ तथा उदीयमान जुनसुकै संस्कृतिलाई संवहन गर्ने पिँढी, वर्ग वा समुदाय विशेषका अनुभूतिका संरचनाका अभिव्यक्तिगत यिनै विविध रूपहरूले साहित्यमा अभिव्यक्ति पाएका हुन्छन् जसमा कालखण्डको संस्कृति विशेषले प्रस्तुति पाएको हुन्छ।

उपर्युल्लिखित अभिव्यक्तिगत विविध रूपहरूका अनुभूतिका संरचनाको स्वरूप, तिनको निर्माणको प्रक्रिया तथा उपन्यासमा तिनलाई प्रयोग गरिनुका कारणहरू समेतको खोजी र विश्लेषण उपन्यासको समाजशास्त्रीय अध्ययनमा महत्त्वपूर्ण हुन्छ।

## २.९ उपन्यासको विश्लेषणगत अवधारणा

उपर्युक्त शीर्षकहरूमा प्रस्तुत विलियम्सद्वारा प्रतिपादित सैद्धान्तिक अवधारणा अनुभूतिको संरचनासम्बन्धी विस्तृत अध्ययनले कालखण्डविशेषको सामाजिक संरचनामा कम्तीमा तीन तहका प्रभुत्वशाली, वैकल्पिक/अवशिष्ट र उदीयमान संस्कृतिहरूलाई संवहन गर्ने पिँढी/समुदायहरू एकसाथ सक्रिय हुन्छन् र तिनले पारस्परिक व्यवहारका क्रममा सिर्जित अन्तरविरोधमा आफ्ना-आफ्ना संस्कृतिगत बेग्लाबेग्लै अनुभूतिको संरचनाको निर्माण गरिरहेका हुन्छन् भन्ने कुरालाई प्रस्ट पारेको छ। त्यसै गरी उपन्यासको पनि आफ्नै सामाजिक संरचना हुन्छ र त्यहाँ पनि मूलतः यिनै तीन तहका पिँढी/समुदायहरूको उपस्थिति हुन्छ। विशेषतः सामाजिक यथार्थवादी उपन्यासले ती पिँढी/समुदायमा निर्मित अनुभूतिको संरचनालाई नै मूल भावभूमि बनाएका हुन्छन्। त्यस क्रममा वर्ग, लिङ्ग, जाति/जनजाति, रङ्ग, क्षेत्रलगायत पुस्तान्तर विभेद एवम् आध्यात्मिक वा भौतिक कुनै चेतविशेषलाई संवहन गर्ने, त्यस्तै चाकरीप्रथालाई हेर्ने भिन्न-भिन्न दृष्टिकोण बोकेका आदि जस्ता बेग्लाबेग्लै पहिचान बोकेका पिँढीविशेषका अनुभूतिले उपन्यासमा संरचनात्मक स्वरूप पाएका हुन्छन्।

लेखकद्वारा उपन्यासमा खास कालखण्डको सामाजिक संरचनामा निर्मित पिँढीगत, समुदायगत, वर्गगत र वैयक्तिक समेत गरी विविध प्रकारका अनुभूतिको आख्यानीकरण गरिएको हुन्छ। तिनको अध्ययनबाट मानिस र समाजका बिचको सम्बन्धका साथै सामाजिक परिवर्तनको प्रक्रिया अर्थात् सामाजिक इतिहास थाहा पाउन सकिन्छ भन्ने रेमन्ड विलियम्सद्वारा प्रतिपादित अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक मान्यता रहेको छ। कोशीय अर्थका दृष्टिले अनुभूति शब्द मानिसका अनुभवसँग सम्बद्ध सामान्य प्रकारको देखिए पनि साहित्यको समाजशास्त्रीय अध्ययनमा यसको विशिष्ट सन्दर्भ र प्रयोजन छ। कुनै व्यक्तिविशेष अथवा वर्ग, जाति वा लिङ्गविशेषले गर्ने अनुभूति उनीहरूका सामाजिक जीवनमा विद्यमान अन्तर्विरोधपूर्ण सम्बन्ध र त्यसभित्रका चाप-प्रतिचापका परिणामसँग सम्बन्धित हुन्छन्। आख्यानकारले उपन्यासभित्र त्यही अन्तर्विरोधपूर्ण

विशिष्ट सम्बन्ध, त्यसको प्रकृति र त्यसले सङ्केत गर्ने सामाजिक यथास्थिति वा परिवर्तनको प्रक्रिया र सम्भावनालाई भावपूर्ण एवम् कलात्मक अभिव्यक्ति दिनका लागि अनुभूतिको संरचनाको प्रयोग गर्दछ भन्ने कुरा विलियम्सका मान्यताको सार हो ।

लामो कालखण्डको नेपाली समाजका परिप्रेक्ष्यमा विलियम्सले प्रस्तुत गरेअनुसारका सांस्कृतिक रूपहरूलाई दृष्टिगत गर्दा मूलधारको प्रभुत्वशाली संस्कृति एवम् त्यसको विरोधी तहमा रहेको उदीयमान संस्कृतिको टड्कारो स्वरूप फेला पार्न सकिन्छ । विलियम्सले बेलायती समाजका सन्दर्भलाई आधार बनाई वर्णन गरेअनुरूपको प्रभुत्वशाली संस्कृतिको स्पष्ट विकल्प बनेर रहेको अवशिष्ट संस्कृति भने नेपाली समाजका सापेक्षतामा त्यस्तै स्वरूपमा मात्र नदेखिएर वैकल्पिक अधीनस्थ सांस्कृतिक स्वरूपमा प्रस्ट देखिन्छ र यसको विवेचना विलियम्सकै प्रभुत्वको अवस्थिति सम्बन्धी मान्यता अनुसार पनि गर्न सकिने स्थिति छ । अतः त्यस परिप्रेक्ष्यसमेतलाई दृष्टिगत गरी सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त पिँढी/समुदायविशेषमा निर्मित विशिष्ट अनुभूतिको संरचनाको पहिचान र विश्लेषणका निमित्त विलियम्सको अनुभूतिको संरचनासम्बन्धी मान्यता प्रमुख विश्लेषणगत अवधारणाका रूपमा रहेको छ । त्यस अनुसार प्रभुत्वशाली, वैकल्पिक अधीनस्थ तथा उदीयमान पिँढीमा उक्त परिप्रेक्ष्यमा सिर्जित विशिष्ट अनुभूतिका संरचनाको प्रस्तुति, निर्माणको प्रक्रिया र दबाब र तनावजन्य अनुभूतिबाट मुक्त हुन वैकल्पिक एवम् विरोधी पिँढीहरूले गरेका प्रयासको समीक्षाका निमित्त संस्कृति, पिँढी तथा प्रभुत्वको अवस्थिति, त्यस परिप्रेक्ष्यका दबाब र तनावजन्य स्थितिमा सिर्जित पिँढीगत अनुभूतिका संरचना सम्बन्धी उनका अवधारणाहरू शोध्य उपन्यासहरूको विश्लेषणगत आधार हुन् ।

नेपाली समाजसन्दर्भका मूलतः वर्गीय, लैङ्गिक र जातीय भेदभावका अनि पुस्तागत विभेद, क्षेत्रीय विभेद, रङ्गविभेद, भाषिक विभेद आदि परिप्रेक्ष्यमा निःसृत उपर्युल्लिखित तीनै तहका पिँढीगत अनुभूतिका सरचनाका साथै आध्यात्मिक एवम् भौतिक चेतद्वारा समाजको परिवर्तनमा समर्पित उदीयमान पिँढीविशेषका विशिष्ट अनुभूतिका संरचनाको अभिव्यक्ति पनि विवेच्य उपन्यासहरूमा भएको देखिन्छ । त्यसैले तिनै विविध पिँढी/समुदायमा निर्मित अनुभूतिका संरचनाको खोजी र विश्लेषणको कार्य प्रस्तुत शोधमा महत्त्वपूर्ण देखिएको छ । अतः वर्ग, लिङ्ग, जाति/जनजाति, रङ्ग, क्षेत्रलगायत पुस्तान्तर एवम् आध्यात्मिक वा भौतिक कुनै चेतविशेष बोकेका पिँढीगत पार्थक्यमा निर्मित अनुभूतिको संरचनाको विश्लेषणगत आधार विलियम्सको दबाब र तनावजन्य स्थितिमा निःसृत पिँढी/समुदायको अनुभूतिको संरचनालाई नै रहेको छ । त्यसै गरी अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिको रूपमा रहेको सामाजिक संरचनाको अध्ययनका निमित्त विलियम्सको सांस्कृतिक भौतिकवादी अवधारणालाई विश्लेषणगत आधार बनाइएको छ । उपन्यास रचनामा अनुभूतिको संरचनालाई महत्त्व दिइनुका कारणको खोजी र मूल्याङ्कनका लागि भने लेखकगत प्रजाति, समय एवम् राजनीतिक, आर्थिक, सामाजिक-

सांस्कृतिक परिवेशको पृष्ठभूमि तथा लेखकीय विचारधारालाई विश्लेषणगत आधार बनाइएको छ। यसप्रकार यिनै विश्लेषणगत अवधारणालाई अवलम्बन गर्दै आगामी परिच्छेदहरूमा शोध्य उपन्यासहरूको विश्लेषण गरिएको छ।

## २.१० निष्कर्ष

रेमन्ड विलियम्सद्वारा प्रतिपादित अनुभूतिको संरचना साहित्यको समाजशास्त्रीय अध्ययनका निमित्त विकसित सैद्धान्तिक अवधारणा हो। यस अवधारणा अनुसार कुनै पनि कालखण्डको सामाजिक संस्कृतिको खोजीका निमित्त कालखण्डविशेषका सामाजिक संरचनामा विद्यमान पिँढीहरूमा निर्मित अनुभूतिको संरचना महत्त्वपूर्ण आधार बन्न सक्छ। विलियम्सका मतमा प्रत्येक कालखण्डविशेषमा प्रभुत्वशाली, त्यसको विकल्पमा अवशिष्ट/अधीनस्थ र उदीयमान गरी कम्तिमा तीन थरी संस्कृतिलाई संवहन गर्ने पिँढीहरू विद्यमान हुन सक्छन्। परस्पर अन्तरक्रियाका क्रममा तिनले आफ्ना-आफ्ना अनुभूतिको संरचना निर्माण गरिरहेका हुन्छन् जसमा कालविशेषको संस्कृति सन्निहित हुन्छ।

पिँढीगत अनुभूतिको संरचनाको अध्ययनमा विशेषतः मूलधारमा रहेको प्रभुत्वशाली पिँढीद्वारा अन्य पिँढीहरूमाथि गरिने शासन, शोषण, दमन, दलन, उत्पीडन, उपेक्षा आदि विश्लेष्य पक्ष रहन्छन्। यस सन्दर्भमा उत्पीडित पक्षले बेहोर्ने दबाब र त्यसले सिर्जना गर्ने तनावका कारण तिनमा उत्पन्न विशिष्ट अनुभूतिका संरचनाका साथै, वैकल्पिक र विरोधी तहमा रहने अधीनस्थ र विशेषतः उदीयमान पिँढीद्वारा प्रतिकारमा प्रकट विरोध, प्रतिरोध वा प्रतिशोधका सन्दर्भमा प्रस्तुत सांस्कृतिक सङ्घर्षका गतिविधिहरूका कारण तथा प्रभुत्वलाई निरन्तरता दिने सन्दर्भमा पनि प्रभुत्वशाली पिँढीमा दबाब र तनावका अनुभूतिका संरचनाका निर्माण भइरहेकै हुन्छ भन्ने विलियम्सको मान्यता रहेको छ।

सामाजिक यथार्थवादी उपन्यासमा पिँढी/समुदायका अनुभूतिका संरचनाले स्पष्ट अभिव्यक्ति पाएका हुन्छन्। समाजका अनाचार, गरिबी, कलह, रागद्वेषलाई पोषण गर्ने प्रभुत्वशाली सांस्कृतिक समूह/पिँढी, दमनकारी सत्ताका दाउपेच, तिनका विरुद्ध उत्पीडितको प्रतिरोधचेत, सांस्कृतिक द्वन्द्व, सामाजिक रूपान्तरणका लागि नयाँ र सार्थक पिँढीको उदय कुन रूपमा कसरी भएको छ; यी सबै पाटाहरूको अध्ययनद्वारा कालविशेषका कुनै पनि समाजमा विद्यमान समग्र संस्कृतिको अध्ययन सम्भव हुन्छ। यसका निमित्त विलियम्सको अनुभूतिको संरचनासम्बन्धी मान्यता उपयोगी रहेको छ।

# तेस्रो परिच्छेद

# सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा अध्ययनको मूल सामग्री बनाइएका सामाजिक यथार्थवादी नेपाली उपन्यासहरूमा अभिव्यक्त नेपाली समाजमा विद्यमान प्रभुत्वशाली पिँढीगत अनुभूतिको पहिचान तथा विश्लेषण गरिएको छ र त्यस आधारमा कालखण्ड विशेषको नेपाली समाजलाई पहिल्याउने काम भएको छ। प्रभुत्वशाली पिँढीगत अनुभूतिसम्बन्धी मान्यता विलियम्सको 'अनुभूतिको संरचना' सम्बन्धी अवधारणासँग सम्बद्ध छ। यस अवधारणाअनुसार कुनै पनि कालखण्डको समाजमा प्रभुत्वशाली पिँढीका साथमा वैकल्पिक तथा उदीयमान पिँढीहरू पनि अस्तित्वमा हुन्छन्। प्रत्येक पिँढीले परस्परको अन्तर्सम्बन्धमा एकअर्कासँग विरोधरत रहँदै आफ्नैखाले अनुभूतिका संरचनाहरू निर्माण गरिरहेका हुन्छन् जसमा तिनका आ-आफ्ना संस्कृतिले अभिव्यक्ति पाएको हुन्छ। विलियम्सको 'अनुभूतिको संरचना' सम्बन्धी अवधारणा तथा यसअन्तर्गत अध्ययनीय सन्दर्भका संस्कृति, पिँढी र समुदाय; प्रभुत्व र प्रभुत्वशाली पिँढी; सम्बद्ध पिँढीका संस्कृति तथा अनुभूतिसम्बन्धी उनका मान्यताहरूका बारेमा दोस्रो परिच्छेदमा विस्तारपूर्वक व्याख्या भइसकेको छ। प्रस्तुत परिच्छेदमा मूलतः प्रभुत्वशाली पिँढीगत अनुभूतिसम्बन्धी विलियम्सका तिनै मान्यताहरूमा केन्द्रित रहेर शोध्य उपन्यासहरूको विश्लेषण गरिएको छ। साथै, पिँढीगत अनुभूतिको संरचना निर्माणको आधार कालखण्डविशेषको सामाजिक संरचनाको स्वरूप हुने तथा पिँढीविशेषका अनुभूतिको संरचनाले पनि सामाजिक संरचनामा परिवर्तन ल्याउने भएकाले विवेच्य उपन्यासमा अभिव्यक्त सामाजिक संरचनाको पहिचान पनि अध्ययनीय रहेको छ तसर्थ यहाँ उपन्यासमा प्रस्तुत अनुभूतिको संरचनाको पहिचान र विश्लेषणअघि सम्बद्ध उपन्यासमा अभिव्यक्त सामाजिक संरचनामाथि पनि प्रकाश पारिएको छ। यसका निमित्त रेमन्ड विलियम्सको सांस्कृतिक भौतिकवादी मान्यतालाई मूल आधार बनाइएको छ।

## ३.२ *मुलुकबाहिर* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

*मुलुकबाहिर* उपन्यासमा चित्रित सामाजिक संरचना पुरुषसत्तावादी रहेको हुँदा यसमा प्रस्तुत पुरुष पात्रहरू पनि स्वभावतः लैङ्गिक दृष्टिले अथवा नर-नारी सम्बन्धका सन्दर्भमा सामूहिक रूपमै प्रभुत्वशाली छन्। त्यसैले उपन्यासमा मूलतः लैङ्गिक आधारको प्रभुत्वशाली पिँढीगत अनुभूतिको संरचनाकै अभिव्यक्ति रहेको छ। वर्गीय आधारको प्रभुत्वशाली पिँढीको हैकम र दलनका कारण देशबाहिरिन विवश सर्वसाधारण जनसमुदाय नै अधीनस्थ पिँढी वा समुदायका

रूपमा उपन्यासमा प्रस्तुत छ र तिनकै दबाब एवम् तनावजन्य अनुभूति उपन्यासको मुख्य भावभूमि बनेको छ तथापि प्रभुत्वशाली पिँढी नेपथ्यमा रहेको हुँदा त्यस पिँढीविशेषमा निर्मित अनुभूतिको संरचनाको प्रस्तुति उपन्यासमा रहेको छैन । अतः उपन्यासमा प्रस्तुत प्रभुत्वशाली पिँढीको अनुभूतिको कुरा गर्दा देश बाहिरिने निम्नवर्गीय नेपाली समुदायलाई लैङ्गिक आधारमा विभक्त गरेर हेरिनु पर्ने अवस्था भने रहेको छ । पुरुषपिँढीकै नेतृत्वमा महिलापिँढी पनि मुगलान पुग्नु, पुरुषसत्ताको मानसिकता लिएर मुगलान पसेको पुरुषपिँढी महिलाको चरित्रलाई लिएर हरदम सशङ्कित देखिनु तथा तिनलाई निरन्तर अधीनस्थ राख्न तल्लीन रहनु, महिलापिँढीतर्फका प्रतिकार सहन गर्नै नसक्ने देखिनु र त्यसै परिप्रेक्ष्यका दबाब तथा तनावजन्य अनुभूति सँगाल्नु जस्ता उपन्यासमा प्रस्तुत प्रमुख सन्दर्भहरू लैङ्गिक आधारमा प्रभुत्वशाली पुरुषपिँढीसँग सम्बद्ध भएकाले त्यस पिँढीमा निर्मित अनुभूतिको संरचना प्रमुख विश्लेष्य पाटो बनेको छ। यसै अनुसार अध्ययनलाई अगाडि बढाउने क्रममा प्रथमतः प्रस्तुत उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचनाबारे प्रकाश पारिएको छ ।

### ३.२.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना

लैनसिंह बाङ्देल (१९८१-२०५९) द्वारा लिखित उपन्यास *मुलुकबाहिर (२००४)* ले आधुनिक नेपाली उपन्यासको इतिहासमा सामाजिक यथार्थवादी धारालाई प्रवर्तन गरेको गरेको छ र बाङ्देलको मूल औपन्यासिक प्रवृत्ति पनि सामाजिक यथार्थवाद नै रहेको छ । उनका माइतघर (२००७), लङ्गडाको साथी (२००८) र रेम्ब्रान्ट (२०२३) समेत गरी चारवटा उपन्यासहरू प्रकाशित छन् । लैनसिंह बाङ्देल प्रवासी नेपाली हुन् । उनको पुर्ख्यौली थलो नेपालको खोटाङ जिल्लाको रावाखोला भए पनि उनका बाजे पुस्ता यहाँबाट बसाइँसराइ गरी दार्जिलिङ पुगेका थिए (बराल र एटम, २०६६, पृ. १६७) । त्यसो हुँदा नेपालको जहाँनिया राणाशासन, सामन्ती राज्य व्यवस्था, आर्थिक दुरवस्थामा सर्वसाधारणको दुर्गति अनि मुगलान पस्नेको कथाव्यथासँग सोही कालखण्डमा जन्मेहुर्केका बाङ्देल राम्ररी परिचित देखिन्छन् । यिनै अनुभवका साथै आफूले देखेभोगेको दार्जिलिङको नेपाली सामाजिक जनजीवनको व्यापक परिवेशले उनको उपन्यास *मुलुकबाहिर*मा मूर्त रूप प्राप्त गर्न सकेको छ ।

*मुलुकबाहिर* उपन्यासले समेटेको देशकाल परिवेशका सापेक्षमा तत्कालीन सामाजिक संरचनालाई नियाल्नुपर्ने हुन्छ । मूलतः दार्जिलिङलाई र अंशतः बर्मालाई कर्मभूमि बनाएका गरिब नेपालीको सामाजिक अवस्थिति उपन्यासमा चित्रित छ । उपन्यासको पूर्वार्द्ध भाग यसका मुख्य पात्रहरू रने र म्याउचीसँग र उत्तरार्द्ध भाग माहिला भुजेल र मसिनीसँग सम्बद्ध रहँदै अगाडि बढेको छ । नेपाल-मुगलान ओहोरदोहोरको क्रममा रने मुगलानबाटै प्रथम विश्वयुद्धमा सहभागी भएको, युद्धविरामपश्चात् दलबहादुरसहित पुनः दार्जिलिङ फर्केको, त्यसपछि विकसित घटनाक्रमहरूमा गृहत्याग गरेको माहिला भुजेल बर्मासम्म पुगेको र दोस्रो विश्वयुद्धको चपेटामा

परी त्यहाँबाट भाग्ने हुलसँगै मिसिएर १८ वर्षपछि दार्जिलिङमा पुनः फर्केको र उसले मृत्यु प्राप्त गरेको घटनासँगै उपन्यासले विश्राम लिएको छ । यस हिसाबले सन् १९१४ मा सुरु भएको प्रथम विश्वयुद्धको आसपासको अवधिदेखि सन् १९३९ मा सुरु भएको दोस्रो विश्वयुद्धसमेतको अवधि गरी लगभग तीन दशकको प्रवासी नेपाली जनजीवन उपन्यासमा मूर्त भएको छ । समयका दृष्टिले वि.सं.१९७० पछिको राणाशासनको उत्तरार्द्धको नेपाली समाज उपन्यासमा सङ्केतित छ । त्यस बेला आम नेपाली जन ज्यादै कमजोर आर्थिक स्थिति र रोजगारविहीन अवस्थाका कारण काममामको खोजीमा मुगलान छिर्न बाध्य छन् । दार्जिलिङको विकास निर्माणतर्फको अग्रसरताले नेपालीले पनि त्यहाँ रोजगारी पाएका, त्यहाँ पुग्ने कतिपय नेपालीले ज्यादै परिश्रम र लगनशीलताका कारण त्यहीँ घरजम गरी स्थायी बसोबास गर्न पनि सक्षम भएका र आर्थिक स्थिति सुधार्दै निम्न वर्गबाट निम्नमध्यम वर्गको गति लिँदै गरेका देखिनुले त्यहाँ गरिखाने नेपालीलाई रोजगारीका अवसरहरू छन् । अतः उपन्यासले समेटेको मुख्य सहर दार्जिलिङ खुला सामाजिक स्वरूपमा र त्यस वरपरका क्षेत्र भने मिश्रित सामाजिक संरचनाका रूपमा रहेको छ । श्रमजीवी नेपालीहरूको खास बसोबास रहेको त्यस सहरोन्मुख ग्रामीण सामाजिक संरचनामा स्पष्ट वर्गभेद देखिँदैन र त्यस सांस्कृतिक संरचनामा वर्गगत, जातिगत तथा धर्मगत द्वन्द्वले प्रश्रय पाएको पनि देखिँदैन ।

बाङ्देलले *मुलुकबाहिर*मा मङ्गोल प्रजातिअन्तर्गत प्रायः किरात मूलका जातिहरूलाई कार्यगत भूमिकामा तानेका छन् र जातिगत आचरणसहितको तिनको रहनसहन र समग्र जीवनशैलीलाई उनले पात्रगत अनुभूतिको संरचनाको आधार लिँदै उतारेका छन् । उपन्यासमा विशेषतः तिनै जातिसमुदायका परदेसिएका तन्नेरी नेपालीहरू माघे सङ्क्रान्तिका अवसरमा तिरबेनी (त्रिवेणी) मेलामा सहभागी भई तीन-चारदिनसम्म रमाउने गरेका देखिन्छन् । त्यस अवसरमा जाँडरक्सी खाने, ठाउँठाउँमा भेला भएर गीत गाउने, जुवारी खेल्ने, कतै लिम्बू नाच, कतै डम्फू नाच र कतै धान नाचमा रमाउने, जुवा खेल्ने जस्ता परम्परित सांस्कृतिक गतिविधिहरूलाई प्रवासमा पनि निरन्तरता दिँदै नेपालीहरूले भरपुर मनोञ्जन लिएका छन् (पृ.१२) । त्यस्तै, माघे सङ्क्रान्तिका अवसरमा प्रवासमै पनि तिनले तिरबेनी स्नान गरेर, तिरबेनी माईलाई बली पूजा गरेर सांस्कृतिक रीतिलाई कायम राखेका छन् र तज्जन्य अनुभूति सँगालेका छन् । यसो गर्दा ईश्वरप्रतिको आस्था र धर्मकर्मका कारण पाप पखालिने लोकविश्वास तिनमा रहेको देखाइएको छ ।

राणाकालखण्डमै पनि महिला पुरुषका साथ लागेर मुगलान पसेको सन्दर्भ र मेलाका अवसरमा रने र म्याउचीको प्रेम विवाहका प्रसङ्गमा मङ्गोल जातिको हिन्दु संस्कृतिमा भन्दा सामाजिक बन्धनमा देखिने खुकुलो र सहजपनालाई पनि अनुभूतिका संरचनामा प्रस्तुत गरिएको छ (पृ.१३) । रनेको शवलाई कटुसको रुखमुनि रीतपूर्वक गाडेको मृत्युसंस्कारगत प्रसङ्ग (पृ.६६) द्वारा

उपन्यासमा जनजातीय सांस्कृतिक प्रचलनलाई थप अभिव्यक्ति दिइएको छ। प्रस्तुत उपन्यासमा अभिव्यक्त मूल जातीय दृष्टिकोण भन्नु नै जनजातीय दृष्टिकोण हो (भट्टराई, २०७७ ख, पृ.१६३)। अतः पात्रगत अनुभूतिको आधार लिँदै जनजातीय संस्कृतिलाई कलात्मक अभिलेखन गर्ने कार्य पनि उपन्यासमा भएको छ। त्यसै गरी लोकविश्वास, अपशकुनको भय, स्वप्नफल जस्ता आत्मिक संस्कृतिका सन्दर्भहरू, जान्नेलाई हेराउने र तिनको भविष्यवाणीमा विश्वास गर्ने जस्ता संस्कारजन्य प्रचलनले पनि उपन्यासमा प्रस्तुति पाएका छन् जसमा भौतिक संस्कृतिका साथमा आत्मिक संस्कृति जीवन्त बनेको छ। नेपालीहरूले आफ्नोपनको सामाजिक संरचनालाई मुलुकबाहिर लगेर स्थापित गरेका मात्र छैनन्, अन्यत्रको सामाजिक संरचनाका राम्रानराम्रा पक्षलाई पनि आफ्नो बनाएका छन् भन्ने तथ्यलाई पनि बर्मा पुगेका नेपालीले बर्मेली ढाँचाको सामाजिक संरचनामा उठबस गर्दै त्यहीँको बोलीवचन, खानपिन पहिरनलाई अनुसरण गरेका छन्। तिनको फेरिएको जीवनशैलीले विलियम्सले भनेझैँ संस्कृतिको प्रसारण र उपभोग पक्षलाई पनि उद्घाटन गरेको छ।

प्रस्तुत उपन्यासमा आत्मिक संस्कृतिको अभिव्यक्ति स्वजाति प्रेमका रूपमा पनि प्रकट भएको छ। तत्कालीन सामाजिक संरचनामा 'स्वजाति प्रेम' नेपालीको चारित्रिक विशेषताको रूपमा रहेका सन्दर्भहरू उपन्यासमा यत्रतत्र प्रस्तुत छन्। विश्वयुद्धजन्य विषम परिस्थिति बेहोरिरहेका र आपतविपतमा परेका एक नेपालीले अर्को नेपालीलाई निस्वार्थ सहयोग गर्नु जस्ता उपन्यासमा प्रस्तुत सन्दर्भले नेपाली सामाजिक संरचनामा विद्यमान सामाजिक सद्भावलाई पनि प्रकट गरेको छ। खुला समाजतर्फ अभिमुख हुँदै गएको त्यतिखेरको दार्जिलिङको नेपाली समाज पनि पुरुषसत्ताको सङ्कीर्णताबाट विमुक्त नरहेको, चर्को लैङ्गिक विभेदको स्थितिले आक्रान्त रहेको अवस्था उपन्यासमा प्रकाशित छ। पुरुषसत्ताको नेपाली सामाजिक संरचनामा विद्यमान सामन्तवादी संस्कार बोकेर गएका पुरुषहरूका महिलाद्वेषी व्यवहारहरूले वैयक्तिक चरित्रगत दुर्बलता र सबलतासँग गाँसिएर उपन्यासमा स्वाभाविक गति प्राप्त गरेका छन्। यसप्रकार उपन्यासमा व्यक्त मुलुकबाहिरको बृहत् आयामको नेपाली सांस्कृतिक परिवेश र त्यस सन्दर्भको नेपाली सामाजिक संरचनाका यिनै बहुआयमिक पक्षहरू मानवीय विशिष्ट अनुभूतिको संरचना निर्माणको आधार पनि बनेका छन्।

## ३.२.२ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासले मुलुक बाहिरिने नेपालीको कथाव्यथालाई समेटेको छ। त्यो नेपाली जमात मूलतः युवा पिँढीको रहेको छ जुन वर्गगत दृष्टिले निम्नवर्गीय छ। राणाशासन विद्यमान रहेको त्यस बेलाको नेपाली समाजमा प्रभुत्वशाली वर्गद्वारा अधीनस्थ रहेको त्यो पिँढी देशमा हातमुख जोर्न नै कठिन भएको असाधारण परिस्थितिमा काममामको खोजीका क्रममा परदेसिएको छ। त्यस पिँढीका सबै जनाले स्वदेशमा रहँदाको आर्थिक पीडाजन्य अनुभूति सँगालेका छन्।

उमेरगत दृष्टिले त्यो पिँढीका महिला तथा पुरुष समपिँढीका रूपमा छन् तर पुरुषहरूद्वारा महिलाहरू सजिलै अधीनस्थ छ। पुरुषसत्ताजन्य पुरुषश्रेष्ठ भन्ने चेतनाले त्यस समाजमा जरो गाडेको छ। यस सामाजिक यथार्थलाई महिलापिँढीले पनि सहज स्वीकार गरेको देखिन्छ। उपन्यासको प्रमुख पात्र रने व्यक्तिगत आचरणका दृष्टिले फरासिलो, गफी, मिलनसार, सहयोगी र मानवतावादी हुँदाहुँदै पनि यो पात्र महिलाको चरित्रका सम्बन्धमा अत्यन्त सङ्कीर्ण छ। आफ्नी श्रीमतीको चरित्रलाई लिएर उसमा रहेको सशङ्कित दृष्टिकोणले उपन्यासमा लिङ्गत अनुभूतिको संरचनामा यसप्रकार प्रकाशमा पाएको छ, "फेरि ती दुई ... माहिला भुजेलको कुराले पो तँ ता एक्कासि त्यसरी रिसाएको होलिस् ! पर डेरामा पनि तँ ता माहिला भुजेलसितै टाँसिएर बसेकी थिइस् ! ... ... कि माहिला भुजेलसित..." (पृ. २१)। त्यतिखेर ऊ म्याउचीलाई ठट्टा गरेको पनि भन्दै हुन्छ तर चरित्रमाथि आक्षेप पनि लगाइरहेकै हुन्छ जुन ऊभित्र दमित रहेको नारीद्वेषी मानसिकताको पनि अभिव्यक्ति हो। यसरी म्याउची जुन कारणले रनेसँग रिसाएर साथीहरूको समूहमा पुगेकी थिई; पुरुषअधिकार प्रयोग गरी रनेले त्यहाँबाट उसलाई आफ्नो डेरामा फर्काउँदैछ तर उसले म्याउचीको नारीअहम्मा ठेस पुग्ने त्यही कुरा बारम्बार दोहोऱ्याइरहेको देखिन्छ। आफ्नो निर्दोष चरित्रमा श्रीमान्ले पटकपटक आरोप लगाइरहँदा ज्यादै मानसिक उत्पीडनको अनुभूति सँगालेकी म्याउचीले डेरा नफर्कने हठ देखाएकी छ। त्यत्तिखेर रनेले फकाउनु र सम्झाउनुसँगै तर्साउनु र हप्काउनु जस्ता व्यवहार गर्दा पनि नमानेपछि महिलाहठको त्यस प्रस्तुतिमा रनेले पनि पर्याप्त दबाब र तनाव बेहोरेको छ। परिणामतः ऊ विवेकशून्य बनेको छ। तनाव बढ्दै जाँदा उसमा क्रोध उत्पन्न हुनु, कुभावना उब्जनु, काम्नु, क्रोध र घृणाले आपराधिक मनोदशामा पुग्नु, रिसले बौलाहा हुनु र अन्ततः म्याउचीका दुवै हात बाँधेर उसलाई टिस्टामा फ्याँकिदिनु जस्तो जघन्य अपराध कर्मसमेत रनेद्वारा भएको छ। रातको समयमा, बिच बाटोमा श्रीमती टसमस नहुँदा ऊ दबाब र तनावको पराकाष्ठामा पुग्नु स्वाभाविक देखिन्छ तर उसमा उत्पन्न अपराधउन्मुख विशिष्ट अनुभूति र त्यसका कारण सिर्जित गतिविधिलाई नियाल्दा अन्ततः श्रीमतीलाई मृत्यु नै प्रदान गर्ने मनस्थितिमा पुग्नु भने सामान्य हुँदै होइन यद्यपि यी सबै घटनाहरू रने क्रोधले ग्रसित भई विवेकले अन्धो भएको अवस्थामा घटित छन् तथापि उपन्यासमा प्रस्तुत यस सन्दर्भलाई गहिरिएर हेर्दा पुरुषबलको तुजुकमा नारीलाई निर्धो ठान्ने र पुरुषश्रेष्ठ भावमा निःसृत अहम्सँगै अधीनस्थ राखिएको नारीप्रतिरोधलाई सहन गर्नै नसक्ने र दण्डित गरिहाल्ने पुरुषअहम्को पनि प्रबल भूमिका रहेको देखिन्छ।

विलियम्सका अनुसार पनि प्रभुत्वशाली संस्कृतिका वाहकले वैकल्पिक संस्कृतिका सामान्य तहसम्म देखिने विचलनका गतिविधिलाई मात्र सहन गर्न सक्दछ। जब त्यसले आफ्नो संस्कृतिको सीमालाई अतिक्रमण गरिरहेको छ भन्ने बोध गर्दछ तब आफूप्रतिको अवहेलना वा उपेक्षा ठानेर चुनौतीका रूपमा ग्रहण गर्दछ (विलियम्स, सन् १९७३, पृ.९)। यहाँनेर विलियम्सले भनेझैँ रनेका लागि म्याउचीको ज्यादा हठ अपाच्य भएको छ र उसले प्रभुत्वशाली पिँढीगत हैकमको विरोध

गर्दा परिणति जस्तो पनि हुनसक्ने पुरुषबल प्रयोगको दृष्टान्त रनेद्वारा प्रस्तुत भएको छ। उपन्यासमा प्रस्तुत यस सन्दर्भले सामन्तवादी नेपाली संस्कृतिमा पुरुषसत्ताको बलियो अवस्थितिलाई त देखाएको छ नै; पुरुषअहं र तत्जन्य गतिविधि अचेतनतहदेखि नै सञ्चालित हुने यथार्थलाई पनि सङ्केत गरेको छ।

पुरुषको महिलाप्रतिको अत्यन्त सङ्कुचित दृष्टिकोणको दुःखद परिणति उपन्यासको प्रमुख अर्को नारी पात्र मसिनीका प्रसङ्गमा पनि घटित छ। माहिला भुजेल र मसिनीको सुन्दर गृहस्थी तहसनहस हुनुमा पनि यही सन्दर्भ कारण बनेको छ। सेर्बा बूढाले माहिला भुजेलकी श्रीमतीको चरित्रमा आक्षेप लगाउँदै माहिलामा शङ्का उब्जाइदिएपछि अशान्त रहँदै ऊ रातभर सुत्न सकेको छैन। आक्षेप सुन्नु अघिसम्म मसिनी तथा कान्छा राई दुवैको चरित्र, बानीबेहोरा, सोझोपन सबै उसलाई चित्तबुझ्दो लाग्थ्यो। अब ती सबै कुरा शङ्काका सीमाभित्र पसेका छन्। द्विविधाग्रस्त भएको मनोदशामा माहिला भुजेलमा विशिष्ट अनुभूति निःसृत भएको छ। उपन्यासमा अभिव्यक्त रहेको रनेका मानसिक द्वन्द्वमा निःसृत अनुभूतिका संरचना अत्यन्त स्वाभाविक छन्।

माहिला भुजेल आफैँ पनि सरल र निष्कपट स्वभावको हुनु, आँखाले नदेखी सेर्बा बूढाद्वारा लगाइएको लाञ्छनालाई सुरुमै पत्याउन गाह्रो हुनु, तर पछि भने उसमा जागृत पुरुषमनमा क्रमशः विविध भावहरू उद्वेलन हुन सुरु गर्नु, मसिनीप्रतिको विश्वासलाई अविश्वास र शङ्काले जित्न थाल्नु, उसमा लाञ्छना झेल्नु पर्ने सामाजिक भय विस्तार हुनु र दुष्कल्पनाले सताउन थाल्नु जस्ता परिप्रेक्ष्यका भुजेलमा निर्मित अनुभूतिको संरचनाले उपन्यासमा सहज अभिव्यक्ति पाएका छन्। त्यसपछि जब उसले कान्छा राई र मसिनीलाई एकान्तमा कुराकानी गरेको देख्न पुग्दछ; ती दुईबिच नाजायज सम्बन्ध रहेको दृष्टिदोषमा चरित्रवान् मसिनी चरित्रहीन लाग्दछे। उसमा तथ्यसम्म पुग्ने विवेक क्रियाशील हुनै सक्दैन। अब उसका नजरमा मसिनी निष्कलङ्क र निष्पाप चरित्रका रूपमा रहन्न; घृणाको पात्र बन्दछे। उसमा निरन्तर क्रोधको आवेग बढ्दै गएको छ; प्रतिक्रियास्वरूप निर्मम तरिकाले श्रीमतीलाई कुट्न पुगेको छ र त्यसपछि ऊ लगत्तै घर छोडेर निस्केको छ (पृ.१११-१२)। यहाँनेर माहिला भुजेलजस्तो सरल र निष्कपट चरित्र भएको व्यक्तिले पनि यथार्थ ठम्याउनतिर भन्दा श्रीमतीको चरित्रप्रति अविश्वास गर्दै दोषारोपण गर्दै श्रीमती र घर त्याग्नेसम्मको अवस्थामा पुग्नुमा उसको अचेतनमा अवस्थित पुरुषसत्ताजन्य मानसिकताको जागृति कारण बनेको देखिन्छ। यसरी वैवाहिक जीवनयापनका क्रममा त्यतिन्जेलसम्म श्रीमतीसँग जीवनसाथीका रूपमा आफूले आर्जेको विश्वास र व्यवहारलाई आधार बनाएर तथ्य खोज्नतर्फ ऊ अग्रसर देखिँदैन। उसको सामाजिक मनोविज्ञानले उसलाई नारीप्रति छिट्टै शङ्काको तहमा पुऱ्याएको छ। यसप्रकार सेर्बा बूढाले आरोपित गरेकै आधारमा उसले यसरी मसिनीप्रतिका आफ्ना आक्रोशजन्य अनुभूतिलाई प्रकट गरेको छ, "तँ त कान्छा राईसित छिल्लिन्छेस् अरे"(पृ.१०९)। यसो भन्दै श्रीमतीलाई कुटपिट गर्ने माहिला भुजेलले घरकी बूढी आमै, गाउँले, छरछिमेक, कान्छा

राई र स्वयम् मसिनीसँग त्यसबारे विचारविमर्श गरी जवाफ खोज्ने प्रयाससमेत गरेको देखिँदैन। तत्कालीन नेपाली समाजमा नारीचरित्रलाई लिएर सशङ्कित भइहाल्ने पुरुषस्वभावलाई माहिला भुजेलका दबाबजन्य अनुभूति र गतिविधिले उदाङ्गो पारेको छ।

प्रस्तुत घटनाका परिप्रेक्ष्यमा नारीप्रति समाज कति अनुदार र दुराग्रही छ भन्ने सन्दर्भ सेर्बा बूढाको भनाइमा पनि अभिव्यक्त छ। माहिला भुजेलको घरमा झगडा भएको कुरा चारैतिर गाउँमा फिँजिनुसँगै सेर्बा बूढाले व्यङ्ग्यपूर्ण हाँसोसहित आफ्नी स्वास्नीतिर हेरेर आँखा झिम्काउँदै भन्न पुगेको छ, "आइमाईहरूलाई बेसी सुख भयो भने मात्तिन्छन् अरे ! ...सुखले दुःख खोज्छ – दुःखले काल खोज्छ" (पृ.११४)। अरूको दुःखमा आनन्दको विशिष्ट अनुभूति गर्ने सेर्बा बूढाको त्यस परपीडन प्रवृत्तिमा आफूले अरूको घरबार बिगार्न सकेको सन्तुष्टि अटाएको छ जुन कुटिलताको हाँसोसँगै परसुख देख्न नसक्ने नारीद्वेषी भावमा प्रकट भएको छ।

माहिला भुजेलले घर छोडेको धेरैपछि मात्र घर फर्किएको दलबहादुर पनि सुरुमा त सामाजिक लाञ्छनाको भयले नै ग्रसित देखिन्छ त्यसैले विवेकसम्मत हुँदै मसिनीको हृदयावस्था बुझ्ने र यथार्थ पहिल्याउनेतर्फ उसको कत्ति पनि ध्यान पुग्न सकेको देखिँदैन। त्यस अवस्थामा सामाजिक संस्कृतिबाट निर्मित उसको अनुभूति मसिनीसँगका जिज्ञासामा यस्तो रहेको छ,

> के विषयमा तिमीहरूको झगडा भयो त ? यो कुरा सुनेर गाउँछिमेकले के भने होलान्–कति हाँसे होलान्, कतिले काखी बजाए होलान्। तिम्रो के कसूर (यथा.) थियो, के बिराम गरेकी थियौ र माहिलाले तिमीलाई त्यसरी कुटेको हो ? बिराम नभई त्यसै त कसैले कुट्दैन (पृ.१२८)

महिलाप्रतिको सामाजिक दृष्टिकोणलाई सर्वोपरिमा राखेर हेरिने पुरुषमानसिकता दलबहादुरको उक्त भनाइमा पनि प्रकट छ। त्यस्तै, मसिनीको चरित्रप्रति सशङ्कित रहेको उसको अभिव्यक्ति उपन्यासमा यसप्रकार रहेको छ, "मसिनी नबोलेको देख्ता ...उसले अलिक रुखो स्वरमा भन्यो-'माहिला यता-उति गएका बखतमा तिमी कान्छा राईसित छिल्लिन्थ्यौ रे" (पृ.१२८)। यसरी आफ्नै बहिनीको ठानेको र अहिले चरित्र देख्ता आफूलाई साहै नराम्रो लागेको बताएको छ। दलबहादुरमा मसिनीको चरित्रप्रति अविश्वासको अनुभूतिको संरचना निर्माण हुनु र उसलाई घृणा गर्न थाल्नुमा ऊ समाजद्वारा आरोपित विचारका प्रभावमा आएको देखिन्छ। मसिनीकी बारेमा आफ्नी आमाको स्पष्ट विचार बुझेपछि मात्र ऊ मसिनीप्रति सकारात्मक भएको छ। यसप्रकार सेर्बा बूढो जस्तो दुष्प्रवृत्तिको आधिक्य रहेको पुरुषप्रतिनिधि पात्रमात्र नभई समाजमा सरल र गुणी कहलिने सत्चरित्रका प्रतिनिधि पात्रहरू माहिला भुजेल तथा दलबहादुरसमेत निर्दोष मसिनीप्रति सशङ्कित र आक्रोशित देखिन्छन्। उपन्यासमा मूर्त भएको यो विशिष्ट अवस्थाले तत्कालीन पुरुषसत्ताको सामाजिक संरचनामा महिलाप्रतिको सङ्कीर्ण पुरुषदृष्टिकोणको बलियो अवस्थितिलाई राम्ररी सम्बोधन गर्न सकेको छ। यसरी पुरुषप्रधानताको त्यस सामाजिक संस्कृतिमा महिलापिँढी सहजै अधीनस्थ रहेको अवस्थालाई उपन्यासमा म्याउची तथा मसिनीप्रतिका पुरुषव्यवहारले प्रस्ट

पारेको छ। म्याउचीद्वारा प्रकट प्रतिरोध लामो समय अडिन नसकेको र बलशाली पुरुषद्वारा उसलाई पनि निरीह प्रमाणित गर्दै उसको जीवनै खोसिएको स्थिति तथा पुरुषसत्ताको संस्कृतिलाई सहन गर्दै त्यसैमा अभ्यस्त रहने मसिनीको जीवनावस्थाको प्रस्तुति यस सन्दर्भका सबल उदाहरण हुन् र यी उदाहरणले उपन्यासमा लैङ्गिक विभेदको मूलधारको संस्कृतिमा प्रभुत्वको अवस्थिति र विस्तारलाई मात्र नभई अधीनस्थ महिलापिँढीमाथि प्रभुत्वशाली पुरुषपिँढीद्वारा हुने अन्याय र अत्याचारको पराकाष्ठास्वरूपलाई समेतलाई प्रकाश पारेको छ।

प्रस्तुत उपन्यासका पुरुषपिँढी प्रतिनिधि पात्रहरू रने तथा माहिला भुजेल दुवैले क्षणिक आवेगका भरमा आफ्ना आफ्ना श्रीमतीप्रति घोर अन्याय गरेका छन्। यस परिप्रेक्ष्यलाई लिएर उपन्यासको भूमिकामा अभिव्यक्त सूर्यविक्रम ज्ञवाली (२०६०)को भनाइ पाठकीय अनुभूतिको संरचनाका कोणबाट उल्लेख्य रहेको छ। उनी भन्दछन् :

> म्याउची र मसिनी जस्ती सुधी, निष्कपट तथा पवित्र स्त्रीसँग...यी दुई नारी नेपाली नारी समाजका प्रतीकजस्ता छन्। तर यी दुवै, गुणको कदर गर्न नजान्ने निर्दयी पुरुष जातिका अन्याय, शंका र रीसका शिकार(यथा.) हुन्छन्। **'गुणको वैरी मानुष जाति।'** म्याउचीलाई रनबहादुरले मारिहाल्छ औ मसिनीलाई माहिला भुजेलले सधैंका निम्ति त्याग गर्छ। यी दुवै पुरुष आफ्ना स्त्रीका विषयमा शंका गर्छन् औ त्यही शंकाले बुद्धिहीन भै क्षणिक उन्मादका आवेशमा रनबहादुर म्याउचीको हत्या गरेर पुरुष जातिको कठोर हृदयले नारीका कोमल हृदयको कहिल्यै पारख र कदर गर्न सक्तैन भन्ने कुराको प्रमाण दिन्छ। माहिला भुजेलजस्तो परिश्रमी उदार हृदय तथा नियमित जीवन व्यतीत गर्ने मान्छेले रीसको (यथा.) झोकमा मसिनीलाई भकुर्नुसम्म भकुरेर गृहत्याग गरेको देख्दा स्त्रीका विषयमा हाम्रो अत्यन्त विचारशून्य आवेगशील मति भएको कुरा हामीलाई सम्झाउँछ। (पृ.ख-ग)

उपन्यासका प्रमुख पात्रहरूको चारित्रिक मूल्याङ्कनका क्रममा प्रस्तुत ज्ञवालीको यस भनाइले तत्कालीन समाजमा नारीलाई हेर्ने पुरुषसत्ताको सामाजिक दृष्टिकोण तथा व्यवहारलाई प्रस्ट पारेको छ। सरल, सुधो, परिश्रमी, स्वजाति प्रेमको भावनाले ओतप्रोत, मानवतावादी, युद्धमोर्चामा स्वाभिमानी र वीर जातिका रूपमा नेपाली पुरुषहरूले पहिचान बनाउन सकेको यथार्थले उपन्यासको विमर्शमा यत्रतत्र चर्चा पाएको छ। यति सबै भएर पनि त्यो पुरुषसमुदाय महिलालाई हेर्ने दृष्टिकोणमा भने उदार हुन सकिरहेको छैन। यस सन्दर्भले आफ्नी स्त्रीले चिनजानकै परपुरुषसँग बसेको, उभिएको दृश्यमात्र पनि पुरुषका लागि अपाच्य हुने, महिला पुरुषद्वारा पूर्ण अधीनस्थ हुनैपर्ने, अझ महिलाचरित्रका सन्दर्भलाई लिएर पुरुष कठोर हुन सक्नुपर्ने पुरुषसत्ताको संस्कृतिमा हुर्किएको त्यस पिँढीको महिलाप्रतिको अत्यन्त अनुदार संस्कृति प्रकाशनमा आएको छ। यसप्रकार त्यस समयका नेपालीहरू देशबाहिर जहाँ रहे पनि र फरक परिवेश तथा संस्कृतिको प्रभाव पाएर पनि महिलालाई हेर्ने पुरुषको सङ्कुचित दृष्टिकोण भने यथावत नै रहेको, पुरुषसत्ताको संस्कृतिको दबाबबाट ती मुक्त हुन नसकेको यथार्थ पनि प्रकट भएको छ।

प्रभुत्वशाली पुरुषपिँढीलाई प्रतिनिधित्व गर्ने बलशाली पुरुषद्वय रने र माहिला भुजेल आ-आफ्ना श्रीमतीलाई दण्डित गरेपछि भने आफू पनि सुख र चयनले बाँच्न सकेका छैनन् । ती दुवैले विशिष्ट जीवनदशामा हेलिँदै अन्ततः दुःखद मृत्युवरण गरेका छन् । आफ्नो हातबाट निर्दोष म्याउची मारिएपछि मानसिक द्वन्द्व झेल्दै पनि जीवन सहज बनाउने रनेको प्रयास असफल भएको छ । म्याउचीको बहिनी मसिनीलाई भेटपछि उसको घाउ अझ बल्झिएको छ । यसरी ऊ अन्तर्द्वन्द्वमा पिल्सिएको छ र ज्यादै तनावग्रस्त रहेको छ । यो सन्दर्भको रनेमा निर्मित अनुभूतिको संरचना उपन्यासमा यस्तो स्वरूपमा प्रस्तुत छ,

> तर आवेगले, दुःखले, स्नेहले, प्रेमले, पश्चातापले, विरहले त्यसले ... आँखादेखि आँसुको अजस्र बगाउँदै अस्फुट स्वरमा भन्यो-'कान्छी, यो मेरो मनको बिरह यो दुःख, यो व्यथा कसलाई सुनाऊँ ? कसलाई भनूँ ... लडाइँमा गएँ उहाँ पनि त्यही विरहले, त्यही पीरले मन रुन्थ्यो ... कान्छी अब संसारमा कता जाऊँ ? ... अब पहाड फर्केर पनि के गर्नु ...? जहाँ गए पनि यो मन रुन्छ ... बाहिर हाँसे खेले पनि भित्र मन रोएको कसले देख्छ ? त्यही कुराले, त्यही पीरले एक दिन कान्छी ... यो अपराधी मन ...। (पृ. ५४)

यसरी नेपाली सामाजिक संरचनामा महिलाप्रति चरम शङ्कालु प्रवृत्तिको घातलाई रने स्वयम्ले पनि बेहोरोको छ । आफूले साह्रै मन पराएर बिहे गरिएकी निर्दोष श्रीमतीको हत्या आफैँबाट हुनुको अपराधबोधले मनभित्र ऊ कहिल्यै खुसी र सुखी भएको छैन । अपराध स्वीकार गर्न नसक्दा, पापको प्रायश्चित गर्न नपाउँदा उसले तीव्रतम द्वन्द्व झेलेको छ । त्यही मनोद्वन्द्वको भुमरीमा अल्झिँदै अन्ततः उसले आत्महत्या गरेको छ (पृ.६४) र भौतिक जीवनसँगै दबाब र तनावको पीडादायी अनुभूतिलाई पनि विश्राम दिएको छ । त्यस्तै, श्रीमती कुटेर घर छोडेपछि अनेकतिर भौतारिँदै बर्मा पुगेको र स्वच्छ जीवनशैली त्यागेर पथभ्रष्ट जीवनशैली आत्मसात् गर्न पुगेको माहिला भुजेल दोस्रो विश्वयुद्धको चपेटामा परी बर्माबाट लखेटिएर घर छोडेको १८ वर्षपछि वृद्धावस्थामा पुनः दार्जिलिङ फर्केको छ । उसले आफ्नै छोरी रूपाद्वारा श्रीमती मसिनीको यथार्थ विवरण प्राप्त गरेपछि आफूबाट भएका त्यस बेलाका गतिविधिमा लज्जा र ग्लानि अनुभूत गरेको छ; त्यस कृत्यका लागि छोरीसँग माफी मागेको छ अनि मसिनीसँग साक्षात्कार गर्ने आँट सँगाल्न नसक्दै मृत्युवरण गरेको छ (पृ. १९१) । यसरी प्रस्तुत उपन्यासका प्रमुख पात्रहरू रने र माहिला भुजेल उत्तम वा अधममध्ये कुनै एकखाले चरित्रमा मात्र बन्धित नभई गुणदोषयुक्त स्वाभाविक चरित्र लिएर प्रस्तुत छन् । ती आफैँले खनेको खाल्डोमा पुरिएर मर्छन्; आफ्नै दोषले मर्छन् (गौतम, २०५६, पृ.२००) । प्रत्यक्षतः आफ्ना-आफ्ना श्रीमतीप्रतिका तिनका शङ्कालु दृष्टि नै तिनको प्रमुख दोष रहेको देखिन्छ तथापि त्यसलाई व्यक्तिगत दोषमा मात्र सीमित गरेर हेरिनु हुँदैन । अतः ती दुवैले व्यक्तिगत चरित्रका कारणले भन्दा पनि पुरुषसत्ताको महिलाद्वेषी सामाजिक संस्कृतिमा निर्मित सामाजिक मनोविज्ञानका कारणले आफ्नो तथा श्रीमतीको जीवनलाई बरबादीमा पुऱ्याएको

देखिन्छ। यसप्रकार सामाजिक संस्कृतिका परिप्रेक्ष्यमा पात्रगत आन्तरिक द्वन्द्वका दबाबजन्य अनुभूति प्रस्तुत उपन्यासको अन्तर्वस्तु निर्माणको आधार बनेको छ ।

*मुलुकबाहिर* उपन्यासका रने, माहिला भुजेल तथा सेर्बा बूढोले प्रभुत्वशाली पुरुषपिँढीको प्रतिनिधित्व गरेका छन् । तत्कालीन सामाजिक संरचनामा मूलधारमा रहेको प्रभुत्वशाली पुरुष संस्कृतिको हैकम र प्रभुत्वलाई नै तिनले अनुसरण गरेका छन् । नारीदमन र उत्पीडनका तिनका गतिविधिहरू र त्यस परिप्रेक्ष्यमा तिनले सँगालेका प्रभुत्वशाली पुरुष पिँढीगत दबाब र तनावजन्य अनुभूतिका संरचनाहरूले उपन्यासमा सहज अभिव्यक्ति पाएका छन् ।

## ३.३ *बसाइँ* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

*बसाइँ* उपन्यासले आफ्नै मातृभूमिमा प्रभुत्वशाली पिँढीको दमनचक्रमा पिसिएका नेपालीहरू आफ्नो थातथलो छोडी बिदेसिनु परेको मार्मिक अवस्थालाई उद्घाटन गरेको छ । यस सन्दर्भमा उपन्यासकार क्षेत्रीले नेपालीहरू आफ्नो जन्मभूमि छोडेर बाहिरिने कारण खोतल्ने प्रयासका क्रममा परदेसिने नेपालीसँगको प्रत्यक्ष भेटघाटमा तिनै भोक्ताले सँगालेका अनुभवसमेतलाई ग्रहण गरेका छन् (क्षत्री, २०७४, भूमिका) । यसप्रकार लेखकले सात सालपूर्वको नेपाली समाजको प्रत्यक्ष अवलोकन गरेको तथ्य तथा प्रस्तुत उपन्यास प्रकाशनको समयसमेतलाई दृष्टिगत गर्दा उपन्यासमा सात साल आसपासको ग्रामीण नेपाली समाज विशेषलाई उनले भावभूमि बनाएका हुन् र आफ्ना तज्जन्य अनुभूतिलाई उपन्यासमा संरचनात्मक रूप दिएका हुन् । यस परिच्छेदमा सोही परिप्रेक्ष्यका उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीगत अनुभूतिको संरचनाको विश्लेषण प्रस्तुत गरिएको छ र त्यसअघि अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा उपन्यासमा प्रस्तुत रहेको सामाजिक संरचनाबारे प्रकाश पारिएको छ ।

### ३.३.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना

*बसाइँ* (२०१४) लीलबहादुर क्षत्री (१९८९) द्वारा रचित सामाजिक यथार्थवादी उपन्यास हो । उनका *अतृप्त* (२०२६) *ब्रह्मपुत्रको छेउछाउ* (२०४३) र *प्रतिध्वनि स्मृतिका* (२०६१) समेत गरी चार वटा उपन्यासहरू प्रकाशित छन् । सामाजिक यथार्थको चित्रण उनको मूल औपन्यासिक प्रवृत्ति हो । उपन्यासकार लीलबहादुर क्षत्री प्रवासी नेपाली हुन् । राणाकालमा चरम आर्थिक दुरवस्थाका कारण देश छोडी मुगलान छिर्न बाध्य रहेका अति विपन्न नेपालीका कथाव्यथासँग उनी पनि राम्ररी परिचित छन् । त्यसै परिप्रेक्ष्यका उनमा निर्मित अनुभूतिको अभिव्यक्तिका सन्दर्भमा नै प्रस्तुत उपन्यास निर्मित छ । यस उपन्यासको लेखनगर्भबारे उपन्यासकार क्षत्री (२०७६) भन्दछन् :

दोस्रो विश्वयुद्धताका म सिलोङमा (त्यो बेला असमकै अधीनमा) पढ्दै थिएँ। पिताजी प्रहरी सेवामा हुनुहुन्थ्यो। त्यही भएर म सिलोङमै जन्मिएँ, उतै पढेँ। विश्वयुद्धका कारण हाम्रो स्कुल बन्द थियो। पिताजीले मलाई पितृथलो नेपालको तेह्रथुम पुऱ्याएर फर्किनुभयो। आठ वर्षको उमेरमा तेह्रथुम पुगेँ। आमाहरू उतै बस्नुभयो। आठ महिना जति बसेर फर्किएँ। धेरै वर्षपछि 'बसाइँ' लेख्न त्यो आठ महिने पहाड बसाइले मलाई ठूलो खुराक दियो। लेख्ने बेलामा निकै अध्ययन अनुसन्धान पनि गरेँ। सुरुमा लेख्न बस्दा *बसाइँ* जानेहरूको कथा भन्छु भन्ने थिएन। उद्देश्य नेपाली जीवनशैली र संस्कृति भन्ने थियो। 'बेसी' नामको कथा लेख्न बसेको, कथावस्तु लम्बिँदै गएर उपन्यास बन्यो। यो तयार गर्न झण्डै दुई वर्ष लागेको थियो। (पृ.छ)

उपन्यासकार क्षत्रीको उक्त कथनअनुसार उनको पुर्ख्यौली घर तेह्रथुम भई आसामको गुहावटीका स्थायी बासिन्दा भए पनि उनको जन्म भने सिलोङमा भएको र दोस्रो विश्वयुद्धताका आठ वर्षको उमेरमा अर्थात् १९९७ मा उनी प्रथम पटक नेपाल आएका हुन्। उनले आठ महिने बसाइमा त्यस बेलाको पहाडी नेपाली समाजको प्रत्यक्ष अवलोकन र त्यहाँको जनजीवनलाई आत्मसात् गर्ने अवसर पाउँदा सँगालेका अनुभूतिले नै उनलाई आसाम छिरेका नेपालीहरूको भाषा, संस्कृति, व्यवहार अनि तिनको बसाइँसराइको कारणबारे उनले निकै अध्ययन तथा अनुसन्धान गर्न प्रेरित गरेको हो जसद्वारा प्राप्त अनुभूतिको निर्माणले पनि प्रस्तुत उपन्यासमा आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक जस्ता बहुविध पक्षहरूको यथार्थ उद्घाटन सम्भव भएको देखिन्छ। सुरुमा उनले बसाइँ जानेहरूको कथाव्यथाको प्रस्तुतिलाई ध्येय नबनाए पनि पछि यसै तथ्यलाई उपन्यासको अन्तर्वस्तु बनाएको खुलासा यस उपन्यासको भूमिकामा पनि यसप्रकार गरेका छन्, "पहाडको गाउँले वातावरणसित ... पहाड छोडेर प्रतिवर्ष नेपालीहरू मधेस तथा मुगलान झर्छन्। के ती रहरले आफ्नो थात-बास छाड्छन् होला, कतिको रहर पनि हुन सक्छ तर धेरै जसोको कुरा अर्कै छ। त्यसको मूलमा छिपेको वेदना र रहस्यलाई नै मैले बसाइँको कथावस्तु छानेँ" (क्षत्री, २०७४)। भूमिकामा उनले पूर्वी नेपालको तेह्रथुम, धनकुटा, ताप्लेजुङ, भोजपुरका भित्री गाउँका व्यवहार भाषाशैली, संस्कृति अनि वर्गीय भेदको आर्थिक तथा सामाजिक संरचना भूमिको असमान वितरण तथा आर्थिक दुरवस्थामा पिल्सिएका जनसाधारणका बाध्यताबारेका आफ्ना अनुभूतिलाई यथावत् उत्तार्ने प्रयासबारे पनि प्रस्ट पारेका छन्। यस क्रममा लेखकको सिर्जनशक्तिसँग उनको आत्मिक संस्कृतिसमेतको सम्मिश्रणले उपन्यासमा चित्रित सामाजिक संरचना सजीव बनेको छ।

प्रस्तुत उपन्यासमा सामाजिक यथार्थका बहुविध पक्षहरूले सशक्त अभिव्यक्ति पाएका छन्। उपन्यासको यस सबलताबारे ऋषिराज बरालका अनुसार नेपाली समाजको खास समयखण्डको बोध गर्ने सबैभन्दा सहज माध्यम *बसाइँ* उपन्यास हो (२०७३, पृ.३९४)। अतः प्रस्तुत उपन्यासले मूलतः नेपालको पूर्वी पहाडी क्षेत्र विशेषको समाजलाई प्रतिनिधित्व गर्दागर्दै पनि तत्कालीन नेपालको समग्र सामाजिक-आर्थिक अवस्थाकै अभिलेख बन्न सकेको छ। दोस्रो

विश्वयुद्धपछिको समय अर्थात् राणाशासनको अन्तिम दशकतिरको नेपाली सामाजिक संरचनालाई प्रस्तुत उपन्यासले कार्यपीठिकाको रूपमा रोजेको छ । परम्परित सामन्ती सामाजिक ढाँचा र त्यस अनुरूपको आर्थिक बनोटलाई अनुसरण गर्ने प्रभुत्वशाली पिँढीका रूपमा रहेका साहु, जमिन्दार, ठुलाठालुले उपन्यासमा सामन्त वर्गको प्रतिनिधित्व गरेका छन् । ती सामाजिक व्यवस्थाका प्रभावशाली अङ्गका रूपमा छन् । आम जनता तिनको प्रभुत्वका कारण उत्पीडन खेप्न बाध्य छन् र चरम गरिबी झेलिरहेका छन् जसमा त्यस बेलाको सामन्ती आर्थिक व्यवस्थामा पीडित, शोषित र आम सर्वसाधारण जनको दयनीय अवस्था मूर्त भएको छ ।

भौतिक पूर्वाधार तथा विकासनिर्माणमा शून्यताका कारण रोजगारविहीनताको मार खेपिरहेका अधीनस्थ वर्गको बाहुल्य रहेको पहाडी ग्रामीण सामाजिक संरचनाको नाजुक तस्बिरलाई प्रस्तुत उपन्यासले अगाडि ल्याएको छ । साथै, उपन्यासमा राणा शासनकालीन राजनीतिक सन्दर्भको चर्चा नगरेरै पनि त्यस बेलाको सामन्तमैत्री र गरिबलाई उत्पीडनकारी रहेको शासन व्यवस्थामा 'साहु' 'ऋण', 'तमसुक' तथा 'पञ्चभेला' जस्ता प्रशासनिक तथा कानुनी प्रक्रियाका सन्दर्भद्वारा बन्द स्वरूपमा राखिएको त्यस सामाजिक संरचनामा सर्वसाधारण जनताको आर्थिक हैसियत र दुरवस्था मूर्त भएको छ । त्यस उत्पीडनकारी सामाजिक व्यवस्था गरिबलाई मुगलानतर्फ धकेल्ने कारण पनि बनेको छ । भूस्वामित्वमा पहुँचहीनताका कारण कृषिमा निर्भर सर्वसाधाण जनता खेतिश्रमकै उपलब्धि हात पार्न नसक्ने अवस्थामा छन् । जनतालाई शिक्षा र चेतनाबाट वञ्चित गराउने शासकीय नीतिले अँध्यारोमा हेलिन ती बाध्य छन् । ग्रामीण जनजीवनसँग अभिन्न रहेका वस्तुभाउ, खेतबारी, घरघडेरी जस्ता सन्दर्भले प्रस्तुत उपन्यासमा परम्परित सामाजिक संरचनालाई जीवन्त बनाएका छन् । विकासनिर्माण तथा उद्योगधन्दा शून्य तत्कालीन ग्रामीण समाजमा सर्वसाधारणका आधारभूत आवश्यकताका सामग्रीको किनबेचको थलो साप्ताहिक वा पाक्षिक रूपमा लाग्ने हाट भएको र चाडबाडका अवसरमा अर्थतन्त्रको संस्कृतिलाई चलायमान गराउने परिस्थिति पनि हाटले सिर्जना गरेको अवस्थालाई पनि उपन्यासले मूर्त बनाएको छ । त्यस्तै, बन्द ढाँचाको त्यस समाजमा बैङ्क जस्ता वित्तीय संरचनाका अभावमा पुँजीको प्रसारण व्यक्ति विशेषका मातहतमा हुने तथ्यलाई धितोमा आर्थिक कारोबार गर्ने प्रभुत्वशाली पिँढीका गतिविधिद्वारा प्रस्ट पारिएको छ । त्यसै गरी भूमिको असमान वितरणको तत्कालीन समाजव्यवस्थामा गाउँका सीमित ठालु तथा जमिन्दारहरूको भूमिमाथिको नियन्त्रण तथा आम गाउँलेप्रतिको तिनको निर्मम व्यवहारलाई पनि प्रकट गरेको छ जसका कारण साह्रै निरीह अवस्थामा धने जस्ता गरिब नेपाली जन आफ्नो थातथलो छोडेर देशबाहिर बसाइँ सर्न विवश हुनु परेको तथ्य निचोडमा प्रस्तुत छ ।

प्रस्तुत उपन्यास लघु आयाममा संरचित भइकन यसले बृहत् सामाजिक सांस्कृतिक परिवेश समेट्न सकेको छ । मूलतः हिन्दु धर्मावलम्बी रहेको त्यस सामाजिक संरचनामा प्रचलित

सांस्कृतिक मूल्यमान्यताहरू, त्यसै अनुरूपका संस्कृतिजन्य व्यवहारहरूले उपन्यासमा यथास्थान चर्चा पाएका छन् । नेपालको पूर्वी पहाडी भूगालेको त्यस सामाजिक संरचनामा ब्राह्मण, क्षत्री, दमाइँ, कामी जस्ता जातीय विविधताको बसोबासको तथ्यलाई उपन्यासले समेटेको छ । ती सबै जातीय रूढिवादिताले ग्रस्त सामाजिक व्यवस्थामा आबद्ध छन् । त्यस्तै, उपन्यासमा कुरीति र अन्धविश्वासले ग्रस्त तत्कालीन समाज देवीदेवतालाई भाकल गरी पारिवारिक तथा सामाजिक समस्याको समाधान खोज्ने, धामीझाँक्री, भूतप्रेत आदिमा विश्वास राख्ने आदि सन्दर्भको पनि प्रस्तुति रहेको छ । उपन्यासमा परपुरुषबाट बिटुलिएकी झुमालाई सकाररेकै कारण सामाजिक बहिष्करणको डरले मोटे कार्की झुमालाई लिएर गाउँ छोड्न बाध्य हुनु, त्यही विषयलाई लिएर झुमाको माइती परिवारको पानी नचल्ने, पानीको कुरा ऐनले फुकाए पनि पितापुर्खाबाट चलिआएको रीति नतोड्ने जस्ता गाउँलेहरूको व्यवहारमा पनि रूढिग्रस्त सामाजिक संरचनाले प्रस्तुति पाएको छ। त्यस्तै, झुमा र रिकुटेको सम्बन्धका आधारमा लैङ्गिक भेदभावको पुरुषसत्ताको सामाजिक व्यवस्थालाई उपन्यासले प्रस्तुत गरेको छ । यसप्रकार उपन्यासमा मूलतः पूर्वी पहाडी नेपालको भौगोलिक प्रकृतिसँग गाँसिएको भौतिक संस्कृति र देशकै मूल धारमा रहेको हिन्दु धर्मनिष्ठ आत्मिक संस्कृतिजन्य अनुभूतिका साथमा मूलतः आर्थिक विभेदजन्य वर्गीय संरचनाको औपन्यासीकरण भएको छ। पहाडी ग्रामीण परिवेशका यिनै परिप्रेक्ष्यका आर्थिक गतिविधि र आर्थिक सम्बन्ध, जातीय सम्बन्ध, लैङ्गिक सम्बन्ध, सांस्कृतिक गतिविधि आदि जस्ता पक्षहरूले उपन्यासमा चित्रित बन्दस्वरूपको सामाजिक संरचनालाई मूर्त बनाएका छन् ।

### ३.३.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासले राणाकालीन सामन्ती प्रथाको सामाजिक ढाँचा र आर्थिक बनोटसँग जोडिएका मानवका विशिष्ट अनुभूतिका संरचनालाई प्रकाशनमा ल्याएको छ। तत्कालीन निरङ्कुश शासन प्रणाली सीमित सङ्ख्यामा रहेको टाठाबाठा साहु, सामन्त अनुकूलित छ जसकारण आम जनता आर्थिक उत्पीडन झेल्न बाध्य छन्। पहाडी गाउँका साहु, जमिदार, मुखिया जस्ता सामन्तहरूले उपन्यासमा प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गरेका छन्। सात सालपूर्वको राजनीतिक-प्रशासनिक संरचना सामन्तमैत्री छ र आम जनताका निमित्त उत्पीडनकारी छ। आम जनताले अधीनस्थ पिँढीको प्रतिनिधित्व गरेका छन्। प्रभुत्वशाली पिँढीद्वारा नियन्त्रित आर्थिक संरचनाका कारण उत्पीडित समुदायले जीवन धान्न जति सङ्घर्ष र परिश्रम गरे पनि तिनको आर्थिक स्तर सधैं नाजुक छ।

तीव्र आर्थिक सङ्कटका घडीमा कुनै उपाय नदेख्दा धने जस्ता गरिबहरू सेठ साहुकै भर पर्न पटकपटक विवश हुने अवस्थालाई प्रस्तुत उपन्यासमा चित्रण गरिएको छ। एकातर्फ साहुको चर्को ब्याज र भाका नाघेमा बन्दकी मालको हडपबारे प्रस्ट जानकार भएर पनि तिनकै शरणमा पुग्नुपर्ने गरिबको बाध्यता हुन्छ र त्यो गरिबको लागि विकल्परहित तात्कालिक समाधान हो भने

अर्कातिर साहु प्रभुत्वशाली बनिरहने मेसो पनि त्यही हो । यसरी नै गरिबीले थिल्थिलिएको धनेले आर्थिक सङ्कटमा उपसहाय गाउँका सेठ साहुकारहरूलाई नै सम्झेको छ (पृ.२) । बैदार गाउँका सेठ/साहुका रूपमा सामन्त वर्गलाई प्रतिनिधित्व गर्ने पात्र हो । उसले वर्ग, लिङ्ग, जाति, धर्म सबै कोणबाट नेपाली सामाजिक संरचनाको मूल धारको संस्कृतिलाई संवहन गरेको छ । जातीयतामा कट्टर हुनु, धार्मिक आडम्बर चर्को गर्नु तर गरिब, निमुखालाई आसामी तुल्याई तिनीहरूसँगको आर्थिक व्यवहारमा अत्यधिक कठोर हुनु उसका सामन्ती चरित्रगत विशेषता हुन् (पृ.३) । धनेलाई भैँसी दिनका निमित्त उसको हलगोरु धितो राखेर भैँसीको मूल्याङ्कन गरी ऋण प्रवाहको तमसुक बनाउने बेलामा बैदारको निम्न भनाइ प्रभुत्वशाली पिँढीगत अनुभूतिअनुरूप छ,

> हरिरामको के भने, भैँसीको दाम छ-बीस रुपियाँ भो, ब्याज महिना मर्नेबित्तिकै घरैमा पुऱ्याइदिनुपर्छ । अ ... फेरि सुन्, हरिरामको छ महिनाको एकदिन पनि नाघेछ भने, के भने तेरा गोठका गोरु-भैँसी फुकाउने छु नि । ला के भने तमसुकमा बूढी औँलाका छाप लाइदे । (पृ.३)

यसरी बैदारले भैँसीको दाम तोक्ने एकाधिकार प्रयोग गर्दै धनेलाई ब्याज बुझाउने प्रक्रिया, ऋणको भाका, ऋणवापतको धितो (हल गोरु)बारे निर्णय दिएको छ र ऊ कानुनी रूपमा पनि बलियो भएको छ । निरीह धनेले पनि प्रभुत्वशाली हैकमलाई अक्षरशः शिरोपर गर्दै बैदारद्वारा तयार तमसुकमा विनाप्रतिरोध औँला थिचेको छ । यसप्रकारको चर्को ब्याज र ऋण असुलीको परिप्रेक्ष्यले तत्कालीन राज्यव्यवस्थामा ऋणदाता हरतरहले फाइदामा रहने काइदाकानुन अनि ऋणीलाई आर्थिक उत्पीडन थप्ने नीति स्थापित रहेको अवस्थालाई प्रकट गरेको छ । प्रभुत्व विस्तारित त्यस सामाजिक व्यवस्थालाई धने जस्ता गरिबहरूले सहन गर्नु र स्वाभाविक रूपमा ग्रहण गर्नुले मूल धारको प्रभुत्वशाली संस्कृतिको स्थापनालाई नै अभिव्यक्त गरेको छ । उपन्यासमा अन्य पात्रहरूको अभिव्यक्तिले पनि यस तथ्यलाई पुष्टि गरेको छ । जब भाका नाघिसक्दा पनि धनेले भैँसीवापत काढिएको ऋणको साँवा तथा ब्याज बुझाउन असमर्थ हुन्छ तब बैदारद्वारा पञ्चायत डाकिएको छ । पञ्चायतमा बैदार तमसुकअनुसार कामकारवाही अगाडि बढाउने विचार अघि सार्दछ । त्यस घडीमा बढी आपतमा परेको धने सबैको सहानुभूतिको पात्र बन्नु पर्ने हो तर पञ्चायतमा प्रभुत्वशाली पिँढीकै पक्षधरतमा मुखियाले बोलेका छन्, “जेठा ! चाइनेभन्देखि साहूको माल ल्याएर केही पत्तै नगरेर कसरी हुन्छ र ? बैदारसाहेबका चाइनेभन्देखि रुपिया ब्याजसमेत अहिले गनिदे; न भा' त चाइनेभन्देखि तमसुकबमोजिक तेरो गोठ रित्तिने भयो त” (पृ.२४) । त्यत्तिखेरै साँवाब्याज बुझाउने धनेको आर्थिक हैसियत नरहेको वास्तविकतालाई बुझेर पनि ऊप्रति सहानुभूतिका केही शब्द खर्चनसमेत मुखिया आवश्यक देख्दैनन् । प्रभुत्वको स्थापनालाई उपन्यासको यस प्रकरणले राम्रैसँग पुस्ट्याइँ गरेको छ । त्यस्तै, त्यस बेला आफू स्वयम् अधीनस्थ रहेको दोबाटे साहिँला धनेको विपक्षमा यस्तो अनुभूति लिएर प्रस्तुत हुन्छ,

होइन, ठीकै त हो त हाउ, बैदारबाको कुरो । साहूको खाएर टेरपुच्छरै नलाई बसेर कसरी हुन्छ त ? साउँ बुझाउन नसके पनि ब्याजसम्म त दिनुपर्ने हो जेठाले । आसामीले यो चाल गरिदिएपछि भोलि हामीलाई पर्दा के मुखले जानु हाउ साहूकहाँ ऋण माग्न ? एउटाले गर्दा अरूको पनि बाटो थुनिँदैन यै चाल हो भने ? (पृ.२४)

उपन्यासमा दोबोटे आफू पनि गरिब छ; कैयौँ साहुको आसामी पनि हो तर पनि साहु तथा धनीमानीसँग मिलेर गाउँका आफ्नै वर्गका सुखदुःखका साथी गरिब छिमेकीलाई गिज्याउनुमा उसले आनन्दको अनुभूति गरेको छ (पृ.३४) । दोबाटेबारेका उपन्यासकारको यस कथनमा ताराकान्त पाण्डेय (२०७३) यस्तो टिप्पणी गर्दछन् :

दोबाटेका यी भनाइमा साहु संस्कृतिका छनक पाइन्छ । ... यहाँ उपन्यासकारले दोबाटेको यस प्रवृत्तिलाई साधारणीकरण गरेर मानव जातिको प्रकृति नै सम्भवतः यस्तै हो कि भन्ने विचार प्रस्तुत गरेका छन् तर यसलाई ग्रास्सी र विलियम्सका मान्यतामा टेकेर हेर्ने हो भने यो आम मानव स्वभाव नभई प्रभुत्वशाली पिँढीले आफ्नो संस्कृतिलाई अन्य समुदाय तथा पिँढीमा स्थापित गराउने प्रयासको संस्कृतिको परिणति हो । वर्गीय दृष्टिले ऊ धनेजस्तै गरिब तथा कैयन साहुको आसामी भए पनि र भोलि धनेकै नियति उसको पनि हुन सक्ने पक्कापक्की हुँदाहुँदै पनि ऋण असुलउपर गर्ने नाउँमा साहु मुखियाहरूको ज्यादती र निर्दयी व्यवहारलाई ऊ ठिक ठान्छ र धनेको आलोचना गर्दै साहुको पक्ष लिन्छ । यो प्रभुत्वशाली संस्कृतिको वर्चस्व र सामान्य मान्छे वा विपन्न समुदायमा त्यसको प्रभुत्व कायम गर्ने प्रयासको सङ्केत हो । (पृ.३९)

तत्कालीन सामाजिक संरचनामा प्रभुत्वशाली संस्कृतिको बलियो अवस्थितिलाई पाण्डेयको यस भनाइले प्रस्ट पारेको छ । बैदारद्वारा धनेको गोठ रित्याउने बेलामा आफूभैँ अधीनस्थको दुरवस्थालाई रमिते बनेर आनन्द लिने सवर्गी गाउँलेहरूको अनुभूतिको संरचना उपन्यासमा यसप्रकार रहेको छ,

तलतिर, मास्तिरबाट मानिसहरू आए, धने लुटिएको रमिता हेर्न । सबैको मुखको भावबाट यही बुझिन्थ्यो उनीहरूलाई धनेप्रति प्रगाढ सहानुभूति छ तर सबैको हृदय उत्साहपूर्वक प्रतीक्षा गरिरहेको थियो कि कति बेला धनेका गोरु र भैँसी फुकाएर खेदाइन्छन् । सायद वस्तु फुकाउने कुरा स्थगित हुने भए सबैको हृदयमा निराशा नै हुने थियो । सबै आफूलाई आनन्दमय दृश्यबाट वञ्चित सम्झने थिए । (पृ.२५)

धने लुटिएको दृश्य गाउँलेका लागि हेर्न लायक रमिता बन्नु, वस्तु खेदाइएको घडीको उत्साहपूर्वक तीव्र प्रतीक्षा गर्नु, एकातर्फ धनेप्रति सहानुभूति पनि रहनु र अर्कातर्फ वस्तु नफुकाइए त्यो आनन्दमय दृश्यबाट वञ्चित हुनपर्ने हो कि भन्ने तिनको अनुहारका भावमा व्यक्त अनुभूतिको जुन वर्णन उपन्यासकारले गरेका छन् त्यसले विशिष्ट अनुभूतिको संरचनालाई अभिव्यक्त गर्न सकेको छ । शब्द तहमा प्रकट नभइसकेको भिडको मनोविज्ञानलाई सामूहिक अनुभूतिको

संरचनाका रूपमा प्रस्ट पार्न सक्नु लेखकीय सफलता पनि हो । यस विशिष्ट कोटिको अनुभूतिको स्वरूपलाई पाण्डेय (२०७३) ले 'अनौठो अनुभूतिको संरचना' भनेका छन् । उनका अनुसार सवर्गी सदस्यकै गोठ रित्तिएको दुःखद दृश्यमा आनन्दको अनुभूति गाउँलेमा हुनु सामान्य नभई अनुभूतिको विशिष्ट संरचना हो र विलियम्सको मान्यताका आधारमा यो व्यक्ति मनोविज्ञानको सन्दर्भमात्र नभएर तत्कालीन समाजको सांस्कृतिक संरचनाको उत्पादन हो (पृ.३९) । सामन्तवादी संस्कृतिको प्रभुत्वमा पिल्सिएकाहरू अवचेतन स्तरमै यस मूलधारको संस्कृतिको प्रभाव ग्रहण गरिरहेको र त्यसमा अभ्यस्त रहेको अवस्थालाई यस सन्दर्भले सङ्केत गरेको छ ।

प्रस्तुत उपन्यासमा प्रभुत्वशाली पिँढीका गतिविधिहरू धनेसँग सन्दर्भित हुँदै घटित छन् । यस पिँढीको अनुभूतिको संरचना निर्माणको आधार धनेसँगको व्यवहार बनेको छ । निम्नवर्गीय जीवनयापनका सङ्कट बेहोर्दै गर्दा धनेले फेरि आर्थिक व्यवहारका लागि प्रभुत्वशाली पिँढी प्रतिनिधि नन्दे ढकालको भर गर्नु परेको छ । नन्दे ढकालसँगै ऋण लिएर र उसकै खेत लिएर कूत तिर्ने गरी धान राप्ने निर्णयमा धने पुगेको छ । धनेलाई आफ्नो खेत अधियामा रोप्न दिन पाउँदा नन्दे पनि खुसी छ । लुइँटेलले कमाउन छाडेको त्यो खेत बाँफै राख्दा नन्देले आफ्नो अहम्मा ठेस लाग्ने अनुभूति गर्दै रहँदा धने मोटे कार्कीलाई मध्यस्थ तुल्याउँदै टुप्लुक्क पुग्नु र धनेका खेतबारी डिक (बन्धकी) राखेर उसलाई चर्को ब्याजमा ऋण प्रवाह गर्ने अवसर पनि जुट्नुसँगै लुइँटेलको मेख मार्न पाउँदा एकाएक दोहोरो स्वार्थ सिद्धिको सुखद अनुभूति उसलाई भएको छ । सहयोग भाव भन्दा पनि स्वार्थलाई सर्वोपरितामा राख्ने सामन्ती चरित्र नन्दे ढकालमा पाइन्छ ।

त्यही सामन्ती संस्कारमा अफ बिग्रिएर हुर्किएको नन्देको छोरो र नन्देको हली साने घर्ती अधीनस्थ पिँढीप्रतिका ज्यादतीपूर्ण व्यवहारलाई हाकाहाकी अग्रपोषण गर्ने र उत्पीडनकारी गतिविधि निर्बाध सञ्चालन गर्ने प्रभुत्वशाली संस्कृतिजन्य विकृतिका वाहक हुन् । साने घर्तीले कान्छा साहुको आदेशमा धनेको पालोको कुलो मार्दै साहुले खेतमा कुलो सोफ्याउने बदमासी गरेको छ । धनेले यस अन्यायको विराधे गर्दा घर्ती भन्दछ, "के को पालो र पैंचो, साहुको खेत, साहूको कुलो । साहूको खेत भरिएपछि बल्ल अरूको पालो" (पृ.३२) । साने घर्तीको यस भनाइमा साहु संस्कृतिप्रतिको अन्धभक्ति र समर्पण प्रकट भएको छ । उसमा यस खाले अनुभूतिको संरचना निर्माण हुनुले प्रभुत्वशाली पिँढीगत संस्कृतिको पूर्ण परिपालनाको अवस्थालाई नै सङ्केत गरेको छ । कुलोको पालोको निर्धारण बारेको सामाजिक नियम र कानुनसँग उसको कुनै सरोकार छैन । धनेले साहुको खेतमा रोपाइँ गर्ने हैसियत निर्माण गर्दै कानुनी प्रक्रिया पुरा गरेको स्थितिसँग पनि उसलाई चासो छैन । उसको सरोकार साहूको सर्वोपरितामा मात्र छ । ऊ अफैँ पनि साहु/मालिककै आश्रित र अधीनस्थ छ तर आफ्नै सवर्गीलाई उत्पीडन पुऱ्याउन ऊ उद्धत रहेको सन्दर्भ उपन्यासमा यस्तो अनुभूतिको संरचनामा प्रस्तुत छ, "सानो छ भनेर हेपेर होइन ? लाखे कान्छा साहूले हुर्मत काढ्दा बल्ल थाहा होला नि । खुट्टामा टोपी राखेर बल्लबल्ल कुन सुरत खेत

पाएको छ, त्यसैले मातिएर भुइँमा खुट्टा छैनन् । भोलि नै खेत खोसाउन नसके म पनि बाउकै छोरो होइन नि" (पृ.३२) । यसप्रकार धनेलाई धम्क्याउने आँट साने घर्तीले प्रकट गर्न सक्नुमा प्रभुत्वशाली पिँढीको आड पाएरै सम्भव भएको छ ।

त्यसपछि सानेले मालिक कान्छा साहुकहाँ पुगेर धने विरुद्ध बढाइचढाइ कुरा लगाएपछि आक्रोशित कान्छा साहु पनि धनेको सेखी झार्ने मेसोमा दबाब र तनावले ग्रस्त भएको छ र उसमा निर्मित प्रतिशोधको अनुभूति सानेलाई दिएको यस आदेशमार्फत प्रकट भएको छ, "भोलि मिरमिरे उज्यालो हुँदा, त्यस बजियाको बियाडमा लगेर भैँसी छाडिदिनू, बजियाले रोपोस् खेत कसरी रोप्तो रहेछ" (पृ.३४) । नन्दे ढकालको छोरा अर्थात् कान्छा साहुमा निःसृत यस अनुभूतिको संरचनाले अधीनस्थ पिँढीलाई अन्याय अत्याचार गरेर उत्पीडन दिनुलाई प्रभुत्वशाली पिँढीले आफ्नो अधिकारका रूपमा अनुभूति गर्ने तथ्यलाई सङ्केत गरेको छ । यिनै कान्छा साहुको चरित्रलाई लिएर लेखकीय अनुभूति उपन्यासमा यस्तो स्वरूपमा व्यक्त छ,

> नन्दे ढकालको छोरो कान्छो अड्डाबाट पढाइको जाँच बुझाएर भर्खर घर आएको थियो । पुल्पुल्याएर पालेको र सानैदेखि अत्याचारी स्वभावको हुनाले ऊ आएबाट गाउँमा सधैँ एउटा न एउटा भाँडभैलो हुन्थ्यो । कहिले केटाहरू, खासगरी घरैका हली, सुसारेहरू भेला गरेर ऊ, राति गाउँघरमा कसैको खोरबाट खसी चोर्थ्यो, कहिले गाउँको कोही केटालाई पिट्थ्यो त कहिले केटीलाई छेडछाड गर्थ्यो । अर्कोलाई रुवाउनमा नै उसलाई आनन्द आउथ्यो । आफूभन्दा निधोलाई झुन्ड्याएर अट्टहास गर्ने उसको प्रवृत्ति थियो । उसका पछाडि गाउँलेहरू सराप्थे तापनि साहूको छोरो भनेर उसका सामु केही भन्दैनथे । (पृ.३३)

तत्कालीन नेपाली सामाजिक संरचनामा स्थापित सामन्तवादी संस्कृति र प्रभुत्वशाली पिँढीगत चरित्र उक्त लेखकीय अनुभूतिको संरचनामा प्रकट छ । आफूभन्दा निर्धो बनाइएका गाउँले आम जन अर्थात् अधीनस्थ पिँढीप्रति गरिने व्यवहार, दमन, उत्पीडनका कारण दबाब र तनावमा उत्पन्न तिनका आक्रोशको अनुभूतिलाई भोक्ता पिँढीले आफूमै दबाएर राख्ने र साहु पिँढीसँग प्रतिकार गर्न नसक्ने स्थितिले त्यस बेलाको समाज व्यवस्थामा नवसंस्कृति निर्माणको कुनै सङ्केतसम्म पनि देखिएको छैन ।

उपन्यासमा धनेको बियाडमा छोडिएको नन्दे ढकालको गाभिनी भैँसी धानको बीउमा आनन्दले चरिरहेको देख्ता स्वभावतः धने आक्रोशित हुनु, क्रोधान्धमा भैँसीलाई कोदालोको पाताले बेस्सरी चुट्नु, यो घटनाबारे सानेद्वारा साहुलाई खबर गरिनु, साहुको मानिस आएर भैँसी मरेको जानकारी गराउँदै भोलिपल्ट पञ्चको सामु उपस्थित हुने आदेश सुनाउनु जस्ता घटनाक्रमहरू प्रस्तुत छन् (पृ.३४-३५) । नन्देको आँगनमा मुखिया, सुब्बा, बैदार लगायतका पञ्च भलादमीहरूको ठूलो जमात उपस्थित छ । पञ्च भलादमीको तर्कवितर्कले अन्ततः 'धने दोषी' ठहर गरेको छ । त्यस परिप्रेक्ष्यमा मुखियाले साहुको तर्फबाट धनेलाई भैँसीले खाएको बीउवापतको धान तिर्नु पर्ने र

धनेका तर्फबाट भैँसीको मोल तिर्नुपर्ने तर्क राख्दा गाउँमा 'बूढा भलादमी' कहलिएका व्यक्ति नै उत्पीडितलाई थप दण्डको माग राख्दै भन्दछ, "केको मोलले मात्र हुन्छ र हो । मोल मात्रै राख्दा त फेरिफेरि पनि सबैले गाभिनी भैँसीको मोल तिर्दै मार्दै गरे भैगो नि ! गाभिनी भैँसी मारेको पूरा दण्ड तिर्नुपर्छ धनेले । सजिला कुरा छन् याँ" (पृ.३६) । उसको यो भनाइ प्रभुत्वशाली पिँढीको प्रतिनिधि आवाज हो जुन मूलधारकै प्रभावशाली संस्कृतिजन्य अनुभूतिमा निःसृत छ र यस प्रभुत्वशाली पिँढी आवाजको प्रतिरोधस्वरूप पञ्चायतमा निस्किएको झिनो आवाज आएतिर राता आँखा फर्काउँदै, त्यस आवाजलाई दमन गर्दै, नन्दे यसप्रकार जँगिएको छ, "ए बजिया, चुप लाग्, जान्ने भा'को बजिया । भलादमीको माझमा मुख खोल्न कसले लायो तँलाई, ए, बजिया ?" (पृ.३७) । यसरी अधीनस्थ पिँढीलाई प्रतिनिधित्व गर्ने त्यस दबेको स्वरप्रतिको नन्देको यस तात्कालिक प्रतिवादमा त्यस बेलाको समाजव्यवस्थाको न्यायपद्धति पनि छर्लङ्ग भएको छ र प्रभुत्वशाली पिँढी प्रतिनिधि रहेका ठाउँमा अधीनस्थले मुख खोल्नु पनि धृष्टता हुने दमनकारी सामाजिक व्यवस्था पनि मूर्त भएको छ। यसप्रकार प्रभुत्वशाली पिँढीको हैकम युक्त र उत्पीडनकारी तत्कालीन समाजको आर्थिक संरचना उपन्यासमा जीवन्त बनेको छ र त्यस आर्थिक व्यवस्था नै प्रभुत्वशाली वर्गको पनि अनुभूतिको संरचना निर्माणको सशक्त आधार पनि भएको छ ।

प्रभुत्वशाली पिँढीका अनेक प्रपञ्चमा धने फसेको छ र अन्ततः नन्देको परिवार धनेको खायल हात पार्न सफल भएको छ। धनेलाई उठिबास लगाउने नन्देको दुराशयलाई उपन्यासकारले यस्तो अनुभूतिको संरचनामा प्रकट गरेका छन्, "नन्दे त यही चाहन्थ्यो कि धने बसाइँ सरोस् । अनि त्यो खायल उसको हात लागोस् । उसको एउटा भानिजलाई राख्न एउटा खायलको आवश्यकता उसलाई भइ नै रहेको थियो" (पृ.५८) । आफ्नो योजनाको सफल कार्यान्वियमा प्रसन्न नन्दे धनेसँग भन्दछ : "खायलको मोल गर्ने हो भने भोलि आइज । भोलि म सबैलाई भेला गर्छु । अनि भोलि नै लेखापढी गरी तिरेर उब्रेको पैसा पाउँछस् । अड्डाबाट नाम दर्ता गर्न त तँ नभए पनि म गरिहाल्छु नि" (पृ.५८) । धनेको घरखेत आफ्नो नाममा नामसारी गर्न समेत त्यहाँ धनेको जरुरत नपर्ने देखिन्छ । कानुनी र प्रशासनिक कामकारबाहीमा नन्देको प्रभावशाली पहुँचको प्रसङ्गले मूलधारको संस्कृतिमा प्रभुत्व स्थापना र विस्तारलाई छर्लङ्ग बनाएको छ। प्रस्तुत उपन्यासमा मूलतः बैदार बूढा, नन्दे ढकाल अनि कान्छो साहू र बूढा भलादमी जस्ता प्रभुत्वशाली पिँढीका प्रतिनिधि पात्रहरूले तत्कालीन नेपाली सामाजिक संरचनाको प्रभावशाली संस्कृतिलाई संवहन गरेका छन् । तिनद्वारा प्रसारित प्रभुत्वको संस्कृतिमा हेलिँदै त्यसको संरक्षण र संवर्द्धनमा दोबाटे साहिँला, साने घर्ती जस्ता अधीनस्थ पिँढीका व्यक्तिहरूसमेत ज्यूज्यान दिएर लागिपर्नुले प्रभुत्वको दह्रो अवस्थितिलाई छर्लङ्ग बनाएको छ ।

### ३.३.३ जातीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा लेखकद्वारा मूलतः आफ्नै क्षत्री प्रजातिका पात्रहरूलाई कार्यभूमिका प्रदान गरिनुले पनि स्वजातीय अनुभूतिको सहज र स्वाभाविक प्रकाशन हुनसकेको छ। उपन्यासमा धने आफ्नोमा वास बस्न आएको रिकुटेको जातिगत परिचयसमेत ठम्याएपछि स्वभावतः भन्नसक्छ : "आ ... (यथा.) हामी पनि क्षत्री हौँ, भान्सा चलिहाल्छ, खानपिन गरेर यतै सुत्ने। किन जान पऱ्यो। राति हुँदो टाढा लिम्बु गाउँ ! भोलि बिहानै हिँडे भइहाल्छ नि" (पृ.९)। धनेद्वारा उपन्यासमा अभिव्यक्त यस भनाइले तत्कालीन सामाजिक संरचनामा भान्सा चल्नलाई जातीय आधारको भूमिकालाई त प्रस्ट पारेको छ नै, जातिगत विशिष्टताको गर्वबोध पनि प्रस्तुत भएको छ। त्यस्तै, रिकुटेको ठाँटबाटसहितको बाह्य व्यक्तित्व तथा मुगलानको जागिर समाजमा प्रभुत्वशाली प्रभाव जमाउने आधार हुँदै हुन्। अझ जातीय आधार पनि थपिँदा ऊ धनेको भान्छामै सहज स्वीकार्य छ। त्यस्तै, बैदार बूढाको जातीय कट्टरता एवम् आर्थिक कठोरताका सन्दर्भमा ब्राह्मण तथा आसामीप्रतिको विरोधाभाषी व्यवहारबारे उपन्यासमा आख्यानकारको अनुभूतिगम्य टिप्पणी यस्तो रहेको छ,

> बैदार बूढा थिए, कट्टर सनातनी, छूतछ्यातको खूबै ख्याल राख्तथे। आफ्नो भान्छे-बाहुनदेखि बाहेक कसैले पकाएको नखाने। सधैँ मुखमा रामको नाम रहोस् भन्ने उद्देश्यले उनको आफ्नो थेगो 'हरिरामको' राखेका थिए। बिहानको समय पूजापाठमै बित्थ्यो, ब्राह्मणहरूलाई बेलाबेलामा दक्षिणा दिन र भोजन गराउन उनी परम धर्म सम्झन्थे। तर छिमेकमा गरिब-दुखीहरूले मानामुठी पैँचो लगेको उठाउनमा हमेसा सतर्क रहन्थे। ठेक्कामा परेर कसैले १-२ रुपियाँ ऋण लिएको ब्याज कस्न उनी बिर्सिंदैनथे। आसामीसित अति चर्को ब्याज लिनु उनको मिहिनेतको कमाइ हुन्थ्यो। (पृ.३)

उक्त अनुभूतिको संरचनामा तत्कालीन छुवाछुतमा आधारित सामन्ती संस्कृतिको ज्वलन्त नमुना प्रस्तुत गरिएको छ। धर्मको मर्मभन्दा पनि जातिगत आडम्बर पक्षमा ध्यान दिने तर समस्याग्रस्त अधीनस्थ पिँढी वा समुदायप्रति भने कति पनि दयाधर्म नदेखाई आर्थिक उत्पीडनमा पिल्साउने बैदार बूढाको यस सामन्ती प्रवृत्तिको प्रस्तुतिद्वारा लेखकले समाजमा जातीय हैसियत र वर्गीय सबलताका आधारमा प्रभुत्वशाली पिँढीगत प्रभुत्वलाई सामन्ती संस्कृतिले टेवा दिइरहेको तथ्यलाई पनि अभिव्यञ्जना गरेका छन्। उपन्यासमा उपर्युक्त चर्चामा रहेका सन्दर्भहरूमा प्रस्तुत अनुभूतिको संरचनाले सामन्तवादी व्यवस्थाले हुर्काएको जातीय विभेदको सामाजिक संरचनाको परिचय गराएका छन्।

उपन्यासमा वर्गगत दृष्टिले धने अधीनस्थ पिँढीको प्रतिनिधि हो तर जातिगत दृष्टिले उसले प्रभुत्वशाली पिँढीलाई प्रतिनिधित्व गरेको छ। ऊ जुन समाजमा रहेको छ, त्यहाँ तथाकथित दलित भनिएका जातिको भन्दा उसको आर्थिक स्थिति निम्सरो छ तर पनि जातीय अभिमानमा

उसको अनुभूतिको संरचना निर्माण भएको देखिन्छ। बुधे कामीले सापटी नदिएको झोकमा ऊ भन्छ, “बुधे कामीले गोडातीसेक कम्पनी दिन्छ कि भनेर गएको। बैदारलाई १५ रुपियाँले मुखमा बुजो लाएर १५ ले यो दसैं जसोतसो टारूँला भन्ने थियो, तर डाङ्ग्राले किन दिनु ? दिनभर त्यसै आलेटाले गरेर टाऱ्यो” (पृ.१३)। यसरी उसले बुधेलाई हेयपूर्वक ‘डाङ्ग्रा’ शब्द प्रयोग गरेरै असन्तोष प्रकट गरेको छ। धनेमा निर्मित प्रस्तुत अनुभूतिको संरचनामा प्रयुक्त यो शब्द कथित दलित भनिने कामी जातिका निमित्त प्रयोग गरिने हेयवाचक शब्द हो। जातीय विभेदकारी समाजलाई यस शब्दले द्योतन गरेको छ। सामन्तवादी तत्कालीन समाजमा प्रभुत्वशाली हैसियत बनाएको कथित उच्च जातिले अधीनस्थ जातिलाई यस्ता शाब्दिक व्यवहारको प्रयोग गरिनु र अधीनस्थ पिँढी/समुदायमा विना प्रतिरोधको सहज स्वीकार्यता रहनुले जातिगत प्रभुत्वको स्थापत्यलाई प्रकट गरेको छ। त्यस्तै, धनेको भैँसीले लेउते दमाईंको बारीको फापर स्वात्तै पार्दा लेउतेले अरमल तिराउने कुरा राख्दा धने यसप्रकार झोक्किएको छ, “हैन किन चट्किन्छस् तँ दमाइँ। खाएछ भने भरौँला” (पृ.५)। धनेको लेउतेसँगको भनाभनमा दबाब र तनावमा प्रस्तुत यस भनाइमा उसमा निःसृत जातीय अनुभूतिको पनि अभिव्यक्ति छ। आर्थिक स्तरमा लेउते धने भन्दा निकै धनी छ। गाउँभरिका लुगा सिलाएर बाली उठाउने तथा आफ्नै खेतबारी यथेष्ट हुनुले लेउते कसैलाई नटेर्ने अभिमानी छ (पृ.४) तर आफूभन्दा उच्च जाति भनिएकाहरूसँग कुराकानी गर्दा उसले आदरार्थी शब्द नै प्रयोग गरेको छ। अभिवादन त्यही अनुरूप गरेको छ जसद्वारा जातीय भेदभावप्रति विना प्रतिरोधको सहनको संस्कृति प्रकट भएको छ। धनेले भने लेउतेप्रति ‘तँ’, ‘दमाई’ आदि सम्बोधन गर्दै अभावका बिचमा पनि अरमल तिरिहाल्ने अनुभूतिमा जुन भनाइ राखेको छ त्यसबाट ऊभित्रको जातीय अभिमानले निकास पाएको देखिन्छ। *बसाइँ* उपन्यासले राणाकालीन उत्तरार्द्धको नेपाली आर्थिक संरचना प्रभुत्वशाली पिँढीमैत्री रहेको तथ्यलाई प्रकट गरेको छ। उपन्यासमा प्रभुत्वशाली वर्गीय अनुभूतिले सशक्त अभिव्यक्ति पाएका छन्। भूधन र पशुधन मूल धनका रूपमा रहने तत्कालीन ग्रामीण सामाजिक संरचनामा अधीनस्थ पिँढीका तिनै सीमित धनमा पनि आँखा गाड्दै तिनलाई आफ्नो तुल्याउने र तिनको उठिबास लगाउन पनि पछि नहट्ने प्रभुत्वशाली पिँढीका गतिविधि, त्यस क्रममा तिनमा निःसृत दबाब र तनावमा निर्मित अनुभूतिको संरचनालाई उपन्यासले सशक्त अभिव्यक्ति दिएको छ। साथै, जातीय भेदभावयुक्त नेपाली सामाजिक संरचनाका परिप्रेक्ष्यमा निःसृत जातीय अनुभूतिका संरचनाले पनि उपन्यासमा यथास्थान प्रस्तुति पाएको छ।

## ३.४ *एक पालुवा अनेकौँ याम* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

सामन्ती भेदभावको सामाजिक संस्कृतिलाई विषयाधार बनाइएको *एक पालुवा अनेकौँ याम* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीगत अनुभूतिका संरचना मूलतः लैङ्गिक आधारको रहेको

छ । मूलधारमा स्थापित त्यस पुरुषसत्ताको संस्कृतिलाई प्रभुत्वशाली पुरुषपिँढीले संवहन गरेको छ र लैङ्गिक प्रभुत्व प्रसारणका सन्दर्भका दबाब र तनाव त्यस पिँढीले पनि बेहोरिरहेको छ । तिनै प्रभुत्वशाली पिँढीगत अनुभूतिको संरचनाको अध्ययनलाई अगाडि बढाउने क्रममा सर्वप्रथम प्रस्तुत उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचनाबारे प्रकाश पारिएको छ ।

### ३.४.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना

*एक पालुवा अनेकौँ याम* (२०२६) उपन्यासकार दौलत विक्रम विष्ट (१९८३-२०५९) द्वारा लिखित कालखण्ड विशेषको सामाजिक यथार्थलाई बहु आयाममा समेट्न सफल उपन्यास हो । उनले *मञ्जरी* (२०१६) उपन्यासको प्रकाशनबाट औपन्यासिक यात्राको थालनी गरेका हुन् । उनका *चपाइएका अनुहार* (२०३०), बिग्रिएको बाटो (२०३३), सिन्दुर (२०३३), *थाकेको आकाश* (२०३४), *भोक र भिताहरू* (२०३८), *ज्योति ज्योति महाज्योति* (२०४५), *हिमाल र मान्छे* (२०४५) तथा *फाँसीको फन्दामा* (२०५३) उपन्यासहरू पनि प्रकाशित छन् । आदर्शोन्मुख यथार्थ, सामाजिक यथार्थ, आञ्चलिकता, मनोविश्लेषणणात्मकता, प्रगतिवादी चेत, सांस्कृतिक चेतका साथै अस्तित्ववाद र विसङ्गतिवाद जस्ता विविध औपन्यासिक प्रवृत्तिहरूलाई आत्मसात् गर्दै लेखनमा रमाउने उनको नेपाली उपन्यास जगत्मा विशिष्ट स्थान रहेको छ । उनको *एक पालुवा अनेकौँ याम* आयामगत दृष्टिले बृहत् उपन्यास हो ।

प्रस्तुत उपन्यासमा वर्णित समयसन्दर्भलाई नियाल्दा प्रारम्भतिरको घटनाक्रममा उपन्यासको प्रमुख पात्र कमलले १९९४ सालमा पन्ध्र वर्षे उमेरमा काठमाडौँका दरबार हाइस्कुलमा भर्ना भई पढ्दै गरेको छ भने कमलका बाबुले २००१ सालभन्दा पहिले नै जागिर छोडेर खेतीमा लागेको चर्चा छ । उपन्यासको अन्तिमतिरको घटनाक्रममा ताराद्वारा कमललाई प्रेषित पत्रमा '२००६ साल माघ १० गते'को मिति उल्लिखित छ (पृ.२२२) । साथै, राणाकालीन राजनीतिक अवस्था, प्रशासनिक संरचना, न्यायिक गतिविधि तथा राणा शासनविरुद्धको भूमिगत आन्दोलनका गतिविधिसमेत जोडिएको त्यस बेलाको सामाजिक संरचना उपन्यासमा सजीव बनेको छ । अतः यस उपन्यासले मूलतः राणाकालीन अन्तिम प्रहरको सामाजिक संरचनालाई कार्यपीठिका बनाएको देखिन्छ । राणाकालीन उत्तरार्द्ध समयको विष्टको जन्म, मध्यमवर्गीय परिवारमा उनको हुर्काइ, दरबार हाइस्कुलमा भर्ना, १९९६ मा उनको आमाको निधन, बाबुको दोस्रो विवाह जस्ता उनका वैयक्तिक जीवनसन्दर्भका अनुभूतिहरूले उपन्यासमा अभिव्यक्ति पाएका छन् (प्रसाई, २०६०, पृ.२२) । त्यस्तै, तत्कालीन शिक्षापद्धतिमा शिक्षादीक्षा, बाबुको जागिरको सिलसिलामा उनको स्कुल फेरिने क्रम, कहिले स्कुलविहीन स्थिति पनि, नेपालको तराईका प्रायः सम्पूर्ण ठाउँहरूमा पुग्ने उनले प्राप्त गरेको अवसरमा सँगालेका जीवनानुभूतिहरूले पनि उपन्यासमा कमलमार्फत प्रस्तुति पाएका छन् (प्रसाई, २०६०, पृ.२३) यसप्रकार उपन्यासमा अभिव्यक्त कतिपय संस्कृतिजन्य

अनुभूतिहरू लेखकको आफ्नै जीवनसँग सम्बद्ध रहेका छन् जसमा उनले देखेभोगेको समाज जीवन्त बनेको छ ।

उपन्यासले पूर्वी तराईका मुख्यतः मोरङको गौरीगन्ज, काठमाडौँ राजधानी, झापा, विराटनगर, धरान, वीरगन्ज तथा बाराको चैनपुर आदि विभिन्न क्षेत्रका सामाजिक संरचनालाई कार्यपीठिका बनाएको छ । तत्कालीन समयमा सहर कहलिएका तर पूर्ण सहरी ढाँचामा विकसित भई नसकेका ती क्षेत्रहरू वरपरका गाउँहरूले घेरिएका छन् जसले गर्दा त्यहाँको समाजस्वरूप मिश्रित ढाँचाको देखिन्छ । उपन्यासको परिवेशमा भारतको तिरहुत क्षेत्र, कलकत्ता अनि दोस्रो महासमरका सन्दर्भमा युरोपेली मुलुक आदि पनि चर्चामा रहेका छन् । तत्कालीन सहरी परिवेशमै पनि विकासनिर्माणले गति लिन नसकेको अवस्थालाई उपन्यासले चित्रण गरेको छ । त्यत्तिखेर आम जनतामा चेतनास्तर न्यून रहेको, देशबाहिरको परिवेशमा उठबस गर्न पाएका र भारतीय परिवेशमा शिक्षा प्राप्त गर्ने अवसर पाएको पिँढीविशेषमा भने चेतनाको स्तर उच्च रहेको र त्यो पिँढी निरङ्कुश शासनव्यवस्थाका विरुद्धमा आवाज उठाउन सक्ने तहमा रहेको अवस्थालाई उपन्यासले सशक्त प्रस्तुति दिएको छ । उपन्यासमा प्रस्तुत राणाशासनको तख्ता पल्टाउने उद्देश्यमा विराटनगर तथा काठमाडौँमा क्रान्तिकारीद्वारा भूमिगत रूपमा भएका गतिविधि, राणासरकारका विरुद्ध पर्चा छरिएको सन्दर्भ, पुलिसहरूद्वारा क्रान्तिकारीमाथिको निगरानी, सरकारको गाथगादी ताक्ने आरोपमा क्रान्तिकारीको घर घेराउ र गिरफ्तारी जस्ता सन्दर्भहरूको अभिव्यक्ति छ । त्यस परिप्रेक्ष्यमा कति त रातारात भागेर भारततर्फ प्रस्थान गरेको अवस्था जस्ता उपन्यासमा प्रस्तुत घटनाक्रमहरूले जनस्तरमा उद्बोध राजनीतिक चेतनाको सङ्केत गर्नुका साथै राणाशासनको अन्तिम प्रहरको आन्दोलनलाई जीवन्त बनाएको छ । अझ तत्कालीन समाजकै सन्दर्भमा उपन्यासमा उदीयमान नारी पिँढीको प्रस्तुति रहनु तथा विद्यमान राजनीतिक व्यवस्थाप्रतिको आक्रोशसहित देशको आमूल परिवर्तनको सङ्कल्प बोकेर त्यस पिँढीलाई क्रान्तिमा होमिएको देखाइनु उपन्यासको सबल पाटो बनेको छ ।

विकासनिर्माणको पूर्वाधार पर्याप्त नहुनुले उद्योगधन्दाको स्थापना न्यून हुनु, व्यापारव्यवसाय पनि कृषिजन्य तहमै सीमित रहनुले रोजगारीको अवसर ज्यादै सीमित हुनु, शिक्षादीक्षामा आम जनको पहुँच कम रहनु जस्ता सन्दर्भहरूको प्रस्तुतिमार्फत उपन्यासमा आमजनको दीनहीन अवस्था प्रकाशमा आएको छ । साथै, तत्कालीन अवस्थामै पनि कथित उच्च जातिका, भाइभारदार निकट रहेका, चाकरी प्रथामा जागिरे रहेका र जायजेथा जोड्न समर्थ रहेका मध्यम वर्गको उपस्थिति हुन थालेको अवस्थासमेतको चित्रणद्वारा समाजको बदलिँदो स्वरूपलाई पनि उपन्यासले मूर्त बनाएको छ । उपन्यासले तत्कालीन समाजको कृषिमा आधारित जीवनपद्धतिलाई प्रस्तुति दिएको छ । आर्थिक गतिविधि कृषिमा आधारित रहेको, ग्रामीण परिवेशमा हाटबजारकै प्रचलन रहेको जस्ता सन्दर्भहरूको पनि उपन्यासमा अभिव्यक्ति रहेको छ । त्यस्तै,

तराईका सहरोन्मुख परिवेशमा अर्थोपार्जनका गतिविधिमा भारतीय मारवाडी तथा मुसलमानको सक्रियता रहेको, भारतीयले नेपालमा र नेपालीले भारतमा श्रम बजार पाएको तथ्यसँगै आर्थिक बाध्यताकै कारण नेपालीले परदेश पुगेर युद्धभूमिमा होमिनु परेको जस्ता सन्दर्भहरू पनि उपन्यासमा प्रस्तुत छन् । त्यसै गरी के गाउँ, के सहर जुनसुकै परिवेशमा देखिने शोषण, डकैती, घुसखोरी, कालोबजारी, महङ्गी आदिले आक्रान्त अस्वस्थ वातावरण पनि उपन्यासमा प्रकाशित छ जसद्वारा हरेक कालखण्डको आर्थिक गतिविधिमा विकृतिले जहिले प्रवेश पाउने तथ्य पनि प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा राणा शासक र तिनका संसर्गमा रहेका सम्पन्न भाइभारदारहरूको जीवनशैली चरम विलासीमय रहेको, मध्यम वर्ग त्यसैको देखासिकी गर्दै रहेको र आम जनता भने आर्थिक दुरवस्था भोलिरहेको अवस्थाको सशक्त चित्रण हुनसकेको छ। उपन्यासमा वर्गीय आधारको आर्थिक सम्बन्धको प्रस्तुति पनि रहेको छ। सम्पन्न परिवारमै पनि महिला आर्थिक सन्दर्भमा पूर्णतः पुरुषआश्रित देखिन्छन् । तत्कालीन सामाजिक संरचनामा आम महिलाहरूमा भने आफ्नो हकअधिकारप्रतिको सचेतता र प्रतिरोधचेत अनि मुद्दामामिलाको कानुनी लडाइँ लड्ने अवस्था नरहेको स्थितिलाई प्रकट गरेको छ ।

नेपालमा भर्खरै चलमलाउँदो शैक्षिक गतिविधिलाई पनि प्रस्तुत उपन्यासले समेटेको छ । तत्कालीन सामाजिक संरचनामा निमुखा जन शिक्षाबाट पूर्णतः वञ्चित रहेको, उच्चवर्गीय राणाका सन्तानहरूको शिक्षादीक्षाको व्यवस्था दरबारकै शिक्षक झिकाएर गरिने परिपाटी, दरबार हाइस्कुलको स्थापनासँगै विद्यालयीय शिक्षाको प्रारम्भ भएबाट मध्यमवर्गीय जागिरदार तथा भाइभारदारका छोराहरूले पनि विद्यालयीय शिक्षामा पहुँच राख्न थालेको, राजधानीबाहिरको सहरी परिवेशमा पुस्तकालयको महत्त्व बुझ्ने जनमानसको विस्तार हुन थालेको अवस्था उपन्यासमा प्रस्तुत छ। त्यसै गरी घरबाहिरका गतिविधिमा जनमानसको रुचि बढेको सन्दर्भसँगै तत्कालीन समाजमा चेतनाविस्तारको क्रमिक स्थितिलाई पनि उपन्यासले समेटेको छ। राणाकालीन चाकरीप्रथाजन्य विकृति र विसङ्गतिको चित्रण पनि उपन्यासमा रहेको छ। प्रशासनिक जागिरमा पहुँच राख्न र जागिर टिकाउन एउटै आधार चाकरी भएको, सामन्तवादी त्यस सामाजिक संरचनासँग चाकरीप्रथाको गहिरो सरोकार रहेको, अनि भनसुन र चाकरीको निकटतासमेतका सन्दर्भहरूको प्रस्तुतिमा तत्कालीन प्रशासनिक स्थिति मूर्त भएको छ। त्यस बेलाको समाजव्यवस्थामा सीमित व्यक्तिहरूमात्र रोजगारमा रहने र जीवनस्तर उकास्न पाउने अवस्थामा जागिरे बन्नु ठुलो गौरव हुने तथ्य उपन्यासमा प्रस्तुत जागिरेहरूको जीवनावस्थाले प्रस्तुत गरेको छ ।

उपन्यासमा प्रस्तुत तत्कालीन सामन्तवादी सामाजिक संरचना हिन्दु धर्मसंस्कृतिबाट अनुप्राणित छ र त्यसलाई मूलधारमा रहेको खसआर्य जातिले डोऱ्याएको छ। त्यसै अनुसारका

हिन्दु धर्मनिष्ठ जन्मगत कर्महरू छैटी, न्वारान, पास्नी, क्रियापुत्रीले गर्ने तेह्र दिनसम्मको मृत्युसंस्कारगत संस्कारगत गतिविधिहरूले उपन्यासमा अभिव्यक्ति पाएका छन् । त्यस्तै, लाखबत्ती बाल्ने, भाकल गर्ने, तुलसीकृत रामायणको भजन, दुर्गाकवच भट्याउने जस्ता धार्मिक आस्थासँग जोडिएका गतिविधिहरू, धामीझाँक्री, भूतप्रेत, तन्त्रमन्त्रप्रतिका अन्धविश्वासजन्य क्रियाकलापहरू पौराणिक सङ्कथनले निर्माण गरेका बिम्बहरूले समाजमा पारेको प्रभाव आदिमा तत्कालीन आत्मिक संस्कृतिले स्वाभाविक अभिव्यक्ति पाएको छ । राजधानी काठमाडौँ, पहाड तथा तराईका तत्कालीन परिवेशका सामाजिक संरचनामा भौतिक संस्कृतिलाई मूर्त बनाउने पहिरन, खानपिन सरसामान आदिको चर्चा पनि उपन्यासमा रहेको छ । सामन्तवादको उत्कर्ष कालका रूपमा रहेको त्यस बेलाको राणा पारिवारिक शासनमा परम्परित हिन्दु संस्कृति विशेष प्रोत्साहित थियो जसनुसार सामाजिक चेतनाका विभिन्न रूपलाई धर्मशास्त्रको अधीनमा राख्ने, वर्गसङ्घर्ष तथा अन्तर्विरोधलाई धार्मिक सङ्घर्षका रूपमा विकसित गर्ने, धर्म र परत्रका नाममा चेतनालाई दमन गर्ने जस्ता कार्यलाई त्यस सामन्तवादी संस्कृतिले प्रोत्साहन गर्दथ्यो (शिवाकोटी, २०६९, पृ.७६९) । यसरी त्यतिखेरका सांस्कृतिक, शैक्षिक, प्रशासनिक, न्यायिक सबै पक्षका गतिविधि सामन्तकै हितमा केन्द्रित छ । उपन्यासमा अभिव्यक्त तत्कालीन सामन्ती समाज धर्मसंस्कृतिका राम्रा पक्षको प्रवर्द्धनमा भन्दा पनि अन्धविश्वास र रूढिवादितामा अल्झिएको छ; लैङ्गिक विभेद, जातीय छुवाछुत जस्ता सङ्कीर्णता र विकृतिलाई नै टेवा दिइएको अवस्थामा छ ।

प्रस्तुत उपन्यासले लैङ्गिक विभेदको चर्को अवस्थिति रहेको पुरुषसत्ताको सामाजिक संरचनालाई उदाङ्गो बनाएको छ । उपन्यासका सबैजसो नारी पात्रहरूले पुरुषसत्ताको उत्पीडन बेहोरेको अवस्था छ । पुरुष निर्मित कानुन महिलाका लागि अत्यन्त कठोर भएको, यौन तथा विवाहका सन्दर्भमा स्त्रीका लागि समाज अत्यन्त अनुदार रहेको तर पुरुषलाई भने जति पनि स्वतन्त्रता दिइएको जस्ता परिप्रेक्ष्यले तत्कालीन सामन्तवादी संस्कृतिमा पुरुषसत्ता प्रभावशाली रहेको अवस्थालाई उपन्यासले जीवन्त बनाएको छ । बहुविवाह एवम् अनमेल विवाह पुरुषका लागि समाजप्रदत्त अधिकार भएको, नारीलाई भोग्या ठान्ने पुरुषआचरण निर्विघ्न रूपमा सञ्चालित रहेको जस्ता लैङ्गिक भेदभावको सामाजिक संरचनाले पनि उपन्यासमा मूर्तता पाएको छ । त्यस्तै, जातीय भेदभावको दलित र अदलित भन्दा भिन्न परिप्रेक्ष्यमा रहेर एउटै जातिभित्र विद्यमान भेदको तत्कालीन सामाजिक संरचनालाई प्रस्तुत उपन्यासले सम्बोधन गरेको छ । एउटै जातिसँग सरोकार राख्ने भए पनि ‘को निख्खर’ भन्ने सन्दर्भमा जातभातको प्रश्न उठ्नु, एउटै जातिमा माथिल्लो र तल्लो भेद छुट्याइनु, तिनबिच एकअर्कामा भात-पानी नचल्नु, जात र भातको चर्को सम्बन्ध देखिनु जस्ता उदेकलाग्दा जातीय सङ्कीर्णताको यथार्थ अवस्थाले उपन्यासमा सशक्त अभिव्यक्ति पाएको छ । यसप्रकार प्रस्तुत उपन्यासमा राणाशासनको उत्तरार्द्ध समयको सामन्तवादी सामाजिक संरचनामा विद्यमान वर्गीय, लिङ्गीय तथा जातीय सन्दर्भका चरम भेदभाव तथा सङ्कीर्णताले ग्रस्त रहेको सामाजिक सोच र व्यवहारको सशक्त चित्रण भएको छ ।

### ३.४.२ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा प्रभुत्वशाली पुरुषपिँढीका सशक्त प्रतिनिधिहरूमा कमलका बा नरेन्द्रबहादुर र ठुलाबा होमबहादुर रहेका छन् । विधवाविवाहबारे सोच्न पनि पाप ठान्ने त्यस समाजमा पुरुषका हकमा भने विधुरविवाहलाई सहज स्वीकृति प्रदान गर्ने विषयले उपन्यासमा यसरी प्रस्तुति पाएको छ, "बिहा नगरेर कसरी उमेर बिताउनुहुन्छ माहिलाबाबु !" (पृ.१२) । यसप्रकार कमलकी आमा बितेलगत्तै छरछिमेक र नाताकुटुम्बका अधबैंसे स्वास्नीमान्छेहरूले नै विवाहका लागि कमलका बालाई प्रोत्साहित गरेका छन् । जेठाबाजेकी आमा, ठुल्दिदी, स्वयम् उनकी भाउजू र सरदार्नी फुपु आदिद्वारा अभिव्यक्त, "मर्ने मरिहालिन् बाँच्नेलाई पो दुःख भोग्नुपर्छ, बिहे नगरे के गरी केटाकेटी हुर्काउने ?" (पृ.१३) जस्ता विधुरविवाहबारे महिला समाजमा रहेको साझा अनुभूतिले पुरुषसत्ताको संस्कृतिको व्याप्तिलाई पनि छर्लङ्ग बनाएको छ र यहाँनेर सौताकै भए पनि सन्तान हुर्काउने जिम्मेवारी महिलाकै भएको र महिला हरदम पुरुषका सुखका निमित्त रहनुपर्ने सांस्कृतिक मान्यता पनि मूर्त भएको छ । कमलकी आमा जिवितै रहँदा पनि कमलका बाले राजेश्वरीकी आमासँग ठट्टाकै शैलीमा साली माग्नु, राजेश्वरीकी आमाले ज्वाइँसँग प्रतिवाद गरे पनि त्यतिखेर स्वास्नीमान्छेकै जमातले 'साली कसको भिनाको' भन्ने उखान प्रस्तुत गर्नु जस्ता उपन्यासमा अभिव्यक्त प्रसङ्गले तत्कालीन नारीलाई सहज भोग्या ठानिने सामाजिक सन्दर्भलाई प्रकट गरेको छ (पृ.३५) । साली राजेश्वरीसँग विवाहका निमित्त कमलको बा पछिसम्म पनि मरिमेटेर लागिपरेको छ । स्वतन्त्र यौनसम्बन्धका विषयमा महिलाप्रति अत्यन्त कठोर रहने लैङ्गिक विभेदको समाजमा पुरुष जति बदनाम भए पनि घरसमाजमा सहज स्वीकृत हुन्छ । यस सन्दर्भले बाबुको चरित्रसँग सम्बद्ध रहेर कमलमा निर्मित अनुभूतिका संरचनाले उपन्यासमा यस्तो प्रस्तुति पाएको छ,

> उनको तरुनाइ स्वास्नीमान्छेहरूका बीचमा बदनाम थियो, आँपको कोया चुसेर मिल्काएझैँ तरुनी स्वास्नीमान्छेलाई चुसेर फ्याँकिदिने भनेर । तर उसले होस पाएदेखिन् घरमा सौतिनी आमालाई भित्र्याएको कहिले पनि देखेको थिएन । हुनसक्छ परित्यक्त रखौटीहरू होलान् उनका धेरै नै । तर बाबुलाई भानुभक्तको रामचन्द्रकै रूपमा फेला पारेको थियो । उसकी आमासँग उनको मतभेद भएको उसलाई थाहा भएन । मानौँ निर्विघ्न शान्ति तथा अविच्छिन्न सुखमा झैँ उनीहरूको जीवनचक्र घुमिरहेको थियो । (पृ.११)

बदनाम पुरुषचरित्र निर्विघ्न रूपमा परिवार र समाजमा स्वीकृतिमात्र प्राप्त गर्दैन समाजमा ऊ इज्जतदार बनेर रहन्छ तर निर्दोष र सत्चरित्रवान् महिला भने पुरुषप्रभुत्वमा बदनाम हुन सक्छन् । यस्तै धृष्ट पुरुषको उदाहरणका रूपमा उपन्यासमा कमलको बा रहेको छ । कमलकी आमाको मृत्युपछि उसका बा ससुराली घर चैनपुरमा पुगेर मकवानपुरेकी छोरी राजेश्वरीसँग बिहेको कुरा अगाडि बढाउँदा जातभात नमिलेको भनी अस्वीकृत भएको छ । त्यस तोडमा हिँडेको

उसले तत्काल ठुलो जेठानकहाँ पुगेर उसको छोरी भुन्टीलाई बिहे गरी घर भित्र्याएको छ। त्यसपछि पनि चैनपुर फर्केर निहुँ खोज्दै पुनः राजेश्वरीलाई माग्ने धृष्टता प्रकट गरेको छ। भदैमाथि छोरीलाई सौता बन्न भनै नदिने मकवानपुरेको निर्णयमा कमलको बाको बदलाको भावना निःसृत अनुभूति उपन्यासमा यसरी प्रकट भएको छ, "यो कमललाई ... कहिले भेट भयो भने सुनाइदिइबक्सेला मकवानपुरेको घरमा गारो लगाएको थियो, अब ऊ त्यसलाई भत्काउँछ मर्नैपर्छ भने पनि" (पृ.३८)। बाका पुरुषअहङ्कारजन्य घृणित गतिविधिप्रति कमलले ग्लानिको यस्तो अनुभूति सँगालेको छ,

> दुई वर्ष छ महिना ... त्यो पनि यस्तो मुद्दा जसमा उसको बाले राजेश्वरीलाई स्वास्नी राखेको छु भन्ने दाबी गरेका थिए र राजेश्वरीको लाजलाई उदाङ्ग पारिदिएका थिए। त्यो नालिसमा तिनको अङ्गको बनोटको केही कुरो लुकेको थिएन। सबै छर्लङ्ग थियो नाङ्गै ऐनामा उभिएजस्तै। उफ् ! सम्भँदैमा ठूलाबडाको अगाडि लाजले उसको मस्तक नुहुन्छ। प्राण उद्वेलित हुन्छ। (पृ.३८)

बाबुद्वारा राजेश्वरीका विरुद्धमा दायर गरेको यसखाले घृणित बेहोराको मुद्दाको तारिख खेप्नुपर्दा कमलले चरम लाज र दिक्दारीको जुन अनुभूति गरेको छ; प्रभुत्वशाली सांस्कृतिक उत्पीडनमा त्यो भन्दा बढी दुष्कर जीवनको अनुभूति मकवानपुरे परिवारले, अभ्र राजेश्वरीले भ्रेल्नु परेको छ।

तत्कालीन पुरुषसत्ताको सामाजिक संरचनामा पुरुषका निमित्त प्रभुत्वशाली संस्कृति प्रदत्त बहुविवाह र अनमेल विवाहको दुर्दशा महिलाले भ्रेल्नुपर्दछ। उपन्यासमा कल्पना कमलको बाको षडयन्त्रको सिकार भएकी छ र बहुविवाह तथा अनमेल विवाहको परिणति भ्रेल्न विवश भएकी छ। उसले आफू निःसन्तान रहेको र भतिजो कमलका लागि भनी थापा घरानियाँ परिवारकी आफूभन्दा धेरै उमेरले कान्छी कल्पनालाई मागेको छ (पृ.१९६)। त्यसवापत कल्पनाका सौतेनी दाजुहरूलाई तीन हजार रुपैँया बुझाएको छ र षड्यन्त्रपूर्वक कमलका बाले घरमा कान्छी स्वास्नीका रूपमा कल्पनालाई भित्र्याएको छ (पृ.१५४)। यसरी कल्पना पुरुषसत्ताको निर्मम प्रहारमा निरन्तर प्रताडित भएकी छ। घरमा डेरा गरी बस्ने डाक्टर दाससँग कल्पनाको लसपस रहेको भनी सौता च्यान्टीद्वारा लगाइएको आरोपप्रति विश्वस्त हुँदै र ऊप्रति सशङ्कित रहँदै कमलका बाको रातको गतिविधि फेरिएको सन्दर्भले उपन्यासमा यसतो अभिव्यक्ति पाएको छ,

> हाम्रो खानदानमा कसैको जीवनमा पनि यस्तो भएन। म मात्रै होइन, मेरा बाबु बराजेका पनि धेरैधेरै स्वास्नी थिए। हरे ! यसरी निद्रा मारेर रात काट्ने कुरा पहिले नै थाहा भएको भए म कहिल्यै बिहे गर्ने थिइन। दुर्भाग्य ! तर बुझिस् यो बेस्सेले जसरी मेरो निद्रा मारिदिएकी छ, त्यसै गरी यस बेस्सेको जीवनलाई पनि सडाउन सकिनँ भने त म मान्छे नै भइनँ नि। (पृ.१५४)

साँचो अर्थमा 'मान्छे' नभई पुरुष सत्ताको 'लोग्नेमान्छे' हुनुको अहङ्कार कमलको बामा निर्मित उक्त अनुभूतिको संरचनामा अभिव्यक्त छ । आरोपकै भरमा निर्दोष महिलाको चरित्रप्रति अविश्वस्त हुँदै रातै माया मारेर लुकिछिपी रातमा कल्पनालाई भेट्न पुरुष आउने आशङ्कामा रुङ्ने कमलको बाको त्यस भनाइमा पुरुषसत्ताको बहुविवाहको परम्पराप्रति गर्वबोधसँगै नारीप्रति घोर असहिष्णु र शङ्कालु पुरुषदृष्टिकोण प्रकट छ । अझ कमलको बामा निर्मित यस अनुभूतिको संरचनामा प्रकट नारीदृष्टिकोण निकै घातक देखिन्छ : "त्यो बेस्से हो, फुँडी हो । बेस्सेहरूसँग बिहे गरिँदैन । बेस्सेहरू किनिन्छन् मात्रै । त्यो बेस्से हो । मैले त्यसलाई किनेर ल्याएको । तर जे होस्, त्यो बेस्सेले मेरो भनाइमा हिँड्नुपर्छ । त बुझिस्, त्यसको त्यो नाठो र त्यसलाई नसमाई हुन्न हामीले" (पृ.१५५) । आफ्नो चारित्रिक विचलनको स्थितिलाई बिर्सिएर कसैले लगाएको आरोपकै भरमा चरित्रवान् महिलालाई 'बेस्से' करार गरिहाल्नु र अपमानजनक शब्दव्यवहारसहित दण्ड दिन उद्यत रहनुको कमलका बाको लैङ्गिक विभेदको चरम विरोधाभाषी अनुभूति निर्माणको अवस्था हो । अझ अर्को परिप्रेक्ष्यमा महिलालाई 'बेस्से' बन्न विवश बनाउने पुरुषहरूले तिनै महिलालाई भोग्या बनाउँदा, कथित बेस्सेलाई घरमै भित्र्याएर महिला शरीरमाथिको एकाधिकारको/स्वामित्वको दावी गर्दा ती चरित्रहीनका रूपमा दण्डित हुनु नपर्ने सामाजिक विडम्वना पनि छदैछ । अनि आफू जति पतीत भए पनि आफ्नो मोक्षको ढोका खोल्ने महिला सच्चरित्रवान् हुनैपर्ने पुरुषअनुभूति कमलको बाको भनाइमा यस्तो स्वरूपमा व्यक्त छ, "हामी सनातनी हौँ दिदी, हामीहरूको स्वास्नीमान्छेका आदर्श छन् सीता-सावित्री । हाम्रा स्वास्नीमान्छेहरूका यिनै आदर्शले हाम्रो मोक्षप्रतिको दर्शन बाँचेको छ" (पृ.३२) । हिन्दु धर्मसंस्कृतिले तोकेको यस महिला आदर्शलाई हतियार बनाएर पुरुषले महिलामाथि शासन गरिरहेको अवस्थालाई कमलका बाका गतिविधिले प्रस्ट पारेको छ ।

कमलको बाद्वारा झुक्याएर कल्पनाको सुन्दर शरीर बलात्कारी शैलीमा भोग्ने प्रयत्न, त्यसमा भुन्टीको प्रयत्क्ष साथ, कल्पनाद्वारा प्रतिकार, आफ्नो पौरुषमा धक्का लागेको अनुभव गर्दै कमलका बाद्वारा कल्पनाको नाङगो शरीरमाथि कोर्रा प्रहार जस्ता उपन्यासमा वर्णित घटनाक्रमहरू पुरुषप्रभुत्वको चेतमा घटित छन् (पृ.१७९) । त्यसपछि पनि अझ पुरुषप्रभुत्वको विकृत स्वरूप कमलको बाद्वारा अन्ततः कल्पनाप्रति गरेको कारबाहीमा प्रकट भएको छ । गङ्गा नूनियासँग कल्पनालाई नाजायज सम्बन्धको झुठो बात लगाइनु, नूनियाँको बयानलाई लिखितम गरिएको कागज कल्पनालाई देखाउनु, कल्पना विक्षिप्त बन्नु, त्यस अवस्थामा कल्पनालाई कैदी बनाई झ्यालखान पुऱ्याउनु जस्ता कमलका बाका सुनियोजित आपराधिक गतिविधिका द्रष्टा तारामा निर्मित अनुभूतिको संरचना उपन्यासमा यसप्रकार अभिव्यक्त छ,

> "छिः छिः कमल तिम्रो बा ! तर तिम्रो बालाई पनि के दोष जब कि परम्परागत धारणा जस्तो तिम्रो बाबुजस्ता लाखन् नेपालीहरूलाई थिचेको छ भने तिम्रो वा एक जनालाई मात्र दोष दिँदैमा

परम्परागत विडम्बनाले थाकेको हाम्रो आकाश साटिँदैन। फेरि पनि कमल, तिम्रा बातिर घृणा उडाइदिन मन लाग्छ। (पृ.२२३)

यसरी उपन्यासमा पुरुषसत्ताको परम्पराका प्रतिनिधि कमलका बा नरेन्द्रबहादुरद्वारा सञ्चालित सांस्कृतिक उत्पीडनमा कल्पना, राजेश्वरी जस्ता महिलाहरू सिकार भएका छन् भने मूलधारको प्रभुत्वशाली पुरुषसत्तामा भुन्टीजस्ता महिलाको समायोजनले यो स्थापित र अझै विस्तारित बनेको देखिन्छ। ससुरालीबाट आइपुगेका कमलका बाले अनायास कल्पना र कमलको कुराकानी अलिअलि सुनेकै भरमा यथार्थ ठम्याउनतिर लागेको छैन। सशङ्कित पुरुषमन लिएर ऊ यस्तो टिप्पणी गर्दछ, “छोराकै साथमा गुलछर्रा ...अरूहरूलाई नाठा लिएर पुगेन अब मेरै छोरोमाथि जाल हान्न थालिस् ?” (पृ.२०२)। यसरी निकृष्ट तहमा ओर्लिएर उसले कल्पनालाई मिथ्या दोषारोपण गरेको छ। प्रतिक्रियामा कल्पना यसप्रकार अभिव्यक्त भएकी छ, “तपाईको पनि छोरा छ र कमलकी आमासँगसँगै सबै छोराछोरीलाई चितामा पोल्नु भो होइन र तपाईँले ?” (पृ.२०२)। त्यसपछि यथार्थ उद्घाटनको आहतले कमलका बा आवेशमा आउनु, कल्पनाको मुखबाट फुस्किएको अस्वाभाविक खित्काले उसको पापिष्ट शङ्का अझ पुष्ट हुनु, भोलिपल्ट बाबुले छोरोलाई “ल हिँड् मसँग” भन्दै बाहिर लैजानु, छोरोले गरेको अपराध ‘आशयीकरण’ भएको बताउँदै धम्क्याउनु, आमाछोराबिच लोग्नेस्वास्नी व्यवहार भएनभएको भनी अदालतमा झैँ केर्नु, बाबुको स्वास्नीलाई ‘पोइल जा’ भन्नु सानो पाप नभएकाले बाह्र वर्षसम्म ब्रह्मचारी भएर तीर्थ गर्नुपर्ने बताउनु र “छोराले आजै जाऊ” भन्दा ऊ यस्तो अनुभूति लिएर अभिव्यक्त हुन्छ, “त्यो कुरो छँदै छ। जे भए पनि तँ मेरो छोरो होस्। तँलाई झ्यालखान हाल्ने त कुरै भएन तर त्यो बेस्सेलाई म कहिले छाँड्थे !” (पृ.२०५)। यसरी उसले छोरोप्रति नरम र कल्पनाप्रति बदलाप्रेरित भाव प्रकट गर्नुले पनि लैङ्गिक विभेदको संस्कारजन्य अनुभूति नै प्रकाशमा आएको छ।

उपन्यासकार विष्टको आफ्नै वैवाहिक जीवनसँग गाँसिएका लैङ्गिक अनुभूतिले पनि प्रस्तुत उपन्यासमा संरचनात्मक स्वरूप प्राप्त गरेका छन्। थानाका हाकिम सुब्बा प्रेमलाल पाण्डेकी छोरी लिचुमैयाँसँग उनको विवाह, पतिपत्नीबिच अति प्रेम, पत्नीद्वारा नै विवाहपूर्व गर्भवती भएको खुलासाले उनले असामान्य मनोदशा झेल्न पुग्नु, विवाहको तीन महिनामै पत्नी सुत्केरी हुनु, शिशुको न्वारान आफैँले गर्नु, पत्नीप्रति माया हुनु तर सामाजिक भयका कारण स्वीकार गर्न गाह्रो हुनु, त्यतिखेर आफू समाजबाट अपहेलित हुनुको अनुभूति सँगाल्नु, बाबु गौरीगन्जबाट आएपछि बाबुकै इच्छा र तजबिजमा पत्नीलाई उनकै माइतीमा जिम्मा लगाइनु (प्रसाई, २०६०, पृ.२६) जस्ता उनको आफ्नै जीवनका यथार्थ घटनाजन्य अनुभूतिले प्रस्तुत उपन्यासमा कमलमार्फत अभिव्यक्ति पाएका छन्। यसप्रकार उपन्यासकार विष्टद्वारा राणाकालीन सामन्ती समाजका वर्गीय, जातीय तथा लैङ्गिक शोषणका विविध पाटाहरूलाई यस उपन्यासमा निकै मिहिन रूपमा र सूक्ष्म तवरले चित्रण गर्नाका निमित्त अनुभूतिका संरचनाको उपयोग गरिएको छ जुन उपन्यासको सबल पक्ष बनेर रहेको छ।

उपन्यासमा प्रस्तुत नारीपात्र लिचुमैयाँ विवाहको तीन महिनामै सुत्केरी भएपछि त्यस विषयलाई कुलको धब्बाका रूपमा हेर्दै उसलाई फौजदारी अदालतमा सुम्पुवा गर्ने काममा कमलका जेठा बा होमबहादुर पात्र मरिमेटेर लागिपरेको छ (पृ.२१५)। यस पात्रलाई उपन्यासमा पुरुषसत्ताको संस्कृतिका प्रखर अनुयायीका रूपमा प्रस्तुत गरिएको छ। धार्मिक रूढि र आडम्बरको दिलोज्यानले परिपालना गर्ने यो पात्र परम्पराको जगेर्नामा दत्तचित्त देखिन्छ। सुत्केरी लिचुमैयाँको नाजुक शारीरिक अवस्थामा उपस्थित समुदायको अग्घोर घृणापूर्ण व्यवहारमा निःसृत सामाजिक व्यङ्ग्य तथा अवहेलनाको वाणप्रहारले मानसिक उत्पीडनसमेत भोल्दै गरेकी उसलाई चुल्ठो समातेर घरबाट निकाल्न घिसार्दै गरेको विद्रूप अवस्था देख्दा एकाएक कमलले "यो स्वास्नी मेरी हो, छोरो मेरो हो" (पृ.२३०) भनिदिँदा त्यहाँको परिदृश्य त फेरिएको छ नै, जेठाबाको अनुहार आवेशले कालाम्मे भएको छ। सामाजिक मर्यादा धुमिल गराएकोमा जेठाबाको बाक्लो थप्पड कमलको गालामा बज्रिएको छ (पृ.२३१)। महिलाको विवाहपूर्वको यौनसम्बन्ध र त्यसबाट जन्मिएको सन्तान अवैध हुने तथा त्यस्तो कर्म घोर पाप मानिने पुरुषसत्ताको त्यस संस्कृतिमा सबै नियम र वर्जन महिलाका निमित्त मात्र हुन्छ।

लिचुमैयाँलाई धोकामा राखेर उसको शरीर भोग गर्ने पुरुषप्रति कसैको ध्यान पुग्दैन तर त्यसपछिको परिणतिप्रति शतप्रतिशत महिला दोषी ठहरिने संस्कृतिगत दोष लिचुमैयाँले बेहोरेकी छ। अभ्न यस सम्बन्धमा देखिने महिलामाथिको चर्को उत्पीडनको विरोध गर्ने र उत्पीडितलाई साथ दिने पुरुषसमेत परिवारबाट बहिष्कृत हुने अवस्था कमलका सन्दर्भद्वारा उपन्यासमा यस्तो अनुभूतिको संरचना अभिव्यक्त छ, "अब उसको वंशमा ऊ घृणित भइसकेको छ। भ्रूणहत्या गरिएको सालनालभन्दा पनि गन्हाउने भइसकेको छ, त्याज्य भइसकेको छ" (पृ.२३२)। जेठा बाले लिचुविरुद्धको मुद्दा अदालतमा जोडतोडले बढाउँदै भुटो र सत्यको ठहर गर्न लागिपरेको अवस्था एकातिर छ भने अर्कातिर लिचुमैयाँका पक्ष भुठोलाई सत्य सावित गर्न लागिपरेको स्थिति भए पनि त्यो नारीद्वेषी परम्पराको विरुद्धमा छ र नारीहितमा छ तर यसतर्फ जेठाबाको ध्यान पुगेको छैन। परम्पराको जगेर्ना नै उसका लागि सर्वोपरि छ। यही द्वन्द्वमा जेठाबाको सन्दर्भमा कमलका माध्यमद्वारा अनुभूतिको संरचनालाई उपन्यासमा यसप्रकार व्यक्त गरिएको छ,

> बिचरा उसका जेठा बाबु ! आफ्नो बाबुको अनुहारसँग मिल्दोजुल्दो उसको जेठाबा सुब्बा होमबहादुरको अनुहार देख्दा अब भय होइन माया लाग्छ उसलाई। उनको तालु पछिल्लोपनको धार्नीले किचिएको छ। पछिल्लोपनले उनी आक्रान्त छन्। फेरि पनि उनी पछिल्लोपनको मोहमा चीत्कार गर्छन्। पछिल्लोपनलाई ब्यूँभ्काइराख्न त्यो जारपुत्रलाई आफ्नो वंशको रगतमासुको डल्लो होइन भनेर साबित गर्न चाहन्छन्। त्यो बच्चोलाई आफ्ना देवता र पितृहरूलाई श्राद्ध तर्पण दिने अधिकार दिएर आफू नर्क पर्न चाँहदैनन्। भ्रम होइन भने उसको त्यस चाहनामा विडम्वना कहाँ छ ? ईश्वर साक्षी छ, उनी आफूमा आफ्नै किसिमले कति पवित्र छन्, कति विडम्बनारहित छन्। उसको स्मृतिबाट त्यस सत्यको यथार्थताको कुनै कुरा छिपेको छैन। फेरि

पनि ... फेरि पनि आफ्नो कुलको रगतमाथि आफ्नो कुलको वीर्यमाथि कस्तो निर्दयी किसिमले व्यङ्ग्योक्ति उडाएर सुरु देखिन् आखिरसम्म सारा झुटै झुटलाई समाएर कति अप्रसन्न तुल्याइदिएको छ । कठै ! कति विक्षिप्त भएका थिए उसका जेठा बा । उसको झुटलाई सुन्दा सुन्दै उनी यति आवेशमा आएका थिए कि उनले चारखालको फौजदारी अदालतमै उसको मुखभरि थुकिदिएका थिए । (पृ.२३८)

आफ्नो कुलको वीर्य नभएको जारपुत्रलाई परत्र बिगार्ने, नर्क पुऱ्याउने आधार ठान्दै परम्पराले किचिएका जेठाबा कमलप्रति रुष्ट हुँदै आवेशमा कमलको मुखमा थुक बर्साउनु प्रभुत्वशाली संस्कृतिप्रतिको मोहान्धको अवस्था हो जुन संस्कृतिमा परम्पराका नाममा महिलाद्वेषी गतिविधि निर्बाध सञ्चालित हुन नदिने र त्यसको विरोध गर्ने पुरुष कमल पनि घृणाको पात्र भएको छ ।

कमल स्वयम् लैङ्गिक रूढिका परम्परित दोषप्रति रुष्ट रहे पनि यस परम्पराबाट पूर्ण मुक्त हुन नसकेको र पुरुषप्रभुत्व त्याग्न नसकी द्वन्द्वरत रहेको अवस्थाले उपन्यासमा पुरुषसत्ताको संस्कारजन्य बलियो प्रभावको लेखकीय जीवनानुभूति पनि प्रकाशमा आएको छ । पुरुषसत्ताको सामाजिक संरचनामा हुर्किएको कमलको अनुभूति संस्कारवश नै पुरुषप्रभुत्वमा पोषित छ । यथार्थमा ताराको व्यक्तित्वबाट दबिएको अवस्थामा पनि कुराकानीका क्रममा कमलको अचेतन प्रेरित पुरुषअहङ्कारजन्य अनुभूतिको स्वरूप उपन्यासमा यस्तो रहेको छ, “के स्वास्नीमान्छे हुँ र डराउने ?” (पृ.१५१) । त्यस्तै, राधाकृष्णका छोराको पास्नी भोजको निम्तामा गएको कमलले उसलाई बर्सेनी छोरैछोराले काख भरिँदै जाओस् भन्ने शुभकामना दिएको छ (पृ.१५०) । उसमा निर्मित पुरुषसत्ताजन्य अनुभूतिका स्वरूपमा यी व्यवहार प्रकट छन् । आफूले प्रेम गरेकी नारी नै आफ्नी विवाहिता भएकोमा निकै सन्तुष्ट कमल जारपुत्रसहितको नवसुत्केरी लिचुलाई एकाएक साक्षात्कार गर्नुपर्दा भने स्वास्नीमान्छे शब्दैसित उसमा घृणा उत्पन्न हुनुले ऊ निकै विचलित भएको देखिन्छ । यस्तो अवस्थाले निर्माण गरेको अनुभूतिको संरचना उपन्यासमा यस्तो रूपमा अभिव्यक्त भएको छ, “आफ्नो स्वास्नीको गर्भमा अन्य पुरुषको वीर्यलाई सहनु कस्तो कष्दायक हुन्छ । अब फेरिफेरि पनि त्यो बच्चोका रुवाइको अगाडि उभिनु पऱ्यो भने निश्चय नै ऊ बौलाहा हुनेछ” (पृ.२५७) । यद्यपि कमलले लिचु र उसको बच्चोलाई समाजसमक्ष स्वीकार त गरेको छ तर तिनीहरूप्रति ऊ कहिल्यै सकारात्मक हुनसकेको छैन । उसको अनुभूति उपन्यासमा यसप्रकार व्यक्त छ, “एउटी तुच्छ स्वास्नीमान्छेको निम्ति उसले आफ्नो वंशको रगतको खिल्ली उडाएको छ- सारा सामाजिक मर्यादाहरूको खिल्ली उडाएको छ । हरे ! उसले अब कहिल्यै शान्ति पाउने छैन । परम्परागत संस्कृतिका कट्टर पुजारी उसको ठुलो बाबुको छाया मानौँ उसलाई लखेट्न थाल्छ” (पृ.२५०) । आफ्नो कृत्यप्रति ऊ आफैँ असन्तुष्ट छ । आफ्नो परिवारका अग्रज नारीहरूले पुरुषसत्ताको अनुमोदनमा कायम राखेको सामाजिक प्रतिष्ठा लिचुमैयाँका कारण खल्बलिएकोमा कमलले सँगालेको अनुभूति उपन्यासमा यसप्रकार अभिव्यक्त छ,

> कोठामा अब ... ती तस्बिरहरू हुन् उसकी बज्यैको, बूढी बज्यैको । उसलाई उसकी बूढी बज्यै र तीभन्दा पनि अगाडिअगाडिका बज्यैहरूले उसको कुलमा कायम गरेको सामाजिक प्रतिष्ठा सबै भताभुङ्ग भएझैं अनुभव हुन थाल्छ । उसकी बूढी बज्यै सती गएकी थिइन् । बूढी बज्यैभन्दा पनि अघि अघिका सबै बज्यैहरू लोग्नेको लासलाई काखमा राखेर हाँसीहाँसी आगोमा सल्किएका थिए । उफ् ! तर आज उसको पिँढीमा ती सब आदर्श के मूर्च्छित हुन्छन्, लाटा हुन्छन् ? ऊ मानौँ त्यो आत्मघाती दृश्यको कल्पनासम्म पनि गर्न चाहँदैन । (पृ.२१३)

कमलले यहाँनेर आफ्ना परिवारका आमा हजरआमाहरूका सन्दर्भमा पुरुषसत्ताको आदर्श नारीरूपको स्मरण गरेको छ । ज्युँदै जल्न विवश बनाइएको नारीनियतिलाई 'नारीआर्दश' ठान्ने मानवताविरोधी क्रूर कर्मका रूपमा रहेको पुरुषसत्ताको सतीप्रथाका सन्दर्भद्वारा परम्परित 'नारीआदर्श'लाई आफ्नै पिँढीकी लिचुका गतिविधिले मूर्च्छित बनाएको अनुभूति कमलले गरेको छ । यसरी ऊ नारीलाई हेर्ने प्रभुत्वशाली पिँढीगत दोषबाट मुक्त हुन सकिरहेको छैन । पर्याप्त आत्मलोचना गरेर लिचुप्रति नरम हुन खोज्दाखोज्दै पनि र बच्चो भएकैले त्यो निर्दोष निष्कलङ्क हुन्छ भन्ने बोध गरेर पनि 'जारपुत्र' सम्झनासाथ काँडाझैं छातीमा बिझाउनु, त्यसलाई लिचु र आफूबिचको पर्खाल ठान्नु जस्ता परम्पराले थोपरेका अन्धविश्वासबाट ऊ मुक्त हुन सकिरहेको छैन (पृ.२५०) । कथित सामाजिक मर्यादाको अस्तित्वलाई संरक्षण गर्न नसकेकोमा ऊ मानसिक उत्पीडन झेल्दछ (पृ.२५७) । यसप्रकारको समाजमनोविज्ञानले गाँजिदै गएको कमलका प्रभुत्वशाली संस्कृतिप्रदत्त अनुभूति उपन्यासमा यस्तो स्वरूपमा अभिव्यक्त छ,

> कठै ! उसलाई थाहा छ- पछिल्लो तीन दिनदेखिन् त्यो मसक्क तन्ना कसेको उमङ्ग सोहोरिएझैं त्यो भुइँबिछ्याउनाले उसको छातीभरि कतिकति सोलाहरू बिछ्याएका छन्, उसका आँखाका निद्राहरूलाई कति नराम्रो किसिमले चुँडेका छन् । उसको सम्झनाको पोको मानौँ फुक्दै जान्छ । त्यस दिन जेठा बाबुको परम्परागत सत्यताको व्रतलाई अदालतले झूटो साबित गरेर जुन दिन फर्किएको थियो, त्यति बेला यो पराईको सम्भोगले जन्मेको हाडमासुको डल्लो त्यो बिछ्याउनमा टाँसिएको थियो डरलाग्दो गन्हाउने कीराझैं । अँध्यारो छरिएको चकमन्नतामा त्यो प्राणीको हरेक सासफेराइले ऊ मानौँ लुछिएको थियो, चोक्टिएको थियो । (पृ.२५९)

मुद्दामा जेठाबालाई, परम्परालाई हराउन उद्धत रहेको कमल आफ्नो जितमा पनि सन्तुष्ट भएको छैन । जारपुत्रको अस्तित्व कुनै परिस्थितिमा स्वीकार गर्न नसक्ने उसको अनुभूति पूर्णतः प्रभुत्वशाली पिँढीगत रहेको छ, यद्यपि तारासँगको कुराकानीमा कमलले परम्परासँगका भिड्ने कठोर रहेको आफ्नो दृढताको प्रमाण यसप्रकार प्रस्तुत गरेको छ, "उदाहरणको लागि मेरो कोठाको जारपुत्र र उसकी आमा के मेरो ठोसपनका बलिया प्रमाण होइनन् ?" (पृ.२७०) । उसका यी भनाइलाई ताराले फितलोपनको प्रमाण ठहर गरेकी छ । प्रतिवादमा कमलले यस्तो अनुभूति प्रकट गरेको छ, "के मैले उसलाई टेवा नदिएको भए ऊ समाजमा तिरस्कृत हुने थिइन ? निर्वासित हुने थिइन ? के त्यो निर्वासितलाई घरबार दिने मेरो निश्चयको केही मूल्य छैन ? त्यो स्वर

हराएकीलाई स्वर दिने मेरो निश्चयको के केही अस्तित्व छैन ?"(पृ.२७०-७१) । कमलले गरेका यी तर्क फोस्रा भएको ठहर गर्दै ताराले स्वास्नीमान्छेले सौताको छोरो स्विकारेर प्रेम गरेजस्तै कमलले छोरोसमेतको लिचुलाई स्विकारेर उसलाई प्रेम गर्न नसक्नु परम्पराकै अनुमोदन भएको प्रतितर्क प्रस्तुत गरेकी छ। यसरी प्रभुत्वशाली संस्कृतिमै हेलिएको श्रीमान्को पुरुषअहङ्कारमा प्रकट उपेक्षा, घृणा र अवहेलना लिचुको आत्महत्याको कारण बनेको छ। कल्पनाले भोगेको उत्पीडनमा विचलित हुनु तर बाबुको नारीप्रतिको दुष्कर्म विरुद्ध कुनै कदम नउठाउनु, सहनको संस्कृतिमै रहनु, समस्यालाई सामना गर्नु पर्दा पलायनको प्रवत्ति नै प्रकट गर्नु, ताराबाट प्राप्त उदीयमान चेतको प्रभावमा लिचुलाई संरक्षण त दिनु तर उसमा नवचेत परिपक्व हुन नसक्दा रूढिमुक्त भएर उसलाई ग्रहण गर्ने अवस्थामै पुग्न नसक्नु कमलका संस्कारगत कमजोरी हुन्। यसरी उपन्यासमा राजेश्वरी, जेठकी मालकिनी (माइजू) तारा र कल्पनाका सन्दर्भमा पछिल्लो पिँढीको कमलद्वारा प्रकट लैङ्गिक विभेद विरुद्धको चेत विचारगत तहमै सीमित रहेको, त्यसलाई व्यवहारमा उतार्न कठिन भएको अवस्थाले तत्कालीन समाजव्यवस्थामा प्रभुत्वशाली संस्कृतिको जब्बर अवस्थिति प्रकट भएको छ।

नारीचरित्रप्रति अत्यन्त अनुदार पुरुषप्रभुत्वको समाजमा 'छोरीचरित्र' प्रतिको आक्षेप सिङ्गो परिवारका लागि अत्यन्त कष्टकर हुन्छ। यस सन्दर्भको सामाजिक दृष्टिकोणकै कारण बाबुले छोरीलाई दुस्मनसरह सम्झने अवस्था छ। परिवारमा छोरीको जन्म अप्रिय ठानिने कारण पनि नारीचरित्रप्रतिको नाजुक दृष्टिकोण नै हो। यो सन्दर्भ उपन्यासमा लिचुमैयाँका बाबु लप्टन बमबहादुरका अनुभूतिमा यसप्रकार रहेको छ, "त्यो छोरी होइन, मेरो दुश्मन हो, बुझिबक्सियो ज्वाइँ ! हजुरले त्यति मर्जी नभा भए मैले सेरिएर मरेको भए पनि हुन्थ्यो । म त भगवान्सित यही प्रार्थना गर्दछु । दुनियाँमा कसैले छोरी नपाऊन्" (पृ.२३६) । यसरी प्रभुत्वशाली पिँढी प्रतिनिधि कमलले लिचुमैयाँको गर्भ आफ्नो भन्नु, ऊ विरुद्धको मुद्दा जित्न ससुराज्वाइँ मरिमेटेर लाग्नु र मुद्दा जित्नु जस्ता सन्दर्भले प्रभुत्वशाली पिँढी प्रतिनिधिले चाहँदा लिचुमैयाँ समाजबाट अस्वीकृत हुनबाट जोगिएको पनि देखिन्छ तर परम्पराले मुक्त इन्साफ दिन पुरुषअधिकार प्रयोग गरेर पनि कमलले त्यो अडान घरभित्र कायम राख्न सक्दैन। लगत्तै ऊ लिचुमैयाँसामु यसरी प्रकट भएको छ, "तमाम नेपाली स्वास्नी मान्छेको बीचमा तिमी एउटी कलङ्ककी प्रतीक हौ" (पृ.२१८) । त्यस्तै, आफूले आफ्नो संस्कृति र संस्कारमाथि घातक व्यङ्ग्य उडाएको छु भनी पिरोलिएको छ (पृ.२५७) र लिचुमैयाँको अनुहारमा पराई पुरुषको गन्ध टाँसिएको अनुभूति गरेको छ (पृ.२६७) । यसरी कमलले उसलाई घृणापूर्वक पटकपटक लाञ्छित गरिरहनु अधीनस्थ पिँढीप्रतिको चर्को दमन र उत्पीडनकै उदाहरण हुन्।

उपन्यासमा पुरुषप्रभुत्वको प्रकटीकरण रामलखन पटुवारीद्वारा पनि भएको छ। रामलखनले आफ्नो मालिक रहेकी जेठकी मालकिनीसँग परल मूल्य दिन्छु भनी माग्दै आएको

स्वयम्वरको औँठी जुन मालकिनीले कुनै मूल्यमा पनि नचुकाई मृत्युपर्यन्त राख्न चाहेको देखिन्छ, त्यही औँठी चरम आर्थिक सङ्कटको घडीमा रामलखनकहाँ बेच्न जाँदा औँठीको मूल्यमा आफ्नो प्रेमको मूल्य प्राप्त गर्न खोजेको आशय प्रकट गर्दै रामलखन यसरी व्यक्त भएको छ,

> एउटा युगै भास्सिइसक्यो मलकाइन ! मेरो मीठो निद्रा भस्म भएको तिम्रो रूपको ज्वालाले । कस्तो आँधी हुरिरहेछ छातीमा । एकपल्ट सुनिदेऊ । साँच्ची भन्छु मलकाइन ! मभित्र तिमी नै तिमी छ्यौँ । म प्यासा छु तिमीलाई पहिल्यै झल्का देखेको दिनदेखिन् । आऊ, यो रामलखनको प्यासलाई मेटिदेऊ, यो छातीभित्र लुकेर । (पृ.५६)

यसरी रामलखनले पुरुषप्रभुत्वजन्य अनुभूति पोख्दै मालकिनीको नाडी समाउने धृष्टता गर्नु पुरुषले नारीलाई 'मांसलदेह' भन्दा बढी देख्ननसक्ने र नारीलाई 'भोग्या' ठान्ने प्रभुत्वशाली पिँढीगत दृष्टिकोणकै प्रस्तुति हो । त्यस्तै, लप्टन बमबहादुरका बाबु पचपन्न साठीको उमेरमा बिधुर भएपछि परत्र सुधार्ने अठोटमा न्यासध्यान, पूजाआजा, धर्मकर्ममा प्रवृत्त भएको छ । छोराबुहारीले राम्रै घर चलाएकोमा पनि सन्तुष्ट हुँदै उसले ढुकुटीको साँचो बुहारीलाई सुम्पिँदा त्यही निहुँमा समाजले आफूलाई बुहारीसँग बात लगाएको सुन्नुपर्दा दबाबपूर्ण अनुभूतिमा तत्काल काठमाडौँमा आई दसबाह्र दिनमै केटी खोजेर बिहे गरेको छ (पृ.१५) । उपन्यासमा प्रस्तुत यी घटनाक्रमले पुरुषले चाहँदा विदुर बस्न नपर्ने र चाहने बित्तिकै बिहे भइहाल्ने स्थितिले पनि पुरुषसत्ताको बलियो स्थितिलाई नै प्रकट गरेको छ ।

प्रस्तुत उपन्यासमा चित्रित सामन्तवादी पुरुषसत्ताको सामाजिक संरचना रूढिग्रस्त छ । प्रभुत्वशाली पिँढीलाई मूलधारको सांस्कृतिक प्रभुत्व कायम राख्न रूढिवादिता र अन्धविश्वासले सघाएको छ । कमलका बाले राजेश्वरीमाथि लैङ्गिक प्रभुत्व जमाउन रामलखनको सल्लाह यस्तो अनुभूतिमा निःसृत छ, "एक टुक्रा मन्तरेको सुपारी वा अर्थोकै केही खानेकुरा राजेश्वरीको मुखमा पारिदिन सक्यो भने भोलि नै खुट्टा समात्न आइहाल्छिन् हजुरको राजेश्वरी" (पृ.२८) । यस सल्लाहलाई अनुमोदन गरेर कमलका बाले मोहनीद्वारा नारीलाई वशमा लिन खोजेको देखिन्छ । यसरी धर्मको आड लिँदै मोहनी लगाएर मान्छेलाई वशमा पार्ने जस्ता अन्धविश्वासले समाजमा सजिलै प्रश्रय पाइरहेको छ । कमलका बा आफू हिन्दु धर्मको कट्टर अनुयायी भएको बताउँछ (पृ.९४) तर धर्मदर्शनको मर्मलाई होइन धर्मका आडमा फैलाइएका विकृतिहरूमा ऊ सजिलै हेलिएको छ ।

पुरुषसत्ताको संस्कृतिलाई आफ्नै संस्कृतिका रूपमा सहर्ष ग्रहण गर्दै संस्कृतिजन्य विकृतिको परिपालना उपन्यासमा भुन्टी पात्रद्वारा भएको छ । कमलको बाको दोस्रो श्रीमती रहेकी भुन्टीलाई बेलाबेलामा सतीत्व चढ्ने सन्दर्भ उपन्यासमा कल्पनाको अनुभूतिमा यसरी अभिव्यक्त छ, "बुझ्यौँ ठूलोबाबू, दिदीलाई सतीत्वको झाँक्री चढ्छ । कुनै लोग्नेमान्छेको नाङ्गो जीउ देख्यो भने उहाँ झाँक्रो फिँजाएर त्यसैत्यसै झाँक्रीझैँ काम्न थाल्नुहुन्छ । बिचरो कोर्काली गोपाल ।

भर्खरभर्खर पहाडबाट झरेको तन्नेरी ठिटो । के थाहा होस् उसलाई माइजूको अगाडि लँगौटीमात्र लगाएर नुहाउनु हुन्न भन्ने" (पृ.१३०) । त्यसपछि भान्जा पर्ने गोपालको ढाडमा च्यान्टीको हातबाट जुठेल्नुको कुचो बजँदा बिचरा ऊ नाङ्गै दौडन विवश भएको छ । भुन्टीको सतीत्व परिपालनाको कृत्रिम आचरणमा कमलको बामा निर्मित यस अनुभूतिको प्रभाव रहेको कुरालाई कल्पनाद्वारा उपन्यासमा यस रूपमा प्रस्ट पारिएको छ, "खरिदारसाहेब भन्नुहुन्छ त्यो सतीसाध्वी स्वास्नीमान्छेको ठूलो लक्षण हो रे !" (पृ.१३१) । त्यस्तै, कमललाई कान्छी सौतेनी आमा कल्पनाले गोडामा ढोग्न नदिएकीमा भुन्टीमा निर्मित पापबारेको अनुभूतिको संरचना उपन्यासमा यस्तो छ, "आफ्नो सिङ्गुलै लोग्नेको छोरालाई आफ्नो खुट्टा ढोग्न नदिनु, साइनो नलगाउनु पाप होइन ? यस्ता पापको कुरा सुन्दा मेरा त कन्सिरी तात्छ" (पृ.१३०) । यसरी पुरुषद्वारा निर्धारित पापपुण्यको पुरुषसत्तामा आफू अधीनस्थ रहेको पत्तै नपाइकन प्रभुत्वशाली पुरुषपिँढीलाई मरिमेटेर सघाउने भुन्टीले सौता कल्पनालाई लोग्नेले दिएका प्रताडनामा निरन्तर साथ दिइरहेको पनि देखिन्छ जसले पुरुषसत्ताको व्याप्तिलाई नै छर्लङ्ग बनाएको छ । त्यस्तै, च्यान्टीसमेतको सहयोगमा कमलका बाले पुऱ्याएको शारीरिक तथा मानसिक प्रताडनले कल्पना ज्वरोले सिकिस्त भएकी छ त्यस अवस्थामा कमलका निर्मित अनुभूति उपन्यासमा आख्यानकारद्वारा यस्तो संरचनामा प्रस्तुत गरिएको छ,

> ऊ तिनलाई ओढ्ने ओढाएर ... तिनी भित्तातिर कोल्टे फर्केको फक्र्यै रात छर्लङ्ग भइदिए ऊ कालीमाईलाई एउटा अर्को चिनीको लड्डु चढाउने प्रतिज्ञाझैँ गर्छ र फेरि कलम समाउँछ । लेख्दालेख्दै ऊ मानौँ आफैमाथि व्यङ्ग्य उडाउँछ । प्रारब्धलाई कल्पना, ईश्वरलाई गाउँ खाने कथा सम्झँदासम्झँदै कालीमाइलाई लड्डु भाकेर ऊ आफूमाथि कति अन्याय गरिरहेछ । उफ् ! संस्कार कति विषालु छ, त्यो कपडामा लागेको पक्का रङ्गझैँ जति धोए पनि नछुट्ने । (पृ.१९३)

अचेतन तहद्वारा प्रेरित रहँदै एकाएक भाकलको संस्कार पछ्याउँदै गर्दा संस्कृतिग्रत विकार ठम्याएर पनि आफू त्यस संस्कारबाट उम्कन नसकेकोमा कमल खिन्न भएको छ । यस सन्दर्भले पनि प्रभुत्वशाली संस्कृतिको स्थापत्यलाई नै प्रस्तुत गरेको छ । त्यस्तै, तत्कालीन सामन्ती समाजमा भाग्यवादले दह्रो जरो गाडेको छ । ताराको गृहस्थी उजाडिनुमा भाग्यको दोष देख्ने कमलका बाको भनाइलाई ताराले प्रतिवाद गरेकी छ । भाग्यवादका विरोधमा ताराको भनाइमा असन्तुष्ट रहँदै उसकी आमा पाठकनी बुढियामा निर्मित अनुभूतिको संरचना उपन्यासमा यसप्रकार व्यक्त छ, "भो भो नानी, त्यो कुरा नगर, मेरो छाती चिरिन्छ । पूर्वजन्मको भोग नभोगी सुख छैन मान्छेले । मेरो हजुर भन्नुहुन्थ्यो- पहिलेको जुनीमा आफूले नराम्रो गरेको छ भने यो जुनीमा कहिले पनि सुख पाइँदैन" (पृ.९०) । यसरी पाठकनी बुढियाको यस अनुभूति तथा कमलका बाको दृढ भनाइले तत्कालीन समाजमा भाग्यप्रतिको चर्को विश्वासलाई प्रकट गरेको छ । त्यस्तै, पितृभक्तिका कारण अमर बनेका महाभारतको पात्र भीष्मको दृढ प्रतिज्ञा र त्यसको अबलम्बनको उदाहरण प्रस्तुत गर्दै कमलका बाद्वारा उपन्यासमा यस्तो अनुभूतिको संरचना प्रस्तुत छ, "भीष्म

जस्तो भएन भने छोरो भएको के सार !" (पृ.२०) । यसरी उसले हिन्दु आदर्श छोराको बिम्ब बनेका भीष्म आदिको अनुकरणीय चरित्रको बारम्बार बखान प्रस्तुत गरेको छ । उपन्यासमा प्रस्तुत यस सन्दर्भमा नारीलाई भोग्याभन्दा माथि राखेर हेर्न नसक्ने उसले आफ्नो बहुविवाहको कामना सिद्ध गर्न छोरोको भीष्मचरित्रको अपेक्षा राख्ने उसको विरोधाभाषी चरित्र पनि प्रकट भएको छ । साथै, यस सन्दर्भले पौराणिक सङ्कथनले निर्माण गरेका आदर्श बिम्बको दृष्टान्त अघि सारेर प्रभुत्वशाली पिँढीले आफ्नो स्वार्थसिद्ध गरिरहेको हुन्छ भन्ने यथार्थलाई पनि पुष्टि गरेको छ ।

प्रस्तुत उपन्यासमा वर्गीय तथा जातीय तहका उत्पीडनलाई प्रसारण गर्ने प्रभुत्वशाली पिँढी परोक्षमै रहेको हुँदा तिनको अनुभूति उपन्यासमा प्रकाशन भएको छैन । लैङ्गिक भेदभावको रूढिजन्य संस्कृतिमा हेलिएको प्रभुत्वशाली पिँढीमा निर्मित अनुभूतिका संरचनाहरूले भने उपन्यासमा सशक्त अभिव्यक्ति पाएका छन् जसमा तत्कालीन सामाजिक संरचनामा पुरुषसत्ताको दृढ अवस्थिति छर्लङ्ग बनेको छ ।

## ३.५ *बैंसको मान्छे* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

*बैंसको मान्छे* उपन्यासमा प्रभुत्वशाली पिँढीमा निर्मित मूलतः वर्गीय अनि लैङ्गिक अनुभूतिका संरचनाले प्रस्तुति पाएका छन्। उपन्यासमा अभिव्यक्त सामाजिक संरचनाका आधारमा नै तिनको विश्लेषण गरिने भएकाले पहिले त्यस सामाजिक संरचनाकै विश्लेषणलाई प्रस्तुत गरिएको छ ।

### ३.५.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना

*बैंसको मान्छे* (२०२९) उपन्यास पारिजात (१९९०-२०५०) द्वारा लिखित कालखण्ड विशेषको वर्गीय भेदले आक्रान्त नेपाली समाजको यथार्थलाई प्रस्तुति दिन सफल उपन्यास हो । *शिरीषको फूल* (२०२२) बाट औपन्यासिक यात्रा थालनी गरेकी पारिजातका *महत्ताहीन* (२०२५), *तोरी बारी, बाटा र सपनाहरू* (२०३३), *पर्खालभित्र र बाहिर* (२०३४), *अन्तर्मुखी* (२०३५), *उसले रोजेको बाटो* (२०३०), *अनिँदो पहाडसँगै* (२०३९) *परिभाषित आँखाहरू* (२०२४) र *बोनी* (२०४८) समेत गरी जम्मा ९ वटा उपन्यासहरू प्रकाशित छन्। औपन्यासिक यात्राको प्रारम्भमै विसङ्गतिवादी चेत र शून्यवादी दर्शनलाई औपन्यासिक मूल्यमा सफल प्रस्तुति दिने पारिजातले *बैंसको मान्छे*सम्म आइपुग्दा सामाजिक यथार्थप्रतिको आलोचनात्मक दृष्टिलाई आत्मसात् गरेकी छन् ।

*बैंसको मान्छे* उपन्यासमा समयसन्दर्भ उल्लिखित अभिव्यक्ति यसप्रकार रहेका छन् : "अट्ठाइस साल छुचुन्द्रा जस्तो लुसुक्क जान थालिरहेछ" (पृ.६८), "घुँडामा रफू भरेकै प्यान्ट हेर्छु अत्यास झन् बढ्छ । उनन्तिस सालमा पनि शायद यही प्यान्ट लगाएर म घिस्रिरहेको हुनेछु"

(पृ.६८-६९)। साथै, प्रस्तुत उपन्यास प्रकाशनको समयसमेतका आधारमा यसले पञ्चायती व्यवस्थाको उत्कर्ष समयावधि २८ साल वरपरको समयसन्दर्भको सामाजिक संरचनालाई कार्यपीठिका बनाएको प्रस्ट हुन्छ। त्यसै गरी, आमाबाबु मरेपछि टुहुरी बनेकी कलिली स्यामो पौरख गर्न काठमाडौँ आएकी (पृ.१०) तथा टुँडिखेलमा बसेर स्तुति बेच्ने जस्ता प्रसङ्गहरूसहित वर्णित परिवेश तत्कालीन काठमाडौँको रहेको छ (पृ.८४)। यसप्रकार त्यस बेलाको काठमाडौँली समाजको स्वरूप, आर्थिक परिप्रेक्ष्य, शैक्षिक एवम् प्रशासनिक स्थिति, भौतिक तथा आत्मिक संस्कृतिका परिप्रेक्ष्य, लैङ्गिक सम्बन्धको अवस्था आदिमार्फत तत्कालीन नेपालका आम सर्वसाधारणले भोग्दै आएको समग्र सामाजिक संरचनाले उपन्यासमा प्रस्तुति पाएको छ।

प्रजातन्त्र प्राप्तिपछिका दुई दशक बितिसक्दा पनि त्यस पञ्चायतकालीन राजधानीकै समाजले भौतिक विकास समात्न नसकिरहेको र सामन्तवादी सामाजिक परिपाटीले नै निरन्तरता पाइरहेको अवस्था उपन्यासमा चित्रित छ। गाउँ नै गाउँले घेरिएर अर्द्ध सहरी स्वरूपमा रहेको त्यस मिश्रित ढाँचाको सामाजिक संरचनामा सीपमूलक शिक्षाका अभाव तथा रोजगारीका अवसरबाट वञ्चित उर्वर बैँसमै युवाहरू निरर्थक गतिविधिमा संलग्न रहन बाध्य भएको अवस्था र तिनमा देखिएको सांस्कृतिक विचलनलाई उपन्यासले समेटेको छ। सर्वसाधारणका लागि गाँस, बास, कपास, शिक्षा तथा स्वास्थ्य जस्ता आधारभूत आवश्यकताको प्रबन्धमा राज्य चुकिरहेको र आम सर्वसाधारण गरिबीमा रुम्मलिरहेको तत्कालीन कहालीलाग्दो समाजको स्थिति उपन्यासमा सजीव बनेको छ। प्रभुत्वशाली पिँढीका अमानवीय व्यवहारजन्य उत्पीडन भोगिरहेका अधीनस्थ पिँढी प्रतिनिधि 'म' पात्र, पियन केटोसँग सम्बद्ध रहेका उपन्यासमा प्रस्तुत परिदृश्यमा तत्कालीन समाजमा विद्यमान वर्गीय भेदको टड्कारो स्वरूप प्रकट भएको छ।

प्रस्तुत उपन्यासमा तत्कालीन समयमा सहरी समाजमै पनि निम्नवर्गीय आमजनता शैक्षिक चेतनाको स्तरमा उक्लन नसकेको अवस्था अभिव्यक्त छ। आर्थिक कठिनतामा जेनतेन पढाइ डोऱ्याइरहेका 'म' पात्र जस्ता युवासमेतमा यथास्थितिप्रति आक्रोशमात्र देखिनु, प्रतिरोधचेतलाई कार्यान्वयन तहमा उतार्ने सामर्थ्य नदेखिनुले तत्कालीन शिक्षापद्धतिले आम युवामा थोपरेको बोधो चेतनाको स्थिति पनि उपन्यासमा प्रस्तुत छ। त्यस्तै, डेराको भाडा तिरेर खानानाना तथा औषधि जुटाउनै कठिन हुने न्यून तलबमा बाह्र घन्टासम्म खट्नु पर्ने पियनको अवस्थामा पञ्चायतकालीन प्रशासनिक क्षेत्रमा निम्न तहका कर्मचारीहरूले न्यून तलबमा भोगिरहेको श्रमशोषणको यथार्थको प्रस्तुतिसँगै वर्गीय शोषण तत्कालीन शासन व्यवस्थामा संस्कार बनिसकेको अवस्थाको पनि सङ्केत हुनसकेको छ। भ्रष्टाचारी कर्मचारीतन्त्रका माध्यमबाट प्रशासन क्षेत्रमा व्याप्त वर्गभेद, शोषण, भ्रष्टाचार, लुट, शक्तिको दुरूपयोग, निकृष्टता, बेथिति जस्ता विकृतिहरूलाई पनि उपन्यासले उदाङ्गो बनाएको छ। यसप्रकार पञ्चायती शासन

व्यवस्थामा पनि पुँजीवादी प्रवृत्तिसमेत मिसिएको अर्द्धसामन्ती शासनव्यवस्था कायम हुनपुगेको स्थिति उपन्यासमा मूर्त भएको छ ।

तत्कालीन काठमाडौँका स्थानीय तथा काममामको खोजीमा सहर पसेका निम्नवर्गीय जनका विविध संस्कृतिजन्य व्यवहारले पनि प्रस्तुत उपन्यासमा अभिव्यक्ति पाएका छन् । त्यस अर्द्धसहरी समाजमा भौतिक संस्कृतिका रूपमा प्रकट खानपिन, पहिरन, बासप्रबन्ध लगायतका जीवनयापनका संशाधनहरूबारे उपन्यासमा यथास्थान चर्चा रहेको छ । त्यस्तै, उपन्यासमा गरिबहरूले जीवन निर्वाहको खान्की र लवाइको अवस्थामा सँगालेका अनुभूतिमा तथा सहरी परिवेशमा साथीभाइ, इष्टमित्र आदिलाई चियाद्वारा गरिने आतिथ्य सत्कार, मर्दापर्दा गुठीसँग सरोकार राख्ने काठमाडौँली नेवारी संस्कार जस्ता सन्दर्भमा आत्मिक संस्कृतिले पनि अभिव्यक्ति पाएको छ । उपन्यासमा जातीय भेदभावको परिप्रेक्ष्यले भने आंशिक अभिव्यक्ति मात्रै पाएको छ । कथित उच्च जातिले दलित भनिएका पोडे/चमार, कामी, दमाइँ जस्ता श्रमजीवीहरूप्रति राख्ने हेयपूर्ण दृष्टिकोणले प्रस्तुति पाएका सीमित अभिव्यक्तिमै पनि त्यस बेलाको सहरी समाजमा स्थापित जातीय भेदभाव मूर्त भएको छ ।

महिलाप्रति सङ्कीर्ण र अनुदार रहेको तत्कालीन सामाजिक संरचना प्रस्तुत उपन्यासमा अभिव्यक्त छ । उपन्यासमा निम्नवर्गको महिलापिँढी शिक्षाको अवसरबाट वञ्चित भएकै कारण अज्ञानतामा रुमल्लिएको र तिनले वर्गभेदको समाजमा लैङ्गिक तथा थप वर्गीयसमेत दुवै खाले शोषण झेल्नु परेको अवस्थाको चित्रण छ । साथै, उपन्यासमा प्रस्तुत विपन्न पुरुषपिँढीसमेतको सवर्गी महिलापिँढीप्रतिको अस्वस्थ दृष्टिकोण र उत्पीडनको व्यवहारमा पुरुषसत्ताको महिलाद्वेषी संस्कृति जीवन्त बनेको छ । अतः प्रस्तुत उपन्यासमा चित्रित काठमाडौँली परिवेशको त्यस अर्द्ध सामन्तवादी सामाजिक संरचनाले तत्कालीन समग्र नेपालको वर्गीय र लैङ्गिक भेदभावले युक्त समाजव्यवस्थाको प्रतिनिधित्व गरेको छ । उपन्यासमा त्यस सामाजिक व्यवस्थामै पनि अधीनस्थ वर्गमा सामन्ती उत्पीडनका विरुद्ध विद्रोहचेत उद्‌बुद्ध हुँदै गएको अनि अकर्मण्य शासनव्यवस्थाका विरुद्धमा क्रान्तिचेत सँगाल्न थालेको पूर्वउदीयमान पिँढीको पनि उपस्थिति भइसकेको अवस्थाको चित्रणले समाज परिवर्तनको जनचाहनालाई पनि प्रकट गरेको छ ।

### ३.५.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

*बैँसको मान्छे* उपन्यासमा घरपेटी, साहु बा, हवल्दार, खरदार, सचिव 'बूढा' पात्र, गरिब 'बूढो', होटेल साहुलगायतका पात्रहरूले प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गरेका छन् । तीमध्ये कतिपय पात्रहरू कार्यभूमिकामा परोक्ष रहेका हुँदा उपन्यासमा तिनमा निःसृत अनुभूतिले संरचनात्मक स्वरूप पाउन सकेका छैनन् । प्रत्यक्ष भूमिकामा रहेका सीमित प्रभुत्वशाली पिँढी प्रतिनिधिमा निर्मित वर्गीय अनुभूतिका संरचनाले उपन्यासमा अभिव्यक्ति पाएका छन् ।

उपन्यासमा घरपेटी साहु बा पैसाको तुजुकमा मान्छे र तिनका मर्यादालाई पैतालाले कुल्चने बानी परेको व्यक्तिका रूपमा प्रस्तुत छ । ऊ पैसा भएकै कारणले समाजमा स्थापित पनि छ र पैसाको तुजुक देखाएरै आफूप्रति सबैलाई झुकाउन खोज्दछ । ऊ पियन केटो जत्रै आफ्नो छोरोलाई समाजमा सम्मानित र भौतिक सुखको जीवन दिनसकेको सन्दर्भमा सफल बाबु पनि हो (पृ.११३) । निमुखा गरिबप्रति ऊ सधैँ क्रोध र उपेक्षा प्रकट गर्दछ । यसरी परिवारवाद सीमित तथा निम्नवर्गप्रति सदैव उपेक्षा भाव राख्नमा अभ्यस्त प्रभुत्वशाली संस्कृतिलाई संवहन गर्ने पात्रका रूपमा उपन्यासमा साहु बाको चरित्र निरूपण भएको देखिन्छ । आफ्नो घरमा बर्सौंदेखि डेरा गरी बसेका पियन केटो केही दिनदेखि बिरामी रहेको थाहा पाएर पनि उसले कुनै सोधखोज गरेको देखिँदैन । एकाएक केटो टी.बी.ले ग्रसित भएको बुझ्नेपछि ऊ त्रसित र क्रोधित भएको छ । गरिबप्रति अत्यन्त अनुदार रहने साहु बाले 'म' पात्रसमक्ष पियन केटोलाई तत्काल लिएर जान चर्को दबाब दिँदै यसरी गर्जेको छ : "तिम्रो साथीलाई अहिल्यै लैजाऊ, जहाँ हुन्छ लैजाऊ । तेरिमा बजिया हो यस्तो थाङने रोग पालेर अर्काको घरमा भन्दा पनि नभनी" (पृ.१११) । त्यसपछि पनि धम्क्याउदै भनेको छ, "आफ्नै घरमा लैजाऊ नत्र म अहिले मालताल फालिदिन्छु, मान्छे बोलाएर सबै निकाल्न लाउँछु, जालीहरू हो" (पृ.११२) । गरिब भएपछि जाली हुन्छन् भन्ने उसका प्रभुत्वशाली संस्कृतिगत दृष्टिकोण यहाँनेर प्रस्तुत भएको छ ।

घरबार, पसल-व्यवसाय, पैसा, मान्छे, कानुन, पुलिस, सरकार सबै साथमा रहेको प्रतिष्ठित हैसियत बनाउन सफल त्यस व्यक्तिले पियनको रोग र मृत्युदेखि डराइरहनु नपर्ने भनी 'म' पात्रले प्रतिवाद पनि गरेको छ (पृ.११२) तर सधैँ आदर लिनमात्र जान्ने, न्यूनतम मानवीय व्यवहार दिन भने नजान्ने ऊ निमुखा गरिबदेखि कहिल्यै नडराउने व्यक्ति पनि हो । ऊ प्रतिवाद कति पनि सहन सक्दैन (पृ.११३) । आफ्नो अहम्मा ठेस लागेको अनुभूतिमा दबाब र तनाव सँगाल्दै 'म' पात्रलाई यसप्रकार गाली दिन पुग्छ : "चोर जस्तो, कामी, दमाइँ जस्तो" (पृ.११३) । अनि 'म' पात्रको गालामा झापट हान्दछ र घृष्टताको हद पार गरेर यस्तो अनुभूति व्यक्त गर्दछ, "कुकुर, आमालाई देशीकोमा बेचेर भात घिच्छस्, गरीब भनेर बस्न दिएको त हैं" (पृ.११४) । यसप्रकार उसका गरिबप्रतिको अत्यन्त हेयपूर्ण अनुभूति 'चोर', 'कामी' 'दमाइँ' जस्ता सम्बोधनमा प्रकट हुनुले प्रभुत्वशाली पिँढीको गरिबलाई हेर्ने दृष्टिकोणमा वर्गीय भेदभावका साथमा जातीय भेदभाव पनि मुखर भएको छ । यसरी साहु बाद्वारा अभिव्यक्त सुरुको भनाइमा कथित उपल्लो जाति पनि गरिब भएकैले कथित दलित जस्तै ठानिने सन्दर्भले 'गरिब' अनि 'दलित' हुनु दुबै खाले परिस्थितिमा रहेका निर्दोष मान्छेहरूको अकारण मानमर्दन भएको छ । त्यस्तै साहु बाको पछिल्लो अभिव्यक्तिमा पियनसँग मात्र सरोकार रहनुपर्नेमा उसको क्रोधपूर्ण गाली 'म' पात्रमा विस्तार हुँदै 'म' पात्रकी आमासम्म तानिएको छ । देशीको घरमा चोखो श्रमवापतको पारिश्रमिक लिएर घर चलाउने 'आमा' पात्रको चरित्र गरिब र महिला भएकै कारण सहजै लाञ्छित भइदिन्छ । तत्कालीन समाजव्यवस्थामा स्थापित लिङ्गभेदको स्थिति र महिला चरित्रप्रति पुरुष सधैँ सशङ्कित रहने

सामाजिक दृष्टिकोणका सन्दर्भमा यहाँनेर सजीव बनेका छ। यसप्रकार प्रभुत्वशाली संस्कृतिले प्रश्रय पाइरहेको समाजमा मान्छेको वर्गीय हैसियत जातीय र लिङ्गीय उत्पीडनको पनि आधार बन्ने यथार्थ मूर्त बनेको छ।

प्रभुत्वशाली स्थितिमा रहेको सम्पन्न पिँढी गरिबप्रति सहानुभूतिशील र सहयोगी हुनुका सट्टा असहिष्णु रहेको कटु यथार्थ यस उपन्यासमा 'म' पात्र रहेकै टोलका 'बूढा' पात्रका सन्दर्भमा पनि प्रस्तुत छ। स्वभावगत रूपमा घरपेटी साहु बाझैँ आक्रामक र क्रोधी नदेखिए पनि चिन्तनगत दृष्टिले ऊ प्रभुत्वशाली पिँढीगत प्रवृत्तिका दृष्टिले साहु बाकै समकक्षी रहेको छ। उसले पनि गरिबप्रति स्वस्थ दृष्टिकोण राख्न सकेको देखिँदैन। गरिब र बेकारी भएकैले 'म' पात्र चोर हुन सक्ने शङ्काले 'बूढा' पात्रमा जरो गाडेको छ। "यतातिर यसो टापटिप गर्ने खालका कोही छन् ?" र "मेरो घरबाट अलिक पैसा हराएको छ" (पृ.८२)। यसो भन्दै चिप्लो घसेको स्वरमा 'म' पात्रको आङ् सुम्सुम्याउँदै बिस्तारै हात चिप्लाएर उसको प्यान्टको पछाडिको खल्ती छाम्न पुग्नु जस्ता गतिविधिमा बूढाले गरिबलाई हेर्ने कुत्सित दृष्टिकोण प्रतिबिम्बित भएको छ। टोलका परिपक्व र बुझ्क कहलिएको अग्रज पुस्ताले शिक्षित युवा पुस्ता गरिब र बेरोजगार देख्नसाथ तिनको इमानमै शङ्कास्पद रही अनुभूति सँगाल्ने र तद्नुरूपको धृष्ट व्यवहार प्रकट गर्ने हदसम्मको प्रभुत्वशाली पिँढीगत कमजोरी यहाँनेर प्रकट भएको छ। यस सन्दर्भमा तत्कालीन समाज वर्गीय भेदभावयुक्त रहेको यथार्थ प्रस्तुत भएको छ।

प्रस्तुत उपन्यासमा हवल्दार, खरदार, सचिव, होटेल साहुजस्ता पात्रहरूले नेपथ्यमै रहेर पनि प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गरेका छन्। आर्थिक स्थितिमा आफू र पियन केटोभन्दा हवल्दार सबल छ, त्यसैले ऊप्रति स्यामो आकर्षित छे भन्ने कुरा 'म' पात्रले बुझेको छ। त्यस सन्दर्भमा 'म' पात्रमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ,

> मेरा अन्तिम कुराहरू ऊ बुझ्दिन, ... सुखी त ऊ यो व्यवस्थामा कहीँ गए पनि हुँदिन, म फगत मानवता छाँटिरहेछु स्यामोलाई, गरीब केटीलाई। उसले देखी हवल्दार एउटा स्थापित मान्छे हो, धारिलो युनिफर्म लगाएर जुँघामा ताउ दिँदै आउँछ। पैसा निकाल्छ, होटेलका ठिटोलाई घोक्राइ-मुन्ट्याइ गर्छ, ठूलो स्वरमा बोल्छ, ड्राइभरलाई झपार्छ। टोलका बाह्रमासेहरूबीच रोब देखाउँछ। लाटीलाई ठूटो चुरोट मिल्काउन सक्छ। सौता भएर के, ऊ आफू त एउटा गतिलो लोग्नेमान्छे हो। एक पेट खान दिन्छ, होटलमा जस्तो बीसजनाको जुठो धुनुपर्दैन, साहुनीको कचकच सुन्नुपर्दैन। एक तह उठ्न खोजेकी हो यो विस्थापित भोटिनी। (पृ.४१-४२)

टुहुरी भएपछि गाउँबाट विस्थापित भई काठमाडौँ सहर पसेर होटलमा भाँडा माझ्ने धन्दामा संलग्न रहेकी सरल स्वभावकी स्यामो हवल्दारको प्रभुत्वशाली व्यक्तित्वमा सहजै आकर्षित हुन्छे। हवल्दारले दिएको उपहार काँचका राता चुरामै रत्तिएकी ऊ सौतामाथि नै भए पनि

हवल्दारसँग घरजम गर्न लहसिनुमा ज्यादै दुःखबाट कम दुःखमा पलायन हुने उसको अवस्था प्रकट भएको छ । त्यस्तै, उपन्यासमा शोषक पिँढीकै प्रतिनिधित्व रहेको होटेल साहूले पनि स्यामोलाई आर्थिक शोषण गरेको कुरा गोल्ड्याङग्रीद्वारा 'म' पात्रसमक्ष व्यक्त छ । गोल्ड्याङग्रीले स्यामोबाटै थाहा पाएअनुसार साहुले स्यामोको धेरै महिनादेखिको तलब नदिएको, मुर्दा गुठीलाई रुपियाँ दान दिएर पनि अझ उसको तलब बाँकी रहेको देखिन्छ (पृ.६४) । यस सन्दर्भमा हुनेखानेद्वारा नै गरिबको शोषण भइरहेको तितो यथार्थ प्रकट भएको छ ।

उपन्यासमा प्रभुत्वशाली पदीय र वर्गीय हैसियत भएका सचिव तल्लो तहका निम्न वेतनधारी कर्मचारीमैत्री छैन । आफू दिनमा पियनसँग मगाएर छ चोटिसम्म अम्लेट र कफी खाँदै आफूलाई देशको विकास योजना निर्माणमा तल्लीन रहेको देखाउने सचिव, पियनले दिनमा एउटा फुलसम्म खान नपाउने र कार्यालयमा अतिरिक्त काममा खटिरहेको तलब निकासा नहुँदा भोकभोकै काममा संलग्न भइरहेको जस्ता आफ्नै कार्यालयमा कार्यरत कर्मचारीसँग सबद्ध संवेदनशील विषयहरूप्रति निरपेक्ष भइदिन सक्छ (पृ.४५) । त्यस्तै, पुर्ख्यौली रूपमै धनाढ्य खरदार पियनलाई अति आर्थिक सङ्कटमा २० रुपियाँ सापट सार्नै नसक्ने जस्तो गरी खल्ती टक्टक्याएर देखाउँदै मानवीय संवदेनहीनतामा प्रस्तुत हुन सक्छ (पृ.८७) । यसप्रकार वर्गीय भिन्नता विद्यमान पञ्चायतकालीन समाजव्यवस्थामा प्रभुत्वशाली पिँढी निम्नवर्गीय हैसियतको वैकल्पिक पिँढीप्रति अनुदार छ । तिनले गरिबप्रतिको अविश्वासमा उल्टो दबाब र तनाव ग्रहण गरिरहेका हुन्छन् भन्ने यथार्थलाई प्रस्तुत उपन्यासमा विशेषतः घरपेटी साहु बा, बूढा पात्रहरूमा निर्मित अनुभूतिको संरचनाले स्पष्ट पारेका छन् ।

### ३.५.३ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

पञ्चायतकालीन लैङ्गिक भेद विद्यमान सामाजिक दशालाई मूर्त बनाउने प्रभुत्वशाली पिँढीगत अनुभूतिका संरचनाले थोरै मात्रामा भए पनि *बैंसको मान्छे* उपन्यासमा सहज अभिव्यक्ति पाएका छन् । उपन्यासमा 'म' पात्र र 'बूढो' पात्र एकअर्काप्रति आरोपप्रत्यारोपमा उत्रिने क्रममा 'बूढा' ले रन्थनिएर 'म' पात्रलाई मात्र गालीवर्षा गरेको छैन, त्यस गालीमा उसकी निर्दोष आमालाई समेत यसप्रकार तान्न भ्याएको छ, "हुलियाले उडाइदेओस् तेरी कल्कलाउँदी आमा पनि भर्लास् भुँडी" (पृ.३४) । पुरुषहरूबिचको परस्पर भनाभनमा सरोकार नरहेकी 'आमा'लाई तानेर अश्लील गाली दिने दोषयुक्त पुरुषसत्ताको परम्परा यस सन्दर्भमा पनि मूर्त भएको छ । यहाँ नारीचरित्रलाई सङ्कीर्ण घेरामा राखेर हेर्ने पुरुषमानसिकतामा मौकाबेमौका जुनै बेला पनि नारी दोषारोपित हुनसक्ने स्थिति मूर्त भएको छ । विधवा महिला त्यसमाथि पनि सुन्दर र जवान छे भने उसको चरित्रप्रति पुरुष अझ असहिष्णु भइदिन्छ । यस्तै खालको भोग्या ठान्ने नारीद्वेषी अनुभूतिमा 'म' पात्रकी आमाको चरित्रलाई लाञ्छित गर्ने काम घरपेटी साहुद्वारा भएको छ ।

नारीलाई भोग्या ठान्ने पुरुषसत्ताको प्रधान संस्कृतिलाई प्रस्तुत उपन्यासमा प्रभुत्वशाली पुरुष पिँढी प्रतिनिधि 'हवल्दार' पात्रका सन्दर्भमा पनि अभिव्यक्ति दिइएको छ । विवाहित हवल्दारले चुरा उपहार दिएर र कान्छी स्वास्नी बनाउने आश्वासन दिएकै भरमा आफ्ना कुत्सित यौनेच्छा पूरा गर्ने तारतम्य मिलाएको देखिन्छ (पृ.३८) । उपन्यासमा पियनका बा, सुसे तथा 'म' पात्र जस्ता निम्नवर्गीय पिँढीका प्रतिनिधिहरू समेत आफ्नै, वर्गका महिलाहरूलाई सहज भोग्या ठान्ने पुरुषसत्ताकै संस्कृतिमा दीक्षित रहेको र त्यस खाले दुष्प्रवृत्तिबाट मुक्त नरहेको स्थितिमा लैङ्गिक भेदयुक्त समाज जीवन्त बनेको छ । मजदुरी गरेर घरगृहस्थीको आर्थिक अभिभारा एक्लैले उठाउँदै आएकी पियनकी आमालाई उसको पङ्गु लोग्नेले गाली र झटारोको वर्षा गर्ने, स्वास्नीप्रति भोको बाघसरह आक्रामक हुँदै आफ्ना शारीरिक तृष्णा मेटाउन उद्धत रहने पियनका बा उपन्यासका पुरुषसमुदायको अर्को प्रतिनिधिका रूपमा प्रस्तुत छ (पृ.३०) । महिलालाई वासनापूर्तिका साधन मान्नुका साथै ती घृणा, तिरस्कार रिस, गालीसमेतका भागी हुन् भनी ठान्ने महिलाद्वेषी मानसिकताले ऊ डोरिएका देखिन्छ ।

उपन्यासको अर्को पात्र सुसे पुरुष अहम्मा सगर्व भन्न सक्छ, "आईमाईको जातलाई के स्वास्नी ल्याउने । एक मोहोर दाम खर्च गरे गालामा सिन्दुर घसेर बस्ने तरुणीहरू त्यतातिर थुप्रै पाइन्छन्" (पृ.१७) । 'म' पात्रसमक्ष अभिव्यक्त सुसेको यस भनाइमा महिलाप्रतिको हेयपूर्ण अनुभूति प्रकट छ जसमा 'महिला' भोग्या हुन् भन्ने दृष्टिकोणमा निर्मित पुरुषअहंजन्य भाव पनि एकाकार भएको छ । यसरी अति गरिबीमा रहेको सुसे जो वर्गीय भेदको समाजमा आफैं उत्पीडित छ तर ऊसमेत नारीलाई वासना पूर्तिको साधन ठान्ने पुरुष प्रतिनिधिका रूपमा प्रस्तुत हुनुले तत्कालीन लिङ्गभेदको समाज अझ टड्कारो बनेको छ ।

गरिब निरन्तन दबिने र हेपिने समाज घृणित र भ्रष्ट रहेको अनुभव सँगालिरहेको 'म' पात्रमा यस्तो अनुभूतिको संरचना निर्माण गर्न पुगेको छ, "समाज धारामा जम्मा भएको स्वास्नीमान्छेहरू जस्तो छ" (पृ.२३) । यसरी हीन कुरातर्फ तल्लीन हुने विकृत समाजलाई उसले धारा/पधेँरामा जम्मा भएका स्वास्नीमान्छे सरह ठान्नुमा महिलाप्रति हरदम सशङ्कित पुरुषदृष्टिकोण नै प्रतिबिम्बित भएको छ । त्यस्तै अन्तरङ्ग साथी पियनसमक्ष गोल्ड्याङ्ग्री अर्थात् लाटीसँग आफ्ना शारीरिक तृष्णा मेटाउने चाहनाका अनुभूति ठाडै यसरी प्रकट गर्न सकेको छ, "आज म लाटीसँग सम्भोग गर्छु" (पृ.२९) । यहाँनेर आफ्नी आमाप्रति पुरुष समाजको दृष्टिकोणबाट स्वयम् आहत रहेको, समाजको लैङ्गिक भेदभावलाई ठम्याउन सक्ने सजग एवम् सचेत 'म' पात्रसमेतले महिलाप्रति स्वस्थ चिन्तन प्रकट गर्न नसक्नु र सवर्गी महिलालाई सहज भोग्या ठान्नुले पुरुषसत्ताजन्य सांस्कारिक दोषले व्याप्त सामाजिक विडम्बना नै प्रकट भएको छ । अतः *बैंसको मान्छे* उपन्यासले पञ्चायतलीन सामाजिक संस्कृतिलाई जिउँदोजाग्दो रूपमा प्रस्तुत गर्ने क्रममा वर्गीय एवम् लैङ्गिक तहका प्रभुत्वशाली पिँढी प्रतिनिधि पात्रहरूको चयन गर्न र

तिनका अनुभूतिलाई संरचनात्मक स्वरूप प्रदान गर्न सकेको यथार्थलाई उपर्युल्लिखित साक्ष्य तथा तिनको विश्लेषणले पुष्टि गरेको छ ।

## ३.६ *आगत* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

*आगत* (२०३२) उपन्यासमा राणाकालीन वर्गीय उत्पीडन प्रसारण गर्ने मूलधारको शासक वर्ग तथा नयाँ नियुक्त शोषक जमिनदार नेपथ्यमा छन् । राणा शासकबाट पूर्व नियुक्त जमिनदारको प्रतिनिधित्व गर्ने शर्मा परिवार सामन्तवादी सोचद्वारा जनतालाई पूर्ण अधीनस्थ राख्ने प्रवृत्तिभन्दा ज्यादाजसो मानवीय उदात्तताले डोरिएको छ; आभिजत्य वर्ग हुनुको अहंबोधमा गरिबप्रति तिनको उत्पीडनकारी भूमिका देखिँदैन । त्यसो हुनाले प्रभुत्वशाली वर्गीय अनुभूतिका संरचनाले उपन्यासमा कमै स्थान पाएका छन् । मधेसी समुदायमा निहित जातीय भेदभावको सन्दर्भलाई पनि उपन्यासले समेटेको देखिँदैन । पुरुषसत्तामा डोरिएको प्रभुत्वशाली पिँढीको लैङ्गिक अनुभूतिका संरचनाले चाहिँ उपन्यासमा केही मात्रामा अभिव्यक्ति पाएका छन् । उपन्यासमा अभिव्यक्त तिनै प्रभुत्वशाली पिँढीको अनुभूतिका संरचनाको विश्लेषण गर्नुअघि तिनको पृष्ठभूमि बनेर रहेको सामाजिक संरचनाको चर्चा यहाँनेर आवश्यक हुन्छ ।

### ३.६.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना

*आगत* भवानी भिक्षु (१९६६-२०३८) द्वारा लिखित कालखण्डको सामाजिक यथार्थलाई चित्रण गरिएको उपन्यास हो । उनका नारी केन्द्रित उपन्यासहरू *सुभद्रा बज्यै* (२०१९), *पाइप नं. २* (२०३४) र *सुन्तली* (२०४०) समेत गरी जम्मा चारवटा उपन्यासहरू प्रकाशित छन् । *आगत* बृहत् आयाममा संरचित महाउपन्यास हो । आभिजात्य आदर्श, मानवता, नारी संवेदना र कारुणिकतालाई औपन्यासिक प्रस्तुति दिन ज्यादा रुचाउने भिक्षु मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् ।

*आगत*ले राणाशासनको अन्त्य नजिकको कालिक परिवेशलाई रोज्दै तात्कालिक सामाजिक यथार्थलाई विषयसन्दर्भ बनाएको छ । उपन्यासमा रैखिक ढाँचामा वर्णित घटनाक्रमको मध्यतिर उल्लिखित, “यसैताक काठमाडौँमा भएका फाँसी औ गोली काण्डका खबर पनि आइपुगे” (पृ.२६९) । सहिदकाण्डको यस सन्दर्भले १९९७ वरपरको एक दशकको अर्थात् राणाशासनको उत्तरार्द्धको पनि अन्तिम प्रहरलाई कालिक परिवेशका रूपमा रोजेको छ र त्यस बेलाको सामन्तवादलाई प्रश्रय दिने शासकीय संरचना तथा बदलिँदो राजनीतिक, आर्थिक तथा सामाजिक परिवेशलाई मूर्त बनाएको छ । शासक वर्गका रूपमा रहेको राणा सरकारको सामन्तवादी चरित्र सर्वसाधारणमैत्री त थिएन नै; पतनोन्मुख राणा शासनमा शासकका अधीनमा रहेका जमिनदारहरू पनि उत्पीडित रहेको यथार्थलाई उपन्यासमा पश्चिम तराईमा गोसाइँपुरको जमिनदारी सम्हाल्दै आएका शर्मा परिवारका माध्यमबाट प्रस्तुत गरिएको छ । त्यस्तै, उपन्यासले स्थानगत परिवेशका

रूपमा पश्चिम तराईको तौलिहवा प्रान्तको गोसाइँपुर (वर्तमान कपिलवस्तु जिल्ला) लाई केन्द्रबिन्दु बनाउँदै काठमाडौँ तथा भारतका बनारस र लखनऊलाई पनि कार्यपीठिकाका रूपमा रोजेको छ। नेपथ्यमा शर्मा परिवारको रियासत रहेको नेपालगन्ज; उद्योग, वाणिज्य र राजनीतिमा अग्रणी विराटनगर; वीरगन्ज अनि नेपाल-भारत जोड्ने रेल यातायातको सञ्जाल रहेको रक्सौल, शोहरतगढ जस्ता स्थान विशेषलाई पनि चर्चामा तानेको छ। उपन्यासमा तिनै स्थानिक ग्रामीण, सहरोन्मुख तथा सहरी परिवेशसहितको मिश्रित सामाजिक संरचना प्रकट भएको छ। मूलतः लेखक जन्मेहुर्केको समयको आफ्नै जमिनदारीसमेत रहेको पश्चिम तराईको मधेसी सांस्कृतिक परिवेश पनि उपन्यासमा मूर्त बनेको छ। यसरी उपन्यासकार भिक्षुले आफ्नै मधेसी आञ्चलिक परिवेश, स्वजाति र समुदायनिष्ठ रही राजनीतिक सङ्क्रमणकालीन सामन्ती सामाजिक व्यवस्थाका वर्ग, जाति, लिङ्गगत आदि परिप्रेक्ष्यका भेदभावयुक्त सामाजिक संरचनागत यथार्थलाई उपन्यासमा अनुभूतिको संरचनामा प्रस्तुति दिएका छन् जसमा कालविशेषको सामाजिक संस्कृति सजीव बनेको छ।

प्रस्तुत उपन्यासले तत्कालीन ढल्दो शासन व्यवस्थामा शासक वर्गको अर्थनीति जनमुखी नभई शासकीय अर्थस्वार्थमा केन्द्रित रहेको तथ्यसँगै जहिल्यै र जहाँसुकै पनि आर्थिक उत्पीडनको मार परिस्थितिविशेषमा अझ चर्को रूपमा झेल्नुपर्ने निम्नवर्गीय यथार्थलाई पनि उद्घाटन गरेको छ। सम्भ्रान्त वर्गको हैसियत राख्ने शासक वर्ग, भाइभारदार, जमिनदार आदि परिवारका सदस्यहरूको देशमै विद्यालयीय तहको शिक्षार्जनको स्थिति र उच्च शिक्षाका लागि तिनको देशबाहिर पुग्ने उच्च आर्थिक हैसियत रहेको तत्कालीन सामाजिक संरचनाकै परिप्रेक्ष्यमा गरिबहरूको भने प्रारम्भिक शिक्षामै पहुँच नरहेको अवस्थालाई पनि उपन्यासले प्रस्ट पारेको छ। त्यस्तै, उपन्यासमा जमिनदारी प्रथाका सन्दर्भद्वारा तत्कालीन पुरै प्रशासनिक संरचना चाकरी प्रथाबाट निर्देशित रहेको, जमिनदारी सम्हाल्नेहरूसमेत राणा सरकारद्वारा अधीनस्थ रहेको, चाकरीमा सहभागी नहुने जमिनदार कुनै पनि समयमा सरकारको कुदृष्टिमा पर्ने अवस्था, घुसले विकृत तुल्याएको प्रशासनिक व्यवस्था आदिको चित्रण रहेको छ जसमा चाकरीप्रथा तत्कालीन नेपालको राजनीति र अर्थसँग जोडिएर समाजसंस्कृति नै बनेको अवस्था पनि उपन्यासमा मूर्त भएको छ।

तत्कालीन सामाजिक व्यवस्थामा शर्मापरिवार जस्ता जमिनदारहरूले जमिनदारी भन्दा पनि जिम्मेदारीको भूमिका निर्वाह गरिरहेको, सबै जमिनदारहरू सामन्तवादी क्रूरता बोकेका र जन उत्पीडनकारी मात्र नरहेर मानवीय दया, माया र सद्भावले युक्त पनि हुनसक्ने लेखकीय चेतना पनि प्रस्तुत उपन्यासको विषयकेन्द्रमा रहेको छ। त्यस्तै, समाजको आमूल परिवर्तनका निमित्त शिक्षामा पहुँच राख्ने युवा पिँढीमा राजनीतिक सचेतना निर्माण हुँदै गएको अवस्थालाई प्रस्तुत उपन्यासले पनि अभिव्यक्ति दिएको छ। यसै सन्दर्भको ९७ सालको सहिदकाण्ड शासक वर्गका

लागि प्रत्युत्पादक बन्दै गएको परिप्रेक्ष्य, त्यससँगै जनमानसमा देखिएको राणाशासन विरोधी तीव्र लहर, प्रजातन्त्र प्राप्तिको निम्ति सात सालअघिको भूमिगत आन्दोलन, त्यसले उत्कर्ष रूप लिँदै गरेको अवस्था उपन्यासमा चित्रित छ ।

प्रस्तुत उपन्यासले पश्चिम तराईको मधेसी समुदाय अन्तर्गत सम्भ्रान्त वर्गको ब्राह्मण परिवार र हिन्दुधर्मनिष्ठ संस्कृतिलाई विषयसन्दर्भ बनाएको छ । यस उपन्यासका लेखक भवानी भिक्षु मधेसी समुदायका हिन्दु धर्मावलम्बी नै रहेका र सोही अनुरूपका धर्मगत आचरण, संस्कार र तज्जन्य अनुभूतिका आधारबाट उनले आफ्नो समय र परिवेशको संस्कृतिलाई सहज अभिव्यक्ति दिएका छन् । उपन्यासमा खानदानी परिवारको जीवनशैली बनेका खानपिन, पहिरन, फर्निचर आदिमा बिलासीजन्य भौतिक संस्कृति प्रकट भएको छ । त्यस्तै, राजधानीका पशुपति, गुह्येश्वरी आदिको दर्शन, विभिन्न पर्व, जात्रा आदिमा नेपालीहरूको उल्लासमय सहभागिता तथा भारतका काशी, गया, चारधाम आदि क्षेत्रहरूमा नेपालीहरूको तीर्थभ्रमणको मोह र प्रचलन, धर्मकर्म, पूजापाठ, अतिथिको सत्कार, स्वदेशप्रेमको संस्कृति जस्ता वैविध्य सन्दर्भका आत्मिक संस्कृतिको पनि उपन्यासमा प्रस्तुति सशक्तता पाएको छ । उपन्यासमा प्रस्तुत तिनै भौतिक तथा आत्मिक संस्कृतिजन्य अनुभूति र गतिविधिहरूमा लेखकीय सांस्कृतिक मनोरचना पनि मूर्त बनेको छ । त्यस्तै, उपन्यासमा देशप्रेमका आत्मिक संस्कृतिजन्य अनुभूतिले पनि पात्रगत हुँदै उपन्यासमा संरचनात्मक स्वरूप धारण गरेका छन् । मानिसका आन्तरिक यथार्थलाई सही रूपमा प्रकट गर्ने भिक्षु नेपाली जनताका आन्तरिक अनुभूतिलाई प्रस्ट प्रस्तुति दिने प्रबल विचारक तथा कट्टर राष्ट्रवादी हुन् (अधिकारी, २०६७, पृ.८१) । उपन्यासमा विशेषतः छोटी मालकिनीका स्वदेशी माटोप्रतिका मोहजन्य अनुभूति (पृ.५७६), तथा स्वदेश छोड्नेबेला उमेशहरिका देशको उदीयमान आगतको कामनामा निःसृत अनुभूति (पृ.५९६) लेखकीय देशप्रेमका अनुभूति प्रकटीकरणका साक्ष्य हुन् ।

*आगत* उपन्यासले पुरुषसत्ताको लैङ्गिक विभेदको सामाजिक संरचनामा पनि प्रकाश पारेको छ । तत्कालीन सामन्तवादी सामाजिक संस्कृतिमा मधेसी समुदायका सुसंस्कृत भनिएका र आभिजात्य परिवारका पठित महिला, काठमाडौँली घरानियाँ ब्राह्मण परिवार तथा नेवारी समुदायका मध्यवर्गीय शिक्षित र सचेत महिलासमेतले पुरुषसरह हकअधिकारको उपयोग गर्न पाएका छैनन् । पुरुषसत्तामा उत्पीडित हुनुपर्दा तिनले विद्रोहचेतका अभिव्यक्ति पनि दिएका छन् तथापि अन्ततः ती पनि पुरुषसत्तामै समाहित भएको स्थिति छ । यसप्रकार तत्कालीन नेपालमा मूलधारमा रहेको हिन्दुधर्मनिष्ठ संस्कृति तज्जन्य जीवनशैली अवलम्बन गर्ने पिँढी/समुदाय, तिनको सामाजिक आचरण, पुरुषसत्ताको लैङ्गिक विभेद, राणाकालीन चाकरीप्रथाजन्य प्रशासनिक विकृति र देशकै खस्कँदो आर्थिक अवस्थासहितको सामाजिक संरचनाको सशक्त प्रस्तुति उपन्यासमा रहेको छ ।

### ३.६.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासले राणाशासनको अन्त्यतिर सत्ता विरुद्धको क्रान्तिका कारण प्रभावित रहेको समग्र राज्यव्यवस्थासँगै जमिनदारी प्रथामा आएको हलचलको सन्दर्भलाई पश्चिम तराई परिवेशका परिप्रेक्ष्यमा अभिव्यक्ति दिएको छ। यस क्रममा प्रभुत्वशाली वर्गीय अनुभूतिका संरचनाले उपन्यासमा केही मात्रामा अभिव्यक्ति पाएका छन्। शर्मा परिवारले सम्हाल्दै आएको आठ दश गाउँ रहेको पूर्वी इलाका श्री ३ महाराजको निगाहमा मुगलानको बनियाँ (भारतीय)लाई सकार गराइएको छ। लाखौँ रकमको त्यस इलाका जम्मा ५ हजार मालपोत तिर्न बाँकी हुँदा शर्मा परिवारबाट छिनिएको छ। नयाँ जमिनदारले रैतीहरूको जिम्मामा रहेको बाँकी मालपोत समेत उठाउन पाउने, पूर्व जमिनदारको सीर जग्गा (निजी खेत) को पाकेको बालीसमेत काट्न पाउने श्री ३ को हुकुम प्रमांगी रहेको छ। त्यसकारण शर्मा परिवारमात्र होइन, त्यहाँका गाउँले समेत चर्को उत्पीडनमा छन् (पृ.११०)। नयाँ जमिनदार बनेर आएको नाफाखोर बनियाँ गाउँलेलाई सकुन्जेल चुस्न र गाउँ सुख्खा बनाउन उद्धत छ। उसलाई माटोमोह कति पनि छैन। एकमात्र कमाउने उद्देश्य अनुसार मौजा सकार गर्दाको रकम भन्दा उसले कैयौँ गुना बढी मुनाफा उठाइ पनि सकेको छ। आहत गाउँलेको क्रन्दनमा प्रकट नयाँ जमिनदारको प्रभुत्वशाली अनुभूतिको कथन उपन्यासमा रमेसर पाँडे मार्फत यस अभिव्यक्तिमा प्रस्तुत छ, "हामी कमाउन आएका हौँ, पुँजी रुपियाँ लगाएको मुनाफा उठाउनु छ" (पृ.१९८)। यसरी नयाँ जमिनदारले गाउँलेको उठिबाससँग समेत सरोकार नराखी मानव आँसुको मूल्यलाई भन्दा नाफालाई सर्वोपरितामा राखेको छ। यहाँनेर प्रभुत्वशाली पिँढीका दमनकारी बोलीव्यवहार चरम अमानवीय छ।

उपन्यासमा मालअड्डाबाट कूत उठाउन खटिएका मुखियाँ, विचारी जस्ता अमानतवालाहरू पनि प्रभुत्वशाली पिँढी प्रतिनिधि छन्। यद्यपि आगामी खेतीपातीलाई चाहिने जति अन्न त नियमानुसार छोड्नै पर्ने प्रावधान छ तर त्यति पनि घुस बिना फुकुवा नगरिदिने अवस्थामा किसानहितका लागि पनि घुस खुवाउनै पर्ने बाध्यता शर्मा परिवारलाई आइलागेको छ। यसरी देशमा 'घुस' अपराध नभई तत्कालीन शासनको व्यवस्था बनेको यथार्थबोधसँग छोटे सरकारमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ,

> अहिलेसम्म हामी बलिया थियौँ, हामीसित मुखिया बिचारी त के बडाहाकिमपर्यन्त डराउँथे। त्यस बखत हामीले दिन चाहे पनि तर्सेर नै हामीबाट घूस (यथा.) खाने हिम्मतसम्म तिनीहरू गर्न सक्तैनथे। तर आज ... घूस लिने-दिने, खाने-खुवाउने बाठाजति यहाँका ठूला 'ऐनबाज' भनौँ रकमी हुन्छन्। यस्ता हजारन् ऐनबाजहरू यही धन्दामा मध्यस्थ भई आफ्नो जीविकोपार्जन गर्छन् र पावरदार हुन्छन्। केही चिन्ता लिनुपर्दैन। रामनाथलाई सम्झाइदिनु मात्रै तेरो काम हो, जम्मै मिल्ने-मिलाउने छ। (पृ.४३७)

छोटेसरकारको यस भनाइअनुसार तत्कालीन प्रशासनिक व्यवस्थामा घुस लिनुदिनु जस्तो विकृति संस्कृतिका रूपमा हुर्किरहेको छ । धनका आधारमा प्रभुत्वशाली बन्ने प्रशासनिक कर्मचारीहरूको गलत मनसायले यस विकृतिले टेवा पाइरहेको छ । यस सम्बन्धमा ठुलाबडा नै यस परिपाटीमा संलग्न हुँदा सानातिनाहरू अर्थात निम्नवर्ग अझ मारमा पर्ने टिप्पणी उमेशको रहेको छ (पृ.४३७) जसले प्रभुत्वशाली पिँढीको मारमा अधीनस्थ पिँढी उत्पीडित रहेको यथार्थ पनि उद्घाटन भएको छ । प्रभुत्वशाली पिँढीले धनलाई सर्वोपरितामा राखेर हेर्ने प्रवृत्ति लेखनाथ बाजेले चाकरीमा ज्यादै जोड दिएको सन्दर्भमा प्रकट भएको छ । चाकरी नगरी रियासत जोगाउन सकिन्न भन्ने लेखनाथ बाजेको अनुभूति बिस्नुसमक्ष यस्तो स्वरूप लिएर प्रकट छ,

> तिम्रो ठूलो बा नै हुन् नि, परदेशी, वर्षौंदेखि तीर्थयात्रामा नै रहिरहने उनी नै होइनन् ? तर बाबु, कहिलेकाही त के वर्षमा एक पटक नेपाल (सदर)मा नपुगी हुँदैन है ! राजा मालिक, दरबारहरूबाट ठ्याम्मै अलग त हुन हुँदैन; नराम्रो पर्छ ! चाकरीमा यस्सो एक दुई महीना (यथा.) नेपालमा बसेर धेरै आड भइरहन्छ है ! इज्जत यसैमा छ । राजा, कम्यान्डर इन्चिफ, जर्नेलहरूले चिने सारा थर्रर काम्छन्, 'पावर' हुन्छ,, सबैले टेर्छन्, परिआएको जम्मै टर्छ, सर्छ । तिम्रा बुबाहरूलाई यो कुरा थाहै छैन भन्नु फजुलै हो । घगडान दरबारिया । तैपनि नबाफ खानदान । यसैले सम्झाउँनुपर्छ । घर गएर भन्देउ नानी है, यस पालि वैशाख लाग्नेबित्तिकै नेपाल आउनुपर्छ ! (पृ.५३)

लेखनाथ बाजेमा निर्मित यस अनुभूतिको संरचनामा सत्ता र शक्तिको केन्द्र रहेको दरबारसँगको सम्बन्ध दृढ बनाउनै पर्ने त्यस बेलाको प्रशासनिक स्थितिगत यथार्थ प्रकट भएको छ । अड्डा अदालतमा जाँदा हाकिमलाई भेट्नु पर्दा, दरबार धाउँदाको दौरासुरुवाल र भादगाउँले टोपीसहितको पहिरनशैलीमा लेखनाथ बाजेलाई देख्नेहरूले ऊ घाघडान चाकरीबाज भएको अनुभूति सँगालेका छन् (पृ.४४) । ऊ छोरीको बिहेसँगै सम्पत्तिको शक्ति र आफ्नो व्यापारिक बठ्याइँको अहङ्कारलाई तारतम्य मिलाउने धुनमा छ (पृ.३९९) । यसरी लेखनाथ बाजेले प्रभुत्वशाली हैसियतलाई टिकाइ राख्ने उद्देश्यले दरबारनिकट संभ्रान्त र शक्तिशाली परिवारमा छोरी लक्ष्मीको बिहेको कुरा लगभग टुङ्गो लगाएको अवस्था छ (पृ.२६६) । आर्थिक सम्पन्नतालाई सर्वोपरितामा राखेर हेर्ने सम्पन्नशाली लक्ष्मीनाथले शर्मा परिवारका बिस्नुसँग छोरीका वैवाहिक सम्बन्ध राख्न अनिच्छुक हुनाको कारण पनि आर्थिक नै देखिएको छ । शर्मा परिवारमा रियासत गुम्न थालेको अवस्थामा उसमा निर्मित अनुभूतिका संरचना उपन्यासमा यस्तो स्वरूपमा प्रस्तुत छ, "थाहै थियो, हुने कुरा यही हो । बूढाहरूको बेपरवाही नवाफीले यो हुँदैन भन्ने कसले बुझेको थिएन र ? गर्ने के करमगति ! बिचाराहरू अब ओह्रालो लागे" (पृ.१२३) । बाबुको यस भनाइमा छोरी लक्ष्मीले क्षोभ र लज्जामा दबाब तनावको अनुभूति सँगालेकी छ । लक्ष्मीले बाबुको रहनसहनदेखि लिएर प्रत्येक व्यय, प्रचुरता, सत्कार, आतिथ्य, सौजन्य सारामा 'गयो कि अब' भन्ने

सम्पत्ति सङ्कोच सधैँ रहिरहेको, बाबुको सम्पत्तिलाई लिएर बेलाकुबेला प्रकट सङ्कुचित मनोभावबाट लाजले विह्वल हुनुको अनुभूति उसले सँगाल्दै आएकी छ ।

सवर्गीको भूधनसँग जोडिएको जमिनदारी प्रतिष्ठालाई जोगाउन पर्छ भन्ने मनसायमा शर्मा परिवारका प्रत्येक पुरुषसदस्यहरूलाई गोसाइँपुरको बाँकी रियासत जोगाउन निरन्तर सरसल्लाह दिने, सतर्क गराउने, बारम्बार झकझक्याउने कार्य लेखनाथ बाजेबाट भएको छ । यसप्रकार चिन्तन र व्यवहारमा आर्थिक हैसियत जोगाउनमै उसको जोडबल रहेको देखिन्छ । अझ गोसाइँपुरको रियासत श्री ३ बाट मुगलानी व्यापारीलाई सकार गराइसकेको अवस्थामा पनि बडेसरकारलाई काठमाडौँ गएर श्री ३ को चाकरी गरी निर्णय उल्ट्याउन सकिने सल्लाह दिएको छ (पृ.५८९) । यस सन्दर्भमा लेखनाथ बाजेको सवर्गीय चिन्तनका साथै प्रभुत्वशाली पिँढीको हैसियतमा रहिरहन शर्मा परिवारले रियासत जोगाउनै पर्ने अभिप्राय पनि प्रकट भएको छ । शर्मा परिवार आश्रितप्रति सदैव मानवोचित व्यवहार प्रकट गर्ने र जनमुखी चिन्तनले डोरिएको छ तथापि त्यस परिवारका सदस्यहरूका व्यवहारमा यदाकदा प्रभुत्वशाली पिँढीगत सोच तथा व्यवहार प्रकट भएको देखिन्छ । लेखनाथ बाजेको अर्तीले प्रभावित हुँदै गएको र जमिनदारी गुम्दै गएको अनुभूतिले दबाब र तनाव झेलिरहेको उमेशले पनि बहिनी गुह्येश्वरीसमक्ष यस्तो अनुभूति प्रकट गरेको छ,

> लेखनाथ बाजेको अर्ती साह्रै नै अनुभवको कुरो हो । नेपाल नै हाम्रो मातृभूमि हो, राजा र राजधानीसित सम्पर्क नराखी कामै कसरी चल्ला ? बाहरूले यतातिर पटक्कै ध्यान दिन छोडे । मलाई दरबारको न त कुनै अनुभव छ न चिनजान नै छ । बरु लेखनाथबाजे कहाँनै बसेर दरबारसित चिनारी गर्ने फाइदा उठाउनु पर्‍यो । (पृ.१००)

तत्कालीन सत्ता र शक्तिको केन्द्र श्री ३ र राजधानी रहेको सन्दर्भमा जमिनदारी जोगाउन चाकरी नै भए पनि गर्नुपर्ने निर्णयमा स्वाभिमानी उमेश पुग्नु भनेको उसमा प्रभुत्वशाली चेत विजय हुन खोजेको अवस्था हो । त्यस्तै, चिठी खसाल्नलाई पनि दश माइल टाढाको शोहरतगढको पोष्ट अफिस पुग्नुपर्ने, आतेजातेमा एक दिनको पूरा दौडधुप हुने, ज्याला दिएर त्यहाँका किसानलाई त्यो काम गराउँदा न्यून पारिश्रमिकमा श्रमशोषण हुने ठम्याइँमा प्रगतिशील चिन्तन बोकेको रामेश्वरद्वारा अभिव्यक्त भनाइमा बिस्नुले यस बारेमा आफ्ना अनुभूति उपन्यासमा यसरी प्रकट गरेको छ, “दाजु, शर्माहरूको जिमीदारी ठूलो छ । ... गाउँको यति ठूलो जिमीदार मालिकलाई खुशी राख्न र त्यति काम गरिदिन कसैलाई पीर लाग्ने होइन । यो त साराको, हाम्रो पनि, अभ्यास भएकै कुरो हो । चिठीहरू मलाई दिनुहोला । भोलि शोहरतगढ पोष्ट अफिसको डाक झिकिने टाइमभन्दा एक घण्टा अगावै पुग्ने छ” (पृ.२६) । यसरी जमिनदारी जीवनशैलीमा अभ्यस्तताले जानेर वा नजानेरै पनि शर्मा परिवाका सदस्यहरूबाट सामन्तवादी प्रभुत्वशाली विचार प्रकट भएको देखिन्छ ।

शर्मा परिवारकी छोरी गुह्येश्वरीका विचार तथा व्यवहार प्रभुत्वशाली संस्कृति निर्देशित छ । रामुलाई दुलहीसाहेब (कनक)ले पनि आफ्नातर्फबाट केही रकम दिएको सन्दर्भमा गुह्येश्वरीले आफ्ना अनुभूति यसप्रकार प्रकट गरेकी छ, "रामुलाई भाउजू धेरै माया गर्नुहुन्छ; हुन त यो ठीकै हो, नोकर चाकरको हेरविचार मालिकले नराखे तिनीहरू बिचरा कहाँ जान्छन् ? तर धेरै टाउको चढाउनु पनि हुँदैन, हेपिहाल्छन् नि ! अझ ठुलबा भन्नुहुन्छ -'शुद्र-प्रसङ्गी भयो भने आफ्नो चित्त पनि त्यही तहमा पुग्छ" (पृ.१००) । गुह्येश्वरीमा वर्गीय भेदमा निर्मित यस अनुभूतिको संरचनाले जातीय भेदको आधारसमेत समातेको देखिन्छ जसमा प्रभुत्वशाली पिँढीको निम्नवर्गप्रतिको दृष्टिकोण प्रतिबिम्बित भएको छ । उपन्यासमा उदार विचार बोकेकी कनकले समेत रैतीबाट उठाउनुपर्ने बाँकी मालपोत नै धेरै रहेको सन्दर्भमा रैतीबाट असुल गरे आफूहरूलाई हलुको हुने विचार प्रकट गर्दा उमेशमा निर्मित अनुभूति यसप्रकार अभिव्यक्त भएको छ, "नगरिएको कहाँ हो र ? रामनाथ तेवारीको निर्दय काण्ड एक दिन कचहरीमा बाहिर बसी हेरन । रोकथाम नगरे उसले साराको हत्या नै गरिसिध्याउँथ्यो । तर बाबा, यी दरिद्रीहरूको घरमा कुहेको झुप्रोबाहेक छँदै के छ र ? तिनीहरूको हाड चपाउने ?" भन्दा कनकले यस्तो अनुभूति प्रकट गरेकी छ, "बाँकी त्यही छ, तिनीहरूले नै बुझाउनु पर्ने थियो । तिनीहरूको बाँकीमा हामी किन दुःख पाउनु ?" (पृ.२०४) । यसरी कनकमा गरिब किसानको चरम दरिद्र अवस्था बोध गरिसक्दा पनि र घरबार उठिबास हुने भए पनि तिनको नाममा बाँकी जसरी पनि तिनले तिर्नैपर्ने अनुभूतिको निर्माण कनकमा एकाएक हुनु सामन्तवादी सोचको उपज हो यद्यपि उमेशले प्रतिकार गर्दा उसले उमेशसँग क्षमायाचना गरेकी छ र आफ्ना अज्ञानी भनाइप्रति ग्लानिबोध पनि गरेकी छ ।

प्रभुत्वशाली वर्गका रूपमा रहेर विगतमा सम्भ्रान्त जीवन हैसियतमा छोटी मालकिनी अर्थात् आफ्नी सौतेनी आमाद्वारा आफ्नो बिहेमा गरिएको तामझाम र खर्चबारे उमेशमा निर्मित अनुभूतिको संरचना उपन्यासमा आख्यानकारद्वारा यसप्रकार व्यक्त भएको छ,

> यही परिवारमा उसको (उमेशको) पनि विवाह कार्य यिनै आमाका हातबाट सम्पन्न भएको सम्झना उसलाई अझैं छ । रुपियाँ पैसाको, खर्चसर्चको धुमधामको, अतिथि, ठूला-बडासमेत र साधारण आमन्त्रितहरूको गणनीय संख्या नै थिए । नसाज-सर्जाम, लुगा-कपडा, गहना ज्वाहारात जहाँ टनाटन भरिएका थिए । जुन बिहामा जसले कलाकार, गाउने बजाउने र नाच्नेहरूका लागि पचासन-हजारको व्यय गरेकी थिइन्, बकस-इनाम, उपहार, दान-दक्षिणा इत्यादिमा यिनै आमाको फुका हात देखेर छक्कै पर्नुपरेको थियो । (पृ.४३०)

आफू सौतेनी छोरो भए पनि भरपुर वात्सल्य दिएर र अभाव के हो थाहा हुनै नदिएर हुर्काउन, अत्यन्त लगावका साथ घरजम बसाइदिने आमाप्रति उमेशले गर्वबोध गरेको छ । वर्तमानमा तिनै आमाले आफ्नै छोरो बिस्नुको भने तद्नुरूप भव्य विवाह सम्पन्न गर्ने आर्थिक परिस्थिति नहुँदाको, सम्झौता गर्नुपर्दाको अवस्थालाई साक्षात्कार गर्दा उसले दबाब र तनावको

अनुभूति सँगालेको छ। विगत र वर्तमानको तुल्यतामा निर्मित यस अनुभूतिको संरचनाले प्रभुत्वशाली पिँढीले एकाएक भ्भेल्नु परेको आर्थिक दुरवस्थालाई प्रकाशमा ल्याएको छ। यस सम्बन्धमा उमेशको बिहेका सन्दर्भमा छोटी मालिक्नीले सँगालेको प्रभुत्वशाली पिँढीगत अनुभूति यस भनाइमा अभिव्यक्त छ, "त्यो भनी साध्य छ र ? मेरो इन्द्रको घरको जम्मै रमिता, सारा पापले आज कुलको देउता रिसाएका छन् नत्र भने हाम्रो यो बिचल्ली नै कसरी हुन्थ्यो ?" (पृ.४३२)। छोटी मालिक्नीको अनुभूति ऊ बाँचेको प्रभुत्वशाली धार्मिक संस्कृतिअनुरूप निर्माण भएको छ। खस्कँदो स्थितिको अनुभूति उमेशले आमासमक्ष प्रकट गरेको यस भनाइमा पनि अभिव्यक्त छ,

> आमाको यस्तो सतर्कता ... यी सबैको अलिक पनि चिन्ता छैन। केवल दुई कुराको मलाई चिन्ता के छ भने बिस्नुको पढाइ सकिएको छैन र उसको बिहा पनि हुन पाएको छैन। यस्तै अर्कोचाहिँ हजूरकी बुहारीको चिन्ता छ। ठुला बाबुकी, ठुला घरकी छोरी, अभाव, दबाब कहिल्यै सहनसम्म पनि नसक्ने। ऊ कुनै रित्तोपनामा कहाँसम्म खप्न सक्छे यतिमात्र सोच्नुपर्नेछ। (पृ.११४)

यसप्रकार सामन्तकालीन प्रभुत्वशाली पिँढी हैसियतमा बाँचिरहेको शर्मा परिवारमा प्रत्येक सदस्यले आसन्न आर्थिक सङ्कटमा दबाब र तनावको अनुभूति सँगालिरहेका छन्। सम्पतिको छेलोखेलोमा गाँजिइरहेको शर्मा परिवारको कान्छो सदस्य बिस्नुले सम्पत्तिको ह्रासको सानो सङ्केत मात्र पाउँदा पनि यस सम्बन्धमा पहिलो पटक आघातको अनुभूति गरेर निकै विह्वल भएको छ (पृ.१४५)। त्यस्तै, आफ्ना पुर्खाहरूले नै गोसाइँपुर जुन पहिले कालाबन्जर र उजाड थियो त्यहाँ ठाउँठाउँबाट रैतीहरू ल्याएर तिनलाई विश्वस्त गराई त्यहाँ बस्ती बसाएको जुन आफ्नो जन्मभूमि पनि भएको, त्यस भूमिलाई छोड्नुपर्दा छोटे सरकारले त्यहाँको जमिनदारी कार्यभार आफ्ना लागि बाँच्नु-मर्नुको दोसाँध भएको अनुभूति सँगाल्नु परेको छ (पृ.४३८)। यसरी पुरै परिवारले आफ्नो प्रभुत्वशाली आर्थिक हैसियतमा आघात परेकोमा दबाब र तनावको अनुभूति गरिरहेको अवस्था छ तथापि गोसाइँपुरको ठुलो रियासत गुमिसक्दा पनि त्यस परिवारको आर्थिक अवस्था उपन्यासमा उमेशको अजुभूतिगम्य भनाइअनुसार यसप्रकार रहेको छ,

> के भन्नुभएको आमा ? हाम्रो कुनै बिचल्ली भएको छैन। नेपालराजमा हाम्रो भएजतिका जम्मै गए पनि हिन्दुस्तानतिरकै हाम्रो इलाका सानोतिनो कहाँ हो र ? फेरि यस खजहनी जिल्लामा बाँकी लागेर यो आपत्ति छ, तर नेपालगञ्जतर्फको इलाका पनि त कम्ती छैन नि ! हामी यतैतिरका बसोबासी भयौं र त्यहाँको प्रबन्ध राम्रो गर्न सकिएन। ... गरेदेखि जति आम्दानी हुनेछ त्यो जम्मै राख्ने ठाउँ-पर्यन्त हजूर पाउनुहुन्न। केको चिन्ता ! (पृ.४३२-३३)

यद्यपि उमेशले आमाको चिन्ता शमन गर्दा, ढाढस बढाउन आफ्ना यी अनुभूति प्रकट गरेको भए पनि शर्मा परिवारको सम्भ्रान्त आर्थिक हैसियत कति सबल छ भन्ने कुरा यहाँनेर प्रकट भएको

छ। घरबाट लैजान मिलेसम्मको सम्पूर्ण जायजेथा हिन्दुस्तानको इलाकामा ओसारिसकेको अवस्था पनि छ (पृ.४३५) तथापि गोसाइँपुरमा नयाँ जमिनदारको प्रवेशको सरकारी व्यवस्थाले शर्मा परिवारले त्यस मौजा गुमाउनु परेको छ नै, जन्मभूमि त्याग्नुपर्दाको पीडामा प्रशस्त दबाब र तनाव पनि बेहोरेको छ तर त्यहाँका कङ्गाल रैतीहरूको अझ दयनीय बनेको पीडादायी अवस्था भन्दा कता हो कता सुदृढ आर्थिक अवस्थाले त्यस परिवारको प्रभुत्वशाली पिँढीगत हैसियत प्रकाशमा आएको छ। ज्यादै गरिब गाउँलेहरूले समेत अत्यधिक श्रद्धा र विश्वास गरिएका शर्मा परिवारले त्यस थलो छोड्दा आफूमा आश्रित निम्नवर्गका लागि आफ्नो हिस्साका धनसम्पत्ति थोरै त्याग्दा पनि गरिबलाई धेरै राहत हुने अवस्था रहँदा रहँदै पनि त्यस घडीमा तिनको तात्कालिक र दीर्घकालिक समाधानमा कुनै चिन्तन र सहयोग शर्मा परिवारबाट हुन नसक्नुले सामन्तवादी प्रवृत्तिबाट ती सर्वथा मुक्त नरहेको यथार्थ प्रस्ट भएको छ।

### ३.६.३ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

राणाकालीन नेपाली सामाजिक संरचना मूलतः सामन्तवादले डोरिएका यथार्थलाई *आगत* उपन्यासले पनि प्रस्तुत गरेको छ। त्यस सामन्तवादी समाज पुरुषसत्तावादी छ; लैङ्गिक भेदभावयुक्त छ। काठमाडौँको यङ्गाल टोल निवासी मध्यमवर्गीय नेवार परिवारका सम्झनाका श्रीमान् अङ्ग्रेजी साहित्यका अध्येता, उच्चशिक्षित, पढाउने पेसामा संलग्न जागिरदार व्यक्ति हो तर पहिलो श्रीमती बितेपछि उसले सानो छोरोलाई ससुरालीमा राखेर आफूभन्दा धेरै कान्छी सम्झनासँग अनमेल विवाह गर्नु, बिहेको एकवर्षसम्म श्रीमतीलाई चौपट्टै माया गर्नु, उसको सुन्दर रूपमा साह्रै लोभिएर बुद्धिमान् र ज्ञानी पनि बनाउने लोभले अलि अलि नेपाली पढेकी उसलाई अध्ययनको बानी बसालिदिनु, आफैँले पढेर बुझाइदिनु, अङ्ग्रेजी सिकाउन थाल्नु जस्ता उसका गतिविधिका कारण श्रीमती चेतनशील बन्दै गएको पनि देखिन्छ। तर बिस्तारै श्रीमतीको रूप र बुद्धिको संयोजनबाट तर्सिएर ऊ झर्कने, रिसाउने गर्न थाल्नु, पढेको देख्नै नसक्ने हुनु, श्रीमतीको तर्कशीलताले पुरुष अहंमा ठेस लगोको भ्रामक अनुभूति सँगाल्न पुग्नु संस्कारगत रूपमा प्रभुत्वशाली पिँढी प्रतिनिधिका रूपमा उसमा निमित्त पुरुषसत्तावादी सोचको परिणति हो। अझ आफू मर्नुअघि आफ्नो पैतृक सम्पत्तिबाट सम्झनाका निमित्त कति पनि अंश नछोड्नु ऊद्वारा भएको महिला उत्पीडनकारी गतिविधिको पराकाष्ठा स्वरूप हो (पृ.२५०)। सामन्तकालीन पुरुषसत्तामा महिलाको आर्थिक हकप्रतिको पूर्ण वेवास्ताका सन्दर्भ पनि यस परिप्रेक्ष्यमा प्रकट भएको छ। सद्यः विधवा सम्झनालाई घरवालाको कुनै सहायता अवलम्बन प्राप्त भएको छैन (पृ.२५०)। यस सन्दर्भमा पनि पुरुषसत्ताको संस्कृतिमा विधवा महिलाको दुर्दशा प्रकट भएको छ। त्यस्तै, पहिलो पटक सम्झनालाई भाइको कोठामा झ्वास्झ्वास्ती देख्दा उमेशमा निःसृत यस तात्कालिक अनुभूतिमा पुरुषसत्ता निर्देशित सामाजिक मन यसप्रकार प्रतिबिम्बित भएको छ, "एउटी राम्रो तरुनी उसको यौवनप्राप्त भाइको कोठामा आई बसेकी छ। साथमा जो छ त्यो पनि

एउटा युवक नै हो" (पृ.२५०)। यहाँनेर सामन्तकालीन सामाजिक संरचनामा जवान महिला तथा पुरुष एकसाथ रहेको देखिनुले मात्र पनि लोकापवादको भयग्रस्त मानसिकता उद्‌बोध हुन पुग्ने यथार्थ प्रकट भएको छ र यस सन्दर्भमा पुरुषसत्तावादी लैङ्गिक प्रभुत्वले गाँजेको समाज महिलाप्रति अझ असहिष्णु बन्दछ। सम्झनाको अवस्थाप्रति करुणाद्र बन्न उमेश जस्तो उदात्त व्यक्तिलाई पनि समय लागेको छ।

परम्परित सङ्कीर्ण परिपाटीको निषेध रुचाउने र नयाँपनसमेत बोकेकी कनकद्वारा लैङ्गिक विभेदको शास्त्रबारे कुरा उठाउँदा उमेशद्वारा प्रभुत्वशाली पिँढीगत अनुभूतिमा निर्मित भनाइ यसप्रकार प्रकट भएको छ,

> दुलही साहेब ...गृहिणी भएर पनि सीमाको प्रष्ट्याइँ शास्त्रमा खोज्न लाग्यौ भने घरको आचार किताबी कुरो होइन र ? फेरि आइमाई भएर जन्मै किन लिनु ? बुद्धिको कमी तिमीमा छ भन्ने कुरो भनूँ भने ससुराज्यूलाई सोझै दोष लाग्छ। उहाँ नरिसाई छोड्नुहुन्न ! गर्वसाथ सबै थोक जान्ने, गर्ने, बाठी अझ सुशीला छोरीको विज्ञापन गरी ठूलाबासँग सम्धीको नाता लाउने कुरा मिलाउनु भएको खेर जाँदैन र ? (पृ.१५)

गृहिणी भएरै बस्नु महिलाको व्यावहारिक सीमा भएको, जन्मले नै नारी र पुरुषमा भेद गरिसकेको, बुद्धिसहितको नारीले विवादमा अल्झिन नहुने, अन्यथा ससुराले छोरीबारे गरेको विज्ञापन खेर जाने जस्ता उमेशका प्रभुत्वशाली पिँढीगत यी सङ्कीर्ण भनाइमा लैङ्गिक विभेदको दृष्टिकोण र महिला दमित भएरै रहनु पर्ने आशय प्रस्तुत भएको छ। उपन्यासमा उदात्त मानवीय चेत बोकेका उमेश जस्तो सहिष्णु व्यक्तित्वबाट पनि यदाकदा पुरुषसत्तावादी संस्कारजन्य यस्तो अनुभूति प्रकट हुनु यथार्थ चरित्रनिर्माणको लेखकीय सफलता हो। भाउजू कनकसँगको कुराकानीमा भाउजूद्वारा शास्त्रले दण्ड र अपमानको विधान महिलाका लागि मात्र तय गरेको र शास्त्र पुरुषमैत्री नै रहेको विचार प्रकट गर्दा शास्त्र र आचार्यप्रतिको भाउजूको अवज्ञा र उपेक्षा रहेको ठम्याइँको अनुभूतिमा बिस्नुको तिक्ततापूर्ण भनाइ यस्तो रहेको छ, "भाउजूको कुरो-बुद्धि भयानक छ, हामीकहाँ खप्नै नसक्ने जे भन्नुभयो सो भन्नुभो। प्रार्थना छ, अबदेखि यस्ता कुरा मुखबाट ननिस्कोस् ... तर, धेरै दिनदेखि तीर्थाटनमा रहेका ठूलोबाकहाँ यस्तो कुनै पनि अवस्थाका लागि कठोर निर्णयबाहेक अरू कुनै थोक पाइँदैन हौ !" (पृ.४)। भाउजू परम्परा विरुद्ध गएको आक्रोशजन्य अनुभूतिमा बिस्नुद्वारा भाउजूसमक्ष प्रस्तुत चेतावनीसहितको यस भनाइमा पुरुष पिँढीको अनुभूतिको संरचना प्रस्तुत भएको छ। त्यस्तै, बिस्नुले सम्झनासँगैको वार्तालापका क्रममा सम्झनाले बुद्धि भएकी स्वास्नी पुरुषका लागि सहन नहुने त्यसप्रति माया उत्पन्न नहुने हुँदा त्यो सम्बन्ध अप्राकृतिक हुने तर्क गर्दा झर्को मान्दै बिस्नुले आफ्ना अनुभूति यस्तो प्रतिवादसहित प्रकट गरेको छ, "यो सबै केही पनि होइन। यो विकृत बुद्धिको चमत्कार पो हो। त्यत्तिका इतिहास, पुराण र शास्त्रका जम्मै नारी साँच्चिकै पतिव्रता र पतिप्राणा नभई के मूर्खमात्रै

थिए त ? के तिनैको भक्ति प्रशंसामा यति काव्य पुराण रचिएका र गाइएका हुन् ?" (पृ.१५५) । यसरी इतिहास शास्त्र र पुराणप्रदत्त नारीबारेका विचार, भनाइलाई विना तर्कवितर्क ग्रहण गर्ने बिस्नुको अवस्था पुरुषसत्ताको संस्कृतिबाट निर्देशित छ । शर्मा परिवारको प्रभुत्वशाली पिँढीगत हैसियतबारे रामेश्वरमा निर्मित अनुभूति उसले सरलालाई लेखेको चिठीमा यसप्रकार प्रस्तुत छ,

> लेखनाथबाजेले दिन चाहे लक्ष्मीलाई बुहारी बनाउन शर्मा-परिवार तयार छ । नेपाल राज्यमा भएजतिका जिमीदारी मध्ये जति गएको छ वा जम्मै गए पनि त्यस परिवारमा रहने उच्छिष्टसम्पन्नताले नै एउटी त के दशोटी लक्ष्मीलाई आजसम्म ऊ पालिएकी जस्तै पाल्न सक्नु वा पालिराख्नु त्यहाँ खेल बहाडजस्तै हुनेछ । (पृ.२६९)

हुन त प्रभुत्वशाली पिँढीको प्रतिनिधि लेखनाथ बाजेद्वारा अर्को प्रभुत्वशाली शर्मा परिवारको आर्थिक स्तर कम आँक्ने दृष्टिकोणको प्रतिवादका रूपमा रामेश्वरमार्फत उक्त अनुभूति प्रकाशमा आएको छ तर पितृसत्तामा पुरुषपिँढीमा निहित अर्थसामर्थ्य र नारीको पुरुषद्वारा पालित हुने 'आश्रित' मात्रको हैसियतलाई पनि त्यसले ध्वनन गरेको छ । त्यस्तै, महिलालाई पुरुषको सहयात्रीको नभई महिलालाई गृहिणीका रूपमा मात्र सीमित गर्ने पुरुषसत्ताको संस्कृतिलाई महिलाले आफ्नै संस्कृतिका रूपमा ग्रहण गर्ने र त्यसैमा अभ्यस्त रहने अवस्था उपन्यासमा गुह्येश्वरीमार्फत प्रस्तुत छ । परम्परित सामन्तावादी सोचभन्दा फरक रूपमा जीवनलाई हेर्न नखोज्ने गुह्येश्वरीको हस्तक्षेप माइतमा समेत रहेको छ । भाउजू कनकको स्वतन्त्र विचारधाराबाट निर्देशित जीवनशैली र तर्कशील स्वभावबाट ऊ त्रस्त छे । त्यसैले भाइ बिस्नुका लागि आफैँले खोजेकी बुहारी भित्र्याउनु पर्ने अठोटमा ऊ दत्तचित्त भएर लागि परेकी छ । बिहेका लागि 'योग्य कन्या' हुनुको परम्परित मापदण्ड उसले रोजेकी घरगर्ने भाइबुहारी हुने कन्यामा रहेकोबारे उसले सँगालेको अनुभूति उपन्यासमा कनकको चिठीमा यसप्रकार व्यक्त छ, "... तिम्रो बिहाको कुरा बनारसमा चलिरहेको छ; गुह्येश्वरी बहिनीले हेरेकी केटी ! ... भान्छाको काममा पटु; ... बनारस जस्तो शहरमा पैदा भएकी, हिन्दुत्वलगायत जम्मै गुणको वर्णन साध्य कहाँ छ र ? संक्षेपमा लच्छिन भन्ने कुराहरू बत्तीसकै अंकमा पारिएर केटीको रचना भएको हो" (पृ.६२) । त्यस्तै, गुह्येश्वरीले दाजुसमक्ष यसबारे यस्तो अनुभूति प्रकट गरेकी छ : "आचारी बाहुन, काशीको निष्ठावान् परिवारमा जन्मेकी केटी, हाम्रो घरको रितिथितिसँग (यथा.) एकदम मिल्न आउने ! केटीलाई छाड्नु हुँदै भएन दाज्यू" (पृ.७३) । यसरी तत्कालीन सामाजिक संरचनामा पुरुषप्रभुत्वलाई सहज ग्रहण गर्न सक्ने ब्राह्मण प्रवृत्ति र हिन्दुत्वले भरिपूर्ण घर सम्हाल्न सक्ने नारी सक्षम ठहर्ने अवस्था छ । अझ यी गुणमा खरो उत्रन नसक्ने महिलामाथि परिवारकै महिला सदस्यबाटै सौता थप्ने स्थिति पनि रहने कुरा गुह्येश्वरीको उक्त भनाइमा अभिव्यक्त छ । साथै उक्त उद्धृतांशले पुरुषको बहुविवाहलाई महिलाले नै प्रश्रय दिन तत्कालीन सामन्तवादी सामाजिक व्यवस्थामा पुरुषसत्ताजन्य संस्कृतिको व्याप्तिलाई पनि प्रकट गरेको छ ।

गर्भमा रहेको बच्चा छोरै रहोस् भन्ने उत्कट चाहनाको सामाजिक मानसिकता पुरुषवादी सामाजिक संरचनाको उपज हो। छोरोले वंश चलाउने मान्यताद्वारा समेत डोरिएको सामन्ती समाजको यस आकाङ्क्षा छोटीमालिक्नीको मर्नुअघि छोरो उमेशसमक्ष प्रस्तुत यस अनुभूतिको संरचनामा प्रकट छ, "तैँले छोरै पाउनेछस् ! ऊ आउँछ र मलाई बिदा गरी पठाउने छ भनी निकै पर्खें तर आफ्नो च्याहाँ च्याहाँले ऊ विदा दिन चाहँदैन क्यारे ! उसको रुवाइ सुनेरै जाने इच्छा पूरा भएन" (पृ.५८९)। नातिको मुख हेरेर र स्वर सुनेर मर्न पाए परत्र सुध्रिने धार्मिक विश्वास पनि उक्त भनाइमा अभिव्यञ्जना भएको छ। यसप्रकार उपन्यास *आगत*ले सामन्तकालीन सामाजिक संरचनामा व्याप्त वर्गीय तथा लैङ्गिक भेदभावमा निःसृत प्रभुत्वशाली पिँढीगत अनुभूतिका संरचनालाई आंशिक मात्रामै भए पनि सहज अभिव्यक्ति दिनसकेको छ। सामन्तकालीन प्रभुत्वशाली पिँढीगत क्रूरताबाट मुक्त र मानवीय भावले ओतप्रोतसहितको फरक पहिचान बोकेर जमिनदारी सम्हाल्दै आएको शर्मा परिवारलाई सन्दर्भ बनाएर पनि तीसमेतका प्रभुत्वशाली पिँढीगत अनुभूतिलाई स्वाभाविक अभिव्यक्ति दिनसक्नु उपन्यासकार भिक्षुको सफलता हो।

## ३.७ *घामका पाइलाहरू* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

*घामका पाइलाहरू* उपन्यासमा राणाकालीन समाजको प्रस्तुति छ र त्यो समाज तराई परिवेशको सहरोन्मुख रहेको छ। उपन्यासमा प्रभुत्वशाली पिँढीलाई प्रतिनिधित्व गर्ने राणा शासक पिँढी प्रत्यक्ष कार्यभूमिकामा छैन र तिनको चर्चा दुर्गानाथका संस्मरणमा मात्र अभिव्यक्त हुनुले तिनमा निर्मित अनुभूतिको संरचनाले प्रस्तुति पाएको छैन। उपन्यासमा मूलतः अमलेन्दु भट्टाचार्य अर्थात् लोकोबाबु र डाक्टर दम्पत्तीले प्रभुत्वशाली पिँढीलाई प्रतिनिधित्व गरेका छन्। आभिजात्य वर्गको पुर्ख्यौली हैसियतकै कारण ती त्यत्तिखेरै उच्च शिक्षित छन्; इन्जिनियर, डाक्टर बन्न सकेका छन्। पदीय स्थितिमा उच्च रहेका हुँदा तिनको आर्थिक उपार्जन पनि बढी छ र त्यस सानो सहरमा सबैभन्दा प्रभुत्वशाली हैसियत पनि तिनकै रहेको छ। तिनमा धेरै सकारात्मक पक्ष रहे पनि संस्कारगत अभिमानले ती ग्रसित छन्। विशेषतः निम्नवर्गप्रति तिनको हेयपूर्ण दृष्टिकोणले त्यस वर्गका समुदाय/पिँढीले दबाव र तनावजन्य अनुभूति सँगालिरहेको छ भने वर्गीय भेदको पक्षपाती व्यवहारका कारण अधीनस्थ पिँढीका प्रतिकारजन्य व्यवहारमा प्रभुत्वशाली पिँढीले पनि दबाव र तनावका अनुभूति सँगाल्नु परिरहेको छ। लैङ्गिक तहका प्रभुत्वशाली पिँढीविशेषका अनुभूतिका संरचनाले भने उपन्यासमा ज्यादै कम स्थान पाएका छन्। तिनको विश्लेषण प्रस्तुत गर्नुअघि यहाँ प्रस्तुत उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचनाबारेको अध्ययनको सार प्रस्तुत गरिएको छ।

### ३.७.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना

नेपाली साहित्य जगत्मा ध.च. गोतामेका नामले सुपरिचित धनुषचन्द गौतम (१९८८-२०६३) का *घामका पाइलाहरू* (२०३५) र *यहाँदेखि त्यहाँसम्म* (२०४२) दुईवटा उपन्यासहरू प्रकाशित छन् । सामाजिक यथार्थको प्रस्तुतिलाई मूल औपन्यासिक प्रवृत्ति बनाउने गोतामे आफ्ना उपन्यासहरूमा आदर्शोन्मुखता, मनोविश्लेषणात्मकता, प्रगतिशीलता, आञ्चलिकता जस्ता वैशिष्ट्यहरू थपेर सामाजिक जनजीवनलाई जीवन्त बनाउँदछन् । सहरीकरणतर्फ उन्मुख हुँदै आधुनिक बन्न थालेको नेपाली समाज, भौतिक संस्कृतिले सामाजिक जनजीवनमा पारेको प्रभाव र परिवर्तनका आयामलाई *घामका पाइलाहरू* उपन्यासले सजीव चित्रण गरेको छ ।

लेखक ध. च. गोतामेले बाल्यकालीन जीवन व्यतीत गरेको परिवेश र आफूलगायत आफ्ना पारिवारिक सदस्यका चारित्रिक विशेषतासमेतले *घामका पाइलाहरू* उपन्यासमा सहज प्रस्तुति पाएका छन् । गोतामेका हजुरबुबा छविलाल देव शमशेरका दरबारका पण्डित रहनु, देव शमशेरको पदच्यूतकै सन्दर्भमा हजुरबुबाको पनि सर्वस्वहरण हुँदै धनकुटा धपाइनु र त्यत्तिखेर उनी दमको व्यथाले समातिनु (भट्टराई, २०६४, पृ.७), त्यसपछि नियमित स्वास्थ्योपचारका लागि अस्पताल निकट स्थानको खोजीमा गोतामेको परिवार रक्सौल पुग्नु, उपचारका क्रममा बाँकी सम्पत्ति पनि स्वाहा हुनु, गोतामेका पिता गोविन्दचन्द्रले वीरगन्जको सलाई कारखानामा मासिक रु. १५ को जागिर सुरु गर्नु, उनले आफ्ना बुबा र हजुरबुबामा स्वभावगत वैपरीत्यको अनुभूति सँगाल्नु, हजुरबुबा सहनशील र उदात्त अनि बुबा शुद्ध हृदयका भए पनि स्वभावमा कडापन बोकेको हुनु, आमा दीपवती सरल स्वभावकी, कुशलतापूर्वक घरव्यवहार सम्हाल्ने र आतिथ्य सत्कारलाई धर्म मान्ने हुनु जस्ता सन्दर्भहरू र वैयक्तिक चारित्रिक विशेषताहरू प्रस्तुत उपन्यासका प्रमुख पात्रहरूमार्फत प्रकट छन् (भट्टराई, २०६४, पृ.८) । अतः उनले तत्कालीन सामाजिक संरचनाका परिप्रेक्ष्यमा सँगालेका अनुभव र अनुभूतिहरूमा आफ्ना जीवनानुभूतिसमेत मिसाउँदै प्रस्तुत उपन्यासमा तिनलाई संरचनात्मक स्वरूप प्रदान गरेका छन् ।

*घामका पाइला* उपन्यासले १९८४/८५ वरपरको समयसन्दर्भको सहरोन्मुख तराई परिवेशको सामाजिक संरचनालाई कार्यपीठिका रोजेको देखिन्छ । यस तथ्यलाई नेपालमा पहिलो यात्रीवाहक रेल गुडाउने कार्यक्रमको उद्घाटन तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज चन्द्र शमशेरद्वारा सन् १९२७ मा गरिने निर्णय अनुरूप वर्षदिन अघिदेखि गरिएको तयारी, लक्ष्यित समयमै अमलेखगन्जमा भएको भारतको रक्सौलसम्म चल्ने रेलको उद्घाटन जस्ता उपन्यासमा प्रस्तुत सन्दर्भहरूले पुष्टि गरेको छ (पृ. ४८) । रेलमार्ग निर्माणपछि रेलवेसँगै जोडिएको वीरगन्जको सानो क्षेत्रले सहरको स्वरूप प्राप्त गर्दै गरेको अवस्थाको सामाजिक संरचना उपन्यासमा प्रस्तुत छ र त्यससँगै लेखकको बाल्यकाल व्यतीत तत्कालीन वीरगन्जको सहरोन्मुख समाजले जीवन्त अभिव्यक्ति पाएको छ । नेपालमा रेलवे स्थापनार्थ भारतको कलकत्ताबाट

भिकाइएका लोकोमोटिभ इन्जिनियर अमलेन्दु भट्टाचार्यको उपस्थिति र उनको पश्चिमी प्रभावको जीवनशैलीप्रतिको सर्वसाधारणको मोह, रेल यातायातसँगै भारतबाट भित्रिएको आधुनिक चेतको प्रभावमा भौतिक संस्कृतिप्रतिको आकर्षण, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा विकासको बढ्दो सम्भावना आदिले त्यो क्षेत्र अर्द्धनागर सभ्यता विकासको चरणमा देखिन्छ। त्यस्तै, रेलयातायातलाई सुसञ्चालन गर्न रेलवे स्टेसनका कर्मचारीहरू, काठमाडौँबाट भिकाइएका डाक्टर, रोजीरोटीको खोजीमा त्यहाँ आई बसोबास गर्नेहरू, त्यहाँका स्थानीयहरू सबैको जमघट र रेलवे कर्मचारीमै पनि विभिन्न जाति र धर्मगत आचरणसहितको जीवनशैलीगत विविधता रहेको हुँदा त्यस सानो सहरको सामाजिक संरचना मिश्रित स्वरूपको बन्न पुगेको छ।

रेलयातायात सुचारु भएसँगै वीरगन्ज क्षेत्रमा आर्थिक गतिविधि नियमित सञ्चालन हुनु, त्यत्तिखेरै त्यहाँ माध्यमिक विद्यालय, हुलाक र सानै भए पनि अस्पतालको स्थापना भइसकेको हुनु, त्यस क्षेत्रसँग रेलवेले छोएका बारा, पर्साको धेरै क्षेत्रहरू पनि लाभान्वित रहनु, रक्सौलसम्म सहज पहुँचका कारण भारतीय भूमिबाट धेरै भौतिक वस्तुहरूको आयातसँगै आधुनिक संस्कृतिको प्रसारण पनि सम्भव हुनु, त्यत्तिखेरै त्यहाँ दिनहुँ लाखौँ रुपैँयाको अन्नको बेचविखन र किनमेल हुने ठुलाठुला मन्डीहरू सञ्चालनमा रहनु तथापि स्थानीय परम्परागत खाद्यपदार्थ तथा घरबुना लुगाकपडा र राडीपाखी जस्ता सीमित सामग्रीको पैठारी र पन्चान्नब्बे प्रतिशत मालसामान भारतबाट निकासा गरिने अवस्थाले नेपालले बेहोरिरहेको व्यापारघाटाको डरलाग्दो स्थितिसँगै भारतआश्रित नेपाली बजारको अवस्था र नेपालको नाजुक आर्थिक स्थिति पनि उपन्यासमा मूर्त बनेको छ। साथै, उद्योगव्यापारमा देखापरेको विचलनलाई पनि उपन्यासले रातमा हुने अवैध व्यापार तथा कालोबजारीका सन्दर्भमा प्रस्ट पारेको छ। त्यहाँ सानातिना उद्योगधन्दाको स्थापनाकै कारण थोरै नै पारिश्रमिकमा भए पनि श्रमजीवी कामदारहरूले सहरमा अडिने आधार भेट्टाएको सन्दर्भको प्रस्तुति पनि उपन्यासमा रहेको छ। साथै, उपन्यासमा त्यस बेलाको वाणिज्यप्रशासनका क्षेत्रमा व्याप्त भ्रष्टाचारमात्र मूर्त भएको छैन, त्यस विरुद्धका प्रतिकारचेत पनि प्रसारण भइरहेको अवस्था पनि चित्रित छ। यसप्रकार उपन्यासमा दुर्गानाथका माध्यममा प्रस्तुत आध्यात्मिक चेतसँगै लोकोबाबुद्वारा प्रसारित भौतिक चेत र प्राविधिक कुशलताको प्रभावमा त्यस क्षेत्रका मान्छेका चेतना खारिँदै गएको र त्यसले सामाजिक संरचनामा परिवर्तनका रेखा कोरिँदै जान थालेको स्थितिलाई पनि सङ्केत गरेको छ।

प्रस्तुत उपन्यासमा अभिव्यक्त सामाजिक संरचनामा उच्च वर्ग, निम्नमध्यम वर्ग र निम्न वर्ग जस्ता फरकफरक वर्गहरूको घुलमिलपूर्ण बसोबासको स्थिति छ। भर्खरै उदाउँदो त्यस सहरी समाजमा व्यक्तिवादी प्रवृत्तिको बोलवालाले भन्दा मानवीय सहयोग आदानप्रदानको सामाजिक प्रवृत्तिले स्थान पाइरहेको तथापि वर्गीय भेदको सामन्तकालीन प्रवृत्तिले त्यस सानो सहर पनि सर्वथा मुक्त हुनसकेको अवस्था पनि उपन्यासमा चित्रित छ। त्यस नयाँ समाजमा सबै वर्ग

परस्पर घुलमिल भएरै बस्नुपर्ने तथ्यलाई बाध्यताका रूपमा मात्र नभई आवश्यकताका तहमा ग्रहण गरेको स्थिति, गल्तीमा क्षमायाचना र क्षमाशीलताले वर्गहरूबिच सौहार्द सम्बन्ध स्थापनामा निर्वाह गरेको भूमिकाको पनि उपन्यासमा प्रस्तुति रहेको छ जसले त्यस सामाजिक संरचनामा व्यक्ति तथा परिवारको अन्तरविरोध र समायोजनको स्थितिलाई पनि प्रस्तुत गरिएको छ। शैक्षिक क्षेत्रका विद्यार्थीहरूसम्म पनि वर्गीय भेदभावको सामन्तकालीन प्रवृत्ति संस्कारकै रूपमा प्रसारित रहेको अवस्था, प्रशासनिक क्षेत्रका बढी तलब खाने उच्च पदस्थ र कम तलब खाने निम्न पदस्थ कर्मचारी बिचको भेदभाव, त्यस्तै त्यस सानो सहरवासी र ठुलो सहरवासी समाजव्यवस्थामा देखिने वर्गगत अहम्को द्वन्द्वका सन्दर्भहरूले वर्गभेदको व्याप्तिलाई त प्रकट गरेको छ नै, त्यसमा परिवर्तनको आवश्यकतालाई पनि उपन्यासले औँल्याउन सकेको छ।

राणाकालीन जागिरेहरूको चाकरीप्रथाको सन्दर्भले पनि प्रस्तुत उपन्यासमा अभिव्यक्ति पाएको छ। शासकको हुकुमकै भरमा र शासितको चाकरी प्रथामा अडेको प्रशासनिक व्यवस्थाको तत्कालीन जागिरको अनिश्चितता कर्मचारीको कार्यदक्षता वा व्यक्तिगत कमीकमजोरी भन्दा पनि शासकको निगाहका भरमा मात्र अडेको जागिरेको जीवनावस्थाले कुनै पनि बेला लिनसक्ने अप्रिय मोडको स्थितिलाई सुदृढ आर्थिक अवस्थामा रहेको दुर्गानाथलाई सर्वस्वहरणसहित धपाइएको र सपरिवार कङ्गाल बन्न पुगेको अवस्थामा प्रकट भएको छ। साथै, सत्ता प्राप्तिको फोहोरी खेलमा प्रशासनिक क्षेत्रका विकृत्तिजन्य दुर्दशा पनि प्रकाशमा आएको छ। उपन्यासमा प्रशासनिक सुदृढताले जनसाधारणको जीवनमा ल्याउने हलचल र सकारात्मक परिवर्तनको सङ्केतको अभिव्यक्ति पनि रहेको छ। असल प्रशासकको दायित्वप्रतिको स्वस्थ चिन्तन र त्यसलाई व्यवहारमा अनुवाद गर्न सक्ने दक्षताले जनमानसमा पार्ने दीर्घकालीन प्रभावलाई लोकोबाबुको रेलवेको स्थापना र सञ्चालनका लागि भएको समर्पणद्वारा प्रस्तुत गरिएको छ।

तत्कालीन सामन्तवादी सामाजिक संरचनामा मूल प्रवाहमा रहेको हिन्दु धर्म र तज्जन्य आचारव्यवहार उपन्यासमा प्रस्तुत छ। दशैं पर्व, सत्यनारायणको पूजा, धार्मिक प्रवचन, जात्रा आदिमा जनसहभागिता र उल्लासमय वातावरण, ब्राह्मणका नित्यकर्म जस्ता हिन्दु धर्मकर्मका सांस्कारिक गतिविधिले पनि उपन्यासमा यथास्थान चर्चा पाएको छ। पारिवारिक आदर्शको आत्मिक संस्कृतिका साथै उपन्यासमा हिन्दु धर्मावलम्बीहरूको कार्यक्रममा मुसलमान धर्मावलम्बीको उपस्थिति र तिनबिचको सौहार्दपूर्ण वातावरणले धर्मगत सहिष्णुता पनि प्रकट भएको छ। धर्मगत अन्धविश्वास, सङ्कीर्णता तथा सांस्कृतिक विचलनका गतिविधिलेले पनि उपन्यासमा स्वाभाविक चर्चा पाएका छन्। सहरवासीका नृत्य, गायन तथा सङ्गीतप्रतिको लगावका अनुभूति, त्यस्तै स्वदेश प्रेमजन्य अनुभूतिमा आत्मिक संस्कृतिको प्रकटीकरण देखिन्छ। विलियम्सको सांस्कृतिक भौतिकवादी दृष्टिकोणअनुसार भौतिक संस्कृतिको क्रमिक विकासले समय विशेषको सामाजिक जीवनमा गहिरो असर र मानसिक प्रभाव पारिरहेको हुन्छ भने समयको

प्रवाहसँगै नयाँ नयाँ आयाममा देखिने भौतिक विकासद्वारा सांस्कृतिक रूपान्तरण पनि नियमित रूपमा भइरहेकै हुन्छ । यस सन्दर्भ त्यस सानै सहरमा पनि विकासनिर्माणले लिएको गतिसँगै भौतिक संस्कृतितर्फको बढ्दो आकर्षण हुनेखानेको घरको बैठकको खर्चिलो सजावटमा, सहरी संसर्ग पाएका ग्रामीण महिलाहरूमा समेत सहरी पहिरनले पारेको प्रभावमा पनि प्रकट भएको छ जसले त्यहाँको सामाजिक जनजीवनको बदलिँदो स्वरूपलाई प्रस्तुत गरेको छ । गाउँ र सहरबिचको पार्थक्य अनि भौतिक विकासकै गतिमा संस्कृतिको उत्पादन, नियन्त्रण, वितरण र उपभोगको शैली पनि फेरिँदै जाने यथार्थ पनि उक्त सन्दर्भहरूद्वारा उपन्यासमा प्रस्तुत छ । यसप्रकार तराईको उदीयमान सानो सहरका माध्यममा सामाजिक संरचनाका संस्कृतिगत सबलता र दुर्बलताका साथै परिवर्तनप्रतिको मानवीय लगावले पनि उपन्यासमा अभिव्यक्ति पाएको छ ।

प्रस्तुत उपन्यासमा भित्रिएको सामाजिक संरचना राणाकालीन सामन्तवादी भएकाले त्यहाँ पुरुषसत्ताकै हालिमुहाली रहेको छ । घरका मुली पुरुष छन् । प्रशासनिक क्षेत्रमा पुरुषहरू कार्यरत छन् । प्रायः महिलाहरू मधेसी समाजको बन्द घेरामा बाँधिएका छन् । सहरमा बसोबास गर्ने उच्च वर्गीय र मध्यम वर्गीय महिलाहरू घर गृहस्थीमै सीमित छन् । शिक्षामा कमै पहुँच रहनु र सीपमूलक तालिमको अभाव हुनले ती महिलाहरू आयआर्जनका गतिविधिमा संलग्न छैनन् । निम्नवर्गीय महिलाहरू कतिपय घरेलु कामदारकै रूपमा सीमित छन् । उपन्यासमा अभिव्यक्त महिलाको अवस्थिति र गतिविधिहरूले तिनको पुरुषसत्तामा अधीनस्थ जीवनावस्थालाई प्रकट गरेको छ । उपन्यासमा प्रस्तुत निम्नवर्गीय र मध्यमवर्गीय महिलाहरूसहित आभिजात्य वर्गका महिलाहरू समेत गृहस्थीमा निपुणताको व्यवहारमै लागिपरेको अवस्था छ । उपन्यासमा प्रस्तुत यी सन्दर्भहरूले तत्कालीन लैङ्गिक भेदभावको सामाजिक संरचनालाई सजीव बनाएको छ । उपन्यासमा प्रस्तुत नारी चरित्रहरूमध्ये गौरी दिदीले भने परम्परित नारी आचरण प्रस्तुत गर्दागर्दै पनि विशिष्ट सोच व्यवहारद्वारा अलग पहिचान प्रस्तुत गर्न सक्नुले भने पुरुषसत्ताको लैङ्गिक भेदभावको तत्कालीन समाजमै पनि सहरी महिलाहरूमा उदाँउदो नवचेतले पनि उपन्यासमा अभिव्यक्ति पाएको छ ।

प्रस्तुत उपन्यासले राणाकालमै रेलयातायात सुचारु भएसँगै पूर्वी तराई क्षेत्र विशेष वीरगन्जले सहरी स्वरूपको लिन थालेपछि त्यहाँको राणाकालीन सामन्ती भेदभावको सामाजिक संस्कृतिमा भारत हुँदै पाश्चात्य भौतिक संस्कृतिको प्रभाव पनि मिसिन थालेको अवस्थालाई प्रस्तुति दिएको छ । यसरी परम्परित र आधुनिक सांस्कृतिक मूल्यको द्वन्द्वमा गुज्रिँदै गरेको त्यस सामाजिक संरचनाका आचार, व्यवहार र जीवनशैलीमा देखिँदै गएको बहुआयामिक परिवर्तनको परिप्रेक्ष्य उपन्यासको विमर्शमा प्रस्तुत छ ।

### ३.७.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा अभिव्यक्त सहरी समाजमा लोकोबाबुको व्यक्तित्व सबैभन्दा प्रभावशाली रहेको छ। सत्तासँगको निकटता, मूलधारको सांस्कृतिक हैसियत, शैक्षिक, आर्थिक, प्रशासनिक सबै कोणबाट उच्च कोटिको सामाजिक अवस्थिति लोकोबाबुको छ। त्यसैले त्यस समाज व्यवस्थामा सत्ता, शक्ति र सम्पति सबै तहमा उच्च पहुँचका कारण उसको दर्बिलो अवस्थाबारे आख्यानकारको अनुभूतिको संरचना उपन्यासमा यस्तो रहेको छ,

> स्टेशनको क्याम्पभन्दा केही टाढा दुईवटा गेस्टहाउसहरू छन्, त्यसको पल्लोपट्टि लोकोबाबु अमलेन्दु भट्टाचार्यको एकतले चिटिक्क परेको क्वार्टर छ। ... रेलवेको स्थापनामा अमलेन्दु भट्टाचार्यको ठूलो देन रहेकोले शासक र जनता दुवैको लागि यी निकै आदरणीय हुन गएका थिए। एक सानो शहरमा बेलाइतबाट ट्रेनिङ लिएर आएको, धाराप्रवाह अङ्ग्रेजी बोल्न सक्ने, सूट-टाई र हैट लाउने र मासिक बाह्र सय कम्पनी तलब खाने व्यक्ति स्वतः श्रद्धेय हुन जान्छ। (पृ.३९)

वीरगन्जको सहरीकरणमा रेलवेको स्थापना र सञ्चालनद्वारा योगदान पुऱ्याउनाका कारण त छँदैछ, आवास, पहिरन, भाषाबाट प्रकट पाश्चात्य भौतिक संस्कृति तथा उच्च आय पनि लोकोबाबुलाई सहरी समाजमा श्रद्धेय र प्रभुत्वशाली पिँढी बनाउनमा मदतगार बनेको छ। यसप्रकार ब्रिटिस वातावरणमा हुर्केको पश्चिमी वेशभूषा र चालचलन, रबाफिलो व्यक्तित्व, आदेशात्मक गर्जनापूर्ण आवाज उसका यी सबै कुरा रेलवेका सम्पूर्ण स्टाफलाई कायल पार्ने र तिनलाई काममा नियमित गर्ने आधार बन्नसकेको छ (पृ.४०)। यस सन्दर्भले त्यस क्षेत्रमै उसको सर्वोच्च सत्ता र शाक्तिलाई प्रकट गरेको छ। रेलवेमा कार्यरत कर्मचारीहरूको जागिर उसकै हातमा छ। उसको स्टेसनमा उपस्थितिले सानो भुइँचालो आएजस्तो अनुभूति त्यहाँका कर्मचारीहरू सँगाल्न पुग्नुले अधीनस्थ पिँढीलाई दबाउने प्रभुत्वशाली पिँढीगत व्यवहार अगाडि आएको छ (पृ.४०)। उच्चवर्गीय लोकोबाबु आफूमात्र निम्नवर्गसँग घुलमिल गर्नबाट टाढा रहने नभई मध्यमवर्गीयलाई पनि त्यस पिँढीसँग दूरी बनाई राख्नुपर्ने आफ्ना अनुभूतिलाई श्रीवास्तवसमक्ष यसरी प्रकट गर्दछ, "यस्तालाई धेरै लिफ्ट् नदेऊ" (पृ.११५)। उसलाई श्रीवास्तवको निम्नवर्गीय गणेशीसँगको हिमचिम पाच्य छैन। अझ त्यस सम्बन्धले रेलवे प्रशासनमै नराम्रो सन्देश जान्छ भन्ने उसले अनुभूत गरेको उसका प्रभुत्वशाली सोचव्यवहार प्रकट भएको बारेमा आख्यानकारद्वारा उपन्यासमा यस्तो अनुभूतिको संरचना प्रकट छ, "लोकोबाबुको रगतमा आभिजात्यको मात्रा बढी भएकाले ती सदैव पान-पात बेचेर गुज्रान गर्ने गरीब गणेशीलाई आग्नेय नेत्रले हेर्थे। अपठित, गवाँर र असभ्य भन्ठाथे। सबैलाई रद्द पार्ने गणेशीको वाक्चातुर्य उनका लागि फोहरी र अश्लील थिए" (पृ.११५)। यसप्रकार लोकोबाबुका सुसंस्कृत हुनुको

मापदण्डभित्र गरिबसँगको हाँसलेख ठट्टा वर्जित छ र उसको प्रभुत्वशाली सांस्कृतिक चेतले नै उसलाई गरिबप्रति हेपाहा बनाएको देखिन्छ ।

गणेशीले ड्राइभर वा पानी पाँडेसित आफ्नो स्तरअनुसार ठट्टा गरेको सुन्दा मात्रै पनि लोकोबाबुको दबाब र तनाव उत्कर्षमा पुग्छ र ऊ यस्तो अनुभूति प्रकट गर्दछ, "इडियट स्वाइन, डर्टी लैंग्वेज भिक्छ । मुख धुन भन त्यसलाई" (पृ.११५) । त्यस्तै, वर्गीय तथा जातीय आधारमा मानिसलाई भेद गर्ने लोकोबाबुको संस्कारित चेत रेल ड्राइभर मुहम्मदका सन्दर्भमा ऊ रोजाका कारण ड्युटीमा ढिलो उपस्थिति हुँदा यसप्रकार प्रकट भएको छ, "सन् अफ् ए बिच्, कहाँ थियो यो मुसल्टे ? यसको दाह्रीमा आगो लाइदे (पृ.५७) । यसो भनी झपार्न र जागिर उडाइदिने धम्की दिँदै उसले अधीनस्थ पिँढीप्रति लिङ्गीय भेदभाव समेत प्रतिम्बिबित हुने 'सन् अफ् ए बिच्' शब्दावली प्रयोग गरेको छ जसमा आफू उच्च जाति बङ्गाली हुनु र सम्पन्नशाली हुनुको अभिमानसँगै फरक धर्मगत जाति, लिङ्ग र वर्गप्रतिको निम्छरो दृष्टिकोण पनि प्रस्तुत भएको छ । उद्वारा फरक धर्म-जाति विशेषलाई होच्याएर बोलिएको शब्द 'मुसुल्टे' अनि जातीय पहिचानको गौरवबोध गराउने मुहम्मदको दाह्रीप्रति प्रकट आक्रोश, त्यस्तै श्रीवास्तवले मुहम्मदलाई गाली गर्ने शब्द 'टुपीकट्टा' आदिले मूलधारको संस्कृतिमा निहित धर्म तथा जातिगत विभेदले ग्रस्त अनुभूतिले संरचनात्मक स्वरूप लिएको देखिन्छ (पृ.५७) ।

प्रस्तुत उपन्यासमा प्रभुत्वशाली पिँढीका प्रतिनिधि पात्रहरू डाक्टर दम्पतीको पनि आफ्नो भन्दा कम आर्थिक स्तरका र फरक समुदायका पिँढी प्रतिनिधिलाई हेर्ने दृष्टिकोण स्वस्थकर छैन; मूलधारको आफ्नो संस्कृतिभन्दा भिन्न संस्कृतिप्रति तिनको असहिष्णुपन छ; हेपाहापन छ । रेलवेको सहकर्मी र क्वार्टर पनि सँगै रहेका डाक्टर प्रधान तथा श्रीवास्तव शनिबारको छुट्टीमा क्यारमबोर्ड खेलिरहेको अवस्थामा हजुरबुबालाई दमले ज्यादै च्यापेको भनी पवन डाक्टरलाई बोलाउन आउनु, डाक्टरले नकार्नु, त्यत्तिखेर श्रीवास्तवले सेवाभावमा जोड दिदैं डाक्टरलाई विरामी हेर्न जाने सल्लाह दिनु जस्ता घटनाक्रमसँगै एकाएक डाक्टर यसप्रकार गर्जिएको छ, "यस्ता सदुपदेश कुनै गाउँले डाक्टरलाई दिनुहोला । श्रीवास्तव भएर अवास्तव कुरा कसरी गर्नुहुन्छ ? रेलवेका स्टाफबाहेक म अरू कसैलाई जाँच्न वा औषधी लेख्न सक्दिनँ । तपाइँ पुरानो स्टेशन मास्टर आफूलाई भन्नुहुन्छ तर नियमकानूनको तपाईंलाई पटक्कै ज्ञान रहेनछ" (पृ.७३) । यसरी आफूभन्दा उमेरजन्य अनुभवसमेतले पाको रहेको पुस्ताप्रति यस खाले अभिव्यक्ति शैली लिएर प्रस्तुत हुनुमा उसको उच्च शैक्षिक स्तर र आयस्तरसँग समेत जोडिएका प्रभुत्वशाली पिँढीचेत प्रकट भएको छ जसमा अन्य पिँढी स्वत: अधीनस्थ तहमा हुनुपर्छ भन्ने उसमा निर्मित अहंजन्य अनुभूतिले पनि निकास पाएको छ ।

सहरका व्यापारी तथा धनीमानी रोगीहरूलाई लुकीलुकी हेर्न जाने डाक्टरको आर्थिक प्रलोभनलाई सप्रमाण ठम्याइँसकेको श्रीवास्तवले डाक्टरका नियमकानुनबारेका यी भनाइको

प्रतिवाद गरेको छ र डाक्टर भएर व्यावसायिक उच्च आदर्श कायम राख्न नसकेको भनी आक्षेप लगाएको छ । सत्य भए पनि त्यो आक्षेप डाक्टरको अहंमा ठेस पुऱ्याउने सशक्त कारण बन्न पुगेको छ । डाक्टर चरम दबाब र तनावको अनुभूतिले आक्रान्त हुनुको परिणाम अशान्त र विवेकशून्य हुँदै श्रीवास्तवलाई "नन्सेन्स र इडियट" भन्दै क्याराम बोर्डलाई गोटीसहित लत्याएर बरन्डामा हुत्याइदिएको छ । त्यसपछि उसले श्रीवास्तवको गालामा दुई थप्पड हिर्काएको छ र खुट्टा बजार्दै सिँढी उक्लेको छ (पृ.७४) । डाक्टरका यस्ता अति धृष्ट गतिविधिले अन्य वर्गीय पिँढीप्रतिको उसको चरम अनादरको भाव मूर्त भएको छ । यसलाई व्यक्तिविशेषको दोषपूर्ण अनुभूतिको परिणामका रूपमा मात्र सीमित गर्न सकिँदैन । प्रभुत्वशाली संस्कृतिले थोपरेको संस्कारगत दूषित सोचलाई उच्च शैक्षिक चेतनाले समेत छुटाउन नसकेको स्थितिलाई यस सन्दर्भले राम्रैसँग प्रतिबिम्बित गरेको छ । त्यसै गरेर डाक्टरमा पुर्ख्यौली आभिजात्य वर्गको प्रतिनिधि हुनुको अभिमानमा निःसृत अनुभूतिले लोकोबाबुसँगै अभिव्यक्त यस भनाइमा प्रस्तुति पाएको छ, "सर के गर्ने, मेरो पुस्तौनी बानी हो । मेरो बाजेको कोटमा हीराको टाँक हुन्थे । उनी चाकडी गर्न जाँदा महाराज पनि जिल्ल परेर हेरिरहन्थे र भन्थे– सत्यमान तैंले आफ्नो सर्वस्व रवाफ गरेर उडाउने भइस् । मेरो पिता सुनको टाँकमा ओर्लिए, मैले त काँचका टाँकमा सन्तोष गर्नुपऱ्यो । बाबुबाजेले जति रबाफ गरे त्यसको सामु मेरो यो तुच्छ सोख केही होइन" (पृ.१५४) । यसरी आफ्नो पुस्तैनी लवाइप्रतिको सोखमा गर्वानुभूति साँच्ने डाक्टरमा प्रभुत्वशाली पिँढी प्रतिनिधि हुनुको अहम्बोध छ ।

प्रस्तुत उपन्यासमा डाक्टर्नी पात्रले पनि वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूति सँगालेको देखिन्छ । डाक्टरले आफ्नी श्रीमतीले कामदार केटो रामधनीलाई काममा अतिशय पेलेको र गालीगलौजको व्यवहार गरेकोमा ऊसमक्ष असन्तुष्टि प्रकट गरेको छ र कामदार टिक्न सकेन भने घरको कामधन्दा बिजोग हुने कुराको पनि श्रीमतीलाई बोध गराएको छ । त्यतिखेर गरिबबारे डाक्टरनीमा निर्मित अनुभूतिको संरचना यस्तो रहेको छ, "खेतमा हलो जोत्ने ठिटोलाई पेटभरि ख्वाएर राखेकी छु । यसरी दुवै छाक डकारेर खान कहाँ पाउनु यिनले ? यसलाई तपाईंले गलहत्याएर निकाले पनि यो जाँदैन । यिनलाई न आराम चाहिन्छ न यी कहिल्यै बिरामी पर्छन्" (पृ.११९) । यसप्रकारको गरिबप्रतिको उसको हेय र उपेक्षपूर्ण अमानवीय व्यवहार रामधनीसँग अभिव्यक्त यस भनाइमा पनि प्रकट छ, "मोरा हो तिमीहरू भन्दा त पशु बेस" (पृ.१२१) । डाक्टर्नीका यी अभिव्यक्तिहरूमा प्रभुत्वशाली पिँढीका अधीनस्थ पिँढीप्रतिका ज्यादै निर्मम, हेय र लाञ्छनाका अनुभूतिले मूर्तता पाएको छ ।

प्रभुत्वशाली पिँढीगत संस्कृतिले निम्नमध्यम वर्गीय पिँढीगत संस्कृतिमा पनि प्रसारण पाइरहेको स्थिति उपन्यासमा पीताम्बरका सन्दर्भमा प्रकट छ । आफू त्यस सहरी समाजमा निम्नमध्यम वर्गीय हैसियतमा हेलिनु परेकोमा सहरियामाझ आफू अधीनस्थ दशामा रहेको

अनुभूतिले जहिल्यै उद्वेलित हुनु अनि दबाब र तनावको अनुभूति सँगालेर परिवारजनलाई निरन्तर आक्रोशको बोलीव्यवहार गर्ने पीताम्बरको निम्नवर्गप्रतिको दृष्टिकोण पनि दोषपूर्ण छ। उसमा निःसृत यस खाले दबाब र तनावको मानसिक उत्पीडन उच्चवर्गीय पुर्ख्यौली हैसियतबाट एकाएक निम्नमध्यम वर्गीय तहमा ओर्लनु पर्दाको आर्थिक पीडा पनि हो। धनाढ्य हैसियतका बाबु दुर्गानाथ तत्कालीन प्रधानमन्त्री देवशमशेरसँगै पदच्यूत हुँदा सर्वस्वहरणसहित राजधानीबाट धपाइएको छ (पृ.१०६)। झन् सञ्चित रकम पनि खर्चिँदै र सकिँदै गएको अवस्थाका कारण उसको परिवार चरम आर्थिक सङ्कटले ग्रस्त छ।

बाबुको स्वास्थ्योपचारका लागि पीताम्वरको परिवारले सानोतिनो भए पनि सहरमै रहनुपर्ने बाध्यतामा बारा जिल्ला अन्तर्गतको आफ्नो गाउँको घरबार पनि छोड्नु परेको छ। सेठको गोदाममा निम्न आयको जागिरमा परिवार धान्न नसकेको अवस्थामा उसका बाबुले परिवारलाई आर्थिक टेवा दिन सहरमा गर्ने जजमानी पनि उसलाई स्वीकार्य छैन। अझ त्यो वृत्ति पेटमैन, खलासी जस्ता निम्नवर्गीय परिवारका निमित्त गरिनुलाई उसले अपमानबोधका रूपमा ग्रहण गर्न पुग्दा उसमा निर्मित अनुभूतिले उपन्यासमा बाबुसमक्ष यसप्रकार प्रस्तुति पाएको छ, "कहाँ सवारी गैरहेको छ ? फेरि शुरु भो जजमानी ? मैले कतिचोटि भनिसकें, मलाई यो टपरेवृत्ति गरेको मनपर्दैन। कहाँ सिधा छ त कहीँ श्राद्ध छ। फेरि उहाँको जजमान कस्ता छन्-रेलवेका पेटमैन र खलासी ..." (पृ.३७)। त्यस्तै, छोरो पवनले निर्धन विद्यार्थीलाई दिइने निःशुल्क वृत्ति प्राप्तिको चाँजो मिलाएर, आफ्नै प्रयासमा विद्यालय शुल्क जोगाएर परिवारलाई आर्थिक रूपमा सघाउन खोज्दा आफ्नो आर्थिक स्थितिबारे सबैले चाल पाए पनि छोरोलाई तेस्रो मानिसले पनि निर्धन ठानेको बोधमा अपमान र ग्लानिका अनुभूतिले भित्रभित्रै आहत भएर ऊ भन्दछ :"मैले जान्या छ त्यसलाई घर त फर्कूँ म" (पृ.६६)। यसरी उसले आर्थिक परिप्रेक्ष्यमा भित्रभित्रै अपमान र ग्लानिका अनुभूति सँगालेको छ।

पवनले अणुलाई पढाउने प्रस्तावसँगै पारिश्रमिक दिइने कुरा आमामार्फत बाबुकहाँ पुऱ्याउँदै अनुमति लिने सन्दर्भमा त्यस प्रस्तावलाई ठाडै अस्वीकार गर्दै पीताम्बर पत्नीसमक्ष यसरी प्रकट भएको छ, "तिम्रो सब कुरा मलाई थाहा छ। अवस्था खराब भयो भनेर पीताम्बर छोराको कमाइँ खाँदैन बुझ्यौं ? त्यसलाई त्यहाँ जान आउन बन्द गर्न भन" (पृ.१५२)। यसरी आफूमा आश्रित परिवारजनहरूको जिम्मेवारी आफैँले उठाउनुपर्ने संस्कारोचित दायित्व निर्वाहको अहम् बोधमा ठेस लागेको अनुभूतिका साथै आफ्नो वर्तमान कमजोर आर्थिक अवस्थामा अरूले टीकाटिप्पणी नगरून् भन्ने सामाजिक त्रास पनि उसमा त्यत्तिकै छ र त्यससँगै गरिबप्रतिको भेदभावको अनुभूति पनि त्यस भनाइमा प्रतिबिम्बित भएको छ। साथै, यहाँनेर पीताम्बरद्वारा प्रकाशित हैकममा आर्थिक व्ययभारका सन्दर्भमा आफूमा आश्रित बाबु पुस्ता र छोरा पुस्ताप्रतिको

परम्परित दायित्वबोधसँगै पुस्तान्तरजन्य प्रभुत्वशाली अहम् बोधको अनुभूतिले पनि निकास पाएको छ ।

पीताम्बरले गाउँमा रहँदाको र सहरमा रहँदाको आफ्नो अलगअलग सामाजिक हैसियतलाई सम्झँदै सहरप्रतिका दबाब र तनावजन्य वितृष्णाका अनुभूति साँचेको छ । यसरी आफ्नो पुर्ख्यौली सम्पन्न आर्थिक स्तरसँग जोडिएको अतीतमुखी अचेतनगत अनुभूतिले पनि ऊ गाँजिएको छ । साथै उसले आफूलाई सहरमा आर्थिक कमजोर अवस्थाका ठुलो जमातको सदस्यका रूपमा पाएको छ र पहिचानविहीन भएर रुम्मलिएको बोध गर्दै हीनताग्रन्थीले पनि ऊ ग्रस्त छ (पृ.१७०) । यसप्रकार विगत र वर्तमानको आफ्नो फेरिएको सामाजिक पहिचानसँगै उसको आहत हुनपुगेको प्रभुत्वशाली अभिमान चेत र त्यसलाई जोगाइराख्ने प्रयत्नमा दबाब र तनावलाई धानिरहनुपर्दा ऊ असहज जीवन भोलिरहेको छ ।

प्रभुत्वशाली पिँढीगत संस्कृतिकै अनुसरण उपन्यासमा पीताम्बरका भान्दाइ पर्ने आफन्तजन गङ्गादत्तबाट भएको छ । आर्थिक हैसियतलाई आधार बनाएर आफन्तप्रतिको उसको सशङ्क दृष्टिकोणले गरिबप्रति अमैत्री भइदिने समाजव्यवस्थालाई प्रस्तुत गरेको छ । यो सन्दर्भ उपन्यासमा पीताम्बरका यी अनुभूतिमार्फत मूर्त भएको छ, “भान्दाइ, तपाईंमा अलिकति पनि विवेक भए रुपियाँ राख्न दिएको साहुलाई त्यसो भन्नुहुन्नथ्यो खान नपाउने दरिद्र परिवारमा पाहुना लागेको छु, कुन दिन मेरो रकममा पनि लामो हात गर्ने हुन्” (पृ.५३) । यसरी आफूले जुन घरमा पाहुना भएर आश्रय लिएको छ, त्यही घरका इमानदार परिवारजनलाई चिनेर-बुझेर पनि गङ्गादत्तमा यस किसिमको अनुभूति संरचना निर्माण हुनु वर्गीय भेदमा आक्रान्त सामाजिक दृष्टिदोषले जन्माएको अवस्था पनि हो ।

उपन्यासमा प्रभुत्वशाली पिँढी प्रतिनिधि मालगोदामका सेठ नेपथ्य पात्र हो । समाजमा प्रभुत्वशाली पिँढीगत हैसियत कायम राख्न जालझेल गरेर जसरी पनि धन कमाउने प्रयत्नमा उसको दिउँसो र रातको धन्दा फरकफरक हुन्छ । द्वैध चरित्र बोकेर आफूलाई बाहिर बडो धार्मिक र दयालु देखाउन ऊ झिसमिसेमा रामनामी पछ्यौरा ओढेर सहरभरिका कमिलालाई पिठो ख्वाउन भनी प्रत्येक सडक र मोडमा पिठोको रेखी हाल्दै हिँड्छ (पृ.१७) । उसका यी गतिविधिमा पनि बिग्रिएर अम्मिलिएको पिठो तह लगाउने प्रपञ्चसहितको उसको सङ्कीर्ण चित्त नै प्रकट भएको छ । बिहानै नियमित ध्यानमा बस्नु, आफू धर्मको प्रतापले धनी भएको भ्रम छर्नु, सहरमा आएका यात्रीलाई पानी खुवाउने प्रबन्ध मिलाउनु, शिवरात्रीमा गरिबगुरुवालाई खिचडी खुवाउनु, दान-दक्षिणा दिनु जस्ता धार्मिक आडम्बर प्रस्तुत गरेर उसले बाहिर आफ्नो दयालु व्यक्तित्वलाई प्रकटमा ल्याउने गरेको (पृ. १७३) तर भित्रभित्र भने स्थानीय केटाहरू किनेर, पुलिसहरूलाई मतियार बनाएर र कडा थानेदारसँग चाहिँ जोगिएर कालोधन्दाको रत्यौली व्यापार अगाडि बढाइरहेको छ (पृ.१७८) । यसप्रकार यथार्थमा गरिबप्रति अत्यन्त अनुदार र कुटिल रहने तर

गरिबप्रति नै दयामायाका धार्मिक आडम्वरका प्रपञ्च रच्ने सेठका यी गतिविधि सामन्ती संस्कृतिजन्य अनुभूतिगत आचरण हुन् जसको *बसाइँका* बैदार बूढाका आचरणसँग तुल्यता रहेको छ। यस सन्दर्भले पहाड, मधेस जताततै वर्गीय भेदभावको संस्कृतिको वर्चस्वलाई मुखर गरेको छ।

द्वारिकाका अनुसार पीताम्बर जस्ता इमान्दार व्यक्तिद्वारा आफ्ना रातीको धन्दाका सबै गतिविधि पर्दाफास हुने डरमा सेठले प्रशस्त दबाब र तनाव झेलिरहेको छ र परिणामतः पीताम्बरलाई नोकरीबाट निकाल्नै पर्छ भन्ने मनासयमा ऊ पुगेको छ। यसरी उसलाई आफ्नो अनियमित कामको अंशियार बन्न घुमाउरो तरिकाले गरिएको प्रस्ताव सेठले रचेको प्रपञ्च हुन सक्छ (पृ.१९२)। हुन पनि सेठको रत्यौली धन्दामा सहभागी हुन गरेको प्रस्ताव नैतिकवान् पीताम्बरले अस्वीकार गर्दै बरु जागिर छोडेको छ।

प्रस्तुत उपन्यासमा राणा शासकका प्रतिनिधि नेपथ्यमा छन्। तिनमा प्रभुत्वशाली हैसियतका गतिविधि लोकोबाबुको स्मरणमा पनि अभिव्यक्त छ। चारकोसे झाडीका काठ भारततर्फ पैठारी गरेर पैसा कमाउने शासकीय स्वार्थ भित्री रूपमा रहे पनि प्रत्यक्ष कारण औलोको बिगाबिगी रहेको त्यस क्षेत्र छिटो पार गर्ने उद्देश्यअनुरूप चन्द्र शमशेरका तजबिजमा रेलवे निर्माणको प्रमुख कार्यभार सम्हालिरहेको लोकोबाबुका लागि त्यो कार्य धेरै चुनौतीपूर्ण भएको छ (पृ.४७) किनभने चारकोसे झाडीका हिंस्रक जनावर तथा औलोसँग भिड्न र ज्यान जोखिममा हाल्न कामदारलाई तयार गर्नु रेलवेको लिक ओछ्याउने प्राविधिक कार्यभन्दा जटिल छ जसलाई शासकको कठोर हुकुम प्रमाङ्गीले मात्र सम्भव नहुने अनुभूति उसले सँगाल्नु परिरहेको छ। उसले दोब्बर-तेब्बर ज्यालाको प्रलोभन दिएर र रातभर सयौँ पेट्रोम्याक्स बालेर कामदारलाई काम गराउन खोज्दैमा सम्भव भएको छैन। त्यस बारेको रिपोर्ट केन्द्रमा शासकलाई पठाइँदा केन्द्रको आदेशमा खटिएका पुलिस तथा सेनाका जवानहरूले चारैतिरबाट कोर्रा ठोक्दै डोरीले बाँधीबाँधी श्रमिकहरूलाई काम पूर्ण नहुन्जेल पहरामा राखिएको छ। त्यतिखेर मजदुरलाई औषधी खुवाइ काम लिनुपरेको अवस्थामा केही मजदुरले मुगलान पसी ज्यान जोगाएको भए पनि त्यस औंलोका महामारीमा मजदुर सोत्तर भएको स्थिति छ। त्यो करुण दृश्य देख्नपर्दा आफैँ अक्षम्य अपराधी भएको अनुभूतिसँगै हरदिन दबाब र तनाव झेलेको आफ्नो अवस्थाको वर्णन लोकोबाबुले दुर्गानाथ समक्ष प्रस्तुत गरेको छ (पृ.४७-४८)। शासक वर्गले आफ्नो प्रभुत्व कायम राख्न खोज्ने क्रममा अधीनस्थ पिँढीतर्फको प्रतिकारलाई सामना गर्नु पर्दा सिर्जना भएको दबाब र तनावकै परिणतिस्वरूप यस्ता गतिविधि भएको देखिन्छ। यसरी जसरी पनि स्वार्थसिद्धिका लागि निम्नवर्गीय जनतालाई चरम उत्पीडन दिँदै तिनको जीवन अवमूल्यन गर्ने पराकाष्ठाका गतिविधिको सञ्चालन शासक पिँढीद्वारा भएको छ।

### ३.७.३ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

*घामका पाइलाहरू* उपन्यासमा प्रभुत्वशाली पिँढीतर्फका लैङ्गिक अनुभूतिले पनि केही मात्रामा अभिव्यक्ति पाएका छन्। उपन्यासमा पवनले किशोरावस्थाको नव पिँढीको प्रतिनिधित्व गरेको छ। ऊ निकै विवेकशील र संयमशील पनि छ तथापि पुरुषसत्ताको संस्कारगत चेतले ऊ पनि सर्वथा मुक्त छैन। लोकोबाबुद्वारा डाक्टरलाई लेखिएको चिठ्ठी पढ्न खाम खोल्दा अणुद्वारा लुकाएर हालिएको रु. १० को नोटसमेत प्राप्त गर्दा उसको पुरुष अहंमा ठेस लागेको छ। त्यस स्थितिमा उसमा निर्माण भएको अनुभूतिको संरचनालाई आख्यानकारद्वारा उपन्यासमा यसप्रकार अभिव्यक्त छ, "रेलवेको स्टेशनको बत्तीको प्रकाशमा पवनले खामबाट चिठ्ठी झिकेर र पढ्न खोज्यो। ... अणुले परोक्ष रूपबाट उसको अपमान गरेजस्तो लाग्यो। एउटी केटीले दया गरेर दिएको गोप्य दान लिएर हिँड्नु पवनको स्वाभिमानको लागि असह्य जस्तो हुन गयो" (पृ.९७)। यसरी आफूले आर्थिक याचना नगरिकनै कमजोर आर्थिक अवस्था बुझेर महिलाद्वारा उसको गर्जो टारिन खोजेको बोधले लज्जाजनक अवस्थामा आफूलाई पाउँदा आक्रान्त हुँदै उसले पौरुषतामा धक्का लागेको लैङ्गिक अनुभूति सँगाल्न पुग्नुमा पुरुष महिलामा आश्रित वा दयायोग्य पात्र बन्न नहुने मूलधारको संस्कृति प्रतिबिम्बित भएको छ। त्यस्तै, ब्राहमण परिवारकी महिलाको तथाकथित कुलीन आचरणअनुसार बिहेपश्चात् नाचगानको रौस देखाउने, अरूका सामु नाच्नेगाउने कार्य वर्जित छ। पुरुषका हकमा भने यस्तो कुनै बन्देज छैन। पीताम्बर आफ्नो जापानी बाजा बजाउने रहर र नाचगानको मनोरञ्जन लिने अवसर साथीभाइ माझ स्वाभाविक रूपमै पूरा गर्नसक्छ (पृ.६६) तर उसकी पत्नी केटाकेटी बेलामा माइती घरगाउँमा नाचगानमा ठूलो ख्याति कमाइसकेकी रहेर पनि र ठट्टामै पतिसमक्ष नाचको मुद्रामात्र प्रस्तुत गर्दा पनि उसले कसैले देखे कि भन्ने त्रासमा चारैतिर लाज मानेर हेर्दै हठात् भन्नपुगेको छ, "मगज त ठीक छ तिम्रो आज ? गाउँकी नटुवीजस्ती के गरेकी ?" (पृ.६८)। यहाँनेर उसमा लैङ्गिक भेदभावजन्य अनुभूतिले काम गरिरहेको देखिन्छ जसमा तत्कालीन पुरुषसत्ताको प्रभुत्वशाली सांस्कृतिक चेत प्रतिबिम्बन भएको छ।

उपन्यासमा अर्का पात्र रमानाथले लोकोबाबु बिरामी भएपश्चात् रेलवेका सारा स्टाफहरू भेला गराएर रेलवेको चुस्तदुरुस्त कार्यसम्पादनका निमित्त छलफल अगाडि बढाउने क्रममा श्रीवास्तवकी पत्नी सबै स्टाफका पत्नीहरूसहित उपस्थित भइँदिदा त्यहाँको पुरुषजमात चकित बनेको छ। त्यत्तिखेर पुरुष प्रभुत्वको अनुभूतिको प्रभावमा रमानाथले यसो भन्न पुगेको छ,

> कुनै भोजभतेर वा रमाइलो गर्नका लागि हामी यहाँ जम्मा भएका होइनौं। हामी त लोकोबाबुको बिरामी अवस्थाले गर्दा हाम्रो रेलवेउपर जुन ठूलो सङ्कट आउन आँटेको छ त्यसको बचावटको लागि बाटो खोज्न यहाँ बसेका छौं। तपाईंहरू यहाँ किन आउनुभएको ? आ-आफ्नो क्वार्टरमा जानुस् र हामीलाई आफ्नो काम गर्न दिनुहोस्। (पृ.२१२)

महिला जमातको पनि त्यहाँ आउनुको कुनै उद्देश्य हुन्छ, तिनको पनि निर्णय क्षमता हुनसक्छ भन्नेसम्म नसोची र कारण नबुझी रमानाथले उनीहरूलाई यसरी फर्कन अनुरोध गर्नु पितृसत्ताले महिलाप्रति गरेको अविश्वासको प्रकटीकरण पनि हो । यसप्रकार मानवोचित गुणको आधिक्य रहेका पीताम्बर, पवन, रमानाथ जस्ता व्यक्तिहरूमा पनि लैङ्गिक भेदभावको संस्कारजन्य प्रभुत्व कायम रहेको देखिनुले सामन्तवादी पुरुषसत्ताको सामाजिक स्थिति प्रकाशमा आएको छ ।

### ३.७.४ क्षेत्रीय विभेदका परिप्रेक्ष्यमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

गाउँ र सहरको भेदमा निःसृत अनुभूति मात्र होइन; सानो र ठूलो सहरको भेदमा ठुला सहरबासीले सानो सहर र सहरबासीलाई हेर्ने भेदजन्य अनुभूतिको प्रस्तुति पनि उपन्यासको अर्को सबल पाटो रहेको छ । प्रस्तुत उपन्यासमा राणाकालमै उच्च शिक्षित बन्ने अवसर पाएकी काठमाडौँबासी, धनी घरानाकी डाक्टर्नी पात्रले गर्भवती अवस्थामा तराईको भीषण गर्मीमा आफूलाई पाउँदा कति पनि सहज हुन नसकेको अवस्था छ । त्यहाँका हरेक व्यक्तिप्रति आक्रोश र प्रत्येक वस्तुसित विरक्त हुने गरी स्वभावगत परिवर्तन पनि उसमा देखापरेको छ (पृ.११७) । प्रभुत्वशाली संस्कृतिमा हुर्किएर कुनै दुःखकष्ट नबेहोरेकी पिँढीविशेषकी प्रतिनिधि डाक्टर्नीका लागि मधेसी परिवेश र मधेसी समुदायप्रति सहिष्णु हुन गाह्रो भइरहेको छ । अति गर्मीको चिडचिडाहट बेहोर्नुपर्दा उसले दबाब र तनावको चर्को उत्पीडन झेलिरहेको अवस्था छ । ऊ भन्दछे,

> छिः छिः यो पनि कुनै बस्ने ठाउँ हो । नर्क हो कुम्भीपाक । चौबीस घण्टा आगो बर्सिरहन्छ । के खानु, के लाउनु यहाँ ? यहाँ बस्ने मानिस होइनन् ती गर्मीका कीरा हुन्, कालाकाला कुरूप, घिनलाग्दा । पसीनाले स्त्रीपुरुषको सम्पूर्ण शरीरबाट दुर्गन्धको भक्कान उठ्ने । यहाँका लोग्नेमानिसले दिउँसो कुनै बाक्लो छाया देख्न हुन्न, एक धरो गम्छा ओछ्याएर लडिदिन्छन् । आइमाईहरू घरपछाडिको सियाँलमा एकअर्काको चोलो खोलेर दिनभरि कि जुम्रा हेर्छन् कि घमौरा फुटाइरहन्छन् । डाक्टर, कस्तो ठाउँ ल्यायौ तिमीले मलाई ?" (पृ.११७-१८)

आफू हुर्केको शीतल काठमाडौँली परिवेशको स्मरणमा डाक्टर्नीमा निर्मित क्षेत्रीय विभेद, वर्ण विभेद र आर्थिक विभेदसमेतमा निःसृत विशिष्ट अनुभूतिले प्राप्त गरेको उसका यस भाषिक व्यवहारले प्रभुत्वशाली पिँढीले अन्य पिँढी/समुदायलाई हेर्ने सङ्कीर्ण दृष्टिकोणनिहित संस्कृतिलाई अगाडि ल्याएको छ । डाक्टर स्वयम्लाई गर्मीले आकुल पत्नीको अरूका सामु नग्न प्रायः बसाइ शैली र कामदारप्रतिको चर्को गालीमा असन्तोष छ तर केही भन्न सकिरहेको छैन । डाक्टर्नी काठमाडौँ खाल्डोमै जन्मेर हुर्केकी त्यस्तो नारी समूहमा पर्दछे जसको बुझाइ उपत्यकाबाहिर पनि देशको विशाल भूभाग रहेको, पहिरन, बनोट र भाषामा पार्थक्य भए पनि त्यहाँका मानिस एउटै देशका समान सन्तति भएको तथ्यको बोध पढाइमा मात्र सीमित हुन्छ र त्यसलाई व्यवहारमा आत्मसात् गरिरहेको अवस्था देखिँदैन । श्रीमतीको यस अवस्थालाई ठम्याए पनि उसलाई परिवर्तन

गराउन डाक्टर असमर्थ छ (पृ.१२०) । त्यस्तै, उसले काठमाडौँको शीतल हावापानीको परिवेश र समुदायसँग गाँसिएका अनुभूति स्मरण गर्न पुगेकी छ (पृ.११८) । तराईको भीषण गर्मीमा आफूलाई पाउँदा प्रसूति निकटावस्थाको डाक्टर्नीको दबाब र तनावजन्य अनुभूति पतिसामु यसप्रकार प्रकट छ, "के मलाई यसै नर्कमा रुवाइ मार्नुहुन्छ ? यस्तै हो भने म धेरै दिन बाँच्दिन र मसितै तिम्रो भावी सन्तान पनि बितेर जान्छ" (पृ.१२२) । सानो सहरमा समायोजनको कठिनाइमा निर्मित यो विशिष्ट अनुभूतिको संरचना हो ।

फरक जलवायु र फरक सामाजिक परिवेशमा समायोजन हुनु नसक्दाको कठिन स्थितिमा प्रभुत्वशाली पिँढी प्रतिनिधि डाक्टर्नीले आक्रोशमा यस्तो अनुभूति व्यक्त गरेकी छ, "के मलाई यसै नर्कमा रुवाई मार्नुहुन्छ ?" (पृ.१२२) । झन् सुत्केरी हुने निकट अवस्थामा सहज अधीनस्थ ठानिएका घरेलु कामदारहरूले नै काम छाडेर भागिदिँदा अझ बढी दबाब र तनावका अनुभूति सँगालेको अवस्थाका उसका अभिव्यक्ति उपन्यासमा यसप्रकार रहेको छ, "एउटा मात्र पीडा सहेकी छु मैले यहाँ ? नोकर भाग्यो, मेहेतर्नी भागी, त्यो त छँदै थियो । ... म आजभोलिमा सुत्केरी हुन्छु । ... देखिसकेँ, तपाईंले मलाई अकालमा मार्न यहाँ ल्याउनुभएको रहेछ" (पृ.१२२) । डाक्टर्नीका सन्दर्भद्वारा उपन्यासमा प्रस्तुत यी प्रसङ्गहरूमा क्षेत्रगत, वर्गगत तथा वर्णगत रहेर मूल धारको प्रभावशाली संस्कृतिमा रहेकाहरूले अन्य सांस्कृतिक समूहलाई सहन गर्न नसक्ने संस्कारगत दोष प्रकट छ, जसका कारण प्रभुत्वशाली पिँढीले पर्याप्त दबाब र तनाव बेहोरिरहेको अवस्था पनि मूर्त भएको छ ।

प्रस्तुत उपन्यासमा प्रभुत्वशाली पिँढीगत अनुभूति शीतल क्षेत्रको ठुलो सहरबाट त्यस सानो सहरमा पुगेकी सम्पन्न महिलाद्वारा पनि व्यक्त भएको छ । गर्मीले आकुलव्याकुल भएकी महिलाले एक्कावालालाई शीतल ठाउँमा लैजाने आदेश दिएकी छ । एक्कावालाले त्यस सहरमा महिलाले खोजेजस्तो ठाउँ नभएको बताएको छ । त्यस बेला महिलाका दबाब र तनावका तात्कालिक अनुभूति उपन्यासमा उसको अनुहारले लिएको विकृत स्वरूपमा समेत प्रकट हुँदै उसको गर्जनसहित यसप्रकार प्रस्तुत छ,

> धिक्कार होस् तँलाई र तेरो यस चुत्थो शहर भनाउँदोलाई । चारवटा सेता घर खडा हुँदैमा कहीँ शहर बन्छ ? शहरको सभ्यता, पोशाक र भाषा बेग्लै हुन्छ । त्यो यहाँ केही छैन । दुई बीडा पान खाएर पिच्च थुक्दैमा तिमीहरू आफूलाई शहरिया सम्झन थाल्छौ । शहर भनेको त्यो ठाउँ हो जहाँबाट हामी आएका छौँ । यस्तो घोडाको लिदी र नाल गन्हाउने नर्कमा म त हग्न पनि आउने थिइनँ । (पृ.१३२)

जलवायु र स्थानगत भेदमा महिलामा निःसृत यस क्षेत्रगत भिन्नताको अनुभूतिमा अधीनस्थ पिँढी र समुदायप्रतिको प्रभुत्वशाली पिँढीको हेयपूर्ण भावको पनि अभिव्यक्ति रहेको छ । वैकल्पिक संस्कृति र त्यसका संवाहकलाई हेयपूर्वक हेर्ने, लाञ्छित गर्ने जस्ता उसका असहिष्णु

प्रवृत्तिमा मूलधारको संस्कृतिगत दोष समाहित भएको छ । त्यस्तै, सानो सहरको असुविधामा रहनुपर्दा कलकत्ताबाट आएकी अणुले पनि खुसीका अनुभूति सँगााल्न सकेको देखिँदैन (पृ.८७) । यसप्रकार ठुलो सहरको रसबसमा भिजेका अणु, सहरी महिला, डाक्टर्नीलगायतका पात्रहरूका लागि त्यस सानो सहरको बसाइ कष्टप्रद देखिन्छ । ती प्रभुत्वशाली पिँढी प्रतिनिधिहरूमा सिर्जित क्षेत्रीय विभेदका दबाब र तनावजन्य अनुभूतिमा पनि त्यस कालखण्डको मधेसी सहर सजीव बनेको छ ।

निष्कर्षतः सीमाञ्चलका रूपमा रहेको वीरगन्ज तत्कालीन अवस्थामा सानै सहरको स्वरूपमा भए पनि भारतका तर्फबाट भइरहेको भौतिक संस्कृतिको प्रसारणसँगै विज्ञान प्रविधिसहितको क्रमिक विकासको गतिमा अघि बढ्दो अवस्थामा छ । त्यसैले पनि शिक्षा तथा वैश्विक चेतका प्रभावमा उपन्याममा प्रस्तुत प्रायः प्रभुत्वशाली पिँढी प्रतिनिधिहरू रूढ चरित्रका नभई गतिशील प्रवृत्तिसहितका छन् । तिनमा दोषभन्दा गुणको आधिक्य रहेको छ तथापि प्रभुत्वशाली संस्कृतिगत वर्गीय तथा लैङ्गिक भेदभावका तिनमा निर्मित संस्कारजन्य अनुभूतिले भने सामन्तकालीन पुरुषसत्ताको सामाजिक संस्कृतिको निरन्तरतालाई मूर्त बनाएको छ ।

## ३.८ *अविरल बग्दछ इन्द्रावती* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीको अनुभूतिको संरचना

*अविरल बग्दछ इन्द्रावती* उपन्यासमा अभिव्यक्त प्रभुत्वशाली पिँढीका अनुभूतिका संरचनाहरू वर्गीय, जातीय, लिङ्गीय तथा पुस्तान्तरजन्य विविध परिप्रेक्ष्यका रहेका छन् । उपन्यासमा अभिव्यक्त तिनै अनुभूतिका संरचनाहरूको विश्लेषण गर्नुपूर्व यहाँनेर तिनको निर्माणमा आधार बनेको सामाजिक संरचनाको परिचय प्रस्तुत गरिएको छ ।

### ३.८.१ अनुभूतिको संरचना निर्माणको पृष्ठभूमिका रूपमा रहेको सामाजिक संरचना

*अविरल बग्दछ इन्द्रावती* (२०४०) उपन्यासकार रमेश विकल (१९८५-२०६५) द्वारा लिखित चर्चित उपन्यास हो । नेपाली साहित्यिक क्षेत्रमा रमेश विकल नामबाट चिनिने रामेश्वर शर्मा चालिसेका अरू प्रकाशित औपन्यासिक कृतिहरूमा *सुनौली* (२०३१) र *सागर उर्लिन्छ सगरमाथा छुन* (२०५२) रहेका छन् । सामाजिक यथार्थलाई भावभूमि बनाउँदै उपन्यास सिर्जना गर्नु उनको मूल प्रवृत्तिगत वैशिष्ट्य हो । उनका तीनवटै उपन्यासहरूमा मूलतः पञ्चायत कालखण्डको नेपाली समाजले अभिव्यक्ति पाएको छ । यसरी आफू बाँचको युग, समाज र परिवेशलाई उनले आफ्ना उपन्यासमा जीवन्त बनाएका छन् । विकलको *अविरल बग्दछ इन्द्रावती* उपन्यासलाई सामाजिक यथार्थवादी धारा (प्रधान, २०५२, पृ.११५), समाजवादी यथार्थवादी धारा (सुवेदी, २०६४, पृ.४७१; बराल र एटम, २०६६, पृ.१४८), आलोचनात्मक यथार्थवादी धारा (लुइटेल, २०६९, पृ.२००) आदि यथार्थवादका विभिन्न उपधारा अन्तर्गत राखेर अध्ययन तथा

मूल्याङ्कन गरेको पाइन्छ । यस उपन्यासको प्रमुख विशेषता भने सामाजिक यथार्थकै प्रकटीकरण रहेको छ ।

प्रस्तुत उपन्यासमा पूर्वी पहाडी नेपालको ग्रामीण परिवेश र त्यहाँको सामन्तवादी भेदभावपूर्ण सामाजिक-सांस्कृतिक अवस्थाका परिप्रेक्ष्यलाई आधार बनाउँदै पञ्चायतकालीन राजनीतिक व्यवस्थाका सन्दर्भको नेपाली सामाजिक संस्कृतिलाई जीवन्त चित्रण गरिएको छ । उपन्यासकार विकलले आफू जन्मेहुर्केको समय र परिवेशकै सामाजिक संरचनालाई प्रस्तुत उपन्यासमा जीवन्त बनाएका छन् । उनको जन्म उच्चवर्गीय ब्राह्मण परिवारमा भएको हुँदा सामन्तवादी भेदभावजन्य व्यवहारसँग उनी राम्ररी परिचित छन् । आफ्नो बाल्यकालीन जीवन सम्पन्न पारिवारिक पृष्ठभूमिमा व्यतीत हुनु, घरमा नोकरचाकर रहनु, आफ्ना हजुरबा घननाथ चालिसेको ती निम्नवर्गप्रतिको हैकम, कठोरता, दण्ड, सजायका साथै दया र करुणाको कूटनीतिबाट पनि उनी भलिभाँती परिचित रहनु, हजुरबाका सामन्तवादी व्यवहारबाट भने आफू असन्तुष्ट रहनु आदि बारेमा विकल स्वयंले खुलासा गरेका छन् (२०६०, पृ.६) तथापि सामन्तवादी पृष्ठभूमिमा हुर्काइको प्रभावले आफ्नी दिदी तथा दौंतरीमाझ उनी शासकतुल्य हुँदै हठी, हैकमी र जिद्दी व्यवहार प्रस्तुत गर्नु जस्ता आफ्ना प्रारम्भिक जीवनगत आचरणको पृष्ठभूमिलाई पनि उनले प्रस्ट पारेका छन् (२०६०, पृ.१३) । अतः विकलले आफ्ना हजुरबुबाका कतिपय सामन्तशाही स्वभावलाई प्रस्तुत उपन्यासका प्रमुख पात्र बूढा काजीको चरित्रमा निरूपण गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासले पहाडी ग्रामीण क्षेत्रको बन्द स्वरूपको सामाजिक संरचनामा बसोबास गर्ने विशेषतः माझी समुदायको जनजीवनका दुरवस्था र त्यस समुदायको युवा पिँढीमा उदाउँदो नवचेतलाई कथ्यकेन्द्रमा राखेको छ। उपन्यासमा अभिव्यक्त समयसन्दर्भ पञ्चायतकालीन शाासनव्यवस्थाको मध्य समय रहेको छ। यस तथ्यले उपन्यासमा यस्तो अनुभूतिमा प्रस्तुति पाएको छ, "दुई वर्ष अगाडिको कुरो हो । देशमा पञ्चायत लागु भएर पनि दुई चुनाउ सकिइसकेको थियो । तेस्रो पल्टको चुनाउको वेला गाउँ पञ्चायतको चुनाउलाई लिएर गाउँमा निकै हल्ला भयो" (पृ.४७) । त्यस्तै, क्षत्री जातिका काजी खानदानले आधिपत्य जमाएर बसेको त्यस इन्द्रावती किनारको क्षेत्रमा माझी तथा दनुवार जस्ता आदिवासीको बसोबास रहेका आँपटार, भिउँटार, भाङ्टार, जोगीटार गाउँहरू, केही तामाङ गाउँ, पारि बाहुन गाउँ रहेका जस्ता उपन्यासमा वर्णित सन्दर्भहरूले कथानकको कार्यपीठिका राजधानीदेखि उत्तरपूर्वी नेपालको इन्द्रावती नदीले सिञ्चित पहाडी ग्रामीण क्षेत्रलाई बनाएको देखिन्छ (पृ.११) । इन्द्रावती किनारको त्यस पहाडी क्षेत्रमा अधीनस्थ वर्ग विकास निर्माणका उपलब्धिबाट पूर्णतः वञ्चित रहेको, पञ्चायती शासन व्यवस्थाको तेस्रो चुनावको अवस्थासम्ममा पनि बन्द सामाजिक घेरामा बन्धित रहेको, आर्थिक दुरवस्थाले मात्र होइन कानुन, न्याय, शिक्षा सबै पाटोबाट वञ्चित रहेको मूलतः माझी पुस्ता मूलधारको सांस्कृतिक प्रभुत्वमा सबै खाले उत्पीडन खेपिरहेको स्थिति छ ।

उपन्यासमा अभिव्यक्त तत्कालीन ग्रामीण समाज सामन्तवादी संस्कृतिले ग्रस्त छ। राणाको हुकुमी शासन शैलीलाई पछ्याउँदै र आर्थिक प्रभुत्व देखाउँदै शासन, सत्ता र शक्तिमा पूर्णतः पहुँच राख्न सफल काजी खान्दान उपन्यासमा प्रभुत्वशाली वर्गका रूपमा उपस्थित छ र त्यस पुरै गाउँलाई शासन गर्नमा केन्द्रित छ। यसप्रकार राणाकालीन शासन व्यवस्था फेरिए पनि शासनगत प्रवृत्ति फेरिन नसकेको अवस्था पनि उपन्यासमा प्रस्तुत छ। आर्थिक सम्पन्नताका आधारमा ठालु कहलिएको सिङ्गो वर्ग काजीप्रवृत्तिको अनुमोदन र अनुसरण गर्दछ; अधीनस्थ युवावर्गमा उदाउँदो चेतनामा क्षुब्ध र सशङ्कित हुन्छ; समाजका शिक्षित र राजनीतिक सचेतता बोकेको पिँढीविशेषको जनजागृतिको भूमिकालाई लिएर आक्रोशित हुन्छ। त्यहाँ उच्च वर्ग र निम्नवर्ग बिच चर्को विभेद कायम छ। त्यत्तिखेरसम्म पनि रैती अवस्थामा रहेको माझी समुदाय सामन्त वर्गको चरम शोषण र उत्पीडनको कारण उठ्नै नसक्ने गरी थिल्थिलिएको छ; अर्धदासको हैसियतमा छ। उपन्यासमा इन्द्रावती किनारको त्यस गाउँका बासिन्दा अड्डाअदालतको कामकारवाहीका निम्ति सबै चौतारा धाउनु पर्ने स्थिति तथा इन्द्रावती वारपार गर्न एकमात्र साधन डुङ्गाले धान्नुपरेको अवस्थाको प्रस्तुति छ। त्यस्तै, शैक्षिक चेतनाको प्रसारणमा स्थानीय सरकारको लगाव देखाउन मात्रका लागि सहरबाट शिक्षक ल्याई जनश्रमदानसमेतमा त्यहाँ प्राथमिक विद्यालय स्थापना त भएको छ तर त्यस विद्यालयमा युवा पुस्तालाई लक्ष्यित गरी चलाइएको रात्रि प्रौढ कक्षासमेत शासकीय स्वार्थ विपरीत भएपछि बन्द गरिएको अवस्था छ। उपन्यासमा प्रस्तुत यी सन्दर्भहरूले राजधानीबाट धेरै टाढा नरहेको जिल्लाको त्यो गाउँ त्यस कालखण्डसम्ममा पनि दुर्गम अवस्थामै रहेको यथार्थलाई प्रकट गरेको छ। यस उपन्यासमा प्रस्तुत त्यस ग्रामीण समाजमा व्यापार-व्यवसाय, उद्योगधन्दाका अभावले आर्थिक गतिविधि शून्यप्रायः छ। त्यसमाथि गाउँका सबैजसो जग्गाजमिन काजी खान्दानकै स्वामित्वमा रहेको, सम्पूर्ण आर्थिक गतिविधि काजी परिवारद्वारा नियन्त्रित रहेको कारणले आम ग्रामीण जनतामा पुँजी परिचालनको अवस्था शून्यप्रायः छ। जग्गाजमिनमाथिको पहुँच क्रमशः खोसिँदै जानुले माझी, दनुवार समुदायका लागि कृषिक्षेत्र निर्वाहमुखी समेत बन्न सकेको देखिँदैन। अर्थोत्पादन नहुँदा माझी युवाहरू आफ्नो पुर्ख्यौली पेसाप्रति, खोलाप्रति आस्थावान् हुन सकिरहेका छैनन्। ठाउँठाँउमा बाटाघाटा निर्माण हुन थालेको, विकास निर्माण सुरु भएको खबरले माझी-दनुवार समुदायमा हलचल उत्पन्न भएको छ। युवाहरू गाउँको सीमाना काटेर कोही दोलालघाट, कोही धनकुटा तथा पाँचखालको मोटरबाटो निर्माणमा श्रम बेच्न पुगेका छन्। ती समुदायका एकाध छोराहरू भने घर छोडेर काठमाडौँ वा देशबाहिर लाहुर पुगेको स्थिति पनि छ (पृ.२७)। यसप्रकार युवा पिँढी परम्परित पेसाभन्दा फरक आर्थिक गतिविधिमा संलग्न हुन थालेको छ।

उपन्यासमा जातीय समुदाय विशेषलाई चिनारी गराउने नामकरण, पहिरन, खानपिनसँगै तिनको जीवनशैलीमा संस्कृतिका भौतिक तथा आत्मिक दुवै सन्दर्भहरूले खुलेर प्रस्तुति पाएका छन् भने वर्गीय भेदको संस्कृतिलाई पनि पहिरन, खानपिन तथा जीवनयापनका निमित्त प्रयुक्त

भौतिक वस्तुहरूले प्रकट गरेका छन् । आफ्ना थातथलो भन्दा बाहिरी संसर्ग कति पनि नपाउने त्यस माझी समुदायका महिलाहरू माछासहितको बर्कोले बेरिनु, ती पेरुङ्गो, जाल, बल्छी साथमा बोकेर कर्मशील जीवनयापनमा व्यस्त देखिनु, अनि माझी समुदायको मिजार हैसियतमा रहेको भूमाकै निर्वाह शैलीको अति नाजुक अस्थाको जीवनयापनको सन्दर्भका उपन्यासमा वर्णित परिदृश्यमा निम्नवर्गीय संस्कृति सजीव बनेको छ ।

प्रस्तुत उपन्यासमा माझी संस्कृति पनि मूलधारमा रहेको हिन्दु धर्मसंस्कृतिबाटै अनुप्राणित रहेको अवस्थाले पनि प्रस्तुति पाएको छ । तिनबाट तिथिपरम्पराको अनुसरण हिन्दु धर्मानुसार नै देखिन्छ । माझी 'पित्र उतार्ने पर्व' जसले भने त्यस समुदायलाई त्यहाँको बाहुन, क्षेत्री, भोटे-दनुवारभन्दा फरक राख्न सकेको छ । त्यस समुदाय संस्कारगत रूपमै अन्धविश्वासमा जकडिएको र चेतनाहीनता रुमल्लिएको अवस्थालाई उपन्यासमा माझी-दनुवार समुदायका युवाहरू लाहुर गएपछि फर्कँदैनन् र ती लाहुरमा घोरमुखाको, लमकन्नाको आहार बन्नुपर्दछ भन्ने भ्रम पालेर बसेको गाउँबासीको स्थिति, झाँक्री जस्ता 'जान्ने'को शरणमा रहेर मुर्कुट्टो, भूतप्रेत, छौँडाबाट मुक्त हुने विश्वास जस्ता रूढि र अन्धताप्रतिको तिनको मोहलाई उपन्यासले सहज प्रस्तुति दिएको छ । साथमा माझी लोकसंस्कृति विशेषको आत्मिक स्वरूप तिनका संस्कारजन्य गीत, सङ्गीत तथा नाचकीर्तनमा तिनले लिने आनन्दानुभूतिमा प्रकट भएको छ । उपन्यासमा प्रस्तुत प्रभुत्वशाली युवा पिँढी प्रतिनिधिका चरम व्यभिचारयुक्त जीवनशैली तथा निम्नवर्गप्रतिका उद्दण्डपूर्ण व्यवहारमा उसकै बाबुसमेत दुःखी र आजित भएको अवस्थामा पुस्तान्तरबिचको द्वन्द्वका साथै त्यतिखेर युवा पुस्तामा देखा परिरहेको सांस्कृतिक विचलनको पनि सम्बोधन हुनसकेको छ ।

लैङ्गिक भेदभावको सामन्ती संस्कृतिले त्यस बेलाको सामाजिक संरचना पनि जीवन्तता पाइरहेको अवस्थालाई प्रस्तुत उपन्यासले मूर्त बनाएको छ । उपन्यासमा मूलधारको संस्कृतिका संवाहकद्वारा वैकल्पिक संस्कृतिका नारीहरूप्रतिको वासनात्मक दृष्टि र प्रभुत्वशाली संस्कृतिमा तिनको अधीनस्थ दशालाई सशक्त प्रस्तुति दिइएको छ । साथै, माझी समाज बाहुनक्षत्रीको समाजभन्दा केही खुल्लापन बोकेको भए पनि नारी चरित्रलाई लिएर सशङ्कित रहने अवस्था त्यस समाजमा पनि रहेको सन्दर्भका नारीले सँगालेका उत्पीडनजन्य अनुभूतिले उपन्यासमा अभिव्यक्ति पाएको छ । त्यस्तै, उपन्यासमा प्रस्तुत अधीनस्थ समुदायकी एकमात्र सङ्घर्षशील र जुझारु नारीपात्र लालगेडीसमेत अन्ततः मूलधारको संस्कृतिमै समायोजन भएको अवस्थाले त्यस सामाजिक संरचनामा पुरुषसत्ताको जब्बर अवस्थितिलाई पनि प्रकट गरेको छ ।

प्रस्तुत उपन्यासमा तत्कालीन केन्द्रीकृत शासन पद्धतिका कारण शिक्षा र प्रशासनमा ग्रामीण परिवेशमा रहेका जनताहरूको पहुँच कठिन रहेको, न्यूनतम प्रशासनिक कामकारवाहीका लागि पनि सदरमुकाम र सहरै धाउनुपर्ने अवस्था रहेको तथापि आफ्नोभन्दा विकसित फरक परिवेशसँगको संसर्ग पाएका युवा पुस्तामा भने समसामयिक चेतको उद्‌बोध हुँदै गएको,

निर्वाहसम्म पनि धान्न नसक्ने जीविकाबाट आजित हुनथालेपछि युवाहरूको गाउँ छाड्ने क्रम बढ्नुले पारिवारिक सङ्गठन खुकुलो बन्न थालेको अवस्थाको अभिव्यक्ति छ। अतः त्यस क्षेत्रमा क्षत्री परिवारको राजनीतिक हालिमुहाली र आर्थिक शोषणमा मूलतः त्यहाँ बसोबास गर्ने माझी समुदायका साथै अरू दनुवार, सन्न्यासी, तामाङलगायत ब्राह्मण समुदायसमेत उत्पीडन भोगिरहेका तथापि ती अधीनस्थ समुदायका अघिल्लो पुस्ता पूर्णतः अधीनस्थ मनोदशा र सहनकै संस्कृतिमा दबिएर रहे पनि पछिल्ला पुस्ताहरू भने विरोध र प्रतिकारको चेतले सबल बनिरहेको अवस्थालाई प्रस्तुत उपन्यासले सशक्त अभिव्यक्ति दिएको छ। त्यसैले त्यहाँ वर्गीय द्वन्द्वको अवस्था टड्कारिन थालेको सन्दर्भसँगै कालखण्डको बदलिँदो समाज पनि उपन्यासमा मूर्त बनेको छ।

विलियम्सका अनुसार सामाजिक संरचनामा विद्यमान पिँढी, समुदायहरू बिचको अन्तरसम्बन्धका क्रममा देखापर्ने अन्तरविरोध र द्वन्द्वले उदीयमान पिँढीको जन्म गराउँछ। प्रस्तुत उपन्यासमा मूल तहको सामाजिक द्वन्द्व दुई भिन्न जातीय अवस्थामा रहेका प्रभुत्वशाली समुदायको क्षत्री जाति र माझी जनजाति समुदायबिच रहेको छ। अर्को प्रकारको सामाजिक द्वन्द्व पुस्तान्तरजन्य रहेको छ र तेस्रो तहको सामाजिक द्वन्द्व भने राजनीतिक सन्दर्भमा प्रकट छ र यी सबैखाले द्वन्द्वको दूरगामी प्रभाव त्यहाँको समस्त सामाजिक संरचनामा देखिन्छ। त्यही परिप्रेक्ष्यमा उदीयमान पिँढीको स्वाभाविक उपस्थिति देखाइनु उपन्यासको सबल पक्ष रहेको भए पनि युवा महिलापिँढी भने शिथिल नै रहेको देखिन्छ। विशेषतः वर्गीय, जातीय तथा लिङ्गीय सबै तहका भेदभावले ग्रसित माझी जातिका युवा पुरुषपिँढीको तत्कालीन सामाजिक संरचनाप्रतिको रोषमा प्रकट परिवर्तनउन्मुख अनुभूतिजन्य गतिविधिले उपन्यासमा सशक्त प्रस्तुति पाएको छ।

### ३.८.२ वर्गीय प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

*अविरल बग्दछ इन्द्रावती* उपन्यासमा प्रभुत्वशाली सांस्कृतिक समूहका रूपमा काजी खानदानले इन्द्रावतीको किनारका बासिन्दामाथि चारपुस्तादेखि शासन र हैकम जमाइरहेको देखिन्छ। बगाल थरको क्षत्री जातिको पहिचान बोकेको त्यस खानदान मूल रूपमा सामन्तवादी संस्कृतिबाट अनुप्राणित छ। त्यसै खानदानका परिवारका पिँढीदर पिँढीले त्यहाँ पहिलेदेखि बसोबास गर्दै आएका जनजातिहरू माझी, दनुवार अनि ब्राह्मण, सन्न्यासी आदि समेतलाई अधीनस्थ दशामा राख्न सकेको छ र पदीय हैसियतका आडमा आर्थिक प्रभुत्व विस्तार गर्दै पुरै गाउँलाई आफ्नो आधिपत्यमा राख्न सफल भएको छ। राणाकालमा चतुर्भुज सिंहका बाजे त्यस ठाउँका एक मामुली हैसियतका क्षत्री हुनु, खाइलाग्दो ज्यानका कारण तुरुन्तै सिपाहीमा बिक्नु, चाकरीद्वारा अफिसरहरूलाई रिझाएर जमदारी हैसियतमा उक्लनु र निमुखा गाउँलेहरूमा धाकरबाफ जमाउन सुरु गर्नु, उसका माहिला छोरा हुकुमसिंहले पनि पल्टनमै जागिर पाएर चाकरीद्वारा राणा हाकिमलाई रिझाई हुद्दा, जमदार, एटनी हुँदै मेजर कप्तानसम्मको शासकीय हैसियतमा आफूलाई उचाल्नु, राजाका पल्टनमा कप्तानी दर्जा पाएका कारण ऊ त्यस गाउँमा मान्य र काजी

हुकुमसिंहका रूपमा स्थापित हुनु नै गाउँमा आधिपत्य विस्तारका लागि उसको बलियो आधार बनेको छ (पृ.१०) । यसरी देश खाई शेष भएको कप्तान काजीका दाउपेच, धुर्त्याइँपूर्ण कुटनीतिमा त्यस गाउँका सानासाना जग्गावाल बाहुन, छेत्री, सन्न्यासी आदिसमेतलाई आफ्नै मुठ्ठीमा पार्दै तिनको उठीबाससमेत गराउनु र त्यहाँका निमुखा अवस्थाका रैथाने बासिन्दा माझी-दनुवारका तथा तामाङका गाउँलाई आफ्नै खुवा बिर्ताभित्र पारेर गाउँबासीलाई रैतान तुल्याउन सफल भएको छ (पृ.११) । त्यस गाउँमा प्रभुत्वको दह्रो अवस्थितिलाई उपन्यासमा प्रस्तुत उपर्युक्त सन्दर्भले राम्रैसँग पुष्टि गरेको छ ।

विलियम्सका मतमा ग्राम्चीले संस्कृतिको जटिल संरचनालाई आधिपत्य र अधीनताका सन्दर्भमा राम्ररी अर्थ्याएका छन् र प्रभुत्वलाई पनि त्यस आधारमा प्रस्ट पारेका छन् (सन् २०१०, पृ.२८) । त्यस गाउँमा पनि काजी खानदानको पूर्णतः आधिपत्य देखिन्छ र त्यस खानदानको पिँढीदर पिँढीद्वारा निरन्तर प्रसारित प्रभुत्वमा त्यस गाउँका अन्य पिँढी/समुदायहरू सबै नै अधीनस्थ बनेका छन् जसमार्फत त्यस कालखण्डसम्म नै निरन्तर प्रवाहमा रहेको सामन्तवादको नग्न तस्बिर उपन्यासमा सजीव बनेको छ ।

राणाकालीन सामन्तवादी परिवारमा हुर्किएको र राणाशासन पत्तनको अवस्थालाई पनि देखेबुझेको हुनाले हुकुमसिंहका छोरा गरुडध्वजको तीव्र मस्तिष्कले युगको तकाइ ठम्याउन सकेको छ । त्यसैले उसले सामन्ती संस्कारमा समयसापेक्ष परिवर्तन ल्याएको छ । आफ्ना बाबुको क्रूर, अमानुषिक र दमन शैलीको शासकीय वृत्तिभन्दा आफ्ना ठाउँबाट उसले पृथक् सहमतीय शैलीको शासनपद्धति अङ्गीकार गर्दै आएको छ तर ऊपछिको नव पुस्ता प्रतिनिधि त्रिलोचनकाजी भने पञ्चायतकालीन शासकीय अवस्थाको विद्रूप चरित्र लिएर प्रस्तुत भइरहेको छ । यसप्रकार बूढा काजी अर्थात् गरुडध्वजसिंह शुद्ध सामन्तवादी चरित्रका रूपमा रहेको र साना काजी अर्थात् त्रिलोचनसिंह अर्धसामन्तवादी र अर्ध पुँजीवादी सङ्क्रमणकालीन छद्म चरित्रकका रूपमा प्रकट भएको देखिन्छ (पृ.२१५) । सञ्जीव उप्रेती (२०६९) का अनुसार प्रस्तुत उपन्यासमा प्रत्यक्ष दमनमा आधारित राणाशासनको अवसानबाट पाठ सिक्तै उदारवादी भएका बूढा काजीको जनतालाई फकाएर शासन गर्ने परिपाटीको विपरीत साना काजी भने प्रत्यक्ष, दमनकारी नीति अवलम्बन गर्दछ र ऊ त्यसै अनुरूप नयाँ साम्राज्य खडा गर्न उद्धत छ । यसरी बूढा काजी र उसको छोरो सानाकाजीले आआफ्नै ढङ्गले दमनकारी संयन्त्रको प्रयोग गरेका छन् (पृ.१८३) । उपन्यासमा प्रस्तुत बूढा काजी र साना काजी दुवै प्रभुत्वशाली पिँढी प्रतिनिधिहरूले नव उदीयमान पिँढीद्वारा भएगरेका प्रतिरोधका सन्दर्भमा पर्याप्त दबाब र तनाव बेहोरिहेको अवस्था छ र त्यस परिवेशमा आ-आफ्ना किसिमका अनुभूतिको संरचना पनि तिनमा निर्माण भइरहेको देखिन्छ ।

राणाकालमै देश खाई शेष भएका हुकुम सिंह अर्थात् कप्तान काजीको गाउँमा रजाइ र शासित जनताप्रतिका व्यवहार गराइका सन्दर्भमा निःसृत अनुभूतिको संरचनाले उपन्यासमा यसप्रकार अभिव्यक्ति पाएको छ,

> यसरी लौ त भने इन्द्रावतीवारिको यो सम्पूर्ण सेरोफेरो आवादी, बस्ती, वनजङ्गल, डाँडा-खोरिया, पर्ती-पाखो आफ्नै खुवाभित्र समेटेर कप्तान काजी यस ठाउँका अघोषित राजा नै भए । जसरी उनी तल्लो हैसियतबाट अनेक तिकडम, दाउपेच, धुर्त्याइँ, चलाख्याइँबाट र दासप्रवृत्तिको नग्न प्रदर्शनबाट माथि उठेका थिए, त्यत्ति नै उसको हृदय क्रूर र स्वार्थी थियो । आफ्नो स्वार्थको बाटोमा अलिकति पनि छेकबार बन्न सक्ने जस्तो कुनै व्यक्तित्व देखा पऱ्यो भने उनी कसरी त्यसलाई जरोमूलोदेखि नै उखेलेर फ्याँक्ने भन्ने कुरामा चाणक्यभैँ सक्रिय भैहाल्थे । कसैलाई कसरी सूलीको टुप्पामा चढाउनुपर्छ, कसलाई कसरी रसातल पठाउनु पर्छ र त्यो कसरी सिद्ध गर्न सकिन्छ भन्ने कुरा त उनले पल्टनमा छँदै सिकिसकेका थिए । त्यसैले यस नीतिलाई उनी गाउँमा कठोर भन्दा कठोर रूपमा र अमानुषिकभन्दा अमानुषिक रूपमा व्यवहारमा लगाउन चुक्तैनथे । (पृ.११)

उपन्यासमा प्रस्तुत यस अनुभूतिको संरचनामा राणाकालीन शासनपद्धतिमा गरिबप्रति चरम उत्पीडनकारी शासकीय संरचनाको वास्तविक स्वरूपलाई उदाङ्गो बनाइएको छ । यहाँनेर राणाकालीन बाजे पुस्ता हुकुम सिंहद्वारा सिङ्गै गाउँलाई नियन्त्रणमा लिँदै अवलम्बन गरेको शासनपद्धति पञ्चायत कालखण्डसम्म आइपुग्दा पनि उही वंशजका नाति पुस्ता साना काजीले उही शैलीमा डोऱ्याइरहेको अवस्थाको प्रस्तुतिद्वारा शासनव्यवस्था त परिवर्तन भएको तर शासनप्रवृत्ति फेरिन नसकेको यथार्थ अवस्थालाई पनि प्रस्तुत गरिएको छ ।

निमुखा वर्गलाई निरन्तर अधीनस्थ राख्नमा दत्तचित्त रहनु सामन्तवादी चरित्र बोकेको प्रभुत्वशाली पिँढीको मूल वैशिष्ट्य हो । प्रस्तुत उपन्यासमा बूढो काजी आफ्ना रैतीप्रति दयामायाको नरम बोलीव्यवहार प्रकट गर्ने मानवीय चेतयुक्त पात्रका रूपमा देखापर्दछ । उसले आफ्नै समवयी भूमा माझीको मिलौँतीसँग वैवाहिक सम्बन्ध स्थापना र जगेर्नामा सौजन्यपूर्ण भूमिका खेलेको छ (पृ.६) । मिलौँतीलगायत गाउँका युवतीहरूप्रति उसले वासनात्मक कुचेष्टा राखेको पाइँदैन । लालगेडी अपहरण काण्डपछि भूमाप्रति द्रविभूत हुँदै उसले लालगेडीलाई फेला पार्न आफ्नो धन, मन र बुद्धि प्रयोग गर्ने स्वच्छ चेष्टा देखाएको छ (पृ.२१३) । यी सन्दर्भमा पनि उसका उदार मानवीय व्यवहार प्रकट हुनसकेको छ तथापि उसको समग्र व्यक्तित्व सामन्तवादी चरित्रकै उपजको रूपमा देखा परेको छ । यस तथ्यले काजी खानदानद्वारा नै अधीनस्थ समुदायमाथि वर्गीय शोषणले निरन्तरता पाइरहेको अवस्था उपन्यासमा आख्यानकारको अनुभूतिमार्फत यसप्रकार अभिव्यक्त भएको छ,

हुन त बूढाकाजीको छोरा त्रिलोचन नयाँ जमानाको नयाँ राजनीतिक परिस्थितिको उपज थियो, जमाना अनुरूपको शिक्षादीक्षाबाट पनि सिँगारिएको थियो तर पनि बाबुको चरित्रसँग उनको चरित्र बिलकुलै मेल नखाने थियो । जहाँ बूढा काजी आफ्ना रैतीमाथि सहानुभूति र नरमीको व्यवहारबाट उनीहरूमाथि चोटको अनुभव हुन नदिई हैकम गर्ने, उनीहरूको श्रम र पसिनाको उपभोग गर्ने, सिद्धान्तमा विश्वास गर्थे र प्रेमका माध्यमले रैतीहरूको शोषण गर्थे, त्यहाँ त्रिलोचन उनीहरूमाथि बाजेको पालाजस्तो कठोर र निर्दय शासन गर्न हरबखत उद्दण्ड भएर उनीहरूको शिरमाथि चढिरहन्थ्यो । ऊ बाबुको स्वभावको बिलकुलै विपरीत उद्धत, निर्दयी र तामसी स्वभावको थियो । हुन त उसले पनि यस क्षेत्रमा आफ्नो र आफ्ना खानदानको अखण्ड हाँक-हैकम राख्ने महत्त्वाकाङ्क्षा राखेर राजनीतिमा खुट्टो हालेको थियो । ऊ पञ्चायतको मार्फत हुँदै देशका उच्च कमानमा पुग्ने सपना देख्यो, तर उसको राजनीति बाबुको भन्दा बेग्लै-डन्डा र दमनको राजनीति थियो । त्यसले बूढा काजीसँग उनको राय मिल्दैनथ्यो । (पृ.१७)

बूढा काजीको शोषण प्रवृत्तिको ढाँचालाई पनि प्रस्तुत उद्धृतांशले स्पष्ट पारेको छ । रैतीको श्रम र पसिनाको उपभोग गर्न, आर्थिक शोषण गरिरहन सहानुभूति र नरमीको व्यवहार अवलम्बन गर्ने बूढा काजीको शासकीय प्रवृत्ति सहमतीय शैलीको छ । त्यस विपरीत पञ्चायती शासन व्यवस्थाको डन्डा र दमनको शैली अङ्गीकार गरी रैतीलाई वर्गीय अधीनस्थ राखिराख्ने त्रिलोचनको शासकीय शैलीका कारण रैतीले झन् उत्पीडन बेहोरिरहेको अवस्था छ । यसरी माध्यम फरक-फरक भए पनि दुवै बाबुछोराको मूल साध्य चाहिँ शोषण गर्नु नै रहेको छ । दुवैमा गाउँमा अधिकार जमाउने र हैकम स्थापना गरिरहने महत्त्वाकाङ्क्षा रहेको छ (पृ.१८) । त्रिलोचनले बाजेहरूको पालाको राणाकालीन शासन व्यवस्थामा हुँदै आएको आततायी ढङ्गले शोषण गर्ने परिपाटीलाई नै पञ्चायती शासन व्यवस्थामा पनि सत्ता र शक्तिके आड पाएर अघि बढेको देखिनुले व्यवस्था फेरिए पनि शासन पद्धति नफेरिएको अवस्था उदाङ्गो भएको छ । सामन्तवादबाट पुँजीवादतर्फ उन्मुख सङ्क्रमणकालको त्यस अवस्थामा पनि नेपाली ग्रामीण समाजमा सामन्तवादी प्रवृत्तिकै बोलवाला देखिन्छ ।

बूढा काजी छोरोको सहरिया पाहुनाको सत्कारमा तिनका नाजायज माग पनि पूरा भइदेओस् भन्ने कामना राख्न विवश हुँदै त्यस सन्दर्भमा उसले दबाब र तनाव झेलिरहेको छ । त्यस अवस्थामा उसले भूमालाई यस्तो आदेश दिएको छ, “सहरबाट सानो काजी आउँदैछ, उसका साथमा उसका केही साथी पनि अवश्य आउलान् । मेरो इज्जत नजाओस्” (पृ.१८) । यसरी छोराका गलत कृत्यहरूलाई पूरा गराउँदै आएको प्रभुत्वशाली पिँढी प्रतिनिधि बूढो काजीले सर्वोपरितामा तथाकथित तडकभडकको खानदानी इज्जतलाई नै राखेको देखिन्छ । यसप्रकार माझीहरूका पुस्तैनी पेसामासमेत हस्तक्षेप गर्दै अप्राकृतिक ढङ्गले सहरिया पाहुनाको माछा मार्ने लहडका निम्ति विना ज्याला दुवाली थुनिदिएर माझीहरूले तिनलाई स्वागत गर्नुपर्ने माग बूढा काजीको रहेको छ । श्रमशोषणको आफ्नो यस अमानवीय व्यवहारमा भने उसलाई इज्जत गुम्ने

भय देखिँदैन । यसरी 'इज्जत'सँग जोडिएको सत्य पनि प्रभुत्वशाली पिँढीद्वारा निरूपित हुनुपर्छ भन्ने अचेतन तहदेखिकै स्वीकृतिमा, विश्वासमा ठेस लाग्दा उसले दबाब र तनावको अनुभूति सँगालेको छ । त्रिलोचनले पनि आफूले अवलम्बन गर्दै आएको शासकीय शैलीबारेका आफ्ना अनुभूति बाबुसमक्ष यसप्रकार प्रकट गरेको छ, "बुबा ! हजूरले यी सुँगुरलाई जति सुम्सुम्याइबक्सिन्छ यिनले त्यति हजूरको मुख चाट्न आउँछन् । गधालाई त जति भारी बोकाउन सक्यो उति फुर्तिले हिँड्छ" (पृ.१७) । छोराको यसप्रकारको मानिसलाई 'सुँगुर' र 'गधा' का रूपमा हेर्ने मनुष्यत्वहीन सोचाइ र पशुवत् व्यवहारमा बाबुले समेत पटकपटक दबाब र तनाव बेहोरेको छ तर मान्छेलाई मान्छेसरहकै व्यवहार गरिनुपर्ने बूढा काजीको संवेदनशीलता पनि टिकिराख्न नसक्नुमा उसमा निहित प्रभुत्वशाली पिँढीगत चेतले नै विजय पाएको अवस्था हो । उपन्यासमा यस सन्दर्भले यस्तो अनुभूतिको संरचनामा अभिव्यक्ति पाएको छ,

> बूढा काजीले एकपल्ट मुखबाट तमाखुको बुङ्ङ धूवाँ उडाउँदै केही भन्न मुख खोले । तर यसपल्ट किन हो उनका आँखामा किञ्चित अनिश्चितता र किञ्चित ग्लानिको भाव क्षणिक रूपमा प्रज्ज्वलित भयो । उनी रातदिन माछालाई जालमा फसाउने लटमुखा मान्छेहरूलाई आफ्नो जुन मीठो, चिप्लो कुराको महाजालमा फसाएर आफ्नो स्वार्थी अभीष्ट पूर्ति गर्ने प्रयासमा थिए, सायद त्यसको अनौचित्यको आभास उनको मनमा थियो र त्यसबाट जन्मेको एउटा अपराध बोध पनि । तर यो भाव उनको ज्यादै क्षणिक थियो । उनी त्यति भावुक थिएनन् व्यवहारी थिए । व्यवहारमा थोरबहुत दाउ त जसले पनि खेल्छ । (पृ.९७)

छोराको गाउँमा हबेली बनाउने इच्छा साकार गर्न निमुखा माझीको एक मात्र सामूहिक खेत 'काभ्रे पाटो' हडप्ने बूढा काजीको योजना र त्यस कृत्यप्रति आफूमा उत्पन्न अपराधबोध र ग्लानिको अनुभूति पनि क्षणिक मात्र छ । यसप्रकार उसको स्वार्थी अभीष्ट पूरा गर्ने षड्यन्त्र कति गलेको देखिँदैन । 'हबेली' बनेपछि सिङ्गो गाउँकै इज्जत बढ्ने, जुन गाउँलेको पनि इज्जत भएको, हबेलीमा राजाका मान्छेहरू सुब्बा, सर्दार, खरदार, हाकिम आएर बस्ने हुँदा तिनका सामु मनका गुनासा पोख्न सकिने र तिनलाई राजा छेउ पुऱ्याउन सजिलो हुने, सानातिना कामलाई सदरमुकाम धाउन नपर्ने जस्ता भ्रामक आकर्षणमा सुधा गाउँलेलाई लठ्याउने उसको प्रपञ्चले मूलधारको संस्कृति विस्तारको प्रक्रियालाई प्रकट गरेको छ (पृ.९८) । त्यस काभ्रे पाटोका साटो माझीका चालीस धुरीलाई मनग्गे खानपुग्ने बगरको खेत दिने र तीन वर्षका लागि कुत पनि माफ गरिदिने बताउँदै धर्म कायम राखेकामा ऊ गर्व प्रकट गर्छ (पृ.१००) । उसको यस कुटिलपूर्ण चाप्लुसी भनाइमा विशुद्ध सामन्तवादी प्रभुत्वशाली पिँढीगत अनुभूति जीवन्त भएको छ ।

बूढा काजीले पानीसरि धन र श्रम खर्चेर पनि अनुत्पादक रहेको बगरको खेत माझीहरूलाई पौठेजोरी खेल्न सुम्पने उसको जुन चाल छ; त्यो अमानवीय छ; धृष्टतापूर्ण छ । प्रत्यक्षतः आफूलाई त्यागी र रैती उद्धारक देखाउने उसले गरेको त्यस कुटिल षड्यन्त्र यथार्थमा

गरिबमारा छ। ठाडै सुनको टुक्रो जस्तो, पाखाको, पानी पनि लाग्ने रसिलो र उब्जाउ धर्तीको साटो रुखो, ढुङग्याने बगर जुन आठ वर्षदेखि त्यसै रहेको छ (पृ.१००), त्यस बगररूपी श्मशान स्विकार्न माझीहरूमा मसक्क आँट उत्पन्न नहुँदा उसले मिजारलाई दबाब दिँदै यसप्रकार धम्क्याएको छ, “जैरे ! त गाउँको मिजार, तँ गाउँकालाई त्यति पनि आफ्नो मतियारमा ल्याउन सक्दैनस् भने तँ के को मिजार ?” (पृ.१०१)। आफ्नो आदेश तत्काल अवलम्बन नहुने देखेपछि तीव्र दबाव र तनाव झेल्दै आफैले समर्थन गरेको मिजार आफ्नो खानदानप्रति नतमस्तक बनिरहनुपर्ने उसको प्रभुत्वशाली संस्कृतिमा अभ्यस्त अनुभूतिले यहाँनेर निकास पाएको छ। यसरी मालिकबाट प्राप्त आदेश अनुसरण गरिरहनु र गराइरहनु नै मिजारको अनिवार्य भूमिका हुनुपर्ने भन्ने बूढा काजीको ठहरमा ‘सत्य’ प्रभुत्वशाली संस्कृतिले जे थोपरेको छ त्यही हुनुपर्ने अवस्था छ। त्यस सन्दर्भमा मिजारद्वारा प्रकट भएको हल्का प्रतिरोधमा पनि तनावग्रस्त हुँदै ऊ प्रतिवादस्वरूप यस्तो स्पष्टीकरण दिन्छ, “सुन् भूमा...तर म पारिको धर्मदत्ते बाहुनका जस्तो रैती मार्ने मान्छे होइन। त्यसैले” (पृ.९९)। ऊ आफ्नो पिँढीगत अहम्मा ठेस पुगेको अनुभूतिमा प्रतिक्रियास्वरूप अधीनस्थ समुदायमा त्रास सिर्जना गर्न मिजारलाई यसरी धम्क्याउँछ, “हेर् भूमा ! यी तेरा केटाहरूले सल्काउन खोजेको डढेलोले मेरो अथवा साना काजीको इज्जत र मर्यादामात्र होइन, यो सम्पूर्ण सेरोफेरो, माथि बाहुने पाटीदेखि तल दोलालघाटसम्मको इन्द्रावतीको सेरोफेरो यहाँका सबै माझी-दनुवार रैतानका गाउँ, वस्ती हुरहुरी सल्काइदिन सक्छ” (पृ.११२)। त्यस्तै, आफ्ना प्रभुत्वशाली चेतमा धक्का लागेको अनुभूतिमा साना काजी झन् आक्रोशमा यस्तो अनुभूति लिएर पोखिएको छ, “त के यी गाउँका चुत्था, नीचहरूले मानेनन् भने हाम्रो हबेली बन्ने रोकिने त ... हजूर ज्यादा यिनीहरूलाई धाप बक्सन्छ। त्यसैले भैमा न भाँडामा हुन्छन्” (पृ.१०१)। अधीनस्थ गाउँलेलाई सदैव ‘चुत्था’ र ‘नीच’ कोटिमा राखेर गणना गर्दै आएको साना काजी तिनको स्वतन्त्र निर्णय स्विकार्ने पक्षमा छँदै छैन भने बूढा काजीले पनि छोरोको इच्छामा तगारो हाल्न कसैले पाउँदैन भन्ने दृढ विश्वासमा छोरोलाई हबेली जसरी पनि बन्ने आश्वासन दिएको छ। यसप्रकार अधीनस्थप्रतिको व्यवहार र उत्पीडनको शैली फरकफरक देखिए पनि बाबु र छोरो दुवैको उद्देश्य उत्पीडनकारी नै छ। त्यस सन्दर्भका दबाब र तनाव दुवैले बेहोरिहेको अवस्था छ।

गाउँमा काजी खानदानले आफ्ना एकाधिकारको शासन सत्तालाई बलियो बनाइराख्न शिक्षा, प्रशासन, कानुन सबै क्षेत्रमा पहुँच राख्दै आएको छ। पछिल्लो चरणमा बूढा काजीले गाउँमा प्राथमिक विद्यालय स्थापना गर्नुको अन्तर्य पनि आफ्नो हाँकहैकमलाई दह्रिलो बनाइराख्न शिक्षाप्रेमी हुनुको लोकप्रियता हासिल गर्नु र आफू समयसापेक्ष रहेको देखाउनु छ। उसको जनताका आँखामा छारो हाल्ने यस कार्यले उपन्यासमा गिरी मास्टरलाई उसले देखाएको मनोवैज्ञानिक त्रासले यसप्रकार थप स्पष्ट पारेको छ, “तिमी धेरै पढेका, गुनी र लायक मान्छे हौ। त्यसैले मैले तिमीलाई सदरको असन-त्यौडको गल्लीबाट उठाएर यहाँ मास्टरको दर्जा दिएर राखेको छु। नत्र तिम्रो योग्यताका ‘साटीपिकेट’ त्यही गल्लीमा कुकुरले झैं पुच्छर लतारेर सड्ने

थियो हो कि होइन ?" (पृ.१५४)। यसरी मास्टरले आफ्नो हैसियत बिर्सेकोमा रूक्ष स्वरमा धम्क्याउँदै र बुझाउँदै उसलाई यसरी गलाएको छ, "आज अन्तेका बेलामा आफूलाई उठाउने हात नै काटेर झार्न खोज्नु त बैगुनी काम होइन र ? ... जुन ठहरमा भतेर खायो त्यसैमा झाडा फेर्नु भन्दा अरू के हो र ... कि के भन्छौं ?" (पृ.१५४)। यहाँनेर गिरी मास्टरद्वारा सञ्चालित गाउँमा युवा माझीका निम्ति रातिको प्रौढ कक्षा सञ्चालन गर्नु, गोरखापत्र पढाउनु, छलफल गराउनु जस्ता गाउँमा चेतना प्रवाहका गतिविधि सञ्चालित छन् (पृ.१५३)। यस परिप्रेक्ष्यमा पनि काजी खानदानद्वारा कायम सत्ताका लागि बूढा काजीले खतराको गन्ध सुँघ्नु, त्यसै परिप्रेक्ष्यका दबाब र तनावमा मास्टरलाई बोलाई धम्क्याउनु प्रभुत्वशाली पिँढीजन्य अनुभूतिमा सिर्जित गतिविधिकै उदाहरण हुन्।

शैक्षिक संस्थालाई प्रभुत्व कायम राख्ने साधनमै सीमित बनाउने बूढा काजीका पिँढीगत व्यवहार सरकार, न्याय कानुन, प्रहरी, सरकारी प्रशासनलाई पनि हातमा लिइराख्ने प्रवृत्तिद्वारा पनि प्रकट भएको छ। सँगसँगै आफ्नो प्रभुत्वको प्रभाव कायम राखिराख्न विचारधारारूपी अस्त्रको पनि प्रयोगद्वारा मास्टरलाई गलाउँदै आफूप्रति सहमतीय अवस्थामा पुऱ्याउन बूढा काजी सफल भएको छ। प्रभुत्वशाली वर्ग/शासक वर्गले राज्यका अङ्गहरूलाई आफ्ना अनुकूलनमा प्रयोग गर्दै शक्तिप्रयोगको दमनकारी नीतिमात्र अवलम्बन नगरी वैचारिक संयन्त्रमार्फत पनि काम गरिरहेको हुन्छ। (अल्थुसर, २०७२, पृ.२६९)। यसरी राणाकालीन समयमा झैं पञ्चायतकालको मध्योत्तर समयसम्म पनि ग्रामीण समाज एकतन्त्रीय शासन सत्तामा नियन्त्रित रहेको देखिन्छ। अधीनस्थ पिँढीप्रतिका छोराका आततायी गतिविधिहरू अझ देबु पनेरूको हत्या जस्ता जघन्य अपराधका द्रष्टा हुनुपर्दा धार्मिक अपराधबोधको अनुभूति उसले सँगाल्नु परिरहेको छ। त्यति भइसक्दा पनि छोराका अपराधलाई चोख्याउने आफ्ना प्रभुत्वशाली गतिविधि ऊबाट भइरहनु त्यस संस्कृतिमा ऊ जकडिएको विशिष्ट अवस्था हो। यस सन्दर्भले उपन्यासमा यसप्रकार अभिव्यक्ति पाएको छ,

> गए दिन छोराको जघन्य कृत्य आफ्नै आँखाले देखेर लडेका बूढा काजी त्यसपछि उठ्न सकेनन् ! ... हुन त त्यस अवस्थामा पनि आफ्नो त्यस कुलदीपकलाई हत्याकाण्डबाट चोख्याउने प्रयत्नमा कुनै कसर रहन दिएनन् उनले-भएसम्म र जानेसम्मका वरपरका सम्पर्क सूत्र लगाएर, आफ्नो वर्गीय विवशताको सबै स्थितिसँग अवगत गराएर उच्च सरकारी अधिकारी, पुलिस अधिकारी, वकिल, मन्त्री न्यायाधीशसम्म पुऱ्याएर आफ्नो गोजी रित्याए, घटनास्थलमा भएका धेरैजसा सोझा निमुखा रैतीलाई कसैलाई डर धाक देखाएर, कसैलाई केही लोभलालचमा फसाएर साना काजीका पक्षमा सरजिमिन गराई देबुको मृत्युलाई आकस्मिक दुर्घटना अथवा भवितव्यको रूप दिलाए। तर उनको अन्तरात्मालाई भने अपराधबोधको धमिरोले भने कुटकुट्याउनभने कहिल्यै छोडेन ! (पृ.२११)

बूढा काजीले दबाब र तनाव झेल्दै गरेको पराकाष्ठा स्वरूपको यस स्थिति उसले सँगाल्नुपरेको विशिष्ट अनुभूतिको परिणामको उपज बनेको छ। यसप्रकार एकातिर छोराद्वारा

भएको ब्रह्महत्याका कारण आफ्नो कुलले पापको कलङ्क बोक्नुपरेको र परत्र जीवन पनि भ्रस्ट हुनपुगेको भय, अर्कातर्फ पुत्रमोहको अन्धताबाट उम्कन नसकेको स्थिति हुँदा ऊ तीव्र मानसिक द्वन्द्वमा चेपिएको छ तर पनि उसले छोरोलाई चोख्याउने प्रभुत्वशाली पिढिँगत धृष्टता प्रकट गरेकै छ। यसरी स्थानीय तहदेखि केन्द्र तहको सत्तासम्म प्रभुत्वशाली पिँढीकै निर्बाध पहुँच तथा अधीनस्थ पिँढी/समुदायमा तिनको अविच्छिन्न निरङ्कुश शासन यहाँनेर सजीव भएको छ। साथै त्यस कालखण्डसम्म आइपुग्दा पनि त्यहाँका जनता 'रैती' तहमा रहेको अवस्था पनि उपन्यासमा प्रस्तुत भएको छ।

सत्ता र शक्तिमा अडिरहन आर्थिक सर्वोपरिता रहिरहनु पर्ने र आर्थिक सबलताका लागि सत्ता र शक्ति हात पार्नु पर्ने एवम् त्यसलाई स्थायित्व दिनुपर्ने बुझाइ प्रभुत्वशाली पिँढीको देखिन्छ। हरिकृष्णे सन्न्यासीका बाबु ईमाने सन्न्यासी त्यस क्षेत्रका सीपा डाँडाका ठालु रहेर पनि चतुरभुज काजीको देश खाई शेष भएको खली बुद्धि र कुटनीतिको चक्रव्यूहमा परी आफ्नो क्षेत्रको तीन चौथाइ हैकम गुमाएर एउटा मामुली भूमिपतिको हैसियतमा झरेको हुँदा काजी खानदानप्रतिको तुस बोकेर हुर्किएको हरिकृष्णे सन्न्यासीले प्रतिशोधको दाउमा सानाकाजीका विरुद्धमा उम्मेदवारी दिएको छ (पृ.१२)। पञ्चायती शासन व्यवस्थामा दुई पटकसम्म प्रधानपञ्च निर्विरोध रहेको साना काजीले तेस्रो चुनावदेखि प्रत्याशी बेहोर्नु पर्दा तीव्र दबाब र तनाब बेहोरिहेको छ नै; बाबु बूढा काजी पनि त्यही अवस्थामा छ। हरिकृष्णे सन्न्यासी द्वारा जनताले उम्मेदवारी दिन पाउने हकको सदुपयोग गरेको र त्यसमा अडान लिएको उसका लागि अपाच्य भएको छ र आफ्ना हैकममाथिको त्यस चुनौती उसलाई असह्य भएको छ। यस कुराले उपन्यासमा आख्यानकारको अनुभूतिले यस्तो संरचनात्मक रूप प्राप्त गरेको छ,

> हरिकृष्णे यस्तो अक्कडको कुरा सुनेर सानाकाजीमात्र होइन बूढा काजीको बाक्लो जुँगा पनि नफरफराई रहेन। साना काजीले त आफ्नो हातमा लठ्ठीझैं टेकेर लिएको बन्दुकको बट भुइँमा बजाऱ्यो पनि। तर बूढा काजीले संयम छोडेनन्। उनले आफ्नो जुँगाको टुप्पो टोकेर दबाए। यही त थियो उनको खुबी। यहींनेर त थियो दुई पुस्ताका काजी बूढा र साना काजीको चरित्रमा अन्तर। बूढा काजीको यही विशेषताले गर्दा समाजका आँखामा उनको धूर्त र महाशोषक रूप ओझेल भएर उदार, विवेकी र दयावान् मालिकको रूपमा उम्रन्थ्यो। उनले जनताको रगतबाटै आफ्नो यत्रो सम्पत्ति सिन्चेका थिए, तर पनि उनको शोषक रूप स्पष्ट देखिन्नथ्यो। उनी यस्ता जुका थिए जसले चुसेको पत्तो मान्छेलाई हुँदैनथ्यो। (पृ.४८)

यहाँनेर आफू शक्तिशाली बनिरहँदा मात्र वर्गीय धरातल बलियो भइरहने प्रभुत्वशाली पिँढीगत अनुभूतिको पनि सङ्केत हुनसकेको छ। सामन्ती शोषणको बाबुको छद्म शैली प्रभुत्वशाली संस्कृति लाद्ने सहमतीय ढङ्गको र छोराको दण्ड नीति उग्र ढङ्गको रहेको स्थिति नै प्रकट भएको छ। संयमतापूर्वक सम्झाउने, बुझाउने र उम्मेदवारी फिर्ता लिन लगाउने बाबुको

नीतिभन्दा फरक धारमा उभिएको छोरो भने प्रत्याशी सहन गर्नै नसक्ने छ; आपराधिक मानसिकता ग्रसित छ अनि उसले आफ्नो आक्रोश हरिकृष्णे सन्न्यासीको षड्यन्त्रपूर्वक हत्या जस्तो जघन्य अपराध गरेर प्रकट गरेको छ (पृ.४९) । त्यसै गरी उसले आफ्ना प्रतिद्वन्द्वी रहेका देबु पनेरूलाई त समाजकै सामु हाकाहाकी गोली ठोकेर मृत्यु प्रदान गरेको छ (पृ.२०८) । यसप्रकार आफ्ना चरम दबाब र तनावको समाधान साना काजीले शत्रु सफायामा देख्नुले पञ्चायतकालीन दूषित राजनीतिक चरित्र पनि मुखर भएको छ ।

प्रस्तुत उपन्यासमा सन्न्यासीको झैँ देबु पनेरूको हक्की चरित्र पनि बूढा काजीको तनाव बढाउने कारण बनेको छ ।चुनावमा देबु पनेरू हरिकृष्णे सन्न्यासीको हिमाइते बनेर उसैको प्रचारमा लागेकोमा बूढा काजी पनि रुष्ट छ (पृ.१७२) । उसले देबुलाई पढाउनमा, बिहेबारी गराउनमा, घरबारी जोरजाम गराउनमा आफूले पु-याएको योगदानको स्मरण गराएको छ तर बूढा काजीले आफूलाई लगााएको गुनप्रति कृतज्ञ रहे पनि साना काजीले आफूलाई गरेको चरम दुर्व्यवहार उसले कहिल्यै भुल्न सकेको छैन । ऊ जातले बाहुन भए पनि साना काजीद्वारा वर्गीय तहमा यसप्रकार हेपिएको स्मरण गर्दछ, “साले भाते ! मेरो जुठो-पुरामा बाँच्नुपर्ने माग्ने बाहुन यहाँ ठूलो हुन्छ ! ला, साले, कलिको बाहुनको के मर्यादा ?” यसरी शाब्दिक दुर्व्यवहारसँगै साना काजीद्वारा बारम्बार प्रहार गरेको लात, मुक्कीको प्रहार जस्ता शाारीरिक उत्पीडनसमेतको स्मरणले उसलाई कठोर बनाएको छ अनि उसले तत्कालै काजी परिवारमा गर्दै आएको पुरेत्याइँ त्याग्दै आफू अब धर्मफराक भएको घोषणा गरेको छ । यसरी तिनको धन, बल, शासन र हैकम विरुद्ध उसले कडा चुनौती दिएको छ ।

देबु पनेरूका विद्रोहका गतिविधिले बूढा काजीको प्रभुत्वशाली अहंमा नराम्ररी ठेस पुगेको र उसले तीव्र दबाब र तनावको अनुभूति भोलिरहेको स्थिति उपन्यासमा उसको असामान्य दशा र गर्जनमा यसप्रकार अभिव्यक्त छ, “के रे ? ... के भनिस् काठा ? एक्कासी देबु पनेरूको त्यत्रो भयङ्कर आँट देखेर बूढा काजीको संस्कारको सिंह भयङ्करसँग गर्ज्यो । उनी जुरुक्क उठेर थरथर काम्दै फेरि थचक्क बसे । उनले आफ्ना निधारमा चिसो पसिना चिटचिट गरेको अनुभव गरे” (पृ. १७३) । यसप्रकार बूढाकाजीका दबाबपूर्ण अनुभूतिजन्य शारीरिक चेष्टासँगै निःसृत बोलीमा उसको प्रभुत्वशाली पिँढीगत वर्गीय तथा जातीय अहंमा पुगेको ठेस मूर्त बनेको छ । अझ त्यसमा पुस्तान्तरजन्य द्वन्द्व पनि थपिँदा उसले ती सबैको समायोजनमा चरम कठिनाइ भोल्नुपरेको छ । परिणामतः तीव्र दबाब र तनावजन्य चरमोत्कर्ष रूप उसले मृत्युलाई आत्मसात् गर्नपुग्नुमा देखिएको छ । त्यसपछि पनि सानाकाजी भने अनेकन् कुकृत्यहरू गरेरै पनि हबेली निर्माणको उद्देश्य पूरा गर्न सफल भएको छ । प्रतिप्रभुत्वमा उठेका आवाजलाई नामेट पार्दै र जन प्रतिनिधिको खोल ओढ्दै उसले राजनीतिलाई अगाडि बढाएको छ । उसका यी सबै गतिविधिमा तत्कालीन राजनीतिक प्रणाली उसका लागि सहायक सिद्ध भएको छ ।

साना काजी आफ्नो क्षेत्रको प्रधानपञ्च पनि हो तर अधीनस्थ वर्गका हरेक आवाज र जायज मागलाई समेत उसले चरम अनादर गर्दै आएको छ। चरम दरिद्री खेपिरहेको अधीनस्थ पिँढी भोकमरीको सामना गर्न असमर्थ हुँदा आफ्ना क्षेत्रका एकमात्र जनप्रतिनिधिकहाँ सास अडाउन सहयोगको याचना लिएर पुगेको छ। त्यतिखेर त्यस पिँढीप्रति प्रस्तुत उसका चरम उपेक्षाका यी भनाइमा व्यङ्ग्यका अनुभूतिले यस्तो सवरूपमा निकास पाएको छ : "त म के गरूँ त ? तेरा जहान, तेरा गाउँले छिमेकको भोक मेटाउन म चन्दा बटुलेर हिँडौ कि ?" (पृ.२३५)। यस निकृष्ट बोलीव्यवहारले आहत मिजारद्वारा त्यत्तिखेरको आपत घडीमा बूढा काजीको सम्झनामात्र गर्दा पनि साना काजीले वर्गीय घृणाका मानवीय संवेदनाशून्य आफ्ना अनुभूतिलाई यसप्रकार अभिव्यक्ति दिएको छ : "त जान त बूढा मालिककै पछि....तिमीहरूमध्ये धेरैका त बेला पनि भयो" (पृ.२३५)। यसप्रकार मान्छेको जिजीविषालाई ललकार्ने जुन धृष्टताजन्य अनुभूति सानाकाजीद्वारा प्रकट भएको छ त्यो असामान्य छ।

साना काजीको प्रभुत्वशाली अहम्मा प्रकट उक्त चरम अमानवीय भनाइ *बसाइँ*को नन्दे ढकालको छोरो कान्छा साहूद्वारा जारी आदेशसँग साम्यता राख्दछ (क्षत्री, २०७४, पृ.३४)। वर्गीय शोषणमा थिल्थिएको धनेले आफ्नो घरखेतरूपी सर्वस्व सम्पत्ति बन्धकी राखेर भाडामा खेत जुटाउँदै आशावादी चेतमा गर्दै रहेको कृषिकर्मका सन्दर्भमा उसले आफ्ना चाकरलाई भोलिपल्टै रोपाइँ गर्ने धानको बियाडमा भैँसी हुल्ने आदेश दिनु गरिबमारा र निरङ्कुश प्रभुत्वशाली चेतकै परिणाम हो जसमा राणाकाल तथा पञ्चायती जुनै कालखण्डमा पनि प्रभुत्वशाली नव पिँढीमा समेत सामन्तवादी प्रवृत्तिकै हस्तान्तरण भइरहेको देखिन्छ। अझ साना काजीजस्ता युवा पिँढीले जनप्रतिनिधिको खोल ओढेर जुनै बेला राजनीतिबाट अनैतिक लाभ लिन तल्लीन शासक पिँढीको प्रतिनिधित्व गरेको छ। प्रायः सहरमा रहेर गाउँको राजनीति गर्दै आएको साना काजी गाउँ आइपुगेपछि त्यहाँ प्राकृतिक प्रकोपबाट सिर्जित भोकमरीको स्थितिबारे अवगत भएपछि उसमा निर्मित अनुभूतिको संरचना आख्यानकारमार्फत उपन्यासमा यसप्रकार अभिव्यक्त छ,

> तर...हो उसले सरकारी तवरबाट हेलकोप्टरमाथिबाट यस क्षेत्रको निरीक्षण गरेको भए, यहाँको सुक्खा, भोकको चित्र लिएर राजधानी फर्कने र रेडियोमा यस क्षेत्रको मार्मिक चित्र गोहीको आँसुले पखालेर जनतालाई देखाउन पाउँथ्यो। तर ऊ अहिले सरकारी टिए-डिए लिएर हेलिकोप्टरमा त्यहाँको निरीक्षणको अभिभारा बोकेर आएको पनि त होइन। ऊ त आफ्नो हबेलीमा केही क्षण आनन्दसँग बिताउन छुट्टी लिएर बसेको। उसलाई यो बेकारको झन्झटमा पस्न के खाँचो ? हो, अहिले उसको विरोधी गुटका मानिसको सरकार भएको भए पनि हमला गर्ने एउटा 'इस्यु' बनाउन सकिन्थ्यो यसलाई। तर सरकार आफ्नै, संसार आफ्नै, अनि केका लागि यो झन्झट ? (पृ.२३५)

उपन्यासमा साना काजीका सन्दर्भमा प्रस्तुत यो त्यस्तो अनुभूतिको संरचना हो जसमा व्यक्तिगत स्वार्थका लाभ-हानीको लेखाजोखासँग जोडिएका समस्त दूषित राजनीतिक चरित्र पनि खरो रूपमा उत्रन सकेको छ । अधीनस्थ समुदायलाई गरिएको चरम वर्गीय शोषणको प्रतिफलका रूपमा प्राप्त भव्य हबेलीको भोगमा रम्दै गर्दा अझ वर्गीय शोषणको भोक तीव्र रहेको उसको अनुभूति उपन्यासमा यसप्रकार प्रकाशित छ, "हेर् न, यस्ता सुक्खा खडेरी, अरूका खेती ड्वाङ्ड्वाङ्ती बाँझै छन्, यी मुर्दाहरूले भने निकै राम्रो तुल्याए" (पृ.२३७) । यसरी अधीनस्थ समुदायको कठोर श्रमको प्रतिफलमा आँखा गाड्दै आफ्ना शनिश्चरे आँखाले बगर खेतको लहलहाउँदो बालीमा कहर बर्साउने अनुभूतिमा लिएको उसले उग्र भावभङ्गिमा सहितको भनाइमा निम्नवर्गको आर्थिक उन्नयन सहन गर्नै नसक्ने उसको संस्कारगत दोष पनि मूर्त भएको छ । साथै, साना काजीजस्ता प्रभुत्वशाली पिँढी जस्तोसुकै प्राकृतिक स्वरूपमा पनि हबेलीका बरन्डामा बसी रम्दै गर्ने अवस्था एकातिर छ भने अर्कातिर अनावृष्टि/खडेरीमा भोकमरी र अतिवृष्टिका बाढी, पहिरोको कहर गरिबका गाँसबास गुमाउने कारण बनिरहेको हुन्छ । उपन्यासमा प्रस्तुत यसखाले परिस्थितिजन्य अनुभूति *घामका पाइलाहरू*मा दुर्गानाथले साँचेको अनुभूति (गोतामे, २०७५,पृ.४३) सँग तुल्य छ ।

प्रभुत्वशाली पिँढीगत संस्कृतिलाई डोऱ्याउने पिँढी प्रतिनिधि साना काजीका प्रत्येक गतिविधिमा हरे तिवारी, बुदुने माझी जस्ता निम्नवर्गीय पिँढी प्रतिनिधिको तनमनवचन सहितको साथ-सहयोग रहेको छ । ती पनि सवर्गीलाई नै उत्पीडन दिन उद्धत रहनु र प्रभुत्वशाली व्यक्तित्व र संस्कृतिलाई सर्वस्व ठानेर तिनको अनुसरणमै आफ्नो व्यक्तित्व विलय भइसकेको पत्तो नपाएको स्थितिले मूलधारको सांस्कृतिक वर्चस्वलाई प्रकट गरेको छ । साना काजीले आफ्नो प्रभुत्व विस्तारका निमित्त बेकाममा हरिलठ्ठक भई बरालिएका बुदुने, हरे जस्ता निम्नवर्गीय जनलाई आफ्ना बफादार मण्डलीका रूपमा जोगाड गरेको छ । तिनै घरबारबिहीन, बुद्धिहीन जो एक मग जाँडमा सजिलै बिक्छन्; विवेकशून्यतामा जघन्यभन्दा जघन्य अपराध गर्न तयार हुन्छन्; मालिकका चरणमा ज्यान अर्पण गर्न सक्छन्; तिनलाई साना काजीले बुधी मझिनीका भट्टीमा रम्ने अवसर दिएको छ (पृ.१४०) । परेको बेला उसले तिनीहरूबाट अनुचित लाभ उठाउन सक्ने परिस्थिति विद्यमान छ (पृ.१४० । त्यसैले त आफैँले झगडा उरालेर माझी युवा पुस्तालाई ललकार्दै बुदुने माझी भन्न सक्दछ, "तिमी सुँगुरहरू, सिस्नाका खोले र गिठ्ठाका गेडाका भरमा हाम्रा सानी काजीसँग जोरी खोज्दै हिँड्न तम्सेका थारु हो ! लौ आओ, कसका छातीमा रौँ छन् !" (पृ.१३०) । यसप्रकार आफ्नै सजाति र सवर्गको अपमानमा प्रभुत्वशाली भाषा बोलेर आनन्द लिने बुदुने जस्ता व्यक्तिहरू आफू प्रभुत्वशाली संस्कृतिमै समाहित भएको ठानी गर्व गर्दछन्; प्रभुत्वशाली पिँढीका लागि शारीरिक दबाब र तनावसमेत झेल्न तत्पर हुन्छन् ।

प्रस्तुत उपन्यासमा चित्रित सामाजिक संरचनामा रहेका काजी परिवारले मात्र प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गरिहेको छैन, घैँटु पण्डित, वंशी जिम्बाल, विष्णु साहु जस्ता गाउँका अरू धनीमानीले पनि त्यसै पिँढीको प्रतिनिधित्व गरेका छन् । माझी-दनुवार नयाँ पुस्ताद्वारा काजी खानदानको शोषक प्रवृत्तिको विरोध हुँदै गर्दा विचलित रहेको बूढा काजीको बैठकमा घैँटु पण्डित त्यस अधीनस्थ पिँढीका गतिप्रति त्रसित सङ्कित र क्षुब्ध हुँदै भन्दछ, “आज यी माझीका छाउराहरू हाम्रो चलिआएको चलनलाई नाघेर काजीको बेठ.-बेगारी नदिने गाँठी बनाउँदैछन् भने भोलि गएर हामीले यिनलाई तह लाएर कसरी खाने ?” (पृ.४५) । त्यस्तै, घैँटुको समर्थन गर्दै वंशी जिम्बालले भनेको छ, “साना काजीका सहरिया पाहुनाका लागि दुवाली थुन्ने कुरालाई लिए माझी ठेट्नाहरूले जुन विरोधी भाव देखाए, त्यसबाट उनीहरूको मनसाय परस्टै हुँदैन र ?” (पृ.४५) । यसो भन्दै जिम्बालले युवा माझीहरूलाई उकास्नमा गिरी मास्टर र देबु पनेरूको दोष देखाएको छ ।

विष्णु साहू जो आफूलाई ठूलाबडाकै समकक्षी ठान्दछ, ऊ रैतीले टाउको उठाउन खोजेकोमा त्रसित हुँदै कुर्लन्छ, “कुरो सद्दे र बिसद्दे त के हो, तर मैले सुनेअन्सार गिरी मास्टरले प्रौढ कक्षा भनेर राति-रति माझी-दनुवारका छोराहरूलाई भेला गराएर राजनीति पढाउँछ रे ! देबु पनेरू उसलाई हौस्याउँछ रे” (पृ.४५) । यसरी सम्पन्न वर्गको अधीनस्थ पिँढी/वर्गका विरुद्धमा एक मत र एक स्वरका यी अभिव्यक्ति तिनको अधीनस्थ पिँढीप्रतिको उत्पीडनकारी सामन्त सोचलाई त प्रकट गरेको छ नै, नव उदीयमान पिँढीका तर्फबाट भएगरेका विरोध चेतमा निःसृत व्यवहारका कारण प्रभुत्वशाली पिँढीमा सिर्जित दबाब र तनावलाई पनि मुखर गरेको छ । आफ्नाप्रतिको अवज्ञा ठम्याँएपछि बूढा काजीले आफ्नो खानदानी संस्कार, हैकम, शक्ति र शासनको आदतमा ठेस लागेको अनुभूति साँच्न पुगेको छ; असहनीय अपमान बोध र क्रोधले छट्पटाएको छ । सरकारले ल्याएको ऐन कानुनका कारण नै आफ्नो प्रभुत्वशाली हैसियत शक्ति र प्रभुता लङ्गडो भएको अनुभूति गरेको छ तर पनि ऊ अधीनस्थ पिँढी समुदायसँग सम्झौता गर्न तत्पर छैन; उसको प्रभुत्वशाली अहम्ले उसलाई रोकेको छ (पृ.११४) । यसप्रकार प्रस्तुत उपन्यासले विद्यमान सत्ताका आडमा वर्गीय प्रभुत्व कायम राखिराख्ने क्रममा, विरोधी पिँढीका तर्फबाट प्रभुत्वशाली पिँढीले पनि दबाब र तनावमा आफ्नाआफ्ना अनुभूति सँगालिरहेको छ जसमा पञ्चायतकालीन शासनको उत्तरार्द्धको बदलिँदो समय परिस्थिति पनि मूर्त भएको छ ।

### ३.८.३ लैङ्गिक प्रभुत्वका पृष्ठभूमिमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा लैङ्गिक भेदभावका प्रभुत्वशाली पिँढीगत अनुभूतिको पनि सशक्त अभिव्यक्ति रहेको छ । उपन्यासको पात्र सानाकाजी सामन्तवादी पुरुषसत्ताको संस्कृतिमा हेलिएको छ; महिलाप्रति उत्पीडनकारी छ; कामवासनाले उन्मत्त छ; अझ अधीनस्थ जातिका महिलालाई 'भोग्या' तहमा राखेर मात्र व्यवहार गरिनु पर्दछ भन्ने मान्यताले डोरिएको छ । माझी-दनुवार समुदायका जवान छोरी-बुहारी सबैजसो उसको कामवासनाको सिकार बनेका छन् (पृ.६७) । त्यस्तै, भर्खरै इन्द्रावती पौडेर आएका लालगेडी र खिनौरीलाई लुगा फेरिरहेको अवस्थामा देख्दा सानाकाजीमा कामवासना उदीप्त हुनु, प्रभुत्वशाली संस्कृतिमा अभ्यस्त रहेको सानाकाजीले अधीनस्थ समुदायका जोसुकै नारीमाथि लैङ्गिक हैकम सहजै जमाउन सकिन्छ भन्ने ठान्नु, सहरिया साथीहरूसँगै हुनुले संयमित हुन कर लाग्दादाग्दै पनि उद्वारा लैङ्गिक हिंसाजन्य बोली प्रकट भइहाल्नु, वाचाल लालगेडीद्वारा त्यसको कडा प्रतिकार हुनुले सानाकाजीको पुरुष अहम् आहत बन्नु जस्ता उपन्यासमा वर्णित घटनाक्रममा आफ्ना साथीहरूका सामु आफ्नो पुरुष हैकममाथिको प्रतिवादले भयङ्कर चोटको अनुभूतिमा ऊ तिर्मिराएको छ र उसले कडा दबाब र तनाव बेहोर्नु परेको छ । यसै सन्दर्भमा उसमा निःसृत अनुभूति आख्यानमा यस्तो संरचनामा प्रस्तुत भएको छ,

> लालगेडीका यस्ता ठाडा सवाल-जबाफले त्रिलोचनको टेढा आँखीभौँ झन् टेढिए । यसभन्दा पहिले उसले गाउँका यी आफ्ना अर्धदाससमान माझीहरू मेरुदण्ड भाँच्चिएका गुहे कीराहरूबाट यस्तो मुख लागेको अनुभव कहिल्यै गरेको थिएन । तर आज त्यो पनि एउटी छुद्र आइमाईबाट यति निर्भीकतापूर्वक आफूलाई ठ्यौल्याउने खालको जवाफ, मालिकको थान्को (मर्यादा) सिकाउने उपदेश सुनेर (त्यो पनि सहरमा वरिष्ठ मानिसहरू सामु) उसका रौँका पोरा-पोरामा अपमानबोधको ज्वाला सल्केझैँ भयो । आजसम्म आफ्नो अगाडि पर्दा कुनै पनि रैतीका आङमा डर र आतङ्कले काँडा उम्रेको, आफ्ना अगाडि पर्दा रैतीहरू सिरुका पात कामेझैँ कामेको हेर्ने अभ्यास भएको उसको निरङ्कुश अहङ्कार दानव उठेझैँ जुरमुरायो । उसले स्वरमा अब भयानक प्रतिहिंसा भरेर सोध्यो-'को हो यो छौँडी ? के नाउँ हो यस चोथालेको ?' (पृ.३९)

अधीनस्थ समुदायलाई मेरुदण्डरहित गुहेकीरा समान प्रतिकारविहीन ठान्ने र तिनलाई अत्यधिक नियन्त्रणमा हरदम त्रास सँगालेर बाँच्न विवश बनाउने सानाकाजी जस्ता प्रभुत्वशाली पिँढीको प्रतिकार सहन गर्नै नसक्ने अवस्थाले यहाँनेर सशक्त अभिव्यक्ति पाएको छ । अझ अधीनस्थ पिँढीका आइमाई जातिलाई नै 'छुद्र' र 'छडुल्ली', 'मामुली छौँडी' ठान्दै व्यवहार गर्दै आएकोमा तिनै लैङ्गिक अधीनस्थ पिँढीकी तुच्छ ठानिएकी मझिनीको उसले उपेक्षा र एकाएक प्रतिकारको सामना गर्नपरेको छ । झन् पाहुना साथीहरूका सामु बेहोर्नुपरेको यस स्थितिले उसमा रिस, अपमान, क्षोभ र ग्लानि एकसाथ भरिएको छ । पाहुनाको खिस्सी उडाउने प्रतिक्रियामा ऊ

दाँत डिच्याएर यस्तो भन्न विवश छ : "गाउँका यी जङ्गली आइमाईहरू यस्तै हुन्छन्" (पृ.४०)। यसप्रकार उपन्यासमा साना काजीको निरङ्कुश अहङ्कारमा परेको यसप्रकार को आघातको विशिष्ट अनुभूतिको संरचनाको प्रस्तुति सशक्त रहेको छ। अनि सानाकाजीले सहरका वरिष्ठ मानिसहरू ठानेका सवर्गी व्यक्तिहरूका समेत लालगेडीका सुडौल शरीरप्रति कुदृष्टि गडेको देखिन्छ (पृ.३८)। यस शब्दविहीन तर कुचेष्टागत अनुभूतिमा पनि प्रभुत्वशाली पिँढीको नारीपतिको 'भोग्या' दृष्टिकोण नै चरितार्थ भएको छ।

घर आएपछि पनि मामुली ठानिएकी मझिनीद्वारा प्राप्त मुखभरिको जबाफ सम्झेर सानाकाजी ज्यादै दबाब र तनावमा हुन्छ। अपमानको ज्वालाले जलेको उसको हृदय हुरहुरी सल्कँदै ऊ यस्तो अनुभूति साँच्न पुग्दछ, "हुँ ! एउटी सुँगुरको खोरमा हुर्केकी मझिनीको त्यत्रो आँट ? ऊ सानाकाजी यस फेटको राजासँग मुख लाग्ने" ! (पृ.५०)। अनि बदलाभावले उत्प्रेरित हुँदै लालगेडीका बारेमा सुध्याउँदै त्यो कसरी छोरी हो भनेर गर्जन पुगेको छ। प्रत्युत्तरमा हरेले भनेको छ : "आफ्नै बूढो मिजार भूमाकी छोरी त हो, आफ्नै मुठीकी !" (पृ.५०)। सानाकाजीको दाससरह रहेको हरेको प्रत्युत्तरमा समेत महिलालाई पुरुषमुठीका ठान्ने अनुभूति प्रतिबिम्वन हुनुले अधीनस्थ पिँढीमै पनि प्रभुत्वशाली लैङ्गिक चेतको गहिरो असरलाई देखिन्छ।

मास्टर गिरीद्वारा सञ्चालित साँझको प्रौढ कक्षा बिथोल्न सानाकाजीले पठाएका हरे तथा बुदुनेले कक्षाको ढोकामा लात बर्साउँदै निहुँ खोज्न थाल्नु र सहनको सीमा नाघेपछि युवा माझीहरू र तिनबिच भिडन्त हुनु नितान्त पुरुषहरू बिचको झैझगडाको स्वरूप हो तर झैझगडाका क्रममा मौखिक बझान हुँदा हरे यसरी कुर्लिनुमा पुरुषको महिलाप्रतिको दृष्टिकोणसमेत मुखर पुगेको छ, "हेर त तिमी सरणीका छोरा ! सुँगुरका सासलाई के गर्छु ! म यहाँबाट उम्कुँ न मात्रै, तिम्रा सबका दिदी-बैनीलाई एक एक गरी ओछ्यान बनाइन भने त ..." (पृ.१४९)। नितान्त पुरुषहरूसँग मात्र सरोकार रहेको झगडामा महिलालाई चरम अपमानित गर्ने कुत्सित उद्देश्यका यसखाले भद्दा र अश्लील गाली प्रकट हुनुजस्ता संस्कृतिगत विकारले प्रचलनकै रूपमा विस्तार पाइरहेको छ। यस सन्दर्भले पनि पुरुषमा निर्मित उक्त अनुभूतिको संरचनामा मूर्तता पाएको छ। यसप्रकार पुरुषसत्ताका विकृतिलाई प्रश्रय दिँदै हुर्किएको उच्चवर्गीय, निम्नवर्गीय जुनै पुरुष समुदायले पनि महिलालाई वस्तुसरह 'भोग्या' भन्दा माथि राखेर हेर्न नसकेको अवस्था छ। अतः दूषित सांस्कृतिक परिप्रेक्ष्यमा निर्मित उक्त अनुभूतिको संरचनामा लैङ्गिक उत्पीडनलाई अधिकार ठान्ने पुरुषसत्ताको संस्कार दोषले स्वाभाविक अभिव्यक्ति पाउने सकेको छ। त्यस्तै, सानाकाजीद्वारा संरक्षित हरे, बुदुने जस्ता गाउँका गुन्डाहरूले गाउँका तरुनी छोरी, बुहारी एक्लै दुक्लै हिँडेको गन्ध पाउनासाथ तिनका पछि लागेर छेडछाड गर्ने, एकान्त हेरेर हातपात गर्न नहिच्किचाउने स्थितिले पनि पुरुषसत्ताको चरित्रलाई स्पष्ट पारेको छ (पृ.११५)।

प्रस्तुत उपन्यासमा लैङ्गिक उत्पीडन विरुद्धको लालगेडीको प्रतिरोधी व्यवहारले सामाजिक परिवर्तनले लिन खोजेको गतिलाई पनि सङ्केत गरेको छ । लालगेडीको विद्रोहचेत नै प्रभुत्वशाली पिँढीका लागि दबाब र तनावको कारण बनेको छ । लालगेडीकै कारण चोटग्रस्त पुरुष अहम् लिएर सानाकाजी निरन्तर तनावमा रहनु, हार स्विकार्ने पक्षमा नहुनु, हरदम बदला भावले प्रेरित हुनु, लालगेडीलाई वासनाको सिकार बनाई छोड्ने प्रपञ्चमा श्यामलीलाई पोल्टाभरि रुपियाँ हालिदिने प्रलोभन देखाई परिचालन गर्नु जस्ता उपन्यासमा वर्णित साना काजीका यस्ता गतिविधि पनि उसमा निर्मित दबाब र तनावजन्य कुण्ठाकै परिणति हुन् । त्यतिखेर लालगेडीले मुखभरिको जबाफ दिएर श्यामलीलाई फर्काउनुसँगै लालगेडीका प्रतिरोधमा उसले आफ्नो अहंमा भयानक चोट पुगेको अनुभूति उसले यसप्रकार सँगालेको छ, “औ एउटी तुच्छ मझिनीको त्यो अक्कड ? … ऊसँग-यस गाउँको मालिकसँग जोरी खोज्न आँट ?” (पृ.८१) । त्यसपछि सखारै बिहानीमा पँधेरामा पानी भर्न गएकी लालगेडीलाई सानाकाजीले एकाएक भेट्दा त्यत्तिखेरै बलात्कार गर्न खोजेको छ तर असफल भएको छ (पृ.८३) । त्यस घटनाले गाउँमा उठेको राप झेल्न उसलाई थप कठिनाइ भएको छ । साना काजीले आफू आरोपित रहेको यस लालगेडी बलात्कार काण्डका कारण गाउँफर्कका अधिकारीहरू जो उसका पाहुना बनेर आएका थिए, तिनका सामु आफ्नो राजनीतिक व्यक्तित्वसमेत धुमिल हुने भएपछि इज्जत जोगाउनु पर्ने चुनौतीमा जतिसक्दो चाँडो तिनलाई पनि विदा गर्नु र आफू पनि त्यहाँबाट केही दिन उम्किनुमै तात्कालिक समाधान देखेको छ (पृ.८८) । यहाँनेर पनि उसमा चरम दबाब र तनावको स्थिति सिर्जना भएको छ ।

लालगेडी बलात्कार काण्डबारे गाउँभरि व्याप्त हल्लाका कारण बूढा काजीले पनि पर्याप्त दबाब र तनाव झेल्नुपरेको छ । गाउँलेहरूमाझ साना काजीका गलत प्रवृत्ति विरुद्धका स्वर मुखर हुन थालेको छ । यसै परिप्रेक्ष्यमा माझी समुदायको मिजार अर्थात् लालगेडीका बुबा भूमा आफ्ना फिराद लिएर बूढा काजीसामु उभिदिँदा आफ्ना असमर्थताका तनावलाई बूढाकाजीले निःश्वासमा प्रकट गरेको छ । यद्यपि बूढाकाजीका धारणामा काजी खानदानको परम्परामा साना काजीको कामवासनाले अनमत्त गतिविधिपूर्ण व्यवहार निषेधित भने छैन तर खुलम्खुल्ला भइदिँदा आफ्नै आङको छारो उड्न पुगेको अवस्थाले सामन्ती मर्यादाको सीमामा आँच पुगेको अनुभूति उसले सँगाल्नुपरेको छ । उसको अन्तरको विश्वास नराम्ररी हुँडलिएको छ । अधीनस्थ समुदायको आफ्नो खानदानप्रतिको घृणाले स्थापित हैकम हल्लाउने अवस्थाको बोधले ऊ त्रसित बन्न पुगेको छ (पृ.१९४) । यसप्रकार परिवर्तित समयसन्दर्भ अनुसार सानाकाजीले संयम अवलम्बन गर्न नसक्नु र बारम्बार उद्दण्ड व्यवहार प्रस्तुत गरिरहनुले बाबुले पनि दबाब तनावजन्य अनुभूति सँगाल्नु परिरहेको छ ।

प्रस्तुत उपन्यासमा लैङ्गिक भेदभावको पुरुषसत्ताजन्य चिन्तन लालगेडीकै सवर्गी र सजाति सोभितेसमेतमा देखिएको छ जसमा तत्कालीन समाजको यथार्थ दशा नै प्रकट भएको छ ।

महिला र यौनलाई जोडेर हेर्ने सन्दर्भमा माझी समाज मूलधारको सामन्तवादी समाजभन्दा केही खुकुलो देखिए पनि पुरुषवादी मानसिकताबाट सोभितेसमेत उम्किन सकेको देखिँदैन। आफूले ज्यादै माया गरिएकी लालगेडीप्रतिको साना काजीद्वारा भएको बलात्कारको प्रयास सोभितेका लागि असह्य हुनु स्वाभाविक पनि हो। ऊ सानाकाजीप्रति अत्यन्त रुष्ट छ; क्रोध, क्षोभ र प्रतिशोधले आक्रान्त छ तर लालगेडी बलात्कृत भई पो हाली कि भन्ने आशङ्कामा उसको पुरुषअहंमा ठेस पुगेको छ। उसले तीव्र वेदनाका अनिँदा रातहरू झेलेको छ (पृ.९०)। लालगेडीलाई यसबारे बारम्बार कुदेर्नु जस्ता सन्दर्भमा उसको प्रभुत्वशाली लैङ्गिक पिँढीगत अहम् मूर्त बनेको छ। यसरी नारीचरित्रलाई लिएर आशङ्कित शोभितेको पुरुषमन आन्दोलित भएको छ र उसमा लालगेडीप्रति अविश्वासकोभाव पैदा भएको छ।

बलात्कार प्रयासको काण्डमा भाग्दै गरेकी लालगेडी र खेद्दै आएको सानाकाजीलाई एकाएक साक्षात्कार गर्न पुगेको सोभितेले त्यसपछि गाउँमा चलेको गाइँगुइँ र टीकाटिप्पणीका कारण तीव्र दबाब र तनावमा मनोद्वन्द्व झेलिरहेको छ। लालगेडी बलात्कृत भएकी हो वा होइन भन्ने चिन्तनमा द्विविधाग्रस्त छ। लालगेडीलाई सानाकाजीले बिटुल्याउन सकेको छैन भन्ने लाग्दालाग्दै पनि ऊ पटकपटक आशङ्काले ग्रसित हुन्छ। तीन दिनपछि लालगेडीलाई भेट्दा आफ्ना शङ्काजन्य अनुभूति ऊ यसप्रकार पोख्दछ, लाली ! ... भन्, त्यस दिन त्यस पातकी साना काजीले तलाईं किन लखेटेको ?" (पृ.९०)। अनि लालगेडी मौन रहँदाका सोभितेको पुरुष मन यसरी उद्वेलित हुन्छ, "जतिजति लालगेडीको मौन गाँढा हुन्थ्यो उति उति सोभितेको मनमा एउटा अदम्य क्रोध र दुःखको उफान उर्लन्थ्यो। किन बोल्दिन यो लालगेडी ? के उसबाट प्रकट गर्न नहुने चूक भएकै छ त ?" (पृ.९१)। सोभितेमा निर्मित यस अनुभूतिको संरचनाले पुरुषसत्ताको संस्कृतिलाई जीवन्त बनाएको छ। यहाँनेर महिलाको चरित्रलाई लिएर पुरुष कति हदसम्म सङ्कीर्ण रहेर आफू स्वयंलाई दुःखी तुल्याउँछ भन्ने उदाहरण पनि सोभितेको मनोदशाबाट प्रकट भएको छ। एउटै सन्दर्भमा बलात्कारी अपराधी पुरुष कलङ्कित नहुने तर बलात्कृत निर्दोष महिला चाहिँ समाजमा चरित्रहीन कहलिने र त्यसले शङकैशङ्कामा पनि सामाजिक भयको रूप लिइरहने लिङ्गभेदको सांस्कृतिक दोष पनि मूर्त भएको छ। यसप्रकार सोभितेले लालगेडी समक्ष बारम्बार आफ्ना अनुभूति यसरी प्रकट गरिरहेको छ : "तलाईं त्यस दिन बन्दुकले के के गऱ्यो नढाँटी भन् त" (पृ.११६)। "साँच्चै भन्, तँलाई उसले हातपात गऱ्यो ?" (पृ.९१), "मैले तँ माथि अपत्यार गरेको होइन। तर तैं भन् त, त्यस सानाकाजीको हातमा परेपछि को उम्कन सक्या छ ? चितुवाका पन्जामा परेको बाखो उम्कन सक्छ ? त्यसैले मैले तँलाई सोध्या" (पृ.११६)। पटकपटकको यस खाले सोधनी र आफ्नो कुमारीत्वलाई लिएर गरिएको आशङ्का लालगेडीका लागि अत्यन्त पीडादायी भएको छ।

लालगेडीको स्वाभिमानी व्यक्तित्व, निर्भीक र हक्की स्वभावको उच्च मूल्याङ्कन गरिरहेको माझी समाजमै लालगेडीको चरित्रमा हिलो छ्याप्ने प्रयासले पुरुषसत्ताको समाजमनोविज्ञान पनि यसप्रकार प्रकट हुनसकेको छ, "राँड ! हाम्लाई देखाउन बघिनी हुन्छे ! तर यसका चर्तिकला बुझिसक्नु छैन । दुई दिनअघि साना काजीकी लखौरी श्यामलीसँग टाउको जोडी-जोडी बात मार्न लागेकी-खोलाका बगरमा मैले आफ्नै आँखाले देखेकी । तैं भन् त, आइमाईले मनपेट नदिई लोग्ने छोराको आँट पुग्छ उसै ?" (पृ.८९) । समाजतर्फको प्रस्तुत भनाइमा समाज मनोविज्ञानबाट निर्देशित प्रभुत्वशाली पिँढीगत अनुभूतिले निकास पाएको देखिन्छ ।

महिलालाई दोषारोपण गर्न हरदम उद्धत पुरुषसत्तावादी समाजमा रहेर र अपठित भएर पनि आफ्नो अस्तित्वका लागि सङ्घर्षरत पात्र लालगेडी अन्ततः सानाकाजीद्वारा पराजित भएकी छ । आफ्नो शरीरमाथिको आफ्नो अधिकारलाई कायम राख्न अनेकन् प्रयास गर्दा पनि असमर्थ भएकी छ । उपन्यासमा यस सन्दर्भले पुरुषसत्ताको संस्कृतिको बलियो स्थापनालाई नै प्रकट गरेको छ । सानाकाजी आफू परोक्ष रहेर आधा रातमा पुलिस संयन्त्रको दुरूपयोग गर्दै लालगेडीलाई अपहरण शैलीमा गायव गराउन सफल भएको छ । त्यत्तिखेर प्रतिरोधमा उत्रिएकी लालगेडीलाई शेरे हवल्दार भन्दछ, "अझ हिँड्दिनस् राँड ? ... यही बेस्से त हो गाउँका ठिटा भाँड्ने !" (पृ.२१०) । उसका यी भद्दा र अश्लील गालीमा अकारण नै महिलालाई लाञ्छित गरिहाल्ने प्रभुत्वशाली पिँढीगत अनुभूतिले अभिव्यक्ति पाएको छ । त्यसपछि शेरे हवल्दारद्वारा बन्दी बनाइएकी लालगेडी पटकपटक लुटिएकी छ (पृ.२२१) । पछि पनि साना काजीको चँगुलमा बन्दी बनेकी छ । यसरी लालगेडीलाई आफ्ना मुठ्ठीमा पार्न सकेकोमा, प्रतिशोधजन्य कृत्यको सफलतामा सानाकाजीमा निर्मित अनुभूतिले उपन्यासमा श्यामलीसमक्ष यसप्रकार निकास पाएको छ, "अँ एक दिन मेरो गालामा थप्पड हिर्काउँदा, मेरा मुखमा थुक्ता त यसले यी सबै कुरा सोचिन नि ! ... यो रन्डी हुन जन्मेकी हो, रन्डी बन्छे !" (पृ.२२५) । यसरी अपमानको बदला लिनसकेको नीचतम परितृप्तिको अनुभूति सँगालेर ऊ कड्किएको छ । उसको नारी लक्षित यस भद्दा गालीमा नारीको स्वाभिमान र स्वतन्त्र अस्तित्वलाई स्वीकार गर्नै नसक्ने पुरुष अहंजन्य अनुभूति प्रस्तुत छ ।

प्रस्तुत उपन्यासमा अधीनस्थ माझी-दनुवार समुदायका महिलापिँढी सानाकाजीको पुरुष हैकम र लैङ्गिक शोषणबाट उम्कन सकेको छैन । काजी खानदानकै महिला पात्रहरू बूढी कजिनी, छोरी रुनुमैयाँ पनि उपन्यासमा गौण भूमिकामै सीमित छन् (पृ.१६८) । छोरोलाई पैसाको खोलो बगाएर सहरमा राखी पढाउने बूढा काजीकी बिहेयोग्य छोरी रुनुमैयाँका बारेमा उपन्यास मौन देखिन्छ । यसरी उपन्यासमा भित्रिएका लालगेडीबाहेक सबै महिला पात्रहरू प्रतिरोधविहीन छन् । लालगेडी पनि अन्ततः मूलधारको प्रभुत्वशाली संस्कृतिमा परास्त भएकी छ । यी सन्दर्भहरूले कालखण्डको यथार्थ समाजको अङ्कन गर्ने लेखकीय हुट्हुटीलाई प्रस्तुत गरे पनि त्यस बेलासम्म

नेपाली समाजमा आएको परिवर्तन टिप्ने एउटै मात्र उदीयमान हुन खोज्ने महिला पात्र पनि अधीनस्थ दशामै होमिन विवश हुनुपरेको देखाइएको छ । यस सन्दर्भमा प्रस्तुत उपन्यासमा महिला चरित्रको निरूपणमा पुरुषसत्ताजन्य लेखकीय अनुभूतिले पनि भूमिका निर्वाह गरेको देखिन्छ ।

## ३.८.४ जातीय प्रभुत्वका परिप्रेक्ष्यमा निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचना

*अविरल बग्दछ इन्द्रावती* उपन्यासमा प्रभुत्वशाली पिँढीका जातीय अनुभूतिले पनि केही मात्रामा संरचनात्मक स्वरूप पाएका छन् र ती सशक्त पनि छन् । सामन्तवादी संस्कृतिमा दीक्षित काजी खानदानको परिवार जातीय भेदभावले ग्रस्त छ । आफ्नो क्षेत्रका पुरै जनतालाई अधीनस्थ राख्न सफल त्यस खानदानले त्यहाँ बाक्लै उपस्थिति रहेको जनजाति समूहमा पर्ने माझी-दनुवार समुदायप्रति निरन्तर क्रूर व्यवहार गर्दै आएको छ । माझी समुदायको नयाँ पिँढीमा उदाउँदो चेतका कारण भने त्यस प्रभुत्वशाली पिँढीले पनि दबाब र तनावजन्य अनुभूति सँगाल्ने अवस्था आइलागेको छ । ती अनुभूतिको निर्माण त्यस समुदायलाई कसरी अधीनस्थ राखिराख्ने भन्ने सन्दर्भमा त छँदैछ; प्रतिकारको सामना के कसरी गर्ने भन्ने सन्दर्भमा पनि देखिन्छ । सबै खाले अधिकारबाट वञ्चित गरिएका र जेनतेन सास धानिरहेका माझी जस्ता कथित साना जातिहरूलाई शासित तुल्याउने शैली काजी परिवारका बाबु र छोराको फरकफरक छ । यस सन्दर्भमा छोरोलाई कुटनीतिक सल्लाह दिँदै गर्दा बूढा काजीमा जातीय अहङ्कारको अनुभूति पनि यसप्रकार निःसृत भएको छ,

> हेर साना ! ... गाउँमा अब पहिलेको जस्तो स्थिति छैन । मुलुकको हैकममा आएको परिवर्तनले गर्दा आज हाम्रा ग्रहदशा टेढा छन् । त्यसैले हावाको दिशा हेरेर बाँसले झैँ आफूलाई केही नुहाउनु नै अक्किलदारी ठहर्छ । नत्र त म भक्केअमिलो पड्केझैँ पड्किएर कुबेलैमा ढल्न बेर छैन । ऐलेको जुग तल्ला र नीचले टाउको उठाउने जुग रहेछ, उनीहरूको बल बढ्ने । त्यसैले त्यस बलसँग सोझो जुध्नु र आफू निमिट्यान्न हुनु सट्टा नरसिंह औतार भगवान्ले हिरयकशिपुलाई जस्तै काखमा लिएको भान पारेर उसको आन्द्रा दुहुन सक्नुपर्छ । (पृ.११४)

बदलिँदो समय परिप्रेक्ष्यमा उठेको जनजागरणको असर माझी युवा पुस्तामा समेत फैलिएको यथार्थलाई ठुला काजीले ठम्याएको छ । यसप्रकार उसको खानदानले नै तुच्छ, तल्ला र नीच ठानेका जातिद्वारा भएको प्रतिरोधमा बूढा काजी पनि रन्थनिएको छ; छोरोको प्रतिकार शैलीले उब्जेको परिस्थितिले थप विचलित छ; दबाब र तनावको अवस्थामा छ । ऊ माझीहरूलाई नियन्त्रणमा लिन घुमाउरो बाटो अवलम्बन गर्नुपर्ने पक्षमा छ तर साना काजीलाई भने मालिक र रैतीका बिचमा मध्यम मार्ग खोज्नु, तुच्छ रैतीसँग सम्झौता गर्नु स्वीकार्य छैन । उसका दृष्टिमा नोकर वर्गले मालिकको इच्छामा आग्लो हाल्ने अधिकार छैन र त्यसो हुन्छ भने तिनलाई कुल्चनुपर्छ; दमन गर्नुपर्छ भन्ने नै छ (पृ.११४) । ऊ साना कहलिएका जातिप्रतिका आफ्ना प्रभुत्वशाली पिँढीगत अनुभूतिलाई यस्तो संरचनात्मक स्वरूप लिएर प्रस्तुत भएको छ, “बुबाले के

मर्जि' भा" ? ... आज यी आफ्ना पैतालामुनि बाँच्ने एक मुठी गुहे कीराहरूका बाँदरहप्कीमा लुत्रुक्क परेर यिनका सामु झुक्ने ? बुबा, लातको भूतलाई लातैले पूजा दिनुपर्छ । पैंतालाको फूललाई शिरमा ल्याएर राख्ता के शोभा दिन सक्छ त्यसले ?" (पृ.११५) । यसप्रकार माझी जातिलाई गुहे कीरा र पैतालाको फूलभन्दा बढी नदेख्ने सानाकाजीको यस प्रभुत्वशाली अहंमा निःसृत अभिव्यक्तिमा चरम जातीय उत्पीडनको चरम स्वरूप मूर्त भएको छ जसमा तत्कालीन प्रभुत्वशाली अनुभूतिमा बाँचेको सामाजिक संस्कृति जीवन्त बनेको छ । आफूलाई अन्य जातिका मालिक ठान्ने काजी परिवारमात्र होइन; तिनका भरौटे, चाकरहरू पनि आफूलाई प्रभुत्वशाली पिँढीले खटाएको प्रतिनिधि हुनुमा गौरवबोध गर्दछन् । बुदुने साना काजीको मालिक्याइँमा चिप्लो घस्दै भन्दछ,

> त्यो त मालिकका नजरकै सामु छ ... अब मालिकले काभ्रा पाटाँ हबेली बनाउँछु भनेर हुकुम गर्नुभो । गाउँमा यी फटाहाहरू लौ त कसरी बनाउँदो र छ हबेली भन्दै डुक्रिँदै हिड्छन् । यसरी छोटा जातका यी भुस्याहाहरूले सिँगौरी खेल्न सिङ थापेर हिड्दा पनि यिनका सिङ फुकाल्न नसके हाम्लाई त के, हामी पैतालाका धुला, मालिकका लागि दुई-चार लातबात खप्न सक्छौं, तर मालिकको हाक-हैकमको के हुर्मत रहला ? (पृ.१३३)

साना काजीको हाँक र हैकम लल्कार्ने गरी उसको मालिक्याइँ उराल्ने गतिविधिमा संलग्न बुदुने आफैँ पनि माझी जातिको हुँदाहुँदै सजातिलाई 'छोटा जात' र 'भुस्याहा' भन्दै अवमूल्यन गर्नुले सामन्तवादी समाजमा कथित उपल्लो जातिबाहेक अन्य जातिको स्थान निरूपण कसरी भइरहेको छ; त्यस यथार्थले पनि मूर्तता पाएको छ । उपन्यासमा प्रस्तुत यी सन्दर्भहरूले समाजमा कथित दलित जातिप्रति मात्र होइन जनजातिप्रति पनि त्यस संस्कृति कति अनुदार, असहिष्णु रहँदै आएको छ भन्ने यथार्थलाई पनि मुखर गरेको छ। तर परिस्थिति फेरिँदो छ। गाउँको प्रधानपञ्चको हैसियतमा रहेर गाउँलेमाथि हाँकडाँक जमाउँदै पुस्तैनी शासकीय वृत्तिमा विशेषतः माझी जातिलाई अधीनस्थ राख्नमा तल्लीन साना काजी माझी युवा पिँढीतर्फका एक पछि अर्को विद्रोह झेल्नु पर्दा तीव्र छट्पटी र अशान्ति बेहोर्न बाध्य छ । माझीका छोरीबुहारीलाई चाहनासाथ यौनसिकार बनाउन सक्ने सानाकाजीले लालगेडीलाई फसाउन पटकपटक असफल हुनु, अझ लालगेडीलाई एक्लै भेट्दा बलात्कार गर्ने प्रयास पनि गुम्नु र त्यतिखेर तीव्र मनोद्वन्द्व झेल्दै अगाडि बढ्दा सोभिते माझीलाई साक्षात्कार गर्न पुग्नु, नाम सोधेर सोभिते माझीलाई साक्षात्कार गर्न पुग्नु, नाम सोध्नु, दुवाली थुन्नमा असहयोगको वातावरण सिर्जना गराउने र अगाडिको चुनावमा आफ्नो विरोधी उम्मेदवार हरे सन्न्यासीलाई सघाउने जस्ता सोभितेका गतिविधि र माझी केटाहरूको विद्रोहको मूल त्यही सोभिते रहेको ठम्याउनुसँगै सोभितेप्रति दुई वर्ष अघिदेखि साँच्दै आएका आक्रोश र घृणाका अनुभूति सानाकाजीले यसप्रकार पोखेको छ, "सुन्, यो मेरो हैकमको गाउँमा जिउँदो बाँच्न मन छ भने आफूलाई आफ्ना थान्कामा राख; पखेटा उमारेर उड्न नखोज् । ... आजउप्रान्त तेरा आँखा यसरी ठाडो उठे भने एकदिन तिनले फुटनुपर्नेछ । सुनिस् ? ... आफ्नो

औकात चिनेर मुन्टो उठाउने गर" (पृ.८६)। यसरी अधीनस्थ जातिप्रतिका घृणा र क्रोधका अनुभूतिलाई शब्दका साथै सोभितेका पिँडौंलामा आफ्ना सिकारी बुटको ठक्कर प्रहार गरेर पोखेको छ। यहाँनेर सानाकाजीद्वारा उठाइएको 'औकात'को कुरा वर्गीय तहमा मात्र सीमित छैन; जातीय आधारमा वञ्चितीकरणमा पारिएका समुदायप्रति पनि लक्षित छ।

प्रस्तुत उपन्यासमा पहाडका सामन्त ठालुद्वारा भएको आर्थिक तथा सांस्कृतिक शोषणमा माझी प्रजाति कसरी किनारीकृत बनेको छ, त्यस अवस्थाको ज्वलन्त चित्रण छ (सुवेदी, २०६८, पृ.२०८) उपन्यासमा प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गाउँका तिनै सामन्त ठालु काजी खानदानले गरेको छ। त्यस्तै, जातीय भेदभाव संस्कृतिलाई बसोबासको स्थितिले पनि कसरी जीवन्त राखेको हुन्छ भन्नेबारे उपन्यासमा आख्यानकारको अभिव्यक्ति यस्तो रहेको छ,

> बूढो भूमा घरबाट निस्क्यो र रातमाटे गोरेटोबाट उकालो लाग्यो। ऊ ठूला घर जाँदै थियो। ठूला घर जान मानिसलाई कठिन उकालो चढ्नुपर्छ, यो सनातन नियम हो। साना जातिका माझीहरूका घर खोलाबाट धेरै टाढा हुँदैनन्। अनि ठूला जातिका घरहरू सिरानमा बन्छन्। (पृ.९४)

कथित साना जात र ठूला जात भन्ने संस्कृतिले पाएको व्याप्ति बसोबासगत संस्कृतिमा पनि देखिनुले थिचिएका-मिचिएका जातिहरूलाई कथित ठूला जातिले सबैतिरबाट कसरी तल पारेको हुन्छ भन्ने कटु अनुभूति उक्त अभिव्यक्तिमा प्रकट छ।

उपन्यासमा मूल धारको संस्कृतिलाई निष्ठापूर्वक संवहन गर्ने काम बूढा काजीले गरेको छ। आफ्नो क्षत्रिय जात भन्दा तल्ला भनिने जातिहरूप्रति सङ्कीर्ण रहे पनि ऊ देबु पनेरूप्रति भने उदार देखिन्छ। ब्राह्मणलाई सर्वोपरि जातको दर्जा दिने धर्मपरम्पराको परिपालनामा ऊ चुक्न चाहदैन। देबु पनेरूलाई छोराको सहयोगीका रूपमा सहरमा पठाउने स्वार्थ भए पनि आफ्नै सामल र खर्च भरेर उसलाई शिक्षादीक्षा दिलाउने, उसको बिहेवारी गराउने र उसको घरबारी जोड्नमा योगदान दिने काम बूढाकाजीबाट भएको छ (पृ.१६)। यद्यपि देबु पनेरूको परिवार पनि काजी खानदानबाट अधीनस्थ रहेको र वर्गीय उत्पीडन भोगेको परिवार हो। तर यसरी बूढाकालजीले भने देबु पनेरूप्रतिको व्यवहारमा फरकपन देखाएको छ। ब्राह्मण/पुरोहितलाई गरिने दान/सहयोग मृत्युपश्चात् स्वर्गको ढोका खोल्ने हिन्दु धर्मजन्य सांस्कारिक विश्वासबाट ऊ डोरिएको छ। साथै, समाजमा आफूलाई पुण्यात्मा, सच्चरित्रवान्, गौ तथा ब्राह्मण प्रतिपालक भएर आफूलाई धर्मका प्रतिपालकका रूपमा स्थापित गराउनु पनि उसको अन्तर चाहना रहेको छ। यसै मेसोमा उसले नियमित चाडपर्व, औँसी-पूर्णिमा, संग्राती, एकादशीमा ब्राहमणलाई सिधा, दक्षिणा दान दिनु; बेलाबखतमा सप्ताह-भागवत पुराण लगाउनु, महाचौथान, देवीथानमा लाखबत्ती, पूजा, रुद्री चण्डी आदि धार्मिक कार्यहरू गराउनु जस्ता गतिविधिबाट आफ्नो शोषक सामन्त व्यक्तित्वलाई पनि ढाकछोप गर्न सकेको छ र यस्ता धार्मिक आडम्बरलाई परत्र सुधार्ने आधार पनि

तुल्याएको छ (पृ.१६७)। यसप्रकार उसले आडम्बरपूर्ण भए पनि धार्मिक संस्कारमय जीवनशैली पछ्याएर आफ्नो परत्र सुन्दर बनोस् भन्ने अनुभूति सँगालिरहेको देखिन्छ।

पुस्तान्तरजन्य भिन्न जीवनशैली बोकेको र आफूलाई आधुनिक ठान्ने त्रिलोचनसिंह (साना काजी) भने 'कलिमा बाहुनको के को मर्यादा ?' भन्ने मान्यताले डोरिएको छ (पृ.१६९)। जब देबु पनेरू प्रधानपञ्चको चुनावमा आफ्नै छोरोको प्रत्याशी भएर उठेको हरिकृष्णे सन्न्यासीका पक्षमा उभिन्छ र ज्यूज्यान दिएर खट्न थाल्दछ तब काजी खानदानका लागि त्यो कुरा अप्रत्याशित झट्का बन्न पुगेको छ। देबु पनेरूको त्यस व्यवहारलाई बूढा काजीले पनि आफ्नो प्रभुत्वशाली पिँढीप्रतिको चुनौतीका रूपमा लिएको छ। उसले पनि कडा दबाब र तनावको अनुभूति सँगाल्न पुगेको छ। यसै परिप्रेक्ष्यमा बूढा काजीद्वारा पनेरू बोलाइएको छ तब पनेरूले विचलित हुँदै ग्लानिको अनुभूति पनि सँगाल्न पुगेको छ (पृ.१७२) तर सानाकाजीबाट पाएको बातबातको लात, तिरस्कारको अमानुषिक व्यवहारमा सँगालेको चरम अपमानको अनुभूति उसमा एकाएक उद्रेक भइदिँदा ऊ बूढा काजीसमक्ष निर्भीक रूपमा प्रस्तुत हुनसकेको छ र सवाल-जवाफ गर्दै पुरेत्याइँ त्यागेर धर्मफराक हुने निर्णय सुनाउन पुगेको छ। त्यसपछि साना काजीसँग बदला साँध्ने उसको मनासयले आफूलाई प्रतिद्वन्द्वीका रूपमा उभ्याउँदै साना काजीको राजनीतिक जीवन ध्वस्त गराउने सङ्कल्प बोक्नु, सानाकाजी राष्ट्रिय पञ्चायत सदस्यमा मनोनयन हुने लगभग निश्चित भएकोमा उसलाई राष्ट्रिय पञ्चायतमा पुग्नबाट रोक्न भरमग्दुर प्रयासस्वरूप उसका अन्यायपूर्ण र जनविरोधी भावनालाई राजनीतिक रङ्ग दिन खोज्नुमा देखिन्छ (पृ.१६७)। उसको काजी विरोधी प्रखर स्वरको आँच पाएर माझी केटाहरूको सुप्त विद्रोह पनि विस्तार-विस्तार चहकिलो हुँदै गएको छ (पृ.१९६)। देबु पनेरूका सचेतना छर्ने यी गतिविधि काजी परिवारका लागि अपाच्य बनेको छ। परिणामतः उद्दण्ड साना काजीले हबेलीको जग हाल्ने साइतमा माझी समुदायको आनाकानी झेल्दै गर्नुपर्दाको तनावमा त्यत्तिखेरै देबु पनेरुलाई साक्षात्कार गर्न पुग्दा उसको क्रोधजन्य आवेशको चरमोत्कर्ष रूप देबु पनेरूमाथि गोली बनेर बर्सेको छ।

सानाकाजीबाट हुन सक्ने ब्रह्महत्या/पुरोहित हत्याको आशङ्कामा अगाडिदेखि तीव्र दबाब र तनावमा अन्तर कामेको स्थितिमा बूढाकाजीले छोरोको यस जघन्य कृत्यलाई रोक्ने प्रयास गर्दागर्दै, आशङ्का यथार्थमा रूपान्तरण भइदिँदाको उसको तनावजन्य अनुभूति- यसप्रकार पोखिएको छ, "मारिहालिस् नि चन्डाल ! ... अँ बाहुनको छोराको ज्यानै लियो ए राक्षसले" (पृ.२०८)। यसरी खुलम्खुल्ला छोरोद्वारा भएको ब्रह्महत्या बूढोलाई मुढो झैँ उठ्नै नसक्ने गरी ओछ्यानमा लडाउने कारण बन्न पुगेको छ। उदेकलाग्दो पक्ष के छ भने यस जघन्य हत्याको यस्तो असर बूढा काजीका निमित्त ज्यूँदा धर्तीबासीको डरमा होइन; यसमराजको डरमा देखिएको छ; परत्र बिग्रिने भो भन्ने दुश्चिन्तामा प्रकट छ। यसप्रकार सानाकाजीले खुलागोप्य रूपमा चुनावका मुखमा हरिकृष्णे सन्न्यासीको हत्या गर्नु र दुर्घटनाको रूप दिनुलाई सहज ग्रहण गर्न

सक्ने बूढाकाजीका निमित्त ब्रह्महत्या भने 'डरलाग्दो' हुनुले जातीय भेदको संस्कृति यहाँनेर पनि मूर्त भएको देखिन्छ । त्यही सन्दर्भमा प्राप्त मानसिक आघात बूढाकाजीको मृत्युको कारण बनेको छ । जसको भए पनि 'हत्या हुनु' जस्तो जघन्य आपराधिक कृत्यलाई लिएर धर्मका आडमा निर्माण गरिएको फरकफरक भाष्यले डोरिएको सामाजिक मनोविज्ञानको यो अवस्थाले उच्च र निम्न जातपातको भेदभावले समाजमा कसरी गहिरो रूपमा जरो गाडेको छ त्यो स्थिति पनि प्रकट भएको छ । प्रस्तुत उपन्यासमा प्रभुत्वशाली पिँढीका वर्गीय, लिङ्गीय र जातीय परिप्रेक्ष्यका अनुभूतिका संरचनाले सहज अभिव्यक्ति पाउन सकेको छ जसमा कालखण्डको सामाजिक संस्कृतिको वास्तविक चरित्र प्रकट भएको छ।

## ३.९ निष्कर्ष

प्रस्तुत परिच्छेदमा विवेचना गरिएका सामाजिक यथार्थवादी उपन्यासमा राणाकालदेखि पञ्चायतकाल खण्डसम्म नै ग्रामीण पहाडी तथा सीमाञ्चलका पूर्वी एवम् पश्चिम तराईको ग्रामीण सामाजिक संरचनामात्र होइन, निम्नवर्गका लागि राजधानीकै समाज पनि बन्दस्वरूपमै रहेको यथार्थ मूर्त बनेको छ । साथै, उपन्यासमा राणाकालखण्डमै क्रमिक विकासले गति लिँदै गरेको पूर्वी तराईका साना सहरको सामाजिक संरचनासमेतको चित्रण रहेको छ । त्यसै परिप्रेक्ष्यमा तत्कालीन सामन्तवादी विभेदयुक्त नेपाली सामाजिक संरचनाका परिप्रेक्ष्यमा वैकल्पिक पिँढीलाई अधीनस्थ राख्ने क्रममा प्रभुत्वशाली पिँढीले साँचेका दबाब र तनावजन्य अनुभूतिका संरचनामा मूलधारको संस्कृति जीवन्त बनेको छ ।

विवेच्य उपन्यासहरूमा राणाकालीन सामन्तवादी सामाजिक व्यवस्थामा अधीनस्थ पिँढीका सीमित भूधन र पशुधनमा आँखा गाड्दै तिनको उठिवास गराउन प्रपञ्च रच्ने क्रममा प्रभुत्वशाली पिँढीले साँचेका मूलतः वर्गीय अनुभूतिको अभिव्यक्ति मात्र होइन; राणाकालीन सामाजिक व्यवस्थामा जमिनदारी सम्हाल्ने प्रभुत्वशाली पिँढी विशेषका मानवीय उदात्तताका अनुभूतिले पनि प्रकाश पाएको छ । त्यस प्रभावशाली पिँढीसमेत मूलधारको शासक पिँढीगत प्रभुत्वमा वर्गीय उत्पीडनको अनुभूति सँगालिरहेको फरक परिप्रेक्ष्यको प्रस्तुतिमा सामाजिक यथार्थको अर्को पाटो पनि प्रकाशमा आएको छ । उपन्यासहरूमा तत्कालीन मूलधारमा रहेको पुरुषसत्ताको संस्कृतिमा प्रसारित लैङ्गिक प्रभुत्वलाई सर्वोपरिता दिँदै त्यही संस्कारमा अभ्यस्त रहेको पुरुषपिँढीद्वारा समवर्गकै महिलामाथि भएगरेका लैङ्गिक उत्पीडनको पनि सशक्त प्रस्तुति रहेको छ । त्यसै गरी रूढि र अन्धविश्वासले ग्रस्त सामन्तवादी पुरुषसत्ताको लैङ्गिक भेदभावजन्य संस्कृतिका परिप्रेक्ष्यमा निःसृत प्रभुत्वशाली पिँढीगत अनुभूतिका संरचनाले पनि उपन्यासहरूमा प्रखर अभिव्यक्ति पाएको छ । उदात्त चेत र गतिशील प्रवृत्ति बोकेका प्रभुत्वशाली पिँढीगत चरित्रहरूसमेत सामन्तवादी वर्गीय तथा लैङ्गिक विभेदको सांस्कारिक दोषबाट सर्वथा मुक्त नरहेको यथार्थ तिनमा निर्मित अनुभूतिको संरचनामा प्रकट भएको छ जसमा कालखण्डको

संस्कृति सजीव बनेको छ। साथै, कथित तल्ला जातिप्रतिका प्रभुत्वशाली पिँढीका हेयपूर्ण अनुभूतिले पनि उपन्यासहरूमा संरचनात्मक स्वरूप प्राप्त गरेका छन्।

विवेच्य उपन्यासहरूमा प्रभुत्वशाली पिँढीका मूलतः वर्गीय तथा लैङ्गिक, अंशतः जातीय विभेदजन्य अनुभूतिका संरचनाले अभिव्यक्ति पाएका छन् जसले लामो कालखण्डसम्म सामन्तवादी संस्कृति निरन्तर प्रवाहमा रहेको सामाजिक यथार्थलाई पुष्टि गरेको छ। साथै, तिनमा पञ्चायती कालखण्डमा मात्र नभई राणाकालखण्डमै पनि उदीयमान पिँढीद्वारा प्रतिकारचेतमा प्रकट गतिविधिका कारण प्रभुत्वशाली पिँढीले पनि दबाब र तनावका थप अनुभूति सँगालिरहेको अवस्थासँगै परिवर्तनउन्मुख सामाजिक गतिको पनि उद्घाटन भएको छ।

# चौथो परिच्छेद

# सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना

## ४.१ विषयप्रवेश

विलियम्सका अनुसार कुनै पनि कालविशेषको समाजमा प्रभुत्वशाली पिँढीसँगको अन्तर्सम्बन्धमा परस्पर विरोधरत रहँदै वैकल्पिक तथा उदीयमान पिँढीहरूले आफ्नै खाले अनुभूतिको संरचना निर्माण गरिरहेका हुन्छन् । तिनका अनुभूतिको संरचनामा कालखण्डको संस्कृतिविशेषको अभिव्यक्ति रहेको हुन्छ । प्रस्तुत परिच्छेद शोध्य उपन्यासहरूमा अभिव्यक्त वैकल्पिक अथवा अधीनस्थ पिँढीका अनुभूतिको खोजी र विश्लेषणमा केन्द्रित छ । विलियम्सको 'अनुभूतिको संरचना' सम्बन्धी अवधारणा तथा यसअन्तर्गत अध्ययनीय सन्दर्भका प्रभुत्वशाली संस्कृति, त्यसको विकल्पमा रहेका अधीनस्थ र विरोधी स्वरूपका अवशिष्ट र उदीयमान संस्कृतिहरू; तिनै संस्कृतिहरूलाई वहन गर्ने पिँढीहरू र पिँढीहरूबिचको अन्तरसम्बन्धका क्रममा हुने दबाब र तनावमा निःसृत अनुभूतिको संरचनासम्बन्धी विलियम्सका धारणाका बारेमा दोस्रो परिच्छेदमा चर्चा भइसकेको छ । अतः प्रस्तुत परिच्छेदमा नेपाली सामाजिक संरचनाका सन्दर्भमा मूलतः अधीनस्थ संस्कृतिलाई संवहन गर्ने पिँढीहरूको विद्यमानताको परिप्रेक्ष्यलाई ध्यानमा राखेर विलियम्सका वैकल्पिक संस्कृति तथा प्रभुत्वको अवस्थिति सम्बन्धी मान्यताको आधार लिँदै शोध्य उपन्यासहरूको विश्लेषण गरिएको छ ।

## ४.२ *मुलुकबाहिर* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना

*मुलुकबाहिर* उपन्यासको कथ्यकेन्द्रमा अधीनस्थ समुदाय रहेको छ । उपन्यासमा मूलतः अधीनस्थ समुदायका पिँढीविशेषका वर्गगत अनुभूतिको संरचना तथा समवर्गकै लिङ्गगत अनुभूतिका संरचनाले पनि सशक्त प्रस्तुति पाएको हुँदा यहाँ क्रमशः तिनको विश्लेषण गरिएको छ ।

### ४.२.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

राणाशासनको उतरार्द्ध समयको सामन्ती सामाजिक संरचनामा मूल सांस्कृतिक प्रवाहमा रहेको प्रभुत्वशाली शासक पिँढीको हैकम, दलन र उत्पीडनमा आम सर्वसाधारण पिल्सिएका छन् । देशको सम्पूर्ण अर्थतन्त्रलाई कब्जामा लिने शक्तिसम्पन्न प्रभावशाली पिँढीको प्रभुत्व र आधिपत्यमा अधीनस्थ रहेका बहुसङ्ख्क जनता निम्नवर्गीय छन् । ती वर्गीय उत्पीडनमा चरम आर्थिक दुरवस्था झेलिरहेका छन् । त्यहाँ जालझेल, षड्यन्त्र, शोषण र उत्पीडनका विरुद्ध प्रतिरोध चेतमा

सङ्घर्षको स्थिति कत्ति पनि देखिँदैन। त्यस विषम परिस्थितिमा हात मुख जोर्न कठिनाइ हुने निम्नवर्ग काममामको खोजीमा विशेषतः हिउँदमा मुगलान पस्न बाध्य छन्। लैङ्गिक दृष्टिले अथवा नर-नारी सम्बन्धका सन्दर्भमा पुरुषहरू सामूहिक वा जातीय रूपमै प्रभुत्वशाली छन् (यस कोणबाट तेस्रो परिच्छेदमा विश्लेषण भइसकेको पनि छ तर वर्गीय/आर्थिक दृष्टिले र शक्तिसम्बन्धका दृष्टिले विपन्नहरू, गरिब तथा श्रमजीवी किसानहरू, भूमिहीनहरू, मजदुरहरू सबै अधीनस्थ समुदाय वा पिँढीभित्रै पर्दछन्। उपन्यासमा तिनकै बाहुल्य छ र तिनकै अनुभूतिले उपन्यासमा विशेष स्थान र महत्त्व राखेको छ।

प्रस्तुत उपन्यासमा दलबहादुर, माहिला भुजेल, रनबहादुर, म्याउँची आदि अधीनस्थ समुदायका प्रतिनिधि पात्र हुन्। तिनका अनुभूतिले त्यस समुदाय वा निम्नवर्गको अवस्थालाई राम्रोसँग उद्घाटित गर्दछन्। दलबहादुरले साँचेको अनुभूतिलाई माध्यम बनाउँदै आख्यानकार उपन्यासमा यस्तो अनुभूतिको संरचना प्रस्तुत गर्छन्, "जुन मुलुक गरीब छ, जहाँ आफूलाई सुख छैन, स्वतन्त्रता छैन, जहाँ केवल गरीब श्रमजीवीहरूको आत्माको क्रन्दन सुनिन्छ; जहाँ सम्यताको तथा मनुष्यको राँको छैन, जहाँ दरिद्र आत्माको नग्न चित्र छ त्यो मुलुकमा फेरि फर्कने को मन गर्छ ?" (पृ.१५५-५६)। दलबहादुरजस्ता विपन्न श्रमजीवी मानिसहरूले गरिबीकै कारण देश छोड्नुपर्दाको अनुभूतिलाई आख्यायक उपन्यासकारले जसरी यहाँ प्रस्तुत गरेका छन्, त्यसले श्रमजीवीहरू विपन्न वर्गका मानिसहरूका लागि शासकहरूका उपेक्षा र प्रताडनाका कारण मुलुक र माटो पनि अर्थहीन हुने र बाध्य भई देश छोडेर गएकाहरूमा फेरि त्यही (आफ्नो) मुलुकमा फर्किने इच्छा समेत समाप्त हुने विशेष मनोदशाको संवेदनापूर्ण अभिव्यक्ति गरेको छ। यसबाट उपन्यासकारले शासकहरूका गरिब जनताका जीवनलाई महत्त्वहीन ठान्ने, तिनका जीवनदशा चरम कष्टकर र दुरुह हुँदा पनि संवेदनशील नहुने बरु आफ्ना सुखसयलका निम्ति जनताको दलन गर्ने अन्यायपूर्ण चरित्र र त्यसले जनताका जीवनमा सिर्जना गरेको दुष्प्रभावलाई प्रभावकारी अभिव्यक्ति दिनका लागि अनुभूतिको संरचनाको उपयोग गरेको स्पष्ट हुन्छ।

मुलुकबाट बाहिरिने लाखौं सङ्ख्यामा रहेका नेपालीहरू जसले अधीनस्थ पिँढीलाई प्रतिनिधित्व गरिरहेका छन्; तिनमा निःसृत दबाब र तनावजन्य अनुभूतिले प्रस्तुत उपन्यासमा संरचनात्मक अभिव्यक्ति पाएका छन्। राणाशाासनमा देश चरम आर्थिक दुरवस्थामा रहेको; शिक्षा, चेतना तथा विकास निर्माणको कार्य प्रायः शून्य स्थितिमा रहेको तद्परिस्थितिमा आम नेपालीजन हातमुख जोर्ने समस्या बोकेर अत्यन्त दीनहीन अवस्थामा जीवन व्यतीत गर्न बाध्य छन्। त्यस परिस्थितिमा नेपालीहरू काममामको खोजीमा भौँतारिँदै हरेक वर्ष मुगलान भासिनेको लर्को छ। तत्कालीन समाजको यस यथार्थलाई उपन्यासमा युवा पिँढीको प्रतिनिधि पात्र दलबहादुरका प्रसङ्गमा यसरी अभिव्यक्त गरिएको छ,

गाई-गोठको कारबारले उसलाई नफाप्ने जस्तो उसले विचार गऱ्यो । ...पहाडमा ता दोलखामा आफ्ना जग्गा गाई-गोठ सबै छन् रे भन्ने मात्रै सानामा बाबुका मुखबाट सुनेको थियो । पहाड खण्डमा हलो कोदालो चलाउने गरीब, अशिक्षित, निर्धा प्राणीहरू प्रतिवर्ष आफ्नो मुलुक छोडी हजारौंको सङ्ख्यामा भारतवर्ष तथा बर्मा पस्छन् । मुगलान आई यही बसोबास गरी जीविका चलाएर कालान्तरमा यही रैथाने भएर बस्छन् । प्रवासमा आएपछि उनीहरू फेरि मुलुक फर्कने मनै गर्दैनन् । जुन मुलुक गरीब छ, जहाँ आफूलाई सुख छैन, स्वतन्त्रता छैन, जहाँ केवल गरीब श्रमजीवीहरूको आत्माको क्रन्दन सुनिन्छ; जहाँ सभ्यताको तथा मनुष्यको राँको छैन, जहाँ दरिद्र आत्माको नग्न चित्र छ त्यो मुलुकमा फेरि फर्कने को मन गर्छ ? आफ्नो मुलुकको दरिद्रता सम्झेर उनीहरूको अन्तरात्म झसंग (यथा.) हुन्छ । आफ्नो मुलुक छाडी प्रवास पस्दा उनीहरूको कस्तो अवस्था थियो त्यो उनीहरू सम्झन्छन् । मुगलान पसेपछि उनीहरूको आँखा उघ्रन्छन् । उनीहरूका विचार र दृष्टि पनि बदलिँदै जान्छन् । आज लाखौंको सङ्ख्यामा मुलुक छाडी मुगलान पस्ने जति दुःखी प्राणी छन् तिनको आत्मकथा यही हो । दलबहादुरको बाबु पनि तिनै प्राणीमध्ये एक जना थियो । (पृ. १५५-५६)

दलबहादुरजस्ता कृषिजीवी गरीब, अशिक्षित, निर्धा नेपालीहरू प्रवासमा हेलिन किन बाध्य हुन्छन् र प्रवासी नागरिकका रूपमा त्यतै रैथाने बन्न पुग्छन् भन्ने कारणको अन्तर्यसम्म पुगेर आख्यायकमार्फत अनभूतिको संरचनामा अभिव्यक्ति दिन लेखक सक्षम देखिएका छन् । यहाँनेर देशमा अवलम्बित तत्कालीन शासनव्यवस्था निर्धा जनतालाई सदैव अधीनस्थ राख्ने निरङ्कुश भइदिँदाको परिणतिलाई कलात्मक अभिव्यञ्जना गर्दै राणाकालीन शासनव्यवस्थाका माध्यमबाट लाखौंको सङ्ख्यामा गरिब विदेशिने परिप्रेक्ष्यमा हरेक देशकालपरिस्थितिका सन्दर्भलाई साधारणीकरण गर्ने लेखकीय सामर्थ्य पनि प्रकट भएको छ र त्यसै कालखण्डमा राजनीतिगत विकृतिलाई साहित्यमा सशक्त व्यञ्जना गर्ने लेखकको साहस पनि सिद्ध भएको छ । यसप्रकार पूर्वी पहाडी खण्डबाट मुगलान पस्नेहरूको तत्कालीन गन्तव्य मूलतः दार्जिलिङ, मधेस तथा आसाम रहेको र ती क्षेत्रको विकास निर्माणतर्फको अग्रसरताले नेपालीले पनि रोजगारी पाएका तथ्यलाई लेखकले प्रकाश पारेका छन् (पृ.१) जसमा काममामको खोजीसँगै भौतिक विकासको उज्यालो प्राप्तिको मानवीय आकाङ्क्षालाई सम्बोधन गर्ने लेखकीय अनुभूतिको तथ्यगत प्रस्तुति दिने ध्येय पनि प्रकट भएको छ । बेलायती उपनिवेश रहेको दार्जीलिङ क्षेत्रले भने तत्कालीन अवस्थामै विकास निर्माणमा गति लिँदै सहरी स्वरूपमा देखिन्छ । त्यहाँको सहरी सामाजिक व्यवस्थालाई नेपालीले देख्न पाउँदाको अनुभूति उपन्यासमा यसप्रकार चित्रित छ,

कति पहाड, वन र जंघार तर्दै उनीहरू सुकेबजार-त्यसपछि घूम स्टेशन भएर दार्जीलिङ्ग आइपुगे । मुगलानका ठुला-ठुला घर र चिल्ला सडकहरू देख्ता म्याउँची आनन्दले गद्‌गद् भई । जीवनमा आफूले नदेखेका कुराहरू रेल र मोटर देख्ता त्यो छक्कै परी । रनेले पनि आफूले जाने सुनेका सबै ठाउँ त्यसलाई डुलायो-दार्जिलिङ्ग शहर देखायो, रमितामा लग्यो-गुन्द्रीबजारको कुनाकाप्चा सबै चहाऱ्यो । म्याउची, अरुण खोलाको, वारिपरि पातलको जङ्गलमा गाईवस्तु

चराउँदै गोठमा गोठाल्नीहरूका संसर्गमा जीवन बिताउने–अब मुगलान पसेर दार्जिलिङका रेल, सडक, घर देख्ता बरा छक्कै पर्नु स्वाभाविक कुरो हो। राती शहरमा चारैतिर बिजुली बत्ती बलेको देख्ता म्याउचीले आफूले इन्द्रपुरीको विषयमा सुनेको कुरा सम्झी। (पृ. २)

म्याउँचीजस्ता दीनहीन नेपालीले मुगलान पुगेर सहर तथा विकासनिर्माण देख्न पाउँदा स्वर्गको इन्द्रपुरीमा आएको विस्मितिजन्य अनुभूति गरेको कुरा यहाँ अभिव्यक्त भएको छ। अभिधाका तहमा यहाँ विपन्न वर्गका मानिसले मुग्लान (विदेश)को विकास र सुखद रङ्गीन परिवेश देखेर स्वर्गमा पुगेको अनुभूतिलाई प्रस्तुत गरिएको देखिए पनि यसको प्रयोजन यति मात्र होइन। यस अनुभूतिले यसका पृष्ठभागमा रहेको तत्कालीन नेपालको त्यस सामाजिक आर्थिक संरचना र शासकहरूका अनुत्तरदायी शासनलाई सङ्केत गरेको छ जसका कारण आफ्नो देश असुन्दर अर्थहीन र विदेश स्वर्गतुल्य सुखद रहेको अनुभूति गर्न विपन्न वर्गका जनतालाई बाध्य बनाएको छ। यसरी उपन्यासमा अभिव्यक्त हातमुख जोर्न मुग्लान पस्न विवश गरिब मानिसका विशिष्ट अनुभूतिले एकातिर उपन्यासलाई भावपूर्ण बनाउने काम गरेका छन् भने उत्तरवर्ती राणाकालीन नेपालको अन्यायपूर्ण तथा विभेदकारी सामाजिक आर्थिक संरचना र त्यसले गरिब श्रमजीवी वर्गका मानिसका जीवनमा पारेका प्रभावलाई पनि प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन्।

उपन्यासको प्रमुख पात्र माहिला भुजेललाई फुपूको छोराले दाज्यू भाउज्यूलाई आफ्नै पहाडमा फर्कन कर गर्दा उसले मनैमन सँगालेको अनुभूतिले पनि त्यस बेलाको कटु सामाजिक यथार्थलाई जीवन्त ढङ्गले प्रस्तुत गरेको छ,

> अब पहाड फर्केर के गर्ने ? उही पहाडको एक कुनामा पसेर फेरि लुम्रे-झुम्रे भएर बस्नुपर्छ-गरीबी जीवन बिताउनुपर्छ- खेतीपाती छ भन्नु नाम मात्रै आफैँले हाड खियाएर नजोतेसम्म वर्षभरि खान पुग्दैन। नून लिनलाई सातु सामल बोकेर भोट पुग्नुपर्छ-भोटको बाटो उकालो र ओह्रालो गर्दा चौध दिन लाग्छ–यस्तो अनिकाले जग्गामा फर्केर के गर्ने ? कसो गर्ने ? (पृ.८४)

माहिला भुजेलमा निर्मित यस अनुभूतिको संरचनामा निम्नवर्गीय जीवनको कहालीलाग्दो तस्बिर प्रस्तुत छ। प्रस्तुत उपन्यासमा प्रभुत्वशाली पिँढी नेपथ्यमा रहेको हुँदा तिनको दमन र उत्पीडनका गतिविधि उपन्यासमा प्रस्तुत छैन तर त्यस सन्दर्भमा लेखकद्वारा आर्थिक दुरवस्थाको उत्कट दुःखदायी स्थितिमा अधीनस्थ पिँढीमा निर्मित अनुभूतिको संरचनाको प्रस्तुतिले तत्कालीन नेपालको सामाजिक दुर्दशालाई प्रकाशमा ल्याएको छ। विकासनिर्माण शून्य रहेको नेपालको पहाडी जीवन कृषिकर्ममा आश्रित भए पनि आकासे खेतीको उब्जनीले वर्षभरि थेग्न नसक्ने स्थिति छ। देशको रोजगारीविहीन अवस्थाले मुगलान छिर्नुको विकल्प छैन। आम नेपाली दरिद्रीको चरम स्थितिमा छन्। यस सन्दर्भलाई लिएर माहिला भुजेलमा यस्तो अनुभूति उत्पन्न भएको उपन्यासमा देखाइको छ,

उसले अघि आफू मुगलान पस्दा आफ्नो कस्तो गति थियो त्यो सम्झ्यो फाटेको दौरा, च्यातिइसकेको मैलो सुरुवाल र पटुकामाथि खुकुरी भिरेर घुमी राडी पिठ्यूँमा बोकी उ (यथा.) मुगलान पसेको थियो । आफ्नो पो त्यति थियो–नहुनेको ता त्यो पनि थिएन । फाटेको मैलो दौरा र सुरुवालको नाउँमा लाज ढाक्ने धोती मात्रै लाएर आउँथे ! हे राम ! अरूले हेर्दा पनि कस्तो असभ्य जाति ! कस्तो दीनहीन अवस्था ! मुगलानमा त जग्गा जमीन (यथा.) र किपट नभए पनि आफूले कमाएर एक पेट ता पाल्न सकिन्छ । जीउमा एकसरो सुकिलो लाउन र खान ता पुग्छ ! एक प्रकार सुबिस्ता नै छ । (पृ. ८५)

आफ्नै देशमा प्रभुत्वशाली पिँढीको दमनचक्रमा फसेका नेपाली जसले आफूजस्ता आमजनलाई दुःखैदुःखमा मात्र देखेका छन्; तिनै दीनहीनताको पराकाष्ठामा मुगलान पसेपछि भने त्यहाँको सभ्य समाजका मानिस र स्वतन्त्र परिवेशलाई साक्षात्कार गर्न पाउँदाको विशिष्ट अनुभूतिको प्रतिनिधित्व माहिला भुजेलमा निर्मित उक्त अनुभूतिको संरचनाले गर्न सकेको छ । आफूहरूलाई त्यहाँ पाउँदा दरिद्रीको तत्काल विज्ञापन भइरहेको लाज ढाक्न पनि मुस्किल पहिरनका कारण मुगलानबासीका अगाडि नेपाली जाति प्रतिनिधि माहिला भुजेलले गर्नुपरेको लज्जाबोध र असभ्य जाति बनिनुको अनुभूति वास्तवमै विशिष्ट खाले अनुभूति हो जसले त्यस कालखण्डको नेपाली समाजको कटु यथार्थलाई राम्रैसँग वहन गरेको छ । साथै, त्यस अनुभूतिको संरचनामा मुलुकबाहिरको राज्य संरचनामा एकसरो जीवन धान्न सक्दा मात्रै पनि सुखी हुनुको अनुभूतिको पनि प्रतिनिधित्व हुनसकेको छ र त्यसमा तनावपूर्ण जीवनबाट मुक्ति पाउन सक्दाको खुसी पनि समाहित छ । देशमा व्याप्त चरम गरिबी अनि शिक्षा तथा चेतनाका अभावमा अन्धकारमा बाँचेका नेपालीले मुगलान छिरेपछि खुला समाजको संसर्गमा नयाँ चेत प्राप्त गरेकाछन् । तिनमा देखिएको यस परिवर्तनलाई रनबहादुरको सन्दर्भद्वारा उपन्यासकार यसरी प्रकट गर्दछन्,

अघि, चार पाँच वर्षअघि पहाडबाट मुगलान पस्दा रनबहादुरको कस्तो गति थियो ! शरीरमा भनेजस्तो लुगा थिएन । लुगा लाउन, खान, बस्न, बोल्न त्यसले जानेको थिएन । सभ्यता र संस्कृतिले नछोएको साह्रै सोझो विचार भएको अबोध प्राणी थियो । तर त्यसको भाग्यले गर्दा आज त्यो देश विदेश डुलेर आएको छ । त्यसको विचार र विमर्श पनि धेरै बेग्लै भइसकेको छ । मुगलानको मुक्त वातावरणले आज त्यसलाई छोएको छ । त्यसले ठाँट पारेर लुगा लगाउन, बोल्न, बस्न सिकेको छ । मानिसहरूसित कसरी व्यवहार गर्नुपर्छ, साना ठुलासित कसरी हाँस्नु बोल्नुपर्छ सो त्यसले सबै जानेको छ । पल्टनमा कवाज खेली-खेली शरीरलाई कसरी फुर्तिलो राख्नुपर्छ सो कुरा पनि सिकेको छ । (पृ.४२)

उक्त लेखकीय अनुभूतिको संरचनामा नयाँ परिवेश र प्राप्त अवसरले मानिसको सोच, व्यवहार र संस्कृतिमा नै परिवर्तन ल्याउने प्रसङ्गको अभिव्यक्ति छ । यस तथ्यले समाज परिवर्तनको दिशालाई सङ्केत गरेको छ, साथै 'त्यसको भाग्यले गर्दा आज त्यो देश विदेश डुलेर

आएको' प्रसङ्गको प्रस्तुतिमा भाग्यवादसँग जोडिएको लेखकीय चेतनाले पनि अभिव्यक्ति पाएको छ जसद्वारा नेपाली समाजमा विद्यमान भाग्य र नियतिप्रतिको विश्वास प्रकट भएको छ । समग्रमा भने वर्गीय अनुभूतिको संरचना उपन्यासमा जसरी अभिव्यक्त भएको छ, त्यसले विपन्न वर्गीय नेपालीले जीवनयापनका क्रममा गरेका सामान्य अनुभूतिलाई मात्र अभिव्यक्त गरेका छैनन्, अपितु तिनका माध्यमबाट देशभित्र विद्यमान जनताप्रतिको अनुत्तरदायी अन्यायी शासनव्यवस्थाले गर्दा देशभित्र जीवन धान्न नसक्ने अवस्था सिर्जना भई हातमुख जोर्नकै लागि विदेश भासिनुपर्ने र आफ्नो देशको माटोप्रति नै वितृष्णा र पराई माटोमा स्वर्ग अनुभव गर्नुपर्ने विडम्बनालाई प्रभावकारी अभिव्यक्ति दिइएको छ ।

## ४.२.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा वर्गगत सन्दर्भका अधीनस्थ पिँढीका अनुभूतिका संरचनाका साथै लैङ्गिक तहका अधिनस्थ पिँढीका अनुभूतिका संरचनाहरूले पनि सशक्त प्रस्तुति पाएका छन् । नेपाली सामाजिक संरचनामा प्रभुत्वशाली पुरुषपिँढीद्वारा महिलापिँढी सहजै अधीनस्थ रहेको यथार्थ उपन्यासमा अभिव्यक्त छ । ठट्टै भने पनि रनेले बारम्बार आफ्नो चरित्रप्रति सशङ्कित दृष्टि फ्याँकिरहँदा आजित बनेकी म्याउची रिसाएर साथीहरूको डेरामा जानु, रातको समयमा रने उसलाई लिएर आफ्नो डेरातर्फ फर्कनु, बाटोमा पुनः त्यही खाले ठट्टा भन्दै अरू पुरुषसँग टाँसिएर बसेको बात लाउनु, म्याउचीको रिसको पारो ज्यादै बढ्नु, आफ्नो सत्चरित्रप्रति उल्टो आक्षेप लाउँदा उसको स्वाभिमानी हृदयमा नराम्ररी ठेस लाग्नुले हिँड्दाहिड्दै टक्क अडिँदै यसरी अड्डी कसेकी छ : "अर्कालाई बिनासित्ति दोष लाएपछि नाइँ डेरामा जाँदै जान्नँ" (पृ.२१) । रनेले फकाउनु, धम्क्याउनु, केही गर्दा पनि म्याउची नमान्नु जस्ता रने र म्याउचीका गतिविधिहरू ती दुवैमा दबाब र तनाव बढाई द्वन्द्वलाई चरमोत्कर्षमा पुऱ्याउने उपन्यासका उल्लेख्य घटनाक्रम बनेका छन् । त्यसपछि रनेको पुरुषअहम् बढ्दै गएको छ अनि क्रोधले ग्रसित हुँदै यस्तो धम्की दिन पुगेको छ : "पानीमुनि फालिदिउँला" (पृ. २१) । रनेको अनुहार तथा उसको शारीरिक हाउभाउबाट म्याउँची आतङ्कित हुनु जस्ता थप गतिविधिहरू उपन्यासमा प्रस्तुत छन् । त्यस अवस्थामा निरीह बनेकी म्याउचीको तनावजन्य मनोदशाको चरमोत्कर्ष रूप उपन्यासमा आख्यानकारद्वारा यस रूपमा प्रस्तुत छ,

> म्याउचीलाई ठुलो आशङ्का र भयले छोप्यो । त्यसलाई कसैले चारैपट्टिटबाट एक्कासि छोपेको जस्तो तथा थिचेको जस्तो लाग्यो । त्यसको अन्तरात्माले भविष्यमा हुने अज्ञात दुर्घटना र विपत्तिको कल्पना गर्न थाल्यो । त्यस बेला आकाश, पृथ्वी, वन, रूख-पात (यथा.) सबै फनफनी घुमे जस्ता लागे । म्याउची दुवै हातले मुख छोपेर चिच्याई । (पृ. २२)

बलशाली पुरुषद्वारा जीवनहरणको आशङ्का र त्यस अवस्थामा आफू निरीह भएको चरम पीडादायी अनुभूतिसँगै म्याउचीको अधीनस्थ अवस्थाको त्यस विशिष्ट मनोदशा अत्यन्त मार्मिक

छ । लगत्तै रनेले म्याउचीका दुवै हात सेतो रुमालले बलजफ्ती बाँधिदिँदा उसले रुमाल फुकाउन गरेको चेष्टा, मृत्यृ साक्षात्कार गर्नपुग्दाको डाहा, छट्पटी, चिच्याहट जस्ता प्रतिक्रिया र प्रतिरोध त्यहाँ निरर्थक देखिएको छ । तत्कालै म्याउची रनेद्वारा जुरुक्क उचालिएर टिस्टामा फ्याँकिएकी छ र मृत्यु प्राप्त गरेकी छ । यसरी पुरुष अहम्मा निःसृत क्षणिक आवेगले नारीको अमूल्य जीवनलाई समाप्त गरेको छ ।

नारीको चरित्रलाई लिएर पुरुष कतिसम्म सङ्कीर्ण दृष्टिकोण राख्दछ भन्ने उदाहरण उपन्यासमा प्रस्तुत मसिनीको जीवन भोगाइले पनि प्रस्ट पारेको छ । लैङ्गिक विभेदले ग्रसित समाजको यो तथ्यले नारी अनुभूतिका संरचनामा मूर्त रूप पाएको देखिन्छ । पुरुषप्रधान समाजमा नारी चरित्रमाथि शङ्काका भरमा सहजै लाग्ने लाञ्छना झेल्दै वेदनामय जीवन भोगाइ गरिरहेकी निर्दोष मसिनीमा निर्मित अनुभूतिको संरचना उसका यी अभिव्यक्तिमा प्रकट छ,

> मेरो के कसूर थियो र ! मैले के बिराम गरेकी थिएँ र ? आमा, उसले मलाई कहिल्यै त्यसरी कुटेको थिएन–यत्री भएँ एक लबटा पनि हिर्काएको थिएन । त्यस दिन पनि मलाई राम्रै मुखले एक वचन सोधेको भए हुन्थ्यो–म र कान्छा राईमाथि पाप सम्झेर । तर मेरो केही बिराम छैन–केही कसूर छैन । मेरो कसूर छ कि छैन, एक दिन दैवले उसलाई देखाउला, आमा ! त्यति कुराको मात्तै घिडघिडो छ । (पृ.११९)

मसिनीले बूढी आमासामु व्यक्त गरेको उक्त उद्गारमा आफूले बिना कसुर खेप्नु परेको शारीरिक उत्पीडनभन्दा मानसिक उत्पीडनको चर्को अनुभूति उसका आँसुसँगै अभिव्यक्त छ । यसै परिप्रेक्ष्यमा तत्कालीन नेपाली सामाजिक संरचनामा अधीनस्थ पिँढीको प्रतिरोधशून्य अवस्थाका साथै दैवी भरोसामा अडेको नेपाली नारी जीवनको मार्मिक पाटोले पनि प्रस्तुति पाएको छ ।

आफ्नो घरबार उजाड बनाउने पुरुषप्रतिका मसिनीका अनुभूति उपन्यासमा यसप्रकार अभिव्यक्त भएको छ, "सेर्बा बूढा नआए नआओस्...आमा, त्यही पापी बूढाले गर्दा यो घरमा झगडा भएको हो यो घर फुटाउने त्यही पापी हो, गाउँ छिमेकीले कुरा गर्थे-पालेको चरोले एक दिन आफैँलाई ठुङ्ला है भनेर । आज ठीक त्यस्तै भयो आमा..."(पृ.११६) । सेर्बा बूढोप्रतिको मसिनीको प्रतिरोधचेतमा निःसृत उक्त अनुभूतिको संरचनामा कुनै उग्र भाव छैन । त्यो गुनासो तहमै सीमित छ । सुधी, सरल, निष्कपट र शालीन स्वभावकी मसिनीले आफ्नै गाउँठाउँको सेर्बा बूढोलाई भेटेर आक्रोश पोखेको समेत देखिँदैन । "अपराधीको भलो नहोस्" (पृ.११८) भन्नुबाहेक ऊद्वारा अन्यायको प्रतिकारस्वरूप विद्रोहका कुनै पनि गतिविधि भएको छैन । महिलामात्र रहेको त्यस घरमा माहिला भुजेलको खोजखबर लिने पुरुषसदस्य कोही देखिँदैन । गृहस्थी चलाउने रुमलोमा अल्झिनु बाहेक बाहिरी काममा चाहेर पनि अघि बढ्न महिलालाई गाह्रो हुने तत्कालीन सामाजिक संरचनालाई यस सन्दर्भले प्रस्तुत गरेको छ । जब धेरै वर्षपछि दलबहादुर आफ्नो घर फर्कन्छ र घरको सबै यथार्थ बुझेपछि उसले माहिला भुजेलको खोजीमा निस्कने र उसलाई

सम्झाई बुझाई घर ल्याउने निर्णय सुनाउँछ तब मसिनीको हृदयले धेरै समयपछि यसरी राहतको अनुभव गर्न पाएको छ, "मसिनीको अनुहारको बादल हराउँदै गयो । त्यसले कृतज्ञताको दृष्टिले दलबहादुरलाई पुलुक्क हेरी अनि बल्ल त्यसका अनुहारमा हाँसोको क्षीण रेखा दगुर्‍यो" (पृ. १३०) । यहाँनेर खुसी हुन पनि पुरुष आश्रित हुनुपर्ने महिलाको मार्मिक अवस्था प्रकाशमा आएको छ । यस सन्दर्भले पनि पुरुषसत्तामा बन्धित महिलाको अधीनस्थ गम्भीर दशलाई नै प्रकट गरेको छ । माहिला भुजेलको खोजीमा धेरैतिर भौंतारिँदै अथक परिश्रम गरी असफल भई फर्किएको दलबहादुरलाई देख्दा मसिनी झनै निराश भएकी छ । यसरी श्रीमान्‌द्वारा त्याज्य भएकी मसिनीको निरस जीवन भोगाइका तनावजन्य अनुभूति उपन्यासमा यसप्रकार प्रस्तुत छ, "तर यो वेदना कसलाई भन्नु ? यो दुःख कसलाई सुनाउनु ? यो विरह कसलाई देखाउनु ? कहाँ गएर पोख्नु ?"( पृ.१५०) । त्यस्तै, पुरुष सत्ताको सामाजिक संरचनामा सन्तान जन्मनुअघिको छोरा कि छोरी भन्ने सामाजिक चासो र पिरलो छोरीको कर्मबाट आजित रहेकी मसिनीको यस उद्गारमा प्रकट छ, "तर भाउज्यू, छोरा हुन्छ कि छोरी ? आ, छोरी त नहोस् है ! छोरीको जात के–पाल्यो, बढायो, तरुणी भएपछि एकदिन माइत-घर छोडी हामीलाई रुवाई अर्काको घर जानुपर्छ । छोरी त आमा बाबुको मायाको काँचो धागो हो–छोरोजस्तो कहाँ हुन्थ्यो !" (पृ.१३९–४०) । नेपाली समाजमा बाबुआमाको छोरीसँगको काँचो धागोसरहको नाजुक सम्बन्धलाई प्रकट गर्ने मसिनीमा निर्मित उक्त अनुभूतिको संरचनाले लैङ्गिक भेदभावपूर्ण सामाजिक मानसिकतालाई पनि अभिव्यक्त गरेको छ ।

नारीवेदनाबारे समपिँढीको समानुभूतिको प्रकाशन यस उपन्यासको वैशिष्ट्यका रूपमा रहेको छ । नारीमाथिको उत्पीडनलाई लिएर नारीपिँढी प्रतिनिधिका रूपमा रहेका पात्रहरूको अनुभूतिको संरचनाले पनि उपन्यासमा यथास्थान प्रस्तुति पाएका छन् । समाजको मसिनीप्रतिको दृष्टिकोण बुझेर घर आएपछि दलबहादुरको ऊप्रतिको आक्रोश र घृणालाई ठम्याएँपछि बूढी आमा नमीठो मान्दै यसरी अभिव्यक्त भएकी छ,

> खै बाबै, कान्छीको बिराम भन्नु के थियो र ? कान्छीले केही बिराम गरेकी मैले देखेकी छैन । बबुरा कान्छा राई घरमा आएर बसेको थियो, त्यसैमा गाउँ छिमेकमा नराम्रो कुरा हुन थाल्यो । संसारमा अर्कालाई बझाउने–फटाउने धेरै हुन्छन् बाबै ! अर्काले गरी खाएको कसैले हेर्न सक्तैन, अर्कालाई बझाउन पाए दुनियाँ खुशी मान्दछन् । बाबै ! संसार यस्तै छ । सपार्नेभन्दा बिगार्ने धेरै हुन्छन् । कान्छीको के कसूर छ र ? माहिलाले पनि अर्काको कुरा सुनेर त्यसरी नकुट्नुपर्ने । खै, के हो, के हो, बाबै लोग्नेमान्छेका जात भएर स्वास्नी जाबीलाई त्यसरी कुट्दा कसैले उसलाई राम्रो भन्यो र ? (पृ. १२९)

बूढी आमामा निर्मित यस अनुभूतिको संरचनामा त्यस बेलाको नेपाली सामाजिक संरचनाको चरित्रले प्रस्तुति पाएको छ । घटनालाई निष्पक्ष विश्लेषण गर्ने विवेकी बूढी आमाको

सुधो चेतनाले नारीमाथि पुरुषको उत्पीडनको मर्मलाई ठम्याउन सकेको छ । माहिला भुजेलको घरझगडामा श्रीमान्द्वारा श्रीमती नराम्ररी कुटिँदा त्यहाँ चासो राख्दै उपस्थित दर्शकहरूमा महिलाको दुःखदर्द हेरेर आनन्द लिनेहरू मात्र छैनन्; महिलालाई सहानुभूति राख्ने महिला पनि छन् । यस परिप्रेक्ष्यको अभिव्यक्ति उपन्यासमा यसप्रकार रहेको छ,

> छिमेककी स्वास्नी मानिसले फेरि शान्त स्वरमा टिठ्याएर भन्न लागी-"होइन आमा ! लोग्ने स्वास्नीमा एउटा दुइटा कुराले झगडा त भइरहन्छ- आगो पनि नघोची त बल्दैन । तर आज के भएर यो घरमा झगडा भयो होला ! कान्छी त उस्ती मुखाले पनि छैन, जोई कुट्ने पोई त नामर्द पो हो आमै ... बरा, केही बिराम गरेका भए पनि स्वास्नी जाबीलाई त त्यति साह्रो नकुट्नुपर्ने ... छि... छि ... आमै, मलाई त सारै नरमाइलो पो लाग्यो ! (पृ. ११३)

बूढी आमा तथा छिमेकी महिला दुवैले महिलामाथि पुरुषले गरेको दमन र उत्पीडनलाई राम्ररी ठम्याएका छन् र त्यसखाले व्यवहारप्रति विरोध प्रकट गरेका छन् । तिनका अभिव्यक्तिमा नारीको दुःखप्रति समानुभूतिको भाव रहेको छ तथापि पुरुषका लागि स्वास्नी 'जाबी' अर्थात निर्धो र निम्छरो हैसियतमा रहने सामाजिक मानसिकताले पनि उक्त अभिव्यक्तिहरूमा प्रकाश पाएको छ ।

माहिला भुजेलले रूपासँग उसका बाबुले घर छोड्नाको कारण बुझ्न खोज्दा बाबुको सम्झना मात्रले पनि रूपाका अनुहारमा घृणा र अवज्ञाको भाव झल्केको छ (पृ.१७८) । रूपाका अनुसार देवर साइनो पर्ने पाहुना पहाडबाट आएर बसेको, त्यो पाहुनाले मसिनी अर्थात् रूपाकी आमासँग चिया पसलकी एउटी केटी फकाइमागेको, त्यसै कारण त्यो मान्छेले आमासित एकान्तमा कुरा गरिरहेको देखेर मान्छेहरूले आमाका विषयमा नराम्रो कुरा गरेका, मान्छेका कुरा सुनी बाबुको पनि मन बिग्रेको र अन्ततः आमालाई बेस्सरी कुटेर बाबु घर छोडी हिँडेको हो ( पृ.१८०) । विगतको स्मरणमा रूपाले माहिला भुजेलसमक्ष यस्तो असन्तुष्टिको अनुभूति अभिव्यक्त गरेकी छ, "खै आमाको कसूर भन्नु के थियो र ? ...देवर भाउज्यूमा जस्तोसुकै भए पनि अलिकति ठट्टा त हुन्छ नि ! ... जाबो त्यती सानो कुरामा आमालाई त्यसरी कुटेर हामीलाई बिचल्ली पारेर जानु नपर्ने" (पृ.१८०) । रूपाको यस भनाइमा पुरुषको ज्यादतीका कारण बिनाकसुर नारीले सजायँ भोग्नु पर्ने र परिवारकै बिचल्ली हुने विषम परिस्थितिको उद्घाटन भएको छ ।

उपन्यासको विमर्शमा जोडिएका उपर्युल्लिखित सबै नारी पात्रहरू पुरुषको गल्ती ठम्याउन सक्छन्; नारीले पाएको दुःखमा पुरुषको ज्यादतीको अनुभूति पनि गर्छन् तर ती कसैमा विद्रोह चेत कत्ति पनि देखिँदैन । तिनमा निःसृत अनुभूतिको संरचनामा नारी 'विचरा' हैसियतामा सीमित छन् । अधीनस्थतालाई ग्रहण गरिराख्नमा र सहनको संस्कृतिमा अभ्यस्त हुनमा तिनको कुनै आपत्ति र विमति देखिँदैन । पुरुषप्रभुत्वलाई तिनले आफ्नो नियतिका रूपमा ग्रहण गरिरहेको देखिन्छ । यी सबै सन्दर्भले तत्कालीन सामाजिक संरचनामा नव चेतको उदय हुन नसकेको र पूर्व

उदीयमान पिँढीसमेत तयार नभइसकेको यथार्थ प्रकाशमा आएको छ । प्रस्तुत उपन्यासमा सामाजिक यथार्थलाई संवहन गर्दै भित्रिएका पात्रहरूमा सेर्बा बुढोमा दुर्गुणको आधिक्य देखिए पनि अरू सबै पुरुष एवम् महिला पात्रहरूमा सद्गुणको आधिक्य रहेको छ । तर पनि तिनमध्ये रने एवम् माहिला भुजेलद्वारा जीवनमोडमा नारीदमनका गम्भीर कृत्य घटित छन् जसले गर्दा तिनीहरूको पारिवारिक जीवन तहसनहस भएको छ । त्यसो हुनुमा व्यक्तिदोष मात्र भन्दा पनि तत्कालीन नेपाली सामाजिक संरचनामा विद्यमान पुरुषसत्ताको लैङ्गिक विभेदको संस्कृतिजन्य सामाजिक मानसिकता प्रमुख कारण बनेको छ जसकारण नारी समुदाय दबाब र तनावजन्य विशिष्ट अनुभूति सँगाल्न विवश छ । विलियम्सले अनुभूतिको संरचनालाई कालखण्डको संस्कृतिका रूपमा अर्थ्याएका छन् । उपन्यासमा प्रस्तुत नारीपिँढीका अनुभूतिका संरचनामा त्यस कालखण्डको सामन्तवादी पुरुषसत्ताको संस्कृति सजीव बनेको छ ।

निष्कर्षतः *मुलुकबाहिर* उपन्यासमा अधीनस्थ पिँढीले बेहोर्नु परेको उत्पीडन, त्यस परिप्रेक्ष्यका दबाब र तनावको स्थितिमा निःसृत अनुभूति र तज्जन्य आन्तरिक द्वन्द्व परिपक्व हुँदै बाह्य सङ्घर्षमा उत्रने अवस्थासम्म भने पुग्न सकेको देखिँदैन र त्यस बेलाको मुलुकबाहिरकै नेपाली सामाजिक संरचनामा पनि उदीयमान पिँढीको उपस्थितिको सङ्केत पाइँदैन । उपन्यासको विमर्शमा मूलतः सामन्तवादी आर्थिक संरचनामा अधीनस्थ भई परदेसिनुको बाध्यतामा सिर्जित अनुभूतिको संरचनाका साथै पुरुषसत्ताको सामाजिक संरचनाका कारण नारी उत्पीडनका अनुभूतिका संरचनाको भने सशक्त प्रस्तुति रहेको छ ।

## ४.३ *बसाइँ* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना

*बसाइँ* उपन्यास लघु आयाममा संरचित भइकन पनि बृहत् सामाजिक परिवेशलाई समेट्न सफल कृति हो । यस उपन्यासले धने तथा उसको परिवारको जीवन जिउने सङ्घर्ष र अधीनस्थ स्थितिको चित्रणद्वारा तत्कालीन नेपालको समस्त उत्पीडित पिँढी तथा समुदायको प्रतिनिधित्व गर्न सकेको छ । यस क्रममा मूलतः अधीनस्थ पिँढीका वर्गीय तहका अनुभूतिको प्रखर अभिव्यक्तिसँगै केही मात्रामा लैङ्गिक तहका अनुभूतिले पनि उपन्यासमा प्रस्तुति पाएका छन् । अधीनस्थ पिँढी प्रतिनिधिहरूमा निर्मित तिनै अनुभूतिको संरचनामा त्यस कालखण्डको समाज प्रस्तुत उपन्यासमा जीवन्त बनेको छ ।

### ४.३.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा निम्नवर्गीय जीवनका दुःखकष्टका, वर्गीय उत्पीडनका एवम् आक्रोशजन्य अनुभूतिले संरचनात्मक प्रस्तुति पाएका छन् । उपन्यासमा धने र उसको परिवारले अधीनस्थ पिँढीको प्रतिनिधित्व गरेको छ । चरम गरिबीमा परिवारलाई राख्नु पर्दा, मैनाको जीवन गति नियाल्दै गर्दा करुणाद्र बनेको धनेले यस्तो अनुभूति सँगालेको छ,

> बिचरी मैना, दिनभरि कति काम गर्छे। न एक मुठी राम्रो खान पाउँछे। छोराछोरीको आमा, सुत्केरी बेलामा पनि एकमुठी यसो राम्रो खान पाइन। कति चाडबाड आए-गए, उही बिहामा बनाइदिएका फुलीमुन्द्रबाहेक एउटा गतिलो गहना कमाइदिन सकिएन। तैपनि कति सन्तोषी छ। सधैँ मेरो कष्टको ध्यान राख्छे। सारा घरको भार उसमाथि छ। विधिको लेखा, यस्ती फूलजस्तीलाई कर्मले मजस्तो गरिपसित पारिदियो। (पृ.१३)

धनेमा निर्मित यस अनुभूतिको संरचनाले तत्कालीन सामाजिक संरचनामा जीवन भोगाइ गर्ने आम महिलाको नाजुक स्थितिको प्रतिनिधित्व गरेको छ। साथै जस्तोसुकै अभाव र दीनहीनतामा पनि सन्तोषी भइदिने मैनाको स्वभावले सहनको संस्कृतिमा महिलाको अभ्यस्ततालाई पनि प्रस्ट पारेको छ। कडा परिश्रम गर्दागर्दै पनि गरिबीबाट उक्सिन नसकेपछि दैनन्दिन चलाउनै कठिन भएको परिस्थितिमा धने तत्कालको आर्थिक सङ्कट निवारण गर्ने मेसोमा बैदार बुढाको शरण पर्ने सम्बन्धमा द्विविधाग्रस्त हुन्छ। त्यसबेला धनेमा आर्थिक दबाब र तनावलाई कसरी कम गर्ने भन्ने सन्दर्भमा निर्मित अनुभूतिको संरचनाले आर्थिक दुरवस्थाका पीडा र अन्योलमा पनि उसले सँगालेको आशावादी चेतनालाई पनि छर्लङ्ग पारेको छ। उसले जीवन धान्ने जुन सपना बुनिरहेको छ; त्यो असाधारण छैन; आम गरिबको एकसरो जीवन मात्र जिउने साझा अनुभूतिजन्य छ। बालकको घाँटी एक मुठी दूधले भिजाएर बाँकी सबै दुध बेचेर साँवा घटाउँदै जाने र कहिलेकाँही पारेको घ्युसमेत बेचेर जुटेको पैसाले ब्याज तिर्ने, मकै सप्रिएमा त्यो पनि बेचेर भैँसी किन्दाको ऋण घटाउने, मोही र कोदोसोदो खाएर परिवारको प्राण अडाउने सपना धनेले साँचेको छ र त्यसका लागि भैँसीरूपी धन प्राप्त गर्न आफ्नो हल गोरु बैदारकहाँ धितो राखेको छ (पृ.१-२) तर ऊ एकपछि अर्को परिस्थितिमा जेलिँदै गएको छ जसले गर्दा उसले सोचे जस्तो हुँदैन र भाका नाघिसक्दा पनि साँवाब्याज बुझाउन असमर्थ हुन्छ। परिणामतः ऊ भैँसी तथा बन्धकी राखिएको हलगोरु समेत बैदारलाई जिम्मा लगाउन बाध्य हुन्छ। उपन्यासमा प्रस्तुत यस परिघटनाले धने जस्ता निमुखा जनको आम समस्यालाई सम्बोधन गर्नुका साथै प्रभुत्वशाली पिँढीको निमुखाप्रतिको निर्मम व्यवहारलाई पनि प्रस्तुत गरेको छ।

धनेले भाकामा भैँसीवापतको ऋणको साँवा ब्याज तिर्न नसक्दा बैदारद्वारा डाकिएको पञ्चायत भेलामा मुखियाले धनेलाई तमसुकबमोजिम गोठ रित्तिने जनाउँ दिएका छन्। त्यत्तिखेर निराश स्वरमा धनेले भनेको छ, "खै मुखियाबा ! नदिऊँ भनेर नदिएको होइन, नसकेपछि के लाग्दो र' छ र, अब मैना दुएकको भाका दिनोस्, भैँसी ब्याएपछि त खोजीमेली भा' पनि बुझाउँछु नि रुपियाँ (पृ.२४)। यसरी धनेले पञ्चायतमा यथार्थ स्थितिबारे अवगत गराउँदै तिनै वाचासहित केही समय भाका थप्ने याचनाको त्यहाँ सुनुवाइ हुने स्थिति छैन। तमसुकको बेहोरालाई आधार बनाउँदै तत्कालै ब्याज नबुझाए त्यत्तिखेरै गोठ रित्याउने अडानबाट बैदार टसमस भएको छैन। अझ त्यस बेला बैदारका पक्षमा र उत्पीडितका विरुद्धमा आफ्नै सवर्गी दोबाटेले मुख खोलिदिँदा धनेले आक्रोशलाई दबाएर नम्रतापूर्वक यस्तो पीडानुभूतिलाई पोखेको छ, "भोलि तिमीलाई पर्दाको

विचार राख्ने भए यसरी हेपेर कुरा गर्ने थिएनौ साहिँला दाइ । तर ठीकै छ, ओह्रालो लागेको मिर्गलाई बाछ्छाले खेद्छ ..." (पृ.२४) । गरी खाने धनेप्रति सहानुभूतिको जरुरतको त्यस घडीमा हुने खाने प्रभुत्वशाली पिँढीमात्र नभई अधीनस्थ समुदायका प्रतिनिधिले नै बैदारकै पक्ष लिँदै धनेप्रति वचनवाण प्रहार गरिनुले गरिबप्रति सधैँ क्रूर रहने तत्कालीन समाजव्यवस्थाको मार्मिक पक्षलाई उद्घाटन गरेको छ । अन्ततः बैदार स्वयम्ले निर्लज्ज हुँदै वस्तुको गलाबाट दाम्लो पन्छाउनु, दुई जना गोठाला लगाएर बस्तु खेद्नु जस्ता दृश्यको साक्षात्कार धने र मैनाका लागि कति कष्टकर छ भने मैना आँसु थाम्न नसकेर घरभित्र दगुरेकी छ भने धनेमा तात्कालिक यस्तो विचार निःसृत भएको छ, "एकपल्ट बैदारका गोडा समातेर केही दिनको भाका मागूँ" (पृ.२५) । तुरुन्तै त्यस विचारमा रोक लगाउँदै आफ्नो आत्मप्रतिष्ठालाई दरिद्रताको सामु झुक्न नदिएको अवस्थामा ऊ पुगेको छ ।

किसान धनेको खेतीपाती नै अवरुद्ध हुने गरी दयाहीन हुँदै बैदारले हलगोरु फुकाउनु निर्लज्ज र निकृष्ट व्यवहारनमुना हो तर यस्तो गतिविधि गर्न ऊ हिच्किचाएको देखिँदैन र समाजमा प्रत्यक्षतः कसैले त्यस व्यवहारको विरोध पनि गरेको छैन । बैदारको यस कृत्यप्रति अधीनस्थ पिँढीका प्रतिनिधि मोटे कार्कीले पछाडि धनेसँगको कुराकानीमा समानुभूति प्रकट गर्दै यस्तो टिप्पणी गरेको छ, "बजियाले हलका गोरुसम्म राखेन राख्न पनि, राम्रैको साइँदुवा हुन् हाउ हुन पनि बैदार त"(पृ.२७) । मोटे कार्कीबाट प्रकट यस अनुभूतिको संरचना ठालुप्रतिको आक्रोशजन्य छ तर सवर्गी धनेसामु मात्र प्रकट छ । यस सन्दर्भले तत्कालीन सामाजिक संरचनामा अधीनस्थ पिँढीका आवाज दमित रहेको, प्रतिरोधका स्वर मुखर हुन नसकेको र समाज परिवर्तनउन्मुख नरहेको अवस्थालाई प्रकट गरेको छ । यी परिघटनामा धने तथा मैनाले झेल्नु परेको दबाब र तनावमा निर्मित उपर्युल्लिखित मानसिक उत्पीडनका अनुभूति, दबाइएको आक्रोशजन्य अनुभूति र स्वाभिमानको अनुभूतिका संरचनाहरू निकै मार्मिक छन् जसले अधीनस्थप्रति उत्पीडनकारी रहेको कालखण्डको नेपाली समाजको वास्तविक चरित्रलाई उधिन्न सकेको छ ।

राणाकालीन सामन्तवादी सामाजिक संरचनामा आम नेपाली अत्यन्त दीनहीन अवस्थाबाट गुज्रिरहेको यथार्थबोधले विचलित हृदयका आफ्ना संवेदनाजन्य अनुभूतिलाई उपन्यासकार क्षत्रीले धनेको सन्दर्भद्वारा उपन्यासमा यस्तो स्वरूपमा प्रस्तुति दिएका छन्,

> धने चाहन्छ आर्थिक सङ्कटको जाललाई पार गरी आफ्नो सानो परिवारमा आनन्द र शान्तिको शीतल छाया ल्याउन, साहू र महाजनहरूको ऋणरूपी धमिराले थोत्रिएको धुरीखाँबाहरूको जग पुनः निर्माण गर्न । त्यसको निम्ति उसले आफ्नो अथाह उद्योग र परिश्रमलाई सहारा बनाएको छ । मिहिनेत गर्छ, उद्योग गर्छ । चार-चार कौडीको निम्ति जीवनको आखिरी श्वासको बाजी लगाउन चाहन्छ तर उसको आर्थिक जीवनमा परिवर्तन आएको छैन । (पृ.२)

अथाह उद्योग र परिश्रमले पनि आर्थिक जीवनमा कहिल्यै परिवर्तन ल्याउन नसक्ने धनेजस्ता आम नेपाली जनको अधीनस्थ पिँढी/समुदायगत दुरवस्थालाई उक्त लेखकीय अनुभूतिको संरचनाले प्रकट गरेको छ। यसरी प्रतिकूल परिस्थितिसँग पौँठेजोरी खेल्दै आशावादी चेतसहित निरन्तर उद्योग गरिरहेको धनेले भाकामा भैँसीवापतको ऋणको साँवा ब्याज तिर्न नसक्नु, बैदारद्वारा डाकिएको पञ्चायत भेलामा मुखियाले धनेलाई तमसुकबमोजिम गोठ रित्तिने जनाउँ दिनु जस्ता परिस्थितिमा उसले साँचेका अनुभूतिमा ऊजस्तै विपन्न नेपालीले भोगेका वर्गीय उत्पीडनका दबाब र तनाव एकाकार भएको छ।

सबैतिरबाट निरूपाय हुँदै गएको अवस्थामा आर्थिक सङ्कट निवारणका प्रयासमा लगातार असफलता बेहोर्दै रहँदा पनि हरेस नखाइकन आशावादी चेतले धने डोरिएको देखिन्छ। मोटे कार्कीको सिफारिसमा नन्देको खेत कूतमा कमाउन, गोरु किन्न र घरखर्च चलाउन नन्देबाट ऋण वापतको रुपियाँ प्राप्त गर्न पाउँदा धने हर्षित छ तर यी सबैको निमित्त आफ्नो भएभरको जेथा भन्नु त्यही खेतबारी पनि साहुकहाँ तमसुक गरी बन्धकमा राख्नु पर्दा उसले विस्मातको अनुभूति पनि गरेको छ (पृ.३०)। प्रभुत्वशाली पिँढीको दमन र उत्पीडनको मार धनेले नन्दे ढकालसँगको आर्थिक व्यवहारमा पनि बेर्हान पुगेको छ। उपन्यासमा प्रस्तुत घटनाक्रमहरूमा रोपाइँको तयारीमा मरिमेटेर लागेको धनेले रोपाइँको अघिल्लो दिन नियमानुसार आफ्नो खेतमा कुलोको पानी लगाउने पालो अनुसार रातभर नसुती कुरेको, एकाएक नन्देको चाकर साने घर्तीले कुलोको पानी मालिकको खेतमा सोझ्याएको चाल पाउँदा धने निकै आक्रोशित भएको र धने तथा सानेबिच भनाभन भएको देखिन्छ। त्यस स्थितिमा धनेको आन्दोलित मनोदशामा निर्मित अनुभूतिको संरचना विशिष्ट खाले रहेको छ। सामाजिक नियमलाई तोडेर 'साहुको खेत, साहूको कुलो' भन्ने सानेप्रति धनेले यस्तो आक्रोशको अनुभूति पोखेको छ, "कूत बुझाउने बेलामा तँ बजिया गएर बोलिदिन्छस् यसरी नै ? साूहको गाँसे भएर अझ बढेर पो कुरा गर्छ ए, बजिया त !" साथै उसले सानेलाई 'भतुवा' सम्बोधन गर्दै "भतुवालाई भतुवा नभनेर के भन्ने भन्छस् ? हेरौला न त तेरा कान्छा साहूले कूत लिएको यसपाला" अनि त्यसपछि पनि "जा, गएर लगा पोल जेजे लछार्न सक्छस् लछार्" (पृ.३२) भन्दै कान्छा साहुलाई उसले परोक्षमै भए पनि ललकारेको छ अनि मुखमुखै लागेको सानेका ज्यादतीपूर्ण भनाइ सहन गर्न नसकेर धनेले अति आक्रोशमा उसका गालामा थप्पड र पिँठ्युमा मुड्की बजारेको छ। धनेका आक्रोशपूर्ण गतिविधिसहितका यी अभिव्यक्तिहरूमा उसको गरिबी निवारणको योजनासँग जोडिएका सपनामा घात भएको अनुभूति गाँसिएको छ जससँग अप्रत्यक्ष रूपमा प्रभुत्वशाली पिँढी विरुद्धको प्रतिकारको अभिव्यक्ति छ। साथै, अधीनस्थ पिँढी प्रतिनिधि रहेको सानेका बोलीमा मालिकको प्रभुत्व विस्तारको अनुभूति गर्दै त्यस संस्कृतिप्रतिको आक्रोश पनि अभिव्यक्त छ।

धने विरुद्धका सानेद्वारा लगाइका कुराले नन्देको छोरो अर्थात् कान्छा साहूले अपमानित हुनुको अनुभूति गरेको छ । त्यसबाट सिर्जित दबाब र तनावमा उत्तेजित हुँदै उसले प्रतिरोध साँध्न धनेको बियाडमा गाभिनी भैँसी छोड्न सानेलाई आदेश दिएको छ । जब लगत्तै रोपिने बिउमाथि भैँसी चरेको धनेले देख्छ; उसको रिसको सीमा रहँदैन र त्यो आक्रोश भैँसीमाथि खनिन्छ । परिणामतः धनेद्वारा नराम्ररी चुटिँदा भैँसी थला बसेको छ । केही बेरपछि बल्ल उसको रिसले थिचिएको चेतना उघ्रन्छ तब उसले यस्तो अनुभूतिको संरचना निर्माण गर्न पुगेको छ, "साहूको गाभिनी भैँसी केही किसिमले तलमाथि भयो भने गाउँबाट बास मेटिनेछ, अलिखेरमा साहूका कानमा सबै पुग्ने हो, अनि कति युक्तिले पाएको यो खेत पनि खोसिनेछ' । हे ईश्वर ! मेरो कुन गत हुने हो नि अब" (पृ.३५) । यसरी एकातिर पशुप्रेमी किसान धने आफूबाट एकाएक भैँसीप्रति भएको निर्मम व्यवहारजन्य क्षोभले ग्रसित हुनाका साथै भावी घटनाको आशङ्काले त्रसित छ । अर्कातर्फ भैँसीलाई केही भइदिएमा आफ्नो 'लोग्नेको के गति हुनेछ ! भन्ने त्रासले मैना ग्रसित छे । ती दुवैजना दबाब र तनावले 'रात नीद न दिन भोक'को अवस्थामा छन् । भैँसीलाई केही नहोस् भनी भगवान् पुकार र भाकल गरिरहेका छन् तर तिनले चाहेजस्तो हुँदैन । घटनाको तीन दिनपछि भैँसी मरेको र नन्देद्वारा पञ्चायत बसाल्ने खबर बेहोर्दा धने नीलोकालो भएको छ (पृ.३५) । रातभर तनावग्रस्त रहेकी मैनाले धनेसामु यस्तो अनुभूति प्रकट गरेकी छ, "पञ्चले के फैसला देलान् नि भोलि ? (पृ.३६) । त्यस बेला मैनाको आँसु पुछिदिँदै पञ्चको फैसला आफ्ना अनुकूल नहुने धेरथोर अनुमान गरिसकेको हुँदा विचलित धनेले भनेको छ : "जे दिए पनि देलान् नै, अब सुर्ताएर हुने हुनामी टर्छ र ?" (पृ.३६) । यसप्रकार दुवैले मानसिक द्वन्द्व झेल्दै दबाब र तनावको पराकाष्ठामा अनिँदो रहेर त्यस रात झेलेका छन् ।

भोलिपल्ट नन्देका आँगनमा पञ्चायत बसेको छ । 'पञ्चायत' तत्कालीन नेपाली सामाजिक संरचनामा विद्यमान न्याय प्रणाली हो । गाउँका ठुलाबडा अर्थात् पञ्च भलादमीको रोहवरमा मुद्दा मामिला र घटना मिलाइने त्यस न्याय पद्धतिमा पञ्चायतीका हातमा राज्यको कानुन हुन्छ जसले गर्दा धनीमानी तथा पहुँचवालाले नै सधैँ न्याय पाइरहने र सदैव अधीनस्थका विपक्षमा निर्णय हुने गर्छ । त्यस पञ्चायतमा उपस्थित सबै पञ्च भलादमीहरू पनि प्रभुत्वशाली नन्देकै पक्षमा छन् । त्यसबेला पछाडि कुनाबाट धनेका पक्षमा एउटै मात्र, त्यो पनि दबेको स्वर यसप्रकार अभिव्यक्त छ, "त्यो त रोपाइँको माझमाझा जानीजानी अर्काको बियाडमा भैँसी छाडिदिनेको पनि त दण्ड होला नि । साँढे त होइन होला नि भैँसी ? (पृ.३७) । प्रतिरोध चेतमा निःसृत यस अनुभूतिको संरचनामा सामन्त नन्देजस्ताको षड्यन्त्रमूलक गतिविधिप्रतिको विरोध प्रकट छ तर यो विरोध खुलस्त रूपमा ओजपूर्ण ढङ्गले हाकाहाकी प्रस्तुत भएको छैन । अझ स्वर आएतिर फर्कँदै नन्देद्वारा झपारिनुले त्यो स्वर त्यत्तिकै दबेको छ । यसरी पञ्चायतमा अधीनस्थका प्रतिनिधि आवाज मुखर हुनै पाउँदैन । तत्कालीन सामाजिक संरचनामा प्रभुत्वशाली पिँढीसँग हाकाहाकी बहस र विरोध गर्ने साहस पूर्णतः दबाइएका अधीनस्थ पिँढीसँग छैन/थिएन ।

यसप्रकार सामन्त वर्गको नियन्त्रित वातावरण र कठोर दण्डव्यवस्थाका त्रासमा उत्पीडितजन सहनको संस्कृतिमा अभ्यस्त छन्। उपन्यासमा धने दम्पत्तीले भोगेको त्यस परिस्थितिले प्रभुत्वशाली पिँढीद्वारा भएगरेको उत्पीडनले अधीनस्थ पिँढीले भोग्नु परेको जीवन दुर्दशालाई अगाडि ल्याएको छ। साथै त्यस परिघटनाले तत्कालीन सामन्ती व्यवस्थाको राज्य संरचनामा आम जनतामा राज्यको उपस्थितिको बोध हुन नपाएको; प्रशासन, कानुन, न्यायपद्धति सबै सामन्तमैत्री हुँदा गरिबका लागि ती भरोसाको केन्द्र बन्नै नसकेको नाजुक स्थितिलाई पनि प्रकट गरेको छ। अन्ततः पञ्चभेलाको एकै स्वरमा धनेलाई दोषी ठहर गरेको छ (पृ.३६) र अढाई महिना तोकिएको भाकामा निर्धारित रकम ब्याजसहित बुझाउन नसकेमा साहुले धनेको घरबारी तथा वस्तुको मोल गरी रुपियाँ उठाउन बेहोराको नयाँ तमसुक गरी पञ्चायत समाप्त भएको छ (पृ.३७)। यसप्रकार जीवन जिउने मेसोमा हरदम सङ्घर्षरत रहँदै र धनेलाई हरतरहले साथ दिँदै आएकी मैनाले अविराम सङ्कटको श्रृङखला सामना गर्नुपर्दाको पीडामा उसमा सर्वश्रेष्ठ भनिने मानवजीवनप्रति नै यस्तो आशङ्काको अनुभूति निर्माण भएको छ,

> गरिब र पीडितहरूको जीवन कुनै पशुको भन्दा के स्वच्छ त र ? सत्यवादी र इमानादर गरिबहरूलाई थिचेर अत्याचार र बेइमानीको आड लिनेहरू सुनको महलमा आनन्द मनाउँछन् तर गरिबहरू परिश्रमको चरम सीमामा बसेर पनि हातमुख जोर्ने बाटो पाउँदैनन्। के विधिले लेख्ने भाग्यलिपि यही नै हो ? (पृ.३८)

वर्गीय उत्पीडनका परिप्रेक्ष्यमा मैनामा निर्मित यस अनुभूतिको संरचनाले तत्कालीन समाजमा विद्यमान वर्गभेदलाई समेत टड्कारो पारेको छ। समाजमा प्रभुत्वशाली भएर रहेको पिँढी नै अत्याचारी र बदमास हुनाका कारण अधीनस्थ पिँढी/समुदायको जीवन दुष्कर बनेको अनुभूति मैनाले सँगालेकी छ। यसरी गरिबीसँग जुध्दै अघोर परिश्रम गरे पनि आर्थिक स्थिति ज्यूँको त्यूँ हुने अवस्थाको अधीनस्थ पिँढीको जीवन मर्मलाई यस अनुभूतिको संरचनाले अभिव्यक्त गरेको छ।

चरम गरिबीमा कहिले मकैको पिठो, कहिले कोदाको खोले त कहिले सिस्नोको साग र पानी मात्रैमा जीवन अडाउँदै गरेको धनेको सानो परिवार भाका नजिक आइसक्दा पनि ऋण तिर्ने रकमको जोरजाममा व्याकुल छ। धेरैसँग ऋण खोजेर, साहुहरूसित हात जोडेर पनि उसको केही जोर चलेको छैन। अन्तिममा घरबारी नन्देलाई जिम्मा नलगाई नहुने निर्णयमा ऊ पुगेको छ। यसप्रकार नन्देले चाहेजस्तै धनेको खायल हात लाग्ने भएपछि उसले भोलिपल्टै पञ्चायत बोलाई गाउँका ठुलाठालुहरूको भेलाको औपचारिकता पूरा गरी कुनै विधाताले होइन; आफैँले धनेको भाग्य निर्णय गरिदिएको छ (पृ.५८)। यसरी पुर्ख्यौली थलो छोडेर गन्तव्यविहीन बसाइँ सर्न विवश धनेका परिवारका लागि खायल मूल्याङ्कन पश्चात् ऋण तिरेर उब्रेको थोरै रकम बाटोखर्च हुने भएको छ। आफूले लिएको पुरानो सापट तिर्न भनी धने तेर्से लामिछाने कहाँ पुगेको छ। द्रवीभूत

धनेसँगको कुराकानीमा लामिछानेले पनि आँखामा आँसु लिँदै भनेको छ, “त्यो केटाकेटीलाई बाटामा खाजा किनिदिनू हाउ भाइ, मलाई पर्दैन । हाम्रो पनि त्यही दशा त हो नि, जिलो उठ्न कतिबेर लाग्छ र ? दुई-चार सय रुपियाँले सगाउन सकेको भए आज तिमीले बाउ-बराज्यूको थलो छाड्नुपर्ने थिएन नि, तर के लाग्दो र’ छ र !”(पृ.५९) । तेर्सेमा निर्मित यस विशिष्ट अनुभूतिको संरचनामा तत्कालीन सामाजिक संरचनामा सिङ्गो अधीनस्थ पिँढी/समुदायको जीवनदुर्दशा मूर्त भएको छ । धनेको मात्र नभई ऊजस्ता सर्वसाधारण जनले कुनै पनि बेला आफ्ना थातथालोबाट उठीबास हुनुपर्ने तत्कालीन यथार्थ पनि छर्लङ्ग भएको छ । यसरी हरेक वर्ष मुगलान झर्नेको लर्को देख्दै आएका उपन्यासकार क्षेत्रीले धनेलाई माध्यम बनाउँदै त्यही यथार्थलाई प्रस्तुत उपन्यासमा पात्रगत अनुभूतिको संरचनाका आधार लिँदै जीवन्त बनाएका छन् । प्रभुत्वशाली पिँढीको अनेक प्रपञ्चमा परी आफ्नो जीवनाधार भनेर सर्वस्व ठानेको तिनै वस्तुभाउ, घरखेत साहु/सामन्तलाई जिम्मा लगाइसकेपछि सुकुम्बासी भएको धनेलाई त्यस पुर्ख्यौली थलोप्रति उब्जिएको वितृष्णाको अनुभूति उपन्यासमा यस रूपमा व्यक्त छ, “कुम्लो कुटुरो अहिले कसिराख् । भोलि मिरमिर उज्यालो हुँदै हिँड्नुपर्छ । यस पापी ठाउँमा अब कति बस्न मन छैन मलाई ।” (पृ.५९) । यस अनुभूतिको संरचनामा त्यहाँ धनेको परिवारले बेहोरेको उत्पीडनको संस्कृतिप्रतिको वितृष्णा छ, आफू जन्मे हुर्केको, आफ्नो कर्मथलो रहेको त्यस भूमि नै दुःखदायी भइदिँदा धनेले त्यो ‘पापी ठाउँ’ भएको विशिष्ट अनुभूति गर्न पुग्नु असाधारण स्थिति हो ।

जीवनको यात्रालाई सहज मोड दिने चाहनामा मरिमेटेर लागिपरेको धनेले एकपछि अर्को हन्डर बेहोर्दै अन्ततः आफ्ना सबै सम्पत्ति सामन्तलाई जिम्मा लगाउने अवस्थामा पुग्नु र आफ्नो भनिएको थातथलो नै छोडेर बसाइँ हिँड्नु जस्ता दुःखान्त परिणति धनेको मात्र नभएर त्यस बेलाका आम गरिब नेपालीको पनि हो । यस तथ्यलाई तेर्से लामिछानेका सन्दर्भद्वारा पनि उपन्यासमा यसप्रकार स्पष्ट पारिएको छ, “त्यो केटाकेटीलाई बाटामा खाजा किनिदिनू ।...हाम्रो पनि त्यही दशा त हो नि, जिलो उठ्न कति कतिबेर लाग्छ र ?” यसप्रकार लेखकले तत्कालीन शासकीय संरचनाको आर्थिक व्यवस्थाजन्य दुष्पणितिलाई वर्गीय अनुभूतिका परिप्रेक्ष्यमा छर्लङ्ग बनाएका छन् । उपन्यासमा अभिव्यक्त यस अनुभूतिको सन्दर्भलाई लिएर ताराकान्त पाण्डेय (२०७३) यस्तो टिप्पणी गर्दछन्,

> तेर्सेको यस अनुभूतिले त्यस गाउँमा धनेमाथि आइपरेको आपत केवल उसकै व्यक्तिगत समस्या हो र त्यो धनेकै कारणले आएको हो भन्ने कुराको पुष्टि गर्दैन अपितु धनेजस्ता थुप्रै तेर्से लामिछानेहरू त्यस गाउँमा छन् र एउटा पुस्ता वा पिँढी नै यस्तो अनुभूति गर्न बाध्य छ भन्ने कुराको पुष्टि गरेको छ । अनुभूतिको यो संरचना सामन्तवादी सामाजिक व्यवस्थाको उत्पादन हो । यसले एउटा कालखण्डको त्यस्तो सामाजिक व्यवस्थालाई सङ्केत गर्दछ जुन बहुसङ्ख्यक विपन्न समुदायका लागि अमङ्गलकारी, अमानुषिक र उत्पीडक छ । (पृ.४४)

पाण्डेयको यस टिप्पणीले प्रस्तुत उपन्यासमा वर्गीय सन्दर्भका अनुभूतिको संरचना प्रस्तुतिको प्रयोजनलाई छर्लङग बनाएको छ । त्यस्तै, उपन्यासमा एक पछि अर्को विषम परिस्थिति झेल्दै गरेको धनेको सानो मगजले पनि विवेकसम्मत तर्कसहितको क्रान्तिपूर्ण गूढ तथ्य खेलाउन पुगेको भनी तर्क प्रस्तुत गर्नु र ऊजस्ता वर्गीय उत्पीडनमा परेकाहरूको दर्दलाई वस्तुनिष्ठ भएर विवेचना गर्ने तहमा यस चरित्रलाई प्रस्तुत गर्दै त्यस परिप्रेक्ष्यका अनुभूतिका संरचनालाई अभिव्यक्ति दिने लेखकीय ध्येय उपन्यासमा यसप्रकार प्रकट छ,

> होला, भाग्य विधाताले लेख्ता हुनन् । तर समदर्शी विधाताले लेख्ने भाग्य ... यति पक्षपाती किन ? पसिनामा हाड घोट्ने परिश्रमीजीवी पीठोको निम्ति आँसु बहाउँछन्, तिनै जीवको घोटिएको हाड एकत्र पारेर चाट्नेहरू अर्कोतिर ऐस गर्छन् । के भाग्य त्यही हो त ? होइन विधाता त्यति अन्यायी छैनन्, भाग्य मानिसको व्यवस्थाबाट बन्छ । भाग्य निर्भर गर्छ समाजको सुव्यवस्थामा, समाजको सहयोगमा, समाजमा पाइने सुयोग र सुविधामा । के आज उसले अलिकति पनि उठ्ने मौका पाएको भए, उसको पीडा समाजले बुझिदिएको भए, उसको परिश्रम साकार हुने थिएन र ? (पृ.५०)

विधाताले भाग्य लेख्ने परम्परित विश्वासमा प्रश्न खडा गर्दै धनेले सँगालेको विद्रोहको अनुभूतिको सारांशलाई लेखकले उक्त अनुभूतिको संरचनामा व्यक्त गरेका छन् । औपचारिक शिक्षा नपाए पनि संस्कार र जीवन भोगाइले खारिएको चेतनामा धनेमा निःसृत उक्त अनुभूतिको स्वाभाविक प्रस्तुतिमा तत्कालीन वर्गीय भेदभावपूर्ण सामाजिक व्यवस्था छर्लङ्ग बनेको छ । यहाँनेर आफूले अलिकति पनि उठ्ने मौका नपाएको, उसको पीडा समाजले नबुझिदिएको हुँदा उसको परिश्रम साकार हुन नपाएको बारेको धनेको आक्रोशजन्य अनुभूति व्यक्ति विशेष बैदार बूढा वा नन्दे ढकाल जस्ता सामन्ती चरित्रसँगभन्दा पनि विद्यमान सामाजिक व्यवस्थाप्रति देखाइएको छ; सङ्घर्ष गर्ने हातहरूलाई साथ नदिने र गरिबीबाट उठ्नै नदिने सामाजिक प्रवृत्तिप्रति छ तर यो विद्रोह पनि मानसिक तहमै सीमित देखाइएको छ । अतः त्यस अशिक्षित समुदायमा विद्रोहको झिल्को सल्केर प्रतिकारको तहमा उत्रने वातावरण तत्कालीन समाजमा निर्माण नभइसकेको यथार्थलाई प्रकट गर्ने प्रयोजनमा उपन्यासमा उक्त अनुभूतिको संरचनाको निर्माण गरिएको छ । तत्कालीन समाजव्यवस्थामा स्थापित आर्थिक संरचना जुन हुनेखाने सम्पन्न वर्गका लागि पोषक र गरी खाने विपन्न वर्गका लागि अमानुषिक र उत्पीडक छ जसले तिनलाई आफ्नै थातथलोमा बस्नटिक्न दिँदैन । यसै परिप्रेक्ष्यको गन्तव्य नपहिल्याई थातवास छोड्न विवश धने परिवाको बसाइँसराइको परिदृश्य लेखकीय अनुभूतिको संरचनामा यसप्रकार प्रस्तुत छ,

कुखुराको डाकमा मूल दैलोबाट तीन प्राणी बाहिर निस्के । अगि-अगि धने, पिठ्यूँमा खास्टोको एउटा कुम्लो, जसमाथि गोडादुएक राडी बाहिर बेरेका छन् । हातमा अर्को एउटा सानो कुटुरो झुन्ड्याएको छ । उसको पछि मैना, पिठ्यूँमा छोरो बोकेकी, एउटा हातमा सानो पोको च्यापेकी छ । ऊ

सुँक्कसुक्कँ गरिरहेकी छ। धने नजानिँदो गरी आँसु पुछिरहेको छ। सानो बालक निद्रा खल्बलिएकोले रोइरहेको छ। (पृ.६०)

उपन्यासमा धनेको परिवारको यसप्रकारको रोदनमय बसाइँसराइका पछाडि वर्गभेदको समाज जिम्मेवार रहेको देखाइएको छ। यसप्रकार तत्कालीन सामाजिक परिवेशमा निम्नवर्गीय नेपालीहरूले आफ्नो थातवास छोडेर परदेसिनु परेको पीडा खोतल्ने प्रयोजनमा प्रस्तुत उपन्यासको कथावस्तु छानिएको उपन्यासकारको स्वीकारोक्तिलाई आधार बनाउँदै खेम दाहाल भन्दछन्, "यसरी धेरैजसो नेपालीहरूको कथावस्तु हुनाले र अधिकतम रूपमा बसेर खानलाउन नपाउने एवम् भौतिक रूपमा जीवनको असुरक्षा भोगिरहँदा र अनुभव गरिरहेकाहरूको विषयप्रसङ्ग हुनाले यो उपन्यास यथार्थ उपन्यासको सीमामा आबद्ध छ" (२०५९, पृ.७२)। अतः उपन्यासमा लेखकको त्यस कालखण्डको सामन्ती सामाजिक संस्कृतिका परिप्रेक्ष्यमा निम्नवर्गको बसाइँसराइलाई यथातथ्य रूपमा प्रस्तुति दिने हुट्हुटीमा निर्मित अनुभूतिका संरचना प्रस्तुतिको ध्येयमा *बसाइँ* उपन्यासको जन्म भएको छ। उपन्यासमा विपन्न वर्गको पिँढी प्रतिनिधि धनेको परिवारले आफ्नै समाजमा सतत बेहोरेको आर्थिक उत्पीडन र त्यस परिप्रेक्ष्यका दबाब र तनावमा सिर्जित वर्गीय अनुभूतिका संरचनाले तिनको बसाइँसराइको कारणसमेतलाई सशक्त रूपमा पुष्टि गर्दै सामन्तवादी वर्गीय भेदभावपूर्ण सामाजिक संरचनालाई सजीव बनाएको छ।

## ४.३.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

पुरुष अभिभावकत्व विनाको महिलाको स्वतन्त्र अस्तित्वले कदर नपाउने पुरुषसत्ताको सामाजिक संस्कृतिले प्रस्तुत उपन्यासमा पनि अभिव्यक्ति पाएको छ। यस उपन्यासको झुमा, रिकुटे र मोटे कार्की पात्रहरूसँग सम्बद्ध उपकथानकमा तत्कालीन लैङ्गिक भेदयुक्त सामन्ती समाज जीवन्त बनेका छ। उपन्यासमा नारीलाई भोग्या ठान्ने सामन्तवादी संस्कृतिको अनुसरण रिकुटेले गरेको छ। पुरुष भएकैले ऊ मुगलान पसेर रिकुटमा भर्ना भई कार्यरत भएको छ। रिकुटेले झुमा जस्ती अबोध ग्रामीण किशोरीका सामु आफू टाठोबाठो सहरिया हुनुको ठाटँबाट प्रदर्शन गर्दै उसलाई आफूप्रति आकर्षित गरेको छ। रिकुटेको स्वार्थी धोकेबाजी, पछौटेपन लुकेको कुटिलतालाई त्यस सरल ग्रामीण किशोरीले ठम्याउन सकेकी छैन; उसका मिठा गफलाई आफूप्रतिको प्रेम ठानेर फसेकी छ। शिक्षा र गरिबीमा ग्रामीण परिवेशमा हुर्केकी झुमा अपरिपक्व किशोरावस्थामा हुनुले पनि ज्यादै सरल छे। रिकुटेको तामझाम, कुराकानी र मुगलान जान पाउने आकर्षणमा ऊ सहजै फस्दछे। हिमचिम बढेपछि रिकुटेले कुटिलता मनमा साँचेर झुठो प्रेम यसप्रकार अभिव्यक्त गर्छ, "झुमा मसित बिहे गर्छ्यौ ?"। झुमाले त्यस भनाइ साँचो ठान्दै यस्तो अनुभूति व्यक्त गर्दछे : 'मैले भनेर के र, दाज्यूलाई भेटेर कुरा गर्नु नि !" (पृ.२२)। उसले सामाजिक विधानलाई समेत ख्याल गरी उत्तर दिएकी छ। यता मोटे कार्कीले साह्रै मन मिल्ने एकदुई जनासँग साथीसँग झुमाप्रतिको आफ्नो प्रेमलाई खुलाउँदै भन्ने गर्छ, "दिए बिहा गर्थें"

(पृ.१७) । उसले साँच्चै नै बिहे गर्ने अनुभूति प्रकट गरेको हुन्छ तर उसको आफूप्रतिको साँचो तर अव्यक्त प्रेम झुमाले ठम्याउने कुरा भएन ।

रिकुटे र झुमाको हिमचिमका सम्बन्धमा वेदना र निराशाको अनुभव गर्दै मोटे कार्कीले झुमालाई यसप्रकार सतर्क गराएको पनि देखिन्छ, "साह्रै लसपस नगर है, यी रिकुटे मोराहरूको त कति भर हुन्न पो !" (पृ.२३) । तथापि रिकुटेको मोहमा फसेकी झुमा त्यतिखेर मोटे कार्कीसँग नराम्ररी रिसाएकी छ। रिकुटेको बिहे गर्ने मनसाय कति पनि नरहेको तथ्य उसले बिहे गरेर असारमा मुगलान लैजाने प्रलोभनमा फसाई झुमाको कुमारीत्व लुट्नु र फागुनमै ऊ मुगलान फर्किसक्नुले प्रमाणित गरेको छ। रिकुटेद्वारा कुमारीत्व लुटिएपछि झुमाले ज्यादै अवसादको अनुभूति सँगाल्न विवश भएकी छ (पृ.४२) । उसले 'कुमारीभाव' गुमाउनुमा रिकुटे जिम्मेवार छ तर ऊ निर्धक्क छ। यता झुमा भने करकापको त्यस कृत्यमा त्रसित भई सम्पूर्ण दोष आफ्नै देख्दै हीनताको अनुभूतिले ग्रसित भएकी छ। यद्यपि रिकुटेले झुमालाई मुगलान लैजान्छु भनी आश्वस्त गराई विदा भएको छ तर झुमाको भने त्यस बेलादेखि नै सम्पूर्ण सुखशान्ति खोसिएको छ। आफू दुई जिउ भएको र रिकुटेले कुनै खोजखबर नगरेकोमा एकातिर झुमा अत्तालिएकी छ भने अर्कातिर भाउजू मैनाले ठुलीद्वारा त्यस खबर पाएपछि झुमासँग यसबारे सबै कुरा सोधखोज गरेकी छ; झुमाको सुधोपनमा ज्यादै छक्क परेकी छ। ज्यादै दबाब र तनाव बेहोर्दै मैनाले धैर्यतापूर्वक रिकुटेको खोजखबर लिने अभिभावकीय जिम्मेवारीको कार्य पनि अगाडि बढाएकी छ र रिकुटे भागिसकेको खबर उसका लागि बज्रपातसरह भएको छ। त्यतिखेर कूल कलङ्कित हुने सामाजिक भयले अत्तालिएकी मैनामा निःसृत क्रोधजन्य अनुभूति गाली बनेर झुमामाथि यसप्रकार पोखिएको छ,

> दाजुले थाहा पाउँदा के गति होला तिम्रो ? हामी सबका मुखमा मोसो दल्यौ-कहाँ मुख लुकाउनु हामीले ? भोलि कुरा फैलिसक्ता तिमीलाई गाउँकाले थुक्छन्, कहाँ लुक्छ्यौं अनि ? यस्तो हुनुभन्दा त पहिले नै मर्नु नि बरु, अब तिमीलाई मर्नुसिवाय अरू बाटो छैन ...(पृ.४६)

मैनामा निर्मित यस अनुभूतिको संरचनामा इज्जत लुटिने महिलाको सामाजिक अवस्था पनि छर्लङ्ग बनेको छ। हरतरहले झुमाप्रति मातृस्नेह प्रदान गर्दै आएकी मैनामा नन्दको त्यस अवस्थामा यस खाले अनुभूति निःसृत हुनु स्वाभाविक छ। यसरी समाजको नारीप्रतिको दृष्टिकोणको नाजुकतालाई राम्ररी ठम्याएकी मैना यस घटनाक्रमले ज्यादै चोटग्रस्त हुँदै पर्याप्त दबाब र तनाव बेहोरिहेकी छ र लैङ्गिक पीडाजन्य अनुभूतिमा त्रसित बनेकी छ। अर्कातर्फ आफूले सरलतापूर्वक विश्वास गरेको व्यक्ति रिकुटेबाट पाएको त्यस घातले झुमा ज्यादै विचलित भएकी छ। उमेरले अपरिपक्व अवस्थामै एकपछि अर्को घातले प्रताडित रहेकी त्यस किशोरी झुमाले सामना गर्नुपरेका द्रुततर विकसित घटनाक्रम त्यस्तो जटिल परिस्थिति हो जुन लैङ्गिक रूपमा महिला भएकैले भोग्नुपर्ने हुन्छ। त्यस सन्दर्भमा उपन्यासमा प्रस्तुत निर्मित नितान्त नारी

अनुभूतिको यो संरचना पनि त्यत्तिकै मार्मिक छ, "तँ दण्डनीय छस् । तँ पापी छस्" (पृ.४७) । यसरी पुरुषद्वारा यौनसिकार नारी हुनुपर्ने तर दोषारोपण भने पुरुषलाई नभई नारीलाई गरिने घोर अन्यायपूर्ण सामाजिक परिपाटी अनुसार नै ऊ आफूलाई दण्डनीय तथा पापी ठान्दछे, पश्चात्तापी हुन्छे र भाउजूको "मर्नुसिवाय तिमीलाई अर्को बाटो छैन" भन्ने आवशेको अभिव्यक्तिको यति गहिरो असर बोक्छे जसलाई उसले प्रायश्चितको एउटै मात्र विकल्प देख्छे तर उसलाई मर्ने अवस्थासम्म पुऱ्याउने पुरुष भने भागिसकेको छ; ऊ निस्फिक्री भइसकेको छ । लैङ्गिक भेदको यो पराकाष्ठा स्वरूप तत्कालीन समाजव्यवस्थामा सहज स्वीकृत छ । त्यसै परिप्रेक्ष्यमा रिकुटेद्वारा कुमारीत्व लुटिएलगत्तैका झुमाका अनुभूतिलाई आख्यानकारद्वारा यस्तो संरचनात्मक स्वरूप प्रदान गरिएको छ,

> पश्चात्तापको अग्निमा डढ्दै भारी हृदय लिएर झुमा उठी । कुमारी कन्यालाई कुमारीस्थानमा अटल पारिराख्ने 'कन्याभाव'लाई गुमाउनुपर्दा आज उसकै आँखाले पनि उसलाई हेय दृष्टिले हेरिरहेको थियो । अघिसम्म निर्धक्क समाजसित भिडिने ऊ साहस राख्थी, तर अहिले आफ्नै दृष्टिमा ऊ धेरै तल खसेकी थिई । (पृ.४२)

नेपाली सामाजिक संरचनाका परिप्रेक्ष्यको यस लेखकीय मनोसंरचना समाजमा 'नारी' र 'यौन' बारेको नाजुक सम्बन्धलाई लिएर निर्माण भएको छ । हुन पनि झुमा बाँचेको सांस्कृतिक संरचना महिलाको चरित्रलाई लिएर ज्यादै अनुदार र सङ्कीर्ण छ । यहाँनेर उसले 'कुमारीभाव' गुमाउनुमा रिकुटे जिम्मेवार हुनु तर ऊ निर्धक्क रहनु तर झुमा भने करकापको त्यस कृत्यमा त्रसित भई सम्पूर्ण दोष आफ्नै देख्दै हीनताको अनुभूतिले ग्रसित हुनु, त्यतिखेर मैना झुमाको दुर्दशामा अनि सामाजिक कलङ्कको भयमा बेस्सरी अत्तालिनु जस्ता सन्दर्भमा प्रस्तुत अनुभूतिका संरचनाहरू पितृसत्ताको सामाजिक संस्कृतिगत परिप्रेक्ष्यमा निर्मित छन् । मैनाका त्यस सन्दर्भका अनुभूतिका सम्बन्धमा लेखक उपन्यासमा यस्तो टिप्पणी गर्दछन् : "सायद सर्वस्वहरण हुँदा पनि उसलाई उति चिन्ता हुने थिएन होला जति आज निष्कलङ्क वंशको इज्जतमा धक्का लाग्ने आशङ्काले मात्र भएको छ"(पृ.४६) । यसरी सामाजिक संरचनाको नारी चरित्रका सन्दर्भद्वारा कूल कलङ्कित हुने भयले मर्माहत भएकी मैनालाई उपन्यासमा आफूद्वारा निश्छल मातृवात्सल्य प्रदान गरिएकी नन्द झुमासँग 'मर्नुसिवाय उसको अरू बाटो नरहेको' भन्ने अवस्थामा पुऱ्याइएको छ (पृ.४६) । यो अनुभूति यद्यपि मैनाले आवेशको घडीमा प्रकट गरेको देखिएको छ तर त्यो तत्कालीन सामन्ती समाजमा नारीचरित्रसँग जोडिएको जीवनमरणको प्रश्नलाई नै उद्बोधन गर्ने प्रयोजनमा आएको छ ।

झुमाप्रति मैनाका उक्त प्रकारको चिन्ता र आक्रोशजन्य अभिव्यक्ति र त्यससमेतमा झुमाले साँच्न पुगेको चरम दबाब र तनावका अनुभूति दुवै पुरुषसत्ता प्रदत्त छन् । उपन्यासमा अभिव्यक्त रहेका यी अनुभूतिका संरचनालाई लिएर ताराकान्त पाण्डेय यस्तो अनुभूति प्रकट

गर्दछन्, "सधैँ छोरीजस्तै माया गर्ने आमातुल्य भाउजूका यी वचनले मनस्तप्त झुमाको मनस्ताप झन् गहिरो भयो । 'एउटै कुरो उसका मगजमा घुम्न थाल्यो- अब तिमीलाई मर्नु सिवाय अरू बाटो छैन' यसले दिनभरि उसका मनमा दबाब र तनावको सृष्टि ग-यो" (पृ.४६) । यसप्रकार अत्तालिँदै 'मर्नु' मात्र एउटै समाधान भएको ठहर गर्ने अवस्थासम्म उसलाई पु-याउने सामाजिक भयजन्य दबाब र तनावका अनुभूतिमाथिको पाठकीय यस अनुभूतिले पनि प्रस्तुत उपन्यासमा अनुभूतिको संरचना अभिव्यक्तिको प्रयोजनलाई प्रस्ट्याएको छ । अबोध नारीलाई मृत्युतर्फ हेलिनसमेत विवश गराउने 'सामाजिक भय' पुरुषसत्ताले सिर्जना गरेको त्यस्तो हतियार हो जसले नारीको आत्मविश्वासलाई रेटिरहेको हुन्छ । यसरी झुमा जस्ता अबोध नारीलाई मृत्युन्मुखीसमेत गराउने सन्दर्भलाई लिएर त्यस सामाजिक विवेकबारे आख्यानकारद्वारा प्रस्तुत यस्तो अनुभूतिको संरचना उपन्यासमा अभिव्यक्त छ,

> हाय ! विवेक, हो मानवसमाजको तँ गौरव होस् । तँलाइ लिएर नै मानवसमाजको स्तर श्रेष्ठ छ । गोठालो भएर तैले मानवलाई डोऱ्याउँछस्, तर तेरो डोऱ्याइमा साँचो आनन्द छैन, या भनौँ सन्तोष र शान्तिको निम्ति तेरो प्रयोग हुँदैन । अतीतलाई गिज्जाएर तँ पश्चातापको आगोमा धुजाधुजा पारेर पिल्स्याउँछस् । भविष्यलाई औल्याएर तँ बारम्बार झस्काउँछस् । फेरि तैँ वर्तमानका त्रुटिहरू कोट्याएर व्यस्त पारिराख्छस् । (पृ.४७)

मानिसको भूत, भविष्यत् र वर्तमानलाई बारम्बार झस्काउने सामाजिक विवेक महिलाले प्राप्त गर्ने शान्ति र आनन्दका सन्दर्भमा अझ बढी अनुदार छ । जानअन्जान भएका मानवीय त्रुटिमा समाज क्षमाशील छैन । त्यस परिपेक्ष्यको पुरुषसत्तावादी समाजसँग भिड्ने सोच, साहस झुमामा केही पनि नहुनु स्वाभाविक हो । ऊ 'आत्महत्या' एउटै विकल्प बोकेर दृढ अठोटका साथ मध्यरातमा राँगेभिरतर्फ लम्केकी छ । हाम्फाल्नै लाग्दा ऊ मोटे कार्कीद्वारा उद्धार गरिएकी छ । त्यसै रात खेतमा कुलो/पानी लगाउन भनी गएको मोटे कार्कीले अँध्यारोमा अगाडि बढिरहेको आकृतिको पिछा गर्दै जाने क्रममा झुमालाई आत्महत्या गर्नबाट रोक्न सफल भएको छ । झुमाले आत्महत्या गर्न खोज्नुको यथार्थ कारण खोज्दै गर्दा भनेको छ, "नरोऊ कान्छी ! म पुऱ्याइदिउँला त्या भा' ठाम" (पृ.५५) । उसको यस अभिव्यक्ति झुमालाई खुसी देख्न चाहने निस्वार्थ अनुभूतिमा निःसृत छ । जब उसले धोकेबाज रिकुटेलाई झुमाले घृणा गर्दछे भन्ने बुझ्दछ तबमात्र त्यस विषम परिस्थितिलाई बोध गरी त्यत्तिखेरै सिन्दुर लगाई दिनुको सामाजिक औपचारिकतासमेत पूरा गर्दै उसलाई पत्नीको दर्जा प्रदान गरेको छ । त्यस घडीमा मोटे कार्कीले झुमाका ठाउँमा अरू कोही हामफाल्न लागेको भए पनि उद्धार त गर्थ्यो नै, तर त्यहाँ उसले झुमालाई मर्नबाट बचाएको मात्र छैन, तत्काल नयाँ जीवन प्रदान गरेको छ; त्यो उदात्त मानवीय व्यवहारको उत्कृष्ट प्रस्तुतिका रूपमा छ र समाजमा विरलै देखा पर्ने त्यस घटनाको सहज र स्वाभाविक प्रस्तुति दिनसक्नु लेखकीय सफलता बनेको छ नै; त्यसमा लेखकको नारीमैत्री चेत पनि प्रकट भएको छ ।

साथै, उपन्यासमा त्यस सन्दर्भको अनुभूतिको प्रस्तुतिमा समाजको स्वस्थ रूपान्तरणको लेखकीय चाहनाले अभिव्यक्ति पाएको पनि देखिन्छ ।

मोटे कार्कीद्वारा उद्धार पाएर पनि झुमाले भोग्नुपर्ने सामाजिक उत्पीडनको अन्त्य नभएको अवस्थाजन्य अनुभूतिले पनि उपन्यासमा अभिव्यक्ति पाएको छ । समाजको लाञ्छनापूर्ण व्यवहारको डरले आफ्नै गाउँमा निर्धक्क जीवन डोऱ्याउनै नसक्ने अवस्थामा आफूहरू रहेको बोधमा झुमामा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ, "तर के यो गाउँमा बसाइ हुने होइन । जान पनि काँ जानु ? बिहानसम्ममा हामी दुवै नभा'को कुरा सबैलाई थाहा भइहाल्छ । ती अड्डामा पुग्दा नपुग्दा पकडाउ परिहाल्नि हो" (पृ.५६) । समाजमा गहिरो रूपमा जरो गाडेको सामन्ती संस्कृतिमा त्यस परिस्थितिको झुमाको विवाह दण्डित हुने विडम्बनापूर्ण अवस्थालाई पनि उक्त अनुभूतिको संरचनाले प्रकाश पारेको छ । त्यस संस्कृतिमा चरम उत्पीडन बेहोर्दै पनि झुमा त्यसैमा यति अभ्यस्त छ; ऊ आफूले जीवनमा बेहोरेका सबै दुःखको कारण आफैँलाई ठान्दछे । त्यस्तै, मोटे कार्कीमा पनि सामाजिक अवहेलनाको डरको असर यति गहिरो छ जसले गर्दा ऊ झुमाका साथमा बसाइँ सर्न विवश भएको छ । बहिनी झुमाका विषयमा मैनाबाट सबै कुरा थाहा पाएपछि भित्रैभित्र जलेको धनेले 'दोष कसको ?' भन्ने सन्दर्भमा यस्तो अनुभूतिको संरचना निर्माण गर्न पुगेको छ,

> होइन, दोष मेरो ! बेलामा बिहा गरिदिन नसक्दा, यो सब भो ! आज बिहा गरिदिन धन भएको भए वा बिहा गरिदिँदा धन नचाहिने भए, यी सारा गाउँकाहरूको भुँडी भरिदिन नपर्ने भए यो दिन देख्न पर्ने थिएन । दोष मेरो, मेरो गरिबीको दोष, मेरो लाचारीको दोष, अनि दोष मेरो गरिब बनाइदिने भाग्यको दोष, अनि दोष मेरो फुटेको भाग्य लेख्ने विधाताको । (पृ.५०)

दैनन्दिन गुजारा चलाउनै कठिन हुने विपन्न समुदायमा जातीय आडम्वर धान्न विवाह आदि सन्दर्भको भड्किलो खर्चको जोहोले निम्त्याउने सङ्कटको मार्मिक अनुभूति धनेले सँगालेको छ । यसरी सामन्ती आर्थिक-सांस्कृतिक विधानका कारण आफूले अनि झुमाले बेहोर्नु परेको चरम लैङ्गिक उत्पीडनमा धनेमा यस्तो अनुभूतिको संरचना निर्माण हुनु अत्यन्त स्वाभाविक छ । समाजको साथ र सहयोग नमिल्दा धनेले थप यस्तो अनुभूति सँगालेको छ,

> होला, ... के आज उसले अलिकति पनि उठ्ने मौका पाएको भए, उसको पीडा समाजले बुझिदिएको भए, उसको परिश्रम साकार हुने थिएन र ? के आज झुमाको सानो दोषमाथि समाजले ठुलो अट्टहास नगर्ने भए ऊ त्यसरी हताश भएर घरबाट निस्कन्थी ? के दोष उसको मात्र हो ? एउटी सरल अबलाबाट लाभ उठाएर वासनाको तिर्खा मेटाउने रिकुटेको होइन ? तर त्यसको दण्ड समाजले दिन्छ, निःसहाय, अबलालाई, उसको परिवारलाई । (पृ.५१)

यथार्थ धरातलमा टेकेर धनेले सँगालेको यस चिन्तनमय अनुभूतिमा तत्कालीन समाजव्यवस्थाको अधीनस्थ पिँढीलाई थप उत्पीडन दिने वास्तविक स्वरूप उदाङ्गो बनेको छ ।

साथै, अधीनस्थ पिँढीले बेहोर्नु परेको रूढिग्रस्त संस्कृतिजन्य उत्पीडनका दबाब र तनावमा निःसृत अनुभूतिका संरचनासमेत कालखण्डको नेपाली सामाजलाई चिनारी गराउने विशेष आधार बनेका छन् । उपन्यासमा त्यही समाजबाट रिकुटे चरित्रको विपरीत ध्रुवमा मोटे कार्कीको आदर्श चरित्र प्रकट भएको छ । महिलाको भविष्यलाई नै निर्धारण गर्ने यी फरक दुई पुरुषका सन्दर्भमा संहारक रिकुटे र उद्धारक मोटे कार्कीका भिन्न-भिन्न चारित्रिक गुणलाई लिएर झुमामा यस्तो अनुभूतिको संरचना निर्मित छ,

> झुमाले कार्कीको वास्तविक रूप आज देखी ... रिकुटेको सम्झना भएर आयो, कार्की र रिकुटे मनमनै दाँजी । एउटा स्वर्गलोको जुन थियो, जसले जगत्लाई शीतलता दिन्थ्यो, अन्धकारमा बाटो देखाउँथ्यो अर्को चैतको हुर्हुरे बतासमा बल्दो आगोको मुस्लो थियो, जसले सारा कोमल मनलाई डढाउँथ्यो र आफू पनि खरानीको थुप्रो हुन्थ्यो । (पृ.५६)

उपन्यासमा प्रस्तुत यस अनुभूतिको संरचनालाई आधार बनाएर हेर्दा पनि महिलाको जीवन निर्णय गर्ने हर्ताकर्ता पुरुष रहने पितृसत्तात्मक संस्कृति नै प्रकाशमा आएको छ । यद्यपि यहाँनेर फरक के छ भने सामन्तवादी त्यस समाजमा रिकुटे जस्ता चरित्रका तुलनामा मोटे कार्की प्रवृत्तिका चरित्र बिरलै हुन्छन् । झुमाको आफूप्रतिको ग्लानि र हीनभावनामा निःसृत अनुभूतिजन्य प्रश्न “म पातकीसित तिमी काँ काँ हिँड्छौँ दुःख भोग्दै ? मेरो पाप काँ फाल्नु मैले ?”(पृ.५५) समेतलाई सम्बोधन गर्दै उसले भनेको छ, “तिम्रो केही पाप छैन कान्छी ! तिमीबाट भएको जायजन्म मेरो सन्तान हुन्छ । तिमी मेरी भएर बस्नेछ्यौ” (पृ.५५) । मोटे कार्कीको यस अठोटपूर्ण अभिव्यक्तिले उसको त्यस्तो उदात्त चरित्रलाई प्रदर्शन गरेको छ जुन तत्कालीन परिवेशको संस्कृतिमा असाधारण छ । झुमाको गर्भको बच्चालाई पितृत्व प्रदान गरेको तथा समाजमा तथाकथित कलङ्कितमा गनिने नारीलाई स्वीकार गरेकामा उल्टो समाजबाटै लाञ्छित हुनुपर्ने भएकाले तत्काल झुमालाई लिएर गाउँ छोड्ने मोटे कार्कीको निर्णयले झुमाप्रतिको साँचो प्रेमका साथै मानव प्रेमको उत्कृष्ट व्यवहारलाई पनि प्रस्तुत गरेको छ । मोटे कार्की तथा झुमाले त्यही समाजमा रहेर सामन्ती संस्कृतिमा हेलिनु, सङ्घर्ष गरेर त्यहाँ अडिनु निकै दुष्कर भएकाले तत्काल बसाइँ सर्नु तिनको बाध्यता थियो । यसै परिप्रेक्ष्यमा ताराकान्त पाण्डेय भन्दछन्,

> सामन्ती संरस्कार केवल सामन्तहरूमा थिएन, दबाब र सहमतिका दुवै स्तरमा र दुवै ढङ्गले सामन्ती संस्कृति जब्बर रूपमा विपन्न समुदायकै पनि व्याप्त थियो जसले गर्दा मुखिया जिम्मवालहरूबाट मात्र होइन आफ्नै वर्गका विपन्न समुदायबाट पनि, उनीहरूलाई त्यहाँ बसिखान हुँदैनथ्यो । तिनको जीवन (विशेषगरी झुमाको) निकै दुष्कर हुन्थ्यो । उपन्यासकारमा चोखो यथार्थवादी चेतना सक्रिय रहेकाले उनले मोटे कार्कीलाई पनि दुस्साहसी प्रकारले क्रान्तिकारी देखाउने प्रयास गरेनन् । अर्केको गर्भ बोकेकी झुमालाई स्वीकार गर्नु नै सामन्ती परम्पराप्रतिको अस्वीकृति र एक स्तरको चुनौतीसमेत हो । आफ्नो भएको जायजेथासमेत तिलाञ्जली दिएर पनि झुमालाई जीवनदान दिनु आफैँमा त्याग र समर्पणको उदात्त संस्कृति

हो। यसले सामन्ती संस्कृतिको कुरूपताका बीचबाट नवीन संस्कृतिको सङ्केत गरेको छ। (२०७३, पृ.४७)

यसरी अधीनस्थ पिँढी प्रतिनिधि मोटे कार्कीले तत्कालीन सामन्ती समाजव्यवस्थामा उठाएको त्यस कदमले उसमा निर्मित उदीयमान चेत प्रकाशमा आउन सकेको छ जसद्वारा चरम लैङ्गिक भेदको त्यस समाजका पनि नारी अस्तित्वप्रतिको सम्मान भाव पनि प्रकट भएको छ। तत्कालीन समाजमा व्यक्तिविशेषद्वारा प्रकट हुने यस्ता सद्प्रयास फाट्टटफुट्ट रूपमै सीमित छन्। पितृसत्तावादी तत्कालीन सामाजिक आर्थिक ढाँचामा सम्पूर्ण महिलाहरू पुरुष आश्रित जीवन बाँचिरहेका छन्। अर्थस्वामित्व पुरुषकै हातमा छ। आर्थिक लगायत सबै निर्णयअधिकार पुरुषसँगै छ; त्यसमा महिलाको विमति रहँदैन। पञ्चायत बस्दा सबै पञ्च भलादमीहरू पुरुष हुन्छन्; तर्कवितर्क पुरुषमाझ हुन्छ; मुद्दामामिलाको फैसलाको निरूपण पुरुषबाटै हुन्छ (पृ.२४, ३६-३७ र ५८)। धनेद्वारा घरव्यवहारमा गरिएका प्रत्येक निर्णय मैनाले सहज शिरोपर गरेकी छ। अथक परिश्रमले जति थाके पनि पत्नी धर्मको पालनामा ऊ सतर्क छे। सुत्नुअघि पतिको गोडा मिच्ने, ढोग्ने जस्ता पतिसेवाका कार्य उसले नियमित रूपमा गर्दै आएकी छ। पतिको गम्भीर मुद्रा देख्दा मात्र पनि डराएकी उसलाई धनेले, "ए, भयो कति गर्छेस्, थाकिहोलिस् अब सुत् न" (पृ.१३) भन्दै करुणभाव प्रकट गर्दा हर्षित र उल्लासित बन्दै यस्तो अनुभूति अभिव्यक्त गरेकी छ, "तपाईंले अह्राएर गरेकी हुँ र तपाईंले भो भन्दा भो हुने नभन्दा नहुने ? मेरो खुसीले पो गर्दैछु त" (पृ.१३)। यसरी पतिपरायण हुनको लैङ्गिक अनुभूतिमा ऊ खुसी र सन्तुष्ट छे। धनेलाई दसैँ टार्न आर्थिक व्यवस्थापन निकै कठिनाइ भएको अनुभूति गरी उसले आफ्नो पेवा खसी बेचेर नन्द झुमालाई दसैँलुगा किनिदिने र घरखर्च चलाउने उपाय सुझाएकी छ। आफ्ना सबै रहर थाँती राखेर पनि मैना धनेलाई हरतरहले साथ दिन तत्पर छे। उसको पतिपरायण व्यवहारमा पतिलाई हरतरहले खुशी राख्ने नारी धर्मको हिन्दु संस्कृति निर्देशित नारीधर्म प्रकट भएको छ।

स्वास्नीको सुझबुझ, त्याग र समर्पणले गरिबीसँग लड्ने साथसहयोग मिलेको लैङ्गिक अनुभूति उपन्यासमा यसरी व्यक्त छ, "दैवलीला पनि कस्तो बुझिनसक्नु, धनकङ्गाल भए पनि राजा-महाराजाले नपाउने स्वास्नी भगवान्ले मलाई दिएका छन्। तँ जस्ती जोई पाउने गरिब भए पनि म भाग्यमान् हुँ" (पृ.१४)। मैनासमक्ष प्रकट धनेमा निर्मित अनुभूतिको यस संरचनाले लैङ्गिक विभेदको त्यस समाजमा पनि पतिपत्नीको परस्पर समर्पण, आदर र विश्वासमा आदर्श परिवार निर्माण भएको तथ्य पनि प्रकाशमा आएको छ। साथै, उपन्यासमा एकातर्फ रूढिवादिता र भाग्यवादमा विश्वास गर्दै र अर्कातर्फ वस्तुनिष्ठ यथार्थप्रति पनि झुकाव राख्दै धनेले साँचेका चिन्तनमय अनुभूतिको प्रस्तुतिले लेखकको समय तथा परिवेशगत संस्कृतिका सापेक्षतामा निर्मित मनोरचनालाई पनि छर्लङ्ग पारेको छ। यसप्रकार लैङ्गिक अनुभूतिको संरचनाको प्रस्तुतिका कोणबाट प्रस्तुत उपन्यासलाई हेर्दा रिकुटेको प्रवृत्तिगत आचरणलाई सामन्ती संस्कृतिको उपजका रूपमा देखिन्छ। महिलालाई भोग्या ठानी व्यवहार गर्ने सामन्ती संस्कृतिको कुरूप स्वरूपलाई

रिकुटेले ज्वलन्त बनाएको छ । त्यस विपरीत मोटे कार्की तथा धनेजस्ता सद्वृत्तिको आधिक्य रहेका पुरुषहरू तथा तिनका सान्निध्यमा रहेका झुमा तथा मैनाले सँगालेका लैङ्गिक अनुभूतिका संरचनाले समाजमा नारीलाई हेर्ने उदात्त दृष्टिकोणलाई उजागर गरेका छन् जुन तत्कालीन समाजका सन्दर्भमा विशिष्ट कोटिका लैङ्गिक अनुभूति हुन् जुन महिलाद्वेष तथा महिला उत्पीडनका भावबाट सर्वथा मुक्त छन् र मानवीय संवेदनाले ओतप्रोत छन् ।

### ४.३.३ जातीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

बैदार बूढाजस्ता सामन्त गरिब तथा ऋणीप्रति अत्यन्त अनुदार रहने तर धर्मकर्म, ब्राह्मणलाई भोजन, दानदक्षिण, चोखोनितो, छुवाछुत जस्तामा कर्ममा अत्यन्त लगाव राख्दछ र त्यस्ता गतिविधिमा आनन्दानुभूति गर्दछन् (पृ.३) । मूलधारको त्यस पिँढीगत संस्कृतिलाई अधीनस्थ पिँढी, समुदायले अनुसरण र परिपालना गरिरहेका छन् । जातीय भेदभावको त्यस सामाजिक संरचनामा अधीनस्थ रहेका लेउते दमाइँ तथा बुधे कामी जस्ता तथाकथित दलित जातिहरू मूलधारको संस्कृतिबाट थोपरिएको ती प्रचलनलाई सहज ग्रहण गरिएको छन्; तिनमा कत्ति पनि विद्रोहको चेत पाइँदैन; त्यसैले प्रतिरोधजन्य जातीय द्वन्द्व त्यस समाजमा देखिएको छैन । सहनको संस्कृतिमा ती अभ्यस्त छन् ।

तत्कालीन समाजमा जातीय छुवाछुतसँग गाँसिएको महिला परिप्रेक्ष्यका विशेष छुवाछुतको बेग्लै पाटाको अनुभूतिका संरचनाले भने उपन्यासमा सशक्त प्रस्तुति पाएको छ । यस सन्दर्भमा झुमा भागेको कुरा समाजमा सर्वाधिक चासो र चर्चाको विषय बनेको छ । गुपचुप शैलीमा पहिला गाउँका महिला समुदायमा र त्यसपछि पुरुष समुदायमा व्यापक प्रसारण पाएको त्यस विषयमा छुवाछुतका फरक सन्दर्भमा निर्मित अनभूतिको संरचना उपन्यासमा यस्तो छ,

> कति 'धनेको पानी बन्द गर्नुपर्छ, कसको हो, के हो, कहिलेदेखिको लसपल हो नजानीकन कसरी खानु पानी ?' भन्ने भए । कति भन्न थाले 'अचेल पानीको कुरा चलाउन हुँदैन ए; अब ऐनले पनि फुकाइसकेको छ ।' उत्तरमा, 'अगि पितापुर्खाबाट चलिआएको रीति नमानेर कहिले हुन्छ र ?' भन्ने तर्क पनि निस्कियो । (पृ.५२)

उपर्युक्त गाउँका पुरुषहरूमा सिर्जित अनुभूतिमा प्रकट त्यस तर्कवितर्कमा क्रममा प्रस्तुत पछिल्लो अभिव्यक्तिले पितापुर्खादेखि चलि आएको रीति जेजस्तो अवस्थामा पनि जातीय धर्मको यथावत् पालना हुनुपर्दछ भन्ने दृष्टिकोणलाई जोडबल प्रदान गरेको छ । अविवाहित झुमा परपुरुषसँग भागेको विषयलाई लिएर धनेलाई बेलामौकामा ताना सुनाइने, कतिपयले उसको घरको पानी नै नपिउने स्वाङ पनि रचेका छन् (पृ.५७) । गाउँलेहरूका यस्ता गतिविधिहरूले रूढिग्रस्त समाजको अवस्थालाई प्रस्ट पारेको छ । त्यस्तै, नारीको अस्मिता लुट्ने पुरुष समाजमा बिटुलो हुँदैन तर पुरुषद्वारा लुटिएकी भनिने नारीप्रति त्यही समाज घोर असहिष्णु बनि दिन्छ,

कथित अछुतो ठानेरै पानी बाराबार गर्छ। त्यही रूढिग्रस्त सामाजिक व्यवस्था नै मोटे कार्की तथा झुमाको पनि बसाइँ सराइको कारण बनेको छ। मोटे कार्कीले आफूले सहज बनाएको घरव्यवहार, आफ्ना गाउँठाउँ एकाएक, त्यो पनि आधा रातमा नव पत्नीसहित छाडेर जानु पर्ने एउटै मात्र कारण सामाजिक बहिष्करणको भय रहेको छ। यसरी उपन्यासमा जातीय उत्पीडनजन्य अनुभूतिले पनि पृथक् सन्दर्भमा अभिव्यक्ति पाएको छ।

प्रस्तुत उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीका अनुभूतिको संरचना मूलतः सामन्तवादी वर्गीय र लैङ्गिक भेदभावपूर्ण सामाजिक यथार्थलाई प्रकट गर्ने चरम दबाब र तनावमा निर्मित छन्। साथै, जात खस्कने उपर्युक्त विशिष्ट सन्दर्भका सामाजिक दबाब र तनावका विशिष्ट अनुभूतिलाई पनि उपन्यासका संरचनात्मक स्वरूपमा सशक्त अभिव्यक्ति दिइएको छ।

## ४.४ *एक पालुवा अनेकौँ याम* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा अधीनस्थ पिँढीगत अनुभूतिका संरचनाहरूले नै सबैभन्दा सशक्त अभिव्यक्ति पाएका छन्। अधीनस्थ पिँढीका मूलतः लिङ्गीय, जातीय र वर्गीय तहका अनुभूतिहरूका साथमा रङ्गभेद, पुस्तान्तर भेद तथा चाकरीप्रथाका सन्दर्भका त्यस पिँढीका दबाब र तनावजन्य अनुभूतिहरूसमेतको प्रस्तुति यस उपन्यासको वैशिष्ट्य बनेको छ।

### ४.४.१ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

राणाकालीन सामन्तवादी पुरुषसत्ताको सामाजिक संस्कृति प्रस्तुत उपन्यासको कथ्यकेन्द्र रहेको छ। पुरुषसत्तामा नराम्ररी पिल्सिएका अधीनस्थ महिला पिँढी प्रतिनिधि पात्रहरू कल्पना, लिचुमैयाँ, राजेश्वरी, जेठकी मालकिनी आदिका माध्यमद्वारा लैङ्गिक अनुभूतिका संरचनालाई प्रकाशित गरिएको छ। प्रभुत्वशाली पिँढीद्वारा भएगरेका लैङ्गिक उत्पीडनमा सिर्जित अधीनस्थ पिँढीका अनुभूतिको संरचना उपन्यासको अन्तर्वस्तु निर्माणको प्रमुख आधार बनेको छ तथापि पात्रगत तहमा महिला पात्रहरूको अनुभूतिका संरचनाले उपन्यासमा कमै प्रस्तुति पाएका छन्। तिनका सन्दर्भमा उपन्यासको प्रमुख पात्र कमलमा सिर्जित अनुभूतिलाई आख्यानकारले ज्यादाजसो तृतीय पुरुष शैलीमा अभिव्यक्ति दिएका छन्।

उपन्यासमा राजेश्वरी पुरुषजन्य अहङ्कारको सिकार भएकी छ। उसको निर्दोष र बेदाग चरित्र कमलका बाद्वारा कलङ्कित तुल्याइएको छ। राजेश्वरीकी आमा मकवानपुरेद्वारा जातको कारण देखाई कमलको बालाई छोरी दिन अस्वीकार गरेपछि उसको राजेश्वरीसँगै बिहे गर्ने उत्कट चाहनामा घात भएको अनुभूति कमलको बाले गरेको छ। लगत्तै राजेश्वरीकी भदैसँग बिहे गर्नु, पुनः राजेश्वरी मागी निहुँ खोज्नु, भदैमाथि सौता नदिने मकवानपुरेको अडानमा क्षुब्ध हुँदै

राजेश्वरी आफ्नी स्वास्नी रहिसकेको दावीसहित अदालतमा मुद्दा हाल्नु जस्ता उसका कुटिल चालहरू पुरुष अहंमा सिर्जित बदलाभावले उत्प्रेरित छन् । कमलका बाद्वारा प्रसारित लैङ्गिक उत्पीडनका कारण राजेश्वरी र उसको परिवार नराम्ररी आहत छ । राजेश्वरीलाई आफ्नो बनाउन नसके अरू कसैको हुनै नदिने मनसायमा कमलका बाद्वारा निर्दोष राजेश्वरीको चरित्रलाई समाजमा बदनाम गराउने जुन कृत्य भएको छ त्यो ज्यादै घृणित छ । मकवानपुरे आमाका निर्मित यस अनुभूतिमा कमलका बालाई छोरी नदिनुको कारण यस्तो रहेको छ, “जुन दिदी राजेश्वरीको आफ्नो आँखाको नानीजस्ती थिई, त्यही दिदीको सौता बनेर त्यो दिदीका छोराछोरीमाथि रजाइँ गर्ने ? यो हुन सक्दैन जेठी” (पृ.३६) । आफ्नी छोरी कसलाई दिने कसलाई नदिने भन्ने मकवानपुरे आमाको अधिकारप्रति कमलका बाले चुनौती दिएको छ । यसरी आमाभावनामाथि पनि कमलका बाले हस्तक्षेप गरेको छ ।

कमलका बाको नारीद्वेषी भावमा प्रकट अत्याचारको पराकाष्ठा कल्पनाले पनि भोग्नुपरेको छ । सौतेनी दाजुहरूद्वारा कमलका बालाई बेचिएकी कल्पनाले आफू पूर्ण अधीनस्थ दशामा रहेको अनुभूति यसरी प्रकट गरेकी छ, “म बेचिएकी, मेरो के भाउ छ र ठूलोबाबू !” (पृ.१६७) । कमलका बाले कल्पनासँग जबर्जस्ती गर्दै बर्बरतापूर्वक यौनसम्बन्ध राख्न खोज्दा उसले प्रतिकार गरेकी छ । प्रतिशोधमा कमलको बाले उसको नाङ्गो शरीरमाथि कोर्रा प्रहार गर्दा ऊ शारीरिक र मानसिक पीडामा ज्वरोले आक्रान्त भएकी छ । त्यस अवस्थामा उसको यस्तो अनुभूति उपन्यासमा व्यक्त छ, “के भयो त ! लासै हुँ, ज्वरो आएर के, नआएर के ! फेरि मरी गएँ भने पनि त फाइदै हुन्छ मलाई ! बालाई त भेट्न पाउँछु ठूलोबाबू !”(पृ.१८५) । बितिसकेका बाउप्रति अत्यधिक लगाब र यस संसारप्रति घोर वितृष्णाको कल्पनामा निर्मित यस अनुभूतिले उसको अधीनस्थताबाट मुक्तिको चाहलाई व्यञ्जित गरेको छ । सङ्घर्षद्वारा आफ्नो अवस्थालाई रूपान्तरण गर्नुभन्दा पनि त्यसबाट पलायन हुने उसको चाहनाले तत्कालीन समाजको नारीअवस्थालाई पनि प्रकट गरेको छ । कल्पनाको त्यस दशाप्रति आख्यानकारमार्फत कमलको यस्तो अनुभूति उपन्यासमा प्रस्तुत छ,

> तिनको चुम्बकीय आङको पाटामा सुन्निएका नीलानीला मुस्लालाई ऊ अनुभव गर्न थाल्छ । अस्तित्वको सास चुँडिदैं गएझैं लाग्छ उसलाई । ऊ आक्रान्त हुन्छ लोग्नेछोराको सामुमा स्वास्नीमान्छेलाई सधैं रोगी तुल्याइदिने सामाजिक ध्यान-भाखा र मर्यादालाई सम्भिmएर । ऊ आक्रान्त हुन्छ स्वास्नीमान्छेलाई सधैं लोग्नेमान्छेको जुत्ताको धूलो बनाउने कानुनलाई सम्झिएर । त्यस किसिमको झूटसित उसलाई विद्रोह छ, घृणा छ ...हेर ! पुरुषसत्ताका विकृति नपुंसकताका प्रतीक ती नौला सुम्ला उफ् ! (पृ.१८२-८३)

कमलका बाले कल्पनाको शरीर भोग्ने आफ्नो कुत्सित उद्देश्य पुरा गर्न नसकेको रोष कल्पनाको चरित्रमा पटकपटक दोषारोपण गरेर प्रकट गरेको छ । यसै क्रममा उसले गङ्गा नूनियाँसँग कल्पनाको संसर्गको झुटो आरोप र त्यसको कागजी बयान लेखाएपछि विक्षिप्तप्रायः

भएकी कल्पना हठात् यसप्रकार विस्फोट भएकी छ, “यो हाटखोलाको प्रत्येक बलियो छातीसँग लिप्सिएकी छु । सबैसँग सुतेकी छु, सबैसँग लिप्सिएकी छु ...” (पृ.२२५) । आफूप्रतिको अत्याचारको पराकाष्ठालाई डटेर सामना गर्ने र अधीनस्थता चुँडाल्ने अवस्थालाई आत्मसात् गर्न नसक्दा मानसिक सन्तुलन गुमाउन पुगेकी कल्पनालाई कमलका बाद्वारा परपुरुष संसर्गको आरोपमा झ्यालखानामा कैदी बनाइएको छ । यसरी पुरुषद्वारा प्रसारित एकपछि अर्को उत्पीडन खेप्नुपर्दा नाजुक बनेकी कल्पनाले अन्ततः चेतना गुमाउन पुगेको अवस्थाले पुरुषसत्ताको नारीलाई अधीनस्थ राख्न गरिएका घृणित चालको दुःखदायी परिणति नै अगाडि आएको छ ।

उपन्यासमा पुरुषसत्ताको उत्पीडन झेल्ने अर्को महिला पात्र जेठकी मालकिनी हो । उपन्यासमा कमलकी माइजू रहेकी त्यस पात्रद्वारा पुरुषसत्ताको नारीलाई भोग्या ठान्ने संस्कृतिप्रतिको आक्रोशजन्य अनुभूतिमा यस्तो प्रतिकार चेत प्रकट भएको छ, “वस्तुस्थितिको नाङ्गो सत्यले तिनलाई बाहिर घचेडिदिन्छ । ... तिनी चिच्याउँछिन् ‘रामलखन ! ... ए शरीरका लोभी हो ! ल हेर आँखा च्यातेर । म फगत एउटा कङ्काल हुँ” (पृ.५७) । यसप्रकार रामलखनका अगाडि उदाङ्गो भएकी जेठकी मालकिनीको यस अभिव्यक्ति र व्यवहार आफ्नै घरको कामदार रामलखनको मालकिनीको शरीर भोग्ने दुराशयप्रतिको प्रतिरोधचेतमा निःसृत छ । पुरुष अहंमा रामलखनद्वारा मालकिनीप्रति साँचेको कुचेष्टा एकल महिलाको आर्थिक सङ्कट विशेषलाई आधार बनाएर प्रकट भएको छ। उपर्युक्त कल्पना तथा जेठकी मालकिनीका सन्दर्भका दुवै साक्ष्यहरूमा प्रस्तुत नारी अनुभूतिको संरचना पुरुषको ज्यादतिपूर्ण व्यवहारको प्रतिकारमा विक्षिप्तप्रायः मनोदशामा निर्मित छ । कमलका बा तथा रामलखन दुवैको महिलालाई ‘भोग्य वस्तु’ ठान्ने नीच दृष्टिकोण पुरुषसत्ताप्रदत्त अहंमा निःसृत रहेको छ जसकारण महिलाहरूले चरम मानसिक उत्पीडन झेल्नु परेको छ ।

प्रस्तुत उपन्यासमा पुरुषसत्तामा नराम्ररी पिल्सिएकी अर्की पात्र लिचुमैयाँ हो । यस पात्रले पनि अधीनस्थ पिँढीको प्रतिनिधित्व गरेकी छ । बिहेअघिको गर्भ र बिहेपछि तीन महिनामै जन्मिएको छोरो लिचुमैयाँले चरम तहमा सामाजिक उपेक्षा भोग्नुपर्ने कारण बनेको छ । लैङ्गिक विभेदले ग्रस्त समाजमा नारी भएकैले त्यस सन्दर्भका चारित्रिक दोषको आरोप खेप्न ऊ विवश छ । बहुविवाह अनमेल विवाहलगायत विवाहइतरका यौनसम्बन्ध पुरुषका लागि स्वीकृत र महिलाका लागि वर्जित हुने लैङ्गिक विभेदको समाज र कानुन महिलाका निमित्त उत्पीडनकारी भएको तथ्य उपर्युक्त विवेच्य सन्दर्भहरूले प्रस्ट पारेका छन् । अधीनस्थ दशामा रहेकी लिचु स्वयम्को कमलप्रतिको चोखो प्रेम, आस्था र समर्पण ताराका यस्तो अनुभूतिमा व्यक्त भएको छ, “झूट होइन कमल, ती आँखामा तिमी नै थियौ मैले हेरिहरेँ । कसैको आँखाभित्र नबिझाउने किसिमले थोरै मात्र रहन्छन्, त्यसमा परम्परागत बाध्यता न त आधुनिकताको । ती आँखा स्वतन्त्र थिए, ती स्वाधीन आँखाभित्रै तिमी नै बास गरिहेका छौ । तिनी तिमीलाई प्रेम गर्छिन्” (पृ.२६९) ।

यसप्रकार नारीको पुरुषप्रतिको स्वतन्त्र र स्वच्छ दृष्टिकोणले त्यहाँ कदर नपाएको अवस्था छ । नव सुत्केरीको नाजुक अवस्थामा समाजद्वारा लाञ्छित भएकी लिचुमैयाँलाई साथ र संरक्षण दिएर कमलले उदीयमान चेत प्रकट गर्न सकेको देखाए पनि ऊ परम्पराबाट मुक्त हुन भने सकेको छैन । त्यसपछिका दिनहरूमा पनि लिचु र जारपुत्रप्रतिका उसका घृणाजन्य व्यवहारले निरन्तरता पाइरहेको देखिन्छ । यसरी समाजमा विद्यमान लैङ्गिक विभेदका सङ्ककीर्णतालाई राम्ररी ठम्याउन सक्ने चेतनशील पात्र कमलसमेत आफूलाई पर्दा भने लैङ्गिक भेदमुक्त व्यवहार प्रस्तुत गर्न असमर्थ छ । माइत बसेर आएपछि कमलको आफूप्रतिको असहज व्यवहार र उसले प्रकट गरेको उपेक्षाले अत्यन्त आहत भएकी लिचु आवेशजन्य अनुभूति लिएर यसप्रकार व्यक्त भएकी छ, “हजुरलाई थाहा छ के खायो भने मान्छे मर्छ त्यै सोधूँ भनेर” (पृ.२४१) । त्यसपछि पनि उसले यस्तो अनुभूति प्रकट गरेकी छ, “सत्ते, सत्ते, अब त सहेर सहिनसक्नु भैसक्यो । नबोल्नु नै थियो भने फेरि हजुरले किन मलाई झ्यालखान नहाल्दिबक्सिएको ?” (पृ.२४१) । यसरी आफ्ना पतिबाट पटकपटक तिरष्कृत र लाञ्छित जीवन जिउनु पर्दा आजित भएकी लिचुमैयाँका लोग्नेले आफूलाई दिएको संरक्षण दया मात्र भएको र आफूप्रति कुनै प्रेम नरहेको ठम्याँएपछि उसमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ, “भन्ठानेकी थिएँ मैले प्यार पाएकी छु, सहाराको निम्ति बलियो ढालजस्तो छाती पाएकी छु । हरे ! कति भूलमा रैछु म ...” (पृ.२९३) । अनि उसको आक्रोशपूर्ण अनुभूति उपन्यासमा यसप्रकार व्यक्त छ,

> त यही चाहेको होइन हजुरले ? दुनियाँले मलाई खुलेआम रन्डी, वेश्या भनेर हिँडोस्, बाहिर निस्कँदा सुकुलगुन्डाहरू सिटी बजाउँदै मेरो पछि लागून् । त्यस्तै थियो भने किन त्यति बेला नै मलाई सफासफी भनेर खोरमा नपठाएको ? कमसकेम आत्महत्या गरेर भए पनि म तपाइँबाट पन्छिन सक्ने थिएँ” । (पृ.२९३)

लिचुमैयाँको ‘आत्महत्या’को विचारलाई आक्रोशको घुर्क्याइ मात्र ठानेर कमलले बेवास्ता गरेका छ तर घर र समाजको निरन्तर चारित्रिक आक्षेप र लाञ्छना सहन गरिरहन उसलाई अत्यन्त कठिन भइसकेको छ । परिणामतः उसले आत्महत्यालाई नै वरण गर्न पुगेकी छ ।

लिचुमैयाँबाट जन्मिएको ‘जारपुत्र’ कमलले ग्रहण गर्ने नसक्नु तर जेठकी मालकिनी तथा कल्पनाकी आमाले सौता हुलेरै भए पनि सन्तानको आकाङ्क्षा राख्नु लैङ्गिक विभेदको संस्कृतिमा अभ्यस्तताकै उदाहरण हुन् । देवरहरूको आर्थिक शोषण र उपेक्षमा पिल्सिँदै वैधव्य जीवन झेलिरहेकी जेठकी मालकिनीले श्रीमान् जीवित रहँदै सौता भित्र्याएर ऊबाट सन्तान जन्माउन सकेको भए बुढ्यौलीको सहारा हुने थियो भन्ने अनुभूति सँगालेको देखिन्छ (पृ.२५) । यस सन्दर्भले सन्तान नहुनुको दोष महिलाको मात्र देखिने र विधवा विवाह वर्जित हुने सांस्कृतिक परम्परालाई पनि प्रस्ट बनाएको छ । त्यस्तै, कल्पनाकी आमाले पनि विवाहपश्चात् लामो समयसम्म सन्तान नजन्मिएका कारण आफैँले श्रीमान्सँग जिद्दी गरी सौता भित्र्याउनु, सौताका दुई छोराहरू

जन्मिएपछि कल्पनाको जन्म हुनु जस्ता उपन्यासमा वर्णित घटनाक्रमले वंश धान्न सन्तान चाहिने संस्कृतिसँगै सौताका सन्तान ग्रहण गर्ने महिला सामर्थ्यलाई पनि प्रकट गरेको छ (पृ. १६८)। जेठकी मालकिनीले भान्जा कमलप्रति र कमलकी ठुलीआमाले आफ्नी बहिनीका नाबालक छोराहरूप्रति वात्सल्य पोखेर साँचेको तृप्तिजन्य अनुभूतिगत गतिविधिको प्रत्यक्ष द्रष्टा रहेको कमल स्वयंले भने परपुरुषको सन्तानसहितको लिचुमैयाँलाई ग्रहण गर्न सकिरहेको देखिँदैन। यसरी उसले पनि लैङ्गिक उत्पीडनको संस्कृतिकै अनुसरण गर्नुको परिणति लिचुमैयाँले अधीनस्थ दशाबाट मुक्तिका लागि मृत्यु रोज्नुमा प्रकट भएको छ। उपन्यासकी उदीयमान पिँढीकी प्रतिनिधि पात्र तारासमेतले सुरुमा पुरुषसत्ताको नारीउत्पीडन झेल्नु परेको छ। छोरी हराएको छ वर्षपछि एकाएक पढेलेखेकी जवान छोरी तारालाई भेट्न पाउँदाको प्रसन्नता सम्धीसम्धिनीका कारण सेलाउँदै यस्तो कटु स्मृतिको अनूभूति पाठकनी बुढियाले सँगाल्नु परेको छ : "हरे ! कसरी भन्न सकेको होलान् तिनका सम्धीसम्धिनीले छ-छ वर्षपछि पारि मुगलान आर्यसमाजीहरूका बीचमा बसेकी स्वास्नीमान्छेलाई बुहारीका रूपमा घरमा हुल्न सक्दिन भनेर" (पृ.९२)। यसप्रकार महिला चरित्रलाई लिएर अत्यन्त असहिष्णु समाजको सिकार तारा पनि बनेकी छ। उपर्युक्त चर्चामा रहेका सबै महिला पात्रहरूले तत्कालीन सामाजिक परिप्रेक्ष्यका सम्पन्न घरानासँग सम्बद्ध छन् तर पनि ती सबै नारीद्वेषी परम्पराको सिकार भएका छन्। सामन्ती युगमा कुलीन स्त्रीहरूलाई पारिवारिक दायरामै सीमित राखेर उपयोग गरिने हुँदा तिनको 'स्व' धराशायी हुन पुग्दछ (मिश्र, ?, पृ.४०)। उपन्यासमा अधीनस्थ दशाामा हेलिन बाध्य पारिएका यी नारी पात्रहरू (ताराबाहेक) सबैले स्व गुमाउन पुगेका छन् र आफूले भोगेको उत्पीडनका विरुद्ध प्रतिकार गर्न असमर्थ छन्।

यसप्रकार प्रस्तुत उपन्यासमा अधीनस्थ महिला पिँढीलाई प्रतिनिधित्व गर्ने नारी पात्रहरू राजेश्वरी, कल्पना, जेठकी मालकिनी र लिचुमैयाँमध्ये गौण भूमिकामा रहेकी राजेश्वरीका अनुभूतिको संरचनाले उपन्यासमा प्रस्तुति पाएको देखिँदैन। अरू नारी पात्रहरूमा निर्मित अनुभूतिको संरचनालाई नियाल्दा तिनले आफूविरुद्दको लैङ्गिक उत्पीडनलाई ठम्याएको त देखिन्छ तर ती लैङ्गिक उत्पीडनबाट उन्मुक्तिका लागि नवचेतको उदय हुनुभन्दा पलायन मार्गमै हेलिएको अवस्था छ। अतः उपन्यासमा प्रस्तुत लैङ्गिक अनुभूतिका संरचनाले तत्कालीन सामन्ती सामाजिक संस्कृतिमा आम नारीको प्रतिनिधित्व गर्ने पिँढीले आफूविरुद्धको लैङ्गिक उत्पीडनलाई ठम्याए पनि तिनमा प्रतिरोधचेतले सही धार समाउन नसकेको अवस्थालाई प्रकट गरेको छ।

### ४.४.२ जातीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासले जातीय भेदभावको सामाजिक संरचनालाई मूर्त बनाएको छ। उपन्यासमा प्रस्तुत जातीय सन्दर्भ दलित तथा जनजाति विषयक नभएर लेखककै प्रजाति छेत्री अन्तर्गत नै 'को निक्खर छेत्री' भन्ने परिप्रेक्ष्यमा भातभान्छामा गरिने भेदभाव रहेको छ जुन नेपाली रूढिग्रस्त सामाजिक संरचनाको एउटै जातिभित्रमा देखिने विभेदको विशिष्ट पाटो रहेको छ।

ल्याइते तथा ब्याइते बिचको भेद अनि आफ्नै जातभित्र पनि गान्धर्व विवाह गर्दा, क्षेत्रीले आफूभन्दा फरक जातको विवाह गर्दा जात खस्कने सांस्कृतिक रूढिजन्य मान्यताका कारण सिर्जित भेदभावको अनुभूतिले उपन्यासमा अभिव्यक्ति पाएको छ ।

उपन्यासमा कलमका बा बाहुन र नेवार्नीका ठिमाहा सन्तान भएकाले छेत्री कहलिएको छ तर निख्खर छेत्रीद्वारा खस्किएको छेत्रीका रूपमा उसको परिवार जातीय भेदभाव भोग्न विवश छ । झर्रा छेत्री समुदायमा मतुवाली पृष्ठभूमि भएको नयाँ छेत्री हेय र खिसीको पात्र बन्दछ र भातभान्छामा बहिष्कृत पनि हुन्छ जसले गर्दा जातीय हीनताबोधमा व्यक्तिको सामाजिकीकरणमा समेत असर परिरहेको हुन्छ (विष्ट, सन् २०२०, पृ.७३) । जस्तै, उपाध्याय वा जैसी ब्राह्मणले आफ्नो जातभन्दा भिन्न जात जस्तो छेत्री वा पानी चल्ने जातसँग वैदिक वा गान्धर्व जुनै रीतिअनुसार विवाह गरे पनि तिनबाट जन्मने सन्तान पनि छेत्री वा खत्री कहलिन्छन् । छेत्रीलाई प्रतिलोम विवाह (आफ्नो भन्दा माथिल्लो जातको कन्यासँगको विवाह) पनि वर्जित मानिन्छ । यसप्रकार छेत्रीले माथिल्लो जात, समान जात वा कथित तल्लो तर पानी चल्ने जातसँग विवाह गरेमा ऊ छेत्री नै कहल्लिन्छ (शर्मा, २०५८, पृ.१७१) तर समान जातबाहेकको विवाहबाट जन्मेको सन्तान निख्खर छेत्रीको कोटिमा भने पर्दैन । कमल भानिज दाइकहाँ पढ्न बस्दा भातभान्छामा गरिएको भेदभावका कारण ऊ एकलकाँटेझैँ बन्नपुगेको परिप्रेक्ष्यमा उसमा निःसृत यस्तो अनुभूति उपन्यासमा प्रस्तुत छ,

> यसो त जेठाबाजे नातामा उसको भानिजदाइ पर्छन् । उनकी आमा उसको बाको साक्खै दिदी पर्छिन् जेठाबापट्टिबाट । यस घरमा आउनुभन्दा पहिले उसले कहिले पनि तीव्र रूपले उसको बा बाहुन र नेवार्नीका ठिमाहा हुन् भन्ने कुरोलाई अनुभव गरेको थिएन । उसको आँखामा बराबैर थियो जेठाबाजे र आफ्नो बाको अस्तित्व, भातभान्छाको अस्तित्व । तर काँधमा जनै भिरेर पनि यस घरको भान्छामा तल ओर्लिएर गाँस टिप्नुपर्दा उसलाई नराम्रोसँग हीनताले थिचेको थियो । (पृ.७)

एउटै जातभित्र पनि ठुलो र सानो भन्ने यस्तो जातीय भेदभाव वैवाहिक सन्दर्भमा अझ चर्को रूपमा देखा पर्दछ । आफू ठिमाहा सन्तान भएका कारण कमलका बाले राजेश्वरीलाई बिहे गर्न खोज्दा ऊ अस्वीकृत भएको छ । त्यस्तै, विवाहित रहेकी मकवानपुरे भन्दा ल्याइते पट्टिका सन्तान कमलकी आमा तथा मामाहरू तल्लो जातको भनी उपेक्षाका भावहरू पोख्ने काम मकवानपुरे आमाद्वारा बारम्बार प्रकट भई रहेको छ जसमा जातीय सङ्कीर्णताले ग्रस्त सामाजिक अवस्थाले प्रस्तुति पाएको छ । मकवानपुरे आमा र तिनका सन्तानले प्राप्त गरेको ठुलो जमिनदारी र कमलका मामाहरूले प्राप्त गरेको सीमित जग्गाको अंशबन्डाले सिर्जना गरेको वर्गीय भेदमा जातीय भेद पनि गाँसिएको छ र यो विवाहित र अविवाहिता सन्दर्भसँग जोडिएको छ। यो परिप्रेक्ष्य उपन्यासमा कमलमार्फत उसको जेठो मामामा निर्मित अनुभूतिमार्फत प्रस्तुत भएको छ (

पृ.२२) । उपन्यासमा कमलको मामामा आर्थिक तथा जातीय उत्पीडनका विरुद्धमा सिर्जित त्यस आक्रोश आम परिप्रेक्ष्यको जातिगत र वर्गगत भन्दा भिन्न र विशिष्ट परिस्थितिको छ । यसरी नै एउटै जातभित्र पनि ठुलो र सानो भन्ने जातीय भेदभावले समाजमा कसरी जरो गाडेको छ भन्ने उदाहरण उपन्यासमा प्रस्तुत कमलले आफ्नी ठुलीआमाका सन्दर्भमा सँगालोको अनुभूतिको सन्दर्भले पनि प्रस्ट पारेको छ । ठुली आमाको ठूलो बासँग गान्धर्व विवाह हुनुले उसले पकाएको भात कमल र कमलका बालाई नचल्नु, ऊ जातभातका सन्दर्भमा विवाहित स्वास्नीमान्छे भन्दा चर्को रूपमा प्रस्तुत हुनु, त्यस्तै छोरालाई जातमा तल खस्केका आमाबाबुको हातको भात खान दिएन भने ती आमाबाबुको जातभन्दा छोराको जात ठुलो हुन्छ भन्ने खस समुदायमा प्रचलित धारणालाई अवलम्बन गर्नु जस्ता उसका गतिविधि उसमा निर्मित यस अनुभूतिले निर्देशित छ, "उसकी ठुली आमाको ... आफ्नी बहिनीका कोखबाट जन्मिएका सन्तानहरूको पनि जात ठूलो होस् भन्ने तिनको चोखो अभिलाषा छ । तिनी उसलाई खरिदार नरेन्द्रबहादुरले छोएको भात पनि खान दिन चाहन्नन्" (पृ.११) । यसप्रकार उपन्यासमा प्रस्तुत उसका गतिविधि उसमा निर्मित परम्परासापेक्ष अनुभूतिद्वारा निर्देशित रहेको अवस्थाको प्रस्तुति छ ।

विवाहिता पत्नी र अविवाहिता पत्नीका सन्दर्भमा पुर्ख्यौली जग्गाको अंशबण्डामा विभेद गर्ने सामन्तवादी परम्पराको सिकार कमलका मामाहरू भएका छन् । यो परिप्रेक्ष्य उपन्यासमा कमलमार्फत यस्तो अनुभूतिका संरचनामा प्रस्तुत भएको छ,

> एउटै बाबुका सन्तान भए पनि ती दुई घरको आर्थिक स्थिति बेग्लाबेग्लै छ । ... मकवानपुरेको घरबाट उडेको कालो खित्काले 'हामी विवाहितका सन्तान हौँ' भन्ने-अहम्को छायाँले तीर घुसारिदिन्छ, उसको मामाको छातीमा घृणाको गालीले उसको मामाको विकृति आफूलाई जन्म दिने आमालाई नै मानौँ छोपिदिन चाहन्छ । भ्रूणहत्या गरेर सम्भावित उपेक्षालाई उनकी बजैले मेटिदिन नसकेकोमा उनको मामाको छातीमा तुस छ । उनी स्वीकारै गर्न सक्दैनन् एउटै बाबुको बीजलाई बाबुद्वारा नै खण्डित तुल्याइदिन्छ, विभाजित तुल्याइदिन्छ, असमानताका जालले छोपेर हुऱ्याइदिन्छ भन्ने । वल्लो घरको पिँढीमा बसीबसी उनी गर्जन उडाइरहन्छन् पल्लो घरको दम्भलाई मेट्ने जमर्को लिएझैँ (पृ.२२) ।

उपन्यासमा कमलका जेठा मामाका सन्दर्भमा प्रस्तुत दबाब र तनावजन्य यस अनुभूतिको संरचनाले कथित खस्केको जातसँग सम्बद्ध वर्गीय भेदले जन्माएको अधीनस्थ दशाको त्यस्तो स्थितिविशेषलाई अभिव्यक्त गरेको छ जुन आम परिप्रेक्ष्यको जातिगत र वर्गगत भन्दा भिन्न परिस्थितिको छ । यहाँनेर कमलको मामामा सिर्जित आक्रोशजन्य अनुभूति आर्थिक तथा जातीय उत्पीडनका विरुद्धमा देखाइएको छ तर उपन्यासमा सामाजिक रूढिले सिर्जना गरेको त्यस उत्पीडनका विरुद्ध प्रतिकारको परिपक्व चेत पुरुषपात्रमा समेत निर्माण हुन नसकेको देखिनुमा परम्पराबाट विमुक्त हुन नसकिरहेको लेखकीय मनोरचनाले पनि प्रस्तुति पाएको देखिन्छ । त्यसै

गरी भेदभावको सङ्कीर्णताले ग्रस्त सामन्तवादी सामाजिक संरचनामा कसको पानी चल्ने र कसको नचल्ने भन्ने सम्बन्धमा उदेकलाग्दा नियमहरू पाइन्छन् । प्रायः सबै जात तथा वर्गमा संस्कारको प्रयोजन शुद्धतासँग पनि जोडिएको हुन्छ (खत्री, २०६१, पृ.१४६) । अझ नारीका लागि संस्कारको अवलम्बन कठोर हुने गर्दछ । कमल जारपुत्रको न्वारानका लागि उदासीन देखिएपछि परम्परागत धारणाले आक्रान्त लिचुमैयाँकी आमाको अनुभूति उपन्यासमा यसप्रकार रहेको छ, "न्वारान नभए त्यसको हातको पानी कसैले खाँदैनन् ऊ समाजमा हेला भइरहन्छे" (पृ.१६७) । लिचुमैयाँकी आमाको पिरलोमा निःसृत यस अनुभूतिको संरचनाद्वारा लेखकले न्वारानसँग जोडिएको जात र पानीको सम्बन्धलाई प्रस्तुत गरेका छन् जसद्वारा सामन्तवादी समाजमा विद्यमान जातिगत सङ्कीर्णताको अर्को पाटोको पनि उठान भएको छ ।

प्रस्तुत उपन्यासमा राणाकालीन सामन्तवादी सामाजिक संरचनामा दलित जातिप्रतिको अत्यन्त हेयपूर्ण दृष्टिकोणले पनि केही अभिव्यक्ति पाएको छ । जातीय भेदभावको यो सन्दर्भ लिचुमैयाँको बिहेको तीन महिनामै सन्तानोत्पत्तिका प्रसङ्गमा यसपकार प्रस्तुत छ, "पराईसँग टाँसिने बेलामा आँखा चिम्लिएकी थिइस्, फेरि अहिले किन रोएकी, ल ल हिँड, आफ्नो नासोलाई बोकेर । च्यामेको हो कि सार्कीको हो ! न यही नै टासो लाउँला भन्ने सुर कसेकी छस् कि कसो हो ?" (पृ.२२९) । यसरी परम्परागत मर्यादामा जागृत अहम्ले आरक्त स्वास्नीमान्छेको समूहमध्येबाट निस्किएको यस अनुभूतिको संरचनामा नारीसँगै दलित जातिप्रति रहेको अत्यन्त नाजुक सामाजिक दृष्टिकोण पनि मूर्त भएको छ । जातीय भेदभावको सामाजिक संरचना अनुरूप नै सामाजिक सदस्यहरूको अनुभूतिको संरचनाको निर्मित देखिन्छ । दसैँको टीका थाप्न ससुराली जान नमानिरहेको कमललाई निरन्तर फकाउँदै आएकी लिचुमैयाँले चतुर्दशीकै दिन भए पनि जानलाई दबाब दिने क्रममा यस्तो अनुभूति प्रकट गरेकी छ, "आज चतुर्दशीको दिन । भन्छन् आज त खाली दमाईं कामीले मात्र टीका लाउँछन् रे ! बाले आज पनि बोलाउन मान्छे पठाइबक्सिएको थियो" (पृ.२९१) । यसप्रकार दमाईं, कामी, च्यामे, सार्की आदि दलित जातिहरू फरक दर्जामा राखेर हेरिने र तिनप्रतिको सामाजिक दृष्टिकोण अत्यन्त सङकुचित रहेको यथार्थले उपन्यासमा सहज अभिव्यक्ति पाएको छ ।

प्रस्तुत उपन्यासमा मूल रूपमा भने एउटै जातिभित्रका पनि भिन्नभिन्न परिप्रेक्ष्यमा माथिल्लो र तल्लो जातिमा विभक्त गरेर भातभान्छामा गरिने भेदभावका व्यवहार अनुभूतिका संरचनामा मूर्त बनेको छ । यसप्रकार एउटै जातभित्र पनि ठुलो र सानो भन्ने जातीय भेदभावले सामन्तवादी समाजमा कसरी जरो गाडेको छ भन्नेबारेमा उपन्यासकार विष्टले आफ्नै प्रजाति क्षत्रीका सन्दर्भद्वारा निर्मित अनुभूतिका संरचनालाई उपन्यासमा थुप्रै दृष्टान्तसहित प्रस्तुत गरेका छन् । जातीय संस्कृतिको जगेर्नाका नाममा भेदभावको संस्कृतिलाई विना विमति अधीनस्थ पिँढीले

नै सहज अनुसरण गरेको अवस्थालाई पनि लेखकले पात्रगत अनुभूतिका संरचनामा सहज अभिव्यक्ति दिएका छन् ।

### ४.४.३ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा आम गरिबको नाजुक अवस्थालाई गङ्गा नूनियाको जीवनावस्थामा मूर्त बनाइएको छ । गौरीगन्जको कमलको घर रहेको वडामा गरिबहरूको ठुलो बस्ती रहेको छ । गाउँका सम्पन्न र जान्नेबुझ्ने कहलिएका कमलको बाले त्यस वडाको इन्साफको ठेक्का लिँदै आएकोमा उसको अनुपस्थितिमा त्यो जिम्मेवारी एकाएक कमललाई आइलागेको छ । त्यस गरिब बस्तीमा गङ्गा नूनियाँ चोरी कर्ममा आरोपित छ र न्यायकर्ताको आसन पाएको कमलले त्यो मुद्दालाई छिनोफानो गर्नुपर्ने अवस्था छ । त्यतिखेर कमलले साँचेको अनुभूतिमा एकातिर ग्लानि र लज्जाको हिलोमा मुछिएको गङ्गाको जीवनदशा, बाँच्नकै लागि उसले गरेको सानोतिनो चोरी, उसले लिनुपरेको झुटको आश्रय, अर्कातिर न्यायकर्ताको हैसियत, चरित्र र न्यायपद्धतिले तत्कालीन वर्गभेदयुक्त समाजमा अधीनस्थ वर्गको लाचार अवस्थाको सशक्त प्रस्तुति भएको छ(पृ.१७६) त्यस्तै, तुलसीको कण्ठी लगाएको गङ्गा नूनियाको घर रहेको त्यस टोललाई साक्षात्कार गर्दा कमलमा एकाएक त्यो स्वाधीनता हराउनेहरूको वस्ती भएको अनुभूति उद्बोध हुनुसँगै कालोकालो भदौको रातमा बगरमा आफालिएको लासझैँ नूनियाँ र उसकी स्वास्नी झुत्रो गुन्द्रीमा लडेका, उनीहरूको लाजलाई छोपेको एक टुक्रा कपडा पनि कता न कता बिलाएका, यदाकदा तिनलाई गरिएका सानातिना सहयोगमा कृतज्ञ तिनका आँखाबाट आफूले कतिपल्ट विश्वास तथा श्रद्धा लिएका जस्ता स्थितिविशेषका सन्दर्भमा कमलले साँचेका विशिष्ट अनुभूतिजन्य स्मरण (पृ.१७३) मा लेखक स्वयम्ले किशोरावस्थामा आर्थिक परिप्रेक्ष्यको निम्नवर्गीय जीवनदशालाई साक्षात्कार गर्दाका र मानवीय भावले ओतप्रोत हुँदाका अनुभूति जीवन्त बनेको छ जसमा तत्कालीन आम गरिबजनको जीवनावस्थालाई सम्बोधन गर्ने लेखकीय ध्येय पनि मूर्त बनेको छ ।

कमल जस्तो हुनेखाने परिवारका सदस्य विशेषद्वारा आर्थिक सम्बन्धमा गरिने कहिलेकाँहीको सहयोगले केही राहत पाए पनि दैनन्दिन अर्थाभावमा पिल्सिएका नूनिया जस्ता अर्थाभावमा तिनको जीवन सधैँ कठिनग्रस्त रहने तथ्य पनि उपन्यासमा यसप्रकार अभिव्यक्त छ, "मूलबाटोलाई छोडेर सय डेगजति हिँडेपछि कैयन् चाउरिएका काला र रोगी अनुहारले ऊ छोपिन्छ । आपत्‌को पन्जाले निचोरिएझैँ एकै ठाउँमा भेला भई मोर्चाबन्दी गरिरहेको ती अनेकन् टाउकाबाट निस्किएका खलबल र गङ्गा नूनियाको घरको भित्ताभित्ताबाट हामफालिरहेको रुवाइ" (पृ.१७३) । यहाँनेर गरिबीको पराकाष्ठामा रोगभोकले ग्रसित अति निम्नवर्गको यस्तो स्थितिलाई प्रस्तुत गरिएको छ जसनुसार गरिबले परिवारका लागि गाँसको प्रबन्ध गर्न निरूपाय हुँदा तात्कालिक अर्थव्यवस्थाका लागि सानोतिना चोरी चकारी, ढाँटढुँटतर्फ पनि लाग्न विवश बन्नुपरेको छ । त्यस्तै, कमलका बा जस्ता सबल आर्थिक हैसियत हुनेले आफूमा आश्रित रहेका

निम्नवर्गको जीवन सुर्धान कति पनि अर्थलाई लगानी गर्ने तथा आपतविपतमा सहयोग गर्ने तत्परता नदेखाउने बरु त्यस सामन्ती सामाजिक संरचनागत नातासम्बन्धलाई बढी महत्त्व प्रदान गर्दै आर्थिक सहयोग गरेको सन्दर्भका कमलका अनभूतिमार्फत वर्गीय भेदको समाजलाई उपन्यासमा अनुभूतिका संरचनामा जीवन्त बनाउने प्रयोजन पनि प्रकट भएको छ ।

उपन्यासमा वैश्विक समयपरिवेशसमेतको आधार लिँदै दोस्रो विश्वयुद्धका परिप्रेक्ष्यमा संसारभर महङ्गी बढेको असर नेपाली समाजले पनि भोगेको अवस्था प्रकटीकरणको लेखकीय ध्येयले पनि प्रस्तुति पाएको छ । धानको भाउ चार आना मनलाई उछिनेर पाँच रुपिया मन पुगिदिएकाले गरिब वर्ग बढी आहत रहेको तर खेतमा लगानी गर्नसक्ने कमलका बाले भने जागिर छाडेर झापा पसेपछि खेती समाउँदै आर्थिक स्थिति सुधार्ने सपना साकार हुने अनुभव गर्न पाएको सन्दर्भका अनुभूतिका संरचनालाई प्रस्तुति दिँदै वर्गीय भेदलाई प्रस्ट पारिएको छ (पृ.१२) । त्यस्तै, हरेक कालखण्डको प्रत्येक सामाजिक संरचनामा महङ्गी बढेसँगै पैसाको अवमूल्यन हुने तथ्यलाई पनि प्रस्तुत उपन्यासमा यस्तो अनुभुतिको संरचनामा अभिव्यक्ति दिइएको छ,

> पत्तै नपाई कति चाँडै युग साटिँदै गइरहेको छ । पैसालाई खोस्टा बनाएर चार आना छाक लिने होटेलवालाले अब आठ आना छाक माग्न थालेको छ । स्टेसनको कुल्लीको गुनासो छ, टीटीको गुनासो छ र सबैको गुनासो छ युद्धको अभिशाप छापिएका कागजका खोस्टोलाई लिएर । एउटा कथाको पराकाष्ठा बन्दै गइरहेको घूसखोरी, कालाबजारभित्र पसेर । त्यो जाबो दस रुपियाँको महत्त्व नै के ! (पृ.८०)

उपर्युक्त उद्धरणमा प्रस्तुत लेखकीय अनुभूतिका संरचनामा के गाउँ, के सहर जुनसुकै परिवेशमा पनि आर्थिक गतिविधिमा देखिने शोषण, डकैती, घुसखोरी, कालोबजारीले आक्रान्त अस्वस्थ वातावरणले प्रस्तुति पाएको छ । त्यसद्वारा हरेक कालखण्डको आर्थिक गतिविधिमा विकृतिले जहिले प्रवेश पाउने र त्यसको असर गरिब वर्गमा ज्यादा पर्ने तथ्यको पनि सङ्केत भएको छ । त्यस्तै, भारतीय र नेपाली किसानबिचको पार्थक्य केलाउँदै कमलले सँगालेको अनुभूति उपन्यासमा आख्यानकारमार्फत यसप्रकार प्रस्तुत गरिएको छ,

> उफ् ! कति फरक छ ! कति भिन्नता छ त्यस पारिबाट यस वारि आउने तिरहुते किसान र यस वारिबाट त्यस पारि जाने नेपाली किसानहरूका अन्तर्कथाहरूमा । ती पस्छन् अजम्बरीको कुन्यूमा नुहाउन मोरङ्गिया गृहस्थका धानखेतमा । फेरि पनि कति भयभीत छन् मृत्युसित । ऊ गम्भीर हुन्छ । नेपाली किसानहरूमा मानौँ प्राण छैन, मानौँ ती जङ्गबहादुरको पालैमा मारिइसकेका छन् । उनीहरू बाँचेका छैनन्, मात्र उनीहरूका लास बाँचेका छन् । त्यसैले त उनीहरू आफ्नो जीवन वनदेवतालाई नसुम्पीकन पेटको निम्ति गृहस्थको खेतमा होइन, पराईको निम्ति पराईको देशमा तोपको आहार बन्छन् । गोलीबाट बच्ने सङ्कल्प होइन, गोली खाने सङ्कल्प लिएर उनीहरू आफन्तसित विछोडिन्छन् नेपालभन्दा धेरैधेरै टाढा पराई देशको

> उदासीनता। ... जर्मनको मोर्चामा गोलीले भुटिएको नेपालीहरूका कङ्काल। जापानको मोर्चामा मर्ने नेपालीहरूको कङ्काल। आत्महत्या गर्नेहरूको कङ्काल। (पृ.१२०)

यसप्रकार तत्कालीन सामन्ती शासनव्यवस्थामा आफ्नै मातृभूमिमा रहेर जीवनका एकसरो आधारभूत आवश्यकताकै जोरजाम गर्न असमर्थ हुनुपर्दा विपन्न नेपाली युद्धभूमिमा हेलिएको अवस्थालाई उपन्यासमा प्रस्तुत गरिएको छ। राणाकालीन गरिबीको लपेटामा बेरिनुको सकसबाट उन्मुक्तिको चाह अन्तर्यमा राखेर विश्वयुद्धले गाँजेको त्यस समयमा पराया स्वार्थका लागि नेपाली जनले युद्धभूमिमा वलिदान हुन तयार बन्नपुग्नुले निम्नवर्गलाई जता पनि चर्को उत्पीडन नै भागमा आइलाग्ने दोहोरो विडम्वनालाई एकाकार गराउँदै कालगत विशिष्ट अनुभूतिलाई उपन्यासमा संरचनात्मक स्वरूप दिइएको छ।

बाबुले अह्राएको काम पूरा गर्ने उद्देश्यले बारा जिल्लाको चैनपुरमा अवस्थित विधुवी माइजूको घरमा केही समय बसेको, सन्तानहीन माइजूबाट पर्याप्त स्नेह प्राप्त गरेको, माइजू एक महिनालाई त्यहाँबाट बाहिरिएको समयमा घरभित्रको खाने, सुत्ने, लाउने सम्पूर्ण सामग्री चोरी भएको, भोकै रहनु परेको, माघको जाडोमा कैयौँ दिनसम्म परालको कुन्यूभित्र रात बिताएको जस्ता जीवन भोगाइका कष्टकर र दुःखद अनुभूति उपन्यासकार विष्टले यस उपन्यासमा पात्र कमलमार्फत नै संरचनात्मक स्वरूप प्रदान गरेका छन् (प्रसाई, २०६०, पृ.५८)। उपन्यासमा पनि कमलकी माइजू आफ्नो स्वजातिभित्रै पनि भित्रियाको खलकपट्टि पर्नुले जातिगत आधारबाट अंशबण्डामा ठगिनुका साथै निसन्तान विधवा महिला हुनाका कारण लिङ्गगत आधारबाट पनि आफ्नै देवरहरूबाट अंशमा ठगिनुको दोहोरो मारको सामाजिक दुष्चक्रमा पिल्सिएको देखाइएको छ। त्यस अवस्थामा पनि आफ्ना भानिजलाई निस्वार्थ संरक्षण दिने माइजूको घर चोरी भएर उजाड हुँदा भने जवान भान्जो कमलले माइजूलाई सहयोग र साथ दिनुको साटो भागेर हिँड्नु, यस प्रसङ्गमा कमलको समस्यासँग जुझारु हुनुभन्दा पलायन हुने प्रवृत्ति प्रकट हुनु जस्ता सन्दर्भहरूको प्रस्तुति उपन्यासमा रहेको छ। त्यतिखेर कमलमा निर्मित यस आत्मलोचनाको अनुभूतिको संरचनामा लेखकीय जीवनानुभूतिले पनि अभिव्यक्ति पाएको छ,

> जेठकी मालकिनीकहाँबाट भागेर जेठा बाबुको आश्रय लिनु ... तर जतिजति ऊ जेठकी मालकिनीको छायाँबाट पर हुँदै गइरहेको थियो, उतिउति देवर-जेठाजुहरूबाट चुसिएर लास भएकी जेठकी जेठकी मालकिनीको छायाँ उसलाई आफ्नै आँखाअगाडि उभिएझैँ अनुभव हुँदै आइरहेको छ। उसलाई आफ्नो समझसँग गुनासो छ, बुद्धिसँग गुनासो छ। परम्परागत अर्थनीतिले पिल्सिएकी ती जन्मदिने आमाजस्ती जेठी माइजूलाई आपत् परेको बेलामा भरोसाका दुई शब्द पनि उसले दिन सकेन। साह्रै नै क्षुद्र भएझैँ ऊ अनुभव गर्न थाल्छ बराबर। (पृ.१०८)

जेठकी मालकिनी अर्थात् कमलकी माइजूले भोग्नुपरेको लैङ्गिक विभेदको यस खाले आर्थिक उत्पीडन परम्परागत अर्थनीतिसँग गाँसिएको छ। यस तथ्यप्रति सजग रहेका लेखकले

सामन्तवादी पुरुषसत्ताको सामाजिक संस्कृतिमा एकल महिलाले भोग्नुपर्ने आर्थिक शोषणको अवस्थालाई उक्त अनुभुतिको संरचनामा सजीव बनाएका छन् । यसप्रकार लैङ्गिक विभेदको सामन्तकालीन समाजमा लिङ्गीय आधार वर्गीय अधीनस्थता जमाउने आधार पनि बन्दछ । उपन्यासमा जेठकी मालकिनी तथा कल्पनाले नारी भएकैले पुरुषसत्ताको वर्गीय उत्पीडन पनि भ्फेल्नु परेको छ । श्रीमान् बितेपछि पछिल्लो वर्ष जेठकी मालकिनीका देवरहरूले आफूले दिएको ऋणको साटो उसको जिमीदारी र जग्गाजायदात खोसिदिनुले तिनको सम्पत्तिका नाउँमा त्यो गाउँमा खाली फुसको घर र दुईचारवटा काँसका भाँडाकुँडा मात्र छन् (पृ.४२) । जेठकी मालकिनीको अनुपस्थितिमा घर चोरी हुँदा उसमा निर्मित अनुभूति यस्तो रहेको छ, "मैले सब थाहा पाइसकेकी छु । तिम्रो केही दोष छैन । दोष छ उसैलाई जसले धनी र गरिब छुट्याएको छ । हरे ! बिचरा गरिब रहेछ, लुगाकपडा, भाँडाकुँडा त लग्योलग्यो माटाको भाँडा समेतलाई पनि माया मार्न सकेन" (पृ.५३) । यसरी आफ्नो जे भएको सर्वस्व चोरेर लैजाने गरिबप्रति सहानुभूतिशील रहेकी जेठकी मालकिनीको देवरहरूको व्यवहार र आफ्नो स्वाभिमानसँग गाँसिएको अनुभूतिको संरचना कमलसमक्ष यसरी प्रकट छ,

> भन्दै थिएँ, अब त पत्यायौं ? तर केही धन्दा मान्नु पर्दैन तिम्री माइजू छउन्ज्यालसम्म त्यत्रो जिमीदारी र नम्बरी जग्गा देवरहरूले खोसेर लिँदा फिसबराबर मानिन धने अब जाबो पलङ र डस्ना लगेर बिताएँ भन्दा हुन् मलाई । म त्यति जाबो छुसी कुरामा डगेर हिँडने स्वास्नीमान्छे होइन । ल उठ, त्यति जाबो कुरामा के नुन खाएको कुखुराको जस्तो अनुहार पारेर बसेको ? शत्रुहरूको अगाडि नखाए पनि खाएजस्तो देखिनु पर्छ । नाङ्लोजत्रो छाती तुल्याएर हिँड्न सकूँ न तब पो तारिफ । (पृ.५३)

जेठकी मालकिनीमा निर्मित उक्त अनुभूतिको संरचनाले पुरुषसत्ताको आफूप्रतिको अन्यायको बोध, प्रतिकारमा स्वाभिमान र सङ्घर्षको चेतलाई त प्रस्तुत गरेको छ तर प्रतिशोधले सही धार समात्न सकेको देखिँदैन । आफ्नो अधिकारको सम्पत्ति खोसिँदा उसमा न्यायको लडाँइ लड्ने चेतको उदय हुन नसक्नुले तत्कालीन सामाजिक संरचनाको महिलाको अधीनस्थ दशालाई नै त्यसले प्रस्तुत गरेको छ । त्यस्तो अवस्थामा जवान भान्जो कमलले माइजूलाई सहयोग र साथ दिनुको साटो भागेर हिँडनुले उसको समस्यासँग जुभ्फारु हुनुभन्दा पलायन हुने प्रवृत्ति प्रकट भएको छ । आर्थिक पाटोमा महिलालाई सधैँ पुरुष आश्रित राख्ने परम्परालाई जेठकी मालकिनीसँग देवरहरूले उसका सबै सम्पत्तिको स्वामित्व खोसिसकेपछिको यस भनाइले पनि प्रस्ट पारेको छ, "जाऊँ भाउजू, हामीकहाँ" (पृ.४२) । यस आग्रहलाई उसले अस्वीकार गरेकी छ । पुरुषसत्ताको हालिमुहाली रहेको सामाजिक संरचनामा महिलाले पैतृक सम्पत्ति प्राप्त गर्नु र उसकै नाममा त्यो संरक्षित हुनु त्यत्तिकै दुष्कर हुन्छ । कल्पनाका बाले छोरीका नाममा छाडेको घरप्रति सौतनी आमा र सौतनी दाजुहरूले निरन्तर न्याल गाडेको र त्यस घरलाई बन्धक राख्न मन्जुरी दिन बाध्य पारेको अनुभूति कल्पनाले सँगालेकी छ । यसरी समपिँढीमै लिङ्गत आधारमा गरिने वर्गीय

अधीनस्थतामा महिला उत्पीडित हुन्छन् । तिनका लागि त्यो बेलाको कानुन, प्रशासन सब मूक बनिदिदाँ महिलाको आर्थिक पाटोमा पहुँच नरहेको अवस्थालाई पनि प्रस्तुत उपन्यासले विषयसन्दर्भ बनाएको छ ।

धनीगरिब बनाउने रीतिरिवाजको अनुचित फाइदा उठाउँदै गरिबलाई अझ बढी उत्पीडित बनाउने गतिविधि उपन्यासमा कमलको बाद्वारा भएको छ । कल्पनालाई भोग्या बनाउने कामना सिद्ध गर्न नसकेको झोकमा उसको चरित्र नङ्ग्याउने षड्यन्त्रमा कमलको बाले नूनियालाई प्रयोग गरेको छ । यस सन्दर्भमा नूनियाकी स्वास्नीमा निर्मित वर्गीय अधीनस्थताको अनुभूति उपन्यासमा यस्तो रहेको छ,

> मेरो मर्दलाई के दोष दिन्छ तपाईं । खर्दार मालिकले जस्तो भन्यो त्यस्तै गऱ्यो । खर्दार मालिकले हजार टका र बाह्र बेसी (मुरी) धान दिन्छु भन्यो र पनि मर्दले मानेको थिएन, के भन्छ हजुर । आर की गर्नु ! घरमा एक दाना अन्न थिएन फेरि खरिदारी मालिकले जे भन्यो त्यो गर्नैपऱ्यो । इला पेट ला सब कुछ कराय छे मलकिन । (पृ.२२६)

लोग्ने थुनामा परेर रोइरहेकी दरिद्र स्वास्नीमान्छेद्वारा तारासमक्ष अभिव्यक्त यस अनुभूतिको संरचनाले तत्कालीन समाजमा निम्नवर्गीय परिवारको दुर्दशालाई ज्वलन्त बनाएको छ । त्यस्तै, राणाकालीन सामन्तवादी सामाजिक संरचनामा आम जनता चरम गरिबीमा रोजगारीका लागि विदेसिँदै महासमरमा सहभागी हुन पुगेको अवस्था विशेषलाई *एक पालुवा अनेकौं याम* उपन्यासले पनि अभिव्यक्ति दिएको छ । त्यस सन्दर्भमा उपन्यासमा प्रस्तुत भारतीय र नेपाली किसानबिचको पार्थक्य केलाउँदै कमलले सँगालेको अनुभूति पनि निक्कै मार्मिक छ । त्यस अनुभूतिको संरचनाले एकातिर तिरहुते किसानहरू नेपालीका खेतमा श्रम गर्न आउँदा बाँचेर फर्कन पाउने अभिलाषामा वनदेवताका रूपमा रुखहरूलाई आफ्ना थोत्रा लुगाले बेर्ने र फर्कदा फुकाल्ने प्रसङ्गमा तिनको जिजीविषा प्रकट भएको छ; अर्कातिर नेपाली किसानहरू भारत हुँदै युद्धभूमिमा आत्महत्या अर्थात् गोली थाप्न पुगेको अवस्थाले जिजीविषा समेत गुमाइसकेको नेपालीको अत्यन्त दीनहीन स्थितिको मृतप्रायः अवस्थालाई पनि सम्बोधन गर्न सकेको छ (पृ.१२०) । त्यसै गरी सत्ताधारी राणा शासनको बलिको बोको भएर लडाइँमा जानेहरूलाई बाँड्न भनेर दिएको सारा रुपियाँ श्री ३ को ढुकुटीमा दाखिल हुनुले देश र परदेश दुवैतर्फको दोहोरा मार नेपालीले खेप्नु परेको बाबुका अनुभूति छोरी कल्पनाले प्रकाशमा ल्याएकी छ पृ.१८७) । यसप्रकार जनता महासमरमा सहभागी हुनुको बाध्यताप्रति, दर्दनाक अवस्थाप्रति मूक बनिदिने, उल्टो गरिबको आर्जनमा तर मार्ने, जनहितका लागि सिन्को नभाँच्ने र वर्गीय उत्पीडनको प्रसारणमा तल्लीन हुने राज्य व्यवस्थाको गरिबमारा प्रवृत्तिको पनि व्यञ्जना भएको छ ।

### ४.४.४ पुस्तान्तर भेदको पृष्ठभूमिमा सिर्जित अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा पूर्ण परम्परावादी पुस्ताको प्रतिनिधित्व कमलका बाले र उदीयमान चेत बोकेकी पात्र ताराको सान्ध्यिसमेतको असरले पूर्व उदीयमान चेत सल्बलाउँदै गरेको कमलले युवा पुस्ताको प्रतिनिधित्व गरेको छ । परम्पराका आडमा आफ्ना बाद्वारा भएका हरेक अमानवीय गतिविधिको साक्षी बन्नुपरेको र साथ दिनुपरेकोमा कमलले आफू अधीनस्थ दशामा रहेको पुस्तान्तर भेदका अनुभूतिहरू धेरै पटक सँगालेको छ र उसका पुस्तान्तरजन्य अनुभूतिहरू उपन्यासको विषयकेन्द्रमा रहेको छ । सौतेनी आमा च्यान्टीले कमलकी अर्की नयाँ सौतेनी आमा भन्दै नवयौवना कल्पनाको परिचय गराउँदा कमलमा निर्मित अनुभूतिको संरचनामा लैङ्गिक रूढिप्रतिको ताराजस्ता विद्रोहीको आवाजको तत्कालीन सामाजिक संरचनामा कुनै अस्तित्व नभएको र त्यस खाले अनमेल विवाहले समाजमा वैधानिकता पाइरहेको परिप्रेक्ष्यको सम्बोधन हुनसकेको छ (पृ.१२९) । बहुविवाह गर्न स्वतन्त्र पुरुष नारीको चरित्रलाई लिएर कतिसम्म शङ्कालु र अनुदार हुनसक्छ भन्ने दृष्टान्त उपन्यासमा कमलका बाद्वारा तेस्री श्रीमतीका रूपमा भित्र्याइएकी कल्पनाको जीवनदुर्दशामा प्रस्तुत गरिएको छ। यो सन्दर्भ आख्यानकारमार्फत कमलका अनुभूति उपन्यासमा यसरी व्यक्त भएको छ,

> तिनको चुम्बकीय आङको पाटामा सुन्निएका नीलानीला मुस्लालाई ऊ अनुभव गर्न थाल्छ । अस्तित्वको सास चुँडिदैं गएझैं लाग्छ उसलाई । ऊ आक्रान्त हुन्छ लोग्नेछोराको सामुमा स्वास्नीमान्छेलाई सधैं रोगी तुल्याइदिने सामाजिक ध्यान-भाखा र मर्यादालाई सम्झिएर । ऊ आक्रान्त हुन्छ स्वास्नीमान्छेलाई सधैं लोग्नेमान्छेको जुत्ताको धूलो बनाउने कानुनलाई सम्झिएर । त्यस किसिमको झूटसित उसलाई विद्रोह छ, घृणा छ । आफ्नो अनजानमै तिनको थलकमलको फूलझैं आङको पाटामा उसको आँखा चिप्लेटी खेल्छ । र खेल्दै जान्छ । हेर ! पुरुषसत्ताका विकृति नपुंसकताका प्रतीक ती नौला सुम्ला उफ् ! (पृ.१८२-८३)

कमलका बाले आफ्नो कुत्सित उद्देश्य पुरा गर्न नसकेको रोष कल्पनाको चरित्रमा पटकपटक दोषारोपण गरेर मानसिक उत्पीडनको र पुरुषबलका अहम्मा प्रवाहित शारीरिक उत्पीडनको विद्रूप स्वरूप जसरी प्रकट गरेको छ त्यस पुरुष धृष्टतामा कमलमा निःसृत उक्त अनुभूतिका माध्यमद्वारा उपन्यासमा पुरुषसत्ताको नारीद्वेषी चरित्रलाई प्रकट गर्ने लेखकीय प्रयोजनले पनि मूर्तता पाएको छ । त्यस्तै, कमलका बाका राजेश्वरीप्रतिका द्वेषपूर्ण अनुभूतिजन्य व्यवहार, स्वयम् कमलकै लिचुमैयाँप्रतिका पटक पटकका लाञ्छना र हेयपूर्ण व्यवहारमा महिलाद्वेषी पुरुषसत्ता जीवन्त बनेको छ। कमलमा पत्नी लिचुमैयाँप्रतिको सहज प्रेमसँगै पुरुषसत्तागत विकृतिप्रति चरम आक्रोश तथा विरोध त छ तर त्यही सत्ताले थोपरेको अधीनस्थता चुँडाल्ने साहस भने उसमा नदेखिएको सन्दर्भका अनुभूतिका संरचनाद्वारा लेखकको सामाजिक मनोविज्ञानबाट निर्देशित मनोरचनाले पनि निकास पाएको छ ।

नारीलाई भोग्याभन्दा माथि राखेर हेर्न नसक्ने कमलका बाद्वारा आफ्नो बहुविवाहको कामना सिद्ध गर्न छोरामा भीष्म चरित्रको अपेक्षा राख्नुले उसको विरोधाभाषी चरित्र प्रकटमा आएको छ । पितृभक्तिका कारण अमर बनेका महाभारतको पात्र भीष्मको दृढ प्रतिज्ञा र त्यसको अबलम्बनको उदाहरण प्रस्तुत गर्दै कमलका बाद्वारा उपन्यासमा यस्तो अनुभूति प्रकट छ, “भीष्म जस्तो भएन भने छोरो भएको के सार !” (पृ.२०) र उसले छोरोलाई पटकपटक भीष्म बन्ने दबाब यसरी दिएको देखिन्छ : “हुन त उनै हुन् तर किन उनी संसारमा अमर हुन् ? किन भीष्मजस्तो छोरो पाऊँ भनेर मान्छेहरू देवताहरूको पूजापाठ गर्छन्, दानधर्म गर्छन् ? त्यसबारेमा केही विचार गरेको छस् ?” (पृ.१९) । भुन्टीलाई बिहे गरेर प्रभुत्वशाली पिँढीको कथित पौरुषत्वको प्रदर्शनलाई निरन्तरता दिने क्रममा राजेश्वरी आफ्नी स्वास्नी रहिसकेकी भनी कमलका बाले झुठो मुद्दा दायर गरेको छ र त्यसको तारिख बोक्ने काम कमलले गर्दै आएको छ । परिणामतः मामाघरसँगको न्यानो सम्बन्ध एकाएक भत्किएको छ । आफूलाई अत्यन्त माया गर्ने राजेश्वरीको परिवारबाट घृणा र उपेक्षाले आहत कमललाई जेठकी मालकिनीले सान्त्वना दिन छोराको कर्तव्य बुझाउँदै परशुराम र भीष्मकै कथाको सहारा लिएको सन्दर्भमा उसमा निर्मित अनुभूतिलाई आख्यानकार यस्तो स्वरूपमा प्रस्तुत गर्दछन्,

> साँच्ची ऊ छक्क छ । मकवानपुरे स्वयम् चाहिन्छन्, गाउँका प्रत्येक घरका आमाबाबुहरू चाहन्छन्, गाउँमात्र के देशभरिकै मान्छेहरू चाहन्छन् आफ्नो कोख भीष्मझैँ छोराले भर्न, जसले बाबुको निम्ति आजन्म ब्रह्मचारीको चोला फेरेका थिए । उनीहरू चाहन्छन्, आफ्नो कोख परशुरामझैँ छोराले भर्न जसले बाबुको मर्यादाका निम्ति आमाको गर्धन एक्कै छप्कोमा छिनालेका थिए । उनीहरू चाहन्छन् पुरुझैँ छोराले काख भर्न जसले आफ्नो यौवन बाबुको बूढ्यौलीसँग साटेका थिए । समाजका आर्दश छोराहरू नै जब तिनै भीष्म, परशुराम र श्रवणकुमारहरू मानिन्छन् भने फेरि किन उसको कर्णकुहरमा मकवानपुरे मुमाको घृणित गाली प्रवेश गर्न थाल्छ । (पृ.३९)

यसरी बाबुको व्यभिचारलाई सघाउन छोरो त्यागी र आदर्शवादी बन्नुपर्ने पौराणिक सङ्कथनले निर्माण गरेको बिम्ब तत्कालीन समाजमा आदर्शको रूपमा स्थापित देखिन्छ । त्यही संस्कृतिको अनुसरण प्रभुत्वशाली पिँढी प्रतिनिधि कमलका बाद्वारा भएको छ र उसले समाजबाट टेवा पाइरहेको अवस्था पनि छ । आफ्नो स्वार्थसिद्धिका लागि सन्तानको स्वतन्त्र जीवनलाई अपहरण गर्ने यस परम्परित रूढि मान्यताले प्रसारण गरेको अर्को पाटो लैङ्गिक उत्पीडनप्रतिको विरोधको स्वर राजेश्वरीकी आमा अर्थात् मकवानपुरेको गालीका रूपमा कमलमाथि बर्सिएको छ । यसरी कमल प्रभुत्वशाली संस्कृतिजन्य दोषको दोहोरो मारमा परेको छ । छोरामा भीष्मको प्रतिरूप खोज्ने बाबुको तेस्रो विवाहपछि कमलको पुस्तान्तरजन्य दबाब र तनावका अनुभूति उपन्यासमा आख्यायिताद्वारा यसरी प्रस्तुत छ : “जवाफमा बिहे नै ... स्वयम्ले स्वीकार गरेको कुरा हो कल्पनासँगको उसको बाको विवाह । समग्रताको हत्याको एउटा नग्न र साक्षात दर्शन हो । ... ऊ

एउटा युवक हो र उसको बाबुजस्तै लोग्नेमान्छे। उसलाई पनि एउटी सुकुमारी स्वासिमान्छेको चाहना छ" (पृ.१३५)। छोरोको बिहे गर्ने उमेरलाई बेवास्ता गर्दै आफैँले फेरि स्वास्नी भित्र्याउने कर्म गरेर समाजमा आलोचित रहेको कमलको बाले छोराको भावना बुझ्ने कति पनि प्रयास गरेको देखिँदैन; आफ्नो स्वार्थमा छोरोलाई निरन्तर प्रयोग गर्नमै तल्लीन देखिन्छ। बाद्वारा थोपरिएको सामाजिक आदर्शमा धाजा फाट्दै गएको अनुभूति गर्दागर्दै पनि अग्रज पुस्ताको कुकृत्यप्रति विरोध जनाउन नसक्ने अधीनस्थ दशामा कमल रहेको छ। परम्परित संस्कार गलत छ भन्ने बुझेर पनि त्यसलाई चुँडाल्न नसक्ने संस्कारगत दोष कमलमा विद्यमान रहेको तथ्य उसमा निमित्त यस अनुभूतिले प्रस्ट पारेको छ,

> हरे ! संसारको छायाँले ऊ कतिको लखेटिएको छ,बडाको अगाडि मुख खोल्न नहुने, आज्ञा उलङ्घन गर्नु नहुने। त्यसको विपरीत हिड्ने त्यो द्रोही रे ! चण्डाल रे ! कुमानिस रे ! हे भगवान् ! कति साँघुरो तुल्याइदिएको छ,कति असहाय तुल्याइदिएको छ, त्यो संस्कारले मान्छेलाई ! (पृ.१३४)

पुस्तान्तरजन्य अनुभूति सँगाल्दै रूढिजन्य संस्कार ठम्याएर पनि कति पनि विद्रोह गर्न नसक्नुले युवा पुस्ता प्रतिनिधि भइकन पनि कमल पराम्पराले थिचिएको र समाजलाई परिवर्तनको दिशामा लैजाने कदम उठाउन नसक्ने अधीनस्थ पिँढी प्रतिनिधिकै रूपमा उपन्यासमा प्रस्तुत छ।

### ४.४.५ चाकरीप्रथाका पृष्ठभूमिमा सिर्जित अनुभूतिको संरचना

राणाकालीन शासन व्यवस्थासँग गाँसिएको चाकरीप्रथाको संस्कृति र त्यस परिप्रेक्ष्यका अनुभूतिले पनि प्रस्तुत उपन्यासमा अभिव्यक्ति पाएको छ। राणाकालीन सामन्तवादी प्रशाासनगत प्रमुख वैशिष्ट्यका रूपमा चाकरीप्रथालाई लिन सकिन्छ। चाकरी प्रथाका सम्बन्धमा डोरबहादुर विष्ट के भन्छन् भने यो अर्कामाथि निर्भरता दर्साउने त्यस्तो व्यावहारिक औजार हो जसको अन्तिम अभीष्ट आफूले आश्रयदाताबाट निरन्तर कृपा प्राप्त गर्नु रहेको हुन्छ। सामन्तकालमा चाकरीबाटै जीवन गुजारा गर्न सम्भव हुने र अझ अनेकौं पुस्तासम्म नै चाकरी गरेकै भरमा कुनै परिवारले आफ्नो वर्ग र जाात उकास्न सक्ने स्थितिसमेत रहेको हुन्छ (२०५८, पृ.५)। कमल, उसका बा, ठुलाबा, ठुलो मामा, ससुरा सबै चाकरी प्रथाबाटै सरकारी जागिरे भएका छन्। भनसुन र चाकरीमा अडेको तत्कालीन प्रशासनिक संरचनामा जागिर पाउन, जागिर जोगाउन, बढुवा हुन हर परिप्रेक्ष्यमा नियमित चाकरीमा हाजिर हुनैपर्ने बाध्यता जागिरेहरूको रहेको छ। जागिरको लागि चाकरीमा सहभागी भइरहनु पर्दा कमलले दबाब र तनावमा सँगालेको अनुभूति लिचुमैयाँसमक्ष यसरी अभिव्यक्त छ : "कस्तोकस्तो अप्ठ्यारो आफूलाई आफैँ धोका दिएझैँ ! साच्चै भन्छु लिचुमैयाँ, मलाई त वाक्क लागिसक्यो, महाराज कहाँ सवारी हुन्छ भनेर बाटो ढुकेर बस्नु, फेरि टाउको निहुराएर दरबारभित्र पसेर सलाम बजाइ कुप्रोझैँ फर्कनु ..." (पृ.२१०)। अनिच्छुक कमललाई जागिरको लागि चाकरीमा जान निरन्तर उत्प्रेरित गर्दै आएकी लिचुमैयाँले

तत्कालीन चाकरीको परिपाटीलाई स्वाभाविक प्रचलनका रूपमा सँगालेको अनुभूति भने कमलसमक्ष यस रूपमा अभिव्यक्त छ, "सारा सत्र भाइ पनि त चाकरी गर्छन् । हजुर-हामीले मात्रै चाकरी गरेको हो र ! जर्नेलसाहेब, लाठसाहेब, चीफसाहेब सबै त चाकरी गर्छन् । फेरि बाले बिन्ती चढाइबक्सनुभएको छ । अब डिट्ठा भइहालिबक्सिन्छ नि" (पृ.२१०) । यसरी उच्च पदस्थ कर्मचारीहरूका गतिविधिबारे लिचुमैयाँले सँगालेका अनुभुतिसमेतले पूरै प्रशासनिक संरचना चाकरीबाटै डोरिएको तत्कालीन परिप्रेक्ष्यका तहगत अधीनस्थताको स्थिति तथा भनसुनको भूमिकालाई पनि प्रस्ट पारेको छ। कमलले सरकारी जागिरमा छिर्न नियमित चाकरीलाई पछ्याउनु, अदालती बन्दोबस्तका ऐनस्रेस्ता घोक्नु, ससुराले भनसुन गर्नु जस्ता परिपाटीमा नचाहेरै पनि संलग्न हुनुपर्दाको उसको अनुभूति तथा चाकरीमा अधीनस्थ पिँढीको मनोदशालाई प्रस्तुत गरेको छ ।

## ४.४.६ रङ्ग विभेदद्वारा सिर्जित अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा दोस्रो विश्वयुद्धको समयसन्दर्भमा तत्कालीन नेपाली जनमानसमा परेको प्रभावबारेका लेखकीय अनुभूतिले पनि प्रस्तुति पाएका छन् । पश्चिम दुई नम्बर तीन नम्बर पहाडबाट गल्लावालका साथ पल्टनमा भर्ना हुन भनी ओर्लिएका कैयन् पर्वते ठिटाहरूलाई कैयन् चोटि वीरगन्ज स्टेसन अगाडि देख्दा कमल स्वयंलाई गोरखपुर गएर भर्ती हुने रहरले सताउनु (पृ.४४), सिधासाधा नेपाली किसानहरू युद्धमोर्चामा संलग्न हुँदै वलिदान हुनु (पृ.१२०) जस्ता सन्दर्भमा कमलमा निर्मित अनुभूतिका संरचनामार्फत लेखकले त्यस युद्धले सिर्जना गरेको विश्वव्यापी असरका क्रममा नेपाली जनमानसमा त्यसले ल्याएको तरङ्गका अनुभूतिलाई पनि उपन्यासमा संरचनात्मक स्वरूप दिएका छन् । उपन्यासमा युद्धकै परिप्रेक्ष्यमा युरोपबाट हाहाकार र चित्कार कोसेली बोकेर आएका कल्पनाका बाका सन्दर्भद्वारा रङ्गभेदप्रतिका लेखकीय क्षोभका अनुभूति पनि उपन्यासमा यसरी प्रस्तुत छ,

> तिनको बाको हात पनि ... त्यो हात गुमेको थियो काला र गोराको भेदभावले, त्यो हात गुमेको थियो एसियाली रङ्गमा युरोपेली भेदभावले । हरे ! गोली लागेर भुइँमा खस्दा उनको शरीरको रङ्गमा युरोपेली गोराहरूको रङ्ग भइदिएको भए अस्पतालमा सायद त्यो हात काटिँदैनथ्यो होला । उफ् ! युद्धको विभीषिका भन्दा पनि चर्को र भयङ्कर युरोपेली र एसियालीहरूको बीचमा तानिएका भेदभावको त्यो रेखाले कसरी मान्छेलाई एउटा खोलाको दुई किनारमा साटिदिएको छ । (पृ.१६३)

युरोपेली साम्राज्यवादी लिप्साले खडा गरेको महायुद्धमा सामेल हुनु र पराईका देशमा प्रवासी भई लड्दा अधीर युरोपेलीहरूको दाउपेचमा परेर हात गुमाउनु जस्ता परिप्रेक्ष्यमा नेपाली सेनाको नेतृत्व गर्ने कल्पनाका बा मेजर वीरसिंह थापाका सन्दर्भद्वारा उपन्यासमा प्रस्तुत यी अनुभूतिमा मान्छे मान्छेलाई विभाजन गर्ने पश्चिमी रङ्गभेद नीतिलाई छर्लङ्ग बनाइएको छ ।

प्रस्तुत उपन्यासमा मूलतः लिङ्ग, वर्ग र जातिगत भेदभावले आक्रान्त राणाकालीन नेपाली सामन्तवादी सामाजिक संस्कृतिको परिप्रेक्ष्यमा अधीनस्थ पिँढीमा निःसृत अनुभूतिका संरचनाका साथै पुस्तान्तर, चाकरीप्रथा तथा रङ्गविभेद परिप्रेक्ष्यका अधीनस्थ पिँढीगत अनुभूतिका संरचनासमेतको प्रस्तुतिले त्यस कालखण्डको नेपाली जनजीवन र संस्कृति जीवन्त बनेको छ ।

## ४.५ *बैंसको मान्छे* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना

अधीनस्थ पिँढीका वर्गीय अनुभूति कथ्यकेन्द्रमा रहेको प्रस्तुत उपन्यासमा केही मात्रामा लैङ्गिक अनुभूतिका संरचनाले पनि प्रस्तुति पाएका छन् । अतः उपन्यासमा अधीनस्थ पिँढी प्रतिनिधिहरूले मूलधारको संस्कृतिका संवाहक प्रभुत्वशाली पिँढीका तर्फबाट भएगरेका शोषण, दमन तथा उत्पीडनका कारण दबाब र तनावमा सँगालेका अनुभूतिले प्राप्त गरेको संरचनात्मक स्वरूपको खोजी तथा विश्लेषण यहाँ क्रमशः गरिएको छ ।

### ४.५.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

*बैंसको मान्छे* उपन्यास पारिजातको औपन्यासिक यात्रामा विसङ्गतिवादी अस्तित्ववादी जीवन दर्शनको धङ्धडी नछुटिसकेको र प्रगतिवादी विचारधारा सल्बलाउँदै गर्दाको प्राप्ति हो । यो उपन्यास उनको राल्फाकालीन नवअराजकतावादी चेतमा निर्मित छ (भट्टराई, २०७७, पृ.२४१) । पारिजातको प्रगतिवादी चेतले प्रखर अभिव्यक्ति पाएको उपन्यास *अनिँदो पहाडसँगै* जन्मनुको पृष्ठभूमिमा यो उपन्यासको सिर्जना भएको छ । त्यसैले तत्कालीन देशपरिस्थितिजन्य उनका असन्तोष, नैराश्य, वितृष्णा, निस्सारता तथा विद्रोह चेतमा निःसृत अनुभूतिले प्रस्तुत उपन्यासमा पात्रगत हुँदै संरचनात्मक स्वरूप प्राप्त गरेका छन् । सोही क्रममा उपन्यासमा वर्गीय भेदभावले आक्रान्त नेपाली समाजव्यवस्थाप्रतिको पारिजातका आक्रोशजन्य अनुभूतिले पनि सशक्त अभिव्यक्ति पाएका छन् ।

प्रस्तुत उपन्यासमा 'म' पात्र, पियन केटो, गोल्ड्याङ्ग्री (लाटी), स्यामो, 'म' पात्रकी आमा, पियनकी आमा, सुसे र उसकी आमा अधीनस्थ पिँढी प्रतिनिधिको भूमिकामा प्रस्तुत छन् । उपन्यासमा प्रत्यक्ष भूमिकामा रहेका 'म' पात्र र उसको समवय साथी पियन केटोमा निर्मित अनुभूतिका संरचना नै उपन्यासमा कथानकका निर्माणको प्रमुख विषयाधार बनेको छ । सर्वहारा वर्गको जीवनदशालाई स्वयम् भोक्ता बनेर, द्रष्टा बनेर र त्यस वर्गको दुःखपीडाको साक्षी रहेर 'म' पात्रले गहिराइमा पुगेर वर्गीय अनुभूति सँगालेको छ । २३ वर्ष लक्का जवान भइसक्दा पनि जीवनयापनमा दरिद्रतालाई लगातार बोध गर्दै आएको 'म' पात्रले आमा समेतको अवस्था बोध गर्दै आफ्ना वर्गीय हैसियत यस्तो अनुभूति साँचेको छ, "उसलाई त्यही अवस्थामा ..., हुनसक्छ त्यही विस्मय कोतरेर ऊ बसिरहेकी छ, मूर्तिवत् आफ्नै ढोकामा छोराको नातामा एउटा जन्मजात शोषित मान्छेलाई उसले तेइस वर्षको बनाइसकेकी छ" (पृ.१०८) । पढाइमा सफलता लिने र

जागिर खाई आमा पाल्ने उसको इच्छा छ (पृ.५६)। शोषण र उत्पीडनका मारमा सिर्जित गरिबीले आक्रान्त जीवनमा लगातार जेलिएको अनुभूति बोकेर पनि 'म' पात्रले विगत वर्षको सोही महिना 'पढेर मान्छे हुने' भनी सङ्कल्प गरेको तर भोको मान्छेले पढाइ धान्न कठिन हुने यथार्थलाई साक्षात्कार गरेसँगै त्यो सङ्कल्प खेर गएको अनुभूति साँच्न पुगेको छ (पृ.१०९)। यसरी गरिबी तोड्ने 'म' पात्रको अठोट पनि तुहिसकेको छ। उसले आइ.ए.को परीक्षा उतीर्ण गर्न सकेको छैन (पृ.६८)। त्यस्तै, पियन केटा पनि जहिल्यै एस.एल.सी. परीक्षामा अनुतीर्ण हुन्छ (पृ.३३) तर पनि निम्नवर्गीय युवा जमातमा 'म' पात्रले आफूलाई सवर्गी र समवयी युवा जमातमा आफू पढेलेखेको, महान् र उच्च रहेको अनुभूति सँगालेको अवस्था छ (पृ.७२)। यस सन्दर्भले पनि गरिबका पहुँचमा उच्च शिक्षा सुलभ हुन नसकेको तत्कालीन स्थितिलाई नै व्यञ्जना गरेको छ।

गरिब हुनुको मूल्यहीन जीवनबोधमा निरर्थक डुलिरहेको युवा जमातको एउटा ठिटाको अनुभूति यस अभिव्यक्तिमा व्यक्त छ, "आ... स्वास्नीले किरिया खर्च पाउँछ" (पृ.७१)। बाटोमा हिडिँरहेको ट्रकले हान्न सक्ने अवस्था देखेर सतर्क गराउने साथीलाई उसले तीतो व्यङ्ग्यको यस्तो जवाफ फर्काउनुमा गरिबी झेल्नुपर्दाको पराकाष्ठाको अनुभूति पनि गाँसिएको छ। त्यस्तै टी.बी. रोगले ग्रसित पियनले उपचारार्थ "टोखा सेनेटोरियममा अस्पतालमा ठाउँ पाउँदा उसले यो संसारबाट आफ्नो ठाउँ उठाइसकेको हुन्छ" (पृ.९४) भन्ने अनुभूतिको संरचना निर्माण गर्न 'म' पात्र पुग्नुले स्वास्थ्य सेवाप्रवाहमा रहेका तत्कालीन सीमित सरकारी अस्पतालमा सर्वसाधारणको पहुँचकै कठिनाइ मूर्त भएको छ। यस्तै, पियन केटोले महिनै पिच्छे भाडा तिरेर बसुन्जेल आफ्नो बनाएको कोठो मृत्यु उन्मुख रहेको क्षणमा एकाएक छोडेर जान घरपेटीको दबाब प्राप्त गर्नु अधीनस्थ पिँढीले झेल्नुपरेको उत्पीडनको पराकाष्ठा स्वरूप हो (पृ.१११)। ऊ प्रायः आधा पेट गान्टे मुलाको झोल र भातमा जीवन अड्याउँदै हुन्छ (पृ.३२)। त्यस्तै, च्याङ्लो मन्डीका भरमा हिउँद काट्न विवश पियनको अवस्था देख्दैगर्दा 'म' पात्रमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ,

> सम्झन्छु, पूस महीना (यथा.) ऊ दुईवटा कमीज (यथा.) एकसाथ लगाई मफलरले कान छोपेर हिँडिरहेको। साँझ फर्कंदा ऊ ठिही जस्तै चिसो हुन्छ। जाडोका कुराहरू सोच्दासोच्दै मलाई आफ्नै अवस्थाले घोच्नथाल्छ। एउटा थोत्रो स्वेटर छ, फेशनभन्दा पर भागिसकेको। काम चल्छ मात्र एउटा आश्वासन। नत्र हामी के गर्नसक्छौं र जाडोको विरोधमा सिवाय कठ्यांग्रिएर मरिदिनु। (पृ.३३)

हरेक परिस्थितिसँग सम्झौतामा अडेको पियन तथा 'म' पात्रको यस अधीनस्थ दशाले गरिबीका दबाब र तनावले आक्रान्त सर्वसाधारणको जीवनावस्थालाई मूर्त बनाएको छ। यसरी जनताका गाँस, बास, कपास, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकताको प्रबन्ध मिलाउन चुकिरहेको तत्कालीन देशको अवस्थालाई प्रस्तुत उपन्यासले सजीव बनाएको छ। गरिबीले

घेरिएको परिवेशमा रहँदारहँदा 'म' पात्रलाई गाउँ, सहर र सिङ्गो देश निद्रामा रहेको अनुभूति हुन्छ (पृ.५०)। राष्ट्र निर्माणमा संलग्न रहेको र होनहार युवकहरूमाथि राष्ट्रको उज्ज्वल भविष्य निर्भर रहेको बताइरहने देशले बैंसका मान्छेलाई समयभन्दा अगावै बूढो बनाउँदै लगेको बोली र व्यवहारबिचको विषम अवस्थालाई 'म' पात्रका अनुभूतिले प्रकट गरेको छ (पृ.२३)। यसप्रकार "घुँडामा रफु भरेको प्यान्ट हेर्छु अत्यास झन् बढ्छ उनन्तिस सालमा पनि शायद यही प्यान्ट लगाएर म घस्रिरहेको हुनेछु" (पृ.६८)। 'म' पात्रको स्वयम्बारेको यस्तो अनुभूत अवस्थासँगै बैंसको मान्छेकै पनि अर्थहीनताको बेकम्मा र अत्यासलाग्दो अधीनस्थ जीवनशैलीबारेको अनुभूति 'म' पात्रमा यस्तो रूपमा निःसृत छ, "म त जहाँको त्यही रहेछु, जडजस्तै, माइल ढुङ्गा जस्तै। हरामी (यथा.) स्थितिले मलाई एक इन्च पनि अघि सार्न सकेन" (पृ.६८)। उसका यी अनुभूतिका संरचनामा तत्कालीन शासनव्यवस्थामा आम जनसाधारण कता हो कता पछि छुटेको बटुवा जस्तै अलपत्र अवस्थामा रहेको स्थिति अभिव्यञ्जित छ।

'म' पात्रले आफूलाई सबै कोणबाट "बैंसको लोग्ने मान्छे बबुरो !" अनुभूत गर्नुमा उसको सामाजिक मर्यादाविहीन जीवन रहेको छ (पृ.२०)। उसले आफ्नो व्यक्तित्व र सामाजिक स्थानको खोजी गर्दा केही पाउँदैन। उसको मात्र नभई आफ्ना बाबु र बाजेको पनि सामाजिक ओहोदाको अनुभूति उसले गर्नै पाएको छैन (पृ.५४)। गरिबले सामाजिक ओहोदा प्राप्त गर्न नसक्ने र सधैँ हेपिएर बाँच्नुपर्ने अवस्थाले ऊ पटकपटक मर्माहत छ। निरन्तर गरिबी कायम राख्ने शासनव्यवस्थाले सिर्जना गरेको सामाजिक दुश्चक्रलाई उसले ठम्याएको छ। आमाको अवस्थाबारे उसमा यस्तो अनुभूति निःसृत हुन्छ, "ऊ धेरै मात्रामा निमुखी छे" (पृ.६९)। आफू श्रममा पशुजस्तै जोतिने, अघ्घोर अभाव र पीडा सहनु परेको कारण थाहा नपाएकी, इमानदार स्वास्नीमान्छे 'आमा' छोरोलाई श्रमको पाठ पढाउँछे, छोरो ड्राइभर भए पनि देख्न चाहन्छे (पृ.२१) तर जवान छोरो जीवन धान्नै आमामा आश्रित भइदिन्छ। पढ्ने र जागिर खाने धुनलाई उसले पूर्णता दिन नसक्दा र शारीरिक श्रमको काम गरेर भए पनि अर्थोपार्जन गर्न नखोज्दा उसको सामाजिक हैसियत देखिँदैन। उसको अकर्मण्य र अल्लारे जीवनको समाज कटु आलोचक छ। 'बूढा बा' पात्रले उसलाई आमा जोताएर खाने अल्लारे गुन्डा भनी ठट्यौली पारामा सम्बोधन गर्दा उसले पनि ठट्यौली पाराले नै यस्तो प्रतिक्रिया दिएको छ, "इँट बोकेर मात्र खान पुग्ने होइन बूढा बा, तपाइँले जस्तो पैसावालाहरूको चाक धुन यो अल्लारे अभिमान मान्ने होइन" (पृ.३४)। त्यसपछि क्रोधित भएको बूढोको दुराशयपूर्ण बोली र आक्रमणको प्रतिकारमा तत्पर रहेको 'म' पात्रको क्रोधबाट उल्टो झस्की भागेको बूढोलाई कुनै दिन घाँटी निचोरेर मार्छु भनी उसले मनमनै दागा धर्नुमा युवाका दबाब र तनावजन्य अनुभूति प्रकट भएको छ जसमा पैसावालको चाकरीमा रम्ने संस्कृतिप्रतिको क्षोभसमेत प्रस्तुत छ (पृ.३५)।

'म' पात्रले आफ्नै टोलको भलादमी कहलिएका 'बूढा'बाट पनि मिठो अनुभूति सँगाल्न पाएको छैन (पृ.८२)। अतिरिक्त माया प्रकट गर्दै र चाप्लुसी घस्दै जब बूढा 'म' पात्रको आङ सुम्सुम्याउने बहानामा बिस्तारै आफ्नो हातलाई उसको प्यान्टको पछिल्लो खल्तीसम्म पुऱ्याउँछ, त्यस व्यवहारले मानसिक झट्का लागेको अवस्थामा 'म' पात्रमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ, "म गरीब छु, बेकारी छु, लफंगा छु यसैले म चोर हुनसक्छु। एउटा सम्मानित मान्छे आएर मेरो खल्ती छाम्नसक्छ, शंका गर्नसक्छ। धनीको छोरालाई के ऊ यस्तो व्यवहार गर्नसक्छ ?" (पृ.८३)। बूढाले घरबाट अलिक पैसा हराएको बताउँदै टापटिपे चोरको आशङ्कामा गरेको त्यस हदैसम्मको धृष्ट व्यवहारले अधीनस्थ पिँढीप्रति प्रभुत्वशाली पिँढीको नीचतम दृष्टिकोणका कारण 'म' पात्रमा दबाब र तनावका अनुभूति उत्पन्न भएको छ। साथै, प्रस्तुत अनुभूतिको संरचनाले वर्गीय भेदको सामाजिक व्यवहारलाई पनि मूर्त बनाएको छ। यस्तै सन्दर्भको व्यवहार 'म' पात्रले पियन केटोको घरपेटीका तर्फबाट पनि प्राप्त गरेको छ। टी.बी. रोगले ग्रस्त पियनको बिरामी अवस्था अनि उसको उपचारार्थ, असमर्थ हुनुपरेको आफ्नो लाचार स्थितिमा आफैँसँग रिस उठ्ने सबैभन्दा असहाय अवस्थामा 'म' पात्रले आफूलाई पाउनु उसमा वर्गीय अनुभूति निर्माणको विशिष्ट अवस्था हो (पृ.९०)। झन् बाबु बाजेलाई नभएको रोग ल्याएको आरोप लाउँदै पियन केटोलाई तत्काल घरबाट निकाल्न खोज्ने घरपेटी साहु बाको आदेश तथा दबाब 'म' पात्रको तनावलाई चरमोत्कर्षमा पुऱ्याउने कारण बनेको छ (पृ.११२)। प्रभुत्वशाली सामन्ती संस्कृतिमा दीक्षित साहु बाको निमुखा गरिबप्रतिको अत्यन्त हेपाहा प्रवृत्ति क्रोधपूर्ण गाली र झापड बनेर 'म' पात्रमाथि बर्सिएपछि गालाको दुखाइ र वचनवाणले सचेतना गुमाउन पुगेको 'म' पात्रले युवा जोशमा आफ्ना फलामजस्ता बलिया हातले साहुबाको गर्दन अठ्याएर हत्याजस्तो जघन्य अपराध गर्न पुग्दछ। अधीनस्थ दशाका निरन्तर उत्पीडनले सिर्जना गरेको दबाब र तनावको पराकाष्ठाको परिणति नै 'म' पात्रलाई हत्याराको तहसम्म पुऱ्याउने कारण बनिदिन्छ।

'म' पात्रका सान्निध्यमा रहेर ऊसँग बोलीव्यवहार गर्ने प्रस्तुत उपन्यासका जति पनि प्रभुत्वशाली पिँढीका प्रतिनिधि पात्रहरू उपन्यासमा प्रस्तुत छन् ती कसैसँग पनि उसले सकारात्मक अनुभूति सँगाल्न सकेको देखिँदैन/पाएको छैन। गरिबका इज्जत र स्वामिमानमाथि पटकपटक धावा बोल्ने, अपमानित गर्ने, लाञ्छित गर्ने जस्ता हीन व्यवहारलाई प्रस्तुति दिने शोषक, सामन्तलाई नै प्रश्रय दिने गरिबमारा शासन व्यवस्थाप्रति ऊ चरम आक्रोशित देखिन्छ। त्यस पञ्चायत व्यवस्थाले हुर्काइरहेको त्यही समाजको ऊ पनि उत्तराधिकारी हो यद्यपि समाजको स्वरूप घिनलाग्दो, भ्रष्ट र पाजी भएको अनुभूति गर्दै ऊ दिमागभरि समाजप्रति गाली बोकेर हिँड्ने अवस्थामा छ (पृ.२३)। पियन केटोको समानान्तरमा ऊ आफूलाई पनि पेट पाल्ने समस्याले विचलित, उन्नति नभएको, गुनासोले जेलिएको जसलाई अनुहारमा देखिएका चिन्ताका धर्साहरूले विज्ञापन गरिरहेको दरिद्र मान्छेका रूपमा पाउँदछ (पृ.२२)। यस परिप्रेक्ष्यले दुवैलाई समान

मनस्थितिमा कायल गराएको र पियन तथा आफू एकअर्कासँग जोडिने कडी पनि यही सन्दर्भ भएकैले मित्रता प्रगाढ भएको उसले अनुभूत गरेको छ (पृ.५५) ।

सवर्गीसँग पीडाको साधारणीकरण गर्ने 'म' पात्रले स्यामो सदाका लागि संसारबाटै विस्थापित भएकी थाहापाउँदा पनि समवेदनाले द्रविभूत भएको छ (पृ.६२) । लाटीसँग केही समय बिताउँदा पनि आन्तरिक सद्भाव सिर्जना भएको अनुभूति उसले सँगालेको छ (पृ.६२) । पियन विरामी हुँदा उसको सेवा सुश्रुषामा तल्लीन हुन्छ (पृ.१०१) । पियनको दुरवस्थाबाट विचलित हुँदै ऊ आफू र पियनको जीवनहीनताको बोधमा, उर्वर उमेरबोधको अवधि चाँडै सकिएकोमा विचलित हुँदै उसमा यस्तो अनुभूतिको संरचना निर्माण हुन्छ, "यहाँ हामी बाँच्ने भनेको त हरामी परिस्थिति बाँच्दो रहेछ । थाहा नपाई नपाई हामी त फालिइ सकिएझैं आफू हिँड्ने बाटोको यताउति" (पृ.९४) । यो ऊ बाँच्नुको बाध्यता झेल्दै गरेको कालखण्डविशेषको राज्य व्यवस्थाको त्यस्तो परिस्थिति बाँचिरहेको अवस्था हो जुन गरिबद्वेषी छ जसमा गरिब वर्ग उपेक्षित छ र मूलधारमा यो वर्ग छिर्नै नसक्ने स्थिति छ । यस सन्दर्भमा राणाकालीन गरिबमारा सामन्तवादी प्रवृत्तिले नै पञ्चायत शासनव्यवस्थाको कालखण्डमा संरक्षण पाइरहेको स्थितिलाई पनि प्रस्तुत गरेको छ ।

'म' पात्रले भोगिरहेको वर्गीय भेदले आक्रान्त वर्तमानले आफूलाई दिएको परिचय अनि आफ्नो सामाजिक स्थितिसँग जोडिएर उसमा यस्तो अनुभूतिको संरचना निर्माण हुन्छ :"सबैले मेरो लबस्तरो वर्तमानलाई स्वीकारिसकेका छन् । जाली, फटाहा, बाह्रमासे, जड्याहाहरू साइनो लाउन आउँछन् । कहाँ त्यो उच्च जीवन, कहाँ त्यो आत्मपौरख, पियन केटो, हामीलाई युगले टिपेन, युद्धले पनि टिपेन । मेरो पनि एउटा सभ्य जीवनलाई टी.बी. लागेको छ । म पनि मर्दैछु तिमीसँगै" (पृ.९८) । यसरी आफू बाँचिरहेको युग र त्यस कालखण्डप्रतिको क्षोभ, गरिबप्रति अत्यन्त उदासीन तत्कालीन राज्यव्यवस्थाप्रतिको क्षोभ मनभरि सँगालेर ऊ अर्थहीन जीवनबचाइदेखि विरक्त छ । विद्यमान व्यवस्थाप्रतिको आक्रोशसँगै विद्रोह चेतमा दुई चारजना मान्छे मार्ने जस्तो आपराधिक सोच प्रकट गर्न पुग्नु उसका असमान्य मनोदशा निर्माणका परिणति हुन् (पृ.१०७) । पियनको मृत्यु प्रतीक्षा गरिबस्नु पर्ने आफ्नो निरीह, असहाय र अकर्मण्य स्थितिको बोधले आफू बाँचिरहेको शताब्दी/समयबारे उसमा यस्तो अनुभूति निःसृत भएको छ,

> एउटा राक्षस समय नजीक आएर अट्टहास गर्छ म हेरेर बस्छु, आफूले देखी-देखी शोषणको एउटा विकराल पहाड अग्लिइरहेछ । म हेरेर बस्छु, दिनको सफा उज्यालोमा कोही झूटो इतिहास लेखेर टाँगिरहेछ, मोड हुँदो हो म मेट्न नसकेर थान्को लाग्छु, कतै हामी उल्लेख भएका छैनौं, कसैले हामीलाई उल्लेख गरेको छैन, म र मेरो अगति जमातलाई पेटभित्र पचाएर भाग्दैछ एउटा निर्दयी शताब्दी, देश र राष्ट्रको नाउँमा एउटा खोक्रो ढोँग सम्पूर्ण शासन

गरिरहेछ हामीलाई, हामी जाडँका छोक्रा चुसेर एक अर्काको मुखमा हान्दै सन्तुष्ट भइरहेछौँ । (पृ.१००)

शताब्दियौँ लामो कालखण्डसम्म अधीनस्थ पिँढीलाई दमन, शोषण गरिरहेर गरिबीको दुष्चक्रमा पिल्साइरहने, उठ्नै नसक्ने गरी पछारिरहने शासन व्यवस्थाको निरन्तरतामा आफूलाई पाउनु र युवा विद्रोहले शासन व्यवस्था फाल्न नसकी त्यसैमा अभ्यस्त भइदिने पिँढी प्रतिनिधिका रूपमा आफूलाई पाउँदा ग्लानिको अनुभूति 'म' पात्रले सँगाल्न पुगेको छ । वर्गीय भेदको टड्कारो बोध गराउने शासन व्यवस्थामा राष्ट्र, राष्ट्रियताको बोध प्रभुत्वशाली पिँढीले जीवनमै पाएको सम्मानमा, भाषणमा पटकपटक अनुवाद हुन्छ तर अधीनस्थ पिँढी भने जनगणनामात्र परेका नागरिकका रूपमा मात्र सीमित भइदिन्छ (पृ.२५-२६) । यसरी जीवन भोगाइमा राष्ट्रको उपस्थिति र राष्ट्रियताको बोध गर्नै नपाई जीवन समाप्त गर्नुपर्ने अवस्थाबोधले 'म' पात्र मर्माहत छ । त्यसै गरी तत्कालीन अकर्मण्य शासन व्यवस्थामा धेरथोर पढेका तर बेरोजगारीमा रुम्मलिएका निम्नवर्गीय युवा पिँढीको जीवन पनि त्यत्तिकै दुःखद रहेको तथ्यले उपन्यासमा अनुभूतिका संरचनामा प्रस्तुति पाएका छन् । 'म' पात्रले आफ्नो बैंसको उर्वर उमेर त्यसै खेर गइरहेकोमा अर्थहीनताको बेकम्मा र अत्यासलाग्दो अधीनस्थ जीवन बाँचिरहेको अनुभूति सँगाल्दै आफ्नो स्थिति निरर्थक व्यतीत भइरहेको अनुभूति साँच्न पुगेको अवस्था उपन्यासमा प्रस्तुत छ (पृ.६८) । उपन्यासमा प्रस्तुत 'म' पात्रका यी अनुभूतिका संरचनामा पञ्चायती अकर्मण्य शासन व्यवस्थामा युवा जोश र शक्ति अनुत्पादक रहेको स्थिति सजीव बनेको छ ।

उपन्यासमा 'म' पात्रले कता हो कता पछि छुटेको बटुवाले जस्तै खालि अत्यासको अनुभूति साँच्न पुग्नुसँगै लेखकले आफू बाँचिरहेको समय र युवा पिँढीको निरीहताजन्य अनुभूतिलाई 'म' पात्रमार्फत् नै यसप्रकार व्यक्त गरेकी छन्, "ताजा अपमान खाएर एउटा मान्छे ...हामी जनगणनामा भेडा-बाख्रा जस्ता गनिने मान्छेहरू एउटा युग हामीलाई पेलेर जान्छ । लुटिँदै बेचिइँदै हामी खोक्रा भइसक्छौँ ...हामी काँधमा महँगी, गरीबी, भोक, समस्या, बेकारी, नीचता र पतनको बोझ बोकेर राष्ट्रको सम्मानहरूलाई समर्थन गरिदिन्छौँ" (पृ.२५) यसप्रकार तत्कालीन राज्यव्यवस्थाको विद्रूप चरित्र उक्त अनुभूतिका संरचनामा ध्वनन भएको छ । गरिब, विवश, नीच र पतित बनाइएका जनसाधारणले त्यस व्यवस्थामा उज्यालोका अर्थ पहिल्याएर खुशी हुने अवसर पाउनै नसकेको स्थिति छ । महँगी र भोकसँगै गरीबीका समस्यालाई कत्ति पनि सम्बोधन नगर्ने राष्ट्रका निम्नवर्गीय नागरिक बन्नुको पीडासँगै राष्ट्र हुनुको बोध गर्नै नपाउनेले राष्ट्रियताप्रति गर्वबोध र त्यसको संरक्षणका अनुभूति पनि साँच्न नसक्ने त्यस काल, क्षण र परिस्थितिलाई सम्बोधन गर्न लेखकद्वारा उपन्यासमा अनुभूतिका संरचना निर्माण भएको छ । त्यतिखेरको देशअवस्थाले विरक्तिएका युवामा निःसृत हुन थालेको क्रान्तिचेतजन्य अनुभूतिलाई पनि संरचनात्मक स्वरूप दिने ध्येय पनि उपन्यासमा साकार भएको छ । रल्लिँदै हिँडेका युवाहरूसँग 'देश' के हो भन्ने बारेमा लामो विमर्शपछि देशलाई युद्धका आवाजमा भर्ने र बन्दुकका नालहरूमा

धारण गर्ने क्रान्तिकारी विचार उद्‌बोध हुनुमा 'म' पात्रमा निःसृत यस्तो अनुभूतिले असर गरेको छ, "क्षमा गर देश, मैले सधैँ तिमीलाई हिमालको उच्चताबाट मूल्याङ्कन गर्न खोजेँ, महल र दरबारहरूमा चियाउन खोजेँ। मलाई के थाहा तिमी हाम्रा दीनहीन अवस्थाहरूमा यस्तरी भूमिसात भएर बसेका छौँ। बबुरो ! मैले त तिमीलाई गीतमा मात्र गाएछु" (पृ.७५)। देशको अवस्था परिवर्तनका लागि शासन व्यवस्था फेर्नुपर्ने र त्यसका निमित्त सशक्त क्रान्ति आवश्यक रहेको लेखकीय पूर्व उदीयमान अनुभूतिले यहाँनेर विशिष्ट संरचनात्मक स्वरूप ग्रहण गरेको छ।

प्रस्तुत उपन्यासमा देशको शिक्षा, स्वास्थ्य तथा प्रशासन पद्धतिसहितको शासन व्यवस्था र त्यसद्वारा संरक्षित सामाजिक संस्कृति निम्नवर्गीय मैत्री हुनै नसकेको अनुभूति 'म' पात्रले जस्तै पियन केटोले पनि सँगालेको छ। सामन्तवादी संस्कृतिको मूल प्रवृत्ति बनेको वर्गीय शोषणले पञ्चायतकालसम्म नै निरन्तरता पाइरहेको यथार्थलाई उपन्यासमा प्रशासनिक क्षेत्रका सन्दर्भमा यस्तो अनुभूतिको संरचनामा अभिव्यक्ति दिइएको छ,

> भात जाबोलाई ...। पियन केटो असी रुपियाँ भाडामा लादिएको एउटा सरकारी टट्टू, आधा पेट गान्टेको मूलाको झोल र भातमा देशले किनेको एउटा युवक कामदारी, जो ओभर टाइम काम गर्छ, सचिव र डाइरेक्टरहरूको फाल्तु चाकरी पु-याउँछ, कहिले एस. एल. सी. पास गर्न सक्दैन, उसको करङमा धाप मारेर देश सगर्व भन्नसक्छ कि हामी राष्ट्र निर्माण गर्न संलग्न छौ देशको यस्तै होनहार युवकहरूमाथि राष्ट्रको उज्ज्वल भविष्य निर्भर गर्दछ। बैंसभन्दा पहिले ऊ छिपिन्छ, बैंसमा ऊ बूढो हुन्छ र समयभन्दा पहिले उसको मृत्यु हुन्छ। बाँच्नुको नाउँमा ऊ सपनाहरू तह लगाउन जान्दछ, गुनासोका कुराहरू डायरीमा लेखेर लुकाउन जान्दछ। एउटा अचेत मान्छे हो ऊ। लाटो दुःखमा छालाहरू निदाइसकेका छन् उसका। चिमोट्नुस् दुख्दैन। (पृ.३२-३३)

यहाँनेर डेराको भाडा तिरेर खानानाना तथा औषधि जुटाउनै कठिन हुने न्यून तलबमा बाह्र घन्टासम्म खट्नु पर्ने पियनको अवस्था 'म' पात्रका स्मरणजन्य अनुभूतिका संरचनामा अभिव्यक्त भएको छ जसमा पञ्चायतकालीन प्रशासनिक क्षेत्रमा निम्न तहका कर्मचारीहरूले न्यून तलबमा भोगिरहेको श्रमशोषणको व्यञ्जना गरिएको छ। यसरी आधारभूत आवश्यकता नै जुटाउन नसक्ने न्यून वेतनधारी कर्मचारीले अझ सचिव र डाइरेक्टरहरूको फाल्तु चाकरी गर्नुपर्ने प्रशाासनिक वेथितिका कारण समयका अभावमा पढाइ र वृति विकासको चेतना हुनेले पनि यथास्थितिबाट उठ्न नपाउने वर्गीय उत्पीडनकारी व्यवस्थाप्रतिको आक्रोशलाई पनि उक्त अनुभूतिका संरचनामा अभिव्यक्ति दिइएको छ।

उसले ठुलो ओहदा र सानो ओहदाका सरकारी कर्मचारीबिच वर्गीय भेदको ठुलो खाडललाई निरन्तर बोध गरिरहेको छ। कार्यालयमा तलब साइन गर्ने मान्छे केही दिनमात्र अनुपस्थित हुँदा पनि निम्न वेतनधारी कर्मचारीको दैनिकी क्षतविक्षत हुने अवस्था छ। घरमा

चामल र पैसा दुवै नहुँदा दुई दिनदेखि भोको रहेको पियन केटोमा निर्मित दबाब र तनावजन्य आक्रोशपूर्ण अनुभूति प्रश्नैप्रश्न बनेर उपन्यासमा यस्तो अभिव्यक्ति रहेको छ, "पियन जाबोलाई खानपर्छ र ? ... सचिवले तीन-तीन घण्टामा अमलेट र तातो कफी पिउँदै योजनाबद्ध गरिरहेको देश, मैले दुईदिन भोकै बसेर दिनको बाह्रघण्टा सेवा गरिरहेको देश, कहाँ कसरी विकास हुँदैछ ?" (पृ.४५) । यसरी देश निर्माणको ध्येयमा सेवारत प्रशासनिक कर्मचारीहरूमा सचिवले दिनमा छ वटासम्म फुल खाने हैसियत राख्दा रगतको पसिना बगाएर दिनमा बाह्र घण्टासम्म खट्नुपर्ने इमानदार पियनले भने एउटा फुल खाने हैसियत राख्दैन (पृ.४५) । पियन कार्यरत कार्यालयमा सबैभन्दा धनी मान्छे कहलिएको खरदारसँग भोक टार्न थोरै रकम सापट माग्दा उसले यस्तो अनुभूति सँगालेको छ, "वर्षभरिमा एक गेडो धान किन्नु पर्दैन, दुई-दुईवटा घर बहालमा छन्, छोराछोरी सब कमाउँछन्, सम्मानको हकमा गोखा दक्षिणा बाहु पाँचौं दर्जाले विभूषित बीस रुपियाँको दामको निम्ति खल्ती पल्टाइदियो बा" (पृ.८७) । यसप्रकार अधीनस्थ पिँढीप्रति कत्ति पनि उदार हुनै नसक्ने प्रभुत्वशाली पिँढीको अमानवीय चरित्रप्रतिको कटु व्यङ्ग्यभावसहित पियन 'म' पात्रसमक्ष अभिव्यक्त भएको छ । कर्मचारीतन्त्रका भ्रष्टता, शोषणलाई उसले राम्ररी पहिल्याएको छ । असी रुपियाँ बेतन थापेर आधा पेट गान्टेको मूलाको झोल र भातमा जीवन अड्याउँदै, ओभर टाइम गर्ने, सचिव र डाइरेक्टरहरूको फाल्तु चाकरी पुऱ्याउन बाध्य हुने उसका खान्की र कार्यभार हुन् (पृ.३३) । यी उसले नोकरी जीवनमा भोगिरहेका दमन, शोषणका दृष्टान्त हुन् ।

दरिद्रीले थिल्थिलिएको विगतको स्मरण पनि पियनका निमित्त दुःखदायी छन् । त्यसैले भोक र अपमानसँग हुर्केको ऊ गरिबीलाई, दुःखलाई घृणा गर्दछ (पृ.३१) । खानानानाछाना जस्ता एकसरो आधारभूत आवश्यकता मात्र पनि धान्न कठिन रहेको अवस्थामा एस.एल.सी. तयारीका लागि खुराक र समय दुवैले उसलाई साथ दिइएरहेको छैन । सजिलै जीवन धान्न सकेको भए उसको व्यक्तित्व, स्वभाव र चाहना अनुसार शिक्षाले खारिन सक्ने ऊ उच्च शैक्षिक योग्यताको ढोका खोल्न पटकपटक असमर्थ हुन्छ (पृ.३३) । ऊ सम्मानित जीवनको खोजीमा अनवरत सङ्घर्ष गर्छ तर गरिबीको दैनिकीमा टी.बी. रोगको आक्रमण उसको जीवनमा ठुलो कहर बन्दछ (पृ.८६) । बीस बर्से बैंसको उमेरमा नै ऊ बूढो प्रतीत हुन्छ (पृ.७७) । शारीरिक शिथिलतामा पनि मानसिक शक्ति उच्च बनाइराख्ने उसको हरसम्भव प्रयास शिथिल बन्दै गएको र परिस्थितिका वशमा च्यापिँदै गएर मृत्युन्मुख हुन पुगेको दर्दनाक अवस्थामा उसमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ,

> मूर्ख कुरा गरिरहेछु म । मृत्युसँग होइन तर यसको विरुद्ध जान नसकेको आफ्नो अवस्थासँग गुनासो छ । जीवनको प्रत्येक अवस्थाले मलाई गरिबीसँग घृणा गर्न सिकायो; लाग्थ्यो कुनै दिन म पनि यस अपराधी गरीबीलाई पाइतालामुनि कुल्चन सक्षम हुनेछु त यो हरामी गरीबीलाई कहीँ मैले मिच्नै पाइनँ । (पृ.१०३)

गरिबीका दुःख नामेट पारेर मर्यादाले ओतप्रोत जीवनको चाहनामा अघि बढेको पियन केटो जसले जागिर छोडेर सत्ताका विरुद्ध, राज्यव्यवस्थाका विसङ्गतिका विरुद्ध लड्ने सङ्कल्प (पृ.८८-८९) साँचेको छ; उसमा लाचारीको यस्तो अनुभूति निर्माण हुन पुग्छ, "मृत्यु फगत मृत्युको कारण होइन, म बाध्य भएर मरिरहेछु, लाचार भएर मरिरहेको छु" (पृ.११४)। यसप्रकार ती सबै थाती राखेर ऊ अनपेक्षित मृत्युवरण गर्न विवश भएको छ।

प्रस्तुत उपन्यासमा पञ्चायती शासनव्यवस्थामा पिल्सिएका अधीनस्थ पिँढीको सशक्त प्रतिनिधित्व 'म' पात्र र पियन केटोले गरेका छन्। देशपरिस्थिति बुझेका सजग र सचेत व्यक्तिहरू समेतले विद्यमान शासन व्यवस्था विरुद्धका सशक्त आवाजलाई कार्यान्वयनका ल्याउनका निमित्त परिस्थिति अनुकूल बनाउन नसकिरहेको यथार्थलाई तिनको अवस्थाले सम्बोधन गर्न सकेको छ। अझ उपन्यासमा प्रस्तुत 'म' पात्रकी आमा, गोल्ड्याङ्ग्री, स्यामो जस्ता निम्नवर्गीय महिला प्रतिनिधि पात्रहरू त आफ्नो अधीनस्थ दशालाई बोधसमेत गर्नसक्ने अवस्थाका छन्। शिक्षा र चेतनाबाट पर रहेका तिनले आफूहरूमाथि भएको वर्गीय शोषण ठम्याउनसमेत सकेका छैनन्। मूलधारमा रहेको सामन्ती संस्कृतिलाई विना विमति वरण गर्दै त्यसैमा अभ्यस्त रहने अधिनस्थ पिँढीको मूल आचरण तिनबाट प्रकट भएको छ। त्यस्तै अधीनस्थताको संस्कृतिमा सहजै अभ्यस्त हुने उपन्यासका अरू पात्र सुसे र उसकी आमा पनि हुन्। चुरोटको ठुटो माग्दै आएको किशोरावस्थाको तर बूढो देखिने सुसेलाई घर कहाँ भनी 'म' पात्रले सोद्धा आफ्नो दरिद्रीले आक्रान्त जीवनावस्थाबारेको अनुभूति उसले यसप्रकार प्रकट गरेको छ, "घर कहाँ हुने हामी जस्ताको जहाँ पुग्यो त्यहीँ। ... पाटीमा आएर मागेर खाने गर्थ्यौं" (पृ.१६)। उसले सहरी परिवेशमा अति गरिबीको रेखामुनि रहेका तर राज्यबाट सधैँ उपेक्षित जनसाधारणको प्रतिनिधित्व गरेको छ।

*बैंसको मान्छे* उपन्यासले वैकल्पिक पिँढीविशेष अधीनस्थ पिँढीका अनुभूतिका संरचनालाई आद्योपान्त समेटेको छ। प्रभुत्वशाली संस्कृतिलाई संवहन गर्ने उच्च वर्गीय पिँढी र त्यस पिँढीलाई संरक्षित गर्ने पञ्चायती शासन व्यवस्थामा विरोधचेत सहितको वैकल्पिक पिँढीको सशक्त प्रतिनिधित्व 'म' पात्र र पियन केटाले गरेका छन्। ती वैकल्पिक तहका अधिनस्थ पिँढीबाट उठ्दै विरोधी पिँढीका रूपमा आफूहरूलाई उभ्याउँदै पूर्व उदीयमान पिँढी अर्थात् उदाउँदो पिँढीका तहसम्म आफूहरूलाई उकाल्न सक्षम देखिएको तथ्य तिनमा निर्मित अनुभूतिको संरचनामा प्रकट छ। युवा पुस्तालाई प्रतिनिधित्व गर्ने 'म' पात्र तथा पियन केटो दुवै केही हदसम्म शैक्षिक चेतना आर्जन गरेका छन्। देशको अवस्था र निम्नवर्गीय स्थितिको कारण पहिल्याउन सक्षम छन्। भोगिरहेको अधीनस्थ दशालाई ती सधैंभरि सहन गर्ने र त्यसैमा समायोजन हुने स्थितिमा नरहेको कुरा तिनमा निर्मित अनुभूतिका संरचनामा प्रतिबिम्बित भएको छ। सहनको संस्कृतिलाई भत्काउँदै र यसप्रति विद्रोह सँगाल्दै ती अघि बढेका छन्। 'बूढो', छिमेकी 'बूढा' एवम् घरपेटी

'साहु बा' सबैले उमेरगत रूपमा वयोवृद्ध पुस्तालाई प्रतिनिधित्व गरेका छन् र ती समाजमा प्रभुत्वशाली हैसियतमा छन् । त्यस्तै हवल्दार, खरदार, सचिव, होटेल साहुहरू पनि शक्ति, धन सम्पत्ति र पदीय कुनै न कुनै रूपमा प्रभुत्वशाली हैसियतमै रहेका छन् । तिनै प्रभुत्वशाली पिँढीबाट युवापुस्ताप्रति गरिएका हेयपूर्ण व्यवहारका कारण युवा पुस्ता प्रतिनिधिले प्रशस्त दबाब, तनाव र उत्पीडन झेलिरहेका छन् । 'बूढो'को आफूप्रतिको अभद्र बोलीव्यवहार र अझ उसकी आमाप्रतिको कुवचनले मर्माहत भएको 'म' पात्रमा आक्रोशको यस्तो अनुभूतिको संरचना निर्माण भएको छ,

> धन्य हो मैले बूढोलाई मारिनँ । ... कति हीन सम्झन्छन् मान्छेहरू मलाई । तरुणी कल्कलाउँदी आमाको लाठे छोरो त्यही पनि लम्फू । यो हीनताबोधलाई मैले हुर्काउनुपर्छ भन्ने बाध्यता के छ हँ ? मैले समाजलाई स्वीकार गर्नेपर्छ भन्ने के छ ? कालो झण्डा देखाइदिन्छु म यो स्थापनालाई, लात मार्छु म यसका समर्थकहरूलाई, हुँ ... । यसघरी म केही गर्नलाई पनि स्वतन्त्र छु । द्रोहको यो महान् भावनालाई के म इँट बोकेर त्यसको पसीनासँग (यथा.) बगाइदिऊँ ? के म पाँच मोहोर दाममा यो क्रान्तिको भावनालाई बेचिदिऊँ ? आधा पेट गान्टे मूलाको (यथा.) झोल र भातसँग के म साटिदिँऊ यो महत्तालाई ? असम्भव । कोही मलाई कर नलाओस् यो पशु जीवन स्वीकार्न (यथा.) । यो घटिया जीवनस्तरलाई मैले तेइस वर्षदेखि छालाजस्तो ओढेर आएको छु, ... म गरीबीदेखि गरीबीमा पलायन हुन चाहन्नँ । दुःखको सीमा म यसैले पार गरिरहेको छैन कि म फेरि दुःखमा नै पुगूँ । भोकै मर्नुभन्दा बरु गोली खाएर मर्छु । (पृ.३६)

वर्तमान भोगाइप्रति सचेत 'म' पात्र जीवन धान्नै कठिन हुने कम आर्यआर्जनका शारीरिक श्रमको बजारमा संलग्न रहेर पनि दुःखकष्टको जीवन डोऱ्याउने पक्षमा छैन । ऊ आजको सङ्कीण हेराइबाट उन्मुख हुन चाहन्छ; स्वतन्त्र युवा पुरुषका रूपमा रहन चाहन्छ । गरिबीलाई यथावत राख्ने विद्यमान व्यवस्था विरुद्धका आफ्ना आक्रोशजन्य क्रान्ति चेतलाई ऊ आफ्नो सासभन्दा महत्त्वपूर्ण ठान्दछ र त्यसलाई सेलाउन दिनु भनेको 'मुर्दा हुनु बराबर' भएको अनुभूतिले डोरिएको छ (पृ.३६) । यसप्रकार ऊ मालिकको अधीनमा रहेको कुकुरसरह होइन; चौबाटोको स्वतन्त्र मान्छेको रूपमा रहन चाहन्छ (पृ.२०) । यसरी क्रान्तिचेतलाई परिपक्व बनाउँदै लगेको 'म' पात्रले सवर्गी स्यामो हवल्दारसँग लहसिइएकीमा पनि विरोध जनाएको छ । 'स्यामो' जसको अर्थ उसको तामाङ भाषामा 'च्याउ' हुन्छ (पृ.९) । उसैमा लहसिएको हवल्दाररूपी लाव्रे कीराले त्यस च्याउलाई अस्तित्वहीन तुल्याउन सक्छ यद्यपि स्यामोले होटेलको भाँडा माझ्ने अपहेलित जीवनभन्दा एक तहमाथि उठ्न हवल्दारकी कान्छी स्वास्नी नै भए पनि बन्न तत्पर रहेकी उसले बुझेको छ । तत्पश्चात् पनि स्यामोको जीवन दुःखबाट दुःखमै होमिने भएकाले त्यसलाई स्यामोले अस्वीकार गर्नसक्नु पर्दछ भन्ने अनुभूति 'म' पात्रमा निर्माण हुनपुगेको छ (पृ.४२) । 'म' पात्रका अनुसार वर्गीय भेदलाई टड्कारो राख्ने शासन व्यवस्था जुन उच्च वर्गद्वारा सञ्चालित छ; त्यहाँ

गरिब र गरिबीको मूल्य छैन; तिनको अस्तित्वको कदर छैन; जहाँ हुनेखाने मात्र पोषित हुन्छन् । त्यस्तो अपराधी समाजमा रहेर सरल भोटिनी स्यामोले भ्रष्ट हवल्दारबाट सुख खोज्नु निरर्थक हो । त्यसैले ऊ मनमनै दोहोयाउँछ : "तिमी पनि म जस्तै दुःखबाट केवल दुःखमा पलायन हुनुलाई अस्वीकार गर" (पृ.४२) । यसप्रकार स्यामोका लागि हवल्दार जीवनसाथीका रूपमा सुखदायी हुन सक्दैन भनी उसलाई सम्झाउने प्रयत्नमा 'म' पात्र लागिपरेको छ । यहाँनेर अबोधजनमा चेतना भर्नुलाई पनि उसले दायित्व सम्झेको देखिन्छ ।

देशको शासन व्यवस्थाप्रति आक्रोश हुर्कँदो अवस्थामा रहेको 'म' पात्रसँग जब छिमेकी बूढाले देश बनाउन सरकारले सबैलाई मौका दिएको बताउँदै पुलिसमा जागिर खाने सल्लाह दिँदा, "देश, सरकार र मौका यी शब्दहरूले तातो फिरजस्तो गिदी छिचोलेर जान्छन्" भन्ने अनुभूति सँगाल्दै ऊ यसप्रकार व्यक्त हुन्छ, "म पुलिसमा जागीर (यथा.) खान्नँ, पाए त त्यसको विपरीत खान्छु बूढा बा" (पृ.८२) । 'म' पात्रद्वारा विद्रोह चेतमा हठात् प्रकट यी अभिव्यक्तिले उसमा भित्रभित्रै परिपक्व बन्दै गएको क्रान्ति चेतलाई सङ्केत गरेको छ जसमा २८ सालसम्ममा जनमानसमा पलाउँदै गरेको विद्यमान व्यवस्था विरुद्धको अनुभूति प्रतिबिम्बित भएको छ । उसमा यस्तो अनुभूति निर्माण हुनु तात्कालिक राजनीतिक परिस्थितिप्रति युवाआक्रोशको विशिष्ट अवस्था हो । तिनै बूढाले चोरको आशङ्कामा नजानिँदो पाराले उसको खल्ती छाम्नेसम्मको धृष्टताप्रतिको 'म' पात्रमा चरम आक्रोशको सिर्जना अत्यन्त स्वाभाविक देखिन्छ । यस परिप्रेक्ष्यमा उसमा यस्तो आक्रोशजन्य अनुभूति निःसृत भएको छ : "म गरीब छु, ... यसैले म चोर हुनसक्छु ... जुन अवस्थामा म बाँचिरहेछु त्यो अवस्था एउटा डरलाग्दो अभिशाप हो जीवनको, मैले उन्मुक्त हुन पाउनुपर्छ यो अवस्थाबाट । मलाई अस्वीकार छ यो अवस्था, अस्वीकार छ" (पृ.८३) । यसरी निर्दोष आफूमाथि गरिब भएकैले लगाइएको 'चोर' आरोप एक सचेत व्यक्तिको मनमस्तिष्क हल्लाउने कारण बन्दछ । युवा ऊर्जा पोख्ने ठाउँ नपाइरहेका 'म' पात्र जस्ता व्यक्तिहरू जो समाजमा डरलाग्दो उपेक्षा बोकेर बाँचिरहेका छन्, तिनको मनोदशा यहाँनेर राम्ररी प्रतिबिम्बित भएको छ ।

बेरोजगार 'म' पात्रले मात्र होइन, रोजगारीमा संलग्न रही सङ्घर्षरत पियन केटोसमेतले आफ्नो गरिबी अवस्था सुधार्न कति पनि सकिरहेको छैन । वर्गीय भेद संरक्षित प्रशासनिक व्यवस्थामा मरिमेटेर श्रम पोख्दा पनि उपलब्धिहीनताको स्थितिमा आफूलाई पाउँदा चरम आक्रोशमा उसमा यस्तो अनुभूति निःसृत भएको छ,

> शायद मैले देश निर्माण गरिरहेको छैन । यस्तो लाग्छ, म देश भत्काउन लागिरहेछु, नत्र देश मप्रति यत्रो विधि स्वार्थी कदापि हुनसक्ने थिएन । यस्तो लाग्छ, म पनि एउटा भुँडीवालालाई समातेर त्यसको रगत चुस्न थालौँ । त्यसपछि शायद म पनि देशलाई सही अर्थमा निर्माण गर्छु । (पृ.४६)

उच्च वर्गका पिँढीमा मात्र केन्द्रित सरकार र तिनका नीति तथा कार्यक्रमबाट पोषित त्यही पिँढीविशेषद्वारा आफू निरन्तर र हरतरहले शोषित भइरहँदाको वर्गीय आक्रोश र घृणा पियन केटोमार्फत यहाँनेर व्यक्त भएको छ। देश चलाउनेहरूको अविवेक र निर्दयीपनमा उठेको यो आक्रोश उसमा निःसृत अनुभूतिको विशिष्ट स्वरूप हो जुन त्यस कालखण्डको गरिबी दशालाई मूर्त गराउन सफल देखिन्छ। अझ टी.बी. रोगको शारीरिक कष्टसँग आर्थिक र मानसिक कष्ट थपिँदा ऊ यस्तो अठोटमा पुग्दछ,

> म अर्को महीना जागीर (यथा.) छोड्दैछु। यो मूला पियन खाएर बाँच्छ कोही ? एउटा कुकुरलाई जति सुविधा छैन मलाई। मेरो पनि जीवन हो, म पनि उँभो उक्लनुपर्ने मान्छे हुँ। म यहाँ आफूलाई बलिदान गर्न सक्दिँन। बलिदानको आफ्नो महत्त्व हुन्छ। कुठाउँमा बलिदान मुर्खले गर्छ। बलिदान एउटा महिमाशाली बोध हो, जसको आफ्नो खास स्वइच्छा। पर्ख म आफ्नो पसीना र मेहनतले (यथा.) गालेका क्षणहरूलाई जम्मा गरेर त्यसमाथि युद्धको एउटा बिरुवा (यथा.) रोप्छु। म आफ्नो रगतहरूले एउटा घोषणा लेख्छु। गाण्टेमूलाको (यथा.) झोल र भात खाएर इँट बोक्नेहरूले पाँच मोहर दाममा मान्छेका तागत बेचेर युगौँ युगदखि टाउको उठाउन नपाउने पीडितहरूले यस घोषणा पत्रलाई पढ्नेछन्, आफ्नो परिश्रम र तागतको मूल्यांकन गर्नेछन्। पख हामीलाई परिवर्तनले टिप्छ, युगले टिप्छ, हामीलाई युद्धले टिप्छ। (पृ.८८-८९)

पियन केटोको यस घोषणपत्र उसले दुःखद जीवन भोगाइमा निरन्तर साँचेका अनुभूतिहरूले निर्माण गरेको त्यस्तो संरचना हो जसमा सम्पूर्ण गरिबहरूको पीडा साधारणीकरण भएको छ। तल्लो तहको कर्मचारीले बेहोर्नु पर्ने हेय, माथिल्लो ओहोदाकालाई पुऱ्याउनुपर्ने चाकरी, सुविधाहीनता र न्यून तलबको आधारभूत आवश्यकता पनि लुटाउन नपुग्ने कारण तत्कालीन प्रशासनिक व्यवस्थामा उसले झेलिरहेको उत्पीडनसँगै न्यून ज्यालामा कठोर श्रम बेच्न बाध्य मजदुर पीडासमेत यहाँ एकाकार भएको छ। गरिबीकै कारण ऊजस्ताको त्यसखाले मृत्यु कुठाउँको बलिदान हुने उसको ठम्याइँ छ। गरिबीबाट उठ्नै नपाउने त्यस शासनव्यवस्थाका विरुद्धमा आफूले साँचेको युद्ध छेड्ने सपनालाई उसले 'म' पात्र समक्ष अभिव्यक्ति दिएको छ। युवा पुस्तामा प्रभुत्वशाली संस्कृति विरुद्धको उदाउँदो चेत यहाँ राम्रैसँग प्रतिबिम्बित भएको छ। विलियम्स सांस्कृतिक परिकल्पनाका रूपमा अनुभूतिको संरचनालाई हेर्दछन् (सन् २०१०, पृ.१३३)। पियन केटोमा निर्मित उक्त अनुभूतिको संरचनाले उदीयमान संस्कृतिको सङ्केतलाई पनि राम्रैसँग वहन गरेको छ।

पियन केटोद्वारा प्रस्तुत घोषणलाई लिएर 'म' पात्रमा ऊ सही मोडमा आएर उभिएको बोधसँग यस्तो अनुभूति निर्माण भएको छ, "प्रत्येक आफूजस्तै अवहेलित र पीडित दौँतरीहरूले उसको देशबोधलाई काँधकाँधमा थापिदिने छन्। ऊ सिकाइदिनेछ कसरी मान्छेको सट्टा काँधमा आफ्नो प्यारो देशलाई बोक्न सकिन्छ। म भावावेशमा आएर उसको हात च्याप्प समात्छु" (पृ.८९)। आफ्नै जस्तो देशमा परिवर्तन ल्याउने सपना पियन केटोमा पनि पाउँदा प्रफुल्ल 'म'

पात्रले भावावेशमा उसको हात समाउन पुग्नु देशमा परिवर्तनको अपरिहार्यताबारेको सहबोधको अवस्था हो जुन अब अधीनस्थ पिँढी सबै युवामा विस्तार हुनुपर्ने 'म' पात्रले ठम्याँएको छ। त्यतिखेर पियनको असाध्य स्वस्थ र प्रकृतिस्थ देखिएको सुखद अनुभूति सँगाल्दै गरेको हुन्छ (पृ.९०)। तर 'म' पात्रले त्यसको एक हप्तासम्ममा टी.बी.ले जर्जर भइसकेको पियनको अवस्था देख्दा ज्यादै विचलित हुन्छ। इच्छाशक्तिले मात्र शरीर धान्न नसक्ने स्थितिको बोधमा ज्यादै विचलित हुँदै पियन केटा यसरी मर्न हुँदैन भन्ने प्रबल भावावेगमा पियनजस्ताको बाँच्ने अधिकार हनन गर्ने शासनव्यवस्था जसमा निःसहाय रगेटिने र पिल्सिने हुन्छन्, तिनका पक्षमा बोलिदिने कोही हुँदैनन् भन्ने सन्दर्भमा निःसृत शासक वर्गप्रतिको आक्रोशको अनुभूति उपन्यासमा यसप्रकार अभिव्यक्त भएको छ,

> पियन केटो ! यसलाई मृत्यु भनिँदैन यो त हत्या हो हत्या त्यस्तो हत्या जसको पुलिस केस र कानुनी कारवाई हुँदैन। यस्तो हत्याको एउटा क्रम हुन्छ, युगौँ युगदेखि चलिआएको, जरा गाडेर स्थापित भइसकेको। हामी यसलाई मृत्यु भनेर स्वीकार्छौं। यस्तो हत्याको प्रतिशोध त हत्याले मात्र लिन सक्छ पियन केटो ! आफू पनि हत्यारा हुन सक्नुपर्छ। (पृ.९२-९३)

प्रतिशोधको भावमा हत्यारासम्म बन्नुपर्ने सोच 'म' पात्रमा उत्पन्न हुनु विद्यमान व्यवस्थाप्रतिको आक्रोशको चरमावस्था हो; सामन्ती शासन व्यवस्थागत प्रवृत्तिकै निरन्तरताले निर्दोष गरिबहरूको बाँच्न पाउनु पर्ने अधिकार निरन्तर हनन भइरहेको अवस्थाप्रतिको बदला भावमा निर्मित मनस्थिति हो। यसरी ऊ विक्षिप्तप्रायः मनोदशा झेलिरहेको अवस्थामा आफूलाई पाउँछ। समाजको छोरोप्रतिको दृष्टिकोणले आहत आमा, अझ छोराको अनुहार, गति देख्दा विचलित हुँदैगरेको सोधनीमा 'म' पात्र यसप्रकार पड्किएको छ, "मलाई रिस मात्र उठ्छ, दुईचारजनालाई मार्न चाहन्छु" (पृ.१०७)। समाजमा आफू ठूलाबडाबाट कुकुरभन्दा पनि हेपिएको बोधमा सहन गर्न गाह्रो भएको अनुभूतिले तिनलाई मारेर बदला लिने आपराधिक चेत उसमा हुर्कँदै जानु उसको असामान्य मनोदशा हो जुन विद्यमान व्यवस्थाप्रतिका आक्रोशमा सिर्जित छ। पियनको निकट मृत्युबोधले ऊ चरम मनोद्वन्द्वको चरणमा गुज्रिरहेको अवस्थालाई उसमा निर्मित यी अनुभूतिले पनि प्रकट गरेको छ, "मरे पियन केटो मर्छ, उसको देशबोध मर्दैन। त्यो गरिबको आँखामा सर्नेछ,, त्यो व्यापक हुनेछ, रगरगाउने छ" (पृ.१०६)। यसप्रकार निरङकुश व्यवस्था अन्त्य गरी देशको मुहार फेर्ने क्रान्तिका लागि चेतनाको फिलुङ्गो तयार भइसकेको छ र त्यो युवाहरूमा सर्दै गएर देशव्यापी हुने अनुभूति 'म' पात्रले सँगालेको छ। उसको विद्यमान सत्ताप्रतिको तीव्र विद्रोह चेत यस अनुभूतिको संरचनामा पनि मूर्त भएको छ, "म यस व्यवस्थाको हत्या गर्न चाहन्छु, जसले पियन केटोलाई एक-एक इञ्च सुकाएर मारिरहेको छ। सिलसिलाबद्ध हत्या गर्ने यस अपराधी व्यवस्थालाई म भत्काउन चाहन्छु। अनायास म आफ्ना मुट्ठीहरू कसिसकेको हुन्छ" (पृ.१०८)। यस्तै चरम मनोद्वन्द्वबाट गुज्रँदै पियनको कोठामा पुग्दा आक्रोशित घरपेटी साहुबाट तत्काल पियनलाई त्यहाँबाट लैजाने आदेश र निरन्तरको दबाब पाउँदाको तनावमा 'म' पात्र

यसरी कड्किएको छ, “नगर्नुस् साहु बा ... मान्छे हो कि राक्षस हो तपाईं ?” (पृ.११२) । यसप्रकार साहु बाको पियनप्रतिको चरमोत्कर्ष अमानवीय व्यवहार अनि उसले ‘म’ पात्रको प्रतिवाद सहन नसक्दा आफ्नो गालामाथिको थप्पड प्रहार र आफू तथा आमाप्रतिका लाञ्छना उसको सचेतना हराउने र दबाब र तनावलाई पराकाष्ठामा पुऱ्याउने कारण बनिदिन्छ । प्रतिकारमा उत्तेजित हुँदै ‘म’ पात्रले साहु बाको गर्दन अँठ्याएर दबाएको दबाएकै गरेर उसलाई मृत्युदण्ड दिन पुग्दछ (पृ.११४) । उता कोठाभित्र शारीरिक रूपले जर्जर भइसकेको पियन संभवतः घरभेटीको आफूप्रतिको निकृष्ट गाली सुनेरै मानसिक झट्का बेहोर्नु परेकाले मृत्युवरण गरिसकेको हुन्छ (पृ.११५) । यी र यसप्रकार का जीवनको दुःखद अन्त्य प्रस्तुतिको अन्तर्यमा वर्गीय भेदको समाज जिम्मेवार रहेको सत्य उद्घाटन गर्ने लेखकीय चाह पनि प्रकट भएको छ ।

साहुबा उपन्यासमा एकल व्यक्तिमात्र नभएर पियन, ‘म’ पात्रजस्ता गरिबहरूलाई उत्पीडन दिने शोषक सामन्तको प्रतिनिधिका रूपमा रहेको छ तर प्रभुत्वशाली पिँढीगत दुष्प्रवृत्तिका विरुद्धमा भिड्नुका साटो आक्रोशमा व्यक्ति हत्या गर्नु, संस्कृतिगत कमजोरी नामेट पार्ने विकल्पहरूको खोजी गर्न नसक्नु, समस्यालाई पहिचान त गर्नु तर त्यसलाई सही निकास दिन नसक्नुले ‘म’ पात्रमा सङ्घर्षमुखी चिन्तनको अभाव देखिएको छ । यसप्रकार मूलधारको संस्कृतिगत विकृतिको उन्मूलन भन्दा पनि मर्नमार्न उद्धत हुने युवा उमेरजन्य व्यक्तिगत आक्रोश स्वस्थ दिशातर्फ उन्मुख हुँदैन र त्यो उपयुक्त समाधानका रूपमा पनि देखिँदैन । बरु उसले समाजमा बरालिएका युवाहरूलाई संस्कृतिगत दोष पहिचान गर्ने, त्यसका विरुद्धमा सङ्घर्ष गर्ने कार्यमा प्रवृत्त गराउँदै र सङ्गठित गराउँदै क्रमशः क्रान्तिचेत विस्तार गर्दै समाज परिवर्तनका निमित्त बैँसको ऊर्जा लगानी गर्न उत्प्रेरित गर्न सक्थ्यो; त्यो गरेको देखिँदैन । पियन पात्रले त आफ्ना दृढ सङ्कल्पलाई कार्यान्वयनमा उतार्न समय नै पाएको छैन । यसप्रकार ‘म’ पात्र र पियनमा उदाएको चेतले सङ्गठित रूप धारणा गरिनसकेको त्यस अवस्थाले ती दुवै उदीयमान पिँढी प्रतिनिधि बन्न सकेका छैनन् र पूर्व उदीयमान पिँढीकै तहमा सीमित छन् ।

‘म’ पात्रले आफूले प्रभुत्वशाली पिँढीबाट पटकपटक अवहेलना र अपमान झेलिरहनु, स्यामो, गोल्ड्याङ्ग्री, सुसे तथा पियन केटो जस्ता सम पिँढी तथा आफ्नी आमाको आर्थिक दुरवस्थालाई अन्तर्यसम्म पुगेर बोध गर्नु, गरिबीका दुष्परिणामलाई एकपछि अर्को साक्षात्कार गर्दै जानु जस्ता सन्दर्भहरूमा हुनेखाने र भएखाने बिचको विषम अवस्थालाई सही रूपमा बोध गर्नु आदिले तेइस बर्से लक्का जवान हुन्जेलसम्म सँगालेको देशपरिस्थितिका सापेक्षतामा समाजबोधको अनुभूति क्रमशः विकास भएको देखिन्छ । यसप्रकार देशमा विद्यमान शासकीय व्यवस्थाले नै वर्गीय भेद संरक्षण गरिरहेको ठम्याउनु, यथास्थितिको असन्तुष्टिले विद्रोह चेत निर्माण हुनु, जनसमस्याप्रतिका आलोचनात्मक चेत परिपक्व बन्नु जस्ता विशेषताले पूर्ण उदीयमान पिँढीका तहमा उक्लिन नसके पनि ऊ नव चेत सँगाल्दै गरेको पिँढी बन्न सकेको छ । यसरी उपन्यासका

यी दुवै पात्र अधीनस्थ दशामा हेलिँदै पनि पूर्व उदीयमान पिँढीको तहमा भने उक्लिन सकेका छन् । यसरी गरिबीमै पनि थेरथोर शिक्षा आर्जन गरेकाहरूको उक्लँदो चेतनास्तर प्रकट हुनथालेको अवस्था छ । तत्कालीन राजनीतिगत अकर्मण्यता र निम्नवर्गप्रति चरम उदासीन राज्य र शासनव्यवस्थाका कारण बेरोजगारीमा रल्लिन बाध्य, सामाजिक अवहेलनामा परेका युवा पिँढीको प्रतिनिधित्व उपन्यासमा 'म' पात्रलाई गराइएको छ । त्यसै परिप्रेक्ष्यमा बैँसको मान्छेको ऊर्जा सदुपयोग नहुँदा मर्ने र मार्ने विसङ्गत चेतले डोरिन थालेको 'म' पात्रका आवेशजन्य कृत्य उपन्यासमा घटित छन् । त्यतिखेर उसमा निर्मित अनुभूतिको संरचना यस्तो छ,

> यो के भयो पियन केटो ? ... पियन केटो आज साँच्चिकै मऱ्यो, साहु बालाई मैले आज साँच्चिकै मारेँ । कल्पनामा होइन यथार्थमा । तिमीलाई रेशा-रेशा सुकाएर मार्ने व्यवस्थाको आज मैले विध्वंसको शुरुवात (यथा.) गरिदिएको छु । देशभक्तिको गीत गाएर एक अर्कालाई घृणा गर्ने विश्वासघाती मान्छेको हत्या गरिदिएको छु । यो अन्त्य होइन मात्र शुरुवात हो जमात मलाई उठाऊ आफ्नो अवस्थादेखि, मैले एउटा अन्धोप्रतिष्ठाको हत्या गरिदिएको छु । यस विस्थापित पियन केटोको बेवारिस मृत्युमा युद्धको एउटा गह्रुङ्गो पाइलो उठिसकेको छ । मैले युद्ध शुरु गरिदिएको छु । पियन केटो ! यो मेरो होइन, तिम्रो घोषणापत्र हो, जसलाई तिमीले एकदिन आफ्नो रगतले लेख्ने अठोट गरेका थियौ । तिमी मरेनौ तिमी त भर्खर शुरु भयौ । विश्वास गर, युगौँयुगौँदेखि टाउको उठाउन नपाउने पीडितहरूले, तिमीजस्तै परिश्रम र तागतलाई सस्तो मोलमा बेच्नेहरूले यस घोषणालाई पढ्न बिर्सने छैनन् । (पृ.११५)

यसप्रकार गरिबीजन्य उत्पीडनको आक्रान्त अवस्थामा वर्गीय भेदको चरम अवहेलना भोल्नुपर्दा 'म' पात्र अन्धआक्रोशले गाँजिन पुग्नु र भावावेशमा आएर 'साहु बा'लाई मृत्युदण्ड दिनपुग्नु जस्ता उसका दुष्कृत्य र त्यसलाई उपन्यासमा वर्गीय युद्धको सुरुवातका रूपमा अर्थ्याइएको छ अपितु अति आक्रोशजन्य हुँदै 'म' पात्रद्वारा भएको त्यस आपराधिक कृत्य वैयक्तिक नै ज्यादा हो, त्यो असामान्य मनोदशाको अराजक गतिविधि हो र त्यसलाई ठिक ठहर गर्नु अतिशय भावुकताजन्य अनुभूतिकै अभिव्यक्ति हो । उपन्यासमा 'म' पात्रमा यसखाले अनुभूतिको संरचनाको निर्मिति देखाइनुमा पारिजातको राल्फाकालीन वैचारिकीको प्रभाव देखिन्छ । सोही परिप्रेक्ष्यमा रहेर उपन्यासकारले देशकालको नैराश्यपूर्ण वाताारणमा दिग्भ्रमित युवा नेपालीको मनोदशालाई अभिव्यक्ति दिएको देखिन्छ । साथै, विसङ्गतवादी चेतको प्रभावबाट विमुक्त नभइसकेको र प्रगतिशील चेतले पनि डोरिँदै गरेको पारिजातको वैचारिकी सङ्क्रमणको अवस्थालाई पनि उक्त अनुभूतिको संरचनाले सम्बोधन गर्नसकेको छ । यसरी मूलतः वर्गीय भेदजन्य आक्रोशमा निर्मित अनुभूतिलाई उपन्यासमा संरचनात्मक प्रस्तुति दिने लेखकीय ध्येय यस सन्दर्भमा पनि प्रकट भएको छ ।

### ४.५.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

*बैंसको मान्छे* उपन्यासमा अधीनस्थ लैङ्गिक पिँढीको प्रतिनिधिका रूपमा 'म' पात्रकी आमा, पियनकी आमा, स्यामो तथा गोल्ड्याङग्री पात्रहरू प्रस्तुत छन् । शिक्षार्जनबाट पूर्ण वञ्चित तिनीहरू कसैमा पनि पुरुषसत्ताको संस्कृतिमा आफूहरू शासित र शोषित रहेको अनुभूति निर्माण भएको देखिँदैन । बरु 'म' पात्र तथा पियनका अनुभूतिका संरचनामा नारी अधीनस्थताको जीवनले प्रकाश पाएको छ । सोही क्रममा उपन्यासमा अविश्रान्त श्रम गरेर पनि आफ्नो वर्गीय स्थिति उचाल्न नसकेकी 'म' पात्रकी आमाले जवान तर एकल महिला हुनुका कारण पुरुषको वासनात्मक कुदृष्टि बारम्बार बेहोरिरहेको र अकारण चरित्रगत आक्षेप पनि झेलिरहेको जस्ता सन्दर्भमा 'म' पात्रले सँगालेका अनुभूतिमा पुरुषसत्ताको नारीदशा मूर्त बनेको छ । उपन्यासमा 'म' पात्रकी आमा जवानीमा विधुवा भएकी सुन्दर महिला जसप्रति पुरुषसत्ताको 'नारीभोग्या हुन् र ती चरित्रहीन हुन सक्छन्' भन्ने नाजुक दृष्टिकोण पुरुषहरूबाट बारम्बार प्रकट भएको छ । चरम गरिबीमा पनि अहोरात्र खटेर आफ्नो र छोरोको जीवन धानिरहेकी सुधी चरित्र भएकी आमाप्रतिका अवहेलना र लाञ्छना छोरासमेतले झेल्नु परिरहेको अवस्था छ । 'बूढो' पात्रले भनाभनका क्रममा 'म' पात्रसमक्ष 'हुलियाले तेरी कहकलाउँदी आमालाई उडाइदेओस्' भन्ने दुष्ट विचार प्रकट गर्दा 'म' पात्रमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ, "मलाई स्थिति वान्ता गर्न मन लाग्छ । घृणाले अपमानले म अचल भइरहेको हुन्छु । भाग्यवश बूढो ईंट, ढुङ्गा केही पनि पाउन समर्थ हुँदैन । ... ऊ भाग्छ । ... मलाई क्रोधले छोडेको हुँदैन । दागा धर्छु, बूढा तँलाई म कुनै दिन घाँटी निचोरेर मार्छु" (पृ.३४-३५) । यसरी निर्दोष नारीप्रति समेतको 'बूढो' पात्रको अत्यन्त हेयपूर्ण भावको प्रकटीकरण हुनुमा 'म' पात्रले साँचेको बूढोप्रतिको चरम घृणा, अपमान र आक्रोश दोषपूर्ण समाजबोधमा व्यञ्जित छ । त्यसै गरी समवयी एवम् सवर्गी अल्लारे साथीद्वारा उसकी आमालाई लक्षित गरेर ऊप्रति गरिएको व्यङ्ग्य उपन्यासमा यसप्रकार प्रस्तुत छ, "तल आउन यार क्या हो सुत्केरी आइमाई जस्तो दिनभरि कोठा थुनेर बसिरहन्छौं" (पृ.६९) । त्यस अश्लील व्यङ्ग्य बेहोर्नुपर्दा उसमा सिर्जित दबाब र तनाव उत्कर्षमा पुगेको छ । त्यसपछि पनि ठिटो/साथीले आमाको कोठाको झ्यालतिर छिल्लिएर हेर्दै गरेको दृश्यले 'म' पात्रमा थप यस्तो अनुभूतिको निर्माण भएको छ, "तेइस वर्ष छिचोलिसकेको लोग्नेमान्छे म, मलाई ती सब हेराइहरूको अर्थ लगाउन बेर लाग्दैन । म छिपिसकेको छु । घृणाले साँग्रिन्छु आफ्नो परिवेशदेखि तर ..." (पृ.६९) । यसप्रकार पुरुषसत्ताको परिवेशमा नारीलाई वासनाको साधन मात्र देख्ने पुरुषप्रवृत्तिले 'म' पात्र स्वयम् मर्माहत भएको छँदैछ, अझ साथीद्वारा 'म' पात्रसमेतको यौवनलाई उसकै आमासँग जोडेर लगाइएको लाञ्छनाको कटु अनुभूतिसँगैको आक्रोश उपन्यासमा यस्तो स्वरूपमा अभिव्यञ्जित भएको छ,

मेरी आमा एउटा लोग्नेमान्छेलाई आफूतिर तान्न सक्ने मन होइन तर शरीर भएकी एउटी स्वास्नीमान्छे हो, जो आफ्नो समय अनुसार बढी हुनसकिन । 'एक्लै छौ कि कसो ?' ऊ प्रश्नमा संकेत र आँखामा पतन लिएर झ्यालतिरै हेरिरहेको हुन्छ । म मनभित्र दाह्रा किटेर भन्छु हेर बाबु पतनको सीमा हुन्छ नि' ... यसै त सनक चढेको बेला मान्छे मार्न मन लाग्छ । (पृ.७०)

'म' पात्रले यसप्रकारको अनुभूति सँगाल्दै त्यस साथीप्रति लक्षित घृणा र आक्रोशको विशेष हेराइको प्रकट गर्दा साथी झस्कनु र नतमस्तक हुनपुग्नुले उसमा उत्पन्न नीचतम सोचाइ पुष्टि भएको छ भने 'म' पात्रमा भने त्यस साथीलाई मार्नेसम्मको आक्रोश निःसृत हुनुले उसमा व्याप्त दबाब र तनावको पराकाष्ठा पनि प्रकट गरेको छ । 'म' पात्रकी आमाप्रतिको पुरुषदृष्टिकोण साहु बाको अभिव्यक्तिमा पनि प्रस्तुत भएको छ । उसले छोरो 'म' पात्रलाई गाली गर्दा उसकी आमासमेतलाई मुछेर आमालाई देशीकोमा बेचेर भात घिचेको आरोप लगाउँदा 'म' पात्रमा साहुबालाई मृत्युदण्डसम्म दिने चरम आवेश उत्पन्न भएको छ । यसरी महिलाले गरिरहेको स्वच्छ कामसमेतलाई उसको चरित्रसँग जोडेर सशङ्कित रहने निकृष्ट पुरुषदृष्टिकोणले ऊ पटक-पटक आहत भइरहनु नै उसमा निरन्तर आक्रोश विस्तारको सशक्त कारण बनेको छ ।

महिलालाई उपभोग्य वस्तुभन्दा माथि नदेख्ने प्रभुत्वशाली संस्कृतिले अधीनस्थ संस्कृतिसम्म विस्तार पाएको स्थितिलाई सुसेको यस भनाइले पनि अभिव्यक्त गरेको छ, "आइमाईको जातलाई के स्वास्नी ल्याउने । एक मोहोर दाम खर्च गरे गालामा सिन्दुर घसेर बस्ने तरुणीहरू थुप्रै पाइन्छन् (पृ.१७) । 'म' पात्रको 'अब तँ स्वास्नी ल्याउँदैनस् ?' भनी गरेको ठट्टामा सुसेको प्रत्युत्तर सुन्दा 'म' पात्र झसङ्ग हुँदै यस्तो अनुभूति निर्माण गर्न पुग्दछ, "मानौं मैले गरेको ठट्टा हिलो जस्तै मेरो अनुहारभरि पोतिएको छ । आफ्नै ठट्टाले म जोकर जस्तो रंगिएको हुन्छु । मेरो अनुहारमा एउटा अपराधी समाज हाँसिरहेको हुन्छ र एउटा भविष्यहीन ठिटो मेरो अघि बसेर मसँग साइनो मागिरहेको हुन्छ र शायद प्रश्न गरिरहेको हुन्छ, आखिर हामी कहाँनेर सम्बद्ध छौं ?" (पृ.१७) । स्वास्नी पाल्ने अभिभारा पुरुषले उठाउनु पर्ने पुरुषसत्ताप्रधान समाजमा त्यो नसक्दा आफ्ना यौनजन्य जैविक आवश्यकता पूर्तिका लागि बिहे नगरिकनै महिलालाई अति सस्तो दाममा खरिद गर्न सकिने भन्ने आशयको सुसेका विचारमा कुनै बेला पियनसमक्ष 'एउटा पाप गर्छु' भन्दै आज "लाटीसँग म सम्भोग गर्छु" (पृ.२९) भन्नसक्ने पुरुष धृष्टता प्रकट गर्न सक्ने 'म' पात्रले अपराधी समाजमा आफू पनि उसकै समकक्षी रहेको बोधमा मर्माहत हुनपुगेको छ । प्रभुत्वशाली पिँढीबाट मात्र होइन सवर्गी पिँढीबाट पनि महिलाले लैङ्गिक उत्पीडन झेलिरहेको अवस्थामो अनुभूति पियन केटोले पनि आफ्नी आमाका सन्दर्भमा सँगालेको छ र त्यो संस्मरण 'म' पात्रसमक्ष यसप्रकार अभिव्यक्त छ,

मलाई स्वास्नीमान्छेहरूप्रति सहानुभूति छ, ... मेरी आमा एउटा पशु जस्तो लोग्नेलाई स्याहारेर बस्थी, कमाएर खुवाउँथी । यस्ता घटनाहरू इतिहासका पर्दापछाडि हुर्कन्छन् । एक त मजदूर

स्वास्नीमान्छेको अभाव, अभावसँग जुभ्नुपर्ने, रिभ्राउनु र शारीरिक सुख दिनपर्ने । दुर्घटनाग्रस्त भइसकेपछि आफ्नो पंगुपनको क्षतिपूर्ति नपाएर समाजलाई प्रतिशोध तिर्नसकी भोको बाघजसतो भएको लोग्नेको तिरस्कार, घृणा, रिस, गाली र अन्धाधुन्ध भटारो खाएर आफूलाई धान्ने गर्थी । योभन्दा बढी दुष्कर जीवन तिमीले कतै देखेका छौ ? (पृ.३०) ।

तत्कालीन राज्यव्यवस्थामा चरम गरिबी भेल्दै एक्लैले सम्हाल्नुपरेको घरगृहस्थी र कमाउने अभिभारा, त्यसमाथि लोग्नेबाट चरम उत्पीडन समेत भेल्नुपरेको पियनकी आमाको यस दुर्दशामा वर्गीय उत्पीडनसँगसँगै लैङ्गिक उत्पीडनसमेत भेलिरहेका सीमान्तकृत महिलाहरूको अवस्था एकाकार भएको छ। उपन्यासमा सीमान्तकृत अर्की पात्र लाटी पनि हो। लाटी जो गोल्ड्याङ्ग्री नामले चिनिन्छे; मागेर जीवन निवार्ह गर्छे; देवललाई बासस्थान बनाएकी छे । ऊ 'म' पात्र तथा स्यामोको मन बहलाउने, सुखदुःख बुभ्ने साथी पनि हो । आफ्ना सङ्गतका मान्छेको वास्तविक बानीबेहोरा ठम्याएर मान्छे चिन्ने सामर्थ्य बोकेकी स्वतन्त्र, डररहित, एकल हिपी जीवन जिउने आँट भएकी लाटीको व्यक्तित्व 'म' पात्रका लागि रहरलाग्दो छ (पृ.६५) । यी सबै भएर पनि आफूमाथिको वर्गीय तथा लैङ्गिक उत्पीडनप्रति भने लाटीमा कति पनि सचेतता देखिएको छैन । विद्यमान सामाजिक व्यवस्थालाई नै उसले सहज रूपमा ग्रहण गरेकी देखिन्छ। यस्तै कान्छी स्वास्नी बनाएर राख्ने भ्रम छर्दै काँचका चुरा र चुरोटको खिल्लीको आकर्षणमा भुलाएर यौनेच्छा पूर्तिको साधनका रूपमा स्यामोलाई प्रयोग गर्नखोज्ने महिला उत्पीडनकारी हवल्दारको कुचेष्टा स्यामोले ठम्याउन सकेकी छैन । अतः उपन्यासमा देवललाई बासस्थान बनाएकी लाटी अर्थात् गोल्ड्याङ्ग्री र होटेलमा भाँडा माभ्रेर जीवन अड्याइरहेकी स्यामो यी दुवै किशोरीहरू आफ्नो भन्ने परिवार र घरवास नभएका अति विपन्न नारी प्रतिनिधि हुन् र यी पनि पुरुषको वासनात्मक कुचेष्टाबाट मुक्त नरहेको स्थितिलाई उपन्यासमा प्रस्तुत अनुभूतिका संरचनाले पुष्टि गरेका छन् ।

उपन्यासमा उपस्थित सबैजसो महिला पात्रहरू पुरुषसत्ताको संस्कृतिद्वारा अधीनस्थ छन् । आफूमाथि भएगरेको लैङ्गिक दुराग्रहपूर्ण व्यवहार, लैङ्गिक शोषणलाई ठम्याउनै सकिरहेका छैनन् । तिनमा नव संस्कृतितर्फको उन्मुखताको चेत कति पनि पलाउने अवस्था निर्माण भएको देख्न सकिँदैन । यसप्रकार सबै कोणबाट सीमान्तकृत प्रतिनिधि पात्रहरू 'म' पात्रकी आमा, किशोरी द्वय तथा पियनकी आमामार्फत तत्कालीन राज्यव्यवस्थामा लिङ्गगत उत्पीडनसमेत थप भेलिरहेका नारी दुर्दशाका परिप्रेक्ष्यमा पञ्चायत कालखण्डको उत्तरार्द्धसम्म नै पुरुषसत्ताको जब्बर अवस्थितिलाई प्रकट गर्ने प्रयोजनमा उपन्यासमा अनुभूतिका संरचनालाई प्रस्तुति दिइएको छ। पारिजात बाँचेको तत्कालीन काठमाडौँली सामाजिक संरचना सामन्तवादी सबैखाले भेदभावयुक्त रहेको र मूलधारमा रहेको पुरुषसत्ताको संस्कृतिमा पुरै गाँजिएको यथार्थमा निर्मित अनुभूतिको संरचनालाई *बैँसको मान्छे* उपन्यासमा प्रभावकारी अभिव्यक्ति दिइएको छ। राजधानीको सहरी परिवेशमा वसोवास गर्ने भए पनि वर्गीय अधीनस्थताका कारण शिक्षार्जनबाट पूर्ण वञ्चित रहेको नारी समुदायलाई प्रतिनिधित्व गर्ने पात्रहरू उपन्यासमा प्रस्तुत गर्दै ती कसैमा पनि पुरुषसत्ताको

संस्कृतिमा आफूहरू शासित र शोषित रहेको अनुभूति निर्माण हुन नसकेको स्थिति प्रकट गरिएको छ । उपन्यासमा तत्कालीन राजधानीको परिवेशमा उद्बोधन भइरहेको लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोधी चेतको अनुभूति निर्माण गर्नसक्ने प्रतिनिधि पात्रको प्रस्तुतिमा र लैङ्गिक उत्पीडनका अनुभूतिलाई महिला पात्रकै माध्यमबाट प्रस्तुत गर्नमा भने लेखक चुकेकी छन् । अनुभूतिका संरचनामार्फत लैङ्गिक उत्पीडनको संस्कृतिलाई मिहिन रूपमा केलाउने महिला लेखकीय सामर्थ्य भने उपन्यासमा प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा वर्गीय र लैङ्गिक परिप्रेक्ष्यका अधीनस्थ पिँढीगत अनुभूतिलाई मात्र होइन; तत्कालीन देश अवस्थाको अन्तर्यसम्म पुगेर युवा पिँढीमा आफूले भोग्नुपरेको उत्पीडन विरुद्धको चेतको उद्बोधन भइसकेको अवस्थालाई पनि उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचनाले सम्बोधन गरेको छ । यसरी व्यक्तिगत चिन्तनबाट सामाजिक चिन्तनतर्फको लेखकीय अग्रसरताको यात्राको थालनीलाई *बैँसका मान्छे* उपन्यासमा अभिव्यक्त अनुभूतिका संरचनाले प्रकट गरेका छन् जसमा अधीनस्थ पिँढीमैत्री लेखकीय विश्वदृष्टि पनि अभिव्यञ्जित भएको छ । साथै, त्यस कालखण्डको अकर्मण्य पञ्चायती व्यवस्थालाई नामेट पार्ने ४६ सालको जनआन्दोलनसम्म पुग्नु अघिको कडी बनेको ३६ सालको विद्यार्थी आन्दोलन भन्दा अघिल्लो दशकमा नै निर्माण हुन थालिसकेको क्रान्तिचेतलाई 'म' पात्र तथा 'पियन' केटोमार्फत प्रस्तुति दिन तिनमा निर्मित अनुभूतिका संरचनाहरू सक्षम देखिन्छन् । यहाँनेर लेखक तत्कालीन देशअवस्थाको गहिराइमा पुगेर युवामा उदाउँदो चेतलाई तिनका अनुभूतिमार्फत व्यक्त गर्न सक्षम देखिन्छन् । विलियम्सका अनुसार पूर्व उदीयमान पिँढीका अनुभव सामाजिक संरचनामा देखिन सुरु गरेको परिवर्तनसँग सम्बद्ध हुन्छ । अतः त्यो वैयक्तिक तहमा मात्र सीमित नभई सामाजिक अनुभवको सुरुवातका रूपमा हुन्छ (सन् २०१०, पृ.१३३) । उपन्यासमा प्रस्तुत 'म' पात्र तथा 'पियन' केटोमा विलियम्सले चर्चा गरेअनुसारको पूर्व उदीयमान पिँढी र युवा पिँढीगत विशेषता अटाउन सकेका छन् । यसरी २०२८ आसपासको नेपाली सामाजिक संस्कृति जससँग जोडिएका अर्थ, राजनीति, शिक्षा, प्रशासन यावत् पक्षका सापेक्षमा आफूले भोगिरहेको शासनव्यवस्थामा देशको दुर्दशापूर्ण अवस्था दर्साउँदै युगचेतलाई अभिव्यक्ति दिन उपन्यासकार पारिजात सफल देखिएकी छन् ।

## ४.६ *आगत* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिका संरचना

*आगत* उपन्यासमा राणाकालीन अन्तिम प्रहरको सामन्तवादी सामाजिक परिवेशलाई विषयसन्दर्भ बनाइएको छ । उपन्यासले मुख्यतः पश्चिम तराईको जमिनदारी प्रथाको आर्थिक संरचनालाई समेटेको छ । त्यस परिप्रेक्ष्यमा शासकीय प्रभुत्वमा निम्नवर्गीय पिँढीका साथै आर्थिक उत्पीडन बेहोरिरहेको जमिनदार पिँढीसमेतका अनुभूतिका संरचनाले उपन्यासका प्रस्तुति पाएका छन् । त्यसै गरी उपन्यासमा लैङ्गिक उत्पीडन तथा चाकरीप्रथाका परिप्रेक्ष्यमा निःसृत लेखकीय

अनुभूतिका संरचनाहरूले पनि कलात्मक स्वरूप प्राप्त गरेका छन्। उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीका ती सन्दर्भका अनुभूतिका संरचनालाई यहाँ क्रमशः विश्लेषण गरिएको छ।

### ४.६.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

राणाकालीन राज्यव्यवस्थामा आम जनताले बेहोर्नु परिरहेको आर्थिक उत्पीडनले प्रस्तुत उपन्यासमा पश्चिम तराईका परिप्रेक्ष्यमा सशक्त अभिव्यक्ति पाएको छ। शासकीय स्वार्थका कारण भारतीय नयाँ जमिनदारको प्रवेश त्यहाँका जनताका लागि थप कहर बन्नपुगेको छ। तिनको थातवास गुमेको छ। यसरी त्यस सीमाञ्चल गाउँका आम जनता अधीनस्थ हैसियतमा छन्। ती सीमावारि राज्यपक्षको बेवास्ता र पारिबाट आएका नयाँ जमिनदारको ज्यादती एकसाथ बेहोर्न बाध्य छन्। तत्कालीन राज्यमा अधीनस्थ दशामा रहेका निम्नवर्गीय पिँढी/समुदाय मात्र होइन, पश्चिम मधेस क्षेत्रका पुर्ख्यौली रूपमा जमिनदारी सम्हाल्दै आएका सम्पन्न वर्ग पनि मूलधारको शासक पिँढीबाट अधीनस्थ दशामा छ। सरकारलाई बुझाउन बाँकी थोरै मालपोतकै निहुँमा तिनको जमिनदारी खोसिने अवस्था छ। यसप्रकार शासकीय उत्पीडनकारी चरित्रका कारण एकाएक झेल्नु परेको आर्थिक दुरवस्थाले जमिनदारी गर्दै आएको पिँढी नै अधीनस्थ पिँढी बन्नु परेको अवस्था छ (पृ.१०१-०२)। उपन्यासमा यस्तै विशिष्ट अवस्थाको अधीनस्थ पिँढीको प्रतिनिधित्व शर्मा परिवारले गरेको छ।

*आगत* उपन्यासमा सम्भ्रान्त वर्गको प्रतिनिधित्व गर्ने जमिनदार पिँढीविशेषलाई प्रमुख भूमिकामा राखेर कार्यभार सम्हाल्ने जिम्मेवारी प्रदान गरिएको छ। राणाकालीन सामन्ती राज्यव्यवस्थालाई डोऱ्याउने जमिनदारी प्रथा र त्यसलाई सञ्चालन गर्ने सबै जमिनदारहरू खराबमात्र हुँदैनन्; तीमध्ये कतिपय मानवीय भावले ओतप्रोत भएका पनि हुन्छन् भन्ने लेखकीय समाजबोधले उपन्यासमा अभिव्यक्ति पाएको छ। शर्मा परिवारले सरकारी मालपोत बुझाउन भनी तोकिएको वार्षिक म्यादको दिन क्रमशः नजिकिनु, त्यस प्रान्तमा पनि दरिद्रताकै परिव्याप्ति हुनु, रुपियाँको कुनै प्रबन्ध हुननसक्नु, वाणिज्य गतिविधि पनि लगभग शून्य स्थितिमा रहनु, सीमापारिका व्यापारीमाथिकै निर्भरता हुनु जस्ता सन्दर्भको अभिव्यक्ति उपन्यासमा भएको छ। त्यसै गरी वैश्विक आर्थिक मन्दी र अन्नको सस्तो बेसाहाले जमिनको मूल्य न्यून हुनुले प्रशस्त जायजेथा भए पनि बेच्नखोज्दा पनि मूल्य नपाउनु र धितोमा राखेर ऋण काढ्न नसकिनु आदि जस्ता विषम परिस्थितिमा सरकारी मालपोत तिर्नका लागि हजारौँ रुपियाँ जुटाउन चल्ती पुँजीका अभावमा कृषिजीवी शर्मा परिवारलाई पनि धौधौ परेको अवस्था छ। त्यस परिप्रेक्ष्यमा हुनेखाने शर्मा परिवारले नै पनि अधीनस्थ दशाको अनुभूति साँच्नुपरेको विशिष्ट अवस्थाले उपन्यासमा प्रस्तुति पाएको छ (पृ.१०१)। शासकीय दुष्प्रवृत्तिका कारण शर्मा परिवारले सरकारलाई बुझाउन बाँकी थोरै मालपोतका निहुँमा अन्ततः तिनको जमिनदारी खोसिनुसँगै अधीनस्थ दशामा हेलिँदै वर्गीय उत्पीडनन्य अनुभूति सँगालिरहेको विशिष्ट परिप्रेक्ष्यलाई उपन्यासमा प्रस्तुति दिइएको छ।

जनमुखी चिन्तनको शून्यतामा राणाकालीन राज्यव्यवस्थामा जनता आर्थिक रूपमा झन् उत्पीडित रहेको अवस्थाबारेको लेखकीय अनुभूति प्रस्तुत उपन्यासमा यसप्रकार अभिव्यक्त छ, "घुम्म परेको ...फलतः निर्धन कृषक प्रजाको जमीन जेथा जतिसुकै मूल्यको भए पनि अत्यल्प सरकारी मालपोत बकियौताको नगण्य मूल्यमा नै लिलाम लिन पनि थालेका थिए र विदेशीहरूले धमाधम लिज पनि थालेका थिए। यसरी क्रमशः प्रजाको बास-उठा भइरहेको थियो" (पृ.१०१-०२)। यसरी उपन्यासमा देशको समग्र अर्थतन्त्र जर्जर रहेको राणाशासनकाल अवसानको घडी निकट रहेको अनुभूतिमा अत्तालिँदै सत्ता सम्हाल्ने नयाँ राणा शासक निजी ढुकुटी भर्ने ध्याउन्नमा 'जो हात सो साथ'को अर्थोपार्जनको रणनीतिमा जुनसकै अनैतिक बाटो रोज्न पनि तत्पर रहेको अवस्थाले अभिव्यक्ति पाएको छ। त्यस सन्दर्भमा शर्मा परिवारले सम्हाल्दै आएको गोसाइँपुर (कपिलवस्तु) को जमिनदारी खोसेर अत्यन्त न्यून मूल्यमा भारतीय बनियाँको हातमा लिलामीमा सुम्पिएको अवस्थाले सिँगो गोसाइँपुरवासी आर्थिक उत्पीडनमा परेको छ; शर्मा परिवार आफ्नो थातथलो गुमाउनुको पीडाले आहत भएको छ भने सबैभन्दा बढी आर्थिक उत्पीडनको मार चरम गरिबीमा रहेका आम जनतालाई परेको छ। झन् सीमापारीका नाफाकेन्द्री व्यापारीका हातमा थोरैमात्र मालपोत तिर्न बाँकी हुँदा पनि जग्गा नै सुम्पिनु परेको स्थितिमा प्रजा हैसियतमा राखिएका नेपालीले गासवास नै गुमाउनु परेको अवस्थाविशेषका ज्यादै मार्मिक अनुभूतिले उपन्यासमा संरचनात्मक स्वरूप प्राप्त गरेको छ। त्यसै परिप्रेक्ष्यमा जग्गा लिलामीमा परी सर्वस्व गुमाउँदै निम्नवर्गीय प्रतिनिधि गोबरहवा भारतको नौतनवामा पुगेर मजदुरी गर्न बाध्य भएको छ। कुल्ली हुनु पर्दा पुर्ख्यौली किसान हुनुको स्वाभिमान गुमाउनुको आहतले कोही गाउँबासी भेट्दा उसले रोदनमा आफ्ना मानसिक उत्पीडनलाई अभिव्यक्ति दिनपुग्नु स्वाभिमान आहतको विशिष्ट दशा हो (पृ.१९७)। त्यस बेला आर्थिक कठिनाइले गाउँ युवाविहीन हुनुपरेको अनुभूतिका संरचनाले उपन्यासमा आख्यानकारमार्फत यसप्रकार अभिव्यक्ति पाएको छ,

> सरकार, अब त आफ्ना बाबुबाजेको खेतका साना दुई टुक्राको मायाले पनि जो घमण्डसाथ बसेका थिए, उब्जा अन्नको कमीमा गाउँमा रोपाइँ, कटाइ, कोडाइ गरी आफ्नै थलामा आबाद थिए, पुर्ख्यौली झुप्रोको राजा भएर गाउँका सुखदुःखका साथीभाइ थिए, त्यस्ता धेरै बिचरा गइसके। परिआएको बेला बखतमा गाउँमा मरमद्दत गर्ने छाप्रो उठाउने पाँच दश जवान पाउन अब गाहारै भएको छ। (पृ.१९७)

यसप्रकार राणाकाल अवसानको त्यस निकट घडीमा मूलधारको शासकीय दुश्चक्रमा परी पश्चिम तराईको सीमाञ्चल क्षेत्रका विपन्न मधेसी नेपालीहरू सामन्तवादी अत्याचारका कारण गाँसवास गुमाउन पुगी काममामकै जोहोका लागि छिमेकी मुलुकको आश्रय लिनु परेको विडम्वनामा निम्नवर्गीय नेपालीले आफ्नो पुर्ख्यौली थातवास छोड्नुको पीडानुभूतिले पनि उपन्यासमा अनुभूतिको संरचनामा प्रस्तुति पाएको छ। कठिनग्रस्त आर्थिक स्थितिमा पनि शर्मा

परिवारलाई बिदा गर्ने बेलामा गोसाइँपुरबासी गरिबहरू ठुलाबडाप्रतिको संस्कारजन्य उदारता उपन्यासमा यसप्रकार प्रकट भएको छ,

> अन्ततः गोसाइँपुरबाट बिदा हुने दिन आइपुग्यो । आजको एक दिनमात्रै बाँकी छ, भोलि बिहान नौ बजे नै गोसाइँपुर छोड्ने साइत छ । त्यस एकदिन अघिदेखि नै इलाकाका रैती, ठेकेदार र अन्यका साथै आइमाईहरूसमेत आउँदै भेट्दै रुँदै गए । अन्तिम भेटमा आउनेहरूले कुनै न कुनै वस्तु, फलफूल, रुपियाँ-पैसा, अझ इलाकामा मौजा नै ठेक्कामा लिई खेती गर्ने चार-छ जना ठेकेदार-रैतीहरूले गिन्नी अशर्फीसमेत ल्याउँदै, चढाउँदै गए । (पृ.५९५)

हुनेखाने वर्गलाई दिइने उच्च सम्मानमा भएमात्र खानपाउने वर्गले थप आर्थिक व्ययभार बेहोर्नुपर्ने अवस्थाले उक्त अनुभूतिको संरचनामा अभिव्यक्ति पाएको छ र अनुभूतिको यस प्रस्तुतिमा राणाकालीन सामाजिक संस्कृति कत्ति पनि गरिबमैत्री नभएको अवस्था उद्घाटित छ ।

प्रस्तुत उपन्यासले नेपालभित्रको पश्चिम तराई प्रान्तको त्यत्तिखेरको वाणिज्य गतिविधिको शून्यता, सीमापारिका व्यापारीमाथिकै निर्भरता, आर्थिक मन्दी र सस्तो बेसाहाले आक्रान्त तत्कालीन अवस्थासमेतले अधीनस्थ पिँढीका अनुभूतिका माध्यममा प्रस्तुति पाएको छ । त्यस परिस्थितिमा सरकारी मालपोत तिर्नका लागि हजारौँ रुपियाँ जुटाउन चल्ती पूँजीका अभावमा कृषिजीवी शर्मा परिवारलाई धौधौ परेको छ । प्रशस्त जायजेथा भए पनि बेच्दा मूल्य नपाउने र धितोमा राखेर ऋण काढ्न नसकिने स्थिति छ जसले गर्दा शर्मा परिवारले अधीनस्थ दशाको अनुभूतिमा प्रशस्त दबाब र तनाव झेलिरहेको छ । यसै परिप्रेक्ष्यमा रत्तीभर उठाउन नसकिएको मालपोतसमेत जमिनदारको जायजेथालाई लिलाम गराई असुलउपर गर्ने तत्कालीन सरकारी रणनितिमा नामले मात्र जमिनदार र कामकारवाहीले रैती भएको अनुभूतिमा बिस्नुले लेखनाथ बाजेसामु यस्तो अभिव्यक्ति प्रकट गरेको छ, “काका, म त के भन्दछु भने हामीहरूको नाउँ जिम्मेदार राखिदिए त्यही नै बेस हुने थियो । साँच्चै भनौँ भने हाम्रो नेपालमा सारा देशको जिमीदार एउटै हो-श्री ३ महाराज र महाराज खान्दान ! अर्थात् राणा ! होइन ?” (पृ.१०४) । यसरी प्रभुत्वशाली पिँढीगत हैसियत श्री ३ राणा खलकको मात्र भएको र आफूहरू तिनकै कारण अधीनस्थ रहेको अनुभूति बिस्नुले सँगालेको छ । त्यस्तै अनुभूति छोटे सरकारको पनि रहेको सन्दर्भ उपन्यासमा यसप्रकार प्रस्तुत छ,

> तिमी काम गर्ने, बाँच्ने ... त्यो थियो ‘जिम्मेदारी’ । हाम्रो जिमीदारी जान आँटेको छ र त्यो किनभने रैतीहरूमाथि निर्दयता नगरी, रुपियाँ असुलउपर नगरेरै, गर्न नसकेरै लागेको हामी माथिको बाँकीमा ? होइन र ? अर्थात् जुन जिम्मेदारी सुम्पिएको थियो त्यही पूरा गरिएन, सारालाई बेवतन, निर्धा पारी रुपियाँ असुल गरी राणाहरूको ढुकुटी भर्न सकिएन । यत्तिकै अपराध हाम्रो होइन र ? (पृ.४७९)

रैतिप्रति राणा शासकझैँ क्रूर, निर्दयी र उत्पीडनकारी हुन नसक्दा जमिनदारी गुम्ने स्थिति रहेको अनुभूति छोटेसरकारले सँगाल्नु परेको छ । शासकको चाकरी नपुगेरै जमिनदारी गुमाउनु पर्ने अवस्था सिर्जना भएको बारे लेखनाथ बाजेद्वारा शर्मा परिवारका हरेक सदस्यहरूलाई बारम्बार घच्घच्याइनु, अन्ततः बडेसरकार वैद्यानाथ धामको तीर्थप्रवासबाट सोझै काठमाडौँ आएर श्री ३ को चाकरीमा संलग्न हुन थाल्नु पनि अधीनस्थ पिँढीगत अवस्थाकै उदाहरण हो (पृ.१३०) । त्यस्तै, श्री ३ को चाकरीका लागि टुँडिखेलमा उपस्थित ठुलो जन घुइँचो, दर्शनाथको होडबाजीमा ठेलमठेल, लज्जाजनक उद्विग्नता, आवेशसहितको परिदृश्यमा बिस्नुले सँगालेको अनुभूतिले चाकरीमा संलग्न जनमनको अधीनस्थ दशालाई निकै राम्ररी सम्बोधन गरेको छ (पृ.१६३) । त्यसमा सामन्तवादी शासन व्यवस्थामा आम जनताले 'स्वत्व' गुमाउन पुगेको र अधीनस्थताको पराकाष्ठास्वरूप 'रैती' हैसियतमा रहनुपरेको अवस्था पनि उदाङ्गो भएको छ ।

सुरुमा शर्मा परिवारको रियासतका रूपमा रहेको गोसाइँपुरको आठदश गाउँको पूर्वी इलाका मालपोतका रूपमा तिनै बाँकी ५ हजारमात्र रहँदा पनि श्री ३ को निगाहमा मुगलानको बनियाँलाई सुम्पिएको अवस्था छ (पृ.११०) । त्यस स्थितिमा जमिनदार परिवारको भन्दा पनि बिजोग त्यहाँका गरिब र कङ्गाल रैतीहरूको भएको छ । नयाँ जमिनदारबाट गाउँलेहरूले भोग्नुपरेको दोहन र शोषणको अवस्थाले रामअधीनमा यस्तो अनुभूति निःसृत भएको छ,

> सरकार, कच्ची एक दुई विगाहा आफ्नो जग्गाकै भरमा खाननपुग्ने भए पनि गाउँमा रोपाइँ कटाइको मजूरी गरी पेट भर्ने रैतीहरूमध्येका पनि धेरै उजे्रर गए । तिर्नेका जग्गा जमीन चार छ रुपियाँ बाँकीमा नै अलिकति पनि दयामाया नराखी लिलाम बालेकुत गरी लियो । बिचराहरू भागेर मुगलानियाँ भए । (पृ.१९६)

गरिबीमा थिल्थिलिएका गाउँलेहरूले भएको उब्जनी पनि नयाँ जमिनदारद्वारा तिर्न बाँकी न्यून रकमको मालपोतका निहुँमा तिर्नुपरेको छ । तिनका थोरै जग्गाजमिन लिलामी गराइएको छ । हातमुख जोर्नै नसक्ने भएपछि ती मुगलान छिर्न बाध्य भएका छन् । आफ्नो ठाउँमा किसान हैसियतमा रहेका नेपाली परदेशमा कुल्ली भएर काम गर्नुपर्दा हीनताबोधले ग्रस्त भएका छन्; लज्जाबोधको अनुभूति सँगाल्न विवश छन् । परिआएको बेलामा गाउँमा सहयोग गर्ने पाँच दश युवा पाउन पनि कठिन भएको अवस्था छ (पृ.१९७) । यसरी त्यस गाउँमा बाँकी निम्नवर्गीय वृद्ध पुस्ता र बाल पुस्ता अनि परदेसिएका समवर्गकै युवा र प्रौढ पुस्ता सबै नै वर्गीय पीडाले तनावग्रस्त छन् । त्यस अधीनस्थ पिँढीको निम्नवर्गीय जीवनदशा लेखकीय अनुभूतिमा पनि उपन्यासमा यसप्रकार अभिव्यक्त छ, "त्राहि त्राहि गरिरहेको त्यस इलाकाका कैयन् रैतीहरू गोसाइँपुर आए, रोए कराए, आँसु बगाए र नयाँ जिमीदारबाट आफ्ना छोरा छोरी जहान, स्वास्नी, गाई, वस्तु साराका जात्रा गराइएको क्लेश कथा तिनीहरूले बयान गरे । अनि आँसु लिएर निठुरी आगतकै स्वागत गर्न फर्के" (पृ.१११) । यसरी आफ्ना पुराना जमिनदारबाट आश्वासन मात्र लिएर

फर्केका निमुखा जनले निष्ठुरी आगतलाई स्वागत गर्नुबाहेक अर्को विकल्प रहेकै देखिँदैन । त्यस्तै, धरती र धरती पुत्रप्रति पूर्ण उदासीन हुँदै राज्य नै दलाल बनिदिँदा जमिनका रखवाला बनेका जमिनदार परिवारसमेतको उठिबासको अवस्था सिर्जनाभएको अवस्थाबारे छोटे सरकारमा निर्मित अनुभूतिको संरचनाले पनि यस तथ्यलाई प्रकाश पारेको छ (पृ.२००) । यसरी राणाकालमै पनि पहिले कहिल्यै नभएको प्रचलन पछिल्लो राणा शासकले सुरु गरिदिँदा त्यहाँका जमिनदार, रैती सबै चरम आर्थिक उत्पीडनमा परेका छन् । शासक नै दलाल बनिदिँदा धरती र धरतीपुत्रमाथि घोर अन्याय भएको छ । नारीलाई वेश्या बनाएर अपमानित गर्ने पितृसत्ताधारी हिंस्रक पुरुषको झैँ शासकीय कदमले नेपाल धर्तीको लाज इज्जत नै बेचबिखन हुनपुगेको मार्मिक अनुभूति छोटे सरकारले सँगालेको देखिन्छ । यसप्रकार जनाधार पाएको त्यस प्रतिष्ठित जमिनदार परिवारसमेत सामन्तवादी प्रशासनिक संरचनाको वर्गीय शोषणको रणनीतिमा परी अन्ततः देशबाटै निर्वासित हुनुपरेको अवस्था छ (पृ.५९७) । यसप्रकार वर्गीय अधीनस्थ पिँढीगत दशाालाई अनुभूतिका संरचनामा प्रस्तुत उपन्यासले सशक्त अभिव्यक्ति दिएको छ ।

## ४.६.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

राणाकालीन सामन्तवादी पुरुषसत्ताको संस्कृतिमा महिला पिँढी पुरुष पिँढीद्वारा सहजै अधीनस्थ रहने यथार्थलाई *आगत* उपन्यासले पनि समेटेको छ । काठमाडौँको पितृसत्तात्मक नेवार परिवारमा दोस्रो श्रीमती भएर भित्रिएकी सम्झना अनमेल विवाहको परिणति भोग्न विवश छे । प्रथम अनुरागमा उसको सौन्दर्यबाट निकै प्रभावित रहेका श्रीमान्ले साक्षर मात्र रहेकी उसलाई विदुषी समेत बनाउने चाहना गरेको छ र उसलाई पढाउनमा रुचिपूर्ण सहयोग गरेको छ तर पछि श्रीमतीको रूपसँगै बुद्धि पनि र उसको सुरुचिसम्पन्नताका तुलनामा आफूमा अल्पताबोध गर्दै ऊप्रति क्रमशः रुखो र क्षुब्ध बन्दै गएको छ; उसले पढेको देख्नै नसक्ने भएको छ (पृ.१८१) । पुरुषसत्ताको संस्कृतिमा महिला रूपवती भएर श्रीमान्द्वारा अधीनस्थ रहने अवस्था रहेसम्म ठिकै छ; विदुषीसमेत भइदिँदा भने श्रीमान् त्रसित हुने अवस्था सिर्जना हुनसक्छ भन्ने उदाहरण सम्झनाका श्रीमान्को व्यवहारमा प्रस्तुत छ । श्रीमतीको आफूसितको बफादारिताप्रति नै अविश्वस्त हुँदै ऊ निरन्तर शङ्कालु हुन थालेको छ । झन् लामो समयसम्म रोगले थलिएपछि रुग्ण मनस्थिति समेतमा ऊप्रति ईर्ष्यालु बन्दै गएको छ । यसरी रोगी श्रीमान्को स्याहारसुसार, आर्थिक कठिनाइ र श्रीमान्को उपेक्षा यी सबै कारणले सम्झनाले पर्याप्त दबाब र तनाव झेल्नुपरेको छ । चिन्ता, क्लेश, झर्को र घृणाको वातावरणमा निरन्तर आफूलाई पाउँदा स्वयम्प्रतिको निःसारताले छोपिएको अनुभूति सँगाल्न ऊ विवश छ (पृ.१८२) । श्रीमान् नबाँच्ने बोध गरिसकेपछि जुन रूपमा पनि नारी अधीनस्थ रहने अवस्थासँगै आफ्नो असुरक्षित भविष्यको अनुभूतिलाई सम्झनाले गोपालसमक्ष यसप्रकार व्यक्त गरेकी छ,

लुकाउनुपर्ने केही छँदै छैन । ठिक्क भन्नुस्न, कति बजे आइपुग्ने ? उहाँको चिन्ता पीरको जम्मै कुरा सुन्न र सकार्न म पनि मौजूदै रहन चाहन्छु । मरिसकेपछि बाँध छाँद अथवा दण्ड-सजायँका कुन बन्दोबस्तमा मलाई कसरी बस्नुपर्ला, फेरि पोइल गएँ भने घरको सिक्कापर्यन्त मेरो हातमा नपरोस् वा यसै घरमा बसी उहाँको प्रेतमाथि मैले नै प्रेतिनीको मोज गर्न नपाउने परिबन्द कसरी के के मिलाउनुपर्ला जम्मै कुरा मैले नै थाहा नपाए त्यस अनुसार आफूलाई कसरी पार्न सकुँला ? (पृ.१४२)

नैराश्यपूर्ण परिस्थितिमा आक्रोशमा निर्मित समभ्रुनाको यस अनुभूतिको संरचनामा जवान विधुवी महिलाप्रति समाजले राख्ने अविश्वासको दृष्टिकोण प्रतिबिम्बित भएको छ । सुन्दर र जवान श्रीमतीको श्रीमान्को अविश्वास र ज्यादति मर्नुअघि उसलाई आफ्नो घरसम्पत्तिको उत्तराधिकारिणी नबनाएबाटै प्रस्ट हुन्छ । उसलाई बिहे गरी भित्र्याइएको घरमै श्रीमान्को मृत्युपछि ऊ बेसाहारा बन्नुपरेको दशा उपन्यासमा यसप्रकार अभिव्यक्त छ, "सम्भ्रुनाका एकजना माया गर्ने दाइ पनि अवश्यमेव छन्, तर आफ्नै घरवालाको कुनै सहायता अवलम्बन केही पनि उसलाई प्राप्त छैन । प्रोफेसर साहेबले पनि केही छोडेर जानुभएनछ । काशी आउने एकजना छिमेकीको परिवारसँगै ऊ यहाँ आएकी छ" (पृ.२५०) । यसरी अन्यौलग्रस्त जीवनावस्थामा सम्भ्रुना काशी पुगेकी छ ।

पितृसत्ताको त्यस सामाजिक संरचनामा राम्री भएकैले श्रीमान्, घर, परिवार, समाज जताततैबाट पाइलापाइलामा अविश्वास भ्रेलनुपर्ने र हरदम शङ्काको घेरामा बन्धित रहने नारीजीवन विधुवी स्वरूपमा अभ्र अविश्वासपूर्ण र दुष्कर बनिदिने अनुभव सम्भ्रुनाले पटकपटक सँगालेकी छ (पृ.४१७) । पछिल्लो चरणमा बिस्नु र सम्भ्रुनाले परस्पर एक अर्कालाई मन पराउन थालेका छन् (पृ.५१८) । ती दुईबिच मायाको सम्बन्ध समाजमा स्थापित हुँदैन भन्ने बोध पनि दुवैलाई छ । काशी छाडेर गोसाइँपुर फर्केपछि बिस्नुले त पारिवारिक मर्यादा र सहाराले घेरिएर सहज जीवन डोऱ्याउन सक्नेछ तर माया, मोह, सहारा र गन्तव्यविहीन सम्भ्रुनाको अवस्था उसकै अनुभूतिमा उपन्यासमा यसप्रकार व्यक्त छ, "जान थाल्यौ, फेरि भेट्न पाउने हो कि होइन, कुनै ठेगान छैन । ... म एउटी जाबो आइमाई हुँ, कोही पनि आफन्त छैन, कतै कुनै मोह, माया छैन । यस रूपको महिमाले अनेकन पटक वासना-दृष्टिको आघात अवश्यमेव सहेकी छु, तर ..." (पृ.५१६) । यसरी विधवा विवाह वर्जित रहेको त्यस सामन्तवादी संस्कृतिमा सामाजिक मर्यादाका नाममा यौवनावस्थामै आफ्नो इच्छित यौनजीवनलाई समेत तिलाञ्जलि दिनुपर्ने अवस्था नारी भएकैले एकातिर सम्भ्रुनाले भ्रेल्नु परेको छ भने अर्कोतिर अनपेक्षित पुरुषको वासनाको सिकार बन्नुपर्ने अर्को भय पनि छँदैछ र अनिश्चित भविष्यमा हेलिनु पनि परेको छ । उसका यी मार्मिक जीवनानुभूतिमा लैङ्गिक विभेदको सामाजिक संरचना मूर्त भएको छ । लैङ्गिक अधीनस्थताको नारीजीवनमा नगण्य दयामायाका अनि ज्यादाजसो कठोरता र घृणा सम्हाल्नुपरेको सम्भ्रुनाको अधीनस्थ पिँढीगत अनुभूति उपन्यासमा यस्तो रहेको छ,

कम्ती नै छ, ... मेरो निम्ति धर्म-कर्म, पाप-पुण्यलाई समेत मेरो जिन्दगीले नै व्यर्थ पारिसक्यो । मैले बिराएकै के थिएँ र ? मेरो जन्म आफूखुशीको कुरो थिएन । रूप औ गुण पनि मेरै वशका थिएनन् नि ! तैपनि बाबु, मैले अपमान, कम्ती बेथा र ताडना यस जीवनमा पाएकी छैन, बाँचे, मरिनँ, अपहत्ते गरिनँ । (पृ.५०४)

नारी वा पुरुष भएर जन्मनु, रूप र गुण प्राप्त गर्नु-नगर्नु मानिसको वशको कुरा नभए पनि नारी हुनु र विधवा हुनुको नारी नियतिमा गुण र रूप नै पनि दोष बनिदिने तत्कालीन सामाजिक अवस्था यहाँनेर जीवन्त बनेको छ । उपन्यासमा अधीनस्थ पिँढीगत अनुभूति कनकले पनि सँगालेकी छ । खुला विचारले डोरिएकी कनकलाई परम्परित संस्कृतिको कथित आदेशको पालनामा दत्तचित्त परिवारमा समायोजन हुन उसलाई सुरुसुरुमा गाह्रो परेको छ । यस सन्दर्भका उसका अनुभूतिका संरचना देवर बिस्नुलाई लेखेको चिठीमा यसप्रकार व्यक्त छ,

मलाई बेसै छ । जे जति छ त्यसलाई बेस नै पारिराख्ने मेरो विश्वास तिमीलाई थाहै छ । ... हाल खबरमा कुन कुरो भन्नुछ भने आमाको विश्वास कुन्नि केले हो मैले हराएँ । तिम्रो दाज्यूले मलाई अमिल्दो (शुद्ध अर्थमा झगडा गर्ने) ठहराइसकेका छन् । जे जति हो त्यसलाई जस्ताको तस्तै मानी स्वीकार गर्नु उहाँ असल ठान्नुहुन्न क्यारे । बरु उपस्थित गराइएको सत्यमा (वा शैली भनौँ) उहाँको विश्वास छ । यो हाम्रो घरको परिपाटीजनित 'आस्था' वा 'श्रद्धा'को महिमा हो क्यारे श्रद्धा मलाई पनि मीठै लाग्छ । यसले धेरै थोकदेखि बाँच्न सकिन्छ । (पृ.६३)

बदलिँदो समयसापेक्ष यथार्थभन्दा प्रचलित परिपाटीको आदर्श नै पछ्याउने पारिवारिक आस्थामा नयाँ बुहारीको तर्कशीलता स्वीकार्य हुँदैन नै । त्यस अवस्थामा आफू नै परिवारमा ढलिदिने कनकको अवस्था अधीनस्थ स्थिति हो । लैङ्गिक भेदभावले ग्रस्त सामन्तकालीन समाजमा स्थापित सामाजिक आदर्श महिलालाई पुरुषसरह स्वतन्त्रता दिनु हुँदैन भन्ने मान्यतामा कायम हुन्छ । शर्मा परिवार जस्तो मानवीय आदर्शले ओतप्रोत परिवारसमेतको लैङगिक दृष्टिकोण तत्कालीन समाजसापेक्ष नै देखिन्छ । परिवार र समाजमा सुख तथा सम्पत्तिका प्रमुख भोक्ता पुरुष नै हुन् र महिला त भोक्ताका सहायक मात्र हुन् जो पुरुषलाई सघाउने उपकरणको हैसियतमा मात्र हुन्छन् भन्ने लैङ्गिक विभेदका मार्मिक अनुभूति कनकले सरलासमक्ष व्यक्त गरेकी छ । 'कुशल गृहिणी' हुनु नारीको उच्चतम गुण मानिने परम्परामा नारी अभ्यस्त रहेको तथ्य सरलालाई सम्झाउने क्रममा कनकद्वारा यसरी अभिव्यक्त छ, "बहुलाही यी सबैका लागि हामी जरामरणलाई हराएर आएका होइनौँ र ? चुप लाग् यसरी सजिलै मर्ने जात नै हाम्रो होइन !"(पृ.३४) । कनकको यस अनुभूतिमा जति पनि कष्ट खप्नसक्ने र सहनसक्ने नारीको अधीनस्थ अवस्था राम्ररी अभिव्यञ्जना भएको छ । त्यस्तै, परिवार र समाजले अपेक्षा राख्ने कथित नारी आदर्शको 'समर्पिता चरित्र' अँगाल्नुको बाध्यताका अनुभूति पनि उसले साँचेकी छ (पृ.४२२) । उसमा निर्मित त्यस अनुभूतिको संरचनामा सामन्तकालीन सामाजिक संरचनामा पुरुषसुखका लागि परिवारमा रहेर हरतरहले गृहको कुशल प्रबन्ध गरिदिने नारीको 'गृहिणी भूमिका' नै सर्वोपरि हुन्छ र त्यसमा

सहायक नारीको सहनशीलता हुने गर्छ भन्ने यथार्थ उद्घाटित भएको छ। यसरी शासित स्वरूपमा आफूलाई हीन सम्झेर पनि परिवारप्रति आस्थावान् हुनुपर्ने यस किसिमको नारीको जीवनदशा अधीनस्थ स्वरूपको छ ।

परिवारमा पुरुषद्वारा शासित महिलाहरू महिलाद्वारा पनि शासित रहने अवस्था सासू-बुहारी, जेठानी-देउरानी, नन्द-भाउज्यू आदिको विरोधपूर्ण सम्बन्धमा प्रकट हुनु तत्कालीन पुरुषसत्ताले थोपरेको महिलाको अधीनस्थ दशामा अभ्यस्तताकै रूप हो । यो सन्दर्भलाई भाउजू कनक आफ्नो माइतीका लागि उपयुक्त नरहेको ठहर गर्दै आफैँले रोजेकी भाइबुहारी भित्र्याउने धडपकडमा लागेकी गुहयेश्वरीको भूमिका र उसमा निर्मित यस अनुभूतिको संरचनाले पनि प्रकट गरेको छ, “रूपरंग अलि कम्ती नै भए पनि गृहस्थ घरकी बुहारीको शील स्वभाव आफ्नो घरको चालचलनसित मिल्ने, घरमा खप्न सक्ने हुनु सबैभन्दा जरुरी पर्छ” (पृ.७४) । यसरी फरक कुल, संस्कार र परिवेशबाट भित्रिने बुहारी जसरी पनि नयाँ घरमा अनुकूलन हुनै पर्ने स्थिति अधीनस्थतालाई ग्रहण गर्नुको अवस्था हो । अन्ततः कनक पनि सोही परिपाटीमा अनुकूलन हुँदै गइरहेकी छ ।

प्रस्तुत उपन्यासमा लैङ्गिक रूपमा अधीनस्थ पिँढीको प्रतिनिधित्व लक्ष्मीले पनि गरेकी छ । पितृसत्तामा अभ्यस्त रहेकी लक्ष्मी आफ्नो बिस्नुसँग माया बसिसकेको भए पनि बाबुसमक्ष त्यो कुरा व्यक्त गर्न असमर्थ छ (पृ.२६४) । बाबुले आफ्नो लागी रोजेको धनाढ्य र प्रतिष्ठित भनिएको केटोसँग विवाह गर्न ऊ अनिच्छुक छ तर बाबुसँग विरोध गर्न सकेकी पनि छैन । उसले आफ्नो दशा कुनै हरियो चउरको एक कुनामा बाक्लो किला गाडी सानो डोरीले बाँधिएको बलिपशुसँग तुलना गरेकी छ (पृ.२६३) । पितृसत्तामा पराजित उसको मनोदशा उपन्यासमा रामेश्वरद्वारा उमेशसमक्ष यस्तो अनुभूतिको संरचनामा अभिव्यक्त छ : “भित्रभित्रै लक्ष्मी मरेजत्तिकै हुन गएकी छ। तर नेपालको बाहुनकी छोरीले बाबुसित आफ्नो बिहाको मंजूरी-बेमंजूरी प्रकट गर्ने न त चलनै छ न साहस नै ! यो भन्दा उत्तम त कुही कुही (कुहिएरै ?) जीवनै सखाप पार्नु त्यहाँ गुन मानिएको छ” (पृ.२८४-८५) । सामन्तवादी सामाजिक जीवनका हरेक मोडमा बाबु, लोग्ने वा छोरोमध्येका पुरुषद्वारा नारी संरक्षित गरिनुपर्ने, नारीजीवनका महत्त्वपूर्ण निर्णय पुरुषद्वारा गरिने पुरुषसत्तामा अभ्यस्त नारीचरित्रभन्दा भिन्न चरित्र दार्जिलिङ्मा शिक्षित रहेकी लक्ष्मीसमेतको देखिँदैन । आफ्नो बिहेलाई लिएर बाबुको मनसायबारे आफ्ना आक्रोशजन्य अनुभूति लक्ष्मीले सरलासँग व्यङ्ग्यात्मक ध्वनिमा यसप्रकार पोखेकी छ,

> मैले बाको कुरा पो गरेकी, बुझिनौ क्यारे । तिमीलाई थाहै छ, बाले मेरो निधो लगाइसकेका छन् । जति चाहेर पनि उसमा हेरफेर हुनै सक्तैन । शहरका नामुद, प्रतिष्ठित, अझ अचेलका सबैभन्दा शक्तिशाली पारवदारलाई आफ्नी छोरी सुम्पेर आफू पनि शक्तिशाली हुनुको सट्टा

ओह्वालो लागेका मधिसेहरूलाई आफ्नी छोरी दिन लेखनाथ बाजे नै कहाँ रुचाउनुहुन्छ ? प्रतिष्ठाको पनि त विचार रहनुपर्छ नि ! (पृ.२९८)

यहाँनेर सत्ता, शक्ति र सम्पत्तिलाई केन्द्रमा राखेर निर्णय गर्ने लेखनाथ बाजेको सामन्तवादी सांस्कृतिक आचरणलाई लक्ष्मीले राम्ररी ठम्याउन सकेको देखिन्छ तर खुलेर प्रतिरोध गर्न नसक्नु, बरु दबाब र तनावको अनुभूतिमा पिल्सिरहनु जस्तो लक्ष्मीका आचरणगत अवस्था पितृसत्तामा अधीनस्थ स्थितिकै उदाहरण हो ।

पुरुषसत्ताको त्यस सामन्तीवादी संस्कृतिमा महिलाहरू मात्र होइन; परम्परित आदर्शलाई सर्वोपरि ठान्ने पुरुषहरू पनि अधीनस्थ हुन्छन् भन्ने दृष्टान्त उपन्यासमा बिस्नुको सन्दर्भमा प्रस्तुत छ । विवाहको उम्मेदवार रहेको बिस्नुसँग उपन्यासको विमर्शमा तीन वटी महिला पात्रहरू लक्ष्मी, गार्गी र सम्झना तानिएका छन् । बनारसमा रहँदाको भेटघाटमा लक्ष्मीप्रतिको आकर्षण र प्रेमले डोरिएर काठमाडौँसम्म आइपुगेको बिस्नु उसलाई भेट्ने आँट गर्दैन; आफ्नो हृदयको आवाजलाई मनमनै दमित गर्दछ; आफू त्यहाँसम्म पुग्नुमै मनमनै लज्जाबोधको यस्तो अनुभूति सँगाल्छ, “एउटी त्यस्ती केटीको मोहमा म यहाँसम्म आइपुगेको छु जो आफ्नो कोही पनि होइन ... यसभन्दा बढ्ता लज्जित पार्ने कमजोरी अरू हुनै के सक्छ र ?” (पृ.१४६-४७) । बिस्नुको यसखाले अव्यक्त मनोदशालाई ठम्याउन सफल गोपालले उसको आदर्शपालनाको आडम्बरप्रति यसरी असन्तोष प्रकट गरेको छ, “छिः अहङ्कारको त्यति लोभ छ भने यति काथर कसरी हुनुभएको होला, बिस्नुबाबू ? दुवै कुरा सँगसँगै त चल्ने होइनन् नि !” (पृ.१६७) । यसरी दमन र गोपनलाई संयमको नाउँ दिएर मर्यादाशील बन्ने धुनमा, आदर्श पुरुष र भलादमी बनिरहने स्वाङ्मा छियाछिया भएको छातीमा पनि शङ्कालु हुँदै आँसु जस्तो प्राणको प्रतिनिधिलाई पनि थुनिदिने बिस्नुजस्ताको कथित आदर्शको र देखावटी एवम् बनावटी व्यवहारमा तल्लीन बिस्नुप्रवृत्तिको गोपालले विरोध गरेको छ (पृ.१६९) । गोपालको यस कटाक्षपछि बिस्नुमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ, “हो त नि, छाती चिरिन गए पनि रुन भने लाज लागिरहेको छ । यो कतिको विवशता हो, कत्तिको अयथार्थ हो, कृत्रिमताको कस्तो अवाञ्छनीय शासन हो” (पृ.१६९) । यसरी उसको अन्तर्यामीले भित्रै यसरी चिच्याउनु पर्ने स्थिति आफ्नै संस्कृतिमा अधीनस्थताको विशिष्ट अवस्था हो । यसरी आदर्शताको पालनामा नाममा मन मिचेर कृत्रिमताको आवरणमा रहनु नै बिस्नुका लागि दबाब र तनावको कारण बनेको छ ।

बिस्नुलाई बिहेका लागि दिदी गुह्येश्वरीद्वारा रोजिएकी कन्या गार्गीसँग उसले साान्निध्य नपाएको र उसप्रति कुनै आकर्षण भाव नरहेको भए पनि ऊसँग चलाइएको वैवाहिक सम्बन्धको कुरा अस्वीकार गर्ने स्थितिमा ऊ देखिँदैन । विवाहलाई दिदीले दबाब दिँदा आफ्नो अधीनस्थ दशालाई बिस्नुले यसप्रकार अभिव्यक्त गरेको छ, “बिन्ती दिज्यू, दोहाई । म त बोकोमात्र । जुनसुकै कीलामा बाँध्नुस्, बाँधिई चुरुमचुरुम घाँस खाइरहनेछु नै । हजूर ठूला-बडाहरूको माझ मेरो कुरा

के होला र ?" (पृ.४१३) । बिस्नु काशीको हिन्दु विश्वविद्यालयबाट डिस्टिङ्सनमा ब्याचलर उत्तीर्ण छ (पृ.३४२) । तर आफ्नो चेतनाको उपयोग गर्दै आफ्नो जीवनबारेको निर्णयाधिकार प्रयोग गर्न नसक्नु र उसमा आफ्नो अधीनस्थ दशा चुँडाल्ने आँट नदेखिनुले उसले पनि अधीनस्थ पिँढीकै प्रतिनिधित्व गरिरहेको देखिन्छ ।

आफ्नो रूप, बैंस र बौद्धिकताले प्रभावित पार्दै बिस्नुलाई मायाको वशमा पार्न सम्झना सफल रहेको कुरा बिस्नुद्वारा प्रकट यस अनुभूतिले पनि प्रस्ट पारेको छ, "गर्छु, गर्छु, भाउजू-माया गरेको छु, मोहमा बाहिरदेखि लिएर आत्मासम्मै मुछिएको छु । मेरो प्राणको कुरा मसित नसोध्नुस्, यत्तिकै थाहा छ- माया गर्छु, गरेको छु" (पृ.५१८) । वाचाल सम्झनासमक्ष आँखामा आँसुसहितको बिस्नुको यस हृदयको उद्‌गार हठात् प्रकट भएको छ तर त्यस सामन्तकालीन सामाजिक संरचनामा विधवा विवाह वर्जित रहेको र संस्कृति अवलम्बन गर्ने शर्मा परिवारका सदस्यबाट यसलाई कार्यान्वयन रूप दिने स्थिति कति पनि नरहेको यथार्थलाई बिस्नुले पनि बोध गरेको छ र ऊद्वारा सम्झनाप्रतिका प्रेममा प्रकट त्यस तात्कालिक अनुभूतिमा दबाब र तनावले विचलित उसको मनोदशा प्रकाशमा आएको छ (पृ.५१९) । सम्झनाप्रतिको आफ्नो अनुरागलाई परिवारजन, साथीभाइ कसैसमक्ष पनि प्रकट गर्न नसक्ने उसको मनोदशा परम्परित संस्कृतिद्वारा निर्देशित छ । आफूलाई अधीनस्थ तहमै राख्ने र परम्परा विरोधी देखिन नखोज्ने उसको अवस्था मूलधारको संस्कृतिमा समायोजनको स्थिति हो । त्यस्तै, सम्झना पनि परम्परा विरुद्ध जानसकेकी छैन । दुवैमा सँगै जीवन बिताउन समाजसँग भिड्ने हियाउ कत्ति पनि छैन र दुवै आआफ्नो बाटो लाग्न विवश छन् । यद्यपि बिस्नुको अन्ततः लक्ष्मीसँग विवाह गरेको छ; त्यो पनि स्वयम्‌को सक्रियातामा नभई दाजु, भाउजू, रामेश्वर, सरला आदिको चाहना र गोपालको पहलमा सम्भव भएको छ । अतः त्यस परिप्रेक्ष्यमा पनि उसको आफ्नो स्वतन्त्र चेतनाको उपयोग हुन नसक्नुले ऊ विद्यमान पुरुषसत्ताको संस्कृतिमा समायोजित अधीनस्थ पिँढी प्रतिनिधि भएरै रहेको देखिन्छ। त्यस्तै, सम्झना पनि काठमाडौँबाट पुनः तराई फर्केर निर्वासित हुँदै गरेको शर्मा परिवारमा 'भाउजू' नाताको आड लिदैँ 'आश्रिता' हैसियतमा समायोजन हुन पुगेकी छ। उसको त्यो दशा पनि नारीले पुरुष संरक्षक खोज्नै पर्ने अधीनस्थताकै स्थिति हो ।

*आगत* उपन्यासमा सामाजिक संरचनाका लैङ्गिक भेदभाववजन्य वेथितिप्रति विमतिका सचेत लेखकीय अनुभूतिले पनि पात्रगत आधारमा अभिव्यक्ति पाएका छन् । राणाकालको सामन्तवादी संस्कृतिमा कथित उच्च जात, शिक्षा र चेतनाप्राप्त अनि उच्चवर्गीय पिँढीसँग सरोकार राख्ने महिला पिँढीसमेतले पुरुषसत्तामा बेहोरिरहेको उत्पीडनजन्य अनुभूतिलाई उपन्यासमा संरचनात्मक रूप प्रदान गरिएको छ । परम्परित विचारभन्दा खुला विचारले डोरिएकी कनकलाई सामन्तवादी संस्कृतिको कथित आदेशको पालनामा दत्तचित्त परिवारमा समायोजन हुन सुरुसुरुमा गाह्रो परेको छ तर बिस्तारै परम्परित परिवेशमै ऊ समायोजित भएकी देखिन्छ । त्यस

सन्दर्भमा समाजपरिवारले अपेक्षा गर्ने नारीको समर्पिता चरित्र सम्बन्धी कनकमा निर्मित अनुभूति उपन्यासमा यसप्रकार प्रस्तुत भएको छ,

> तँलाई यो घरआँगन रित्तो देखापऱ्यो होला । ... त्यो के भने जन्मेदेखि नै बाबु-आमा औ दाजु-भाइ अनि कालान्तरमा सासू-ससुरा, लोग्ने-देवर, नन्द-जेठानीहरूको दिनहुँको शासन ! चाही नचाहीकन पनि सहनुपर्ने जति सहने हामो ठूलो सहायक हुन्छ । ... यही सहेरै हामी सारालाई आफूमा अवलम्बित पारिराखेका छौँ । बिचराहरू हामी नभए निरूपाय हुन्छन् औ अलपत्र पर्छन् । यो कम्ती अधिकार त होइन नि ! ... अनि मनमा आउँछ-चाँच्चाँडै यी सारालाई बेलाबखत खुवाइरहूँ । यिनका अगाडि हाँसिरँहू । अझ आफ्नो ढिपी पनि सुनाउँदै गरूँ । तुच्छ नै भए पनि हामी यति गरेर प्रत्येकलाई 'घरमा छु, अझैं बरालिन पाइएको छैन' भन्ने सम्झना लगाइदिन्छौँ । त्यत्तिकैले बिचरा बाँच्तछन् । (पृ.४२२)

उदात्त मानवीय चेतले ओतप्रोत देखाइएको शर्मा परिवारमा भित्रिएकी कनकले समेत लैङ्गिक अधीनस्थ पिँढीगत अनुभूति साँच्न विवश रहँदै पटकपटक सँगालेका यस्तै अनुभूतिका संरचनाका माध्यमद्वारा लेखकको पुरुषसत्ताको संस्कृति उधिन्ने ध्याउन्नले मूर्तता पाएको छ । उपन्यासकी अर्की पात्र सम्झना पुरुषसत्तामा संरक्षित अनमेल विवाहको सिकार हुनु र उसले त्यस परिप्रेक्ष्यका उत्पीडन भोग्नु, ऊ स्वाध्ययनले निक्कै खारिनु र तर्कशील चेत प्रकट गर्न समर्थ देखिनु तर अन्तमा पुरुष अभिभावकत्व खोज्दै कथित आदर्शकै परम्पराको अनुसरण गर्न बाध्य हुनु जस्ता परिस्थितिजन्य उसका अनुभूतिमार्फत पनि तत्कालीन सामाजिक संरचनामा पितृसत्ताको दृढ अवस्थितिलाई नै देखाइएको छ । त्यसै गरी त्यस कालखण्डमै दार्जिलिङमा रहेर आधुनिक शिक्षा हासिल गर्न सफल, उच्च आर्थिक हैसियतकी लक्ष्मीसमेतलाई वैवाहिक सम्बन्ध गाँस्ने सन्दर्भमा स्वतन्त्र विवेकलाई कार्यान्वयन रूप दिन असमर्थ देखाइनु, पुरुषसत्ताको परम्पराले थोपरेको निर्णयमा आत्मस्वीकृति नभए पनि त्यसलाई अस्वीकार गर्नमा उसमा हिच्किचाहट देखाइनु र त्यसको अनुमोदनमै उसले आफूलाई ढालेको देखाइनुसँगै पितृसत्तासँग भिँड्न नचाहने उसको पराजित मानसिकतालाई उपन्यासमा प्रस्तुत गरिएको छ । अन्ततः लक्ष्मीले रोजेकै व्यक्तिसँग वैवाहिक सम्बन्ध गाँस्न पाए पनि त्यो अरूको प्रयासले मात्र सम्भव भएको देखाइएको छ । यसप्रकार शिक्षा र चेतना प्राप्त गरेका नारीहरूसमेत पुरुषसत्तामा अधीनस्थ बनेको परिप्रेक्ष्यलाई अनुभूतिका संरचनामा सशक्त अभिव्यक्ति दिँदै त्यस कालखण्डको लैङ्गिक विभेदको समाज मूर्त बनाउने लेखकीय ध्येय यहाँनेर पनि मूर्त भएको छ ।

### ४.६.३ जातीय परिप्रेक्ष्यमा सिर्जित अनुभूतिको संरचना

सामन्ती संस्कृति, हिन्दु धर्म र नेपाली भाषालाई तत्कालीन शासकीय व्यवस्थाले नै मूल धारमा संरक्षण दिइरहेको परिस्थितिमा नेपालीलाई मातृभाषाका रूपमा व्यवहार गर्ने समुदायभन्दा भिन्न भाषी नेपालीहरूले आफू 'अन्य' भएको बोध सँगाालिरहेको परिप्रेक्ष्यलाई पनि प्रस्तुत

उपन्यासले सम्बोधन गरेको छ । सोही क्रममा मधेसी तथा नेवार प्रजातिगत अनुभूतिलाई प्रस्तुत उपन्यासमा संरचनात्मक स्वरूप प्रदान गरिएको छ जसमा आफू मधेसी हुनुको र आफूले दोस्रो भाषीका रूपमा नेपाली भाषालाई व्यवहार गर्दाका कठिनाइ र प्राप्त उपेक्षामा निःसृत ग्लानिका लेखकीय अनुभूति पनि एकाकार भएको छ । भिक्षुका यसखाले पीडालाई निकट रहेर बोध गरेका सनत रेग्मीको यस अनुभूतिगम्य कथनको उल्लेख गर्नु यहाँनेर सान्दर्भिक हुन्छ,

> भवानीप्रसाद गुप्ता अर्थात् भवानी भिक्षु । अवधीभाषी क्षेत्रका, मातृभाषा अवधी भएका, नेपालको पश्चिमाञ्चल क्षेत्रको कपिलवस्तु जिल्लाको गोटिहवा गाउँमा जन्मेर, हुर्केर राजधानी भित्रिएका एक मधेसी ! उनलाई राणा शासनको त्यो कठोर व्यवस्थामा राजधानीमा आफूलाई स्थापित र व्यवस्थित गर्न कति गाहारो भयो होला ! अनि कति सङ्घर्षमय जीवन थियो होला ! (२०६७, पृ.७१)

अतः मूलधारको प्रभुत्वशाली संस्कृतिलाई नेपाली भाषाले डोऱ्याइरहेको सन्दर्भमा 'अन्य' तुल्याइएका प्रजाति र भाषीहरूले आफू 'उपेक्षित' र 'भिन्न' रहेको अनुभूति सँगाल्नु अधीनस्थ पिँढीगत अवस्था विशेष हो । मधेसी तथा नेवार समुदायलाई प्रतिनिधित्व गर्ने उपन्यासका पात्रहरू बिस्नु तथा सम्भनाले आफूहरूले दोस्रो भाषी भएर नेपाली भाषाप्रयोग गर्दा स्वाभाविक अशुद्धि रहेकोमा पनि हीनताबोधको अनुभूति सँगालेको देखाइएको छ । सम्भनाले बिस्नुसमक्ष यस्तो अनुभूति पोखेकी छ, "हामी नेवार हौँ, नेपाली राम्री बोल्ने बानी भए तापनि जिब्रो केले केले लट्पटिन्छ । त्यत्ति पढेलेखेकी पनि छैन" (पृ.१५०) । यस्तै आफ्नो भाषिक व्यवहारमा हुने गल्तीप्रति क्षमायाचना गर्दै अत्यन्त व्यथित स्वरमा बिस्नुले सम्भनासमक्ष यस्तो अनुभूति प्रकट गरेको छ, "म बेग्लै ठाउँको नेपाली, तराईको भाषा बोल्ने मधिसे । नेपाली राम्री बोल्ने अभ्यास छैन । त्रुटि हुन सक्छ भने मबाट भएको होला । बरु तपाईंले नै क्षमा गर्नुपर्ला" (पृ.१५८) । यसप्रकार प्रजातिगत यसखाले भेदभावजन्य हीनताको अनुभूतिलाई प्रस्तुत उपन्यासमा आंशिक तहमै भए पनि संरचनात्मक स्वरूप प्रदान गरिएको छ । प्रस्तुत उपन्यासमा कथित दलित र गैरदलितको तहगत जातीय भेदभावले आक्रान्त मधेसी समुदायका समस्यालाई उपन्यासको विमर्शमा प्रस्तुत गर्दै अनुभूतिगत संरचनात्मक स्वरूप दिनमा भने लेखक चुकेका छन् ।

### ४.६.४ चाकरी प्रथाका पृष्ठभूमिमा सिर्जित अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा राणाशासनको चाकरीप्रथाजन्य दबाब र तनावका परिप्रेक्ष्यमा नेपालीले सँगालिरहेको विशिष्ट अनुभूतिका संरचनालाई प्रस्तुति दिँदै तत्कालीन प्रशाासनिक व्यवस्थाका बहुआयामिक दुष्प्रभावलाई पनि अगाडि ल्याइएको छ । गोसाइँपुरको रियासत गुम्ने भएपछि शर्मा परिवारका बडेसरकार अन्ततः चाकरीमा संलग्न हुनुपरेको अवस्थालाई उपन्यासमा यसप्रकार प्रकट गरिएको छ,

गोसाइँपुरका बडेसरकारले आफ्नो तीर्थ प्रवासमा नै पूर्व इलाकाको एक अंश सकार भएको कुरा सुने । अनि वैद्यनाथधामबाट सोझै नेपाल काठमाडौँ आए र एउटा ठूलै घर बहालमा बन्दोबस्त गरी डिल्लीबजारमा बसे । महाराजको दर्शन पाउन हजूरिया जरसाबमा बिन्ति पनि चढाइयो । नेपालको दरबारिया चलनअनुसार चारै कमान्डिङ्ग जर्नल, कर्नल र अन्य शक्तिशाली भारदार तथा महाराजले मनपराएका नामूद दरबारियाहरूको पनि दर्शन गर्ने प्राथमिक काम सिध्याइसकेर भद्रकालीनेर टुँडिखेलको कुनामा आफ्नो एउटा ठाउँ निर्धारित गरेर रोजिन्दै दिउँसो चार बजेदेखि चाकरीमा बस्ने र महाराजको सवारी हुँदा जसरी भए पनि एकपल्ट नजर अगाडि परी जय मनाउने काम पनि थालिसकेका थिए । (पृ.१३०)

राणाशासन व्यवस्थाको चाकरीको प्रक्रिया र चाकरीबाज हुनुपर्दाको परिस्थितिलाई उपन्यासको उक्त उद्धृतांशमा प्रस्ट पारिएको छ । टुँडिखेलको विशाल हरियो चौरमा हजारौँ चाकरीदारको उपस्थिति, नियमित रूपमा ४ बजेदेखि नै चाकरी कार्य सुरु हुनु, श्री ३ को चाकरीका लागि टुँडिखेलमा उपस्थित ठुलो जन घुइँचो, दर्शनाथको होडबाजीमा ठेलमठेल, लज्जाजनक उद्विग्नता, आवेशसहितको परिदृश्यजन्य बिस्नुमा निर्मित अनुभूतिका संरचनाद्वारा पनि राणाशासनमा चाकरी प्रथाको परिपाटीलाई उपन्यासमा मूर्त बनाइएको छ । शर्मा परिवार काठमाडौँ नआउने, राजाको चाकरी नगर्ने, अलमस्त रही नबाफी चाल देखाउने, नरनारायणको वास्ता नगरी ढुङ्गाको देवताको मात्रै पूजा गर्ने, जसकारणले मालपोत बाँकीमा त्यत्रो ठुलो जायजेथा बिचल्लीमा परेको, चाकरी नगरेरै सरकारी निगाह पाउन शर्मा परिवार असमर्थ रहेको जस्ता बुज्रुग चाकरियाहरूको अनुभूतिगम्य टिप्पणीलाई पनि उपन्यासको विमर्शमा प्रस्तुत गरिएको छ (पृ.१३०-३१) । त्यस्तै, श्री ३ महाराजको दर्शनको चाँजोपाँजो मिलाइदिन महाराजसम्म पुग्ने सूत्र खोजिदिने, भेट्टाइदिने दरबारी व्यवसायीहरू अर्थात् बिचौलियासमेत सक्रिय रहेको अवस्थाबारेको चर्चाले पनि उपन्यासको विमर्शमा स्थान पाएको छ (पृ.१३) । यस सन्दर्भका अनुभूतिले प्रस्तुति पनि राणाशासन व्यवस्थामा चाकरी प्रथाको महत्तालाई प्रकट गरेका छन् । उपन्यासमा शर्मा परिवारले गोसाइँपुरको रियासत पूर्ण गुमिसकेपछि पनि त्यसलाई पुनः हात पार्न चाकरी नै हतियार हुनसक्ने अभिप्रायमा लक्ष्मीनाथ बाजेद्वारा बडेसरकारसमक्ष यस्तो अनुभूतिमय मन्तव्य प्रकट भएको छ, “खाली वतन छुट्यो भनेर चुप लागी बसिरहने त ? यो नेपाल हो, हजूरसित भन्नु-बताउनुपर्ने के छ र ? कोशिश गरे जे पनि उल्टाउन-पल्टाउन सकिन्छ । एकपल्ट फेरि काठमाडौँ किन नपुग्ने त ? (पृ.५८३) । यस सन्दर्भद्वारा चाकरीले जस्तासुकै प्रशासनिक अड्चन सल्टाउन सकिने तत्कालीन प्रशासनिक अवस्थालाई उपन्यासमा मूर्त बनाएको छ ।

शर्मा परिवारलाई सुम्पिएको प्रशासनिक अधिकारसहितको त्यस जमिनदारीलाई बिस्नुले ‘जिमीदारी नभएर जिम्मेदारी’ मात्र भएको व्यक्त गर्नु (पृ.१०४), उमेशले पनि भिनाजु रामानन्द बाबूसँग नेपालको जमिनदारलाई जागिरदारको रूपमा अर्थ्याउँदै खास जमिनदारी सरकारकै हुने र जमिनदारलाई त ‘खानगी’ अर्थात् बेतनमात्र प्राप्त हुने, त्यो प्रशासनिक हैसियत अर्कोलाई

सुम्पिएपछि जमिनदारीको जागिर समाप्त हुने कुरा प्रस्ट पार्नु (पृ.३२१) आदि परिप्रेक्ष्यमा तिनमा निर्मित अनुभूतिका संरचनाहरू पनि उपन्यासमा अभिव्यक्त छन् । यसप्रकार जमिनदारी प्रथासँग सम्बद्ध अनुभूतिको संरचनाको अभिव्यक्तिद्वारा चाकरीप्रथा नेपालको राजनीति र अर्थसँग जोडिएर समाजसंस्कृति नै बनिसकेको अवस्थालाई पनि उपन्यासमा मूर्त बनाइएको छ ।

राणाकालीन नेपालको प्रशासनिक व्यवस्था घुसमा अडेको सन्दर्भले पनि उपन्यासमा अभिव्यक्ति पाएको छ जसनुसार निरन्तर मौलाउँदो घुसतन्त्रका कारण नैतिकतामा बलिया जमिनदारसँग डराउने मुखिया, बिचारी अनि बडाहाकिमपर्यन्त घुस खाने हिम्मत नगर्ने परिस्थिति फेरिएको छ । मूल धारको शासनव्यवस्थाले प्रश्रय दिएको घुसतन्त्र पछिल्लो चरणमा हाकाहाकी लेनदेन हुन थालेको र एक प्रकारले घुस नै ऐन भइसकेको अवस्था, घुस लिने-दिने, खाने-खुवाउने बाठाजति त्यहाँ ठूला 'ऐनबाज'/'रकमी 'भएर त्यसै धन्दामा मध्यस्थ भई आफ्नो जीविकोपार्जन गर्ने र तिनै पावरदार कहलिने डरलाग्दो अवस्था पनि रहेको लेखकीय अनुभवले उपन्यासमा छोटेसरकारमा निर्मित अनुभूतिमा प्रस्तुति पाएको छ (पृ.४३७) । यसरी उपन्यासकारले अनुभूतिको संरचनाका माध्यमबाट राणाकालीन चाकरी प्रथामा घुसले टिकेको प्रशासनिक व्यवस्थालाई पनि उदाङ्गो बनाएका छन् । यसप्रकार *आगत* उपन्यासमा प्रभुत्वशाली, अधीनस्थ र उदीयमान तीनै तहका बहुविध परिप्रेक्ष्यका पिँढीगत द्वन्द्वमा निःसृत अनुभूतिका संरचनाहरूको अभिव्यक्ति रहेको छ तथापि सबैभन्दा सशक्त प्रस्तुति भने अधीनस्थ पिँढीगत अनुभूति नै रहेको छ ।

## ४.७ *घामका पाइलाहरू* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना

*घामका पाइलाहरू* उपन्यासका पात्रहरूमा दुर्गानाथमा लेखकका हजुरबुबा छविलाल, पीताम्बरमा बुबा गोविन्दचन्द्र, रम्भीमा आमा दीपवती र पवनमा लेखक स्वयंका चारित्रिक विशेषता धेरै हदसम्म प्रतिरोपण भएको पाइन्छ । कोरा कल्पनाका भरमा मात्र लेखिएका साहित्य कालजयी हुननसक्ने र यथार्थ बीजलाई कलात्मक कलेवरमा रोपण गर्न सक्दा मात्र साहित्य जीवन्त हुने विचार उपन्यासकार गोतामेले अघि सारेका छन् (भट्टराई २०६४, पृ.२२) । अतः स्रष्टागत जीवनानुभूतिका यिनै सन्दर्भसमेतमा उपन्यासमा अनुभूतिका संरचनाले प्रस्तुति पाएका छन् । राणाकालीन समयसन्दर्भको सामन्तवादी सामाजिक संरचनामा विद्यमान वर्गीय, तथा लैङ्गिक भेदभावका साथै पुस्तान्तरजन्य, क्षेत्रीय भेदजन्य र रङ्गभेदजन्य जस्ता विविध परिप्रेक्ष्यमा निःसृत अधीनस्थ पिँढीगत अनुभूतिले उपन्यासमा अभिव्यक्ति पाएका छन् । यस उपन्यासमा प्रस्तुत तिनै परिप्रेक्ष्यका साक्ष्यहरूलाई यहाँ क्रमशः प्रस्तुत गर्दै तिनले कसरी अभिव्यक्ति पाएका छन् भन्नेबारे विश्लेषण गरिएको छ ।

### ४.७.१ वर्गीय उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा अधीनस्थ पिँढीगत अनुभितका संरचना सबैभन्दा प्रभावशाली रूपमा पीताम्बर पात्रमा निर्माण भएको देखिन्छ। तत्कालीन सामन्तवादी संस्कृतिमा निक्कै पिल्सिएको प्रतिनिधि पात्रका रूपमा ऊ उपन्यासमा प्रस्तुत छ। पहिला अत्यन्त सम्पन्नशाली हैसियतमा रहेको पीताम्बरको परिवार एकाएक निम्नवर्गीय हैसियतमा रूपान्तरण भएको स्थिति छ। सत्ताको फोहरी खेलमा बाबुको दरबारको जागिर मात्र गएको छैन, सर्वस्वहरण पनि भएको छ। शासकीय प्रभुत्वले सिर्जना गरेको यो स्थितिमा वर्गीय अधीनस्थताको अनुभूतिले पीताम्बर आक्रान्त छ। बूढो बाबुको उपचारार्थ सहरमै रहनु पर्ने बाध्यता, औषधोपचार, छोरोको पढाइ, पाहुनापासा लगायतका घरखर्च धान्न न्यून तलबका कारण उसले हरदम दबाब र तनाव झेलिरहेको हुन्छ। बाबु दुर्गानाथ र छोरो पवनले अर्थोपार्जनमा आआफ्ना क्षमताका कार्यले सघाउन खोज्दा पनि उसको स्वाभिमानले त्यो स्वीकार्न सकेको छैन। सहरमै पनि पुरुषसत्ताको तत्कालीन संस्कृतिमा उच्च तथा मध्यमवर्गीय महिलाले बाहिरफेर अर्थोपार्जनको काममा संलग्न नहुने परम्परा छ। एक्लैले आर्थिक अभिभारा उठाउनुपर्दा र सहरको महङ्गीको बसाइ धान्नुपर्दा उसका चिड्चिडाहटपूर्ण अनुभूति परिवारसामु बारम्बार प्रकट हुने गर्दछ। यसरी पीताम्बरले निरन्तर सँगालिरहेको वर्गीय अधीनस्थ दशाका दबाब र तनावमा निर्मित उसका आक्रोशजन्य अनुभूति चिच्याहट बनेर परिवारमाझ बर्सने गरेको यथार्थलाई दुर्गानाथले यसप्रकार ठम्याएको छ : "यो सब अभावको चिच्याहट हो। परिवारको जहाज तान्ने मानिसले कहिलेकाँही आत्तिनु र उतर्सिनु स्वाभाविक हो" (पृ.३८)। त्यस्तै, बाबुले लोकोबाबुको भद्रभलादमीपन र असल स्वभावको प्रशंसा गर्दा पीताम्बर आफूमा निर्मित वर्गीय भेदको आक्रोशजन्य यस्तो अनुभूति प्रकट गर्दछ : "महीनाको बाह्र सय तलब खान पाए हामी पनि भद्र-भलादमी हुने थियौँ" (पृ.५१)। बङ्गाली लोकोबाबुको नेपालप्रेमलाई पनि उसको लाखौँलाख आम्दानी, नेपालमा जोडेका सयौँ विघा जमिन तथा जाययेथाका कारण त्यो स्वार्थपूर्ण भएको बताउँदै त्यसप्रति पीताम्बरले विरोधको स्वर प्रकट गरेको छ (पृ.५२)। यस सन्दर्भमा वर्गीय दशामा निःसृत उसका हीनभावनाले पनि निकास पाएको छ।

बारम्बार दमको व्यथाले अत्याइरहेको बाबुको अवस्थामा आफ्नो आर्थिक दशाको बोधले आक्रान्त पीताम्बरमा निर्मित दबाब र तनावजन्य अनुभूति उपन्यासमा यसप्रकार रहेको छ, "यता चाँडोचाँडो दम उठ्न थालेको छ, राम्रो चाल देख्दिन म। भारतको कुनै ठूलो शहरमा लगेर औषधि गराउन पाए बूढाले पाँच-सात वर्ष अझ धान्ने थिए। के गरूँ, कङ्गालीले कहिल्यै छाड्दैन। जो कमाउँछु त्यो हातमुख जोर्नका निम्ति अपुग हुन्छ" (पृ.५१)। राणाकालीन परिप्रेक्ष्यमा गरिबीमा रहेका आम नेपाली जनको दारिद्र्यपूर्ण अवस्थालाई उसका यी अनुभूतिको संरचनाले राम्रैसँग सम्बोधन गरेको छ। स्थानीय सेठको माल गोदाममा मालचलानी गर्ने कार्यभार मरिमेटेर

र अति इमानदारीका साथ सम्हाल्ने पीताम्बरले त्यत्तिखेर महिनाको रु. ३० रुपियाँ तलब थाप्दछ जुन घरव्यवहारकै लागि पनि अपर्याप्त छ ।

सेठले आफूसित गरेको श्रमशोषण पीताम्वरले राम्ररी ठम्याएको छ । अन्यायको मारमा परेका कारण आफ्ना दबाब र तनावजन्य अनुभूतिका आक्रोशको अनुभूति ऊ सेठ सामु प्रस्तुत गर्न भने असमर्थ छ । त्यसैले परिवारजनका सानातिना त्रुटि खोजेर त्यो आक्रोश प्रकारान्तले पोख्ने गर्दछ । चियाले पित्त बढाउने बाबुको टिप्पणीमा अघिपछि प्रकट गर्ने आक्रोश भन्दा भिन्न प्रकारको दुःखेसोको अनुभूति प्रकट गर्दछ,

> मेरो पित्त चियाले बढ्दैन, अन्यायले बढ्छ । यसरी हाड घोटेर काम गर्दा पनि परिवारको लागि कुनै सुख जुटाउन सकिनँ । म छाँद हालेको घोडाजस्तै एक सीमित घेरामा उफ्रीउफ्री चरिहरेको छ । यस अभावको चिच्याट र त्यसबाट मुक्तिको लागि ममा हुने छट्पटीले नै मलाई कुपित तुल्याउँछ । (पृ.१३५)

कठोर सङ्घर्ष गरेर पनि आफ्नो पारिवारिक रथ अर्थाभावले सहज रूपमा हाँक्न नसक्नुको पीडा यहाँनेर अभिव्यक्त छ । यसरी सेठको चरम आर्थिक लोलुपताको जानकार उसले सेठ जस्ता समाजका प्रभुत्वशाली पिँढीद्वारा आफू अन्यायमा परेको बोध गरेको छ तर पनि आफ्नो अवस्थालाई भगवानको भरोसामा छोड्न बाध्य रहेको यस्तो अनुभूति पत्नीसमक्ष पोख्दछ, “यी त मेरा बाबु भए । उसको आफ्नै मर्न लागे पनि पैसा झिक्दैन । छाडिदेऊ, यी सब कुरा सोच्न थाल्यो भने रातभरी निद्रा लाग्दैन । भगवान् जस्तो इच्छा छ, त्यही हुन्छ” (पृ.५१) । यहाँनेर प्रभुत्वशाली सेठको चरित्र पैसालाई सर्वोपरितामा राख्ने अमानवीय देखिएको छ । साथै, गरीबप्रति अत्यन्त उदासीन शासन व्यवस्थामा जुनै क्षेत्रका पनि श्रमजीवी निर्धा जनताहरूको प्रतिकारविहीन स्थितिको अधीनस्थ दशा पनि मूर्त भएको छ । खाना खान पनि जान नभ्याएर निरन्तर काममै खटिरहेको अवस्थामा पवन आफूसमक्ष आइरहेको देखेपछि कामको बोझसँगै एकाएक वर्गीय भेदको बोधमा निःसृत उसका आक्रोश र ग्लानिजन्य अनुभूतिको संरचना उपन्यासमा यस्तो रहेको छ, “मलाई खान बोलाउन पठाएकी होली ... काम र मामको बीचमा कपर्दी खेल्दाखेल्दै हाम्रो जीवनका रमाइला क्षणहरू थाहा नपाई खुस्केर जान्छन् । गाडामा जोतिएका गोरुहरूले एकअर्कासित ठट्टा गरेको कसले देखेको छ आजसम्म” (पृ.१६७) । निम्नमध्यम वर्गीय प्रतिनिधि पीताम्बरमा निर्मित यस अनुभूतिको संरचनाले त्यस कालखण्डका अधीनस्थ समस्त पिँढी/वर्गको दुर्दशालाई व्यक्त गरेको छ जसमा तात्कालिक सामाजिक संरचनामा श्रममा मात्र जोत्तिने आम गरिब जनताको प्रायः निर्जीव बन्न पुगेको जीवन मूर्त बनेको छ । पत्नी मुर्च्छा परेकीले छोरो आफूलाई लिन आएको बुझेपछि चिरिएको मन लिएर घर पुगेको पीताम्बर पत्नीलाई भेटेर उसको अवस्था साक्षात्कार गरेपछि पश्चात्ताप र ग्लानिमा आफूलाई अपराधी ठहर गर्दै विकृत मनोदशामा पाउँछ र ऊ यस्तो अनुभूति व्यक्त गर्दछ, “यसको लागि मै ... बोरा गन्दागन्दै मेरो त रुचि नै

विकृत भइसकेको छ कहिँलेकाहीँ म आफैँलाई विचित्रको जन्तु जनावर जस्तो लाग्दछु । मेरो शरीरभित्रको कोमलताको कुण्ड कसले सुकाइदियो ? ... मलाई लाग्दछ कुन दिन म सडकमा निर्वस्त्र भएर चिच्याउँदै दगुर्छु" (पृ.१७०) । यसप्रकार विक्षिप्तप्राय मनोदशामा आफूलाई पाउँदाका उसका अनुभूतिले सम्पन्नताबाट विपन्नतातर्फ ओर्लनु पर्दाको समायोजन सङ्कटको अवस्थालाई पनि सङ्केत गरेको छ । त्यस्तै, कठोर सङ्घर्षयुक्त जीवनयापनका क्रममा पनि पीताम्बरले सेठको अधम योजनामा आफूलाई मतियार बनाएको छैन बरु नोकरी लत्याएको छ । त्यसपछि इमानदारी र नैतिकता जोगाउनुको सुखानुभूतिसँगै आउने दिनमा भोल्नुपर्ने भयावह स्थितिको बोधमा पीताम्बरमा निःसृत अनुभूतिले आख्यानकारद्वारा उपन्यासमा यसप्रकार प्रस्तुति पाएको छ,

> सधैँ पाँच बजे उठ्ने पीताम्बर आज दिन छिपिसक्दा पनि आफ्नो खाटबाट उठेका छैनन् ... भोलिदेखि बेकम्मा भएर बसेका पीताम्बरले परिवारको जहाज कसरी तान्ने ? उनी यही चिन्ताले रातभरि सुत्न सकेका थिएनन् । समाधानको एउटा क्षीण रेखासम्म पनि नपहिल्याउँदा निद्रा कसरी लाग्ने । पीताम्बर क्षुब्ध थिए । भित्रभित्र उनको रगत उम्लिने कारण पनि यही थियो । ईमानदार, मेहनती र आफ्नो शुद्ध पसीना काढेर जीवन धान्न खोज्ने मानिसको के यही नियति हुँदो रहेछ । मेरो हविगत देखेर मेरा आउने सन्ततिले अब कसरी परिश्रम र पसीनामा आस्था राख्नेछन् ? बाले किन पवनलाई ईमानदारीको पाठ घोकाइरहनुहुन्छ- पर द्रव्येषु लोष्ठवत् । के पवन पनि म जस्तै जीवनभरि अभावको भुमरीमा अतालिएर प्राण मात्र धानिरहोस् ? (पृ.१७२)

कठोर सङ्घर्ष र इमानदारीको श्रमले डोऱ्याएको आर्थिक रथको गति अवरुद्ध हुँदा पीताम्बरमा निःसृत भएको यो अनुभूतिको संरचना *बसाइँ*मा धनेले आर्थिक जीवनसँग जोडिएको आफ्नो नियतिलाई सम्भेर पटकपटक साँचेका अनुभूतिको संरचनासँग तुल्य छ (क्षत्री, २०७४, पृ.२, ३८ र ५०) । राणाशासन उत्तरार्द्धको त्यस कालखण्डको राज्यव्यवस्थामा यसप्रकार धने, पीताम्बर जस्ता अधीनस्थ पिँढी प्रतिनिधिले सँगालेका वर्गीय अनुभूतिका संरचनाको प्रस्तुतिद्वारा उपन्यासका माध्यमले कालखण्डको सामाजिक व्यवस्था जीवन्त बनाउने लेखकीय ध्येयले पनि सफलता प्राप्त गरेको छ ।

प्रस्तुत उपन्यासमा आफ्नो निर्धन अवस्थाका कारण जीवन मोडमा पटकपटक अधीनस्थ दशाका अनुभूति पवनले पनि सँगालेको छ । ऊ पढ्ने स्कुलमा धेरैजसो ठेकेदार, व्यापारी, सेठ आदिका छोराछोरीले पढ्नु, उच्च वर्गीय पिँढी प्रतिनिधिका केटाकेटीले ऊप्रति वर्गीय भेदभावको व्यवहार प्रकट गर्नु, धनी तर पढाइमा कमजोर विद्यार्थीहरू जसलाई प्रथम विद्यार्थी पवनको प्रशंसा सह्य नहुनु, विद्यालयमा निर्धन विद्यार्थीले प्राप्त गर्ने निःशुल्क छात्रवृत्तिको कोटा आफैँले खटेर मिलाउन सक्दा उसले परिवारलाई थोरै भएपनि बोभ हल्का गर्न सकेकामा प्रसन्नताको अनुभूति सँगाल्नु तर त्यसलाई कक्षाका साथीहरूले आफूहरूले पढाइको अक्षमतामा सरहरूबाट ऊसँग दाँजिदै गाली खाने गरेको हुँदा त्यो रिस फेर्ने अवसरका रूपमा लिँदै उसलाई "पवन दि पुअर

ब्वाय" भनेर गिज्याउन थाल्नुले आफू अधीनस्थ पिँढी हुनुको अनुभूतिले ऊ बढी नै आहत भएको छ (पृ.८०)। उसको प्रसन्नता ग्लानि र क्षोभमा परिणत भएको छ। आफूलाई निरीह र लज्जित अवस्थामा पाउँदा विद्यालय जान सधैँ उत्साह देखाउने उसलाई विद्यालयतर्फ खुट्टा उचाल्नै गाह्रो हुने स्थिति सिर्जना भएको छ। त्यतिखेर पवनले अधीनस्थ पिँढीका रूपमा वर्गीय भेदभावको रूपमा हीनताबोधको जुन अनुभूति सँगालेको छ, त्यसले समाजमा विद्यमान वर्गीय भेदले केटाकेटीहरूमा कसरी संस्कारगत रूपमै प्रविष्टि पाइरहेको छ, त्यसलाई पनि छर्लङ्ग बनाएको छ। अझ साना कक्षाका विद्यार्थीहरूबाट समेत पवनलाई गिज्याउने तिनै शब्दावलीको अन्धाधुन्ध अनुसरण हुनुले संस्कृतिका नकारात्मक पक्षको द्रुत प्रसारणको अवस्थालाई पनि सङ्केत गरेको छ। अति भएपछि पवनले कक्षाशिक्षकसँग यसबारे उजुर गरेपछि भने शिक्षकको हप्की पाएपछि धनी विद्यार्थीहरूको त्यस दुष्प्रवृत्तिको प्रकटीकरणमा बल्ल रोक लागेको छ।

पवनले आफूलाई गोप्य रूपमा अणुद्वारा मिलेको आर्थिक सहयोगको ज्ञात भएपछि ऊ नराम्ररी पिरोलिएको छ। त्यस क्षणमा उसमा यस्तो अनुभूतिको निर्माण भएको छ, "आफ्नो हैसियतभन्दा धेरैमाथिका सम्पन्नहरूसँग कहिल्यै उठबस गर्न हुन्न। मैत्री जतिसुकै गहिरो भए तापनि सम्पन्न साथी आफ्नो निर्धन साथीसँग सदैव सर्तक र सशङ्कित रहन्छ" (पृ.९७) तथा "परिश्रम नगरी छद्म रूपबाट दिएको दान कहिल्यै स्वीकार गर्नु हुन्न किनभने यस्तो दान अनेक अव्यक्त अभिप्रायले जेलिएका हुन्छन्" (पृ.९८)। त्यतिखेर वर्गविभेदले मैत्रीसम्बन्धमा पार्ने असरका सम्बन्धमा आफ्ना बाबुद्वारा व्यक्त यस्ता टिप्पणीहरू उसले स्मरण गरेको छ। यसरी आफूले आर्थिक याचना नगरिकनै प्राप्त त्यस दान उसलाई अस्वीकार्य छ र अणुले परोक्ष रूपमा अपमान गरेको बोध उसलाई भएको छ। त्यस आहत स्वाभिमानका घडीमा उसमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ,

> मन्दिरको छेउमा माग्नेहरूको लस्करबीच ऊ पनि एक पुरानो टाटको टुक्रा ओछ्याएर बसेको छ। दर्शनार्थीहरूमा अणु पूजासामा लिएर शुभ्र-स्वच्छ साडी लाएर आउँछिन्, केही चालचुन पैसा पवनको टाटमाथि खसालेर कुनै ध्यानै नदिई अघि जान्छिन् र टाढाबाट परक्क मुन्टो बटारेर पवनउपर एक कुटिल हाँसो हुऱ्याउँछिन्। (पृ.९७)

यद्यपि अणुको पवनप्रतिको सहयोग मानवीय छ; निस्वार्थ छ तर त्यत्तिखेर अणु जस्ती फरासिली केटी यस्तो कुटिल गतिविधिमा पनि संलग्न हुनसक्छे भन्ने जुन दृष्टिकोण उसमा एकाएक उद्‌बोध हुनपुग्नु आफूलाई आर्थिक अधीनस्थ दशामा पाउनुको हीनताबोधमा सिर्जित अनुभूतिको विशिष्ट अवस्था हो। पवनले नरमाइलो मानेको त्यस स्थितिलाई ठम्याएकी अणुले त्यसबारे यस्तो टिप्पणी गरेकी छ, "त्यो मलाई थाहा छ। तपाइँ सानासाना कुराले ठेस खाएर आहत भैरहनुहुन्छ। हीनभावनाग्रस्त मन ठेसिलो हुनजान्छ अनि कतै पात हल्लिएर पनि मनमा घाउ लाग्छ। तयो गुरुदक्षिणाको पेश्की हो, अग्रिम दिएर सुरक्षित होइन्छ भनेर मैले जानीजानी

त्यसो गरेकी" (पृ.१४२) । त्यसपछि पनि पवनले आफूलाई हीनभावनाले थेचारिएको संवेदनशील अवस्थामा पाएको अनुभूति गरिहनु आर्थिक दशाले आहत स्वाभिमानमा जन्माएको विशेष मनोदशा हो । अझ बाबुको नोकरी छुटेको सुन्दा घरको चुल्हो बाल्ने समस्या आफ्नो पढाइ र बाजेको औषधि, पिताको चिच्याहटसँगै आमाले बेहोर्नुपर्ने अवस्था, सबै खर्चका क्षेत्र सम्झेर अन्धकार भविष्यलाई दुःस्वप्नले अत्तालिँदो स्थितिमा उसले आफूलाई पाएको छ (पृ.१८०) । यी सबै सन्दर्भमा हुर्कंदो उमेरमा पवनले साँचेका अनुभूतिहरूबाट अधीनस्थ पिँढीगत दुर्दशाजन्य तत्कालीन नेपाली समाजको अवस्था मूर्त भएको छ ।

उपन्यासमा पवनका हजुरबुबा दुर्गानाथ सम्पन्नशाली हैसियतबाट एकाएक आर्थिक विपन्नतामा झर्न बाध्य बनाइएको अधीनस्थ पिँढी प्रतिनिधि पात्र हो । यो पात्र राणाशासनमा सत्ता र शक्ति हत्याउने राजनीतिक खेलको सिकार बन्न पुगेको छ । देवशमशेरको पदच्यूत गरी चन्द्र शमशेरले सत्ता हत्याएपछि देवको निकट व्यक्ति हुनुको कारण सर्वस्वहरणसहित उनैसँग धनकुटा धपाइएको, पछि आफ्नो पुर्ख्यौली थलो बारा जिल्लाको चेरवन्त प्रगन्नाको एक सानो गाउँमा बसोबास गर्दै रहेकोमा स्वास्थ्य समस्यासमेत थपिएपछि सहरको खोजीमा ऊ सपरिवार वीरगन्ज आइपुगेको छ (पृ. ८७) । शासकको हुकुमी आदेश नै कानुन रहेको त्यस सामन्ती शासन व्यवस्थामा निरपराध व्यक्ति पनि कसरी दण्डको भागी भएर अधीनस्थताको उत्पीडन झेल्दछ भन्ने उदाहरण उपन्यासमा दुर्गानाथका सन्दर्भमा प्रस्तुत छ । साथै चाकरी प्रथामा अडेको सर्वसाधारणको जागिरको चमकदमक क्षणिक रहेको तत्कालनि सामाजिक यथार्थ पनि मूर्त भएको छ । सुखमा मात्र होइन रोग र अभावमा पनि समभाव राख्नसक्ने उदात्त चरित्र बोकेको दुर्गानाथ आफ्ना लागि भन्दा पनि परिवारजनले भोग्नुपरेको दुःखका कारण बेलाबेलामा विचलित रहन्छ । उसको परिवार भाडा तिरेर बसेको घर सडकसँग जोडिएको छ । घरको बरन्डालाई कर्कटपाताले बेरेर तुल्याइएको भान्छाकोठा प्रत्येक हुरी बतासमा ढलेर अभावको नग्न स्वरूप प्रकट गरिरहेको हुन्छ (पृ.४२) । त्यस अवस्थामा विपन्नताको ढाकछोप गर्न तत्काल अग्रसर हुनुपर्ने बाध्यता उसको परिवारले बेहोरिरहँदा उसमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ, "मौसमको साधारण तलबितलले पनि अभावग्रस्त प्राणीहरूलाई ठूलो यातनाको सामना गर्नुपर्छ । आँधी-पानी आउनु सामान्य प्राकृतिक घटना हो । तर केहीलाई कम्मर कसेर यसले ल्याएको बिचल्लीको सामना गर्नुपर्छ भने, कोही अग्लो बार्दलीमा आराम कुर्सी हालेर प्रकृतिको रौद्र रूपको आनन्द लिइरहन्छन्" (पृ.४३) । यहाँनेर एकै खालको प्रकृतिलाई ग्रहण गर्ने धनी र गरिबको फरकफरक हैसियतसँगै अधीनस्थ पिँढीगत कष्टकर क्षण पनि मूर्त भएको छ । त्यस्तै, कमजोरी र भोकले विचेत भएर लडेकी बुहारीको अवस्थामा विचलित हुँदै कठोर गरिबीले झेलिरहेकी बुहारीसँग जोडिएका आफ्ना परिकल्पना दुर्गानाथले यसरी स्मरण गर्न पुगेको छ, "हिँड दुलै, आज मसित शहरको पसलमा, म तिमीलाई शिरदेखि पाउसम्म गहनाले पहेंलपुर पारिदिन्छु" (पृ.१६६) । यसरी आफ्नी छोरी भने पनि

बुहारी भने पनि त्यही एउटी रहेकी रम्भीप्रतिको करुणा र वात्सल्यको अनुभूतिसँगै आफूले साँचेका इच्छा साकार गर्न नसकेको पीडा उसमा यस्तो अनुभूति लिएर निःसृत छ,

> भगवान्, तिमी पनि कहिलेकाहीँ सुरताल नमिलाईकन आफ्नो काम गर्छौ। त्यो बेला मैले यो बुहारी पाइँन, म त नाङ्गो जोगी भैसकेपछि यिनलाई भित्र्याएँ। छोरीको लागि सञ्चित रहेको सबै स्नेह बुहारीमाथि खन्याएर चुर्लम्म पारिदिने मेरो लालसा मनभित्रै मरेर गयो। अभावग्रस्त मानिसले कसैउपर स्नेह र सहानुभूति देखाउनु चुहुँदो झरीमा धुजाधुजा भएको छाता ओढाउनुजस्तै हो। (पृ.१६७)

आफू सम्पन्न रहँदा नभई विपन्न अवस्थामा बुहारी भित्र्याउनु पर्दाको दुर्गानाथमा पीडानुभूतिले यस अनुभूतिको संरचनामा साकार रूप प्राप्त गरेको छ। यहाँनेर विलियम्सले भनेझैँ आत्मिक संस्कृतिको निर्माणमा भौतिक संस्कृतिको गहिरो प्रभाव पनि प्रकट भएको छ। स्नेह, सहानुभूति जस्ता आत्मिक भाव प्रकटीकरणमा भौतिक वस्तु सहायक सिद्ध हुने र त्यो जुटाउन आर्थिक पाटो महत्त्वपूर्ण हुने तथ्यले पनि प्रस्तुति पाएको छ। पारिवारिक साइनो, सम्बन्ध र कर्तव्यको गरिमा धान्न नसक्नुमा निःसृत मानसिक पीडादायी अनुभूति दुर्गानाथमा जस्तै उसकी बुहारी रम्भीमा निःसृत अनुभूतिले यस्तो संरचनामा प्रस्तुति पाएको छ,

> यस्ता पुरुषका लागि हामीले सानो सुख-सुविधा पनि जुटाउन सकेका छैनौँ। झन् सारो अधोगतिको अर्को अध्याय पो खुल्दो छ। आराम गर्ने उमेरमा तरुना छोरा-बुहारीको लागि उहाँले सामल जुटाउन धपेडी गरेको कुरा थाहा पाए भने यी आइमाईहरूले मलाई कति घृणा गर्नेछन्। साङ्ग्रो कठबारभित्रको फोहरी वातावरणमा आफ्ना सबै इच्छा र आकाङ्क्षाहरूलाई आत्मसात् गरेर अभाव र दरिद्रतामा आफ्ना शेष दिन काटिरहेको दिव्य पुरुष। यसका लागि हामी दुवै स्त्री-पुरुष अपराधी हौँ-लाछी। (पृ.२३९)

आध्यात्मिक प्रवचन दिन बसेका आफ्ना ससुरा पण्डित बाजे दुर्गानाथको देदीप्यमान् व्यक्तित्वबाट अत्यन्त प्रभावित रहेका श्रोता महिलाहरू बिचको खासखुस संवाद सुनेपछि चुपचाप बसेकी बुहारी रम्भीलाई आफूहरूले यस्ता व्यक्तिको छोराबुहारी हुन पाएकोमा गर्वबोधभन्दा पनि ग्लानि र लज्जाबोधको अनुभूतिले उसलाई मनमनै रुवाएको छ। यसै सन्दर्भमा उसले अपराधबोधको यस्तो अनुभूति सँगाल्न पुगेकी छ, “हीरालाई कीराजस्तो तिरस्कार र उपेक्षा गरेर राखेका छौँ, हामीभन्दा अधर्मी अरू को होला” (पृ.२)। यस अनुभूतिको अन्तर्यमा आर्थिक दुरवस्था मुख्य कारण रहेको छ। यसरी आआफ्ना क्षेत्रमा अघ्घोर दत्तचित्र र सङ्घर्षरत रहे पनि अर्थाभावले आक्रान्त जीवन डोऱ्याउनुपर्दा परिवारमा आफ्नो भन्दा अर्को सदस्यको अधीनस्थ दशामा चिन्तित हुँदै दुर्गानाथ, रम्भी, पीताम्बर र पवनसमेतले सँगालिरहेका वर्गीय अनुभूतिका संरचनाहरूले उपन्यासमा सशक्त प्रस्तुति पाएका छन्। निम्नमध्यम वर्गीय त्यस जीवन भोगाइका अनुभूतिमा

कालखण्डको नेपाली समाजका समस्त सर्वसाधारणको वर्गीय अधीनस्थ जीवन दशा मूर्त बनेको छ ।

प्रभुत्वशाली पिँढी हुनुको आभिजात्य अहङ्कारमा डाक्टरद्वारा निःसृत दुराशयपूर्ण बोली र पिटाइको व्यवहारले मध्यमवर्गीय पिँढीको प्रतिनिधि श्रीवास्तव ज्यादै उत्पीडित छ । डाक्टर र श्रीवास्तवसँग क्यारमबोड खेलिरहेको अवस्थामा पवनको हजुरबुबाको स्वास्थ्योपचारका लागि पवन डाक्टरलाई बोलाउन आउनु, डाक्टरले शनिबार आराम गर्ने बिदाको दिन कतै नजाने अडान लिनु, श्रीवास्तवले जानका लागि सम्झाउनु, विवाद पर्नु, डाक्टरले एकाएक 'नन्सेन्स र इडियट' भन्दै श्रीवास्तवका गालामा दुई थप्पड हिर्काउनु जस्ता घटनाक्रममा श्रीवास्तवले चरम दबाब र तनावको अनुभूति सँगाल्ने अवस्था सिर्जना भएको छ । एक्लै हुनासाथ मुख धुँदै गर्दा श्रीवास्तवमा यस्तो अनुभूतिको संरचना निर्माण हुनपुगेको छ, "मुख धोएर के ऊ डाक्टरले दिएको अपमानको यातना धुन सक्ला ? अपमान यस्तो वस्तु हो, जसले दियो त्यसलाई उत्तिकै तौलमा नफर्काएसम्म त्यो आफूसितै सञ्चित रहन्छ, समय र कालले जतिसुकै खाटा बसाले पनि ससानो चोटको उप्किएर सधैँभरि यातना दिइरहन्छ" (पृ.९०) । यसप्रकार डाक्टर आफूभन्दा शिक्षित र उच्च वर्गीय हैसियतको भए पनि उमेर तथा अनुभवले आफू परिपक्व एवम् समाजमा प्रतिष्ठित भएर रहेकोमा एकाएक डाक्टरद्वारा भएको प्रहारले श्रीवास्तवको स्वाभिमानमा ठेस लाग्नु त छँदै छ, आफूले त्यत्तिखेर संयम देखाए पनि डाक्टरको वर्गीय अभिमान उसलाई थप आहत बनाउने कारण बनेको छ । डाक्टरको त्यस धृष्ट व्यवहारलाई देखिरहेका आफ्नै परिवारजन पत्नी, छोराछोरी तथा नोकरका अगाडि उसले लज्जाको अनुभूति सँगालेको छ (पृ.९०) । घटित भए भन्दा यसलाई बढाइचढाइ प्रसारण गर्ने मानवीय स्वभावजन्य गतिविधिका कारण सहरमा लाञ्छित र अपमानित भएर रहनुभन्दा मर्नु र बाँच्नुको दोसाँधमा आफू रहेको मार्मिक अनुभूतिमा ऊ पिल्सिरहेको देखिन्छ (पृ.१०१) । श्रीवास्तवका दबाब र तनाव बढाउने अधीनस्थताबोधका यी विशिष्ट दशा हुन् ।

निम्नवर्गीय अधीनस्थ पिँढीगत अनुभूतिका संरचनाहरू उपन्यासमा गणेशी, रामधनी आदि पात्रहरूमार्फत प्रस्तुत छन् । प्रभुत्वशाली पिँढीगत अधीनस्थतामा तिनले दबाब र तनाव बेहोरिरहेका छन् । उच्च वर्गीय पिँढीको प्रतिनिधि लोकोबाबुका दृष्टिमा सदैव पान बेचेर गुजारा चलाउने गणेशी अपठित, गँवार र असभ्य छ । उसका अनुसार यस्ताको सङ्गत उच्चवर्गीय मात्र होइन श्रीवास्तव जस्ता मध्यम वर्गीयका लागि पनि त्याज्य छ; लोकलाई रिझाउने उसको वाक्चतुर्य फोहरी र अश्लील छ । आफूले उसबाट फोहरी बोली बोलेको भनी पानीले मुख धुने आदेश पाउनु, आफूप्रति प्रायः आग्नेय दृष्टि पाउनु गणेशीका लागि आफू अधीनस्थ दशामा रहेको अनुभूति सँगाल्ने कारणहरू हुन् । त्यस अवस्थामा गणेशीले आफ्नो संस्कृतिजन्य अनुभूति स्टाफहरू समक्ष यसप्रकार पोखेको छ, "त्यसैलाई देऊ न पानी आफ्नो आसनी पखालोस् आज बीसौँ वर्षदेखि जो कागतले पुछेको बासी पिँध लिएर हिँडिरहेको छ, त्यो मलाई फोहरी भन्छ"

(पृ.११५) । तर लोकोबाबु प्लेटफार्ममा उपस्थित हुनासाथ उसले टाउको खुम्चाएर बस्ने अवस्था सिर्जना हुनु उसको अधीनस्थ अवस्था हो (पृ.१८४) । यसप्रकार गणेशी प्रतिकारचेतलाई लोकोबाबु समक्ष प्रकट गर्न सक्दैन तर आफूप्रतिका उसका अवहेलना र दण्डका अनुभूतिले जन्माएको आक्रोशलाई उसले रेल ड्राइभर मुहम्मदसमक्ष प्रकट गरेको छ (पृ.१८४) । त्यस्तै, प्रभुत्वशाली अहम्मा डाक्टरले श्रीवास्तवप्रति गरेको दुर्व्यवहार पनि गणेशीलाई सह्य छैन तर पनि डाक्टरसमक्ष प्रत्यक्ष विरोध प्रकट गर्न सक्दैन । बरु, पछाडि रहेर प्रभुत्वशाली पिँढीको डाक्टर परिवारलाई गलाएर श्रीवास्तवसामु डाक्टरलाई माफी माग्ने अवस्थासम्म पुऱ्याउने चक्रव्यूह रचेर सफल परिणति दिन भने ऊ सफल भएको छ। त्यस क्रममा आफ्नो षड्यन्त्र सफल बनाउन श्रीवास्तवका घरेलु कामदार जीतूलाई हात लिन उसले आफूमा रहेको सांस्कृतिक चेतलाई यी अभिव्यक्तिमा प्रकट गरेको छ,

> गोबरको बुद्धि गोबरजस्तो नभए आज किन भाँडा माझेर तँ खान्थिस् । जसको अन्नपानीले यो शरीर बनाइस्, केटाकेटीदेखि जसको नून खाइस् त्यसको लागि आपत्विपत परेको बेला केही गर्दैनस् भने तँजस्तो निमकहराम नोकर को होला ? त्यो बूढो मालिकको मन रोइरहेको देखिनस् ? केही गरिनस् भने तैँले एक दिन रगत छादेर मर्नुपर्नेछ । (पृ.११२)

एक अधीनस्थले अर्को अधीनस्थसमक्ष प्रकट गरेका यी वाणीमा प्रभुत्वशाली पिँढीगत संस्कृतिलाई अधीनस्थ पिँढीले कसरी सहज रूपमा आफ्नै संस्कृतिका रूपमा ग्रहण गरिहेको हुन्छन् र 'नुनको सोझो' गर्दै बफादार रहन उत्प्रेरित हुन्छन् भन्ने तथ्यले प्रस्तुति पाएको छ । त्यसै गरी गणेशीले रामधनीलाई डाक्टरको घरधन्दा छोड्न उत्तेजित बनाउने उद्देश्यले उसमा पुरुषसत्ताको संस्कृतिगत अहम् जागृत गराएको छ र वर्गीय अधीनस्थतामा हुने अपमान बोधको समेत स्मरण गराएर आफ्नो योजना सफल बनाउन सकेको छ । डाक्टरले रामधनीसँग कठिन परिस्थितिमा काम छोडेको गुनासो गर्दा रामधनीले आफूमा निःसृत अनुभूतिलाई यसप्रकार अभिव्यक्त गरेको छ, "मालिक, म जातको कहार हुँ, पालकी बोक्ने । तर सबैको इज्जत हुन्छ । मालिक्नीको पेटीकोट पछार्नुपर्दा र मालिक्नी नाङ्गैजस्तो लडिरहेकी म हेर्न सक्दिँन थिएँ । बडो कस्तोकस्तो लाग्थ्यो । हामी घाममा डढेर काला भएका छौँ भनेर हाम्रो वर्णलाई साह्रै घृणा गर्नुहुन्थ्यो । भन्नुहुन्थ्यो :"मोरा हो, तिमीहरूभन्दा त पशु बेस" (पृ.१२१) । वर्ग, वर्ण तथा जातिगत विभेदमा मानिसले मानिसलाई पशुभन्दा तल ओह्रालेर आफ्नो प्रभुत्वशाली हैसियत प्रकट गर्ने डाक्टर्नीको शैलीले अधीनस्थ पिँढीका प्रतिनिधि रामधनीले सँगाल्नु परेको यस्तो अनुभूति ठम्याएपछि डाक्टर स्वयम्लाई यथेष्ट प्रमाण पुगेको छ र उसलाई रामधनीले कसैको षड्यन्त्रमा आफ्नो घर छोडेको हो-होइन जान्ने उत्सुकतासमेत मरेको छ । यसरी उसले रामधनीमा निर्मित अनुभूतिको संरचनाबाट पनि प्रस्ट हुँदै र श्रीमतीको अधीनस्थ पिँढीप्रतिको अतिशय व्यवहारले आफ्नो घरव्यवहार नै लथालिङ्ग हुनुपरेको अनुभूति सँगाल्दै डाक्टरले पनि प्रशस्त दबाब र तनाव खेप्नुपरेको छ । अतः उपन्यासमा पिँढीगत प्रतिनिधि पात्रका माध्यमले निम्नवर्गीय, निम्नमध्यम वर्गीय र मध्यमवर्गीय पिँढीहरू मूलधारको

संस्कृतिमा कसरी अधीनस्थ छन् र उत्पीडनका अनुभूति सँगालिरहेका छन् भन्ने यथार्थले प्रस्तुति पाएको छ ।

### ४.७.२ लैङ्गिक उत्पीडनद्वारा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचना

*घामका पाइलाहरू* उपन्यासमा पुरुषसत्ताको नेपाली सामाजिक संरचनामा लैङ्गिक रूपमा अधीनस्थ रहेका पिँढीका अनुभूतिका संरचनाले पनि केही मात्रामा प्रस्तुति पाएका छन् । मूलधारको संस्कृतिमा रहेको कथित उपल्लो जातिका महिलाहरूको अधीनस्थ स्थिति उपन्यासमा रम्भी पात्रद्वारा प्रस्तुत भएको छ । अझ बिहे भएपछि नारीको स्वतन्त्र जीवनको हैसियत समाप्त हुने, आफ्नो जन्मगाउँ, परिवारजनसँग बिछोडिनु पर्ने मात्र नभई आफ्ना नाचगानलगायतका रहर र सिपलाई थान्को लाउनुपर्ने परिस्थितिले पिरोल्लिएकी रम्भीले बिहे नगर्न विद्रोह गरे पनि उसको जोड चलेको छैन, अन्माउने बेलासम्म पनि रुँदै आमालाई भनेकी छ, “आमा, मेरो गाउँबाट मलाई नगलहत्याउनुस्” (पृ.५९) । छोरीको यस निरीह आग्रहले मुर्छा परेकी आमाले बिउँतेपछि आफ्ना अनुभूति यसप्रकार पोखेको देखिन्छ,

> छोरीको कर्मै यस्तो हुन्छ । मन परेको सबै कहाँ पाइन्छ ? तेरा रगरग गर्ने पैताला र कोइलीसित साट्ने स्वर गाउँबाहिरको अग्लो वरको रुखमाथि झुन्ड्याइदे । तेरा चकचक र उपध्रोहरू सबै पोको पारेर पोखरीमा हुर्‍याइदे । अब गाउँकी रम्भालाई यही धूलोमा फालेर पालकीभित्र गएर बस् । (पृ.६९)

तत्कालीन समाज र संस्कृतिमा महिलाको अधीनस्थ दशा यहाँनेर मूर्त भएको छ । यसप्रकार गाउँकी नटुवी र कोइली कहलिएकी रम्भीले आफ्ना निजी जीवनका रहर र उमङ्गलाई समेत पूर्णविराम लाउँदै गाँउभन्दा पर सहरमा रहेर दारिद्र्य परिस्थितिमा जीवन डोऱ्याउन विवश बनेकी छ । उसका लागि बिहे लिङ्गगत अधीनस्थता बनिसकेको छ । पुरुषसत्ताको सामाजिक संस्कृतिको अवलम्बनमा ऊ दत्तचित्त भएर लागेकी छ । व्रत, उपवासको परिपालना, पतिलाई नखुवाई आफू नखाने पतिव्रता धर्मको नबिराई अनुसरण उसका दैनिकीमा रहेका छन् । कामधन्दाका चापले खाने समय निकाल्न नसक्ने श्रीमान्लाई ऊ आधा दिउँसोसम्म निर्जल, निराहार कुरी बस्छे । उसका गतिविधिलाई लिएर पीताम्बर यसरी कुर्लिएको छ, “चन्द्रशमशेरले कानुन बनाएपछि पनि हाम्रो देशमा सतीप्रथाको अन्त्य भएको छैन । ती अघि चितामा आत्मदाह गर्थे, अब भान्छामा आत्महत्या गर्न थालेका छन्” (पृ.५१) । महिला स्वयम्ले हाँसीखुसी गर्ने पुरुषसत्तावादी प्रधान संस्कृतिको प्रतिपालनालाई पीताम्बरको व्यङ्ग्यले पनि परिवर्तन गराउन सकेको छैन । त्यस्तै, रम्भीले केही दिन गाउँ गएर आफूलाई हलुका तुल्याउने रहर पुरा गर्न सकेकी छैन । श्रीमान्बाट गाउँ जाने अनुमति पाए पनि ऊ घरप्रतिको कर्तव्यबोधले थिचिएर यस्तो अनुभूति प्रकट गर्दछे, “मैले कहाँ भनेकी छु ? म गैदिएँ भने बाजे दुई दिन पनि अन्न पाउनुहुन्न । तपाईं काममा व्यस्त रहनुहुन्छ, ठीकठीक ट्याममा खाने, पिउने कसले ठीक पार्छ”

(पृ.७१) । यो दशा पुरुषसत्ताको सामाजिक व्यवस्थामा भातभान्छाका घरायसी काममा पुरुष सहभागी नहुने र महिलाले मात्र त्यो अभिभारा सम्हाल्नुपर्ने अवस्थाको पनि परिणति हो । महिला घरधन्दामै निरन्तर पिल्सिरहनुपर्ने त्यस बाध्यतामा महिलाका निजी भावनाको सम्मान हुने ठाउँ छैन । रम्भीको कर्तव्यबोधमा पीताम्बरले यस्तो टिप्पणी गरेको छ, "बल्ल तिमी ठीक ठाउँमा टेक्न आइपुग्यौ" (पृ.७१) । उसले यस्तो अनुभूति प्रस्तुत गर्नुमा तत्कालीन लैङ्गिक विभेदको स्थितिले पनि मूर्तता पाएको छ ।

सामन्ती सोचले जरो गाडेको तत्कालीन समाजमा महिला बाहिरफेर आयआर्जनका गतिविधिमा संलग्न हुने, आर्थिक स्वावलम्बन प्राप्त गर्ने अवस्था त्यस सहरी समाजमा सुझबुझ भएका र विवेकी कहलिएका रम्भी, श्रीवास्तवकी पत्नी जस्ता मध्यमवर्गीय महिलाहरूको देखिँदैन । अझ उच्चवर्गीय प्रतिनिधि डाक्टर्नी, अणुजस्ता शिक्षित महिलामा पनि त्यसबारेको कति पनि चिन्तनमय अनुभूति नदेखिनु, घरव्यवहारकै चौघेरामा सीमित रहनु जस्ता उपन्यासमा प्रस्तुत सन्दर्भहरूमा लैङ्गिक विभेदको तात्कालिक सामाजिक यथार्थकै स्वाभाविक प्रस्तुतीकरण भएको छ ।

तत्कालीन पुरुषसत्ताको समाज सहरी नै भए पनि सडकमा किशोरकिशोरीसँगै गफिँदै हिँडेको पचाउने अवस्थामा देखिँदैन । अणु र पवनले त्यसरी हिँड्नु सहरभरि उदेकलाग्दो हेराइसँगै कुरा काटिने विषय बनेको छ । परिचित अनुहारको दुष्ट हाँसो, कुटिल खोकी अनि एउटा आँखा कानो पारेर उनीहरूप्रति हेराइ फालिरहेको अवस्था देख्दा पवनले असहजताको अनुभूति साँच्न पुगेको छ (पृ.१२९) । यसरी लैङ्गिक विभेदको घटिया संस्कारलाई ठम्याएको पवनका लागि त्यत्तिखेर अणुको साथ मन खुम्चाउने कारण बनेको छ । अझ अणुको विनोदी प्रकृति र उन्मुक्त हाँसो सहितको निश्छल प्रस्तुति उसका लागि अझ असहज हुनु उसको विशिष्ट मनोदशाको अभिव्यक्ति हो । महिलाले बढी हाँस्नु र हाँस्दाखेरि उत्तेजित भएर थपडी बजाउनु पुरुषसत्ताले ग्रस्त समाजमा अपाच्य हुने अनुभूतिको संरचना पवनमा निर्माण भएको छ (पृ.१३०) । त्यसमाथि चियापसल देखेर पवनसँग चियाखाने प्रस्ताव राख्नुले पनि उसले दबाब र तनावको तीव्रता झेलेको छ । त्यस घडीमा आफूलाई धर्मसङ्कट परेको अनुभूति उसले सँगालेको छ । अहिलेसम्म त्यस पसलमा महिलाले चिया खाएको कहिल्यै नदेख्नु, महिला बस्न मिल्ने अवस्था त्यहाँ नदेखिनु, दुबैतिर लामालामा बेन्चहरू तेर्साइएको हुनु र दुवै लहरका लोग्ने मानिस मुखामुख गरी हातमा माटाको पाला लिएर चिया खाँदै आकाश पातालका गफ चुट्नु, कतिपय गफका प्रसङ्ग घटिया र अश्लील भइदिनु जस्ता सन्दर्भहरू सम्झँदै र अणुजस्ती सभ्य केटी त्यस्तो परिवेशमा अड्न गाह्रो हुने अड्कल उसले गरेको छ । अझ अणुको निशङ्कोच हाँसो प्रस्फुटन भएमा र पुरुषसमूहबाट अपमानजनक शब्द प्रहार भएमा झैझगडाको परिस्थितिसम्मको सामाजिक सङ्कटका अनुभूति उसले सँगाल्न पुगेको छ । आफूसँग फुट्या कौडी नभएको आर्थिक सङ्कटको त्यस स्थितिमा

चिया खाइसकेको पैसा अणुलाई तिराउनु पर्दा एउटा पुरुषका लागि लाजमर्दो हुने अनुभूतिसमेत उसमा निर्माण हुनुले लैङ्गिक विभेदले आक्रान्त तत्कालीन समाज जीवन्त बनेको छ ।

यसप्रकार उपन्यासमा निम्नमध्यमवर्गीय रम्भी तथा श्रीवास्तवकी पत्नी, सम्भ्रान्त वर्गीय डाक्टर्नी तथा अणु आदि सबैजसो वर्गका नारी पात्रहरूले पुरुषसत्तामा कुनै न कुनै रूपमा अधीनस्थ भएको अनुभूति सँगालेकै देखाइनुमा लैङ्गिक भेदभावको संस्कृति प्रस्तुत गर्ने लेखकीय प्रयोजन प्रकट भएको छ । मूलधारको त्यस पुरातनवादी संस्कृतिमा महिलामात्रका लागि थुप्रै सामाजिक बन्देजहरू तय गरिएका र तिनलाई जानअन्जानमै तोडिनु समाजका लागि अपाच्य हुने सन्दर्भका यस्तै एउटा दृष्टान्तले उपन्यासमा यस्तो प्रस्तुति पाएको छ,

> एउटी युवतीको यति उन्मुक्त हाँसो त्यहाँ बसेजति कसैले सुनेका थिएनन् होला । बाहिरफेरको त के कुरा, घरभित्रसमेत तिनका पत्नीहरू खुलेर हाँस्दैनन् । त्यहाँको समाजमा केटीहरूलाई बामेसरेदेखि नै आमाहरू औंला ठड्याएर-'लहै छोरीले ज्यास्ती हाँस्नु छैन' भन्छन् । आकलझुकल कोही आइमाई घरमा ठूलो स्वरले हाँसिहाले भने एउटा गम्भीर अदबपूर्ण मालिकको स्वर कतैबाट आएर हाँसोको लागि खुलेको मुखभरिको बुजो लगाइदिन्छ– 'ए, भनिदे त्यसलाई यस्तो हाँसो वेश्याहरू मात्र हाँस्छन् । अबदेखि यसरी हाँस्नु छ भने जाओस् माइती, आफ्ना बाबुआमालाई बत्तीसै बङ्गारा देखाएर हाँसोस् । हामी इज्जतदार घरानियाँ हौं । आइमाईको यस्तो हाँसो हामी सहन सक्दैनौं ।' कठोर सामन्ती सदाचारको विपरीत अणुको उन्मुक्त हाँसो सुनेर सिङ्गै पसल स्तब्ध भयो । सारा कोलाहल एकासि थान्को लाग्यो र सबै अणुतिर कुनै इन्द्रलोकबाट चियापसलमा बाटो बिराएर ओर्ह्लेकी अप्सराजस्तै हेर्न थाले । (पृ.१३१)

उपन्यासमा अभिव्यक्त उक्त अनुभूतिको संरचनामा तत्कालीन सामन्ती समाजव्यवस्थामा महिलालाई नियमन गर्ने परिप्रेक्ष्यको अत्यन्त नाजुक दृष्टिकोण प्रस्तुत भएको छ । थपडी मारेर उन्मुक्त हाँसोसहित चियापसलमा पवनकासाथ उसको उपस्थिति त्यहाँ बसेर चिया खाइरहेका पुरुष समुदायका लागि अकल्पनीय परिस्थिति भएको सन्दर्भ उपन्यासमा आख्यानकारद्वारा प्रस्तुत गरिएको छ । ठुलो सहर कलकत्ताको बङ्गाली खुला समाजमा सम्भ्रान्त जीवनशैलीमा हुर्केकी अणुले त्यस फरक क्षेत्रगत परिवेशमा महिलाले पुरुषहरूमाझ खुलेर हाँस्नु नै अपराधसरह र चरम अशोभनीय ठानिन्छ, जुन कुरा उसले बुझेकी छैन । यहाँनेर लैङ्गिक भेदको मात्रा क्षेत्रगत सामाजिक परिवेशले पनि निर्धारण गर्ने यथार्थले प्रस्तुति पाएको छ ।

द्वारिकासमक्ष पीताम्बरद्वारा प्रकट यस अभिव्यक्ति पनि महिलाको अधीनस्थ दशाबारेको मार्मिक अनुभूतिमा निःसृत छ, "उनीबारे के भन्ने । हामीबाट सबभन्दा बढी शोषण उनैको भएको छ । चूल्होका भर्भराउँदा दुई मुख र उसका दुवै हातको मित्यारी कहिलै छुट्दैन । भान्छा र सुत्ने कोठाको सानो संसारमै तिनको आधा जीवन बित्यो" (पृ.२००) । घरको चौघेरामै सीमित रहनुपर्ने महिला पिँढीको अधीनस्थ अवस्था रम्भीका सन्दर्भमा मात्र होइन वर्गीय तहमा प्रभुत्वशाली पिँढी

प्रतिनिधिहरूको समेत देखिन्छ । डाक्टरपत्नी स्वयम् पुरुषसत्ताको लैङ्गिक अधीनस्थ संस्कृतिको मारमा रहनुपरेको जटिल अवस्था उपन्यासमा यसप्रकार अभिव्यक्त छ,

> एउटा मात्र पीडा सहेकी छु मैले यहाँ ? नोकर भाग्यो, मेहतर्नी भागी, त्यो त छँदै थियो । सधैँ यो मास्टरको नोकर यता फर्केर पिसाब फेर्छ । एकबिहानै झ्याल खोल्यो कि त्यही देखा पर्छ । के यही घृणित दृश्य देखाउन यहाँ मलाई ल्याउनुभएको थियो ? मेरो इज्जतको सुरक्षा गर्ने धर्म तपाईंको होइन ? म आजभोलिमा सुत्केरी हुन्छु । कुनै पनि सुँडिनी तपाईको घरमा आउँदिन । अनि त्यस अस्पतालमा जहाँ कुनै महिला डाक्टर छैन, मलाई भर्ना गर्नुहुन्छ ? व्यथा लागेपछि डाक्टरले मलाई निर्वस्त्र पारेर खोतलेको म कसरी सहन सक्छु ? देखिसकेँ, तपाईंले मलाई अकालमा मार्न यहाँ ल्याउनुभएको रहेछ । (पृ.१२२)

गर्भवती अवस्थाको नाजुक मोडमा नयाँ क्षेत्र र परिवारमा समायोजन हुने कठिनाइ झेल्दै गर्दा अनायास बेहोर्नुपरेको थप मारका सन्दर्भमा डाक्टर्नीमा यस्तो अनुभूतिको संरचना निर्माण भएको छ । डाक्टरको ज्यादतीलाई दण्डित गर्न र श्रीवास्तवका सामु उसलाई झुकाउन गणेशीद्वारा रचित चक्रव्यूहको मार सबैभन्दा बढी डाक्टर्नीले बेहोर्नु परेको अवस्था छ जसमा महिलाको लैङ्गिक अधीनस्थताको स्थितिले पनि प्रस्तुति पाएको छ । यसप्रकार जुनसुकै वर्गीय तहका महिलाहरू पनि धेरथोर मात्रामा पुरुषसत्ताको संस्कृतिमा अधीनस्थ दशामा रहन बाध्य रहेको यथार्थलाई उपन्यासमा अभिव्यक्ति दिइएको छ ।

### ४.७.३ पुस्तान्तर भेदका परिप्रेक्ष्यमा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा बूढो, प्रौढ तथा किशोर पिँढीको प्रतिनिधित्व क्रमशः दुर्गानाथ, पीताम्बर तथा पवनले गरेका छन् । पारस्परिक अन्तर्सम्बन्धमा एकअर्काप्रति पूर्ण आस्था र विश्वास रहँदारहँदै पनि स्वभावगत भेद तथा व्यावहारिक कठिनाइ सामना गर्ने क्रममा तिनले भिन्न-भिन्न चिन्तनका परिप्रेक्ष्यमा दबाब र तनावजन्य अनुभूति सँगालेका छन् । त्यहाँनेर प्रौढ पिँढीमा आश्रित रहेका बूढो तथा किशोर पिँढीका बेग्लाबेग्लै अनुभूतिका संरचनामा पुस्तान्तरजन्य विभेदको पनि अभिव्यक्ति रहेको छ । वृद्धावस्थाको बाबु र किशोरावस्थाको छोरालाई अर्थोपार्जनको कत्ति पनि भार नदिई परिवारको आर्थिक अभिभारा एक्लै वहन गर्ने पीताम्बरको दृढ अठोट परम्परित संस्कृतिद्वारा निर्देशित छ । आर्थिक सङ्कटग्रस्त अवस्थाका द्रष्टा र भोक्ता दुर्गानाथ तथा पवनले भने त्यतिखेर आ-आफ्ना ठाउँबाट अर्थोपार्जनमा भरथेग गर्न खोजेका छन् । यस सन्दर्भले पीताम्बरमा थप दबाब र तनावजन्य हीनताबोधको अनुभूति निर्माण भएको छ जसले गर्दा आफूमा आश्रित पुस्ताप्रतिका उसका आक्रोश दुर्वचनमा अभिव्यक्त हुन थालेको छ । त्यसो हुँदा दुर्गानाथ तथा पवनले पनि प्रशस्त दबाब र तनावजन्य अनुभूति सँगालेको अवस्था छ ।

उपन्यासमा आफ्ना बाबुको हजुरबुबाप्रति सुमधुर हुननसकेको सम्बन्धलाई लिएर पवनले हजुरबुबासँग जिज्ञासा राख्दा त्यो सम्बन्ध परजीवी अर्थात् 'आश्रित'सँगको सम्बन्ध भएको बुझ्ेपछि आफू पनि आश्रित भएको कुरा पवनले बताएको छ। त्यत्तिखेर हजुरबुबाले आफ्ना, अनुभूतिलाई पवनसमक्ष यसप्रकार प्रस्तुत गरेको छ, "मेरो र तेरो अवस्था भिन्नाभिन्नै छ। म याम तुरिएर ओइलाउन लागेको झार हुँ भने तँ भोलिको कोपिला होस्। तँलाई आश्रय दिनु सुखद लगानी गर्नु हो भने मेरो आश्रय अन्तिम यात्राको चाँजोपाँजो मिलाउने समय कटनीको व्यवस्था मात्र हो" (पृ.३४)। यहाँनेर अस्ताउँदो पिँढी र उदाउँदो पिँढीबिचको पार्थक्यमा भौतिक एवम् आत्मिक संस्कृति दुवैको असर देखिन्छ। सामन्तवादी शासनव्यवस्था पटक्कै गरिबमैत्री हुन नसक्दा वर्गीय अधीनस्थ मध्यम उमेर पुस्ताको प्रतिनिधि पीताम्बर जस्ताको आर्थिक व्यवस्थापनको कठिनाइमा निःसृत आक्रोशका पीडा बारम्बार परिवारमा बर्सिरहेको हुन्छ। त्यस अवस्थामा आश्रित पुस्ताले सँगाल्नु परेको मानसिक हाहाकारको पीडादायी अनुभूतिले यहाँनेर कलात्मक संरचनागत स्वरूप प्राप्त गरेको छ।

आर्थिक सङ्कटको निरन्तर सामना गर्दै आएको त्यस परिवारका पुस्तान्तर भेदजन्य पिँढीहरूका सन्दर्भमा आख्यानकारको यस्तो अनुभूति उपन्यासमा प्रकट छ, "पग्लेको पीचमा टायरको सस्तो चप्पल लाएर निम्नमध्यम वर्गीय तीनपुस्ते परिवारका दुई सीमान्त पितामह र पौत्र, आउँदो युगको अभावको छटपटी र पीडाका मर्मान्त कथाको पात्रहरूका लागि अमिट पदचिह्न छाड्दै लम्किरहेका हुन्छन्" (पृ.३८)। पितामह दुर्गानाथ र पौत्र पवनका सन्दर्भमा उपन्यासमा प्रस्तुत यस अनुभूतिको संरचनाले प्रत्येक कालखण्डको सामन्ती समाजव्यवस्थामा आर्थिक अधीनस्थ पिँढी/समुदायमा उमेरजन्य आश्रित पुस्ताले झेल्दै आएको त्यस्तो अभाव र पीडादायी अवस्थालाई व्यञ्जना गर्न सफल छ जुन दारुण दशा निरन्तर प्रवाहमा रहन्छ; युगीन भइरहन्छ।

### ४.७.४ क्षेत्रीय विभेदका परिप्रेक्ष्यमा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना

भौतिक विकासका कारण अवसरको केन्द्र मानिने सहर र पिछडिएको क्षेत्र मानिने गाउँबिचको पार्थक्यका क्षेत्रीय विभेदजन्य दबाब र तनावका पृष्ठभूमिमा निःसृत विशिष्ट अनुभूतिका संरचनाहरूले पनि प्रस्तुत उपन्यासमा यथास्थानमा अभिव्यक्ति पाएका छन्। ती अनुभूतिका संरचनाहरू ग्रामीण तथा सहरी सामाजिक संस्कृतिको जटिल सम्बन्ध पहिचानको आधार पनि बन्न सकेका छन्।

तत्कालीन नेपालमा गाउँहरूको आधिक्य रहेको परिप्रेक्ष्यमा भर्खर भर्खर उदाउन लागेका सहरप्रतिको आकर्षणका अनुभूति मात्र होइन; सहरी परिवेशको भोक्ता बनिसकेपछि त्यसप्रतिका विकर्षणका अनुभूतिले पनि उपन्यासमा संरचनात्मक स्वरूप प्राप्त गरेका छन्। ग्रामवासी सानो

छोरोलाई नगरदर्शन गराउन लिएर हिँड्ने क्रममा हिँडाइ, भोक, प्यास र थकान एकसाथ झेल्नुपर्दा उसमा निःसृत दबाब र तनावजन्य अनुभूति उपन्यासमा यसप्रकार अभिव्यक्त भएको छ,

> शहर आउनु ज्यादै गाह्रो काम हो, यति पट्यारलाग्दो मरुभूमिजस्तो बाटो छ, जहाँ एक अँजुली पानीले सुकेको कण्ठ रसाउन पाइन्न । गाउँमा हुँदा यता आउन जति मन चौचौ हुन्छ त्यो सब यो विकराल बाटो, धूलो र गर्मीले मरेर जान्छ । मन गर्छ बीच बाटोबाटै फर्केर जाऊँ, त्यस मुर्कुट्टा शहरको मुखै नहेरूँ । (पृ.१२७)

अविकसित सहर, गाउँसँग जोड्ने बाटो र यातायात साधनको अभावमा हिँडाइसँगै गर्मी र प्यासको उत्पीडन झेल्नुपर्दा मरुभूमिमा हिँडिरहेझैँ अनुभूति उसले सँगालेको अवस्था छ । सहरप्रति त्यस विकर्षणको घडीमा अझ छोरो समेत अताल्लिएर "सहर आएन ?" भनी बारम्बार सोधिरहँदा उसले छोरो ल्याउनुको प्रयोजनलाई श्रीमतीको अनुभूतिगम्य भनाइसहित यसरी स्मरण गर्दछ, "पाँच-छ वर्षको भयो, गएपिच्छे शहर लिएर जानुस् अनि यो टाठाबाठो हुन्छ । मलाई पनि ठीकै लाग्यो । शहरमा धेरै नयाँ कुरा देख्न पाउँछ र गाउँका गँवार ठिटाहरू मध्ये आफूलाई मेठ भन्ठान्नेछ" (पृ.१२७) । दुःख झेलेरै पनि सहर पुग्ने आकर्षणको यो त्यस्तो अनुभूतिको संरचना हो जसमा सामाजिक संस्कृतिजन्य मनोदशाले साह्रै राम्ररी अभिव्यक्ति पाएको छ । सहरसँग बेलैमा नाता जोडेर सन्तानलाई चेतनशील बनाउने चाहनाको अभिव्यञ्जना पनि यहाँनेर भएको छ । साथै विकास निर्माणप्रतिको स्वाभाविक जनचाहना पनि प्रकट भएको छ । 'भुच्चड देहाती" बनिएको अधीनस्थ पिँढीगत हीनताबोधको अनुभूतिलाई पन्छाउँदै छोरोलाई सहर डुलाएर बाठो बनाउने रहरलाई पूर्णता दिने लक्ष्य नजिकपुग्दा सहरदर्शनको रोमाञ्चकताको सुखानुभूति पनि उसले सँगालेको छ । साथै, गाउँलेहरूको चहलपहलविना सहर पनि निर्जीवसरह बन्ने सन्दर्भका अनुभूतिले पनि उपन्यासमा सहज प्रकाश पाएको छ (पृ.२८) । साथै, यसरी क्षेत्रीय विभेदका परिस्थिति र भोगाइमा निर्मित वैयक्तिक अनुभूतिमा ग्रामवासी हुनुको अधीनस्थ मनोदशाका सामाजिक अनुभूतिको पनि साधारणीकरण भएको छ ।

पवनसमक्ष हजुरबुबाले व्यक्त गरेअनुसार बाबुछोराको सम्बन्ध धमिल्याउनमा सहरको हात रहेको अनुभूति उपन्यासमा यसप्रकार व्यक्त छ, "मैले जसरी यस शहरलाई पचाएको छु, तेरो बाबुले किन हो रुचाउन पनि सकेको छैन । शहर मेरो जीवन हो । दमको व्यथाले जर्जर भएको मेरो जीर्ण शरीरले यस शहरको औषधोपचारले गर्दा एक मुठी प्राण धानिराखेको छ" (पृ.३५) । यसरी त्यस सहरको सानो अस्पतालको आकर्षणमा बसिरहेको दुर्गानाथले त्यो स्थान छोड्न नसक्नु उसको बाध्यता पनि हो तर पीताम्बर भने त्यस सहरमा आफू अधीनस्थ दशामा रहेको अनुभूति सँगालेर बसिरहेको छ भन्ने छोराबारेका अनुभूति ऊ यसप्रकार व्यक्त गर्दछ, "ऊ शहरमा आफूलाई शक्तिहीन ठान्छ । सानो गाउँमा पाइने मान्यता यहाँ पाउन सकिन्न । गाउँ र शहरको यस भिन्नताले गर्दा सधैँ पीताम्बरको मासु अमिलिइरहेको हुन्छ (पृ.३५) । यसप्रकार सहर छाड्दा

पिताको साथ सदाका लागि छुट्ने हुँदा पिताप्रतिको स्नेहकै कारण उसले सहर चटक्क छाड्न नसकेको उसको अन्तर्यको दशालाई बाबुले ठम्याँएको छ ।

पत्नीसमेतको सहरप्रतिको वितृष्णा बुझेपछि पीताम्बर स्वयम्ले पनि यस्तो अनुभूति प्रस्तुत गरेको छ, "म पनि यहाँ बस्न चाहन्न । तर मलाई थाहा थिएन गाउँले यस्तो टुना लगाको रहेछ तिमीमथि" (पृ.७१) । यसरी पत्नीसमेतको गाउँप्रतिको उत्कट मोह ठम्याएपछि उसलाई गाउँ जाने अनुमतिसमेत दिएको छ । शहरप्रतिको आक्रोशजन्य अनुभूति पीताम्बरले यसप्रकार व्यक्त गरेको छ, "यो शहर नर्कभन्दा पनि गएको छ । घरमा बस्यो भने भीषण लाम्खुट्टे र गर्मीले सताउँछ, बाहिर निस्क्यो भने नाल र घोडाको लिदी गह्नाएर मगज फुट्ला जस्तो हुन्छ । कति दिन यस नर्कको भोक लेखेको छ ?" (पृ.३६) । यहाँनेर पीताम्बरले सहरलाई नर्क ठान्न पुगेको वितृष्णाको अर्को कारण पनि खोतलिएको छ । एउटा मात्र सुरक्षित कोठा रहेको, दायाँ बायाँका बरन्डालाई उकातिर कठबार र अर्कोतिर जस्ताले बेरेर कामचलाउ घर तुल्याइएको त्यस दरिद्रीपूर्ण बसाइमा झरी त हुरीबतासले जस्ता लडाएर बरन्डा उदाङ्ग पारिदिँदा थपिएको कहरमा विचलित मनोदशाको पीडा पीताम्बरले यसप्रकार अभिव्यक्त गरेको छ, "गाउँको त्यत्रो घरमा घाँस उम्रिसक्यो होला । यहाँ यो सुँगुरको खोरमा वास गर्नुपरेको छ" (पृ.४६) । यसरी गाउँमा आफ्ना घरखेत र सम्मानजनक हैसियतलाई छाडेर सहरमा निम्नमध्यम वर्गीय हैसियतमा डेराको अति कष्टकर जीवन बिताउनुको उत्पीडन पीताम्बरले झेलिरहेको छ । त्यस परिस्थितिमा हीनताबोधमा आफू अधीनस्थ पिँढी हुनुको दबाब र तनावजन्य अनुभूति उसमा बारम्बार निःसृत भइरहेको देखिन्छ । त्यस्तै, आफू सानो सहरबासी हुनुको लज्जाको अनुभूति पवनले अणुका सामु यसप्रकार अभिव्यक्त गरेको छ,

> के गर्ने हाम्रो र तपाईंको सामाजिक संस्कारमा धेरै फरक छ । हामी सानो गाउँले शहरमा तपाईं विशाल नगरको हुनाले विचारधारा पनि त्यसै गरी सङ्कुचित र उदार हुनजाँदो रहेछ । उहाँ भने मैले तपाईंलाई शिक्षा दिने कुरा छ तर म आफैं यहाँ आएपछि पाइलैपिच्छे नयाँनयाँ पाठ घोकिरहेको हुन्छु । (पृ.२०८)

प्रभुत्वशाली पिँढी र संस्कृतिमा आफू सङ्कुचित रहेको अनुभूति पवनमा निःसृत हुनु उसको विशिष्ट मनोदशाको अवस्था हो । यसप्रकार तीन पुस्ते प्रतिनिधि क्रमशः दुर्गानाथ, पीताम्बर तथा पवन अनि अन्य जनले त्यस सहरबासी हुँदा सँगालेका पृथक्-पृथक् परिप्रेक्ष्यका अनुभूतिका संरचनामा स्थानगत विभेदजन्य जटिलताले पनि प्रस्तुति पाएका छन् ।

विकासनिर्माणका कार्य प्रायः शून्य अवस्थामा रहेको राणाकालीन नेपालमा भर्खर उदाउन थालेको सहरको सान्निध्यले दिने रोमाञ्चक अनुभूतिको सहज अभिव्यक्ति पनि प्रस्तुत उपन्यासको खास आकर्षण बनेको छ । 'भुच्चड देहाती' बनिएको हीनताबोधको अनुभूतिलाई पन्छाउँदै छोरोलाई सहर डुलाएर बाठो बनाउने रहरलाई पूर्णता दिने लक्ष्य नजिक पुग्दा उपन्यासमा गाउँले

पात्रले सहरदर्शन गर्नुको रोमाञ्चक सुखानुभूति सँगालेको छ । त्यस आधारमा समग्र ग्रामवासीमा निर्माण हुने साझा अनुभूतिको संरचनालाई साधारणीकरण गर्दै उपन्यासमा आख्यानकारको प्रस्तुति यस्तो रहेको छ,

> शहरको सामीप्यले यात्राको यातना मेटिइसकेको हुन्छ । एक नयाँ सभ्यताको परिधिभित्र पस्ने र त्यहाँको मूल स्रोतमा मिसिएर गाउँको आदिम पुरातनताबाट केही दिनका लागि पृथक् हुने रोमाञ्चले सबैलाई आत्मविभोर तुल्याउँछ । दन्केको आगोको रापले टाढैबाट न्यानो पारेजस्तो शहरको सुखानुभूतिले सबैको अनुहार एक अदृश्य आभाले फर्फराइरहेकै हुन्छ । (पृ.१२८)

सङ्घर्षरत रहँदै सहर पुगेर आनन्दानुभूतिले सँगाल्ने ग्रामवासीको यस खाले उत्कट चाहनामा गाउँ र सहरको भेदसँग गाउँले हुनुको अधीनस्थ दशाबाट उन्मुक्तिको चाहना पनि अभिव्यञ्जित भएको छ । उपन्यासमा गाउँ र सहरबिचको अन्तरविरोधलाई मात्र होइन परस्परको अन्तरर्निर्भरताको प्रकटीकरणमा पनि लेखक सजग देखिन्छन् । वरपरका गाउँलेहरूको चहलपहलले मात्र त्यस सानो सहरको रौनकता धानेको र बिजुली बत्तीको प्रसारण नभइसकेको त्यहाँ ६ बज्दानबज्दै शून्यता छाउने तथा रित्तो एवम् बुच्चो अवस्थाको अनुभूतिको संरचना उपन्यासमा यसप्रकार रहेको छ,

> सहरको साँझ सारै उदास र नरमाइलो हुन्थ्यो । नजीकका गाउँगाउँबाट अन्नपात बेचेर लुगाफाटो, नून-तेल खरिद गर्न आएका मानिस घाम ढल्किना साथ घरतिर लाग्थे । अतः घाम अस्ताउँदा नअस्ताउँदै मुख्य सडकमा ठूला भनाउँदा कपडा र किरानाका पसलहरू बन्द हुन्थे । दिनमा शहरभित्र किनमेल गर्न आएको गाउँको ठुलो जनसङ्ख्याले निकै हल्लीखल्ली र घुइँचो गराइराखेको हुन्थ्यो । अँध्यारोले छोप्दा-नछोप्दै घर पुग्ने समय राखेर ती आफ्नो दूरीअनुसार क्रमशः शहर छाड्न थाल्थे । टाउकोमा टोकरी, हातमा मट्टीतेलको बोतल, घिच्रामा गम्छाको दुवैतिर नून र चिनीको पोको झुन्ड्याएर ती शहरको विभिन्न निकासबाट आ-आफ्नो गन्तव्यतिर लाग्थे । (पृ.२८)

गाउँलेहरूका लागि आफ्ना कृषि उत्पादन बेच्ने र आएको पैसाले दैनन्दिन आवश्यकता जुटाउने आधार सहर बनेको र गाउँले विनाको सहर निर्जीवतुल्य बन्ने यथार्थसँगै गाउँ र सहरको पारस्पारिक सम्बन्धलाई उक्त अनुभूतिको संरचनामा प्रस्तुत गरिएको छ । गाउँ र सहरबिचको सम्बन्धगत जटिलता तिनको अन्तरसम्बन्धमा मात्र नभई अन्तरविरोधको सम्बन्धलाई पनि प्रकट गर्न सक्नु उपन्यासमा अभिव्यक्त अनुभूतिको संरचना सबल पाटो बनेको छ । हुन पनि ग्राम र नगरबिच पार्थक्यको विचारविमर्शले विश्वलाई नै बेलाबेलामा तताइरहेको हुन्छ । ग्राम र नगरका भेदमा निर्माण हुने अनुभूतिका सम्बन्धमा *कन्ट्री एन्ड द सिटी* पुस्तकमा रेमन्ड विलियम्स भन्दछन् :

> खास इतिहासभरि छक्कै पार्ने विविधता भएका मानवीय बस्तीहरूसँग तीव्र भावना जोडिएका हुन्छन् र सामान्यीकरण भएका हुन्छन् । ग्राममा प्राकृतिक जीवनका विचारहरू संश्लेषित छन् :

> शान्तिका अबोधताका । सहज गुणका मानव उपलब्धिको केन्द्रका विचार नगरले संश्लेषण गरेको छ : ज्ञानको, सञ्चारको ज्योति । यिनीहरूमा महाविरोधी सम्बन्ध पनि विकसित भएका छन् : नगर हल्लाको, सांसारिकताको, महत्त्वाकाङ्क्षाको स्थल, ग्राम पिछडिएको, अज्ञानको, सीमितताको स्थल । आधारभूत जीवनशैलीका हुन् ग्राम र नगर र यिनीहरूबीचको यो भेद शास्त्रीय कालदेखि नै सुरु हुन्छ । (विलियम्स, अनु  पुष्पराज आचार्य, २०७२, पृ.२१४)

विलियम्सका अनुसार पनि गाउँ र सहरसँग जोडिने अनुभूतिका संरचनाका आ-आफ्नै आकर्षण हुन्छन् । यसरी नै *घामका पाइलाहरू* उपन्यासमा गाउँ वा सहरसँग जोडिनुका क्षेत्रीय विभेद, पार्थक्य र अन्तरविरोधद्वारा निःसृत दबाब र तनावका विशिष्ट अनुभूतिको संरचनालाई प्रखर अभिव्यक्ति दिइएको छ ।

### ४.७.५ रङ्ग विभेदका परिप्रेक्ष्यमा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा अधीनस्थ पिँढीका वर्णभेदजन्य अनुभूतिले पनि संरचनात्मक स्वरूप धारण गरेको देखिन्छ । वर्ग, जाति, रङ्ग/वर्ण र क्षेत्रगत तहमा प्रभुत्वशाली पिँढीकी प्रतिनिधि डाक्टर्नीद्वारा कालो रोगनका आधारमा मधेसी जातिलाई पशुको दर्जाभन्दा पनि तल राखेर हेर्ने रङ्गभेदजन्य अनुभूतिका अभिव्यक्ति रामधनीका लागि निकै कष्टकर भएको यथार्थलाई उसका यी अनुभूतिजन्य अभिव्यक्तिले प्रस्ट पारेको छ, "मालिक, म जातको कहार हुँ, ... हामी घाममा डढेर काला भएका छौँ भनेर हाम्रा वर्णलाई साह्रै घृणा गर्नुहुन्थ्यो (पृ.१२१) । तत्कालीन सामाजिक संस्कृतिका परिप्रेक्ष्यमा विशेषतः राजधानीवासीले तराईवासी मधेसी समुदायका मानिसलाई वर्णका आधारमा गर्ने द्वेषपूर्ण अमानवीय व्यवहारका कारण अधीनस्थ पिँढीको कारुणिक अनुभूति यहाँनेर मूर्त भएको छ । अतः प्रस्तुत उपन्यासमा अभिव्यक्त वर्गीय, लिङ्गीय, पुस्तान्तर भेदजन्य, क्षेत्रीय भेदजन्य तथा रङ्गभेदजन्य अनुभूतिका संरचनाहरू तत्कालीन सामन्तवादी सामाजिक व्यवस्थामा अधीनस्थ पिँढीको दशालाई छर्लङ्ग बनाउन समर्थ छन् ।

## ४.८ *अविरल बग्दछ इन्द्रावती* उपन्यासमा अभिव्यक्त अधीनस्थ पिँढीको अनुभूतिको संरचना

*अविरल बग्दछ इन्द्रावती* उपन्यासमा अधीनस्थ पिँढीका मूलतः वर्गीय अनि लैङ्गिक र जातीय तथा पुस्तान्तरजन्य अनुभूतिका संरचनासमेतले सशक्त अभिव्यक्ति पाउन सकेका छन् जसबारे तलका उपोपशीर्षकहरूमा क्रमशः समीक्षा गरिएको छ ।

### ४.८.१ वर्गीय उत्पीडनद्वारा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना

उपन्यासमा अधीनस्थ पिँढीको प्रतिनिधित्व मूलतः इन्द्रावती किनारमा बसोबास गर्ने माझी समुदायको पनि बूढो पुस्ता विशेषले गरेको छ । हुन त त्यहाँ बसोबास गर्ने, सिङ्गो माझी

समुदाय, दनुवार, तामाङ, गिरीलगायत ब्राह्मण जातिसमेत काजी खानदानद्वारा वर्गीय अधीनस्थता बेहोरिहेका छन् । काजी खानदानको प्रभुत्वशाली हाँक र हैकमका कारण तिनले पर्याप्त दबाब र तनाव झेलिहेका छन् तथापि उपन्यासको मूल विमर्श भने तिनै प्रभुत्वशाली पिँढीका कारण माझी समुदायले बेहोर्नु परेको जातीय आधारमा गरिएको वर्गीय उत्पीडनमा केन्द्रित छ । कुसुवार माझीका वंशमा जन्मेर सबै पुस्ता गाउँका ठुलाठालु काजी खानदानको सेवामा आफूलाई समर्पित गर्दै दासताको संस्कारमा निरन्तर हेलिनु, आफ्ना जातिको पुर्ख्यौली इतिहास हुनसक्छ भन्ने कुरा नै तिनले बिर्सिदिनु, हाँडीमा हालेर भुटी खान हुने, ताप्केमा हालेर उमाली खान हुने खानेकुराकै लागि सङ्घर्ष गर्दै खोलासँगको पौँठाजोरी र मालिकहरूको सेवालाई आफ्नो जीवनको प्रथम आवश्यकता ठान्नु, यसरी मालिकको खुसी र खोलोको प्रसन्नतालाई सर्वोपरितामा राख्नुमै आफूहरूलाई सीमित राख्नु तिनको जीवनशैली बनिसकेको छ (पृ.४२-४३) । जनजाति परिप्रेक्ष्यसँग गाँसिएर प्रस्तुत उपन्यासमा वर्गीय अनुभूतिका संरचनालाई सबैभन्दा शक्तिशाली रूपमा प्रस्तुति दिन लेखक समर्थ छन् । उपन्यासमा माझी गाउँको सामाजिक तथा आर्थिक संस्कृतिलाई प्रमुख कथ्य सन्दर्भ बनाइएको छ । राणाकालदेखि पञ्चायतकालसम्म नै प्रभावशाली वर्ग काजी खानदानद्वारा सतत प्रसारित प्रभुत्वमा पिल्सिएका माझी जनजातिले सँगालेका उत्पीडनका अनुभूतिलाई उपन्यासमा यत्रतत्र प्रस्तुति दिइएको छ । त्यस गाउँमा साना काजीको शासनकालसम्म आइपुग्दा पनि निम्नवर्गीय माझीहरूको दीनहीन सामाजिक बसाइँको कहालीलाग्दो अवस्था माझी समाजका थकालीकै सन्दर्भमा उपन्यासमा यसप्रकार प्रस्ट पारिएको छ,

> भूमा आँगनको डिलबाट फर्केर घरभित्र पस्यो । दस-बीस फुस र स्याउलाले छाएका ससाना कच्ची घरहरूका गाउँमाझ उसको घर थियो । उसको यो घर पनि यिनै अरू कच्ची घरहरूमध्ये एक थियो, अर्थात् मिजारको घरको कुनै विशेषता यसमा थिएन । काँचा माटामा डल्ला चिनेर हिलो थोपरेर ठड्याएको गारो, वनका हाँगापात, घाँस-स्याउलाले छाएको, पशु र मानिसले एउटै सीमित घेरामा निर्वाह गर्नुपर्ने त्यो घरको आकृतिमा नभएर मानवसभ्यताको दरिद्र कथाको एउटा सिङ्गो अस्तित्व थियो । एउटै मझेरीमा एकातिर चुलोचम्को, राखनधरन, भीमसेन खोपा, अगेना, मूल ओछ्यानका लागि छुट्याइएको आधीभन्दा बढी भाग र अर्कातिर गाइगोरु, भेडाबाखाका गोठले ढाकेको चौथाइभन्दा बढी भाग; अनि बाँकी रहेको भागमा सुँगुरको खोर । यो घर कुनै आदिम युगका मानिसले घाम र झरीबाट बच्नका लागि बनाएको एउटा छहारीमात्र थियो । पशुहरूका मलमूत्रको गन्ध, मझेरीमा उम्रेको सिम र काई परेको धर्ती अनि एउटा कुनातिर भित्तामा झुन्ड्याइराखेको माछा मार्ने जाल, ढडिया र जाबी, पेरुङ्गो र अगेनामाथि भर्सेलीमा सुकाउन राखेको माछाका सिल-यी सबैबाट उठेको मिलेजुलेको विचित्र गन्धले त्यहाँको हावामा एउटा गुम्स्याहटपूर्ण उकुसमुकुस बगिरहेको हुन्थ्यो । (पृ.२)

उपन्यासमा वर्णित प्रस्तुत परिदृश्यमा सीमान्तकृत जाति माझीको घरगोठ एकाकार भएको अति दरिद्र जीवनावस्थालाई मूर्त गराइएको छ । सामन्तवादी आर्थिक शोषणमा परेका

माझीहरू शिक्षा तथा स्वास्थ्यगत चेतनाबाट निक्कै पर रहेको यथार्थ माझीहरूको मिजार अर्थात नाइके रहेको भूमाले नै भोगिरहेको यथार्थलाई आख्यायकको अनुभूतिमार्फत प्रस्तुत गरिएको छ र यसबाट त्यहाँका समस्त सीमान्तकृत समुदायको दारुणावस्थालाई समेत सङ्केत गरिएको छ। साथै, माझी जातिविशेषका माछा मार्ने सरल संशाधनहरू जाल, ढडिया, जाबी, पेरुङ्गो तथा खोलाको निर्भरतासमेतमा जेनतिन धानिरहेको कष्टप्रद ग्रामीण जीवनलाई त्यहाँ प्रस्तुत गरिएको छ जसमा पञ्चायती निरङ्कुश राजनीतिगत दुरवस्थामा रहेका आम निम्नवर्गीय जनका पीडाको पनि प्रतिनिधित्व भएको छ। साथै, सात सालको प्रजातन्त्रप्राप्तिको दुई दशकपछि पनि प्रायः पहाडी ग्रामीण परिवेशले विकास निर्माणको गति समात्न नपाएको अवस्था पनि मूर्त भएको छ। त्यही ग्रामीण परिवेशमा सानाकाजीको हबेली रहनु (पृ.२३०), साहूहरूका रातासेता छाना भएका घरहरू पनि हुनु (पृ.२) जस्ता परिदृश्यको चित्रणसँगै सीमित सङ्ख्यामै भए पनि त्यसखाले घरहरू र काजी परिवारको उच्चवर्गीय जीवनशैलीले बहुसङ्ख्यक गरिबीमा रहेका आमजन र अल्पसङ्ख्यक धनीबीचको वर्गीय खाडलको गहिराइलाई उपन्यासमा सङ्केत गरिएको छ र सामन्तवादी सामाजिक संरचनाकै निरन्तरलाई पनि प्रस्तुत गरिएको छ।

तत्कालीन आर्थिक संरचना निर्माणको परिप्रेक्ष्यलाई अन्तर्यसम्म पुगेर केलाउने सामर्थ्य प्रकट गर्दै लेखकद्वारा तज्जन्य अनुभूतिलाई पनि प्रस्तुत उपन्यासमा अभिव्यक्ति दिइएको छ। व्यापार-व्यवसाय, उद्योगधन्दाका अभावले आर्थिक गतिविधि शून्यप्रायः रहेको इन्द्रावती किनारको गाउँविशेषलाई उपन्यासको भावभूमि बनाइएको छ। त्यस गाउँका सबैजसो जग्गाजमिन काजी खलककै स्वामित्वमा रहेका छन्। पुस्तादर पुस्ता त्यस खलकले क्रमिक रूपमा त्यहाँका माझी, दनुवार आदि आमजनहरूलाई बधुवाँ मजुरा हैसियतमा पुऱ्याउँदै रैती तुल्याएका छन्; त्यस अधीनस्थ समुदायका जग्गा क्रमशः आफ्नै बिर्ता-खान्कीभित्र समेटेका छन् र तिनीहरूलाई भूधनबाट लगभग स्वामित्वविहीन अवस्थामा पुऱ्याएका छन्, त्यसैले त्यहाँको आर्थिक पाटोमा काजी खानदानकै एकाधिकार बनेको छ। त्यसो हुँदा कृषिक्षेत्र त्यस अधीनस्थ समुदायका लागि निर्वाहमुखी समेत बन्न सकेको छैन। काजीकै कुत-ठेक, अधियाँमा, बेठ-बेगारीमा, ज्याला-बुहुनीमा गरिने कामले तिनीहरूको वर्षको चार-छ महिनामात्र निर्वाह हुने अवस्था छ। बाँकी दिन तिनीहरूले इन्द्रावतीमा डुङ्गा खेल्ने, जाल हान्ने, दुवाली थुनेर माछा मार्ने, तिनै माछालाई काजीको ठेकी, बेठी भरेर बाँकी बचेको बजारमा लगी बेचेर जेनतेन जीविका चलाउनु परेको छ र यतिबाट पनि नधानिएको जीवन वनको ओल, सिस्नु, निउरो, जलुको, भ्याकुर र गिठ्ठो उमालेर धान्नुपरेको माझी, दनुवार समुदायको जीवनयापनको कहालीलाग्दो अवस्था छ (पृ.१२)। यसरी त्यस कालखण्डसम्म पनि सामन्त वर्गको चरम शोषण र उत्पीडनका कारण उठ्नै नसक्ने गरी थिल्थिलिएका र अर्धदासको हैसियतमा रहन विवश बनाइएका अधीनस्थ जाति/समुदाय/पिँढीविशेषको दारुण अवस्थाले उपन्यासमा सशक्त प्रस्तुति पाएको छ र त्यस परिप्रेक्ष्यका विशिष्ट अनुभूतिका संरचनाहरूले उपन्यासमा कलात्मक स्वरूप प्राप्त गरेका छन्।

जनजातीय परिप्रेक्ष्यसँग गाँसिएर प्रस्तुत उपन्यासमा वर्गीय अनुभूतिका संरचनालाई सबैभन्दा शक्तिशाली रूपमा प्रस्तुति दिन लेखक समर्थ छन्। उपन्यासमा माझी गाउँको सामाजिक तथा आर्थिक संस्कृतिलाई प्रमुख कथ्य सन्दर्भ बनाइएको छ। राणाकालदेखि पञ्चायतकालसम्म नै प्रभावशाली वर्ग काजी खानदानद्वारा सतत प्रसारित प्रभुत्वमा पिल्सिएका माझी जनजातिले सँगालेका उत्पीडनका अनुभूतिलाई उपन्यासमा यत्रतत्र प्रस्तुति दिइएका छन्। सोही परिप्रेक्ष्यमा राणाकालका कप्तान काजीद्वारा आफ्ना अमानुषिक, क्रूर र दमनकारी फन्दामा पारी रैती तुल्याइएका इन्द्रावती किनारका माझी-दनुवार समुदाय काजीप्रति असीम घृणा पालेर पनि टाउको उठाउन नसक्ने अवस्थामा छ (पृ.११)। राणाकालीन त्यही सामन्त प्रवृत्तिलाई पञ्चायतकाल आइसक्दा पनि काजी खानदानद्वारा डोऱ्याइरहेको अवस्था छ। मालिकको बोलावट हुनासाथ हतारहतार हिँडेको माझी समुदायको मिजारले मैलो खाँडीको भोटो, कछाड, घेरा फाटेको मैलो खाडीकै टोपी, जडाउरी रूपमा प्राप्त रहेको र थोत्रेर ठाउँठाउँमा लुम्रालुम्री झुन्डिन थालेको विन्सिन कस्मिराको इस्टकोट धारण गरेको छ, अनि रोवपूर्ण र प्रभावशाली व्यक्तित्व बोकेको बूढाकाजीका सामु घुँडा मारेर बसी विनम्र निष्ठा र अटुट श्रद्धाका अनुभूति निःशब्द रहेरै प्रकट गर्न तल्लीन छ (पृ.१६)। यस सन्दर्भले अधीनस्थताको विशिष्ट दशालाई प्रकट गरेको छ। यसप्रकार प्रस्तुत उपन्यासले यथास्थान निःशब्द अभिव्यक्त अनुभूतिजन्य शारीरिक चेष्टालाई वर्णनद्वारा संरचनात्मक स्वरूप दिएको छ जुन उपन्यासकारको सबल पक्ष बनेर रहेको छ।

आर्थिक विभेदको संस्कृतिले त्यस कालखण्डसम्म पनि निरन्तरता पाइरहनु, चरम आर्थिक उत्पीडनमा आम जनता पिल्सिरहनु, न्यून सङ्ख्याको सांस्कृतिक समूह विशेष प्रभुत्वशाली पिँढी दिनपरदिन धनी हुँदै जानु र निम्न वर्गीय जनताकै बाहुल्य रहनु जस्ता कटु यथार्थले उपन्यासमा सटीक अभिव्यक्ति पाएको छ। शासकीय दमनको नीतिमा अधीनस्थ पिँढी आर्थिक रूपमा कमजोर बनाइएकै कारण शिक्षा, रोजगारी, राजनीति सबै क्षेत्रमा तिनको पहुँच नपुग्नु र युगचेतमा कमजोर रहनुले सबै कोणबाट वञ्चितीकरणमा पारिएको त्यस समुदाय त्यस स्थितिलाई सहज अङ्गीकार गर्दै यथास्थितिमा रम्न सजिलो ठान्दछ। आफ्ना गाउँमा स्कुल खोलेर हैकम र धाक जमाउने बूढा काजीको प्रयासमा पाका माझी पिँढीले विरोध गर्नु र यस्तो अनुभूति प्रकट गर्नु यसै सन्दर्भको दृष्टान्त हो,

> बूढा काजीले गाउँमा स्कुल के बनाए ... वास्तवमा यो गाउँका माझीका छोराछोरी, धर्तीमा जन्मेर पानीमा हुर्केका, उनीहरूलाई इस्कुलफिस्कुलको के मतलब थियो ? चार आखर पढेर त्यसले न दुवाली छेक्न सघाउँछ, न जाल हान्न सघाउँछ, न डुङ्गा ख्याउनै सिकाउँछ ! तर बूढा काजीले पनि यी पाका माझीहरूको कुरा सुनेनन्। (पृ.२३)

माझी समुदायको बूढो पिँढीले स्कुल घाँडो सम्झिनु र यस खाले सङ्कुचित चिन्तनमा आफूहरूलाई सीमित राख्दै यथास्थितिमै रम्न खोज्नुले अधीनस्थ पिँढीको चेतनास्तरमा प्रभुत्वशाली

पिँढीगत संस्कृतिको विस्तारलाई छर्लङ्ग बनाएको छ नै; साथै त्यस पिँढी विकास र परिवर्तनप्रति इच्छुक पनि देखिँदैन । जनतामध्ये सबैभन्दा प्रताडित, वञ्चित र लाञ्छित समुदाय नै परिवर्तनप्रति उदासीन रहन्छ (माहेश्वरी, सन् २०१५, पृ.२८) । यसप्रकार मानिसको समाज र जातिगत आत्मिक संरचनासँग संस्कृति सम्बद्ध रहन्छ ।

साना काजीका सहरिया साथीहरूको रहर पूरा गर्न बूढा काजीको आदेशानुसार मिजार भूमाले आफ्नो समुदायमा केही दिनका लागि सीमाघाटदेखि तल भिउँटार घुम्तीसम्म दुवाली थुनिदिनुपर्ने सूचना जारी गरेको छ । यत्तिखेर माझी युवा पिँढीले चर्को विरोध प्रकट गरेको छ । साथै, सहरिया पाहुनासत्कारका नाउँमा निमुखा माझीहरूका गाउँका रोजारोजा खसी सकिनु, कुखुरा खोर रित्तिनु, अब खोलामा दुवाली थुनाएर माछा समेत रित्याउने आर्थिक उत्पीडनका गतिविधि-असह्य भएको युवा पिँढीले बताउँदा काजीद्वारा थोपरिएको प्रभुत्वशाली चिन्तन मिजार भूमाद्वारा यसप्रकार अभिव्यक्त छ, “हेर बाबै ! साना काजीका साथमा आका’ ती पाहुना साना काजीका साथी मात्र ह्वैनन् । ती त साना काजीलाई मन्त्री बनाउने मान्छे हुन् । ... साना काजीको पढाइ अब सकियो नि त । त्यसैले उनी मन्त्रीमा जाने रे ।” (पृ.२२) । यसरी प्रभुत्वशाली पिँढीलाई झन् शक्तिशाली बनाउन भएगरेका आर्थिक शोषण अधीनस्थ बूढो पिँढीका लागि स्वाभाविक भएको छ ।

उपन्यासमा बिर्खे बूढाले पनि उपर्यक्त सम्बन्धका आफ्नो यस्तो अनुभुति व्यक्त गरेको छ, “साना काजी जे भा नि’ हाम्रा गाउँका मालिक; उनी मन्त्री भए भने केही नभा’नि बेला बखताँ हेर्लान् नि !” (पृ.२२) । जनप्रतिनिधिले दिने आश्वासनलाई सत्य ठानेर रम्ने अधीनस्थ पिँढीगत अनुभूति पनि यहाँनेर प्रकट भएको छ । अझ युवा माझीहरूले ज्यालाको कुरा उठाउँदा भूमाले मालिकको इज्जत आफ्नो इज्जत भन्दै रुखिएर कड्केको छ, “के त राजा-मालिकका काम गरेर ज्याला खोज्छौं तिमरू ? ... मालिकका नुन, त सधैं खाएकै छौ नि ! ... अब पऱ्या’ बेला हाम्ले नगरे ... । आखिर तैंले-हाम्ले उनैका धर्तीमा त शरण पा’ का छौं” (पृ.२२) । त्यस्तै, बिर्खेले सही लगाएको छ, “जसका जिमीमा बसिया छ, जसका निमक खाइया’ छ, उनै राजा-मालिकका काममा ज्याला माग्नु त ...” (पृ.२२) । अधीनस्थ पिँढीविशेषको बूढो माझी पुस्तामा निःसृत यी यस्ता प्रतिनिधि अनुभूतिका संरचना हुन् जसले अधीनस्थतामा पूर्ण समायोजन भएको तिनको स्थितिलाई ज्वलन्त बनाएको छ । रैथाने बासिन्दा माझीका पुर्खाका जमिन धुतेर आफ्नै खुवाभित्र समेटी सबैलाई रैतान तुल्याएको यथार्थ बोध गरेको छ (पृ.११) । तैपनि ‘मालिकको जमिन’, ‘मालिकको काम’, ‘नुनको सोझो गर्नु’ जस्ता अधीनस्थताको धर्मपालना बूढो पिँढीले आफूले मात्र गर्दै आएको छैन, पुस्तादर पुस्ता त्यसलाई हस्तान्तरणमा पनि दत्तचित्त देखिन्छ । आफूहरूले पालना गर्दै आएको भीरु परम्परामा नयाँ पिँढीको हस्तक्षेपले विरक्तिएर साँचेका भूमामा निर्मित अनुभूतिका संरचनामा अधीनस्थ पिँढीमा जमेर बसेको त्यस्तो चिन्तनमय बोधले निकास पाएको

छ जसमा प्रभुत्वशाली पिँढी 'मालिक' र 'राजा' मात्र होइन; द्यौताले खटाएर पठाएको प्रतिनिधि द्यौतै हो जसलाई धन र शक्ति प्राप्त छ। त्यस ईश्वरीय इच्छामा हस्तक्षेप गरिनु हुँदैन भन्ने विश्वासमा त्यो पिँढी जडवत् छ (पृ.५३)। यसरी आफ्नै छोरीमाथिको सानाकाजीको वासनाजन्य कुदृष्टिलाई बोध गरेर पनि उसकै पक्षमा निःसृत यसखाले विशिष्ट अनुभूतिका संरचनामा एक हदसम्म समस्त अधीनस्थ पिँढीको मनोदशा प्रतिबिम्बित भएको छ।

प्रस्तुत उपन्यासमा आर्थिक अधीनस्थताको चरम भोगाइलाई सामना गर्नुपर्दाको बूढो माझी पिँढीमा उद्‌बुद्ध अनुभूति निक्कै मार्मिक देखिन्छ। एक त माझी गाउँका अधिकांश रैथानेहरूको आफ्नो खेतबारी नहुनु, ज्यालाबनी, जाल र दुवालीको सीमित आर्जनले हिउँद काट्ने आस गर्नुपर्ने परिस्थिति छ (पृ.१५९)। त्यसकारण निक्लँदो कात्तिकदेखि चैतसम्म कामविहीन हुनुले काल काट्नसमेत धौंधौ पर्ने अवस्था छ (पृ.१६०)। झन् चरम बेरोजगारी अवस्थाका माझी समुदायको आफ्नो भन्नु एउटै मात्र खेत काभ्रे पाटोमा साना काजीको गिद्धे दृष्टि परेको छ। त्यहीँ नै सहरी ढाँचाको हबेली बनाउने उसको चाहनालाई बाबु बूढा काजीले जसरी पनि पूरा गरिदिनुपरेको अवस्था छ। माझीसँग त्यस खेत हडप्ने प्रपञ्चमा बूढाकाजीद्वारा हैकम परिपालना गराउने सहमतीय रणनीति नै अवलम्बन भएको छ। आफ्नो र माझीको अर्थात् प्रभुत्वशाली पिँढी र अधीनस्थ पिँढीबिचको सम्बन्ध बाबुछोराको जस्तो रहेको कुरा बारम्बार काजीद्वारा माझीहरूको मस्तिष्कमा घुसाइनुले त्यो चपरीझैँ जमेर बसेको छ (पृ.९६)। त्यत्तिखेर पनि बूढा काजीले चाप्लुसीपूर्वक आफूले माझी समुदायलाई सन्तानकै कोटिमा राखेको र तिनको कुभलो कहिल्यै नचिताएको भनाइ राख्दै लामो भूमिका बाँधेर समर्थन खोजिरहेको छ। त्यसै परिप्रेक्ष्यमा बूढा काजीले सानाकाजी गाउँमा स्थायी भएर रहने कुरा अघि सार्दा माझीहरूको अधीनस्थ मनोदशा उपन्यासमा यसप्रकार व्यक्त छ,

> कसरी होइन भन्नु मालिक, ख कुरालाई होइन भन्नै भएन नि ! साना काजीले अब गाउँकै त विराज गर्नुपर्छ ... तर तर साना काजीले गाउँमा आएर बसे भने रैतीको के कति भलाइ हुन्छ, त्यो कुरा त उनीहको हृदयले नै जान्दछ। त्यस्तो भलाइ हुनेछ जसलाई सम्झँदा पनि मन खुल्ल हुन्छ, रगत चिसो हुन्छ, रौँका पोरा पोरा काम्छन्। तर पनि ठूलाका लोलीमा लोली नमिलाए कसरी त्यहाँ टिक्नु ? त्यसैले। (पृ.९६)

यसप्रकार साना काजीले गाउँमा प्रवेश गर्नासाथ सुरु हुने वर्गीय तथा लैङ्गिक शोषणका आततायी व्यवहारको सम्झनाले पनि डर, त्रास, क्षोभ र आक्रोशको अनुभूति माझी समुदायले सँगालिरहेको हुन्छ। तर पनि विरोध गर्न नसक्ने अधीनस्थ दशा तिनको रहेको छ। झन् बूढा काजीले तिनको काभ्रे पाटोलाई हबेली बनाउन लिने घोषणा गरेपछि माझीहरूको अनुहारमा आश्चर्य, दुःख र मौन विरोधका रङ एकपछि अर्को आउँदै जादै गरेको देखिनुले तिनको निशब्द अनुभूतिको मार्मिक अवस्था प्रकट भएको छ। राजनीतिक परिवर्तनसँगै त्यस गाउँमा पनि

सामन्तवादी व्यवस्थासँगै पुँजीवाद मिसिन आइपुगेको छ तर आमजनको अवस्थामा भने कुनै परिवर्तन आउनसकेको छैन । वैश्विक परिप्रेक्ष्यमै हेर्ने हो भने पनि कुनै पनि समाजव्यवस्थामा सामन्तवादबाट पुँजीवादमा प्रवेश गरेपछि पुरानो व्यवस्थाका अपेक्षा नयाँ व्यवस्था विवेकपूर्ण हुनुपर्नेमा त्यसो भएको पाइँदैन । त्यहाँ पनि भ्रष्टााचार, स्वेच्छाचारिता बढ्नु, नयाँ प्रभुत्व स्थापनाका लागि निरन्तर सङ्घर्ष गर्दै क्रान्ति नै गर्नुपर्ने हुनु जस्ता अवस्था रहेकै हुन्छ (मिश्र, सन् २००९, पृ.४३) । पञ्चायती व्यवस्थाका शासक चरित्रका रूपमा प्रस्तुत सानाकाजीको व्यवहार बाबुको भन्दा पनि हाकाहाकी उत्पीडनकारी देखिएको छ ।

अन्धभक्ति र अन्धश्रद्धामा हेलिँदै आएका, मालिकको वचनलाई सर्वोपरितामा राख्दै आएका ती निमुखा माझीहरूका मनमा एकसाथ भयानक भूकम्प गएको अनुभूति निर्माण भएको छ जसको अभिव्यक्ति उपन्यासमा यसप्रकार प्रस्तुत छ, “त्यस कोठामा एक्कासी मौन बज्र खसेझैँ भयो । ... के त काजी उनीहरूको एकमुठी गाँस र एक टुक्रो बास पनि खोसेर उनीहरूलाई, उनीहरूको समाजैलाई उठीबास गराउन खोज्दैछन् ?” (पृ.९९) । यसरी मनभरि प्रश्नको हुरी लिएर पनि जडवत् भइरहेको त्यस बूढो पिँढीबाट बल्ल साहस सँगालेर भूमाले आफ्नो यस्तो अनुभूति व्यक्त गर्न सकेको छ, “तर मालिक ! चालीस धुरका लागि त्यही बीस मुरी माटो छ । त्यसैमा दुःखजीलो गरी नपुग इन्द्रावती माईका अगाडि जाल थापेर मालिककै सेवा पालिरा’ छौँ - मालिकका किर्पाले । तर त्यै काभ्रे पाटो पनि मालिकबाट खोसिबक्स्यो भने हाम्रा माझीको लालाबाला” (पृ.९९) । उपन्यासको पुरै विमर्शलाई दृष्टिगत गर्दा यस सन्दर्भमा मात्र भूमाद्वारा प्रतिवादको आवाज मुखर भएको छ तर त्यो उग्र नभई ज्यादै शालीन रूपमा छ । काभ्रे पाटो बदलामा तीन वर्षका लागि कुत माफ गरी बगरको खेत दिने बूढा काजीको आश्वासनमा मिजारले भनेको छ, “मालिक ! गाउँमा पनि एक पटक सल्ला कुमेटी गरौँ कि ?” (पृ.१०१) । यसरी आफ्नै समुदायको युवा पिँढीबाट आउने विरोधको स्वरलाई आकलन गरी भूमाले विचार राख्दा उसले बूढा काजीको खप्की खाएको छ । नभन्दै यस सम्बन्धमा उसले उदाउँदो पिँढीको साथमा केही बूढासमेतको प्रखर विरोध खेप्नु परेको छ तर पनि त्यस विरोधमा प्रायः बूढा पिँढीले पुस्तादेखि चलिआएको संस्कार र विश्वासमा अप्रिय र भावी दुशङ्काको सङ्कट र अमङ्गल स्थितिलाई साक्षात्कार गर्नु पर्ने डरका अनुभूति सँगालेको छ ।

माझीहरूलाई भरमग्दुर गरेर सम्झाउनै पर्ने दायित्वबोधका भूमाका अनुभूति उपन्यासमा यसरी व्यक्त भएको छ, “होइन, तिमरू कति अबुझ कुरा गर्छौं ए ! ...त्यो त धर्तीमा पाखुरी नबजारी कुनै धर्तीले पनि त खान दिन्न भने ...मिहिनेत गरौँ, आफ्ना मात्र बुताले नभेटै फेरि उनैसँग भर-मदत मागौँ” (पृ.१०५) । यसरी त्यति गर्दा पनि नभए आफ्नै पुर्पुरालाई दोष दिएर सन्तोष मान्नुपर्ने भाग्यवादी चिन्तनमा भूमाको पिँढी अल्झिएको छ । मालिकको ज्यादति तिनको विवेकले ठम्याउनुभन्दा नियतिको भागभोगकै चिन्तन गर्दछ । यस सम्बन्धमा उसमा थप दबाब र

तनावजन्य अनुभूति यसरी निर्मित भएको छ, "अहँ, यस्तो त कहिल्यै भएको थिएन; हुनु पनि हुन्नन्थो" (पृ.१०५)। यसप्रकार अधीनस्थ पिँढीले नवपिँढीद्वारा आज्ञा शिरोपरको संस्कार तोडिएकोमा अनिष्ट हुनुको अनुभूति सँगालेको छ।

हबेलीको जग हाल्ने दिन युवा माझी पिँढीको प्रभावमा आएर हबेली निर्माणको श्रमदान नगर्ने तिनको प्रतिरोधचेत सानाकाजीले उपस्थित भएर बन्दुक उठाउँदै गरेको हुँकार सुन्नासाथ सेलाएको छ र तिनका आज्ञाकारी सेवक बनिहाल्न सल्बलाएको अधीनस्थ दशा उपन्यासमा यसप्रकार प्रकट छ, "को जाँदैन काममा ? कसले गरेको यो आँट ?' साना काजी बन्दुक उठाएर त्यसको घोडा र चेम्बर जाँच्तै गर्ज्यो। उसको गर्जाइले माझी समूहमा फेरि आँधीको सिर्जना गर्‍यो। सबका टाउका आँधीले थप्पड्याएका काँसका फूलझैँ डोलाए "(पृ. २०४)। यसरी बूढो पिँढीमा उत्पन्न भइसकेको आत्मबोध धराशायी हुनु र त्यो स्वत्व चेत क्षणिक मात्र रहनु, ती तुरुन्तै आफ्ना विद्रोह र आक्रोश बिर्सेर फेरि जन्मजन्मान्तरको आज्ञाकारी सेवकको चोलामा साट्टिनुले प्रभुत्वले गाँजेको त्यस पिँढीले संस्कारगत अधीनस्थताको मनोदशाबाट उम्किनै सकेको देखिँदैन। जब साना काजीका वर्गीय शोषणका आततायी व्यवहार बढ्दै जान्छ; ऊद्वारा माझी युवा पिँढीलाई जेल चलान गरिन्छ र त्यसपछि बाँकी रहेका युवा पनि मुगलान छिर्न बाध्य हुन्छ तब बूढो पिँढी चरम दरिद्रता भोग्न बाध्य भएको छ। झन् अनिकालको भोकमरीले गलित र विकल्परहित हुँदै त्यो पिँढी सानाकाजीकै शरणमा पुगेको छ। त्यतिखेर साना काजीले मुन्टो बटार्दै घोर अमानवीय व्यवहार प्रकट गरेपछि त्यस अधीनस्थ पिँढी पूर्णतः निराश र हतास हुनुको अनुभूति सँगालेर फर्कन विवश छ (पृ.२३५)। तिनको यो स्थिति अधीनस्थ दशाको सर्वाधिक टिठलाग्दो अवस्था हो। त्यस्तो परिस्थितिमा पनि जिजीविषाले डोरिएर खडेरीरूपी प्राकृतिक विपत्तिलाई सामना गर्दै, सासैसासले धानिएर बगर खेतमा बूढो पाखुरी बजार्दै र भोको पेट लिएर त्यस पिँढीले गरेको अनवरत सङ्घर्षले प्रतिफलको रङ दिने बेलामा अतिवृष्टिमा सिर्जित बाढी प्रकोपका कारण आशलाग्दो बाली गुमाउन परेको छ। यसरी प्राकृतिक विपत्तिले पनि अधीनस्थ पिँढीलाई नै दपेट्ने क्रूर यथार्थले उपन्यासमा मूर्तता पाएको छ। अतः सीमान्तकृत पिँढीको दर्दनाक जीवनावस्थाको सजीव चित्र उपन्यासमा प्रस्तुत भएको छ जसद्वारा कालखण्डको नेपाली समाजमा बाँचिरहेको अधीनस्थ पिँढीको संस्कृति जीवन्त बन्न सकेको छ।

प्रस्तुत उपन्यासमा अभिव्यक्त सामाजिक संरचनामा निम्नवर्गले मात्र होइन निम्नमध्यम वर्गीय पिँढीले पनि प्रभुत्वशाली पिँढीकै कारण आर्थिक उत्पीडनका दबाब र तनावको अनुभूति सँगाली रहेको अवस्था छ। हरिकृष्णे सन्यासी, देबु पनेरू र गिरी मास्टरले निम्नमध्यम वर्गीय पिँढीको प्रतिनिधित्व गरेका छन्। निम्नवर्ग भन्दा माथिल्लो आर्थिक हैसियतका कारण नै सामयिक राजनीतिक चेतनामा तिनको पहुँच रहेको देखिन्छ। तिनीहरूमा अन्याय विरुद्धको प्रतिरोध चेतना पनि छ। अझ देबु पनेरू र गिरी मास्टर त शैक्षिक चेतनाका स्तरले पनि सबल छन्। त्यस्तै,

हरिकृष्णे सन्यासी तथा देबु पनेरू त्यस क्षेत्रका पुराना बासिन्दा र हुनेखाने वर्गकै हुन् । तर काजी खानदानको प्रभुत्वका कारण तिनको परिवारले आर्थिक अधीनस्थता खेप्नु परेको छ ।

हरिकृष्णे सन्यासी काजी परिवारप्रति मनमनै खानदानी दुश्मनीको अनुभूति सँगालेर हुर्किएको छ । ऊ नाबालक छँदा बाबु मरेको, उसको जायजेथा काजीका पेटमा परेको उसले र उसकी आमाले धेरै आर्थिक हन्डर बेहोर्नुपरेको, पछि आफ्नै प्रयत्नले परिवारको आर्थिक हैसियत केही उकास्न सकेको र आवश्यक पर्दा गाउँमा केही धन झिक्न सक्ने अवस्थामा पुगेको देखिन्छ तर पनि ऊ गाउँका ठालु काजी परिवासँग चोचोमोचो मिलाएर बस्नु विवश हुनुपरेको छ (पृ.४७) । यस स्थितिमा पनि उसको अधीनस्थ दशा नै प्रकट भएको छ । उमेरसँगै उसमा प्रतिरोधचेत पनि विकसित भएपछि भने ऊ काजी खानदानसँग बदला लिने मनस्थितिमा रहेको छ; सानाकाजीको मैमत्तपनप्रति घृणाजन्य अनुभूति साँचिरहेको सन्यासीका लागि गाउँ पञ्चायतको तेस्रो चुनाव मौका साबित भएको छ र उसले साना काजीको प्रत्याशीका रूपमा उम्मेदवारी दिएको छ; सानाकोजीका सबैखाले उत्पीडनबाट प्रताडित रैतीहरूको दमित आक्रोशलाई उकास्दै जनमत आफूतिर मोड्ने प्रयत्न गरेको छ ।

अधीनस्थ पिँढीले आफ्नो प्रभुत्वशाली पिँढीसँग प्रतिद्वन्द्विता गर्न खोज्नु पनि अपराधसरह ठान्दै सानाकाजीमा निःसृत आक्रोशजन्य दबाब र तनावको चरमावस्था सन्यासी षड्यन्त्रपूर्वक मारिनुमा प्रकट भएको छ । ऊ कटुसेको भीरबाट लडेर ठहरै भएको भनिए पनि उसको छातीमा चोरी औंला छिर्ने जति दुलो पर्नु र त्यसलाई रगतको टाटोले टालेको देखिनु तर बन्दुके काजीका अगाडि सबै गाउँले चुप रहनुले अधिनस्थ सिङ्गै पिँढीको निरीह दशा प्रकाशमा आएको छ (पृ.४९) । अधीनस्थ पिँढीले विरोधी पिँढी बनेर रूपान्तरण हुन खोज्दा मृत्यु नै बेहोर्नु परेको अवस्था देबु पनेरूका सन्दर्भमा पनि घटित छ । सानाकाजीका चरम अधीनस्थतामा बातबातका लात र तिरस्कारका अमानवीय व्यवहारबाट उत्पीडित रहेको पनेरूले पनि त्यत्तिखेरदेखि ऊप्रतिका रिस, घृणा र बदलाभावका अनुभूति सँगाल्दै आइरहेकोमा राजनीतिलाई प्रतिरोध साँध्ने अवसरका रूपमा प्रयोग गर्न खोजेको छ; चुनावमा हरिकृष्णे सन्यासका पक्षमा खुलमखुल्ला पक्षधरता देखाएको छ; माझी-दनुवार समुदायमा काजीविरोधी स्वर उरालेको छ र बूढा काजीले सम्झाउन खोज्दा प्रतिवाद गर्दै आफूले काजी परिवारमा गर्दै आएको पुरेत्याइँसमेत त्यागेर आफूलाई बन्धनमुक्त गराउन सकेको छ । पनेरूका आफ्नो पिँढीप्रतिका यस खाले प्रतिरोधी व्यवहार साना काजीका लागि असहनीय बन्न पुगेको छ । हबेलीकै जग खन्ने दिन तनावपूर्ण वातावरणमा सानाकाजीले जब देबुलाई साक्षात्कार गर्न पुग्दछ तब ऊप्रतिको चिर घृणाको वेग थाम्नै नसक्दा उपस्थित समाजसामु नै उसलाई गोली हानी मारेको छ । यसप्रकार मूलधारको संस्कृतिभन्दा भिन्न संस्कृति बोकेको वैकल्पिक पिँढी अधीनस्थ तहबाट उठेर विरोधी पिँढी स्वरूपमा प्रकट हुँदा असफल

हुनुपरेको सन्दर्भले उपन्यासमा अधीनस्थ पिँढीको मार्मिक दशा त प्रकट भएको छ नै पञ्चायत कालखण्डमा विरोधी स्वर टिक्नै नदिने दमन नीतिको कटु अवस्था पनि उदाङ्गो भएको छ ।

प्रस्तुत उपन्यासमा निम्नमध्यम वर्गीय आर्थिक हैसियतमा उक्लिएको गिरी मास्टर सुरुमा त निम्नवर्गलाई नै प्रतिनिधित्व गर्ने पात्र हो । आमाबाबुविहीन अवस्थामा सौतिनी आमाको चरम यातना झेल्न नसकी बालखैमा सहर पसेको उसले विभिन्न होटेल चाहर्दै, भाँडा माझ्दै जीवन धान्नु, दरिद्रताको कठोरतामा पनि पढ्ने हुटहुटी सँगालेर पढाइ डोऱ्याउनु, उत्कृट अङ्क ल्याएर बी.ए. उत्तीर्ण गर्नु, तर पनि रोजगारी नपाउनु, अभाव, निराशा र बेकारीका अनुभव सँगाल्दै भोकै र विना छहारी पार्कको बेन्चमा रात काट्ने अवस्थासम्म बेहोर्नुपरेको अवस्था छ (पृ.१५६) । यस सन्दर्भले निम्नवर्गप्रतिको राज्यको चरम उदासीनतालाई प्रकट गरेको छ। युवा, योग्य र क्षमतावान् व्यक्तिको सदुपयोग गर्ने रोजगारका वातावरण राज्यले निर्माण गर्न सकेको देखिँदैन । त्यत्तिखेर श्याम गिरीलाई बूढा काजीले गाउँको प्राथमिक विद्यालय चलाउन मास्टर बनाई लैजानुले त्यस आर्थिक नाजुकताको विकट अवस्थाबाट प्रभुत्वशाली पिँढीकै सामर्थ्यमा मात्र उसको उद्धार सम्भव भएको छ । यसरी नियमित आयश्रोतका कारण निम्नमध्यम वर्गीय जीवनमा उकालो लाग्न पाउँदा आफ्नो बौद्धिकता, युवा जोशजाँगरमा उत्साही बन्दै गाउँमा सचेतना फैलाउन माझी-दनुवार समुदायका युवा पिँढीका निमित्त उसले निःशुल्क रात्रि प्रौढ कक्षा सञ्चालन गरेको पनि छ । उसका यी स्वाभाविक गतिविधि काजी परिवारका लागि अपाच्य भएको छ ।

बूढा काजीको बोलावट भएपछि मास्टर छाती ढक्क फुलाउँदै काजीको दरबार पुगेको छ । त्यहाँ पुगेपछि पनि बूढा काजीको रबाफिलो व्यक्तित्व र साना काजीको क्रूर उपस्थिति झेल्दा उसमा अशान्ति, आशङ्का र आतङ्कको अनुभूति सिर्जना हुनुसँगै उसले सैद्धान्तिक रूपले आफूलाई जतिसुकै बलियो ठानेपनि निम्नमध्यम वर्गीय मानसिकताका कारण अधीनस्थ मनोदशामै आफूलाई पाएको छ (पृ.१५१) । बूढा काजीले सर्टिफिकेट बोकेर गल्लीमा कुकुरले पुच्छर झैँ लतारेर सड्नुपर्ने अवस्थाबाट उसलाई उद्धार गरिएको तर अहिले आफ्नो हैसियत बिर्सिएको स्मरण गराउँदा ऊ सङ्कुचित हुनु पुगेको छ। त्यस अवस्थाको उसको अधीनस्थ मनोदशा उपन्यासमा यस्तो अनुभूतिको संरचनामा प्रकट भएको छ, "मैले त काजी बुबाको मर्यादामा चोट पर्ने त्यस्तो कुनै कुरा लाग्दैन ! ... मलाई काजी बुबाबाट एउटा स्वतन्त्र र इज्जतको जीविका बक्सेको छ; यो गुन बिर्सने त्यत्ति कृतघ्न त म छैनँ जस्तो लाग्छ" (पृ.१५६) । त्यसपछि मास्टरी छोड्दै बेरोजगारीको जोखिम उठाएर काजीको अवज्ञा गरी युवाशक्तिको प्रवाहलाई साथ दिने वा आज्ञापालन गरेर प्रौढ कक्षा बन्द गर्ने द्विविधामा ऊ चरम द्वन्द्वात्मक अनुभूति झेल्न पुगेको छ (पृ.१८२) । अन्ततः प्रौढ कक्षा नै बन्द गर्न पुग्नुले भने उसको मध्यमवर्गीय भीरु मानसिकताले यथास्थितिवादलाई नै ग्रहण गरेको देखिन्छ । यसरी बुद्धिवादितासँग अवसरवादिता गाँसिदै गएको परिवेशमा आफूले गरेको आत्मसमर्पणले उसलाई लज्जाको अनुभूति पनि भएको छ (पृ.१८३) ।

उसको यो स्थिति वर्गीय अधीनस्थताकै विशिष्ट उपज हो । यसरी प्रस्तुत उपन्यासले मूलतः निम्नवर्गीय अधीनस्थ पिँढीका अनुभूतिका साथै केही हदसम्म निम्नमध्यम वर्गीय अधीनस्थ पिँढीगत मनेदशालाई पनि प्रस्तुति दिएको छ ।

### ४.८.२ लैङ्गिक उत्पीडनद्वारा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा विशेषतः सीमान्तकृत माझी समुदायका महिलाहरूले मूलधारको पुरुषसत्तात्मक सामाजिक व्यवस्थाका प्रभुत्वशाली जातिविशेषका पुरुषपिँढीद्वारा भएगरेका यौनउत्पीडनका अत्याचारका परिप्रेक्ष्यमा झेलिरहेको लैङ्गिक अधीनस्थताका अनुभूतिका संरचनालाई पनि प्रमुखताका साथ अभिव्यक्ति दिइएको छ । उपन्यासमा मूलतः लालगेडी अनि खिनौरीका माध्यमद्वारा लैङ्गिक अनुभूतिको संरचनालाई प्रकाशमा ल्याइएको छ । साथमा सोही समुदायका सजातीय र सवर्गीय पुरुषपिँढीसमेतका उदीयमान चेतजन्य लैङ्गिक अनुभूतिका संरचनाको अभिव्यक्ति यस उपन्यासको विशिष्ट प्राप्ति बनेर रहेको छ । आफ्ना समुदायका नारीपिँढीलाई वासनात्मक सिकार बनाउँदै आएको साना काजी प्रवृत्तिको पुरुषअहङ्कार र ज्यादतिप्रतिका अनि बूढा काजीबाट न्यायप्राप्तिमा मरेको आशासन्दर्भका जैविरे माझीका आक्रोशजन्य अनुभूतिलाई उपन्यासमा यसप्रकार अभिव्यक्त गरिएको छ, "के निसाफ माग्छौ काका बूढा काजीसँग ?... उनका छोरा हाम्रा दिदी-बुइनी, छोरी-चेलीलाई एक्कल-दोक्कल, बाटा-घाटा, पानी-पँधेरो गएका देख्नु हुन्न, वाजले चल्ला झम्टझैँ झम्टने भइसके– न पापको डर, न इजोतको ख्याल" (पृ.११३) । यसप्रकार गाउँपरिवेशमा प्रभुत्वशाली पुरुषका लैङ्गिक अत्याचारका निर्लज्ज गतिविधिका वस्तुपरिस्थितिसमेतलाई छर्लङ्ग्याउने गरी पिँढी प्रतिनिधिमै निर्मित र पिँढीस्तरकै भाषामा प्रस्तुति दिने प्रयोजमा उपन्यासमा अनुभूतिको संरचनाको उपयोग भएको छ जसद्वारा सामन्तवादी लैङ्गिक विभेदले आक्रान्त सामाजिक संरचनालाई सजीव बनाइएको छ ।

मूलधारको संस्कृतिमा जातिविशेषले भोग्नुपरेको उत्पीडनलाई मात्र होइन; जुनै जातिभित्र पनि महिला भएकैले बेहोर्नु पर्ने लैङ्गिक भेदभावको पितृसत्तात्मक सामाजिक संरचनामा महिलाका थप कार्यभारका उत्पीडनसमेतलाई प्रकाश पार्ने प्रयोजनमा पनि प्रस्तुत उपन्यासमा अनुभूतिको संरचनालाई अभिव्यक्ति दिइएको छ । ग्रामीण समुदायका निम्नवर्गीय महिलापिँढी गृहस्थी सञ्चालमै सीमित तर अविश्राम दैनिकीमा व्यतीत हुने तिनको जीवनबारेका अनुभूतिलाई उपन्यासमा यस्तो संरचनात्मक स्वरूप दिइएको छ,

> खास गरी आइमाईहरूको जीवनधारा त विश्राम गर्नै पाउन्न, अविराम गतिमा प्रवाहित भै नै रहन्छ । बिहान कुखुराको डाँकमा सुरु भएर डोकामा गाग्रो हालेर झन्डै आधा कोस तलको पँधेरामा गएर पानी खेप्ने, घरको कुचोकसेर लिपपोत गर्ने, सुँगुरलाई आहार पानी दिएर चर्न छोड्ने इत्यादि भँगालाहरूमा बाँडिदै फाट्तै, राति आधारातमा घरका लोग्नेमान्छे, केटाकेटीलाई

खुवाउने, पियाउने र सुताउने गरेपछि आफू पनि अँगेनाको डिलवरिपरि फ्याङ्लो सुकुल-गुन्द्रीमा पसारिने क्रियामा गएर अन्त हुन्छ । (पृ.१५९)

हिउँदे फुर्सदमा ग्रामीण माझी समुदायका पुरुषपिँढी गफिएर बस्दा महिला भने अहोरात्र खटिनु पर्ने बाध्यताबारेका उक्त अनुभूतिमा नेपाली आम महिलाको त्यस परिप्रेक्ष्यका विशिष्ट दुःखपीडा पनि एकाकार गराउँदै आर्थिक उपार्जनका दृष्टिले मूल्याङ्कनहीन तर अगणित श्रमको श्रृङ्खलामा रहेको महिला दैनिकीको जीवन्त संस्कृतिलाई प्रकाश पारिएको छ । त्यस्तै, पुरुषसत्तात्मक सामाजिक व्यवस्थामा भन्दा जनजातीय संस्कृतिमा महिला, यौन तथा विवाहका सन्दर्भमा खुकुलोपना रहेको भए पनि मूल धारको पुरुषसत्तावादी संस्कृतिको प्रभावमा लैङ्गिक विभेदबाट मुक्त हुन नसकिरहेको यथार्थलाई पनि उपन्यासमा व्यक्त गरिएका अनुभूतिका संरचनाले सम्बोधन गरेको छ । उपन्यासमा आफ्ना जवान छोराहरू घरबाहिर रहेर मनखुसी गर्दा पनि निश्चिन्त रहने भूमा साथमै रहेकी कर्तव्यपरायण छोरीप्रति भने यसप्रकार चिन्तित रहेको देखाइएको छ,

हुन त माझीका जातले छोरीको बिदाको चिन्ता लिनुपर्ने कुनै जरुरत छैन । सके आफ्नै ज्यूतामा गतिलो खोजेर हिल्ला लाइदियो, नभए उमेरले लोग्ने खोजेपछि आफैँ रोज्छन्, जान्छन् । तैपनि बाबु भएपछि जुनसुकै जात, जुनसुकै समाजको बाबु होस् छोरीको चिन्ता त कम बेसी हुन्छ नै । ... क्याहो क्याहो, अल्लारे बुद्धिले रोजेको लोग्ने कस्तो पर्छ कस्तो । न महाको जँडयाहा र जुवाडे परेर रातोदिन छोरीले रगतको आँसु रुनुपर्ने हो, न तडी तुम्बडी नभएको चरिनङ्गा पर्ने हो । आइमाईको बुद्धि, उनीहरू भित्री गुणमा भन्दा बढी जीउडालमा लहसिन्छन् । (पृ.५५)

आमाविहीन टुहुरी छोरी लालगेडीप्रतिको पितृवात्सल्यमा ओतप्रोत बाबु भूमाले सँगालेको यस चिन्ताजन्य अनुभूतिलाई अभिधामा हेर्दा प्रायः परिवारमा जवान छोरीको विवाहलाई लिएर अभिभावकले सँगाल्ने स्वाभाविक कोटिको जस्तो देखिए पनि यो त्यत्तिमै सीमित छैन । 'नारीचरित्र' सँग गाँसिएको नाजुक सामाजिक दृष्टिकोणमा निर्मित यो विशिष्ट अनुभूतिको संरचना हो जसले पुरुषसत्ताको जब्बर उपस्थितिलाई व्यञ्जना गरेको छ । यसरी यस सन्दर्भलाई उपन्यासको विमर्शमा विविध सन्दर्भद्वारा उठान गर्दै त्यसलाई पुष्टि गर्ने अनुभूतिको संरचनाहरूको पनि प्रशस्त उपयोग गरिएको छ ।

आयआर्जनका सन्दर्भमा सीमान्तकृत समुदाय त्यसै पनि पछाडि परिरहेको, अझ त्यस समुदायका महिलाको स्थिति झनै नाजुक रहेको अवस्था छ । थोरै महिलाको आय आर्जनमा संलग्नता रही हाले पनि त्यो भट्टी व्यवसायमा सीमित देखिन्छ । चन्चली मझिनी (पृ.११५), बुधी मझिनी (पृ.१४०)का भट्टीहरूमा गाउँका बरालिएका पुरुषहरू मात्तिन आउने सन्दर्भले चेतना र अवसरका अभावमा महिलाको लैङ्गिक अधीनस्थताको सहज स्वीकारोक्तिलाई पनि प्रस्तुत गरेको छ । साथै, ती सन्दर्भमा पञ्चायत शासनको त्यस कालखण्डसम्म पनि ग्रामीण समाजका अधीनस्थ

समुदायका महिला पिँढीको अर्थोपार्जनका गतिविधिमा प्रायः शून्य संलग्नताको अवस्था पनि ध्वनन भएको छ ।

घरपरिवारमा लैङ्गिक भेदभावले संस्कारगत रूप धारण गरिसकेको अवस्था भूमाका यी सहज अनुभूतिमा पनि प्रकाशित छ, “त अझैं उठिनस् छोरी ? ... बाहिर झलमल्ल भैसके (एउटा स्वाभाविक उद्गार मात्र) । यति बेलासम्म सुत्न हुन्न त छोरीको जातले” (पृ.९३) । यसरी छोरीका जात/पिँढीका लागि मात्र भनेर समाजले तोकेका यस्ता नियम र बन्देज संस्कृति बनेर प्रायः समाज सदस्यका अनुभूतिमै बाँचिरहेको अवस्था छ। त्यस्तै, अधीनस्थ समुदायका महिलाहरू नाजुक आर्थिक अवस्थाका कारण आफ्ना सानातिना भौतिक वस्तुको रहर पूरा गर्न पनि पुरुषपिँढीको वासनाजन्य स्वार्थपूर्तिको साधन बनिरहेको स्थिति छ । पुँजीवादी वैश्विक संस्कृतिको प्रभावबाट ग्रामीण समुदाय पनि अछुतो देखिँदैन । यसै परिप्रेक्ष्यका आकर्षणमा खिनौरी, श्यामली जस्ता अधीनस्थ समुदायका महिलाहरूले गाउँका ठालुहरूका निमित्त आफ्ना शरीर लुटाइरहेका छन् । त्यसै सन्दर्भमा लालगेडीले खिनौरीको फितलोपनमा घोचपेच गरेकी छ । त्यत्तिखेर खिनौरीले लालगेडी जस्ता एकाध बाहेक त्यस गाउँका मात्र होइन, वल्लापल्ला गाउँका माझी-दनुवारका छोरी बुहारीसमेत पनि त साना काजीको पुरा-जुठो पर्नबाट बचेका छैनन् भन्ने बोध गर्दै आफ्ना वेदनाजन्य यस्तो मार्मिक अनुभूति लिएर पोखिएकी छ,

> म उसका कुरामा भुलेर ऊसँग फसेको होइन लाली ! ... म उसको मुनि पिँधिएर मोज मान्न पनि मान्दिनँ । त्यसैले त म पैले कतिसम्म त उसको फक्याट (फुर्क्याहट ?) मा लाग्दै लागिनँ । तर उसका चितुवाका आँखा परेपछि बाख्रो कसरी बाँच्न सक्थ्यो । त्यसमा पनि म राँड जन्मैदेखिलोभिनी- रुपियाँ-पैसा, गहनागुरियाका लोभ रोक्नै सक्तिनँ, त्यसैले चिप्लिइहाल्छु जानाजान । तर चिप्लिइसकेपछि मलाई कति पछुतो लाग्छ, तँलाई के थाहा ! कहिले त यस्तो संसारले गिजोलेको मासुका थुप्रो बोकेर जिउनुभन्दा त इन्द्रावतीमा फदालेर मरूँझैं लाग्छ । तर ज्यान त सबैलाई प्यारो हुँदो र' छ । फेरि अब त त्यसमा बानी पनि परिसक्यो । (पृ.६७)

उपन्यासमा प्रस्तुत खिनौरी जस्ता अधीनस्थ महिला पिँढीमा सिर्जित यस अनुभूतिको संरचनाले त्रास, आस, लोभ, पश्चात्ताप, जिजीविषा र अभ्यस्तता सबैले एकसाथ गाँजेको अवस्थाका नारी अनुभूतिको विशिष्ट दशालाई प्रस्तुत गरेको छ। यसरी खिनौरीले आफूप्रति सानाकाजीका मनलाग्दी खेलबाडमा उत्पीडनको अनुभूति सँगालेकी छ (पृ.३६) । लालगेडीको दर्बिलो मुटु, कुनै पुरुषसमक्ष नझुक्ने स्वभावका कारण कसैले उसलाई लुट्न नसकेकोमा नारी साहसबारे अचम्मको अनुभूति साँच्दै आफ्नो फितलो मन र नीचो कर्म सम्झेर रुनु पनि उसको अधीनस्थ दशाकै स्थिति हो (पृ.६८) । यसरी माझी-दनुवारको सिङ्गो गाउँ/समुदायका महिला पिँढीलाई प्रभुत्वशाली पुरुष पिँढीद्वारा कसरी वस्तुसरह उपभोग गरिएको छ त्यो कहालीलाग्दो सामाजिक दुर्दशा पनि यहाँनेर प्रकट भएको छ। अझ श्यामलीले सानाकाजीका निमित्त गाउँका

छोरी बुहारीलाई यौनसिकार गराउन खेलेको भूमिकाले पनि महिलाहरूको अधीनस्थ स्थितिको दुरवस्थालाई नै प्रकट गरेको छ ।

सहरिया साथीहरूसँग डुल्दै आएको सानाकाजीले इन्द्रावतीमा पौडेर निस्केपछि लुगा फेर्दै गरेका लालगेडी र खिनौरीलाई देखेपछि कामवासनाले उत्तेजित हुँदा त्यत्तिखेरका आफूहरूप्रतिका उसका अश्लील आशयका बोलीव्यवहारको लालगेडीले डटेर प्रतिरोध गरेकी छ (पृ.३७) । त्यसपछि पनि विभिन्न प्रलोभन देखाउँदै लालगेडीलाई आफूतर्फ आकर्षित गर्ने ध्याउन्नमा सानाकाजी अग्रसर भएको छ र यस क्रममा श्यामलीलाई प्रयोग गरेको छ। त्यत्तिखेर लालगेडीले कडा प्रतिकार गर्दै श्यामलीलाई झपारेर पठाएकी छ (पृ.१८१) । सानाकाजीका त्यस खाले प्रयासहरूका बारेमा स्मरण गर्दा पनि लालगेडीले विषाद, घृणा र क्रोधको एकसाथ अनुभूतिमा खल्बलिएकी छ (पृ.१६२) । अझ सखारै विहान पानी लिन गएकी लालगेडीलाई एक्लै एकाएक भेट्दा सानाकाजीले बलात्कारको प्रयास गरेको छ तर असफल भएको छ (पृ.८३) । उपन्यासमा वर्णित यस्ता घटनाक्रममा लालगेडीद्वारा प्रकट प्रतिरोधका गतिविधिले उसको जुझारु व्यक्तित्वलाई नै प्रस्ट पारेको छ। त्यस घटनापछि लालगेडीको कुमारीत्वप्रतिका सोभितेको आशङ्का तथा पटकपटक उद्वेलित उसको मानसिक दशा र तत्जन्य व्यवहार उपन्यासमा प्रस्तुत छन् जसमा आमपुरुषले साँच्ने महिलाप्रतिका नाजुक तथा सङ्कीर्ण भावनाको प्रतिबिम्बित भएको छ ।

त्यसो त, विद्यमान पुरुससत्तामै हक्की र निडर देखिएकी लालगेडी स्वयम् पनि पुरुषसत्ताले थोपरेको संस्कृतिबाट पुरै विमुक्त भने देखिन्न । अधीनस्थ समुदायकी, गाउँले तथा अशिक्षित नारी लालगेडीका चरित्रमा पूर्ण उदीयमान चेतको अपेक्षा स्वाभाविक पनि हुँदैन। सानु काजीका पञ्जामा फस्नु अघिकी लालगेडी जो सोभितेप्रति पूर्ण समर्पित छे; आफूप्रति लठ्ठ परेको सोभितेले उसलाई अगाडि हिँड्नभन्दा ऊ यस्तो अनुभूति प्रकट गर्दछे, “धत् आइमाईछोरीले पनि लोग्नेछोराको अगाडि हिँड्छन् ? ... उसको त जातै पछि लाग्ने ! हिँड तिमी अगाडि” (पृ.१६४) । यहाँनेर पनि लालगेडी अचेतनबाटै निःसृत पुरुषआश्रित महिलास्वभावबाट विमुक्त हुन सकिरहेकी देखिँदैन । त्यस्तै, लालगेडीमाथि सानाकाजीद्वारा बलात्कारको प्रयास हुनुमा लालगेडी दोषरहित र सानाकाजी दोषी भएर पनि त्यस सम्बन्धमा लाञ्छनाको सामाजिक भयले लालगेडी पिरोलिनु परेको छ। साना काजीको कर्तुतले उसले आफू कसैको अगाडि उभिन नहुने अनुभूति गर्नु र सकेसम्म त्यो अप्रिय घटना कसैले पत्तो नपाए हुन्थ्यो भनेर दुई दिनसम्म कसैका सामु मुख देखाउने साहस सँगाल्न नसक्नुले पुरुषसत्ताको सामाजिक संरचनागत विडम्बना नै प्रस्तुत भएको छ (पृ.८७) ।

लालगेडीद्वारा उल्टो साना काजीको अपमान भएको अनुभूतिमा बुदुने माझीले माझी समाजमा लालगेडीको अपमान गर्ने, आतङ्क सिर्जना गर्ने दुराशयको बोलीव्यवहार प्रकट गर्दा लालगेडी पनि अपमान, पीडा र क्षोभको अनुभूतिले ग्रसित हुँदै गर्दा आफ्नो समुदायबाट कत्ति पनि

ढाढस नपाउनु र स्वत्व हराएका माटोका पुतली सरह आफ्नो अभिभावकहरूलाई पाउनुले तीव्र पीडाको अनुभूति सँगाल्नु तर बोल्न नसकी अपमानको घुट्को पिएर ऊ त्यहाँबाट पन्छिनु परेको स्थितिमा पनि उसको अधीनस्थ अवस्थाले प्रस्तुति पाएको छ (पृ.१०८) । अझ सोभिते समक्ष सबै वस्तुस्थिति स्पष्ट पारिसक्दा पनि लालगेडीलाई सानाकाजीद्वारा बलात्कार भएनभएको बारे आशङ्का प्रकट गरिरहँदा उसले आफ्नो नारीत्व साह्रै अपमानित भएको अनुभूति समेत सँगाल्नु परेको छ । त्यस सन्दर्भको उसमा निःसृत दिक्दारीजन्य अनुभूति उपन्यासमा यसप्रकार अभिव्यक्त छ, "लालगेडीका आँखामा केही आश्चर्य उ केही अन्तरपीडाको भाव छल्कियो ... तर यो सोभिते किन पत्याउँदैन ? ... बारम्बार खोचाई खोच्याई त्यही कुरा सोध्छ ! के उसलाई लालगेडीका कुरामा विश्वास छैन ? ... के उसका आँखामा लालगेडी साना काजीसँग बिग्रिसकी ?"(पृ.११६) । यसरी बारम्बार शोभितेको शोधनीले विरक्तिएकी लालगेडीका आक्रोशजन्य अनुभूति यसप्रकार व्यक्ति भएको छ : "त मैले भनिहालेँ नि, उसले मेरो जीउमा हात लाएर केही गर्न पाएन भनेर ... यही कुरा कतिपल्ट भन्नु तिमीलाई ? लोग्नेमान्छया जात, टाउकाभरि शङ्काका कीरा पाल्छन् । उनीहरूका टाउकाका कीरा पन्छाउन आइमाईले आफ्ना छाला काढेर ओछ्याए पनि सक्तैनन्" (पृ.११७) । महिलाप्रति सदैव सशङ्कित पुरुष मानसिकता कारण महिलाले पटकपटक झेल्नुपर्ने मानसिक उत्पीडनको अनुभूतिले यहाँनेर प्रखर स्वर पाएको छ ।

सोभिते गाउँ छाडेपछि लालगेडीले आफ्नो चढ्दो जवानी र सुन्दरतामा लोभिएर वल्लापल्ला माथ्ला गाउँका केटाहरूलाई पन्छाउन निक्कै धौधौ परेको अनुभूति पनि सँगालेकी छ (पृ.६०) । महिलालाई वासनापूर्तिको साधन ठान्ने पुरुषप्रवृत्तिको उसले निरन्तर विरोध पनि गरेकी छ । कदमकदाचित सोभिते आफ्नो हुन नसकेमा दाजुहरू बूढो बाबुको दर्बिलो सहारा बन्न नसकेका र आफूले नै त्यो भूमिका पूरा गर्दै आएकी लालगेडीले त्यसपछि पनि बाबु स्याहारेर बस्ने र बाबुको मृत्युपर्यन्त पनि आफू लोग्नेछोराको सहाराविना स्वतन्त्र जीवन बाँच्न समर्थ भएको नारी स्वाभिमानका अनुभूतिजन्य सङ्कल्प खिनौरीसमक्ष प्रकट गरेकी छ (पृ.६८) । यसप्रकार अधीनस्थ समुदायमै पनि आम महिलाभन्दा भिन्न स्वभाव र चरित्रसहित आफ्नो उदीयमान व्यक्तित्व प्रकट गर्दै आएकी लालगेडीसमेत पछिल्लो चरणमा भने सानाकाजीको षड्यन्त्रबाट उम्कन सकेकी छैन ।

उपन्यासमा अन्ततः लालगेडी पनि पुरुषसत्तामा विवश भएको देखाइएको छ । यस सन्दर्भका उसको यस्तो अनुभूतिले उपन्यासमा अभिव्यक्ति पाएको छ, "हे भगवान्' म एउटी यसैउसै खौलाँ परेँ परेँ, अब मेरा गाउँका अरूलाई दुःख दिन यस काजी भन्ने राक्षसलाई त्यस गाउँमा नपठाऊ ! (पृ.२२७) । उसले आफ्ना क्षेत्रका देवदेवतालाई पुकारा गर्दै आफ्नो जीवनमा ओइरेको दुःख र दुर्भाग्य बरु सहने तर त्यस्तो अवस्था गाउँलेहरू कसैको नहोस् भन्ने भाग्यवादी चिन्तनमा जुन कामनाको अनुभूति प्रकट गरेकी छ; त्यो ज्यादै कारुणिक छ । यसरी उत्पीडन र

व्यथा झेलेर दिन गुजार्न विवश हुनुपरेको लालगेडीको त्यस अवस्थाले ऊ पनि पुरुषसत्ताकै हेलिनु परेको विद्रूप दशालाई प्रकट गरेको छ । यसप्रकार सानाकाजीको षड्यन्त्रअन्तर्गत शेरे हवल्दारबाट आफ्नो कौमार्य लुटिएपछि र साना काजीको चङ्गुलमा जकडिएपछि आफू आफू त्यहाँबाट उम्कन नसक्ने अनुभूति लालगेडीलेले सँगालेकी छ । माझी समाज कुमारीत्व भङ्गलाई लिएर त्यति कठोर नभए पनि कुनै मर्द मान्छेलाई अरूले गिजोलेको जूठो पुरादेखि घिन लाग्ने र सोभिते पनि यसको अपवाद नहुने पुरुषवादी चिन्तनजन्य अनुभूति पनि उसले सँगाल्न पुगेकी छ (पृ.२२४) । यसरी अपराधी पुरुषद्वारा लुटिएकी निर्दोष नारी अर्को सज्जन भनिएकै पुरुषका लागि पनि ग्राह्य हुन नसक्ने सामाजिक मानसिकताले ग्रसित यसखाले अनुभूतिले पुरुषसत्तामा महिलाको कहालीलाग्दो अधीनस्थ स्वरूपलाई नै प्रकट गरेको छ र पुरुषसत्तामा नारीको पराजित मानसिकताको स्थितिले नै अभिव्यक्ति पाएको छ ।

यद्यपि लालगेडी त्यस खाले पराजित मनोदशामा एकाएक आइपुगेकी भने होइन । ऊ सानाकाजीको प्रपञ्च र चक्रव्यूहमा परेकी छ । सुरुमा शेरे हवल्दारद्वारा थानामा नपुऱ्याई बजारभन्दा कुनाको एकान्त घरको कोठामा लगेर थुनिनु र त्यहाँ हवल्दारबाटै बारम्बार बलात्कृत हुनु, त्यसपछि पनि सानाकाजीका आदेशमा श्यामलीद्वारा हवल्दारको सहयोगमा उसलाई रातारात काठमाडौँ पुऱ्याइनु र त्यहाँ पनि ठुलो घरको कोठामा बन्दी बनाइनु जस्ता एकपछि अर्को जटिल परिबन्दमा उसलाई फसाइएको छ । त्यतिखेर उसले आफूलाई एउटा झ्यालखानाबाट अर्को झन् ठुलो झ्यालखानामा पुऱ्याइएको अनुभूति सँगालेकी छ (पृ.२२३) । नारीप्रति पुरुषका कामवासनाजन्य बर्बरताका यी व्यवहारमा अधीनस्थ नारीदशा अभिव्यक्त छ । अझ सानाकाजीको लालगेडीप्रतिको व्यवहार यौनउत्तेजना शान्त पार्ने अभिप्रायमा मात्र सीमित छैन; बदलाभावले पनि उत्प्रेरित छ । उसका लागि 'नारी चुनौती' असह्य भएको छ । नारीप्रतिका ज्यादतीपूर्ण व्यवहार निर्विरोध परिस्थितिमा सञ्चालन गर्ने पुरुष हैकममा पहिलो पटक लालगेडीको प्रतिशोध बेहोर्नु नै उसका लागि असाधारण कुरा बन्न पुगेको देखिन्छ तर पुरुषसत्ताको हालिमुहाली रहेको त्यस सामाजिक संरचनामा लालगेडी जस्ता जुझारु र स्वाभिमानी नारीको विद्रोह पनि अन्ततः सेलाउन पुगेको अवस्था नै प्रकट भएको छ ।

उक्त सबै सन्दर्भहरूले पुरुषसत्तामा यौनस्वतन्त्रता पुरुषका लागि मात्र ग्राह्य हुने, महिलाका लागि भने त्यही सन्दर्भ दुष्चरित्र मापनको आधार बनिदिने र त्यही आधारमा महिलाको चरित्र सदैव शङ्काको घेरामा रहिरहने अवस्थालाई प्रस्तुत गरेको छ । साथै, 'महिला चरित्र' र 'इज्जत'को लगामले महिलाहरूलाई हरदम नियन्त्रण गरिरहने, अनि पुरुषहरू चाहिँ महिलाप्रति यौन उत्पीडनकारी गतिविधिमा संलग्न भइरहने लैङ्गिक भेदभावले ग्रसित सामाजिक विडम्बनाको पनि सशक्त उद्घाटन गरेको छ ।

उपन्यासका नारी पात्रहरूमा एउटै पात्र लालगेडीलाई मात्र हक्की स्वभाव र जुझारु भूमिका प्रदान गरिनु र र ऊ पुरुषसत्ताका दुष्प्रवृत्ति विरुद्धमा लड्दै भिड्दै अघि बढेको देखाइनु तर अन्ततः यस पात्रलाई पनि आत्मसमर्पणकै स्थितिमा पुऱ्याइनुले भने लेखकद्वारा प्रस्तुत चरित्रप्रति न्याय हुननसकेको अवस्था प्रकट भएको छ। सामन्तवादी सामाजिक संस्कृतिका सबैखाले भेदभावलाई प्रश्रय दिने शासनव्यवस्थाका विरुद्धमा नारीआवाज उठ्न थालिसकेको तात्कालिक यथार्थलाई सम्बोधन गर्ने साहित्य र साहित्यकारको दह्रो उपस्थिति रहिसकेको कालखण्डको यस कृतिमा अन्त्यमा भने पराजित अवस्थाको नारी मनोदशाको चित्रणद्वारा पुरुषसत्ताको संस्कृतिबाट विमुक्त भइनसकेको तत्कालीन सामाजिक संरचनालाई प्रतिबिम्बित गर्ने प्रयोजनमा मात्र सीमित रहँदै अनुभूतिको संरचनाको उपयोग गरिएको छ।

प्रस्तुत उपन्यासमा लैङ्गिक भेदजन्य सामाजिक अनुभूति भूमामा निर्मित अनुभूतिका संरचनाले पनि स्पष्ट पारेको छ। छोराको भन्दा छोरीको चिन्ताले सताइएको भूमा ठान्दछ : "यही एउटी छोरीलाई कसैको हिल्ला लगाइदिन पाए" (पृ.५५)। भूमामा निर्मित यस अनुभूतिले पितृसत्तात्मक सामाजिक संरचनामा उमेर पुगेकी छोरीको विवाह र उसको चरित्रलाई लिएर भने अभिभावकले पिरलो बोकिरहनुपर्ने, हरदम सवदेनशील बनिरहनुपर्ने अवस्था पनि प्रकट भएको छ। आधारातमा पुलिसद्वारा आफ्नी छोरी अपहरण हुँदै गर्दा भूमाले तीव्र पीडा र वेदनाको अनुभूति सँगालेको छ तर ऊ जडवत् भएको छ। त्यस जघन्य आपराधिक घटनाको उसले प्रतिकारसमेत गर्न सकेको छैन। उसको त्यो मनोदशा चरम अधीनस्थ स्थितिकै उपज हो।

छोरीको अपहरणले नराम्ररी बिथोलिएको भूमाको हृदयमा भित्रभित्रै दमित रहेको चित्कार केही दिनपछि बल्ल क्रन्दन बनेर मालिक बूढा काजी समक्ष पोखिने वातावरण बनेको छ। त्यतिखेर छोराका एकपछि अर्को दृष्कृत्यहरूका श्रृङ्खला सम्झँदै बूढाकाजीले नमिठो अनुभूतिमा छोरालाई कुलाङ्गार भनी आक्रोश पोख्दामात्र पनि उल्टै "मालिक त्यस्तो मर्जी नहोस्" भन्न पुगेको छ (पृ.२११)। यो भूमाको त्यस्तो विशिष्ट अवस्था हो जुन क्षणमा उत्पीडित छोरीप्रतिको स्नेहभन्दा पनि मालिक आदर ठुलो भइदिएको छ। भूमाले त्यस बेला बूढा काजीको शारीरिक अवस्था र अन्तर व्यथाले विगलित हुँदै आफूभन्दा पनि बूढा काजीलाई सहानुभूतिको पात्र रहेको अनुभूति सँगाल्नु र मालिकको सान्त्वनाका लागि आफ्नो शत्रु साना काजीको पक्षमा उद्‌गार पोख्न पुग्नु उसको अधीनस्थ दशाको चरमोत्कर्ष स्थिति हो। यस सन्दर्भले उपन्यासमा यसरी अभिव्यक्ति पाएको छ, "मालिक ! छोटो मुखले छोटा कुरा नै गर्छ ... सुर्जे भगमान्तिर फर्केर कसैले थुक्छ भने त्यो थुक सुर्जे भगभान्सम्म पुग्छ र ? बरु थुक्नेका मुखैमा आएर खस्ला। मैले त यस्तै जान्या छु। हामी गाउँमा छौँजेल साना काजीको रौँ पनि कसैले झार्न सक्तैन" (पृ.२१२)। यसरी छोरी गायव गराइनुको कारण झेल्दै गरेको चरम मानसिक उत्पीडनको पिरलो क्षरणभरकै लागि भए पनि स्थगित हुनु र मालिकप्रति संवेदित हुनु स्वामीभक्तिको त्यस्तो पराकाष्ठा स्वरूप हो जुन

कालखण्डको समाजको अयथार्थ भने होइन। प्रत्यक्ष दण्डनीति प्रयोग नगरी विचारधारारूपी अस्त्रको मात्र प्रयोग गर्ने बूढा काजीका विरुद्ध कोही पनि आक्रामक नदेखिनु, अभ्क आफ्नी छोरी सानाकाजीद्वारा अपहरण भइसक्दा पनि भूमाले बूढा काजीलाई भगवान्कै दर्जामा राखिरहनु ऊ शासित हुन स्वीकार रहेको स्थिति हो र आफू शोोषित भएको भान नै नभईकन हेजेमोज्नाइड भएको अवस्था हो (उप्रेती, २०६९,पृ.१८४)। यसरी त्यस संवेदनशील घडीमा पनि छोरीको बाबु भूमाभन्दा बूढा काजीप्रति बफादार पिँढीका रूपमा भूमा प्रस्तुत भइरहनु अधीनस्थताको विशिष्ट अवस्था हो।

बूढा काजीसमेत त्यसपछि भूमाको त्यस रुग्ण र अबोध संस्कार, तर्क र प्रश्नविनाको स्वामीभक्तिको बोधमा पग्लिएको छ अनि उसले भूमाकी निर्दोष छोरीको खोजीमा कुनै कसर नछाड्ने र उसको अपहरणमा आफ्नै छोरोको हात भए आफ्नो आत्माले छोरोका पिण्डपानी नै नछुने उद्गार पोख्दछ तबमात्र उसका मनभित्र गुम्सिएका पुत्रीस्नेहका अथाह पीडाका अनुभूति बलिन्द्र आँसुका धारा बनेर बूढा काजीका पाउमा छाँद हाल्दै बर्सिएको छ (पृ.२१२) मालिकले धैर्य गर्ने सल्लाह दिँदा बल्ल ऊ यसरी आफ्ना वेदनाका अनुभूति शब्दमा पोख्न समर्थ हुन्छ,

> मालिक ! घरबाट मात्र लुटिएको भए त बरु सहन सजिलो हुन्थ्यो। मेरा जस्ता घरबार लुटिएर बनीबास लागेका कति छन् कति ? तर मेरा त इज्जत लुटियो- इज्जत भन्या' सानाको ठुलाको एकै हुन्छन्, इज्जत सबैको हुन्छ। आमा नभएकी टुहुरी छोरी, यी बुढिएका आँखा अगाडि लुटिई। म कुन छातीले धिर्जे गरूँ ख्वामित ! (पृ२१३)

भूमाका यी मार्मिक अनुभूतिमा 'छोरीचिन्ता' छताछुल्ल भएको छ जसमा 'नारी', चरित्र' र 'इज्जत' एकाकार भएको छ। यसप्रकार उपन्यासमा पञ्चायतकाल खण्डसम्म पनि सामन्तवादी संस्कृतिको लैङ्गिक भेदभावयुक्त समाजको निरन्तरता नै मूर्त भएको छ। नारीले भोग्दै आएको लाचार जीवनले परम्परित धारणाकै व्याप्तिलाई अगाडि ल्याएको छ। पुरुष दमनकारी सत्ताले नै प्रश्रय पाइरहेको त्यस समयमा गरिबीका कारण शिक्षा तथा चेतनामा पहुँच नपुगेको माभ्की-दनुवार समुदायका नारी पिँढीविशेषतः प्रभुत्वशाली पुरुष पिँढीको यौनदुराचारमा पिल्सिएको छ; नारीपिँढी प्रायः प्रतिरोधहीन अवस्थामा छ र प्रभुत्वशाली संस्कतिद्वारा निर्देशित त्यस अधीनस्थ पिँढी त्यही संस्कृतिमा पूर्ण समायोजित अवस्थामा छ। लालगेडीजस्ती नारी अस्तित्व जगेर्नामा दत्तचित्त हुँदै सङ्घर्षशील रहेकी नारीको सङ्घर्ष र विद्रोहले पनि अन्ततः सुखद् परिणाम दिएको छैन; प्रभुत्वशाली पिँढीको सिकार बनेर लाचार जीवन जिउन विवश हुनुपरेको स्थिति छ। यसरी प्रस्तुत उपन्यासमा जातीय सीमान्तता र वर्गीय सीमान्तताका परिप्रेक्ष्यका सांस्कृतिक स्वरूपको प्रस्तुतिका क्रममा लैङ्गिक सीमान्त स्थितिको पनि प्रस्तुत भएको छ र सामन्ती संस्कारजन्य जातिगत आधारमा गरिने पौरुष प्रताडना भोग्न नारी बाध्य छन्। उपन्यासमा लालगेडी र उसका सङ्गीहरूले पौरुष प्रदूषणमा बिथोलिँदै नारी संवेदनाका अनुभूति सँगालिरहेका छन् (सुवेदी, २०६८,

पृ.२१३) । अतः प्रस्तुत उपन्यासमा प्रस्तुत नारीपात्रहरूमा निर्मित अनुभूतिका संरचनाले पञ्चायती शासनव्यवस्थामा अधीनस्थ समुदायका महिला उत्पीडनका दशालाई सफल अभिव्यक्ति दिएको छ ।

### ४.८.३ जातीय उत्पीडनद्वारा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना

*अविरल बग्दछ इन्द्रावती* उपन्यासमा अधीनस्थ पिँढीका जातीय अनुभूतिले पनि संरचनात्मक स्वरूप प्राप्त गरेको छ। तत्कालीन मूलधारको सामन्तवादी संस्कृतिमा उपेक्षित रहेको जनजातिअन्तर्गत माझी जातिले अधीनस्थ जीवनदशा भोगाइका क्रममा सँगालेका अनुभूति उपन्यासको उल्लेख्य पाटो बनेर रहेको छ। इन्द्रावती किनारका बाहुनेपाटी अफ मिलौँचेदेखि दोलालघाटसम्मनै दायाँवायाँ किनारमा माझी बस्तीहरू फैलिएका छन् (पृ.१६५) । आधी खोला र आँधी धर्तीमा बाँच्ने जाति विशेषका रूपमा माझी समुदाय रहेको छ (पृ.१८९) । तिनको सरल चिन्तन र प्रकृति आश्रित जीवनचर्या तर कथित उपल्लो जातिबाट तिनले भोग्नु परेका उत्पीडनका अनुभूति उपन्यासको कथ्यकेन्द्रमा रहेको छ। माझी समुदायको अघिल्लो पिँढी जुन पिँढी प्रभुत्वशाली पिँढीबाट पूर्ण अधीनस्थ दशामा छ; वर्गस्वार्थका चेतनाबाट धेरै पर छ। त्यस पिँढीले खोलोको प्रसन्नता र मालिकको सन्तुष्टिलाई सर्वस्व ठान्दछ र त्यत्तिमै आफूहरूलाई सीमित राखेको छ (पृ.४३) । 'आफू सानो जाति' भन्ने तिनको अधीनस्थ मानसिकता संस्कारगत चेतनाद्वारा निर्मित छ यद्यपि जातीय अधीनस्थताको सहज स्वीकारोक्तिमा पनि आफ्नो जातिगत गौरव भने तिनमा कायम रहेको देखिन्छ। यस सन्दर्भमा यस्तो अनुभूतिको संरचनाले उपन्यासमा मिलौतीमार्फत प्रस्तुति पाएको छ, "छि : तिमी त कस्तो मन चोरेर कुरा गर्छौ ! ... हाम्लाई कुनै काजी, साहू चाहिया छैन । हामीलाई ठुला जातका गएर ठुलो जातकी हुनु पऱ्या पनि छैन । हामी कसैका धनमा बिकेर कमारी बन्न पऱ्या छैन" (पृ.४) । सात गाउँका ठालु, जिम्दारका शण्ठ छोराहरू, बाहुन, छेत्री, काजीलगायत साहू जस्ता प्रभुत्वशाली पिँढी मिलौतीको यौवन र सुन्दरतामा लठ्ठिएको पाउँदा भूमाले आफ्नो हीनतर दशाबोधमा आफ्नी ज्यादै मन परेकी मिलौँतीलाई केरकार गर्ने क्रममा उक्त अनुभूति उपन्यासमा प्रस्तुत छ। यसरी उच्च वर्ग र उच्च जातिप्रतिको आक्रोशसमेतको अभिव्यञ्जना रहेको मिलौँतीको उक्त अनुभूतिमा प्रभुत्वशाली संस्कृतिमा आफ्नो हैसियत 'कमारी'सरह नै रहने भावले पनि प्रस्तुति पाएको छ।

मिलौँतीको पिँढी मात्र होइन उसको सन्तान पिँढी लालगेडीसम्म आइपुग्दा पनि माझी समुदायको अन्धविश्वासले जकडिएको अधीनस्थ मनस्थितिले छुट्कारा पाउन सकिरहेको छैन। त्यस कालखण्डसम्ममा पहाडी ग्रामीण समुदाय पनि पुँजीवादी संस्कृतिको वैश्विक प्रभाव र भौतिक संस्कृतिको प्रसारणबाट अछुतो छैन। त्यतिखेरका माझी समुदायको युवा पिँढी त्यसमा पनि महिला पिँढीले लाहुरे व्यक्तित्वलाई सपनामा साँचेको देखिन्छ। लालगेडीले पनि आफ्ना प्रेमी

सोभितेको त्यस्तै व्यक्तित्वको कामना गरेकी छ। आफ्नो जातिको अधीनस्थ संस्कृतिले थोपरेको अन्धविश्वासमा ऊ यस्तो अनुभूतिसमेत साँच्न पुगेकी छ,

> धत्, के सपना देखेको उसले ! माझीका छोराले खोलो छोडी अन्त गए कुलायन भीमसेन रिसाउँछन् भन्छन्। सोभितेदेखि पनि भीमसेन रिसाउँछन्। खोलो छोडी अन्त नफापोस्- माझीका छोरालाई सरापै छ ! माझीको जन्म खोलाका छेउमा माझीको मिर्तु ढुङ्गाका लेउमा ! पुस्तानपुस्तादेखि यिनै इन्द्रावतीले स्याहारसुसार गरेर हुर्काएर- बढाएका माझीका छोराले आमाको काख इन्द्रावतीको काख, छोडेर- कहाँ-कहाँदेखि माछाका बथान हाँकेर ल्याई आफ्ना जाल ढडियामा हालिदिने जलदेवी माईलाई छोडेर अन्त जाने कल्पना कसरी गर्न सक्छ ? सोभितेको यस्तो हावाभरको सपना हो। यसको कुनै शिर-पुच्छर छैन। ... यो उसको मनको लड्डु हो। ऊ यसलाई सपनामा घिउसित खाँदै छ, यत्ति हो। (पृ.६३०)

ग्रामीण नेपाली जनजाति समाजले त्यस कालखण्डसम्म पनि पुरातन रूढि छोड्न नसकिरहेको अवस्थालाई लालगेडीमा निर्मित उक्त अनुभूतिको संरचनाले प्रतिनिधित्व गरेको छ। सरल विश्वासले भरिएको त्यस अनुभूतिमा निख्खर माझी संस्कृति जीवन्त बनेको छ। संस्कृति प्रदत्त अधीनस्थ जीवनको स्वाभाविक ग्रहणलाई पनि त्यसले मूर्त बनाएको छ। लालगेडीभन्दा अझ अघिल्लो पुस्ता त जीवनमा सपना देख्नुलाई पनि जायज ठान्दैन। यस तथ्यलाई लालगेडीका बाबु भूमामा निर्मित यस अनुभूतिले प्रस्ट पारेको छ, "मानिसले त्यो पनि नालीमै जन्मेर नालीमै हुर्केका माझी जावाले खोलाझैँ उच्छृङ्खल बन्न खोज्नु कति सुहाउँदो कुरो हो ?" (पृ.५४)। जीवनमा परिवर्तनको चाह राख्नु स्वतन्त्रताको खोजी गर्नुलाई उच्छृङ्खलता ठान्ने भूमाको यस अनुभूतिमा अधीनस्थताजन्य यथास्थितिकै स्वीकारोक्तिलाई प्रस्ट पारेको छ। गाउँका प्रभुत्वशाली हैसियतमा मालिक कहलिएका काजी परिवारलाई राजा-द्यौता ठान्नु, माझी-दनुवार जस्ता छोटा जातका सामान्य प्रजालाई देउताद्वारा नै तिनीहरूलाई धन र शक्ति दिएर शासन गर्न पठाएको भन्ने कुरामा विश्वास गर्नु र त्यहाँनेर विरोधको आवाज उठाउनै हुँदैन भन्ने ठान्नु जस्ता परिप्रेक्ष्यमा भूमामा निःसृत त्यस खाले अनुभूतिमा जातीय हीनताबोधको अधीनस्थ मनोदशा प्रकट भएको छ (पृ.५३) जसमा त्यस पिँढीविशेषको चेतनाहीन जड अवस्थाले पनि प्रस्तुति पाएको छ।

बूढा काजीको सहमतीय शैलीको सामन्ती शासनपद्धतिभन्दा भिन्न उद्दण्ड शैलीको दमनीय शासनपद्धति, आफ्नै छोरीमाथि समेत बलात्कारको प्रयास जस्ता घटनाक्रमले प्रत्येक पटक साना काजीको सहरबाट गाउँमा आगनमा हुनु माझी समुदायका लागि त्रास र घृणामय वातावरण बन्ने गरेको अनुभूति स्वयं भूमाले पनि सँगालेको छ (पृ.१६५)। अतः आफ्नो समुदायप्रतिका साना काजीका आततायी व्यवहार र चरम असन्तुष्टिका अनुभूति भूमाको सिँगो पिँढीले पनि साँचेको छ। यसप्रकार सिङ्गो जाति/समुदायकै अधीनस्थ दशाले प्रस्तुत उपन्यासमा अभिव्यक्त अनुभूतिका संरचनामा प्रखर स्वर प्राप्त गरेको छ।

मुख्यतः मूलधारको प्रभुत्वशाली संस्कृतिले जनजातिगत संस्कृतिमा पारेको बहुविध असरजन्य अनुभूतिका साथै माझी जातिविशेषको निख्खर सांस्कृतिक परिप्रेक्ष्यका अनुभूतिसमेतलाई प्रस्तुत उपन्यासमा संरचनात्मक स्वरूप प्रदान गरिएको छ (पृ.१२४)। इन्द्रावती किनारमा वसोवास गर्ने मूलतः दनुवारसहितका माझी जनजातिले तत्कालीन राजनीतिक परिप्रेक्ष्यको विद्यमान सामाजिक व्यवस्थामा भोगिरहेको वर्गीय तथा लिङ्गीय उत्पीडनजन्य अनुभूतिलाई प्रस्तुत उपन्यासको मूल कथ्यसन्दर्भ बनाइएको छ। लेखकको आफ्नो वर्ग र जाति भन्दा 'अन्य'प्रतिको यसखाले मैत्रीचेतमा उसमा विद्यमान प्रगतिशील चेतको परिपक्व प्रभाव देखिन्छ। पञ्चायती शासनको त्यस कालखण्डसम्म आइपुगिसक्दा पनि त्यहाँका माझी जातिको अधीनस्थ जीवनदशा उपन्यासमा आख्यानकारका अनुभूतिमार्फत यसप्रकार व्यक्त गरिएको छ,

> अनि यही कुसुवार माझीका वंशमा जन्मेका भूमा माझी र उसका पुस्तासम्मले जीवनको सुरुदेखि अन्तसम्म त्यस इन्द्रावती क्षेत्रका ठूलाठालु काजी खानदानको सेवामा आफूलाई खपायो। यसै दासताको संस्कारमा उसले आफ्नो र आफ्ना जातिको पनि कुनै पुर्ख्यौली कुनै इतिहास हुनसक्छ भन्ने कुरा नै बिर्सिदिइसकेको थियो। ... इतिहास र पुर्ख्यौलीभन्दा पनि उनीहरूले हाँडीमा हालेर भुटी खान हुने, ताप्केमा हालेर उमाली खान हुने खानेकुराकै लागि सङ्घर्ष गर्दै मालिकहरूको सेवालाई आफ्नो जीवनको प्रथम आवश्यकता ठाने, खोलासँगको पौंठाजोरीलाई आफ्नो साधनको माध्यम ठाने। जबसम्म मालिक खुसी छ, जबसम्म खोलो प्रसन्न छ, तबसम्म इतिहास र पुर्ख्यौलीको के जरुरत ? (पृ.४२-४३)

यसप्रकार माझी जातिको निरीह जीवनको कारुणिक चित्रलाई उपन्यासमा अनुभूतिका संरचनामा सजीव बनाइएको छ। जातीय अधीनस्थतामा परेको माझी समुदाय पिँढीदर पिँढी दरिद्रताको पराकाष्ठा भोगिरहेको हुनु, हाँडीमा भुटी खान मिल्ने र ताप्केमा उमाल्ने तहसम्ममात्रको खान्की जोरजामकै निमित्त सङ्घर्षरत माझी बूढो पिँढी त्यत्तिन्जेलसम्म पनि आदिम जीवनदृष्टिबाट विमुक्त हुनसक्नु, दासताको संस्कार बोकेर पुर्ख्यौली इतिहास भुलिसकेको स्थितिमा हुनु, मालिक र खोलोलाई सर्वस्व ठान्नु तर निरन्तरको सामन्ती शोषणमा यस जातिले आफ्नो भन्ने जमिन गुमाएको स्थितिमा पुग्नु र जातिगत परम्परित माछा सिकारको पेसा पनि धराशायी हुँदो अवस्थामा रहनु, यसरी जीविकोपार्जनको मूल आधार भूमिमा उब्जनीका लागि गरिएको सङ्घर्ष काजीको बेठबेगारीमै समर्पित हुनु, अझ इन्द्रावती खोलामा माछाको वंशविनाश बढ्दो गतिमा हुनुले आधा पानी र आधा जीवन धर्तीमा बाँच्ने त्यस समुदायको आर्थिक पीडामय जीवनयापन अझ जटिल बन्न पुगेको अवस्थालाई उपन्यासमा प्रस्तुत गरिएको छ।

पञ्चायतकालीन विकासे राजनीति गाउँगाउँमा घुसेपछि प्रकृतिमाथिको हस्तक्षेपले प्राकृतिक विनाश बढ्ने क्रममा त्यस गाउँमा पनि सहरियाद्वारा खोलामा दुवाली थुनाएर बम र बिखद्वारा माछा मारिने कार्य बढ्नु (पृ२७), त्यस्तै अनावृष्टिले अनिकाल, खडेरी/सुख्खा झेल्न पर्नु,

अतिवृष्टिमा खोलाले मुन्टो बटारिँदिँदा बाढीपहिरोको कहर भोल्नु जस्ता प्राकृतिक विपत्तिसमेतले त्यस जातिले दरिद्रताको पराकाष्ठा भोगिरहेको अवस्थाले उपन्यासमा प्रस्तुति पाएको छ (पृ.२७२) । यसरी नै अधीनस्थ पिँढी/समुदायको जीवनदशा माफी समुदायको मिजार स्वयम्ले भोलिरहेको चरम आर्थिक दरिद्रतामा पनि प्रस्तुत गरिएको छ । अतः समयको क्रूरता र सामन्ती शोषणको चक्रमा पिल्सिँदै तिनले पुख्र्यौली गौरवको जातिबोध हराइसकेको, स्वत्व गुमाउनु परेको र निरन्तर सीमान्तकृत दशामा हेलिनु परेको स्थितिमार्फत जातीय परिप्रेक्ष्यका सन्दर्भमा अनुभूतिको संरचनाको प्रस्तुति उपन्यासमा सशक्त रूपमा भएको छ ।

उपन्यासमा पञ्चायतकालीन राज्यव्यवस्थामा त्यस्तै, राणाकालीन निख्खर सामन्तवादी व्यवस्था पञ्चायती शासनकालको मध्योत्तरसम्म आइपुग्दा पुँजीवादी विकृतिसमेतबाट सङ्क्रमित हुँदै प्रभुत्वशाली पिँढीको हैकम र दमन अझ विद्रूप स्वरूप लिएर देखापरेको अनुभूतिका संरचनालाई पनि उपन्यासमा अभिव्यक्ति दिइएको छ (पृ.१७) । यसै सन्दर्भमा प्रभुत्वशाली पिँढीगत संस्कृतिमा पुरै समर्पित रहेको अधीनस्थ पिँढी प्रतिनिधि भूमाले साना काजीका शासनमा सँगालेका अनुभूति उपन्यासमा यसप्रकार व्यक्त गरिएको छ,

> भूमाका विचारहरू खोलाको गतिसँगै गाउँको बदलिँदै गएको स्थितिलाई लिएर दगुर्न थाल्छ । गाउँमा बूढा काजीको हैकम छउन्जेल जीवन त्यति जटिल थिएन; तर साना काजीको हैकमको उदय हुन थालेपछि गाउँको जीवनमा राहुको छाया परेझैँ सबैतिर कालो भविष्य मात्र देखिन थालेको छ । सोझासामु (सोझासाझा ?) रैतानको सरल जीवन जटिलतातिर धकेलिँदै छ । गाउँमा जे-जति गतिलो र असल वस्तु छन्– चाहे धर्तीका टुक्रो होस्, चाहे आइमाई, चाहे वनका असल बाठ, गाउँका असल पशु हुन् वा खोलाको गहिरो र उब्जाउवाला रह सबैमा उसका गिद्धे आँखा गड्न पुग्छन् । अनि कल-बल, छल जसरी हुन्छ त्यो हत्याउने दाउ खेल्छ ऊ । गाउँमा कसैले उसको इच्छाविरुद्ध झीनो आवाज झिक्न खोज्यो भने आफ्नो भोटे कुकुर छोडेर लुछाउँछ । (पृ.१६५-६६)

यसप्रकार त्यस कालखण्डसम्म आइसक्दा पनि सामन्तवादले डोरिएको मूलधारको शासनव्यवस्थाका आडमा साना काजी जस्ता शासकले सिङ्गो गाउँ र अझ अधीनस्थ जाति विशेषमा वर्गीय शोषण र हैकम जमाइरहेको अवस्थाले उपन्यासमा अनुभूतिका संरचनामा प्रस्तुति पाएको छ । यसरी नै जातीय आधारमा आर्थिक मात्र नभई लैङ्गिक अधीनस्थता पनि चर्को बेहोर्नुपरेको अवस्थामा माझी समुदाय/पिँढीविशेषमा निःसृत लैङ्गिक अनुभूतिको प्रस्तुतिमा पनि कालखण्डको जनजाति विशेषको जीवनावस्थालाई उपन्यासमा जीवन्त बनाइएको छ । शिवाकोटीका मतमा वर्णवर्गको सम्बन्ध यस्तो रहेको छ : "वर्णाश्रम ब्राह्मणवादी सामन्ती व्यवस्थाको मूल आधार भनेको अर्थवाद नै हो । नेपालमा सामन्तवाद र जातिवाद एक-अर्काका पूरकका रूपमा रहेका छन् । विषमतामा आधारित जातिवाद शोषणको प्रमुख आधारका रूपमा रहेको छ" (२०६९, पृ.८१४) । सर्वहारावादी वर्गीय दृष्टिकोणअनुसार जातीय पहिचानको प्रश्न

निर्वर्गीय हुनै सक्दैन र यो वर्गीय पहिचानसँगै जोडिएको हुन्छ । वर्गीय उत्पीडनको अन्त्य साङ्गोपाङ्गो रूपमा मानवीय उत्पीडनकै उन्मुक्ति भएकाले जातीय उत्पीडनको अन्त्य पनि अंशमा प्राप्त हुने प्रारम्भिक वा सङ्कक्रमणकालीन उन्मुक्ति हो (किराती, २०७६, पृ.२९) । अतः माझी समुदायले बेहोरिरको आर्थिक उत्पीडनबाट उन्मुक्तिको चाह तिनले भोगेको जातीय उत्पीडनसँग पनि निरपेक्ष छैन ।

मास्टर गिरी, तथा हरिकृष्णे सन्यासीका सन्दर्भद्वारा पनि सामन्तवादी प्रभुत्वशाली पिँढीद्वारा अन्य जातिलाई सहज आर्थिक शोषण गरिने परम्परालाई पनि उपन्यासमा मूर्त बनाइएको छ । अझ लेखकको तिख्खर समाजबोधले उपन्यासमा देबु पनेरूका सन्दर्भमा पनि अभिव्यक्ति पाएको छ । उपन्यासमा समाजको कथित सर्वोच्च जातको प्रतिनिधित्व गर्ने यो पात्र पनि मूलधारको सत्ता, शक्ति तथा सम्पत्तिले सबल काजीपिँढीद्वारा अधीनस्थ छ । अन्ततः ऊ सानाकाजीको दुषित राजनीति र आततायी गतिविधिको सिकार भएको छ र मृत्यु प्राप्त गरेको छ । यस सन्दर्भमा सामन्तवादले गाँजेको नेपाली समाजमा पुँजीवादी अर्थमुखी विकृतिसमेतको सम्मिश्रणमा हुर्किएको पञ्चायती राजनीतिक परिवेशमा सत्तामा पहुँच राख्ने मूलधारको शक्तिशाली पिँढीद्वारा जुनै जातिले पनि आर्थिक अधीनस्थता, हैकम र दमनका उत्पीडन बेहोर्नुपर्ने विशिष्ट सन्दर्भको संवेदनापूर्ण अभिव्यक्तिका निमित्त पनि प्रस्तुत उपन्यासमा अनुभूतिको संरचनालाई उपयोग गरिएको छ ।

### ४.८.४ पुस्तान्तर भेदका पृष्ठभूमिमा निःसृत दबाब र तनावजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा इन्द्रावती खोलाका किनारमा बसोबार गर्ने माझी समुदायमा देखापरेको पिँढीगत प्रखर द्वन्द्वले अभिव्यक्ति पाएको छ । त्यस समुदायमा स्पष्ट रूपमा उमेरजन्य भिन्न-भिन्न स्वभाव र चरित्र बोकेका दुईवटा पिँढी विद्यमान छन् । ती पिँढीहरू परस्पर द्वन्द्वरत छन् । तिनमा अघिल्लो पिँढी पूर्णतः अधीनस्थ मनोदशाले ग्रसित छ; यथास्थितिवादी छ; प्रभुत्वशाली पिँढीले थोपरेको सांस्कृतिक व्यवस्थालाई विनातर्क अनुमोदन गर्दछ; त्यसमा प्रश्न वा विरोध गरिनुलाई अस्वाभाविक ठान्दछ । त्यसैले यस अघिल्लो पिँढी आफ्नो सन्तानपिँढी, विशेषतः छोरापिँढीमा उदाउँदो नवचेतसँग त्रस्त छ; त्यस नव पिँढीका गतिविधिप्रति क्रुद्ध भइदिन्छ; सम्झाउन-बुझाउनमा, प्रयत्नशील पनि रहन्छ । त्यस समुदायको युवा पिँढी भने उदीयमान पिँढीका रूपमा स्थापित हुन अग्रसर छ; बूढापाकाका रूढिग्रस्त विचार त्यसलाई स्वीकार्य छैन । तिनै सन्दर्भमा माझी समुदायका बुढो पिँढी तथा युवा पिँढीले परस्पर अन्तरविरोधका क्रममा आफ्ना-आफ्ना खाले अनुभूतिका संरचना निर्माण गरिहेका देखिन्छन् । तिनका पुस्तान्तरजन्य फरक-फरक अनुभूतिमार्फत उपन्यासमा तत्कालीन यथार्थ समाज अभिव्यञ्जित भएको छ ।

माझी समुदायको बुढो पुस्ता/पिँढी मालिकप्रतिको आदरलाई सर्वोपरिमा राखेर निरन्तर हैकमको परिपालना गर्नुलाई नै आफ्नो जातिगत धर्म ठान्दछ। सानाकाजी आफ्ना सहरिया साथीहरूको दलबलसहित गाउँमा आगमन हुँदा गाउँमा खैलाबैलाको भुमरी उठ्ने गर्दछ। त्यस दलबलको स्वागतमा, तिनका भागमा केही कमी हुन नदिन युवा माझी पुस्तालाई तत्पर राख्ने जिम्मेवारी मिजार भूमा बूढोमाथि छ। तर युवा पुस्ताले विद्रोह प्रकट गर्न थालेका (पृ.१९) मा भूमाले प्रशस्त दबाब र तनाव सँगाल्नु परिरहेको छ। युवा माझीहरूलाई सम्झाउने क्रममा भूमालाई साथ दिँदै बिर्खे बूढो पनि केटाहरूलाई हकार्दै यस्तो अनुभूति पोख्दछ, "त्यसो त भन्न हुन्न लाटा ! ... साना काजी जेभा' हाम्रा गाउँका मालिक; उनी मन्त्री भए पनि केही न भा नि बेला बखताँ हेर्लान् नि।" (पृ.२२)। सानाकाजीका ज्यादतिपूर्ण व्यवहारका प्रत्यक्ष भोक्ता र उत्पीडित रहेको सिङ्गो माझी समुदायका त्यस पिँढीले तिनै साना काजी मन्त्री भए आफ्नो पिँढी/समुदाय केही न केही लाभान्वित भइहालिन्छ कि भन्ने अनुभूति निर्माण गर्नपुग्नु अधीनस्थ मनोदशाकै उपज हो।

साना काजीहरू/प्रभुत्वशाली पिँढीको माछा सिकारको मनोरञ्जनका निमित्त युवा पिँढीले दुवाली थुनेर सहयोग गरिदिनुपर्ने मिजारका माग रहेको छ। त्यतिखेर परम्पराविरुद्ध ज्याला खोज्ने युवाआवाजमा भूमाले आक्रोशको अनुभूति यसप्रकार पोखेको छ, "के तिमरू ? ... मालिकका नुन त सधैँ खाएकै छौ नि ! ... अब पऱ्या' बेलाँ' हाम्ले नगरे ... । आखिर तैले-हाम्ले उनैका धर्तीमा त शरण पा' छौँ" (पृ.२२)। यसरी प्रभुत्वशाली पिँढीलाई राजा/मालिक ठान्ने, तिनका लागि श्रमदान गर्नुलाई धर्म सम्झने, नुनको सोझो गर्नै पर्ने मान्यता राख्ने अनि आफ्ना खोसिएका भूमिलाई मालिककै भूमि भनेर स्वीकार गर्ने जस्ता प्रभुत्वशाली पिँढीगत संस्कृतिमा हेलिएको त्यस पिँढीको मानसिकतालाई भूमामा निर्मित यसखाले अनुभूतिको संरचनाले मूर्त बनाएको छ। भूमाको 'मालिकका नुन' र 'उनैको जमिन'का कुराले रन्थनिएको युवा पिँढीको प्रतिवादको जोस देखेर बूढो नारने माझी आश्चर्य मान्दै जिब्रो टोकेर यस्तो अनुभूति प्रकट गर्दछ, "सुन्यौ भूमा !... कस्ता कुरा गर्छन् आजका ठेट्ना ! आज हाम्रा सात पुस्तादेखि चल्दै आएको रीतभाँतलाई यसरी खोट लाउने भए" (पृ.२३)। नारने माझी आफ्नो पुस्तैनी अधीनस्थ परम्परा तोडिन लागेकोमा खेद प्रकट गर्दछ। यसप्रकार खुकुरी भन्दा कर्द चल्ने कलियुगप्रति पनि तिनको आक्रोश रहेको छ।

उपन्यासमा भूमा तथा नारने माझीको झैँ युवा पुस्ताप्रतिको चिन्ता बूढा वीरसिंहको पनि देखिन्छ। ऊ पनि युवा पिँढीलाई सम्झाउन यस्तो अनुभूति पोख्दछ, "तब के तिमरू अब मालिकसँग पौँठाजोरी नै खेल्छौ त ? ... जसका धर्तीमा, जसका अन्नले पालिएर आएका छौ, उसैसँग सिँगौरी खेलेर के खाई चुठ्ने सुर छ ? (पृ.५४) यसर गाँसबासका दातासँग कुनै पनि अवस्थामा जोरी खोज्नुहुन्न भन्ने एकमत बूढो पिँढीको रहेको छ। यसप्रकार उपन्यासमा भूमा, बिर्खे, नारने माझी तथा वीरसिंह आदिले बूढो पुस्ताको प्रतिनिधित्व गरेका छन् र तिनले अधीनस्थ

पिँढीविशेषका रूपमा छोरापुस्ताका विरुद्धमा आफ्ना-आफ्ना अनुभूतिका संरचना निर्माण गरिरहेका छन् । त्यस बूढो पुस्तालाई आफ्ना गाउँमा आफ्ना समुदायका केटाकेटीका लागि विद्यालय खोलिने कुरामा समेत आपत्ति छ । त्यस आपत्तिले अधीनस्थ पिँढीगत अनुभूतिका रूपमा यस्तो संरचनात्मक स्वरूप प्राप्त गरेको छ,

> बूढा काजीले गाउँमा स्कुल के बनाए, यहाँका केटाहरूमा कस्तो खाले हावा बह्यो । उनीहरूका पालासम्म यसरी बूढाका अगाडि ठिटौलेहरूको मुख खोल्ने के सामर्थ्य ? एक हप्कीमा छुलछुली मुत्थे । तर यही स्कुल र यसको गिरी मास्टर सबै ठिटाभाडा यही हो । वास्तवमा यो गाउँका माझीका छोराछोरी धर्तीमा जन्मेर पानीमा हुर्केका, उनीहरूलाई इस्कुलफिस्कुलको के मतलब थियो ? चार आखर पढेर त्यसले न दुवाली छेक्न सिकाउँछ न जालहान्न सिकाउँछ, न डुङ्गा खियाउन सिकाउँछ । (पृ.२३)

विद्यालय र प्रौढशिक्षाको संसर्ग पाएर युवा पुस्ता भाँडिएको ठान्नु, गिरी मास्टरलाई ठिटाभाँडा ठान्नु बुढो माझी पिँढीको अधीनस्थ मनोदशाको चरमोत्कर्ष स्वरूप हो । यो पिँढी शिक्षा र चेतनाबाट आफ्नो समुदाय पर रहनुमै श्रेयस्कर ठान्दछ । आफ्ना देउताजस्ता मालिकको विरोध आफ्नै सन्तानपुस्ताबाट हुनु सिधासाधा, संस्कारग्रस्त, स्वामीभक्त बूढो माझी पिँढीलाई स्वीकार्य छैन । युवा पिँढीले त्यसरी पितापुर्खाको मर्यादा त्याग्दा भावी अमङ्गलको भयले त्रस्त छ र तिनले अवलम्बन गर्दै रहेको जीवनमार्ग विनाशकारी छ भन्ने त्यस पिँढीको बुझाइ रहेको छ । यसप्रकार त्यस पिँढीले आफ्ना समुदायका नयाँ पुस्ता विशेषतः युवाहरूले खोलामाथिको आस्था गुमाउँदै गरेको र परम्परित पेसाप्रतिको भक्ति र भरोसालाई छोड्दै, गाउँ नै छाड्न थालेकामा परम्परित संस्कार र विश्वासमा ठेस लागेको अनुभूति सँगालिरहेको छ (पृ.२७) । माझी पुस्ताकै बढ्दो जनसङ्ख्या र खोलामा घट्दो माछाको असन्तुलित पर्यावरणबारे तिनमा चेतनाको उद्बोध हुनसकेको देखिँदैन ।

चेतनाहीन जडतामा सास धानिरहेको उक्त बूढो पिँढी प्रभुत्वशाली पिँढीबाट त पिल्सिएकै छ; आफ्नै सन्तान पिँढीबाट पनि दबाब र तनावका अनुभूति सँगाल्दै दोहोरो मारमा पिल्सिनु पर्दाको यस्तो अनुभूति उपन्यासमा व्यक्त छ : “केटाहरूको यस्तो बिब्ल्याँटो प्रवृत्ति, अनि साना काजीको धम्की यी दुई विरोधका माझमा ऊ र ऊजस्ता एकमुठी निमुखा बूढाहरूले के गरी जीवन गुजार्ने ? हे ईश्वर ! यी उरन्ठ्यौलाहरूको बुद्धि फर्काएर शान्तिसँग, सन्तोकसँग बाँच्न देऊ, इन्द्रावती माई ।” (पृ.५४) । यसरी भूमाले दुईतर्फी दबाबमा साना काजीका विरुद्धमा उठेका आफ्ना सन्तान पुस्ताको बुद्धि फिरोस् भनी आफ्नो समुदायको आस्थाका केन्द्र इन्द्रावतीलाई मनमनै गुहार्नुले त्यस पिँढीमा प्रभुत्वशाली पिँढीद्वारा बनाइएको अधीनस्थताको साङ्लो चुँडाल्नुपर्छ भन्ने सोचको विकास कत्ति पनि भएको देखिँदैन । माझी समुदायका भीमे, जैमाने जस्ता युवा पुस्ताहरू पनि आधुनिकताको मोहमा तानिएर पारिवारिक जिम्मेवारीबाट च्यूत हुँदै गएको

सन्दर्भका तिनका बाबु पुस्ताले सँगालेका अनुभूतिलाई पनि उपन्यासमा संरचनात्मक रूप दिइएको छ (पृ.६०) । यद्यपि नियमित आयस्रोत नहुँदा त्यहाँका निम्नवर्गीय त्यस युवा पिँढी विकासनिर्माण खुलेका क्षेत्रतर्फ कुद्ने तर काम नहुँदा बरालिनु पर्ने अवस्थामा रहन बाध्य हुनुपरेको अवस्थाको पनि उपन्यासमा प्रकटीकरण भएकै छ तर बुढो पुस्तासँग तिनका स्वाभाविक विरोधजन्य अनुभूति र गतिविधि बारम्बार प्रकट भएका छन् (पृ.११३) । त्यसले पुस्तान्तरजन्य द्वन्द्व अझ टड्कारो बनेको छ ।

साना काजीका आडमा बुदुनेद्वारा नयाँ पुस्ताका माझीका विचार र विद्रोहलाई लिएर सिङ्गो माझी समुदायलाई नै धम्क्याउने, त्रसित पार्ने क्रममा उसले काजीका पकेटमा विरोधी माझीका नाम रहेको पोस्तक (नोटबुक) भएको बताउँदछ । त्यत्तिखेर अधबैँसे माझी पुस्तासमेत अत्तालिएको अवस्था छ । त्यस पुस्ताका प्रतिनिधि रामपुरे सिरे माझीले अज्ञानताको अपराबोधको अनुभूतिले खुम्चँदै खुसामदीको स्वरमा भन्दछ : “हेर्, बुदुने भाइ ! हामीले काजीको जय नै मनाएर आएका छौँ, छैनौँ ? हेर्, उनका कुनै पनि कुरामा हामीले नाकनुक गऱ्या भा’ तैँ भन् । तर त्यस्तामा पनि गाउँका कुनै वैरीले नभा’ अत्तो ला’ का र’ छन् भने त ... तैँ भन् गाउँमा एउटा न एउटा सतुर त सबैका हुन्छन् नै” (पृ.१०९) । यसप्रकार बुदुनेले परम्परा भीरु माझीका मनमा एउटा भयावह भविष्यको तस्विर कोरिदिएको छ जसले माझी समुदायको बूढो पुस्तामात्र होइन अधबैँसे/मध्यम उमेरको पुस्तासमेत नखाएको विषको पिरलो बोकेर बाँच्नुपर्ने अधीनस्थताको निरीह दशामा पिल्सिनु परेको छ ।

माझीहरूको भूमिमा सानाकाजीले हबेली नबनाई नछोड्ने भएपछि युवा माझी पिँढीमा भएको विद्रोहलाई लिएर बूढा काजी पनि मनोद्वन्द्वले ग्रस्त छ । उसले मिजार भूमालाई बोलाएर तर्साउने-सम्झाउने गरेको छ । पछिल्लो चरणमा बूढा काजीको कोपको अन्दाज गरेर थरहरी भएको भूमाले त्यस सन्दर्भका आफूले बेहोरेको दबाबजन्य अनुभूति यसप्रकार प्रकट गरेको छ, “ख्वामित ! मैले त बुताले भ्याएसम्म सम्झाउन खोजेको हुँ; तर ... आजका उरन्ठ्यौला केटाहरू, हाम्रा बूढा अर्तीतिर कानै दिँदैनन् ... त्यसमाथि झन् सानाकाजीबाट आगामा घ्यू थप्ने काम भएपछि ...” (पृ.११०) । भूमाका यी अनुभूतिमा पुस्तान्तरजन्य भेद स्पष्ट व्यक्तिएको छ । हुन पनि सानाकाजीले आफ्नै छोरीमाथि कुदृष्टि दिएको मात्र होइन; मालिकप्रतिको आफू बुढो हुन्जेलको आस्था तथा स्वाभीभक्तिमै क्रूर लात हानेको अनुभूति भूमाले सँगाल्नु परेको छ तर पनि बूढा काजीको आफूप्रतिको गुनलाई सर्वोपरितामा राख्दै आफ्नो समुदायको नयाँ पिँढीमा सल्केको आगो साम्य पार्ने र काजीको इज्जतमा कत्ति पनि आँच आउन नदिने अनुभूति सँगालेर ऊ हरदम प्रयासरत रहनु अधीनस्थतामा अभ्यस्तताको असाधारण स्थिति हो ।

हबेलीको जग हाल्ने दिन युवा पिँढीको प्रभावमा मौन विद्रोहसहित साथ दिइरहेको त्यस बुढो पिँढी साना काजीको आगमन र हुङ्कार सुन्नासाथ यन्त्रवत् रूपमा निर्माण स्थलको कोदालो,

कोदाली, पीक, साबेल उठाउन लम्केको छ (पृ.२०५)। यसरी यो पिँढी आफ्नै समुदायको नवउदीयमान विचारलाई साथ दिनुभन्दा आफ्नो समुदाय हितका सबै कुरा छोडेर अधीनस्थ दशामै अभ्यस्त भइदिन्छ। बाबुपुस्ताको यही व्यवहार छोरापुस्तालाई अपाच्य भएको छ।

अधीनस्थ माझी समुदायमा देखिएको पुस्तान्तरजन्य अनुभूतिले मात्र उपन्यासमा प्रस्तुति पाएको छैन; प्रभुत्वशाली काजी खानदानमै देखिएको पुस्तान्तरजन्य अनुभूतिले पनि उपन्यासमा प्रस्तुति पाएको छ। आफ्नो सहमतीय र छोराको दमनकारी शासन शैलीगत भेदका कारण गाउँलेको अवस्था अझ नाजुक भएको मात्र होइन; आफ्ना खानदानप्रति रैती बनाइएको समुदायको युवा पुस्तामा मौलाउँदो विद्रोहले बूढा काजीले पनि प्रशस्त दबाब र तनाव बेहोरिहेको अवस्था छ। आफ्नै छोराले मूल सत्ताका आडमा गाउँमा प्रस्तुत गरेको बर्बर शासकीय व्यवहार बूढा काजीका लागिसमेत पीडादायी बनेको छ। यस सन्दर्भका अनुभूतिका संरचनाले उपन्यासमा यसप्रकार प्रस्तुति पाएको छ, “अँ सुन् भूमा ! ... मैले त मेरो ज्यूँतभर तिमीहरूलाई जानाजान कुनै पीरपिराउ दिएझैँ लाग्दैन, तर मेरो शेखापछि ... अँ तैँले सुनिस्, सानाकाजी सहरबाट आउँदैछ” (पृ.१७)। सानाकाजी पढाइ सकेर सहरबाट गाउँ फर्कदै गरेको सूचना दिनुपर्दा बूढा काजीमा निर्मित्त गम्भीर मुखमुद्रासहितको यस चिन्ताजन्य अनुभूतिले पुस्तान्तरजन्य भेदलाई पनि स्पष्ट पारेको छ। भूमाले पनि मालिकको मनोदशा सही रूपमा ठम्याउन सकेको छ। यहाँनेर शब्दतः प्रस्ट व्यक्त नगरिएको अनुभूतिसमेतलाई सङ्केत गर्ने लेखकीय सामर्थ्य पनि प्रकट भएको छ।

उपन्यासमा प्रस्तुत विशुद्ध सामन्तवादी चरित्र बोकेको बूढा काजी र जनमतलाई आधार बनाएर प्रजातन्त्रिक शासन गर्ने भनिएको पञ्चायतकालीन छद्म स्वरूपमा बाँचिरहेको साना काजीको नवसामन्तवादी परस्पर विरोधी दुई चरित्रको द्वन्द्व पुस्तान्तरजन्य द्वन्द्व पनि हो। राणाकालको अन्तिम प्रहर र प्रजातन्त्रोत्तर पहिलो प्रहरमा ग्रामीण भेगमा सक्रिय रहेको चतुर्भुजको पिँढीले समयसापेक्ष हुँदै शासन शैलीमा नरमपन अबलम्बन गरेको छ र रैतीका मनमा मलहम लगाएर छद्म शोषण गरेको छ तर पञ्चायती शासन व्यवस्थासम्म आइपुग्दा सानाकाजी पिँढीको दम्भयुक्त डन्डा र दमनको राजनीतिले प्रश्रय पाएको छ (पृ.१७)। जनता आतङ्कित बन्नुपरेको बिडम्बनालाई उपन्यासमा प्रस्तुत यस सन्दर्भले मूर्त बनाएको छ। यसप्रकार पञ्चायतकालीन राजनीतिक चरित्रमा सांस्कृतिक अनाचार बढ्दै गएको यथार्थलाई युवा पिँढीप्रतिको बूढा काजीका असन्तुष्टिका अनुभूतिले पनि उपन्यासमा सहज अभिव्यक्ति पाएको छ। छोराको सन्डाकर्म स्वभाव, चरम स्वार्थीपना र अति भोगविलासी जीवनशैलीका कारण बूढा काजीले पनि उसदेखि भित्रभित्रै पीडा र निराशाका अनुभूति सँगाल्नुपरेको छ (पृ.१८)। यसरी दुई पुस्ताबिचको जीवनशैलीगत भेदका कारण पनि त्यहाँनेर द्वन्द्व सिर्जना भएको छ। त्यस भेदले सांस्कृतिक विचलनको सन्दर्भ लिँदै पुस्तान्तरजन्य अनुभूतिका माध्यमद्वारा उपन्यासमा प्रस्तुति पाएको छ। आफू कठोर

सामन्तवादी संस्कृतिमा हुर्किएका विकलका तत्कालीन सामाजिक संस्कृतिमा विशेषतः राजनीतिक युवापिँढीमा देखिएको सांस्कृतिक विचलनप्रतिका असन्तुष्टिजन्य अनुभूतिले प्रस्तुत उपन्यासमा बूढा काजीमार्फत यस्तो संरचनात्मक स्वरूप धारण गरेको छ,

> तर अब छोरोले सम्पूर्ण आचार छोडेर, परम्परागत सबै नैतिकतालाई पोलेर पूर्ण कलि अवतार देखाइसकेको थियो। उसका लागि गर्न नहुने कृत्य कुनै थिएनन्। भनौँ कुनै पनि कृत्य शक्तिवान्का हातमा कुकृत्य रहन्न, सु बन्छ-यही उसको चिन्तनको निचोड थियो। उसका आखाँमा बाबुको सम्पूर्ण निष्ठा, विश्वास र आचरण अन्धाचरण, अन्धविश्वास र सडेको विचार मात्र थियो। जति मात्रामा यी कुसंस्कारलाई लत्त्याएर नयाँ संस्कृति, नयाँ सभ्यतामा मान्छेले आफूलाई रङ्गाउन सक्यो, मिलाउन सक्यो मानिस त्यति सभ्य, सुसंस्कृत र शक्तिशाली बन्छ भन्ने उसको विश्वास थियो। (पृ.१८)

बाबु चतुर्भुज सिंहले आफ्नै छोराका सन्दर्भमा सँगालिरहेको मानसिक पीडाजन्य यस अनुभूतिको संरचनाको प्रकटीकरण उपन्यासमा सप्रयोजन भएको छ जसद्वारा आधुनिक कहलिने धुनमा परम्परित संस्कृतिका सद्वृत्तिलाई पनि लत्याउँदै र नयाँ संस्कृतिका सद्पक्षलाई नभई, विकृतिलाई अङ्गीकार गर्न तल्लीन युवा पुस्तामा देखिएको यसप्रकारको सांस्कृतिक विचलनका सन्दर्भद्वारा सामाजिक परिवर्तनको गलत दिशालाई सङ्केत गरिएको छ। दिनरात रक्सीको पोखरीमा डुब्नु, आफ्ना राजनीतिक दौँतरी, सहायकहरूलाई जुटाएर रातोदिन मोजमज्जा, भोजभतेरमा रमिरहनु जस्ता सांस्कृतिक विचलनलाई आत्मसात् गर्दै जस्तो जघन्य कर्म पनि निधारमा एक खुम्चा नपारी गर्नसक्ने जस्ता परिप्रेक्ष्यका तत्कालीन राजनीतिक चरित्र धारण गरेको छोराको सन्डाकर्मबाट बाबु चतुर्भुज सिंहले आहतजन्य अनुभूति सँगालिरहेको अवस्था छ। उसले छोरो आफ्नो नियन्त्रणभन्दा पर गइसकेको र त्यस सन्दर्भमा आफू निरीह बनेको बोधमा दबाब एवम् तनावजन्य अनुभूति साँच्न परिरहेको छ। यहाँनेर चतुर्भुज सिंहले बेहोरिरहेको यस पुस्तान्तरजन्य अधीनस्थ दशा विशिष्ट प्रकारको छ जसलाई लेखकले उपन्यासमा सफलतापूर्वक प्रस्तुति दिएका छन्।

बाबुद्वारा त्यस गाउँठाउँका साधारणजन रैतीका तहमा शासित हुँदै आएकामा छोरा सानाकाजीद्वारा अझ तिनलाई मान्छे नै नठानी कीरा फट्याङ्ग्रालाई कुल्चिएसरह व्यवहार गरिएको छ। उसका अहङ्कारी, दम्भी, क्रूर र सौजन्यताले शून्य हिंस्रक गतिविधि गाउँलेमाझ प्रकट भएका छन् (पृ.७९)। पञ्चायतकालको सांस्कृतिक विचलनले दूषित राजनीतिक परिवेश र शासकगत दुराचारलाई प्रस्ट पार्नका लागि उपन्यासमा यसप्रकार का अनुभूतिको संरचनालाई उपयोग गरिएको छ। अझ पछिल्लो चरणमा आफ्नै आँखाले साना काजीद्वारा देबु पनेरू हत्याको घटना साक्षात्कार गर्नु पर्दा धर्म र परम्परित संस्कारका लागि दिलोज्यान दिने बूढा काजीका लागि छोराको त्यो कृत्य असह्य भएको छ। यसरी छोरो कुलाङ्गार भएको, काजी खानदानको इज्जत

डुबाएको र कुलको मानमर्यादा गुमाएको अनुभूति साँच्दै निरन्तर मानसिक उत्पीडन भोलिरहेको अवस्थामा उसले छोरो ब्रह्मघातीसमेत भएको देख्नु असहनीय हुँदा चरम मानसिक उत्पीडनका अनुभूतिमा गलित हुँदै गएको छ । यहाँनेर परम्परित संस्कारलाई सर्वस्व मान्ने अघिल्लो पुस्ता बूढा काजीको र आधुनिकताका नाममा पथभ्रष्ट पछिल्लो पुस्ता सानाकाजी बिचको वैचारिकी द्वन्द्वमा बूढा काजी विजित छ; अधीनस्थ छ किनभने ऊ पुत्रमोहमा अन्धो बनेको छ र छोराका दुष्कर्महरूको ढाकछोप गरिरहेको छ तर अनैतिक कृत्यमा साथ दिनुपर्दा मनोद्वन्द्वको चरम दबाब र तनावका कारण अन्ततः उसले मृत्युवरण गर्न पुगेको छ ।

देबु पनेरूको त्यस जघन्य हत्याकाण्डपछि साना काजीद्वारा माझी समुदायको विद्रोही युवा पुस्तालाई षड्यन्त्रपूर्वक जेलमा पुऱ्याइएको र बुढो पुस्ता पूर्णतः अधीनस्थ दशामै हेलिएर गाउँमै रहेको अवस्था विशेषका अनुभूतिका संरचनाले पनि उपन्यासमा सशक्त प्रस्तुति पाएका छन् । त्यसको एक वर्षपछि लगतै सुरु भएको हबेली निर्माणको कार्यमा पनि माझी समुदायले जनता होइन; रैती हैसियतमा आफ्ना बुताले भ्याएसम्म पुऱ्याएको श्रमदान, झारा-बेगारी दिनु जस्ता तिनका गतिविधिमा चर्को अधीनस्थ दशाका अनुभूति निर्माण गरिरहेको अवस्थाले उपन्यासमा अभिव्यक्ति पाएको छ ।

उपन्यासमा प्रस्तुत मूलतः माझी समुदायका पुस्तान्तर भेदका दुवै पिँढीहरूले परम्परित विचार र नव उदीयमान विचार प्रकटीकरणका क्रममा, सहनको संस्कृतिको अवलम्बन गर्ने वा प्रतिकारचेतका गतिविधि प्रकट गर्ने क्रमका भिन्न-भिन्न सोच र व्यवहारका परिप्रेक्ष्यमा द्वन्द्वरत हुँदै प्रशस्त दबाब र तनाव भोलिरहेका छन् र तज्जन्य आफ्ना-आफ्ना बेग्लाबेग्लै अनुभूतिका संरचना निर्माण गरिरहेका छन् । विलियम्सका अनुसार पिँढीगत सम्बन्धको अवलोकनबाट समाजले लिँदै गरेको परिवर्तनको प्रक्रियाको पहिचान हुन्छ (सन् २०१०, पृ.३१) । उपन्यासमा प्रस्तुत उक्त पुस्तान्तरजन्य द्वन्द्वमा निर्मित अनुभूतिका संरचनाले तत्कालीन समाजले खोजिरहेको परिवर्तनलाई पनि सटीक ढङ्गले अभिव्यक्त गरेको छ । साथै, यसबाट बदलिँदो समयसँगै स्वभावतः देखिने पुस्तान्तरजन्य सांस्कृतिक भेदलाई पनि उपन्यासमा टड्कारो बनाइएको छ । यसप्रकार पुस्तान्तर भेदजन्य अनुभूतिमा सजीव बनेको कालखण्डको संस्कृति उपन्यासको सबल पाटो बनेर रहेको छ ।

## ४.९ निष्कर्ष

प्रस्तुत परिच्छेदमा विवेच्य सबै उपन्यासहरूको मूल कथानक अधीनस्थ पिँढीगत अनुभूतिको संरचनामा निर्मित छ । यसै पिँढीका अन्धविश्वास, भाग्यवादी चिन्तन जस्ता रूढिग्रस्त संस्कृतिका मूलतः वर्गीय तथा लैङ्गिक भेदभावका अनुभूतिका संरचनाहरूले उपन्यासहरूमा सशक्त अभिव्यक्ति पाएका छन् जसमा तत्कालीन सामन्ती सामाजिक संरचना सजीव बनेको छ ।

राणाकालीन सामन्तवादी आर्थिक संरचनामा चरम अधीनस्थ रहेका उत्पीडित नेपालीले सँगालेका वैकल्पिक अधीनस्थ पिँढीगत अनुभूतिका संरचनालाई उपन्यासहरूमा सशक्त अभिव्यक्ति दिइएको छ। उपन्यासहरूमा उत्पीडक पिँढी प्रत्यक्ष रहँदाको अवस्थामा मात्र होइन; नेपथ्यमा रहँदा पनि तिनका कारण अधीनस्थ पिँढीले झेलिरहेको मार्मिक मनोदशाको उद्‌घाटन भएको छ। उपन्यासहरूमा तत्कालीन सामाजिक व्यवस्थाका वर्गीय भेदभावको संस्कृति, प्रशासनिक तथा न्यायिक स्थितिलगायत सबै परिप्रेक्ष्यमा दमन र उत्पीडन झेलेर आफ्नै भूमिमा सङ्घर्षरत रहँदारहँदै पनि विकल्परहित अवस्थामा परदेसिनुको बाध्यताका अधीनस्थ पिँढीगत अनुभूतिका संरचनाको सशक्त प्रस्तुति रहेको छ।

उपन्यासहरूमा महिला पिँढीका लैङ्गिक तहका अनुभूतिको संरचना पनि प्रमुखताका साथ मुखर रहेको छ। पुरुषसत्ताको लैङ्गिक विभेदको संस्कृतिजन्य पुरुषप्रभुत्वका उत्पीडन जस्तै, महिलाले भोग्दै आएको आफ्नो चरित्रप्रति पुरुषपिँढीको सङ्कीर्ण दृष्टि, निरन्तर नियन्त्रण र वासनापूर्तिको साधन/भोग्याका रूपमा गरिने व्यवहारका कारण अधीनस्थ हुनुपर्दाको नारीका मार्मिक अनुभूतिको सशक्त प्रस्तुति उपन्यासहरूमा रहेको छ। त्यस्तै, कथित दलित र अदलित/छूत र अछूतको भेदभावयुक्त जातीय सन्दर्भ, एउटै जाति विशेषका सन्दर्भमै ठुलो-सानो जात भनी गरिने भेदभाव र भात-पानी चल्ने-नचल्ने सन्दर्भ, सामन्तवादी संस्कृतिका संवाहकद्वारा जनजातिगत परिप्रेक्ष्यका पिँढी/समुदायमा प्रसारित लैङ्गिक उत्पीडनसमेतका व्यवहारको सन्दर्भसमेतलाई आधार बनाएर ती परिप्रेक्ष्यमा निःसृत अधीनस्थ पिँढीगत अनुभूतिले पनि उपन्यासहरूमा सशक्त संरचनाको रूप धारण गरेका छन्। त्यसै गरी, प्रजातिगत तहमा मधेसी र नेवारी भाषाका वक्ताहरूले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा ग्रहण गरेको सन्दर्भमा बोलाइमा प्रकट अशुद्धि र असहजतामा सँगालेका हीनताबोधमा निःसृत अनुभूतिको प्रस्तुति पनि उपन्यासको वैशिष्ट्य बनेर रहेका छन्। छुवाछुतको जातीय भेदभावले ग्रस्त मधेसी समुदाय, नेवारी समुदाय आदिको अधीनस्थ दशालाई अभिव्यक्ति दिने अनुभूतिका संरचनाले भने उपन्यासहरूमा प्रकाश पाउन सकेका छैनन्।

उपन्यासहरूमा राणाकालीन प्रशासनिक व्यवस्थाको चाकरी प्रथाका विकृतिजन्य अनुभूति, दोस्रो महासमरका सन्दर्भद्वारा युरोपेली र एसियालीलाई छुट्याउने/भेदभाव गर्ने सन्दर्भका र मधेसी कालो रोगनलाई हेयका दृष्टिले हेर्ने सन्दर्भका रङ्गभेदजन्य अनुभूति एवम् गाउँ र सहरबीचको भिन्नताका सन्दर्भमा क्षेत्रीय विभेदजन्य अनुभूति पनि अधीनस्थगत अनुभूतिका विविध वैशिष्ट्यका रूपमा प्रस्तुत छन्। त्यसै गरी, पुस्तान्तरजन्य अधीनस्थ दशाका अनुभूतिले पनि उपन्यासहरूमा प्रकाश पाएका छन्। मूलधारमा रहेको प्रभुत्वशाली पिँढीका कारण मात्र होइन आफ्नै सन्तान पुस्ताका उदीयमान गतिविधिका कारण बूढो पिँढीले पुस्तान्तरजन्य अनुभूति सँगाल्नु

पर्दाका थप दबाब र तनाव बेहोरिरहेको अवस्थाको चित्रण पनि उपन्यासमा सशक्त रूपमा भएको छ ।

राणाकालीन सामन्तवादी सामाजिक व्यवस्थाका भेदभावयुक्त संस्कृतिले नै पञ्चायती शासनकालमा पनि निरन्तरता पाइरहेको परिप्रेक्ष्यमा दमन र उत्पीडन भोलिरहेको अधीनस्थ पिँढीका मर्मलाई खोतल्न सामाजिक यथार्थवादी उपन्यासहरू सक्षम रहेको तथ्यलाई विवेच्य उपन्यासहरूमा प्रयुक्त अधीनस्थ पिँढीगत अनुभूतिका संरचनाहरूका साक्ष्यले पुष्टि गरेका छन् । उपन्यासकारहरूले विशेषतः वर्गीय एवम् लैङ्गिक भेदभावले आक्रान्त परिप्रेक्ष्यका अधीनस्थ पिँढीगत अनुभूतिको संरचनागत प्रस्तुतिमा जोड दिएका छन् जसले गर्दा विवेच्य उपन्यासहरूमा अभिव्यक्त अधीनस्थ पिँढी/समुदायका अनुभूतिको संरचनामा कालखण्डको नेपाली समाज र संस्कृति सजीव बनेको छ । अतः वर्गीय अधीनस्थ पिँढी/समुदायकै बाहुल्य रहेको नेपाली समाजको मूल चरित्रलाई उद्घाटन गर्न उपन्यासकारहरूले यस तहका अनुभूतिको संरचनालाई प्रस्तुत धाराका उपन्यासमा उपयोग गरेका छन् ।

## पाँचौं परिच्छेद

# सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना

## ५.१ विषयप्रवेश

प्रस्तुत परिच्छेद शोध्य उपन्यासहरूमा अभिव्यक्त उदीयमान पिँढीगत अनुभूतिका संरचनाहरूको अध्ययनमा केन्द्रित छ । विलियम्सका अनुसार कुनै पनि कालविशेषको समाजमा प्रभुत्वशाली तथा वैकल्पिक पिँढीसँगको अन्तर्सम्बन्धमा परस्पर विरोधरत रहँदै उदीयमान पिँढीहरूले पनि आफ्नैखाले अनुभूतिको संरचना निर्माण गरिरहेका हुन्छन् । उदीयमान पिँढीका ती अनुभूतिको संरचनाले कालखण्डको संस्कृति विशेषको अभिव्यक्तिसँगै समाजसंस्कृतिले लिँदै गरेको परिवर्तनको प्रक्रियालाई पनि सङ्केत गरिरहेको हुन्छ । यस सम्बन्धी विलियम्सको स्पष्ट अवधारणाबारे दोस्रो अध्यायमा चर्चा भइसकेको छ । प्रस्तुत परिच्छेदमा विलियम्सको तिनै अवधारणामा केन्द्रित रही शोध्य उपन्यासहरूको विश्लेषण गरिएको छ । शोध्य उपन्यासहरूमा उदीयमान पिँढीको उपस्थितिका आधारमा *एक पालुवा अनेकौं याम, आगत, घामका पाइलाहरू तथा अविरल बग्दछ इन्द्रावती* उपन्यासहरू अध्ययनीय छन् । *मुलुकबाहिर* तथा *बसाइँ* उपन्यासमा उदीयमान पिँढीको उपस्थिति देखिँदैन भने *बैँसको मान्छे* उपन्यासमा अभिव्यक्त युवा पिँढीसमेत पूर्व उदीयमान तहमै सीमित छ; नवउदीयमान पिँढीको तहमा उक्लिन सकेको छैन । यी उपन्यासहरूमा उदीयमान पिँढीगत अनुभूतिका संरचनाले अभिव्यक्ति पाएका छैनन् । अतः यस परिच्छेदमा *एक पालुवा अनेकौं याम, आगत, घामका पाइलाहरू तथा अविरल बग्दछ इन्द्रावती* उपन्यासहरूमा सीमित रहँदै यिनमा उदीयमान पिँढीगत अनुभूतिको संरचना निर्माण प्रक्रियाको खोजी गरिएको छ र त्यसका आधारमा कालखण्डको नेपाली समाज, संस्कृति र त्यसले लिँदै गरेको बदलिँदो स्वरूपसमेतको पहिचानमा अध्ययनलाई केन्द्रित गरिएको छ । यस क्रममा लेखकगत प्रजाति, समय एवम् राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक परिवेशको पृष्ठभूमिमा निर्मित लेखकीय अनुभूति तथा विचारधारालाई पनि आधार बनाइएको छ ।

## ५.२ *एक पालुवा अनेकौं याम* उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना

राणाकालीन सन्दर्भको उदीयमान पिँढीगत अनुभूतिलाई पनि समेट्न सक्नु *एक पालुवा अनेकौं याम* उपन्यासको वैशिष्ट्य हो । आफू बाँचेको राजनीतिक परिवेशबाट सचेत लेखक मुक्त रहन सक्दैन/सम्भव छैन । २००७ को जनक्रान्तिमा विष्ट झापाको गौरीगन्जमा रहनु, जनक्रान्ति सफल पार्नका लागि भूमिगत राजनीतिमा सक्रिय हुनु, त्यसपछि सक्रिय राजनीतिमा नलागे पनि

प्रगतिशील विचारधाराबाट प्रभावित रहनु, राजनीतिक चेतनामा साहित्य कोरिने कुरामा उनी दृढ देखिनु जस्ता उनका क्रान्तिचेतमा निःसृत विचार, अनुभूति र गतिविधिले उपन्यासमा प्रस्तुति पाएका छन् (प्रसाई, २०६०, पृ.६७)। अतः तत्कालीन राजनीतिक परिवेशसँग सम्बद्ध अनुभूतिको संरचनाको प्रस्तुति पनि उपन्यासको सबल पाटो बनेको छ। समाजको आमूल परिवर्तनको सङ्कल्प बोकेर तत्कालीन शासनव्यवस्था ढाल्नका लागि तयार हुँदै राष्ट्रका निमित्त वलिदान हुने भावनाका उदीयमान पिँढीगत अनुभूतिका संरचनालाई लेखकले ताराका अनुभूतिमा अभिव्यक्ति दिएका छन्। त्यसै गरी लिङ्ग, वर्ग र जातिगत भेदभावजन्य सङ्कीर्णतालाई नामेट पार्ने चाहजन्य अनुभूतिलाई मूलतः कमलका अनुभूतिमा रोपण गर्दै संरचनात्मक स्वरूप प्रदान गरेका छन्। उपन्यासमा उदीयमान पिँढीगत अनुभूतिका संरचना कल्पनाका बा मेजर वीरसिंह थापामार्फत पनि प्रकट भएको छ। तिनै पात्रहरूद्वारा उपन्यासमा मूलतः लैङ्गिक चेत र राजनीतिक क्रान्तिचेतमा निर्मित उदीयमान अनुभूतिका संरचनाहरूले प्रस्तुति पाएका छन्।

### ५.२.१ सामाजिक भेदभाव विरुद्ध प्रतिरोधी चेतनामा निःसृत अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा सामन्तवादी संस्कृतिका लिङ्ग, वर्ग, जात आदिका परिप्रेक्ष्यमा प्रकट सामाजिक भेदभावका विरुद्धमा उद्‌बोध लेखकीय चेतनाले पात्रगत अनुभूतिको संरचनाका माध्यममा प्रस्तुति पाएको छ। मूलतः लैङ्गिक भेदभावका विरुद्धका दबाब र तनावजन्य अनुभूति उपन्यासको कथ्यकेन्द्रमा रहेको छ। सामन्तवादी सामाजिक भेदभावलाई लिएर परम्परा र नवचेतको द्वन्द्वमा क्रमशः परम्परामाथि विजय प्राप्त गर्दै रहेको नव चेतका अनुभूतिलाई उपन्यासमा अभिव्यक्ति दिन लेखक चुकेका छैनन् जसद्वारा त्यस कालखण्डमा उदीयमान युवा पिँढीमा लैङ्गिक भेदभावमुक्त समाजनिर्माण चेतले पनि प्रस्तुति पाएको छ। यो सन्दर्भलाई उपन्यासकारले कमलमार्फत यसरी प्रस्तुत गरेका छन्,

> लिचु ... लिचु... उसको क्रमशः चस्कदै गएको छातीभरि मानौँ लिचुमैयाँका अन्तर्व्यथाहरूका तस्बिर साकार हुँदै जान्छन्। आहा ! आफूले गुमाएका तस्बिर संसकारगत धारणाहरूले फेरि ब्यूँझदा तिनको सपनाहरूलाई कति ठुँगेको होला ! तिनका छातीभरि कति घाउका फोकाहरू होलान्, कतिपल्ट आत्महत्या गरेर अपमानलाई छातीमा खेलाउँदै असह्य यन्त्रणाका क्षणमा पनि उसको खुट्टाको पानीको टेवा लिएर उज्ज्वलताको भ्रममा बाँचेकी होलिन् उसलाई आफैसँग झोँक चल्छ। त्यो अगाडिको क्रमशः खरानीको हुलियासँग साटिँदै गएको लास मानौँ उसको कानमा फुसफुसाउन थाल्छ जीवनको वैभव प्यार पाउनु होइन, प्यार गर्नु हो, सेवाबाट टाढा रहेर पनि सेवा गर्नु हो। ऊ झोक्किएझैँ आफ्नो हातको चुरोट मिल्काउँदै आफूलाई मानौँ सोध्न थाल्छ-आखिर त्यो कुनचाहिने प्रतीति हो जसले उसलाई अँध्यारोमा आवश्यकताका समयमा अर्काको सहायताको निम्ति खुलस्त किसिमले पाखुरा फिँजाउन दिँदैन ? (पृ.२९५)

यसप्रकार उपन्यासमा दबाब र तनावको लामो श्रृङ्खलामा आत्मलोचना गर्दै नारीका कोणबाट उत्पीडनका अनुभूतिलाई कमलले आत्मसात् गर्न पुगेको छ। आफ्ना सबै पिछडिएका चिन्तनलाई समाप्त गर्दै ससुराको हातको टीका थाप्ने सङ्कल्प लिएर घरतर्फ प्रस्थान गरेको कमलको स्थितिको प्रस्तुतिसँगै लेखकले उसका अर्द्धचेतनका उदीयमान भावलाई जागृतिमा ल्याउने जमर्को गरेका छन् जसमा तत्कालीन समाजव्यवस्थामै पनि लैङ्गिक विभेदमुक्त चेतको उदय भइरहेको अवस्था प्रकट भएको छ। अनि कमल घर पुगेर उसले विकारहीन स्वरले लिचुलाई बोलाएको छ। त्यतिखेरै उसले आगोमा मान्छेको मासु पोलेको गन्ध अनुभव गर्दै पेट्रोलको आगोले जलेको लिचुको वीभत्स शरीरमा नारी जीवनको दुःखान्तलाई साक्षात्कार गर्नु परेको छ। यसरी लिचुको आत्महत्या कमलका लागि आत्मग्लानिजन्य पीडादायी अनुभूति सँगाल्ने चरमोत्कर्ष घटना बनेको छ। विशेषतः लिचुमैयाँप्रतिका उसका व्यवहारमा परम्पराको अनुसरण र त्यसबाट उन्मुक्तिका क्रममा उसले झेलेका दबाब र तनावको लामो अन्तर्द्वन्द्वमा निःसृत अनुभूतिका संरचनाहरूमा लेखक बाँचेको पुरुषसत्ताले गाँजेको समाज, संस्कृति र उनी स्वयम्का जीवनानुभूति पनि मूर्त भएको छ।

प्रस्तुत उपन्यासमा नारीपात्र तारालाई मात्र उदीयमान भूमिका प्रदान गरिएको छ। पितृसत्ताको सामाजिक संरचनामा उत्पीडित यस पात्रलाई शिक्षा र सामयिक चेतनाले निरन्तर खारिएको देखाउँदै उसको जुझारु र क्रान्तिकारी व्यक्तित्वको निर्माणमा लेखक सफल देखिएका छन्। यस पात्रलाई निरङ्कुश शासन व्यवस्था अन्त्य गर्न सुरु गरिएको भूमिगत क्रान्तिको अगुवाइ गर्ने भूमिका प्रदान गरिनुले लेखकको नारीमैत्री चेत पनि प्रस्तुत भएको छ। यस पात्रद्वारा लेखकले लैङ्गिक विभेदको सामाजिक संरचनाप्रतिका आफ्ना अनुभूतिका संरचनालाई पनि मुखर गरेका छन्। कमलमा अवशिष्ट रूपमा रहेका लैङ्गिक विभेदका परम्परित धारणाबाट क्रमशः विमुक्त पार्नमा पनि लेखकले यस पात्रलाई प्रयोग गरेका छन्। त्यसै सन्दर्भमा स्वास्नीमान्छे अवला होइनन् भन्ने दृढ ठम्याइँमा तारामा निर्मित अनुभूतिको संरचना कमलसमक्ष यसरी प्रस्तुत गरिएको छ,

> देवी भनेर, लज्जावती भनेर स्वास्नीमान्छेलाई अबला तुल्याउने के अधिकार छ लोग्नेमान्छेलाई ? के अधिकार छ कवि र लेखकहरूलाई लोग्नेमान्छेलाई भोक्ता बनाएर स्वास्नीमान्छेको शरीर पोट्रेट गर्ने ? के अधिकार छ ती चित्रकारहरूलाई स्वास्नीमान्छेको अङ्गप्रत्यङ्ग पोट्रेट गरेर उसमाथि खिल्ली थोपर्ने ? दया रे ! माया रे ! चाहिएको छैन कुनै स्वास्नीमान्छेलाई लोग्नेमान्छेको दया र माया। उनीहरू आफैँमा त्यति साहस छ आफ्नो संसार आफैँ निर्माण गर्न सक्ने। वाह रे कवि ! वाह रे लेखक ! स्वास्नीमान्छेलाई सन्ध्याझैँ झिलमिल रे ! आँसुझैँ द्रवकिएकी सहमिएकी रे ! पितृसत्तात्मक युगदेखिन् मनुको नाउँमा चल्दै आएका परम्परालाई चुँडालिदेऊ त फेरि देख्नेछौँ स्वास्नीमान्छेको साहस। (पृ.१०२-०३)

यसप्रकार उपन्यासमा प्रयुक्त जुझारु चरित्र ताराका माध्यमद्वारा प्रस्तुत उदीयमान तहका लिङ्गत अनुभूतिका संरचनामा नारी अस्मिता, पहिचान र अधिकारप्रतिको लेखकीय आस्था, सद्भाव र समर्थनले पनि अभिव्यक्ति पाएको छ । पुरुष अधीनस्थताको तीव्र अनुभूति नै तारामा उदीयमान चेत निर्माणको पृष्ठाधार रहेको छ । सात वर्षको उमेरमा बिहे भई दस वर्षकी हुँदा गहनाले सजाइएर कुम्भ मेलामा लगिएकी तारा गहनाकै कारण डाँकाहरूको अपहरणमा पर्नु, मुजफ्फरका आर्यसमाजी प्रोफेसरद्वारा ताराको उद्धार हुनु, ६ वर्षदेखि घरपरिवारबाट बेपत्ता रहेकी तारा एकाएक पढेलेखेकी, योग्य युवतीका रूपमा प्राप्त हुँदा पनि 'हराएकी महिला' भनी उसको चरित्रप्रति संदिग्ध हुँदै लोग्ने, सासू र ससुराबाट अस्वीकृत हुनु जस्ता उपन्यासमा प्रस्तुत सन्दर्भहरू पुरुषसत्ताको महिला उत्पीडनकारी गतिविधिसँग सम्बद्ध छन् । त्यसपछि अपमानबोधमा आहत हुँदै तारा पुनः मुजफ्फर फर्किनु, हाइस्कुलकी छात्रा, कलेजकी छात्रा, सत्याग्रही हुँदै मास्टर्नी साहेब भई कर्मशील जीवनयात्रामा अघि बढ्नुसम्मका क्रियाशीलतामा उसमा पर्याप्त उदीयमान चेत निर्माण भएको देखिन्छ (पृ.५२) । यसप्रकार पुरुष अधीनस्थताको जीवनबाट मुक्ति लिइसकेकी आँटिली तारा यस्तो अनुभूति व्यक्त गर्ने मोडमा आइपुगेकी छ, "जो बन्धनमुक्त छ, उसलाई कको सीमा कमल ! मैले बाहिर रात काटे भने त्यसमा प्रतिवाद उठाउने नै को ? जो हुनु थियो भैसक्यो । जो भोग्नु थियो भोगिसकियो । जति प्रश्न र समस्यासँग टकराउनु थियो टकराइसकेँ" (पृ.१०४-०५) । अब ऊ परम्परावादीहरूलाई विरक्त पार्न र खल्बल्याउनमा रुचि राख्दछे । उसका रुचि र अनुभुति पुरुषसत्ताका महिलालाई हेर्ने सङ्कीर्ण र उत्पीडनकारी दृष्टिकोणका विरुद्धमा छ । उसको शिक्षित र बौद्धिक व्यक्तित्वको परिचय उसको तर्कशीलतामा प्रतिबिम्बित छ । स्वास्नीमान्छेलाई डरपोक ठान्ने कमलमा निर्मित पुरुष अहंयुक्त सामाजिक मानसिकताको प्रतिवाद गर्ने ऊ भन्दछे : "विश्वको इतिहासलाई के कहिले पढेका छौ तिमीले...इतिहासमा यस्ता कैयन् स्वास्नीमान्छेहरू पाउने छौ जो स्वास्नीमान्छेका लागि मात्र होइन, लोग्नेमान्छेका निम्ति पनि साहसका प्रेरणा हुन्छन्" (पृ.१०२) । ऊ बीस बर्से ठिटो कमलमा उदीयमान चेत भर्ने क्रममा हाकाहाकी 'बच्चु' र 'ठिटा' सम्बोधन गर्दै र स्वास्नीमान्छिको साहसबारे उसलाई सचेत गराउँदै भन्दछे : "परिवर्तनसँग झस्किनु अस्तित्वलाई अस्वीकार गर्नु हो ठिटा !" (पृ.१०७) । मातृसत्तात्मक युगका स्वास्नीमान्छेहरूको साहस तथा मातृत्वमा समर्पित स्वास्नीमान्छेको सामर्थ्यद्वारा भयभित भएकाले नै लोग्नेमान्छेहरूले स्वास्नीमान्छेका विरुद्ध षड्यन्त्र गर्नुपरेको अनुभूति उसले व्यक्त गरेकी छ (पृ.१०२) । यसरी तारामा निर्मित अनुभूतिको संरचनाले पनि पुरुषप्रभुत्वमा प्रकट कुसंस्कारलाई आमूल नष्ट गर्ने नारीपिँढीको चाहनाको प्रतिनिधित्व गरेको छ (पृ.१०३) । कमलले तारालाई माइजूकी बहिनीका रूपमा 'माइजू' नातावाचक सम्बोधन गर्दा उसले आपत्ति जनाएकी छ । महिलालाई नाताको जालोमा बाँधेर उसको स्वतन्त्रतालाई चौतर्फी अङ्कुश लगाउने र सग्लो महिला परिचयको स्वाधीन अस्तित्व प्रकट हुन नदिने नाताको बन्धनलाई ऊ मर्यादाको नाम दिन तयार छैन । यसबारे उसको अनुभूति उपन्यासमा यसरी अभिव्यक्त छ,

> त्यो मर्यादा होइन विडम्वना हो । त्यसमाथि तिम्रो समाजले मलाई त्यो मर्यादा दिएको नै छ कहिले ? के म स्वास्नीमान्छे होइन ? के म त्यस मर्यादाको अधिकारिणी छैन ? जुन समाजले जसको मर्यादा नै खोसिदिएको छ फेरि त्यसले त्यही समाजको विडम्बनालाई गुणगान गर्नु भन त कति हास्यास्पद हुनेछ ? के बहिनी भनेर तिम्रो साक्खै माइजू मेरो सप्केमा ममता भर्न सक्छिन् ? (पृ.१०६)

विवाहित रहेकी ताराको घरजमको अधिकार समाजले खोसिसकेपछि नाताको अनेक प्रवञ्चनाप्रतिको उसको विद्रोहको चेतमा स्वास्नीमान्छेको अधिकारको आवाज प्रस्तुत छ । यसरी ऊ महिला सन्दर्भित हरेक पक्षमा सर्तक र सचेत छे । कमलका बाले राजेश्वरीसँग बिहे हुन नदिएको झोकमा मकवानपुरेलाई सर्पिणी भन्दै आफूप्रति विश्वासघात गरेको बताउँदा उसको भनाइको प्रतिवाद गर्दै ताराले आफ्नी छोरीलाई माया गर्नु आमाको दोष नहुने आफ्ना अनुभूति प्रकट गरेकी छ र आमाप्रतिको बदलाभावले छोरीको चरित्रहत्यामा उद्धत हुने कमलको बाको गल्तीलाई औंल्याउँदै एवम् आमाको भावना र आमाको अधिकारमाथिको पुरुषको त्यस खाले हस्तक्षेप अक्षम्य भएको बताउँदै त्यसलाई तार्किक पुष्टि पनि गरेकी छ (पृ.९६-९७) । कल्पना, लिचुमैयाँ जस्ता उत्पीडित नारीहरूका पक्षमा पनि ताराका अनुभूतिको संरचनाले उपन्यासमा प्रस्तुति पाएको छ । अधीनस्थ कल्पनाले बेहोरेको उत्पीडनबाट आहत तारामा निर्मित लैङ्गिक प्रभुत्व विरुद्धको विद्रोहचेतद्वारा निःसृत ताराको अनुभूति कमलसमक्ष यसरी प्रकट भएको छ,

> उफ् ! कमल त्यो घटनाको स्मृतिले मात्र मेरो शरीरको मासुको केस्राकेस्रा शून्य हुन्छ । लज्जाले शिर निहुरिनछ । प्राण उद्वेलित हुन्छ । परम्परागत छद्म आवरणले ढाकिएको हाम्रो समाजमा कति दुर्दशा छ स्वास्नीमान्छेको । मानौं हाम्रो समाजमा स्वास्नीमान्छे मात्र पुरुषको वासनातृप्तिको साधन हो । मानौं स्वास्नीमान्छे नै होइन । मानौं हाड मासु र रगतले बनेको जीव होइन । ऊ मानौं स्पन्दनहीन, हलचलहीन एउटा लास मात्र हो । ढाँटेकी होइन कमल ! जसरी तिमी जेठकी मालकिनीको कङ्कालको छायाँले लखेटिइरहेझैं अनुभव गर्थ्यौ । आज म आफ्नै जातिकी एउटी राम्री स्वास्नीमान्छेको भित्रभित्रै बन्दै गएको एउटा असह्य यन्त्रणाको कथाले लखेटिँदै छु । (पृ.२२३)

यसरी नारी उत्पीडनको संस्कृतिमा उद्वेलित रहेकी तारा परम्परित सांस्कृतिक प्रभुत्व सबैखाले भेदभावको जड भएको र यी सबै सामन्ती व्यवस्थाको आडमा भइरहेको तथ्य ठम्याउन समर्थ छ र त्यस व्यवस्थालाई कायम राख्ने राणाशाहीको सत्ता उल्ट्याउने भूमिगत क्रान्तिमा होमिएकी छ । विलियम्सका अनुसार नव उदीयमान पिँढीले विशिष्ट अनुभूतिको संरचनालाई जन्म दिन्छ र त्यसको निरन्तर विकास गरिरहेको हुन्छ (सन् १९६५, पृ.६५) । उपन्यासमा तारामा निर्मित यस्तै विशिष्ट अनभूतिका संरचनाहरूले उसलाई नवउदीयमान कोटिमा पुऱ्याएको छ ।

पुरुषप्रभुत्वको खुलेर विरोध उपन्यासमा 'ठुलीआमा' पात्रद्वारा पनि भएको छ । स्वास्नी मर्नासाथ बिहे गर्न हत्तारिने पुरुष प्रवृत्तिप्रतिको विरोधमा निर्मित अनुभूतिको संरचना ठुली आमाबाट यसरी प्रकट छ, "छि : छि ज्वाइँ ! के कुरा गरिबक्सिएको हो हजुरले त्यस्तो मेरी बैनी खसेको आज तीन महिना पनि भएको छैन, यति चाँडै दोस्रो बिहे गर्ने कुरा ! के भन्लान् यी नाबालकहरूले ! लाज लाग्दैन हजुरलाई ? छिः लोग्नेमान्छेको जात पापी नै हुँदो रहेछ" (पृ.१४) । कमलको बाले गृहस्थी चलाउन स्वास्नीमान्छे नै चाहिने तर्क गर्दा ठुलीआमाद्वारा कमलको रहरको बिहे गर्न सकिने सुझाव प्रस्तुत छ । तथापि ठुलीआमाले विरोध गरेर पनि कमलको बाको मनोदशामा परिवर्तन ल्याउन नसक्नुले तत्कालीन समाजमा पुरुषप्रभुत्वको दह्रो अवस्थिति प्रस्ट भएको छ ।

उपन्यासमा सबैभन्दा पछिल्लो पुस्ताका रूपमा प्रस्तुत कमल युवा पिँढी प्रतिनिधि पनि हो । परम्परित विकृतिहरूलाई ठम्याउने उदीयमान चेतले ऊ डोरिएको छ । परम्पराको सही मर्मलाई ठम्याएर व्यवहारमा उतार्न नसक्ने र परम्पराको टेवा लिएर सांस्कृतिक प्रभुत्व प्रकट गर्न हरदम उद्धत रहनेहरूका कारण नै परम्पराप्रति मानिसको मोह घट्दै जाने अनुभव कमलले सँगालेको छ । आफ्ना बाद्वारा कल्पनाप्रतिका निर्मम र निर्लज्ज व्यवहारको पराकाष्ठा स्वरूपलाई कमलले अनुभूत गरेको छ (पृ.१६६) । सौतनी दाजुहरूद्वारा आफूलाई बेचिएकी हुँदा पूर्ण अधीनस्थ दशालाई स्वीकार गर्न विवश रहेकी कल्पनाले "म बेचिएकी, मेरो के भाउ छ र ठूलोबाबू" भन्दा कमलले यसरी प्रतिवाद गरेको छ, "के यो चन्द्रशमशेर भन्दा पहिलेको युग हो र बेचिने ! यो खालि बकबास हो । आफ्नो रित्तोपनलाई लुकाउने आवाज हो कान्छी आमा !" (पृ.१६७) । कमल कान्छी आमाको अधीनस्थ दशाबाट विचलित हुँदै अमिल्दो पुरुषसँगको नाता तोड्न र दुई दिनको जीवन खेर नफाल्न उत्प्रेरित गर्दै यसप्रकार आफ्ना अनुभूति कल्पनासमक्ष प्रकट गर्दछ, "आखिर तपाइँले भित्र मनले स्वीकार नगरेको लोग्नेमान्छेसँग बस्ने नै किन ? मेरो विचारमा तपाइँले अरू कसैसँग बिहे गरेर बस्नु नै जाती होला ! हाम्रो जातमा पारपाचुकेको व्यवस्था छैन । तर त्यो नभएर के भयो त !" (पृ.२०१) । तत्कालीन सामाजिक संरचनामा महिलालाई अमिल्दो विवाह सम्बन्ध तोडेर दोस्रो विवाहका लागि उत्प्रेरित गर्ने यस किसिमको सोचमा निर्मित अनुभूतिको संरचना कमलको उदीयमान चेतद्वारा निःसृत छ ।

लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोधचेत कमलद्वारा लिचुमैयाँका सन्दर्भमा पनि प्रस्तुत छ । लिचुमैयाँमाथि अपशब्दको प्रहारसँगै कुटपिट गर्दै उसलाई घरबाट निकाल्न तत्पर महिला समुदायसँग कमल यसरी कुर्लिएको छ, "त्यसै अर्काकी स्वास्नीलाई बेस्से भन्ने तपाइँलाई के अधिकार ? अर्काकी स्वास्नीलाई चुल्ठो समातेर घिसार्ने तपाइँलाई के अधिकार ? यो कोठाबाट निस्किहाल्नुहोस्, मलाई यो स्वाङको खाँचो छैन" (प.२३०) । त्यस्तै, "अर्काको गर्भ बोकेर आएकी" भन्ने आरोपमा कमल यसरी प्रतिवादको अनुभूति लिएर प्रकट भएको छ, "अर्काको होइन मेरो गर्भ

बोकेकी । बुझ्नुभयो मेरो गर्भ बोकेकी । सुन्नुहुन्छ यो छोरो मेरो हो, यो स्वास्नी मेरी हो, भन्नुहोस् तपाइँहरूलाई केही भन्नु छ ? कान खोलेर सुन्नुहोस्, यो स्वास्नी मेरी हो, छोरो मेरो हो" (पृ.२३०) । यसरी सारा सामाजिक विडम्बनालाई पुछिदिँदै यो उद्घोष गर्नु र लिचुमैयाँ तथा उसको छोरोलाई संरक्षण दिनु तत्कालीन समाजका परिप्रेक्ष्यमा ठुलै क्रान्ति हो । ठुलाबाले लिचुमैयाँविरुद्ध अदालतमा दायर गरेको मुद्दामा उसले झुठकै सहारा लिएर पनि ससुरासमेतको तजबिजमा लिचुमैयाँकै पक्षमा मुद्दा जिताएको छ । आफैँले लिचुमैयाँको छोरोको न्वारान पनि गरेको छ तर ऊ पुरुषप्रभुत्वको परम्पराबाट मुक्त हुन भने सकिरहेको छैन । परम्परित चेत र उदीयमान चेतबिचको निरन्तर द्वन्द्वको चेपमा रहेर लिचुमैयाँ र जारपुत्रप्रति उदारपूर्ण व्यवहार गर्न ऊ असमर्थ हुन्छ । यसप्रकार जारपुत्र र लिचुमैयाँप्रति अस्वस्थ दृष्टिकोण राख्दै आएको कमललाई तिनीहरूप्रति सकारात्मक बनाउन हर प्रयत्न गर्दै आएकी तारामा विकसित उदीयमान नवचेतना उपन्यासमा यसरी अभिव्यक्त छ,

> बुझ्यौँ कमलबाबू ! दह्रो भएर तिमीले खुट्टा टेकेको भए कहिले पनि तिमी पश्चात्तापको भुङ्ग्रोमा पोलिने थिएनौ । कहिले पनि तिमीले लिचुको शरीरमा घिनलाग्दो गन्ध भेट्टाउने थिएनौँ कमल ! आखिर तिमी किन विचार गर्दैनौ । स्वास्नीमान्छे सौताको छोरालाई आफ्नो छोरासमान प्रेम गर्न सक्ने सामर्थ्य राख्न सक्छ भने लोग्नेमान्छेले किन गर्न नसक्ने ? भन किन गर्न नसक्ने ? केवल यस कारणले होइन तिमीभित्र त्यै पन छ जुन पन तिम्रो बाबुआमाको थियो । (पृ.२७१)

कमलले लिचुमैयाँ तथा जारपुत्रलाई संरक्षण त दिएको तर तीप्रति सधैँ नकारात्मक रहेको परिप्रेक्ष्यमा ऊ पितृसत्तात्मक परम्पराबाट मुक्त हुन नसकेको ठम्याइँ ताराको रहेको छ र उसमा उदीयमान चेत भर्ने ताराको प्रयास उक्त अनुभूतिको संरचनामा अभिव्यक्त छ ।

बिहेपछिको पहिलो दसैँको ससुरालीको टीकालाई निरन्तर अस्वीकार गर्दै आएको कमल चतुर्दशीको दिन पनि लिचुमैयाँको त्यस बारेको आग्रहप्रति आक्रोश पोखेर घर बाहिरिएको छ । टहल्दै विष्णुमती पुगेपछि किनारमा जलिरहको लास देखेपछि मरणको शाश्वत पक्षलाई तीव्र बोध गर्दै जाँदा लिचु, उसको छोरो र ससुरालीप्रतिको आफ्नो चरम घृणाले ज्यादै आहत भएकी लिचुको अवस्थाविशेषको बोध गर्न पुगेको छ । त्यस घडीमा परम्परा र नवचेतको द्वन्द्वमा क्रमशः परम्परामाथि विजय प्राप्त गर्दै रहेको अनुभूति कमलले सँगाल्न पुगेको छ (पृ.२९५) तथापि उसले हठात् लिचुकै मृतावस्था बेहार्नु परेको परिस्थिति उपन्यासमा प्रस्तुत छ जसमा पुरुषसत्तामा नारीको दुर्दशााकै निरन्तरताले अभिव्यक्ति पाएको छ ।

उपन्यासमा पछिल्लो पिँढीको प्रतिनिधिका रूपमा रहेको कमलले वर्गीय भेदभावमा प्रसारित उत्पीडनको प्रवृत्तिभन्दा फरक प्रवृत्ति प्रकट गरेर उदीयमान चेतको उदाहरण प्रस्तुत गरेको छ । बाबुको अनुपस्थितिमा बाबुले सम्पादन गर्दै आएको आफ्नो वडाको न्यायकर्ताको आसन सम्हाल्ने अवस्था आइपर्दा कमलले निम्नवर्गीय जनको पक्षधरतामा निर्णय गरेको छ । सोही

परिप्रेक्ष्यमा उसले चोरी कर्ममा आरोपित गङ्गा नूनियालाई दण्डित गर्नुको साटो चोरीको कारणको अन्तर्यसम्म पुगेर उसको गरिबी निवारणको अल्पकालीन समाधान गरिदिनु र जागिरसमेतको आश्वासन दिनुमा गरिब समुदायप्रतिको उसको उदीयमान चेतना प्रकट भएको छ (पृ.१७७) तथापि वर्गीय प्रभुत्व विरुद्धको उसको प्रयास व्यक्तिगत तहमै सीमित छ । गरिबी तोड्ने सङ्गठित प्रयासतर्फ भने युवा पिँढी प्रतिनिधि कमलबाट कुनै पनि कर्म भएको देखिँदैन । यद्यपि जातीय भेदभावसम्बन्धी कुरीतिका गल्ती ठम्याएर पनि जातपातको बन्धनमा अधीनस्थ हुनुको अनुभूति सँगाल्दै आएको कमलले उपन्यासको पछिल्लो चरणमा भने त्यो बन्धनलाई चुडाल्न सकेको पनि छ । यस सन्दर्भको उसमा निर्मित उदीयमान अनुभूति उपन्यासमा सौतेनी आमा च्यान्टीसमक्ष यसरी अभिव्यक्त छ, "त्यो व्रत विराटनगरमै टुटिसक्यो दिदी । फेरि भात भान्छाले जात, ठुलो पार्छ भन्ने कुरामा पनि मलाई विश्वास छैन" (पृ.१३२) । जातीय भेदभावका सम्बन्धमा समाजमा देखिने क्रमिक परिवर्तनलाई पनि यस सन्दर्भले सम्बोधन गरेको छ ।

उपन्यासमा कमलको समग्र चिन्तन र व्यवहारको प्रस्तुतिलाई हेर्दा ऊ पूर्व उदीयमान पिँढीकै प्रतिनिधिका रूपमा सीमित छ । उपन्यासमा विशेषतः लैङ्गिक उत्पीडन विरुद्धका उदीयमान पिँढी प्रतिनिधि तारामा निर्मित अनुभूतिको संरचनाको प्रस्तुतिले समाज रूपान्तरणको जनआकाङ्क्षालाई पनि प्रतिबिम्बित गरेको छ ।

### ५.२.२ राजनीतिक क्रान्तिचेतको पृष्ठभूमिमा निर्मित अनुभूतिको संरचना

राणाशासनको अन्तिम प्रहरको समयसन्दर्भलाई भावभूमि बनाएको प्रस्तुत उपन्यासले शासकीय सत्ता विरुद्धको क्रान्तिचेतमा निःसृत अनुभूतिका संरचनालाई पनि समेटेको छ । क्रान्तिकारीहरूले रेलको पुल बम हानेर उडाइदिएपछि विराटनगरमा भूमिगत क्रान्तिमा सक्रिय रहेका तारालगायतका युवाहरू शासनका पुलिसहरूबाट असुरक्षित हुनथालेका छन् । त्यस अवस्थामा पीताम्बरद्वारा अभिव्यक्त क्रान्तिचेतमा निःसृत अनुभूति उपन्यासमा यसरी अभिव्यक्त छ, "आफू त बहादुर मान्छे बुझ्नुभयो ! आफूलाई त अरू समाचारले रसै दिँदैन । भातको गाँसमा पनि बारुदको गन्ध सुँघ्ने आफूमा बानी बसिसकेको छ । सपनामा म दिनहुँ एउटा बम फुटाल्छु, के सम्झिनुभएको छ कमलजी, मलाई !" (पृ.११२) । सरकारलाई हल्लाउने गतिविधिमा सक्रिय पीताम्बरसँग राणा सरकार विरुद्धको पर्चा भएको र 'सरकारको गाथगादी ताक्ने' आरोपमा उसको घर पुलिसद्वारा घेरिएको अवस्था छ (पृ.११३) । त्यसै परिप्रेक्ष्यमा तारा आधा रातमा भित्री बाटो हुँदै जोगबनी पुगेर रेल समाती तिरहुततर्फ प्रस्थान गरेकी छ (पृ.११९) । यी सन्दर्भले क्रान्तिद्वारा राणाशासन ढाल्ने जनप्रयासको उपन्यासमा सम्बोधन हुनसकेको देखिन्छ ।

तारा सामन्ती शासनको आडमा परम्परित सांस्कृतिक प्रभुत्वका तमाम विकृतिका विरुद्धमा उभिएकी छ र राणा शासन फालेर नवीन बिहानी आमन्त्रण गर्न आतुर छे । ऊ भौतिक

र मानसिक दुवै रूपमा भूमिगत क्रान्तिका लागि समर्पित छे। मानिसका भौतिक र मानसिक सबै तहका बहुस्तरीय क्रियाशीलताका क्रममा द्वन्द्व प्रकट हुन्छ। द्वन्द्वले समातेका गति र दिशाका सापेक्षमा विशेष परिसिथिति निर्माण हुन्छ र निर्मित परिस्थिति अनुरूप नै विचारधारा र संस्कृति पनि अप्रत्याशित सम्बन्धमा प्रकट हुन्छ (तिवारी, सन् २००८, पृ.३८)। यसरी नै नवीन संस्कृति स्थापनार्थ तारा आन्तरिक र बाह्य हर द्वन्द्व झेल्न तत्पर छे। ऊ भन्दछे, “मेरो प्रयोजन हो नवीनतालाई आह्वान गर्नु र हरेक पुराना आवाजलाई मेटिदिनु” (पृ.८९)। उसका उदीयमान चेतमा निःसृत अनुभूति कमलसमक्ष यसप्रकार अभिव्यक्त छ,

> उफ् ! कमल ... सत्ते सत्ते मृतशान्ति, जडास्थिरता, परतन्त्रताको कट्टर शत्रु, अन्याय, अत्याचार, असत्यको विकट विद्रोही भावनाको तातो रगत जुन बेलासम्म तिमीहरूजस्ता तन्नेरी-तरुनीहरूको नसानसामा प्रवाहित हुँदैन त्यति बेलासम्म विलासिताको झञ्झावात झोँकाले देशलाई हिलोमा गाडिरहन्छ। तर मलाई विश्वास छ कमल, बूढो परम्परा ढल्दै आँटेको छ। राणाशाहीको सत्ताको पर्खाल भताभुङ्ग हुनाको साथसाथै कर्मयोगको एउटा नयाँ कथा बन्नेछ। (पृ.२२३)

राणासत्ताको तख्ता पल्टाउने आफ्नो सङ्कल्पमा तारा मन, वचन, कर्मले दृढ र समार्पित छे। उसले आफ्नै नेतृत्वमा युवाहरूलाई परिचालन गरी विराटनगरमा पुस्तकालयको स्थापना, उद्घाटन तथा त्यहाँ एउटा डिबेटिङ्ग क्लब सुचारु गर्नमा सक्रिय भूमिका निर्वाह गर्दै युवाहरूलाई सङ्गठित गरेको देखिन्छ (पृ.१०८)। उसले कलकत्तामा सिकेको कपाल बाट्ने कलाका माध्यमबाट राणा करसाहेबका श्रीमतीहरूको कपाल सिंगार्ने पेसागत उद्देश्यमा तिनको घरभित्र प्रवेश गरी अर्को प्रयोजनसमेत सिद्ध गर्ने गरेको अनुभूति ताराले सँगालेकी छ। उसले कपालको माध्यमबाट जरसाहेब र करसाहेबको दिलको त्यो तहलाई हल्लाउने जुन तह रोलवाला जरसाहेबहरूको अगाडि हीन भावनाले त्यसैत्यसै खुम्चिने गरेको थियो जसले गर्दा सत्ताको विरोधमा, पछिल्लोपनाको विरोधमा उनीहरूका मुर्दारचेतना विक्षिप्त बन्दै चिच्याउन सुरु हुन्थ्यो (पृ.२६७)। यसरी राणासत्ताका विरुद्धमा ‘ख’ र ‘ग’ श्रेणीका राणाहरूमा समेत उदीयमान चेत भर्ने कार्य ताराबाट भएको छ। क्रान्तिमा संलग्नताका लागि हतारिएको कमलको चेतना स्तरलाई निरन्तर छामिरहेकी ताराले प्रभुत्वशाली संस्कृतिबाट मुक्त हुन नसकेको उसको अधीनस्थ दशा र पलायन प्रवृत्तिबारे टिप्पणीमूलक यस्तो अनुभूति प्रकट गरेकी छ,

> मलाई थाहा छ कमल, तिम्रो आँखामा ती क्रान्तिकारीहरूको तस्बिर होइन कि बरु भाग्ने प्रवृत्तिको तस्बिर छ। तिमी लिचुसँग भाग्न खोज्छौँ, त्यो जारपुत्रसँग भाग्न खोज्छौ। तर मलाई थाहा छ, तिमी ती क्रान्तिकारी साथीहरूका बीचमा बस्यौ भने अलि दिनमै त्यहाँबाट पनि भाग्न खोज्नेछौँ। (पृ.२७१)

त्यसरी नै कमलको स्वभावलाई राम्ररी ठम्याएकी ताराले भनेकी छ, “तिमी भित्र देखिन्को कवि हौ कमल ! तिमीमा फलाम हुन सक्ने ताकत छैन । तिमी भावुक छौँ, ज्यादै भावुक ! भावुक हुनु अवगुण होइन, तर तिमी सिपाही बनेर गोली खान र गोली हान्न भने सक्दैनौँ” (पृ.२७१) । यसरी क्रान्तिकारी व्यक्तित्वको पहिचानमा पनि तारा ज्यादै स्पष्ट छे । तारा संलग्न सङ्गठनको परिचय त उपन्यासमा प्रस्तुत छैन तर त्यस सङ्गठनको ऊ सक्रिय व्यक्तित्व रहेकी देखिन्छ । उसले कमललाई सङ्गठनको सदस्य बनाउन उसको कठोर शारीरिक यातना सहन गर्ने धैर्यको लेखाजेखा गरिरहेकी छ । अन्ततः तारालाई गिरफ्तार गर्न आएका आठपहरियाहरू ताराको कोठाबाट ‘नेपाल पुकार’ पत्रिकासहित कमल समातिनु, बन्दी बनाइनु, क्रान्तीकारी दलको सदस्य भएको आशङ्कामा केरकार गरिनु, यातना दिइनु, ससुराद्वारा ऊ निर्दोष भएको फिराद गर्नु, तारा समातिएमा ऊ छुट्ने बताइनु, उसले तारा बौद्ध वा गोकर्णमा हुनसक्ने कल्पित ठेगाना बताइदिनु, तुरुन्तै आठपहरियाहरू ताराको खोजीमा निस्कनु जस्ता राज्य पक्षका क्रान्तिकारी विरद्धका गतिविधि पनि उपन्यासमा प्रस्तुत छन् । संयोगले ऊ बौद्धमै फेला परेकी छ र त्यतिखेर तारालाई बन्दी बनाइनुको असह्य यन्त्रणापूर्ण अनुभूतिमा कमल चर्को रुवाइ गर्नपुगेको छ (पृ.२८८) । उपन्यासमा वर्णित यी घटनाक्रमहरूले मूलतः ताराको क्रान्तिकारी चेत र त्यसको कार्यान्वयनमा उसको समर्पणलाई मूर्त बनाएको छ । यसरी उपन्यासमा उदीयमान पिँढीको सफल प्रतिनिधित्व ताराद्वारा भएको छ ।

प्रस्तुत उपन्यासमा कल्पनाका बा मेजर वीरसिंह थापा राणाशासन विरुद्धको प्रतिरोध चेत बोकेको अर्को उल्लेख्य पात्र हो । दोस्रो विश्वयुद्धमा अङ्ग्रेजहरूको सहयोगार्थ नेपालीलाई बलिको बोको बनाई पठाउने राणा शासकप्रति रुष्ट रहेको यो पात्र शासनप्रवृत्तिको कडा विरोधी छ । लडाइँबाट ऊ डुडो हात लिई फर्केको छ भने लडाइँमा सहभागी हुनेहरूलाई बाँड्न दिएको रुपियाँसमेत श्री ३ को ढुकुटीमा दाखिला भएको अवस्था छ (पृ.१८७) । यस्ता शासक गतिविधिको उसले खुलेर विरोध गर्नुले उसको जागिर तथा पेन्सन खोसिएको छ । कल्पनाकी कान्छी आमा तथा साथीभाइहरूले चाकरीमा जान जोडबल गर्दा प्रतिरोधमा कुर्लने बाका अनुभूति कल्पनामार्फत यसरी अभिव्यक्त छ, “खै, के गर्नुभा थियो भनूँ । ... अङ्ग्रेजहरूको हातमा मान्छे बेचेर पैसा कमाउने नाथेहरूलाई हात जोडेर बाँच्नुभन्दा त बरु सेरिएर मरिदिउँला भनेर उल्टै आफूलाई सम्झाउनेहरूसँग झर्किनुहुन्थ्यो” (पृ.१८८) । परिणामतः उसको डिल्लीबजारको घरमा सरकार लागेको छ । ऊ झ्यालखानमा थुनिएको छ । माफी मागेको भए डिल्लीबजारको घरबार फिर्ता हुने भनिएकोमाउसले ज्यान गए माफी मागेको छैन र त्यही अडान कायम राखेरै ऊ संसारबाट विदा भएको छ (पृ.१८९) । उपन्यासमा वर्णित यी प्रसङ्गमा उसको स्वाभिमानसँगैको विद्रोहचेत पनि प्रस्तुत भएको छ । तत्कालीन समयसन्दर्भमा कल्पनाका बाद्वारा प्रकट हठमा शासनव्यवस्था विरुद्धको क्रान्तिचेत मूर्त भएको छ । यसप्रकार राणाशासन विरुद्धको लडाइँमा तारा अनि मेजर वीरसिंह थापा जस्ता प्रतिनिधि पात्रहरूका गतिविधि र क्रान्तिचेतका पर्ष्ठभूमिमा तिनीहरूमा

निर्मित अनुभूतिको संरचनाद्वारा सात सालको प्रजातन्त्रको प्राप्तिमा उदीयमान पिँढीको भूमिकालाई प्रस्तुत गरिएको छ ।

*एक पालुवा अनेकौँ याम* उपन्यासमा मूलतः लैङ्गिक उत्पीडन विरुद्धका उदीयमान पिँढीगत अनुभूतिका संरचनाले अभिव्यक्ति पाएका छन् । त्यसपछि सबैखाले सामन्तवादी सांस्कृतिक प्रभुत्व तोड्ने सङ्कल्पमा राणाशासन विरुद्धको क्रान्तिचेतमा निर्मित अनुभूतिका संरचनाले पनि अभिव्यक्ति पाएका छन् ।

## ५.३ *आगत* उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना

*आगत* उपन्यासमा प्रमुख भूमिकामा रहेर कार्यभार सम्हाल्ने प्रायः पात्रहरूले राणाकालीन सामन्ती व्यवस्थामै पनि उदात्त चेतले डोरिएका संभ्रान्त विशेषको प्रतिनिधित्व गरेका छन् । तत्कालीन देशकाल परिस्थितिप्रति शर्मा परिवारका पुरुषपिँढीले चासो र चिन्ताजन्य अनुभूतिमा पूर्व उदीयमान चेत पनि विद्यमान रहेको देखिन्छ तथापि उपन्यासमा उदीयमान पिँढीगत प्रतिनिधित्व भने प्रत्यक्षतः लक्ष्मीकी आमा, गोपाल र विनयले गरेका छन् ।

### ५.३.१ सामाजिक भेदभाव विरुद्ध प्रतिरोधी चेतनामा निःसृत अनुभूतिको संरचना

सामन्तकालीन राज्यव्यवस्थालाई डोऱ्याउने जमिनदारी प्रथा र त्यसलाई सञ्चालन गर्ने सबै जमिनदारहरू खराबमात्र हुँदैनन्; तीमध्ये कतिपय मानवीय भावले ओतप्रोत भएका पनि हुन्छन् भन्ने लेखकीय ध्येय प्रस्तुत उपन्यासमा शर्मा परिवारका गतिविधिहरू मार्फत प्रस्तुत छ । जमिनदारहरूले सरकारलाई बक्यौता मालपोत बुझाउने क्रममा रैतीबाट उठाउन बाँकी करमा जोड नदिने जनमुखी विचार शर्मा परिवारका ज्येष्ठ सदस्य बडे सरकारका अनुभूति उमेशलाई लेखिएको चिठीमा यसरी प्रकट छ, "खै लेख्न ... मालपोत असूलीमा 'सख्ती गरेर रैतीहरूलाई कदापि नखज्मजाउनू' । म नेपालै जान्छु, मालपोतको कुनै न कुनै ठेगान दरबारबाटै लगाउनेछु" (पृ.९५) । यसरी निम्नवर्गीयमुखी चिन्तन प्रकट गर्ने बडेसरकारको लैङ्गिक चिन्तन पनि नारीप्रति समभावयुक्त रहेको छ जुन लेखनाथ बाजेसामु यसरी प्रकट भएको छ, "तपाईंकी यी छोरी नानी त 'लक्ष्मी' हो । हामी आज कृत-कर्म स्वरूप विपन्न हुँदै गएका छौँ । यसलाई आफ्नो कान्छो छोराको लागि पाए बुहारीस्वरूप लक्ष्मी नै आउने थिइन् कि र हामी सप्रने थियौँ कि ? भन्ने लोभ उम्लेर आयो लेखनाथ भाइ ! (पृ.५८५)" । बडेसरकारको लोभ भौतिक धनसम्पत्तिप्रति नभई भतिजी बुहारीको रूपमा शर्मा परिवारमा भित्र्याउन चाहेको स्त्रीरूपी धनप्रति लक्ष्यित छ । लेखनाथ बाजेकी छोरी लक्ष्मीलाई देखेभेटेपछि बडेसरकारले लामो समयदेखि लक्ष्मीबारे सँगालेको अनुभूतिअनुरूप ऊ संस्कारजन्य लक्ष्मी अर्थात् स्त्रीरत्नका रूपमा मूल्याङ्कन गरेको देखिन्छ ।

'जमिनदारी'लाई उदात्त भावले ग्रहण गर्ने र सोहीअनुरूप कर्मको सम्पादन गर्नेकाम उपन्यासमा छोटेसरकारद्वारा पनि भएको छ। यस सम्बन्धका उसका अनुभूति उपन्यासमा विनयसमक्ष यसरी प्रकट छ : "जिमीदारीमा हाम्रो श्रद्धा थियो । हामीले जिमीदारीको अधिकारसँगै अत्याचारलाई मिसाउन सकेनौँ यो श्रद्धा नै थियो" (पृ.५७८) । यसरी रैतीप्रति उदार भाव राख्ने छोटे सरकारका जनमुखी अनुभूतिलाई उमेशले रामेश्वरसमक्ष यसरी स्मरण गरेको छ,

> सयौँ वर्षपूर्व यी हजारौँ परिवारलाई हाम्रै पुरुखाले एक दिन यस जंगली, औलो लाग्ने निर्जन प्रान्तमा मुश्किलसाथ ल्याई बसाएका थिए । तिनले नै आफ्नो ज्यानको बाजी लगाई यस काला बंजरलाई फाँडी अन्न उब्जने बनाएका हुन् । आज जब सुख्खा-जर्ताले तिनीहरूका सारा परिश्रम पोलेर माटो खरानी पारेको छ, घरमा खाने एक मुठ्ठी अन्नसमेत आउन सकेको छैन भने तिनीहरूको एउटै आशा यस भूमिलाई पनि यस कुकालमा खोसी लिलाम गरेर तिनलाई निकाल्यौँ भने हाम्रो यस ठूलो घरमा हामी बस्न पाउने हक अवश्यमेव हुने छैन । यसैले हाम्रो इलाकामा रैतीलाई त्रस्त पार्न हुन्न, तिनीहरू कुनै तवरले यस वर्षपछि आउने फसलसम्म बाँचून्, यही हाम्रो ठुलो आमदानी हुन्छ । (पृ.४०)

शर्मा परिवारले सम्हाल्दै आएको जमिनदारीको कार्यभार सम्हाल्न श्री ३ द्वारा नियुक्त नयाँ जमिनदारको आगमनपछि रैतीहरू प्राप्त गरेको दुःखबाट आर्द्र हुँदै छोटेसरकारद्वारा प्रकट यस अनुभूतिमा आफूले सकेजति रैतीलाई तात्कालिक त्राण दिने भाव उपन्यासमा प्रस्तुत भएको छ। आफ्नो जमिनदारी गुम्दै गरेको दबाब र तनावको अवस्थामा पनि यस किसिमको मानवीय चेतको प्रकटीकरण उदात्त भावकै उपज हो । यस्तै विशेष अनुभूतिले विचारको निर्माण गर्दछ । यसलाई अर्को ढङ्गले अनुभूतिमय चिन्तन/विचार पनि भन्न सकिन्छ । शर्मा परिवारको उदात्त भावनायुक्त सांस्कृतिक गतिविधिकै कारण त्यस परिवार/पिँढीसँग नव उदीयमान पिँढीका प्रतिनिधिहरू पनि आकर्षित छन् । विनयको त्यस परिवारका पुरुष सदस्यहरूसँगको वैचारिक विमर्श, गोपालको त्यस परिवारलाई साथ र सहयोग अनि लक्ष्मीकी आमाको त्यही घरमा आफ्नी छोरी बिहे गरेर पठाउने सङ्कल्प त्यस परिप्रेक्ष्यका उदाहरण हुन्। त्यस्तै, छोरी गुह्येश्वरीको सङ्कीर्ण चेत र बुहारी कनकको नव चेतको पनि सही पहिचान गर्न सक्ने छोटी मालकिनीको विवेकसम्मत चेतमा निर्मित अनुभूतिका संरचना उदीयमान चेतको निकटस्थ छ (पृ.२२) । त्यस सामन्ती व्यवस्थामै शर्मा परिवारकी ज्येष्ठ महिला सदस्य छोटी मालकिनीले परिवारजन, पाहुना, घरेलु कामदार सबैप्रति निरन्तर स्नेह, दया, माया प्रवाह गर्नु, नाबालक सौतेनी छोराछोरीमाथि पनि असीम वात्सल्य प्रदान गर्दै तिनको उचित भरणपोषण गर्नु, माटोप्रेममा हरदम ओतप्रोत रहेर आफ्नै माटोमा प्राण विसर्जनको सङ्कल्प लिनु, अन्ततः आफ्नै भूमिमा प्राण उत्सर्ग गर्नु जस्ता व्यवहार उसका महनीय पक्ष हुन् (पृ.५९४) । विवेकशील बन्नुपर्छ भन्ने संस्कारजन्य चेत बोकेर हुर्किएको उमेशको अनुभूति र चिन्तन पनि गरिबमैत्री नै देखिन्छ। रैतीले तिर्नैपर्ने मालपोत तिनैबाट उठाउनुपर्ने पत्नी कनकको मतमा विमति जनाउँदै उमेशले यस्तो विचार प्रकट गरेको छ,

तिमीबाट यस्तो कुरा सुन्ने आशा थिएन । तर बुझेकी नै छैनौ । तिनीहरूबाट बाँकी लिनुपर्ने हो । तिर्नु बाँकी छ पनि । त्यसैले त्यो बाँकी असूल गर्नु नै पर्छ भन्ने कुराको प्रकट न्यायमात्रै तिमीले थाहा पाएकी छ्यौ । तर जो प्रकट न्याय हो, अर्थात् जो लिनुपर्ने हो, त्यसैले त्यो नलिई छोड्नु नै उचित पनि भयो भन्ने कुरा भन्न सकिँदैन । त्यहाँ त्यहीभित्रै कुनै यस्तो अप्रकट, प्रक्षिप्त भयंकर अन्याय पनि उभिएको हुन्छ जससित मानिसलाई (यथा.) डराउनैपर्छ । (पृ.२०४)

चरम दरिद्रको पहिचानस्वरूप कुहेको झुप्रोबाहेक केही नरहेको रैती अवस्थामा तिनैबाट जबर्जस्ती मालपोत असुलउपर गर्नु भयङ्कर अन्याय हुने उमेशको ठहर सुनेपछि कनकले आफ्ना गल्ती भनाइप्रति क्षमायाचना पनि गरेकी छ । यसरी उमेशले रैतीमारा प्रवृतिको विरोध नै गरेको छ ।

उमेशसितको प्रथम साक्षात्कारमा उसको महत् तर मृदु व्यक्तित्वबाट अत्यधिक प्रभावित हुँदै सम्भ्रान्तपन र कुलीनताबारे आफूले सँगालेको पूर्वधारणा बदल्न सम्झना बाध्य भएकी छ । उसले काठमाडौँका ठूलाबडा अर्थात् घरानियाँ भनिएका राणाहरू, भारदारहरूको अहङ्कार र क्रूरताले ओतप्रोत कठोर व्यक्तित्वलाई नै 'कुलीनता' हुनुको जुन परिचय सँगालेकी थिई त्यसको ठिक विपरीत उमेशमा आत्मविश्वास, मृदुता र विनययुक्त शिष्टता अनि सौजन्य र बोलीव्यवहारको सम्यक प्रस्तुतिमा प्रकाशित आभिजात्यपनको अनुभूति सँगाल्न पाएकी छ (पृ.२५१) । त्यस्तै, अम्बिका विनय, उपाध्यायबाबा, गोपाल र रामेश्वरसमेतको भेटघाट र तिनीहरूको उदीयमान चेतबाट उमेश स्वयम् पनि प्रभावित देखिएको छ तर मनवचनले तत्कालीन प्रजातन्त्र स्थापनार्थको क्रान्तिमा उमेश समर्पित देखिए पनि उसले कर्मद्वारा संलग्नता देखाउन सकेको छैन तथापि क्रान्तिकारीलाई संरक्षण दिने उसका उदात्त विचार महत्त्वपूर्ण छन् ( पृ.५११) । ऊ उदीयमान पिँढीका गतिविधिको समर्थक देखिएको छ । गोसाइँपुर छोडेर भारत निर्वासित हुनै लाग्दा आफ्ना कुल देवतासँग विदा हुँदै देशको नयाँ व्यवस्था, नवीन सिर्जनासहितको स्वतन्त्र देश र सुन्दर आगतको कामना तथा आमन्त्रण गर्दै जन्मथलोबाट विदा लिएको छ (पृ.५९६) । त्यस्तै, दाजुकै परम्परा पछ्याउँदै हुर्केको भाइ बिस्नुले पनि पिँध तहका रैतीहरूका सम्बन्धमा तिनको श्रमशोषण जमिनदारहरूबाट भइरहेको रामेश्वरको तर्कमाथि प्रतितर्क गर्दै तिनमा आफ्नो श्रमको प्रकृति र श्रमको मूल्यबोध गर्नसक्ने चैतन्य उद्बुद्ध हुन दिनुपर्ने र सम्पूर्ण आत्मविश्वास बोकी छाती फुलाएर प्रभुत्वशाली पिँढीलाई हाँक दिन सक्ने बनाउनु वर्गीय भेद अन्त्यका लागि महत्त्वपूर्ण हुने अनुभूति प्रकट गरेको छ (पृ.२८) । यसरी रामेश्वरमार्फत युगबोधको लेखकीय सचेतताले प्रस्तुति पाएको छ ।

गोपालसँग पहिलो पटक काठमाडौँ आउँदा बिस्नुले उसको सान्निध्यमा युवकमण्डलीसमक्ष ससम्मान परिचित हुने अवसर पाउनु, निरङ्कुश शासन विरुद्धको गुप्त र वैचारिक प्रयास र तिनको भविष्यत् कार्यबारे बोध गरेपछि आफूमा पनि उदीयमान चिन्तन विकास भएको अनुभूति

सँगालेको छ (पृ.१४४)। उसले आफ्नो परिवारको चिर गौरव र सम्पन्नताको परिचायक रहेको जमिनदारी ढल्न खोज्नुलाई पनि आफ्नो पारिवारिक विपत्ति मात्र नभएर देशव्यापी समस्या भएको ठम्याएको छ र त्यस घोर अन्धकारमा मिर्मिरे उज्यालो देखा पर्दै देशमा नयाँ स्वच्छ प्रकाश लिएर सुनौलो सूर्य उदाउने आशाको भावलाई आत्मसात् गर्न पुगेको छ (पृ.१३७-३८)। यो उसमा निर्माण हुँदै गएको पूर्व उदीयमान चेतको अवस्था हो। विलियम्सका अनुसार पनि पूर्व उदीयमान पिँढी उत्तराधिकारी पिँढीसँग धेरै हदसम्म जोडिएको हुन्छ (सन् २०१०, पृ.३४)। यसप्रकार बडेसरकार, छोटेसरकार, छोटी मालकिनीद्वारा स्थापित मानवीय आदर्शलाई दृढतापूर्वक परिपालना गर्ने उमेशहरि र विष्णुहरि (बिस्नु) सबैमा उदात्त चेत विद्यमान छ। ती परम्पराद्वारा स्थापित मानवीय आदर्शको परिपालनामा दत्तचित्त छन् तथापि समाज परिवर्तन गर्ने नयाँ मूल्य स्थापनार्थ तिनद्वारा कुनै क्रियाशीलता, कुनै गतिविधि सञ्चालन भएको देखिँदैन। अतः ती उदीयमान पिँढीका प्रतिनिधि होइनन् र उपन्यासमा तिनको प्रतिनिधित्व पूर्व उदीयमान पिँढीका रूपमा भएको छ।

सामन्तवादी राज्यव्यवस्थाले नै प्रश्रय दिइरहेको पितृसत्तात्मक सामाजिक संरचना लैङ्गिक भेदभावले युक्त रहेको तथ्यलाई प्रस्तुत उपन्यासले पनि अभिव्यक्ति दिएको छ। तत्कालीन समाजमै संभ्रान्त पारिवारिक हैसियत भएका नारीहरू कनक, सरला, लक्ष्मी अनि मध्यमवर्गीय उच्च शिक्षित पतिको सान्निध्य र स्वप्रयासमा शिक्षित बनेकी सम्झना जस्ता उपन्यासमा प्रस्तुत नारीहरू सचेत छन्, तार्किक छन्, ती मध्येमा पनि लैङ्गिक भेदभाव विरुद्धको प्रतिरोध चेतको प्रस्तुतिमा कनक तथा सम्झना अझ सबल छन्। तिनले आफूलाई पुरुषका कठपुतली बनेर रहन दिएका छैनन् तर पनि ती सबै पुरुषसत्ताको संस्कृतिमा उत्पीडित छन्। कनकले अन्ततः असल पत्नी र असल बुहारीका रूपमा घर गर्ने गृहिणी मात्र भएर रहनुमै आफ्नो र परिवारको कल्याण भएको अनुभूति सँगाल्न पुग्नु पुरुषसत्तामा समायोजनकै स्थिति हो (पृ.४२)। बिहे गरेर भित्रिएको दुई महिनामै कुनै न कुनै दिन आफ्नै खुट्टामा उभिनुपर्ने परिस्थिति आइपर्ने बोधमा साक्षर बन्ने उद्योगमा लागेकी सम्झनाले मितव्ययी हुँदै अर्थ सञ्चितिमा समेत ध्यान दिँदै श्रीमान्बाट यत्नपूर्वक विद्या आर्जन गरेकी छ (पृ.१८०)। पछि आफूले पढ्नथालेको सन्दर्भमा श्रीमान्ले झर्कोफर्को गर्न थालेपछि प्रतिरोधग्रस्त रहँदै उसले आफ्नै बुद्धि लगाएर पढ्ने बल गर्नु, स्वाध्यायनद्वारा चेतनालाई खार्ने काम गरेकी छ (पृ.१८२)। महिलाको बौद्धिक सामर्थ्यलाई कम आँक्ने तथा महिलालाई पुरुषको इसारामा नाच्ने कागजको निर्जीव पुतलीसरह मान्ने पुरुषप्रवृत्तिको पनि उसले खुलेर विरोध गर्न सकेकी छ (पृ.२७७)। रूप र बुद्धि दुवैले उमेश र बिस्नुलाई आफ्नो प्रेममा बाँध्न सकेकी छ।

उदीयमान भविष्यका परिप्रेक्ष्यमा स्वतन्त्र अस्तित्वको चाहना र खोजी पनि सम्झनाले गरेकी देखिन्छ। अन्ततः भने बिस्नुको निजी जिन्दगीमा हस्तक्षेप नगर्ने मनसाय प्रकट गरी पन्छँदै कथित दुराचारिणी र चरित्रहीन आइमाई भनिने सामाजिक आक्षेपबाट आफूलाई जोगाउँदै, अनेकन्

आशङ्का र आपत्ग्रस्त अवस्थामा पनि उमेशसँग देवर-भाउजू नाता कायम राख्दै 'उमेश उसको देवर हो' भन्ने अनुभूति सँगाल्न पुगेकी छ (पृ.३५८) र देशबाट निर्वासित हुँदै गरेको शर्मा परिवारमा भाउजू हैसियतमा आश्रिता बन्न पुगेकी छ (पृ.५९७) सम्भनाले सँगालेका अनुभूति र उसका यी गतिविधिहरू उसको जीवनले लिएको नयाँ मोड त हुँदै हो साथै, महिलाले कुनै पनि पुरुषनाता वा पुरुषआडमा रहेर जीवन डोऱ्याउनुपर्ने बाध्यतानिहित पुरुषसत्ताको संस्कृतिमा समायोजनको स्थिति पनि हो । यसरी क्रमशः मूलधारको संस्कृतिमै समायोजन हुनुपर्ने कनक तथा सम्भनाको बाध्यताले ती पनि उदीयमान पिँढीगत प्रतिनिधि बन्न सकेका छैनन् तथापि बिस्नुको स्वयम्बर लक्ष्मीसँगै भएको सन्दर्भमा खुला विचारकी कनकको जित र परम्परित सोच बोकेकी गुह्येश्वरीको हार हुनु जस्ता उपन्यासका प्रस्तुत प्रसङ्गमा लेखकले विभेदमुक्त समाजको उदीयमान भविष्यलाई समर्थन गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा उदीयमान महिलापिँढीको प्रतिनिधित्व भने लक्ष्मीकी आमा अर्थात् लेखनाथ बाजेकी पत्नीद्वारा भएको छ । अघिल्लो पुस्ता भइकन पनि वैचारिक रूपले सशक्त रहेकी यस पात्रसँग अन्यायको प्रतिकार गर्न सक्ने मानसिक सबलता विद्यमान छ । दीर्घरोगले ओछ्यानमै थलापरेको र लामो समयदेखि शारीरिक रुग्णता भ्रेलिरहेको अवस्थामा पनि उसले श्रीमान्समक्ष छोरीको भविष्यलाई लिएर हुने स्वाभाविक चिन्तासहितको आफ्नो दृढ निर्णय यथासमय यसरी प्रस्तुत गरेकी छ,

> नेपालराजको जम्मै गए पनि हिन्दुस्तानतिरको र नेपालगंजतिरको रहने नै छ ... यी चुकली कामको धन्दा गर्ने, अरूहरूलाई ज्यान सजाय गराउने, घूस खाने पापीहरूको पावर रे । ...हात्ती मरे पनि नौ लाखको भनाइ नै छ । छोरीलाई दिनुछ भने त्यहीँ दिने मेरो अठोट छ । नभए त्यो त्यहीँ मसितै बसिरहने भई । (पृ.४९२-९३)

लक्ष्मीकी आमाले यसप्रकार सन्तानप्रतिको कर्तव्यमात्र होइन तिनको भविष्य निक्यौंल गर्ने अधिकारसमेतमा दृढतापूर्वक नारीस्वर प्रस्तुत गर्दै उसले आफ्नो अडान निरन्तर कायम राख्नसकेको देखिन्छ । साथै, आफ्ना श्रीमान् लेखनाथ बाजेलाई सत्ता, शक्ति र सम्पत्तिका पछि लाग्नेहरूसित नलाग्न खबरदारी गर्दै, तिनका कुकृत्यहरूको भण्डाफोर गर्दै त्यस्तालाई छोरी नसुम्पने सङ्कल्पसँग शर्मा परिवारको सज्जनताको कदर गर्दै छोरी दिए त्यही दिने, नभए आफैँसाथ राख्ने निर्णायात्मक स्वर प्रस्तुत गर्न सकेकी छ । यसरी उसलाई उदीयमान नारीपिँढीको कोटिमा पुऱ्याउँदै लेखकले तत्कालीन शासनगत विकृतिप्रतिको विद्रोहचेतलाई पनि प्रस्तुत गरेका छन् ।

प्रस्तुत उपन्यासको विमर्शमा उदीयमान पिँढीगत अनुभूतिअनुरूप आफूलाई क्रियाशील राख्ने अर्को पात्र गोपाल रहेको छ । गोपालको उदीयमान पिँढीगत सक्रियता प्रजातन्त्र प्राप्तिको क्रान्तिकारी गतिविधिका साथै सामाजिक गतिविधिमा पनि देखिन्छ । उसले बिस्नुलाई काठमाडौँमा

गुप्त रूपमा क्रान्तिकारी गतिविधि गर्दै रहेका युवक मण्डलीसँग परिचित गराएको छ (पृ.१३७) । भाउजू पर्ने सम्झनालाई काशीमा आश्रयको प्रबन्ध मिलाएको छ (पृ.२५०) । छोटी मालकिनी उपचारार्थ लखनऊमा रहेको बेला उमेशलाई आडभरोसा र साथ दिन उही पुगेको छ (पृ.५४२) । अनि उसले आमाका रूपमा मालकिनीको निस्वार्थ सेवा गरेको छ (पृ.५४८) । उसका यी क्रियाकलापहरू उदात्त भावबाट उत्प्रेरित छन् । लक्ष्मीका बिहेका सम्बन्धमा आफ्ना अनुभूतिहरू उसले लेखनाथ बाजेसम्म यसरी पोखेको छ,

> बहिनी (लक्ष्मी)-को बिहा गर्नैपर्छ । काठमाडौं जहाँ कुरा चलाएको छ त्यहाँ उसको बिहा हुँदैन । त्यहीँ गर्नुभो भने छोरीको हत्या हुने नै भयो, धन र आर्जनको लोभले देशप्रति अपघात गरिएको पनि हजूरको इतिहास बन्नेछ । जासूस बनेर जो यतिका हत्या, कारावास र अनिगन्ती मानिसप्रति भएका अपराध, दुःख-त्रासका परोक्ष-गुप्ती जरिया बनेका छन् तिनका सम्धी, ससुरा बन्नुको अपराध, अपमान, अपवाद किन लिनु-सँगाल्नु ? बहिनीले हजूरको आज्ञाको अवहेलना गर्ने त कुरै छैन । तर उसको आदर र अनुशासनको स्वभावको दुरूपयोग हजूरबाट पनि त हुनुहुँदैन ! (पृ.५८६)

लेखनाथ बाजेद्वारा लक्ष्मीको बिहेलाई चयन गरिएको सामन्तवादी घरप्रति कारणसहित कडा आपत्ति प्रकट गर्दै, लक्ष्मीको मनस्थितिसमेतलाई स्पष्ट पार्दै र शर्मा परिवारको सम्भ्रान्त हैसियतलाई गोसाइँपुर पुगेरै मूल्याङ्कन गर्न लेखनाथ बाजेलाई उसले आह्वान गरेको छ । मृत्युशैय्यामा रहेकी छोटी मालकिनीको अन्तिम इच्छालाई सम्बोधन गर्ने सन्दर्भमा आफूमा निर्मित अनुभूतिको संरचना उसले यसरी व्यक्त गरेको छ, "यस जुनीमा अब फेरि आमा आउँदिनन्, व्यर्थैको लाज-संकोचलाई महाअन्तको बाटोको ढुंगा बन्न दिनुहुँदैन । पाप लाग्छ । जे जति सन्तोष तृप्ति आमालाई दिन सकिन्छ नदिए अनन्तको पापको खग्रास नै पार्नेछ । ... आजै स्वयम्बर हुनेछ" (पृ.५९१) । यसप्रकार छोटी मालिकनी मर्नुअघि बिस्नु र लक्ष्मीको बिहेबारे तत्कालै निर्णयात्मक स्वर दिनु, शर्मा परिवार र लेखनाथ बाजे दुवै पक्षको मनस्थिति तयार गर्दै तिथिमिति, साइतको शास्त्रीय मान्यतालाई भन्दा पनि परिस्थितिगत आवश्यकतालाई मध्येनजर गरी तत्कालै स्वयम्बरको प्रबन्ध मिलाउनु गोपालका नवउदीयमान सांस्कृतिक गतिविधि हुन् । सत्ता, शक्ति र सम्पत्तिका पछि नलाग्न, सामन्तवादी प्रवृत्तिपछि नलाग्न र उदात्त सामाजिक दृष्टिकोण अवलम्बन गर्न लेखनाथ बाजेलाई प्रेरित गर्न सक्नु उसको सफलता पनि हो ।

## ५.३.२ राजनीतिक क्रान्तिचेतको पृष्ठभूमिमा निर्मित अनुभूतिको संरचना

*आगत* उपन्यासमा विनय र अम्बिका, तिनका बाबु, उपाध्याय बाबा, रामेश्वर तथा गोपाल क्रान्तिचेत बोकेका जुझारु उदीयमान पिँढीको प्रतिनिधिका रूपमा प्रस्तुत छन् । यी सबै निरङ्कुश राणाशासन सामाप्तिको भूमिगत क्रान्तिमा समर्पित छन् । सक्रिय युवाका रूपमा विशेष भूमिका भने विनयले निर्वाह गरेको छ । देशको भविष्य बदल्ने सङ्कल्पका साथ क्रान्तिमा

होमिएको विनयमा क्रान्ति सफल बनाउन चाहिने सङ्कल्प, वैचारिकता, जनसङ्गठनको सीप तथा जुझारु मानसिकता विद्यमान छन्‌ तानाशाही राणा सरकारको नियन्त्रण र अत्याचार खेपिरहेका खरदार मामाको देहावसान काठमाडौँमा नजरबन्दीमा परेको अवस्थामा भएको छ (पृ.२१८)। यसले गर्दा उसका छोराहरू अम्बिकाप्रसाद र विनयप्रसादमा शासक वर्गप्रतिको क्षुब्धता अझ बढेको छ। बाबुको मृत्युपछि आफ्ना क्रान्तिकारी गतिविधिले नजरबन्दीको अवस्थामा रहेको बाबुप्रतिको अत्याचार बढ्ने आशङ्का चाहिँ टर्नुले छोराहरूको सक्रियताका लागि निर्बाध वातावरण भने बनेको छ (पृ.४४४)। विनय काशीबाट दार्जिलिङ अनि आसाम र कलकत्ता हुँदै तद्‌तद्‌ स्थानका नेपालीहरूसित भेटघाट गरी सङ्गठन विस्तार गर्ने उपक्रममा अगाडि बढेको छ। बनारसमा रहेका उसका अन्य साथीहरूले पनि नेपाली पल्टनका उच्च सैनिक अधिकारीहरूसित सम्पर्क राख्ने, देशलाई स्वतन्त्र अभियानमा जनसहभागिता बढाउने गतिविधि व्यापक रूपमा अगाडि बढाएका छन्‌ (पृ.४४४)। विचार विमर्शद्वारा आफूलाई र आफ्नो कार्यभारलाई निरन्तर तिखार्ने क्रममा विनयले शर्मापरिवारका सदस्यहरू, बडेसरकार, छोटेसरकार, उमेशसँगै निरन्तर छलफल गरेको छ भने बिस्नुलाई उसको पारिवारिक पृष्ठभूमिबारेसमेत प्रस्ट पार्दै सत्ता ढाल्ने क्रान्तिमा संलग्न हुन आह्वान गरेको छ। यस क्रममा विनयमा निर्मित अनुभूतिको संरचना उपन्यासमा यसरी प्रस्तुत छ,

> देशलाई सशस्त्र क्रान्तिबेगर यो एकतन्त्री शासनबाट मुक्त गराउन सकिँदैन। तिमी अहिले युवक छौ, दाज्यूहरू बूढा भए, फेरि उहाँहरूको वैचारिकता जस्तोसुकै भए पनि मानसिक निर्माण भने सामन्तीय प्रशिक्षणकै हो। अवश्यमेव त्यसमा शोषण-प्रवृत्ति अत्याचार, अर्थ-दोहन नभएर दया, माया र प्रतिपालन छ। उहाँहरूको मानवीय धर्मलाई केही गरेर पनि अस्वीकार गर्न सकिँदैन। साहसको अभाव पनि उहाँहरूमा छैन। तर उहाँहरूका शरीरले अब यस कामलाई आफ्नो असमर्थता देखाएको प्रष्टै छ। यसैले तिम्रो विचार जान्न चाहेको छु। हाम्रो यस संकल्पमा तिम्रो सक्रिय सहयोग हामी पाउन सक्छौँ कि ? (पृ.४४४-४५)

बिस्नुलाई क्रान्तियज्ञको होता बन्न स्वीकार गराउन सक्दा ऊ शक्तिशाली युवा कार्यकर्ता हुन सक्ने विनयको विश्वास पनि यहाँनेर प्रकट भएको छ। परिवारको आज्ञाविना आफू अगाडि बढ्न नसक्ने बिस्नुको अनुशासनबद्धताका बारेमा विशेष परिस्थितिमा स्वीकृत अनुशासनभन्दा महत्‌ अनुशासनलाई पछ्याउनु श्रेयस्कर हुने तर्क विनयले प्रस्तुत गरेको छ (पृ.४४६) र उसले नवचेतको अनुभूतिलाई यसरी निकास दिएको छ, “स्वतन्त्रता, जहानियाँ शासनबाट मुक्ति, अनुशासनको स्थापना भने देशको लागि परम कर्तव्य हो। यसमा दुई कुरा छँदै छैन” (पृ.४४७)। विनय देशप्रतिको जनकर्तव्यमा स्पष्ट छ र देशको उदीयमान भविष्य निर्माणको ध्येयमा समर्पित छ। उसकै नेतृत्वमा सात सालको प्रजातन्त्र स्थापनार्थ उदीयमान गतिविधिहरूमा क्रान्तिकारी समूह भूमिगत हुँदै त्यस स्वतन्त्रताको आन्दोलनलाई सफल पार्न मनवचनकर्म हरतरहले समर्पित देखिन्छन्। यसप्रकार निरङ्कुश राणाशासनको अन्त्य र प्रजातन्त्र प्राप्तिका लागि भूमिगत

क्रान्तिमा समर्पित रहेका सक्रिय युवा पिँढी प्रतिनिधि विनयजस्ता जुझारु पात्रका माध्यमले देशलाई स्वाधीन बनाउने सक्रियताका उदीयमान अनुभूतिलाई उपन्यासमा संरचनात्मक स्वरूप दिइएको छ (पृ.४४७) जसद्वारा उपन्यासमा राणाकालको उतरार्द्धमा निरङ्कुश शासनसत्ता तथा सामाजिक विसङ्गति विरुद्धको स्वर मुखर हुन थालेको अवस्थालाई प्रस्तुत गरिएको छ ।

राणा सरकारद्वारा भएको ९७ सालको सहिदकाण्डले काठमाडौँमा शासक विरुद्ध जनमानसमा परेको गहिरो असर र त्यसले चेतनाको विस्तार महिला समुदायसम्म फैलिएको यथार्थ सम्झनाका अनुभूतिका संरचनामा यसरी अभिव्यक्त छ,

> थाहा पाइएको रछ । हरेक राति मारिनेहरूलाई बिहानै गई हेर्ने, साथै आँसुका दुई थोपा र कसै कसैले फूलसमेत चढाउने, हजारन् आइमाईहरू जाँदै गर्थे । राज-भय, पति-त्रास र लाजको खुम्च्याइँ कसैको केही लागेको थिएन । तर यी सारा थाहा पाएर के गर्नु ? कोही मान्न सक्छ, मान्न चाहन्छ भने यत्ति नै माने पुग्छ– ‘सास भएपछि त्रास र आश दुवै लाग्छन् । भाषाको अभाव अभ्यास नभएको मात्र हो । बोल्नेहरूको साथ पाए त्रास र आशहरूले पनि जुनसुकै रूपमा स्वर नपाई कहाँ छोड्छन् र ? (पृ.२७७) ।

काठमाडौँली महिलासमुदायसमेतलाई उद्वेलित गर्ने घटनाक्रम तत्कालीन उदीयमान पिँढी प्रतिनिधिहरू चार सपुतहरूको प्राण उत्सर्गका सन्दर्भमा छ । सोही परिप्रेक्ष्यमा उदीयमान युवाहरूको आवाजमा भाषारूपी बन्धनसमेत छिनाल्दै महिला स्वर मिसिन थालेको लेखकीय अनुभवसँगै प्रजातन्त्र हेतुको आन्दोलन अघि बढ्ने विश्वास उक्त अनुभूतिका संरचनामा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत उपन्यासमा राजनीतिक क्रान्तिमा सहिदहरूको उत्सर्गको देशव्यापी प्रभावलाई महिलासमुदायमा निःसृत अनुभूति र उद्बोधित चेतनालाई माध्यम बनाई सशक्त प्रस्तुति दिइएको छ ।

प्रस्तुत उपन्यासमा उदीयमान तहका सामाजिक भेदभाव विरुद्धका प्रतिरोधचेतजन्य दबाब र तनावका अनुभूतिको संरचनाका साथै क्रान्तिचेतजन्य दबाब र तनावका अनुभूतिको संरचनाले अभिव्यक्ति पाएका छन् । तिनमा राणाकालीन नेपाली समाजमा परिवर्तनको चाहनाजन्य स्वर मुखर हुनथालेको अवस्था प्रकट भएको छ ।

## ५.४ *घामका पाइलाहरू* उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना

*घामका पाइलाहरू* उपन्यासमा लेखकका प्रगतिशील चेतको प्रभाव पात्रगत अनुभूतिका संरचनाको निर्माणमा पनि देखिन्छ । गोतामे रक्सौलमा रही शिक्षाआर्जनका क्रममा विद्यालयीय शिक्षकहरूको संसर्ग तथा राजनीतिक पत्रिकाको अध्ययनबाट प्रगतिशील चेत हासिल गर्नु, त्यस्तै पछि वीरगञ्जमा रहेर हाइस्कुलको अध्ययनका क्रममा कम्युनिस्ट पार्टी निकट रहेर कार्य गर्नु (भट्टराई, २०६४, पृ.१२) ले उनमा निर्माण भएको प्रगतिशील वैचारिकीको प्रभाव प्रस्तुत

उपन्यासमा विशेषतः दुर्गानाथमा अन्यायको प्रतिकारचेतमा निःसृत अनुभूति र तज्जन्य गतिविधिमा देखिएको छ । उपन्यासको समयसन्दर्भ मूलतः चन्द्र शमशेरकालीन रहेको छ । लेखक गोतामेका हजुरबुबा देव शमशेरका दरबारका पण्डित रहेको र उनीसँगै पदच्यूत भई सर्वस्वहरणसहित धनकुटा धपाइएको सन्दर्भ तथा उनका हजुरबुबाको उदात्त चारित्रिक विशेषता उपन्यासमा दुर्गानाथ पात्रमा निरूपण भएको तथ्यसँगै तत्कालीन हुकुमी शासन परिप्रेक्ष्यको सामाजिक इतिहाससँग लेखक गोतामे भलिभाँति परिचित रहेको यथार्थले पनि उपन्यासमा सजीव प्रस्तुति पाएको छ । सोही परिप्रेक्ष्यमा तत्कालीन सामाजिक व्यवस्थामै पनि मानवीय उदात्त चेतमा संस्कारित रहेका, शिक्षाको आलोक प्राप्त गरेका चरित्र द्वय दुर्गानाथ तथा लोकोबाबु र तिनका सङ्गतमा रहेका पिँढीविशेषहरू समेतमा उदीयमान चेतको निर्माण भएको स्थिति छ । तिनमा सोही सन्दर्भमा अन्याय-अत्याचारका विरुद्धमा प्रतिकार चेत उद्‌बुद्ध भएको र त्यसलाई कार्यान्वयन दिशामा लैजाने प्रयासलाई पनि उपन्यासमा प्रस्तुति दिइएको छ । जुनसुकै उमेर समूहका पुस्तामा उदीयमान चेत विद्यमान हुनसक्छ; तिनले उदीयमान सांस्कृतिक समूह विशेषमा पिँढीगत प्रतिनिधित्व गरिरहेका हुन्छन् र समाज परिवर्तनमा प्रभाव छाड्न सक्दछन् भन्ने यथार्थलाई प्रस्तुत उपन्यासमा अनुभूतिको संरचनामा प्रस्तुति दिइएको छ । उपन्यासमा विशेषतः वृद्ध पुस्ताबाट दुर्गानाथ र लोकोबाबु तथा मध्यम उमेर पुस्ताबाट द्वारिका अनि गणेशीले नेपाली सामाजिक संरचना विशेषको उदीयमान पिँढीगत प्रतिनिधित्व गरेका छन् । किशोर पुस्ताबाट पवन तथा अणुले भने पूर्व उदीयमान पिँढीविशेषको प्रतिनिधित्व गरेका छन् ।

## ५.४.१ आध्यात्मिक चेतनासम्बद्ध परिवर्तनकामी अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा वयोवृद्ध पुस्तालाई प्रतिनिधित्व गर्ने दुर्गानाथ आध्यात्मिक चेत र जीवनानुभवले खारिएको उदीयमान पिँढीको प्रतिनिधि पात्र हो । आर्थिक प्रभुत्वशाली हैसियतबाट तत्कालीन हुकमी शासन व्यवस्थामा एकाएक निम्नमध्यमवर्गीय स्तरमा आफूलाई समायोजन गर्नुपर्दा पनि संयम र मानवीय चेत गुम्न नदिई आफ्नो उदात्त व्यक्तित्वले सबैलाई प्रभावमा लिनसक्ने क्षमता यस पात्रमा विद्यमान छ र उसको यस व्यक्तित्वको निर्माणमा आध्यात्मिक जीवनशैलीको प्रभाव छ । आफ्ना समकालीन उमेरगत पिँढी, उमेरगत पछिल्ला पिँढीहरू, वर्गीय तथा लिङ्गीय भेदगत पिँढीहरू सबै सांस्कृतिक समूहका लागि त्यत्तिकै आदरणीय हुनु यस पात्रको उदीयमान चेतको प्रभाव पनि हो । अन्यायको प्रतिकार गर्ने आलोचनात्मक चेतले पनि यस पात्रलाई उदीयमान कोटिको पिँढीमा पुऱ्याएको छ ।

प्रस्तुत उपन्यासमा स्वाभिमानरूपी पुँजीलाई सर्वस्व ठानेको दुर्गानाथको परिवारलाई वर्गगत आधारमा आघात पुऱ्याउने काम गङ्गादत्तले गरेको छ । दुर्गानाथका परिवारमा पाहुना भएर रहेको र नाताले भानिज पर्ने गङ्गादत्तले आफूसँग भएको रुपियाँपैसा साहुलाई राख्न दिँदै भनेको कुरा यस्तो रहेको छ, "खान नपाउने दरिद्र परिवारमा पाहुना लागेको छु, कुन दिन मेरो

रकममा पनि लामो हात गर्ने हुन्" (पृ.५३)। उसका यस धृष्ट बोली र व्यवहार थाहा पाएपछि सबैभन्दा प्रताडित दुर्गानाथ भएको छ। कहिले उत्तेजित नहुने ऊ दबाब र तनावजन्य क्रोध र आवेगमा रन्कँदै प्रतिकारमा उत्रिएको छ र भनेको छ, "धिक्कार छ गङ्गे तँलाई, यतिका दिन यहाँ बसिस्, खाइस्! त्यसको राम्रो पुरस्कार हामीलाई दिएर जान लागिस्। यस शहरमा हामीले धन कमाउन नसके पनि निकै प्रतिष्ठा आर्जन गरेर बसेका छौं, तैंले नै हामीलाई डाँका भनी फिजाउँदै हिँडिस्" (पृ.५३)। अनैतिक हुनुको आक्षेप दुर्गानाथजस्ता सदाचारीका लागि कति कष्टकर बनेको छ भन्ने कुराले पनि उपन्यासमा सशक्त अभिव्यक्ति पाएको छ (पृ.५४)। जीवनको आधा उमेर साह्रै सोख, सम्पन्नता र आराममा बिताएको र अभावमा पनि धनको कति लालसा नसँगाल्ने र धनका लागि बेइमानी नचिताउने दुर्गानाथका त्यस आदर्शजन्य अनुभूति उसको आध्यात्मिक चेतनाका पृष्ठभूमिमा निर्मित छ। उसले आफूलाई सुख र दुःख दुवै परिस्थितिमा समभावमा समायोजन गर्न सक्नु र प्रतिकूल परिस्थितिमा पनि सामाजिक व्यवहारमा सन्तुलित रहन सक्नु उसको आध्यात्मिक जीवनशैलीका दृष्टान्त हुन्। समाजमा उच्चवर्गीय लोकोबाबु अथवा निम्नवर्गीय गणेशी सबैप्रतिको उसको व्यवहार समान छ; भेदभावमुक्त छ। पीताम्बरप्रतिको सेठको अन्यायपूर्ण व्यवहारलाई सार्वजनिक गर्दै यस सम्बन्धका आफ्ना अनुभूतिलाई उसले प्रवचन दिने क्रममा यसरी प्रकाशन गरेको छ,

> मृत्यु-भयले मानिसलाई आत्मकेन्द्रित गर्दछ र काँथर तुल्याउँछ। ... अन्याय जस्तोसुकै होस्, त्यसको प्रतिकार नगर्नु मानव-संस्कृतिको विकासको प्रक्रियालाई कुण्ठित तुल्याउन खोज्नु हो। देशको असल हित र समाजको असलको लागि अन्यायको विरोध नगर्नु त्यसको पक्षधर हुने हो। अन्यायमा सहभागिता जस्तो पाप मानिसको लागि अरू कुनै होइन। (पृ.२४३)

यसप्रकार आध्यात्मिक प्रवचनका माध्यमले स्वस्थ समाजको निर्माणका लागि अन्याय विरुद्धको प्रतिकार चेतलाई समाजमा संप्रेषण गर्नु निकै महत्त्वपूर्ण देखिएको छ। त्यस क्रममा दुर्गानाथद्वारा प्रतिकार गर्न नसक्नु पनि आफ्नो दायित्वबाट पन्छिनु भएको तथ्यलाई आफ्नै छोरा पीताम्बरका सन्दर्भद्वारा प्रस्ट पार्ने काम भएको छ। त्यसै गरी प्रवचन सुन्नमा तल्लीन जनसमूहमाझ मानिस किन प्रतिकार गर्न डराउँछ; के को भयले मानिसलाई प्रतिकार गर्नबाट रोक्दछ; भयलाई किन अस्वीकार गर्नुसक्नु पर्छ र प्रतिकारका लागि किन सङ्गठित प्रयास नै चाहिन्छ जस्ता प्रश्नहरूको उठान गरिएको छ र त्यसको समाधानसमेत प्रस्तुत गरिएको छ। यसरी जुनसुकै अन्यायको प्रतिकारको आवश्यकतालाई प्रस्ट पार्दै जुनसुकै देशकालपरिस्थितिमा पनि कलुषित कार्यव्यापारद्वारा आमजनमाथि अन्याय अत्याचार गर्ने सङ्गठित जमात रहेकै हुने तथ्यमा प्रकाश पारिएको छ। अनि त्यस प्रभुत्वशाली पिँढीका दुष्प्रवृत्ति र गतिविधिको पनि सङ्गठित रूपमा नै प्रतिकार हुनुपर्ने, तबमात्र स्वस्थ मानवसंस्कृतिको संरचना तयार हुँदै जाने दृढ भनाइ प्रस्तुत गरिएको छ। अन्यायको प्रतिकार किन आवश्यक छ भन्ने सम्बन्धी दुर्गानाथका उक्त अनुभूतिगम्य भनाइ उदीयमान चेतमा निःसृत छन् (२४४)। उपन्यासमा प्रस्तुत यस्ता अभिव्यक्ति

असत्यलाई अनावरण गर्ने जागरुकताका अनुभूतिले पाएको निकास पनि हो । यसरी दुर्गानाथद्वारा सेठप्रवृतिको सशक्त रूपमा प्रतिकार गरिनुले अन्यायपूर्ण र अनुचित व्यवहार सहन गर्नुहुन्न भन्ने चेत जनमानसमा राम्ररी प्रसारण भएको छ ।

विलियम्सका अनुसार यस्तो जागरुकता अनुभवजन्य परिवर्तनकामी हुन्छ र त्यसले विस्तार खोज्दछ । त्यो प्रभुत्वशाली संस्कृतिका विरुद्धमा उभिएको वैकल्पिक संस्कृतिका रूपमा हुन्छ । साहित्यले त्यसै आधारमा परिवर्तित संसारलाई प्रतिनिधित्व गरिरहेको हुन्छ । यसरी असल-खराब, धनी-गरिबबिचको द्वन्द्वात्मक सामाजिक प्रक्रियालाई व्यक्त गर्ने यस जागरुक चिन्तनले नयाँ अनुभूतिको संरचना विस्तारमा सहयोग प्रदान गर्दछ (चौधरी, सन् २००८, पृ.५१) । समाज परिवर्तनका निमित्त नयाँ अनुभूतिको विस्तार हुनुपर्ने हुँदा त्यस परिप्रेक्ष्यलाई ध्यानमा राख्दै प्रस्तुत उपन्यासमा अन्यायको प्रतिकारको सशक्त स्वर प्रवाहको प्रयोजनमा जनमानसले पत्याउने चरित्रको चयन र तद्नुकूल अनुभूतिका संरचनाका निर्माण गरिनु लेखकीय सफलता पनि हो । यसरी दुर्गानाथको आध्यात्मिक कोटिको चेतनशील व्यक्तित्वले सहरमा नवचेतनाको प्रसारणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखाइएको छ जसमा उसको उदीयमान पिँढीगत भूमिका पनि प्रकट भएको छ ।

उपन्यासमा दुर्गानाथका अनुभूति निम्नवर्गको लोकप्रिय संस्कृति बारेका उदात्त दृष्टिकोण र यस परिप्रेक्ष्यका उसका अनुभूतिगम्य भनाइ पनि आमजनको चेतना विस्तारमा उल्लेख्य रहेको छ । दुर्गानाथका अनुसार प्रत्येक व्यक्ति आफ्नो स्तरमा सानोतिनो दार्शनिक हुन्छ र त्यो अपठित र निरक्षर नै किन नहोस्; पापपुण्य, जीवनमरण, कर्तव्य अकर्तव्यबारे उसको आफ्नै व्याख्या हुन्छ । त्यसै गरी यसको व्याख्या गर्ने नापो उसले आफ्नै वंश, परम्परा र सामाजिक वातावरणबाट पाएको हुन्छ । सोही अनुसार नै श्रोता तहमा रहनेहरूले आफ्ना-आफ्ना क्षमताअनुसार अरूद्वारा अभिव्यक्त विचारलाई ग्रहण गरिरहेको हुन्छ भन्ने विचार अघि सार्दै आफ्ना अनुभूतिगम्य समाजशास्त्रीय विचारहरूको सत्यतालाई व्यावहारिक कसीमा घोटेर हेर्न मञ्चमा गणेशीलाई मन्तव्यका लागि अघि सार्नु पनि दुर्गानाथको निम्नवर्गीय लोकप्रिय संस्कृति र तिनका संवाहकलाई निम्छरो ठान्ने दृष्टिकोणमा परिवर्तन ल्याउने उदीयमान चेतको परिणति हो । त्यस बेला गणेशीले आफूमा निहित दार्शनिक चेतको जुन सरल व्याख्या शालीनतापूर्वक प्रस्तुत गरेको छ त्यो लोकोबाबुलगायत सम्पूर्ण श्रोतामा संप्रेपणीय रहेको छ । यसप्रकार मानवीय संद्वृत्तिलाई चिन्ने, चिनाउने र त्यसैलाई सामाजिकीकरण गराउने दुर्गानाथका प्रयासले उसलाई उदीयमान पिँढीको कोटिमा पुऱ्याएको छ ।

दुर्गानाथमा देशप्रेमको भावभूमिमा निर्मित अनुभूतिको संरचनाले प्रस्तुत उपन्यासमा धेरै ठाउँमा अभिव्यक्ति पाएका छन् । उसल आफ्नो वृद्धावस्था र नाजुक शारीरिक स्थितिका कारण पनि मृत्यु निकट रहेको बोध गर्दै आएको छ । स्वदेशमै देह विसर्जन गर्ने सम्बधमा उसमा निर्मित

अनुभूतिका संरचना धार्मिक रूढिबाट सर्वथा मुक्त छन् र आध्यात्मिक चेतनामा फलित छन् । भारतको कुनै ठुलो सहरमा लगेर उपचार गर्न नपाएको छोरो पीताम्बरको दुखेसो पवनमार्फत बुझ्नेपछि उसले आफ्नो देशप्रेमको अनुभूति यसरी प्रकट गरेको छ, "यति गरिरहेको पनि मेरो लागि लाख हो । म स्वयम् विदेश गएर अब बस्न चाहन्नँ । जाऊन् अरूहरू काशीवास । म त आफ्नै माटोमा मर्न चाहन्छु, यस धरतीको धूलोको चन्दन लगाएर" (पृ.१०३) । त्यस्तै, दुर्गानाथले छोरोसँग पनि भनेको छ : "म पनि त योसित घाटकै कुरा गरिरहेको थिएँ । कुरा उठिहाल्यो तँलाई पनि भनिहालूँ । मलाई यहींको उत्तरवाहिनी घाटमा लैजानू र मेरो श्राद्ध-तर्पणका लागि गया, काशी कहीँ नजानू-अब मेरो कति दिन शेष होला र" (पृ.१०४) । तत्कालीन मूलधारमा स्थापित धार्मिक आस्थाभन्दा भिन्न रहेर स्वदेशको माटोमै आफूलाई विसर्जन गर्ने अनुभूतिको प्रकाशन दुर्गानाथद्वारा भएको छ । त्यसै गरी निकट मृत्युको आभाष पाएपछि नातिको शिर मुसार्दै उसले भनेको छ,

> यस कलिलो कुमले अनेक र असह्य भारी पनि बोक्नुपर्ला । भारी दुवैतिर बाँडेर बोक्नु अनि वहन गर्न समर्थ होइन्छ । एक कुममा आफ्नो परिवारको र अर्को कुममा देश र समाजको भारी बोक्नू । देशको लागि द्वारिकाजस्तै निडर र साहसी हुनू-कडा जोखिम उठाएर पनि कहिल्यै धुकचुक नगर्नू । आफ्नो शिर सदैव शान्त र शीतल राख्नू विनम्र हुनु तर कहिल्यै नलत्र्याउनू । (पृ.२६१)

पवनमा परिवार, समाज र देशप्रतिको दायित्व बोध गराउँदै र सहरमा द्वारिकासँग रहेर आफ्नो शिक्षा सकेर मात्र गाउँ जाने सल्लाह दिँदै द्वारिकाले झैँ अन्याय र अत्याचारको प्रतिकार गर्नसक्ने निडर र साहसी बन्ने जुन आशीर्वाद दुर्गानाथले पवनलाई दिएको छ; त्यसमा राष्ट्रप्रेमजन्य नैतिक दबाब र तनावका उदीयमान चेत खुलेर प्रस्तुत भएको छ । मृत्युन्मुख अन्तिम घडीमा रमानाथसमक्ष अभिव्यक्त उसका अनुभूति उपन्यासमा यसप्रकार रहेको छ, "मसित छाडेर जाने केही छैन, कोहीसित मेरो लिनु-दिनु पनि केही छैन । इच्छा यही छ कि मेरो अवशेष आफ्नो देशको सीमाभन्दा बाहिर कतै नलैजानू । जून धरतीमा म हुर्कें त्यसैको चपरीमुनि कतैं सेलाइदिए मेरो आत्मालाई शान्ति मिल्नेछ" (पृ.२६३) । यसप्रकार जीवनका अन्तिम घडीसम्म आफ्ना परिवार, समाज र राष्ट्रप्रतिका दायित्वगत दबाब र तनावका अनुभूतिलाई सफल अभिव्यक्ति दिने उदीयमान पिँढीगत हैसियत दुर्गानाथको देखिन्छ । साथै, मृत्युपर्यन्त उसका निष्काम कर्ममा आध्यात्मिक चेतले पारेको स्पष्ट प्रभावलाई पनि त्यस अनुभूतिका संरचनाले सङ्केत गरेको छ । दुर्गानाथको शवयात्राका सम्बन्धमा लोकोबाबु समक्ष श्रीवास्तवको अनुभूतिगम्य टिप्पणी यसप्रकार व्यक्त छ, "सर, पण्डित बाजेको लागि यो सम्मान हो । यस्तो शवयात्रा यो शहरको जीवनमा पहिलो हो" (पृ.२६५) । त्यस टिप्पणीप्रति अमलेन्दुको अनुभूतिजन्य प्रत्युत्तर यसप्रकार रहेको छ, "ठीक हो, पण्डित दुर्गानाथ जस्ता अजातशत्रु व्यक्तित्वको लागि यो चाहिँदो र उपयुक्त सम्मान हो । सिङ्गै शहर मलामी जान लागेको छ" (पृ२६५) । त्यस्तै, रमानाथले सँगालेका अनुभूतिका अनुसार भौतिक रूपमा दुर्गानाथ र सहरका बिच केही लेनदेन नभए/नरहे पनि आत्मिक

लेनदेनका रूपमा सहरले दुर्गानाथ जस्ता एक निष्काम व्यक्तित्व पाएको, जसद्वारा मानवमूल्यको एक नयाँ चेतना मौनरूपबाट शहरभरि सञ्चरण भएको र सहरले पनि त्यसवापत दुर्गानाथप्रति आफ्ना आभारलाई ठुलो श्रद्धा व्यक्त गरेर प्रकट गरेको छ (पृ.२६७) । यसप्रकार जीवनका अन्तिम घडीसम्म आफ्ना परिवार, समाज र राष्ट्रप्रतिका दायित्वसम्बद्ध अनुभूतिलाई सफल अभिव्यक्ति दिने उदीयमान पिँढीगत हैसियत दुर्गानाथको देखिन्छ ।

रमानाथले सँगालेका अनुभूतिका आधारमा हेर्दा पनि भौतिक रूपमा दुर्गानाथ र सहरका बिच केही लेनदेन नभए/नरहे पनि आत्मिक लेनदेनका रूपमा सहरले दुर्गानाथ जस्ता एक निष्काम व्यक्तित्व पाएको, जसद्वारा मानवमूल्यको एक नयाँ चेतना मौनरूपबाट शहरभरि सञ्चरण भएको र सहरले पनि त्यसवापत दुर्गानाथप्रति आफ्ना आभारलाई ठुलो श्रद्धा व्यक्त गरेर प्रकट गरेको छ (पृ.२६७) । यसरी दुर्गानाथप्रतिको त्यस सम्मानले सहरमा ऊद्वारा प्रसारित उदीयमान अनुभूतिको व्याप्तिलाई पनि सङ्केत गरेको छ ।

## ५.४.२ भौतिक चेतनासम्बद्ध परिवर्तनकामी अनुभूतिको संरचना

राणाकालीन नेपाली समाजमै उच्च प्राविधिक शिक्षा र समसामयिक वैश्विक चेतनाले खारिएका उच्च बौद्धिक पिँढीको प्रतिनिधित्व प्रस्तुत उपन्यासमा लोकोबाबु पात्रले गरेको छ । उपन्यासमा यो पात्र भौतिक चेतनासँग सम्बद्ध रहेको छ र त्यस समाजमा भौतिक परिवर्तनको गतिविधिमा मरिमेटेर लागिपरेको छ । आधुनिक सभ्यता र संस्कृतिलाई संवहन गर्ने, शासकीय सत्ताको संरक्षण प्राप्त, आर्थिक शैक्षिक प्रशासनिक सबै दृष्टिले शक्तिसम्पन्न रहेको यो पात्र प्रभुत्वशाली पिँढी प्रतिनिधि पनि हो । आमजनको लोकप्रिय संस्कृति र तिनका निम्नवर्गीय संवाहकप्रति यो पात्र सुरुमा अत्यन्त असहिष्णु देखिन्छ । यस दृष्टिले प्रभुत्वशाली संस्कृतिप्रतिकै पक्षधरता उसमा देखिन्छ तथापि मध्यमवर्गीय चेतनशील पिँढीप्रति भने यस पात्रको सद्व्यवहार नै प्रकट छ । त्यस्तै तल्लो तहका कर्मचारीहरूप्रति कठोर र आक्रामक शैलीमा प्रस्तुत हुने यो पात्र प्रत्येक कर्मचारीको कार्यगत चुस्तता, तदारुकता र निपुणतालाई प्राथमिकतामा राख्ने हुँदा कार्यसम्पादनका सम्बन्धमा बाहिर कठोर देखिए पनि भित्री रूपमा भने सबै कर्मचारीको हित र उन्नतिको शुभ चिन्तक छ । कुशल व्यवस्थापनमा रेलवेस्थापना (सन् १९२७) र सुसञ्चालनार्थ अद्वितीय योगदान दिन यो पात्र समर्थ छ । प्रशासकीय दायित्वप्रति अत्यन्त सचेत लोकोबाबुको कर्तव्यप्रतिको निष्ठा, लगनशीलता र इमानदारी उपन्यासमा उसका यी अनुभूतिमार्फत प्रकट छ, “यस अधकल्चो शहरको अनियमित रेल चलाएर म बस्दिनँ । रेलसञ्चालनलाई नसुधारी त्यत्रो तलब खाएर मेरो नैतिकताले दिँदैन” (पृ.५८) । प्रशासकीय क्षमता र मानवीय चेतको उच्चतामा निर्मित उसका अनुभूतिगम्य चिन्तन यहाँनेर पनि प्रकट भएको छ ।

रेल सञ्चालनमा आफू सबैभन्दा ठुलो अफिसर भएकाले त्यहाँ देखिने प्रत्येक त्रुटिको नैतिक जिम्मेवार आफैँलाई ठान्दै श्रीवास्तवसमक्ष लोकोबाबु आफ्ना अनुभूतिलाई यसरी प्रकट गर्दछ, "हेर श्रीवास्तव यस रेलले मेरो आयु छोट्याउन लाग्यो। रेलले प्लेटफार्म नछाडेसम्म म बडो मानसिक तनावमा रहन्छु। प्रतिदिन रेल जाँदा छोरी अन्माएजस्तो मेरो आङ हलुङ्गो हुन्छ" (पृ.५८)। लोकोबाबुमा निर्मित यो त्यस्तो विशिष्ट अनुभूतिको संरचना हो जसमा उसले लोकहितका लागि साँचेको त्याग, तपस्या र समर्पण प्रतिबिम्बित भएको छ। टाढाका कर्मचारीको उपस्थितिमा ढिलाइ हुँदा रेलको सञ्चालन समयको नियमिततामा चिन्तित हुँदै स्टाफका लागि रेलवे क्वार्टर अपरिहार्य रहेको अनुभव उसले गरेको छ र तत्कालै ठाडै महाराजलाई फोन पठाएर आधुनिक क्वार्टर निर्माणको प्रबन्ध र व्यवस्थापन गर्न सफल पनि भएको छ।

विज्ञान प्रविधियुक्त भौतिक संस्कृतिको निरन्तर विकासले नयाँ नयाँ आयाममा योगदान दिँदै जाने भएकाले कोइलाद्वारा चल्ने त्यस रेलको आयु धेरै नभएको तर त्यो रहुन्जेल त्यसको अधिकतम उपयोग हुनुपर्ने विचार लोकोबाबुले प्रकट गरेको छ (पृ.२१०)। उसले रेलको सीमितताका कारण माल ओसारपसारको व्यापारिक प्रयोजनलाई भन्दा यात्रु वसारपसारलाई पहिलो प्राथमिकता दिने गरेको छ (पृ.६८)। यात्रु सेवामा सबैखाले ध्यान पुर्‍याउने जस्ता उसका गतिविधि मानवीय आदर्शको संस्कृति प्रतिस्थापनाका निमित्त छन्। रेलप्रतिको अटुट लगाव र आफ्नो कार्यक्षेत्रप्रतिको आजीवन समर्पण र निष्ठाका अनुभूति लोकोबाबुको यस अभिव्यक्तिमा प्रकट छ,

> त्यस बेलादेखि मात्र होइन, त्यो भन्दा निकै अघिदेखि भनौँ बाल्यकाल देखिनै जब म विद्यार्थी थिएँ, कुनै न कुनै रूपले रेलसँग मेरो सम्बन्ध रहिआएको छ। आफ्नो रचना सबैलाई प्यारो हुन्छ, त्यही मायाले गर्दा म नेपाली नागरिक भएर स्थायी रूपले यस सानो शहरमा बस्न सकेँ। बङ्गाल बिर्सिसकेँ। त्यो अब भोजन र स्वादमा सीमित छ अब म सम्पूर्ण आत्मा र शरीरले नेपाली संस्कारमा भिजिसकेको छु। (४८)

कलकत्ताको बङ्गाली लोकोबाबु जसको त्यो जमानामा लोकोमोटिभ इन्जिनियरका रूपमा प्रभुत्वशाली पिँढीगत हैसियत रहेको छ; त्यस व्यक्तिले नेपालको सानो सहर वीरगन्जलाई कर्मक्षेत्र बनाएर त्यहीँको सामाजिक संस्कृतिको रसबसमा भिज्नसक्नु अनि निम्नमध्यम वर्गीय पिँढीको प्रतिनिधि पवनको क्षमता चिनेर ऊसँग अणुलाई हिमचिम गर्न दिनु र अन्तर्यमा ती दुईलाई भावी जीवनसाथीका रूपमा ग्रहण गर्नु जस्ता लोकोबाबुका अनुभूति र व्यवहारमा उसको आदर्श चेत प्रतिबिम्बित भएको छ जसमा रूढ समाज होइन, परिवर्तित समाजको आकाङ्क्षा समाहित छ। अणुको पढाइमा पवनले सघाउने र त्यस वापत उसलाई महिनाको बीस रुपियाँ पुरस्कारसरह दिने लोकोबाबुको प्रस्तावमा पवनले सान्निध्य स्वीकार गर्दै पुरस्कारवापतको रकमलाई भने शिष्टतापूर्वक अस्वीकार गरेको छ र बाबुको महिनाभरिको अघोर परिश्रमको ज्याला तीस

रुपियाँमात्र रहेको कुरा पनि उठान गरेको छ । त्यतिखेर तर्कद्वारा पवनलाई पारिश्रमिक ग्रहण गर्न सहमत गराउनुले पवनमा समेत उदीयमान चेत निर्माणमा लोकोबाबुको भूमिका रहेको देखिन्छ (पृ.१४२) । उसको प्रबुद्ध व्यक्तित्वको पहिचानलाई दुर्गानाथले बुहारीसमक्ष यसप्रकार प्रकट गरेको छ, "दुलही, ती ज्यादै सभ्य र शिष्ट छन् । तिनीहरूसितको उठबसबाट पवनले यति कुरा सिक्न सक्ने छ जो कि यस घामड शहरमा दश वर्ष बसेर पढिरह्यो भने पनि जान्न सक्दैन" (पृ.१५१) । यसरी लोकोबाबुसँगको सान्निध्य पवनमा नवचेतको निर्माणमा ज्यादै फलदायी हुने विचार दुर्गानाथले प्रस्ट पारेको छ । त्यस सिङ्गो सहरमै भौतिक संस्कृतिका महत्ता र आवश्यकतालाई बोध गराउन सक्ने यो पात्र त्यहाँ सबैका लागि आदरणीय छ । रेलवेका आफ्ना मातहतका कर्मचारीहरूमा नवचेत निर्माणमा पनि यस पात्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकेको देखिन्छ । डाक्टर र श्रीवास्तवबिचको अहम्को द्वन्द्वमा निःसृत व्यक्तिगत विवादमा तटस्थ रहेर धर्मफराक मार्गनीतिको अवलम्बनको लोकोबाबुको प्रबुद्ध व्यक्तित्वको परिचायक भएको छ । तिनबिचको द्वन्द्वमा एकको पक्षधरता लिने र उसलाई उचालेर द्वन्द्वलाई बढावा दिने अथवा त्यसमा निरपेक्ष रहेर समाधानको बाटो नदेखाउने दुईवटै काम ऊबाट भएको छैन ।

न्यायको याचना लिएर श्रीवास्तव लोकोबाबुसमक्ष प्रस्तुत हुँदा उसको अनुभूतिगम्य स्पष्टोक्ति यसरी व्यक्त छ, "हेर श्रीवास्तव यो तिमीहरूको निजी मामिला हो । ...म प्राविधिक मानिस हुँ, न्यायिक कार्य मबाट हुन सक्दैन" (पृ.९५) । यसरी डाक्टरको अर्घेल्याइँ रहे पनि त्यसमा आफू संयुक्त हुन नहुने किनभने त्यो घटना ड्युटीबाहेकको समयमा घटित भएको र यस्तो काममा प्रशासकले हात हाल्न थाल्दा भोलि स्टाफबिच भइपरि आउने अरू झगडा पनि किनारा लगाउने अवस्था आइलाग्ने सम्भावनाका दायित्वगत दायरामा अतिक्रमण हुने तथ्यलाई पनि उसले प्रस्ट पारेको छ । यहाँनेर कुनै पनि विषयवस्तुलाई गहिरिएर हेर्ने लोकोबाबुको आलोचनात्मक चेत प्रकट भएको छ जसमा भौतिकवादी वस्तुपरक चिन्तन समाहित छ । डाक्टरले ड्युटी समयभन्दा अघिपछि नै भएपनि लुकिछिपी बिरामी हेर्न गएको श्रीवास्तवको गुनासोमा उसलाई समेत प्रस्ट आत्मलोचना गराउने गरी स्पष्ट विचार दिनसकेको छ । त्यस क्रममा उपन्यासमा लोकोबाबुले श्रीवास्तवलाई निजी किसिमबट मनोमानिल्य हटाउने सल्लाह दिनुका साथै रेलवेका स्टाफहरूको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर निक्कै यत्नपूर्वक उच्च शिक्षित डाक्टरलाई त्यहाँ लाएको र राम्रो चिकित्सक गुमाउन नहुने समेतको उसको दृष्टिकोण प्रस्तुत गरिएको छ (पृ.९५) जसमा मानव सेवाभावलाई पहिलो प्राथमिकतामा राखेर हेर्ने उसको अनुभूतिगम्य दृष्टिकोण पनि मूर्त भएको छ ।

डाक्टर पनि न्यायको याचना लिएर लोकोबाबुसमक्ष पुग्दा यसै गरी श्रीवास्तव पनि आएको तर आफूले उसको पक्षधरता नलिई फर्काएको कुरा लोकोबाबुले प्रस्ट पारेको छ । डाक्टरले अब आफू यस अवस्थामा, यस स्थानमा बस्न नसक्ने बताउँदा स्पष्टवक्ता लोकोबाबुले

भनेको छ, "जहाँसुकै जाऊ डाक्टर, तिम्रो स्वभाव बुई चढेर तिमीसितै जान्छ । यो हन्डर अन्यत्र पाउँदैनौं भन्ने भरोसा कसरी लिन सक्छौं । तसर्थ तिमीले स्थानको सट्टा आफ्नो स्वभावमा परिवर्तन ल्याउनु बेस हुन्छ" (पृ.१५७) । यसरी खसोखास कुरा गर्न कति पनि नहिच्किचाई डाक्टरलाई यथार्थ धरातलमा ओह्राल्ने प्रयास लोकोबाबुको देखिन्छ । डाक्टरले थप उत्तेजित हुँदै आफू खानदानी र उच्च शिक्षा पाएको युवक भएकाले उसलाई जड्याहा तथा जुवाडी श्रीवास्तवसँग तुलना गर्न नमिल्ने बताएको छ (पृ.१५७) । त्यत्तिखेर पनि लोकोबाबुले त्यसबारेका आफ्ना अनुभूतिलाई स्पष्ट अभिव्यक्ति दिएको छ । उसले श्रीवास्तवले मध्यमवर्गी परिवारको सावगासले भ्याउन नसक्दा उच्चशिक्षा पाउन नसके पनि ऊ अनुभवले खारिएको, आफ्नो ड्यूटीमा पक्का रहेको, ड्युटी पूरा गरेर व्यक्तिले आफूलाई सुहाउँदो मनोरञ्जन रोज्नमा आफ्नो आपत्ति नरहेको र आफू रेलवे अधिकारी भएको हुँदा आफ्नो अधिकार क्षेत्र रेलवेको हाताभित्र सीमित रहेको तर्क प्रस्तुत गरेको छ (पृ.१५८) । यसप्रकारको लोकोबाबुका आफ्ना कार्यगत सीमाबारेका र डाक्टरप्रतिका आलोचनात्मक चेतयुक्त भनाइ डाक्टरलाई यथार्थ स्थितिबोध गराउने र सही बाटोमा ल्याउने अचूक उपाय बनेको छ । बल्ल झगडाका लागि आफू पनि दुःखी भएको र आफू भित्रभित्रै भाँच्चिएको भन्ने डाक्टरको अभिव्यक्ति सुनेपछि लोकोबाबु यही स्वीकारोक्ति श्रीवास्तवसमक्ष प्रकट गर्ने र झगडालाई अन्त गर्ने सुझाव दिएको छ । यसप्रकार डाक्टर र लोकोबाबु दुवै मूलधारको आभिजात्य संस्कृतिलाई संवहन गर्ने प्रभुत्वशाली पिँढीसँग सम्बद्ध भए पनि संस्कृतिगत विकृतिलाई प्रश्रय दिने डाक्टरको सोच परिवर्तन गराउँदै उसमा कर्तव्य केन्द्रित रहने नवचेत प्रदान गर्न लोकोबाबु सक्षम देखिएको छ । यसप्रकार लोकोबाबुद्वारा त्यस सानो सहरी समाजका गतिविधिको तटस्थ दर्शक रहेर आलोचनात्मक दृष्टि राख्नु, सेठका पीताम्बरप्रतिका अन्यायलाई ठम्याउनु, पीताम्बर तथा पवनको सही व्यक्तित्व पहिचान गर्नसक्नु जस्ता गतिविधि फलित हुनुमा उसमा निःसृत उदीयमान अनुभूतिको प्रभाव देखिन्छ ।

लोकप्रिय संस्कृतिद्वारा आमजनलाई मनोरञ्जन दिने निम्नवर्गीय प्रतिनिधि गणेशीप्रतिको घृणा समेत पूर्णतः हटेर उसलाई प्रेमपूर्वक आत्मसात् गर्नुले अन्ततः लोकोबाबु प्रभुत्वशाली संस्कृतिगत दोषबाट सर्वथा मुक्त भएको देखिन्छ । गणेशीमा विद्यमान मानवीय चेतले क्रमशः प्रभावित हुँदै गएको लोकोबाबुले दुर्गानाथको तारतम्यमा जब उसको मन्तव्यलाई आत्मासात् गर्दछ तब उसमा रहेको आमजनको लोकप्रिय संस्कृतिप्रतिको भेदभावपूर्ण दृष्टिकोण पनि तिरोहित भएको छ । त्यस सन्दर्भको उसमा प्रायश्चित्का अनुभूतिले पनि उपन्यासमा प्रस्तुति पाएको छ (पृ.२४६) । लोकोबाबुले गणेशीको सम्रग व्यक्तित्वलाई बहुआयामिक कोणबाट ठम्याउँदै ऊप्रति जनसमूह माझ गरिएको खुला प्रशंसा त्यस्तो अनुभूतिमा निःसृत छ जसमा गणेशीका विवेकी गतिविधि मात्र होइन, उसका लोकप्रिय संस्कृतिप्रतिको आस्थासमेतको स्वीकारोक्ति रहेको छ । यसप्रकार वयोवृद्ध पुस्ताका प्रतिनिधि द्वयमध्ये निम्नमध्यम वर्गीय दुर्गानाथले आध्यात्मिक मार्ग र उच्च वर्गीय लोकोबाबुले भौतिक मार्गका तर्फबाट समानान्तरमा रहेर परस्पर एकअर्कालाई मात्र

नभई समस्त सहरबासीको नवचेत निर्माणमा पारेको प्रभावले ती दुईलाई उदीयमान पिँढीको कोटिमा पुऱ्याएको छ ।

### ५.४.३ सामाजिक विभेद विरुद्ध प्रतिरोधी चेतनामा निःसृत अनुभूतिको संरचना

*घामका पाइलाहरू* उपन्यासमा गणेशी वर्गीय तहमा अधीनस्थ समुदायको प्रतिनिधि भए पनि ऊ चेतनाका तहमा उदीयमान चेत बोकेको पात्र हो । ऊ समाजमा विद्यमान वर्गीय भेदभावका विरुद्धमा छ । यद्यपि गणेशीले लोकोबाबुको आफूप्रतिको हेयपूर्ण दृष्टिकोण र व्यवहारको प्रत्यक्षतः प्रतिरोध गर्न सकेको छैन तर परोक्ष रूपमा भने उसले विरोध गरिरहेको यथार्थ उपन्यासमा यसरी प्रकट छ, "त्यसैलाई देऊ न पानी, आफ्ना आसनी पखालोस् । आज बीसौँ वर्षदेखि जो कागतले पुछेको बासा पिँध लिएर हिँडिरहेको छ, त्यो मलाई फोहरी भन्छ" (पृ.११५) । गणेशीले ड्राइभर वा पानी पाडेसित आफ्नो स्तर अनुसार गरेको ठट्टा सुन्दा अपाच्य अनुभूति गर्ने, सदैव पान बेचेर जीवन गुज्रान गर्ने गणेशीजस्ता गरिबजनलाई अपठित, गँवार र असभ्य ठान्ने तथा तिनको लोकप्रिय संस्कृतिप्रति घृणा गर्ने लोकाबाबुमा निहित प्रभुत्वशाली पिँढीगत दोषलाई गणेशीले ठम्याएको छ । लोकोबाबुले त्यस्तो बेला, "इडियट स्वाइन, डर्टी लैङ्ग्वेज झिक्छ । मुख धुन भन त्यसलाई" (पृ.११५) भनी चीत्कार गर्दा पछाडि नै भए पनि उसले प्रतिकार गरेको छ । यद्यपि आफ्ना मानवोचित व्यवहारजन्य नवचेतले गणेशीले सहरवासीहरूको जसरी मन जितिरहेको हुन्छ त्यसरी नै लोकोबाबुप्रति पनि आफ्नातर्फको मानवीय व्यवहार गरि नै रहेको देखिन्छ ।

लोकोबाबु हृदयाघात भएर ढल्न खोज्दा गणेशीलाई समाउन पुगेको परिस्थिति उपन्यासमा प्रस्तुत छ । त्यतिखेर सेवाभावले ओतप्रोत हुँदै दिलोज्यान दिएर लोकोबाबुको स्वास्थ्यलाभका निमित्त गणेशी निरन्तर क्रियाशील रहेको छ । स्वास्थ्यलाभपछि कसैलाई थाहा नदिई लोकोबाबु एकाएक स्टेसनमा उपस्थित हुँदा पहिला गणेशीले नै चाल पाएको छ र रेलवे स्टाफका परिवारलाई परिचालन गरी लोकोबाबुको भव्य स्वागत गरेको छ । आफ्ना मानवोचित कर्मद्वारा गणेशीले क्रमशः लोकोबाबुको पनि मन जित्दै गएको छ । लोकोबाबुको खास व्यक्तित्वलाई उसले यसरी ठम्याएको छ, "गाली गर्नमा मोरो छुट्टा गोमनजस्तो आफूलाई देखाउँछ, तर डस्दैन कसैलाई । पेटमा लात हिर्काउँदैन कसैको" (पृ.५७) । यसरी व्यक्ति पहिचानको क्षमता राख्न सक्ने गणेशीले अन्ततः लोकोबाबुको मनलाई पूर्णतः जित्न सकेको छ (पृ.२४६) । लोकोबाबुको स्वास्थ्यलाभको खुसियालीमा रेलवे स्टाफ परिवारहरूद्वारा आयोजित सत्यनारायणको पूजा तथा प्रवचन कार्यक्रमसमेतको समापनपछि दुर्गानाथ तथा लोकोबाबु त्यहाँबाट विदा हुने बेलामा गणेशीले रेलवेका सबै कामदारहरूलाई यसरी आह्वान गरेको छ, "यी हाम्रो बीचका महापुरुषहरू हुन्, आऊ, यिनको चरणधूलि मस्तकमा टाँसौँ । एकधर्मका पिता, अर्को कर्मका पिता" (पृ.२४८) । अनि क्रमशः दुवैको चरणस्पर्श गर्दै ती समाजका अगुवा र महान् पुर्खाहरू भएको बताउँदै तिनको

लामो आयुको कामना गरेको छ। यसप्रकार लोकोबाबुको आफूप्रतिको घृणालाई उसले मायाले जित्न सकेको छ।

आफू रहेको त्यस सहरी समाजलाई राम्ररी चिन्ने सामर्थ्यसहित आफ्नै खुबी, सीप र जाँगर बोकेर सत्कार्यमा त्यहाँका सबैलाई सङ्गठित गर्दै स्वस्थ समाज निर्माणका निमित्त गणेशी क्रियाशील देखिन्छ। यसरी समाजमा नवचेत प्रसारणमा उसले भूमिका निर्वाह गरेको छ। उसमा व्यक्तित्व पहिचान गर्ने क्षमता र न्यायिक चेतको पर्याप्तता रहेको छ। श्रीवास्तवप्रति डाक्टरको दुर्व्यवहार वर्गीय भेदभावका पृष्ठभूमिमा भएको र त्यसले श्रीवास्तवको आत्मसंयममा ठेस पुगेको अवस्थालाई ठम्याएर डाक्टरको दुष्प्रवृत्तिलाई पराजित गर्न आफ्नै स्तर र सुझबुझको चक्रव्यूहको रचना गरेको छ र त्यसको कार्यान्वयनमा सफलता पनि प्राप्त गरेको छ (पृ.११२)। उद्देश्यपूर्तिपछि तत्कालै क्लेशमुक्त हुनसक्ने उसको स्वभावले डाक्टरसमेत ऊबाट प्रभावित हुन बाध्य भएको छ। जब डाक्टर र श्रीवास्तव द्वेषभावरहित भएर परस्पर मिलनमा आबद्ध हुन्छन् र टिकट अफिसबाट डाक्टर बाहिर निस्कन्छ त्यत्तिखेर ऊ भन्दछ, "हजूर, यो सगुनको पान लिनुस्। हरेक शुभकार्यमा यो नभै हुन्न" अझ त्यसपछि पनि परबाट फर्केर हेर्दै गरेको श्रीवास्तवलाई समेत लक्ष्यित गरी कराउँछ, "माड्साब, आज म मान्ने होइन। डाक्टर, मास्टर दुबैले ख्वाउनु आज मलाई पेटभरि" (पृ.१६०)। यसप्रकार आफूले मात्र होइन, श्रीवास्तवले पाएको उत्पीडनसमेतको बोधमा उसलाई सहृदयी व्यवहार प्रकट गर्ने, दबाब र तनावलाई निकास दिन उसले आफ्नै शैली अवलम्बन गरेको छ। आफू र अरूलाई पनि क्लेशरहित राख्न सक्ने बहिर्मुखी गणेशीका आलोचनात्मक चेत र चनाखोपनद्वारा विद्यमान सामाजिक परिस्थितिलाई ठम्याउँदै प्रकट भएका उसका विशिष्ट व्यवहारमा उदीयमान चेत प्रस्तुत भएको छ।

गणेशीले श्रीवास्तवसमक्ष सेठको द्वैध चरित्रबारे खुलासा गर्दै उसका दिन र रातका कारोबार र कामदार फरकफरक रहेको सन्दर्भलाई यसरी अभिव्यक्ति दिएको छ, "घरघरको खबर त होइन बाबू, न्याय-अन्यायको खबर राख्छु। यस सेठको त रौं रौंको खबर राख्छु। दिनभरि यो आफ्नो अनुहारमा मधुर मुस्कानको मुकुन्डो टाँसिराख्छ। जब रातको कालो पर्दाले सिङ्गै शहर ढाक्छ, अनि यसभित्रको क्रूर सेठ हुँकार गर्दै बाहिर आउँछ" (पृ.१७४)। सेठका मानिस उसलाई पनि काममा लगाउन फकाउन आउँदा उसको नैतिक चेतजन्य अनुभूति यसप्रकार प्रकट भएको छ, "दिनको नोकरी हो भने म विचार गर्छु, होइन भने रातको काम चोरडाँकाले मात्र गर्ने हो, म त्यो गर्दिन बरु यही घाँस बेचीबेची गुजारा गर्छु" (पृ.१७५)। यसप्रकार आफू नैतिक दायरामा अडिग भएर जीवनयापन गर्ने सोचमा ऊ स्पष्ट छ। अन्याय, अत्याचारका विरुद्ध, समाजमा व्याप्त विभेद विरुद्ध प्रतिरोधचेतजन्य अनुभूतिको संरचना निरन्तर निर्माण गर्नु, अनि तज्जन्य मानवोचित दृष्टिकोण र व्यवहारलाई प्रस्तुति दिनुका कारण त्यस सहरमा ऊ ज्यादै लोकप्रिय रहेको छ। ऊ उदीयमान पिँढीको प्रतिनिधि पनि बन्न सकेको छ। यहाँनेर उपन्यासकारले गणेशीको स्वाभिमान

र उसको उदीयमान चेतको सामाजिक प्रभावलाई प्रस्तुत गर्दै समाज रूपान्तरणको प्रक्रियालाई पनि सङ्केत गर्न सकेका छन् ।

उपन्यासमा उदीयमान पिँढीको प्रतिनिधित्व द्वारिकाले पनि गरेको छ । ऊ रोजगार रहेको त्यस उदाउँदो सहरी समाजमा नवचेतको प्रसारणमा उसको भूमिका पनि महत्त्वपूर्ण देखिएको छ । झिसमिसे अँध्यारोमा पोखरीको किनारमा स्नान गर्न पस्दा पोखरीमै डुब्न पुगेकी महिलालाई डिलमा रहेका पुरुषहरूले उद्धार गर्न हिच्किचाएको अवस्था उपन्यासमा प्रस्तुत छ । त्यतिखेर कोही डुबेको चाल पाउनासाथ द्वारिकाले डुब्ने व्यक्ति लोग्नेमान्छे वा स्वास्नीमान्छे भन्दा पनि 'मान्छे'को ज्यान बचाउने मानवीय चेतलाई तत्काल क्रियान्वयन रूप दिएको छ र मर्न लागेकी महिलाको उद्धार गरेको छ । त्यस परिप्रेक्ष्यमा महिला समूहले गौरवको अनुभूति सँगालेको छ र पुरुष समूहले भने लज्जाको अनुभूति सँगाल्दै त्यहाँबाट निस्केको स्थिति छ (पृ.१९५) । अध्याँरोमा उद्धारक व्यक्ति द्वारिका र उद्धार पाएकी व्यक्ति रम्भी रहेको कुरा त त्यहाँ उज्यालो भएपछि मात्रै खुलासा भएको छ । त्यस परिप्रेक्ष्यमा निःसृत तात्कालिक अनुभूतिको संरचनालाई उपन्यासमा त्यहाँ उपस्थितमध्ये कुनै एक महिलाको भनाइमा यसप्रकार प्रस्तुत छ,

> एउटी अवलाको ज्यान जान लाग्दा पनि उभिएर रमिता हेरिरहने नपुंसकहरूलाई धिक्कार छ । आफ्-आफ्ना स्वास्नीको पेटीकोटभित्र सुरक्षित भएर बस्न जाऊ । जसले यसको ज्यान जोगायो त्यो मर्दमात्र होइन हामी सबैको लागि देउतासमान हो । हामी सबै तिमीलाई आशीर्वाद दिन्छौँ । दुःखी र असहायलाई सहयोग गर्न तिम्रो आयुर्दा हज्जारौँ वर्षसम्म रहिरहोस् । (पृ.१९५)

परपुरुषले महिलालाई छुन हुन्न भन्ने तत्कालीन मूलधारको संस्कृतिमा दीक्षित एवं परिस्थितिको गाम्भीर्य विचार गर्न नसक्ने चेतनाहीन अवस्थाको पुरुष समुदायमा द्वारिकाको कदमले ठुलो अर्थ राख्न पुगेको यथार्थ महिलाका उक्त अनुभूतिका संरचनामा प्रकट छ । त्यस्तै, सेठद्वारा आफ्ना कालोधन्दाका कुकृत्य लुकाउन पीताम्बरको रोजगारी खोस्ने जुन प्रपञ्च रचिएको छ । त्यस सन्दर्भमा पीताम्बर स्वयम्ले राजीनामा दिनु तर त्यसपछिमात्र थानामा उजुरी गर्ने विचार प्रकट गर्नुमा द्वारिकाले असहमति प्रकट गरेको छ । उसमा निहित आलोचनात्मक चेत पीताम्बरलाई उसले दिएको यस प्रत्युत्तरमा प्रकट भएको छ,

> सेठउपर कारबाई गराउन थाना जाने तिम्रो विचार मलाई ठीक लागेन । यो त राजीनामा नदिँदै गर्ने काम थियो । अब उजूर गर्दा प्रतिशोधको भावनाले गरेजस्तो हुन जान्छ । सेठले काममा राखिछाडेको भए पीताम्बर कहिँले उसको अन्यायबारे मुख खोल्ने थिएनन् भन्ने कुराको झल्का मानिसको मनमा पर्न सक्छ । (पृ.२०१)

राजिनामा दिएर मात्र आफ्नो सामाजिक कर्तव्य पूरा नभएको ठानेर थानामा गएर सेठको कालो व्यवसायबारे रिपोर्ट गर्ने पीताम्बरको भनाइको द्वारिकाले विरोध गरेको देखाइनुमा आफूमा परेको वर्गगत अन्याय-अत्याचारको कुरालाई मात्र नहेरी सेठको कालो व्यापारले समाजलाई

पुऱ्याएको हानिको पनि तत्कालै प्रतिकार हुनुपर्ने तर त्यसमा ढिलाइ गरिनु पीताम्बरको कमजोरी भएको यथार्थलाई पनि प्रस्ट पार्नु रहेको छ। भारतीय नागरिक द्वारिका भारतमा अङ्ग्रेजी उपनिवेश विरुद्धको भूमिगत आन्दोलनको क्रान्तिकारी व्यक्तित्व भएको र राजनीतिक परिस्थितिवश नेपाल आई शिक्षण पेसामा संलग्न रहेको उसको पृष्ठभूमिको सन्दर्भसहित उपन्यासमा उसका उदीयमान व्यवहारको स्वाभाविक प्रस्तुति भएको छ। यसप्रकार त्यस कालखण्डमै सामाजिक रूपान्तरणमा उदीयमान पिँढीले नवचेतको प्रवाहमा निर्वाह गर्दै आएको भूमिकालाई प्रस्टता दिने प्रयोजनमा पनि उपन्यासमा अनुभूतिका संरचनाको उपयोग गरिएको छ। मृत्युअघि दुर्गानाथले पवनसमक्ष अनुकरणीय आदर्श पुरुषका रूपमा द्वारिकालाई प्रस्तुत गर्दै नातिको आचरण उसकै जस्तो रहोस् भन्ने कामना गरेको छ। छोराबुहारी गाउँफर्के पनि नातिले द्वारिकासँगै बसेर पढाइ जारी राख्ने सल्लाह दिएको छ। उपन्यासमा प्रस्तुत यी सन्दर्भले द्वारिकाको उदीयमान व्यक्तित्वले दुर्गानाथको चेतनामा पारेको प्रभावलाई प्रकट गरेको छ। यसप्रकार दुर्गानाथ, लोकोबाबु, गणेशी तथा द्वारिकाले आफ्ना-आफ्ना उदात्त चेतना र व्यवहारद्वारा त्यहाँका बासिन्दामा सामाजिक भेदभाव विरुद्ध प्रतिरोधी चेतनाको सञ्चरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ।

### ५.४.४ पुस्तान्तर भेदको पृष्ठभूमिमा सिर्जित नवउदीयमान अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा पुस्तान्तरभेदको पृष्ठभूमिमा निःसृत उदीयमान अनुभूतिको संरचनाले पनि यथास्थान अभिव्यक्ति पाएका छन्। सामाजिक जमघटमा लोकप्रिय संस्कृतिजन्य ख्यालठट्टाले पनि ठाउँ पाइरहेको हुन्छ। त्यस्तै पुस्तान्तरजन्य अलग-अलग अनुभूतिगत व्यवहारले उपन्यासमा सत्यनारायण पूजा, खानपिन र प्रवचन कार्यक्रमका सन्दर्भमा प्रस्तुति पाएको छ। कार्यक्रम समापन भएपछिको रमाइलो ख्यालठट्टामा पुस्तान्तरजन्य भिन्न अनुभूतिलाई दुर्गानाथले यसरी प्रस्तुत गरेको छ,

> अमलेन्दुबाबु, हामीले यहाँबाट जानु असल छ हाम्रो लागि र यिनको लागि पनि। एक पुस्ताको अन्तर पर्न गएकोले दुवै पक्षलाई खुल्न कठिन हुन्छ। हामी वृद्ध-विधुरहरू, यी बैंसालु सबै घरपरिवार भएका। आइमाईहरू त झन् हाम्रो सामु खुलेर रमाइलो मनाउन सक्दैनन्। हाम्रो जस्तो गति यस समाजमा पवन र अणुको पनि छ। ती एक पुस्ता तल हुन गए। ती पनि यस वातावरणमा पच्न सक्दैनन्। (पृ.२४८)

मध्यम उमेरको पुस्ताबिच चलेको दाम्पत्य जीवनसँग सम्बद्ध ठट्टा र हँस्यौलीमा त्यो पुस्ताभन्दा अघिल्लो र पछिल्लो पुस्तालाई खुल्न कठिन हुन्छ। त्यतिखेर पवनले हत्केलाले मुख छोपेर र अणु सप्कोले मुख ढाकेर अदवका साथ हाँस्न थालेका छन्। त्यो देखेपछि दुर्गानाथद्वारा अभिव्यक्त उक्त अनुभूतिगम्य भनाइ उपन्यासमा प्रस्तुत भएको छ। मनोरञ्जनको संस्कृतिजन्य प्रभाव उमेर, लिङ्ग, वर्ग आदिका सापेक्षतामा भिन्न-भिन्न पिँढीका बेग्लाबेग्लै हुन्छ भन्ने तथ्यलाई उक्त अनुभूतिको संरचनाले प्रस्ट पारेको छ। साथै, दुर्गानाथमा निःसृत त्यस उदीयमान चेतमा

त्यस परिप्रेक्ष्यको पुस्तान्तरजन्य भेद ठम्याउने उसको सामर्थ्यसँगै सबै तहको मनोरञ्जनप्रतिको उसको सद्भाव पनि प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा नव उदीयमान पिँढी बन्ने तरखरमा पवन रहेको तथ्यलाई उसमा निर्मित अनुभूतिका संरचनाले सङ्केत गरेको छ। उसले उदाउँदो उमेरको युवा पिँढीको प्रतिनिधित्व गरेको छ। हजुरबुबासँगको सान्निध्य र साहचर्यका कारण पवनले उमेरभन्दा पनि बढी परिपक्व हुनुको सुझबुझ प्राप्त गरेको देखिन्छ। हजुरबुबाप्रति पवनको अपार आस्था र स्नेहजन्य अनुभूतिले उपन्यासमा यसप्रकार अभिव्यक्ति पाएको छ,

> कत्रो लामो उमेरका खुड्किला उक्लिदै आउनुभो तपाइँ। तपाइँको सहवास बडो थोरै पाउने भए म हजूरबा। उमेरको साटफेर गर्न पाए कति राम्रो हुने थियो। म आफ्नो उमेरको एक लामो अंश तपाईंलाई दिएर हाम्रो सहवासलाई अझ लामो कालसम्म अविच्छिन्न राख्ने थिएँ। (पृ.१६५)

हजुरबुबाको उदात्त व्यक्तित्वको छत्रछायामा हुर्केको हुँदा पवनमा नव उदीयमान चेत निरन्तर निर्माण भइरहेको देखिन्छ। एकजनाको सीमित आम्दानीले परिवारको रथ गुडाउनुपर्छ निक्कै दबाब र तनाव झेलिरहेका बाबुको परिवार सदस्यहरूप्रतिको आक्रोशमा ऊ पनि उत्पीडित छ तथापि बाबुका हजुरबुबा तथा आमाप्रति व्यक्त आक्रोश र मनोमानिल्य कम गर्न उसले तत्परता देखाइरहेको हुन्छ। ज्यादै संयमशील, स्वाभिमान, पढाइप्रति अत्यन्त जागरुक; पारिवारिक दायित्वप्रति सचेत; परिवारको आर्थिक भार घटाउन छात्रवृत्ति प्राप्ति लगायतका उसका प्रयत्नहरू; अणु, लोकोबाबु अनि द्वारिकाप्रतिका उसका शिष्ट व्यवहारहरू सबैमा निक्कै सन्तुलित रहेको पवन नवउदीयमान पिँढीगत अनुभूतिले डोरिएको छ। उपन्यासमा अणु पनि मूलधारका आभिजात्य संस्कृतिगत दोषबाट मुक्त, खुला विचार, तर्कशीलता, उन्मुक्त हाँसो, निश्छलता आदिमा निःसृत अनुभूति सँगाल्दै अघि बढेकी हुँदा ऊ पनि नवउदीयमान पिँढीको कोटिमा रहेकी छ तथापि किशोर पिँढीको प्रतिनिधित्व गर्ने पवन तथा अणुमा वेथिति र अन्याय विरुद्धको प्रतिकारचेतमा निर्मित अनुभूतिको संरचना भने देख्न सकिँदैन त्यसैले यो पिँढी उदीयमान युवा पिँढी बन्ने तर्खरमै छ।

उपन्यासमा युवा पिँढीलाई प्रतिनिधित्व गर्ने डाक्टर प्रधान तथा डाक्टर्नी पात्रहरूले यद्यपि प्रभुत्वशाली पिँढीगत संस्कृतिलाई नै संवहन गरिरहेका छन् तथापि विशेष परिस्थितिको सामना गर्नुपर्दा तिनमा निर्मित प्रभुत्वशाली संस्कृतिजन्य संस्कारगत दोष मेटिँदै गएर क्रमशः मानवोचित चेत निर्माण हुँदै सामाजिक बन्न पुग्नुमा पनि जीवनानुभवले खारिएको वयोवृद्ध पुस्ताको प्रतिनिधित्व गर्ने लोकोबाबुको असर रहेको देखिन्छ। त्यसै गरी जातीय तहमा प्रभुत्वशाली पिँढीगत हैसियत राख्ने वयोवृद्ध पुस्ताकै दुर्गानाथले आफ्ना विशुद्ध चरित्र र आचरणले उदीयमान पिँढीको प्रतिनिधित्व गर्न सकेको छ। वर्गीय, जातीयलगायत धेरै आधारमा प्रभुत्वशाली पिँढीको हैसियत बोकेको लोकोबाबु जस्ता चेतनशील व्यक्तिहरूले मानवीय धर्मका पक्षमा र बेथिति, अन्याय र अत्याचारका प्रतिरोधमा विशिष्ट अनुभूति निर्माण गरिरहेका हुन्छन् र तिनले उदीयमान

पिँढीगत व्यवहार प्रकट गर्न सक्दछन् भन्ने यथार्थको प्रस्तुति उपन्यासको सबल पक्ष बनेको छ। लोकोबाबु तथा गणेशी दुवै पात्रमा केही मात्रामा मानवजन्य दोष विद्यमान रहे पनि तिनीहरूद्वारा मानवीय आदर्शजन्य संस्कृतिको प्रवाहमा पुऱ्याइएको योगदानको प्रस्तुतिमा आदर्शोन्मुख यथार्थलाई सबैतिरबाट टेवा पुऱ्याउने लेखकीय ध्येय पनि प्रकट भएको छ। अतः पुस्तान्तर भेदका जुनै पिँढीले पनि उदीयमान अनुभूतिलाई जन्म दिन सक्ने यथार्थलाई पनि प्रस्तुत उपन्यासले सम्बोधन गरेको छ।

### ५.४.५ क्षेत्रीय विभेद विरुद्ध प्रतिरोधी चेतमा निःसृत अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा क्षेत्रगत भेदलाई गाउँ र सहरगत भिन्नताका आधारमा मात्र होइन; सानो सहर र ठुलो सहरगत भिन्नताले सिर्जना गर्ने अनुभूतिगत विशिष्टतामा पनि हेरिएको छ। उपन्यासमा शीतल हावापानी भएको ठुलो सहरबाट आएकी युवतीका मधेसी समुदाय र सानो सहरप्रतिको हेयपूर्ण अनुभूतिमा सिर्जित आक्रोशको वाणीले आहत अनुभूति बोकेर एक्कावाल मधेसी युवक यसरी कुर्लिएको छ,

> आफ्नो इन्द्रासन छाडेर किन आज यस नरकमा पाल्नुभो त ? वर्षभरि पसीना बगाएर, हलोको मूठ र कोदालीका बिँड हातबाट हट्न नदिई यहाँका खेतालाले भित्र्याएको बाली उठाउन आउनुभएको होला ? तपाईं आफ्नो एकदिन मात्र त्यस खेतालाको दिनसँग साटेर हेर्नुस् अनि थाहापाउनुहुनेछ, उब्जाउनु र सोहोर्नुमा कति फरक रहेछ। हामी तपाईंका अन्नदाता हौँ। तपाईंको उच्च संस्कार, भव्य पोशाक र भाषाको बनोटमा हाम्रो पसीनाको आशीर्वाद पनि लुकेको छ। (पृ.१३२)

उक्त अनुभूतिको संरचनामा मधेस क्षेत्रगत हुँदै आफ्नो जाति र श्रमको संस्कृतिप्रतिको गौरव एकाकार भएर प्रस्तुत भएको छ। स्वाभिमान चेत, श्रमप्रतिको सम्मान र सहरी सभ्यताबाट कृषि सभ्यताप्रतिको अपमानका विरुद्धको सचेततालाई सङ्केत गर्ने यो चिन्तनमय अनुभूति उदीयमान चेतनाको द्योतक हो। यस चेतनाको शक्ति र प्रभावकै परिणामस्वरूप सहरी युवती क्तमशः शान्त र सकारात्मक बन्दै मित्रवत् व्यवहार प्रस्तुत गर्ने अवस्थामा आइपुगेकी छ।

प्रस्तुत उपन्यासमा मूलतः आध्यात्मिक चेत संवहन गर्ने दुर्गानाथ तथा भौतिक चेत संवहन गर्ने लोकोबाबुका अनुभव, परिष्कृत विचार, दुवै थरी चेतको समन्वय र समाजको स्वस्थ परिवर्तनका लागि चेतनाले समात्नुपर्ने सही दिशासमेतको उद्बोधनमा उपन्यासमा प्रस्तुत अनुभूतिका संरचनाहरू सशक्त रहेका छन्। उच्च पठित लोकोबाबुको त्यस सहरमा आगमन र भौतिक संस्कृतिको प्रसारणमा विशिष्ट भूमिका रहेको कुरा उपन्यासमा अभिव्यक्त अनुभूतिका संरचनाले प्रस्ट्याएका छन्। उसमा आफूले पाएको जिम्मेवारीलाई सफलतापूर्वक कार्यान्वयन तहमा उतार्ने सामर्थ्य र सुझबुझ, लगनशीलता र कर्तव्यपरायणता, वस्तुपरक तटस्थता, मानवीय

चेत जस्ता गुणहरूका आधिक्यमा उसका सानातिना मानवीय दोष ओझेलमा परेको र अझ पछिल्लो चरणमा गतिशील चेतनाका कारण उसमा विद्यमान आभिजात्य संस्कृतिजन्य दोष तिरोहित हुँदै पूर्ण उदीयमान अनुभूतिको निःसृत भएको देखाउँदै त्यस परिवेशसम्बद्ध अनुभूतिको संरचनालाई महत्त्वका साथ प्रस्तुत गरिएको छ । त्यस्तै, उपन्यासमा अपठित गाउँले र निम्नवर्गीय समुदायको प्रतिनिधिका रूपमा प्रस्तुत गणेशीमा रहेको उदात्त मानवीय भावना र फराकिलो चेतलाई उसकै स्तरमा निःसृत स्वाभाविक स्वरूपका अनुभूतिका संरचनाको निर्मिति र प्रस्तुतिद्वारा उपन्यासमा लोकप्रिय संस्कृतिको महत्तालाई स्थापित गरिएको छ । साथै, उपन्यासमा उदीयमान तहका वर्ग, लिङ्ग, क्षेत्र आदि सन्दर्भमा सामाजिक भेदभाव विरुद्धका प्रतिरोधचेतजन्य अनुभूति, पुस्तान्तरजन्य तथा देशप्रेमजन्य अनुभूतिले पनि संरचनात्मक स्वरूप पाएका छन् ।

विलियम्सका अनुसार ऐतिहासिक खास अवधिमा देखिने विशिष्ट समुदायको अनुभूतिको संरचनाले संस्कृतिको चिनारीमा खास अर्थ राख्दछ (सन् २००५, पृ.२५) । उपन्यासमा प्रस्तुत त्यस सहरोन्मुख समाजमा बहुविध सांस्कृतिक पृष्ठभूमिका विशिष्ट समुदाय अनि फरक-फरक वर्गको प्रतिनिधित्व गर्ने दुर्गानाथ, लोकोबाबु, गणेशी, द्वारका जस्ता पात्रहरूको जमघट रहेको छ । सामाजिक व्यवहारमा ती परस्पर आबद्ध छन् । त्यस क्रममा सिर्जित अन्तरविरोधमा तिनीहरूका उदीयमान अनुभूतिमा डोरिएका गतिविधिले एक-अर्को पिँढी/समुदायमात्र होइन; त्यस सिङ्गो समाज नै प्रभावित बनेको छ । यसप्रकार तत्कालीन नेपाली समाजमा आमजनले सँगाल्दै आएको अधीनस्थताको प्रखर अनुभूतिकै समानान्तरमा उदीयमान पिँढीगत अनुभूतिलाई पनि प्रस्तुति दिनु प्रस्तुत उपन्यासको वैशिष्ट्य बनेको छ ।

## ५.५ *अविरल बग्दछ इन्द्रावती* उपन्यासमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचना

*अविरल बग्दछ इन्द्रावती* उपन्यास पञ्चायतकालीन राजनीतिक व्यवस्थामा रहेको पहाडी ग्रामीण परिवेश र त्यहाँको सामाजिक-सांस्कृतिक अवस्थालाई जीवन्त चित्रण गरिएको कृति हो । उपन्यासले समयसन्दर्भ बनाएको पञ्चायती राजनीतिको त्यस उत्कर्ष कालखण्डमा अधीनस्थ पिँढी/समुदायका उत्पीडन विरुद्ध निःसृत प्रतिरोध चेतजन्य अनुभूतिलाई संरचनात्मक स्वरूप दिनुमा लेखकीय समसामयिक चेतको पनि स्पष्ट प्रभाव रहेको छ । विकल (२०६०) का अनुसार २००५ मा प्रहरी दमनको विरोधका क्रममा आफैँ जेल परेपछि भने राजनीतिक आन्दोलनका घटनासमेतलाई संस्कारगत रूपमा हेर्दै देशद्रोही र आपराधिक ठान्ने उनको दृष्टिकोण, रूढिगत धारणामा परिवर्तन देखापरेको हो (पृ.२२९) । सोही समयसन्दर्भमा श्यामप्रसाद शर्मासँगको भेटघाटका असरले उनको प्रगतिशील राजनीतितर्फ आकर्षण बढ्छ र २००६ सालदेखि भूमिगत नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक कार्यक्रममा उनी सक्रिय हुन थाल्दछन् (पृ.२३३) । उनको मार्क्सवादी चिन्तनको अध्ययन र मार्क्सवादी दर्शनको छलफलमा सहभागिता पनि बढ्न थाल्दछ

तथापि २०१७ पछि भने उनी सक्रिय राजनीतिबाट टाढिन्छन् (ज्ञवाली, २०७३, पृ.५८) । उनको परिपक्व प्रगतिशील वैचारिकी तथा राजनीतिक चेतनामा उनले बोध गरेको नेपाली समाजको वर्गीय, लिङ्गीय तथा जातीय समस्याले *अविरल बग्दछ इन्द्रावती* उपन्यासमा प्रस्तुति पाएको छ ( भट्टराई, २०७७, पृ.३२७) । यिनै परिप्रेक्ष्यमा निर्मित उदीयमान पिँढीका परिवर्तनचेतजन्य अनुभूतिका संरचनाहरूले पनि अभिव्यक्ति पाएका छन् जसले कालखण्डसम्बद्ध सामाजिक संस्कृतिलाई बुझाउने सामर्थ्य बोकेका छन् । अतः यहाँ उदीयमान पिँढीमा निःसृत नवचेतनामूलक अनुभूतिले के कसरी संरचनात्मक स्वरूप पाएका छन् भन्ने कुराको विश्लेषण गरिएको छ ।

### ५.५.१ सामाजिक विभेद विरुद्ध प्रतिरोधी चेतजन्य अनुभूतिको संरचना

प्रस्तुत उपन्यासमा इन्द्रावतीको किनारमा बसोबास गर्दै आइरहेका माझी-दनुवार समुदायका युवा पिँढीमा क्रमिक रूपमा सामयिक चेत उद्बोधन भइरहेको अवस्थालाई चित्रण गरिएको छ । त्यस युवा पिँढीले प्रभुत्वशाली पिँढीका तर्फबाट आफ्नो समुदायले भोग्दै आएको सामाजिक भेदभावका जातीय, वर्गीय तथा लैङ्गिक उत्पीडनका कारण दबाब र तनावको अनुभूति मात्र सँगालिरहेको छैन; प्रतिरोधचेतजन्य अनुभूतिका संरचनाको पनि निर्माण गरिरहेको छ जसको सशक्त प्रस्तुति उपन्यासमा भएको छ । उपन्यासमा बूढा काजीले साना काजी र उसका पाहुनाको राम्रो स्वागत गर्ने र माछा सिकारका लागि युवा माझीले दुवाली थुनिदिनु पर्ने आदेश भूमामार्फत पठाउँदा प्रभुत्वशाली हैकमका विरुद्ध तिनमा प्रतिरोधको लहर बढेको छ । त्यसअघि प्रतिरोधचेत दमित अवस्थामा रहेकोमा अब त्यो मुखर हुन सुरु गरेको छ । त्यसै सन्दर्भमा हिरे माझी उपन्यासको विमर्शमा यसरी कुर्लिएको छ, “दुवाली त थुन्ने ! तर के सित्तै ?” (पृ.२२) । यसरी श्रमको ज्याला खोज्ने वर्गीय हकको चेतना युवामा उद्बोध भइसकेको छ । त्यस सन्दर्भमा स्वयं भूमाका छोराहरू भीमे, जैमाने, अझ भानिज पर्ने सोभिते खरो प्रतिवादमा उत्रिएका छन् (पृ.१९) । रात्रिकक्षाका अवसरमा तिनको रोषपूर्ण प्रतिरोधको अनुभूति उपन्यासमा यसप्रकार प्रस्तुत छ, “गाउँलेले उनका लागि बेगारमा किन खसी खेप्नु ? किन बेगारमा उनका लागि शिकारको चाँजो मिलाउनु ? ... उनीहरूका पैसा छन् । चाहिन्छ भने पैसा तिरेर जुटाऊन् न खसी र कुखुरा; ज्याला तिरेर लैजाऊन् न शिकारका लागि घेरा गर्नेहरू !” (पृ.२०) । यसरी सोभितेले अधीनस्थ पिँढी/समुदायका स्वामित्वमा रहेका कुनै पनि वस्तु, पशुधन, खेतीउब्जनी वा श्रम जेलाई पनि विना लगानी हडप्ने प्रभुत्वशाली पिँढीको शोषक प्रवृत्तिप्रतिको खुलेर विरोध प्रकट गरेको छ ।

आफ्ना बाबुको काजी खानदानप्रति ‘निमकको सोझो’, ‘राजा-मालिक’ जस्ता अभिव्यक्तिमा चरम उत्पीडनको अनुभूति सँगाल्दै भीमे यसरी पड्किएको छ, “हामीले कसैका निमक सित्तै खा’का छैनौँ, आफ्ना दसनङ्ग्री खियाएर पाखुरी बजारेर खा’का छौँ । कसैको धर्तीमा बसेका छैनौँ, आफ्ना बुताले खोरिया खनेर मल्याएको जिमीमा बसेका छौँ” (पृ.२२) । भीमेका यी अनुभूतिगम्य भनाइमा आफ्नो श्रमको मूल्याङ्कन र गौरव अभिव्यक्त छ । साथै, उसले आफ्नो जातिलाई आश्रित

होइन; स्वतन्त्र हैसियतको चिनारीमा प्रस्तुत गरेको छ। यसरी युगको तीव्र प्रवाहले नयाँ मोड लिँदैछ। अधीनस्थ समुदायको युवा पिँढीले नयाँ जीवनमार्गको खोजी गर्दै अगाडि बढेको छ। बुढो पुस्ताको धार्मिक, नैतिक, सामाजिक डर-त्रासबाट त्यो पिँढी त्रसित छैन र साना काजीको आज्ञा शिरोपर गर्नुको साटो सेवाको बदलामा ज्याला र अधिकार खोज्न थालेको छ; काजीको बेठ-बेगारीपति विद्रोह सुरु गरेको छ। यसप्रकार गाउँमा मालिकको एक छत्र शासनका विरुद्ध त्यो पिँढी शिर उठाउन थालेको छ; काठमाडौँ-कोदारी राजमार्ग निर्माण कार्यमा श्रमिकका रूपमा संलग्नता देखाउँदै कोदारी, दोलालघाट वा पाँचखाल धाउन थालेको छ (पृ.२८)। सोभिते, जैमाने, भीमे जस्ता नव उदीयमान पिँढी प्रतिनिधिले आफ्नो पिँढीलाई सङ्गठित गर्दै यस्तो घोषण गर्नसक्ने तहमा आफूलाई उकालेको छ,

> सुन भाइ हो ! यी कमारा बुद्धिका माझीहरूका समाजमा उज्यालो कहिल्यै हुँदैन। यी लडमुखा, यिनका पुस्ता दरपुस्ता यिनै ठूलाठालुका करिया भै बिते। यी अझ पनि यस्तै गरी जिन्दगीको घरी गन्नमै सन्तुष्ट छन्। तर अब ... हामी त्यति अन्धा भएर बाँच्न सक्तैनौँ, अन्यायी र अत्याचारीका पैतालामुनि दबेर ! अब माड्सापले देखाएको बाटो नै हाम्रा लागि उज्यालोमा पुग्ने बाटो छ। (पृ.२८)

साना काजीका यस्तै कुकृत्यप्रति बूढाकाजीको मौनताप्रतिको आक्रोशको अनुभूति जैबिरे माझी मार्फत उपन्यासमा यसप्रकार अभिव्यक्त छ, “के निसाफ माग्छौ काका बूढा काजीसँग ? ... उनका छोरा हाम्रा दिदी-बुइनी, छोरी-चेलीलाई एक्कल-दोक्कल बाटा-घाटा, पानी पँधेरो गएका देख्न हुन्न, बाजले चल्ला झम्टेझैँ झम्टने भैसके- न पापको डर, न इजोतको ख्याल। अब यहाँभन्दा निसाफ के गर्छन् उनले ?” (पृ. ११३)। यसरी आफ्नो समुदायका नारीपिँढीले बेहोरेको लैङ्गिक उत्पीडनका विरुद्ध प्रतिरोधी आवाज पुरुषपिँढीबाट सामूहिक रूपमै उठनथाल्नुले समाजको परिवर्तित मोडको पनि सङ्केत भएको छ। जैबिरेले बूढा काजीलाई बगरेसँग दाँज्नुको प्रतिवाद नाराने माझीले गर्दा हीरे माझी त्यस बारेका आफ्ना उग्र आक्रोशको अनुभूति यसरी प्रकट गर्दछ,

> लौ नदाजौँ उनलाई बगरेसँग ... बूढा काजीले निसापै गर्ने भा यिनै मिजार काकाकी छोरोमाथि साना काजीले त्यस्ता अनाराची (अनाचारी ?) काम गर्न खोज्दा बूढाले छोरालाई एक हप्की किन लाएनन् ? किन गाउँभरि यस्ता गाइँगुइँ हुँदा पनि काना तेल हालेर बसे ... देखिएन उनको निसाप ?” (पृ.११३)

जातीय आधारमा भएगरेका लैङ्गिक उत्पीडनसमेतमा गुम्सिएका अनुभूतिको उकुसमुकुसलाई युवा माझीले यसरी अभिव्यक्ति दिन सुरु गरेका छन्। यस सन्दर्भले तिनमा जातीय उत्पीडनको प्रतिरोधी चेतको विस्तारलाई पनि प्रस्तुत गरेको छ। त्यस्तै, उपन्यासमा लालगेडी सीमान्तकृत समुदायका आम महिलाभन्दा पृथक पहिचान बनाएकी पात्रका रूपमा चित्रण गरिएको छ। अशिक्षित भइकन जीवनबोध गर्न सक्ने यो पात्र लिङ्गीय र जातीय

गौरवबोधले पनि डोरिएकी छ । आफ्नी आमा मिलौतीझैँ ऊ पनि लोभलालचबाट टाढा रहेकी छ र पुरुषको लाहुरे पहिचान र चमकदमकप्रति आकर्षण रहे पनि सोभितेप्रतिको निश्छल मायालाई उसले सर्वोपरि महत्त्व दिएकी छ (पृ.६९) । सानाकाजीका लैङ्गिक उत्पीडनकारी हस्तक्षेपको डटेर सामना गरिरहेकी यो पात्र दृढ, निडर र जब्बर स्वभावकी छ । ऊ गाउँका सबैजसो निफ्फर आइमाईका लागि बोलिदिने, तिनका पक्षमा लडिदिने हुँदा आफ्नो समुदायमा प्रिय पनि छ (पृ.३२) । यस दृष्टिले यो पात्र वर्गीय र लैङ्गिक चेतले सबल छ । उसको यस खाले सचेतता जातीय स्वाभिमानका साथै आफ्नो समुदायका महिलामाथि हुने यौन शोषणजन्य अत्याचारका विरोधमा पनि प्रस्टिएको छ । सानाकाजीको आफ्नो पिँढीप्रतिको वासनाजन्य कुदृष्टिको उसले खुलेर यसरी विरोध प्रकट गर्नसकेकी छ, "मन पर्दैन हामीलाई यस्ता ठट्टा ... जसलाई मनपर्छ उसैसँग सहरका छँडुल्लीहरूसँग गर्नू त्यस्ता ठट्टा । मालिक भएर साना मान्छेसँग ठट्टा गर्ने- मालिकले आफ्नै थान्कामा बस्नुपर्छ" (पृ.३९) । यसप्रकार सहरिया वरिष्ठ पाहुना सामु साना काजी हकारिनु र थान्कोमा रहने चेतावनी पाउनु लालगेडीद्वारा प्रकट लर्तरो प्रतिरोध होइन ।

सानाकाजीका विरुद्ध युवा पुरुषपिँढीले जतिसुकै प्रतिरोधी स्वर उराले पनि त्यो उसका पीठपछाडि कायम छ; अगाडि पर्दा उपेक्षाका भाव फ्याँकेर तर्कनुमै सीमित छ । साना काजीले लालगेडीलाई हातपात गर्ने असफल प्रयासपछि लगत्तै सोभितेलाई भेट्दा उसलाई थर्काएको छ । त्यत्तिखेर साना काजीविरुद्ध सोभितेका अन्तरमा प्रचण्ड घृणा र क्रोधको लहर उठे पनि आफूलाई कठिनाइपूर्वक सम्हाल्दै शाब्दिक प्रतिकारविना काजीका पछिल्तिर टर्रो थुक फ्याँकेर दुर्दमनीय उत्तेजनाका अनुभूति प्रकट गर्न पुगेको छ । यसरी स्वयम् सोभितेले समेत हाकाहाकी प्रतिरोध गर्न सकेको देखिँदैन (पृ.८६) । त्यस किसिमको दबाब र तनावयुक्त विद्यमान सामाजिक परिस्थितिमा पनि साना काजीसमक्ष लालगेडीका जुझारु व्यवहार र हाकाहाकी प्रतिकार असाधारण देखिन्छ जुन प्रभुत्वशाली पिँढीका निमित्त ठुलो हाँक र चुनौती बन्न पुगेको छ ।

लालगेडीको विशिष्ट व्यक्तित्वकै कारण ऊप्रतिको सानाकाजीद्वारा भएको दृष्कृत्यले माझी जनजातिको पुरुष समुदायमा समेत विशेष प्रतिकारजन्य हलचल उत्पन्न भएको छ (पृ.११३) । यस सन्दर्भले जातीय स्वाभिमान चेतसहतिको समाज परिवर्तनको खोजीलाई पनि सङ्केत गरेको छ । त्यस काण्डले फैलाएको प्रतिरोधी आवाजको असरले साना काजी तत्कालका लागि गाउँ छाड्न विवश हुनु उसले सँगालेको दबाब र तनावकै परिणाम हो । आफूले दिलोज्यानले मन पराएको सोभितेको आफूप्रतिको शङ्कालु दृष्टिकोण लाई बोध गर्नुपर्दा भने उसको नारी अहं आहत भएको छ र ऊ यस्तो अनुभूतिमा यसरी पोखिएकी छ, "मलाई यस्ता शङ्कादारी लोग्नेमान्छेको माया चाहिँदैन" (पृ.११६) । यसरी नारी स्वाभिमानले ओतप्रोत हुँदै पुरुष समाजमा हरदम जुझारु रहेकी लालगेडी अन्ततः पुरुष षड्यन्त्रको प्रपञ्चमा घेरिएर अधीनस्थता स्विकार्न विवश रहेको अवस्था उपन्यासमा प्रकट भएको छ । आफू सानाकाजीको चरम अधीनस्थता स्वीकार गर्न विवश भए पनि

आफ्नो गाउँ र गाउँले सानाकाजीका आततायी दृष्कृत्यबाट मुक्त रहून् भनी आदर्श चेतमा निःसृत भगवान् पुकाराका अनुभूति प्रस्तुत गर्ने तहमा उसलाई पुऱ्याइएको छ (पृ.२२७)। उपन्यासमा लालगेडीलाई भाग्यवादी चिन्तनले नै डोरिएको अवस्थामा देखाइनुले त्यस कालखण्डको नेपाली समाजमा सीमान्तकृत महिलाको दुर्दशालाई यथार्थ स्वरूप दिने लेखकीय ध्येयभन्दा पनि त्यसलाई पुरुषसत्ताको मानसिकताबाट विमुक्त हुन नसकेको लेखकीय अनुभूतिको परिणति नै मान्नु पर्ने अवस्था भने छ। त्यस कालखण्डसम्ममा बढ्दो लैङ्गिक चेतनाको प्रभावलाई लगत्तैको दशकमा एकतन्त्रीय शासन विरुद्ध उठेको बहुदलीय जनआन्दोलनमा देखिएको महिला चासो र सहभागिताले पुष्टि गरेको परिप्रेक्ष्यमा हेर्नुपर्ने हुन्छ। यहाँनेर लेखकले जुझारु लालगेडीको चरित्रलाई त्यही अनुरूपको परिणतिसम्म पुऱ्याउन नसकेको देखिन्छ। अतः उपन्यासमा ऊ उदीयमान पिँढीका रूपमा स्थापित हुन सकेकी छैन। त्यसैले उपन्यासमा लालगेडीको प्रतिनिधित्व पूर्व उदीयमान पिँढी तहमै सीमित छ।

उपन्यासकार विकलले प्रस्तुत उपन्यासमा जनजाति समुदायतर्फको माझी युवा पुरुषपिँढीलाई भने उदीयमान तहको सबल भूमिका प्रदान गरेका छन्। उपन्यासमा आफ्नै समुदायको सन्तानपुस्ताको युवाजोशलाई प्रतिवाद गर्न बूढा मिजार भूमालाई हम्मेहम्मे परेको अवस्था छ। बूढा काजीको मनासयलाई पूर्णतः ससम्मान स्वीकारोक्ति दिइहाल्ने भूमालाई अब भने सिधै आज्ञा शिरोपर गर्नमा हिच्किचाहट छ। बूढा काजीले माझीहरूको खेत काभ्रे पाटोमा हबेली निर्माण गर्ने कुरा राख्दा ऊ मालिकसामु डराईडराई यसो भन्न विवश छ, "मालिक ! गाउँमा पनि एक पटक सल्ला-कुमेटी गरौं कि ? (पृ.१०१)। आफूद्वारा थोपरिएको आदेशमा अधीनस्थ समुदायले यसरी विचारविमर्श गरेर उत्तर दिने कुरा काजी खानदानको अप्रजातान्त्रिक शासन व्यवस्थामा ठुलो चुनौती बन्न पुगेको छ। अधीनस्थ जनजाति समुदायबाटै आफ्नो निर्बाध हैकममा ठेस लागेको अनुभूति काजीका बाबुछोराले सँगालेका छन्। भूमाले डाकेको आफ्नो समुदायको कुमेटी (कमिटी)मा युवा माझीहरूले खुलेर आफ्ना प्रतिरोधी आवाज मुखर गरेका छन्। आफ्नो जातिले कैयौँ पुस्तादेखि दसनङ्ग्री खियाएको र आफ्नो भनेर गर्व गर्नसक्ने एक टुक्रो धर्ती 'काभ्रे पाटो'मा काजी खलकको गिद्धे दृष्टि पर्नुले आक्रोशित युवा पिँढीको नेतृत्व गर्दै सोभिते यसरी कुर्लिएको छ, "मामा ! तिमरू लटमुखा छौ ! ... यी ठूलाठालु मालिकहरूले हामीलाई कसरी लोलोपोतो देखाएर थाङ्नामा सुताएका छन्, यो कुरो तिमरू बुझ्दैनौ। खालि उनरूका चोचोमा मोचो मिलाएर उनरूका पैताला चाट्छौँ" (पृ.१०२)। यहाँनेर जातीय चेतसँगै पुस्तान्तरजन्य द्वन्द्वसमेत मुखरित भएको छ।

आफ्नो बाबु पिँढीको अन्धस्वामीभक्तिको पछिल्लो पिँढीप्रतिनिधिले खुलेर विरोध गरेको छ। नवउदीयमान पिँढीलाई बाबु पिँढीका त्यसखाले गतिविधि सह्य छैन/हुँदैन। अझै पनि बूढो मिजार स्वाभीभक्तिमा दत्तचित्त रहनु र उसले हबेली बन्दा गाउँकै नाक ठाडो रहने तर्क प्रस्तुत

गर्नुमा सोभितेले आपत्ति जनाएको छ । यसरी सोभितेले फैलाएको वैचारिक प्रभावमा युवा पुस्ताका सबैजसो र पाको माझी पुस्ताका समेत अधिकांशले मन डोलाउनुले नव उदीयमान पिँढीको उपस्थितिको प्रभाव देखिन्छ। बुढो पिँढी को आधी मन युवा माझीका पक्षमा हुन थालेको उदाहरणका रूपमा उपन्यासमा काजीभक्तिको अन्धताबाट मुक्ति लिँदै गरेको बिर्खेको यस अनुभूतिगम्य भनाइ आएको छ, "ए त्यसो भा' त खायौ बडो भाग लाटा हो ... बूढा काजीका धनजनका तुजुकले त त्यसलाई मल्याउन, उब्जाउ गराउन नसकेर हार खाएको- ढुङ्गैढुङ्गाको भिरुङ्गी ढुङ्यान स्याहारेर के गर्ने ?" (पृ.१०४) । बूढा काजीले पाटोको सट्टा खोलाको बगर तीन वर्ष कूत माफ गरेर दिने भनी देखाएको उदारतालाई भूमाले सह्रनी गर्दा प्रतिवादस्वरूप बिर्खेको उक्त भनाइ प्रस्तुत छ । उसले खोलाको भर नहुने भएकाले बगरमा गरेको मिहिनेत कुनै पनि बेला अर्थहीन बनिदिने तर्क प्रस्तुत गर्दै विरोध जनाएको छ । त्यत्तिखेर माझी समुदायले बुद्धि न वर्गत काजीको सामर्थ्यसँग जोरी खोज्ने अवस्थाको बोधले भूमा भने अत्तालिएको छ (पृ.१०४) । बीस मुरीका सट्टा असी-नब्बे मुरीको माटो पाउने प्रस्तावलाई लत्याउन नहुने, त्यस्तै परे काजीकै मद्दत माग्न सकिने भूमाको तर्कमा आवेशमय अनुभूति सँगाल्दै माझी समुदायलाई प्रभुत्वशाली पिँढीबाट आफूहरूले झेल्दै आएको शोषण र दमनको चक्रबारे बोध गराउन नव पिँढी प्रतिनिधि सोभिते यसरी कुर्लिएको छ, "होइन मामा ! ... भर-मदत के उनले हामीलाई सित्तै दिन्छन् ? ... दिएका छन् कैल्यै ? ... हो दिन्छन्, चक्रवती ब्याज लगाएर जन्मभर रिनबाट उम्कन नसक्ने गरी बाधा तुल्याउने गरी दिन्छन्। नत्र ... सुन मामा ! म त यसमा छैन है। लौ तिमरू के भन्छौ ?" (पृ.१०५) । सोभितेको यस सोधनीमा युवा पुस्ताका साथै अधिकांश अधबैंसे र केही पाकाहरूसमेतको सहमतिको स्वर उठ्नुले उदीयमान पिँढीको प्रभावमा समाजले लिँदै गरेको परिवर्तनको दिशा सङ्केत भएको छ ।

उदीयमान पिँढीका रूपमा देखा पर्दो माझी युवा पिँढी एकातिर अधीनस्थ पिँढीका रूपमा रहेको माझी बुढो पिँढी सँग द्वन्द्व गरिरहेको छ भने अर्कातिर प्रभुत्वशाली काजी पिँढीसँगको द्वन्द्वले दोहोरो दबाब र तनाव झेलिरहेको छ । सानाकाजीका भरौटेहरू, जड्याँहा-भड्याहाहरूले रातदिन गाउँमा भाँडभैलो मचाएर बस्नखान नदिनु, काजीका उर्दीले गिरी मास्टरद्वारा सञ्चालित रात्रि कक्षा बन्द हुनुले सोभितेमा क्रोध, क्षोभ र विवशताका अनुभूति मिसिएर उम्लिँदो छ र उसले ज्यादै तनावको स्थिति बेहोरिरहेको छ (पृ.१७६) । त्यस दबाब र तनावको परिस्थितिमै पनि साना काजीका एकपछि अर्का आफ्नो समुदायप्रतिका अत्याचारी गतिविधि विरुद्धका आक्रोशजन्य अनुभूतिलाई सोभितेले लालगेडीसमक्ष यसरी पोखेको छ, "तर जे-जसो पर्ला म त्यस पातकीलाई अब त्यसै त छोड्दिनँ। उसले तेरो मात्र होइन गाउँका सबैको बेइज्जती गरेको छ; कसैलाई मान्छेझैँ भएर बाँच्न दिएको छैन" (पृ.९१) । उसका प्रतिरोधी चेत क्रमशः सबल बन्दै गएको छ । सोभिते र उसका हिमाइते ठिटाहरूले आफूलाई बुधी मझिनीको भट्टीमा जानबाट रोक लगाउनु, जाँड रक्सी नखानु, बेफ्वाँकमा साना काजीका भरौँटेहरूसँग नअल्झिनु, बरु खोलोमै रमाउन थाल्नु

जस्ता सचेतनताको अवलम्बनमा सक्रिय हुन थालेका छन् (पृ.१७६)। यस्ता क्रियाकलापले तिनीहरूको उदीयमान गतिविधितर्फको अग्रसरतालाई नै पुष्टि गरेको छ। यस सन्दर्भमा सोभिते जस्ता युवामा परिवर्तनकामी उदीयमान चरित्रको निरूपणमा विशेष सतर्कता देखाइनुमा उपन्यासकार विकलको लेखकीय ध्येय रहेको देखिन्छ। कुनै पनि संस्कृति बुद्धिहीन हुन सक्दैन। संस्कृति मानव चेतनाका ती विविध रूपहरूको उत्पादन र विकास हो जसद्वारा मानिसले बाहिरी र भित्री यथार्थलाई चिनारी गर्दै पहिचान गर्छ; आवश्यकता अनुसार विद्यमान यथार्थलाई परिवर्तन पनि गर्दछ र त्यसलाई मानवीकरण पनि गर्दछ (पाण्डेय, २०६४, पृ.१३)। सचेत बन्दै युवा माझी पिँढी सत्य खुट्याउँदै अघि बढ्दो छ।

सानाकाजीको हबेली निर्माणका कुरालाई लिएर पूरै माझी समुदायमा हलचल उत्पन्न भएको छ। पहिलेझैँ प्रभुत्वशाली पिँढीका हरेक आँट र गतिविधिले गाउँमा सहज अनुमोदन पाइहाल्ने वातावरण अब त्यहाँ देखिँदैन। काभ्रे पाटोले मात्र हबेलीको क्याम्पा घेर्न नपुग्ने भएपछि गुन्टे र चाउरे माझीका घरसमेत भत्किने स्थिति बुझेपछि वर्गीय उत्पीडन बोधको दबाब र तनावमा बूढा माझीहरूसमेत विक्षुब्ध भएका छन् र तिनको स्वर उपन्यासमा यसरी प्रकट भएको छ, “के बूढा काजीले रैतीको घरबासै भत्काएर आफ्ना हबेली उठाउन लागे त ?” (पृ.२०२)। त्यत्तिखेर बूढा काजीप्रतिका आक्रोशका दबाब र तनावका अनुभूति सोभिते यसरी पोख्दछ, “बूढा काजी ? ... अब साना काजीका अगाडि बूढा काजीको कुनै हुत्ती चल्दैन। त्यसमाथि बूढा काजी मात्रै कुनचैँ बडा धर्माती हुन् र ? ... मुखमा राम, राम, बगलीमा छुरी !” (पृ.२०२)। यसप्रकार नरमपनाका आडमा रैती शोषणलाई निरन्तरता दिने बूढा काजीको सामन्ती चरित्र माझीका बुढो पिँढी ले नठम्याएँ पनि युवा पिँढीले ठम्याउन सकेको छ। सानाकाजीको बन्दुक र लठ्ठीको शासनका विरुद्ध शासित गाँउलेहरूले मोर्चाबन्दी गर्न थाल्नु हेजेमोनाइज्ड हुनुमा अस्वीकृतिको प्रकटीकरण हो र हेजेमोनाइज्डको स्थिति सदैव एकैनास नरहने सङ्केत पनि हो (उप्रेती, २०६९, पृ.१८३.)। उपन्यासमा अधीनस्थ समुदायको युवा पिँढीबाट मूलधारमा स्थापित संस्कृतिको परिपालनामा देखिन थालेको यसप्रकारको विरोध र प्रभुत्वको अस्वीकारले समाज रूपान्तरणको जनआकाङ्क्षालाई निकै राम्ररी उद्घाटन गरेको छ।

हबेलीको जग खन्ने दिन यो पिँढी हबेली निर्माणमा सहयोग नगर्ने अडानमा बसेको छ तर बूढा पिँढी भने मालिकको विरोधका गइहाल्न धर्मराउनु तिनको जातिगत संस्कारले जकडिएकै स्थिति हो (पृ.२०३)। काजीको हैकम र कारबाहीको त्रास देखाउँदै बुदुनेले माझी समुदायलाई नियन्त्रणमा लिन खोजे पनि ऊ असफल भएको छ। माझीको युवा समूह फर्कँदै गर्नु, सोभितेले बूढा समूहलाई “अब तपाईंहरू आफ्ना-आफ्नामा जानुहोस् यहाँ बस्नाँ' काम छैन” (पृ.२०४) भनी ललकार्नु तर बन्दुक बोकेको सानाकाजीको उपस्थिति र गर्जनसँगै बुढो पिँढी लल्याकलुलुक हुँदै यन्त्रवत् रूपमा निर्माणस्थलको कोदालो, कोदाली, पिक, साबेल उठाउन पुग्नुले अधीनस्थ पिँढीको

निरीह दशा त प्रकट भएको छ नै; युवा पिँढीको अडान भने लोभलाग्दो छ तर त्यत्तिखेर देबु पनेरूको उपस्थिति र साना काजीद्वारा हाकाहाकी उसको हत्या हुनुले त्यहाँको वातावरण त्रासमय बनेको छ (पृ.२०८)। जग खन्ने कार्य स्वतः स्थगित हुनु, साना काजी भाग्नु, शान्ति सुरक्षाका नाममा प्रहरी लगाएर आधा रातमा तन्नेरी माझीहरूलाई जेल चलान गरिनु लालगेडीसमेत प्रहरीको अपहरणमा पर्नु जस्ता द्रुततर घटित घटनाहरूले प्रभुत्वशाली पिँढीले नै विजय प्राप्त गरेको देखाएको छ (पृ.२०९)। गाउँबाहिर रहेरै आततायी घटना सञ्चालन गरिरहेको साना काजी बूढो काजीको मृत्युपछि मात्र सत्ता, शक्ति र सम्पत्तिका आडमा सबै स्थिति आफ्ना अनुकूल बनाई गाउँमा फर्केको छ र इच्छित हबेलीको निर्माण गरेको छ।

साना काजीले त्यसपछि आफू समाजसेवी र सफल राजनीतिक व्यक्तित्व भएको भ्रम छर्दै गाउँमा राजनीति गरिरहेको छ। उपन्यासमा प्रस्तुत यस सन्दर्भले तत्कालीन शासन व्यवस्थाको विद्रूप स्वरूपलाई प्रकट गरेको छ। त्यस शासन व्यवस्थामा जनताको निरीह दशा यथावत छ तर सोभिते चौताराको सुरक्षा गृह (जेल)मा अठार-बीस महिना बसेर, पुलिसको नारकीय यातना भोगेर, केवल हाडछालाको कङ्काल शरीरसहित गाउँ फर्किएको छ (पृ.२४३)। गाउँमाझको भग्न घरको आँगनमा बूढो भूमा माझी सामु ऊ उभिएको छ र गाउँका हालचाल बुझेको छ (पृ.२४४)। गाउँमा काममा लाग्न नसक्ने बूढाखाडाको मात्र बसोबास देख्दा, गाउँ छ्यान्नब्यान्न भएको देख्दा आहत भएको छ। त्यत्तिखेर सानाकाजीको हबेलीप्रतिको आक्रोशसँगै गाउँको हालखबर आफ्ना दर्दनाक अनुभूतिमा भूमाले यसरी पोखेको छ,

> भयो बाबै भयो ! ... गाँ'मा दोहोरो कहर बर्स्यो- साना काजीको कोपको डढेलाले त पिल्स्याइरहेकै थियो, त्यसमाथि दैवको लाठी पनि बज्र्यो। ... अब गा'मा केही रहेन। निल्यो इन्द्रावतीले सबै निल्यो ! उब्जाउ हुने पुस्तानपुस्तादेखि खनीखोर्सी आएको पुर्खाको छाला हबेलीले निलिगो। अनि आफ्ना रहेपहेको पसिनाले सिञ्चेर यसैपालि बनाएको बगर खेत, अब त होला नि भन्ने आश पाक्न-पाक्न लाग्दा बाढीले लग्यो। अब केही बाँकी छैन गा' मा, केही छैन, भुटिभाङ छैन। ... काजीको हबेली छ, त्यसलाई चैँ दैवको लाठोले पनि छोएन। (पृ.२४५)

यहाँनेर माझी समुदायका युवा पिँढीलाई जेल चलान गरेपछि र अनावृष्टि पछिको अतिवृष्टिले निम्त्याएको बाढीसमेतका कारण त्यस इन्द्रावती किनारको गाउँमा बाँकी रहेका बुढो पिँढी, आइमाई पिँढी र बाल पिँढीले भोगेको त्यस्तो जीवन दुर्दशाको अभिव्यक्ति प्रस्तुत छ जसमा पञ्चायतकालीन समस्त अधीनस्थ पिँढीका उत्पीडनका अनुभूतिगम्य स्वर मुखर भएको छ। यसरी प्रभुत्वशाली पिँढीले भोगाएको कहरसँगै बर्सेनी गरिब नेपालीले प्राकृतिक प्रकोपका कारण झेलिरहनु परेको दुर्दशा समेत यहाँनेर सजीव भएको छ। त्यस्तै, जस्तो सुकै प्राकृतिक प्रकोपले पनि प्रायः प्रभुत्वशाली पिँढीको घरबार तहसनहस गराउन नसक्नु तर अधीनस्थ समुदायकै

सिरिखुरी सिध्याउने अवस्था रहनु वर्गीय भेदलाई जीवन्त राख्ने राजनीतिक दुरवस्थाको परिणति हो ।

सबै परिस्थितिको बोधपछि पनि युवा पिँढीको दर्बिलो प्रतिनिधि सोभिते निराश र हतास भएको छैन । आफू स्वयं प्रहरी हिरासतका अनेकन् हन्डरले उत्पीडनका घाउ सँगालेको भए पनि उसले आफूभित्रको उदीयमान चेत मर्न दिएको छैन । भूमाको अभिव्यक्ति सुनेपछि ऊ आफ्ना अनुभूतिगम्य भनाइ यसरी प्रस्तुत छ, “छुन्छ, छुन्छ एक दिन त्यसलाई पनि हुन्छ” (पृ.२४५) । उसका यी भनाइ उसका निर्मित यस अनुभूतिको संरचनामा आधारित छ : “दैवको लाठो नलागे पनि गरिब जनताको लाठो लाग्छ एक दिन, पख” (पृ.२४५) । यसरी सोभितेले आफूभित्रको प्रतिरोधचेत सल्काउँदै उजाड गाउँ, जुभ्कारु लालगेडीविहीन अवस्था र साना काजीको सुरक्षित हबेली हेर्दै गर्दा भावुकताले गल्नुभन्दा ऊ भिन्न अनुभूति लिएर भूमाको आँगनबाट घाटखोला ओर्लने गोरेटोतिर घुमेको छ । त्यतिखेर आफ्ना वर्गीय शत्रुको पहिचान, भावी पुस्ताको उज्यालो भविष्यका लागि समाज परिवर्तनका निमित्त जनसङ्घर्षको खाँचो र क्रान्तिको आवश्यकताको बोध मिसिएको उसमा निर्मित अनुभूतिको संरचनाले नव उदीयमान पिँढीमा सिर्जित अनुभूतिको विशिष्ट अवस्थालाई द्योतन गरेको छ (२४६) । सोभिते आउनै नपाइँ हिँडेकोमा आश्चर्य व्यक्त गरेको भूमालाई ऊ भन्दछ, “म अहिले जान्छु मामा ! तर सधैँलाई होइन । ... म केही दिनपछि आउँछु, आउँछु, पक्कै । ... अनि आउँदा आफ्नो साथमा यस हबेलीको कहर लिएर आउनेछु; हाम्रो समाजका लागि एउटा नयाँ बिहानी लिएर आउनेछु” (पृ.२४६) । सोभितेको यो उद्घोष त्यस्तो नव उदीयमान घोषणा हो जसमा भ्रष्ट नेतृत्व र व्यवस्था ढाल्ने सङ्कल्प छ ।

एक्लोको शक्तिमा भर नदेख्ने मामाको पराजित मानसिकतालाई सोभितेले यसरी आश्वस्त पार्ने प्रयास गरेको छ, “म एक्लो छैन मामा ! यो ठूलो धर्तीमा मेरो साथमा लाखौँ-करोडौँ छन् । ... हो आज हाम्रो भाग्यमा रात परेको छ, तर रात त सधैँ रहिरहन्न नि, बिहान पूर्वबाट सूर्य त उदाइहाल्छ ... सूर्यको साथमा उज्यालो आएपछि अन्धकारले नभागी सुक्खै छैन” (पृ.२४६) । यसरी आफ्नो समुदायको आशावादी भविष्य साँचेर सोभिते इन्द्रावती भैँ प्रवाहमान भई अघि बढ्न चाहन्छ । उसले इन्द्रावतीको गतिशीलता ठम्याएको छ । सिर्जनशीलताको गीत ठम्याएको छ । सत्ताधारी मानिसको पक्षपाती र प्रकृति विनाशी स्वभाव पनि उसले ठम्याउन सफल भएको छ (पृ.२४७) । अनि त उसले कायर र कृतघ्न भएर पलायन हुनलाई गाउँ छोडेको छैन; आँखामा दृढ र सुनौलो सङ्कल्प लिएर, गाउँको मुहार फेर्ने ध्येय लिई शक्ति सञ्चय गरी फर्कनका लागि ऊ गाउँ छोड्दैछ । अब ऊ असहाय निरीह र असमर्थ अवस्थामा होइन; प्रज्वलित दीपज्वाला र असङ्ख्य जनशक्तिसहित फर्कनेछ; साना काजीको दम्भ र कुरूप हबेली विरुद्ध खनिनेछ (पृ.२४८) । सोभितेले सँगालेको यो त्यस्तो अनुभूतिमय चिन्तन हो जसमा विद्यमान पञ्चायती सत्ता ढाल्न जनता सङ्कल्पित रहेको र आतुर भइसकेको स्थितिलाई सम्बोधन गर्न सकेको छ । यसप्रकार

आर्थिक रूपमा शोषित र सामाजिक रूपमा पीडित मानिसले जब प्रतिवाद र विद्रोह गर्न जान्दछ तब परिवर्तनको मार्गको पनि खोजी गर्दै जनसङ्घर्षमा जोड दिन थाल्दछ (चौधरी, सन् २००८, पृ.५२) । सामाजिक शक्तिको सङ्घर्षको विकाससँगै जाति विशेषमा पनि युगीन आदर्शको विशिष्ट रूप निर्माण हुन्छ (बाली, सन् १९९२, पृ.१९७) । उपन्यासमा सोभितेद्वारा सीमान्तकृत माझी-दनुवार जनजाति समुदायमा उदाउँदो युगीन चेतनालाई यथार्थ अभिव्यक्ति दिन लेखक सफल देखिएका छन् । अतः उपन्यासमा समाज बदल्ने सङ्कल्प बोकेको नव उदीयमान पिँढीको प्रतिनिधित्व गर्ने सशक्त चरित्रका रूपमा सोभितेको चरित्र निरूपण गर्ने लेखकीय ध्येय सार्थक भएको छ ।

यसप्रकार जनजाति विशेष माझी समुदायको युवा पिँढीमा वर्गीय तथा लैङ्गिक उत्पीडनसमेतका परिप्रेक्ष्यमा जातीय उत्पीडन विरुद्धको प्रतिकारको चेत विस्तार हुँदै गएको अवस्थालाई अनुभूतिका संरचनाका माध्यममा सशक्त अभिव्यक्ति दिन प्रस्तुत उपन्यास सक्षम रहेको छ ।

### ५.५.२ पुस्तान्तर भेदको पृष्ठभूमिमा सिर्जित नवउदीयमान अनुभूतिको संरचना

*अविरल बग्दछ इन्द्रावती* उपन्यासमा प्रस्तुत सामाजिक संरचनामा प्रभुत्वशाली, अधीनस्थ तथा उदीयमान गरी तीनै तहका पिँढीहरूको एक साथ उपस्थिति रहेको छ र प्रभुत्वशाली पिँढी तथा अधीनस्थ पिँढी दुवैका पुस्तान्तर भेदले पनि प्रस्ट प्रस्तुति पाएको छ । तिनमा परम्पर अन्तर्द्वन्द्वका क्रममा सिर्जित अनुभूतिका संरचनाहरूले पनि उपन्यासमा सशक्त अभिव्यक्ति पाएका छन् । तत्कालीन पञ्चायती शासन सत्ताद्वारा संरक्षित सामन्तवादका कारण अधीनस्थ समुदाय ज्यादै दीनहीन अवस्थामै रहेको छ । यद्यपि पुँजीवादी समाजतर्फको उन्मुखताले समाज सङ्क्रमणकालीन अवस्थामा छ; विशुद्ध सामन्तवादी सामाजिक व्यवस्था अर्द्धसामन्तवादी स्वरूपमा फेरिँदो छ तर त्यस व्यवस्थामा आरक्षित रहेको प्रभुत्वशाली पिँढीको शासन, शोषण र दमनको दुष्चक्रमा परी सामाजिक अधिकार, शिक्षा, राजनीति, रोजगारी, न्याय आदि सबै कुराबाट वञ्चित सीमान्तकृत समुदाय र तिनका अनुभुति उपन्यासको कथ्य केन्द्रमा रहेको छ । उपन्यासमा सीमान्तकृत समुदायको प्रतिनिधित्व माझी-दनुवार जनजाति समुदायले गरेको छ र त्यसमा पनि मूलतः माझी जातिको बुढो पिँढीले अधीनस्थ तहको र युवा पिँढीले उदीयमान तहको पिँढीगत प्रतिनिधित्व गरेको छ भने मूलतः काजी खानदानले प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गरेको छ ।

प्रस्तुत उपन्यासमा उदाउँदो पिँढीका रूपमा माझी-दनुवार समुदायका युवा पुस्ता/पिँढी देखिएको छ । विशेषतः सोभिते माझीले उदीयमान पिँढीको प्रतिनिधित्व गरेको छ । अधीनस्थ समुदायका युवाहरूलाई वर्गीय हकहितका लागि आवाज उठाउनमा सङ्गठित गर्नमा उसको सहज भूमिका महत्त्वपूर्ण देखिन्छ । यद्यपि त्यस समुदायका युवा पुस्तालाई शैक्षिक चेतनाको आलोकबाट

वञ्चितीकरणमा पारिएको छ तर आफ्नो गाउँ छोडेर बाहिरिएका केही युवाहरूमा बाहिरी हम्काको प्रभाव स्वभावतः परेको छ तिनमा सामयिक चेत उदाउँदो छ। गाउँमै पनि हरिकृष्णे सन्न्यासी, देबु पनेरूबाट प्रकट प्रतिरोध चेत तथा गिरी मास्टर जस्ता शिक्षित र सचेत युवासमेतको संसर्गले त्यस युवा पिँढीको चेतनास्तर उक्लन थालेको छ। सोभितेको पढ्ने चाहमा गिरी मास्टरले साथ दिँदै रात्रिकालीन प्रौढ कक्षाको सञ्चालन त्यस सन्दर्भमा महत्त्वपूर्ण उपलब्धि बनेको छ। २००७ सालमा राणाशासनको अवसानपछि नेपालले राजनीतिक तथा शैक्षिक परिवर्तनलाई समात्दै पूर्ण सामन्ती युगबाट क्रमशः अर्द्ध सामन्ती युगतर्फ पाइला बढाउन सुरु गरेको हो (खत्री र दाहाल, २०५३, पृ.२०४)। शैक्षिक र राजनीतिक चेतको असरले सीमान्तकृत जनजाति समुदाय पनि धेरथोर लाभान्वित हुन थालेको छ।

विद्यमान सामाजिक बनोटभित्रै शासित वर्गमा वर्गहित चाहनाको उदय हुँदै शासक वर्गका विरुद्धमा प्रतिरोधी चेतनाको विकास हुँदै जान्छ। त्यस परिप्रेक्ष्यमा कलासाहित्यले पनि यथार्थ प्रतिबिम्बनको प्रयोजनमा शासकीय विचारधाराप्रतिका विरोधी चेतनालाई अभिव्यक्ति दिन सुरु गर्दछ (चापागाईं, २०५१, पृ.१२१)। यसरी नै उपन्यासमा यद्यपि काजी पारिवारबाट प्रौढ कक्षा सञ्चालनमा रोक लगाइएको छ तथापि त्यसले युवा पिँढीमा वर्गीय चेतनाको उद्‌बोध गराउनमा र प्रभुत्वशाली पिँढीका अन्यायका विरुद्धमा सामूहिक आवाज उठाउन सक्ने चेतनाको फिलुङ्गो खडा भइसकेको छ। यसरी देशव्यापी हुँदै गएको सामन्तवादी विरोधको लहरले चतुर्भुजसिँह काजीको गाउँ पनि अछुतो रहेको छैन (पृ.१११)। त्यसै परिप्रेक्ष्यमा सामन्तवादी प्रभुत्वशाली संस्कृति अवशिष्ट संस्कृतिमा सीमित हुँदै गएको अवस्थाको निराशा र सन्त्रासको अनुभूतिमा बूढा काजी पिल्सिनु परेको छ। झन् सानाकाजीका बढ्दो आततायी गतिविधिप्रतिको युवा माझी पिँढीको विरोध प्रखर बन्दै जानुले उसले थप तनाव बेहोर्नु परेको छ। देशको बदलिँदो सामाजिक परिस्थितिलाई मूर्त बनाउने लेखकीय प्रयोजन यहाँनेर पनि प्रस्ट भएको छ। बूढा काजीले आफ्ना अनुकूलनमा वातावरण तयार गर्न भूमालाई डाकेर बारम्बार सम्झाइ बुझाइ गर्नु, तर्साउनु, त्यत्तिखेर आफ्नो युवा पिँढीमा सन्देश पुऱ्याउने जिम्मेवारी पाएको मिजार भूमाले दिलोज्यानले त्यो कर्तव्य पूरा गर्ने प्रयास गर्नु जस्ता गतिविधि त्यहाँ भएका छन् तर युवा पिँढीको ठाडो प्रतिकार बेहोर्नु पर्दा अधीनस्थ पिँढी प्रतिनिधि भूमाले पनि दोहोरो दबाब र तनाव बेहोर्नु परिरहेको छ। यसरी उदीयमान माझी पिँढीका नवचेतमा निःसृत गतिविधि र परस्परको अन्तरविरोधका कारण युवा माझी/उदीयमान पिँढी, काजी खलक/प्रभुत्वशाली पिँढी, र बुढा माझी/अधीनस्थ पिँढी सबैले दबाब र तनावका अनुभूतिका संरचना निर्माण गरिहेको अवस्था छ।

प्रस्तुत उपन्यासमा पुस्तान्तरजन्य नव अनुभूतिको संरचना निर्माण गरेर युवा पिँढी अघि बढिरहेको देखिन्छ। विशेषतः सोभिते वैयक्तिक गम्भीरता, चिन्तनशीलता, जिज्ञासुपनाले डोरिएको छ; राजधानीको तीन-चार वर्षको बसाइले देशपरिस्थिति मूल्याङ्कन गर्न सक्ने भएको छ (पृ.६९)।

झन् गिरी मास्टरसँगको संसर्गले, प्रौढ कक्षाबाट प्राप्त साक्षरताले उसको चेतनाको तह निख्खारिँदै गएको छ (पृ.१४४) । विशेषतः बूढो माझी पिँढीमा व्याप्त मूढता र अचेत समपर्णको परिपाटीप्रति उसको तीव्र असन्तोष छ । सहरमा साह्रै गरिब मानिसमा पनि माझी समुदायको जस्तो मूढता, निरीहता र नारकीयता नदेखेको हुँदा उसको मानवीय चेतले त्यो अवस्था सहज मानिरहेको छैन (पृ.७२) । यसप्रकार त्यस क्षेत्रभन्दा बाहिरको संसर्ग पाएको युवा पिँढी स्वभावतः बेग्लै देखिएको छ र माझी समुदायभित्रै पुस्तान्तर भेदका दुईवटा पिँढी बेग्लाबेग्लै वैचारिकी लिएर अघि बढिरहेको अवस्था छ । अघिल्लो पुस्ताको सहनको संस्कृतिमा अभ्यस्तता पछिल्लो पुस्तालाई स्वीकार्य छैन/हुँदैन ।

यद्यपि दुवै पिँढीहरू अधीनस्थ समुदायकै हुन् तथापि त्यही समुदायकै पछिल्लो पुस्तामा क्रमिक विकसित नवचेतले तिनलाई अधीनस्थताको विरोध गर्ने, प्रभुत्वशाली पिँढीका हैकम, शोषण, दमन र दलनको प्रतिकार गर्ने र सबैखाले उत्पीडनका विरुद्धमा आवाज उठाउने तहमा पुऱ्याएको छ । व्यक्तिहितका कुरा होइन; वर्गीय हितका विचार प्रकट गर्नसक्ने भएको छ । उसका सङ्गतमा युवा समूह चिन्तनशील हुँदै गएको छ । यसरी पछिल्लो समयको चेतना पछ्याउँदो युवा जमातका स्वतन्त्र गतिविधि बाबु पिँढीलाई स्वीकार्य छैन । अग्रज पुस्ताको हैकम नटेर्ने, उपदेशको अवज्ञा गर्ने, अनुशासन र मर्यादामा नबस्ने, परम्परामा नभएका ज्याला र अधिकारको कुरा गर्ने आरोप पनि युवा पिँढीले खेपिरहेको छ; तज्जन्य दबाब र तनावका अनुभूति सँगालिरहेको छ तर यस पिँढीको जुझारुपन घटेको छैन, अझ बढेको छ ।

माझी समुदायको बाबुपिँढीलाई सन्तान पिँढीका उदीयमान गतिविधि अपाच्य छ नै; प्रभुत्वशाली पिँढीका लागि पनि तिनै गतिविधि चरम दबाब र तनावको कारण बनेको छ । साना काजी बिहानै भूमाका आँगनमा हरे तिवारीसहित उपस्थित हुनु, त्यहाँ युवाहरूलाई तिरस्कारपूर्ण र हिँसाजनक हेराइ तथा धम्क्याइले सोभिते, जैमाने, भीमे जस्ता युवाहरूमा सुरुको चरणमा भय सञ्चारित भए पनि लगत्तै सानाकाजीप्रति घृणा र आक्रोश उत्पन्न हुनपुगेको छ (पृ.५१) । उत्तेजनालाई जबर्जस्ती दबाउँदै ती विद्रोह र आक्रोश बोकेर निःशब्द उपेक्षाका अनुभूति फ्याँक्दै उनीहरू त्यहाँबाट हिँडिदिनुले सानाकाजीले पनि अपमानबोध सँगाल्नु परेको छ (पृ.५२) । आफ्नै बुढा पुस्ताले तिनलाई तह लाउन खोज्दा त्यस पिँढीले अब काजीको हैकम नसहने अनुभूति यसप्रकार प्रकट गरेको छ, “तिमी मति बिग्रेका बूढाहरू जिउनीभर यी ठूलाठालु, चुसाहाहरूको पैताला चाटेर मर । तर हामी त अब यस्ता बेगारमा कमारा बन्दैनौँ । हामी अब यिनका थिचोमिचो पनि सहन्नौँ, यिनका लोलोपोतोमा पनि भुल्दैनौँ । आजसम्म जति सह्यौँ; जति भुल्यौँ भुल्यौँ; जति चुसियौँ चुसियौँ” (पृ.५४) ! नव उदीयमान पिँढीले अनुभूत गरेको यो विद्रोहजन्य अनुभूतिको संरचना हो जसमा नेपाली समाजले पछ्याउँदै गरेको परिवर्तनको चाहना पनि सङ्केत भएको छ ।

यसप्रकार माझी समुदायका युवा पिँढीद्वारा दुवाली थुन्ने सन्दर्भमा पहिलो पटक विद्रोह प्रकट भएको छ। त्यस लगत्तै सानाकाजीद्वारा घटित लालगेडी बलात्कार प्रयासको काण्डले काजी खानदान विरोधी भावनालाई थप उचाइ दिएको छ। जातिगत रूपमा अधीनस्थ समुदायका नारीहरूमाथि हुने यौनशोषणबारे व्यक्तिगत रूपमा फाटफुट विरोध हुने गरेको भए पनि त्यस काण्डले अधीनस्थ समुदायका युवा पिँढीमाझ बहसको रूप पाउनुले एकातिर त्यस पिँढीमा उठ्दो चेतनाको स्तरलाई पुष्टि गरेको छ; अर्कातिर युवा गाउँलेमा उद्‌बोध सचेतताका कारण तत्कालका लागि साना काजी गाउँ छाड्न विवश हुनु परेको छ। त्यस काण्डले उग्र मानसिक उत्पीडनका अनुभूति सँगालिरहेको सोभिते लालगेडी समक्ष यसरी व्यक्त हुन्छ,

> त के त यिनीहरूले जे-जति थिचोमिचो चोरीचकारी गरे पनि, बलजफ्ती गरे पनि, हाम्रा छोरी-बुहारीलाई हातपात गरे पनि चुपो लागेर सहनु भन्छेस् त तँ पनि ? ... तर अब तँमाथि हातपात गर्न खोजेपछि म अब कसरी चुपो लागेर बस्छु ? ... म त्यसका सिङ फुकालेर गरिबका पनि इज्जत र हुर्मत हुन्छ, गरिबसँग पनि जुध्ने ताकत हुन्छ भनेर देखाइदिन्छु यी राक्षसहरूलाई। नसिकाई छोड्दिनँ। (पृ.९२)

अधीनस्थ जाति तथा वर्गका आधार लिँदै गरिएको यसखाले लैङ्गिक उत्पीडन सोभितेका लागि असहनीय रहेको र त्यसको प्रतिकार अत्यन्त जरुरी भइसकेको उसका अनुभूति यहाँनेर अभिव्यक्त छ। यसरी माझी समुदायका अघिल्लो पिँढीलाई आफ्नै सन्तानपुस्ताले काजी परिवारबाट भएगरेका वर्गीय दमनका विरुद्धमा उठाएको आवाज परम्परा विरोधी, अनुचित र अप्रिय लाग्दछ तथापि वर्गीय द्वन्द्व टड्कारिन थालिसकेको अवस्थाजन्य अनुभूतिले उपन्यासमा यसप्रकार प्रस्तुति पाएको छ,

> तर अब आएर यो नयाँ पुस्ताले आफ्नो चिन्तनधारामा नयाँ कुरा समावेश गर्न थालेको छ। ऊ बात-बातमा आफ्ना पुर्खाको यस ठाउँको हक अधिकार, अनि काजी र अरू ठुलाठालुको उनीहरूका जातिउपरको शोषणको मूल खोतल्न प्रवृत्त भएको देखिन्छ। ज्यादै सोझो र व्यावहारिक बुद्धिबाट वञ्चित ठहरिएको माझी जातिको यस पुस्तामा आएर नयाँ रगतमा आफ्नो वर्गस्वार्थको केही चेतना भैसकेको छ। जहाँनिर ठूलाठालु र सम्पन्न वर्गको स्वार्थ अगाडि आउँछ त्यहाँ उनीहरूको स्वार्थको त्यससँग सामञ्जस्य मिल्दैन र आखिर एकदिन गएर यी दुई वर्गस्वार्थका बीचमा एउटा सङ्घर्ष अनिवार्य छ भन्ने कुरा उनीहरूले सैद्धान्तिक रूपमा नपढेर पनि युगको भोगाइले उनीहरूमा यो चेतना स्वतः प्रस्फुटित हुन थालेको थियो। त्यसैले काजीको निरङ्कुश हैकम, प्रश्नहीन शासनमा अब बिस्तार-बिस्तार अड्चन आउन लागेको थियो। साना काजीका सहरे पाउनाहरूका मनोरञ्जनका लागि दुवाली थुन्ने प्रश्नको सिलसिलामा यो कुरा प्रस्ट देखा पऱ्यो। (पृ.४३)

यहाँनेर सीमान्तकृत माझी समुदायका युवा पिँढी स्वतस्फूर्त प्राप्त सामाजिक चेतनाले डोरिन थालेको अवस्थालाई अभिव्यक्त गरिएको छ। साना काजीका सहरिया पाहुनाहरूको

मनोरञ्जनका लागि माझी युवाहरू मिजार भूमाबाट पाएको दुवाली थुन्ने आदेशको अवज्ञामा सङ्गठित हुँदै समूहगत रूपमै उत्रन सक्नु त्यस समाजमा सामान्तवाद विरुद्ध सुरु भएको प्रतिरोधको पहिलो चोटिलो प्रहार बनेको छ । झन् पछिल्ला चरणमा तिनका प्रतिरोधी गतिविधि तीव्र बन्दै गएको छ । त्यही परिप्रेक्ष्यमा अधीनस्थ समुदायका राम्रा चेली-बुहारीलाई वासनाको सिकार बनाउँदै आएको प्रभुत्वशाली पिँढी प्रतिनिधि साना काजीद्वारा लालगेडीलाई हातपातको प्रयास हुनु (पृ.८२) तथा माझीहरूको सर्वस्व ठानिएको एक मात्र जग्गा 'काभ्रे पाटो' मा साना काजीको हबेली बनाउने निर्णय र त्यसको निर्माणमा माझीहरूले अनिवार्य रूपमा श्रमदान गर्नुपर्ने आदेश पाउनु (पृ.१०२) ले युवा पिँढीमाझ विरोध उर्लन सुरु गरेको अवस्थाजन्य अनुभूतिका संरचनालाई उपन्यासमा प्रस्तुति दिइएको छ । यसरी विलियम्सले भनेझैँ त्यस उदीयमान पिँढीले आफ्नै अनुभूतिको संरचना विकास गर्दै जुझारु बन्दै अगाडि बढिरहेको छ ।

मुलुक तथा विश्वमा भइरहेको परिवर्तनको असर व्यक्तिमा पर्दछ भने व्यक्तिमा देखिने परिवर्तनको असर पनि परिवार, समुदाय, मुलुक हुँदै विश्वमा ठोक्किने गर्दछ । यसप्रकार सामाजिक परिवर्तनका वैयक्तिक, मनोवैज्ञानिक, सामुदायिक, सांस्कृतिक तथा आर्थिक तहहरू र तिनका आयामहरू कार्यकारण सम्बन्धमा गाँसिएका हुन्छन् । एक तहमा देखिएको परिवर्तन अर्को तहको परिवर्तनका लागि कारण बनिरहेको हुन्छ । यिनै कार्यकारण सम्बन्धमा समाज र व्यक्ति पुनर्गठित भइरहेका हुन्छन् (मिश्र, ?, लेखकीय-ख) । उपन्यासमा विशेषतः माझी तथा दनुवार समुदायका युवा पिँढीमा देखिएको परिवर्तनमा यस तथ्यले प्रकाश पाएको छ । वैश्विक चेतनाको लहरसँगै फेरिँदो समग्र नेपाली समाजको चरित्र इन्द्रावती किनारको त्यस गाउँमा पनि देखिन सुरु गरेको छ । माझी समुदायको बुढो पिँढीले त्यस सामयिक चेतना कति पनि पछ्याउन सकेको छैन; अधीनस्थताको पूर्णतः निरीह दशामै छ तर युवा पिँढी भने वर्गीय अधीनस्थताको यथास्थितिमै पनि सामाजिक परिवर्तनको प्रवाहमा हेलिँदै छ; सामाजिक-सांस्कृतिक रूपान्तरण खोज्दै छ । आफ्नो समुदायको परम्परित पेसाले जीवन थेग्न नसकेको, निर्वाहमुखी जीवनसमेत धान्न नसकेको यथार्थबोधमा सदरमुकामतिर देखिएको विकास निर्माणका काममा जान थाल्नु, बाहिरी संसारको संसर्गले केही जान्ने बुझ्ने हुनुसँगै त्यस पिँढीमा नवचेत उदाउँदो छ ।

आफ्नो पिँढीकै समझदार, अग्रगामी चेत बोकेको, जुझारु र जिज्ञासु स्वभावको सोभितेको सान्निध्यले; उसको नेतृत्वले; लालगेडीको नारीस्वाभिमान र हक्की स्वभावले; गिरी मास्टर, देबु पनेरू जस्ता शिक्षितको वैचारिक प्रभावले; हरे सन्न्यासीको राजनीतिक चेतको असरले त्यस युवा पिँढी नव उदीयमान पिँढीको तहमा देखा परेको छ । त्यस पिँढीमा आफ्नै समुदायको अधीनस्थ बुढो पिँढीसँग देखिएको पुस्तान्तरजन्य अन्तरविरोधको चेत र प्रभुत्वशाली पिँढी/काजी खलकका अन्यायपूर्ण गतिविधिप्रतिको प्रतिरोधचेतसँगै अन्याय तथा अत्याचारका विरुद्ध तिनमा उदाएको उन्मुक्तिको चाहनामा निर्मित अनुभूतिका संरचनाहरूले उपन्यासमा सशक्त प्रस्तुति पाएका छन् ।

तिनले विद्यमान सत्ता ढाल्ने निकट आन्दोलनको पूर्वसन्ध्यालाई समेत सशक्त अभिव्यञ्जना गरेका छन् जुन प्रस्तुत उपन्यासको मूल प्राप्ति बनेको छ। यसप्रकार उपन्यासमा चित्रित पञ्चायती व्यवस्थाको त्यस मध्य कालखण्डसम्म पनि प्रभुत्वशाली पिँढीको दमनचक्रमा थिचिएका अधीनस्थ पिँढीकै बाहुल्य रहे पनि अधीनस्थ समुदायका युवा पिँढीमा निःसृत पुस्तान्तरजन्य उदीयमान अनुभूतिको संरचना बदलिँदो सामाजिक चिनारीको आधार बनेको छ।

## ५.५.३ राजनीतिक क्रान्तिचेतका पृष्ठभूमिमा निर्मित अनुभूतिको संरचना

माझी युवा पुरुषपिँढीमा सचेतनाको उद्‌बोधसँगै सामयिक राजनीतिक चेतको विस्तार हुँदै तिनमा क्रमशः क्रान्तिचेतनाको पनि विस्तार हुँदै गएको छ। त्यस क्रममा क्रान्ति, प्रतिक्रान्ति चेतनाका बिचको द्वन्द्वले सिर्जना गरेको दबाब र तनावमा निःसृत विशिष्ट अनुभूतिले उपन्यासमा अभिव्यक्ति पाएको छ। तिनमा चेतनाको उद्‌बोधनमा हरे सन्न्यासी, देबु पनेरू र गिरी मास्टरको विशिष्ट योगदान रहेको छ। तर यी तीनै जना स्वयम्‌को चरित्र भने उदीयमान तहमा उक्लन सकेको देखिँदैन। हरे सन्न्यासी व्यक्तिगत रिसइबी साँध्ने स्वार्थमै भए पनि पञ्चायती तेस्रो चुनावमा सानाकाजीको प्रत्याशी भएर उसको हैकमविरुद्ध प्रधानपञ्चको उम्मेदवारका रूपमा उभिनु सक्नु र बूढाकाजीको उम्मेदवारी फिर्ता लिने दबाबलाई नाजवाफ बनाउन सक्नु तत्कालीन परिप्रेक्ष्यमा उसको लर्तरो आँट होइन। ऊ जनजाति युवा पिँढीको जनमत आर्जन गर्ने ध्याउन्नमा छ। उसले उखु पेल्ने कार्यक्रमको अवसर मिलाएरर माझी तन्नेरीलाई सङ्गठित गरेको छ र तिनीहरूमा विद्रोही आगोलाई उकास्ने काम गरेको छ (पृ.७५)। सानाकाजीको अन्याय, अत्याचारका विरुद्ध आफू डटेर लड्ने प्रतिबद्धता जाहेर गर्नु र सोभितेलगायातका युवालाई आफ्नो पक्षधरता उभ्याउन सक्नु उसको प्रतिरोधी चेतको विशिष्ट अवस्थाको प्रतिफल हो। अनि त सोभिते माझी युवा आवाजको प्रतिनिधित्व गर्दै आफ्ना यस्ता अनुभूति प्रकट गर्न सक्षम भएको छ : "तपाइँले भनेजस्तो गाउँमा थिचोमिचो, बेठ-बेगारी, अत्येचार फाँड्ने बोलकबोल गर्नुहुन्छ भने हाम्रा कमसेकम हामी ठिटौलेहरूका भोट चुनाउ तपाइँलाई पाउनुहुनेछ। लौ बोलकबोल भै" (पृ.७७)। सोभितेको यो त्यस्तो नव उदीयमान उद्‌घोष हो जसमा हरे सन्न्यासीले उब्जाएको नवचेत मिसिएको छ। सन्न्यासीको मूल ध्येय चाहिँ सानाकाजीसँग खानदानी पराजय र अपमानको आँचले पुस्तादर पुस्ताका छातीबाट सर्दै आएको जुन ननिभ्ने फिलुङ्गो उसको हृदयमा सुरक्षित छ; त्यसलाई जगाउँदै पुस्तैनी अन्यायको बदला लिनु रहेको छ (पृ.७४) र विद्यमान राजनीतिक ढाँचा भित्रै उभिएर आफ्ना लागि ठाउँ बनाउनु नै देखिन्छ। त्यसैले सन्न्यासी उदीयमान पिँढीको प्रतिनिधिका रूपमा देखिँदैन।

सोभितेद्वारा हाँकिएको युवा माझी पिँढीको वर्गचेतना र जुझारुपनको अभिवृद्धिमा गिरी मास्टरको भूमिका पनि महत्त्वपूर्ण छ। उसैद्वारा सञ्चालित रात्रि प्रौढ कक्षा, गोरखापत्र जस्ता सञ्चार माध्यममा पहुँच पुऱ्याउनमा उसको विशेष योगदान छ। तिनलाई खार्नमा देबु पनेरूको

पनि त्यत्तिकै योगदान रहेको तथ्य सोभितेका यी अनुभूतिमा प्रकट छ : "के कुरा गर्नुभा' देबु गुरु ! अब हामी कमाराझैँ जोत्तिन बाबु-बाजेजति लाटा त छैनौँ । तपाइँहरूका किर्पाले हामी पनि मान्छे नै र'छौँ भन्नेसम्म त पत्ता पाएका छौँ ए ! जानाजान अन्या र अत्तेचार सहनु कसरी ! अब त्यस्ता कुरा छैनन्" (पृ.४३-४४) । अतः पशुतुल्य बनाएर राखिएको त्यस माझी-दनुवार जनजातिको अधीनस्थ समुदायमा विशेषतः युवा पिँढीमा नवचेतको निरन्तर संसर्गले मानव हुनुको चेत सङ्लिँदै जानुमा देबु पनेरु र गिरी मास्टरको भूमिका विशिष्ट रहेको छ । यी दुवै शिक्षित व्यक्तित्व पनि हुन् तर यी दुवै जैविक बुद्धिजीवीका तहमा उक्लन सकेका भने देखिँदैनन् । गिरी मास्टर मध्यम वर्गीय भीरु संस्कारले ग्रस्त छ (पृ.१४७) । ऊ माझी युवाहमा नवचेत भर्ने चाह त राख्दछ तर सबै कुरा बुझेर पनि आफू स्वयम् प्रतिरोधी गतिविधिमा अघि बढ्न नचाहेको मानसिकता उसका यी अनुभूतिको संरचनाा प्रस्तुत छ,

> किन माड्साप, किन खोलादेखि धर्तीसम्म यी माझीहरू आफूले इच्छा गरेजस्तो चल्न सक्तैनन् ? ... तर गिरी मास्टर उसलाई के जवाफ देवस् ? उसले नबुझेको होइन, तर बुझेको बुझाउन लाग्दा कतैँ उसले मालिकहरूका आँखाको कसिङ्गर भएर यो पाइराखेको एउटा सानो जीविका- गाउँको मास्टरी पनि गुमाउनु नपरोस् । (पृ.७२)

गिरी मास्टरका सन्दर्भमा उपन्यासमा प्रस्तुत उक्त अनुभूतिको संरचनाले उसमा निहित व्यक्तिस्वार्थको सर्वोपरितालाई प्रकट गरेको छ। सबाल्टर्न अर्थात् सीमान्तकृत माझी-दनुवार समुदायमा शैक्षिक चेतना छर्ने काम त उसले गरेको छ; ऊ सबाल्टर्नमैत्री पनि देखिएको छ तर तिनलाई अन्यायका विरुद्धमा सङ्गठनात्मक रूपमा आवाज उठाउन सक्ने तहमा पुऱ्याउने बौद्धिक वर्गको प्रतिनिधित्व भने उसले गर्न सकेको छैन । ग्राम्चीका अनुसार बौद्धिक वर्ग व्यक्तिवादी होइन, सामूहिक प्राणी बढी हुनुपर्दछ; उसको ज्ञान बौद्धिक विलासमा सीमित हुनु हुँदैन; ऊ आम सबाल्टर्नको हितमा उभिन सक्ने हुनुपर्दछ (श्रेष्ठ, २०६८, पृ. २१७) । त्यस्तै, माझी केटाकेटीलाई बाबुआमाले पढ्न पठाउनु भन्दा जाल खेल्न पठाउनुमै रुचि राख्ने, केटाकेटी पनि त्यही रुचाउने, हुन पनि त्यसो नगर्दा दुई पेट खोलोफाँडो पनि नजुट्ने तीतो वास्तविकता सोभितेले प्रकट गर्दा आफ्नै भोगाइका पनि गहिरो अन्तरपीडाको अनुभूति सँगाल्दै मास्टर यसरी अभिव्यक्त भएको छ, "ठीक भन्यौ । पहिले पेटको आगै ननिभाई बुद्धिको आगो कसरी सल्किन्छ ?" (पृ.१४३) । अतः पेटको आगो निभाउने जोरजामलाई, बल्लबल्ल मिलेको गाँसबासको ठेगानलाई कायम राख्ने बाध्यतामै ऊ आफूलाई पनि पाउँछ । यद्यपि मास्टरले बूढा काजीद्वारा प्रौढ कक्षा बन्द गराउने आदेशका क्रममा भएको बहसमा साना काजीले मास्टरलाई अराष्ट्रिय गतिविधिमा संलग्न रहेको आरोप लगाएको छ (पृ.१५७) । त्यसबेला उसले डटेर प्रतिरोध पनि गरेको छ तर त्यसको भोलिपल्टै रात्रिकक्षा बन्द गराउनमा विवश भएको लज्जाभावको अनुभूति उसले सँगालेको अवस्था छ (पृ.१८३) । यसप्रकार उसको द्वन्द्वात्मक मनस्थितिमा आफ्नो गाँसबासको सुरक्षाभावले नै विजय पाएको छ । यस सम्बन्धमा उसमा सङ्लिएको अनुभूति देबु पनेरूसमक्ष यसरी प्रस्तुत भएको छ,

तर देखादेख बाटोमा थाकलको काँडा उम्रेको छ भने त्यसलाई मिचेर हिँड्न पनि त सकिन्न ... कि त त्यसलाई उखेलेर बाटो सफा गर्नुपऱ्यो अनि हिडँनुपऱ्यो, होइन उखेल्न सक्ने शक्ति छैन भने पन्छेरै हिड्नुपऱ्यो । ... देबु गुरु मलाई आफ्नो शक्तिमा त्यति भर छैन । ... त्यसैले कसैले आएर थाकल उखेल्ने प्रतीक्षामा पर्खिबस्नु अथवा बाटै पन्छेर जानु, यो दुईबाहेक तेस्रो विकल्प मसँग छैन । (पृ.१८६)

मास्टर गिरीले आफ्ना सीमालाई यसरी अभिव्यक्ति दिएको छ। अतः आफूलाई नवउदीयमान पिँढीको प्रतिनिधित्व गर्ने स्थितिमा उसले स्वयंलाई पाएको छैन । बूढा काजीको एउटै धम्कीले पलायन मार्ग रोज्ने मास्टर पठित तर लाचार चरित्र लिएर उपन्यासमा प्रस्तुत भएको छ ।

जतिसुकै क्रान्तिका र प्रतिरोधी चेतका ठुला-ठुला कुरा गरे पनि देबु पनेरूको वास्तविकता सानाकाजीका आफूप्रतिको शासकीय दमन र दुर्व्यवहारजन्य उत्पीडनको प्रतिशोध लिनुमै केन्द्रित छ । ऊ माझी समाजको साँच्चीको हिमाइते भएर होइन; साना काजीसँगको व्यक्तिगत हिसाब छिनाफानाका लागि, दमित रिसइबी साँध्ने उद्देश्यमा त्यस समाजमा प्रतिरोधी चेत उकास्नका निम्ति लागिपरेको देखिन्छ (पृ.१६६) । उसको जुझारुपनमा एउटा खण्डे गुटपरस्त; राजनीतिक तीव्र मौकापरस्त प्रवृत्ति नै रहेको छ (पृ.१८३) । ऊ जनहितका लागि गरिनुपर्ने वास्तविक सङ्घर्षदेखि त्रसित छ र ऊ पनि विद्यमान राजनीतिक ढाँचाभित्रै आफ्ना लागि सुरक्षित र सम्मानित स्थानको खोजीमा छ। उसको यो स्वार्थलाई मास्टर गिरीले राम्ररी ठम्याउन सकेको वास्तविकताले उपन्यासमा मास्टरको अनुभूतिको यस निकासले प्रस्ट पारेको छ, "तर तपाइँहरू पनि आफूलाई यिनै शोषकका फ्रेमभित्र अटाएर आफू 'सेफ' हुन खोज्नुहुन्छ होइन ?...फेरि तपाइँ कसरी जनसङ्घर्षका कुरा निकाल्नुहुन्छ ?" (पृ.१८४) । हुन पनि अगाडिदेखि नै चुनावमा सानाकाजीको प्रतिद्वन्द्वी हरे सन्न्यासीका पक्षमा खुलेर सघाएको देबु पनेरूले सानाकाजीलाई राष्ट्र पञ्चायतका सदस्यको मनोनयनमा पर्नबाट रोक्ने प्रयत्न गरेको छ (पृ.१६६-६७) । उसको हबेली निर्माणमा भाँजो हाल्नु जस्ता वैयक्तिक रिसइबीका मनोकाङ्क्षालाई पूर्णता दिने स्वार्थमा ऊ माझी युवाजमातको प्रतिरोधी स्वर उराल्न चाहन्छ तसर्थ देबु पनेरू जस्तो शिक्षित युवा पनि उदीयमान पिँढीको प्रतिनिधित्व गर्न असमर्थ छ ।

गिरी मास्टर र देबु पनेरू दुवै परम्परित बुद्धिजीवीकै कोटिमा सीमित छन् । ग्राम्चीका अनुसार नवीन सांस्कृतिक सङ्घर्षलाई सही धार दिनमा जैविक बुद्धिजीवी आलोचकको महत्त्वपूर्ण भूमिका हुनुपर्दछ । मुख्यतः ती सर्वहाराका पक्षमा उभिन सक्नुपर्छ (सिंह, सन् २०११,पृ.२३) । गिरी मास्टर र देबु पनेरूले आफूहरूलाई जैविक बुद्धिजीवीको तहमा उभ्याउने कत्ति पनि प्रयत्न गरेको देखिँदैन । अतः उपन्यासमा गिरी मास्टर, देबु पनेरू, हरे सन्न्यासी जस्ता पात्रहरू उदीयमान पिँढी नजिक देखिए पनि तिनीहरूद्वारा पूर्णतः उदीयमान पिँढीको प्रतिनिधित्व नभएको यथार्थलाई

उपर्युल्लिखित सन्दर्भहरूले प्रस्ट पारेको छ। विलियम्सका मतमा मूलधारको प्रभुत्वका विरुद्धमा प्रतिप्रभुत्व र वैकल्पिक प्रभुत्वको सिर्जना भइरहेको हुन्छ (सन् २०१०, पृ.११२)। उपन्यासमा प्रस्तुत सन्न्यासी तथा देबु पनेरू जस्ता पात्रहरूको प्रतिप्रभुत्व स्थापनाका गतिविधि र गिरी मास्टरसमेतद्वारा प्रसारित सामयिक नवचेतको असरले त्यस समाजमा जुन हलचल उत्पन्न गरेको देखाइएको छ, त्यो भने ज्यादै महत्त्वपूर्ण छ। त्यसले गर्दा माझी युवा पिँढी उदीयमान तहमा उक्लिन समर्थ भएको छ। उपन्यासमा त्यस पिँढीलाई सोभिते माझीले नेतृत्व गरेको छ। माझी समुदायको त्यस युवा पिँढीमा राजनीतिक सचेतनासहितका प्रतिरोधी गतिविधि बढ्न थालेसँगै बूढा काजीले सँगालेका दबाब र तनावका अनुभुतिलाई लिएर आख्यानकारको टिप्पणी उपन्यासमा यसप्रकार अभिव्यक्त छ,

> तर अब काजी चतुर्भुजसिंहका अन्तिम कालमा आएर अधिराज्यमा आएको सामन्तवाद विरोधी लहरको केही रूप यस ठाउँमा पनि फाट्टफुट्ट देखिन थालेको थियो। यसले गर्दा अब काजी खलकको आर्थिक, राजनीतिक शक्ति क्षिण हुँदै गएर केवल परम्पराको सांस्कृतिक शक्ति मात्र कायम रहेको आभाष हुन लागेको थियो। त्यसैले काजी चतुरभुजले आफू केही अंशमा लँगडो भएको अनुभव गर्न थालेका थिए। उनी केवल एउटा परम्परागत आस्था र विश्वासको वैशाखीका आधारमा उभिएर यो समाजमा धमिलो रूपमा उठेको विरोधको लहरलाई बडो निराशा र एक किसिमको सन्त्रासबीच नियाल्न थालेका थिए। (पृ.१११)

जनसमुदायको अन्याय प्रतिकारका कारण शासक पिँढीले सँगाल्नु परेको दबाब र तनावका अनुभूतिका परिप्रेक्ष्यमा निर्मित यस अनुभूतिको संरचनाले उपन्यासमा पञ्चायतकालीन राजनीति हल्लिन थालेको अवस्थालाई पनि सङ्केत गरेको छ। सोभितेले आफ्नो समुदायले प्रभुत्वशाली पिँढीका कारण भोग्दै आएको अधीनस्थ अवस्था र अमानवीय व्यवहारको पराकाष्ठा माझी समुदायको स्वामित्वमा रहेको एकमात्र जग्गा 'काभ्रे पाटो' खोस्ने काजीको निर्णयलाई अर्थ्याउन सकेको र युवा माझीहरूमा प्रतिरोधचेतलाई सकारात्मक स्तरमा प्रभाव पार्ने जमर्को गरेको सन्दर्भको अनुभूतिको संरचना उपन्यासमा यसप्रकार रहेको छ,

> यहाँ हबेली बन्छ त साना काजीका लागि बन्छ ! ... तिमीले हामीले त्यसका बैठकमा एक रात गुजार्ने त कुरै छोडौँ, त्यसका छिँडी-मझरीसम्म पनि उनका मर्जी बेगर ढिम्कन पाउन्नौँ। त्यहाँ सरकारका मान्छे, सहरका ठूला हाकिम, बडाहामिक आएर आफ्ना थकाइ मार्छन्, तिम्रा-हाम्रा के हुन्छ ?... हो भलो हुनुको सट्टा गाउँका मोटा खसी, मोटा कुखुरा र मोटा सुँगुर, माछाका सत्तेनास हुन्छन्। तिम्रा-हाम्रा छोरी-बुहारी, दिदी-बहिनीले आङ फुकाएर गाउँमै पानी-पँधेरो, घाँस-दाउरा जान, घुम्न पाउन्नन्। गएपल्ट साना काजीका पाहुना-ठुलाबडा सहरे आ'को बेला' तिम्ले-हाम्ले पर्तच्छे भोगेका कुरा होइनन् यी ? त अहिल्यै यी सबै कुरा बिर्सेर फेरि उनैका लोलोपोतोमा फस्ने ? (पृ.१०३)

उपन्यासका उक्त उद्धृतांशमार्फत तत्कालीन नेपालको राजनीतिक दुरवस्थाका कारण ग्रामीण सामाजिक संरचनामा अधीनस्थ समुदाय/पिँढीको निरीह जीवनदशालाई त मूर्त गरिएको छ नै; साथै जाति विशेष समुदायलाई भोगाइएको अवस्थाबारेको बोध र त्यसको कारक पक्षप्रतिको प्रतिरोधचेतको प्रकटीकरण उपन्यासमा शोषित-पीडित समुदाय अर्थात् भोक्ता पक्षकै तर्फबाट हुनसकेको देखाइनु निक्कै महत्त्वपूर्ण छ। यसप्रकार उपन्यासमा पञ्चायतकालीन राजनीतिले प्रभुत्वशाली पिँढीको आततायी शोषक चरित्रलाई प्रश्रय दिइरहेको तर शासकीय व्यवहारमा उत्पीडित सीमान्तकृत पिँढी/समुदायको प्रतिरोधी आवाज मुखर हुन थालेको अवस्थाका अनुभूतिका संरचनालाई उपन्यासकारद्वारा प्रस्तुति दिइएको छ। यसै परिप्रेक्ष्यमा जिज्ञासु सोभितेका निर्दोष र अनुत्तरित अनन्त प्रश्नहरूले खल्बलिएको मनोदशालाई आख्यानकारका माध्यमद्वारा लेखकले उपन्यासमा यस्तो अनुभूतिको संरचनामा प्रस्तुति दिएका छन्,

> सोभिते मनमनै साना काजी र उसका सहरे स्यानब्यानलाई गाली गर्न थाल्यो। यस काजी खानदानको लुटमार जिमीमा मात्र होइन पानीमा पनि एकनासले चल्छ। यो लुटमार इन्द्रावतीको अविरल धारासँगै कहिलेदेखि एकनास चलिरहेछ र त्यसका अविरल धारामा माझीका कति पुस्ता, कति हाँगा बहेर त्यसको अनन्त गहिराइमा डुबे त्यसको लेखासम्म पनि कसैले राखेको छैन। बूढा काजीका बाजेले चलाएको शोषणको यो सिलसिला साना काजीका पुस्तामा आएर झन् नयाँ रूप र नयाँ मोडमा झन्-झन् धारिलो, झन्-झन् तीव्र रूपमा बग्दैछ। कहाँ गएर होला यस अविरल शोषण प्रवाहको अन्त ? कतिसम्म चल्ने होला यस उत्पीडन कथाको सिलसिला ? (पृ.१७७)

यसप्रकार सोभितेका माध्यममा पञ्चायती कालखण्डको राजनीतिले अझ विकृत बनाएको समाजबोधका स्वानुभूतिलाई लेखकले सशक्त संरचनात्मक स्वरूप दिएका छन्। अतः देशमा राजनीतिक व्यवस्था फेरिए पनि शासकीय दमनकारी प्रवृत्ति नफेरिएको, प्रभुत्वशाली पिँढीकै हालिमुहालीमा आम सर्वसाधारणले उत्पीडनका अनुभूति सँगालेर निरीह जीवन बाँच्न विवश रहेको यथार्थ प्रस्तुतिको प्रयोजनमा उपन्यासमा अनुभूतिका संरचनाले अभिव्यक्ति पाएका छन्। त्यसमा प्रभुत्वशाली पिँढीबाट भएगरेका दमन, शोषण र उत्पीडनको यथार्थ स्वरूपलाई अधीनस्थ समुदायका युवा पिँढीले क्रमशः बोध गर्दै प्रतिकारको चेत निर्माण गर्दै गएको तत्कालीन अवस्थाविशेषको अभिव्यञ्जना भएको छ। त्यस परिप्रेक्ष्यमा काजी परिवारका मात्र नभई सिङ्गो ठालु वर्ग पनि युवा पिँढीबाट सशङ्कित र क्षुब्ध हुँदै दबाब र तनावजन्य अनुभूति साँच्न पुगिरहेको अवस्थालाई पनि उपन्यासमा संरचनात्मक स्वरूप प्रदान गरिएको छ (पृ.४६)। उपन्यासमा यो त्यस्तो अनुभूतिको संरचनाको प्रकटीकरण हो जसले त्यस कालखण्डमा उद्‌बोधन हुन थालेको राजनीतिक चेतका प्रभावमा जनसाधारणमा देखिएको प्रतिकार चेतजन्य गतिविधिका कारण प्रभुत्वशाली वर्गले दबाब र तनावजन्य अनुभूति साँच्न पुगिरहेको विशिष्ट अवस्थालाई व्यञ्जना

गर्ने सामर्थ्य बोकेको छ र नवउदीयमान चेतका असरले व्याप्ति पाउँदै गरेको अवस्थालाई पनि ध्वनन गरेको छ ।

उपन्यासमा प्रस्तुत त्यस अवस्थाले सङ्क्रमणकालीन नेपाली समाजलाई पनि मुखर गरेको छ । हरेक युगान्तर र युगारम्भका क्रममा मानव अन्तरसम्बन्ध र मानवमनोविज्ञान परिवर्तित मोडमा आइपुग्छ र त्यसले नयाँ परिभाषाको माग गर्छ (मिश्र, ?, पृ.४०) । उपन्यासमा प्रस्तुत अनुभूतिका संरचनामा त्यस बेलाको विद्यमान सामाजिक तथा राजनीतिक व्यवस्थामा परिवर्तनको चाह जनसाधारणमा उद्बोधन भइरहेको अवस्थालाई प्रस्तुत गरिएको छ । यसप्रकार पञ्चायत कालखण्डमा प्रभुत्वशाली पिँढीविरुद्ध नव पिँढीले जुर्मुराउँदा दरिलो वर्गीय रूप लिने लक्षण देखिइसकेको र त्यो अधीनस्थ जनजातिका युवा पिँढीका तर्फबाट पनि सुरु भइसकेको यथार्थलाई उपन्यासमा मुखर गरिएको छ । साथै, उपन्यासमा प्रस्तुत गरिएको उदाउँदो पिँढीमा समूहगत एकाकार भावजन्य संस्कृति प्रकट भएको छ जुन जनताको संस्कृति हो । जनताको संस्कृतिमा धेरै मानिस एकअर्काका विचार श्रवण, खण्डनमण्डन गरिरहेका हुन्छन् । त्यहाँ संवादका लागि मानसिक सक्रियताको वातावरण पनि बनिरहेको हुन्छ । अनि त्यहाँ परस्पर घुलमिल र त्यसबाट ताजापन प्राप्त हुनेमात्र होइन; व्यक्तिले आफूलाई स्वका तहबाट उठाउँदै र समूहका तहमा उकास्दै, नियन्त्रणको संस्कृतिलाई बहिष्कार गर्दै, जनताको संस्कृतिलाई सामूहिक रूपमा आर्जन गरिरहेको हुन्छ (एतोमी, मिनोरु र एतोमी कुबो, सन् २०११, पृ.१२८) । उपन्यासमा युवा पिँढीका यसखाले गतिविधिले बुढो माझी मिजार भने आफ्नो परम्परित संस्कार र विश्वास डगमगाउन थालेकोमा सङ्कट र अमङ्गलको अनुभूति सँगाल्नु परेको अवस्थाको प्रस्तुतिसँगै अझै पनि ऊजस्ता पुरानो पुस्ता अधीनस्थ मनोदशाबाट उम्कन नसकेको स्थिति पनि प्रस्तुत गरिएको छ । सोही परिप्रेक्ष्यमा उपन्यासमा मिजारद्वारा काजी खलकले हबेली बनाउने जग्गा तिनको आफ्नै त भएको र त्यसमा माझीहरूले नाइनास्ति गर्ने कुनै हक नभएको जस्ता परम्परित तर्क प्रस्तुत गराउँदै उसैको छोरो भीमेमार्फत यसरी प्रतिवाद पनि गराइएको छ,

> उनको जगो कसरी भयो ? ... काजी खलकले त्यो खोरिया फाँडेर उब्जाउ धर्ती बनाउन कुनै दिन दिन कोदाली बोकेर आए कि ? ... त्यसको एक चिम्टी माटोलाई उनले आफ्ना पसिनाले भिजाए कि आफ्नो भन्नलाई ? ... वा, कस्ता मज्जाका कुरा ! ... लौ लालपुर्जा उनका छन् रे, तर कमोत त हाम्रा छन् कि ? ... त्यसमा कसरी दखल गर्छन्, लौ हेरूँ !" (पृ.११३-१४)

यसरी उपन्यासमा प्रौढ शिक्षा पढेर दुईचार अक्षर खार्न सक्ने भएका, गोरखापत्र पढेर मोहियानी हकबारे छलफल गर्न सक्ने भएका, ऐन-कानुन धेरथोर बुझ्न थालेका जोशिला युवा माझीलाई प्रस्तुत गर्दै उत्पीडन सदैव सहन गरिरहने पक्षमा ती नरहेको देखाइएको छ र आफ्नो समुदायको हकहितका लागि पुस्तान्तरजन्य द्वन्द्व झेलेर पनि आफूले बुझेको कुरा आफ्नो समुदायलाई बुझाउन त्यस युवा पिँढी तत्पर देखाइएको छ । मानिस पिँढी दर पिँढी नयाँ

अभियानमा संलग्न हुन चाहन्छ । उसले मूलभूत रूपमा स्वतन्त्रताको चाह सँगालिरहेको हुन्छ । त्यस क्रममा जीवनमा आइपर्ने कुनै पनि प्रतिकूल नियतिलाई अस्वीकार गर्ने तहमा ऊ पुग्दछ ( सिन्हा, सन् २०१०, पृ. ३५) । सत्ता, शक्ति र अर्थमा प्रबल पहुँच रहेको प्रभुत्वशाली पिँढी काजी खानदानद्वारा आफ्नो समुदायलाई निरन्तर अधीनस्थ बनाउँदै आएको अवस्था फेर्न प्रतिरोधमा उत्रनु युवामाझीहरूका निमित्त लर्तरो प्रयास होइन तर त्यस पिँढी हरेस खाएर पन्छिने मनोदशामा छैन; जुझारु भएर भिँड्न तत्पर छ । यसै परिप्रेक्ष्यमा सानाकाजीको हातमा ताकत, राजाका मान्छे, बन्दुक सबै थोक भएकाले रित्ता हातका एक्ला, दुक्ला माझीले भिड्नु कठिनाइ भएको तर्क गर्दै लालगेडीले सोभितेलाई रोक्ने प्रयास गरेकी छ । त्यतिखेर युवाचेत र जोश लिएर सोभिते यसरी प्रस्तुत भएको छ,

> छाड् यस्ता पानीमरुवा कुरा ! ... उसका हाताँ' राजाका मान्छे छन् भने हाम्रा हाताँ' पनि त जनताका मान्छे छन्; गाउँका तन्नेरी रगत छन् । उसका हाताँ' बन्दुक छ भने मेरा हाताँ' पनि ढुङ्गो छ, मुढो छ, हँसिया र खुर्पा छ । केही नभए हलो-कोदालोको बिडँ छ । सबैभन्दा ठूलो कुरा हामीसँग सत्येको पक्षे छ अन्यायेको, अत्येचारको विरोध, न्यायेको पक्षे छ । (पृ.११८)

सोभितेद्वारा अभिव्यक्त उदीयमान शक्तिप्रतिको विश्वासले भरिएको यस उद्घोषले तत्कालीन दूषित राजनीतिप्रतिको अविश्वास र प्रतिकारचेत अनि आफ्नो हक र अधिकारका लागि क्रान्तिप्रतिको तदारुकता त्यस बेलाको उधीनस्थ समुदायमा देखिन सुरु भइसकेको तथ्यलाई प्रस्तुत गरेको छ। विकल प्रगतिवादी वैचारिक आधार भएका उपन्यासकार भएकाले प्रस्तुत उपन्यासमा वर्गीय समस्याको राम्ररी पहिचान हुनसकेको छ र समस्याको अन्त्यका लागि वर्गसङ्घर्षको औचित्यलाई पनि पुष्टि गर्न पनि उपन्यास समर्थ रहेको छ (भट्टराई, २०७७ ख, पृ.४१४) । अत: काजी पिँढीको अन्यायका विरुद्ध भिँड्ने सङ्गठित शक्तिको आवश्यकतालाई औँल्याउँदै आफ्ना अनुभूति सोभिते यसरी प्रकट गर्दछ, “साना काजी त के उसका तितु आए पनि काभ्रेपाटो खोस्न समरथ चल्दैन । के हामी गाउँका ठिटा मरेका छौँ र ? ... त्यसैले भीमे, जैमाने पनि यसरी भौँतारिएर नहिँड्नु जाती ।... अब हाम्रो लडाइँ काजी खलकसँग सुरु भो” (पृ.१२०) । सोभितेका आत्मविश्वासले भरिएको यस क्रान्तिचेतमा निर्मित उद्घोषले तत्कालीन सामाजिक दुरवस्था बदल्नका निमित्त युवा पिँढीमा देखिएको जागरुकतालाई पनि प्रस्ट पारेको छ ।

बुदुने माझी, हरे तिवारी जस्ता सानाकाजीका आदेशमा उसका हिमाइतेहरूले जाँड खाएर रात्रि प्रौढ कक्षामा पुगी होहल्ला मच्चाउनु, गालीगलौजको खोलो बगाउनु, सहनको पराकाष्ठामा पुगेपछि माझी केटाहरूद्वारा ती नराम्ररी पिटिएका छन् (पृ.१४९)। त्यस्तै, माझीहरूको पितृ उतार्ने सांस्कृतिक पर्वको जमघटमा पुगेर तिनले त्यसरी नै विध्वंश मच्चाउँदा पनि पिटाइ खानुपरेको छ (पृ.१३१) । उपन्यासमा वर्णित यी घटनाक्रमहरू माझी युवा पिँढीबाट सुरु भएको सानाकाजी विरुद्धको प्रतिकारका गतिविधिका रूपमा प्रस्तुत छन् । विलियम्सका अनुसार फरक

अर्थ र फरक संस्कृतिमाथि प्रभुत्व जमाउने कार्यप्रतिको विमतिले सांस्कृतिक प्रतिरोधलाई दर्साउँदछ (सन् २०१७, पृ.१३४) उपन्यासमा साना काजीद्वारा अधीनस्थ समुदायमा प्रभुत्व कायमका लागि भएका गतिविधिहरूप्रतिको विरोधको लहरले युवा माझीहरूमा व्याप्ति पाइसकेको छ। उपन्यासमा प्रस्तुत आफ्नो जातिको उल्लासमय सांस्कृतिक पर्वको अवसर पारेर साना काजीद्वारा रिसइबी साँध्न पठाइएका उसका भरौटेहरू युवा माझीहरूद्वारा नराम्ररी कुटिनु पनि सांस्कृतिक प्रतिरोधकै एउटा दृष्टान्त हो। जोगिटारमा सम्पन हुँदै गरेको पितृपर्वका अवसरमा भएको त्यस भिडन्तमा काजीका मान्छे कुटिनुमा रिठ्ठे माझीले असन्तोष व्यक्त गर्दा कृष्णे यसरी जङ्गिएको छ, “के त काजीका मान्छे भन्दा' मा जसले जे गर्दा पनि हुन्छ त ? ... तिमी बूढाका यही लुते कुर मन पर्दैनन् हामीलाई” (पृ.१३४-३५)। यसप्रकारको युवा माझीद्वारा भएको उदीयमान प्रतिवादले पुस्तान्तरतजन्य अनुभूतिलाई मात्र प्रकट गरेको छैन; सामन्तवादी युगले विदा लिँदै गरेको नवीन मोडलाई पनि प्रतिबिम्बन गरेको छ।

माझी केटाहरूमा उत्पीडनप्रतिको क्रोध र आक्रोश प्रबल बन्दै जानु, काजी खलकको कुकृत्यप्रति घृणा र विद्रोहको आगो झन्झन् दन्कँदै जानु उदीयमान पिँढीले निरन्तर साँचेको दबाब र तनावको निकासको त्यस्तो अवस्था हो जसमा प्रभुत्वशाली प्रवृत्ति विरुद्धको चेत परिपक्व बन्दै र स्वतन्त्रताको अभिलाषा बढ्दै गएको तत्कालीन देशअवस्थालाई पनि उपन्यासमा अभिव्यक्त अनुभूतिका संरचनामा अभिव्यञ्जना गरिएको छ। यसप्रकार अत्यन्त कठिनग्रस्त परिस्थितिमा पनि अपरिमेय साहसका अनुभूति सँगालेर डोरिएको सोभिते र उसले हाँकेको पिँढीलाई सत्तागत षड्यन्त्रको चक्रव्यूहमा पारेर जेल चलान गरिनु, जेलबाट सजायँ भुक्तान गरेर सोभिते आफ्नो गाउँ पुग्नु, उजाड गाउँ, जुझारु लालगेडीविहीन अवस्था र साना काजीको सुरक्षित हबेली हेर्दै गर्दा भावुकताले गल्नुभन्दा आफूभित्रको प्रतिरोध चेत सल्काउन थाल्नु र भूमाको आँगनबाट फर्किँदै गर्दाका उसका अनूभूतिलाई उपन्यासमा आख्यानकारमार्फत यसरी प्रस्तुत गरिएको छ,

> सोभितेका आँखामा अब भावुकताको जनका सट्टा प्रलयकालको दावानल राँकिएको देखियो। दाह्रा एक्कासि बाँधिए। यही हबेली त हो माझीहरूको जीवनको सम्पूर्ण विनाशको जड; मानवजीवनको एउटा घृणित अभिशाप ! यसका जरोमूलो नमासी यी निरीह माझी-भोकानाङ्गा र मानव सन्तान अनन्त आशाको धिपधिपे दियो आँखामा जगाएर इन्द्रावतीको अनन्त प्रवाहमा हेरी बस्ने ससाना छाउरा-माझी दनुवारको भुराको दिन कसरी फर्कन्छ ? ... उनका आँगन, छिँडी, पिँढीमा घाम कसरी फैलिन्छ ? (पृ. २४६)

आफ्ना वर्गीय शत्रुको पहिचान, भावी पुस्ताको उज्यालो भविष्यका लागि समाजपरिवर्तनका निमित्त जनसङ्घर्षको खाँचो र क्रान्तिको आवश्यकताको बोध मिसिएको उक्त अनुभूतिको संरचनामा नवउदीयमान पिँढीमा सिर्जित अनुभूतिको विशिष्ट अवस्थालाई द्योतन गरिएको छ। साथै, त्यसद्वारा समाजमा विद्यमान सबैखाले भेदभावको अन्त्यका लागि राजनीतिक

क्रान्तिको आवश्यकता बोधको तत्कालीन जनभावनाको पनि सम्बोधन भएको छ। त्यस्तै, उपन्यासमा लेखकद्वारा सोभिते आउनै नपाई हिँडेको सन्दर्भमा उपन्यासमा भूमाका आश्चर्यजन्य अनुभूतिको अभिव्यक्तिमा सोभितेद्वारा यस्ता अनुभूतिगम्य प्रत्युत्तर प्रकट गराइएको छ, "म अहिले जान्छु मामा ! तर सधैँलाई होइन ।...म केही दिनपछि आउँछु, आउँछु, पक्कै ।... अनि आउँदा आफ्नो साथमा यस हवेलीको कहर लिएर आउने छु; हाम्रो समाजका लागि एउटा नयाँ बिहानी लिएर आउने छु" (पृ.२४६)। सोभितेको यस उद्घोषमा त्यस्तो नव उदीयमान चेतलाई अगाडि ल्याइएको छ जसमा भ्रष्ट नेतृत्व र व्यवस्था ढाल्ने सङ्कल्प अभिव्यक्त छ। एक्लोको शक्तिमा भर नदेख्ने मामाको पराजित मानसिकतालाई उसले यसरी आश्वस्त पार्ने प्रयास गरेको देखाइएको छ, "म एक्लो छैन मामा ! यो ठूलो धर्तीमा मेरो साथमा लाखौँ-करोडौँ छन्। ... हो आज हाम्रो भाग्यमा रात परेको छ, तर रात त सधैँ रहिरहन्न नि, बिहान पूर्वबाट सूर्य त उदाइहाल्छ ... सूर्यको साथमा उज्यालो आएपछि अन्धकारले नभागी सुक्खै छैन" (पृ.२४६)। यसरी आफ्नो समुदायको आशावादी भविष्य साँचेर सोभिते इन्द्रावती झैँ प्रवाहमान भई अघि बढ्न चाहेको अनि उसले इन्द्रावतीको गतिशीलता, सिर्जनशीलताको गीत र सत्ताधारी मानिसको पक्षपाती एवम् प्रकृति विनाशी स्वभाव पनि ठम्याउन सकेको देखाउँदै उसलाई उपन्यासमा पूर्ण उदीयमान पिँढी प्रतिनिधिका रूपमा उभ्याइएको छ (पृ.२४७)। उसले कायर र कृतघ्न भएर पलायन हुनलाई गाउँ छोडेको हैन; आँखामा दृढ र सुनौलो सङ्कल्प लिएर, गाउँको मुहार फेर्ने ध्येय लिई शक्ति सञ्चय गरी फर्कनका लागि ऊ गाउँ छोड्दै गरेको देखाइएको छ।

यसप्रकार उपन्यासमा सोभितेलाई असहाय, निरीह र असमर्थ अवस्थामा होइन; प्रज्वलित दीपज्वाला र असङ्ख्य जनशक्तिसहित फर्कने र साना काजीको दम्भ र कुरूप हवेली विरुद्ध खनिने सङ्कल्प बोकेर अघि बढेको देखाइएको छ (पृ.२४८)। यिनै परिप्रेक्ष्यमा उपन्यासमा पञ्चायतकालीन राजनीतिमै पनि संरक्षित सामन्तवादी उत्पीडक प्रवृत्ति र समाजव्यवस्थाका भेदभावजन्य विकृति ठम्याउँदै उत्पीडित पक्षले आफ्ना लागि आफैँले आवाज उठाउन सक्ने उदीयमान पिँढीको उदय भइसकेको कुरालाई उक्त अनुभूतिले प्रस्तुत गरेको छ। विलियम्सका अनुसार प्रभुत्वशाली संस्कृतिका ठाउँमा नयाँ संस्कृतिको विकास गर्ने तत्त्व अनुभूतिको नयाँ संरचनामा हुन्छ (सन् २०१०,पृ.३४)। अतः प्रस्तुत उपन्यासमा सोभितेले सँगालेका नवउदीयमान अनुभूतिहरू त्यस्तो अनुभूतिमय चिन्तनको अभिव्यक्तिका रूपमा प्रस्तुत छ जसमा विद्यमान पञ्चायती सत्ता ढाल्न जनता सङ्कल्पित रहेको र आतुर भइसकेको स्थितिको सम्बोधन भएको छ। साथै, त्यसले तत्कालीन समाजले खोजेको सांस्कृतिक रूपान्तरणको जनचाहनालाई पनि सङ्केत गरेको छ।

प्रस्तुत उपन्यासमा सबै खाले अधिकारद्वारा वञ्चित रहिकन जातीय, वर्गीय र लिङ्गीय अधीनस्थतालाई सही रूपमा बोध गर्न सक्षम, सामाजिक संरचनामा निहित सामाजिक आर्थिक

असमानतालाई ठम्याउन सक्ने, सत्ता र शक्तिका विकृति बुझ्न सक्ने धेरथोर राजनीतिक चेत र जातीय पहिचानको चेतसमेत बोकेको सोभितेले उदीयमान पिँढीको प्रतिनिधित्व सही रूपमा गरेको छ। ऊ वैयक्तिक लाभ र स्वार्थभन्दा माथि उठेर आफ्नो पिँढी/समुदायका हकहितका लागि, वर्गस्वार्थका लागि समर्पित छ। उसले उपन्यासको अन्ततातिर देखाएको अठोट र सङ्कल्पले उसको जुझारु व्यक्तित्व प्रकट भएको छ नै; नवीन सांस्कृतिक मोडको छनकसमेत त्यसमा प्रकट छ। यसरी माझी समाजले काजी खानदानको शक्ति र सत्तालाई अजेय ठान्दै आएको छ (पृ.७५) तर त्यसमा सोभिते माझीले हाँकेको युवा पिँढीले त्यस विरुद्ध सशक्त प्रतिरोध स्वर उराल्न थालेको अवस्था नव उदीयमान पिँढीको स्वर मुखर हुन थालेको अवस्था हो। उपन्यासकार विकलले उपन्यासमा अभिव्यक्त अनुभूतिका संरचनाका माध्यमबाट विद्यमान आर्थिक, सामाजिक-सांस्कृतिक अवस्थाको परिवर्तनका निमित्त पञ्चायती शासनव्यवस्थाको अन्त्य अपरिहार्य भइसकेको यथार्थको सशक्त प्रस्तुति दिएका छन्। जसमा निकट ४६ सालको जन आन्दोलनको प्रखर पृष्ठभूमिलाई अभिव्यञ्जना गर्ने लेखकीय सामर्थ्य पनि प्रकट भएको छ। साथै, लेखकीय आशावादी भविष्योन्मुखी दृष्टि पनि उपन्यासमा अभिव्यक्त अनुभूतिका संरचनामा प्रतिबिम्बित भएको छ। यसप्रकार २०४० मै प्रकाशित यस कृतिले उदीयमान पिँढीलाई उपस्थित गराउँदै त्यस पिँढीमार्फत प्रस्तुत गरेको भविष्योन्मुखी चेतको सफल अभिव्यञ्जनामा कृतिगत महत्ताको पनि सुरक्षण भएको छ।

## ५.६ निष्कर्ष

प्रस्तुत परिच्छेदमा शोध्य सामाजिक यथार्थवादी उपन्यासहरूमा उदीयमान पिँढीको उपस्थिति *एक पालुवा अनेकौँ याम, आगत, घामका पाइलाहरू तथा अविरल बग्दछ इन्द्रावती*मा सशक्त रहेको छ। त्यस्तै, पञ्चायत कालखण्डलाई विषयसन्दर्भ बनाएको *बैँसको मान्छे* उपन्यासले पनि पूर्व उदीयमान पिँढीसम्मलाई मात्र समेटेको देखिन्छ। त्यसो हुनुमा तत्कालीन लेखकीय वैचारिक विकासको प्रक्रियाको असर कारक बनेको छ। त्यस्तै, *मुलुकबाहिर* र *बसाइँ*मा उदीयमान पिँढीको उपस्थिति शून्य रहेको छ। उपन्यासहरूले भित्र्याएको समाजसन्दर्भ र केन्द्रीकृत विषयसन्दर्भका परिप्रेक्ष्यमा *मुलुकबाहिर*मा त्यो स्वाभाविक देखिए पनि *बसाइँ*मा उदीयमान पिँढीलाई उपस्थित नगराइनुमा भने लेखकको शुद्ध दर्पणवादी चेतनाको सक्रिय प्रभाव कारकका रूपमा देख्न सकिन्छ। भूमिकामा प्रस्तुत उनको भनाइले यस कुरालाई पुष्टि गरेको छ।

राणाकालीन तथा पञ्चायतकालीन समाजका परिप्रेक्ष्यमा उदीयमान पिँढीका तहमा मूलतः वर्गीय, लैङ्गिक तथा जातीय असमानतामा निःसृत प्रतिरोध चेतजन्य अनुभूतिको संरचनाका साथै विद्यमान सत्ताका विरुद्धमा क्रान्तिचेतमा निःसृत अनुभूतिका संरचनाको अभिव्यक्ति दिन विवेच्य उपन्यासहरू सक्षम छन्। साथै, उपन्यासहरूमा क्षेत्रीय विभेद, पुस्तान्तरभेद एवम् आध्यात्मिक तथा भौतिक चेतनासँग सम्बद्ध हुँदै तत्कालीन समाजमा विद्यमान सबैखाले भेदभाव विरुद्धका

प्रतिराकारको चेतमा निर्मित उदीयमान पिँढीगत अनुभूतिका संरचनालाई पनि सशक्त अभिव्यक्ति दिइएको छ। प्रभुत्वशाली पिँढीबाट आफ्नो पिँढी/समुदायले निरन्तर बेहोरिरहेको शासन, दमन, दलन र शोषणद्वारा निःसृत उत्पीडनको अनुभूति परिपक्व बन्दै गएपछि उद्‌बुद्ध भएको प्रतिकारको चेत सङ्गठित रूपमा कार्यान्वयन तहमै उत्रिन सुरु गरेको अवस्थाको पनि उपन्यासमा अभिव्यक्ति रहेको छ। तिनमा शासन ढाल्न तत्पर भूमिगत क्रान्तिमा होमिएका पात्रको आधार लिँदै उदीयमान पिँढीगत अनुभूतिको संरचनालाई पनि यथास्थानमा प्रस्तुति दिइएको छ। त्यसै गरी, पुस्तान्तर भेदमा देखिएको उदीयमान पिँढी जुन जातीय, वर्गीय र लैङ्गिक सबै तहसँग जोडिएको छ; त्यस पिँढीमा निर्मित अनुभूतिको संरचनाले कालखण्डविशेषको परिवर्तित समयसन्दर्भको सामाजिक संस्कृतिलाई खोतल्ने सामर्थ्य राखेका छन्। उपन्यासमा उदीयमान पिँढीको प्रतिनिधित्व महिला पात्रद्वारा पनि गराइनुले लेखकीय लैङ्गिक विभेदबाट मुक्तं चेत पनि प्रकाशमा आएको छ।

विशेषतः *अविरल बग्दछ इन्द्रावती*मा प्रस्तुत आफ्ना जातिविशेषले भोगिरहेको वर्गीय तथा लिङ्गीय उत्पीडनलाई ठम्याउँदै आफ्नो समुदायको अधीनस्थताको परिस्थिति बुढो पिँढीलाई बुझाउन प्रयत्नशील हुनु, आफ्ना लागि आफैँ आवाज उठाउने तहमा उक्लन सक्नु, प्रभुत्वशाली पिँढीप्रति प्रतिकारको सङ्गठित व्यवहार प्रस्तुत गर्नसक्नु, निरन्तर सङ्घर्षशील र जुझारु रहनु जस्ता सन्दर्भमा माझी युवा पिँढीमा निःसृत क्रान्तिचेतजन्य अनुभूतिका संरचनाको निर्माण उदीयमान कोटिको रहेको छ। यद्यपि यो पिँढी प्रभुत्वशाली पिँढीबाट विजित छ तर सोभितेमा निर्मित उदीयमान अनुभूतिका संरचनामार्फत उदीयमान पिँढीगत प्रवृत्ति निरन्तर कायम रहेको देखिन्छ र माझी समुदायको उदीयमान भविष्यका लागि दत्तचित्त हुँदै सङ्गठित सङ्घर्ष गर्ने उसको दृढ सङ्कल्पले पञ्चायती व्यवस्था परिवर्तनको तीव्र जन आकाङ्क्षाको पनि प्रतिबिम्बनसँगै ४६ सालको क्रान्तिको सङ्केत पनि उपन्यासमा भएको छ। अतः उदीयमान पिँढीका अनुभूतिको कोणबाट विवेच्य उपन्यासहरूमध्ये सबैभन्दा सशक्त *अविरल बग्दछ इन्द्रावती* रहेको छ।

विवेच्य सबै उपन्यासहरूमा प्रस्तुत अनुभूतिको संरचना लेखकगत प्रजाति, समय र परिवेशको पृष्ठभूमि तथा लेखकीय विचारधाराका आधारमा निर्मित छन्। लेखकहरू स्वयम् जन्मेहुर्केका, ऊर्वर उमेर बाँचेका र देखेभोगेसुनेका चिरपरिचित राणाकालीन तथा पञ्चायतकालीन नेपाली सामाजिक संस्कृति उपन्याहरूमा मूर्त बनेको छ। अतः लेखक आफू बाँचेको समयको राजनीतिक परिवेश र तद्नुरूपको सामाजिक सांस्कृतिक अवस्थाले नै उपन्यासहरूमा भावभूमि पाएका छन्। सामन्तवादी वर्गीय, लैङ्गिक तथा जातीयलगायतका भेदभावले आक्रान्त सामन्तवादी सामाजिक संरचनाकै निरन्तरताको अवस्थालाई उपन्यासहरूमा प्रस्तुत अनुभूतिका संरचनाले प्रस्ट पारेका छन्। यसरी कालखण्डविशेषका सांस्कृतिक परिवेशका परिप्रेक्ष्यमा निर्मित लेखकीय अनुभूतिका संरचनाले नै उपन्यासहरूमा पात्रगत आधारसमेत लिँदै सशक्त प्रस्तुति पाएका छन्।

शोध्य सबै उपन्यासका रचनाकारहरूले मूलतः आफ्नै जाति/प्रजाति र समुदायका जस्तै, मङ्गोल प्रजातिअन्तर्गत किरात मूलका जनजाति, क्षत्री तथा ब्राह्मण जातिविशेष, मधेसी समुदाय आदिलाई प्रतिनिधित्व गर्ने पात्रहरूका साथै आफू पूर्ण परिचित जाति/जनजाति विशेषका पात्रहरूलाई पनि प्रविष्टि दिँदै तिनलाई मुख्य कार्यभूमिका प्रदान गरेका छन्; पात्रहरूलाई पनि तिनकै संस्कृतिगत प्रवृत्तिसहित प्रस्तुत गरेका छन् जसमा लेखकीय परिपक्व चेतको प्रभाव देखिन्छ। यसरी उपन्यासकारहरूले आफू चिरपरिचित रहेको बहुजातीय नेपाली समाजलाई उधिनेका छन्; आफ्ना-आफ्ना प्रजातिसमेतका प्रभुत्वका, उत्पीडनका तथा प्रतिरोधचेतका अनुभूतिलाई उपन्यासमा संरचनात्मक स्वरूप प्रदान गरेका छन्। यसप्रकार कालखण्ड विशेषको सामाजिक संस्कृतिलाई सजीव बनाउन उपन्यासकारले सामाजिक यथार्थवादी रचनामा अनुभूतिको संरचनाको उपयोग गरेको देखिन्छ।

# छैटौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेद शोधपरिचयका रूपमा रहेको छ। यस परिच्छेदमा क्रमैसँग विषयपरिचय, समस्याकथन, शोधउद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधिअन्तर्गत सामग्री सङ्कलनको विधि तथा प्रक्रिया, सैद्धान्तिक पर्याधार, सामग्री विश्लेषणको ढाँचा तथा पद्धति र अन्तमा शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ।

दोस्रो परिच्छेदमा प्रस्तुत शोधकार्यका निमित्त निर्धारित उपन्यासहरूको विश्लेषणार्थ अवलम्बन गरिएको साहित्यको समाजशास्त्रअन्तर्गत अनुभूतिको संरचनासम्बद्ध सैद्धान्तिक अवधारणाको व्याख्या प्रस्तुत छ। कुनै पनि कालखण्डको सामाजिक संरचनाको वस्तुनिष्ठ पहिचानद्वारा सोही परिप्रेक्ष्यका पिँढीगत अनुभूतिको संरचना ठम्याउन सकिन्छ र त्यसका लागि रेमन्ड विलियम्सको 'सांस्कृतिक भौतिकवाद' सम्बन्धी मान्यता पनि उपयोगी भएकाले त्यसबारेको सैद्धान्तिक अध्ययनलाई पनि प्रस्तुत गरिएको छ। अनुभूतिको संरचना संस्कृतिको अध्ययनका लागि विसित गरिएको मान्यता हो। यस अन्तर्गत संस्कृतिका प्रभुत्वशाली, वैकल्पिक अधीनस्थ र उदीयमान भेदहरू, प्रभुत्वको अवस्थिति, पिँढी र समुदाय एवम् दबाब र तनावजन्य स्थितिमा सिर्जित पिँढीगत अनुभूतिको संरचनाबारेमा विलियम्सले अघि सारेका सैद्धान्तिक अवधारणाहरूलाई स्पष्ट पार्ने काम गरिएको छ। प्रस्तुत परिच्छेदका अन्तमा यस सैद्धान्तिक अध्ययनको निष्कर्ष प्रस्तुत छ।

तेस्रो परिच्छेदलाई शोध्य बनाइएका उपन्यासहरूमा अभिव्यक्त प्रभुत्वशाली पिँढीगत अनुभूतिको संरचनाको अध्ययनमा केन्द्रित गरिएको छ। पिँढीगत अनुभूतिको संरचना निर्माणको आधार कालखण्डविशेषको सामाजिक संरचना हुने भएकाले प्रथमतः प्रत्येक विवेच्य उपन्यासहरूमा अभिव्यक्त सामाजिक संरचनाको व्याख्या गरिएको छ। त्यसपछि उपन्यासहरूमा अभिव्यक्त प्रभुत्वशाली पिँढीगत अनुभूतिको संरचनाका उपयुक्त साक्ष्यहरू अघि सार्दै तिनको विश्लेषण गरिएको अध्ययन छ। शोध्य उपन्यासहरूमा प्रभुत्वशाली पिँढीगत अनुभूतिका संरचना जेजति प्रस्तुत छन्, तिनले कालखण्डसम्बद्ध मूलधारमा स्थापित सांस्कृतिक प्रभुत्वलाई जीवन्त बनाएका छन्। *मुलुकबाहिर* उपन्यासमा वर्गगत प्रभुत्वशाली पिँढी नेपथ्यमा भएकाले प्रभुत्वशाली अनुभूतिका कोणबाट लैङ्गिक अनुभूतिका संरचनाको प्रकटीकरणमै सीमित देखिए पनि उपन्यासले सामन्तवादी पुरुषसत्ताको सामाजिक संस्कृतिलाई जीवन्त बनाएको छ। *बसाइँ*ले प्रभुत्वशाली

पिँढीका मूलतः वर्गीय अनुभूतिका संरचनालाई सशक्त अभिव्यक्ति दिएको छ, साथमा जातीय अनुभूतिका संरचनालाई पनि आंशिक स्थान दिएको छ । *एक पालुवा अनेकौँ याम* लैङ्गिक दबाब र तनावका परिप्रेक्ष्यका प्रभुत्वशाली पिँढीगत अनुभूतिका संरचनाको प्रस्तुतिमा सशक्त रहेको छ । *बैंसको मान्छे* मूलतः प्रभुत्वशाली पिँढीका वर्गीय अनुभूतिको प्रकटीकरणमा केन्द्रित छ र यसले लैङ्गिक प्रभुत्वगत दबाब र तनावजन्य अनुभूतिका संरचनालाई पनि अभिव्यक्ति दिएको छ । *आगत* तथा *घामका पाइलाहरू*ले वर्गीय र लैङ्गिक दुवै परिप्रेक्ष्यका प्रभुत्वशाली पिँढीगत अनुभूतिलाई प्रस्तुति दिएका छन् । *अविरल बग्दछ इन्द्रावती* प्रभुत्वशाली पिँढीका वर्गीय, लैङ्गिक र जातीय तीनै परिप्रेक्ष्यका दबाब र तनावका प्रभुत्वशाली पिँढीगत अनुभूतिलाई प्रभावशाली ढङ्गमा प्रस्तुति दिन समर्थ छ । प्रभुत्वशाली पिँढीले मूलतः वर्गीय उत्पीडनको प्रसारणलाई प्रमुखताका साथ अगाडि बढाइरहेको र वैकल्पिक पिँढी/समुदायलाई नियन्त्रणमा लिने प्रमुख हतियार पनि यसैलाई बनाइरहेको तथ्य उपन्यासहरूमा प्रकाशित प्रभुत्वशाली पिँढीगत अनुभूतिले पुष्टि गरेको छ । त्यस्तै, महिलालाई अधीनस्थ राख्न पुरुषले साँचेका लैङ्गिक उत्पीडनकारी अनुभूतिहरूमा सामन्तवादी पितृसत्तात्मक संस्कृतिमा पुरुषको एकल वर्चस्व पनि जीवन्त हुनसकेको तथ्यलाई शोध्य उपन्यासहरूले प्रस्टता दिएका छन् । वर्गीय र लैङ्गिक अनुभूतिका सापेक्षतामा जातीय अनुभूतिले उपन्यासहरूमा कमै प्रस्तुति पाएको देखिन्छ तथापि *बसाइँ*को कथित दलितप्रतिको अछूत र हेयपूर्ण व्यवहार, *एक पालुवा अनेकौँ याम*को एउटै जाति क्षत्री विशेषभित्रको भातपानी चल्ने-नचल्ने सन्दर्भको प्रस्तुति र *अविरल बग्दछ इन्द्रावती*को कथित उपल्ला जातिबाट जनजातिलाई अधीनस्थ राख्ने शैली र हेयपूर्ण व्यवहारमा प्रकट प्रभुत्वशाली पिँढीका जातीय परिप्रेक्ष्यका दबाब र तनावका अनुभूतिका संरचना कालखण्डको जातीय विभेदको सामाजिक संस्कृतिलाई चिनारी गराउन समर्थ छन् । यिनै अध्ययनसहित अन्तमा परिच्छेदगत निष्कर्ष प्रस्तुत छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेद सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अधीनस्थ पिँढीगत अनुभूतिको संरचना निर्माण प्रक्रियाको प्रस्तुतिलाई आधार बनाउँदै कालखण्डको सामाजिक संस्कृतिको पहिचानमा केन्द्रित छ । त्यस क्रममा शोध्य उपन्यासहरूमा सटीक प्रस्तुति पाएका साक्ष्यहरूलाई अघि सार्दै तिनको विश्लेषण गर्ने काम भएको छ । शोध्य सबै उपन्यासहरूले अधीनस्थ पिँढी/समुदायको बाहुल्य रहनु समग्र नेपाली समाजको मूल पहिचान भएको यथार्थलाई सशक्त अभिव्यक्ति दिएका छन् । उपन्यासहरूमा प्रभुत्वशाली पिँढी प्रत्यक्षतः कार्यभूमिकामा रहँदामात्र होइन; नेपथ्यमै रहँदा पनि तिनबाट प्रसारित शोषण, दमन, दलनको दुष्चक्रमा पिल्सिएका अधीनस्थ पिँढीले सँगाल्नु परेका दबाब र तनावका मार्मिक अनुभूति औपन्यासिक कृतिको अन्तर्वस्तु निर्माणको प्रमुख आधार बनेको छ । *मुलुकबाहिर*ले अधीनस्थ पिँढीका वर्गीय र लैङ्गिक परिप्रेक्ष्यका अनुभूतिलाई प्रखर अभिव्यक्ति दिएको छ र दमन, शोषण ठम्याएर पनि सहनकै संस्कृतिमा अभ्यस्त पिँढीगत अनुभूतिका संरचनाको प्रस्तुतिले तत्कालीन समाजलाई

जीवन्त बनाएको छ । *बसाइँ*ले वर्गीय अधीनस्थ अनुभूतिलाई केन्द्रमा राखेको छ अनि लैङ्गिक तथा जातीय भेदभावका रूढिजन्य अनुभूतिलाई पनि सशक्त रूपमा समेटेको छ ।

*एक पालुवा अनेकौँ याम*ले मूलतः लैङ्गिक, त्यसपछि जातीय, वर्गीय, परिप्रेक्ष्यका अधीनस्थ पिँढीगत अनुभूति सफलतापूर्वक प्रस्तुति दिएको छ । *बैँसको मान्छे, आगत* र *घामका पाइलाहरू*ले कथ्यकेन्द्रमा वर्गीय अनुभूतिलाई राखेर आंशिक रूपमा लैङ्गिक अनुभूतिमार्फत पनि नेपाली समाजको भेदभावपूर्ण सामाजिक संस्कृतिलाई केलाउन सकेको छ । जातीय भेदभावका सन्दर्भहरूमा निर्मित अनुभूतिले पनि तिनमा प्रस्तुति पाएकै छन् । चाकरीप्रथाका परिप्रेक्ष्यमा निर्मित अधीनस्थ पिँढीका अनुभूतिका संरचनाका कोणबाट राणाकालखण्डको प्रशासनिक बेथितिलाई *एक पालुवा अनेकौँ याम* तथा *आगत*ले र पञ्चायती कालखण्डको वर्गीय भेदभावको प्रशासनिक बेथितिलाई *बैँसको मान्छे*ले उदाङ्गो बनाएको छ । रङ्गविभेदमा निःसृत अधीनस्थ पिँढीका अनुभूतिलाई *घामका पाइलाहरू* तथा *एक पालुवा अनेकौँ याम*ले सशक्त प्रस्तुति दिएका छन् । पुस्तातन्तरभेदका पृष्ठभूमिमा निर्मित अनुभूतिका कोणबाट नेपाली समाजको यथार्थलाई सटीक अभिव्यक्ति दिने काम *अविरल बग्दछ इन्द्रावती*ले गरेको छ । *घामका पाइलाहरू*ले पनि आंशिक रूपमै भए पनि यस परिप्रेक्ष्यका अनुभूतिका संरचनालाई समेटेको छ । साथै, क्षेत्रीय विभेदजन्य दबाब र तनावका अनुभूतिका संरचनाको प्रस्तुति यस उपन्यासको वैशिष्ट्य बनेको छ । वर्गीय, लैङ्गिक, जातीयलगायतका बहुआयामिक परिप्रेक्ष्यमा सिर्जित अधीनस्थ पिँढीका अनुभूतिका संरचनाका कोणबाट सबैभन्दा सशक्त उपन्यास भने *अविरल बग्दछ इन्द्रावती* नै रहेको छ ।

शोध्य उपन्यासहरूले प्रस्तुत गरेका विविध परिप्रेक्ष्यका अधीनस्थ पिँढीगत अनुभूतिका संरचनाहरूमा नेपाली समाजका मूलतः सामन्तवादी वर्गीय भेदभावको संस्कृति सजीव बनेको छ । मूलधारमा रहेको त्यस सामन्तवादी संस्कृति जुन रूढिग्रस्त छ; वर्गीय, लैङ्गिक र जातीय भेदभावले आक्रान्त छ; त्यसैको निरन्तरता राणाकालदेखि पञ्चायतकालसम्म अविच्छिन्न रूपमा भइरहेकै यथार्थलाई शोध्य उपन्यासहरूमा अभिव्यक्त अधीनस्थ पिँढीगत अनुभूतिका संरचनाले पुष्टि गरेका छन् । *एक पालुवा अनेकौँ याम, घामका पाइलाहरू* तथा *अविरल बग्दछ इन्द्रावतीले* अधीनस्थ पिँढीका पुस्तान्तर भेद, रङ्गभेद तथा क्षेत्रीय भेदका दबाब र तनावजन्य थप अनुभूतिका संरचनालाई प्रकाशमा ल्याएका छन् जसमा बहुपरिप्रेक्ष्यमा भेदभावको संस्कृति बोकेको कालखण्डको नेपाली सामाजिक संरचना सजीव बनेको छ । यिनै अध्ययनको अन्त्यमा परिच्छेद निष्कर्ष प्रस्तुत छ ।

प्रस्तुत शोधप्रबन्धको पाँचौँ परिच्छेद शोध्य उपन्यासहरूमा अभिव्यक्त उदीयमान पिँढीगत अनुभूतिको संरचनाको पहिचान र विश्लेषणमा केन्द्रित छ । *मुलुकबाहिर* र *बसाइँ* उपन्यास उदीयमान पिँढीगत अनुभूतिको संरचनाको प्रस्तुति देखिँदैन । त्यस्तै, पञ्चायत कालखण्डकै परिवेश

बोकेको *बैंसको मान्छे*मा पनि पूर्ण उदीयमान पिँढीको उपस्थिति देखिँदैन। उपन्यासमा सामाजिक भेदभाव तथा त्यसलाई संरक्षण दिने विद्यमान शासनव्यवस्थामा परिवर्तनको आकाङ्क्षा बोकेको र विद्रोहचेतसहितको युवा पिँढीसमेत पूर्व उदीयमान पिँढीकै तहमा सीमित देखिन्छ। *एक पालुवा अनेकौँ याम*ले राणाशासनकालीन अन्तिम प्रहरको सामाजिक संरचनालाई विषयसन्दर्भ रोजेको छ। यस उपन्यासले समाजको आमूल परिवर्तनको आकाङ्क्षा बोकी शासनसत्ता ढाल्ने सङ्कल्प बोकेको उदीयमान युवा पिँढीमा पनि अझ महिलापिँढीको प्रतिनिधित्व गराउन सकेको छ। त्यस पिँढीका लैङ्गिक, वर्गीय तथा जातीय परिप्रेक्ष्यका सामाजिक असमानताका प्रतिरोधमा निःसृत उदीयमान अनुभूतिका संरचना प्रस्तुत उपन्यासको सबल पाटो बनेको छ। *आगत* उपन्यासले पनि सोही समयपरिप्रेक्ष्यका सामाजिक भेदभाव तथा शासनसत्ता फेर्ने क्रान्तिचेत बोकेको उदीयमान पिँढीको प्रतिनिधित्व गराउँदै तिनका अनुभूतिका संरचनालाई प्रस्तुत गरेको छ।

*घामका पाइलाहरू*ले भने राजनीतिक सन्दर्भभन्दा भिन्न रहेर समाज परिवर्तनका लागि आध्यात्मिक संस्कृति र भौतिक संस्कृतिका सबल पक्षको भूमिकालाई संवहन गर्ने मानवीय उदात्त चेत बोकेका उदीयमान पिँढीका अनुभूतिका संरचनालाई प्रस्तुति दिएको छ जसमा आध्यात्मिक र भौतिक संस्कृतिको समन्वय र लोकप्रिय सांस्कृतिक चेतका आलोकमा समाज परिवर्तनको दिशा पनि सङ्केतित हुनसकेको छ। साथै, प्रस्तुत उपन्यासले सोही परिप्रेक्ष्यमा सामाजिक भेदभाव विरुद्धका प्रतिरोधचेतजन्य, पुस्तान्तर भेदका तथा क्षेत्रीय विभेदका परिप्रेक्ष्यमा निर्मित दबाब र तनावका उदीयमान पिँढीका अनुभूतिका संरचनाको प्रस्तुतिमार्फत त्यस कालखण्डको सामाजिक संस्कृतिलाई प्रस्ट पारेको छ। उदीयमान पिँढीगत भूमिका र तिनले सँगालेका अनुभूतिका कोणबाट पनि सबैभन्दा सशक्त उपन्यास *अविरल बग्दछ इन्द्रावती* नै रहेको छ यद्यपि उपन्यासका केही पढेलेखेका युवा पिँढीले भने आफूलाई परम्परित बुद्धिजीवीका तहबाट माथि उकाल्न सकेको देखिँदैन तर मूलधारको संस्कृतिमा आफ्नो जनजाति पिँढी/समुदायले भोग्नुपरेको उत्पीडनलाई ठम्याँएर माझी युवा पिँढीले उदीयमान तहमा साँचेका वर्गीय, जातीय तथा लैङ्गिकविभेद अनि पुस्तान्तर भेदसमेतका दबाब र तनावका अनुभूतिका संरचनालाई सन्तुलित र सटीक अभिव्यक्त दिन प्रस्तुत उपन्यास सफल रहेको छ। तात्कालिक रूपमा उदीयमान पिँढी पराजित देखिएको छ तर समाज परिवर्तनको आकाङ्क्षा बोकेर, जुझारु रहँदै र क्रान्तिचेतसहित साङ्गठनिक प्रयास गर्ने दृढ सङ्कल्प बोकी लागिपरेको युवाको प्रतिनिधित्व उपन्यासमा भएको छ। शोध्य उपन्यासहरूमा अभिव्यक्त युवा पिँढीमा निर्मित अनुभूतिका संरचनामा समाज परिवर्तनको प्रक्रियासमेतको उद्‌बोधन भएको निष्कर्ष अध्ययनको अन्त्यमा प्रस्तुत गरिएको छ।

शोध्य उपन्यासहरूमा अभिव्यक्त पिँढीहरू र तिनमा निःसृत अनुभूतिको संरचनाले आख्यानकार एवम् पात्रगत हुँदै कसरी अभिव्यक्ति पाएका छन् भन्नेतर्फ पनि प्रस्तुत शोधअध्ययनलाई केन्द्रित गरिएको छ। यी सन्दर्भका उदीयमान पिँढीमा निर्माण भएका अनुभूतिको

संरचनाका साक्ष्यहरूलाई अघि सार्दै तिनको विश्लेषण गरिएको छ। साथै, लेखकगत समय, परिवेश, प्रजाति, वैचारिकी सबै आधारबाट शोध्य रचनामा कालखण्ड विशेषको राजनीतिक परिप्रेक्ष्यका आर्थिक संरचना एवम् सामाजिक संस्कृतिको अङ्कनमा लेखक सचेत रहेको हुँदा शोध्य सबै उपन्यासहरू ऐतिहासिक अभिलेख बन्न सकेको निष्कर्ष निकालिएको छ।

छैटौँ परिच्छेदमा प्रस्तुत शोधप्रबन्धमा सङ्गठित रहेका परिच्छेदहरूको सारांशलाई क्रमशः प्रस्तुत गरिएको छ। त्यसपछि क्रमशः शोधप्रश्नगत निष्कर्षलाई अगाडि सार्दै अन्त्यमा समग्र शोधबाट प्राप्त साधारणीकृत निष्कर्षलाई प्रस्तुत गरिएको छ।

## ६.२ निष्कर्ष

प्रस्तुत शोधमा अनुभूतिका संरचनाका आधारमा गरिएको सामाजिक यथार्थवादी नेपाली उपन्यासको समाजशास्त्रीय अध्ययनबाट प्राप्त भएका शोधप्रश्नगत निष्कर्षलाई यहाँ क्रमशः बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

(१) सामाजिक यथार्थवादी नेपाली उपन्यासमा प्रभुत्वशाली पिँढीमा निर्मित अनुभूतिको संरचनाको अभिव्यक्ति के कस्तो रहेको छ भन्ने पहिलो शोधप्रश्नको समाधानका क्रममा प्राप्त निष्कर्ष निम्नानुसार छ :

(क) सामाजिक यथार्थवादी उपन्यासहरूमा राणाकालदेखि पञ्चायती कालखण्डसम्मकै शासन व्यवस्थामा सामन्तवादी भेदभावयुक्त सामाजिक संरचनाले नै निरन्तरता पाइरहेको अवस्था मूर्त बनेको छ। अन्धविश्वाससहितको रूढिजन्य संस्कृतिका वर्गीय, लैङ्गिक तथा जातीय भेदभावमा रुम्मलिएको नेपाली समाज र मूलधारमा रहेको हिन्दु धर्मनिष्ठ सांस्कृतिक गतिविधि तथा अनुभूतिले शोध्य उपन्यासहरूमा समान रूपमा अभिव्यक्ति पाएका छन्।

(ख) राणाकालदेखि पञ्चायतकालसम्म नै आम नेपालीजनका लागि समाज प्रायः बन्द ढाँचामै रहेको तथ्य शोध्य उपन्यासहरूमा प्रकाशित छ। उपन्यासकारहरूले शिक्षा, स्वास्थ्य, न्यायिक संरचनालगायतको प्रशासनिक व्यवस्था आदि यावत् पक्षहरूमा जनसाधारणको पहुँचहीनताको अवस्थालाई पनि सटीक अभिव्यक्ति दिनका निम्ति अनुभूतिका संरचनालाई प्रभावकारी माध्यम बनाएका छन्।

(ग) प्राकृतिक बहुविध स्वरूपमा आनन्दानुभूति सँगालेर न्यून सङ्ख्यक प्रभुत्वशाली पिँढी हबेलीमा सुरक्षित रहँदै प्राकृतिक दृश्यावलोकनमा रमिरहँदा, प्राकृतिक प्रकोपका कहरमा सुरक्षित वास नहुनुको स्थितिमा जीवनमृत्युको दोसाँध झेल्दै गरिबले साँचेका दुःखानुभूतिलाई दुवै कालखण्डको परिवेशका सन्दर्भमा

लेखकहरूले सहज एवम् स्वाभाविक अभिव्यक्ति दिएका छन् जसद्वारा लामो कालखण्डसम्म पनि पटक्कै गरिबमैत्री हुन नसकेको शासकीय संरचनाको पनि सङ्केत भएको छ ।

(घ) नेपाली समाजको मूल चरित्र वर्गीय उत्पीडनकारी रहेको तथ्यलाई उपन्यासहरूमा अभिव्यक्त प्रभुत्वशाली पिँढीका अनुभूतिका संरचनाले प्रस्ट पारेका छन् । कुल जनसङ्ख्याको न्यून प्रतिशत ओगट्ने प्रभुत्वशाली पिँढीकै वर्चस्व निरन्तर कायम रहेको यथार्थलाई शोध्य उपन्यासहरूले प्रस्तुत गरेका छन् ।

(ङ) उपन्यासहरूमा अभिव्यक्त पहाडी भूगोलको राणाकालीन सामन्तवादी सामाजिक संरचनामा धार्मिक रूढिगत आडम्बरमा धन खर्चन गाह्रो नमान्ने तर गरिबको धन हडप्न भने हरतरहले लागि पर्ने प्रभुत्वशाली पिँढीगत प्रवृत्तिकै निरन्तरता पञ्चायतकालीन पहाडी समाजसम्म कायम रहेको तथ्यलाई दुवै कालखण्डका प्रभुत्वशाली पिँढीमा निर्मित अनुभूतिका संरचनामा देखिएको समानधर्मिताले पुष्टि गरेको छ जसमा रूढिगत संस्कृतिको प्रसारण अधीनस्थमाथि हैकम जमाउने बलियो आधार भएको तथ्य पनि प्रकाशमा आएको छ ।

(च) लैङ्गिक तथा जातीय हैसियत पनि वर्गीय हैकम जमाउने सशक्त आधार बनेको यथार्थलाई पनि शोध्य सामाजिक यथार्थवादी उपन्यासहरूले सशक्त रूपमा प्रस्तुति दिएका छन् ।

(छ) सामन्तवादी पुरुषसत्ताको शरीरकेन्द्री भाष्यभन्दा माथि उठेर महिलालाई हेर्न नचाहने सामन्तवादी दोष राणाकालदेखि पञ्चायकालसम्म नै निरन्तर प्रवाहमा रहेको तथ्यलाई शोध्य सबै उपन्यासहरूमा प्रस्तुत प्रभुत्वशाली पिँढीगत लैङ्गिक अनुभूतिले पुष्टि गरेका छन् । महिलालाई अधीनस्थ राख्ने उत्पीडनकारी गतिविधिको सञ्चालनमा र लैङ्गिक प्रभुत्व कायम राख्ने सन्दर्भमा पुरुषहरूले पनि महिलाहरूबाट प्रतिरोधचेत प्रकट हुँदा दबाब र तनावजन्य स्थितिमा निर्माण गरिरहेको अनुभूतिको संरचनाले पनि उपन्यासहरूमा सशक्त अभिव्यक्ति पाएका छन् ।

(ज) शोध्य उपन्यासहरूमा प्रस्तुत निकृष्ट चरित्र बोकेका मात्र होइन; मानवीय गुणको आधिक्य रहेका, अशिक्षित मात्र होइन; साक्षर एवम् उच्च शिक्षित पनि, अनि सबै वर्गलाई प्रतिनिधित्व गर्ने पुरुष पात्रहरूसमेतले पुरुषसत्ताको लैङ्गिक हैकमगत प्रवृत्तिलाई चरितार्थ गरेका छन् । साथै, तिनले महिलाचरित्रप्रति अति शङ्कालु दृष्टिका कारण पनि विशिष्ट अनुभूति निर्माण गरिरहेको देखिन्छ । यिनै विविध परिप्रेक्ष्यका पुरुष समुदायमा निर्मित अनुभूतिका संरचनाको उपयोग गर्दै

लेखकहरूले पुरुषसत्ताको महिला उत्पीडनकारी सामाजिक संस्कृतिलाई आफ्ना-आफ्ना रचनामा मूर्त बनाएका छन् ।

(झ) वर्णव्यवस्था कायम रहेको नेपाली समाजका जातीय भेदभावको संस्कृतिजन्य प्रभुत्वशाली पिँढीका अनुभूतिका संरचनाले उपन्यासहरूमा भिन्न-भिन्न परिप्रेक्ष्यमा सशक्त प्रस्तुति पाएका छन् । कथित उपल्लो जात र दलित जातबिचको विभेद, एउटै जाति (क्षत्री) भित्र पनि निख्खर जात र खस्केको जातबिचको विभेद, कथित ठुला जाति र जनजातिबिचको विभेदका सन्दर्भमा कथित ठुलो जात कहलिएका प्रभुत्वशाली पिँढीले अन्यलाई अधीनस्थ राख्ने क्रमका सँगालेका दबाब र तनावका अनुभूतिलाई उपन्यासहरूमा सशक्त अभिव्यक्ति दिइएको छ ।

(ञ) राणाकालको सामन्तवादी व्यवस्था पञ्चायती कालखण्डसम्म आइपुग्दा वैश्विक प्रभावमा पुँजीवादी संस्कृतिको सम्मिश्रणमा वैयक्तिकता र अर्थप्रमुखताले अझ प्रश्रय पाउन थालेका परिप्रेक्ष्यका सामाजिक संस्कृतिमा देखापरेको विचलनलाई पनि उपन्यासमा प्रस्तुत प्रभुत्वशाली पिँढीगत अनुभूतिका संरचनाले प्रकाशमा ल्याएको छ । त्यस पिँढीको मानवताशून्य आचरण तथा धनको तामझाममा प्रकट आडम्बरलाई तिनका अनुभूतिगत व्यवहारले मूर्त बनाएको छ ।

(ट) सहर र गाउँ, ठुलो सहर र सानो सहर, उपत्यका र मधेस जस्ता क्षेत्रगत विभेदमा निर्मित प्रभुत्वशाली अनुभूतिका संरचनासमेतको प्रस्तुति सामाजिक यथार्थवादी उपन्यासमा भएको छ ।

(ठ) सामाजिक यथार्थवादी धाराका विश्लेष्य उपन्यासहरूमा उपन्यासकारले नेपाली सामाजिक संरचनामा व्याप्त रहेको अन्धविश्वास र भाग्यवादितासमेतका परिप्रेक्ष्यमा मूलतः सामन्तवादी रूढिग्रस्त संस्कृतिका वर्गीय, लैङ्गिक एवम् जातीय विभेदले आम मानिसका व्यवहारमा पारेको दुष्प्रभावलाई दर्साउन अनुभूतिको संरचनाको उपयोग गरेको देखिन्छ ।

(२) सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अधीनस्थ पिँढीमा निर्मित अनुभूतिको संरचना के कस्तो छ भन्ने शोधजिज्ञासाको समाधानबाट प्राप्त निष्कर्ष यस्तो छ :

(क) सामाजिक यथार्थवादी नेपाली उपन्यासहरूमा सबैभन्दा सशक्त रूपमा अधीनस्थ पिँढीका अनुभूतिले संरचनात्मक स्वरूप प्राप्त गर्न सकेका छन् जसद्वारा अधीनस्थ पिँढी/समुदायकै बाहुल्य रहेको नेपाली समाजगत यथार्थको पनि उद्घाटन भएको छ । अर्थसंस्कृतिमा ढलिमली गर्दै आएको मूलधारको प्रभुत्वशाली पिँढी प्रत्यक्ष

रहँदा मात्र होइन; अप्रत्यक्ष रहँदा पनि तिनबाट प्रसारित प्रभुत्वको गहन असरको चित्रण अधीनस्थ पिँढीगत अनुभूतिको संरचनामा प्रभावकारी रूपमा भएको छ ।

(ख) राणाशासनको कहरमा पिल्सिएका आम सर्वसाधारणको अत्यन्त दीनहीन परिस्थितिमा काममामको जोहो गर्नै परदेसिनु परेको अवस्थालाई उपन्यासहरूमा अधीनस्थ पिँढीगत वर्गीय अनुभूतिका संरचनामा सहज अभिव्यक्ति दिइएको छ । यस परिप्रेक्ष्यका अनुभूतिको संरचनाको प्रस्तुतिमा *मुलुकबाहिर* र *बसाइँ* सशक्त छन् ।

(ग) उपन्यासहरूमा चित्रित राणाकालीन पूर्वी पहाड, सीमाञ्चल क्षेत्रका रूपमा रहेका पूर्वी तथा पश्चिम तराई, पञ्चायतकालीन राजधानी र अझ पछिको पहाडी परिवेशमा पनि आमजनको गरिबीले जर्जर त्यस्तै अवस्थाले जुनै कालखण्डमा पनि अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढी/वर्गबाट अमानुषिक उत्पीडनका अनुभूति सँगाल्नु परेको यथार्थ प्रकाशमा आएको छ ।

(घ) नारीप्रतिका पुरुषका अति सङ्कीर्ण दृष्टिकोण तथा भोग्य वस्तुका रूपमा व्यवहृत गतिविधिमा नारीको अधीनस्थ दशा, त्यसै गरी प्रणय, विवाह, पत्नीत्व, मातृत्व, वैधव्य जीवन तथा परित्यक्त एकल जीवनसँग गाँसिएका नारीका विशिष्ट अधीनस्थ अवस्थाजन्य अनुभूतिहरूले शोध्य उपन्यासहरूमा जेजति अभिव्यक्ति पाएका छन्; ती मार्मिक छन् र लैङ्गिक भेदभावको नेपाली समाजलाई चिनाउन समर्थ छन् ।

(ङ) लैङ्गिक दृष्टिले अधीनस्थ महिलाका पिँढीगत अनुभूतिको संरचनाका कोणबाट सामाजिक संस्कृतिको चित्रणमा *मुलुकबाहिर* तथा *एक पालुवा अनेकौं याम* सबैभन्दा सशक्त रहेका छन् भने जनजाति नारीले कथित ठुला जातिद्वारा बेहोर्नु परेको यौनिक उत्पीडनजन्य अनुभूतिका संरचनालाई *अविरल बग्दछ इन्द्रावती*ले सशक्त प्रस्तुति दिएको छ ।

(च) सामन्तवादी संस्कृतिका जातीय भेदभावले ग्रसित सामाजिक संरचनालाई उपन्यासकारहरूले आ-आफ्नै जातिगत परिप्रेक्ष्यमा रहेर उपन्यासमा जीवन्त बनाएका छन् । छुत-अछुतका भाष्यमा निर्मित जातीय भेदभाव, एउटै जातिभित्र पनि विविध परिप्रेक्ष्यमा भातभान्छाको भेदभाव र कथित ठुला जाति एवम् जनजातिबिचको भेदभावका परिप्रेक्ष्यमा निर्मित अधीनस्थ पिँढीगत अनुभूतिका संरचनाको प्रस्तुति उपन्यासहरूमा सशक्त रहेको छ ।

(छ) भाषागत संस्कृतिका परिप्रेक्ष्यमा मूलधारमा स्थापित नेपाली मातृभाषा नहुनेले भाषिक भेदभावका कारण हीनताबोध सँगाल्नुपरेको अधीनस्थ दशाका परिप्रेक्ष्यमा

लेखकीय अनुभूतिले उपन्यासहरूमा पात्रगत हुँदै प्रस्तुति पाएको छ। उदाहरणस्वरूप *आगत* उपन्यासमा यस परिप्रेक्ष्यको अधीनस्थ पिँढीगत अनुभूतिको सशक्त प्रस्तुति रहेको छ।

(ज) युरोपेली र एसियालीका सन्दर्भमा एवम् पहाडी र मधेसीका सन्दर्भमा गरिने रङ्गविभेदका परिप्रेक्ष्यका साथै, गाउँवासी, सानो वा ठुलो सहरवासी एवम् मधेसवासी हुनु जस्ता क्षेत्रीय विभेदका परिप्रेक्ष्यमा अधीनस्थ पिँढी बन्नुपरेको बोधमा सँगालेका अनुभूतिका संरचनासमेतको प्रस्तुतिले नेपाली समाजमा विद्यमान भिन्न सन्दर्भको भेदभावजन्य संस्कृतिलाई मूर्त बनाउने विशिष्टता *घामका पाइलाहरू*ले कायम गरेको छ।

(झ) चाकरीप्रथाका परिप्रेक्ष्यमा सँगालेका अनुभूतिका संरचनासमेतको उपयोगद्वारा राणाकालीन प्रशासनका विकृति तथा जागिरे जीवनको अधीनस्थ स्वरूपको पनि उपन्यासहरूमा प्रस्तुति रहेको छ। यस परिप्रेक्ष्यमा उदाहरणका रूपमा *एक पालुवा अनेकौँ याम* र *आगत* उपन्यास रहेका छन्।

(ञ) अधीनस्थ पिँढीका पुस्तान्तरजन्य दबाब र तनावका अनुभूतिका संरचनाको पनि सामाजिक यथार्थवादी उपन्यासहरूमा सशक्त प्रस्तुति रहेको छ। तिनमा पनि पुस्तान्तरजन्य पिँढीगत द्वन्द्वको टड्कारो अभिव्यक्ति *अविरल बग्दछ इन्द्रावती*मा भएको छ जसले सम्बद्ध कालखण्डको नेपाली सामाजिक संस्कृतिलाई सजीव बनाएको छ।

(३) सामाजिक यथार्थवादी नेपाली उपन्यासमा उदीयमान पिँढीमा अनुभूतिको संरचनाको निर्माण कसरी भएको छ र त्यसले के कसरी सामाजिक परिवर्तनको प्रक्रियालाई सङ्केत गरेको भन्ने शोधप्रश्नको समाधानबाट निम्नलिखित निष्कर्ष प्राप्त भएको छ :

(क) विवेच्य उपन्यासहरूमा सामन्तवादी संस्कृतिमा संरक्षित मूलतः वर्गीय, लैङ्गिक र जातीय विभेदका साथै पुस्तान्तर, क्षेत्रीय तथा रङ्ग विभेद, चाकरीप्रथा जस्ता विविध परिप्रेक्ष्यमा प्रतिरोधी चेतजन्य दबाब र तनावका अनुभूतिहरूलाई कलात्मक प्रस्तुति दिइएको छ। यसरी उपन्यासहरूमा विभेदमुक्त स्वस्थ समाज निर्माणको कामनालाई सहज अभिव्यक्ति दिनका लागि रचनाकारले उदीयमान पिँढीका अनुभूतिका संरचनाको उपयोग गरेको देखिन्छ।

(ख) उदीयमान पिँढीगत तहमा स्वजातिप्रेमजन्य उदात्त मानवीय अनुभूति एवम् स्वदेशप्रेमजन्य अनुभूतिलाई पनि प्रस्तुत धाराका उपन्यासहरूमा संरचनात्मक स्वरूप प्रदान गरिएको छ।

(ग) युवा पिँढीले शिक्षाको आलोक प्राप्त गर्न सक्दा आत्मविश्वासको जाग्रत हुने, अन्याय अत्याचारका विरुद्धमा आवाज उठाउन सक्ने र सङ्गठित प्रतिकारको प्रयासमा लाग्नसक्ने पुस्तागत सामर्थ्यजन्य अनुभूतिलाई पनि उपन्यासहरूमा प्रस्तुति दिइएको छ जसमा समाज परिवर्तनको क्रमिक प्रक्रिया पनि सङ्केतित छ ।

(घ) राणाकालीन शासनसत्ता पल्टाउन क्रान्तिचेतका र सङ्कीर्ण सामाजिक परिपाटीका विरुद्धमा निःसृत विद्रोहचेतका उदीयमान पिँढीगत अनुभूतिलाई सामाजिक यथार्थवादी धाराका उपन्यासहरूमा संरचनात्मक स्वरूप दिँदै परिवर्तनउन्मुख नेपाली समाजलाई सङ्केत गरिएको छ । उल्लेख्य उदाहरणका रूपमा *एक पालुवा अनेकौँ याम* उपन्यास रहेको छ ।

(ङ) पञ्चायतकालीन शासनव्यवस्थाका विकृति, विसङ्गति र अकर्मण्यताको अन्तर्यसम्म पुगेर समाजको आमूल परिवर्तनको आवश्यकताको बोधमा जनमानसमा उद्बोधित क्रान्तिचेत र नवसंस्कृति निर्माणको आकाङ्क्षालाई प्रस्तुत गर्न उपन्यासहरूमा उदीयमान पिँढीगत अनुभूतिका संरचनाको उपयोग गरिएको छ जसमा सामाजिक परिवर्तनको प्रक्रिया ठम्याउने लेखकीय सामर्थ्य पनि प्रकट भएको छ । *यस सन्दर्भमा अविरल बग्दछ इन्द्रावती* सशक्त रहेको छ ।

(च) समाज परिवर्तनका लागि आध्यात्मिक संस्कृति, भौतिक संस्कृति र जनसाधारणको लोकप्रिय संस्कृतिका सबल पक्षको भूमिकालाई संवहन गर्ने मानवीय उदात्त चेत बोकेका उदीयमान पिँढीका परिवर्तनकामी अनुभूतिको संरचनालाई प्रकाशमा ल्याउनमा प्रस्तुत धाराको *घामका पाइलाहरू* उपन्यासको विशिष्ट पक्ष रहेको छ र ती पृथक्-पृथक् सांस्कृतिक चेतको समन्वय र आलोकमा समाजपरिवर्तनको दिशा पनि उपन्यासमा सङ्केतित छ ।

(छ) राणाकालमै सचेत महिलाहरूमा निःसृत लैङ्गिक विभेदका विरुद्ध नवउदीयमान चेतको प्रकटीकरणमा *एक पालुवा अनेकौँ याम* सशक्त रहेको छ । यस परिप्रेक्ष्यमा अझ पछिल्लो पञ्चायती कालखण्डको परिवेशलाई समेटेको २०४० सालमा प्रकाशित *अविरल बग्दछ इन्द्रावती*मा भने उदीयमान पिँढीको प्रतिनिधित्व पुरुष समूहद्वारा मात्र गराइएको छ जसमा लैङ्गिक विभेदी लेखकीय मनोसंरचनाको असर देख्न सकिन्छ ।

(ज) उदीयमान पिँढीको प्रतिनिधित्व जनजाति समुदायको युवा पुरुष समूहबाट गराउँदै आफ्नो पिँढी/समुदाय/वर्गका लागि आफैँले सङ्गठित आवाज उठाउने कामलाई निरन्तरता दिनु, जुझारु रहनु जस्ता गतिविधिमा संलग्न युवा पिँढीमा निःसृत

त्यस परिप्रेक्ष्यका अनुभूतिको संरचनाको निकै जीवन्त प्रस्तुति दिन सफल उपन्यासको उदाहरणका रूपमा भने *अविरल बग्दछ इन्द्रावती* नै रहेको छ । यस उपन्यासले उदीयमान पिँढीगत अनुभूतिका संरचनाका कोणबाट आफ्नो पिँढी/समुदायले बेहोरिहेको वर्गीय, लैङ्गिक, जातीय, पुस्तान्तर विभेदलगायतका विविध परिप्रेक्ष्यका उत्पीडन विरुद्धका क्रान्तिचेतमा निःसृत दबाब र तनावजन्य प्रस्तुति दिने सामर्थ्य बोकेको छ ।

(झ) समाजसन्दर्भ र केन्द्रीकृत विषयसन्दर्भका परिप्रेक्ष्यमा *मुलुकबाहिर* र *बसाइँ* उपन्यासहरूमा उदीयमान पिँढीगत अनुभूतिको संरचनाको प्रकाशन नगरिनु स्वाभाविक जस्तो देखिए पनि *बसाइँ*मा उदीयमान पिँढीलाई उपस्थित नगराइनुमा भने लेखकको शुद्ध दर्पणवादी चेतनाको सक्रिय प्रभाव पनि कारकका रूपमा रहेको कुरा भूमिकामा प्रस्तुत उनको भनाइले प्रस्ट पारेको छ ।

(ञ) *बैँसको मान्छे* उपन्यासमा प्रस्तुत युवा पिँढीले सामाजिक बेथिति कायम राख्ने विद्यमान शासनसत्ताका विरुद्धमा आक्रोश तथा विद्रोहचेतका अनुभूति निर्माण गरेको त देखिन्छ तर क्रान्तिका लागि त्यस पिँढीद्वारा कुनै पनि गतिविधि र सङ्गठित प्रयास भएको देखिँदैन । स्पष्ट दिशाबोधका अभावमा त्यो पिँढी अल्मलिएको छ । त्यसैले *बैँसको मान्छे*मा प्रस्तुत युवा पिँढी पूर्व उदीयमान तहमै सीमित छ । त्यसो हुनुमा तत्कालीन लेखकीय वैचारिक विकासको प्रक्रियाको असर कारक बनेको देखिन्छ ।

उपर्युक्त शोध्य प्रश्नगत व्यष्टि निष्कर्षहरूलाई एकै ठाउँमा राखेर हेर्दा समग्रमा सामाजिक यथार्थवादी नेपाली उपन्यासहरूमा अभिव्यक्त प्रभुत्वशाली, वैकल्पिक/अधीनस्थ तथा उदीयमान पिँढीगत अनुभूतिका संरचनाले राणाकालदेखि पञ्चायतकालसम्मको नेपाली समाजको वास्तविक स्वरूप सामन्तवादी वर्गीय, लैङ्गिक तथा जातीय भेदभावयुक्त रहेको तथ्यलाई प्रभावकारी ढङ्गले सार्वजनिक गरेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । ती सबैमा विविध परिप्रेक्ष्यमा सबैभन्दा सशक्त प्रस्तुति अधीनस्थ पिँढीगत अनुभूतिको संरचना रहेको छ । साथै, अन्धविश्वास तथा भाग्यवाद जस्ता रूढि, चाकरीप्रथा, पुस्तान्तर, क्षेत्रीय, भाषिक तथा रङ्ग सन्दर्भका विभेदजन्य, स्वजातिप्रेम र देशप्रेमजन्य, आध्यात्मिक एवम् भौतिक चेतजन्य, राजनीतिक क्रान्ति चेतजन्यलगायतका बहुविध परिप्रेक्ष्यमा निर्मित अनुभूतिले प्रस्तुति पाएका छन् र तिनले प्रभुत्वशाली, अधीनस्थ वा उदीयमान पिँढीगत आधारमा फरकफरक संरचनात्मक स्वरूप प्राप्त गरेका छन् । यसरी लामो कालखण्डका नेपाली सामाजिक संस्कृतिका बहुआयामिक पाटाहरूको चित्रणका लागि उपन्यासकारहरूले अनुभूतिको संरचनाको उपयोग गरेका छन् । त्यसै गरी उपन्यासहरूमा अभिव्यक्त उदीयमान पिँढीको अनुभूतिको संरचनामा विशेषतः सामन्तवादी

भेदभावको संस्कृतिलाई निरन्तर संरक्षण गर्ने अकर्मण्य शासनव्यवस्थाको अन्त्य गर्दै समाजको आमूल परिवर्तनको जनआकाङ्क्षाको उद्घाटन गरिएको छ जसमा जनमुखी शासनव्यवस्थाको अपरिहार्यताको पनि उद्बोधन भएको छ । यसप्रकार विवेच्य उपन्यासहरूमा प्रस्तुत नवउदीयमान पिँढीमा निर्मित अनुभूतिका संरचनामा क्रमशः राणाकाल र पञ्चायतकालखण्डको नेपाली सामाजिक संस्कृतिको परिवर्तनको दिशालाई ठम्याउने लेखकीय सामर्थ्य पनि प्रकट भएको छ ।

प्रकाशनका आधारमा पनि २००४ देखि २०४० सम्मको मूलतः चार दशकका विश्लेष्य नेपाली उपन्यासहरूमा अभिव्यक्त अनुभूतिको संरचनालाई आधार बनाएर हेर्दा सुरुका उपन्यासहरू *मुलुकबाहिर* र *बसाइँ*मा सामन्तवादी प्रभुत्वशाली पिँढीकै दह्रो अवस्थिति प्रकट भएको छ र अधीनस्थ पिँढी सहनको संस्कृतिमा, अझ मौनताकै संस्कृतिमा अभ्यस्त छ। त्यस पछिका उपन्यासहरूमा पूर्व उदीयमान र नव उदीयमान चेत बोकेका पिँढीको उपस्थितिसँगै तिनमा प्रतिरोधी चेत प्रखर बन्दै गएको अवस्थालाई प्रकट गरिएको छ। पञ्चायती शासनको उत्तरार्द्धसम्ममा नेपाली समाजमा राजनीतिक सञ्चेतनासँगै महिला समुदायमा उद्बोधन भइरहेको लैङ्गिक चेतको परिप्रेक्ष्यलाई ध्यानमा राखेर *बैँसको मान्छे* तथा *अविरल बग्दछ इन्द्रावती*मा नवउदीयमान महिला पात्र चयन गर्नमा भने लेखकहरू उदासीन देखिनु खट्किने पक्ष रहेको छ तथापि विश्लेष्य पछिल्लो उपन्यास *अविरल बग्दछ इन्द्रावती*मा आइपुग्दा पुरुष समुदायतर्फको उदीयमान पिँढीले निर्माण गरेको अनुभूतिको संरचनामा नवचेतले उत्कर्ष रूप र स्पष्ट दिशा प्राप्त गर्न थालेको अवस्था प्रकट भएको छ। यसप्रकार उपन्यासमा प्रस्तुत उदीयमान पिँढीमा विविध सन्दर्भमा निःसृत दबाब र तनावजन्य पिँढीगत अनुभूतिका संरचनालाई दृष्टिगत गर्दा नेपाली समाज यथास्थितिमा नरहेको र सतत परिवर्तनको प्रक्रियामा अगाडि बढिरहेको तथ्य प्रकाशमा आएको छ जुन प्रस्तुत अध्ययनको प्रमुख प्राप्तिका रूपमा रहेको छ ।

साहित्य विशेषमा अभिव्यक्त अनुभूतिको संरचनामा कालखण्डको जीवन्त संस्कृति सन्निहित हुन्छ। शोध्य उपन्यासहरूमा प्रस्तुत अनुभूतिका संरचनाका आधारमा हेर्दा तिनमा पनि कालखण्ड विशेषका नेपाली समाजका संस्कृति जीवन्त बनेको मात्र नभई साहित्यिक अभिलेखमा सुरक्षितसमेत बन्न पुगेको छ ।

**सम्भावित शोधशीर्षकहरू**

उत्तरवर्ती नेपाली उपन्याससमा उदीयमान पिँढीको अनुभूतिको संरचना

समकालीन नेपाली उपन्यासमा सांस्कृतिक भौतिकवाद

# परिशिष्ट

## विशिष्ट तथा पारिभाषिक शब्दावली

| **नेपाली** | **अङ्ग्रेजी** |
|---|---|
| अधिरचना | Superstructure |
| अधीनता | Subordination |
| अधीनस्थ | Subordinate |
| अधीनस्थ पिँढी | Subordinate Generation |
| अधीनस्थ संस्कृति | Subordinate Culture |
| अनुभवको संरचना | Structures of Experience |
| अनुभूतिको संरचना | Structures of Feeling |
| अन्तरक्रियाको अध्ययन | Study of Interaction |
| अन्तर्विरोध | Inter-clash/Contradiction |
| अन्तर्सम्बन्ध | Inter-relation |
| अन्तर्सम्बन्धित विधि | Inter-related Method |
| अभिलिखित संस्कृति | Recorded / Documentary Culture |
| अवशिष्ट संस्कृति | Residual Culture |
| आदर्श संस्कृति | Ideal Culture |
| आधार | Base |
| आधिपत्य | Domination |
| आर्थिक संरचना | Economic Structure |
| इतिहासको संरचना | Historical Structure |
| उत्पादक शक्ति | Productive Force |
| उत्पीडनको मनोविज्ञान | Psychology of Oppression |
| उदीयमान पिँढी | Emergent Generation |
| उदीयमान संस्कृति | Emergent Culture |
| उपन्यासको समाजशास्त्र | Sociology of Novel |
| छनोट परम्परा | Selective Tradition |
| छनोट परम्पराको संस्कृति | Culture of the Selective Tradition |

| | |
|---|---|
| जीवन्त अनुभव | Live Experience |
| जीवन्त संस्कृति | Live Culture |
| ज्ञात समुदाय | Known Community |
| ज्ञेय समुदाय | Knowable Community |
| तनावपूर्ण स्थिति | Situation of Tension |
| तनावको अनुभूति | Feeling of Tension |
| द्वन्द्वात्मक अनुभूति | Feeling of Conflict |
| धर्मको संस्कृति | Culture of Religion |
| निषेध | Determent |
| परम्परा | Tradition |
| पिँढी | Generation |
| पिँढीगत | Generational |
| पिँढीगत अनुभूति | Feelings of Generation |
| पूर्व उदीयमान | Pre-Emergent |
| प्रतिप्रभुत्व | Counter-Hegemony |
| प्रतिरोध | Resistance |
| प्रभावकारी प्रभुत्वशाली संस्कृति | Effective Dominant Culture |
| प्रभुत्व | Hegemony |
| प्रभुत्वशाली परम्परा | Dominant Tradition |
| प्रभुत्वशाली पिँढी | Dominant Generation |
| प्रभुत्वशाली समूह | Dominant Group |
| मजदुर वर्ग | Working Class |
| बुर्जुवा संस्कृति | Bourgeois Culture |
| मध्यस्थता | Mediation |
| मनोदशा | State of Mind |
| मनोद्वन्द्व | Psycho Conflict |
| मनोसंस्कृति | Psycho Culture |
| मनोसंरचना | Psycho Structure |
| मानवसिद्धता | Human Perfection |
| मूलधारको संस्कृति | Culture of Central System |

| | |
|---|---|
| राजनीतिक शक्ति | Political Power |
| वर्गचेतना | Class Consciousness |
| वर्गद्वन्द्व | Class Conflict |
| वर्गभेद | Class Difference |
| वर्गसङ्घर्ष वर्गबहुलता | Plurality of Class |
| वर्गयुद्ध | Class Strive/ Class Warfare |
| वर्गीय अनुभूति | Class Feeling |
| वर्गीय संस्कृति | Class Culture |
| वर्गीय अर्थव्यवस्था | Class Economic System |
| वास्तविक चेतना | Actual Consciousness |
| विचारधारा | Ideology |
| विद्रोहको संस्कृति | Revolt Culture |
| विश्वदृष्टि | World view |
| विरोधी रूप | Oppositional Form |
| विरोधी संस्कृति | Oppositional Culture |
| विरोधी सम्बन्ध | Oppositional Relation |
| वैकल्पिक प्रभुत्व | Alternative Hegemony |
| वैकल्पिक संस्कृति | Alternative Culture |
| वैयक्तिकता | Individuality |
| व्यावहारिक अनुभव | Practical Experience |
| संभावित चेतना | Possible Consciousness |
| संवेग | Emotion |
| संस्कृतिको गठन | Cultural Formation |
| संस्कृतिको समाजशास्त्र | The Sociology of Culture |
| सङ्कटावस्था | Situation of Crisis |
| सङ्केत प्रणाली | Sign system |
| सङ्क्रमण | Transition |
| सङ्क्रमणकालीन | Transitional |
| सङ्घर्ष | Struggle/Strive |
| सचेत विचारधारा | Conscious Ideology |

| | |
|---|---|
| समग्रतावादी पद्धति | Holistic Approach |
| समाजवादी संस्कृति | Socialist Culture |
| समाजशास्त्रीय दृष्टिकोण | Sociological Point of View |
| समाधानतर्फ उन्मुख सामाजिक अनुभव | Social Experiences in Solution |
| समायोजन | Adjustment |
| सम्प्रदाय | School |
| सांस्कृतिक कार्य | Cultural Work |
| सांस्कृतिक ढाँचा | Pattern of Culture |
| संस्कृतिक परिकल्पना | Cultural Hypothesis |
| सांस्कृतिक प्रक्रिया | Cultural Process |
| सांस्कृतिक भौतिकवाद | Cultural Materialism |
| सांस्कृतिक संरचना | Cultural Structure |
| सामन्ती संस्कृति | Feudal Culture |
| सामाजिक गठन | Social Formations |
| सामाजिक समग्रता | Social Totality |
| सामाजिकता | Sociality |
| सामाजिक चरित्र | Social Character |
| सामाजिक प्रक्रिया | Cultural Formation |
| सामाजिक प्रतिक्रिया | Sociality |
| सामाजिक रहनसहनको संस्कृति | Socio-conduct Culture |
| सामाजिक संस्था | Social Institution |
| सामाजिक विद्रोह | Social Revolt |
| साहचर्य | Association |

# सन्दर्भसामग्रीसूची

## देवनागरी लिपिका सामग्री


अधिकारी, अच्युतरमण (२०६७). भवानी भिक्षुको जीवनीपरक व्यक्तित्व. *समकालीन साहित्य,* पूर्णाङ्क ६०, पृ.८१-८४ ।

अल्थुसर, लुइस (२०७२). विचारधारा र राज्यका विचारधाराका अङ्गहरू (अनु.) हेमलाल पाण्डे. *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू,* (सम्पा.) कृष्णचन्द्र शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

आहुति (२०६७/२०७१). *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष,* (दोस्रो संस्क). ललितपुर : समता फाउन्डेसन ।

उप्रेती, सञ्जीव (२०६८/२०६९). *सिद्धान्तका कुरा.* (चौथो संस्क). काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

एतोमी, मिनोरु र एतोमी कुबो (सन्२०११). जनसंस्कृति आन्दोलन : अनुभव और संभावनाए. *संस्कृति के प्रश्न एसियाई परिदृश्य.* (सम्पा.) शम्भुनाथ, नयी दिल्ली : शिल्पायन ।

क्षत्री, उदय (२०६४). *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन.* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि., अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

क्षत्री, लीलबहादुर (२०४९). बसाइँदेखि ब्रह्मपुत्रसम्म. *समकालीन साहित्य.* वर्ष १, अङ्क ९, पृ.३४-४५ ।

क्षत्री, लीलबहादुर (२०१४/२०७४). *बसाइँ.* (सैतिसौँ संस्क). ललितपुर : साझा प्रकाशन ।

खत्री, प्रेमकुमार (२०३६/२०६१). *नेपाली समाज र संस्कृति.* (चौथो संस्क). ललितपुर : साझा प्रकाशन ।

खत्री, प्रेमकुमार र दाहाल पेशल. (२०५३). *आधुनिक नेपालको इतिहास.* काठमाडौँ : साझा प्रकाशन ।

गिरि, अमर (२०७०, असार). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. *भृकुटी.* भाग १९, पृ.११-४६ ।

गोतामे, ध.च. (२०३५/२०७५). *घामका पाइलाहरू.* (तेस्रो संस्क). काठमाडौँ : फिनिक्स बुक्स ।

गौतम, दीपकप्रसाद (२०७०). *लीलबहादुर क्षत्रीका उपन्यासको समाजशास्त्र.* नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

गौतम, लक्ष्मणप्रसाद (२०६८). *उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूप.* काठमाडौँ : पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०७०, असार). कृतिविश्लेषणमा सांस्कृतिक समालोचनाका सैद्धान्तिक पर्याधार. *भृकुटी.* भाग १९, पृ.३६५-३७७ ।

चापागाईं, निनु (२०५१). *यथार्थवादी रचना दृष्टि र विवेचना.* काठमाडौँ : दिल वरदान, महिम चापागाईं ।

चैतन्य (२०५१). पारिजात : सौन्दर्य चिन्तनको विकास प्रक्रिया. *पारिजात स्मृति ग्रन्थ.* (सम्पा.) निनु चापागाईं र खगेन्द्र संग्रौला. काठमाडौँ : पारिजात स्मृति केन्द्र, पृ.१-१८ ।

चैतन्य (२०६६). *मार्क्सवाद र संस्कृति.* काठमाडौँ : सहिद स्मृति प्रतिष्ठान ।

चौधरी, इन्द्रनाथ (सन् १९९७/२००८). साहित्य का सन्दर्भ. *साहित्य और सामाजिक परिवर्तन.* ( दोस्रो संस्क). (सम्पा.) बद्रीनारायण र अनन्त राम मिश्र, नयी दिल्ली : वाणी प्रकाशन ।

जोशी, रत्नध्वज (२०२१/२०५०). *आधुनिक नेपाली साहित्यको झलक.* (तेस्रो संस्क). काठमाडौँ : साझा प्रकाशन ।

ज्ञवाली, विष्णु प्रसाद (२०७३). *सांस्कृतिक अध्ययन र विकलका उपन्यास.* काठमाडौँ : तन्नेरी प्रकाशन ।

तानासर्मा (२०२७). *नेपाली साहित्यको इतिहास.* काठमाडौँ : सहयोगी प्रकाशन ।

तिवारी, अजय ((सन् १९९७/२००८). साहित्य और वर्गीय प्रक्रिया. *साहित्य और सामाजिक परिवर्तन.* (दोस्रो संस्क). (सम्पा.) बद्रीनारायण र अनन्त राम मिश्र, नयी दिल्ली : वाणी प्रकाशन ।

त्रिपाठी, गीता थपलिया (२०७६, भाद्र). *एक चिहान* उपन्यासमा अनुभूतिको संरचना. *ह्युमयानिटिज एन्ड सोसियल साइन्स जर्नल.* भोल्युम ११, पृ.२६०-२७० ।

दाहाल, कृष्णप्रसाद (२०६०). द्वन्दगत संरचनाका आधारमा सय वर्षभित्रका नेपाली उपन्यासहरू. *नेपाली उपन्यासको शतवार्षिकी.* स्मारिका. (सम्पा.) भाउपन्थी र रोशन थापा 'नीरव', काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान. पृ.७४-८९ ।

दाहाल, खेम (२०५८). *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र.* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि., अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

दाहाल, खेम (२०५९). *समालोचनै समालोचना.* ललितपुर : साझा प्रकाशन ।

दाहाल, खेम (२०६७). *उपन्यासका केही पाता.* विराटनगर : वाणी प्रकाशन ।

नेउपाने, पशुपति 'निराश' (२०५१). दौलतविक्रम विष्टको उपन्यासकारिताको निरूपण. *गरिमा.* पूर्णाङ्क १३७. पृ.२२४-२२८ ।

पन्थी, टीकाराम (२०६०). *बसाइँ* उपन्यासको समीक्षामा प्रस्तुत स्थापित मान्यताका विपक्षका तर्फबाट वकालत. *नेपाली उपन्यासको शतवार्षिकी.* स्मारिका. (सम्पा.) भाउपन्थी र रोशन थापा 'नीरव'. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पराजुली, ठाकुर (२०३३). नेपाली उपन्यासको ऐतिहासिक विवेचना. *ज्ञानविज्ञानको दिशा.* (सम्पा.) डिल्लीराम तिमसिना. वाराणसी : श्रीमती दुर्गा तिमसिना ।

पाण्डेय, गोरख (२०६०/२०६४). धर्म, संस्कृति र साम्प्रदायिकता. *समाज र संस्कृति.* (दोस्रो. संस्क). (अनु.) निनु चापागाइँ, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

पाण्डेय, ताराकान्त (२०६९, माघ). *बसाइँ* उपन्यासको समाजशास्त्र. *प्राज्ञिक संसार.* वर्ष १, अङ्क ४, पृ.५५-६३ ।

पाण्डेय, ताराकान्त (२०७०, असार). संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद. *भृकुटी* भाग १९, पृ.१७३-१९३ ।

पाण्डेय, ताराकान्त (२०७२). *श्वेतपत्र* महाकाव्यमा अनुभुतिको संरचना. *बगर.* पूर्णाङ्क ९१, पृ.११८-१३४ ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९). *साहित्य के समाजशास्त्रकी भूमिका.* चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

पाण्डेय, मैनेजर (सन् २००५/२०१२). *आलोचना की सामाजिकता.* (नयी आवृत्ति). नयी दिल्ली : वाणी प्रकाशन ।

पारिजात (२०२९/२०७३). *बैंसको मान्छे.* (दोस्रो संस्क). काठमाडौँ : फिनिक्स बुक्स ।

प्रधान, कृष्णचन्द्रसिंह (२०२५). नेपाली उपन्यास. *साझा समालोचना.* काठमाडौ : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०३७). *नेपाली उपन्यास र उपन्यासकार.* (सम्पा.) कृष्णचन्द्रसिंह प्रधान, काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६०). साहित्यको समाजशास्त्र, समकालिक बोध र नेपाल उपन्यास. *नेपाली उपन्यासको शतवार्षिकी.* स्मारिका. (सम्पा.) भाउपन्थी र रोशन थापा 'नीरव' काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ.३८-४९ ।

प्रसाईं, नरेन्द्रराज (२०६०). *दौलतविक्रम विष्टको परिक्रमा.* काठमाडौँ : साझा प्रकाशन ।

बराल, ईश्वर (२०३९). *आख्यानको उद्‌भव.* काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर : साझा प्रकाशन ।

बाङ्देल, लैनसिंह (२००४/२०६०). *मुलुकबाहिर.* (एघारौँ संस्क). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बाली, तारकनाथ (सन् १९९२). *आलोचना प्रकृति और परिवेश.* (दोस्रो संस्क.), नयी दिल्ली : दरियागन्ज प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०, असार). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. *भृकुटी.* भाग १९, पृ.३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७ क). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ ख). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक विश्लेषण.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भिक्षु, भवानी (२०३२/२०५०). *आगत.* (दोस्रो संस्क). काठमाडौँ : साझा प्रकाशन ।

माहेश्वरी, अरुण (सन् २०१५). *धर्म, संस्कृति और राजनीति.* नयी दिल्ली : अनामिका पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

मिश्र, चैतन्य (?). *बदलिँदो नेपाली समाज.* ( सम्पा.) राजेन्द्र महर्जन. काठमाडौँ : फाइन प्रिन्ट ।

मिश्र, शिवकुमार (सन् १९७५/२००९). *यथार्थवाद.* नयी दिल्ली : वाणी प्रकाशन ।

रंजन, रवि (सन् २०१२). *साहित्यका समाजशास्त्र और सौन्दर्यशास्त्र, व्यावहारिक परिदृश्य.* नयी दिल्ली : वाणी प्रकाशन ।

राई, इन्द्रबहादुर (२०३१). *नेपाली उपन्यासका आधारहरू.* दार्जिलिङ् : नेपाली साहित्य परिषद् ।

रेग्मी, मुरारीप्रसाद (२०५०). *मनोविश्लेषणात्मक समालोचना.* उपन्यास खण्ड. काठमाडौँ : साझा प्रकाशन ।

रेग्मी, सनत (२०६७). मधेसबाट उदाएका प्रकाशपुञ्ज : भवानी भिक्षु. *समकालीन साहित्य.* पूर्णाङ्क ६०, पृ.७१-७३ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, लीला (२०६८). *नेपाली महिला उपन्यासकार.* ललितपुर : साझा प्रकाशन. ।

वर्मा, भगवती चरण (सन् १९७६). *साहित्य के सिद्धान्त तथा रूप.* नयी दिल्ली : राजकमल प्रकाशन ।

विकल, रमेश (२०४०/२०७३). *अविरल बग्दछ इन्द्रावती.* (पाँचौं संस्क). ललितपुर : साझा प्रकाशन ।

विकल, रमेश (२०६०). *मेरो अविरल जीवनगीत.* ललितपुर : साझा प्रकाशन ।

विष्ट, डोरबहादुर (सन् २०२०). *भाग्यवाद र विकास.* (अनु). वसन्त थापा, काठमाडौँ : फिनिक्स बुक्स ।

विष्ट, दौलतविक्रम (२०२६/२०६७). *एक पालुवा अनेकौं याम.* (पाँचौं संस्क.) साझा प्रकाशन ।

विलियम्स, रेमन्ड (२०७२). ग्राम र नगर. (अनु.) पुष्पराज आचार्य. *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू,* (सम्पा.) कृष्णचन्द्र शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, जनकलाल (२०३९/२०५८). *हाम्रो समाज : एक अध्ययन.* तेस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

शिवाकोटी, गोपाल (२०६९). *नेपालमा सामन्तवाद : हत्या, हिंसा र षड्यन्त्रको इतिहास.* काठमाडौँ : पैरवी प्रकाशन ।

श्रीवास्तव, परमानन्द (सन् २०१२). *प्रतिरोध की संस्कृति और साहित्य.* (दोस्रो संस्क.). नयी दिल्ली : भारतीय ज्ञानपीठ ।

श्रेष्ठ, चन्द्रमान (२०७१). *पारिजातका उपन्यासको समाजशास्त्र.* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि., अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा सबाल्टर्न.* (दोस्रो. संस्क.) काठमाडौँ : डिस्कोर्स पब्लिकसन ।

श्रेष्ठ, दयाराम (२०६०). केही प्रमुख नेपाली उपन्यासहरूको समाजशास्त्र.*नेपाली उपन्यासको शतवार्षिकी.* स्मारिका ग्रन्थ. (सम्पा.) भाउपन्थी र रोशन थापा 'नीरव'. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम 'सम्भव' (२०३२). *नेपाली साहित्यका केही पृष्ठ.* काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम 'सम्भव' र शर्मा, मोहनराज (२०३४). *नेपाली साहित्यको संक्षिप्त इतिहास.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६९). *नेपाली साहित्यको संक्षिप्त इतिहास.* (दसौँ संस्क.) ललितपुर : साझा प्रकाशन ।

सत्याल, शिवप्रसाद 'पीठ' (२०४५). *समालोचनाहरू.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सांकृत्यायन, राहुल (सन् २०१६). *मानव समाज.* (पुनर्मुद्रण). नयी दिल्ली : लोकभारती पेपरबैक्स ।

सिंह, नामबर (सन् २०१४). 'साहित्यका समाजशास्त्र : रेमंड विलियम्स'. *आलोचना और विचारधारा.* (सम्पा.) आशीष त्रिपाठी. (पहली आवृत्ति). नयी दिल्ली : राजकमल प्रकाशन ।

सिंह, बच्चन, (सन् २०११). *साहित्य का समाजशास्त्र.* इलाहावाद : लोक भारती प्रकाशन ।

सिन्हा, सच्चिदानन्द (सन् २०१०). *संस्कृति और समाजवाद.* (नयी आवृत्ति). नयी दिल्ली : वाणी प्रकाशन ।

सिलवाल, हरिप्रसाद (२०७४).*मदनमणि दीक्षितका उपन्याासको समाजशास्त्र.* मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि. वि., अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

सुवेदी, अभि (२०६८). 'सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास'. *रत्न बृहत् नेपाली समालोचना.* सैद्धान्तिक खण्ड. (सम्पा.) राजेन्द्र सुवेदी तथा लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८). समसामयिक नेपाली उपन्यास. सांस्कृतिक र सीमान्तीय अध्ययन. *रत्न बृहत् नेपाली समालोचना.* प्रायोगिक खण्ड. (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

## रोमन लिपिका सामग्री


Best, B. (April, 2012). Raymond Williams and the structure of feeling of reality *TV. International Journal of Humanities and Social Science*. Vol. 2, No. 7.pp192-201. www.ijhssnet.com. Accessed: 04/11/2018 4:58.

Eagleton, T. (1976). *Criticism and ideology*. London : Verso.

Eagleton, T. (2003). *Marxism and literary criticism*. London & New York : Taylor & Francis. e- library.

Goldmann, L. (1980). Essays on methods in the sociology of literature. (trans & edit). William Q. Boelhower. USA : Telos Press. Ltd.

Gramsci, A. (1992). *Selections from The PRISION NOTE BOOKS*. (11th Printing), ( ed. & trans.) Hoare and Smith. New York : International Publishers.

Highmore, B. (2015). Formations of feelings, constellations of things. *Cultural studies review*. pp 1-23. http://sro.sussex.ac.uk/57198/ Accessed: 04/11/2018 4:58.

Jung, Y. (June, 2011). The Concept of "Structure of feeling" according to R. Williams and the stratification of class-oriented labor movements in contemporary Japan: a case study on 'A' local union in TokyoÚ. *Linkoping University*.pp.605-613. http://www.ep.liu.se/ecp_home/index.en. aspx?issue=062. v Accessed: 4/11/2018 4:58.

Kanwar, A. S, (May, 1988). Raymond Williams and the English novel . *Social scientist*.vol. 16, No. 5, pp.46-58 URL: http://www.jstor.org/stable/3517297. Accessed: 01/26/2019 3: 58.

Kirk, J. (2008). Coming to the end of the line? Identity, work and structures of feeling. *Oral history*. Vol.36, No.2, Autumn, pp.44-53. URL: http://www.jstor.org/stable/ 40179991. Accessed: 01/26/2019 03:59.

Laurenson, D. T. and Swingewood, A (1972). *The Sociology of literature*. New York : Schocken Books.

Longhurst, B. (1991). Raymond Williams and local cultures *Environment and Planning A*.volume23,pp.229-238.URL:https://journals.sagepub.com/doi/10.1068/a230229. Accessed: 13/05/2018 7:44.

Qiping, Y. (2012), Space cultural materialism and structure of feeling: reflections on the Chinese reception of Raymond Williams. *Oxford University Press*. pp.163-179.URL:https://academic.oup.com/camqtly/article-abstract/41/1/163/421228 Accessed:13/05/ 2018.

Simpson, D. (1992). Raymond Williams: feeling for structures, voicing "History". *Social text*. no.30, pp. 9-26. URL: http://www.jstor.org/stable/466464. Accessed: 01/26/2019 3:59.

Williams, R. (1961⁄1965). *The long revolution*. (2nd Ed). London : Penguins books.

Williams, R. (November-December, 1973). Base and superstructure in Marxist cultural theory. *New left review*. 1/82. pp.3-16. URL: https://newleft review.org/issues/I82/articles/raymond-williams-base-and- superstructure marxist-cultural-theory. Accessed: 11/11/2019. 10:51.

Williams, R. (1979). *Politics and letters: Interview with New left review.* London : New Left Books.

Williams, R. (1981). *Culture.* London : Fontana Books.

Williams, R. (Aug, 1986 ) The uses of cultural theory. *New left review*. No.158.July-https://newleftreview.org/issues/I158/articles/raymond-williams-the-uses-of-cultural-theory. accessed: 25/11/2019. 10:50.

Williams, R. (1980⁄2005). *Culture and materalism.* (Reprinted). London : Verso.

Williams, R. (1977⁄2010). *Marxism and literature*. (Reprinted). Nodia : Nutech Photolithographers, Oxford University Press.

Williams, R. (1958⁄2017) *Culture and Society*. (New Edition). UK : Penguin Random House.